


समावेशी लोकतन्त्र
FREEDOM FORUM
• Democracy • Human Rights • Media Freedom • Development




प्रकाशन सहयोग
सामाजिक समावेशीकरण अनुसन्धान कोष
सामाजिक समावेशीकरण अनुसन्धान कोष
टेलिफोन नं. +९७७-(०) १-५५२३४४६, टेलिफ्याक्स: +९७७-(०) १-५५२३९५५
ई-मेल: smv@snv.org.np, वेबसाईट: www.socialinclusion.org.np
FREEDOM FORUM
पोष्ट बक्स नं. २४२९२ काठमाडौं
कार्यालय : प्रसुतिगृह मार्ग, थापाथली
फोन नं. ४२५६५६३, ०१६२०२१७०
इमेल: freedomforum@enet.com.np
URL: http://www.freedomforum.org.np

# समावेशी लोकतन्त्र

**संयोजक**
तारानाथ दाहाल

**सम्पादक**
प्रदीप घिमिरे

**फ्रिडम फोरम**
**काठमाडौं, नेपाल**



**सर्वाधिकार © फ्रिडम फोरम**
**थापाथली, काठमाडौंमा सुरक्षित ।**

फ्रिडम फोरमको पूर्व स्वीकृतिबिना यस पुस्तक वा पुस्तकका अंशलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनःउत्पादन गर्न, मुद्रण गर्न वा संग्रह गर्न वा कुनै अन्य प्रयोजनका लागि प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक र शैक्षिक प्रयोजनका लागि स्वीकृति प्राप्त गरिसकेपछि साभार गर्न सकिने छ ।

**प्रकाशक** : फ्रिडम फोरम

**प्रकाशन मिति** : २०६३, भदौ

**संस्करण** : प्रथम

**प्रति** : एक हजार पाँच सय

**आवरण चित्र** : कान्तिपुर दैनिक

**मुद्रक** : नेपाल प्रिण्टिङ सपोर्ट, रामशाहपथ, ४४३०४७४

**लेआउट** : ईमेज कम्प्युटर, डिल्लीबजार

**ISBN : 999-979-1-9**

# भूमिका

लोकतान्त्रिक आन्दोलनलाई वैचारिक पृष्ठपोषण गर्ने उद्देश्यले **फ्रिडम फोरम**बाट साप्ताहिक रूपमा **समावेशी लोकतन्त्रः स्वरूप र संरचना**विषयक बहस कार्यक्रम सुरु गरिएको हो । पुस २०६२ मा प्रारम्भ गरिएको यो बहस शृंखला अगाडि बढिरहेको छ । नेपाली समाजमा विध्यमान प्रमुख सामाजिक एवं राजनीतिक मुद्दा (विषय) हरूमा छलफल गरी (समुन्नत/समावेशी) लोकतन्त्र निर्माण गर्न राष्ट्रव्यापी चिन्तन-मननको लहर चल्नुपर्छ भन्ने हाम्रो मान्यता छ । त्यसैले हामी यतिवेला यो विचार-प्रवाहको शृंखलालाई राजधानीमा मात्र सीमित नराखी देशव्यापी बनाउने प्रयासमा छौं ।

यो पुस्तक दोस्रो जनआन्दोलन पूर्व र लगत्तैपछिका समयमा चलाएको बहस-कार्यक्रमको **मोनोग्राफ** हो । विभिन्न १३ वटा विषयमा प्रस्तुत गरिएका अवधारणापत्र, त्यसमाथिको टिप्पणी र सहभागीहरूले उठाएका जिज्ञासा तथा व्यक्त गरेका प्रतिक्रियाहरूलाई सकेसम्म हु-बहु उतारेर यहाँ प्रस्तुत गरिएको छ । हाम्रो योजना- हरेक विषयको छुट्टाछुट्टै **मोनोग्राफ** प्रकाशनमा ल्याएर तत्कालै देशवासीहरूसमक्ष थप छलफलका लागि प्रस्तुत गर्ने थियो । तर, आर्थिक स्रोतको अभावमा योजनालाई तदनुकूल कार्यान्वयन गर्न सकिएन । तथापि तेन्हवटा विषयको एउटै संगालो बनाएर यस पुस्तकमा प्रस्तुत गर्न ढिलै भए पनि हामी सक्षम भएका छौं । कतिपय विषयमा व्यक्त विचारहरू समय-प्रवाहका क्रममा तिनको सान्दर्भिकता कम हुने वा प्रसंग परिर्वतन हुँदा विचार दिनेहरूकै मत फेरिएको पनि हुनसक्छ । तैपनि इतिहासको एउटा महत्वपूर्ण क्षणको वरिपरि व्यक्त भएका विचार र धारणाहरू राजनीतिक सोधकर्ता र इतिहासकारहरूका लागि महत्वपूर्ण र उपयोगी हुने आशा राखिएको छ । पुस्तकमा समेटिएका विषयहरूमाथि रहेका जानकारी, विचार र मतका लागि तत्-तत् व्यक्तित्व र स्रोतहरू नै जिम्मेवार हुनुहुन्छ । हाम्रो प्रयास त खाली थप छलफललाई मद्दत पुऱ्याउन यी कुराहरू पाठकसमक्ष पुऱ्याउनु मात्र हो । प्रस्तुत **मोनोग्राफ**मा समेटिएका विषयवस्तु तथा ती विषयहरूको सामयिक अवस्थालाई संक्षेपमा विषय-प्रवेश खण्डमा चर्चा गरिएको छ । यीभित्र रहेका विषयहरू नेपाली समाजमा वर्षौंदेखि छलफल हुँदै आएका विषय नै हुन् । तर, अहिले मुलुक संविधानसभाको मार्गमा जाँदै गरेको समय हुनाले यो विषयमा राष्ट्रले निष्कर्ष निकालेर दिशा निश्चित गर्नुपर्ने अवस्था छ । पटक-पटक सामाजिक र राजनीतिक मुद्दाहरूमा समाजले हिंसात्मक द्वन्द्व थेग्न पनि सक्दैन । त्यसैले हाम्रो बहस शृंखलाको प्रयास **समावेशी लोकतन्त्रको स्वरूप र संरचना**को खाका निश्चित गर्न वैचारिक अन्तर्क्रियालाई जीवन्त बनाउनु रहेको छ । यो प्रकाशनले पनि थप अन्तर्क्रियालाई सघाउ पुऱ्याउने विश्वास लिइएको छ ।



यो **मोनोग्राफ**को उतार गर्ने तथा प्रारम्भिक सम्पादन गर्ने क्रममा मेरा सहकर्मीहरू **श्रीमती विष्णु शर्मा ज्ञावली**, **श्री रामप्रसाद दाहाल**ले र **श्री केपी ढुङ्गाना**ले गर्नुभएको मिहेनत सह्रानीय छ । वक्ताहरूको भनाइलाई सकेसम्म जस्ताको तस्तै प्रस्तुत गर्ने प्रयासका लागि उहाँहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी बहसका सुरुका शृंखलाहरूमा प्राज्ञिक सल्लाह र सहयोग पुऱ्याएर पाटन संयुक्त क्याम्पसका उपप्राध्यापक **श्री रवीन्द्रनाथ भट्टराई**ले लगाउनुभएको गुन तथा पछिल्ला शृंखलाहरूको संयोजन गरेर मेरा सहकर्मी **श्री सञ्जीव घिमिरे**ले गर्नुभएको योगदानै प्रति पनि आभार व्यक्त गर्दछु ।

यसैगरी यसको सम्पादनका लागि सहकर्मी **श्री प्रदीप घिमिरे**ले गहन दायित्व जिम्मा लिइदिनु भएर यो रूपमा पुस्तकलाई प्रकाशनमा ल्याउन गर्नुभएको मिहेनत पनि प्रंशसनीय छ । उहाँले पाठकहरूको सजिलोका लागि वक्ताहरूले गरेको दोहोरो भाषा प्रयोगको शैलीलाई परिमार्जन गरिदिएर यो पुस्तकलाई सरल बनाउन निक्कै परिश्रम गर्नुभएको छ । उहाँप्रति पनि विशेष धन्यवाद छ ।

यो **मोनोग्राफ**को संकलित पुस्तकको स्वरूप बनाउने हिम्मत मात्र होइन, यसको प्रकाशनको लागि लाग्ने खर्चसमेत उपलब्ध गराइदिएर **एस.एन.भी./सामाजिक समावेशीकरण अनुसन्धान कोष**ले यस प्रयासलाई सार्थक बनाइदिएको छ । यसका लागि कार्यक्रम संयोजक **डा.केशवमान शाक्य**ले गर्नुभएको सहयोग सबैभन्दा मूल्यवान छ । सामाजिक समावेशीकरणको अभियानको सन्दर्भमा भइरहेका अध्ययन, नुसन्धान र छलफलहरूलाई आम जनमानसमा पुऱ्याउने उद्देश्यले कोषले यो **मोनोग्राफ**लाई पनि यसरी आमपाठकसमक्ष पुऱ्याउन सहयोग गरेको हो । यसका लागि कोषप्रति हार्दिक आभार प्रकट गर्छु । यस्तै वरिष्ठ पत्रकार **श्री आदित्यमान श्रेष्ठ**प्रति मुरीमुरी आभार प्रकट गर्छु । जसको सहायताले नै यो पुस्तक प्रकाशन हुन सकेको छ । यसैगरी भाषासम्पादन गरिदिएर **श्री नन्दलाल अम्गाई** र पुस्तकको डिजाइन गरिदिएर **श्री भक्त कार्की**ले पुऱ्याउनुभएको सहयोग प्रति पनि धन्यवाद ज्ञापन गर्छु ।

अन्त्यमा, **फ्रिडम फोरम**को अनुरोधलाई सहर्ष स्वीकार गरेर अवधारणापत्र प्रस्तुत गरिदिनु हुने, टिप्पणी गरिदिनु हुने तथा कार्यक्रममा सहभागी भएर गहन विचार प्रदान गरिदिनु हुने सबै आदरणीय प्राज्ञिक व्यक्तित्वहरू प्रति विशेष आभार एवम् धन्यवाद ज्ञापन गर्छु । भूमिकाको पुछारमा सबै पाठक वर्गमा सविनय स्मरण गराउँदछु- यो पुस्तक विशुद्ध **मोनोग्राफ** (अभिव्यक्तिहरूको संग्रह) मात्रै हो । तथापि विचारहरूको पुञ्ज बनेको छ । यसमा प्रस्तुत थप सामग्रीहरू छलफलका लागि आधार मात्रै बन्न सकेभने पनि हाम्रो प्रयास सफल हुनेछ ।

**तारानाथ दाहाल**
अध्यक्ष
फ्रिडम फोरम

# विषय सूची


१. **समावेशी लोकतन्त्रको वहस** पृष्ठ १–१०

२. **समावेशी प्रजातन्त्रः प्रजातन्त्रभित्र प्रजातन्त्रको खोजी** पृष्ठ ११–२८
- दमननाथ ढुंगाना / प्रा कृष्ण खनाल

३. **नेपालका लागि लोकतन्त्रको समावेशी स्वरूप र संरचना** पृष्ठ २९–९४
- नरहरि आचार्य / घनश्याम भूसाल

४. **लोकतन्त्रिक गणतन्त्रः स्वरूप र संरचना** पृष्ठ ९५–१२२
- शंकर पोखरेल / कृष्ण हाछेथु

५. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा दलितको सवाल** पृष्ठ १२३–१४०
- पद्मलाल विश्वकर्मा / कपिल श्रेष्ठ

६. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा जनजातिको सवाल** पृष्ठ १४१–१५८
- ओम गुरुङ/ डा. खगेन्द्रनाथ शर्मा

७. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा विकेन्द्रीकरण र स्थानीय निकाय** पृष्ठ १५९–२००
- कृष्णप्रसाद सापकोटा/मुक्तिप्रसाद काफ्ले र रमणराज मिश्र

८. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा कर्णालीलगायतका पिछडिएका क्षेत्र** पृष्ठ २०१–२२८
- जीवनबहादुर शाही/मीनबहादुर शाही र भैरव रिसाल

९. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा मधेसी सवाल** पृष्ठ २२९–२६८
- जयप्रकाश प्रसाद गुप्ता/डा. डिल्लीराम दाहाल

१०. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा प्राकृतिक स्रोत साधनमा जनताको पहुँच** पृष्ठ २६९–३०६
- गोपाल सिवाकोटी 'चिन्तन'/डा. केशवमान शाक्य

११. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा निर्वाचन प्रणाली** पृष्ठ ३०७–३४६
- प्रा.डा. वीरेन्द्रप्रसाद मिश्र/विजयकान्त कर्ण

१२. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा सेना** पृष्ठ ३४७–३७८
- सहायक रथी गोपालसिं बोहरा/प्रा. ध्रुवकुमार श्रेष्ठ

१३. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा महिलाका सवाल** पृष्ठ ३७९–४१४
- डा. आरजु देउवा/शशी श्रेष्ठ र पुष्पा भूसाल

१४. **समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा भाषा र संस्कृति** पृष्ठ ४१५–४४८
- वैरागी काइँला/डा. योगेन्द्र यादव र प्रा.डा. माधव पोखरेल

# विषय प्रवेश

## समावेशी लोकतन्त्रको वहस

देशमा जारी सशस्त्र द्वन्द्वको अन्त्यका लागि संविधानसभाको निर्वाचन हुनुपर्ने र दिगो शान्ति सुनिश्चित गर्न समावेशी लोकतान्त्रिक राज्य निर्माण गर्नुपर्ने निष्कर्षसहित मुलुकका प्रमुख राजनीतिक शक्तिहरूबीच समझदारी बनेपछि भएको उन्नाइस दिन लामो ऐतिहासिक दोस्रो जनआन्दोलनपछि मुलुक लोकतान्त्रिक मार्गमा प्रवेश गरेको छ। पूर्ण भनौं या समावेशी लोकतान्त्रिक राज्य स्थापनाका लागि धेरै आरोह-अवरोह पार गर्न बाँकी छ । त्यसका लागि लामो अभ्यास, चिन्तन-मनन, छलफल, अन्तर्क्रिया, विचारविमर्श तथा बसह जरुरी पर्छ । बहसका क्रममा नयाँ-नयाँ मुद्दाहरूले स्थान पाइरहेका छन्, समस्या र चुनौतीहरू थपिइराखेको छ । विगतमा झिनो स्वरमा सुनिने सामाजिक समावेशीकरणका मुद्दाहरू झन्-झन् सशक्त रूपमा उठ्न थालेको परिप्रेक्ष्यमा सबै मुद्दालाई उचित व्यवस्थापन गर्नुपर्ने चुनौती हामी सबै सामु उपस्थित छ ।

भावी लोकतन्त्र समावेशी हुनुपर्छ भन्नेमा कसैको बिमति छैन । लोकतन्त्र असमावेशी हुनै सक्दैन । सिद्धान्त र व्यवहारमा देखिएको खाडलले समावेशी लोकतन्त्रको अवधारणा जन्माएको हो । यद्यपि समावेशी के हो ? त्यो कसरी गर्ने, कुन् आधारहरूमा जोड दिने भन्ने बहस जारी छ । राज्यलाई समावेशी बनाउने नाममा संविधानसभामा नपुग्दै पुनःस्थापित प्रतिनिधिसभा र नेपाल सरकारले विभिन्न निर्णयहरू गरिसकेका छन् । राजाका अधिकारमा कटौती, सेनाका सम्बन्धमा नयाँ व्यवस्था, धर्म निरपेक्ष राज्यको घोषणा, ३३ प्रतिशत महिला आरक्षणलगायतका विषयमा प्रतिनिधिसभाले गरेका घोषणाहरू र मन्त्रिपरिषद्ले गरेका निर्णयहरू त्यसैका शृंखला हुन् । यसलाई लोकतन्त्र पुनःस्थापना हुनुअघि पनि विभिन्न रूपमा उठेका बहसमा आएका समावेशीकरणका मुद्दाहरूको परिणाम ठान्नुपर्छ । तथापी राजनीतिक द्वन्द्वका प्रमुख मुद्दाहरू, सामाजिक असमानता र विभेदको यथार्थताबीच पनि मुद्दाको प्राथमिकीकरणमा अन्योल यथावत् छ ।

जनआन्दोलनपूर्व र जनआन्दोलन सफल भएपछिका दिनमा मुद्दाको उठान गर्ने कोणहरू बदलिए होलान्, तर समाजका मुद्दा तिनै हुन् र त्यसैको सेरोफेरोमा अहिले पनि बहस चलिरहेको छ । अझ बढी चल्न जरुरी छ । फ्रिडम फोरमले 'समावेशी लोकतन्त्रको स्वरूप र संरचना' बारेमा जनआन्दोलनका क्रममा र जनआन्दोलनपश्चात् पनि बहस शृंखलाहरू चलायो । जसले समाजमा चलिरहेको बहसलाई थप फराकिलो बनाउने र दिशानिर्देश गर्ने विश्वास लिइएको छ । यो बहस शृंखलाको संकलित सामग्रीले यस विषयमा चासो राख्ने सबै नागरिकलाई उपयोगी हुने ठानेर संकलन तयार पारेका हौं ।

बहसमा सम्बन्धित विषयका ज्ञाताहरूबाट प्रस्तुत अवधारणापत्र, त्यसमाथि टिप्पणी र सम्बन्धित क्षेत्रका सरोकारवाला व्यक्तिहरूबाट आएको विचार तथा दृष्टिकोणहरू जस्ताको त्यस्तै प्रस्तुत गर्ने जमर्को यो 'मोनोग्राफ' मार्फत गरिएको छ ।



यसमा समावेशी लोकतन्त्रका केही खास निष्कर्ष दिनुभन्दा पनि प्रमुख मुद्दामाथि प्रारम्भिक बहस समेटिएको छ । १३ शृंखलाको विचार–विमर्शलाई जस्ताको तस्तै पुस्तकभित्र राखेर थप बहसका लागि प्रस्तुत गरिएको हो ।

**समावेशी प्रजातन्त्रको स्वरूप र संरचना**

लोकतान्त्रिक आन्दोलन वैचारिक स्पष्टताको अभावमा खुम्चिरहेको र नागरिकहरू नेतृत्वप्रति आश्वस्त नभइरहेको अवस्थामा २०६३ साल पुस (जनवरी १ तारिख, २००६) मा प्रारम्भ गरिएको यो बहस अभियानमा प्रथम अवधारणा प्रबुद्ध नागरिक, संविधानका ज्ञाता तथा अनुभवी राजनीतिज्ञ दमननाथ ढुंगानाले प्रस्तुत गर्नुभयो । उहाँको अवधारणापत्रमा राजनीतिशास्त्रका प्राध्यापक कृष्ण खनालले टिप्पणी गर्नुभएको छ ।

यसैगरी लामो समयदेखि समुन्नत लोकतन्त्रका पक्षमा नयाँ–नयाँ आयामहरूलाई उजागर र प्रस्ताव गर्दै आउनुभएका नेपाली कांग्रेसका नेता नरहरि आचार्यले दोस्रो शृंखलामा अवधारणा प्रस्तुत गर्नुभयो भने उहाँको विस्तृत राजनीतिक कार्यक्रममाथि नेकपा एमालेका युवा नेता घनश्याम भुसालले टिप्पणी गर्नुभयो । यी दुई शृंखलामार्फत हामीले समावेशी लोकतन्त्रको परिभाषा प्रष्ट्याउने उद्देश्य राखेका थियौं । आन्दोलन अमूर्त मागमा उठ्न सक्दैन भन्ने हाम्रो विश्वास थियो । निरंकुशताविरुद्धको भावनालाई नेतृत्वले मूर्तता दिन नसकिरहेको अवस्था थियो । समावेशी लोकतन्त्रलाई संरचनागत आधारले मात्र मूर्तता दिन सक्दैन । यसका लागि त सम्पूर्ण नागरिकजनमा राज्यप्रतिको अपनत्वभाव र समावेशीपनको अनुभूति हुनुपर्‍यो । यसका लागि छलफलले नयाँ दिशाबोध गराउँछ भन्ने मान्यता साथ यो बहसलाई निरन्तरता दिइएको हो ।

यो बहस शृंखला सुरु भएयता मुलुकको राजनीतिले ठूलो कोल्टे फेरिसकेको छ । अन्ततः १२ बुँदे समझदारीमार्फत मुलुकमा दिगो शान्तिका लागि राजनीतिकसहमतिको प्रमुख आधार 'संविधानसभाको निर्वाचन' निष्कर्षमा परिवर्तनकारी लोकतान्त्रिक शक्तिहरू पुगे पनि यसबारे राष्ट्रले गर्नुपर्ने सामूहिक अठोटतर्फ अगाडि बढ्न राजनीतिक शक्तिहरू मानसिकरूपमा तयार थिएनन् । संविधानसभाको निष्कर्षले लोकतान्त्रिक आन्दोलनलाई उर्जा प्रदान गर्‍यो । तर जनआन्दोलनको चरणमा यो निष्कर्ष प्रेरणाको आदर्श शब्द मात्र रह्यो । यसका यावत् आयामहरूबारे ठोस चिन्तन र छलफलको विषय उपेक्षित नै रह्यो । किन संविधानसभा भन्ने मुद्दाबारे जनमानसमा अन्योल व्याप्त थियो । यो अन्योल जनआन्दोलनको सफलतापछि पनि निरन्तर रह्यो ।

पुनःस्थापित प्रतिनिधिसभाले वैशाख १७ गते जरुरी सार्वजनिक महत्वको प्रस्ताव विधिद्वारा संविधानसभाको निर्वाचन गर्ने राष्ट्रिय अठोट प्रकट गर्‍यो । तथापी यस विषयमा संसद्ले गर्नुपर्ने छलफल र तयारीको कार्यले संसदीय कार्यविधिमा प्रवेश पाइरहेको छैन । प्रतिनिधिसभा २०४७ सालको संविधानलाई संसद्को घोषणामार्फत परिमार्जन गर्नमा व्यस्त छ । यतिबेला अन्तरिम संविधानको मस्यौदा बनाउने काम पनि भइरहेको छ । एकातिर प्रतिनिधिसभाले नयाँ-नयाँ संवैधानिक प्रावधानहरू विकसित गरिरहेको छ भने अर्कोतर्फ संविधानसभामा पुग्नका लागि भएको प्रणालीलाई शून्यमा पुर्‍याएर अन्तरिम व्यवस्थापनको निम्ति अन्तरिम संविधान बनाउने कामले जनमानसमा आशंका बढाइरहेको छ । यस परिप्रेक्ष्यमा संविधानसभाको निर्वाचनका प्राविधिक एवं राजनीतिक प्रक्रियाहरू शीघ्र अगाडि बढाउनुपर्ने आवश्यकता टड्कारो छ ।

संविधानसभाको संरचना, प्रक्रिया र प्रतिनिधित्व प्रणालीको छनोटमा देखिएको मतभेद हटाउन राजनीतिक दलहरूबीचमा अन्तर्क्रियामार्फत सहमतिपूर्ण धारणा बनाउन ढिला भइसकेको छ ।

संविधानसभामार्फत नै समुन्नत लोकतान्त्रिक नेपाल राज्यको निर्माण गरिने लक्ष्य जनआन्दोलनले स्पष्ट गरिसकेको छ । यसका लागि उहिल्यैदेखि उठेर अनिर्णित रहेका मुद्दाहरू हुन् या जनआन्दोलनका क्रममा उठेका मुद्दाहरू हुन्, सबैको छिनोफानो जनताकै मताधिकारबाट हुनुपर्छ । राजतन्त्रलगायत राज्य पुनःसंरचनासम्मका राजनीतिक मुद्दाहरूको विवादलाई जनताको विवेकपूर्ण मतदानको प्रक्रियामा पुऱ्याउन सकेमात्रै मतभेद र द्वन्द्वका मुद्दामा अनावश्यक समय खेर जाने थिएन र, शान्ति प्रक्रिया पनि सहज र सार्थक हुनसक्ने थियो । निर्वाचन अगाडि यस्ता ज्वलन्त मुद्दाहरूमा अल्मलिएमा राष्ट्रले फेरि संविधानसभाको माग पूरा गर्न पाउने छैन । त्यसैले राष्ट्रको पहिलो प्राथमिकता संविधानसभाको निर्वाचनको तयारी नै हुनुपर्छ ।

**लोकतान्त्रिक गणतन्त्र**

यतिबेला राजनीतिको प्रमुख अन्तरविरोधको मुद्दा फेरि पनि 'राजतन्त्र' नै देखा पर्दै गएको छ । राजनीतिक दलहरू स्पष्टताका साथ आफ्ना धारणा सार्वजनिक गरिरहेका छैनन् । कथनी र करनीमा रहेको पुरानो दोहोरो चरित्र त यथावत् नै छ । नेपालमा कुनै पनि रूपको राजतन्त्र अब रहने वा नरहने, नरहे वर्तमान राजतन्त्रको शान्तिपूर्ण बिदाइ कसरी हुने या रहे के–कस्तो स्वरूपमा सीमाकरण गरिने भन्ने पक्षमा प्रष्ट धारणा आइरहेका छैनन् । जनआन्दोलनको जनादेश आफू खुसी व्याख्याको विषय बनाइएको छ । यसबारे बेलैमा पर्याप्त छलफल हुन सकेन । अहिले आएर एकपछि अर्को 'क्रान्तिकारी' बन्ने होड चलेको छ । तर व्यवहारमा लोकतान्त्रिक गणतन्त्रको स्पष्ट खाका कोर्नेतर्फ विश्वासपूर्ण सामूहिक प्रयत्न अगाडि बढेको छैन । गाँजेमाँजे र दोहोरो अर्थ लाग्ने विचारहरूको बाढी छ । हामीले आन्दोलनको पृष्ठभूमिमा नै यो विषयलाई बहसमा ल्याएका थियौं । हाम्रो तेस्रो शृंखलाको विषय लोकतान्त्रिक गणतन्त्रको संरचनाबारे थियो ।

नेपाल कम्युनिष्ट पार्टी एमालेभित्र गणतन्त्रको बहस चर्काउन सशक्त भूमिका निर्वाह गरेका युवा नेता शंकर पोखरेलद्वारा प्रस्तुत यस अवधारणापत्रमाथि राजनीतिशास्त्री प्रा. कृष्ण हाछेथुले विस्तृत व्याख्यासहित टिप्पणी गर्नुभएको छ ।

राजतन्त्र मुलुक विकासको बाधक र भार बनेको एवं राज्य पुनर्संरचनाको बाधक राजसंस्था नै हो भन्ने जनमत बलियो हुँदै गएको छ । मुलुकमा राजतन्त्रको औचित्य सकिएको निष्कर्षमा साम्यवादी सिद्धान्त अपनाउने माओवादीमात्र नभई राजनीतिक दलहरू र नागरिक समाजसमेत करिब-करिब पुगिसकेको स्थिति छ । राजसंस्थाको छिनोफानो संविधानसभामार्फत गरिने भनिएकोमा अहिले अन्तरिम संविधानमा नै राजतन्त्र हटाउनुपर्ने या निलम्बित गर्नुपर्ने आवाज पनि उठिरहेको छ । संविधानसभाअघि नै जनमतसंग्रहमार्फत राजतन्त्रको छिनोफानोको विषय पनि उठिरहेको छ । प्रतिनिधिसभाको ४ जेठको ऐतिहासिक घोषणामार्फत राजतन्त्रका सबै अधिकारहरू कटौती भइसकेको अवस्था छ ।

जनतामाथि निरंकुश शासन थोपर्दै सक्रिय हुने चाहना राखेका राजाको भविष्यचाहिँ जनताको मतबाटै निर्धारण हुनेछ । गणतन्त्र या राजतन्त्र भन्ने छिनोफानो



जनमतबाटै हुनुपर्दछ । तैपनि राजतन्त्र रह्यो भने कस्तो रूपमा रहने भन्नेतर्फ बहस चल्नु जरुरी छ । सेरेमोनियल राजतन्त्र राखियो भने त्यो नेपालका लागि नयाँ अभ्यास हुनेछ । त्यसको खाका के हो, जनमानस आन्योलमा छ । फेरि पनि लोकतन्त्रका लागि राजतन्त्र खतरा हुन सक्दैन भन्ने प्रत्याभूति दिन यसका पक्षधरहरूले सकिरहेका छैनन् । राजतन्त्रको अन्त्य गरियो भने २ सय ३८ वर्ष लामो नेपालको इतिहास नयाँ चरणमा प्रवेश गर्नेछ । राजा नरहे पनि स्वाभीमानपूर्वक नेपाल रहन्छ । समुन्नत लोकतन्त्र रहन्छ । सेना वा कुनै दलको निरंकुशता वा अधिनायकवाद उठ्न सक्दैन भन्ने प्रत्याभूति दिनुपर्ने दायित्व गणतन्त्रवादीहरूमाथि छ ।

**समावेशी लोकतन्त्र र दलित**

सामाजिक समावेशीकरणसहितको लोकतन्त्र सुनिश्चित गर्न सबैभन्दा हेपिएको, पिछडिएको, प्रतिनिधि शून्य रहेको नेपाली समुदाय भनेको दलित भनिएको समुदाय नै हो । सशस्त्र द्वन्द्वको क्रममा विद्रोही कित्तामा गएर मारिने ठूलो संख्या यही समुदायका युवाहरू थिए । त्यसैले समावेशीकरणको मुद्दाले सम्बोधन गर्नुपर्ने सबैभन्दा प्रमुख पक्ष भनेकै दलित भनिएका जातिहरू देखिन्छन् । खस जातीय पहाडी दलित, मंगोल जातीय हिमाली दलित, नेवार जातीय दलित, मधेसीमूलका दलित गरी विभिन्न स्वरूपमा देशभरि छरिएका दलितको उत्थान र उचित प्रतिनिधित्व ज्यादै जटिल र जेलिएको समस्या हो । यो मानिस-मानिसबीच छुवाछूतको संस्कार जन्माउने पुरातन सामन्ती सामाजिक व्यवस्थाको परिणाम हो । दलितहरूको मुद्दा र समस्याको गहिराईको तुलनामा कम बहसमा छ । जनजाति, गैर हिन्दू र मधेसी आन्दोलनको रूप र दलित आन्दोलनको रूप निक्कै फरक हुनुपर्ने यथार्थता भए पनि यी सबै मुद्दा एकै ठाउँमा जोडिँदा समावेशीकरणको लक्ष्यमा पुग्न कठिनाइ पनि हुनसक्छ । यस सन्दर्भमा बहसलाई प्रारम्भ गर्न हामीले दलितकै पीडा र व्यथा बुझेका पद्मलाल विश्वकर्मालाई अवधारणापत्र प्रस्तुत गर्न अनुरोध गऱ्यौं । प्राध्यापक कपिल श्रेष्ठले त्यसमाथि टिप्पणी गर्नुभएको छ । कथित माथिल्लो जातिबाट सधैं अन्यायपूर्वक व्यवहार सहदै आएका दलितहरूलाई राज्यले केही क्षेत्रमा विशेष आरक्षणको व्यवस्था गरेको छ, छुवाछूत गर्न नपाइने कानुनी व्यवस्था छ । तर व्यवहारमा दलित अझै पिछडिएकै छन् ।

राज्यको माथिल्लो तहमा दलितको उपस्थिति न्यून छ । निर्णायक तहमा उनीहरूको सहभागिता कम हुँदा नीतिनिर्माणका क्रममा दलितको आवाजलाई ध्यान नदिइएको महसुस गरिएको छ । दलित-दलितबीचको मतभेद र विभेद पनि दलितभित्रको समस्या रही आएको छ । अन्तरिम संविधान मस्यौदा गर्ने समिति गठनको सन्दर्भमा समेत दलित प्रतिनिधित्व छनौट गर्न ढिलो भयो । दलितको उचित प्रतिनिधित्वका लागि राज्य संरचना कस्तो बनाउने भन्ने सवाल अझै पनि छायामा छ । धर्मको विवादमा त प्रतिनिधिसभाले नेपाललाई धर्म निरपेक्ष घोषणा गरेपछि कानुनतः सकिएको छ ।

**समावेशी लोकतन्त्र र जनजाति**

मुलुकमा ५९ जातिलाई आदिवासी जनजाति कोटीमा राखिएको छ । उनीहरू विद्यमान राज्यव्यवस्था आर्यमूली पहाडीया खस हिन्दू धर्मावलम्बीहरूको स्वार्थअनुरूप रहेको ठान्दछन् । र, आफूहरू धार्मिक, भाषिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रूपमा लामो समयदेखि राज्य दमन र विभेदको सिकार गराइएकाले जबरजस्ती पिछडिएको

मान्दछन् । राजनीतिक बहुलवादले मात्रै ती सबै विभेदको अन्त्य गर्न नसक्ने ठानेर जनजातिहरूले लामो समयदेखि समावेशीकरणको मुद्दालाई उठाइरहेका छन् । वास्तवमा नेपाली लोकतान्त्रिक आन्दोलनमा समावेशीकरणको मुद्दा स्थापित गर्नमा जनजाति आन्दोलनको निरन्तरको प्रयास महत्वपूर्ण कारण मान्न सकिन्छ । समावेशी लोकतन्त्रलाई सुनिश्चित गर्न जनजाति आदिवासी समुदायको समानुपातिक प्रतिनिधित्व, भाषिक र धार्मिक विभेदको अन्त्य तथा संघात्मक राज्यका मुद्दाहरूमाथि संविधानसभाले सधैंका लागि विवाद सकिने गरी टुंगो लगाउनुपर्ने अवस्था छ । सबै नेपालीको साझा फूलबारीका रूपमा नेपाली राष्ट्रियताको निर्माण गर्न समाजमा सहिष्णुता, सद्भाव र मेलमिलाप कायम रहने गरी संवेदनशील बहस प्रक्रिया अगाडि बढ्न सकेन भने फेरि पनि यो वा त्यो रूपमा कट्टरतावादले टाउको उठाउने खतरा छ । यस विषयका छलफललाई स्वयम् समावेशी बनाएर सबै पक्षमा यथार्थ समस्याको अनुभूति गराउने प्रक्रिया अगाडि बढाउन हामीले पाँचौं शृंखलामा जनजाति विषयमा बहस गर्‍यौं । यो बहसमा जनजाति महासंघका महासचिव डा. ओम गुरुङले अवधारणापत्र प्रस्तुत गर्नुभएको थियो भने त्यसमाथि डा. खगेन्द्रनाथ शर्माले टिप्पणी गर्नुभएको थियो । आदिवासी जनजातिको सरोकार रहेको मुद्दामध्ये धर्मको विषय टुंगो लागे पनि भाषा, समानुपातिक प्रतिनिधित्व र संघात्मक राज्यका आधारको मुद्दामाथि व्यापक छलफल र बहस निरन्तर अगाडि बढाएर देशव्यापी रूपमा समझदारीको विकास गर्न आवश्यक छ ।

**समावेशी लोकतन्त्र र स्थानीय सरकार**

मुलुकमा विकेन्द्रकरणको जतिसुकै नारा घन्काइए पनि वास्तविक विकेन्द्रीकरण हुन सकिरहेको छैन । अहिले पनि स्थानीय निकायहरू केन्द्रकै थिचोमिचोमा रहेका छन् । अधिकांश भूभाग ग्रामीण रहेको नेपालमा लोकतन्त्रको संस्थागत विकासको पहल स्थानीय तहबाटै हुनुपर्छ भन्नेमा कसैको दुई मत रहन्न । लोकतन्त्र सबै नागरिक र मुलुकको सुनिश्चित भविष्यको आधार हो । यसले आमनागरिकको समान सहभागिता र अधिकारको सुनिश्चितता खोज्दछ । सबै नागरिकले सार्थक सहभागिता जनाउन पाएन भने लोकतन्त्र एक खुट्टे हुन पुग्छ र कुन बेला कहाँ पुगेर दुर्घटना हुन्छ भन्ने चिन्ता गर्नु जायजै होला । अहिले संघीय राज्यबारे निक्कै चर्चापरिचर्चाहरू भइरहेको छ । मुलुकमा संघीय राज्य या स्थानीय सरकार भन्ने बहस टुंगिएको छैन । यसको छिनोफानो छिटोभन्दा छिटो हुनुपर्छ ।

संघीय राज्यव्यवस्था कायम हुने निश्चित नभएसम्म स्थानीय सरकारलाई नै लोकतन्त्रको खम्बा मान्न सकिन्छ । स्थानीय सरकार बलियो नहुँदासम्म राज्य बलियो भएको मान्न सकिन्न । र, त्यो राज्य समावेशी हुन पनि सक्दैन । विगतमा हामी कहाँ स्थानीय निकायले पर्याप्त भूमिका नपाएकैले राजनीति गतिशील हुन नसकेको हो भन्नु गलत नहोला । गाउँमा बस्ने नागरिक सचेत नभएसम्म लोकतन्त्र बलियो हुन सक्दैन । त्यसका लागि स्थानीय सरकार बलियो हुनुपर्छ । केन्द्रबाट थोपरिने विकास योजनाको प्रथा अब अन्त्य हुनुपर्छ । स्थानीय तह सुहाउँदो विकास योजना निर्माण गरी लागू गर्ने पूर्ण जिम्मेवारी स्थानीय सरकारले प्राप्त गर्नुपर्छ । यद्यपि परिवर्तित राजनीतिक सन्दर्भमा समेत स्थानीय निकायका सम्बन्धमा चर्चापरिचर्चा कमै हुने गरेको छ ।



हामीले लोकतान्त्रिक आन्दोलनको क्रममा लोकतन्त्रमा स्थानीय सरकारका बारेमा बहस चलाएका थियौं । स्थानीय निकायका ज्ञाता कृष्णप्रसाद सापकोटाले अवधारणापत्र पेस गर्नुभएको थियो, त्यसमाथि मुक्तिप्रसाद काफ्लेले टिप्पणी गर्नुभयो । अहिले संघीय राज्य व्यवस्थाबारे पनि बहस चलिरहेको छ, जातीय, भाषिक, भौगोलिक आदि आधारहरूलाई विकल्पका रूपमा अघि ल्याइँदैछ । यस्तो बेलामा स्थानीय निकायको मुद्दाप्रति ध्यान नदिनु राज्य पुनर्संरचनाको मुद्दालाई नै सतही रूपमा लिनु बराबर हो ।

सिंगो राज्यको पुनर्संरचनाको बहस चलिरहेको बेला स्थानीय विकास तथा विकेन्द्रीकरणको मुद्दाचाहिँ छायामा परिरहेको छ । स्थानीय तहको पुनर्संरचनाको कुरा नगरी राज्य पुनर्संरचना पूर्ण हुन सक्दैन । वर्तमान द्वन्द्वको अन्त्यका लागि पनि लोकतान्त्रिक मान्यतामा आधारित जिम्मेवार र अधिकार सम्पन्न स्वायत्त स्थानीय सरकार गठन हुन आवश्यक छ । विगतमा स्थानीय सरकारको सुदृढीकरणमा देखिएका समस्याको समीक्षा गरी निराकरण गर्नुपर्छ ।

**समावेशी लोकतन्त्र र कर्णाली**

मुलुकमा धेरै क्षेत्र उपेक्षित र अविकसित छन् । त्यसको ज्वलन्त उदाहरण कर्णाली हो । कर्णाली प्रदेश राज्यबाट सधैं उपेक्षित रहँदै आयो । त्यहाँ अहिले पनि नागरिकहरूले पेटभरि खान, न्यानो लगाउन र राम्रो बास नपाएर भौतारिरहनु परेको छ । कर्णालीवासीका लागि प्रकृतिले पनि ठगेकै हो कि भन्ने भएको छ किनभने उनीहरूले गरेको परिश्रम पनि उत्पादनशील जमिन नहुँदा बालुवामा पानी हाले सरह भएको छ र भएको उत्पादनले पनि बजार पाइरहेको छैन ।

अब भने मुलुकमा लोकतन्त्र आएको छ, लोकतन्त्रमा पिछडिएको वर्ग, जातिमात्र नभई क्षेत्रको उत्थान र विकासका लागि पनि विशेष कार्यक्रम ल्याउनुपर्छ । तसर्थ लोकतन्त्रमा कर्णाली क्षेत्रलगायतका अविकसित क्षेत्रलाई कसरी समुन्नत बनाउने र त्यहाँका जनतालाई आधारभूत आवश्यकता पूरा कसरी गराउने भन्ने चुनौती देखिएको छ । लोकतन्त्रमा कर्णालीको सबालबारे हामीले बहस शृंखला चलाएर चिन्तन मनन गरेका थियौं । बहसमा प्रजातान्त्रिक कांग्रेसका केन्द्रीय सदस्य जीवनबहादुर शाहीले प्रस्तुत गर्नुभएको अवधारणापत्रमाथि वरिष्ठ पत्रकार भैरव रिसाल र कर्णालीको विकासका लागि क्रियाशील सामाजिक कार्यकर्ता मीनबहादुर शाहीले टिप्पणी गर्नुभयो ।

कर्णाली हालसम्म सडकले नछोएको क्षेत्र हो । कर्णाली राज्यबाट उपेक्षित भएको महसुस गरिएको छ । पछिल्लो समयमा कर्णालीका नाममा सरकारी र गैरसरकारी क्षेत्रबाट ठूलो धनराशि खर्च गरिएको छ । प्रतिफलचाहिँ देखिएको छैन । राज्य पुनर्संरचनासँगै संघीय राज्यको विषय उठिरहेका बेला कर्णालीलगायतका क्षेत्रको स्थिति के हुने भन्नेबारे बहस गर्नु जरुरी छ ।

**समावेशी लोकतन्त्र र मधेसी**

नागरिकता समस्या, औपनिवेशिक शोषण एवं उत्पीडनबाट मुक्ति, राष्ट्रिय पहिचान, राज्यको मूलधारमा समावेशीकरणलगायतका मधेसमा ज्वलन्त समस्या हुन । मधेसीहरू अहिले पनि राज्यबाट अपहेलित हुनु परेको र मूल धारको मान्यता नपाएर हेपिएको महसुस गरिरहेका छन् । मधेसको समस्या जातीय मूलको भाषाका कारण र

अन्धविश्वासका कारण राज्यद्वारा सिर्जित समस्या हो । योबाहेक मधेस र मधेसीबीचमा पनि अनेक समस्या छन् । आदिवासी, दलित, भाषिक विविधताहरू, महिला र सांस्कृतिक सवालमा मधेस समस्याग्रस्त छ ।

मधेसीका आधारभूत आवश्यकता के हुन्, समस्या के हुन् भनेर फरक-फरक धारणाहरू आइरहेको छ । बहसहरू चलिरहेका छन् । बहस अझ फराकिलो होस् र लोकतान्त्रिक पद्धतिमा मधेसीका आवाज नदबियोस र उनीहरूको मुद्दाले राष्ट्रिय मान्यता प्राप्त गरोस् भन्ने हेतुले मधेस र मधेसीका सम्बन्धमा बहस कार्यक्रम राखेका थियौं । मधेसी जनअधिकार फोरम, नेपालका महासचिव जयप्रकाश गुप्ताले प्रस्तुत गर्नुभएको अवधारणापत्रमा नेपालको तराई मामिलामा गहिरो जानकारी राख्ने मानवशास्त्री डा. डिल्लीराम दाहालले टिप्पणी गर्नुभएको थियो । मधेसका नाममा हुने राजनीतिक पनि छ । तर तिनबाट पनि मधेसका समस्या समाधानमा यथोचित कदम नउठाइएको महसुस गरिँदैछ । भारतसँग खुल्ला र लामो सीमा जोडिएको नेपालमा मधेसी समस्या यथावत् रहनु समुन्नत राष्ट्र निर्माणको सन्दर्भमा संवेदनशील पक्ष हो ।

मधेसमा नागरिकता समस्या समाधानका लागि पहल हुन थालेको यस सन्दर्भमा अहिलेसम्म तराईका कति नागरिक नागरिकताविहीन छन् भन्ने तथ्यांक राज्यसँग नहुनु दुःखद पक्ष हो । कतिलाई नागरिकता वितरण गरियो भन्ने तथ्यांक पनि छैन । यस्तो भद्रगोलबीच यो समस्या समाधान जटिल हुने निश्चित छ । सशस्त्र क्रान्ति गरिरहेको तराई जनतान्त्रिक मोर्चाको गतिविधि हिंस्रक हुँदै गएको छ । हतियारबन्ध तराईको आन्दोलनलाई समयमै सम्बोधन गर्न सकिएन भने यसले अर्को भयानक युद्ध ननिम्त्याउला भन्न सकिन्न ।

**समावेशी लोकतन्त्र र प्राकृतिक स्रोतमाथि जनताको अधिकार**

लोकतन्त्रमा प्राकृतिक स्रोतमाथि जनताको अधिकारको प्रश्न टड्कारो रूपमा उठनुपर्ने भए पनि पर्याप्त बहस नै हुन सकेको छैन । नेपालको स्रोत पहिचान भनेकै प्राकृतिक स्रोत हुन् । अथाह वन, भूमि र जलजस्ता स्रोतको उपयोगप्रति राज्यको नीति केन्द्रित हुन नसकेको देखिँदैछ । मुलुकको विकासका लागि प्राकृतिक स्रोतको उपयोगबाहेक अर्को विकल्प पनि तत्कालका लागि देखिँदैन ।

यस्ता मुद्दामाथि छलफल तथा बहसहरू निक्कै कम मात्रामा चलिरहेका छन् । हामीले यस मुद्दामा एउटा ठोस धारणा बनाउनु आवश्यक ठान्यौं र ठोस धारणा निर्माणमा सहयोग पुगोस् भन्ने हेतुले समावेशी लोकतन्त्र र प्राकृतिक स्रोतमाथि जनताको अधिकारबारे बहस चलायौं । जल तथा उर्जा उपभोक्ता महासंघका संयोजक गोपाल सिवाकोटी 'चिन्तन'ले प्रस्तुत गर्नुभएको अवधारणापत्रमाथि डा. केशवमान शाक्यले टिप्पणी गर्नुभएको छ ।

नेपालको प्राकृतिक सम्पदाको यथोचित व्यवस्थापन र प्रयोग गर्न सके नेपाल स्विट्जरल्यान्डको हाराहारीमा पुग्ने स्थिति रहे पनि यसको व्यवस्थापन र प्रयोग हुन सकिरहेको छैन । समग्र राज्य संरचनाको बहस चलिरहँदा प्राकृतिक स्रोतमा स्थानीय जनताको स्वामित्वको सवालमाथि खासै बहस हुन सकिरहेको छैन, यसलाई विडम्बना नै मान्नुपर्छ । प्राकृतिक स्रोतमाथि जनताको पहुँच बढाउन मानव केन्द्रीत विकास अवधारणालाई प्राथमिकता दिनु उचित हुनेछ । स्थानीय तहको प्राकृतिक स्रोतमा



स्थानीय जनताले नै पहिलो हक पाउनुपर्छ ।

**समावेशी लोकतन्त्र र निर्वाचन**

निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन नै लोकतन्त्रको परिचय हो । जहाँ स्वच्छ, निष्पक्ष र स्वतन्त्र निर्वाचन हुँदैन त्यहाँ लोकतन्त्र फष्टाएको छैन । नेपालको सन्दर्भमा प्रजातन्त्र पुनःस्थापनापछिका निर्वाचनसमेत धाँधलीरहित नरहेको चर्चा हुने गरेको छ ।

हामीले निर्वाचनका सम्बन्धमा बहस गरेका थियौं । संविधानसभाको निर्वाचनप्रति राष्ट्रिय मत बनिसकेको सन्दर्भमा यो बहस निक्कै फलदायी हुने अपेक्षा गरिएको छ । बहसमा निर्वाचन आयोगका पूर्व आयुक्त प्रा.डा. बीरेन्द्रप्रसाद मिश्रले प्रस्तुत गर्नुभएको अवधारणापत्रमाथि राजनीति शास्त्रका प्राध्यापक विजयकान्त कर्णले टिप्पणी गर्नुभएको थियो । नेपालमा २०४६ सालको परिवर्तनपछि तीनवटा आमनिर्वाचन र दुइटा स्थानीय (१९ माघपछि शाही सत्ताले गराएको नगर निर्वाचन बाहेक) सम्पन्न भए । ती निर्वाचनमा अपनाइएको निर्वाचन प्रणाली हाम्रो सामाजिक, सांस्कृतिक अवस्थितिलाई प्रतिविम्बित गर्ने खालको थियो कि थिएन ? विविधतापूर्ण संरचनागत पक्षको सम्बन्ध निर्वाचन परिणाममा कस्तो पर्‍यो ? यस अलावा निर्वाचनहरू कति निष्पक्ष र धाँधलीरहित भए भन्ने विषयको समीक्षा र बहस गर्नै पर्दछ ।

निर्वाचन जनताको अभिमत जाहेर गर्ने सबैभन्दा सर्वोत्तम उपाय हो । यो स्वच्छ, निष्पक्ष र धाँधलीरहित हुनुपर्छ भन्नेमा दुई मत छैन । कुनै पनि निर्वाचन प्रणालीमा सबै वर्ग, समुदायको प्रतिनिधित्व गराउन कठिन छ, तर सबैको विचार, समस्याको सम्बोधन हुने गरी निर्वाचन पद्धति अपनाउनुपर्छ । अहिले मुलुकमा संविधानसभाको निर्वाचनको प्रयास भइरहेको छ । अन्तरिम संविधान निर्माणको चरणमा छ । यसले कुन निर्वाचन प्रणाली अपनाउने हो हेर्न बाँकी छ । निर्वाचन भन्नासाथ त्यसको प्रणाली, निर्वाचन क्षेत्र, पद्धति आदिको कुरा आउँछ । नेपालमा संविधानसभामा कति निर्वाचन क्षेत्र बनाउने भन्ने पनि पर्याप्त बहस भइरहेको छैन ।

**लोकतन्त्र र सेना**

शाही नेपाली सेना पृथ्वीनारायण शाहकै पालादेखि एउटा परिवारको परिपरि घुमिरह्यो । यसले जनता र राष्ट्रभन्दा राजाको गुनगान गाउने र हतियारको रूपमा काम गरेको इतिहास छ । नेपाली सेनालाई सामन्ति संस्कारमा हुर्काइयो र एक परिवारको हितमा प्रयोग गरिदै आयो । नेपालमा प्रजातान्त्रिक हक खोस्ने काममा सधैं सेना दरबारको हतियार बन्दै आएको इतिहास छ । मुलुकमा अहिले राज्य र विद्रोही माओवादीका गरी दुई सेना विद्यमान रहेको अवस्थामा सेना व्यवस्थापनको मुद्दा निकै चुनौतीपूर्ण देखिन्छ ।

सशस्त्र विद्रोही माओवादीसित जारी शान्तिवार्तासमेत अहिले हतियार व्यवस्थापनको मुद्दामा अलि शिथिल देखिएको छ । यो समस्या आउने पूर्वानुमान नगरिएको होइन । हतियार व्यवस्थापनको जटिल कार्यमाथि हल्का टिकाटिप्पणी गर्ने नेपाली चलन छ । यो घातक हुनसक्छ । हतियार व्यवस्थापनका सम्बन्धमा गहन छलफल र विचारविमर्श जति हुनुपर्ने हो त्यति भइरहेको छैन ।

यस्तो बहसको खडेरी टार्न हामीले लोकतन्त्र र सेना शीर्षकमा बहस चलाएका थियौं । शाही नेपाली सेनाका पूर्वजर्नेल गोपालसिंह बोहराले प्रस्तुत गर्नुभएको निक्कै ओजिलो अवधारणापत्रमाथि सुरक्षा मामिला विज्ञ प्राध्यापक ध्रुवकुमारले टिप्पणी गर्नुभयो । जानकारहरूले सेनाका सम्बन्धमा यो नै पहिलो खुल्ला र गहकिलो बहस भनी टिप्पणी गरेका थिए ।

राजा र राजपरिवारको वरिपरि घुम्ने सेनालाई अहिले जनताको मातहत ल्याउने काम जनआन्दोलन दुईबाट पुनःस्थापित प्रतिनिधिसभाले गरेको छ । प्रतिनिधिसभाको घोषणामार्फत शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना बनाइयो । सेनाको परमाधीपतिबाट राजालाई च्यूत गराइयो, सेना परिचालन मन्त्रिपरिषद्को निर्णयबमोजिम हुने, प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्बाट हुने, प्रधानसेनापतिले संसद्मा शपथ लिनुपर्नेलगायतका व्यवस्था भएको छ । सेनाका सम्बन्धमा नेपालमा यो महत्वपूर्ण र ऐतिहासिक निर्णय हो । सेनाका सम्बन्धमा यस्ता निर्णय भए पनि सेनाभित्र हुने भ्रष्टाचारलगायतका मुद्दा सार्वजनिक बहसमा आइरहेको छैन । सेनालाई पारदर्शी बनाउने कुरा अझै चर्चामा छैन ।

उता माओवादी सेनाको व्यवस्थापनको मुद्दा अहिले सबैभन्दा चर्को रूपमा छ । दुवै सेनालाई एकीकृत गर्ने विषयमा जति प्राज्ञिक बहस या छलफल हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन । दुवै सेनालाई संविधानसभाको निर्वाचनसम्म संयुक्त राष्ट्रसंघको अनुगमनमा राख्न राज्य र विद्रोही दुवै पक्ष तयार भइसकेको अवस्थामा दुवै सेना गाभ्ने, परिवर्तन गर्ने या रूपान्तरण गराउने, लोकतान्त्रीकरण गर्ने र सेनाको भविष्यप्रतिको चिन्तन गर्ने तिर पर्याप्त र गम्भीर बहस गरिनुपर्छ ।

**समावेशी प्रजातन्त्र र महिला**

नेपाली समाज पितृसतात्मक सोचबाट ग्रस्त छ । यही सोचबाट उत्पन्न क्रियाकलापले नेपाली महिलाहरू अहिले पनि उपेक्षित बन्नुपर्ने अवस्था छ । आधा आकाश ओगटेका महिलाका आफ्नै समस्या र चुनौतीहरू छन् । नेपाली महिलाका लागि सामाजिक परिवेश विशिष्ट खालको छ । उनीहरू स्वंय पनि अझै चुलाचौकाको घेराबाट मुक्त हुन सकिरहेका छैनन् भने समाजले पनि बाहिर ल्याउने वातावरण दिन सकेको छैन ।

महिलाका सवालमा निक्कै धेरै बहसहरू चलिरहेका छन् । महिलाका हकहितमा काम गर्ने नाममा गैरसरकारी संस्था स्थापना गर्ने होडबाजी नै चलेको देखिन्छ । त्यसको अनुपातमा महिलाका समस्यामा सुधार आएको छैन । हामीले चलिरहेको बसहलाई फराकिलो बनाउनुपर्ने महसुस गर्‍यौं । समावेशी लोकतन्त्र र महिलाका सवालमा डा. आरजु देउवाको गहकिलो कार्यपत्रमा डा. मीना आचार्यले टिप्पणी गर्नुभयो । महिला सशक्तिकरण र उनीहरूलाई राज्यमा समान हकदार बनाउने विषयमा अहिले राज्य र महिला सक्रियतावादीहरू निक्कै खटिरहेका छन् ।

राजनीतिक परिवर्तनपछि प्रतिनिधिसभाले राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत सहभागिताको घोषणा गरिसकेको छ । त्यसप्रति असहमतहरूले ५० प्रतिशत आरक्षणको माग गर्न थालेका छन् । ३ प्रतिशत आरक्षणको व्यवस्था गरिए पनि लोकतान्त्रिक सरकारले नै अन्तरिम संविधान मस्यौदा समितिमा सुरुमा एक जना पनि महिला समावेश नगरेर घोषणाको उपेक्षा गर्‍यो । महिलाहरू आन्दोलित भए । तीन सातासम्म



समिति विवादमा रह्यो र, काम अगाडि बढाउन सकेन । महिलाहरूको चर्को दबाबपछि महिला सदस्यहरू समितिमा थपिए ।

लोकतान्त्रिक सरकारको मन्त्रिपरिषद्मा जम्मा एक जना महिलालाई मात्र मन्त्री बनाइएको अवस्था छ । हरेक राजनीतिक दलको नेतृत्व तहमा निक्कै कम संख्यामा महिला छन् । आफ्नो जनसेनामा ४० प्रतिशत महिला रहेको दाबी गर्ने माओवादीको केन्द्रीय नेतृत्वमा समेत दुईभन्दा बढी महिला अनुहार नरहेको अवस्था छ । यो परिवेशमा लोकतन्त्रमा महिलाका सवाल अझ बढी चर्चा हुने विषय बनेको छ ।

**र, लोकतन्त्रमा भाषा र संस्कृति**

भाषा र संस्कृति राज्यको सम्पत्ति र पहिचान हो । यसले मुलुकको सभ्यता र सांस्कृतिलाई धनी बनाउन सहयोग गर्छ । भाषा र संस्कृति राज्यको धरोहर पनि हो । नेपाल भाषा र संस्कृतिमा धनी छ । तर यसलाई बोझ ठान्नेहरू पनि कम छैनन् । नेपाली मौलिक भाषा र संस्कृति दिनानुदिन संकटग्रस्त हुँदै गएको चिन्ता चारैतिर गरिन्छ । नेपालमा भएका भाषा र संस्कृतिको विविधतालाई उजागर गरी त्यसप्रति नयाँ पुस्तालाई आकर्षित गराउनु आजको टड्कारो आवश्यकता हो । तर यसको संरक्षण र सम्बर्द्धनका मुद्दा गफमा सीमित रहेको दुःखद पक्ष हामीसँग छ । राज्य र सम्बद्ध पक्ष यसप्रति जिम्मेवारीवोध गरिरहेका छैनन् ।

लोकतन्त्र प्राप्त हुँदा पनि यो मुद्दा केन्द्रीय बहसमा छैन । लोकतन्त्रमा भाषा र संस्कृतिको महत्व हुन्छ कि हुन्न् ? भाषा र संस्कृतिले लोकतन्त्र सुदृढ गराउन योगदान दिन्छ कि दिँदैन भन्ने प्रश्नहरू अनुत्तरित छन् । उत्तर खोज्ने र दिने प्रयत्न कहीँ कतैबाट हुन सकेको छैन । हामीले यही कम बहसमा रहेको मुद्दामाथि छलफल गर्नु आवश्यक ठान्यौं । भाषा र संस्कृतिको उपेक्षा गरेर लोकतान्त्रिक संस्कार बलियो हुन्छ भन्नु पाखण्डपन हो । तसर्थ यसमाथि बहस, छलफल र चिन्तन मनन गरी एउटा ठोस धारणा निर्माण गर्नु जरुरी छ ।

त्यसमा केही सहयोग पुगोस् भनेर हामीले लोकतन्त्रमा भाषा र संस्कृतिबारे बहस चलाएका हौं । बैरागी काइँलाले पेस गर्नुभएको अवधारणापत्रमाथि डा. माधव पोखरेलले टिप्पणी गर्नुभएको छ । राज्य पुनर्संरचनाको मुद्दासँगै नेपालमा भाषिक र सांस्कृतिक स्वायत्तताको कुरा चर्कोरूपमा उठिरहेको छ । यस्तो बेला भाषा र संस्कृतिका सम्बन्धमा पर्याप्त बहस हुनुपर्ने भए पनि आशातीत रूपमा उपलब्धिमूलक हुन सकिरहेको छैन ।

यस पुस्तकमा समावेश गरिएका सामग्रीले संविधानसभामा पुग्नुअघि स्पष्ट हुनुपर्ने कतिपय विषयलाई सहयोग पुर्‍याउने आश राखिएको छ । सबैको अधिकार सुनिश्चित गर्ने र सबैको आवाज सुन्ने लोकतान्त्रिक पद्धतिसँग यो पुस्तकको नाता रहेको छ ।

यस 'मोनोग्राफ' ले बहसलाई विभिन्न कोणमा प्रबर्द्धन गर्नेछ । यहाँ हाम्रोतर्फबाट निष्कर्ष वा कुनै अवधारणा प्रस्तुत गरिएको छैन । विषय प्रवेशका सन्दर्भमा पाठकहरूका लागि सामयिक परिस्थितिको सामान्य झलक स्मरण गराइएको मात्र हो ।

❑

शृंखला १

# समावेशी प्रजातन्त्रः प्रजातन्त्रभित्र प्रजातन्त्रको खोजी

अवधारणा : दमननाथ ढुंगाना
टिप्पणी : प्रा. कृष्ण खनाल



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

फ्रिडम फोरम– नेपालमा लोकतन्त्र र स्वतन्त्रताका लागि काम गर्ने पत्रकार, वकिल, मानव अधिकारकर्मी र विकास कार्यकर्ताहरूको पहलमा स्थापित नयाँ 'ईनीसीएटीभ' हो । हामीले किन फ्रिडम फोरम नै भनेर नाम राख्नुपर्‍यो भन्ने सवालमा हामी अहिले स्वतन्त्रताको लडाइँमा छौं । स्वतन्त्रताको लडाइँ लड्न अघिल्लो दस्ताको मोर्चा होस् भन्ने उद्देश्यले फ्रिडम फोरम नाम छानेका हौं । लोकतन्त्र यतिबेला एउटा आकर्षणको र बुझ्न नसकिने वस्तुजस्तो बनिरहको छ । लोकतन्त्रका हरेक सवालहरूमा जति बढी प्रस्टता बढाउँदै जान्छौं, त्यति चाँडो हामीले स्वतन्त्रताको संघर्ष जित्न सक्छौं भन्ने हामीलाई लाग्छ । त्यसैले हामीले सन् २००६ को वर्षभरि नै लोकतन्त्रका विभिन्न पक्षमा बहस सञ्चालन गर्ने निर्णय गरेका छौं ।

हामीले यो बहस शृंखलालाई साप्ताहिक रूपमा सञ्चालन गर्ने प्रयास गरेका छौं । आगामी साताका लागि समावेशी लोकतन्त्रका प्रखर व्याख्याता नरहरि आचार्यलाई हामीले अनुरोध गरेका छौं र त्यसपछिको साताका लागि एमालेका युवानेता शंकर पोखरेललाई अनुरोध गरेका छौं । उहाँले पनि सहमति प्रदान गरिसक्नुभएको छ ।

आज बहस शृंखलाको पहिलो अध्यायमा हामीले आदरणीय दमननाथ ढुंगानालाई अवधारणा प्रस्तुत गर्न अनुरोध गरेका छौं । दमनदाइ नै किन रोज्यौं भने २०४७ सालको संविधान नै नेपालको अहिलेसम्मको इतिहासमा प्रजातन्त्रको पक्षमा बनेको सबैभन्दा ठूलो उपलब्धि र ऐतिहासिक दस्तावेज हो । त्यो संविधान निर्माणको प्रक्रियामा आधारभूत स्वतन्त्रताको पक्षमा 'पोलिटिकल लिडरसिप' लिने मान्छे दमनदाइ नै हो भन्ने हाम्रो बुझाइ छ । जब मुलुक द्वन्द्वको चपेटामा पर्‍यो तब त्यो संविधानलाई धेरैले दोषी पनि ठह्र्याए र द्वन्द्व रूपान्तरणको विन्दुका रूपमा संविधानसभामा सबैको सहमति बन्दै गइरहेको छ । संविधानसभामा जानुपर्छ भनेर भन्ने पहिलो व्यक्ति पनि उहाँ नै हो । अब संविधानसभाले दिने समावेशी लोकतन्त्र कस्तो हुने भन्ने सवालमा पनि उहाँका अवधारणाबाट नै अघिबढ्नु उपर्युक्त हुन्छ भन्ने ठानेर फोरमले उहाँलाई अनुरोध गरेको हो ।

## अवधारणा

समावेशी प्रजातन्त्र भन्नु प्रजातन्त्रभित्र प्रजातन्त्रको खोजी गर्नु हो। प्रजातन्त्रको समग्र स्वरूप बनिनसकेको अवस्थामा त्यस्तो संरचना निर्माण गर्नु र संरचना भएको ठाउँमा त्यसमा प्राण भर्नु समावेशी प्रजातन्त्र वा लोकतन्त्र हो।

हामीले २०४७ सालको संविधानमार्फत प्रजातन्त्रको संरचना तयार गरिसकेका थियौं, प्राण भर्न मात्र बाँकी थियो। तर, त्यो गर्न सकिएन। खासगरी नेपालको हकमा प्रजातन्त्र भन्नु गरिब निमुखा जनता जो विपन्न छन्, दुर्गम ठाउँमा बस्छन्, मूलधारबाट अलग छन्, (जस्तो कि महिला, जनजाति, आदिवासी, मधेसवासी, दलित आदि) जसको राज्य सञ्चालनमा प्रतिनिधित्व र सहभागिता दुवै कम छ तिनीहरूको हातमा प्रजातन्त्रको फल पुऱ्याउनु कठिन तर सबैभन्दा पहिलो काम हो। जबसम्म प्रजातन्त्र तिनीहरूकहाँ पुग्दैन र तिनीहरूले प्रजातन्त्रको मर्म बोध गर्दैनन् तबसम्म प्रजातन्त्र प्रजातन्त्र हुन सक्दैन। प्रजातन्त्र जहिले पनि समावेशी नै हुन्छ तर समावेश गर्ने मुख्य कामचाहिँ छुटिरहेको छ। प्रजातन्त्रको प्रथम दायित्व त्यही नै हो। हाम्रो ध्यान यस दिशामा पुग्न सकेन। त्यसले गर्दा प्रजातन्त्रमा पनि एउटा ठूलो हिस्साले अलगाव महसुस गऱ्यो। पृथकता बोध भयो। असहमति वा असन्तुष्टि व्यक्त गर्ने अवस्था रह्यो। शान्तिपूर्ण बाटो लिन वा नलिन सक्ने अवस्था उपस्थित भयो। त्यस्तो असहमतिलाई सम्बोधन गर्न नसक्दा विद्रोह भड्किन्छ र विद्रोहीले हतियार उठाउन पनि सक्छ। यस्तो अवस्था रोकेर व्यापक सहभागिता गराउन सकियो भने ऊ राज्यप्रति आशावादी हुन्छ र राज्यका साथसाथ हिँड्छ। राज्यलाई आफ्नो देख्छ। अपनत्व र स्वामित्वको भाव पैदा हुन्छ।

माओवादीका सन्दर्भमा पनि यो विषयलाई जोड्न सकिन्छ। २०४७ सालको संविधानबाट पनि वास्तवमा जनता सार्वभौम भएनन् र राजतन्त्रको प्रभाव छुटेन भन्ने दृष्टिकोण तिनले सार्वजनिक गरे। तर, त्यसको परीक्षण गर्ने समय नदिइकन माओवादीहरूले हतियार उठाइहाले। धेरै दिनदेखिको दबेको अपेक्षाले तत्काल उपलब्धि हासिल गर्न नसक्दा निराशा छिटो बढ्दछ। प्रजातन्त्रले हुने 'बिरुवाको चिल्लो पात' झैं गरी नागरिकमा उत्साह भर्न सकेन भने मूलधारमा आइसकेको राजनीतिक शक्ति पनि हतियार उठाउन पुग्दो रहेछ। त्यसकारण यो पनि हामीले सम्बोधन गर्नुपर्ने एउटा गम्भीर प्रश्न भएर आएको छ। यद्यपि यसमा माओवादीले हतार गरे एवं राजाले हिंसा र हतियारको चुनौती सुरुदेखिनै नजर अन्दाज गरे भनेमा दुई मत हुन पर्ने ठाउँ छैन।

### विगतको निचोडः अपर्याप्तता प्रतिबद्धताको

नेपाली प्रजातन्त्रको नयाँ प्रस्थान विन्दु २०४७ साल हो। ०४६ सालको जनआन्दोलनले राजालाई संवैधानिक बनायो भने सार्वभौम सत्ता जनतालाई प्राप्त भयो। राज्यसत्ताको स्रोत जनता हुन् भन्ने प्रत्याभूति त्यो संविधानले दियो। त्यस्तै मौलिक हकहरू खासगरी मानव अधिकार र सूचनाको हकलगायतका प्रेस स्वतन्त्रताको ग्यारेन्टी गऱ्यो। साथै संविधानले हाम्रो राष्ट्रिय विविधता पनि स्वीकार गऱ्यो, बहुजातीय, बहुभाषिक भनेर। तर संविधान प्रजातान्त्रिकभन्दा अति नै संसदीय



भइदियो। सत्ता र विपक्षको मात्र सोच राख्यो। सहमति र मिलिजुली भावनाका संभावनालाई सीमित गऱ्यो। निर्वाचन पद्धत्तिले पनि बहुमतका आधारमा संसद्को प्रतिनिधित्व गर्ने व्यवस्था गऱ्यो जसले गर्दा मुलुकमा सदियौंदेखि पिछडिएको विविध समुदाय वर्ग फेरि पनि उपेक्षित बन्न पुग्यो। यद्यपि संविधानले सिद्धान्ततः तिनको संरक्षण गर्न सकिने ठाउँ नराखेको छैन।

नेपाल अधिराज्यको संविधान २०४७ ले निर्देशक सिद्धान्तलगायतमा पिछडिएको वर्गलाई समेट्न विशेष कानुन बनाउन एउटा ठाउँ दिएको छ तर त्यसलाई कार्यान्वयन गर्नेतर्फ पहल गरिएन। यो जनप्रतिनिधिमूलक व्यवस्था कताकता निर्वाचनबाट संसद्मा जो पुग्छ तिनैले बाँडीचुडी खाने जस्तो देखियो। मूलधारबाट पृथक रहेका लक्षित वर्गका लागि प्रजातन्त्र हो भन्ने मान्यता व्यवहारमा स्थापित गर्न पट्टी ध्यान पुऱ्याउने काम भएन ।

२०४७ सालको संविधानलाई 'उत्कृष्ट' भनियो तर त्यसलाई 'उत्कृष्ट' बनाउने गरी अभ्यास गरिएन।

ध्यान नपुगेको अर्को महत्वपूर्ण पक्ष उग्रवामपन्थी र उग्रदक्षिणपन्थीले यो संविधानबाट मुलुकको हित हुन्छ भन्ने विश्वास गर्न नचाहेको अवस्थामा उनीहरूलाई कुनै एउटा ठाउँमा 'इंगेज' गर्न सक्नुपर्थ्यो । दरबारलाई संविधानले तोकेको ठाउँमा बसाउन सक्नुपर्थ्यो। वामपन्थी (माओवादी) लाई हतियार उठाउनुनपर्ने विन्दुमा पुऱ्याउन सक्नुपर्थ्यो। त्यसको बदलामा हाम्रा क्रियाकलापले माओवादीलाई विद्रोह गर्न थप हौसला पुग्यो भने राजालाई सर्वसत्तावादी बन्न। अर्थात, कि प्रजातान्त्रिकमध्ये केन्द्रमा बस्न नचाहनेहरूलाई लिस्नु लगाइदिने काम भयो। २०५९ साल असोज १४ गते दलहरूले निर्वाचन गर्न सक्ने अवस्था रहेन भनेर सिफारिस गर्न प्रधानमन्त्रीलाई बाटो बनाइदिए। प्रधानमन्त्री देउवाले पनि त्यही कुरा सोझै दरबारमा पुऱ्याउनुभयो। संवैधानिक दायरा अवसरको पर्खाईमा बसेको दरबारले यो अवसरलाई छोड्ने कुरै थिएन। यस्तै अनुभव विगतमा पनि गरिएका थिए। यसले हामीमा प्रतिबद्धताको अभाव भएको दर्शाउँछ।

### पुनर्संरचना कसरीः वर्तमान संविधानभित्र वा बाहिर ?

मुलुकको संविधान राज्यसंरचनाको मियो हो। नेतृत्व त्यसको वरिपरि विचरण गर्छ। हामीसँग भएको नेतृत्वको भण्डारभित्रबाटै आदर्श प्राप्त गर्नु हाम्रो आवश्यकता हो। हाम्रो परिप्रेक्षमा समावेशी प्रजातन्त्रका पक्षमा अब कसरी पुनर्संरचना गर्ने भन्ने अहम् सवाल उठेको छ। वर्तमान संविधानभित्रबाट त्यो सम्भव छ कि छैन ?

**यस प्रसंगमा केही संवैधानिक सिद्धान्तमा जानु जरुरी हुन्छ–**

कुनै संविधान ध्वस्तै (Radically Damaged) भएको अवस्थामा त्यसलाई पुनरावृत्त गरेर अगाडि लग्न सकिदैन। जस्तो कि एउटा साइकललाई ट्रकले किचेर डल्लो पारेको अवस्थामा त्यसलाई मर्मत गरेर चलाउँछु भन्नु बेकार हुन्छ, त्यस्तै हाम्रो संविधान पनि ध्वस्तै भइसकेको अवस्थामा छ। चुनौतीहरू यति धेरै भइसके, संविधानमाथि यति धेरै आक्रमण भइसक्यो, जनताका आकांक्षाहरू यति धेरै चुलिइसके, हाम्रो द्वन्द्वको यति धेरै अन्तर्राष्ट्रिकरण भइसक्यो कि यो संविधानभित्रबाट कुनै निकास निकाल्नु सम्भव छैन।

यो संविधानले प्रत्याभूत गरिसकेका सिद्धान्तहरूलाई टेकेर नै अबको नयाँ बन्ने संविधान अघि जान सक्छ । अग्रगमनका लागि यसको ढाँचा नै फेर्नुपर्छ । हाम्रो निर्वाचन प्रणाली कसरी बढी प्रतिनिधिमूलक बनाउने र जनप्रतिनिधिहरूलाई कसरी बढी उत्तरदायी बनाउने, कसरी भ्रष्टाचारविमुख बनाउने, नैतिकता बढाउने, सरकार संसद्बाट मात्रै बनाउने कि अरू प्रतिनिधित्वका संभावना पनि खोज्ने कि ? जनजातिका सवाल, स्वायत्तता, संघीयताको सवाल, स्थानीय निकायलाई कसरी अधिकार सम्पन्न बनाउने, उनीहरूलाई कसरी केन्द्रसँगको निर्भरता घटाउन लगाउनेलगायतका यावत् सवाललाई यो संविधानले अब सम्बोधन गर्न सक्ने अवस्था समाप्त भइसकेको छ । त्यसैले राज्यको पुनर्संरचना गर्नु परेको अवस्थामा टालटुले रणनीति सार्थक हुन सक्दैन । निर्वाचन प्रणालीको पुनर्संरचना गर्नु परेको छ, राजाको स्थान निर्धारण गर्नु परेको छ । अभेध्य  तरिकाले, उल्लंघनीय तरिकाले । यी सबै प्रश्नको छिनोफानो गर्नुपरेको अवस्थामा यही संविधानबाट सम्भव छैन । यो निरर्थक प्रयास हो । त्यसैले अब नयाँ संविधानको निर्माणमा नै जानुपर्छ तर नयाँ संविधानमा जानुको मतलब वर्तमान संविधानलाई संकुचन गर्नु होइन । यसले प्रतिपादन गरिसकेका सिद्धान्तलाई अगाडि बढाएर लाने हो । स्थापित संवैधानिक हक र मान्यतालाई विस्तारित र बढी सुरक्षित गर्ने हो । फेरि प्रजातन्त्रमाथि प्रहार नहुनेबारे ढुक्क हुने बन्दोबस्त गर्ने हो ।

**समावेशी प्रजातन्त्रको मुख्य सवालः राजासहित कि रहित ?**

माथिका कतिपय सवाललाई वर्तमान संविधानको परिमार्जन वा संशोधनबाट पनि पूर्ति गर्न सकिँदो हो तर राजाको सवाल यो संविधानबाट टुंगो लाग्दैन । यो संविधानमा त राजाले चाहँदा जे पनि हुँदो रहेछ । यो संविधानलाई त उनले जे चाह्यो त्यही गर्न सक्छु भनेर देखाइसके । राजामाथि उठेको प्रश्न र राजाका कारण संविधानमाथिको यो जटिल सवाल उत्पन्न भएको हो ।

राजा संवैधानिक राजतन्त्रमा बस्दैनन् भनेर पहिले माओवादीले भने अहिले आमजनता, सात दल, नागरिक समाज, नयाँ पुस्ता पनि त्यही महसुस गर्दैछन् । संवैधानिक बनाएर राजालाई बसाउन यो संविधान अब पर्याप्त छैन । त्यसैकारण समावेशी लोकतन्त्रको मुख्य सवाल राजाको स्थान र भूमिकामा केन्द्रित भएको बुझ्नुपर्छ । अझ अघि बढेर भन्ने हो भने राजासहितको लोकतन्त्र कि राजा रहितको भन्ने नै आजको लोकतन्त्रको आधारभूत सवाल हो । राजासहितको हुने हो भने राजालाई प्रतिकका रूपमा मात्र राख्न सम्भव छ । स्केनडेभियन देशहरू स्विडेन, डेनमार्क, नर्वेको जस्तै हुनु ठीक होला । त्यहाँ राजाको मर्यादित अस्तित्व रहन्छ तर राज्य सञ्चालनमा कुनै भूमिका रहँदैन । मैले त्यसलाई 'खोपाको गणेश' भन्ने गरेको छु । उनको काम जनतालाई आशीर्वाद दिने मात्र हो ।

**त्यसैले नयाँ संविधानमा जानुको विकल्प छैन । अब रह्यो त्यो संविधान कसरी र कस्तो हुने ?**

नयाँ संविधानको स्वरूप राजासहित कि राजारहित भन्नेमा केन्द्रित भइसकेको वर्तमान घडीमा त्यसको छिनोफानो गर्ने एकमात्र साधान संविधानसभामात्र हो ।



राजासहितको व्यवस्था कायम राख्ने अवस्थामा संविधानसभा औचित्यपूर्ण हुन्छ तर राजा नै नरहने अवस्था सिर्जना भयो भने त्यहाँ संविधानसभाको पनि भूमिका रहँदैन । आन्दोलनले नै राजनीतिक प्रश्नको जवाफ खोज्न थाल्छ । राजाले संविधानसभाको अहिलेको आग्रहलाई सुनेनन् र मानेनन् भने आन्दोलनले आफ्नो बाटो लिन्छ । आन्दोलनको माध्यमबाट राजतन्त्ररहित राज्य बनाउने कि संविधानसभाको माध्यमबाट संवैधानिक राजतन्त्रको स्थान सुरक्षित गर्ने ? यो प्रक्रियामा  ग्यारेटीको आवश्यकता पर्छ । राजालाई स्वाभाविक रूपमा भय हुन सक्दछ कि संविधानसभाबाटै राजतन्त्र नै फालिदिने हुन कि ? त्यसबाट आश्वस्त बनाउन तेस्रो पक्षको मध्यस्थताको भूमिका महत्वपूर्ण हुन्छ । त्यो या त संयुक्त राष्ट्रजस्तो मर्यादित र विश्वव्यापी संस्था हुनुपर्‍यो या त छिमेकी देश ।

**निष्कर्षः निकासको भरपर्दो माध्यम– संविधानसभा**

यी सबै विश्लेषणउपर विचार गर्दा सर्वपक्षीय राजनीतिक सम्मेलन संविधानसभामा पुग्ने सबैभन्दा भरपर्दो माध्यम हुनसक्छ । अहिले द्वन्द्वका जतिपक्ष छन्, राजा स्वयं त द्वन्द्वका पक्ष नहुनु पर्थ्यो तर उनी त झन् ठूला झगडीया भएका छन् ,अर्को पक्ष माओवादी र तेस्रो पक्ष दलहरू भएका छन् । उनीहरू स्वयं कुनै सहमतिमा आफैं पुग्न सक्ने संभावना छैनजस्तो लाग्दछ । त्यसैले सर्वपक्षीय राजनीतिक सम्मेलनमा भर पर्न सकिन्छ । त्यसका लागि पूर्वाधार निर्माण गर्ने काम हामीजस्ता नागरिक समाजका मानिसले गर्न सक्दछौं । यसको पहिलो पूर्वअवस्था भनेको पक्षहरू राजनीतिक सम्मेलनमार्फत समस्याको समाधान खोज्न मञ्जुर हुनुपर्‍यो ।

राजनीतिक सम्मेलनमा सबैले टेबुलमा आफ्ना-आफ्ना कुरा राख्लान् । राजाले आफ्नो औचित्य पुष्टि गर्ने प्रयत्न गर्लान् । माओवादीले राजा रहुञ्जेल देश उँभो लाग्दैन भन्लान् । सात दलले हामीले संवैधानिक बनाउन खोज्या, तिमी संवैधानिक भएनौ, संवैधानिक हुन मञ्जुर गर तिम्रो स्थान सुरक्षित । अथवा सबैले आफ्ना कुरा राख्नेछन् । तिनै कुराहरूको मन्थनबाट एउटा सहमतिमा पुग्न सकिन्छ, पुग्नैपर्छ ।

संवैधानिक सिद्धान्तहरू तय पार्न सकिन्छ भन्लान् । त्यो संवैधानिक सिद्धान्तअनुसार हुन्छ भन्ने कुराको ग्यारेन्टी पक्षले खोज्लान् । म राजाले मलाई फालिने छैन भन्ने ग्यारेन्टी खोज्लान्, माओवादीले राजाको निरंकशता बढ्ला र फेरि संघर्षमै फर्किनु पर्ला भनेर ग्यारेन्टी खोज्लान् वा दलहरूले आफ्नो भूमिकाको प्रत्याभूति खोज्लान् । त्यसका लागि ग्यारेन्टर फेरि पनि चाहिन्छ । नागरिक समाजले तीन शक्तिलाई एक ठाउँमा ल्याउने कार्यमा भूमिका निर्वाह गर्न सक्छ अनि ग्यारेन्टरको भूमिका अन्तर्राष्ट्रिय शक्तिले खेल्नुपर्छ । यो चर्चा गरिरहँदा पनि समावेशीकरणका कुरा भुल्नु हुँदैन । आज माओवादीले हतियारसहितको विद्रोह गरे, भोलि अर्को जाति, जनजाति वा तराईवासी वा कुनै वर्गले हतियार नउठाउन त्यसको प्रत्याभूति हुनुपर्छ ।

समय बचाउन मुलुकलाई गति दिन संविधानसभा र संसद्का लागि एउटै निर्वाचन पनि गर्न सकिन्छ वा एउटै संसद्ले दुवै भूमिका निर्वाह गर्न सक्ने व्यवस्था गर्न सकिन्छ। संवैधानिक सिद्धान्त तय गर्दासम्म सहमतिबाट गर्ने र जनप्रतिनिधि चुन्दाचाहिँ प्रतिस्पर्धाबाट चुन्ने प्रयत्न यसमा गरिन्छ। जो जनप्रतिनिधि आए पनि त्यही निर्धातिर संवैधानिक सिद्धान्तमा काम गर्नुपर्नेछ। संसदीय र संवैधानिक दुवै सवालमा त्यो सभाले राष्ट्रिय अन्तर्राष्ट्रिय विशेषज्ञको सहयोग लिन पर्नेछ। तर, सम्पूर्ण जिम्मेवारी भने जनप्रतिनिधिकै हातमा हुनुपर्नेछ । यो दक्षिण अफ्रिकामा लागू भइसकेको मोडल हो। यसमा बीचमा कुनै बाधा अड्चन आयो भने संवैधानिक अदालतबाट टुंगो लगाउने व्यवस्था गर्न सकिन्छ।

**टिप्पणीकर्ताः प्रा.कृष्ण खनाल**

यो विषयलाई आदरणीय दमनदाइले व्यापक रूपमा प्रस्तुत गरिसक्नुभयो। म यस विषयमै केन्द्रित भएर आफूलाई लागेका कुराहरू यहाँहरूसमक्ष राख्ने प्रयत्न गर्छु।

पहिलो कुरा-कुनै पनि विषयलाई हामीले बुझ्ने कसरी ? के-के विषय छन् ? बुझाइमा भिन्नता हुन सक्छ। भिन्नता स्वीकार्य पनि छ। केही विषय छन्- जसमा बुझाइ भिन्न हुनुहुँदैन। सायद हामीले २०४६ सालमा केही आधारभूत कुराहरूलाई भिन्न-भिन्न तरिकाले बुझ्यौं, हुनसक्छ त्यसैको परिणाम आज यो ठाउँमा आइपुग्यौं।

लोकतन्त्रका बारे दमनदाइले असाध्यै राम्रो भन्नुभयो- 'समावेशी प्रजातन्त्र, प्रजातन्त्रभित्र प्रजातन्त्रको खोजी हो।' वास्तवमा समावेशी लोकतन्त्र भनेको लोकतन्त्रभित्रकै कुरा हो। त्यसैले भित्रको कुराको बुझाइमा केही विविधता हुन सक्छ तर त्यो विषयलाई बुझ्ने त्यस खालको स्वरूप दिने लोकतन्त्रको बारेमा भिन्न बुझाइ हुनुहुँदैन। जोसुकैले भनोस् चाहे नेपालमा माओवादी हुन्, अरू साम्यवादी पार्टी हुन्, चाहे नेपाली कांग्रेस होस् वा हामी व्यक्ति वा नागरिक हौं- हामी सबैको बुझाइ एकै रूपको भयो भने मात्र यो देशमा लोकतन्त्र अगाडि बढ्छ। लोकतन्त्रभित्रका सवालहरू खोज्ने क्रममा हाम्रा बुझाइ तथा दृष्टिकोणहरू विविध हुन्छन् लोकतन्त्रको विशेषता नै यही हो।

मेरो विचारमा दुई तीनवटा विषय राखेमा यस विषयलाई स्पष्ट गराउन सघाउ पुग्नेछ। र, म यसैकाबारे टिप्पणी गर्न चाहन्छु।

१. पहिलो कुरा २०४७ सालको संविधानले नै यसलाई रक्षा गर्न सकेन। संविधानमा क्रियाशील शक्तिले पनि रक्षा गर्न सकेनन्। चुनावै हुन नसक्ने बेलामा चुनाव घोषणा गर्ने सरकार, यो संविधानले ६ महिनाभन्दा पर प्रतिनिधिसभाविहीन अवस्था कल्पना गरेको छैन। सकिन्थ्यो भने ६ दिनमा चुनाव गर्नुपर्थ्यो। संविधानको आशय त के भने ६ दिनमा, ६ मिनेटमा वा ६ घण्टामा चुनाव गरे पनि हुन्छ तर कुनै पनि हालतमा छ महिनाभन्दा पर सार्न पाउँदैनौं है भनेको त हाम्रा पार्टीहरू सरकारहरू ६ महिनाभन्दा पर गए।

अर्थात् यो संविधानलाई जोगाउने तागत हामीले निर्माण गरेका रहेनछौं। यो संविधानभित्र हाम्रो राजनीतिक बुझाइ पनि त्यो अर्थको रहेनछ। पार्टी मिल्यो भने त



६ महिना होइन, ६ वर्षसम्म यो संविधानविहीन, प्रतिनिधिसभाविहीन अवस्थामा लैजान सकिन्छ भन्ने पो बुझाइ रहेछ। त्यसैले बुझाइको विविधता हुन्छ। अतः आफ्नो निरन्तरतालाई प्रत्याभूति नगर्ने संविधान कहीँ बाँकी हुन्छ र ? २०४७ सालमा हामीले राजालाई संविधानभित्र ल्यायौं भनेको त राजाले संविधानलाई आफूभित्र पो लगेछन् त ! त्यसकारण राजाले आफूभित्र लैजानसक्ने संविधानको कुरा गरेर अब कुनै अर्थ छैन। त्यो इतिहासको कुरा भइसक्यो। इतिहासमा त्यसको विश्लेषण हुन्छ। त्यसको निर्माणमा के कस्तो योगदान भो त्यही आधारमा त्यसको मूल्यांकन हुन्छ। त्यसलाई अगाडि सार्ने कुनै ठाउँ नै छैन। अगाडि सार्नु भनेको राजाभित्र अन्तर्निहित राजनीतिक प्रक्रिया र कथित लोकतन्त्रलाई स्थापित गर्ने कुरा मात्र हुन्छ। त्यसैलाई निरन्तरता दिनेमात्र कुरा हुन्छ।

समावेशी लोकतन्त्रको कुरा गर्न पहिला प्रजातन्त्र चाहिन्छ। लोकतन्त्र नभएको बेलामा हामी समावेशी लोकतन्त्रबारे कति सार्थक बहस गर्न सक्छौं ? पहिला त लोकतन्त्र चाहियो। पहिला त भाँडो चाहियो। भाँडै छैन, त्यसमा राख्ने कुराहरूको मात्र बढ्ता चर्चा गरेर के गर्ने ? पहिला भाँडो बनाऊँ। लोकतन्त्र भनेको भाँडो हो। समावेशीकरण भनेको त्योभित्रका तत्व हुन्। त्यसकारण पहिले भाँडोलाई नै ठाउँमा ल्याउनुपर्‍यो। त्यो भाँडो आन्दोलनले मात्रै स्थापित गर्न सम्भव छ। आन्दोलनपछि बन्ने संविधानमा त्यसका 'कन्टेन्ट' आउँछन्।

लोकतन्त्रका कुरा गर्दा राजासहित कि रहित भन्ने प्रसंग अहिले चर्चामा छ। समावेशी लोकतन्त्रको यो सबाल होइन, लोकतन्त्रको सबाल हो। राजासहितको लोकतन्त्र कि राजारहितको। खोपाको गणेश बनाउँदा त्यो लामो सुँडभित्र लुकेको निरंकुशता फेरि आउँदैन भन्न सकिँदैन। हामीले २००७ सालमा खोपामा राखेको गणेश कसरी पटक-पटक सुँड फैलाउँदै आयो ? त्यसकारण यदि हामी लोकतन्त्रप्रति साँच्चिकै प्रतिबद्ध हौं भने अब राजतन्त्रको आवश्यकता र औचित्य सिद्धियो किनभने राजालाई यो देशले बारम्बार अवसर दियो। ५५ वर्षमा एउटा राजालाई होइन, चारवटा राजालाई पटक-पटक अवसर दियौं कुनचाहिँ राजा लोकतन्त्रप्रति इमान्दार भए ? तसर्थ इतिहासको कटु पाठलाई अब पनि नबुझ्ने र फेरि त्यही गल्ती दोहोर्‍याउने हो भने लोकतन्त्रको कल्पना गर्नुपर्दैन।

कि त लोकतन्त्रलाई कथित वा राजाको चाहनाबमोजिमको अर्थात् त्यसलाई निर्देशित प्रजातन्त्र (guided democracy) पनि भन्ने गरिन्छ, त्यस्तो लोकतन्त्र स्वीकार्य छ भन्नुपर्‍यो। नत्र राजाले जनतालाई दिने त्यत्ति नै हो। त्योभन्दा बढ्ता आउन सक्दैन। त्यसैले आजको लोकतन्त्रको सवाल भनेको राजासहितको लोकतन्त्रले अब नेपालमा फेरि हामीलाई सार्थक निकास दिँदैन भन्ने हो। इतिहासको त्यो गलत पक्षलाई फेरि दोहोर्‍याउने मात्रै हुन्छ जस्तो लाग्छ।

राजतन्त्र कहीँ पनि लोकतन्त्रको आवश्यक तत्व (essential part) होइन। लोकतन्त्रको अनिवार्य सर्त राजा हुँदै होइन। आफ्नो निरन्तरताका लागि लोकतन्त्रसँग सम्झौता गर्न आउने हो- राजाले। त्यस्ता राजसंस्थामात्रै संसारमा टिकेका छन्। जुन राजाले लोकतन्त्रसँग सम्झौता गर्दैनन्, ती राजा संसारमा टिकेका

छैनन् । लामो अभ्यासलाई हेर्दा राजसंस्था रहुन्जेलसम्म निरंकुशताको जरो नेपालमा नचुडिने निश्चित भयो । त्यसैले लोकतन्त्रवादीहरूले विचार गर्ने कुरा हो यो ।

यसमा आफ्नै दृष्टिकोणभन्दा माथि उठेर समान बुझाई हुनुपर्छ । जबसम्म लोकतन्त्र र राजाका बारेमा हामी सबै नेपालीको समान बुझाइ हुन सक्दैन, तबसम्म लोकतन्त्रको अवधारणा नै राम्रोसँग आउन सक्दैन ।

अर्को कुरा, विश्वमा लामो समयदेखि समावेशी प्रजातन्त्र वा लोकतन्त्रका बारेमा अभ्यास, प्रयत्नहरू भए, हेर्ने दृष्टिकोणहरू बदलिए । दुई अढाई सय वर्षदेखि हामीले के ठान्यौं भने एउटा 'लिगल बेस्ड इक्वालिटी' को आधारमा समाजमा न्याय दिन सकिन्छ भन्ने मान्यता बनायौं । कानुनका अगाडि सबै समान हुन्छन् । बेलायतको योगदान पनि 'इक्वालिटी विफोर ल' हो जस्तो लाग्छ मेरो बुझाईमा ।

सानो पहिचान (smaller identity) ठूलो पहिचानमा बदलिन्छ भन्ने मान्यताले विश्वलाई हेर्ने दृष्टिकोण धेरै राम्ररी अगाडि बढ्यो । समाज विकास वा राज्यका कुरा यसै आधारमा हेरियो । पुँजीवाद वा साम्यवादी दृष्टिकोण दुवैले त्यसै दृष्टिकोणबाट हेर्दै गए र बारम्बार विभिन्न पहिचान, आदर र ठाउँ दिने कुरामा लेनिनको उदाहरण दिइने गरिन्छ । तर भइदियो के भने कम्युनिस्ट पार्टीमा प्रजातान्त्रिक केन्द्रीयतावाद (democratic centralism) 'प्रिभेल' गरुन्जेल त्यो चल्दो रहेछ । जुन दिन त्यो 'सेन्ट्रालिजम'को नियन्त्रण कमजोर हुन्छ त्यस दिन टिक्दो रहेनछ भन्ने कुरा पूर्वसोभियत संघले देखाएको छ । त्यहाँको स्वायत्तताको सवालमा गणराज्यहरूलाई छुट्टिनेसम्म अधिकार दिइएको थियो तर जुन दिनसम्म कम्युनिस्ट पार्टी बलियो रह्यो त्यो दिनसम्म तिनीहरू छुट्टिएनन् । कम्युनिस्ट पार्टी कमजोर भएको दिन तासको घर झैं १४/१५ वटा 'रिपब्लिक'मा टुक्रिए र अझै पनि छुट्टिन खोज्दै छन् ।

त्यसैगरी उदारवादी प्रजातन्त्रभित्र पनि वृहत वैधानिक समानता (broarder legal equality) को आधारमा समावेश गर्न सकिन्छ कि भन्ने होइन रहेछ । गत २०/३० वर्षसम्मको राज्य व्यवस्थासम्बन्धी अध्ययन गर्दा विकासलाई हेर्ने मापदण्डमा नै परिवर्तन भएको छ । व्यक्ति वा समूहको पहिचानलाई स्वीकार नगर्ने हो भने त्यो टिक्दो रहेनछ भन्ने कुरा देखिएको छ । यो विकासोन्मुख देशको मात्र कुरा नभएर विकसित देशहरूमा पनि पहिचानको प्रश्न अत्यन्त गम्भीर रूपमा आइरहेको छ । क्यानडाको कुरा हेर्न सकिन्छ । र, अन्य धेरै देशहरूमा यो अवस्था आएको छ ।

हिजो हामीले समावेशीकरणलाई सामाजिक न्यायको कुराले मात्र हेऱ्यौं, तर त्यसले मात्र पुग्ने रहेनछ, त्यसैले समावेशीकरणका कुरा पनि लोकतन्त्रमा मात्रै सम्भव छ अन्य पद्धतिमा सम्भव छैन । जसरी राजाले अहिलेको ३२/३३ जनाको मन्त्रिपरिषद्मा तीन/चार जना दलित राखिदिएका छन्, त्यो राजाको निगाहा हो । उनीहरू कुन बैधानिक प्रक्रियाबाट त्यहाँ पुगेका छन् ? तर दुःखको कुरा हिजो हामीले एउटा दलितलाई पनि त्यहाँ पुऱ्याउने प्रजातान्त्रिक प्रक्रिया निर्माण गर्न सकेनौं । प्रजातन्त्र बिना समावेशीको कुरा गर्न सकिँदैन । यस अर्थमा तीन चारवटा विषय सबैभन्दा बढी आउने गर्छन् ।



१. पहिलो पहिचानको मुद्दा हो । त्यो 'मल्टि एथ्निक अट्याच्मेन्ट कन्टेक्स्ट' मा पहिचानलाई कसरी 'रिकग्नाइज' गर्ने ? २०४७ सालको संविधानले नेपाल बहुजातीय, बहुभाषिक देश हो भन्ने स्वीकार गऱ्यो । तर त्यसले अभिव्यक्ति पाउने ठाउँ कहाँ/कहाँ दियो त ? त्यसको कुनै संरचना र प्रक्रिया थियो कि थिएन ? अहँ थिएन । अतः जनताको 'स्टेटमेन्ट' बनाएर हुँदो रहेनछ ।

२०४७ सालको संविधानले ठाउँ दिएका थिए, तर त्यसलाई हामीले पूर्णविराम लगाएर राख्यौं । घोषणा भएको दिनबाट त्यसलाई हामीले पनि नबढ्ने गरी पूर्णविराम लगाएर राख्यौं । संसारमा नयाँ संविधानहरू बनेको दुई वर्षभित्रै धेरै संशोधन भएका छन् । अमेरिकाको संविधानलाई उदाहरण मान्न सकिन्छ । अमेरिकाको संविधान सबैभन्दा बढी सभ्य संविधान भनिन्छ, त्यो पनि बनेको दुई वर्ष जतिमा संशोधन भयो । दक्षिण अफ्रिकाको संविधान पनि धेरै पटक संशोधन भइसक्यो किनभने संविधान बनाउँदा, अभ्यासमा जाँदा के-के कुरामा समस्या आउँछन्, दृष्टि पुऱ्याउन सकिन्छ नै भन्ने जरुरी छैन । अभ्यासमा गइसकेपछि जब त्रुटि भयो भने मान्छेको बुद्धिको परीक्षा त्यहिनेर हुन्छ । र, त कमजोर वा ध्यान दिन सकेका रहेनछौं भन्ने थाहा हुन्छ । हामीले संविधान बनाउँदा संशोधनको खाँचो महसुस गर्न सकेनौं । त्यसको पहिचानको सबाल नै समावेशी प्रजातन्त्रको सबाल हो ।

२. अर्को एजेण्डा हो- संविधानसभाको कुरा गर्दा दुई/तीनवटा विषय आइराखेका छन् । कसैले क्षेत्रीय स्वायत्तता भन्छन् । कसैले संघीय भन्छन् । कसैले अन्य केही भन्छन् । जसले जे भने पनि आत्मनिर्णयको अधिकार आवश्यक हुन्छ । माओवादीले पनि आत्मनिर्णयको अधिकारको कुरा गरेका छन् । उनीहरूले न सरकारको अभ्यास गरे । त्यो जनसरकारको आत्मनिर्णयको अधिकार ? कस्तो खालको आत्मनिर्णयको अधिकार प्रयोग गरे त ? थाहा छैन मलाई । प्रजातन्त्र पुँजीवादभन्दा अगाडि कहीँ बढ्यो कि बढेन ? तसर्थ आत्मनिर्णयको अधिकारका कुराहरू त्यत्ति कै हावामा भनिदिएर हुँदैन । भावनालाई भजाएर मात्र पुग्दैन मेरो विचारमा आत्मनिर्णयको अधिकार प्रयोग गर्ने दुईवटा अवस्थामा छन् । यदि कोही देशबाट बेखबर हुन्छन् वा देशबाट छुट्टिन चाहन्छन् भने त्यो बेग्लै कुरा हो ।

मलाई लाग्छ यतिखेर नेपालको कुनै पनि जनजातिले नेपालमा राज्यबाट अलग्गिने माग राखेका छैनन् । त्यहीभित्रको कुरा गरेका छन् । तसर्थ त्यो स्वायत्तता (autonomy) वा आत्मनिर्णयको अधिकार (right to self determination) संविधानसभाको माध्यमबाट प्रयोग गर्न सक्दछौं । संविधानमा सबै नेपालीको सार्वभौम आत्मनिर्णयको अधिकार प्रयोग गर्न सक्छौं जस्तो लाग्छ तर यो 'युटोपिया' (आदर्श) मात्रै हुन्छ । त्योभन्दा बढी जान सकिन्छ जस्तो लाग्दैन । यो म भन्दिन के मा जानुपर्छ वा पर्दैन तर मेरो विचारमा 'फेडेरालिजम्' (संघवाद) सबैभन्दा राम्रो उपाय हो । क्षेत्रीय स्वयत्तता वा स्वायत्त अवधारणाको संरचनामात्रै राम्रोसँग चीनमा आत्मसात भएको देखिन्छ । बहुदलीय राजनीतिमा प्रवेश गर्दाखेरी त्यो ठाउँमा संघीय राज्य नै सफल छ । त्यसकारण स्वायत्तताका लागि 'फेडेरालिजम्' नै सबैभन्दा राम्रो हुन सक्छ जस्तो लाग्छ ।

३. अर्को प्रतिनिधित्वको विषय हो। प्रतिनिधित्व गर्ने कसरी ? यसमा पनि थुप्रै बाटाहरू छन्। हुनतः यसका बारेमा हाम्रा विविध मतहरू हुन सक्छन्। 'प्रोपर्सनल रिप्रिजेन्टेसन' विना पनि चलाउन सकिन्छ कि भन्ने कुरामा अब समस्या छैन। हामीले नेताहरूको निगाहा, उनीहरूको विवेक के भनौं- नेपालको राजनीतिक दलका नेताहरूको विवेकले दलितलाई चुनाव जिताएर प्रतिनिधिसभामा पुऱ्याउन सक्दैनन्। अनि कस्तो विवेक हो त त्यो ? विवेक हैन, संरचनामा बाँध्नै पर्छ। तसर्थ 'प्रोपर्सनल रिप्रिजेन्टेशन' विना प्रतिनितिधित्व राम्रोसँग हुन्छ जस्तो लाग्दैन।

४. अन्तमा न्याय। कहिलेकहीँ न्यायलाई विषयगत रूपमा लिने गरिन्छ। मान्छेलाई ठाउँ दिएपछि न्याय भइहाल्छ कि ? अहिले राजाले तीन/चारजना दलितलाई मन्त्री बनाइदिएका छन्। न्याय गरेका हुन त ? सामाजिक न्यायका कतिपय कुरा छन्, त्यसलाई पनि हामीले संरचनागत कोणबाट हेर्नुपर्छ। यी सबै कुरा गर्न अहिले उपलब्ध संरचना पर्याप्त छ कि छैन ? अहिले त राजाको हुकुमभन्दा राम्रो संरचना नै छैन। हुकुमले चल्ने भए त संसारमा सबै राजै राजा हुन्थे। गणतन्त्र खोज्न त दियो बालेर जानुपर्थ्यो होला, तर राजाको विवेकमा पनि त्यो आउँदो रहेनछ, भने पछि हामीले नयाँ संरचना बनाउनै पर्छ। नयाँ किसिमको लोकतन्त्र निर्माण गर्नैपर्छ। यसले गर्दा राज्यको पुनर्संरचनाको खाँचो छ। किनकी हामीसँग दुईवटा संरचना हुँदा रहेछन्। एउटा 'फर्मल स्ट्रक्चर' अर्को 'इन्विल्ट स्ट्रक्चर' हुँदो रहेछ। यी दुई सक्षम भएनन् भने त्यहाँ घोषित नीतिहरू कार्यान्वयन गर्न सकिँदैन। न्याय सम्पादन गर्न सकिँदैन। हामीले खोजेको परिवर्तन सम्भव छैन।

२०४७ सालको संविधान पनि बनाइयो। अर्को 'इन्विल्ट स्ट्रक्चर' कायम रहेको अवस्थामा त्यहाँ घोषित नीतिहरू कार्यान्वय गर्न सकिँदैन। हामीले खोजेको परिवर्तन सम्भव छैन। २०४७ सालको संविधान किन बाहुआयामिक हुन सकेन भने यो 'फर्मल स्ट्रक्चर' र नेपाली राज्यको 'इन्विल्ट स्ट्रक्चर' मा 'इनकम्प्याटिवल' भयो। 'इन्विल्ट स्ट्रक्चर' एउटा 'एबसोलुट मोनार्की' सधैंभरि हुकुमी शासन गर्ने राजा, अर्कोतिरको 'फर्मल स्ट्रक्चर' 'रिप्रिजेन्टेटिभ पपुलर सोभरेन्टी' यी दुई वटा प्रतिस्पर्धी हुन सकेनन्। त्यसैले 'रीस्ट्रक्चरिङ' (पुनर्संरचना) त्यतिखेर नखोजे हुन्छ जति खेर दिएको वा 'फर्मल स्ट्रक्चर' ले 'इन्विल्ट स्ट्रक्चर' लाई परिवर्तन गरेर अपेक्षित परिणाममा लैजान सक्दैन। त्यसबेला 'रीस्ट्रक्चरिङ' खाँचो पर्छ।

लोकन्त्रको आन्दोलननै 'रीस्ट्रक्चरिङ' को लागि हो। यही सबैका सामु छ। अहिले भएको आन्दोलनले केबल पुरानो 'फर्मल स्ट्रक्चर' लाई 'रिभाइभ' र त्यसैभित्र केही 'रिफर्म' मात्रै हुन्छ भनेदेखि फेरि यो पुनर्संरचनाको कुरा नगरे हुन्छ। राजनीतिक पार्टीहरूले कि त हामी 'सिम्पल स्ट्रक्चर'मा मात्रै छौं भने पुग्छ होइन भनेदेखि 'एवसोलुट स्ट्रक्चर' र 'फर्मल स्ट्रक्चर' मा आएको अवधारणालाई संबोधन गर्न नसक्ने हो भने यो 'मुभमेन्ट' ले पनि हामीलाई कहीँ पुऱ्याउँदैन। अन्त्यमा यो अवसर दिएकोमा फ्रिडम फोरमलाई धन्यवाद दिन चाहन्छु।



## अवधारणापत्रमाथि छलफल तथा प्रश्नोत्तर

**लालबाबु यादव**

प्रजातन्त्रमा समोवशी ल्याइओस् या प्रतिनिधिमूलक ल्याइओस् वा संविधान संशोधन गरियोस्, राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ। नीति निर्णय गर्ने पनि दलहरू हुन्। अहिले पनि राजनीतिक दलहरूले संवैधानिक शक्तिहरूको समावेशी प्रजातन्त्रको कुरा गरिराखेका छन्। पार्टीको केन्द्रीय समितिमा भएको विभाजनलाई हेर्दा- नेकपा माओवादीले ३७ जनाको केन्द्रीय समितिमा २.७ प्रतिशत जनजातिको, १३ प्रतिशत मधेसीको २ दशमलव ६ मात्र छ। यो कस्तो प्रकारको समावेशी हो ? कस्तो प्रकारको 'इस्यू' ल्याउनुभएको छ। महिलाको दुई जना ५ प्रतिशत छ। ५० प्रतिशत महिलालाई एक ठाउँमा राख्छौं र बाँकी ५० प्रतिशत पुरुषमा दलित जनजाति आदिमा वर्गीकरण गर्छौं। तर ५० प्रतिशत महिलालाई वर्गीकरण गरेका छैनौं। त्यो उचित हो कि होइन ? समावेशीअन्तर्गत आउँछ कि आउँदैन ?

राजालाई कसरी संवैधानिक पार्ने ? 'कन्स्टिट्युसनल पार्लियामेन्ट्री सिस्टम' मा खास फरक छ जस्तो मलाई लागेन। कुरा रह्यो सेनालाई कहाँ राख्ने ? जसका आडमा संवैधानिक प्रक्रिया मिचिएका छन् ? प्रधानसेनापति नियुक्ति गर्ने अधिकार सुरक्षापरिषद्मा छ तर निष्कासन गर्ने अधिकार कहाँ छ खोइ ? यसको व्यवस्था नभएर पनि यस्तो भएको हो कि ?

संविधानसभाको कुरा गर्दा दक्षिण अफ्रिकामा प्रजातन्त्रका मान्यताहरू राखेर उनीहरू जनतामा गए। 'कन्डिसनल' भएर वा सीधा संविधानसभामा होस्। सेनाका प्रमुखलाई के गर्ने ? सत्ता र स्रोतमा समानुपातिक वितरण कसरी गर्ने हो ? अल्पसंख्यकहरूलाई संवैधानिक सुरक्षा के गर्ने ? अहिले पनि नेपालमा ४० लाख नागरिकले नागरिकता पाएका छैनन्। सबैले भन्छन्, जनताका लागि गरेका छौं। राजाको लागि कहाँ अधिकार दिएको छ ? संविधानसभामा कसरी जाने ? घोषणा गर्ने कसले ? घोषणा कसरी 'लेजिटीमेट' हुन्छ ? भोलि कसैले संविधान मान्दिन भन्यो भने के गर्ने ? कुनै गान्धी वा जर्ज वासिंटगजस्तो नेतृत्वले बाँध्न सक्ने व्यक्तित्व छन् ? यहाँहरूले प्रष्ट पारिदिनुभयो भने राम्रो हुन्छ।

**भीमार्जुन आचार्य**

राज्य व्यवस्थाको पुनर्संरचना गर्दा आत्मनिर्णयको अधिकारको कुरा आयो। 'फेडरालिजम' भयो भने आत्मनिर्णयको अधिकार कसरी हुन सक्छ ? नयाँ संविधानसभार राज्यको पुनर्संरचना पूरा गऱ्यौं भने सायद त्यो बेलाको राज्य 'ट्राइबल स्टेट' हुने त होइन होला ? 'नेसन स्टेट' वा त्योभन्दा पर 'मल्टिनेसनल स्टेट'को अवधारणामा जान्छौं होला। त्यहाँ पनि पुग्ने हो भने 'मिलिटरी'ले किन नसक्ने हो। 'फेडरालिजम' नै किन चाहियो ? दोस्रो कुरा संधिवानलगायत, यो 'स्टेट फेल' हुनुमा संविधानले एउटा 'फर्मल स्ट्रक्चर' तय गऱ्यो तर त्यो 'फर्मल स्ट्रक्चर' 'इन्विल्ट स्ट्रक्चर'सँग 'कम्प्याटिवल' भएन भन्ने जुन कुरा राख्नुभयो, भोलि पुनर्संरचना गऱ्यौं भने पनि त्यो बेला 'फर्मल पार्ट' नै हुनेछ। अनि म नयाँ संविधान, संविधानसभा र पुनर्संरचनाकै वकालत गर्ने मान्छे हुँ।

त्यति हुँदाहुँदै पनि मेरो प्रश्न त्यति बेला पुनर्संरचना गर्दा हामीले फेरि संविधानमै गरिनेछ भनेको फेरि पनि औपचारिक प्रक्रिया नै हुनेछ। अनि त्यो बेलामा 'इन्विल्ट स्ट्रक्चर' सँग 'कम्प्याटिव' हुन्छ भन्ने के ग्यारेन्टी हुन्छ। दमन दाइलाई एउटा प्रश्न-संविधान 'र्‍याडिकल्ली ड्यामेज' भएकाले नयाँ संविधान आवश्यकता परेको हो भन्ने कुरा राख्नुभयो, के यसै कारणले हामीले नयाँ संविधान खोजेको हो त ?

**आनन्दसन्तोषी राई**

समावेशी लोकतन्त्र भन्ने दुईवटा शब्द सुनौलो रंगको सुन भने जस्तो पो हो कि जस्तो लाग्यो ? लोकतन्त्रले नै समावेशीको पनि प्रतिनिधित्व गर्छ जस्तो लाग्छ। हामी बुद्धिविलासको यो खेती गरेर कतातिर जान खोजेका छौं, म प्रष्ट भइनँ। प्रजातन्त्रका नाममा धेरै मानिसले बलिदान गरे। प्रजातन्त्रको लामो इतिहास छ। अब हामी लोकतन्त्रको कुरा गर्छौं। प्रजातन्त्र र लोकतन्त्रकाबीचको तात्विक फरक चाहीं के त ? स्पष्ट रूपमा आउनुपर्‍यो। भाषाको दलदलमा हामी कति दिन खेल्ने हो ? 'फेडरल स्टेट' र नेपालमा राज्यको पुनर्संरचनाको कुरा आएको छ। राजाले पनि नेपालीहरू के-केभन्दा रहेछन्, नेपालीको बुद्धि कति लामोछोटो रहेछ भनेर बुझिरहेका होलान् ?

माओवादीले हतियार उठाएका छन्। राज्यको रक्षा गर्न र परिवर्तन गर्न हतियार चाहिन्छ भन्ने कुरा राजनीति विज्ञानको विधि सम्मत हुँदैन। मान्छेको बुद्धिलाई होइन, बुद्धिले बन्दुक चलाउनुपर्छ भन्ने हो। नेपालीको राजनीतिक क्षेत्रमा बहस भइरहेको छ, संविधानसभाको प्रयोग फरक-फरक तरिकाले जस्तो नर्वे, स्वीडेनजस्तो देशमा पनि भएको छ। त्यहाँ राजतन्त्रबारेमा कुरा गर्दा राजाले शासन गरेको छ भन्न अलि मिल्दैन। राजतन्त्र थियो तर जनताले आफैं शासन गरे। जनताले राजालाई कुन स्थानमा राखेका छन्, त्यो कुरा पनि आउनुपर्‍यो। दक्षिण अफ्रिकाको नमुना प्रयोग भयो, त्यसबाट म प्रभावित भएँ। त्यहाँ त राजा थिएनन्। यहाँ राजा छन्। यहाँ राजा त्यति कमजोर छन् भनेर वा बलिया छन् भनेर म मानि हाल्ने पक्षमा छैन।

**गगन थापा**

प्रजातन्त्रमा स्वतः समावेशी हुन्छ भनेर छोड्दाको दुष्परिणामले आजको स्थिति निम्तिएको हो। समावेशी लोकतन्त्रका आयामहरू के-के हुन सक्छन्, त्यो बहसको विषय बनाइनुपर्छ। सांकेतिक प्रतिनिधित्व नै समावेशीपनको मूल आधार हुँदैन। राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्म त्यही आयो र हामीले पनि त्यही बुझ्यौं। राजनीतिक पार्टीमा वा अन्य कार्यक्रममा सांकेतिक प्रतिनिधित्वलाई नै समावेशीको पहिलो खुट्किलो हो भन्ने मान्यौं भने त्यो सबैभन्दा घातक हुन्छ।

वर्तमानमा असमावेशी शासन पद्धति रहेको छ। जनताका साझा आकांक्षा हुन्छन्। जनता भनेका जनता हुन्। यिनीहरूको आकांक्षा एउटै हुन्छ, त्यसकारण आकांक्षाको परिपूर्ति पनि एउटै ढंगले गर्न सकिन्छ भन्ने बुझाई समावेशी लोकतन्त्रको लागि सबैभन्दा ठूलो बाधक हो।



प्रिन्सिपल अफ कन्स्टिच्युटको पूर्वसर्त यदि राजा र पार्टी अलग शक्ति हुन र, जनताको हित अभिव्यक्त गर्ने संस्था पार्टी हुन् भन्ने बुझ्ने र दुईवटा शक्तिहरूबीच प्रतिस्पर्धा, द्वन्द्व हो भन्ने बुझ्ने हो भने राजासँग संविधानसभामा जानु अगाडि प्रिन्सिपल अफ कन्स्टिच्युटको पूर्वसर्तमा जान सक्छौं। तर एउटा समूहको हितको अभिव्यक्ति राजाबाट हुन्छ भन्ने बुझ्ने हो भने त्यतिखेर गोलमेचबाट सहमतिमा पुग्न सकिँदैन। यदि पुनर्संरचनामा लोकतन्त्रलाई समावेशी बनाउने र त्यसरी बनेको गोलमेचबाट गएको वा निष्कर्षमा पुगेको संविधानसभाले केवल प्रबुद्ध वर्गमा शक्तिको बाँडफाँड गर्छ। राजालाई संविधानभित्र बस भन्छ तर संरचना उही रहन्छ। साथै समूहका हितको अभिव्यक्ति राजाबाटै हुन्छ र हितको मात्रा केही बढ्न सक्छ तर रेडिकल हस्तान्तरण सम्भव हुँदैन। अतः संविधानसभा राजा नरहेको पद्धतिको मात्र कुरा होइन, संरचना पुनर्निर्माणको कुरा संविधानसभासँग गाँसिएको छ, त्यसले मात्र पुनर्संरचनाको बाटो खुला गर्छ।

## अवधारणापत्रमाथि उठेका प्रश्नको जवाफ

**दमननाथ ढुंगाना**

प्रजातन्त्र र लोकतन्त्रको 'एसेन्स' मा फरक नपर्ला, तर समय समयको लडाइँ हुन्छ। कुनै बेला हामी प्रजातन्त्रको लागि लडेर आयौं। अहिले लोकतन्त्रको भनिन्छ। राजा भएको ठाउँमा प्रजातन्त्र हुन्छ र प्रजातन्त्र र राजसंस्था दुवैलाई जोड दियो। जबकी लोकतन्त्रले लोकमात्रै भन्दा राजतन्त्रको लागि ठाउँ रहँदैन। मलाई प्रजातन्त्र पनि सजिलो लाग्छ। आयोजकले लोकतन्त्र दिनुभयो, तर मैले धेरै ठाउँमा लोकतन्त्र प्रयोग गर्न सकिन मेरो मुखबाट प्रजातन्त्र नै आउँछ। मैले आफूलाई अब अनुदार नभनेर के भनौं ? लोकतन्त्र मेरो बानी नै परेको छैन किनकी मलाई प्रजातन्त्रकै बानी छ। अनि अर्को समावेशीको कुरा आयो । म एउटा उदाहरण दिन चाहन्छु- मास्टरले राम्रो पढाउनुपर्छ, मेहनत गर्नुपर्छ भन्नुपर्ने कुरा होइन नि। त्यस्तै, प्रजातन्त्र भनेपछि सबैलाई समावेश गरिहाल्छ, समावेशी स्वतः हुन्छ। तर के छ भने मास्टरले राम्रो पढायो कि पढाएन, उसको निर्धारित कार्य के हो ? कति पढाउनुपर्छ ? कसरी पढाउनुपर्छ ? नयाँ सूचनासँग 'अपडेट' छ कि छैन ? विद्यार्थीलाई खाली घोकाउने काममात्र गरिरहेको छ कि ? एउटा समर्थ नागरिक बनाउने काम गरिरहेको छ ? शिक्षाको सबभन्दा ठूलो काम 'फेसिलेट डेभलपमेन्ट' हो। खाली पढाइ दिने मात्र होइन। दिमागलाई खुला गरिदिने हो। त्यस्तो गरेको छ कि छैन भनेर शिक्षकको जाँच हुन्छ, त्यसरी नै समावेश पनि भनिरहनु पर्ने होइन। शिक्षकले कस्तो पढायो भनेर छोडिदिने हो भने समावेशी चाहिँदैन, शिक्षकले कस्तो पढायो, कस्तो पढाउनुपर्छ, पढायो कि पढाएन भन्नको लागि समावेशी चाहियो। प्रजातन्त्र भनपछि समावेशी प्रजातन्त्र भइहाल्छ, उसले नै गर्ने पर्छ नत्र के प्रजातन्त्र ? महिला, जनजाति, दलित 'मार्जिनलाइजड' हुन्छन्, त्यसमा हरेकलाई ल्याउनै पर्छ, अनि न प्रजातन्त्रमा। तर गर्दो रहेनछ। हामीले देख्यौं- समय-समयमा हामीले गरेनौं।

२०४७ सालदेखि जति गर्नुपर्ने हो गरेनौं। तसर्थ कार्यक्रम निर्धारण गरिदिनु पऱ्यो। जस्तो आरक्षण भनेको के हो भन्नुपर्ने होइन नि। हरेक नागरिकलाई संरक्षण दिनुपर्छ राज्यले। दियो भने त आरक्षण नै चाहिँदैन। तर दिँदैन भने आरक्षण गर्नुपऱ्यो भने जस्तै यो समावेशी भनेको फोकस हो। नगरेको कुरालाई गराउनको लागि कार्यक्रममुखी बनाएको मात्रै हो। समावेशी वास्तवमा प्रजातन्त्रलाई विशेषण नै चाहिँदैन। पञ्चायतकालमा निर्दलीय के निर्दलीय ? प्रजातन्त्र भनेको प्रजातन्त्र। कहिलेकाहीं हामी निर्दलीय निर्वाचनलाई पनि स्वतन्त्र, निष्पक्ष भन्छौं किनकी निर्वाचन निर्वाचन नै हो। स्वतन्त्र भनिरहनु नै पर्दैन। समावेशी त प्रजातन्त्रको एउटा अभिन्न अंग कार्यक्रम हो। जब त्यो गरिँदैन तबमात्र भन्नु परेको हो, मैले बुझेसम्म भनेर भन्नुभयो।

यादवजीको तथ्यांकहरूप्रति मेरो धन्यवाद छ। तर अझै यो सामाजिक संरचना बदल्न गाह्रो छ। यिनै दुई तीन वर्गले अझै पनि १०/१५ वर्ष खान्छन्। तपाईहरू संघर्ष गर्नुहोस्। माओवादी राज आयो भने पनि यहाँ मगरको राज नभएर बाहुन कै राज हुनेछ। तपाईंहरूले संघर्ष गर्नैपर्छ किनभने समाजमा जुन वर्गको 'डोमिनेशन' हुन्छ त्यो धेरै दिनसम्म हुन्छ। त्यसबाट उम्कन लड्नै पर्छ। संघर्ष गर्नैपर्छ। त्यो सामाजिक संरचना अहिले बदलिनेवाला छैन।

भीमार्जुनजीले भन्नुभयो- 'ऱ्याडिकल्ली ड्यामेज्ड' भएको संविधान भनेर संविधानको कुरा गर्नुभयो। मलाई के लाग्छ भने एउटा मेरो भनाइ हो यो- संविधानले अब काम गर्दैन भन्न खोजेको हो। अब काम गर्न सक्छ भने त काम गराए भइहाल्यो नि ? मैलेचाहिँ बनाएर बन्ने देखिन। तर तपाईं पनि संविधानको पक्षमा हुनुहुन्छ। मैले यो बुँदालाई संविधानसभामा लान नै भनेको हो ? तपाईले बुझ्नु भएको छ।

आनन्द राईजीले समावेशी नै भन्नुभयो। समय-समयका 'टर्मिनोलोजी' बोक्छौं। हामी त्यसैलाई बोकर हिँड्छौं, समावेशी पनि त्यसै भएर आएको हो। तर एउटा भुल्न नहुने कुरा के छ भने त्यसले एउटा 'मुभमेन्ट' लाई जनाउँछ। अघि खनालजीले पनि ठीक भन्नुभयो। जस्तो प्रजातन्त्रबाट लोकतन्त्र आउँदा एउटा 'मुभमेन्ट' सँगसँगै 'कन्भे' गरिराखेको छ। किन प्रजातन्त्रलाई लोकतन्त्रमा लग्नुपऱ्यो भन्दा लोकतन्त्रले एउटा 'मुभमेन्ट' को संकेत दिन्छ। एउटा 'पपुलर फोर्स, 'पपुलर सेन्टिमेन्ट, 'पपुलर अर्ज्ड' को 'कन्भे' गरिराखेको हुन्छ। त्यसैले लोकतन्त्र मेरो बानी नभए पनि म पनि एक दिन लोकतन्त्रमै पुगुँला। तर अहिले मेरो प्रजातन्त्रको बानी छुटेको छैन। त्यसैगरी तपाईंलाई पनि समावेशीको बानी परेको रहेनछ, त्यसैगरी मलाई लोकतन्त्रको बानी परेको छैन। वीरेन्द्र थपलियाले अनुदार भन्नुभयो। अनुदार त म हुँदै हुँ। गणतन्त्रको बेलामा संविधानसभाभनिराखेको छु-राजा राख्ने। त्यसमा पनि खोपाका गणेश बनाएर राख्ने। म अनुदार हुँ, मैले छलफल चलाएको हुँ। तपाईंहरू कति जनाले खोपाको गणेश मान्छु भन्नुहुन्छ, यही छलफल हो यो। जसले खोपाको गणेश मानिहाल्छ मान्छ, जसले मान्दैन त्यो मभन्दा अगाडि गइहाल्छ, मलाई के नोक्सान छ त। आफू अनुदार भएर 'सेफ साइड' मा बसेको हुँ।

प्रतीक प्रधानले संविधानवादको सबभन्दा ठूलो प्रश्न राख्नुभयो। सर्वसत्तावाद (authoritarianism) लाई कसरी 'चेक' गर्ने ? संविधानमा हामी के पढ्छौं भने



संविधान भनेको 'सिल्क थ्रेड' जस्तै हो। भलाद्मीका लागि ताल्चा मार्न पर्दैन, तर चोरको लागि ताल्चा मारेको पनि होइन। चोरले त जहिले पनि ताल्चा तोड्छ। त्यसकारण सर्वसत्तावादको कसरी अन्त्य गर्ने, यो काँचो धागो हो। भलाद्मी छ भने त्यो धागो वा सानो नर्कट राखे पनि तोड्दैन, जो चोर डाँका हो, त्यसले फलामकै ताल्चा पनि तोड्छ। अब के गर्ने ? त्यसलाई कसरी 'ओभरकम' गर्ने ? मलाई लाग्छ- प्रजातन्त्र नै त्यसको 'सोलुसन' हो। 'चेक एण्ड ब्यालेन्स' गर्नुपर्छ। र जनतामा प्रजातन्त्रप्रति र अधिकारप्रतिको 'भेस्टेड इन्ट्रेस्ट' बढ्यो भने सक्दैन। जस्तो 'इमरजेन्सी' मा इन्दिरा गान्धीले के के गरिन, गरिन नि। तर 'इन्टेलिजेन्सिया' यसरी बढ्यो, प्रेस बढ्यो। नागरिक समाज बढ्यो, विद्यार्थी वर्ग बढ्यो। त्यो समाजमा प्रजातन्त्रको भोक जागेको रहेछ त्यसैले उनलाई निर्वाचनमा ल्यायो र आफैं पराजित हुने विन्दुसम्म स्वीकृत गरायो। त्यसकारण मलाई लाग्छ प्रजातन्त्रको अभ्यास सिवाय यसको कुनै निकास छैन। जनता अथोटेरियनमा बस्न जान्दछन् भने उनलाई केही पनि लाग्दैन। उनले त्यसरी विद्रोह गर्न सक्नुपर्छ। त्यसकारण 'चेक एण्ड ब्यालेन्स' मात्रै हो। जस्तो अहिले प्रेसले काम गरिराखेको छ। मलाई लाग्छ-सबै राजनीतिक पार्टीहरूलाई एक ठाउँमा राख्नु होस्। प्रेस र नागरिक समाज जतिको काम अहिले पार्टीहरूले गर्न सकेका छैनन्। प्रेस र नागरिक समाजको अभावमा यी पार्टीहरू कहाँ टीक्न सक्छन्। त्यसकारण के हो भने यही 'भेस्टेड इन्ट्रेस्ट' मात्रै हो, अर्को छँदै छैन। तपाईंको प्रेस पनि कहाँबाट चल्थ्यो, यदि पाठक नभएको भए। 'एप्रीसीएसन' र 'सपोर्ट' नहुने भएको भए के हुन्थ्यो ? त्यसैले 'भेस्टेड इन्ट्रेष्ट' मात्रै हो सर्वसत्तावादको उत्तर । अर्को छँदैछैन। प्रजातन्त्रमा सबैको स्वार्थ बढाउँदै लैजानुपर्छ।

झाजीले प्रेसको कुरा गर्नुभयो, यसैमा आइसक्यो। विजयकान्त कर्णजी मेरो कार्ड बुझेकोमा धन्यवाद। मैले अनुदारवादी भनाउनै खोजेको हो। खोपाको गणेश बनाइ दिनुहोस्, मान्नेले मानिहाल्छ। नमान्ने अगाडि गइहाल्छ। एक जना विद्यार्थीको कुरामा द्विविधा छ। म सबै भन्छु- राजासहित कि रहित भन्छु भने संविधानसभामा पनि द्विविधा छ। द्विविधा हुन्छ मान्छेमा। मैले गर्न सकेको चाहिँ खोपाको गणेश हो। त्योभन्दा अगाडि तपाईंहरू लागिदिनुहोस्।

उजिर मगरले भनेको कुरामा मेरा कुनै असहमति छैन। त्यो पूरा होस् भन्ने चाहन्छु। संविधान बनाउनु छ। कुनै एक पार्टी, संगठन, व्यक्तिबाट के-के हुँदैन। बारम्बार मात्रै निर्णय थिएन। त्यहाँ पार्टी मार्ने नियत थिएन। त्यहाँ वाममोर्चा थियो, कांग्रेस थियो, हामी पार्टीबाट आएका प्रतिनिधि थियौं।

राजावादीले लिन खोजेका थिए होलान। हामी बढी लिन खोजिराखेका थियौं होला। हामी राजालाई कम दिन खोजिराखेका थियौं होला। त्यो द्वन्द्वरतहरूको बीचमा एउट सम्झौता भयो, त्यसैले त्यहाँ त्यस्तो रहन गयो। हिन्दु राजाले कसरी त्यो छोड्न सक्थे ? अरू वास्तविकता भन्नुहुन्छ भने संविधान निर्माणकाल कै दस्तावेज हेर्ने हो भने एकपटक त मालेका तीन सदस्य र मसमेत भएर गरेको भोटिङबाट हिन्दु धर्म 'आउट' भइसकेको थियो। पछि अरू विषयमा केही सम्झौता भएर त्यो पर्न गएको हो। मन्त्रिपरिषद्ले राखेको हो। अब गाह्रो छ- त्यतिबेला

आफ्नै साथी/नेता मन्त्रिपरिषद्मा थिए। त्यति बेलाका नेताका आफ्ना प्यारा राजा थिए। कसले-कसले मिलेर के-के गरे, मस्यौदामा यस्तो छ। जनमत संग्रह गर्नुपर्छ भनौं-कहाँ गयो त जनमत संग्रह ? कहिलेकाहीँ त आफ्नो मस्यौदा पनि पारित गर्न सक्नु भएन भन्छन् ? अब के गर्ने ? अन्तरिम सरकार पनि आफ्नै हो। अन्तरिम सरकारले भनेको राजा पनि आफैंको। कसले झिक्ने भन्छ ? हामीले दिएको मस्यौदा आफ्नो ठाउँमा छँदैछ, त्यसले राजतन्त्र पनि जनमत संग्रहमा राखेको थियो। हाम्रो 'अफिसियल' मस्यौदा हेर्नुहोस्।

तर त्यसको मतलब म ठूलो हो, हामी धेरै 'पोग्रेसिभ' भएका थियौं। अरूले घटाइ दियो पनि म भन्दिनँ। त्यो बेला हामी मिलेरै गयौं। यद्यपि, त्यो बेला मेरो सहभागिता थियो/थिएन ? म त्यस बेलाको जिम्मेवारीबाट पन्छिन् चाहन्न। 'कलेक्टीभ रेस्पन्सिविलिटी'को कुरा हो। हामी निरपेक्षको कुरा गरिरहेका छौं। यसमा पनि म 'कन्जरभेटीभ' धारणा राख्न चाहन्न। तर बहुसंख्यकको भावनाको कदर भएन भने के गर्ने ? यो पनि जहिले पनि विचारणीय हुन्छ। त्यसकारण जहिले पनि अल्पमतले पनि बहुमतको कदर गर्नुपर्ने हुन्छ नत्र फेरि द्वन्द्व हुन्छ। अन्यथा नलिनुहोस्। हिन्दु होस् वा नहोस् मलाई त्यति फरक पर्दैन। धर्मनिरपेक्ष भएर भारतमा पनि काम चलेको छ भने यहाँ नचल्ने कुरै भएन तर बहुसंख्यकलाई आघात गर्न हुँदैन। त्यसो भएन भने त्यो कसरी 'सेटल' गर्ने त ? त्यसकारण 'रिफरेन्डम' मा गए पनि त्यही हुन्छ। त्यही कुरा सहमतिबाट हुनुपर्छ। त्यो बाहेक अरू कुनै उपाय छैन। म त खोपाको मात्र राख्न सक्छु।

गगन थापाजीले केही कुराहरू उठाउनु भएको छ-जस्तो कि उहाँले राजनीतिक सम्मेलनले एउटा सम्झौता गर्ने कुरा। हो त्यो हुँदैन होला भन्नुभयो- 'त्यो पनि मेरो खोपाको गणेश जस्तै हो। किनभने संविधानसभामा जानका लागि कुनै ठाउँ त हुनुपर्‍यो। कुनै निकाय त-जस्तै माओवादीले पनि राजनीतिक सम्मेलन भनेका छन्।' हामीले पनि जनताको सर्वोच्च सम्मेलन भन्छौं। कुनै एउटा निकाय त हुनुपर्‍यो किनभने अहिले सात दल र माओवादीले सहमति जनाए भने कहीँ 'मिटीङ प्वाइन्ट' हुने भयो, तर राजाले नै जित्छन् कि भन्ने गगन थापाजीहरूको चिन्ता हो भने त्यो चिन्ता मलाई लाग्छ राजाले मेटाइदिएका छन्। यदि उनको कुरा टेबुलमा हुने हो भने उनी टेबुलमा नै आउँथे। टेबुलमा त सात राजनीतिक दल, नागरिक समाजको कुरा हुन्छ र माओवादीको कुरा होला। राजाको कुरा हुँदैन। राजा टेबुलमा आउनै सक्दैनन्। त्यसकारण त्यो 'कन्फरेन्स' मा आए भने पनि जनताकै कुरा बमोजिम हुन्छ, राजाको कुरा बमोजिम हुँदैन। नत्र राजा टेबुलमा आउँथे। 'प्रि-एग्रिमेन्ट' गर्ने भनेको राजालाई ठाउँ हुन्छ भनेर हो। राजालाई अब कि हामी लामो आन्दोलनमा लाग्नुपर्‍यो। राजारहित हुने हो भने लामो आन्दोलनलाई छोट्याउने हो भने खोपा गणेशको आन्दोलनमा लाग्नुपर्‍यो भनेर मैले भनेको हुँ, तपाईले बुझिसक्नुभयो।

शम्भु थापाले समावेशीको कुरा दलहरूले मौका, जिम्मेवारी पाएको बेला किन गरेनन् भनेर देखाउन खोज्नुभएको हो। तर हामीले दल र नेतालाई मात्र हेरेर हुँदैन। दल र नेताभन्दा पनि बहुदलीय व्यवस्था बहुत ठूलो कुरा हो। नेतृत्वको ठूलो कुरा हो।



तर नेतृत्व पनि परिवर्तनशील हो। हामीले अरू, गिरिजाप्रसाद वा गिरिजाप्रसादको टिमलाई हेरेर नेपाली कांग्रेसलाई हेर्नुहुँदैन। अहिले माधव नेपाल र उनका साथीलाई हेरेर एमाले वा कम्युनिस्ट आन्दोलनलाई हेर्नुहुँदैन। त्यो परिवर्तन हुने कुरा हो। हिजो बीपी, गणेशमान, भट्टराई हुनुहुन्थ्यो। आज गिरिजाप्रसाद हुनुहुन्छ तर समयले ल्याएको चिज हो त्यो। उहाँहरूले अस्वीकार गर्न सक्नुहुन्न। सकेमा त उहाँहरूले संविधान नै अस्वीकार गर्नुहुन्थ्यो नि, उहाँहरूको लागि त राजाकै ठाउँ थियो नि। त्यही पुग्नुहुन्थ्यो नि। सक्नुहुन्न। यो हामीले ल्याइदिएको हो-उहाँहरूलाई। त्यसकारण नेता र पार्टीलाई हेरेर हुँदैन, जनतालाई के आवाज दियो तल भूमिबाट त्यो उहाँहरूले ग्रहण गर्नैपर्छ। त्यो छोडेर जानुभयो भने उहाँ कहीँको हुनुहुन्न। त्यसकारण मलाई लाग्छ-नेता र पार्टीहरूलाई हेरी पनि नहेरी पनि दिनुहोस्। हेर्नुस् कति भने उहाँहरू परिवर्तनको मुखमा हुनुहुन्छ। धान्नुभयो भने बस्नसक्नुहुन्छ। धान्नु भएन भने जानुहुन्छ। बिदा हुनुहुन्छ। सबै बिदा हुने ठाउँ उहाँहरू पनि बिदा हुनुहुन्छ।

**छलफलमा सहजीकरण गर्दै तारानाथ दाहाल**

सबैलाई धन्यवाद। चार/पाँच वर्ष अगाडिको कुरा हो, जुन बेला हामी संविधानसभाको कुराभन्दा तर्सिन्थ्यौं। दमन दाइसँग एउटा भेलामा भेट भयो। दमन दाइले त्यो भेलामा संविधानसभाभन्दा अर्को कुनै औषधि छैनभन्दा त्यो भेलाका हामी सबैलाई अप्रिय लाग्यो। तर उहाँले भन्नुभयो- तपाईंहरूले बुझ्नुहुन्न, उपाय यही हो भन्दै उहाँ हिँड्नुभयो। आज म देख्दै छु त्यो एक्लो बृहस्पति आज सत्य सावित भयो। हामी सबै जनाले चाहेको यथार्थ हो, जहाँ हो त्यहाँ पुऱ्याउन हामीले यो अभियान थालेका हौं। धेरै साथीहरूको विचार आएन, आगामी दिनमा आउने नै छ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको पहिलो शृंखला २०६२ पुस २२ गते प्रस्तुत विचारहरू)

शृंखला २

# नेपालका लागि लोकतन्त्रको समावेशी स्वरूप र संरचना

अवधारणा : नरहरि आचार्य
टिप्पणी : घनश्याम भुसाल



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

पहिलो शृंखलामा हामीले संविधानसभाको पक्षमा पहिलोपल्ट मत राख्नु हुने दमननाथ ढुंगानाको अवधारणामा छलफल गर्‍यौं । यो शृंखलाको दोस्रो सत्रमा आदरणीय नरहरि आचार्यलाई चयन गर्‍यौं । बहस प्रारम्भ गर्नु पहिले नै दोस्रो अवधारणाकारका रूपमा नरहरि दाइलाई चयन गरेका थियौं । नरहरि आचार्य, जसले लगातार लोकतन्त्रका पक्षमा वकालत गर्नुभयो । यस विषयमा गहन अध्ययन गरेर उहाँको अवधारणा कतिपय सवालमा सार्वजनिक भइसकेको पनि छ ।

समावेशी लोकतन्त्रका पक्षमा पनि उहाँका विचारहरू अझ खारिएर बाहिर आउन सकुन् र त्यसले मुलुकलाई एउटा 'कंक्रिट' बाटो तय गर्न सहयोग पुर्‍याओस् भन्ने ठानेर हामीले उहाँलाई अनुरोध गरेका हौं । उहाँले पनि सहर्ष स्वीकार गर्नुभयो । उहाँले हाम्रा लागि एउटा गहकिलो दस्तावेज पनि तयार गरिदिनुभएको छ । उहाँको अवधारणामाथि टिप्पणी गरी दिन हामीले एमालेका युवा नेता घनश्याम भुसाललाई अनुरोध गरेका छौं । हाम्रो यो बहसमा आदरणीय लक्ष्मण अर्याल पनि उपस्थित हुनुहुन्छ । हामीले उहाँका पनि गहन विचारहरू सुन्न पाउने छौं । उहाँलाई स्वागत गर्दै अवधारणा प्रस्तुतिका लागि म नरहरि आचार्यज्यूलाई अनुरोध गर्छु ।

## अवधारणा

अहिले नेपालको राजनीतिक क्षेत्रमा थुप्रै विषयहरूमाथि बहस चलिरहेको छ। त्यसमध्ये लोकतान्त्रिक मान्यताका आधारमा नेपालका लागि लोकतान्त्रिक राज्यसंरचनामा जानुपर्ने वा राज्यको लोकतान्त्रीकरण गर्नुपर्ने अवस्था अत्यावश्यक छ भन्ने विषय यस बहसको केन्द्रमा छ। जनतामा निहित सार्वभौमसत्ताको अभ्यासलाई व्यावहारिक र कार्यमूलक बनाउने कार्य, प्रादेशिक वा संघीय संरचनामा मुलुकको राज्ययन्त्रलाई रूपान्तरित गर्ने प्रसंग, राज्यसंरचनामा समावेशी परिवर्तनका विषयहरू, बहुमतीय शासनप्रणालीलाई सहमतीय शासन प्रणालीमा लैजाने आग्रह, प्रत्यक्ष प्रधानमन्त्री प्रणाली, राजतन्त्र र गणतन्त्रको विवादबाट निकाल्नुपर्ने निष्कर्ष एवं उत्तरदायी र अधिकारसम्पन्न न्यायपालिका तथा असल शासनका लागि राज्यको दायित्वसम्बन्धी अवधारणामा राज्यको पुनर्संरचनाले ध्यान दिनुपर्ने प्रसंग विगत सात-आठ वर्षदेखि एकपछि अर्को गर्दै व्यापक मात्रामा उठेका छन्। त्यसैले समग्रमा राज्यसंरचनाको विषय नेपालको वर्तमान अवस्थामा सबैभन्दा महत्वपूर्ण राष्ट्रिय कार्यसूची बनेको छ।

### १. नयाँ प्रयत्नको पृष्ठभूमि

करिब आधा शताब्दीभन्दा केही अगाडि अर्थात् २००७ मा प्रारम्भ भएको नेपालको आधुनिकीकरण र लोकतान्त्रीकरणका प्रयत्नहरू अघि बढ्ने, रोकिने र पछि फर्कने द्वन्द्वमा अलमलिँदै आए पनि अहिले आएर नयाँ प्रयत्नहरू प्रारम्भ भएका छन्। पछिल्लो पटक ०४६ सालको जनआन्दोलनले राज्यको पुनर्संरचना गर्ने नयाँ आधार र अवसर प्रदान गरेको हो। तर **नेपाल अधिराज्यको संविधान, २०४७** को निर्माणसँगै संवैधानिक विकासको प्रक्रिया स्थगित जस्तै बन्यो। मुलुकको लोकतान्त्रीकरण र राज्यसंरचनाको आरम्भ बिन्दु बनेको संविधानलाई अन्तिम वा पूर्ण उपलब्धि ठानेझैं गरी ०४६ सालका प्रमुख आन्दोलनकारी शक्तिहरूले विश्राम लिएबाट मुलुकका लागि संवैधानिक परिवर्तन र सुधारका निम्ति लगाउनुपर्ने समयको नराम्रोसँग अपव्यय भएको छ। निश्चय नै नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ले **संविधान, २०४७ को** निर्माण हुँदा खेरी नै संविधानको लोकतान्त्रिक विकासका निम्ति २७ बुँदालाई आफ्नो आलोचनात्मक समर्थनका रूपमा अघि सारेको हो। तर संसद्को निर्माणपछि उसले ती विषयहरूलाई वैधानिक प्रस्तावका रूपमा संसद्भित्रको विषय बनाउन चाहेन। त्यसैगरी नेपाली कांग्रेसभित्र राज्यको पुनर्संरचनासँगै प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन एवं संसद्को स्थायित्वसम्बन्धी वैकल्पिक विषयहरू उठे। साथै संविधानको विकास र सुरक्षाका लागि संविधान संशोधनको आवश्यकता भएको छ भन्ने विचारहरू प्रवल रूपमा आएका हुन्। बेलायतको वेस्टमिनिस्टर शैलीमा आधारित शास्त्रीय संसदीय प्रणालीलाई परिमार्जन गर्दै समुन्नत संसदीय शैलीमा जानुपर्छ भन्ने मान्यतामा कांग्रेसभित्र उठेका विचारमाथि पार्टीभित्रै गम्भीर छलफलसम्म गर्ने वातावरण उपलब्ध भएन। तर आज धेरै प्रकारका संकट र व्यावहारिक चुनौतीकाबीच राज्यको पुनर्संरचनाद्वारा समावेशी लोकतन्त्रमा जाने विषयलाई नेपाली कांग्रेसले आफ्नो एघारौं महाधिवेशनद्वारा वैधानिक एवं राजनीतिक उद्देश्य बनाएको छ।



यस निम्ति नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले २०६० असार ८-९ को आफ्नो निर्णयमार्फत अघि सारेको **१४ सूत्रीय संवैधानिक विकास र सुधारको अग्रगामी कार्यक्रम** समग्रमा राज्य पुनर्संरचनाकै प्रारम्भिक कार्यक्रम थियो। साथै अन्य संसदीय पार्टीहरूका पनि आ-आफ्ना कार्यक्रमहरू अगाडि आएका छन्। यसै क्रममा असोज १८ (२०५९) को शाही घोषणामार्फत राजाको सक्रिय शासनका विरुद्ध नेपाली कांग्रेस र नेकपा (एमाले) सहित संसद्मा रहेका पाँच प्रमुख राजनीतिक दलहरूको अग्रसरतामा विकसित आन्दोलनको साझा प्रतिबद्धता र प्रस्तावका रूपमा आएको **१८ बुँदे कार्यक्रम (२०६०)** ले आधारभूत राजनैतिक-संवैधानिक पुनर्संरचनाको विषयहरूलाई अघि सारेको हो। साथै माघ १९ (२०६१) देखि प्रारम्भ भएको राजाको निरंकुश शासनको आन्दोलनरत मुलुकका प्रमुख सात पार्टीहरूकाबीच विकसित समझदारीका आधारमा निर्मित **राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा** (२०६२) लाई राज्यसंरचना सम्बन्धमा सात पार्टीहरूले संयुक्त रूपमा गरेको पहिलो राष्ट्रिय प्रयत्नका रूपमा लिन सकिन्छ। तर यी पछिल्ला दुवै कार्यक्रम विशेष परिस्थितिजन्य आन्दोलनका रूपमा उठाइएका विषयहरू भएकाले प्रस्थापनाका रूपमा भन्दा प्रतिक्रियाका रूपमा देखिन्छन्। तै पनि यी सबै प्रयत्नले राज्यसंरचनाको बहसलाई अघि बढाउन आधारभूत रूपले मद्दत पुऱ्याएका छन्।

यसैबीच सशस्त्र विद्रोहमा उत्रेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले पनि ७ मंसिर, २०६२ मा नेपाली कांग्रेसलगायत संसदीय अभ्यासमा रहेका सात पार्टीहरूसँग गरेको वैचारिक समझदारीको प्रस्तावनामा नै **राजनीतिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रमा वर्गीय, जातीय, लिंगीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्न अपरिहार्य आवश्यकता भएको** ठहर गरेको छ। यसरी नेपालमा बहुलवादी शासन आफूलाई जनाधारित दाबी गर्ने सबै राजनीतिक पक्षका निम्ति मोटामोटी सहमतिको विषय जस्तै बनेको छ। तर लोकतान्त्रिक बहुलवादअन्तर्गत नेपालमा कस्तो प्रकारको शासन प्रणाली उपयुक्त छ भन्नेबारेमा र राज्यसंरचनाको बारेमा भने भिन्न मत र विचारहरू आइरहेका छन्। लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा ती विचार र मतहरूको तात्विक र सारपूर्ण समिश्रण र सम्मिलन आजको चुनौती र आवश्यकता दुवै हो।

नेपालको स्थापना भएदेखि नै हामी कहाँ दुई प्रकारको केन्द्रीकृत ढाँचाको राज्यसंरचना रह्यो :

१. क्षेत्रीय आधारमा मुख्य शासक बसेको ठाउँमा अर्थात् राजधानी केन्द्रित र,

२. मुख्य शासकको लिंग जाति, समूह र भाषामा केन्द्रित।

यसमा अहिले परिवर्तनको खोजी भएको छ। सबै क्षेत्र, जाति, लिङ्ग, भाषा तथा धार्मिक-सांस्कृतिक समूहसमेतले आफ्नो पहिचान-स्वाभिमानसहित संवैधानिक अधिकारको पूर्ण उपभोग गर्न मिल्ने गरी सहभागितामूलक तथा समावेशी राज्यसंरचना परिवर्तनको दिशा बनेको छ। अझ केही समयदेखि नेपालमा गणतन्त्रको विषयमाथि पनि बहस प्रारम्भ भएको छ। कतिपय बहसकर्ताहरूले यसलाई राजतन्त्रको औचित्य र उपयोगितासँग जोडेर पनि कुरा उठाएका छन्।

यसलाई जसरी छलफल गरे पनि नेपाली जनता अब नेपालमा आफ्नो सर्वोच्चता, स्वामित्व र अपनत्वको अवस्था र अनुभूतिलाई स्थापित गर्ने सहभागितामूलक र प्रतिनिधित्वपूर्ण राज्य खोजिरहेको छ। खोजीका पछाडि नेपालको अर्थ-राजनीतिक सम्बन्धहरूलाई जनमैत्री वा जनमुखी बनाउने आकांक्षा मूल चुरोमा छ भन्ने बारेमा कुनै अस्पष्टता रहेन।

यस पृष्ठभूमिमा राज्यपुनर्संरचनाका विषयहरूको समुचित पहिचान र तिनको प्राथमिकता निर्धारण आजको प्रमुख राजनीतिक दायित्व बनेको छ। निश्चय नै राज्यसंरचनाका विषयहरूको सूची धेरै लामो हुनसक्छ र यो एउटै प्रयत्नमा समाप्त हुने कार्य होइन। तैपनि यतिखेर हाम्रा निम्ति विश्वमा आजसम्म यसबारे हासिल गरिएका अनुभव सन्दर्भ सामग्रीका रूपमा उपयोगी हुन सक्छन्, जसले हामीलाई राज्यसंरचनाका विषयहरूको छनौटका लागि सैद्धान्तिक सहयोग पुऱ्याउने छन्। तर ००७ सालको परिवर्तन पछि हामीले आफैं हासिल गरेका अनुभव र खास गरी ०४६ को जनआन्दोलन यताका विगत १५ वर्षमा हाम्रो पुस्ताले व्यावहारिक रूपमा समेत गरेका अभ्यास तथा त्यसले सिकाएका गम्भीर पाठ राज्य पुनर्संरचनाको आजको राष्ट्रिय प्रयत्नका निम्ति सबैभन्दा बढी लाभप्रद र उपयोगी हुने अवस्था बनेको छ।

राज्यसंरचनाका प्रकारहरू अर्थात् मोडलहरू आ-आफ्नै पनि हुन सक्छन्। तर हामीले गर्न खोजेको पुनर्संरचनाको कार्य लोकतान्त्रिक मान्यतामा आधारित हुने निश्चित छ। लोकलाई अर्थात् जनतालाई केन्द्रमा राखेर गरिने रूपान्तरणका सबै प्रयत्नहरूलाई नै यथार्थमा राज्य पुनर्संरचनाको कार्य मानिएको छ, किनभने हामी २००७ सालदेखि नै एउटा राष्ट्रिय विवादमा अल्झिएका छौं। राजालाई मुलुकको समग्र राजनीतिक-संवैधानिक विषयहरूको केन्द्रमा राख्ने मानसिकताले हामीलाई सही अर्थमा आधुनिक र लोकतान्त्रिक हुन बाधा पुऱ्याएको छ। मुलुकको आधुनिकीकरण र लोकतान्त्रीकरणका लागि बाधक रहेको सामन्ती अन्तर्सम्बन्धमा आधारित राजामुखी केन्द्रीकृत राज्यसंरचनाको प्रभावले हाम्रा सम्पूर्ण राजनीतिक, आर्थिक र सामाजिक परिपाटीहरूलाई अपांगजस्तै बनाएको छ। यसले लोककेन्द्रित राजनीतिक-सामाजिक दृष्टिकोणहरू स्वःस्फूर्त रूपमा विकसित हुन पाएका छैनन्। परिणामतः हामी धेरै प्रकारका द्वन्द्वमा जेलिएका छौं। माओवादी सशस्त्र विद्रोहले उत्पन्न गरेको द्वन्द्वको आन्तरिक गुत्थीलाई सुल्झाउन वा पहिचान गर्नसमेत कठिन बनेको एउटा कारण यो पनि छ। त्यसैले वर्तमान सन्दर्भमा राज्यसंरचनाको निम्ति थुप्रै पक्षहरूका साथ प्रमुख रूपमा केही विषयहरू सर्वाधिक प्राथमिकतामा छन्।

०४६ साल पूर्वराजनीतिक पार्टीहरूसँग लोकतन्त्रका प्रस्थान विन्दुका रूपमा रहेका पक्षहरू मात्रै आन्दोलनका मुख्य विषय थिए। लोकतन्त्रको संस्थागत प्रारम्भ र जनप्रतिनिधित्वपूर्ण संरचनाको निर्माणपछि अर्थात् **संविधान, २०४७** को घोषणा र त्यसअन्तर्गत पहिलो महानिर्वाचनद्वारा संसद्को निर्माण भएपछि राज्य रूपान्तरणका अन्य गहन विषयहरू संसद्को प्राथमिक कार्यसूची बन्नुपर्थ्यो, त्यो बन्न सकेन। परिवर्तन र आन्दोलनका बाहकहरूको औचित्यपूर्ण र सन्तुलित उपस्थिति रहेको पहिलो संसद् (जसमा जनआन्दोलनको मुख्यधार नेपाली कांग्रेस पूर्ण बहुमत, नेकपा (एमाले) गहकिलो अल्पमतमा र जनआन्दोलनको वैकल्पिक धार बनेको संयुक्त



जनमोर्चा-नेपाल तेस्रो ठूलो पार्टीका रूपमा तथा क्षेत्रीय भावना अर्थात् मधेसका मुद्दाहरूलाई प्रतिनिधित्व गर्ने सद्भावना पार्टी तथा आन्दोलनले पछाडि धकेलेको राजनीतिक पक्षलाई समेत प्रतिनिधित्व गर्ने राप्रपाको पनि प्रतिनिधित्व रहेको कारणले) राष्ट्रिय सहमतिको राम्रो र प्रभावकारी वैधानिक मञ्च बनेको थियो। नेपाली जनताले बनाइदिएको यस साझा मञ्चलाई हामी (राजनीतिक पार्टीहरू) ले इमानदारी, मिहिनेत एवं दीर्घकालीन दृष्टिकोणका साथ सदुपयोग गरेनौं। संसद्ले अल्पसंख्यकका आवाजहरूलाई व्यवस्थित र वैधानिक ढंगले मुखरित गर्न नसक्दा संसद्बाहिरका शान्तिपूर्ण आन्दोलनले ती विषयलाई समातेको देखिन्छ। त्यसैगरी शान्तिपूर्ण आन्दोलनका आवाजलाई पनि राज्यले समयमै गम्भीरतापूर्वक नलिँदा हिंसात्मक विद्रोहका विषयभित्र ती आवाजहरू सामेल हुन पुगेका हुन् भन्ने कुरालाई पूर्णतः अस्वीकार गर्न मिल्दैन। निश्चय नै माओवादी सशस्त्र संघर्षका पछाडि वैचारिक द्वन्द्वको आग्रहले पनि काम गरेको छ भन्ने पक्ष आफ्नो ठाउँमा छ।

नेपालमा अल्पसंख्यक समुदायको पहिचान कठिन कार्य बनेको छ। तैपनि दुई आधारहरू स्पष्ट रूपमा देखिएका छन्। प्रथमतः ८० प्रतिशतभन्दा बढी हिन्दु भएका कारणले बौद्ध, इस्लाम र क्रिश्चियनजस्ता अन्य धर्मावलम्बीहरूलाई धार्मिक दृष्टिले अल्पसंख्यक भन्न सकिन्छ। त्यसैगरी भाषिक रूपमा पुगनपुग ५० प्रतिशत रहेका नेपाली मातृभाषी बाहेकका मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार, मगरआदि मातृभाषा हुनेहरूलाई अल्पसंख्यक भाषाभाषी मान्न सकिन्छ। त्यसो त २०५८ मा भएको नेपालको पछिल्लो जनगणनामा ९२ भाषालाई मातृभाषाका रूपमा सूचीकृत गरिएको छ। तीमध्ये १ प्रतिशतभन्दा बढी जनताले बोल्ने भाषा १२ वटा रहेका छन्। धर्म र भाषा बाहेक लिङ्ग र जाति-समुदायहरूको प्रसंग पनि यस क्रममा उठ्ने गरेको छ। संख्याका दृष्टिले महिलाहरू बहुसंख्यक भए पनि पितृसत्तात्मक सामाजिक संरचना र संस्कारले सबै सार्वजनिक महत्वका क्षेत्रमा उनीहरूको प्रतिनिधित्व र सहभागिता धेरै नै अल्पसंख्यामा भेटिन्छ। त्यस्तै दलितहरू भाषा र धर्मका हिसाबले अल्पसंख्यक होइनन्, तर कमजोर आर्थिक-सामाजिक हैसियतका कारण राज्यका निकायमा प्रतिनिधित्व र सहभागिताका दृष्टिले अल्पसंख्यक बनेका छन्। साथै सामाजिक रूपमा अमानवीय उपेक्षाको समेत गम्भीर मारमा परेका छन्। त्यसैगरी धर्मका हिसाबले बहुसंख्यक समुदायभित्रै परे पनि राज्यसंयन्त्रमा सहभागिता र प्रतिनिधित्वका दृष्टिबाट मधेसी समुदायको उपस्थिति नितान्त कमजोर छ। मधेसीमूलका जनतालाई राज्यले प्रदान गर्ने अवसर वितरणका हिसाबमा मात्र होइन, राज्यको सहज र स्वाभाविक हकदार मान्ने मानसिकताको समेत न्यूनता देखिन्छ। राज्यमाथि सबैको हक समान छ भन्ने स्थापित गर्नुनै लोकतान्त्रिक राज्यको प्राथमिक दायित्व हो।

यसबाहेक खस अहंकार र खस प्रभुत्वको चर्चा जति नै भए पनि वर्तमान अवस्थामा केन्द्रीय शासनमा प्रभुत्व राख्ने खस समुदायकै मूल थलो तथा यतिखेर पनि उनीहरू नै प्रमुख रूपमा बसिरहेको कर्णाली प्रदेश र वरपरका क्षेत्र राज्यको दृष्टिमा पूरै ओझेल र गम्भीर उपेक्षामा परेको छ। नेपालमा शक्ति, स्रोत र सत्तामा

बाहुन-क्षेत्रीको हालीमुहालीका विषयलाई लिएर देशव्यापी चर्चा भइरहेकै बखत खस (बाहुन-क्षेत्री) को ८० प्रतिशत उपस्थिति रहेको कर्णाली क्षेत्रबाट लोकतन्त्र पुनःस्थापना पछिको दस वर्ष (२०५७) सम्म पनि एक जना शाखा अधिकृतसम्म नभएको विवरण उपलब्ध छ। यी सबै असमानता र असन्तुलनलाई हटाउन तथा क्षेत्रीय मुद्दालाई समेत प्राथमिकतामा पार्न राज्यको पुनर्संरचनाका पक्षमा चारैतिरबाट आवाज उठिरहेका छन्। यी विषयलाई राजनीतिक र वैधानिक ढंगले टुङ्गो लगाउन संविधानमा जनताको स्वामित्वको खोजी पहिलो प्राथमिकताको विषय बनिरहेको छ।

२. **जनताको स्वामित्व**

सबभन्दा पहिले राज्यको संवैधानिक पद्धति र संविधानमा जनताको स्वामित्व स्थापित हुनुपऱ्यो। यस प्रक्रियामा हामी प्रवेश गर्न तयार भयौं भने सबै विषयमा छलफल गर्ने एउटा उपयुक्त राष्ट्रिय मञ्च उपलब्ध हुनेछ। यही मञ्चमा सबै विषयमाथि विविध ढंगबाट र खुलेर छलफल गर्न सक्छौं तथा एउटा निष्कर्षमा पुग्न सक्छौं। जनताको सार्वभौमसत्ता वा जनताको स्वामित्व भन्नु एउटै कुरा हो। गएको आधा शताब्दीमा हामीले विभिन्न ढंगको संवैधानिक अभ्यास गर्दै आएका छौं। नेपालको संवैधानिक इतिहासमा राणा प्रधानमन्त्री पद्मशमशेरले प्रस्तावित गरेको ***नेपाल सरकारको वैधानिक कानुन, २००४*** देखि लिखित संविधानको चर्चा गर्ने परम्परा छ। त्यसपछाडि नेपालको ***अन्तरिम शासन विधान, २००७*** संवैधानिक इतिहासको दृष्टिले दोस्रो प्रयत्न हो। जनताको सार्वभौम अधिकारलाई स्वीकार गर्दै र जनताको संविधान निर्माण गर्ने अधिकारलाई स्थापित गर्दै त्यो अन्तरिम विधान (२००७) प्रारम्भ भएको थियो। तर तीन वर्ष पनि नबित्दै अर्थात् २०१० मा शाही घोषणाद्वारा राजा त्रिभुवनबाटै त्यसका मान्यताहरू खण्डित हुँदै गए र जनताका निर्वाचित प्रतिनिधिद्वारा बनेको संविधानसभाबाट संविधान बनाउने सात सालको क्रान्तिले लिएको उद्देश्य र हासिल गरेको उपलब्धि नामेट पारियो। फलस्वरूप २०१५ सालमा ***नेपाल अधिराज्यको संविधान*** तयार गर्दा राजाको घोषणाबाट नै संविधान थालनी गर्ने २००४ सालकै पुरानो ढाँचामा मुलुक पुनः फर्केको देखिन्छ। तर यसले पनि स्थायित्व पाउन सकेन। आंशिक संवैधानिक राजसंस्थाको त्यसबखत (२०१५) को प्रारम्भिक प्रयोगलाई समेत राजा महेन्द्रले सहेनन्, आफैं भत्काए। फलतः २०१७ साल पुस १ गते नेपालमा औपचारिक र घोषित रूपमा नै निरंकुश राजतन्त्रको प्रक्रिया शाह शासनका रूपमा पुनः सुरु भयो। यसले २०१९ मा 'नयाँ' संविधानलाई अगाडि सारे पनि त्यसले संविधानको सम्पूर्ण स्रोत राजालाई मानेको थियो र राजाको हुकुम नै अन्तिम संवैधानिक उपचार बनेको थियो। तसर्थ **संविधान, २०१९** स्वरूपमा जस्तो देखिए पनि सारमा त्यसलाई 'हुकुमीतन्त्रको प्रबन्धपत्र' मात्रै भन्न सकिन्छ।

सन् १९९० अर्थात् २०४६ सालको जनआन्दोलनपछि जुन संवैधानिक प्रयोग भयो, त्यतिबेला राजा र जनताबीच अलिखित हिसाबले तर औपचारिक खालको समझदारी र सहमति भएको थियो। त्यस सहमतिको परिणामस्वरूप नै २०४७ मा ***नेपाल अधिराज्यको संविधान*** आएको हो। जनतामा निहित सार्वभौमसत्ताको औपचारिक स्वीकृति, जनप्रतिनिधिमूलक शासन प्रणाली, बहुदलीयता केही



विशेषाधिकारसहितको राजसंस्था यस संविधानका मूल विशेषता मानिएका हुन्। व्यावहारिक रूपमा यसैलाई २०४६ सालको जनआन्दोलनका उपलब्धिको लिखित दस्तावेज पनि भन्ने गरिन्छ। तर २०५९ साल असोज १८ मा राजसंस्थाका तर्फबाट नै वर्तमान राजाले त्यसलाई उल्लंघन गरे र माघ १९ (२०६१) मा पुगेर त्यसलाई संकोचरहित किसिमले थप भत्काए। यसबाट २०४७ मा गरिएको समझदारीको संवैधानिक प्रयोग पनि एक प्रकारले पूरै असफल भएको छ।

अहिले आएर नेपालमा संविधानका बारेमा फेरि बहस प्रारम्भ भएको छ। कसै कसैले अझै पनि संविधान संशोधनको कुरा उठाइरहेका छन्, कसैबाट सुधारको कुरा पनि उठेको छ र पुनर्लेखनको चर्चा पनि भएको छ। तर संविधानको संशोधन, सुधार वा पुनर्लेखन गर्दा त्यसको माध्यम वा आधार बन्नुपर्ने संसद् अहिले अस्तित्वमा छैन। न संसद्को चुनाव हुनसक्ने परिस्थिति छ, न त संसद्को पुनःस्थापना भएको छ। यस स्थितिमा संसद्द्वारा यी कामहरू हुने कुरा एउटा आकांक्षाको रूपमा त स्वाभाविकै देखिएला, तर व्यावहारिक रूपमा यो कसरी, कहिले र कुन ढंगबाट सम्भव छ भन्ने कुरामा अन्योल रहेको छ। त्यसमाथि यथास्थितिमा हुने संसद्को निर्वाचनमा मुलुकमा सशस्त्र विद्रोहीका रूपमा रहेका माओवादीको मात्रै होइन अरू वैधानिक-राजनीतिक पार्टीहरूको समेत सहज र स्वतन्त्र सहभागिता के कति सम्भव छ भन्ने विषय अत्यन्त असहज र अप्ठ्यारो रूपमा हाम्रो अगाडि छ। त्यसमाथि असोज १८ (२०५९) र माघ १९ (२०६१) को शाही घोषणापछि **नेपाल अधिराज्यको संविधान, २०४७** को राजनीतिक-वैधानिक अस्तित्वको खोजी गर्नु आफैंमा असम्भव र अनौठो कार्य बन्ने छ। यस स्थितिमा लोकतन्त्रको पुनरोदयका लागि नयाँ संविधानको निर्माण मात्रै होइन, त्यो कसले र कसरी बनाउने प्रक्रिया झन् बढी अभिरुचि र आवश्यकताको विषय भएको छ।

नयाँ संविधानको निर्माण कसरी गर्ने भन्ने कुराले नै राज्यको पुनर्संरचनाको प्रारम्भ हामी कसरी गर्छौं भन्ने कुराको टुंगो गर्नेछ। आधा शताब्दीका विभिन्न संवैधानिक प्रयोगलाई देखिसकेपछि नेपाली जनमत एउटा के निष्कर्षमा पुगिसकेको छ भने नेपालको संविधानको निर्माण जनताले अब आफ्ना प्रतिनिधिमार्फत् नै गर्नुपर्छ। तिनै प्रतिनिधिमार्फत् नेपालको संविधानको घोषणा पनि नेपाली जनताको आफ्नै बेहोरामा हुनुपर्छ। राजनीतिक रूपमा अब यसमा कुनै द्विविधा बाँकी छैन, प्रक्रियासँग जोडिएका केही आशंकाका बारेमा र संभावित अवरोधका बारेमा मात्रै प्रश्नहरू छन्। निश्चय नै यसका लागि जनताको संघर्ष र आन्दोलनले निश्चित उचाइ र आकार भने लिनै पर्ने हुन्छ।

संसद्को निर्वाचन नै गर्न नसकिएको अहिलेको परिस्थितिमा संविधानसभाको निर्वाचन कसरी होला भन्ने कुरा केही राजनीतिक दलहरू गरिरहेका छन्। संविधानसभाको निर्वाचन नै भए तापनि त्यसबाट के परिणाम निस्केला ? निस्केको परिणामको पालना होला कि नहोला ? र यस्तो परिस्थितिमा निर्वाचन निष्पक्ष रूपले सम्पन्न होला ? भन्ने यी तीन प्रश्नहरूको घेरामा संविधानसभाको औचित्यलाई राखिएको छ। तर यी सबै प्रक्रियागत कुराहरू हुन्। यहाँ उठाइएका प्रश्नहरू र आशंकाहरूको निवारणकै लागि पनि यसको प्रयोग गर्न खोजिएको हो। अर्थात्

हतियारको बिगबिगी र त्यसको विवेकहीन प्रयोग, हतियारमा आधारित विद्रोहको परिस्थितिबाट जन्मेको हिंसा र आतंकको अवस्थालाई शान्तिपूर्ण अन्तका लागि पनि संविधानसभाको प्रक्रियामा प्रवेश गर्न खोजिएको हो, हिंसा र आतंकका क्रियाकलापहरू यथावत् रहने अवस्थामा संविधानसभाको निर्वाचन हुने होइन। हतियारमा आधारित विद्रोह समाप्त गर्न, त्यसलाई राजनीतिक ढंगबाट शान्तिपूर्ण किसिमले टुंग्याउनका लागि यसको प्रयोग हुने हो। त्यसैले यस प्रक्रियामा सामेल हुनाका लागि गरिने गम्भीर छलफल र बहसको क्रममा नै ती शंका र प्रश्नहरूलाई निवारण गर्न सकिन्छ। यदि समस्या कतिपय व्यक्तिहरूले भने झैं संविधानसभाका बारेमा नभएर यस निम्ति अपनाइने प्रक्रियाहरूको बारेमा तथा त्यसबाट आउने परिणाम दिगो हुन्छ कि हुँदैन तथा त्यसमा व्यवधान र बाधा आउँछ कि आउँदैन भन्ने कुरामा आधारित हो भने सबै प्रकारका बहस, छलफल र वार्ताका क्रममा यी सबै पक्ष रहनेछन् र हुनेछन् भन्ने बारेमा कसैमा पनि अस्पष्टता रहनु हुँदैन। निश्चय नै यतिखेर सशस्त्र विद्रोहमा उत्रेको माओवादी तथा हुकूमी शासनको आकाङ्क्षा बोकेर दौडेका महाराजाधिराज नेपाली लोकतन्त्रका लागि उस्तै समस्या देखिएका छन्। तर हिजोसम्म संवैधानिक अभ्यासमा रहेका राजनीतिक पार्टीको लोकतन्त्रप्रतिको आफ्नो प्रतिबद्धतालाई ठोस कार्यक्रमका रूपमा अघि बढाउन सक्ता अतिवादमा रहेका दुवै पक्षलाई संविधानसभामार्फत सहमति र मेलमिलापको बाटोमा हिँडाउन सकिनेछ।

मुख्य कुरा ५० वर्षको संवैधानिक अभ्यासबाट पनि स्थापित हुन नसकेको संविधानमाथि जनताको स्वामित्वको प्रश्न छ। त्यसका लागि बालिग नेपालीहरूले आफ्ना निर्वाचित प्रतिनिधिमार्फत् अर्थात् संविधानसभाद्वारा संविधान निर्माण गर्ने र मुलुकलाई रूपान्तरणको प्रक्रियामा प्रवेश गराउने बाहेक संकट समाधानको अरू उपयुक्त र शान्तिपूर्ण उपाय देखिएको छैन। संविधानसभामा बसेर नै हामी राज्यसंरचनाका सबै विषय माथि विस्तारमा छलफल गर्ने छौं। यथार्थमा राज्यसंरचनाको अन्तिम विषयसूत्रीको टुंगो पनि संविधानसभाले नै लगाउनेछ। तर पनि प्रारम्भिक छलफलका निम्ति केही प्रमुख विषयको यस प्रस्तावमा चर्चा गरिएको छ।

### ३. जनमतसंग्रहको संवैधानिक प्रबन्ध

***नेपाल अधिराज्यको संविधान,*** *२०४७* मा संवैधानिक विकास र मुलुकमा समय-समयमा आउने विभिन्न प्रकारका द्वन्द्वहरूलाई जनताको सहभागितामा निर्णय गर्ने प्रक्रियाको प्रत्यक्ष संरचनाको अभाव एउटा महत्वपूर्ण कमीको रूपमा रहेको हो। त्यसबेला (२०४७) को संविधान सुझाव आयोगले राष्ट्रिय महत्वका र महत्वपूर्ण संवैधानिक सुधारका प्रश्नहरूमा जनमत संग्रह गर्ने प्रावधान हुनुपर्छ भन्ने प्रस्ताव राखेको थियो। तर अन्तिम बेलामा त्यस प्रावधानलाई हटाइयो। त्यसले संविधानमाथि जनताको स्वामित्व र जनतामा निहित भनिएको सार्वभौमसत्ताको व्यावहारिक प्रयोगमा संवैधानिक रूपले नै अवरोध खडा गर्‍यो। त्यसमाथि गएको बाह्र वर्षको संसदीय अभ्यासका क्रममा संविधान सुधार र विकासतर्फ कुनै अग्रसरता नदेखाएर संसद्ले



आफ्नो संवैधानिक शक्तिको परीक्षणसमेत गर्न सकेन। यी दुवै अवस्थाको प्रतिकूल प्रभाव संविधानको सहज र स्वाभाविक विकास माथि मात्रै परेको नभएर **संविधान, २०४७** को अस्तित्व र निरन्तरतामाथि नै परेको अनुभव हाम्रा अगाडि छ।

तसर्थ अब निर्माण गरिने संविधानमा द्वन्द्वको शान्तिपूर्ण रूपान्तरणको निम्ति तथा संवैधानिक विकासलाई खुला राख्नको लागि संविधानभित्र राष्ट्रिय महत्वका विषयहरूमा वा कुनै पनि महत्वपूर्ण संवैधानिक सुधारका सम्बन्धमा जनतासँग सोध्ने र त्यसैलाई अन्तिम निर्णय मान्ने पद्धति रहनु जरुरी छ। त्यो पद्धति संसद्को निर्णयद्वारा वा संवैधानिक प्रक्रियाद्वारा नै जनमतसंग्रह हुने व्यवस्थाले स्थापित गर्नसक्छ। यो प्रक्रिया जरुरी छ। किनभने कुनै पनि महत्वपूर्ण निर्णय हामी आफ्ना लागि गर्न सक्छौं, केही निकट भविष्यको लागि पनि गर्न सकौंला, तर अनन्तकालका लागि हामीले नै सबै निर्णय गरेर राख्न सक्दैनौं। पछि आउने कुराको निर्णयपछि आउने पुस्ताले नै गर्नुपर्ने हुन्छ। त्यसका लागि हामीले समय-समयमा जनमतसंग्रहद्वारा गर्न सकिने संवैधानिक विकासको बाटो संविधानमा नै खोलिदियौं भने हमेशा संविधानमाथि प्रहार गरिरहनु पर्ने र यसलाई उल्टाइरहनु पर्ने परिस्थिति आउँदैन। जनमतसंग्रहकै प्रक्रियाबाट हामी भविष्यमा आउने कुनै पनि प्रकारका राजनीतिक-सामाजिक द्वन्द्वलाई शान्तिपूर्ण ढंगले हल गर्दै अगाडि बढ्नसक्छौं। यस प्रक्रियाले जनतामा निहित सार्वभौमसत्तालाई व्यावहारिक रूपले समेत प्रयोग सम्भव बनाउन सक्छ। यथार्थमा जनतामा सार्वभौमसत्ता स्थापित हुने परिस्थिति निर्माण हुनेछ। तसर्थ अबको संविधानमा जनताले आफ्नो सार्वभौम अधिकारलाई प्रयोग गर्ने प्रक्रियाका रूपमा जनमतसंग्रहको प्रावधान संविधानको स्थायी अंग बनेर रहनै पर्ने हुन्छ। यथार्थमा लोकतन्त्रको पूर्णता र जनतामा निहित सार्वभौम सत्ताको व्यावहारिक सुनिश्चितता दुवैका लागि जनमतसंग्रहको संवैधानिक प्रबन्ध जरुरी छ।

### ४. प्रादेशिक/संघीय अवधारणा

गोरखा राज्यको एकीकृत नेपाल राज्यका रूपमा विस्तार र निर्माण भएदेखि अर्थात् २३६ वर्ष पहिलेदेखि अहिलेसम्मको शासन पद्धतिको स्वरूप केन्द्रीकृत र शासकीय मानसिकता केन्द्रीय वर्चस्वको रहँदै आयो। वास्तवमा प्रारम्भदेखि नै हिमाल, पहाड र तराई मिलेर बनेको वर्तमानमा नेपालको परिचय प्राप्त यो भूखण्ड पहिले यस किसिमको ढाँचामा थिएन। पृथ्वीनारायण शाहले गोर्खा राज्य (ठकुराई) विस्तार गर्नु अघि आ-आफ्ना ढाँचाको शासनमा आधारित भूभाग थियो। आफ्नै किसिमको स्वायत्त संरचनामा आधारित रजौटा (ठकुराई) हरूको भूखण्ड थियो। ठकुराइहरूको एकीकरण भएर आन्तरिक शासन प्रणाली विकसित भएका अवस्थामा मात्रै त्यस प्रदेशलाई वास्तविक रूपमा राज्य भनिएको पाइन्छ। यथार्थमा राजा यक्ष मल्लका समयसम्म मल्लराज्यका रूपमा काठमाडौं उपत्यका रहे पनि त्यसपछि उनका सन्तानका समयमा मल्ल राज्य टुटेर पुनः ठकुराईमा परिणत भएको उल्लेख इतिहासकारहरूले गरेका छन्। यसैगरी गोर्खा र गोर्खादेखि पश्चिमपट्टि प्यूठानसम्म रहेका चौबीसी राजा (रजौटाहरू) पनि राज्यभन्दा रजौटाका रूपमा नै देखिन्छन्। त्यसभन्दा पश्चिम पहाडीको भूभाग सिञ्जा साम्राज्य (राज्य) को पतनपछि यो पनि

बाइसी रजौटा (ठकुराई) हरूमा नै बाडिएको पाइन्छ। दूधकोसीदेखि पूर्वपट्टि विजयपुर, चौदण्डीका सेन राजाहरूले 'हिन्दुपति' भनेर आफूलाई प्रस्तुत गरे पनि यथार्थमा ती ठकुराई मात्रै थिए। यही परिस्थिति काठमाडौं उपत्यकादेखि दक्षिणी भागमा रहेको मकवानपुरको पनि थियो। काठमाडौं उपत्यकाको एकीकृत मल्लराज्यपछि अहिलेको तनहुँ, पाल्पा, मकवानपुर हुँदै पूर्वीतराई र पहाडसम्म पनि केही मात्रामा विस्तारित सेन राज्यको स्थिति सबै दृष्टिबाट बलियो देखिन्छ तापनि यी सबै भाइ-छोराहरूका अंशका रूपमा बाँडिएपछि सबैको हैसियत राज्यभन्दा रजौटाका रूपमा झरेको देखिन्छ।

पृथ्वीनारायण शाहले आफनो सैनिक अभियानका क्रममा रजौटा (ठकुराई) हरूलाई पुनः एक ठाउँमा ल्याउँदै गएपछि (किनभने लिच्छवीकाल र किराँतकालमा पनि विस्तारित नेपाल नै थियो भन्ने इतिहासकारहरूको भनाइ छ) यसले राज्यको आकार लिएको हो। पृथ्वीनारायण शाहका सन्तानले धेरै समय शासन संचालन गर्न सकेनन् । परिणाम स्वरूप नेपालमा राणा शासनको उदय भएपछि पछिल्लोपटक यसको केन्द्रीकृत र केन्द्रीय वर्चस्वको स्वरूप झन् बढी प्रबल बनेर गएको देखिन्छ।

केन्द्रीय वर्चस्व नै नेपालको निर्माणदेखि हालसम्म विभिन्न शासन प्रणालीको मूल प्रेरणा रही आएको छ। प्रणालीहरूमा परिवर्तन आए तापनि मूल प्रेरणा यथावत् छ। यस अतिरिक्त सबैभन्दा आश्चर्यजनक विषय लोकतन्त्रको पुनः स्थापनापछि पनि त्यही पुरानो प्रेरणाले काम गरिरहनु नै हो। नेपालको सन्दर्भमा स्वायत्ता र सहभागितामूलक शासन प्रणालीको संवैधानिक व्यवस्थाको कुरा गर्दा अब पुराना र परम्परागत दृष्टिकोण एवं मान्यताहरूमा मात्र केन्द्रित भएर पुग्दैन। ०४६ सालपछिका वर्षहरूको मात्र पुनरावलोकन गर्ने हो भने पनि हाम्रा चिन्तन र व्यवहारहरूमा समेत आधारभूत परिवर्तनको पहल अनिवार्य भइसकेको छ। केन्द्रीय वर्चस्वद्वारा नियन्त्रित र परिचालित हुने राजनीतिक संरचनाले गर्दा राज्यमा सहभागितामूलक राजनीतिको उपस्थिति कमजोर हुने, स्थानीय प्राथमिकता र विशेषताहरू ओझेलमा पर्ने, स्थानीय प्रतिभा र क्षमताहरू उपेक्षित वा अप्रयुक्त हुने, निर्धारित विकास खर्चहरू अलपत्र र दुरुपयोग हुने, तथा मुलुक निर्माणका निम्ति आन्तरिक प्रतिस्पर्धासमेत नहुने भएको छ। यसर्थ, राजनीतिकलगायतका सामाजिक र आर्थिक महत्वका निर्णयहरू जनस्तरबाट हुने र तिनको प्रभावकारी कार्यान्वयन समेत हुने परिपाटी बसाउन वैज्ञानिक र वस्तुगत आधारमा प्रादेशिक क्षेत्र र कार्य विभाजनको आवश्यकता छ। त्यस्तो ढाँचाले मात्र लोकतन्त्रलाई दिगो र बलियो बनाउन सक्नेछ।

बीसौं शताब्दीको उत्तरार्धदेखि नै संसारमा राज्यको संरचनाका बारेमा यस अघि स्थापित अधिकांश दृष्टिकोण र मान्यताहरूमा व्यापक परिवर्तनहरू आइराखेका छन्। खास गरेर केन्द्रीय वर्चस्वको सत्तामा आधारित भएर तथा एकल दृष्टिकोणद्वारा निर्देशित एवं परम्परागत सीमाभित्रका विकेन्द्रीकरणका उपायहरूले कहिल्यै बहुजातीय र बहुसांस्कृतिक राष्ट्रहरूको समस्यालाई सम्बोधन गर्न सकेन। सशस्त्र द्वन्द्व र टकरावको स्थिति बढ्न थाल्यो। परिणाम स्वरूप संघीय संरचना, क्षेत्रीय स्वायत्तता एवं भूसांस्कृतिक बनौटका आधारमा राज्यको पुनर्संरचनाका



प्रक्रियाहरूलाई द्वन्द्व व्यवस्थापनको उपायका रूपमा अघि सारिएको छ। लामो समयदेखि सशस्त्र द्वन्द्व पीडित राष्ट्रहरूमा यस्ता उपायहरूले प्रभावकारी रूपमा सकारात्मक परिणामहरू देखाउन पनि थालेका छन्। त्यसैले गर्दा अहिले आएर सबैको संलग्नता, सहभागिता, समानुपातिक प्रतिनिधित्व, स्वायत्तता र सत्ता साझेदारीलाई राज्य पुनर्संरचनाको नयाँ मान्यता र सिद्धान्तका रूपमा स्वीकार गरिएको छ।

नेपालमा भने पछिल्लो पटक २०४६ सालको जनआन्दोलनको वैधानिक दस्तावेजका रूपमा बनेको **संविधान, २०४७** ले पनि राज्यप्रणालीलाई केन्द्रीकृत संरचनाबाट उन्मुक्ति प्रदान गर्न सकेन। वास्तवमा संविधान निर्माणको अवस्थामा राज्यको स्वरूप र नयाँ शासकीय संरचनाको विषयमाथि गम्भीर छलफल हुनै सकेन। यसले गर्दा नेपालको विविधता र बहुलतालाई प्रतिविम्बित गर्ने नयाँ ढाँचामा शासनप्रणालीको निर्माण हामीले गर्न सकेनौं। राजनीतिक पद्धति लोकतान्त्रिक बनाउने प्रयत्न भए पनि राज्यसंरचनाको लोकतान्त्रीकरण नगर्दा लोकतन्त्रमाथि नै बारम्बार संकट आए । फलस्वरूप प्रारम्भ भएका केही सकारात्मक अभ्यासहरूमा पनि अवरोध हुने परिस्थिति गएको ५० वर्षकै अवधिमा हामीले पटक-पटक बेहोर्नुपऱ्यो। त्यसैले अब नेपालको राज्यसंरचनालाई संघीय वा अर्धसंघीय वा प्रादेशिक संरचना जे भने पनि केन्द्रीय वर्चस्वको शासन र प्रणालीलाई अन्त्य गर्नै पर्ने अवस्था आएको छ। त्यसो नगरिकन नेपालमा वास्तविक रूपमा र सही ढंगबाट लोकतन्त्रको विकास गर्न सकिने अवस्था रहँदैन।

यस सन्दर्भमा नेपाली कांग्रेसको दुईवर्ष अगाडिको एउटा प्रस्तावलाई सम्झनु र समीक्षा गर्नु उपयुक्त हुनेछ। चौधबुँदे कार्यक्रम (२०६०) का रूपमा चर्चित त्यस दस्तावेजको राज्यसंरचनामा परिवर्तन र सुधारसम्बन्धी प्रसंगमा भनिएको छ-

> *मुलुकको आर्थिक सामाजिक रूपान्तरणको लागि थप प्रतिनिधित्वपूर्ण र सहभागितामूलक राज्यसंरचनाको आवश्यकता छ। विगत १२ वर्षका अनुभव र प्रयोगलाई ध्यानमा राख्तै प्रजातान्त्रिक संरचना र प्रक्रियाअन्तर्गत आर्थिक-सामाजिक न्यायलाई सबै वर्ग र समुदायसम्म समानुपातिक ढंगले पुऱ्याउने पद्धति र संरचनाको खोजी आजको आवश्यकता हो। यसका लागि विभिन्न क्षेत्र, वर्ग,जाति-जनजाति, भाषासमेतको विविधता झल्कने र सहभागितको ग्यारेन्टी हुने गरी राज्यसंरचनाको निर्माण गर्न चाहन्छ। यस निम्ति राजनीतिक, आर्थिक एवं सांस्कृतिक अधिकारसहितको क्षेत्रीय संरचनाको निर्माण गर्न जरुरी भएको छ। यस व्यवस्थाअन्तर्गत स्थानीय निकायहरूलाई बढी ठोस र व्यवस्थित रूपमा विकेन्द्रित र स्वायत्तशासी संस्थाका रूपमा विकसित गरिनेछ। यस क्रममा गाउँ, नगर, जिल्ला र निर्वाचन क्षेत्रको समेत आवश्यकता र औचित्यका आधारमा वैज्ञानिक र न्यायपूर्ण पुनर्संरचना गर्नुपर्छ।*

केन्द्रीय कार्यसमितिको २०६० असार ८-९ गते बसेका बैठकद्वारा पारित) निश्चित रूपमा कांग्रेसको यो प्रस्ताव संक्षिप्त र सूत्रबद्ध छ र केही मात्रामा अपूर्ण पनि देखिन्छ। त्यसैले पनि यसले थप स्पष्टता र व्याख्याको अपेक्षा गरेको छ। राज्यसंरचनामा परिवर्तन र सुधारको यस प्रस्तावले मुलुकमा रहेका सबै प्रकारका अर्थात् क्षेत्र, वर्ग, जाति-जनजाति र भाषासमेतको विविधता झल्कने र तिनको सहभागिता अर्थात् आकांक्षा र न्यायपूर्ण प्रतिनिधित्वलाई प्रत्याभूति (ग्यारेन्टी) गर्ने भनेको छ। आर्थिक-सामाजिक न्यायलाई सबै वर्ग र समुदायसम्म पुऱ्याउने लोकतान्त्रिक पद्धति र संरचनाको खोजीलाई यस प्रक्रियाको मूल उद्देश्य मानिएको छ। जसका निम्ति राजनीतिक, आर्थिक, एवं सांस्कृतिक अधिकारसहितको क्षेत्रीय वा प्रदेशगत संरचना र त्यसअन्तर्गतको स्थानीय निकायलाई स्वायत्तशासी र विकेन्द्रित ढाँचामा विकसित गरिने प्रतिबद्धता पनि प्रकट भएको छ।

लोकतन्त्रको पहिलो आधार स्वशासन नै हो अर्थात् आफ्नो शासन आफैंले गर्ने प्रणाली हो। लोकतन्त्रमा व्यक्तिगत स्वतन्त्रतालाई सर्वाधिक महत्व दिइने दार्शनिक कारण पनि यही हो। सरकारसँग नागरिकको ज्यादै नजिकको पहुँच हुनाका लागि उनीहरूले भेट्टाउने ठाउँमा सरकार हुनुपर्छ। स्वशासनको मान्यताले नै अन्ततः स्वायत्त संरचनाको पनि जन्म गराउने हो। केन्द्रीय सरकार मात्र भयो, प्रदेश र जिल्ला वा स्थानीय तहमा निर्वाचित सरकार भएनन् भने नागरिकले भेट्टाउने ठाउँमा सरकार हुँदैन। यस निम्ति शासनलाई अकेन्द्रित गर्नु, शासनलाई संघीय वा प्रादेशिक संरचनामा बाँड्नु जरुरी हुन्छ। त्यसैका आधारमा स्थानीय स्वायत्त शासनलाई विकसित गर्न सकिन्छ र अरू प्रभावकारी बनाउन सकिन्छ। अहिले संसारभर नै शासनमा जनताको सहभागिता र प्रतिनिधित्वको प्रश्न सवल रूपले उठिरहेको छ। लोकतन्त्रको नयाँ अभ्यास सुरू गर्न खोजिरहेका मुलुकहरूमा यी विषयहरू झन् प्रबलताका साथ उठ्ने गरेका छन्। किनभने लोकतन्त्र र स्वशासन वा स्वायत्त शासन अभिन्न विषय हुन्।

वास्तवमा अहिले माओवादी हिंसात्मक विद्रोहको उपचारका निमित्त राजनीतिक उपायहरूको खोजी गर्ने बहसमा पनि हामी छौं। निश्चय नै माओवादीहरूले हाल चर्चामा ल्याएको जातीय राज्यको प्रयोग थुप्रै आधारभूत प्रश्न र आशंकाको घेरामा छ, यसमा धेरै अस्पष्टता र अधकल्चोपन पनि छ। त्यसबाहेक यतिखेर अन्य संस्था र व्यक्तिहरूले समेत थुप्रै प्रस्तावहरूलाई अघि सारेका छन्। ती सबै प्रस्तावमा समानताका केही बुँदा छन् र साथै मनोगत र दृष्टिकोणगत भिन्नता पनि छन्। तैपनि हाम्रो मुलुकले यतिखेर बेहोरिरहेका समस्याको समाधानको बाटो खोज्न यी सबै प्रस्ताव विविध दृष्टिकोणका रूपमा सहयोगी बन्न सक्छन्। अहिले हामी समाजमा रहेका भेदभाव, शासनमा जनसहभागिताको न्यूनता र राज्यको एकांगी स्वरूपको अन्त्य गर्नुपर्ने आवश्यकताको बारेमा छलफल गरिरहेका छौं। जतिसुकै समानुपातिक र जेजति मात्रामा प्रतिनिधित्वपूर्ण बनाउन खोज्दा पनि केन्द्रीय सत्तामा सबै किसिमको प्रतिनिधित्व र सहभागिता सम्भव नहुन सक्छ। केन्द्रीय शासनमा मात्र केन्द्रित राज्यसत्तालाई प्रादेशिक संरचनामा र त्यसअन्तर्गत स्थानीय स्वायत्त निकायहरूमा विस्तारित गरेपछि वा फैलाएपछि मात्रै वास्तविक



रूपमा शासनलाई सहभागितापूर्ण र संरचनालाई प्रतिनिधित्वपूर्ण बनाउने परिस्थिति सिर्जना हुनेछ। यी सबै कुरा एक अर्कासँग जोडिएका छन्। यी समग्र विषयहरूलाई सम्बोधन गर्नाका निमित्त राज्यको पुनर्संरचना जरुरी छ। त्यसपछि मात्रै विभिन्न भाषा, जाति/समुदाय, धर्म र संस्कृतिका जनतालाई पनि शासनमा समानुपातिक ढंगले पर्याप्त मात्रामा प्रतिनिधित्व गराउन सकिन्छ। राजनीतिक रूपले त्यस्तो प्रतिनिधित्व बढाउने बित्तिकै भाषा, संस्कृति, धर्म, उपासना पद्धति आदिका बारेमा पनि स्वतन्त्र ढंगबाट निर्णय गर्नसक्ने अधिकार प्राप्त हुनेछ। यसैबाट शासनमा समानता र सन्तुलनको परिपाटी पनि विकसित गर्न सकिन्छ। यसले मात्रै वास्तवमा समतामूलक समाज सिर्जना गर्न राजनीतिक आधार दिनेछ।

### ४.१ प्रदेश अवधारणाको पूर्वाधार

स्वायत्तताको वास्तविक प्रयोगमा नै लोकतान्त्रिक प्रणाली अडिएको हुन्छ। स्वायत्तता भन्नु अधिकार प्रक्षेपण मात्रै नभएर जिम्मेवारीको स्वरूप निर्धारणसमेत हो। वैयक्तिक स्वतन्त्रताको मूल मान्यताबाटै स्वायत्तताको आधार निर्मित हुन्छ। धेरै जसो परम्परागत दृष्टिकोणमा स्वायत्ततालाई विखण्डनको प्रोत्साहनका रूपमा पनि बुझ्ने गरिन्छ। तर स्वायत्तता भनेको विखण्डन होइन। स्वायत्तताले स्वस्फूर्त साझेदारीलाई सघाउँछ तर केन्द्रीकृत अवधारणासँग स्वायत्तताको सधैं विरोध रहन्छ। समाज जति विविधतापूर्ण हुन्छ त्यति नै शासन पद्धतिमा स्वायत्तताको आवश्यकता बढी हुन्छ। स्वायत्तताले आन्तरिक प्रतिस्पर्धालाई पनि प्रोत्साहित गर्छ।

सरकारको प्रभावकारिता र विश्वसनीयताका लागि यो संरचना प्रतिनिधिमूलक हुनाका साथै सहभागितामूलक हुन पनि आवश्यक हुन्छ। सहभागिता कम हुँदा सरकारप्रतिको आत्मीयता कम हुन्छ। नागरिकलाई बढीभन्दा बढी आफ्नो सरकारसँग सन्निकट र तादात्म्य राख्न सहभागितामूलक पद्धतिको समायोजन जरूरी हुन्छ। यस पद्धतिले स्वशासनको भावना पनि बढाउँछ। यी सबै आधार र कारणहरूले गर्दा राज्यको पुनर्संरचना र प्रदेशहरूको निर्माण आवश्यक मात्रै होइन अनिवार्यसमेत बनेको छ।

लोकतान्त्रिक मूल्यपद्धति संसारकै साझा विषय भए पनि त्यसलाई के कस्ता संस्थाहरूका माध्यमबाट अभ्यास गर्ने भन्ने विषयको निर्धारण सम्बन्धित मुलुकको आफ्ना अनुभव एवं सामाजिक-सांस्कृतिक तथा भूराजनीतिक परिस्थितिलाई समेत ध्यानमा राखेर गरिन्छ। नेपाल जनसंख्या र क्षेत्रफलसमेतका दृष्टिले विश्वका ठूला राष्ट्रका बीचमा रहेकाले सानो मुलुक जस्तो देखिए पनि जनसंख्या र क्षेत्रफल दुवै दृष्टिबाट संसारमा नेपालभन्दा साना मुलुक थुप्रै छन्। भौगोलिक रूपले सानो वा ठूलो हुनु सापेक्षिक विषय हो। नेपालभन्दा क्षेत्रफलका दृष्टिले साना मुलुक पनि प्रादेशिक वा संघीय संरचनामा छन्। त्यसैले यसको औचित्य आवश्यकताले स्थापित गर्ने हो। त्यसैगरी भौगोलिक र सांस्कृतिक दृष्टिले नेपालको विशेषता झन् बढी विविधतापूर्ण छ। त्यसैले नेपाल एकातिर बहुसंस्कृतिमूलक समाज हो भने अर्कातिर अवसरका दृष्टिले पनि तुलनात्मक रूपमा धेरै अगाडि-पछाडि परेका ठाउँहरू नेपालभित्र छन्। राजधानी र राजधानी बाहिरका क्षेत्रहरूको तुलनामा मात्र होइन

राजधानी बाहिरका क्षेत्रहरूकैबीच पनि तुलना गर्ने हो भने पनि विषमता धेरै मात्रामा प्रकट हुन्छ । विकास आयोजनाहरूकै बाँडफाँडमा पनि ठूलो असन्तुलन देखिएको छ । क्षेत्रीय, जातीय र सांस्कृतिक समुदायगत हिसावले पनि असन्तुलनको मात्रा तीव्र देखिन्छ । त्यसैले राजनीतिक र आर्थिक अधिकारको केन्द्रीकरण पहिलो चासोको विषय हो भने त्यसपछि अन्य अधिकारहरू स्थापित हुँदै जाने प्रक्रिया प्रारम्भ हुनेछ ।

अहिले काठमाडौंमा सत्ता र शासन मात्रै होइन राज्यको अधिकांश स्रोत र साधन पनि केन्द्रित भइरहेको छ । यिनै कारणले गर्दा अवसर र सुविधानको आकर्षणले बितेका केही वर्षदेखि निजी स्रोत र साधन पनि काठमाडौंमा जम्मा भइरहेको छ । यसले काठमाडौंको वातावरण र व्यवस्थापन दुवैलाई बिगारेको छ । बाहिरबाट छोटो अवधिको काम लिएर आउनेहरूका लागि पनि धेरै प्रकारको कठिनाइ र असुविधा थपेको छ । यसैबीच काठमाडौं बाहेक मुलुकका केही प्रमुख ठाउँहरूमा जनघनत्व बढी रहेको छ र नयाँ सहर र बस्तीको विस्तार हुने क्रमदेखा परिरहेको छ । ती-ती क्षेत्र र प्रदेशहरूमा नै जनतालाई रोकेर काठमाडौंजस्ता एकाध ठाउँमा मात्रै जनघनत्व थपिन नदिन ती ठाउँहरूमा साधन र स्रोत मात्रै पुऱ्याएर हुँदैन शासन र सत्ता पनि पुऱ्याउनुपर्ने हुन्छ । यतिखेर मुलुकमा भइरहेका अर्थ-राजनीतिक परिवर्तनका यी लक्षणहरूले पनि स्वाभाविक रूपमा नै प्रादेशिक विभाजनको पूर्वाधार निर्माण गरिरहेका छन् ।

बहुसंस्कृतिमूलक समाजका कारण विविधतापूर्ण सांस्कृतिक विशेषताहरूले नेपाललाई सम्पन्न बनाएको छ । तर कतिपय जाति र समुदायका आधारमा रहेको विभेद र विभाजनले राज्यले उपलब्ध गराएका अवसरहरूको प्राप्तिमा ठूलो अन्तर र असन्तुलन देखाउँछ । निश्चय नै बसाइँ-सराइँ र सहरीकरणको प्रक्रियाले एउटै ठाउँमा निश्चित समुदाय वा सांस्कृतिक समूह मात्र बसोबास गर्ने परम्परागत शैलीमा ठूलो परिवर्तन आएको छ । जनसंख्याको घनत्व भएका ठाउँहरू मिश्रित बसोबास केन्द्रित भएका छन्, तैपनि निश्चित क्षेत्रहरूमा समुदाय विशेषको बहुलता अझै पनि कायम रहेको छ । यी सबै आधारहरू राज्यको पुनर्संरचनाका निम्ति बलियो पूर्वाधार बनेका छन् । त्यसैले यस्ता सबै विशेषतालाई राज्यको राजनीतिक नेतृत्वमा पुऱ्याउन उपयुक्त राज्य संरचनाको आवश्यक छ । त्यसका लागि केन्द्र र स्थानीय निकायकाबीच संयोजकको रूपमा पनि प्रदेश-रचनाको अनिवार्य आवश्यकता देखिएको छ ।

यतिखेर विभिन्न व्यक्ति, पार्टी र जातीय संस्थाहरूका तर्फबाट अघि सारिएका प्रादेशिक विभाजनका प्रस्तावहरूमा देखिएका आधारहरू क्षेत्रीय, जातीय र भाषिक-सांस्कृतिक छन् । तर तिनमा आधारगत एकरूपता र वैज्ञानिक दृष्टिकोणभन्दा आकांक्षा तथा आग्रहको मात्रा अधिक देखिन्छ । कुनै पनि प्रस्तावित जातीय प्रदेशमा ती जाति वा समुदायको उपस्थिति न्यूनतम १८-२० प्रतिशतदेखि अधिकतम ३०-३५ प्रतिशतसम्म देखिन्छन् । यसले ती प्रदेशका अत्यधिक संख्या अरू नै जाति वा समुदायको छ भन्ने स्पष्टै देखिन्छ । पछिल्लो जनगणना (२०५८) ले नेपालमा १०१ जातिको उपस्थिति रहेको तथ्यांक निकालेको छ । यी जातिहरूमध्ये सीमितका मात्रै



निश्चित बसोबासका परम्परागत क्षेत्र छन् । अरू बाँकी सबै र हिजोसम्म परम्परागत रूपमा प्रायः एकै क्षेत्रमा बसोबास गर्दै आएकाहरूसमेत अहिले आएर देशव्यापी रूपमा छरिएर रहेका छन् । नयाँ र जनघनत्वपूर्ण वस्तीहरू मिश्रित बन्दै गएका छन् । यस परिस्थितिमा प्रदेशको रचना र नामकरण जातीय आधारमा नभएर तटस्थ ढंगले राख्नु उपयुक्त हुनेछ ।

प्रदेश विभाजनको आधार क्षेत्रीय वा भौगोलिक अनुकूलता, भाषिक-सांस्कृतिक जाति समुदाय नै भए पनि सबै ठाउँका लागि यी आधार समान ढंगले उत्तिकै उपयोगी देखिदैनन् । त्यसैगरी भौगोलिक क्षेत्र मात्रैलाई आधार बनाउन पनि कठिन हुनेछ । किनभने भौगोलिक आधारमा नेपाललाई मुख्यरूपमा दुई र उपविभाजनअनुसार चार किसिमबाट हेरिने गरिएको छ । पहाड र मधेस दुई किसिमको भौगोलिक अवस्था भए पनि त्यसलाई उपविभाजन गरेर उच्च पहाड (हिमाल) र पहाड तथा भित्रिमधेस र मधेस (तराई) गरी चार रूपमा हेर्न सकिन्छ । त्यसैले भौगोलिक मात्रै आधारमा प्रदेश बनाउँदा मधेस एउटा प्रान्त, भित्री मधेस अर्को प्रान्त हुने छन् । त्यसैगरी पहाड र उच्च पहाड दुई अरूप्रान्त थपेर पूर्व-पश्चिम फैलिएको स्वरूपमा विभाजित गरी जम्मा नेपाललाई चार प्रान्त बनाउनु पर्नेहुन्छ । निश्चय नै यस्तो विभाजनको आधार भौगोलिक हुनेछ र केही मात्रामा भाषिक-सांस्कृतिक देखिनेछ ।

कतिपय प्रस्तावमा पूर्व-पश्चिम, विविध भाषाभाषी सम्पूर्ण मधेसलाई एउटै प्रान्त बनाउने कुरा पनि आएको छ । त्यस्तै आधारमा पहाडीया संस्कृतिको मोटामोटी एकरूपतालाई आधार बनाएर विविध भाषाभाषी समूहको एउटै प्रान्त बनाउन खोज्दा त्यो व्यावहारिकता, वैज्ञानिकता र उपयुक्तताका दृष्टिले पनि उचित हुने छैन । समग्र पहाडका निम्ति सम्पर्क भाषा नेपाली छ भनेजस्तै समग्र मधेसका निम्ति सम्पर्क भाषा हिन्दी बनाउन सकिन्छ भनेर तर्कलाई अघि सारे पनि यस्ता प्रकारका विभाजन खासै वैज्ञानिक र व्यावहारिक हुने छैनन् । जेजस्तो उद्देश्य पूर्तिका लागि हामी प्रदेश विभाजनको आवश्यकता देखिरहेका छौं, यस किसिमको विभाजनले ती काम पूरा गर्ने छैनन् । निश्चय नै उच्च पहाडको भाषिक, सांस्कृतिक स्वरूप र समस्या पनि एकै नासको छ । सबैको तिब्बती संस्कृतिसँग सादृश्य र सम्भव भए जति ठाउँमा पारस्परिक व्यवहार र सम्पर्क पनि छ, धार्मिक र भाषिक समानता पनि छ तर समग्र उच्च पहाडलाई एउटै प्रदेश बनाउनु सम्भव छैन । त्यसैगरी समग्र पहाड र समग्र मधेस वा भित्रिमधेस एउटै प्रान्त बन्नु उपयुक्त र व्यावहारिक देखिदैन । साथै राजनीतिक र आर्थिक दृष्टिले उपयुक्त हुने छैन । भाषिक हिसाबले पनि व्यावहारिक हुने छैन । तसर्थ समग्र आधारलाई मिश्रित रूपमा प्रयोग गर्दै उपयुक्त र औचित्यका दृष्टिबाट ठीक ठहरिने किसिमबाट प्रदेशहरूको विभाजन गर्नु उपयुक्त हुनेछ । प्रशासनिकलगायत अन्य अनुकूलतामाथि पनि दृष्टि पुऱ्याउनु पर्नेछ । यसरी गर्दा पहाड र उच्च पहाड पनि विभिन्न प्रदेशमा पर्नेछन् । त्यसैगरी मधेस र भित्रिमधेस पनि भाषिक तथा समुदायगत विशेषता तथा भौगोलिक एवं जल प्रवाहका आधारमा विविध प्रदेशका रूपमा स्थापित हुन सक्नेछन् । जुन-जुन क्षेत्र वा प्रदेशमा अहिले पनि निश्चित जातिहरूको घनत्व र बाहुल्य छ त्यस प्रदेशमा ती जातिहरूको नेतृत्व र

सहभागिता अगाडि रहने विषय स्वाभाविक हुनेछ । अधिक मात्रामा रहेका समुदायका सांस्कृतिक विशेषता र परम्पराले महत्व पाउने छन् । तर पनि जसरी समग्र नेपाललाई कुनै धर्म र जातिको पहिचानभित्र राख्न बहुसंख्यामा ती जाति र धर्म मान्नेहरू भए पनि उपयुक्त देखिरहेका छैनौं । त्यस्तै संरचनामा रहेका प्रदेशहरूका लागि पनि यही आधार र दृष्टिकोणलाई प्रयोग गर्नु वैज्ञानिक र यथार्थपरक हुनेछ ।

जेभए पनि अहिलेसम्म विभिन्न कोण र आधारबाट अघिसारिएका प्रस्तावहरूलाई केलाउँदा हामीलाई प्रदेश विभाजनको साझा आधार उपलब्ध हुनसक्छ । ती प्रस्तावमा देखिएका आग्रह माथि ध्यान दिन सकिन्छ तर त्यसमा रहेका पूर्वाग्रहका अंशलाई चाहिँ हटाउनुपर्ने हुन्छ । यसरी हेर्दा देखिने केही आधारहरू यस प्रकारका छन्-

भौगोलिक अनुकूलता

भाषिक-सांस्कृतिक विशेषता

प्राकृतिक स्रोत र आर्थिक सम्भावना

जनघनत्व जातिय मिश्रण र अनुपात आदि

हाम्रा नयाँ बस्तीहरू जहाँ जनघनत्व व्यापक मात्रामा बढिरहेको छ, ती सबै जातीय र सांस्कृतिक हिसावले मिश्रित बन्दै गएका छन् । पारस्परिक सद्भाव र आपसी मैत्रीपूर्ण सम्बन्धलाई नखल्बल्याउन पनि तदनुरूप प्रादेशिक विभाजन र सम्भव भएसम्म ती प्रदेशहरूको तटस्थ नामाकरणको आधार खोज्नु उपयुक्त हुनेछ ।

**४.२ प्रदेश रचनाको सम्भावित स्वरूप**

नेपाललाई प्रदेशहरूका माध्यमबाट राजनीतिक रूपमा पुनर्संरचना गर्ने प्रस्ताव नौलो कार्य हो । तर यस कार्यको पृष्ठभूमिमा नेपालको भौगोलिक वा प्राकृतिक, सांस्कृतिक एवं भाषिकलगायतका पहिलेदेखिकै विविधताहरू अन्तर्निहित छन् । तिनै विविधताहरूका आधारमा निर्माण भएको प्रदेशहरूको अस्तित्व परम्परादेखि नै अप्रत्यक्ष रूपमा विद्यमान छ ।

नेपाल क्षेत्रफलका हिसाबले अपेक्षाकृत ठूलो राज्य नभए पनि यसका आफ्नै ढंगका कठिनाई छन् । ती कठिनाईलाई यथार्थपरक ढंगले सम्बोधन नगरी मुलुकको प्रादेशिक पुनर्संरचनालाई पूर्णता दिनु सम्भव देखिँदैन । नेपाल पनि अन्य कतिपय देशहरूजस्तै भौगोलिक र भाषिक-सांस्कृतिक विविधताले भरिएको देश हो । भौगोलिक वा प्राकृतिक रूपमा यसको विभाजनका दुई आधार मानिएका छन् । १) समुद्री तहदेखिको उचाइ र २) मुख्य नदीद्वारा सिँचाइ गरिएका क्षेत्र । उचाइका हिसाबले तराई (३०० मिटर र त्यसभन्दा तल), भित्रिमधेस (३००-७०० मिटरसम्म) पहाड (७००-२००० मिटरसम्म) उच्च पहाड (२०००-२५०० मिटरसम्म) र हिमालय (२५००-८८४८ मिटरसम्म) छन् । त्यसैगरी मुख्य नदीद्वारा सिँचाइ गरिएका क्षेत्रका आधारमा कोसी प्रदेश (मेची र कोसी बीचको भूभाग), वागमती प्रदेश (वाग्मती नदी र यसका शाखा नदीले सिंचेका क्षेत्र), गण्डकी प्रदेश (मूलतः गोसाइँथान–धौलागिरी बीचका नदीहरू विशेष रूपमा सप्तगण्डकीले सिंचित क्षेत्र) र कर्णाली प्रदेश ( धौलागिरीदेखि नन्दादेवीबीचका नदीद्वारा सिञ्चित क्षेत्र) मानिएका छन् । सामान्यतया नेपालको तराई क्षेत्र भौगोलिक अवस्थिति, स्थानीय पहिरन र हावापानी आदिका



दृष्टिले समान जस्तो देखिए पनि जल विभाज्य र स्थानीय भाषा र बोलीचालीका आधारमा पाँच क्षेत्रमा विभाजित गर्ने गरिएको छ । ती क्षेत्रहरू (१) मेचीदेखि कोसीसम्म (२) कोसीदेखि वाग्मतीसम्म (३) वाग्मतीदेखि नारायणीसम्म (४) नारायणी (गण्डकी) देखि राप्तीसम्म र (५) राप्तीदेखि महाकालीसम्म छन् । अबको प्रदेश विभाजन र मुलुकमा रहेका भौगोलिक र प्राकृतिक विभाजनलाई ध्यानमा राखेर गरिनेछ । साथै भाषिक र सांस्कृतिक विशेषताहरूलाई पनि स्वरूप निर्धारणको महत्वपूर्ण आधार मान्नुपर्छ । यसबाहेक सकेसम्म प्रदेशको आर्थिक सामर्थ्य बढाउने सम्भावित प्राकृतिक स्रोतको खोजी पनि हुनैपर्ने छ ।

यस प्रकारको प्राकृतिक वा भौगोलिक विभाजनको पृष्ठभूमिमा नेपालको वर्तमान लोकतान्त्रिक प्रणालीअन्तर्गतको बृहत्तर संरचनाप्रतिको प्रतिबद्धता अनुरूप राजनीतिक प्रशासनिक पुनर्संरचनाको स्वरूप तय गर्नु उपयोगी एवं कार्यमूलक हुनेछ । वास्तवमा मुलुकलाई प्रादेशिक पुनर्संरचनातर्फ लैजानुको मूल अभिप्राय पनि हाम्रो लोकतन्त्रलाई कार्यमूलक र सुसञ्चालित बनाउनुनै हो । यसले वर्तमानमा रहेको विकासको असन्तुलित र केन्द्रीकृत वितरणको प्रणालीलाई अन्त्य गर्दै न्यायपूर्ण एवं सन्तुलित ढंगले विकासका अवसर र त्यस निम्ति लोकतान्त्रिक संस्थाहरूलाई समेत अकेन्द्रित गर्नेछ । साथै क्षेत्रीय आकांक्षा र विशेषताहरूलाई मुखरित गर्न तथा उपेक्षित रहेका र पछि परेका समुदायहरूलाई राजनीतिक निकायमा पुऱ्याउन आवश्यक प्रक्रिया र प्रणाली विकसित गर्न सहज हुनेछ ।

प्रत्येक प्रदेशमा समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचन प्रणाली व्यवस्थित गर्नु उपयुक्त हुनेछ । कार्यक्षेत्रको स्पष्ट उल्लेखसहित यसका प्रति उत्तरदायी प्रदेश सरकार र एक सदनात्मक व्यवस्थापिकाअन्तर्गतका निकायहरूको कर्मचारी व्यवस्थापन पनि छुट्टै गर्नु आवश्यक हुन्छ । केन्द्रका तर्फबाट प्रत्येक प्रदेशका लागि एक जना केन्द्रीय प्रतिनिधिको व्यवस्था गर्न सकिन्छ जसलाई क्षेत्रपाल वा प्रदेश गभर्नर वा अन्य कुनै उपयुक्त नाम दिन सकिन्छ । प्रदेशको अधिकार संविधानद्वारा निश्चित गरिनेछ । प्रदेशअन्तर्गत पर्ने जिल्ला नगर-गाउँ पालिकाहरू प्रादेशिक समन्यव र प्रत्यक्ष सम्पर्कभित्र पर्नेछन् । त्यसैगरी प्रदेशभित्र कतिपय ठाउँमा भाषिक-सांस्कृतिक एक रूपता र बसोबासको घनत्वको आधारमा आवश्यकतानुसार विशेष स्वायत्त क्षेत्रको व्यवस्था गर्नुपर्ने हुन्छ । न्यायपालिकाका हकमा केन्द्रमा सर्वोच्च अदालत, प्रादेशिक उच्च अदालत र जिल्ला अदालत गरी तीन तह मात्र राख्नु उपयुक्त हुनेछ ।

उपयुक्त प्रादेशिक संरचनामा प्रवेश गरेपछि स्थानीय स्वायत्त शासनको वर्तमान संरचना र कार्यक्षेत्रका बारेमा व्यापक पुनरावलोकन गरी स्थानीय स्वायत्त शासनका बारेमा नयाँ व्यवस्थाको स्वतः आवश्यकता पर्ने हुन्छ । केन्द्र प्रदेश र स्थानीय भइसकेपछि हालको जिल्ला तहलाई नयाँ किसिमबाट समायोजन गर्नुपर्ने आवश्यकता हुन सक्छ । विकेन्द्रित पद्धतिद्वारा स्थानीय सामुदायिक, सांस्कृतिक आकांक्षाको प्रतिनिधित्व हुने गरी गाउँ र नगरपालिकालाई नै स्थानीय स्वायत्त शासनको आधार स्तम्भका रूपमा विकसित गर्न थप पुनर्संरचनामा जानु आवश्यक हुनेछ ।

## ४.३ केन्द्र र प्रदेशका कार्यक्षेत्र

प्रस्तावित प्रदेश रचनासम्बन्धी धारणाले केन्द्रका कार्यक्षेत्र र प्रदेशका कार्यक्षेत्र के कस्ता हुनेछन् भन्ने जिज्ञासालाई सर्वाधिक प्राथमिकताका साथ उठाउने छ। यस अवधारणामा केन्द्रलाई केही क्षेत्रमा पूर्णरूपमा र केहीमा आंशिक जिम्मेवारी दिइनुपर्ने हुन्छ। केन्द्रलाई नीतिमूलक जिम्मेवारीमा राखिने र कार्यमूलक जिम्मेवारीहरू प्रायः प्रदेशको कार्यक्षेत्रमा स्थानान्तरित गर्नु उपयुक्त हुनेछ। तर नीतिगत तथा कार्यमूलक नै भए तापनि बृहत्तर राष्ट्रिय सुरक्षासित सम्बन्धित विषयहरू केन्द्रकै अन्तर्गत रहने हुँदा रक्षा, परराष्ट्र, मुद्राजस्ता विषयहरू पूर्णतः केन्द्रकै जिम्मेवारीमा रहन्छन्। नयाँ प्रविधि, आवश्यकता र अभ्यास समेतले गर्दा परम्परागत रूपमा पूरै केन्द्रकै जिम्मेवारी भित्र पर्दै आएका सूचना र सञ्चारसित सम्बन्धित विषयहरू केन्द्र र प्रदेशकाबीच निर्धारित जिम्मेवारीमा बाड्नुपर्ने हुन्छ। कतिपय विषयहरूको नीतिगत पक्षको जिम्मेवारी केन्द्रमा समेत रहे पनि तिनको कार्यमूलक पक्षको अधिकांश दायित्व प्रदेश कै हुनेछ।

त्यस्तै प्रदेशभित्रका आन्तरिक सुरक्षा तथा प्रशासन, शिक्षा र संस्कृति, स्रोतव्यवस्थापन तथा व्यापार, कृषि तथा लघु उद्योग, भूपरिवहन, आवास तथा निर्माण, प्राकृतिक साधन र जनस्वास्थ्यजस्ता विषयहरूमा प्रदेशलाई अधिकतम स्वायत्त परिचालनको अधिकार रहनुपर्छ। यी विषयमा वा यी विषयमध्ये कुनै एक विषयमा केन्द्रको हस्तक्षेप हुनुपर्ने खण्ड आएमा केन्द्रीय संसद्ले त्यसको अनुमोदन गरेको हुनुपर्नेछ। प्रदेशको जिम्मेवारीका रूपमा सूचीबद्ध विषयहरूमा प्रदेश विशेषको सरकारका सिफारिसमा त्यहाँको विधायिकाले अनुमोदन गरेका खण्डमा केन्द्रीय शासनले प्रत्यक्ष सहयोग गर्न सक्नेछ। यस बाहेक संविधान र ऐन स्पष्ट नभएका विषयमा केन्द्र र प्रदेशका बीच विवाद हुँदा त्यसको निर्णय सर्वोच्च अदालतले गर्ने प्रावधान स्वाभाविक रहनेछ।

कार्यक्षेत्रका सन्दर्भमा देखापर्ने स्रोतसाधानमाथि अन्तर प्रदेश र केन्द्र-प्रदेशबीच उठ्न सक्ने विवाद पनि प्रमुख विषय हो। स्रोतमाथिको पहिलो अधिकार त्यस स्थानकै हुन्छ, जहाँ त्यो स्रोत हुन्छ। तर स्रोतको उपयोगका उपायहरू र अधिकतम उपयोगका लागि विशेषज्ञ सेवा र प्राविधिक सहयोगको संयोजन गर्ने, गराई दिने पक्षले समेत लाभको अंश लिन्छ। त्यसैले, प्रदेशका स्रोतहरूमाथिको पहिलो हक प्रदेशको भए तापनि केन्द्रले समेत लाभांश लिनेछ। स्रोतको प्रकृति हेरेर केन्द्र-प्रदेश समझदारीका आधारमा नीति नियमन गर्न सकिनेछ।

प्रदेशहरू स्वतन्त्र राज्य होइनन्। प्रदेशहरूसँग विधायिका, कार्यपालिका, प्रशासनिक संरचना हुँदाहुँदै केही विषयमा त्यहाँ केन्द्रका निकायहरू पनि कार्यरत रहनेछन्। स्रोत उपयोगको हद र कोसित मिलेर गर्ने, कोसित नगर्ने जस्ता विषयमा केन्द्रको सहभागिता पनि प्रदेशसँगै रहन्छ। त्यसैले देश चलाउने जिम्मेवारी पाएका निकाय र प्रदेश चलाउने निकायकाबीच एउटै संविधान हुन्छ अर्थात हाम्रो संविधान साझा हुन्छ। नेपाल राष्ट्रको हितलाई सर्वोपरि मानेर प्रदेशहरूले आफ्नो सम्पन्नता निम्ति प्रयत्न गर्नेछन्। निश्चय नै प्रदेशद्वारा स्रोत उपयोग गर्ने हद तोक्नु अवश्य पर्नेछ।



प्रदेश भित्रका कतिपय स्रोतहरू केन्द्र र प्रदेशका साझा अधिकार क्षेत्रभित्र पनि पर्ने छन्। त्यसैगरी केन्द्रले आर्जन गरेको सम्पत्ति पनि केन्द्रीय निकायहरू सञ्चालन गर्ने खर्च छुट्याएर केही केन्द्रीय सञ्चिती राखी शेष रकम पुनः प्रदेशहरूलाई अनुदान र ऋणका रूपमा केन्द्रले दिनुपर्ने हुन्छ।

प्रदेश-प्रदेशका रूपमा विशेष गरेर सीमा क्षेत्रका स्रोत साधनमा मतभेद उत्पन्न हुनसक्छ, त्यो र त्यस्ता किसिमका मतभेदहरू परस्परमा एवं परस्परमा नभए केन्द्रको मध्यस्थतामा समाधान गर्नुपर्नेछ।

यी भनाइहरू मोटामोटी हुन्। केन्द्र र प्रदेशको जिम्मेवारी र कार्यक्षेत्रका बारेमा विस्तृत रूपमा थप छलफल गर्नु आवश्यक हुनेछ।

## ४.४ प्रदेश रचनाको औचित्य

लोकतन्त्रको प्रमुख उद्देश्य, राज्यभन्दा नागरिकलाई बलियो बनाउनु हो। यस निम्ति शासन प्रणालीको केन्द्रमा नागरिकलाई राख्नु अनिवार्य छ। नागरिक बलिया र समुन्नत छन् भने त्यो राज्य स्वाभाविक रूपमा नै बलियो हुन्छ। आजसम्मको अभ्यासमा नीति निर्माताहरू राज्यकेन्द्रित भएर कार्यसम्पादन गरिरहेका देखिन्छन्। जनतामा सार्वभौमसत्ता रहने भनिए पनि त्यसका लागि राज्यले छोड्नुपर्ने अहंकार यथावत् छ। केन्द्रीय नेतृत्वमा पुग्नासाथ सबै तहका पदाधिकारीहरू त्यही अहंकारका प्रतिनिधि भएका छन्। यसरी लोकतन्त्रको मूल उद्देश्यमा विचलन आएको छ। त्यस विचलनको समष्टि परिणाम आजको अवरोधपूर्ण अवस्था हो। यस्ता अवरोधहरूबाट मुक्ति पाउनका लागि मुलुकको सांगठनिक पुनर्संरचनाको खाँचो छ। विभिन्न अवरोध र प्रहारका बीच लोकतान्त्रिक प्रक्रियालाई जीवन्त पार्नुपर्ने नयाँ परिस्थितिका सन्दर्भमा विगत वर्षका अनुभवहरूको समेत समीक्षात्मक प्रयोग अनिवार्य भएको छ।

आजसम्म यिनै विविध कारणले नेपाल पछाडिनुको परिणाम भोगिरहेको छ। यस देशको समकालीन नेतृत्व आधुनिक विश्वका अगाडि पर्दा आफ्नो स्तरप्रति सशंकित हुने मूल कारण पनि यही हो। संवत् २०४६ को जनआन्दोलनद्वारा देशमा लोकतन्त्रको पुनरुदयपश्चात्का आजसम्मका वर्षहरू प्रक्रिया निर्धारणको खोजीमा व्यतीत भएका छन्। संवत् २०४६ मा मुलुक राजाको निरंकुश शासनका अधीन रहेको निर्दलीय पञ्चायती व्यवस्थाबाट मुक्त भएको थियो। त्यसपछि जनआन्दोलनको भावनाअनुरूप संवत् २०४७ मा लेखिएको संविधानले प्रतिपादित गरेको मूल्यपद्धति राम्रोसँग स्थापित हुन नपाउँदै अहिले आएर झन् ठूलो अल्मलमा परेको छ। २०४६ सालको उपलब्धिलाई समेत अगाडि बढाउनुपर्ने परिस्थिति आइरहेको अवस्थामा खास गरी असोज १८ (२०५९) बाट प्रारम्भ भई माघ १९ (२०६१) मा उचाइमा पुगेको निरंकुशताको शाही-यात्राले २०४६ सालका उपलब्धिहरूको अस्तित्व र उपस्थितिमाथि नै गम्भीर आघात पुऱ्याएको छ। फलतः राजनीतिक आन्दोलनले नयाँ दिशा लिन खोजिरहेको देखिन्छ। यस परिप्रेक्ष्यमा समस्त देशका लागि एउटा नयाँ व्यवस्था-त्यो आर्थिक रूपमा सबल, सामाजिक रूपमा आधुनिक तथा न्यायपूर्ण र राजनीतिक रूपमा भविष्य-दृष्टि सन्निहित प्रणाली हुनुपर्छ भन्ने सोचाइको प्रतिनिधित्व गर्नलाई अब लोकतन्त्रको शास्त्रीय परिभाषाको मर्मका साथै परिकल्पना पद्धतिको दिशा बदल्नुपर्ने भएको छ।

लोकतन्त्रलाई फगत केन्द्रीय नीति निर्माण र शासन व्यवस्थाका अर्थमा मात्र लिइनुहुन्न । यसले लोकतन्त्रको अभ्यासमा संकुचन ल्याउँछ । यस तथ्यलाई हृदयंगम गरी सकेपछि नपुग अवस्थातिर स्वतः ध्यान जान्छ । नीतिनिर्माण र शासन व्यवस्थामा नागरिकहरूको अधिकाधिक सहभागिताका निम्ति त्यसअनुरूपको सांगठनिक-संरचना हुनुपर्छ । लोकतन्त्र माथिबाट कहिल्यै बलियो हुँदैन । राष्ट्रको शक्ति, राज्यका निकायहरूबाट नागरिकमा जाने होइन, नागरिकहरूबाट राज्यका निकायमा आउने हो । वास्तविक राष्ट्रशक्ति नागरिकहरू नै हुन् । त्यस शक्तिको परिचालन नहुने हो भने आधुनिक उपकरणहरूसहितको जतिसुकै ठूलो सेना राखे पनि, जतिसुकै राम्रो सरकार र संविधान भए पनि, मुलुक कमजोर नै रहिरहन्छ । मुलुक बलियो बनाउनालाई केन्द्रीकृत राज्यको मानसिकताबाट मुक्त हुनैपर्ने हुन्छ । सहभागितामूलक राज्य नै यथार्थमा आधुनिक राज्य हो । र आधुनिकता निरन्तर परिष्कार र परिवर्तनशील मानसिकता हो ।

प्रादेशिक संरचनाको अवधारणालाई अघि सार्नुको मुख्य तात्पर्य मुलुक सबै नागरिकहरूको साझा जिम्मेवारी र दायित्वको विषय हो भन्ने मान्यताका साथ लोकतान्त्रिक शासन पद्धतिअनुरूपका संस्थाहरूको सबलीकरण तथा नयाँ संस्थाहरूको परिकल्पना र स्थापना हो । ती संस्थाहरूलाई यान्त्रिक रूपमा होइन, मानवको आन्तरिक शक्तिलाई कसरी सर्वाधिक उत्पादक बनाउन सकिन्छ, जीवनयापनलाई कसरी सजिलो र सम्पन्न तुल्याउन सकिन्छ, ती उपायहरूको निरन्तर र सतत् रूपमा खोजी गरिरहने प्रेरणाले सिञ्चित गरिरहनुपर्ने हुन्छ । काठमाडौंमा रहने संसद् र संसद् निर्मित केन्द्रीय सरकार मात्रै सबल लोकतन्त्रका निम्ति पर्याप्त छैनन् । प्रादेशिक संसद् (विधान परिषद्) र प्रादेशिक सरकार नभइकन वास्तविक राष्ट्रशक्ति भनेका नागरिकहरू नै हुन् भन्ने यथार्थ नागरिकहरूले नै बुझ्न नसक्ने हुन्छ । प्रदेश-रचनाले एकातिर सरकारलाई जनताको नजिक पुऱ्याउँछ तथा अर्कोतिर स्थानीय स्वायत्तशासनको आकांक्षालाई मुखरित गर्न र व्यवस्थापनलाई प्रभावकारी बनाउन ठूलो मद्दत पुऱ्याउँछ । जसबाट एक्काइसौं शताब्दीको यो प्रारम्भिक चरणसँगै नयाँ सांगठनिक स्वरूपमा नेपाललाई पद्धतिगत रूपमा सुदृढ गर्दै एवं त्यस पद्धतिका माध्यमबाट समुन्नतितिर बढ्ने तयारी हुन सक्नेछ ।

राजनीतिक निकायहरूको वृद्धिसँगै स्वाभाविक रूपमा बढ्न जाने व्यवस्थापन, प्रशासनिक व्यय निर्णय प्रक्रियालाई स्थानीय स्तरसम्म पुर्‍याउनका हेतुले भएको हुन्छ । यता केही वर्षदेखि नेपालमा साधारण खर्च अनियन्त्रित बढिरहेको-तर विकासतर्फ छुट्याइएको रकम भने पूरै खर्च हुन सकिरहेको छैन । यसको एउटा प्रमुख कारण केन्द्रभन्दा तल राजनीतिक निर्णय गर्न सक्ने राजनीतिक निकायको अभाव पनि कारक रहेको छ । राजनीतिक रूपमा जनउत्तरदायी प्रादेशिक निकायले विकास कार्यलाई नजिकैबाट अध्ययन, अनुगमन र नयाँ योजनाहरू प्रारम्भसमेत गर्न सक्छ ।

अहिले प्रादेशिक निकायहरू नभएको अवस्थामा जुन खर्च चुहावट, कमिसन र राजनीतिक–प्रशासनिक भ्रष्टाचारका माध्यमबाट भइरहेको छ, प्रादेशिक व्यवस्थापन प्रारम्भ भएपछि यी प्रवृत्तिहरूले दुरुपयोग गरिरहेकै रकमको नियन्त्रण र त्यस नियन्त्रणले राज्यको कोषलाई बलियो बनाउनेछ । फलस्वरूप दुरुपयोग भइरहेको रकमको प्रदेशको सञ्चालनका लागि सदुपयोग हुन सक्नेछ ।



केन्द्रका कामहरू र प्रदेशका कामहरूको विभाजनले, कार्यहरूले परिणाम ल्याउन थाल्नेछन् । वास्तवमा, निर्णय त गर्ने तर कार्यार्थ निर्णय नगरेकाले राज्यका धनको सदुपयोग हुन नसकेको हो । प्रदेशहरूको रचनापश्चात् अन्तर प्रदेश प्रतिस्पर्धाका कारण कार्यार्थ निर्णयको तथा काम गर्ने संस्कृतिको विकास हुन सक्नेछ । केन्द्रीय नियन्त्रणमा स्थानीयस्तरबाट जागरूकता नआउने हुँदा पनि विगतमा संसद् र सरकार दुवै प्रशस्तै आलोचित भएका हुन् ।

लोकतन्त्र, आर्थिक विकासको निम्ति प्रयत्नशील रहन्छ, बिना लगानी आर्थिक विकास सम्भव छैन । त्यसैले प्रदेशहरूको रचना र तिनको व्यवस्थापनमा हुने खर्च पनि आर्थिक विकासको पूर्वाधार खडा गर्न लाग्ने लगानी हो ।

लोकतन्त्रको लाभ सुशासनका माध्यमबाट फैलिनुपर्छ । लोकतान्त्रिक शासनबाट नागरिकले अपेक्षा गर्ने न्यूनतम विषय न्याय र विवेकपूर्ण समान व्यवहार हो । हाम्रो देश सानो भए पनि पर्याप्त भौगोलिक विकटता र उत्तिकै स्थानीय विशेषताहरूसमेत छन् । त्यसैले शासन-प्रशासनको विद्यमान केन्द्रीकृत ढाँचालाई अकेन्द्रित शैलीमा रूपान्तरित गर्नैपर्ने हुन्छ । लोकतान्त्रिक प्रणालीमा विकास र प्रशासनको नेतृत्व राजनीतिले नै गर्छ । त्यसैले राजनीतिक अकेन्द्रीकरणले मात्र विकास र प्रशासनको समेत अकेन्द्रीकरण हुनु सम्भव छ ।

प्रदेश वा क्षेत्रीय आधारमा राजनीतिक-प्रशासनिक संरचनाको निर्माण गरेपछि केन्द्रीय प्रशासन छिटोछरितो मात्रै हुने होइन महत्वपूर्ण विषयबारे राष्ट्रिय नीति निर्णय गर्ने कार्यमा केन्द्रले एकाग्र भएर लाग्ने अवसरसमेत प्राप्त गर्दछ । यसबाट प्रदेश वा क्षेत्रीय तहको निर्माण र सञ्चालन गर्दा हुने अतिरिक्त आर्थिक व्यय केही बढे पनि त्यसै अनुपातमा केन्द्रीय मन्त्रालयको संख्यामा कटौती हुने तथा केन्द्रीय संरचना पनि संक्षिप्त हुन्छ । यसबाहेक केन्द्रीय राजनीतिक संरचनालाई पनि आवश्यकतानुसार स्वतः कटौतीमा जान्छ । यी र यस्तै अन्य केन्द्रीय संरचनामा गरिने कटौती तथा जिल्ला र गाउँको पुनर्संरचनाका माध्यमबाट हुन आउने संख्यात्मक कटौतीले पनि प्रस्तावित प्रदेश वा क्षेत्रको निर्माणमा हुने आर्थिक कार्यलाई न्यूनीकरण गर्न आधारभूत योगदान पुऱ्याउन सक्ने देखिन्छ । अर्को कुरा प्रादेशिक संरचनाको प्रसंगमा आर्थिक पक्ष बारम्बार उठे पनि यसै आधारमा मात्र यसको आवश्यकता र औचित्यको मूल्यांकन गर्न मिल्दैन । लोकतन्त्रको लाभ जनतासम्म पुऱ्याउन शासनमा अधिकतम सहभागिता महत्वपूर्ण पक्ष हो । शासनमा नागरिक सहभागिताका निम्ति राज्यलाई नै पूर्ण रूपले सहभागितामूलक संरचनामा रूपान्तरित गर्नैपर्छ ।

### ५. राजसंस्था

सामन्ती व्यवस्थाको प्रमुख प्रतिनिधि भएकै कारण राजतन्त्र खर्चालु, आडम्बरी, हिंसामा आधारित तन्त्र हो । राजतन्त्रसँग सधैं दुईटा साधन हुने गरेको छ । आडम्बरी भव्यताबाट देखाइने मनोवैज्ञानिक त्रास मिश्रित आकर्षण र राज्यका नाममा राखिएको हतियार । राजतन्त्र विरोधी आन्दोलनले राजतन्त्रबाट हतियार खोसेर यसलाई जनप्रतिनिधिअन्तर्गतको संवैधानिक संस्था बनाउने प्रयत्न गरेको

इतिहासका-विवरणहरूमा पाइन्छ । तर धेरै ठाउँमा यो सम्भव भएन र राजतन्त्र नै क्रमशः समाप्त हुँदै गयो । संसारमा गएको बीसौं शताब्दीमा नै पनि शासन र हतियारको चाहना राख्ने राजाहरू एकपछि अर्को गर्दै समाप्त हुँदै गएका छन् ।

नेपालमा पनि खास गरी पृथ्वीनारायण शाहले मूलतः हतियारकै आधारमा आफ्नो राज्यलाई विस्तार गरे तर त्यसलाई विवेक र विधिद्वारा नयाँमोड र सामर्थ्य दिनेकाम राम्रोसँग प्रारम्भ गर्न सकेनन् वा भ्याएनन् । तैपनि पृथ्वीनारायण शाहबाट केही मात्रामा नयाँ स्वरूप प्राप्त गरेको नेपालको शाह राजवंश उनको देहावसान सँगै अनेकौं विकृति र आन्तरिक झगडामा फसेको देखिन्छ । त्यसैको परिणाम राणा शासनको उदय र थप निरंकुशताका वर्षहरूलाई लामो समयसम्म नेपालले बेहोर्नुपर्‍यो । सन् १९५० अर्थात् ०७ सालको परिवर्तनपछि शाह वंशलाई नेपाली जनताले संवैधानिक राजसंस्थाको रूपमा पुनःस्थापित गरे । यसमा नेपाली कांग्रेसको अग्रसरता र भूमिका महत्वपूर्ण रह्यो । तर तत्कालीन राजा त्रिभुवनबाटै संवैधानिक राजसंस्थाप्रतिको आफ्नो प्रतिबद्धताविपरीत पुनः हुकूमीतन्त्र (निरंकुश राजतन्त्र) फर्काउने प्रयत्न प्रारम्भ भयो । यही शृंखलामा नेपाली जनता र शाह राजदरबारकाबीच बितेका आधाशताब्दीदेखिको बारम्बारको द्वन्द्व असोज १८, २०५९ देखि नयाँ जटिलताका साथ पुनः बढेको देखिन्छ । यही जटिलतालाई १९ माघ, २०६१ ले थप घनत्व प्रदान गरेको छ । परिणाम स्वरूप नेपालको राजसंस्था यतिखेर राज्य पुनर्संरचनाको केन्द्रीय बहसको विषय बनेको छ ।

### ५.१ **चुनौतीको घेरामा राजसंस्था**

राजसंस्थालाई सामन्ती व्यवस्थाको अवशेषकै रूपमा माने पनि नेपालमा यस संस्थालाई सबैभन्दा लामो परम्परा भएको र व्यवस्थित राष्ट्रिय संस्थाका रूपमा समेत प्रस्तुत गरिँदै आएको हो । यिनै कारणहरूलाई अघि सारेर संविधान, २०४७ मा राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक पनि भनियो ।

वास्तवमा २०५८ जेठ १९ मा गद्दीनसीन राजा वीरेन्द्रको आफ्नै निवासमा आफ्नै परिवारका सदस्यहरूबीच स्वाभाविक उत्तराधिकारीसहित भएको हत्याले परम्परागत रूपमा स्थापित नेपालको राजपरम्परालाई विच्छेद जस्तै गर्‍यो । साथै त्यसको आन्तरिक व्यवस्थापन र मर्यादामा समेत खासगरी २००७ साल पछि पहिलो पटक थुप्रै प्रश्न र आशंका उत्पन्न गर्‍यो । त्यसमाथि २०४६ सालको आन्दोलनले स्थापित गरेको संवैधानिक राजसंस्थाको मान्यता र यस मान्यतालाई बोकेर हिँड्ने नेपाली कांग्रेसलगायत सबैका अगाडि पनि गम्भीर चुनौती थपियो । नेपालमा निरंकुश राजासमेत गद्दीनसीन भएका बखत हत्या नभएको विगतलाई हेर्दा संवैधानिक राजा बन्न सहमत भएका राजा वीरेन्द्रको सम्पूर्ण परिवारसहितको हत्या हुनु अनौठो थियो । साथै त्यसको पूर्ण र निर्णायक ढंगको छानबिन गर्न **संविधान**, २०४७ बमोजिमका प्रतिनिधिमूलक संस्था असफल भए । यस विषयलाई लिएर संसद्को बैठकसमेत बस्न सकेन । सामान्य नागरिकको समेत अस्वाभाविक हत्या हुँदा लामो बहस गर्न अघि सर्ने संसद्ले संसद्को अंगसमेत रहेका गद्दीनसीन राजाको उत्तराधिकारीसहित हत्या हुँदा कुनै प्रकारको गम्भीर र औपचारिक छलफल गरेन ।



वास्तवमा यो स्थिति संवैधानिक राजसंस्थामा संसद्को भूमिका के भन्ने बारेमा **संविधान**, २०४७ मा रहेको अस्पष्टताले पनि जन्माएको हुनसक्छ । साथै तत्कालीन संसदीय नेतृत्वमा रहेको लोककेन्द्री मानसिकताको अभावले पनि त्यस बखतको संसद् उक्त दरबार काण्डमा प्रवेश गर्न नसकेको यथार्थ पनि आफ्ना ठाउँमा छ । यसैगरी उक्त दरबार घटनाको छानबिनका लागि बनाइएको अयोगले घटना-विवरण (मुचुल्का ?) भन्न मिल्ने दस्तावेज मात्रै तयार गर्‍यो वास्तविक रूपमा छानबिन-प्रतिवेदन बनाएन । परिणाम स्वरूप तत्कालीन युवराज दीपेन्द्रलाई हत्याको आरोप पनि लाग्यो । यसैबीच संविधानतः सामान्य स्थितिमा नयाँ राजा घोषणा गर्ने जिम्मा पाएको राजपरिषद्ले मानसिक र शारीरिक दुवै किसिमबाट अशक्त र अचेत अवस्थामा रहेका युवराज दीपेन्द्रलाई राजा घोषणा गर्‍यो । यसबाट एकातिर राजसंस्थाको परम्परागत रूपमा विद्यमान सांस्कृतिक आधार खल्बलिसकेको देखियो भने अर्कातिर २०४६ सालपछि पनि राजसंस्था सही अर्थमा संवैधानिक बन्न नसकेको र तत्कालीन संसद्ले स्वतन्त्र र निर्णायक भूमिका खेल्न नसकेको तथ्य स्पष्ट रूपमा प्रकट भएकै हो ।

यसैबीच नेपाली कांग्रेसभित्र संवैधानिक राजसंस्थाको आधारभूत अन्तर्राष्ट्रिय प्रचलन अनुरूप नेपालमा पनि राजसंस्थाको परिमार्जन गर्नै पर्ने आवश्यकता देखाउँदै सुधारका आवाजहरू उठे । कांग्रेसको २०५८ असार ६ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकबाट प्रारम्भ भएको राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन संसद्ले बनाउने, राजाका उत्तराधिकारीको आचरणबारे संसद्मा छलफल गर्न सकिने र राजदरबार व्यवस्थापनलाई सम्पूर्ण रूपले पारदर्शी बनाउन राजदरबार मन्त्रालयअन्तर्गत राख्ने व्यवस्था जस्ता विषयमाथिको प्रारम्भिक बहसले सार्वजनिक स्वरूप ग्रहण गर्न थालेपछि त्यसलाई वैधानिक रूपले संसद्मा लगेर निष्कर्ष दिने पट्टिभन्दा बहसलाई नै रोक्न खोज्ने र निरुत्साहित गर्ने प्रवृत्ति कांग्रेसका प्रमुख पदाधिकारीहरू भित्रै पनि प्रबल देखिएका हुन् । जसबाट उत्पन्न समस्याको स्वाभाविक र सहज उपचार गरिएन । बरू समस्यालाई ढाकछोप गर्ने र जटिल बनाउने काम भयो । परिणामतः राजसंस्थालाई सही अर्थमा संवैधानिक बनाउने अवसर गुम्यो । नेपाली कांग्रेसका लागि मात्रै होइन, धेरै कोणबाट संकटग्रस्त बनेको राजसंस्थाका लागि पनि यो ढाकछोप तत्कालका लागि सजिलै देखियो होला तर संस्थागत परिमार्जनको यो अवसर गुम्नु दीर्घकालीन दृष्टिबाट ठूलो क्षति थियो ।

यिनै घटनाहरूको विकास प्रक्रियाकाबीच २०५९ असोज १८ र २०६१ माघ १९ को शाही अग्रसरतालाई हेरिएको छ । जुन दृष्टिकोण र शैलीमा एकपछि अर्को गरेर यी शाही घोषणा आएका छन्, त्यसलाई राजाकातर्फबाट व्याख्या गरेजस्तै बाध्यात्मक परिस्थितिको उपज भन्न मिल्दैन । यसबाट राजसंस्थाको समयानुकूल अग्रगामी सुधारको अपेक्षा गरिरहेको लोकतन्त्रवादीहरूको मानसिकतालाई पूरै खल्बल्याएको छ । साथै नेपालमा लोकतन्त्र र राजसंस्थाको सहयात्रालाई असम्भव प्रयोगका रूपमा प्रस्तुत गरेको छ ।

## ५.२ गणतन्त्रको प्रवेश

यस परिप्रेक्ष्यमा नै अहिले नेपालमा राजसंस्थाको भूमिका र भविष्यका बारेमा गम्भीर छलफल सुरु भएको हो। त्यसैसँग जोडिएर गणतन्त्रको विषयले समेत प्रवेश पाएको छ। निश्चित रूपमा अहिले उठेको गणतन्त्रको विषय भनेको लोकतान्त्रिक मान्यता र बहुलवादी संस्कृतिमा आधारित गणतन्त्र नै हो। नागरिकहरू नै राष्ट्रको अन्तिम निर्णयकर्ता हुन्। उनीहरू नै सर्वोच्च शासक र शासित पनि हुन् भन्ने मान्यताले नै गणतन्त्रको धारणालाई स्थापित गरेको हो। त्यसैले लोकतन्त्रको मान्यतामा गणतन्त्र एउटा स्वाभाविक, सहज स्थापना हो। तर संवैधानिक राजसंस्था आफैंमा राजनीतिक सिद्धान्त होइन। त्यसैगरी राजतन्त्र एउटा सिद्धान्त हो। यथार्थमा संवैधानिक राजा वा राजसंस्था जनता र राजतन्त्रकाबीच भएको एउटा सम्झौताले स्थापित गरेको प्रक्रियामात्र हो। यस सम्झौतामा जनताले आफ्नो स्वामित्व, प्रभुत्व र आफ्नो सर्वोच्चताअन्तर्गत एउटा राष्ट्रिय संस्थाका रूपमा राजतन्त्रलाई राजसंस्थामा रूपान्तरित गर्न खोजेको हुन्छ। तसर्थ यस प्रक्रियामा राजा मुलुकको लोकतान्त्रिक पद्धतिभित्र लोकतान्त्रिक प्रक्रियालाई बाधा नपुऱ्याउने सर्तमा सांस्कृतिक संस्थाको रूपमा रहन्छ, अलग्गै कुनै तन्त्रको रूपमा होइन।

नेपालमा यस ढंगबाट बारम्बार अभ्यास गर्न खोज्दा असफलताहरू मात्र हात लागेको छ। असफल हुने बारम्बारको परिस्थिति राजाहरूका कदम र निर्णयहरूबाटै आएका छन्। त्यसैले पनि नेपालमा अब राजसंस्थाको सान्दर्भिकता छ कि छैन भन्नेबारेको बहस, स्वाभाविक रूपले उत्पन्न भएको हो। यसबाट मानिसहरूलाई गणतन्त्रको बारेमा गम्भीर भएर सोच्न र त्यसमाथि विचार गर्नसमेत प्रवृत्त गरेको छ। यस परिप्रेक्ष्यमा राज्यको समग्र संरचनालाई हामीले पूर्ण ढंगबाट लोकतान्त्रिक किसिमले व्यवस्थित गर्न सक्दा मात्र गणतन्त्रात्मक पद्धतिमा मुलुकले प्रवेश गर्दा आवश्यक हुने परिस्थिति उपलब्ध हुनसक्ने छ। यस निम्ति शासनका सम्पूर्ण पद्धतिहरूलाई पूर्ण रूपले लोकतान्त्रिक मान्यतामा सञ्चालन गर्ने र व्यवस्थित गर्ने संरचनाको निर्माण यतिखेर सबै दृष्टिबाट सर्वाधिक प्राथमिकताको विषय बनेको छ।

यस परिस्थितिले गणतन्त्रको अभ्यासका निमित्त पनि एउटा स्वाभाविक पूर्वाधार पूरा गर्छ। जनता अहिले प्रचलित मात्रै होइन भविष्यमा आउने राज्यपद्धतिका पनि स्रोत हुन् भन्ने सैद्धान्तिक र व्यावहारिक सबै दृष्टिबाट स्थापित मान्यता हो। त्यसैले गणतन्त्रको विषयमा छलफल गर्न त्यसको सम्भावना देख्न र आवश्यकता बोध गर्नसमेत जनता स्वतन्त्र छन् भन्ने तथ्य सबैले बुझ्नुपर्छ। अहिलेको अवस्थामा मुलुकलाई गणतन्त्रको बाटोमा जानलाई रोक्ने आधार एउटै देखिएको छ। त्यो आधार भनेको राजसंस्था पूर्ण रूपले संसद्को अधीनमा रहने र राजसंस्थाको भविष्य र भूमिकाको बारेमा नेपाली जनताको निर्णय अन्तिम हुने परिस्थिति र पद्धति निर्माण हो। यस्तो परिस्थिति र पद्धति मुलुकमा विकास गर्न सकियो भने तथा त्यसमा राजसंस्था नै सहयोगी र अग्रसर भएर आउन सक्यो भने मात्रै तत्कालका लागि गणतन्त्र आउने प्रक्रियालाई विलम्ब गर्न सक्ने अवस्था छ। अन्यथा घटनाक्रमलाई रोक्ने सामर्थ्य कसैसँग हुन्छ भन्ने लाग्दैन।



नेपालमा ३० वर्षको सक्रिय राजतन्त्रअन्तर्गत चलेर पञ्चायती व्यवस्था भइरहेकै अवस्थामा मुलुक पञ्चायतमय छ भन्ने कुरा कतिपय व्यक्तिले देखिरहेका थिए। त्यतिबेला केवल क्याम्पसहरूमा र विश्वविद्यालयहरूमा मात्रै केही युवा विद्यार्थीहरू लोकतन्त्रको पक्षमा आवाज उठाइरहेका छन् र पञ्चायतको विरुद्धमा छन् भन्ने अधिकांशलाई लाग्थ्यो। त्यसलाई केवल कलेज र विश्वविद्यालयका विद्यार्थीहरूको सीमित आवाजको रूपमा लिइन्थ्यो। तर पछि त्यो आवाज नेपालको आवश्यकता बन्यो। र जति नै आफूलाई राजसंस्था र राजाको पक्षमा उभिएको छु' भन्नेहरूले पनि 'लोकतन्त्र र बहुलवादी मान्यताको विरुद्धमा छु' भन्ने आँट गर्न सकेनन्। त्यस्तै परिस्थिति अहिले अर्को ढंगबाट दोहोरिन लागेको देखिन्छ। अहिले विश्वविद्यालय र कलेजहरूमा मात्रै होइन थुप्रै नागरिकहरूका मनमा र सार्वजनिक दृष्टिकोणमा समेत गणतन्त्रको विचार आइरहेको छ। कतिपय मानिसहरूलाई त्यो विचार अपरिपक्व, उत्तेजनामा उठेका र प्रतिक्रियाका रूपमा देखिएको भन्ने कुरा पनि लागिरहेको हुनसक्छ। सीमित जनताका (युवा विद्यार्थी तथा नागरिक समाजमा पनि सीमित संख्याका) बीचमा मात्रै उत्पन्न भएको विचार भएकाले देशव्यापी रूपमा यसको खासै महत्व छैन भन्ने छाप पनि केही मान्छेहरूलाई परेको हुनसक्छ। तर यथार्थ परिस्थिति चाहिँ त्यो होइन। यो विचार सबै उमेर समूह र क्षेत्रमा विस्तारै तर गहिरो रूपमा प्रवेश गर्दै छ। त्यसमाथि विद्यार्थी समूह भनेको सीमित हुँदाहुँदै पनि देशव्यापी शक्ति नै हो। किनकि प्रत्येक परिवारका कुनै न कुनै सदस्य विश्वविद्यालय, क्याम्पस, स्कुलमा पुगिरहेका हुन्छन्। अर्को, भविष्यमा अशिक्षितभन्दा शिक्षित बढ्दै जाने, बुढाभन्दा नयाँ पुस्ता सिर्जना हुँदै जाने स्वाभाविक र प्राकृतिक पद्धति हो। तसर्थ पनि यसरी उत्पन्न भएर आइरहेको विचारलाई हामी (राजनीतिक दल) ले समयमै सम्बोधन गर्नुपर्ने हुन्छ। त्यसैले अब हामीले राज्य-संरचनाको बारेमा छलफल गर्दा गणतन्त्रको सन्दर्भलाई बिर्सेर छलफल गर्न मिल्दैन। त्यस सन्दर्भलाई पनि सँगसँगै राखेर छलफल गर्नुपर्छ। त्यसो भयो भने मात्रै राज्यको पुनर्संरचनाको बारेमा गरिने छलफललाई पूर्णता दिन सकिन्छ। भविष्यका निमित्त पनि त्यो छलफल उपयोगी हुने परिस्थिति सिर्जना हुन्छ।

## ६. निर्वाचनपद्धति

आवधिक निर्वाचन लोकतान्त्रिक शासन पद्धतिको अभिन्न अंग हो। लोकतान्त्रिक मान्यताको सुदृढीकरण र लोकतन्त्रको विकास सँगसँगै निर्वाचन पद्धतिका प्रक्रिया फेरिएका छन्, सर्तहरू बदलिएका छन्। तर जे जस्तो परिवर्तन भए पनि प्रायः सबै परिवर्तनले सहभागिताको विविधीकरण र थप प्रतिनिधित्वपूर्ण बनाउने कामलाई नै सघाएको देखिन्छ। ०४६ सालको जनआन्दोलनपछि **संविधान**, २०४७ का माध्यमद्वारा नेपालले विगत वर्षहरूमा अभ्यास गरेका तीन संसदीय निर्वाचन र दुई स्थानीय निर्वाचनका आधारमा निर्वाचन पद्धतिको पुनरावलोकन, सुधार र परिवर्तनको आकांक्षा यतिखेर राज्यपुनर्संरचनाको महत्वपूर्ण विषय बनेको छ।

उत्तरदायी र प्रतिनिधित्वपूर्ण शासनका निम्ति आवधिक निर्वाचन अनिवार्य प्रक्रिया हो। बहुदलीय मान्यतामा आधारित निर्वाचन प्रक्रियाले जनतालाई

विकल्पहरूमध्ये आफूलाई उपयुक्त लागेको विकल्प छनोट गर्न पाउने अधिकार सुरक्षित गर्छ । त्यसैले प्रतिस्पर्धाहीन र एउटै उम्मेदवार उठेर ठीक वा बेठीक भन्ने परम्परागत साम्यवादी शैलीको निर्वाचनलाई पूर्ण निर्वाचन भनिदैन। नेपाल र भारतजस्ता कतिपय देशमा भने कम्युनिस्ट पार्टीहरूले पनि बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्दै आएको हुनाले निर्वाचन पद्धतिको सुधार र परिवर्तनको सीमा बहुलवादी र प्रतिस्पर्धात्मक नै रहनुपर्ने बारेमा कुनै मतभेद रहेको छैन ।

**६.१ आजको आवश्यकता**

लोकतन्त्रको प्रारम्भिक अभ्यासमा प्रत्यक्ष निर्णयको विधि प्रचलित थियो । तर जनसंख्या बढ्दै गएपछि स्वाभाविक रूपमा नै प्रतिनिधिमूलक संस्थाहरू बनाउने र जनताका निम्ति जनताका प्रतिनिधिहरूले एउटै ठाउँमा बसेर निर्णय गर्ने प्रणाली विकसित भएको हो। साथै प्रतिनिधिमूलक संस्थाहरू बन्ने क्रममा नै निर्वाचनको आवश्यकता भएको हो । पहिले केही मान्छेहरूले सबैका बारेमा निर्णय गर्ने परिस्थिति थियो । निर्वाचनमा पनि सबैले भाग लिने अवस्था थिएन । महिलाले धेरै पछिसम्म पनि मतदान गर्न पाएनन् । कुनै समय अशिक्षितले मतदान गर्न नपाउने परिपाटी पनि रह्यो । व्यवसाय, पेसा र रङका आधारमा पनि मतदान गर्न नपाउने प्रचलनहरू पनि नचलेका होइनन् । तर जब लोकतन्त्रको आधार स्वतन्त्रता, समानता र भ्रातृत्वको व्याख्या र प्रचार हुन थालेपछि निर्वाचनमा रहेका सबै प्रकारका असमानता र भेदभावहरू हटाउने आवाज उठेका हुन् । त्यसैले अहिले आएर निर्वाचन हुनुलाई मात्रै पर्याप्त मानिएको छैन । निर्वाचित निकायको स्वरूप कस्तो बनेको छ भन्ने विषयलाई पनि उत्तिकै महत्व दिनुपर्ने मान्यताहरू स्थापित हुँदै आएका छन् । त्यसमा वर्ग, क्षेत्र, समुदाय विशेषको प्रतिनिधित्व के कसरी भएको छ भन्ने खोजी र मूल्यांकन हुन थालेको छ । त्यसैले कुनै पनि देशको राष्ट्रिय व्यवस्थापिका वा संसद् त्यस देशको राजनीतिक मात्रै होइन सामाजिक-सांस्कृतिक संरचनाको प्रतिनिधित्वका दृष्टिले मोटामोटी संक्षिप्त प्रतिरूप बन्नु आवश्यक मानिन्छ ।

अहिले आएर निर्वाचनको अभ्यास, मान्यता र यसको दार्शनिक पक्षलाई समेत ध्यानमा राखेर निर्वाचनको सुधार र परिमार्जनका निम्ति आधार निर्माण गर्न केही प्रश्नहरू उठाउने गरिन्छ। यस क्रममा सबैभन्दा पहिले उठ्ने सामान्य तर आधारभूत प्रश्न हो निर्वाचन भनेको प्रतिनिधि चयनको प्रक्रिया मात्र हो कि यसको अरू पनि कुनै प्रयोजन छ ? । यसै सन्दर्भमा उठ्ने दोस्रो प्रश्नहरूको समूह छ, त्यो हो- मतदाताले चयन गर्ने कसलाई ? अर्थात् मत कसलाई दिने ? व्यक्ति वा पार्टीलाई । यस बाहेक तेस्रो प्रश्न अझ महत्वपूर्ण देखिन्छ- निर्वाचन परिणामबाट प्राप्त बहुमतले अल्पमतमाथि नियन्त्रण गर्ने हो वा निर्वाचित भएपछि अल्पमतलाई समेत प्रतिनिधित्व गर्नुपर्ने हो ? ।

यी प्रश्नका आधारमा खोजिने उत्तरले निर्वाचनको महत्व र व्यापकतालाई गहिरोसँग बुझाउँछ । साथै अब आएर निर्वाचन भनेको केवल प्रतिनिधि चुन्नु मात्र नभएर त्यसले आफूलाई मत राख्ने र नराख्ने मतदाताहरूको समेत प्रतिनिधित्व कसरी गर्छ भन्ने कुराको खोजी पनि गर्न थालिएको छ । यसबाहेक निर्वाचनले के-के



आवश्यकता पूरा गर्नुपर्छ भन्ने विषयलाई पनि माथिका प्रश्नहरूले गम्भीरतापूर्वक खोज्ने कोसिस गरेको छ ।

**६.२ निर्वाचन पद्धतिका प्रकार**

संसारका सबै लोकतान्त्रिक मुलुकका एकै प्रकारको निर्वाचन प्रणाली छैन । सबैमा केही भिन्नता र केही विशेषताहरू अलग-अलग देखिन्छन् । हाम्रै देशभित्र पनि विभिन्न प्रकारका चुनावहरूको प्रयोग र अभ्यास हुँदै आएको छ। प्रतिनिधिसभा प्रत्यक्ष मतदानबाट चुनिन्छ भने राष्ट्रियसभा अप्रत्यक्ष मतदानबाट चुनिने गर्छ। प्रधानमन्त्रीलाई जननिर्वाचित भनिए पनि उनी जनताबाट प्रत्यक्ष रूपमा चुनिदैनन् । कुनै एउटा निर्वाचन क्षेत्रबाट चुनिएर प्रतिनिधिसभामा आउँछन् र बहुमत प्राप्त गर्ने संसदीय पार्टीले नेता बनाएको अवस्थामा मात्र प्रधानमन्त्री हुन्छन् । राष्ट्रियसभाकै लागि हुने निर्वाचनमा पनि क्षेत्रीय तहबाट आउने प्रतिनिधिहरू प्रथम हुनेले पद पाउने निर्वाचन प्रक्रियाबाट चुनिन्छन् तर तिनीहरूको मतदाता आमजनता नभएर तोकिएको निर्वाचन समूह (इलेक्टोरल कलेज) हुन्छ। यसैगरी प्रतिनिधिसभाबाट छानिने सदस्यहरू भने समानुपातिक र एकल संक्रमणीय पद्धतिका आधारमा आउँछन् । गाउँ र नगरको निर्वाचन प्रत्यक्ष मतदानबाट हुन्छ भने जिल्लाको निर्वाचन अप्रत्यक्ष मतदानबाट हुनेगर्छ । तैपनि सर्वोच्च प्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको निर्वाचन प्रक्रियाका आधारमा हाम्रो निर्वाचन प्रणालीलाई **प्रथम हुनेले पद पाउने निर्वाचन प्रणाली** भन्ने गरिएको हो । यस्तो प्रणाली नेपालबाहेक, भारत, अमेरिका, बेलायत, क्यानडा, बंगलादेश, पाकिस्तान आदि देशमा प्रचलित छ। यस प्रणालीलाई सापेक्ष बहुमत प्रणाली पनि भन्ने गरिन्छ। दोहोऱ्याउन नपर्ने भएकाले यो प्रणाली सरल हुनाका साथै शीघ्र निर्णयमुखी मानिएको छ ।

मतदान भएको कुल सदर मतमध्ये ५० प्रतिशतभन्दा बढी मत ल्याउने उम्मेदवार मात्र विजयी हुने प्रणालीलाई निरपेक्ष बहुमत प्रणाली वा **पूर्ण बहुमत प्रणाली** भन्ने गरिन्छ। यस प्रणालीमा निर्वाचन दोहोऱ्याएर गर्नुपर्ने सम्भावना प्रायः प्रवल रहन्छ। खास गरी दुईभन्दा बढी उम्मेदवार हुँदा यो स्थिति आउँछ। यो प्रणाली फ्रान्समा प्रचलित छ। यस प्रणालीबाट निर्वाचित पदाधिकारी वा जनप्रतिनिधिले पूर्ण बहुमतको वैधानिक र नैतिक अधिकार हासिल गर्ने भएकाले यसलाई वास्तविक अर्थमा लोकतान्त्रिक प्रणाली मान्नुपर्ने हुन्छ भन्ने तर्क पनि छ। यस तर्कलाई खण्डन गर्न मिल्दैन तर यो प्रणाली जटिल नभए पनि लामो समय लिने प्रणालीका रूपमा यसको व्यावहारिक पक्ष पूर्णरूपमा आलोचना मुक्त भने छैन ।

मतदाताले व्यक्तिलाई नभएर पार्टीलाई प्राप्त मतका आधारमा संसद्मा पार्टीका उम्मेदवार छानिने प्रणालीलाई **समानुपातिक प्रतिनिधित्व प्रणाली** भन्ने गरिन्छ। यस प्रणालीलाई न्यायपूर्ण र बढी प्रतिनिधित्वपूर्ण प्रणालीका रूपमा दाबी गरिन्छ। कतिपय ठाउँमा दुवै प्रणालीलाई मिश्रित गरेर पनि प्रयोग गरेको पाइन्छ। बेलायत र फ्रान्सबाहेक युरोपका प्रायः सबै मुलुकहरूमा र इजरायल, दक्षिण अफ्रिका, ब्राजिल, न्युजिल्यान्ड आदि मुलुकहरूमा यो प्रणाली प्रचलित छ। यसले स्वतन्त्र उम्मेदवारीको सम्भावनालाई अप्ठ्यारो पार्छ। व्यक्तिको आचरण, विचार र अन्य वैयक्तिक विशेषताहरूलाई यस

प्रणालीमा मतदाताहरूले मूल्यांकन गर्न सक्तैनन् । तर प्रत्यक्ष र व्यक्तिगत रूपमा नभए पनि अप्रत्यक्ष र सामूहिक रूपमा भने मूल्यांकन हुनेगर्छ ।

समानुपातिक निर्वाचन प्रणाली बहुलवाद र सामाजिक न्यायमा आधारित छ । यसले मुलुकका सबै प्रकारका विविधतालाई सन्तुलित ढंगबाट प्रतिनिधित्व गर्न सक्छ । साथै मतदाता संख्या र जनप्रतिनिधिसभालाई अपेक्षाकृत सही अर्थमा प्रतिनिधित्वपूर्ण बनाउन सक्छ । साथै मतदाता संख्या र प्रतिनिधित्वको अनुपात मिलाउने दृष्टिले पनि यस प्रणालीलाई उत्कृष्ट मानिएको छ । यसका लागि अहिलेसम्म हामीले प्रयोग गर्दै आएको एक स्थानीय निर्वाचन क्षेत्रको बदला बहुस्थानीय निर्वाचन क्षेत्रको आवश्यकता हुन्छ । निर्वाचनको यो प्रणाली विभिन्न स्वरूपमा प्रयोग हुने गरेको छ । तीमध्ये सूचीपद्धति र एकलसंक्रमणीय पद्धति प्रमुख मानिएका छन् । धेरै प्रतिनिधिको चयन गर्दा एकल संक्रमणीय पद्धति बढी जटिल देखिन्छ । सूची पद्धति त्यस दृष्टिले सरल र धेरै देशले यसैलाई प्रयोग गर्ने गरेका छन् । यस निम्ति पार्टीहरूको उम्मेदवार चयनको आन्तरिक प्रक्रिया र उम्मेदवारहरूको सूची प्रकाशनको विधि आदिले पनि यस पद्धतिलाई थप व्यवस्थित र लोकतान्त्रिक बनाउन सकिन्छ ।

### ६.३ सुधार कि परिवर्तन

वर्तमान निर्वाचन प्रणालीका केही पद्धतिजन्य कमजोरीहरू छन् । यस्ता कमजोरी नेपालमा मात्रै होइनन् । प्रथम हुनेले पद पाउने निर्वाचन प्रणाली लागू भएका सबै मुलुकमा हुने गर्छन् । यसलाई देश विशेषका कमजोरीभन्दा पनि प्रणालीकै साझा कमजोरीका रूपमा लिनुपर्ने हुन्छ । यसबाट समान र यथार्थ राजनीतिक प्रतिनिधित्व हुन सक्तैन । हाम्रै देशको निर्वाचन क्षेत्र निर्धारणको कुनै ठोस आधार छैन । एकातिर हामी भौगोलिक आधारमा प्रतिनिधित्वलाई कायम गरेर जिल्लागत क्षेत्र निर्धारण गरेका छौं । यसबाट जनप्रतिनिधित्वको मूल सिद्धान्त ओझेलमा परेको वा गौण बनेको छ । यसबाहेक **एक व्यक्ति एक मत** भन्ने मान्यताका आधारमा निर्वाचन भएको भनिए पनि समान भन्न सकिने मत संख्याबाट प्रतिनिधि छानिएका छैनन् । त्यसमाथि असमानताको परिस्थिति सामान्य होइन असामान्य किसिमको छ । एउटा क्षेत्रमा जे जति मतदाताका निम्ति एउटा क्षेत्र तोकिएको छ अर्को क्षेत्रमा त्यसको तीनगुनाभन्दा बढी मतदाताका लागि पनि एउटै क्षेत्र तोकिएको पाइन्छ । साथै यस प्रकारको निर्वाचन प्रणालीद्वारा चुनिएको प्रतिनिधिसभाले सही अर्थमा अल्पमतदाताको मात्रै प्रतिनिधित्व गरिरहेको हुन्छ, बहुसंख्यक मतदाताले दिएका मतहरू खेरा गइरहेका हुन्छन् । मुलुकको सामाजिक-सांस्कृतिक संरचनाको संक्षिप्त स्वरूप वा प्रतिनिधि स्वरूपमा प्रतिनिधिसभा बनेको हुँदैन । यो प्रणाली आर्थिक दृष्टिले ज्यादै नै खर्चिलो हुने देखिएको छ । साथै यस प्रणालीमा धनको प्रभाव अत्यधिक मात्रामा बढ्दै गई अन्तमा निर्वाचनका लागि पैसा नै आधारभूत र मुख्य आधार बन्ने स्थितिसमेत निर्माण भइरहेको देखिएको छ । निश्चय नै यो हाम्रो देशको निर्वाचनमा मात्रै देखिएको समस्या होइन । मोटामोटी रूपमा यस्तो प्रणाली प्रयोग गर्दै आइरहेका सबै देशका साझा समस्या हुन् ।



विगत १५ वर्षभित्र हाम्रै देशमा भएका तीन संसदीय र दुई स्थानीय निर्वाचन अभ्यासका आधारमा हेर्दा हामी कहाँ केही विशेष प्रकृतिका निर्वाचनसम्बन्धी कमजोरी पनि फेला पर्छन् । त्यसमा मुख्यतया उम्मेदवार चयनका निम्ति पार्टीले प्रयोग गर्ने आधार अस्पष्ट वा अपारदर्शी मात्रै होइन कमजोर र मनोगत पनि छन् । कमजोर जनप्रतिनिधिका कारण कमजोर सरकार बन्ने गर्दछन् । साथै निर्वाचनमा पार्टीगत भन्दा व्यक्तिवादी प्रवृत्तिको प्रभाव देखिन्छ र पार्टी भित्रकै घात-अन्तर्घातको चर्चा र प्रयोग पनि निकै बढी मात्रामा हुने गर्छ । साथै राजनीतिको अपराधीकरण र अपराधीको राजनीतीकरण पनि हाम्रो निर्वाचन प्रक्रियाभित्र प्रवेश गरेको छ । यिनै प्रणाली तथा अभ्यासगत अभाव र कमजोरीका आधारमा हामीले हाम्रो निर्वाचन पद्धतिको मूल्यांकन गर्नुपर्नेछ । माथि गरिएको संक्षिप्त चर्चाबाट पनि केही निष्कर्ष निकाल्न सकिन्छ :-

१. प्रतिनिधिमूलक शासनमा प्रतिनिधित्वको राजनीतिक आधार समान हुनुपर्छ ।
२. प्रतिनिधिसभाले मुलुकको सामाजिक-सांस्कृतिक र पेसागत संरचनाको समानुपातिक प्रतिनिधित्व गरेकै हुनुपर्छ र राजनीति कुनै अलगै पेसा बन्नुहुँदैन । राजनीतिक सबै पेसा-व्यवसाय र वर्गको प्रतिनिधिमूलक क्षेत्र बन्नुपर्छ ।
३. प्रतिनिधिसभाले मुलुकको कानुन र नीति निर्धारणमा सक्षम र समर्थ भूमिका खेल्न सक्ने बन्नुपर्छ ।
४. प्रतिनिधिसभाले कम्तीमा पनि लिङ्ग, जाति-समुदाय र क्षेत्रको सन्तुलित प्रतिनिधित्व गर्नुपर्छ ।

हाम्रो मुलुकमा प्रचलित निर्वाचन पद्धतिले जनताको मतलाई समुचित प्रतिनिधित्व गर्न सकेको छैन । त्यसैले थप प्रतिनिधिमूलक र सहभागितापूर्ण निर्वाचन पद्धति विकसित गर्नु जरुरी छ । यसका निम्ति आवश्यक सुधार अथवा संशोधन पर्याप्त नहुने स्थितिमा परिवर्तन पनि गर्नुपर्ने हुन्छ । सबै प्रणालीमा आ-आफ्नै सकारात्मक पक्ष र नकारात्मक पक्ष पनि भएकाले तिनको तुलनात्मक समीक्षा हुनु आवश्यक छ । विद्यमान प्रणालीमा देखिएका कमजोरीमध्ये केही प्रणालीगत विशेषता छन् भने केहीलाई सुधार र परिमार्जन गरेर मिलाउन सकिने किसिमका पनि छन् । निर्वाचन क्षेत्रको विभाजनमा देखिएको असन्तुलन, पार्टीहरूको उम्मेदवार चयन प्रक्रियामा देखिएको कमजोरीले पनि हाम्रो निर्वाचन प्रणालीलाई प्रतिनिधित्व र सहभागिताका दृष्टिले अपांग बनाएको छ । निश्चय नै समानुपातिक निर्वाचन प्रणालीले विद्यमान प्रणालीको कार्यपालिका निर्माणमा जटिलता ल्याउँछ र त्यसैले बहुमतीय प्रणालीबाट सहमतिय प्रणाली (मन्त्रिपरिषद्मा समेत अनुपातिक प्रतिनिधित्व हुने) मा जाने कुरा पनि उठेका छन् । यस्तो अवस्थामा लोकतन्त्रको अभिन्न अंग मानिएको विपक्षी दलको भूमिका कसले खेल्ने भन्ने प्रश्न उठ्छ । तसर्थ **समानुपातिक संसद् र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री** नै यसको उचित विकल्प देखिन्छ । कतिपय देशले कुनै एउटा प्रणालीको अनुसरण नगरेर प्रणालीहरूको मिश्रण पनि चलाएका छन् । तसर्थ

हाम्रा आफ्नै अनुभव र अन्तर्राष्ट्रिय अनुभवलाई समेत आधार बनाएर निर्वाचन पद्धतिलाई समेत राज्य पुनर्संरचनाको प्रमुख विषय भित्र पार्न जरुरी छ ।

**७. प्रत्यक्ष प्रधानमन्त्री**

अहिले हामीकहाँ शासनप्रणाली नमुनाका बारेमा पनि बहस चलिरहेको छ । **संविधान**, २०४७ बेलायती नमुनाको संसदीय शासन-प्रणालीमा आधारित रहेको हो । यस नमुनासँग नेपालको ऐतिहासिक रूपले सम्बन्ध रह्यो । भारत लामो समयसम्म बेलायतको उपनिवेश रह्यो । बेलायतको उपनिवेशबाट स्वतन्त्र भएपछि पनि भारतले बेलायती नमुनाकै शासनप्रणाली अँगाल्यो । साथै हाम्रो मुलुकमा राजनीतिक परिवर्तनलाई नेतृत्व गर्ने अधिकांश व्यक्तिहरूको शिक्षा-दीक्षा र सम्पर्कको सजिलो आधार भारत भएका कारण पनि हामी यस प्रणालीसित ज्यादा परिचित भयौं । यसैले गर्दा नेपालमा पनि लोकतन्त्रको प्रसंग आउनासाथ त्यही नमुनालाई अंगीकार गरियो । अझ कतिपय नेपाली राजनीतिज्ञहरूमा लोकतन्त्र भनेकै प्रचलित अर्थात् शास्त्रीय संसदीय शासन प्रणाली मात्रै हो भन्ने समेत देखिन्छ । २००७ सालदेखि नै हाम्रो लोकतान्त्रिक आन्दोलनको अगाडि रहेको शासनप्रणालीको नमुना भनेकै बेलायती संसदीय नमुना रह्यो । फलस्वरूप २०४६ सालको आन्दोलनपछि अरू नमुनाको प्रयोग गर्नसक्ने अवस्था रहँदा-रहँदै पनि हामी बेलायती नमुनाभन्दा बाहिर जान सकेनौं । नेपालका लागि योभन्दा अरू लोकतान्त्रिक प्रणाली उपयोगी हुनसक्छ भन्ने बारेमा ***संविधान, २०४७*** बनाउँदा हामीले खासै छलफल गरेनौं । एकाध व्यक्ति र संस्थाले वैकल्पिक धारणा अघि सारे पनि मूलधारलाई त्यसले प्रभावित पार्न सकेन । अहिले १२/१५ वर्षको प्रयोगबाट हाम्रो लागि यो उपयुक्त छैन भन्ने कुरा पुष्टि हुँदै आएको छ ।

**७.१ परिवर्तनको खोजी**

अहिले जुन ठाउँमा संसदीय प्रणालीको यो नमुना प्रयोगमा छ, ती ठाउँमा पनि यसका बारेमा विवाद र बहसहरू प्रारम्भ भइसकेका छन् । त्यसका पद्धतिगत असफलताहरूका बारेमा टिकाटिप्पणी र चर्चा व्यापक रूपमा हुन थालेको छ । साथै व्यवहारमा त्यसलाई परिवर्तन गर्दै नयाँ ढंगबाट अभ्यास गर्ने कतिपय परिस्थिति पनि सिर्जना भएको छ । परम्परागत संसदीय प्रणालीमा संसद्को निर्वाचन भइसकेपछि प्रत्येक पार्टीका निर्वाचित सांसद्ले आफ्नो नेता चयन गर्ने यसको सिद्धान्त हो । यसैअनुसार तल्लोसदन अर्थात् प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीका रूपमा राष्ट्राध्यक्षले नियुक्त गरेर बनाउने जिम्मेवारी दिइन्छ । तर यता लामो समयदेखि बेलायतमा पार्टीहरूले पहिले नै आफ्नो प्रधानमन्त्री तोकेर निर्वाचनका क्रममा मुलुक सामु प्रस्तुत गर्ने प्रचलन चालु रहेको छ । यसले प्रधानमन्त्रीलाई संसदीय दलले निर्वाचन गर्नुपर्ने वैधानिक प्रावधान रहँदा-रहँदै पनि त्यसलाई उल्लंघन वा उपेक्षा गर्दै प्रधानमन्त्रीका लागि समग्र राष्ट्रबाट अनुमोदन खोजिन्छ । जब कि प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएको व्यक्ति एउटा संसदीय क्षेत्रबाट सांसदको उम्मेदवार मात्रै बनेको हुन्छ र त्यस क्षेत्रका मतदाताले मात्र उसलाई मतदान गर्न पाउने अवस्था रहेको हुन्छ । यसरी प्रधानमन्त्रीलाई राष्ट्रिय



अनुमोदन चाहिने व्यावहारिक आवश्यकता भारतमा पनि प्रयोग हुन थालेको छ । नेपालमा पनि हामीले अगाडि नै प्रधानमन्त्री तोकेर संसदीय निर्वाचनमा जाने शैली विगत बाह्रवर्षका बीचमा बारम्बार गरिसक्यौं । यसबाट परम्परागत एवं शास्त्रीय संसदीय प्रणाली भित्र यसको आधारभूत सैद्धान्तिक पक्षमा समेत व्यावहारिक परिवर्तन आइसकेको देखिन्छ । यसबाट शास्त्रीय संसदीय परम्पराले आफैं पनि परिवर्तनको खोजी गरिरहेको बुझिन्छ । यी सबै कारणले गर्दा अहिलेको परिस्थितिमा हामी यसमाथि नयाँ ढंगबाट छलफल गर्न थालेका छौं । यो आवश्यक पनि छ । हाम्रो अभ्यास १२/१५ वर्षकोमा पनि बहुमतीय शासन प्रणाली त्यति उपयोगी ढंगबाट अगाडि बढ्न सकेन भन्ने लाग्छ । एउटा त यस प्रणालीसँग आफैंमा पर्याप्त कमजोरी छ, त्यसमाथि अभ्यासमा पनि हामीले आवश्यक कुशलता र इमानदारी देखाउन सकेनौं । यसलाई ध्यानमा राखेर हामीले विकल्पमाथि विचार गर्नु आवश्यक भइसकेको छ ।

यस सन्दर्भमा अहिले दुई किसिमको चर्चा प्रबल रूपमा उठिरहेको छ । एउटा, सहमतीय प्रणाली, जुन कतिपय युरोपीय देशहरूमा संसदीय प्रणालीअन्तर्गत नै विकसित भएको छ । दोस्रो दक्षिण अफ्रिकाले प्रयोग गरेको प्रणाली पनि एउटा नयाँ खालको सहमतीय प्रणाली हो । जहाँ विविधताकाबीचमा एकता कायम गर्न सजिलो भएको छ । त्यस्तै अर्को केन्द्र र प्रदेशका निमित्त अलग-अलग प्रणालीलाई विकसित गर्न सकिने सम्भावना पनि उत्तिकै प्रबल देखिएको छ । केन्द्रको निम्ति एक ढंगको प्रणाली र प्रदेशका निम्ति अर्को ढंगको प्रणालीले एक अर्काको पूरकको रूपमा एउटा मिश्रित तर नयाँ प्रणालीको विकास गर्न पनि सकिन्छ ।

केन्द्रमा संसद्द्वारा प्रधानमन्त्री चयन गर्ने पद्धतिको विद्यमान अवस्था र प्रधानमन्त्रीले चाहेको बेलामा संसद्लाई विघटन गर्ने दुईवटै प्रयोगका थुप्रै नकारात्मक परिणामहरू हामीले बेहोरेका छौं । एउटा त संसद्ले प्रधानमन्त्री चयन गर्ने कारणले १२ वर्षमा ११ वटा सरकार बन्ने परिस्थिति रह्यो । (त्यसपछि राजाको सक्रिय शासनको यो अढाइ वर्षमा ४ वटा सरकार बनिसकेको पाँचौं बन्ने तरखरमा रहेको प्रसंग अर्कै छ) अर्को, प्रधानमन्त्रीको इच्छामा संसद् विघटन हुने प्रणालीले गर्दा थुप्रै किसिमका कठिनाई बेहोर्नुपर्‍यो । अहिले ठूलो संकटको संघारमा पनि हामी यसै कारण उपस्थित भएका छौं । यी दुवै कुरालाई अन्त्य गर्नको लागि प्रधानमन्त्रीले संसद्लाई विघटन गर्न नमिल्ने एवं संसद्ले आफ्नो कार्यकाल पूरैकाम गर्न पाउने तथा संसद्को एउटा स्वतन्त्र स्वरूपलाई विकास गर्ने खालको पद्धति हुनुपर्छ भन्ने निष्कर्ष हाम्रै अनुभवबाट पनि बनेको छ । त्यस्तै गरी संसद्ले प्रधानमन्त्री चयन नगरेर प्रत्यक्ष नागरिकको मतद्वारा प्रधानमन्त्री चयन गर्ने र उसले आफ्नो कार्यकालमा विशेष किसिमको गल्ती कमजोरी वा अपराध नगरी पद छोड्न नपर्ने परिस्थिति सिर्जना गर्नु अर्को उपाय हुनसक्छ । त्यस अवस्थामा प्रधानमन्त्रीले संसद् आफ्नो स्वविवेकमा वा सिफारिसमा विघटन गर्न पाउने छैन । यसो गरियो भने केन्द्रीय संरचनामा स्थिरता कायम हुन्छ । यसले शासनलाई थप उत्तरदायी बनाउने र केवल केही व्यक्तिहरूको सीमित अभिरूचि र इच्छामा केन्द्रीय सत्ता परिवर्तन भइरहने परिस्थितिलाई पनि अन्त्य गर्ने अवस्था सिर्जना हुनसक्छ । साथै राज्यको कार्यकारी प्रमुख समग्र

नागरिकको प्रत्यक्ष प्रतिनिधि पनि बन्न पाउँछ। यस अवस्थामा संसद्को निर्वाचन भने समानुपातिक प्रणालीमा गर्नु सहज र स्वाभाविकसमेत हुनेछ।

**७.२ निरंकुशताको आशंका**

यस पद्धतिमा सबभन्दा ठूलो प्रश्न प्रधानमन्त्री अहिलेको पद्धतिमा भन्दा बढी निरंकुश हुने र उनको मनोमानी अरू बढ्ने सम्भावनाका बारेमा छ। तर यसलाई नियन्त्रित गर्ने उपायहरू अनेकौं छन्। पहिलो उपाय हो- केन्द्रीय शासनका जेजति जिम्मेवारी छन्, त्यसलाई अकेन्द्रित गरेर प्रादेशिक वा क्षेत्रीय तहमा लगियो भने केन्द्रीय तहको जिम्मेवारीमा सीमित विषय मात्र पर्छन्। प्रादेशिक संरचनामा मुलुकलाई लाने भनेकै सीमित विषयको जिम्मेवारी र दायित्व केन्द्रमा रहने र बाँकी जिम्मेवारी र दायित्व प्रदेश र त्यसअन्तर्गतका स्थानीय र स्वायत्त निकायहरूसम्म पुग्ने राज्यप्रबन्ध हो। यसरी केन्द्रीय तहमा सीमित मात्र जिम्मेवारी रह्यो र अधिकांश विषयहरू प्रादेशिक र त्यसअन्तर्गत स्थानीय तहसम्म फैलिन सक्यो भने यो आशंकाको निराकरण हुनसक्छ।

दोस्रो उपाय हो, केन्द्रीय संसद्लाई समानुपातिक निर्वाचन प्रणालीका आधारमा गठन गर्ने। त्यसैगरी मन्त्रीमण्डल संसद् बाहिरका व्यक्तिहरूबाट प्रधानमन्त्रीले गठन गर्ने। यसबाट कार्यपालिका र व्यवस्थापिका एक अर्काबाट स्वतन्त्र र एक अर्कालाई नियन्त्रण र सन्तुलन राख्न सक्ने हैसियतमा पुग्नेछन्। साथै संसद्ले पारित गरेको विषयलाई प्रधानमन्त्रीले कारणसहित फर्काउने प्रावधान रहने तर संसद्को दुईतिहाइ संख्याले पुनः पारित गरेमा त्यो कुरा मान्न प्रधानमन्त्री बाध्य हुने स्थिति निर्माण गर्नुपर्ने छ। त्यसैले राज्यको पुनर्संरचनालाई अघि बढाउँदा यसबाहेक पनि विभिन्न सम्भावना माथि छलफल गर्नुपर्ने हुन्छ।

**७.३ प्रत्यक्ष प्रधानमन्त्रीका लाभहरू**

प्रत्यक्ष प्रधानमन्त्रीले कार्यपालिकालाई आवधिक स्थिरता प्रदान गर्नेछ र सरकारका प्राथमिकताहरू अपेक्षाकृत अविचलित रूपमा क्रियान्वित हुन सक्नेछन्। व्यवस्थापिका सरकार निर्माणको दायित्वबाट मुक्त गरिनाले विधि निर्माणका लागि स्तरीय हुने किसिमका मानिसहरू मात्र व्यवस्थापिकामा आउने छन्। फलस्वरूप व्यवस्थापिकाको विशिष्टता स्थापित हुनाका साथै यो संस्था अझ मर्यादित हुन सक्नेछ। कार्यपालिका प्रमुखले प्रत्यक्ष जनादेश प्राप्त गर्ने भएकाले, नीति कार्यान्वयनका व्यावहारिक उपायहरू अवलम्बन गर्दा बाधा-अड्चनहरू स्वतः कम भएर जानेछन्।

संविधान २०४७ ले प्रधानमन्त्रीलाई विभिन्न विशेष अधिकारहरू दिएको हो, तर ती अधिकारहरूको जनहितका लागि प्रयोग गर्ने परिवेश भने बन्न सकेन। बहुमतकै भए पनि प्रधानमन्त्रीका अधिकांश गतिविधिहरू आफूले प्रतिनिधित्व गरेको पार्टीको राजनीतिक व्यवस्थापकका जस्ता देखिए। प्रधानमन्त्रीले पार्टीका शक्तिकेन्द्रहरूलाई रिझाएर आफ्नो पद सुरक्षित राख्नुपर्ने बाध्यता बन्यो। किन भने आफ्नै सांसद्हरूको बफादारी पनि पार्टीका विभिन्न शक्तिकेन्द्रहरूतर्फ आकर्षित भयो। यसले गर्दा प्रधानमन्त्री देशको कि, सत्ताधारी पार्टीको वा सत्ताधारी पार्टीका गुट विशेषको भन्ने असजिलो अवस्था स्वयं प्रधानमन्त्रीले नै भोगिरहनु परेको हो,



जसका कारण राष्ट्रिय प्राथमिकताहरूतर्फ प्रधानमन्त्रीको कार्यकारी भूमिका न्यून हुन पुग्यो। प्रधानमन्त्री प्रत्यक्ष निर्वाचनबाट आउने परिपाटीले माथि उल्लेख गरिएका समस्याहरूमा प्रधानमन्त्रीको संलग्नता घटेर जानेछ र देशको कार्यकारी प्रमुखको भूमिका जिम्मेवारी पूर्वक निर्वाह गर्न उसलाई समय प्राप्त हुनेछ। साथै त्यस निम्ति अनुकूल मनस्थिति पनि बन्न सक्नेछ। यसले सृजनात्मक र उद्देश्य-उन्मुख कार्यहरूलाई अगाडि बढाउने परिवेश बन्नेछ।

प्रधानमन्त्रीको पदमा आसीन व्यक्ति पनि मानवीय कमजोरीहरूसहित कै मानिस हुन्छ। ती कमजोरीहरूमध्ये आफूले प्राप्त गरेको पदलाई सुरक्षित तुल्याउन अवलम्बन गर्नु परेका अनैतिक प्रतीत हुने उपायहरू पनि हुन्। प्रतिनिधिसभाको संरचनालाई आफ्नो अनुकूल बनाउन केही सदस्यहरूलाई अनुपस्थित तुल्याउने कार्य र त्यो कार्य सम्पन्न गराउनाका लागि आर्थिक र मन्त्रीपदको प्रलोभन दिएको कुरा सार्वजनिक भइसकेको छ। यस्ता घटनाहरूले कार्यपालिका सोझै सार्वजनिक आलोचनाको तारो भएको छ भने व्यवस्थापिका प्रतिको सम्मान आहत भएको छ। व्यवस्थापिकाले सरकार बनाउने परिपाटीलाई कायम राखी रहँदा यी विकृतिहरूलाई सहने क्षमता पनि हुनुपर्दछ, जो सम्भव छैन। यसले कार्यपालिकाको नैतिक मनोवललाई क्रमशः घटाउँदै समाप्त पार्दछ। नेपाली समाजको शिक्षा, शिक्षित नै भए पनि शिक्षाको गुणस्तर आर्थिक र समग्रमा लोकतान्त्रिक चेतनाको स्तर त्यतिमाथि उठन सकेको छैन, यस्तो अवस्थामा मतको अभिव्यक्तिलाई स्पष्ट रूपमा कार्यमूलक प्रयोजनले आकर्षित गर्न सक्नुपर्छ। यसकारण, संसदीय चुनावसँगै प्रधानमन्त्री पनि राष्ट्रका सम्पूर्ण मतदाताद्वारा चुनिने परिपाटी अपनाउँदा कार्यपालिका निर्माण गर्ने र त्यसबाट उत्पन्न हुने विकृतिको मुहान सानो हुनेछ। प्रत्यक्ष प्रधानमन्त्रीले चुनाव क्षेत्रका समस्यामा होइन राष्ट्रिय मुद्दामा मत माग्नुपर्ने हुन्छ। निर्वाचित भएपछि त्यसको क्रियान्वयनमा कुनै बहानावाजी गर्न पाउने अवस्था रहँदैन। उसले गरेका सबै प्रयत्नहरू पारदर्शी बन्नै पर्ने परिस्थिति रहन्छ।

यी सबै पक्षमा हुने विस्तारित रूपको छलफलले एउटा उपयुक्त निष्कर्ष र उपयुक्त प्रणालीसम्म हामीलाई पुऱ्याउनेछ। यस निम्ति हाम्रा आफ्नै अनुभव पनि उपयोगी बन्न सक्छन्। त्यसै पनि शास्त्रीय संसदीय-प्रणाली समावेशी र प्रभावकारी बन्न नसकेको अनुभव यथार्थमा नेपालको मात्रै पनि होइन, हामीले यस पद्धतिको स्रोत मानेका वेलायत र भारतको समेत हो। पुरानो पद्धतिबाट अपेक्षाकृत लाभान्वित भइरहेका व्यक्ति-समूहको पकड यति बलियो भएको छ त्यसमा जति नै सुधारको आवश्यकता र अनुभव गरेपनि त्यसमा परिवर्तन गर्न उनीहरू असमर्थ बनिरहेका छन्, त्यो अलग कुरा हो। तर हामी आफ्नै आवश्यकता र अनुभवले यस काममा अग्रसर हुन सक्छौं। लोकतान्त्रिक मूल्यपद्धति साझा र एक प्रकारले विश्वजनीन विषय नै हो। तर संस्थाहरूको स्वरूप र संरचना भनेको प्रत्येक मुलुकले आ-आफ्ना आवश्यकता र सुविधाअनुसार निर्माण गर्ने विषय हो। यस निम्ति अन्यत्र भएका प्रयोग उपयोगी सन्दर्भ हुन सक्छन् तर पूरै अनुकरणीय बन्न सक्तैनन्।

## ८. सेनाको राष्ट्रिय व्यवस्थापन

राज्यसंरचनामा सेनाको स्थान कस्तो रहनुपर्छ भन्ने प्रश्न अहिले व्यापक रूपमा उठिरहेको छ । सेना राज्यको एउटा अंगको रूपमा संसारमा जहाँ पनि छ । त्यसलाई सीमित व्यावसायिक संरचनाभित्र राख्ने कि आम नागरिकमा छर्ने भन्ने मात्रै कुरा हो । राज्यले सेना व्यावसायिक रूपमा नराखेर आम नागरिकलाई नै सैनिक तालिम दिएर राखेका पनि छन् । नेपालमा पनि आगामी दिनका निम्ति यस्तो सम्भावनाबारे गहिरो छलफल गर्न सकिन्छ । यस निम्ति सेनालाई अनिवार्य नागरिक सैनिक तालिमको मूल जिम्मेवारी दिएर सीमित आकारमा राष्ट्रिय सैनिक सेवा संगठित गर्नु उपयुक्त हुनसक्छ । नेपाल जुन भू-राजनीतिक अवस्थामा छ त्यस दृष्टिले नेपालमा स्थायी प्रकृतिको व्यावसायिक सेनाको औचित्य आफैंमा असान्दर्भिक बन्न जाँदैछ । कुनै बेला नेपाल बाह्य आक्रमणलाई पनि सामना गर्न सक्ने सैनिक शक्तिका रूपमा पनि स्थापित थियो । तर सन् १८१५मा सुगौली सन्धि भएपछि यो स्थिति रहेन । विज्ञान र प्रविधिले सैन्यकलामा पारेको प्रभाव तथा अत्यधिक महँगो बन्दै गएको सैनिक उपकरणहरू नेपालको आर्थिक सामर्थ्य भन्दा बाहिरको विषय बन्न जाँदै छ । यी सबै कारणले हाम्रो सैनिक क्षमता आन्तरिक सुरक्षा प्रबन्धका निम्ति केन्द्रित हुँदैछ । त्यसोत भरोसापूर्ण राष्ट्रिय सुरक्षा प्रणाली कुनै पनि राज्यको महत्वपूर्ण पूर्वाधार हो । तर लोकतन्त्रमा राष्ट्रिय सुरक्षाको जगेर्ना गर्ने विषय सेना मात्र हुँदैन । वास्तवमा मुलुकको आर्थिक र सांस्कृतिक सुरक्षाले नै राष्ट्रिय सुरक्षालाई धानेको हुन्छ । त्यसैले कुनै पनि मुलुकको राष्ट्रिय सुरक्षा त्यहाँका जनताको उत्साहपूर्ण सहभागिता र समर्थनबिना अड्न पनि सक्तैन । त्यसमाथि आन्तरिक प्रयोजनका लागि अर्धसैनिक वा सशस्त्र प्रहरी जस्ता वैकल्पिक प्रयोग अघि बढाउन सकिन्छ । व्यावसायिक सेना नै रहने अवस्थामा पनि त्यसको आकार निर्धारण कुन मान्यता र प्रयोजनमा निश्चित गर्ने भन्ने विषय महत्वपूर्ण देखिन्छ । साथै सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापनको पद्धति सबैभन्दा बढी उत्तरदायी र लोककेन्द्री मान्यतामा आधारित रहनुपर्छ । सहभागिताका दृष्टिले सेनाको स्वरूप राष्ट्रिय हुनैपर्छ । र संचालनमा जनप्रतिनिधिको अर्थात् निर्वाचित संसद् र त्यसप्रति उत्तरदायी कार्यकापालिका वा सरकारको संचालन, नियन्त्रण र व्यवस्थापन अनिवार्य हुनुपर्दछ ।

वास्तवमा विगत १२ वर्षको अभ्यास र अहिले १८ असोज, २०५९ तथा त्यसलाई अझ सघन बनाउन थपिएको १९ माघ, २०६१ पछिको अभ्यास समेतलाई हेर्दा लोकतान्त्रिक नेपालका निम्ति सेनाको गठन र सञ्चालनका बारेमा नयाँ दृष्टिकोण रहनुपर्ने जरुरी देखिन्छ । सेनाको संगठनमा समग्र राष्ट्रिय संरचनाको प्रतिविम्ब आउनुपर्छ र जनप्रतिनिधिहरूले नै सेनाको व्यवस्थापनलाई मूलरूपले नियन्त्रण र सञ्चालन गर्नुपर्छ भन्नेबारेमा सैद्धान्तिक रूपमा कसैले असहमति जनाउन सकेको देखिएको पनि छैन । कतिपयले संसद्अन्तर्गत रहने भनेको राजनीतिक दलअन्तर्गत रहने भन्नेजस्ता ढंगबाट बुझ्न र व्याख्या गर्न चाहेका छन् । संसद् भनेको एउटा राजनीतिक दल मात्र उपस्थित हुने ठाउँ होइन । मुलुकका जनताले पत्याएका सबै राजनीतिक दल रहने ठाउँ हो । संसद्अन्तर्गत भनेको पनि पद्धतिअन्तर्गत रहने कुरा हो । व्यक्तिअन्तर्गतको लहड र स्वविवेकभन्दा संसद्अन्तर्गत



अर्थात् संसद्प्रति उत्तरदायी हुने कार्यकारिणीअन्तर्गत रहने विषयले नै सत्ता राजनीतिको आन्तरिक प्रतिस्पर्धादेखि मुक्त राख्न सजिलो हुनेछ । यस क्रममा संसद्ले ठोस प्रबन्ध पनि गर्नेछ । यसबाट भर्ना प्रक्रिया, पदोन्नति तथा परिचालन लगायतका सबै प्रक्रिया पारदर्शी हुनेछन् । वास्तवमा 'हतियारबाट तपाईं धेरै काम गर्न सक्नुहुन्छ तर त्यसमाथि तपाईं शान्तिसँग बस्न सक्नुहुन्न' भन्ने एउटा पुरानो भनाइ बारम्बार उल्लेख हुने गरेको पाइन्छ । त्यसैले राज्यको हतियारलाई विवेक र विधिअन्तर्गत राख्नुपर्ने हुन्छ । अन्यथा त्यस हतियारले कुनै पनि परिस्थितिमा लोकतान्त्रिक पद्धतिको विकास गर्न दिँदैन ।

सेनासम्बन्धी अहिलेको मुख्य विवाद राजालाई संविधान, २०४७ द्वारा प्रदान गरिएको सेनाको परमसेनाधिपत्य सम्मानका लागि हो कि सक्रिय प्रकृतिको हो भन्नेमा नै रहेको देखिन्छ । राष्ट्राध्यक्षलाई परमसेनाधिपति बनाउने मान्यता अन्यत्र पनि छ । लोकतान्त्रिक मुलुकमा, जहाँ राष्ट्रपति सरकार-प्रमुख वा कार्यकारिणी-प्रमुख हुँदैनन्, त्यहाँ पनि राष्ट्रपतिलाई परमसेनाधिपति बनाइन्छ । भारतमा नै यस्तो प्रचलन छ । यसैले परमसेनाधिपति हुँदैमा सक्रिय सेना प्रमुख पनि हुने मान्यता लोकतान्त्रिक शासनमा देखिँदैन । अर्को कुरा नेपालमा सेनासँग राजाको सम्बन्ध एकनासको छैन । पृथ्वीनारायण शाहदेखि भीमसेन थापा पूर्वनेपाली सेना प्रायः जनमिलिसिया (झारा फौज) प्रकृतिकै हो । प्रधानमन्त्री भीमसेन थापाले यसलाई पाश्चात्य शैलीको तालिम, पोसाकसहित थप व्यावसायिक र स्थायी प्रकृतिको संगठनका रूपमा विकसित र व्यवस्थित गरेका हुन् । प्रधानमन्त्री जंगबहादुर राणा मुलुकको सरकार-प्रमुख र कार्यकारिणी-प्रमुख बनेपछि नेपाल अधिराज्यका प्रधानमन्त्री नै सेनाको सर्वाधिकारसम्पन्न प्रमुख बन्ने प्रचलन प्रारम्भ भयो । २००७ सालको राजनीतिक परिवर्तनसँगै यस व्यवस्थामा परिवर्तन आएको हो । त्यसैले कार्यकारिणी अधिकार जोसँग छ, सेना पनि त्यसैसँग वा त्यसअन्तर्गत रहने नै नेपालको पनि परम्परा हो भन्ने स्पष्टै छ । त्यसैले राजाअन्तर्गत मात्रै सेना रहेको नेपालकै परम्परा पनि छैन ।

लोकतन्त्रको पुनःस्थापनाले उत्पन्न गरेको २०४६ अर्थात् सन् १९९० पछिको नयाँ परिवेशमा सेनाको परिचालन र नियन्त्रणको विषयसँगै यसको राष्ट्रिय स्वरूपका बारेमा पनि छलफल प्रारम्भ भएको छ । यस क्रममा महिला र खास गरी मधेसी समुदायलाई सेनामा समावेश नगरिएको प्रसंग केवल हलुका राजनीतिक मुद्दा मात्र नभएर राज्यसत्तामा सबैको पहुँच पुऱ्याउने प्रयत्नको आवाजका रूपमा पनि लिनुपर्छ । हिजो महिलाहरूलाई पनि सेनामा खुला प्रवेश थिएन । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को सशस्त्र विद्रोह र त्यसमा महिला छापामारको बाहुल्य बढ्दै जाँदा अहिले आएर विशेष नीतिअनुरूप नै महिलालाई सेनामा प्रवेश गराइएको छ । त्यसै गरी हिजो विविध आग्रह पूर्वक तथा कतिपय परम्परागत कारणले समेत मधेसीमूलका नागरिकलाई सेनामा सहज प्रवेशका निम्ति प्रोत्साहित नगरिएको अवस्थालाई अब अन्त्य गर्नै पर्ने हुन्छ । जसरी महिलाको प्रवेश प्रोत्साहित गरिएको छ त्यसै गरी मधेसी समुदायको प्रवेशलाई पनि खुला र सहज पारिनु राष्ट्रिय एकताको दृष्टिले समेत अनिवार्य बन्न गएको छ ।

संविधान, २०४७ ले नेपालको शासन सञ्चालन गर्ने, त्यसलाई नियन्त्रण गर्ने तथा निर्देशन दिने अभिभारा मन्त्रिपरिषद्लाई दिएको हो र त्यो मन्त्रिपरिषद् राजाप्रति नभएर संसद्प्रति उत्तरदायी हुन्छ। तर सम्मानका निम्ति राखिएका केही शब्दावलीलाई आधार बनाएर २०५९ असोज १८ पछि कार्यकारिणी अधिकार पनि विवादमा पारिएको छ। त्यस माथि माघ १९ पछि त्यस विवादलाई समेत टुंगो लगाउन खोज्दै राज्य नै राजा भन्ने शताब्दीयौ पुरानो र संसारबाट धेरै अघि बिदा भइसकेको मान्यता थोपरिएको छ। तर लोकतन्त्रमा राजसंस्था रहेको अवस्थामा पनि सेनाको सञ्चालन र नियन्त्रण जनप्रतिनिधिहरूले नै गर्ने हो। नेपाली कांग्रेसको १४ **सूत्रीय संवैधानिक परिवर्तन र विकासको अग्रगामी कार्यक्रम** (२०६०) तथा नेपाली कांग्रेस र एमालेलगायतका पाँच संसदीय दलहरूको **१८ बुँदे प्रतिबद्धता** (२०६०) एवं **सात दलको राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा**ले सेनाको सम्बन्धमा विद्यमान रहेका अस्पष्टतालाई अन्त्य गर्न खोजेका छन्। सेनालाई प्रतिष्ठापूर्ण ढंगले राष्ट्रिय जीवनको अंग बनाउन पनि त्यसको संगठनात्मक संरचनामा नै सहभागितापूर्ण राष्ट्रिय स्वरूप प्रतिविम्बित हुनु पर्ने र संचालनको अभिभारा पद्धतिबद्ध किसिमले जनप्रतिनिधिले नै लिनुपर्ने स्वाभाविक विषय हो। त्यसैले राज्यको पुनःसंरचनामा जाँदा सेनासम्बन्धी यावत् पक्षहरू आधारभूत रूपमा नै महत्वपूर्ण छलफलको विषय बन्नुपर्ने देखिन्छ।

## ९. उत्तरदायी न्यायप्रणाली

राज्यको महत्व सन्तुलित र सर्वपक्षीय न्याय स्थापनाका दृष्टिले पनि बढी देखिएको हुन्छ। समाजमा विभिन्न कारणले सबै एकैनासका व्यक्तिहरू नभएको अवस्थामा कोही अन्यायमा पर्ने, कसैमार्फत् दबाइने र पीडा बेहोर्नुपर्ने परिस्थिति सिर्जना हुन्छ। त्यसबाट पीडितहरूलाई मुक्त गर्न राज्यले एउटा परिपाटी सिर्जना गरेको हुन्छ। त्यो परिपाटी भनेकै न्याय प्रदान गर्नु हो। कसैमाथि अन्याय नपरोस् भनेर निश्चित व्यवस्था निर्धारित गरिन्छ। त्यसलाई हामी स्वतन्त्र न्यायपालिका भन्छौं। हाम्रो न्याप्रणाली ज्यादै ढिलो छ भन्ने कुरा हामी सबैले स्वीकार गर्छौं। ढिलो न्याय अन्यायको बराबर हो भन्ने कुरा पनि न्यायिक क्षेत्रमा प्रचलित छ। त्यसभन्दा पनि अगाडि न्याय दिने परिपाटीलाई स्वतन्त्र बनाउन न्यायपालिका स्वतन्त्र र अधिकारसम्पन्न हुनु जरूरी छ, साथै त्योभन्दा बढी उत्तरदायी हुनु जरूरी छ।

लोकतन्त्रले न्यायालयलाई उत्तरदायी मात्रै होइन उदार पनि बनाउन चाहेको हुन्छ। पछाडि परेका र विभिन्न कारणले बहुसंख्यकले थिचेका समुदायको संरक्षण पनि न्यायलयले गर्नुपर्ने हुन्छ। समाजलाई सन्तुलन र समन्वयमा राख्न संवैधानिक पद्धतिलाई विकसित गर्दै लैजान पनि न्यायालयले सक्रियता र अग्रसरताको बाटो लिनुपर्ने हुन्छ। विगतमा भाषिक सन्दर्भमा कतिपय नगरपालिका र जिविसहरूले स्थानीय भाषासमेत प्रयोग गर्ने निर्णयका विपरीत सर्वोच्च अदालतले दिएको फैसला संविधानले नेपालमा मातृभाषाहरूलाई प्रदान गरेको राष्ट्रियभाषाको सम्मानअनुरूप भएन भन्ने धेरैको निष्कर्ष बन्यो। संविधानको प्रावधानमा अपूर्णता र अस्पष्टता थिए



भने पनि त्यस निम्ति संसद्द्वारा निर्मित कानुनमार्फत् जाने बाटो न्यायलयले देखाउन सक्थ्यो। यी दुवै बाटो नअँगाली जनताको अधिकारलाई बढाउने सकारात्मक काममा अनुदार निर्णय गर्नु न्यायसम्मत र सुविचारित हुन सकेन।

न्यायपालिकालाई कसरी उत्तरदायी र विवेकपूर्ण बनाउने ? उसलाई सही बाटोमा हिँडाउनका लागि कसले उत्साहित र प्रेरित गर्ने भन्ने प्रश्न लोकतान्त्रिक शासन प्रणालीमा सबभन्दा महत्वपूर्ण विषयका रूपमा उठ्ने गरेको छ। न्यायपालिकालाई स्वतन्त्र राख्नु जरुरी छ। न्यायपालिकामा खासगरी कार्यपालिकाको दख्ल नपरोस् भन्नेतर्फ ध्यान राख्नुपर्ने हुन्छ। त्यससँगसँगै न्यायपालिकालाई जनताप्रति उत्तरदायी नभएर आफैं पूर्ण भयो भने पनि त्यसले सही ढंगबाट न्याय दिन सक्दैन। त्यहाँ विकृति र विभिन्न किसिमका खराबीले प्रवेश गर्ने संभावना पनि उत्तिकै प्रबल मात्रामा रहने अवस्था हुन्छ। नेपालको चालु न्यायप्रणालीमा ढिलासुस्ती लगायतका अरू थुप्रै खराबीहरू अझै कायम छन्। यसको निराकरण अबको न्यायिक संरचनामा हुनैपर्ने छ।

लोकतन्त्रमा अन्तिम रूपले उत्तरदायित्व निर्वाह गर्नुपर्ने जनताकै अगाडि हो। जनताको प्रतिनिधिका रूपमा रहने प्रतिनिधिमूलक संस्थासमक्ष नै उत्तरदायी भएर न्यायपालिकाले जनताप्रति उत्तरदायी भएको प्रक्रिया पूरा गर्नुपर्छ। त्यसैले न्यायपालिकालाई ठीक तरिकाबाट हिँडाउने र उत्तरदायी बनाउने जिम्मेवारी संसद्कै हुने मान्यता स्वीकृत गरिएको हो। यस परिप्रेक्ष्यमा न्यायाधीशहरू अथवा न्यायपालिकाको क्रियाकलापमाथि संसद्को जिम्मेवारी के कति हो ? संसद्ले आफ्नो जिम्मेवारी कसरी निर्वाह गर्ने, कुन मात्रामा गर्ने भन्ने प्रष्ट व्यवस्था हुनु जरूरी छ। २०४७ सालको संविधानमा न्यायाधीशहरूलाई संसद्ले महाअभियोग लगाउन सक्ने प्रावधान रह्यो, तर त्यस अनुरूपका अन्य कानुनी प्रबन्ध, व्यवस्था र त्योसँगसँगै आचारसंहिताको पालना भएको नभएको बारेमा निर्देश गर्ने, ध्यानाकर्षण गर्नेसम्बन्धी विषयहरू कसको जिम्मेवारीमा कसरी रहने र कसले हेर्ने भन्ने कुराहरूको स्पष्ट प्रबन्ध हुन सकेन। त्यसले मात्रै न्यायपालिकालाई अधिकारसम्पन्न र उत्तरदायी बनाउन सक्छ। साथै **संविधान**, **२०४७**ले यस्तै प्रकृतिका केही जिम्मेवारी निर्वाह गर्न न्यायपरिषद्को स्थापना गरे पनि माथिल्लो तहलाई यसले काम गर्न सक्ने स्थिति थिएन। यसबाहेक न्यायाधीशहरूको नियुक्ति-प्रक्रियामा सार्वजनिक बहस हुन नसके पनि नियुक्तिपछि उनका व्यक्तित्व र पृष्ठभूमिलाई लिएर अनेकौं विवादहरू भए। त्यसैले प्रधानन्यायाधीशलगायत सबैको नियुक्ति प्रक्रिया नै पूर्णतः पारदर्शी र उत्तरदायी (संसदीय व्यवस्थापनभित्र सार्वजनिक सुनुवाइ हुने पद्धतिअन्तर्गतको) हुनुपर्ने देखिएको छ।

## १०. राजनीतिक दल

राजनीतिक दलहरूको क्षमता र नेतृत्वको विश्वसनीयतालाई लिएर यतिखेर धेरै प्रकारका प्रश्नहरू उठ्न थालेका छन्। नेपालको राजनीतिमा सात दशकभन्दा बढी समयदेखि राजनीतिक दल एउटा महत्वपूर्ण सामाजिक अंग बनेर निरन्तर उपस्थित छ। ०१७ सालमा दलहरूमाथि प्रतिबन्ध लगाएर शासन सञ्चालन गर्न

खोज्दा पनि त्यसलाई निर्दलीय व्यवस्थाको नामकरण गरी दलको उपस्थितिलाई नकारात्मक बनाउने प्रयत्न भयो तर शून्य बनाउन सम्भव भएको थिएन। जबकि असोज १८ २०५९ को शाही घोषणा र त्यसमा थपिएको माघ १९ को शाही घोषणाले दलको उपस्थिति सडकमा समेत कठिन बनाएको छ। राजाको गतिविधिले भन्दा प्रमुख दलका संचालकहरू नै आफ्नो क्षमता र कार्यप्रति ढुक्क हुन नसके पछि विषयले स्वाभाविक रूपमा नै गम्भीरता प्राप्त गरेको छ। साथै दलहरूका अगाडि थुप्रै चुनौती थपेको छ।

### १०.१ दल उत्पत्तिको बेलायती परम्परा

हाम्रो संसदीय प्रणालीको शास्त्रीय सन्दर्भ बेलायतसँग जोडिएको छ। संवैधानिक राजसंस्था र संसद्बाट निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख हुने प्रणालीले बेलायतसँग समानता राखे पनि राजनीतिक दलको उत्पत्ति र त्यसको निर्माण प्रक्रियामा भने दुवै देशमा आधारभूत भिन्नता विद्यमान छ। बेलायतमा संसद्को लामो परम्परा छ तर दलीय अभ्यासको इतिहास अपेक्षाकृत निकै छोटो छ। संसद्भित्रको अभ्यासले नै बेलायतमा दलको जन्म भएको हो तर नेपालमा राजनीतिक दलले गरेको लामो र कठिन संघर्षको परिणाम विगतमा संसद्को स्थापना हुन सकेको हो। आगामी दिनमा पनि राजनीतिक दलको सामर्थ्यकै आधारमा संसद् पुनः फर्कने वा नफर्कने परिस्थितिको निर्धारण हुनेछ।

नेपालमा हाल क्रियाशील प्रमुख राजनीतिक पार्टीको इतिहास करिब साढे पाँच दशककै हाराहारीमा रहेको छ। खासगरी नेपाली कांग्रेस आफ्नो स्थापनाको पाँच दशकभन्दा बढी समयदेखि नेपालको लोकतान्त्रिक राजनीतिको मुख्य पात्र बनेर बारम्बार सत्ता सञ्चालनको प्रक्रियामा सामेल रहँदै आएको छ। यसैगरी लगभग पाँच दशकदेखि नै नेपाली राजनीतिमा आफ्नो उपस्थिति जनाउँदै आएको नेपाल कम्युनिस्ट पार्टी पनि थुप्रै आरोह-अवरोह एवं विभाजन-एकीकरणका अनेकौं प्रक्रियाका बीच २०४६ सालको जनआन्दोलनपछि एउटा घटक (एमाले) सरकार संचालन गर्ने वैकल्पिक दलका रूपमा समेत स्थापित भएको छ।

यतिखेर कम्युनिस्ट पार्टीको अर्को घटक माओवादी सशस्त्र संघर्षमा संलग्न छ र मुलुकको वैकल्पिक राजनीतिक धार बन्ने प्रयत्नमा छ।

यसरी नेपालमा राजनीतिकदलहरूले बारम्बार संघर्ष गर्दै संसद्को स्थापना गरेका कारण राजनीतिकदललाई नै एक अर्थमा संसद्को जन्मदाता मान्नुपर्ने अवस्था पनि छ। तर संसद् र संसदीय प्रणालीको जन्मदाता मानिएको संयुक्त अधिराज्य बेलायतमा भने राजनीतिक दल र संसद्का बीचको अन्तरसम्बन्धको इतिहास बेग्लै ढंगको रहेको छ।

बेलायतमा राजनीतिक दलको जन्म संसदीय अभ्यास र आवश्यकताका क्रममा नै भएको पाइन्छ। नयाँ सन्दर्भमा संसद्भन्दा बाहिर पार्टी संगठनको प्रारम्भ गर्ने काम कन्जर्भेटिभ र लिवरल पार्टीले गरे। अठारौं शताब्दी र उन्नाइसौं शताब्दीको प्रारम्भमा खास गरी संसद्भित्र क्रियाशील रहेका टोरी र ह्वीग पार्टीकै उत्तराधिकारीका रूपमा यी पार्टीहरू जन्मिएका हुन्। अहिले सत्तारूढदल लेवोर पार्टी



भने सन् १९०६ मा संसदीय लेवोर पार्टीका रूपमा संगठित हुँदै सन् १९२३ देखि मात्रै बेलायतका प्रमुख २ दलका रूपमा स्थापित भएको हो र कुनै बेला सत्तारूढसमेत रहेको लिवरल पार्टीले आफूलाई तेस्रो दलमा झारेको हो ।

यसरी हेर्दा बेलायतमा राजनीतिक दलहरू मूलतः संसद्केन्द्री हुँदै विकसित भए भने नेपालमा संसद् बाहिर नै दलले आफ्नो स्थापना र विकास प्रक्रियालाई अघि बढाए पछि मात्रै संसद्भित्र केन्द्रित हुने प्रयत्न गर्दै छन्। नेपालमा गत बाह्र वर्षको इतिहास र अभ्यासका क्रममा राजनीतिक पार्टी र संसदीय दल भित्रको द्वन्द्व एवं त्यसको व्यवस्थापन प्रक्रियामा देखिने कठिनाइको मूल चुरो पनि यही ऐतिहासिक प्रक्रियामा सन्निहित मनोविज्ञानमा छ।

### १०.२ दलसम्बन्धी कानुनी व्यवस्था

यस ऐतिहासिक विशिष्टताको प्रतिविम्ब **संविधान**, २०४७ मा राम्रैसँग परेको छ। संसारका प्रमुख लोकतान्त्रिक संविधानले आफ्नो पद्धतिलाई बहुदलीय भन्नुपर्ने वा दल सम्बन्धमा संविधानमा लेख्नुपर्ने आवश्यकता देखेनन्। किन भने बहुदलीयता लोकतन्त्रको प्राकृतिक लक्षण मध्येको हो। तर **संविधान**, २०४७ ले बहुदलीयतालाई विशेष रूपले जोड दिएको छ। तीस वर्षसम्म राजनीतिक दलको अस्तित्वलाई निषेध गर्दै चालु निरंकुश प्रकृतिको प्रणालीलाई पनि 'निर्दलीय प्रजातन्त्र' का नाममा संचालन गरेको पृष्ठभूमि र त्यसबाट जन्मेको प्रतिक्रियामूलक मानसिकताका कारणले पनि संविधानको प्रस्तावनामा र अलगै परिच्छेदमा समेत बहुदलीयताको प्रसंग र राजनीतिकदलसम्बन्धी व्यवस्थालाई महत्वपूर्ण स्थान प्रदान गर्नु आवश्यकता अनुभव गरिएको हुनसक्छ।

संविधानले राजनीतिक दललाई जुन मात्रामा महत्व दिएको छ र नेपाली जनताले जुन मात्रामा विश्वास र समर्थन गर्दै आएका छन् त्यस अनुपातमा गत बाह्रवर्षभित्र सम्पन्न राजनीतिकदलको भूमिका र क्रियाकलाप उपयुक्त र गम्भीर बन्न सकेन। सम्पूर्ण समाजलाई लोकतान्त्रिक रूपान्तरणमा लैजान निरन्तर अग्रसर रहनुपर्ने दलहरू धेरै जसो आन्तरिक खिचातानी, विभाजन र सत्तामुखी प्रतिस्पर्धा र राजनीतिक समर्थनका लागि पैसाको लेनदेनसम्मका प्रक्रियामा केन्द्रित बने। विधिको शासन र लोकतान्त्रिक पारदर्शिताको प्रश्नमा अत्यन्त कमजोर देखिए। यसै कारण २०४९ सालमा पहिलो पटक मसौदा भएर पनि **संविधान**, २०४७ बनेको १२ वर्षपछि आएर मात्रै संसद्ले बनाएको दलसम्बन्धी कानुनले राखेको निम्न उद्देश्य र ल्याउनुपर्ने कारणले पनि दलको गठन, सञ्चालन र भूमिकाका बारेमा सर्वाजनिक बहस र अभिरुचि प्रकट भएको हो। जस्तै :

१. राजनीतिक संगठन वा दलहरूलाई संगठित संस्थाका रूपमा विकसित गर्न
२. दलदर्ताको प्रक्रियालाई व्यवस्थित गर्न
३. दलको आन्तरिक संगठनमा लोकतान्त्रीकरणको विकास गर्न, तथा
४. दलको कोषलाई पारदर्शी बनाई राजनीतिक दललाई जिम्मेवार संस्थाको रूपमा विकास गराउन

यी उद्देश्यसहितको विधेयकलाई संसद्ले पारित गर्नु पूर्व नागरिक समाजकाबीच औपचारिक रूपमा नै सार्वजनिक बहस जरुरी थियो। तर संसद्मा विधेयक प्रस्तुत भइरहँदा भने प्रबुद्ध नागरिक समाजले यसमा विशेष छलफल गर्न सकेन। वास्तवमा यो विधेयक दलसम्बन्धी भएकाले संसद्मा मात्र भएको छलफल पर्याप्त हुने थिएन। नागरिक समाजकाबीच अपेक्षित र पर्याप्त छलफल नभइकनै विधेयक संसद्द्वारा पारित भयो र ऐन बन्यो। राजनीतिक दलको भूमिका, व्यवस्थापन र दायित्वका बारेमा कठोर किसिमबाट आलोचनात्मक रहँदै आएको हाम्रो नागरिक समाजले यस विधेय संसद्भित्र निर्माणाधीन रहेको अवस्थामा भने गम्भीर प्रकृतिको छलफल गरेको देखिएन। यसबाट हाम्रो नागरिक समाज प्रतिक्रियामूलक आलोचनामा उत्सुक भए पनि विषयको कार्यमूलक निरूपणमा अझै जागरूक र क्रियाशील देखिदैन भन्ने देखिन्छ।

### १०.३ लोकतान्त्रिक अभ्यास र आर्थिक पारदर्शिता

दलको आन्तरिक संगठनमा लोकतान्त्रीकरणको विकास गर्ने विषय अर्को महत्वपूर्ण पक्ष हो। लोकतन्त्रका संवाहक बन्नुपर्ने दलहरू आफैंभित्र के कति लोकतान्त्रिक किसिमबाट संगठित र सञ्चालित छन् भन्ने कुरा प्राथमिकताका साथ लेखाजोखा गर्नुपर्ने विषयमा पर्छ। लामो आन्दोलनबाट विकसित भएका दलहरूको नेतृत्व निर्माणको औपचारिक प्रक्रिया र बनोट लोकतान्त्रिक देखिए पनि त्यसभित्रको मानसिकता र कार्यशैलीमा लोकतान्त्रिक मूल्यको न्यूनता वारम्वार खट्किने विषय बनेको छ। आधुनिक लोकतान्त्रिक प्रणाली प्रतिनिधिमूलक भएकाले प्रतिनिधि चयनको प्रक्रियालाई सर्वाधिक महत्व दिने गरिन्छ। त्यसैले पार्टीको आन्तरिक पदहरूको चयनका निम्ति प्रयोग हुने प्रक्रिया जसरी लोकतान्त्रिक हुनु जरुरी छ त्यसैगरी पार्टीका तर्फबाट निर्वाचनमा उम्मेदवार तोक्ने प्रक्रिया पनि पारदर्शी र लोकतान्त्रिक हुनु आवश्यक छ। संसद् तथा अन्य जननिर्वाचित निकाय भित्रको गुणस्तर र गरिमालाई बढाउँदै लैजान पनि यस दिशामा गम्भीरताका साथ पहल गर्नु अति आवश्यक भइसकेको अनुभव यस अवधिको अभ्यासद्वारा नै स्वतः अभिव्यक्त छ।

सर्वाधिक चर्चाका साथ वारम्वार गम्भीर विवादमा पनि आइरहने अर्को प्रसंग भनेको दलको कोष व्यवस्थापनका साथै समग्र आर्थिक गतिविधिलाई पारदर्शी बनाउने कार्य हो। शृंखलाबद्ध ढंगले प्रभाव पार्ने पक्ष भएकाले पनि यसले दलको खर्च के कति र कसरी हुने विषयलाई मात्रै होइन पार्टी कोषको निर्माण कसरी गरिन्छ वा गर्ने भन्ने सन्दर्भलाई समेत थप महत्वपूर्ण मानेर केलाउनु पर्ने हुन्छ। यसको पारदर्शी व्यवस्थापनले आर्थिक विकृति र भ्रष्टाचारको नियन्त्रणलाई पनि सघाउन सक्ने सम्भावना रहन्छ। जसअनुसार दलसम्बन्धी विधेयक निर्माण गर्दा राजनीतिकदललाई प्राप्त मतका आधारमा सरकारले आर्थिक अनुदान दिने तथा राजनीतिक दललाई आर्थिक अनुदान दिने व्यक्ति वा संगठित संस्थाले आफ्नो खुद आयको पाँच प्रतिशतमा नबढ्ने गरी मात्रै दिनसकिने व्यवस्था अघिसारेको हो। यसले राजनीतिक दलको आर्थिक पारदर्शिता मात्रै नभएर दललाई सहयोग गर्नेहरूको आर्थिक स्थिति पनि पारदर्शी बन्नुपर्ने अवस्था सिर्जना गरेको थियो। तर



प्रतिनिधिसभाले यी दुवै प्रावधानलाई संशोधन गरी पारित गरेको हुँदा विद्यमान दलसम्बन्धी ऐनमा यस्तो व्यवस्था कायम रहेको छैन।

राजनीतिक दललाई सरकारीकोषबाट प्राप्त मतका आधारमा आर्थिक अनुदान दिने व्यवस्था अन्य देशमा पनि पाइन्छ। बेलायतमा पनि संसद्मा पार्टीले प्राप्त गर्ने सिट र मत संख्या दुबैलाई हेरेर अनुदान दिने व्यवस्था छ। यसले पार्टी संचालनका निम्ति अव्यवस्थित ढंगबाट चन्दा उठाउने परिपाटीको अन्य गर्ने र आर्थिक अनुशासनमा राख्ने दुवै काम एकै साथ गर्न सक्छ। यस अतिरिक्त पार्टीको आर्थिक व्यवस्थापनका लागि बेहोर्नुपर्ने तनाव कम गर्छ र पार्टीको आर्थिक पारदर्शिताको परीक्षण तर्फ नागरिक अभिरुचि र जागरुकता पनि बढाउँछ। आफूले तिरेको करको पैसा पार्टीहरू कसरी खर्च गर्दै छन् भन्ने तर्फको जागरुकताले मतदाता र पार्टीहरूका बीचको पारस्परिक उत्तरदायित्वको बोध पनि सृजना हुन्छ। साथै पार्टी संचालनमा धनाढ्यहरूको वर्चस्व बढ्ने सम्भावनालाई पनि कम गराउँछ।

### १०.४ उत्तरदायी र बलियो

लोकतन्त्रमा राजनीतिक दलको व्यवस्थापन चुस्त र पारदर्शी हुनु आवश्यक छ। तर दलको भूमिका के कति हुने र के कस्तो हुने भन्ने विषय निर्धारण गरिनु झन् बढी महत्वपूर्ण छ। त्यसैले दललाई बलियो बनाउने भन्ने कुरा आफैंमा नराम्रो नभए पनि यो एउटा विवादको विषय भने हो। कम्युनिष्ट पद्धतिमा दल नै सर्वेसर्वा हुने तथा एउटै दलको हैकम चल्ने हुँदा दललाई **बलियो बनाउने** आशयमाथि लोकतन्त्रवादीहरूले केही शंका पनि गर्छन्। भूमिकाको निर्धारण र सीमांकनले यस्ता सवै शंकाको निवारण गर्न सक्छ। यस्ता र यी बाहेक अरू पनि थुप्रै कारणले गर्दा राजनीतिक दलको आन्तरिक लोकतन्त्र र पारदर्शी व्यवस्थापनका लागि दलहरूको रूपान्तरणका निम्ति देहायका विषयहरूलाई मुख्य रूपमा जोडदिनु आवश्यक भएको छ :

१. दलसम्बन्धी लोकतान्त्रिक आधारलाई बलियो पार्ने गरी दलको विधान
२. पार्टीको निर्वाचन प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउन उपयुक्त प्रबन्ध
३. पार्टी निकायहरूमा महिलाहरूको ३३ प्रतिशत र दलितहरूको १० प्रतिशत प्रतिनिधित्वको व्यवस्था
४. पार्टी केन्द्रीय तहमा मधेसी र जनजातिहरूको न्यायपूर्ण एवं सन्तुलित प्रतिनिधित्व र सहभागिताको विस्तार
५. कार्यकारिणी नेतृत्वको अवधि निर्धारण र पदाधिकारको सीमांकन
६. राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयहरूमा आन्तरिक छलफल र सहभागितामूलक निर्णयहरूका लागि बैठक र अधिवेशनहरूको नियमितता
७. पार्टीको निर्माण र परिचालनको पारदर्शी प्रक्रिया र नियमित लेखापरीक्षण
८. राज्यका निकायमा पार्टीद्वारा दिइने उम्मेदवारीका आधारहरू खुला बनाउनुपर्ने र सम्बन्धित तह-क्षेत्रका पार्टी सदस्यद्वारा आन्तरिक र प्राथमिक निर्वाचनलाई उम्मेदवारको चयन वा अन्तिम निर्णयको आधार बनाउनु पर्ने व्यवस्था
९. निर्वाचन आचारसंहिताको पालना सम्बन्धमा वाध्यकारी कानुनी प्रबन्ध

## ११. समावेशी राज्यको खोजी

नेपाली समाज ऐतिहासिक र धार्मिक कारणले पनि असमानता बेहोर्न बाध्य बन्दै आएको छ। परिणाम स्वरूप मुलुकभित्र अनेकौं सामाजिक अन्तरहरू छन्, आर्थिक विभेद ठूलो छ। मधेस र जनजातिको समस्या नेपाल राज्यको निर्माण भए देखिकै हो। अझ त्यसमाथि महिला र दलितहरूको समस्या झन् पुरानो विषय हो। यी सबै कुराको उपचारको प्रारम्भ राजनीतिक प्रतिनिधित्वलाई न्यायपूर्ण र सन्तुलित बनाउने र निर्णय प्रक्रिया तथा राज्ययन्त्रमा सबैको सहभागिता बढाउने कार्यले मात्र हुन सक्छ।

गोरखाराज्य विस्तारको क्रममा राजनीतिक-सामाजिक एकीकरणका केही सूत्रहरूको प्रयोग भए पनि ती क्रमशः एकांगी बने। किन भने पछिल्ला दिनहरूमा तिलाई सम्मानजनक सम्मिलत र सकारात्मक ढंगको विकास हुने मौका प्रदान गरिएन। यसले गर्दा असमानता र विभेदका पर्खालहरू झन् अग्ला भए। त्यसैले सन्तुलित प्रतिनिधित्व र सहभागितापूर्ण दृष्टिले समावेशी राज्यसंरचना यतिखेर सबैको चाहना हो। यस प्रक्रियाले राज्यमाथि सबैको स्वामित्व र अपनत्वको भावना बढाउने छ।

राज्यलाई लोकतान्त्रिक र न्यायपूर्ण रूपान्तरणमा लैजाने प्रमुख माध्यम बनेका राजनीतिक पार्टीहरू भित्रै सबै क्षेत्र, लिङ्ग, समुदाय, सामाजिक-सांस्कृतिक जाति-समूहको प्रतिनिधित्व र सहभागिता सन्तुलित छैन, कमजोर बनेको छ। कतिपय पक्षहरू प्रतिनिधित्वका दृष्टिले शून्यजस्तै रहेका छन्। यसले गर्दा पार्टीहरूले चलाउने समानताका निम्तिको राजनीतिक आन्दोलन पनि समष्टिमा कमजोर र अप्रभावकारी देखिएको छ। यस परिप्रेक्ष्यमा राज्य भित्र प्रतिनिधित्व र सहभागिताका दृष्टिले विशेष ध्यान पुऱ्याउनुपर्ने पक्षको केही चर्चा यस क्रममा गरिएको छ।

### ११.१ महिला प्रतिनिधित्व

एक्काइसौं शताब्दीको यात्रा प्रारम्भ गरिसकेपछि पनि नेपाली समाज सामन्ती मनोवृत्ति र संस्कारबाट मुक्त हुन सकेको छैन। अधिंकाश सामन्ती संस्था र प्रचलनहरू समाप्त भए तर सामन्ती मनोवृत्तिबाट बनेका कतिपय मनोवृत्ति र संस्कारहरू यथावत् छन्। हाम्रो लोकतान्त्रिक अभ्यासमा अझै पनि महिलाहरूको न्यून उपस्थिति र सहभागितालाई हामीले असामान्य र अलोकतान्त्रिक मान्न सकेका छैनौं। निर्वाचनको समयमा हुने आमसभामा महिलाहरूको उपस्थिति संख्यात्मक दृष्टिले पनि उल्लेखनीय हुनेगर्छ तर अन्य राजनीतिक कार्यहरू, राज्यका विभिन्न निकाय र विविध छलफल गोष्ठीमा महिलाहरूको उपस्थिति नगण्य बराबर रहन्छ। महिलाहरूको संस्था वा संगठनले आयोजना गरेका कतिपय कार्यक्रमहरूलाई मात्र अपवादका रूपमा लिन सकिन्छ। निश्चय नै यसका पछाडि थुप्रै आर्थिक, सामाजिक र सांस्कृतिक कारणहरू छन्। यी सबैको समष्टीकृत उपचार जरुरी छ। राजनीतिक तहमा महिलाहरूको प्रतिनिधित्व वा सहभागितामा गरिने वृद्धिबाटै यसको उपचार प्रारम्भ हुन्छ।



नेपाली नारीहरू पितृसत्तात्मक संरचनाका कारण सार्वजनिक जीवनका अन्य क्षेत्रमा जस्तै राजनीतिक क्षेत्रमा पनि अत्यन्त न्यून संख्यामा छन्। नीति निर्माण गर्ने तहमा र उच्च प्रशासनिक तहमा उनीहरू ज्यादै थोरै छन्। औपचारिकता निर्वाहका लागि केही नगण्य प्रतिशत उपस्थितिको व्यवस्था विभिन्न तहमा गरिएको छ तर त्यसबाट नारीलाई प्रोत्साहित गर्ने काममा गम्भीरतापूर्वक कार्य गरेको पाइँदैन। केही वर्ष अघिदेखि स्थानीय तहमा करिब २५ प्रतिशत जस्तो महिला सदस्यको अनिवार्यताले राजनीतिमा महिला सहभागिताको नयाँ अध्याय प्रारम्भ भएको छ। तर त्यसमा पनि गाउँ/नगरपालिका र जिल्ला तहको स्थानीय निकायका प्रमुख/उपप्रमुखजस्ता नेतृत्वदायी पदमा महिलाको उपस्थिति शून्य बराबर नै छ। त्यस माथि **संविधान**, २०४७ ले प्रतिनिधिसभामा राष्ट्रिय पार्टीले आफ्ना उम्मेदवारमा न्यूनतम ५ प्रतिशत महिला उम्मेदवार रहनै पर्ने प्रावधान राखेकाले त्यसको पालना बाहेक पार्टीहरूले न्यूनतम प्रतिशतलाई वृद्धि गर्ने कार्यमा उत्साहजनक अग्रसरता देखाएनन्। तर वर्तमान परिस्थितिमा स्थानीय तहका अतिरिक्त केन्द्रीय संसद्मा पनि महिला उम्मेदवारको संख्या बढाउँदै जानुपर्ने आवश्यकता जरुरी भइसकेको छ। यो संख्या कम्तीमा ३३ प्रतिशत हुनैपर्ने देखिन्छ। यसका साथै राजनीतिक दलहरूले आफ्नो नीति निर्माणसम्बन्धी सबै निकायहरूमा महिलाहरूको सहभागीतालाई बढाउँदै लैजान नसकेमा दलको लोकतान्त्रिक स्वरूप र प्रतिबद्धतामा नै ठूलो प्रश्न उठ्ने अवस्था छ।

केन्द्रीय संसद् वा राष्ट्रिय व्यवस्थापिकामा महिलाहरूको प्रतिनिधित्वलाई बढाउने विषय आवश्यक हुनाका साथै चुनौतीपूर्ण पनि छ। यस निम्ति लोकतान्त्रिक प्रणालीअन्तर्गत नै विभिन्न प्रक्रियाको प्रयोग गरिएका छन्। सामान्यतया संसद्मा महिलाहरूको प्रतिनिधित्व बढाउने प्रसंग आउनासाथ आरक्षण र कोटा प्रणालीको प्रसंग उठ्ने गर्छ। निश्चय नै प्रतिनिधित्व बढाउने यो पनि एउटा प्रक्रिया हो। महिलाहरूका लागि निश्चित सिटमा महिला मात्र उम्मेदवार हुने आरक्षणको प्रचलित विधि हो। यसबाहेक बंगलादेशले समेत अपनाएको अर्को प्रक्रिया पनि प्रचलनमा छ। बालिगमतद्वारा संसद्को निर्वाचन भइसकेपछि निश्चित संख्यामा संसद्ले नै महिला प्रतिनिधि चयन गर्ने। यसलाई प्रतिनिधिसभाकै निर्णयद्वारा प्रतिनिधिसभाका लागि महिला सदस्य छान्ने विधिका रूपमा बुझ्न सकिन्छ। तर यी प्रक्रियाभन्दा प्रतिशत ज्यादै नै न्यून भए पनि प्रक्रियाका हिसावले नेपालमा **संविधान**, २०४७ ले प्रयोगमा ल्याएको पार्टीहरूले तोकिएको संख्यामा महिला उम्मेदवार उठाउनै पर्ने विधि बढी लोकतान्त्रिक र सम्मानपूर्ण देखिन्छ। तसर्थ यसको प्रतिशत ३३ पुऱ्याएर यसै प्रक्रियामा जानु उपयुक्त हुनेछ।

यी सबै प्रक्रियाभन्दा समानुपातिक निर्वाचन प्रणालीको प्रयोगद्वारा संसद्मा महिला प्रतिनिधित्वलाई अनुपातिक ढंगबाट वृद्धि गर्ने विधि युरोपमा निकै लोकप्रिय र सफल पनि देखिएको छ। यसैगरी स्वेडेन, नर्वे, फिनल्यान्ड, डेनमार्क र नेदरल्यान्डजस्ता देशहरूले ३५ देखि ४५ प्रतिशतसम्म महिला सांसद बनाउन समर्थ बनेका छन्। बेलायत र फ्रान्स बाहेक युरोपका अन्य देशमा यो प्रणाली कुनै न कुनै रूपमा प्रयोगमा आइरहेका छन्। नेपालमा जस्तै **पहिलो हुनेले पद पाउने**

(फर्स्ट पास्ट द पोष्ट) प्रणाली भएका मुलुकले अन्यत्र पनि महिला प्रतिनिधित्वको संख्या बढाउन सकेका छैनन् । यस प्रणालीअन्तर्गत रहेका अमेरिका, बेलायत र फ्रान्सजस्ता देशहरूले समेत संसद्मा महिला प्रतिनिधित्वको संख्या अहिलेसम्म करिब १० प्रतिशतभन्दा माथि पुऱ्याउन सकेका छैनन् । तर क्यानडाले भने यसै प्रणालीभित्र रहेर पनि करिब २० प्रतिशतको हाराहारीमासम्म पुऱ्याएको छ । जब कि मिश्रित प्रणाली (समानुपातिक प्रणालीसमेत) प्रयोग गर्न थालेका जर्मनी र न्युजिल्यान्डले भने करिब तीस प्रतिशत महिला प्रतिनिधि संसद्मा पुऱ्याएका छन् । यस सम्बन्धमा संख्याका आधारमा संसद्मा महिला भन्ने विषयमा लोकतन्त्र र निर्वाचनका लागि काम गरिरहेको इन्टरनेशनल आइडिया नामक संस्थाले यस सम्बन्धमा सन् १९९८ मा गरेको अध्ययन यसबारे धेरै सूचनाप्रद र सुझाउमूलक देखिन्छ ।

महिला सबल हुनु भनेको परिवार, समाज र राष्ट्र सबल हुनु हो । महिलाको विकास गर्दा महिला आफू मात्रै लाभान्वित हुने होइनन्, सम्पूर्ण परिवार लाभान्वित हुन्छ । समाज उन्नत बन्छ, राष्ट्र सभ्य र विकसित बन्छ । मुलुकको आधा जनसंख्यालाई पछाडि पारेर गरिने विकास वा लोकतान्त्रिक अभ्यास कहिल्यै पनि सार्थक र पूर्ण हुँदैन । त्यसैले विशेष गरेर नीति निर्माण गर्ने तहमा रहने नारी-पुरुष सबैलाई, अनिवार्य रूपमा, लैंगिक समानताका विषयमा चेतना सम्पन्न बनाउनु पहिलो आवश्यकता हुनजान्छ । कार्यान्वयन तहका प्रत्येक संस्था कार्यालय, निकाय आदिमा संलग्न जनशक्तिमा पनि यो चेतना हुनु आवश्यक छ । विशिष्ट चेतनाका निम्ति शिक्षा आवश्यक छ, वर्तमान अवस्थामा शिक्षाको विस्तारकै कारण धेरै क्षेत्रमा समतामूलक संस्कृतिको व्यवहारलाई प्रोत्साहित गर्न धेरै सजिलो भएको पनि छ । तर कोरा शिक्षाले मात्रै पनि केही हुँदैन । उच्च सामाजिक चेतना र विवेकशील दृष्टिकोणसमेत रहनु जरुरी छ । पर्याप्त राजनीतिक प्रतिनिधित्व झन् जरुरी छ । वास्तवमा लोकतन्त्रको पूर्णता सहभागितामा आउने व्यापकताले मात्रै गर्छ । महिलाको प्रतिनिधित्व राजनीतिक क्षेत्रमा बढाउने कुरा महिला समस्याको समाधानका लागि मात्रै होइन लोकतान्त्रिक अभ्यासको पूर्णताका निम्ति पनि अत्यन्त जरूरी छ ।

शासनको अकेन्द्रित ढाँचाले मात्र लोकतन्त्रलाई बलियो बनाउँछ । राजनीतिक आर्थिक अधिकारसहित क्षेत्रीय ढाँचामा निर्माण गरिने प्रादेशिक (क्षेत्रीय) सरकारको निर्माणले नै वास्तविक रूपमा शासनको लोकतान्त्रीकरण गर्न सक्छ । यसबाट आत्मोन्नतिका क्रममा पछि परेका जाति, जनजाति र वर्गको राजनीतिक नेतृत्वको विकासलाई पनि ठूलो बल पुऱ्याउनेछ । तर अधिकारको अकेन्द्रित व्यवस्थापन भनेको क्षेत्रीय आधारमा मात्रै हुँदैन । केन्द्रीय संसद्मा पनि सबै समुदायको सन्तुलित प्रतिनिधित्व जरुरी छ । अहिले आएर केन्द्रीय संसद्मा ३३ प्रतिशत महिला सहभागिताको आवाज धेरै कोणबाट उठिरहेको छ । प्रतिशत निर्धारणका आधार र आग्रहहरू आ-आफ्नै किसिमका भए पनि यसका लागि प्रत्येक राष्ट्रिय पार्टीले आ-आफ्नै पार्टीगत सांगठनिक संरचनाभित्र पनि पर्याप्त महिला प्रतिनिधित्व बढाउने वैधानिक प्रावधान त्यसनिम्ति पूर्वाधार निर्माणका लागि राजनीतिक कार्यक्रमहरू राख्नु आवश्यक भइसकेको छ । यस निम्ति सबै राजनीतिक पार्टी सैद्धान्तिक र



व्यावहारिक दृष्टिले पनि तयार हुनुपर्ने अवस्था देखिन्छ । महिला प्रतिनिधित्वभित्र पनि समुदायगत र क्षेत्रगत सहभागिताको सन्तुलनसमेत जरुरी छ ।

महिलाहरूको प्रतिनिधित्व बढाउनाका लागि उनीहरूलाई पनि सबै क्षेत्रमा पुरुषसरह समान अवसर प्रदान गर्नुपर्ने हुन्छ । यसका लागि सबैभन्दा पहिला केन्द्रीय संसद्मा नै महिलाहरूको प्रतिनिधिको संख्या बढाउने परिस्थितिको सिर्जना गर्नुपर्छ, त्यहाँ पर्याप्त मात्रामा महिला प्रतिनिधिहरू भएपछि नै महिलाहरूको विषयमा विद्यमान रहेका सबै व्यवस्थाप्रति नियमित र निरन्तर रूपमा ध्यानाकर्षण गराउँदै लैजान र ती समस्यालाई सम्बोधन गर्दै आवश्यक कानुनी प्रबन्धमा लैजाने परिपाटी बस्नसक्छ ।

### ११.२ दलित सहभागिता

दलित मुक्ति र समानताको विषय सात सालको जनक्रान्तिले प्रारम्भ गरेको हो । यसैको चाप र तापमा मुलुकी ऐन (२०२०) आएको हो । त्यसपछि भने यो आन्दोलन ठोस ढंगबाट अघि बढेन, अन्यौल र अलमलमा पऱ्यो । छयालीस सालको परिवर्तनले यसलाई राष्ट्रिय बहसको विषय बनाएको छ । निश्चय नै समतामूलक सामाजिक प्रबन्धका निम्ति **दलित मुक्ति**को विषय सर्वाधिक **प्राथमिक मानव अधिकारको विषय** हो । नेपाली समाजमा विद्यमान सामन्ती संस्कार र प्रवृत्तिले गर्दा पनि यस प्रकारको सामाजिक विभेदलाई प्रोत्साहन मिलेको छ । साथै हिन्दु धर्मसँग अभिन्न जस्तै बनेर गाँसिएको जातिप्रथा यस विभेदको आधारभूत कारण बन्न पुगेको छ । समष्टिमा यस्ता अमानवीय र विभेदकारी मानसिकतालाई राजनीतिक अग्रसरताले धेरै मात्रामा भत्काउन सक्छ । त्यसैले दलित मुक्तिको विषयलाई सामाजिक, आर्थिक र शैक्षिक आन्दोलनका अतिरिक्त राजनीतिक आन्दोलनको समेत अंग बनाउन जरुरी छ ।

कुनै पनि जाति विशेष वा समुदाय विशेष सामाजिक आधारमा पछाडि परेको कारण सधैं सामाजिक मात्र हुँदैन । राजनीतिक र आर्थिकजस्ता अन्य आधारहरूले पछाडि पारिसकेपछि सामाजिक आधारमा पनि पछि पर्नुपर्ने बाध्यता सिर्जना हुन्छ । त्यसैले सामाजिक आधारमा पछाडि परेको जाति वा समुदायलाई अघिल्याउन सामाजिक पक्षको सुधार मात्र पर्याप्त हुँदैन । वास्तवमा वर्गीकरण गरिएका असमानतामा राजनीतिक, सामाजिक र आर्थिक कारणहरू पूरै स्वतन्त्र कारण पनि होइनन् । पारस्परिक रूपमा एक अर्कासँग गाँसिएका हुन्छन् । नेपाली समाज परम्परागत, विभिन्न धार्मिक विश्वास र शैलीलाई अगाल्ने, सामन्ती संस्कारले बाँधिएको तथा श्रेणीबद्ध समाज हो । तर दक्षिण एशियाका अन्य देशका तुलनामा हेर्दा नेपाली समाजभित्र ग्रहणशीलता र परिवर्तनमुखीपन अपेक्षाकृत बढी मात्रामा देखिन्छ । यसको एउटा कारण नेपालका अधिकांश जनजातिय संस्कृति भित्र रहेको उदारताको प्रभाव पनि हो । तैपनि यसको प्रभाव गैर जनजातिय क्षेत्रमा पुग्दो ढंगले अझै विस्तार भएको छैन । यस प्रकारको सकारात्मक पक्षलाई सिर्जनशीलता र तत्परताका साथ ठोस राजनीतिक प्रयत्न र आर्थिक-सामाजिक कार्यक्रमका आधारमा उपयोग गर्नुपर्छ । मूल कुरो राजनीतिक दृष्टिकोणमा नै टिकेको छ ।

०४६ सालपछिका तीनैवटा प्रतिनिधिसभा दलित प्रतिनिधित्वका दृष्टिले शून्य जस्तै रहे। केवल पहिलो प्रतिनिधिसभामा नेपाली कांग्रेसले एकजना उम्मेदवार बाँकेमा उठाएको र जिताएको पनि देखिन्छ। त्यसबाहेक कांग्रेस लगायत कुनै राष्ट्रिय मान्यता पाएका पार्टीले सम्भवतः उम्मेदवार पनि उठाएनन्। परिणाम स्वरूप दोस्रो र तेस्रो प्रतिनिधिसभामा दलित समुदायको प्रतिनिधित्व पूर्णतः शून्य रह्यो। मुलुकको जनसंख्यामा तेऱ्ह प्रतिशत उपस्थिति रहेको समुदायको प्रतिनिधिसभामा कुनै पार्टीबाट एकजना प्रतिनिधि पनि पुग्न नसक्नु हाम्रो चुनाव प्रणाली र राजनीतिक पार्टीको समेत गम्भीर कमजोरी हो भन्ने स्पष्टै छ। यस दृष्टिबाट दलित समुदायको प्रतिनिधित्वका लागि पनि समानुपातिक निर्वाचन प्रणाली उपयुक्त देखिन्छ।

लोकतन्त्रलाई बलियो बनाउने भनेको मुलुकको निर्णय प्रक्रियामा अधिकतम जनसहभागिता हो। त्यसैले कुनै पनि जाति वा समुदाय यस प्रक्रियामा सामेल हुन नसक्नु वा अलग हुनु भनेको लोकतन्त्र अझै कमजोर छ भन्ने कुराको संकेत पनि हो। यो विषय संकेत मात्र बनेको छैन, यथार्थ पनि भएको छ। लोकतन्त्रले सबै ढंगबाट सन्तुलित र समानुपातिक विकास प्रक्रियामा जोड दिन्छ। वर्षौंदेखि जरो गाडेर बसेको सामन्ती संस्कार र अन्धविश्वासी परम्परालाई समाप्त गर्न अपेक्षाकृत सजिलो र सुविस्तासँग रहेका समुदायको योगदान जति जरुरी छ, पीडित समुदायको प्रयत्न र जागरुकता पनि उत्तिकै जरुरी छ। राज्य भनेको आमा जस्तै हो। राज्यभित्रका सबै समुदायहरू सन्तान हुन्। कुनै पनि आमाले हुर्केका र बलिया सन्तानलाई हिँडाएर साना र कमजोर सन्तानलाई बोक्नै पर्छ। तर काखमा रहेको बच्चा निदायो भने आमालाई बोक्न असजिलो हुन्छ। आमाको सजिलाका लागि बच्चाले पनि बिउँझन जरुरी छ।

यसका निम्ति राजनीतिक पार्टीहरूले दलित समुदायलाई आत्मविश्वासका साथ अघि बढाउन राजनीतिक नेतृत्व विकासका विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। यस निम्ति राजनीतिक पार्टीका निर्वाचित र मनोनीत पदमा दलित वर्गको न्यायपूर्ण र सन्तुलित प्रतिनिधित्व हुनैपर्ने व्यवस्था आवश्यक छ। त्यस बाहेक राज्यका निर्वाचित पदहरूमा दलित समुदायका व्यक्तिहरूलाई कम्तीमा १० प्रतिशत उम्मेदवार बनाउने र जिताउने प्रणालीको खोजी गरिनुपर्छ। साथै राष्ट्रिय नीति निर्माण गर्ने निकायहरूमा दलित समुदायको विशेष सहभागिता अपेक्षित छ। वास्तवमा कुनै समुदायलाई राष्ट्रिय मूलधारामा ससम्मान प्रतिस्थापित गर्न समुचित रूपमा सहज र स्वभाविक प्रक्रियालाई अगाल्नु दीर्घकालीन दृष्टिले बढी फलदायी हुनसक्छ। राजनीतिक पार्टीहरूको अग्रसरतामा सामाजिक आन्दोलनको विकास गर्ने कार्य शिथिल भएकै कारण समतामूकल सामाजिक मान्यतालाई प्रोत्साहित गर्ने र दलित एवं उपेक्षित समुदायको आत्मविश्वासलाई वृद्धि गर्ने कार्यक्रमको निर्माण र अझ खासगरी त्यसको क्रियान्वयनमा अपेक्षित तत्परता आउन सकेको छैन। यता आएर सामाजिक आन्दोलन सामाजिक संस्थाहरूको निजी विषय बन्दै गए जस्तो हुन थालेको छ। सामाजिक मुद्दालाई राजनीतिक पार्टीले उपेक्षा गर्नु कुनै पनि दृष्टिले उपयुक्त मान्न सकिदैन।



**११.३ मधेसी समुदायको उपस्थिति**

राज्यले गर्ने व्यवहार र प्रदान गर्ने अवसरबाट मधेसी समुदाय उपेक्षामा पर्दै आएको छ। मुलुकको उत्पादनशील र सुगम क्षेत्रमा बसेर पनि राज्यको मूलधारमा भौतिक र अझ विशेष गरी मानसिक रूपमा समावेश नगरिनुको विभेद मधेसी समुदायको मूल मुद्दा हो। नेपाललाई सामान्यतः पहाडी राज्य र यदाकदा हिमाली राज्यका रूपमा नामकरण गरिएको छ। त्यसैले नेपाल राज्यको मूल प्रतिनिधित्व पहाडले र पहाडी संस्कृतिले मात्रै गर्छ भन्ने मानसिकता समाजका प्रायः प्रबुद्ध वर्गमा समेत विद्यमान छ। यो मानसिकता परम्परागत सोचाइ राख्नेहरूमा मात्रै होइन आधुनिक चिन्तन बोक्नेहरूमा पनि छ। यथार्थमा यो सामन्ती एवं प्रभुत्ववादी मनोवृत्तिकै विस्तार हो।

नेपालको भित्री र बाहिरी मधेस लामो समयसम्म बाक्लो जंगल र पातलो बस्तीका रूपमा रह्यो। केही समुदाय प्रारम्भिक अवस्था देखि नै यहाँ रहे पनि मधेसी भनिएका अरू कतिपय समुदायहरू वन पातलिदैं जाँदा विस्तारै बस्न थालेका हुन्। प्राचीन इतिहासका सन्दर्भमा शाक्य गणराज्य र मिथिला राज्यको उपस्थिति अहिले नेपालको भूभाग मानिने मधेस (तराई) कै अधिकांश भागलाई समेटेर रहेका प्रसंगहरू उपलब्ध छन्। प्राचीनकालमा पहाडहरू जंगलले ढाकेका र मैदानी भाग र तराईहरू बस्तीले भरिएका हुनुपर्छ। तर सभ्यताहरूको परिवर्तन र राज्यहरूको पतन सँगै मानवस्तीको संरचनामा पनि फेरबदल भएको देखिन्छ। इतिहासका थुप्रै तथ्यहरूले यसलाई पुष्टि पनि गरेका छन्।

पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानबाट निर्मित २३६ वर्ष पूर्वको एकीकृत नेपालको केन्द्रीय संरचनामा पहाडी जातिहरूको वर्चस्व रह्यो, जुन स्वाभाविक थियो। त्यसमाथि नेपाल खाल्डो राजधानी बनेपछि विस्तारित गोरखाराज्य सबैलाई नेपाल भनिए पनि व्यवहारमा काठमाडौं उपत्यका मात्र नेपाल मानियो। काठमाडौं खाल्डो बाहिरका मधेस (तराई) क्षेत्र मात्र होइन पहाड पनि नेपालभित्र परेका थिएनन्। केन्द्रीय सरकारमा राणाहरूको उदयपछि बाहिरका पहाड र मधेसका पुराना राज्य क्षेत्रहरूले प्राप्त गरेका सीमित शासकीय स्वायत्त अधिकारहरू पनि थप केन्द्रीकृत हुँदै गए र राज्यशासनका हिसावले राणा शासन चरम केन्द्रीकरणको नमुना राज्य बन्न पुग्यो। ०७ सालको जनक्रान्तिले यस प्रणालीमा आधारभूत ढंगबाटै केही परिवर्तन ल्यायो। क्रान्तिमा मधेसका जनताको जुन सहभागिता रह्यो त्यसैको परिणाम राज्यका र राज्यलाई प्रभावित पार्ने केन्द्रीय संरचनामा मधेसी वा तराईवासीको राजनीतिक प्रतिनिधित्व प्रारम्भ भएको हो। तर आधुनिक र लोकतान्त्रिक ढाँचामा राज्यको रूपान्तरण र पुनर्संरचना भने सातदेखि ०१७ सालका बीच पनि हुन सकेन। सत्र सालपछि प्रारम्भ भएको राजाको हुकुमी शासनले **एक राजा एकदेश एक भाषा एकभेष**को नाराले सात सालदेखि प्रारम्भ भएका आधुनिक लोकतान्त्रिक राज्यका रूपमा नेपाललाई बदल्ने सीमित नै भए पनि थालिएका प्रयत्नहरू उपेक्षित मात्रै होइन दमनमा समेत परे। यसैबीच सातसालपछि औलो उन्मूलनका प्रयत्नहरूसँगै नेपालका मधेस क्षेत्रमा भएको बसाइ-सराईको क्रम सत्र साल पछि थप नयाँ स्वरूप र संरचनामा बढेको छ। सात सालको परिवर्तन लगत्तै

भारतबाट बसाइँ सर्ने क्रम तीव्र थियो भने सत्र सालपछि पहाडबाट सर्ने आन्तरिक बसाइँ-सराईको क्रमले तीव्रता पायो। यस क्रममा राज्यद्वारा अघि बढाइएका पूर्वपश्चिम राजमार्गजस्ता योजना र पुनर्वास कार्यक्रमहरूले आन्तरिक बसाइँ-सराइँलाई प्रोत्साहित पनि गऱ्यो। यसले मधेसका विभिन्न क्षेत्रहरूलाई कतिपय ठाउँमा आंशिक र कतिपय ठाउँमा पर्याप्त मिश्रित बसोबासको क्षेत्रमा परिवर्तन गरेको छ।

यही पृष्ठभूमिमा राज्यको लोकतान्त्रिक पुनर्संरचनाको कार्यमा मधेसका मुद्दाहरूलाई सम्बोधन गरिनुपर्छ। यस क्रममा केन्द्रीय संरचनालाई समावेशी र न्यायपूर्ण बनाउने काम एकातिर छ भने अर्कातिर मधेस क्षेत्रलाई पहाडलाई जस्तै भाषिक-सांस्कृतिक तथा अन्य उपयुक्त आधारहरूमा राजनीतिक तथा आर्थिक-सांस्कृतिक अधिकारसहितका प्रदेशहरूमा संगठित गर्नुपर्छ। यसले मधेस र मधेसी समुदायलाई राज्यको मूल संरचनाबाट अलग्याउने, न्यून प्रतिनिधित्वमा राख्ने तथा उपेक्षा गर्ने सामन्ती तथा प्रभुत्ववादी सबै प्रकारका दमनबाट मुक्त राख्न सकिने छ।

**११.४ जनजातिको सन्तुलित प्रतिनिधित्व**

जनजातिको सन्तुलित प्रतिनिधित्व र सहभागिता नयाँ राज्यसंरचनाले सम्बोधन गर्नुपर्ने अर्को महत्वपूर्ण विषय हो। वर्तमान नेपाल राज्यको निर्माण भएदेखि नै प्रतिनिधित्व र सन्तुलनका हिसाबले अत्यन्त कमजोर राज्य  बन्यो। तिनै कमजोर प्रतिनिधित्व र असन्तुलनको निरन्तरतालाई ०४६ सालपछिको संरचनाले पनि खासै बदल्न सकेन। निश्चय नै लोकतान्त्रिक वातावरणले उपलब्ध गराएको खुकुलो र स्वतन्त्र परिवेशमा नेपालको निर्माण भएदेखि नै थिचेर राखिएका जातिगत असन्तुलन र विभेदका विषयहरू माथि सार्वजनिक छलफल गर्ने प्रक्रियाहरू बढेको हो। यसैले राज्यसंरचनाको विषयलाई समेत राष्ट्रिय बहसको केन्द्रमा ल्याइपुऱ्याएको छ। साथै यसका निम्ति पनि नयाँ संवैधानिक प्रयत्नको खोजी भएको छ।

नेपाल मूलतः दुई प्रकारका मानजातिहरूको संगम भएको ठाउँ हो। खासगरी पूर्वबाट हालको कोसी क्षेत्र हुँदै मंगोलई किराँतीहरू र पश्चिमबाट कर्णाली क्षेत्र हुँदै ककेशई खसहरू प्रवेश गरेको मानिएको छ। माझको गण्डकी क्षेत्र दुवै थरी अघि बढ्दै गर्दा भेटघाटको थलो बन्न पुगेको हुनुपर्छ भन्ने अनुमान छ। सबै प्रकारका परिस्थिति र परिवेशले पनि यी भनाइको पुस्टि गरेको पाइन्छ। केही विशेषज्ञले दुवै थरीलाई सांस्कृतिक रूपमा क्रमशः ल्हासा गोत्रे र काशी गोत्रे नाम दिएका छन्। यस विशेषणले दुवै जातिलाई आ-आफ्नो मूलभूमि छोडेर नेपालको वर्तमान भूभागभित्र पसेका भन्ने बुझाउँछ र सांस्कृतिक रूपले उनीहरूको सांस्कृतिक उत्पत्ति थलोको संकेत  गर्छ। यसले समस्याको प्रकृति देखाउँछ साथै समाधानको बाटो पनि। नेपालका हिन्दूहरू खासगरी पहाडीहरूलाई भारतीय हिन्दुहरूभन्दा पृथक पहिचान दिने र नयाँ मान्यता प्रति अपेक्षाकृत ग्रहणशील बनाउनमा जनजातिसँगको मिश्रण र सहजीवनले सकारात्मक भूमिका खेलेको छ।

जातजाति भन्ने शब्दलाई सजिलाका लागि एउटै शब्द माने पनि यथार्थमा यी अलग सांस्कृतिक पृष्ठभूमि बोकेका दुई शब्द हुन्। जात, समाज, व्यवस्था र धर्ममा आधारित वर्गीकरण हो भने जाति बसोबासथलो, संस्कार र भाषाबाट अलग देखिने



सांस्कृतिक समुदाय हो। जातजातिबाट अलग राखेर नेपाली भाषामा जनजाति शब्दको स्वतन्त्र विकास भएको छ। यस शब्दले नेपालमा मंगोलई-किराँत जाति समूहका सबैलाई समष्टि पहिचान दिन थालेको छ।

जनजातिहरूको समस्यालाई मुख्य रूपले तीन किसिमबाट हेरिएको छ। जस अनुरूप राजनीतिक, आर्थिक र सांस्कृतिक रूपमा समस्याहरू देखिएका छन् र तिनको समाधानका निम्ति पनि तीन तहमा उपायहरू खोज्नुपर्ने हुन्छ। संवैधानिक संरचनाले नै सम्बोधन गर्नुपर्ने केही विषयहरू छन्। जो राज्य संरचनाको आधारभूत पक्षसँग जोडिएका छन्। त्यसैगरी केही विषय राजनीतिक तहमा ऐन-नियमले व्यवस्थित गर्नुपर्ने देखिन्छन्। तेस्रो भनेको राज्य वा सरकारले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने पक्ष हुन्। यस क्रममा धार्मिक रूपले राज्य निरपेक्ष रहने संवैधानिक स्वरूपको खोजी भएको छ। साथै आ-आफ्ना मातृभाषालाई सार्वजनिक जीवनमा प्रयोग गर्न पाउने प्रत्याभूति आफ्नो सांस्कृतिक पहिचानलाई सुरक्षा र सम्बर्द्धन गर्न पाउने स्वायत्तता पनि जनजातिको प्रमुख मुद्दा बनेको छ। यसबाहेक तत्कालका निम्ति सकारात्मक विभेदलाई प्रोत्साहन गर्ने कानुनी प्रबन्ध पनि जनजातिले उठाउँदै आएका कतिपय मागलाई सम्बोधन गर्ने आधारभूत पाइला हुनेछ।

वास्तवमा जनजातिको माग भनेको सामाजिक समानताको चाहना मात्रै नभएर राजनीतिक संरचनामा सन्तुलित प्रतिनिधित्व र निर्णय प्रक्रियामा राजनीतिक सहभागिताको विषय पनि हो। किन भने राष्ट्रलाई बलियो बनाउने काममा भावात्मक पक्ष निश्चितरूपमा रहन्छ तर राज्यसंयन्त्रमा सबैको सन्तुलित र न्यायपूर्ण प्रतिनिधित्व एवं उचित सहभागिताको वस्तुपरक प्रबन्धले मात्रै राज्यमाथि सबैको अधिकार र अपनत्वको स्थिति स्थापित गर्छ

राजनीतिक निर्णय प्रक्रियालाई प्रभावकारी पार्न राजनीतिक दलभित्रको उपस्थिति महत्वपूर्ण मानिन्छ। यस दृष्टिबाट प्रमुख दलहरूको विद्यमान संरचनालाई हेर्दा जिल्ला तहसम्मका निकायमा जनजातिहरूको उपस्थिति राम्रै देखिन्छ तर केन्द्रमा उनीहरूको प्रतिनिधित्व अझै पनि कमजोर छ। यसका धेरै कारण हुनसक्छन्। तर पार्टीहरूले आफूभित्र सन्तुलित ढंगबाट नेतृत्व विकासको आन्तरिक प्रक्रिया र कार्यक्रमहरूलाई अघि बढाउनु पर्ने आवश्यकता यसले देखाउँछ।

**१२. असल शासनका लागि राज्यको दायित्व**

अहिलेका सन्दर्भमा नागरिकप्रति राज्यको भूमिका अर्थात केन्द्रदेखि प्रदेश/क्षेत्रहुँदै स्थानीय तहसम्मका सरकारहरूको दायित्व र जिम्मेवारी के कति रहने र कस्तो हुने ? भन्ने विषय पनि बहसमा देखिएको छ। यस सम्बन्धमा नीति-निर्देशक सिद्धान्तका रूपमा केही विषयहरू २०४७ को संविधानमा पनि परेका हुन्। तर यसमा लोककल्याणका विषयहरू राज्यको वैधानिक जिम्मेवारीभन्दा नैतिक दायित्वको रूपमा मात्र व्यवस्थित गरिएको छ, जुन पर्याप्त र स्पष्ट पनि भएन। कुन दिशातर्फ राज्य हिंड्ने र कसरी जाने भन्ने कुराको एउटा नैतिक खाका त त्यसले दियो, तर वैधानिक स्वरूप दिएन भन्ने कुरा अहिलेसम्मको अभ्यासले देखायो। राज्यको सामर्थ्य वृद्धिसँगसँगै यसको लोककल्याणकारी क्षमता पनि वृद्धि हुँदैजाने कुरा

हो । तर जे जति राज्यको सामर्थ्य छ, त्यो सामर्थ्यभित्र उसले गर्नसक्ने विषय के-के हुन् र गर्नैपर्ने विषय के-के हुन् भनेर तोकिँदा त्यसले उत्तरदायी र असल शासनलाई नै बलियो बनाउँछ र त्यसलाई पूर्णता दिन्छ ।

उत्तरदायी र असल शासनको कल्पना गर्दा र यस मान्यतालाई स्थापित गर्दा राज्यले केही विषयहरूमा आफ्नो दायित्व पनि निर्वाह गर्छ भन्ने आधारमा नै यी कुरा भनिएको हो । त्यसैले शिक्षा र स्वास्थ्यको विषयमा राज्यको जिम्मेवारीको पक्ष के कति हो ? रोजगारीको पक्षमा पनि राज्यले के कति मात्रामा जिम्मेवारी लिनुपर्छ र नागरिकको कठिनाइमा राज्य के कति र कुन सीमासम्म आफैं अग्रसर भएर सहयोगी बन्नुपर्छ भन्ने कुराको संवैधानिक खोजी आजको आवश्यकता बनेको छ । स्वतन्त्र र उदार समाजमा यस्ता धेरै विषय व्यक्तिकै जिम्मेवारीमा पर्छन् भने पनि राज्यको क्षमता र सामर्थ्यसँगसँगै यी सबै कुराहरू वृद्धि हुँदै गएका पनि छन् । तैपनि कुन विन्दुबाट र कस्तो ढाँचामा यस प्रक्रियालाई प्रारम्भ गर्छौं भन्ने कुराको लेखाजोखा हुनु जरूरी छ । यसले एउटा त आम नागरिकमाथि राज्यको दायित्वलाई स्थापित गर्छ । अर्को विभिन्न ऐतिहासिक, सामाजिक र अन्य कारणहरूले समेत पनि पछाडि परिरहेका र अवसरबाट बंचित भएका समूहहरूलाई अगाडि ल्याउन र प्रतिस्पर्धाका निमित्त तयार गराउनका लागि पनि मद्दत पुऱ्याउँछ । साथै राज्यले दिनुपर्ने प्रारम्भिक संरक्षण र सुविधाको पनि स्पष्ट निर्धारण गरिदिन्छ । यसबाट मात्रै समतामूलक समाजको निर्धारण गर्न सकिन्छ । यो लोकतान्त्रिक समाजको एउटा मूल आधार हो ।

निश्चय नै सबै कुरा संविधानमा लेखिने छैनन् तर उत्तरदायी र असल सरकार बनाउने राज्यको उद्देश्यलाई केही ठोस संवैधानिक आधारले पुष्टि गर्नैपर्ने हुन्छ । यसै सन्दर्भमा राज्यसंरचनाभित्र समता र सहभागिताको खोजी तीव्र मात्रामा हुन थालेको हो । धेरै कुरा विधिको शासनप्रतिको प्रतिबद्धताले पनि पूरा गर्छ । तर हाम्रो जस्तो सामन्ती संस्कारले ग्रस्त र शक्तिकेन्द्री समाज सहजरूपमा यस्ता कुरामा प्रवृत्ति हुँदो रहेनछ । यसैले पनि पारदर्शी कार्यप्रणाली राज्यका सबै तहका निम्ति आवश्यक ठानिएको हो । विधिको शासन र पारदर्शी कार्यप्रणालीले पनि हाम्रा धेरै कमजोरी हटाउन बाध्य बनाउनेछ ।

समानता, स्वतन्त्रता र भ्रातृत्व लोकतन्त्रको मूल आधार भएकाले समानता र भ्रातृत्वको वातावरण सिर्जना हुनाका लागि सही रूपमा सबैको निमित्त समान अवसर र त्यो अवसर हासिल गर्नको लागि उपयुक्त एवं न्यायपूर्ण व्यवस्थापन जरुरी छ । त्यसैले असल र उत्तरदायी राज्यलाई व्यवस्थित गर्नको निम्ति शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता विषयहरू राज्यको नैतिक बन्धनको रूपमा मात्र राख्नु हुँदैन । त्यसलाई राज्यको दायित्वको रूपमा वैधानिक परिपाटी र व्यवस्थापनभित्र पनि सामेल गर्नु आवश्यक हुन्छ । निश्चय नै यसबारे राज्यदायित्वको सीमा र प्रकृति निर्धारित गर्नै पर्ने हुन्छ । यसले समग्रमा उत्तरदायी शासन, समतामूलक समाज, भ्रातृत्वबोध र पारस्परिक सम्बन्धलाई विकसित गर्न जोड दिन्छ । निष्कर्षमा भन्नुपर्दा यस्ता कुराले असल र उत्तरदायी शासनको जग बसाउँछ ।



## १३. निष्कर्ष

राज्यसंरचना सैद्धान्तिक विषय मात्रै होइन । यसका विविध पक्षहरू छन् । तीमध्ये थुप्रै प्राविधिक र व्यवस्थापकीय पक्षहरू पनि हुनेछन् । त्यसैले यहाँ गरिएको संक्षिप्त चर्चा केवल प्रस्थापनाको वा मान्यताको स्वरूपमा मात्रै छ । त्यसैले यो मूलतः सैद्धान्तिक प्रस्ताव मात्रै हो भन्ने पक्ष स्पष्ट नै छ । पुनर्संरचनामा जाने विषयमा यता केही समयदेखि सैद्धान्तिक रूपले सहमत हुने प्रक्रिया बढिरहेको छ । तर त्यसको मूलभूत प्रकृति (क्यारेक्टर) र दिशा के हो तथा प्रमुख विषयहरू के हुन् भन्ने बारेमा पहिले स्पष्ट हुनु जरूरी हुनेछ । तसर्थ यस प्रस्तावलाई राज्यसंरचनाको सम्पूर्ण स्वरूपको विस्तारित प्रस्तुतिका रूपमा होइन आधारभूत विषयहरू माथि प्रारम्भिक प्रवेशका रूपमा लिनुपर्ने हुन्छ ।

राज्यका विविध निकाय र संयन्त्रहरूमा अर्थात् समग्र राज्यव्यवस्थामा सहभागिता र प्रतिनिधित्वका दृष्टिले पछाडि परेका वा ओझेलमा परेका विभिन्न समुदायलाई समावेश गर्न सकिने समावेशी राज्य संरचना आजको आवश्यकता हो । खास गरी महिला, दलित, मधेसी तथा जनजातिहरूको सहभागिता र प्रतिनिधित्व एक वा अर्को किसिमले कमजोर र कतिपयको शून्य जस्तै बनिरहेको परिस्थितिमा राज्यलाई बलियो र सामेलीपूर्ण बनाउन पनि नयाँ संरचनाको जरुरी भएको छ । राज्य र नागरिकका बीचको भावात्मक अन्तरसम्बन्धलाई त्यसको सम्पूर्णतामा प्रयोग गर्ने राज्यसंरचनाको अभावमा संसदीय अभ्यासको विगत १२ वर्षको अवधिमा लोकतन्त्रलाई बलियो बनाउँदै लैजाने र सुदृढ गर्ने भन्ने कुरा ठोस कार्यक्रमगत अग्रसरतामा भन्दा प्रायः भावुक अभिव्यक्तिमा सीमित भएको हो । त्यसमाथि असोज १८(२०५९) र माघ १९ (२०६१)मा राजाको सक्रियता पछि क्रमश छयालीस सालको आन्दोलनबाट स्थापित गरिएका राजनीतिक अधिकार र मौलिक अधिकारहरू समेत क्रमश समाप्त हुँदै गए र राज्य केन्द्रीकृत र एकांगी मात्रै होइन पूरै हुकुमी र निरंकुशतन्त्रमा परिणत भएको यथार्थ छर्लंग छ ।

निश्चय नै लोकतन्त्रको उदयबाट छयालीस पछिका दिनमा बढाएको जनचेतनाले सबैमा आ-आफ्ना हक-हित र समस्याका बारेमा जागरुक हुने तथा राज्य र शेष समाजको ध्यानाकर्षण गर्ने प्रवृत्ति बढेको हो । त्यसैले नेपालको एकीकरण भएदेखि अर्थात् २३६ वर्षदेखि दबिएर बसेका र कुण्ठित भएका थुप्रै विषयहरू सतहमा आएका छन्, त्यस माथि छलफल र विचार विमर्श प्रारम्भ भएको छ । यस्तो हुनु बितेका यस अवधिमा भएको लोकतान्त्रिक वातावरण र त्यसमा भए गरिएका लोकतान्त्रिक अभ्यासहरूको देन हो भन्ने कुरामा दुईमत हुन सक्तैन । यसै अवधिमा मुलुकमा देखिएको माओवादी सशस्त्र विद्रोह तथा यसले अघि सारेको कतिपय विषयका कारणले भन्दा यसको चरित्र र क्रियाकलापमा रहेको अमानवीयता, हिंसा र आतंकका कारण बढी आलोचना र आक्रोशको विषय बनेको छ । तर एउटा बुझ्नै पर्ने सत्य के हो भने माओवादी सशस्त्र विद्रोह लोकतान्त्रिक पद्धतिको प्रादुर्भाव भएपछि मात्रै नेपालमा सम्भव भएको छ । निरंकुशता र अत्याचारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानकलाई उछिनेका पञ्चायतकाल र राणाकालमा यो विद्रोह सम्भव भएन । माओवादी सशस्त्र विद्रोहले उठाएका अधिकांश प्रमुख विषयहरू छयालीस

सालपछिका दिनमा उत्पन्न भएका समस्या वा विषय थिएनन्, होइनन् । वर्तमान नेपाल राज्य बनेदेखिकै समस्या हो । केन्द्रीकृत र एकांगी राज्य चरित्र, त्यसै गरी महिला र दलितको समस्या हाम्रो समाज र समाजकै एउटा अंग बनेर बसेको पुरानो समस्या हो । त्यसै गरी मधेसी र जनजातीको समस्या पनि लोकतान्त्रिक अभ्यास पछिको १२ वर्षले उत्पन्न गरेको विषय थिएन ।

विगतमा अनेकौं कारणले कुण्ठित भएर वा ओझेलमा परेर बसेका यी सबै समस्यालाई लोकतान्त्रिक परिपाटीको उदयपछि वैधानिक ढंगले सम्बोधन गर्दै जानुपर्नेमा अपेक्षित गतिमा त्यो हुन सकेन । मुलुकका विभिन्न समुदाय र क्षेत्रमा उठेका आन्दोलन र संघर्षलाई क्रमशः मुद्दा र विषयमा रूपान्तरित गर्दै संसद्मा पुऱ्याउनु पर्ने हो तर अपेक्षित मात्रा र गतिमा त्यो हुन सकेन । यसका निम्ति भने निश्चित रूपमा हामीहरूले अर्थात् राजनीतिकदल र उनीहरूको संवैधानिक मञ्च संसद्ले मूल जिम्मेवारी ग्रहण गुर्नपर्ने छ । राजनीतिक दलभित्रकै विकृति, अस्वस्थ ढंगबाट बढेको सत्ता संघर्ष अलमल र द्विविधाका कारण र यस अवधिमा जनताका आवश्यकता र समयले उपलब्ध गराएको अवसर अनुरूप हाम्रा लोकतान्त्रिक संस्थाहरू विकसित भएनन्, संवैधानिक पद्धतिको सुधार र विकास अवरुद्ध जस्तै बन्यो । यसले गर्दा जनता र राज्य बीचको पार्थक्यले संरक्षण पायो । त्यस पार्थक्यको फाइदा निरंकुश चरित्र बोकेको आत्मकेन्द्री तथा परम्परागत सामन्ती तत्वले प्राप्त गरिरहेको छ । यस चरित्रको प्रमुख प्रतिनिधि संस्थाका रूपमा राजसंस्था क्रियाशील छ भन्ने स्पष्टै देखिन्छ । वास्तविक अर्थमा लोकतन्त्रलाई कार्यमूलक र सहज बनाउन पनि जनता र राज्यबीच विद्यमान पार्थक्यलाई हटाउन समर्थ र समावेशी नयाँ राज्यसंरचनाको आवश्यकता छ । त्यसका लागि अधिनायकवाद र निरंकुशताको गन्ध आउने कुनै पनि नामका केन्द्रीकृत र एकांगी संरचनाका ठाउँमा मुलुकका विविधतापूर्ण जनस्तरलाई सहभागी बनाउन सक्ने लोकतान्त्रिक संरचनाको निर्माण गर्नै पर्ने अवस्था छ । त्यस अनुरूपको प्रणाली र संरचनाको निर्माणका लागि मुलुकलाई केन्द्रीकृत र एकांगी ढाँचाबाट मुक्त गरी देशलाई प्रदेशहरूको समष्टिमा रूपान्तरित गर्ने अकेन्द्रित ढाँचामा लैजानै पर्नेछ । यथार्थमा जनताको पहुँच र पहलभित्र सरकारलाई पुऱ्याउनै पर्छ । सरकारलाई काठमाडौंमा र त्यसमा पनि सिंहदरबारमा वा केही दरबारहरूमा मात्रै सीमित गर्दा लोकतन्त्रको लाभ सबै क्षेत्र र समुदायमा पुऱ्याउन सकिएको छैन ।

नेपाल, विविधताहरू सहितको सिंगो राष्ट्र हो । तसर्थ यसको राष्ट्रियता एकांगी सोच र संरचनामा होइन यसका विविधताहरूसँगै अभिव्यक्त हुनुपर्छ । हाम्रो मुलुक एउटै भाषिक-सांस्कृतिक पृष्ठभूमि बोकेका मानिसहरूको बसोबास भएको ठाउँ होइन । यहाँ भाषिक-सांस्कृतिक तथा क्षेत्रगत विविधताहरू छन् । त्यसैले काठमाडौंको केन्द्रीय शासनले मात्र पूर्व-मेचीदेखि पश्चिम-महाकाली र महाकाली पारीसम्मका र विकट हिमाली भेगदेखि सुगम मधेस (तराई) सम्मका जाति-प्रजातिहरूको भावना र संस्कृतिको प्रतिनिधित्व गर्न सम्भव छैन । मुलुकको आधुनिकीकरणका लागि पनि जनताका आकांक्षा र असन्तोषको सम्बोधन पहिलो र निरन्तरको आवश्यकता हुने गरेको छ ।



यसर्थ नेपालको समग्र लोकतान्त्रीकरण तथा आर्थिक-सामाजिक रूपान्तरणका लागि थप प्रतिनिधित्वपूर्ण र सहभागितामूलक राज्यसंरचनाको आवश्यकता छ । विगत वर्षहरूका अनुभव र प्रयोगहरूलाई समेत गम्भीर समीक्षा गर्दै लोकतान्त्रिक संरचना र प्रक्रिया अन्तर्गत आर्थिक-सामाजिक न्यायलाई सबै क्षेत्र, समुदाय तथा वर्ग र लिङ्गसम्म पुऱ्याउनु आजको पहिलो प्राथमिकता हो । यस कार्यलाई सुगम र सहज बनाउने पद्धति र संरचनाको खोजी आजको लोकतान्त्रिक आवश्यकता हो । यसका लागि अब हामीले बनाउने राज्यसंरचनाले हाम्रा विविधतापूर्ण आकांक्षालाई समष्टिमा सम्बोधन गर्न सक्ने र लोकतन्त्रलाई कार्यमूलक बनाएर यसका लाभलाई सहज रूपमा सबैमा पुऱ्याउन सक्ने सम्पूर्ण रूपले समावेशी ढाँचाको हुनुपर्ने छ ।

**नरहरि आचार्यको अवधारणापत्रमाथि टिप्पणी गर्दै**
**एमाले नेता घनश्याम भुसाल**

समान्यतः अहिले मुलुकमा राज्यसत्ताको पुनर्संरचना, समावेशी प्रजातन्त्र वा लोकतन्त्र भनेर बहस चलेको छ । खासगरी दुई तीन वर्षमा जति बहस चलेको छ त्यसका धेरै मिल्दाजुल्दा सहमत कुरालाई एक ठाउँमा सुत्रबद्ध गरी कार्यपत्र प्रस्तुत छ । यसमा धेरै असहमतिका कुरा छैनन् । केही असमतिका कुराहरू होलान् । जस्तो संवैधानिक राजनीतिक प्रक्रियामा जनताको स्वामित्व, जनमतको वैधानिक प्रवधान, गणतन्त्र, निर्वाचनको समानुपातिकता, सेनाको राष्ट्रिय व्यवस्थापन, उत्तरदायी न्याय प्रणाली, राजनीतिक दल, समावेशी राज्य यी धेरै कुरामा पर्याप्त बहस र विवेचना भएको छैन ।

दुई तीन वर्षयता प्रादेशिक संघीय संरचना कस्तो हुन्छ भन्ने बारेमा बढी बहस भए पनि 'असल शासनका लागि राज्य' भन्ने बहस केन्द्रमा आउन सकेको छैन । मूलतः धेरै कुरामा हामी सहमत हुने हो भने पनि केही कुरामा अझ बहस हुनु जरुरी छ । असल शासनका लागि राज्यको बहस धेरै ठूलो हुन्छ, सैद्धान्तिक क्षेत्रमा । आजको सन्दर्भमा राज्य के हो ? यसको चरित्र कस्तो हुन्छ ? कुन ऐतिहासिक सन्दर्भमा आयो ? भविष्यमा के समेट्ने ? यो कार्यपत्रमाथि बृहत् छलफलपछि टुंगोमा पुग्न सकिन्छ । राज्यसत्ताको समावेशी स्वरूप र संरचना कस्तो हुन्छ भन्ने कुरामा पनि यो कार्यपत्र नागरिकहरूका लागि कार्यतालिका जस्तै छ । यसलाई कार्यान्वयनको क्षेत्रमा लैजाने भनेको फेरि पनि राजनीतिक प्रक्रियाबाटै हो । र, जतिसुकै कुरा गरे पनि त्यो राजनीतिक प्रक्रिया भनेको राजनीतिक दलमार्फत हुने हो ।

त्यहाँ कसरी लान्छौं ? किन ? समस्या के हो ? भन्ने यो हाम्रो प्रयोगको विधि हो । तर यस प्रयोगको एउटा ऐतिहासिक, सैद्धान्तिक विचारधारात्मक सन्दर्भ छ कि छैन ? यदि यस्तो हुँदैनथ्यो भने के यी विषय लागू गर्न हामीलाई समस्या छ ? । एउटा सवाल हुन सक्छ सर्वोत्तम कुराहरूको सन्तुलन गरौं, सबै संकलन गरौं र लागू गरौं । समस्या सर्वोत्तम के हो र होइन भन्ने हो भने समस्या मानक मै छ । त्यो मानक एउटा राजनीतिक विचारधारामा छ । यो कुरातर्फ हामीले सोच्नुपर्ने हो कि होइन भन्ने छलफल हुन सकेको छैन । यो विषयमा पत्रपत्रिकामा लेखिएको पनि छैन । यद्यपि, मूल्यांकनले अलि धेरै लेखेको छ ।

यो विषयमा समावेशी प्रजातन्त्र र लोकतन्त्र भनेर पहिला साम्यवादीले पुँजीवादीलाई आरोप लगाए। तिम्रो मुट्ठीभरको शासन हो भने। पुँजीवादी शासनमा जनता भन्ने कुरा नाम मात्रको हो। २७/२८ प्रतिशतले भोट हाल्छन्, त्यसलाई सय प्रतिशत मान्दा पनि अत्यन्त अल्पमतहरूले भोट हालेर जितेको पार्टीले राज गर्छ भने त्यो कसरी समावेशी हुन्छ ? यो आरोप सैद्धान्तिक रूपमा उनीहरूले लामो समयसम्म लगाई रहे। र, सन् १९९० तिर गएर पूर्वसोभियत संघ र पूर्व युरोपको पतनपछि साम्यवादी व्यवस्था सकियो। तब संसारभरि साम्यवादी सकियो। तर, ५, ७, १० वर्षपछि पनि के पुँजीवादले समस्या समाधान गऱ्यो ? फेरि पनि पुँजीवादले वकालत गरेको प्रजातन्त्र रह्यो ? लोकतन्त्र रह्यो ? मुद्दा यहाँबाट सुरू भएको हो।

अथवा, यो समावेशी हुनुपऱ्यो भन्ने कुराले बढी चर्चा सोभियत संघको पतन पछाडि विश्वभर पाएको हो। हामी कहाँ पनि यही बाढी आएको हो। यसर्थ यहाँ आउँदा हिजो समावेशी प्रजातन्त्रका लागि पुँजीवाद भनियो, जसले प्रजातन्त्रलाई प्रजातन्त्र हुन दिएन। हालसालै मैले रवर्ट ड्यालको किताब पढेको थिएँ, त्यसमा लिबरल प्रजातन्त्रको जतिसुकै मोडल पेस गरिए पनि लेखकले प्रजातन्त्रका लागि पुँजीवाद खतरा देखेका छन्।

यसरी हेर्दा हाम्रो समावेशीको ढाँचालाई कसले सिहार्ला ? कसले हो सिहार्ने ? मुलुकको कुन विचारधारात्मक 'ओरियन्टेसन' ले सिहार्ला ? यसमा छलफल हुनुपर्ला कि नपार्ला ? यसमा हामी छलफल त गरिरहने ? तर समावेशी लोकतन्त्रको वारिस कोही नहुने स्थिति आउँछ कि आउँदैन ? वा वारिसहरूले आफूले चाहेको विचारधारात्मक व्याख्या गर्ने हो भने फेरि पनि यो विचारधारात्मक प्रश्न हो। विचारधारात्मक प्रश्नबाट किन छलफल नगर्ने ? यसका बारेमा हामी हौं भन्ने हो भने हामी फरक फरक छौं, यस अर्थमा हामी फरक-फरक रूपमा समावेशी प्रजातन्त्रको व्याख्या गर्ने हो भन्छौं भने हामी फरक-फरक भएको विचारधारात्मक ठाउँ अनुसार हो, यसर्थ विचारधारात्मक छलफल सुरु होस् त्यसो भयो भने अलिछिटो पूर्णता आउला।

यदि यसो होइन। नरहरि सरले भनेजस्तै सबैको सुख शान्तिका लागि हो भनेर जाने भए ऐतिहासिक विचारधारात्मक सन्दर्भहरू तिर पनि जाने हो कि ? त्यसो भए हामी अलि छिटो राजनीतिक प्रक्रियामा समावेश हुन सक्थ्यौं कि ? के हुन सक्छ त भन्ने प्रश्नमा मलाई यही लाग्छ। विगत दुई सय वर्षमा मूलधारको प्रजातन्त्र मूलतः हिजो कम्युनिस्टहरूले आरोप लगाएजस्तै रह्यो। त्यो अत्यन्त अल्पसंख्यकको प्रजातन्त्र रह्यो। र, हिजो यो पृथ्वीमा प्रयोग गरिएको साम्यवाद- प्रजातन्त्र बिनाको समाजवाद थियो भनेर पुँजीवादीले आरोप लगाए। त्यो आफैं असफल भएर देखियो। अब त्यो मोडेलसँग तिम्रो समावेशी के हो भन्ने ठाउँ पनि रहेन। आज प्रश्न छ- के यी नाराहरू सकिएका हुन् ? मलाई लाग्छ, सकिएका छैनन्। विगतको हाम्रो प्रजातान्त्रिक साम्यवादी, समाजवादी मोडल हेर्ने हो भने अब केही कुरा संस्लेषण गर्नै पर्ने भयो कि ? हामीले स्वीकार गर्नुपर्ने भयो कि ? एक दुई सय वर्ष पहिला प्रयोग गरिएको मोडलमा प्रजातन्त्र थिएनन् ? यस अर्थमा यसमा समावेशीकरणका आधारभूत कुराहरू थिएनन् भनेर जानुपर्ला।



दोस्रो त्यसैगरी दुई सय वर्ष मूलधारमा रहेको प्रजातन्त्रले सामाजिक न्यायलाई कहिले पनि स्वीकार गरेन र १८ वर्ष वा २१ वर्ष उमेरकाले भोट दिएपछि सबै मार्केटले समाधान गर्छ भनी प्रजातन्त्रले वकालत गऱ्यो। यो कुराको असफलतालाई पनि हामीले स्वीकार गर्ने हो कि, दुई सय वर्षको इतिहासमा। यो विन्दुमा आइसकेपछि यो एउटा नमुना वा विचारधारात्मक प्रश्न बन्छ कि ? तसर्थ हाम्रो सन्दर्भ एउटा विचाराधात्मक जग दिन्छ कि ? जुन विचारधाराले भोलिको नेपाल कस्तो बनाउने भन्ने कुरामा जाला अथवा १५/२० वर्षमा हामी नेपाललाई सुखी समुन्नत स्वतन्त्र राष्ट्र बनाउँछौं, राष्ट्रलाई मूर्तरूप दिन सक्छौं भन्ने राष्ट्रिय मनोविज्ञान बनाउन र त्यस्तो मनोविज्ञानलाई पूरा गर्नका लागि के कसरी जान सकिन्छ त भन्दा हाम्रो समस्या यी हुन्। यसरी हामी समावेशी भएर नगईकन सबै जनताको एउटा मनोविज्ञान बन्न सक्दैन अथवा हामीबीचमै उचनिच भएर त्यहाँ पुग्न सकिंदैन।

यसर्थ हाम्रो राष्ट्रको २०/२५ वर्षको सपना पूरा गर्न या यो प्रक्रियाबाट जाऊँ भन्ने कुराले अझ सहज बनाउन सहयोग मिल्छ। किनभने भोलि २५ वर्षपछि हामीले के पाउने हो भन्ने कुरा पनि बन्छ। अतः विचारधारात्मक प्रश्नमा छलफल गरेर जाँदा बन्न सक्छ। यो छलफलले बढी पूर्णता पाउँछ कि भन्ने लाग्छ। यसरी सोच्ने हो भने यसमा मेरो थोरै टिप्पणीले असल शासनका लागि राज्य भन्ने कुराले राज्यको दायित्वसम्बन्धी अघि मैले उठाएका प्रश्नको उत्तर दिंदैन्। यसमा अझ प्रष्ट शब्दमा भन्ने हो भने हामीले सारा असमानताका कुरा गरौंला। जस्तो ८० प्रतिशत, २० प्रतिशतको कुरा गऱ्यौं। त्यसैगरी ६० प्रतिशत राष्ट्रिय पुँजीमा १० प्रतिशत कम मानिसको नियन्त्रणको कुरालाई हामीले समावेशी प्रजातन्त्रको प्रश्नमा राख्ने वा नराख्ने ? यो स्वभावैले विचारधारासँग सम्बन्धित प्रश्न हुनेछ र यस सँगसँगै अरू धेरै प्रश्न उठ्ने छन्। त्यसैले यसतर्फ पनि सोच्ने हो कि भन्ने मलाई लाग्छ।

अन्तमा प्रचण्डले पटक-पटक उल्लेख गरिरहने माओत्सेतुङको एउटा उक्ती छ- हामी आफ्नै टाउकोमा आगो लगाऔं भन्ने। यदि त्यसरी हामीले वैचारिक धरातलमा रही राष्ट्रलाई एकीकृत गर्दै लैजाने हो, त्यस अनुकूल राज्य सत्ताको पुनर्संरचना गर्ने हो र जसको उद्देश्य समावेशी प्रजातान्त्रीकरणलाई समावेशी बनाउने हुन्छ भनेर जाने हो भने हाम्रो इतिहासको मूल्यांकन गरौं। इतिहासमा हामीले के के गऱ्यौं। यसमा पनि उत्तिकै निष्पक्षतापूर्वक आउनुपर्छ कि ? केही टिपनटापन, इतिहासलाई टालटुल पारेर हुँदो रहेनछ। २०४६ सालमै हामीले केही कुरा समाधान गऱ्यौं भनेर धेरै कुरालाई टालटुल पारिदियौं। त्यसले झन् ठूलो रौद्र रूप लिएर आयो। यसर्थ यस्तो कुरालाई टिपनटापन गर्नुभन्दा राजनीतिक प्रक्रियामा लैजानेमा मेरो जोड छ। त्यो राजनीतिक प्रक्रिया हो भने हाम्रो राजनीतिक इतिहासमा त्यो राज्य सत्ता आज यहाँ रहनुमा हाम्रा के त्रुटि थिए भन्ने कुरालाई अझ खुल्ला दिलले स्वीकार गर्दै जाने हो कि भन्ने अलि-अलि अमूर्त कुरा राख्दै बिदा हुन्छु।

**अवधारणामा आफ्नो मत प्रस्तुत गर्दै**
**सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मण अर्याल**

आजभोलि समावेशी प्रजातन्त्र सबैले खाने पान जस्तो भएको छ। सबैको मुखमा सुन्दरता बढाउने विषय भएको छ। यस विषयमा सबैले छलफल गराउनुपर्‍यो। पहिला आफू प्रस्ट हुनुपर्‍यो, जनतालाई प्रस्ट पार्नुपर्‍यो। अनिमात्र जनताले सहयोग दिने/नदिने या भ्रममा नपर्ने अवस्था आउँछ।

संयोगवश: आज त्यसैको चर्चा छ। समावेशी प्रजातन्त्रका कुरा हामीले खुट्टाबाट होइन, दिमागबाट सुरू गरौं, वैचारिक व्यापक तहबाट अर्थात् वैचारिक धरातल/व्यापकताबाट हेर्दा विचारको सीमा हुँदैन। हामी आफूले सीमित पारे मात्र हो नत्र विचार असीमित रहन्छ। त्यसो भएको हुनाले प्रत्यक्ष वा परोक्ष रूपमा मलाई धेरैले सोध्छन्- मुलुकलाई के गर्न लाग्नुभएको छ ? रणभूमि बनाउन लाग्नुभएको छ ? सबै जातजातिका बीचमा काटामार गराउन लाग्नुभएको छ ?

अहिले सबैले आफ्ना स्वार्थमात्र अर्थात् 'पेटी इन्ट्रेस्ट' को कुरामात्र गरिरहेका छन्। मैले यसो भन्दा धेरैलाई नराम्रो लाग्ला। हामीले राष्ट्रको हितको रूपमा हेर्नुपर्छ। समग्रताको रूपमा हेर्नुपर्छ। हामी स्वार्थी अनि सानो चित्तका भएर अहिले राजा फाल्ने कुरा गरेको होइन। हामी पनि 'झिंगे' भयौं भने त केही फरक परेन। आज जनताले परिवर्तन खोजिरहको छ, मुलुकलाई चाहिएको छ जवाफ। राजा गएपछि के ? भन्ने प्रश्न आइरहेको छ, यसमा अत्यन्त स्पष्ट हुनुपर्छ। मलाई लाग्छ- जनमत संग्रह, संविधानसभाका लागि मात्र होइन, मुलुकको समस्या समाधानका लागि जनतालाई यो नेपाल विखण्डित हुँदैन, हामी हुन दिँदैनौं, झन् दरिद्र हुँदैन, हाम्रै कलहका कारण विदेशी शक्तिले खेल्ने ठाउँ हुँदैन, यो नेपाली कै देश हुन्छ भन्ने विश्वास दिलाउनुस्। अनि जनता तयार हुनेछन्। जनता आफ्नो अस्तित्व समग्रतामा खोजिरहेको छ। व्यक्तिगत धरातलमा होइन्, यो छलफल ठूलो छ, व्यापक छ। सानो 'इन्टरेस्ट वेस्ड' छलफल होइन, 'प्रिन्सिपल वेस्ड' छलफल तिर जाऔं। त्यसले मात्र हाम्रो मुलुकलाई बचाउन सक्छ। हामी सबैलाई एक बनाउँछ। होइन भने तपाई हामी सबैलाई बझाउँछ, हामी बीचमा बिखण्डन ल्याउन सक्छ। त्यो स्थिति नआओस्। बहुत होस् पुर्‍याउनुपर्छ। तितोमीठो जस्तो भए पनि यो कुरा स्वीकार गर्नुपर्छ, खास गरी तपाई हामीजस्ता बुद्धिजीवी भनाउँदाहरूले। हामीले जनता, मुलुक र विश्वलाई प्रस्ट पार्नुपर्‍यो। अनि मलाई लाग्छ कुनै किसिमको आपत्ति पर्दैन। कुनै आउँछन्, जान्छन्। यो संसार आउने जानेको हो। न यहाँ कोही रहिरहन्छन्, न कुनै संस्था रहन्छ, न राजसंस्था नै। रहन्छ भने जनता रहन्छ। जनता एक युगको होइन। एउटा कालको होइन। ममात्र होइन, जनता भनेको सन्तान दरसन्तान हो। जनता रहिरहन्छ, त्यो अमरतत्व हो। अत: त्यसका लागि हामीले व्यापक रूपमा सोच्नुपर्छ।

मलाई लाग्छ अहिले नरहरीजीले सुरुवात गरेको बृहत् विचार हो। अत्यन्त राम्रो विचार गरेर कुनै भावावेशमा प्रवेश नगरी व्यक्तिगत विचार नभई अत्यन्त बडो सोचविचार गरेर मुलुकले खाजेको प्रश्न उठाउनुभएको छ। राजा नभएको अवस्थामा मुलुकमा के हुने भन्दा त्यसको जवाफ यही हो। समावेशी प्रजातन्त्रमा कुनै प्रणाली



व्यक्तिको बलमा चल्दैन। प्रणाली प्रणालीबाटै चल्छ। प्रणाली सिद्धान्तले नै चल्छ। त्यसैले तपाईहरूले यसरी गर्छौं भनेर देखाउनुहोस्, मुखभरिको जवाफ त्यही हुन्छ। यस अवधारणा पत्रमा थप गर्दा यो राजसंस्था खर्चालु, आडम्बरी, हिंसामा आधारित छ। मलाई लाग्छ निरंकुशता जहिले पनि अशान्तिमा जन्मिन्छ। अशान्ति भनेको use of worse हो। त्यसकारण यो निरंकुश शासन व्यवस्था शुरू भयो कि संविधान अनुसारको कानूनी राजमा आधारित राज्य व्यवस्था सुरु भयो भन्ने कुरा हेर्नुपर्छ। त्यो हिंसा वा बन्दुकबाट सुरु भयो कि विवेकबाट सुरु भयो ? त्यो हेर्नुपर्छ। दुवै ब..ब...बाट सुरु हुन्छ।

राम र रावणको पनि रा पहिला आउँछ। बन्दुक हो कि के हो त्यो पछाडिलाई हेर्नुस्। त्यसो भएको हुनाले यहाँ के थपौं भने 'सामन्ती' बहुत उपयोगी हुने थियो। यहाँ नभनिएको हो कि ? राजसंस्था समान्ती संस्था हो। जहाँ राजतन्त्र हुन्छ त्यहाँ सामन्त हुन्छ। त्यसकारण यहाँ हामीलाई पिरोलिरहेको छ, मुलुकलाई पिरोलिरहको छ। राजाले होइन, राजाको चरित्रले हो। आगोले होइन। आगोले त उज्यालो पनि दिन्थ्यो। राम्रो हुन्थ्यो। राजाले बुझेका भए मुलुकले राजसंस्थालाई राष्ट्रिय एकताको प्रतिकका रूपमा राखिदिएको थियो। संसारमै नमुना हुन्थ्यो। नेपाली राजसंस्था राष्ट्रिय एकताको प्रतिक भनेको ठाउँमा मण्डलेहरूको प्रतिक बन्न गइराखेको अवस्था छ। मण्डलेहरू भनेका को हुन्। 'फिउडल्स्'। जो चाहिँ शोषण गर्न पाइन भन्नेहरू हुन्. । जमघट भएका ग्याङस्टरहरू। त्यसो भएको हुनाले यो एउटा सामन्ती संस्था हो। त्यो कुराको अर्को प्रमाण राजपरिषद्। यो राजपरिषदलाई राजालाई सल्लाह दिने अधिकार छैन। उसको अधिकार केवल  राजगद्दी खाली भएमा राजाको रिजेन्सी भर्नको लागि मात्र हो। हाम्रो त कस्तो अचम्मको मुलुक छ, लोग्ने मान्छेले पनि छोराछोरी पाउलान भन्ने स्थिति छ। राजपरिषद् संविधानअनुसारको संस्था हो। राजाले माघ १९ को कदम चाल्नुपर्छ भनेर राजपरिषद्ले पास गरेको छ। अचम्मको कुरा मात्र गर्छ। मुलुकको राजपरिषद् पुरुषले बच्चा पाएजस्तै हो। यसो हेर्दा यसको गठन नै आफैं असंवैधानिक छ। प्रधानमन्त्रीको सिफारिसमा राजपरिषद् गठन भएको पनि छैन। तसर्थ यो अवैधानिकले अवैधानिकता नै जन्माउँछ। जो स्वयं अकानुनी र अवैधानिक छ त्यसले अर्को पनि अवैधानिक काम गर्छ। यही नमूना हो।

**छलफलमा सहभागी हुँदै नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा**

पहिलो कुरा, आदिवासी जनजातिका बारेमा तपाईंहरू (सबै पार्टी प्रतिनिधि) धारणा उत्पत्तिको सिद्धान्तमा जानुहुन्छ कि/ हुन्न ? माओवादीसँग रिलेट गरेर उत्तर दिनुस्। दोस्रो, समावेशी लोकतन्त्र पार्टीमा कस्तो प्रकारले समावेशी गर्नुहुन्छ भन्ने कुरा नदेखाइकन जनताले कसरी विश्वास गर्ने ? यो कार्यपत्र लेखेर हुँदैन। अगाडिको पुस्ता तयार छ छैन ? कस्तो समावेशी प्रजातन्त्र रहेछ ? तपाईंको पार्टीहरूको विधान हेरौं। पार्टीमा समावेश गरेको हेरौं अनि हामीले पत्याउने छौं।

तेस्रो, समावेशी प्रजातन्त्रभित्र तपाईंले सोचेको न्यायपालिकाको उत्तरदायित्व भनेको के हो ? न्यायपालिका एक कदम अगाडि आउनु जरूरी छ। अब छलफलमा ल्याउनु जरुरी छ। अब न्यायपालिकाको स्वरूप के हुने हो ? कसरी जान चाहनुहुन्छ ?

चौथो, तपाईंले भनेको समावेशी प्रजातन्त्रभित्र जाँदा जनमत संग्रह त्यतिबेलामा पनि बाहुल्यता भएको जातजातिले 'डोमिनेट' गर्छ। वैधानिक प्रतिनिधित्वको बाटो चाहे त्यो जनमत संग्रह नै होस्- बाट जाँदा कस्तो तरिका अपनाउनुहुन्छ ? प्रत्यक्ष चुनावबाट मानिस ल्याउनु भयो भने पनि त्यो माध्यमबाट जुन संविधान बनाउँछौं, त्यतिबेला समावेशी लोकतन्त्र वा प्रजातन्त्रको विधान निर्माण गर्छौं ? त्यतिबेला कसरी जनजातिहरूले आफ्नो अधिकार सुरक्षित गर्न सक्छन् ? पार्टीमा समावेशी लोकतन्त्र नदेखाइकन कसरी विश्वास गर्ने ? कसरी यो संविधानलाई पास गर्नुहुन्छ ? प्रतिनिधिसभामा दुई सय पाँच जना आए, फेरि तिनैको बाहुल्यता छ। जनजातिले ५० प्रतिशत नमान्न पनि सक्छन् ? सबै भाषाभाषीलाई टप्पक टिपेर राखिदिने भन्ने अर्थमा गइरहेका छौं। उत्पत्तिको सिद्धान्तमा जानुहुन्छ वा कुन सिद्धान्तमा गएर मिलाउनुहुन्छ ?

न्यायपालिकालाई कसरी समावेशी प्रजातन्त्रमा ढाल्ने ? यो संविधानले पनि लेखिदिनका लागि लेखिदिएको थियो। यहाँभन्दा के लेख्नु ? यो संविधान लेख्ने समयमा हिन्दुराजाले संविधान मान्नु पर्दैन भन्ने खालका 'विद्वान'हरू सर्वोच्च अदालतमा आउँछन् भन्ने सोचेको थिएन। संविधान तयार गर्दा पनि केही आधारभूत अवस्थाको कल्पना गरिएको हुन्छ। संविधानले कानुन नै नलाग्ने राजा हुन्छन् भन्ने सोचेको थियो र ?

**घनश्याम पाण्डे, सदस्य-सामुदायिक वन उपभोक्ता महासंघ**

अहिलेसम्मका राजनीतिक सत्ताहरूले जहिले पनि धार्मिक सत्ताको हिसाबले हिन्दु राजाको सेवा गऱ्यो। आर्थिक सत्ताको हिसाबले धनीको हित गरिहेको छ। लिंगीय रूपमा पुरुषकै हित गरिररहेको छ । क्षेत्रीय रूपमा सहरियाहरूको हित गरिरहेको छ। नरहरि दाजुको कार्यपत्रमा विशेषतः सहरी सत्तामा विकेन्द्रीकृत गर्ने कुरा धेरै आएको छ। तर, धर्म सत्ता परिवर्तन, आर्थिक सत्ता परिवर्तन, पुरुष सत्ता परिवर्तन गर्ने कुरालाई कसरी अझ बढी उठाउन सकिएला भन्ने जिज्ञासा छ ? अर्को लोकतन्त्रिक कुरा सबैतिर आएको छ। यो लोकतान्त्रिक संस्कृति के हो ? लोकतान्त्रिक संस्कृति के भयो भने हुन्छ ? अब हामीबाट कसरी लोकतान्त्रिक संस्कृतिको सुरुवात भएको देख्न सक्छौं ?

**डा. मीना आचार्य, वरिष्ठ अर्थशास्त्री**

एउटा कुरा लक्ष्मणजीले उठाउनु भयो। अहिले हामीले १२/१५ वर्षको स्थिति देख्यौं। हामी पनि लोकतन्त्रका विराधी होइनौं। तर अफगानिस्तानको स्थिति नेपालमा आउँदैन भनेर कसरी भन्ने ? किनभने स्विट्जरल्यान्ड र नेपाल त्यही ठाउँमा छैन। स्विट्जरल्यान्ड वरिपरि जुन देश थिए, त्यहाँ तीनवटा मात्र भाषा थियो। नेपालमा एक सय वटा भाषा छन्। भारत र चीनजस्ता देशले च्यापेको थिएन। त्यसो हुनाले अफगानिस्तान कसरी भयो ? त्यो पनि विश्लेषण गर्नुपऱ्यो। नेपाललाई भोलि अफगानिस्तान हुन नदिने लोकतान्त्रिक व्यवस्थाभित्र हामी कसरी ल्याउँछौं, भन्ने स्पष्ट हुनुपऱ्यो। अर्को कुरा भोलि यहाँ साम्यवादी/माओवादीतन्त्र भयो भने न भारतले सहन्छ न अमेरिकाले सहन्छ। त्यो स्थितिमा हामी के गर्छौं भन्ने



कुरा स्पष्ट हुनुपर्छ। समावेशी त धेरै परको कुरा भयो। समावेशी भन्नाले सहभागीता गराउने कुरा भयो। तर संरचनात्मक समावेशी प्रतिनिधित्वबाट आएको निर्वाचित प्रधानमन्त्री जो पनि हुन सक्ने र छोटो समयका लागि आरक्षण भन्ने कुरा नरहरिजीले ल्याउनुभएको छ, जुन समावेशीमा संरचनामात्र होइन। यस अर्थमा पश्चिमी मुलुकले प्रयोग गरिरहेको प्रजातन्त्र पनि समावेशी होइन।

आज आएर कति वर्षपछि निग्रोहरूले हामी समावेश भएनौं भनी त्यस्तो गर्नुपऱ्यो। अब लोकतन्त्र वा प्रजातन्त्र भनेको कसरी ल्याउने भन्ने बारेमा बहस राम्रैसँग हुनुपर्छ। अहिलेको स्थिति आउनुमा राजामात्र जिम्मेवार छैनन, उनी एउटा कारक तत्वमात्र हुन। र, राजाले दलहरूको कमजोरीलाई प्रयोग गरे होलान्। पहिलो कुरा त सेना हो। हामीले कहिल्यै पनि सेनालाई ध्यान दिएनौं। सेना सामान्त छ भनेर बुझेनन् हाम्रा नेताहरूले, पार्टीका नेताहरू त्यही सेनाको चाकरी गर्न गए। हामीले ५० वर्षको प्रजातान्त्रिक इतिहास हेऱ्यौं भने हाम्रो मुलुकमा भोलि हिटलर जन्मिदैन् भन्ने के निश्चित छ ? मुसर्रफ नेपालमा जन्मदैन भन्ने के छ ? भोलि राजा त फालिदिऊँला। तर, राजाले शासन गरेको छ कि सेनाले भनेर स्पष्ट नभएसम्म हुँदैन। यसको गहिरिएर विश्लेषण गर्नुपर्छ।

हामीसँग बौद्धिक समुदाय छ। जसले लोकतन्त्रमा जोड दिन्छ। राष्ट्रिय सभा प्रजातान्त्रिक पार्टीहरूले नै आफ्नो खल्तीबाट मान्छे छान्ने किन बनाएको ? त्यही मानसिकताका नेता अहिले पनि छन्। यत्रो देश यस्तो ठाउँमा पुगेको छ। तै पनि नेताहरू बाहिर निस्केर सत्ता आफ्नो हातबाट दिन सक्नुहुन्न। पार्टीभित्रै त सत्ता दिन सक्नुहुन्न भने देशको सत्ता कसरी दिन सक्नुहुन्छ ? त्यसैले अर्कोको मात्र विश्लेषण गरेर हुँदैन। अरू देशका यति राजा यसरी फ्याँकिए भनेर हुँदैन। अहिलेको अफगानिस्तान, कम्बोडिया हेरौं। अहिले स्पेनमा कति वर्षपछि राजा फिर्ता ल्याए। अहिलेको अन्तर्राष्ट्रिय संरचनाभित्र भन्दा पनि आफ्नो सरंचना कस्तो छ भनेर एकदमै गहिरिएर हेर्नैपर्छ। यस्तो बहस चलाएकोमा फोरमलाई धन्यवाद।

**चिरन्जीवी काफ्ले**

यो कार्यपत्रमा तीनवटा कुरा पाइयो। राजनीतिक शासन प्रणालीमा राजारहित वा राजासहित भन्ने कुरा आयो। राजासहित जानुस् वा राजारहितमा। हाम्रो कुनै कुरा भएन। तर राजारहितचाहिँ बहसमा मात्र सीमित हुने हो कि भन्ने जस्तो लाग्छ। किनभने राजारहित भन्ने जतिसुकै बहस गरे पनि यसमा त्यति दम छ जस्तो लाग्दैन। हालै नेपाली कांग्रेसका उपसभापति सुशील कोइरालाले भन्नुभएको छ- 'अहिले पनि राजाले संसद् फर्काई दिने हो भने चुप लागेर र फर्किने स्थिति छ। प्रशासनको कुरा गर्दा पनि संघीय प्रणालीमा जान उपयुक्त भनियो। त्यो ठीक छ, संघीय प्रणालीमा जानलाई उचित तरिका अपनाउनु आवश्यक छ, तर संघीय प्रणाली कस्तो हुन्छ ? त्यसको प्रतिनिधित्व अहिलेको जिल्लाको जस्तो हो कि होइन ? त्यसमा पनि निर्वाचन प्रणाली कस्तो हुन्छ ? विद्यमान संसदीय प्रणाली जस्तै हुने कि अर्को हुने ? वर्तमान निर्वाचन प्रणाली त्यति प्रभावकारी छ त ? व्यापक विश्लेषण गर्नु जरुरी छ।

**प्रकाश पोखरेल**

खोजमूलक अवधारणापत्र सैद्धान्तिक रूपमा ज्यादै प्रभावकारी छ। नेपालमा यस किसिमका खोजमूलक लेखहरू ल्याउने दुई/चार जना व्यक्तित्व हुने भए छुट्टै आयाम ल्याउन सकिन्थ्यो। समावेशी लोकतन्त्रबारे बहस चलाउनुभन्दा सुन्न दिने अवस्थामा पनि देश छैन। त्यसमा पनि ध्यान दिनुपर्छ, किनभने बन्दुकले बहसलाई छेकिरहेको छ। अतः सुन्न पाउने, भन्न पाउने वातावरण सिर्जना गर्नतिर ध्यान केन्द्रित गर्नुपर्ने हो कि ? यो काम आफैमा उदाहरणीय छ। अर्को पार्टीभित्रको कुरा गर्दा पनि आश्चर्य लाग्दो छ, नेपाली कांग्रेसको महाधिवेशनमा नरहरि आचार्यको विचार पास भयो, गिरिजाप्रसाद कोइरालालाई भोट हालेर जिताइयो। यो हाम्रो देशका सबै पार्टीको अवस्था हो। सेनाले राजाको प्रतिनिधित्व गर्छ। जनताको पैसा खाने सेनाले राजाको चाकडी किन गर्छ ? यसमा धेरै खोजबिन गर्नुपर्ने कुराहरू छन्। समावेशी लोकतन्त्र वा प्रजातन्त्रको कुराहरू विकेन्द्रित किन हुँदैन। पश्चिम कर्णालीमा राजालाई ढोग्ने समाज छैन, त्यहाँ समावेशी लोकतन्त्रका कुरा मिलेको वा घुलमिल भइरहेको छ। मान्छेले सुन्दा-सुन्दा वाक्क भएका छन्। जस्तै म पनि काठमाडौंमा आउँदा समावेशी लोकतन्त्रका कुरा जान्ने मौका पाएँ, त्यसैले यी कुरालाई जति बाधा आइपरे पनि गाउँमा पुऱ्याउँदा उचित होला भन्ने मेरा सुझाव छ।

**मानबहादुर सिपाली**

यहाँ मैले उपायहरूको निष्कर्ष भेटिनँ। उदाहरणका रूपमा राजसंस्थाको विशेषताको व्याख्या/चित्रण ज्यादै गरिएको छ। चाहिन्छ कि चाँहिदैन भन्ने चाहिँ भेटिएन। नरहरीजीकै पार्टीले संवैधानिक राजतन्त्र हटाएको छ। तर गणतन्त्रमा जाने नजाने भनेर पार्टीकै विभिन्न नेताहरूको फरकफरक धारणा आइरहेको छ। प्रत्येक पार्टीको विधानमामात्र राजा चाहिँदैन भनेर हुँदैन।

**धर्मेन्द्र झा, पत्रकार**

राष्ट्र, राज्य र देशका कुरा बुझेर समावेशीको कुरा नगरेसम्म यो मुद्दाले पूर्णता पाउँदैन्। त्यसैले राष्ट्र, राज्य र देशको परिभाषालाई बुझेपछि समावेशीको कुरा उठाउनुपर्छ भन्ने मेरो मान्यता हो।

**फेरि घनश्याम भुसाल**

जिज्ञासा राख्ने साथीहरूले जनजातिको सन्दर्भमा उत्पत्तिको सिद्धान्त के हो ? भन्नुभयो। म विकासवादी सिद्धान्तलाई मान्छु। विकासका दौरानमा जनजाति उत्पन्न भए या हामी सबै एकचोटी जनजाति नै थियौं भन्ने मान्छु।



**अवधारणपत्र प्रस्तुतकर्ता नरहरि आचार्यद्वारा अवधारणापत्रबारे उठाइएका जिज्ञासाको जवाफ**

घनश्यामजीले सुरुमा असल शासनका लागि यो अवधारणा पत्र अमूर्त छ, अपूर्ण छ भन्नुभयो। त्यसलाई म स्वीकार गर्छु। तर धेरै अमूर्त छ जस्तो चाहिँ लाग्दैन। थोरै कुरा छन् तर अमूर्त भन्नु पर्ला जस्तो लाग्दैन। यो विषय आफैंमा यति जटिल छ कि यसले बहस निम्त्याउन सक्छ। सैद्धान्तिक बहस निम्त्याउँछ, निम्त्याउँदै छ। र, बहस चलिरहन्छ।

यस विषयलाई राजनीतिमा कसरी लैजान्छौं ? लैजाने उपाय र माध्यम के हो ? राजनीतिक प्रस्तावका रूपमा लाने, छलफल गर्ने, विधान नियमनमा प्रवेश गराउने अनि त्यसलाई अभ्यास गराउने हो। हामी अहिले प्रस्तावकका रूपमा लागेका छौं। केही कुरा विद्यानमा पनि प्रवेश भएको छ। उद्देश्यमा राख्यौं। राज्यको पुनर्संरचना गर्दै समावेशी लोकतन्त्र भन्ने हाम्रो विधानको उद्देश्यमा राखेका छौं। पार्टीकै पुनर्संरचनाका कुराहरू पनि त्यहाँ दर्ता भएका छन्। अब त्यो बाहिर आउला, त्यसको अभ्यासका निम्ति थप प्रयत्न या संघर्ष हुने निश्चित छ। होला पनि। अहिले पहिलो चरणमा समावेशी लोकतन्त्र सबै थरीको नारा बनेको छ। सबै पार्टीहरू विचाराधारात्क आधारमा खडा भएका छन्। यो परिप्रेक्षमा समावेशी प्रजातन्त्रको आरम्भ बिचारधारात्मक नै हुन्छ।

राजा रहन सक्ने कुनै सम्भावना छैन भन्ने उहाँ (घनश्याम) ले भन्नुभएको छ। सधैं र लामो समयसम्म त रहन सक्दैन। राजतन्त्र समाप्त हुन केही विलम्ब हुन सक्छ भन्ने कुरा मैले राखेको छु- गणतन्त्रको प्रवेश भन्ने प्रक्रियामा, राजसंस्था पूर्ण रूपमा संसद्को अधिनमा रहने, राजसंस्थाको भविष्य र भूमिका बारेमा नेपाली जनताको निर्णयमा हुने पद्धति र परिस्थिति निर्माण भयो भने तत्कालका लागि गणतन्त्र केही ढिलो होला।

असल शासन भन्ने कुरा शीर्षक अर्मूत भयो कि जस्तो भएको हो की भन्ने कपिलजीको कुरामा असमति छैन। विजयजीको कुरामा एउटै प्रदेश नेपालमा चारवटा प्रदेश बाहिरी, भित्री, पहाड र हिमाली प्रदेश गरी चारबाट हुने भए। यस्तो ढाँचाले प्रदेशको विभाजन गर्ने होइन। कार्यमूलक आर्थिक समाजिक विषयको हुन सक्छ भन्ने हो। मैले आग्रहभन्दा पनि चरित्रहरू छन्, तिनलाई कसरी समावेश गर्ने ? राजा भएर कसरी समावेशी हुन्छ भन्ने कुरा अलग्गै टिप्पणी गरेको छैन। शोषणको प्रतीक राजसंस्था छ। पार्टीमा किन एजेण्डा बनेन भन्ने कुरा आएको छ, तर एजेण्डा पर्याप्तमात्रामा बनेको छ। पार्टी पनि समाजको अंग हो। यो विषय छिराउन कठिन छ। छिर्दै पनि गएको छ। यी सबै कारणले गर्दा त्यहाँभित्र पनि आउँछ।

मेरो कार्यपत्र अपर्याप्त छ। चरणजीको मानव अधिकारको दृष्टिबाट पनि राजनीतिक पद्धतिलाई हेर्नुपर्छ भन्ने तर्कमा म सहमत छु। मानव अधिकार राजनीतिक, सामजिक, सांस्कृतिक र वैधानिक कुरा हो। यी सबै कुरा मानिसलाई चाहिने कुरा हुन्। त्यसैले आत्मनिर्णयको अधिकारको खोजीका लागि नै प्रक्रिया सुरू गर्न खोजिएको हो।

शम्भुजीको बारेमा छोटो उत्तरले हुँदैन, जनजातिको सिद्धान्तकाबारे अलिकति चर्चा गरेको छु । अहिलेको स्थितिमा हामी कहाँ छौं ? त्यहीबाट अगाडि बढ्नुपर्छ । यो मञ्चमा बहसको विषय बनेका कुराहरू सबैको चासोको विषय हो ।

समावेशीको कुरा गर्दा पार्टीको कुरा नगरी हुँदैन भन्नेमा म पूर्ण समर्थन गर्छु । पार्टीमा परिणाम आउन केही समय आउला, तर म आश्वस्त तुल्याउन चाहन्छु समावेशी लोकतन्त्रको कुरा मुलुकमा भन्दा पहिला पार्टीमै हुन्छ, त्यसपछि मुलुकमा गरिन्छ । मुलुकमा भोलि भनेकै दिन सबै थोक गर्न नभ्याइएला त्यसैले छलफल सुरु गर्दै जानुपर्‍यो ।

न्यायपालिकाबारे मलाईभन्दा धेरै शम्भुजीलाई थाहा छ । त्यहाँका कठिनाइ र सामर्थ्य पनि उहाँलाई नै थाहा छ । त्यसैले यहाँ कम चर्चा गरेको छु । मेरो जोड न्यायालयको निर्णय गर्दा निर्णय प्रक्रिया अलि कमजोर भयो भन्ने हो । जस्तो न्यायाधीश चयन गर्दा त्यति पारदर्शी र उत्तरदायी ढंगले गरिँदैन । सुनुवाइको कुनै प्रक्रिया छैन । न्याय परिषद्ले सोभ्कै सिफारिस गरेर टुगिंने व्यवस्था छ । त्यसैले त्यो अत्यन्त अपारदर्शी भयो । बृहत्तर सहभागिता पनि भएन । न्यायाधीश कसलाई बनाउने भनेर सोभ्कै जनताले प्रस्ताव गर्न नपाए पनि प्रस्तावित न्यायाधीशका बारेमा छलफल गर्न पाउनुपर्छ ।

न्यायाधीशहरू अवकाश हुने बेलामा उमेरको विवाद हुने गरेको छ । जुन नियुक्तिकै बेलामा हुनुपर्छ । हामीले यी सबै काम गर्न सकेनौं । मैले यहाँबाट उत्तरदायित्वको प्रक्रिया प्रारम्भ गर्नु पर्ला, अब चाहिँ त्यो ढाँचाको व्यवस्था हुनुपर्छ र हुन्छ भन्ने लाग्छ ।

२०४७ को संविधानले कानुन नै नलाग्ने राजा बनाएको जस्तो लाग्छ किनभने उनको बारेमा अदालतमा कुरा उठाउन नपाइने स्थिति छ, कुनै मुद्दा गयो कि दरपीठ हुन्छ । हामीले कानुन नलाग्ने जति बनाएका थियौं, त्योभन्दा १० गुणा अगाडि राजा गइदिए ।

त्यसलाई पनि हामीले केही विकसित गर्न सक्थ्यौ होला । संसद्ले त्यो पनि गरेन । त्यसको दोष मैले लिनुपर्छ । किनभने तीन पटक नै सबैभन्दा धेरै भोट नेपाली जनताले नेपाली कांग्रेसलाई दिए । दुईपटक बहुमत दिए । कुरा मिलाउन सकेको, प्रमुख प्रतिपक्षी दलसँग राम्रो समभ्कदारी गर्न सकेको भए हामीले संविधान राम्रोसँग संशोधन गर्न सक्थ्यौं । यी सबै कुराको दोष कांग्रेसले लिनुपर्छ । यसमा कुनै विवाद छैन । र यसमा म कुनै कुञ्जुस्याइँ गर्दिनँ ।

अर्को कुरा संविधान पनि लगभग राजनीतिक रूपले मरिसक्यो । वैधानिक रूपले मैले भनेको छैन । संसद्को पनि मृत्यु भयो । यी मरिसकेको ठानेर अब नयाँ निर्माणमा जानुपर्छ ।

घनश्यामजीको भनाइमा मेरो असहमति छैन । तर लोकतान्त्रिक संस्कृतिको प्रारम्भ हुन पहिला त हामी खुल्ला हुनुपर्‍यो । छलफलका लागि तयार हुनुपर्‍यो । अरूको कुरा सुन्न र सुनाउन तयार हुनुपर्‍यो । अनिमात्र लोकतान्त्रिक संस्कृतिको प्रारम्भ हुन्छ, पूर्णताचाहिँ हुँदैन । यो बढाइ रहने कुरा हुन्छ, त्यसैले लोकतन्त्र पनि पूर्ण हुने व्यवस्था होइन् । पूर्णतातर्फको यात्रा हो, यो । त्यसैले निरन्तर चनाखो भएर



लोकतन्त्रलाई पूर्णता दिइरहनुपर्ने भएकाले पूर्ण लोकतन्त्र भन्ने शब्द मलाई ठीक जचेको छैन । तर मान्छेहरूको आकांक्षा बुभ्काउन कतिपय कुरा भन्नुपर्ने हुन्छ । अहिलेको भन्दा धेरै भन्न त्यस्तो लखेको हो । त्यो सापेक्षिक रूपमा हुन्छ ।

मीनाजीको चिन्ता सायद सबै नेपालीको चिन्ता हो । त्यसैले ००७ सालमा राजा राखेको हो । तर ५० वर्षको अनुभवले त्यो असफल भयो । राजालाई संवैधानिक बनाउन सकिएन । २००७ सालमै राजा भागिसकेका हुन, राजतन्त्र समाप्त भइसकेको हो । त्यसमा कुनै विवाद छैन, वैधानिक, कानुनी र राजनीतिक रूपले जति प्रमाण पनि दिन सकिन्छ । ००७ सालमा खोजेरै ल्याएर राखे । अन्यत्र यस्तो गरेको पाइन्न । तर ५० वर्षका अभ्यासले हामी ठीक बाटोमा हिँडेनछौं र हाम्रो समय खेर गएछ भन्ने हामीलाई लागेको छ । कांग्रेसनै हो त्यो बेलामा राजालाई बोकेर ल्याउने । अहिलेसम्म संवैधानिक राजतन्त्र मान्ने पनि कांग्रेस नै हो । कांग्रेसले अब ती सबै कुराप्रति कान समाएर पछुतो गर्नुपर्ने अवस्था आयो त ? त्यसैले कुनै विद्वेष राखेर, उत्तेजित भएर, १८ असोज वा १९ माघको कारणले मात्र कांग्रेसले विधानबाट संवैधानिक राजतन्त्र हटाएको होइन । केही नभएको भएपनि ५ वर्षपछि विधानबाट कांग्रेसले संवैधानिक राजतन्त्र भिक्क्यो नै ।

राजालाई अब कांग्रेसले पनि जोगाउन सक्दैन । अरू कोही जोगाउन आउने हो भने आउँदा हुन्छ । तिनको अस्तित्वलाई हामीले निषेध गरेको होइन । राजाको मात्र हामीले विरोध गरेको हो । राजावादीको हामीले विरोध गरेको छैनौं र राजावादी कोही छ भने आउँदा हुन्छ । उनीहरूले आफ्ना तर्क राख्दा हुन्छ, त्यसको हामी सम्मान गर्छौं । आफ्नो विचार जत्तिकै महत्व दिन्छौं । हामीसँग अन्य देशका उदाहरण पनि छन् । इरानमा किन त्यस्तो भयोभन्दा राजाकै कारणले भएको हो । जनताले बदमासी गरेर भएको होइन । राजाले नै अन्तिम बेलासम्म हठ गरेको हुनाले त्यस्तो भएको हो । अफगानिस्तानमा त्यस्तै भएको हो । त्यसैले जहाँजति उपद्रो भयो राजाकै हठकै कारणले भएको हो । जनताको कुनै हठ छैनन् । जनताले थोरैथोरै कुरा माग्छन् । त्यो माग्दा पनि नपाउँदा त्यो बढ्दै जान्छ र स्थिति त्यस्तो हुन्छ । त्यसैले यहाँ पनि त्यसैका लागि तयार हुने मात्रै हो । अरू उपाय केही पनि छैन ।

चिरन्जीवीजीले बिना राजाको नेपालमा दम छैन भने जस्तो लाग्यो । त्यस्तो लाग्न त पाइन्छ, त्यस्तो लाग्नेहरू पनि छन् । तिनको अस्तित्व नै छैन भन्ने छैन । अब चाँहि त्यस्तो देशमा परिस्थितिले देखाउने कुरा हो । कांग्रेस भनेको समाजकै एउटा पार्टी हो । कांग्रेसभित्र राजा नराखी हुँदैन भन्ने मान्छे पनि छन्, तर पनि धेरै मान्छे त्यस्तो भन्ने भएनन् । त्यसैले कांग्रेसले त्यो प्रस्ताव पारित गरेको हो । त्यसैले मुलुकमा पनि धेरै मान्छे त्यस्तो (राजा मान्ने मान्छे) भएनन् भने राजा जानुपर्छ । राजा जाने परिस्थिति आउँछ, कुरा त्यति मात्र हो । यसमा कुनै द्वेष, विद्वेष होइन ।

संघीय पद्धति कस्तो हुन्छ भन्नेबारे केही कुरा मैले यहाँ प्रस्तुत गरेको छु । यो विस्तारित कुरा हो । प्राविधिक कुरा हो । सबै हेर्नुपर्छ । कमलजीले भन्नुभयो- 'पहिला त जुम्ला गएर तीन दिन बस्नुपर्छ अनि मात्र जुम्लाबारे कुरा गर्ने हो कि ।' उहाँको

भनाइप्रति म सहमत छु। वास्तवमा प्रादेशिक रूपले विभाजनको प्रस्ताव निर्माण गर्न पनि सबै ठाउँ घुम्नै पर्छ । कहाँ कस्तो छ कहाँको सम्बन्ध के छ भन्ने हेर्नैपर्छ। यो प्राविधिक कुरा पनि हो। तर अहिले विचारमा सहमत वा असहमत हुने कुरा उठेकाले यो राजनीतिक रूपमा आएको अवधारणा हो। यो सबै प्राविधिक रूपमा छैन। कार्यपत्रमा दुई ठाउँमा स्वीकार गरेको पनि छु।

समावेशी लोकतन्त्रको बहस गर्न पाउने र सुन्न पाउने वातावरणको निर्माण गरौं भन्ने प्रकाशजीको कुरा छ। त्यसैका लागि हामी आन्दोलनमा छौं। समय मिल्दा यस्तो बहस गरिरहेका छौं। यी काम फुर्सदको समयमा गरिरहेका छौं। अहिले हाम्रो मूल काम आन्दोलन नै हो। यो पनि आन्दोलनकै भाग हो, विवाद नै छैन। किनभने आन्दोलनपछि के गर्ने भन्ने कुरामा २०४६ सालपछि जस्तो कुहिरोको काग बन्नु नपरोस् भन्नका लागि अहिलेको विषय केन्द्रित 'बहसकेन्द्रित' आन्दोलन चलिहरेको छ। त्यसैले शम्भुजीसित पूर्ण सहमत छु कि यो पनि आफैंमा आन्दोलन हो।

सिपालीजीले मुद्दाहरू त आए, उपायहरू के त ? यहाँ उपायहरूकाबारे केही संकेत छन् तर थोरै छन्, राजाको बारेमा अलि प्रष्टता चाहिन्छ कि भन्नुभयो।

राजा चाहिँदैन भनेर मैले यहाँ उल्लेख गरिसकेको छु। तर मेरो विचार निर्णायक हुँदैन। विचारहरू बनाउँदै जानुपर्छ। त्यसैले एउटा निर्णय दिएर पुग्दैन। जस्तो मैले मेरो पार्टी नेपाली कांग्रेसमा पुऱ्याएँ। अनि पार्टीले एउटा प्रक्रियामा पुऱ्याएको छ। त्यहाँ कुरा भइरहेको छ। त्यसैले यो प्रक्रियामै छ। चाँहिन्छ कि चाँहिदैन भन्ने कुरामा तपाईं हामीले धेरैले निर्णय गरिसकेका हौला। तर देशले निर्णय गर्न केही समय लाग्छ।

धर्मेन्द्रजीको भनाइसँग म असहमत छैन। राज्य/राष्ट्र र देश भिन्दाभिन्दै सन्दर्भमा भनिएका शब्द हुन्। यसको पारिभाषिक परिस्थिति भिन्दै छ। राज्य भन्नाले एउटा ढंगले बुझिन्छ, देश भन्नाले कतिपय मान्छेले पर्यायका रूपमा लिइदिन्छन्। तर यो प्राविधिक र पारिभाषिक रूपमा भिन्दाभिन्दै कुरा हुन्। यसबारेमा अलिकति फरकपन आएको छ। यसले पूर्णता पाउला। म पनि धेरै यस्ता सिक्दै आफ्ना विचारहरूलाई परिपक्व बनाउने प्रयत्न गर्छु।

निष्कर्षमा यो प्रस्ताव अन्तिम प्रस्ताव होइन। एउटा राजनीतिक विचार हो- राजनीतिकर्मी वा राजनीतिक सदस्यको। एउटा राजनीतिक सदस्यको विचार भएकाले यसलाई विचारका रूपमा लिऊँ। विचारमूलक प्रस्ताव छ। यसमा धेरै कुराका अपूर्ण छ भन्ने म स्वीकार गर्छु।

**छलफलमा सहजीकरण गर्दै तारानाथ दाहाल (अध्यक्ष फ्रिडम फोरम)**

हामीले सञ्चालन गरेको बहसले औचित्य प्रमाणित गर्दै गएको मैले महसुस गरें। यसको आवश्यकता र सान्दर्भिकता झन् प्रखर रूपमा प्रकट भयो। आज केही मूलभूत विषय उठेका छन्, ती विषयमा गम्भीर छलफल गर्नेनै छौं। यो वैचारिक आन्दोलन हो। यो मुलुकलाई सबैभन्दा बढी यही आन्दोलनको खाँचो छ भन्ने हाम्रो निष्कर्ष हो। वैचारिक अस्पष्टता र आन्योलले गर्दा नै जनता आफ्ना



असन्तोषहरू प्रकट गर्न आइरहेका छैनन्। आमजनता परिवर्तनका पक्षमा छन्। तर परिवर्तनका लागि जुन शक्ति प्रदर्शन हुनुपर्ने हो त्यो भइरहेको छैन। त्यसको पछाडिको मूल कारण भोलिको नेपालको सुन्दरचित्र उनीहरूका दिमागमा हुन नसक्नु हो। अतः आम जनतालाई हामीले भोलिको नेपालप्रति आश्वस्त गराउन जरुरी छ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको दोस्रो शृंखला २०६२ माघ २ गते प्रस्तुत विचारहरू)

शृंखला ३

# लोकतान्त्रिक गणतन्त्र: स्वरूप र संरचना

अवधारणा : शंकर पोखरेल
टिप्पणी : प्रा. कृष्ण हाछेथु



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

कार्यक्रमको तेस्रो शृंखलामा प्रवेश गर्दैछौं आज हामी । आजको हाम्रो विषय समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा हामी छलफल गर्न गइरहेका छौं । आजको शृंखलामा हामीलाई अवधारणा पत्र एमालेका नेता शंकर पोखरेलले तयार गरिदिनुभएको छ । आजको परिस्थिति हामी सबैलाई थाहै छ । हामी पनि यो कार्यक्रम सञ्चालन गर्ने कि नगर्ने भन्ने द्विविधामा केहीदिन अल्मलियौं । मुलुकको परिस्थिति एकदमै असहज भएको छ । कार्यक्रमलाई जसरी भए पनि अघि बढाउने निर्णय गर्‍यौं । जसलाई हामीले अवधारणा प्रस्तुत गर्न अनुरोध गर्‍यौं, उहाँ आज सामान्य जीवनमा बाहिर घुमफिर गर्न सक्ने अवस्थामा हुनुहुन्न । राज्यले उहाँलाई गिरफ्तार गर्ने सम्भावनाका कारण उहाँ भूमिगत अवस्थामा हुनुहुन्छ । भूमिगत अवस्थामै उहाँले यो अवधारणापत्र तयार गरेर पठाइदिनु भएको छ । उहाँको यो अवधारणापत्र हामी सबैका लागि राम्रो अध्ययन सामग्री बनेको छ । आजको बहसमा अवधारणापत्र प्रस्तुति एवं टिप्पणी दुवै कृष्ण हाछेथु सरले गर्नुहुनेछ ।

फ्रिडम फोरमले लोकतान्त्रिक आन्दोलनलाई वैचारिक सहयोग पनि पुगोस् र मुलुकको साझा प्रतिबद्धत्ताको विषय बनिरहेको समावेशीकरणका विभिन्न पक्षमा बहस केन्द्रित गर्ने प्रतिबद्धत्ता लिएको छ । मुलुकको समावेशी लोकतन्त्र हामी सबैको अध्ययनको विषय बनिरहेको अहिलेको अवस्थामा समाजमा व्याप्त अन्योलतालाई हटाउँदै एउटा समृद्ध र समुन्नत राज्यको खाका तयार गर्न यो बहस सार्थक हुने हामीले अपेक्षा गरेका छौं ।

आजसम्मको बहस मूल विषयमा केन्द्रित रह्यो । अर्को पल्टदेखिको बहस समावेशी लोकतन्त्रका विभिन्न विषयमा विषयगत रूपमा अघि बढ्नेछ ।

## अवधारणा

### १. विषय प्रवेश

नेपालको राजनीतिमा असोज १८ पछि नै खुला रूपमा गणतन्त्र जिन्दावादका स्वरहरू सुनिन थालेका हुन्। माघ १९ पछि गणतन्त्रका पक्षको त्यो स्वर लोकतान्त्रिक गणतन्त्रका रूपमा राजनीतिक प्रतिबद्धताको तहमा विकास हुन थालेको छ। राजनीतिमा गणतन्त्रको अवधारणा नेपालको प्रजातान्त्रिक आन्दोलनको अभ्युदयकालदेखिनै अघि आएको हो। तर त्यो अवधारणा लामो समयसम्म नेपालका वामपन्थी राजनीतिक दलहरूको रणनीतिक कार्यक्रमका रूपमा सीमित रहन पुगेको थियो। हुन त कतिपय समयमा बुर्जुवा राजनीतिक दलहरूभित्र पनि गणतन्त्रका सवालमा बहसहरू नचलेको होइन। नेपाली कांग्रेसकै नेतृत्वमा पञ्चायतकालमा राजा महेन्द्रलाई लक्षित गरेर बम हान्नेसम्मको काम भएकै हो। २०४२ सालको बमकाण्डका नायकका रूपमा चर्चामा रहेका रामराजाप्रसाद सिंहले आफ्नो कामलाई राजतन्त्रका विरुद्ध गणतन्त्रप्राप्तिको अभियानका रूपमा चर्चा गरेका थिए। ०५२ साल फागुन १ गतेदेखि जनयुद्धका नाममा सशस्त्र संघर्षमा उत्रिएको माओवादीले त सशस्त्र संघर्षको माध्यमबाट नै जनगणतन्त्रको स्थापना गर्ने उद्देश्य अघि सारेको थियो। तर त्यस प्रकारका प्रयासहरूले अहिले जस्तो आमजनताको ध्यान तान्न सकेको थिएन।

जेठ १९ को राजदरबार हत्याकाण्डका कारणले राजसंस्थाले नेपाली जनतामा रहेको परम्परागत आस्था र विश्वास गुमाउन पुग्यो। त्यही पृष्ठभूमिमा राजाबाट चालिएको असोज १८, २०५९ को प्रतिगामी कदमपछि त गणतन्त्रको विषयले विशेष महत्व पाउन थाल्यो। असोज १८ पछिनै् राजतन्त्रका विरुद्धमा बढ्दै गएको जनघृणालाई मध्यनजर गरेर युवा-विद्यार्थीहरूले राजतन्त्रको सान्दर्भिकतासम्बन्धी राजनीतिक बहस चलाउने प्रयास गरेका थिए। बहसमार्फत उनीहरूले नेपालमा राजतन्त्रको सान्दर्भिकता नरहेको सन्देश दिने कोसिस गरे। बहसलाई अघि बढाउने सिलसिलामा नै उनीहरूले स्कुल र कलेजहरूमा राजतन्त्र कि गणतन्त्र भन्ने विषयमा मिनिजनमत संग्रहको आयोजना गरे। जुन सार्वजनिक सञ्चारका माध्यमहरूमा समेत चर्चाको विषय बन्न पुग्यो। उक्त मिनिजनमत संग्रहमा विद्यार्थी समुदायको आम-अभिमत गणतन्त्रका पक्षमा देखिएको थियो। विद्यार्थी समुदायमा देखिएको गणतन्त्रप्रतिको बढ्दो झुकावले नै विद्यार्थी संगठन र त्यसको नेतृत्वलाई औपचारिक रूपले नै गणतन्त्रका पक्षमा दृढ बनाउँदै लग्यो। यस प्रकारको घटनाक्रमले प्रतिगमनका विरुद्धमा संघर्ष गरिरहेका राजनीतिक दलहरू र नागरिक आन्दोलनका अगुवाहरूलाई समेत क्रमशः प्रभावित गरिरहेको बेलामा राजाबाट शाही नेपाली सेनाको आडमा माघ १९ को सत्तापलट घटना भयो। जसको परिणाम स्वरूप रणनीतिक विषयका रूपमा सीमित हुन पुगेको वा युवा-विद्यार्थीहरूको सरोकारको तहमा मात्र रहन पुगेको लोकतान्त्रिक गणतन्त्रको अवधारणाले राजनीतिक महत्व पाउन सक्यो र आज त्यो नेपालको लोकतान्त्रिक आन्दोलनको साझा लक्ष्यका रूपमा विकास हुने सम्भावना विकास हुँदै गएको छ।



### २. लोकतान्त्रिक गणतन्त्रको राजनीतिक अर्थ

शाब्दिक हिसाबले लोकतान्त्रिक गणतन्त्र भनेको राजाबिनाको प्रजातन्त्र नै हो। राजाबिनाको प्रजातन्त्रका दुई वटा स्वरूप छन्: पहिलो पुँजीवादउन्मुख र दोस्रो समाजवादउन्मुख। यसको प्राप्तिका पनि दुई भिन्नाभिन्नै तरिकाहरू छन्। पहिलो पुरानोखाले पुँजीवादी क्रान्तिको र दोस्रो नयाँ खाले पुँजीवादी क्रान्तिको। साम्राज्यवादको विकासपछि पुरानोखाले पुँजीवादी क्रान्तिको क्रान्तिकारी सामर्थ्य कमजोर भयो र त्यसले साम्राज्यवाद परस्त उदार पुँजीवादी स्वरूप ग्रहण गर्न पुग्यो। पुरानो पुँजीवादी क्रान्तिको क्रान्तिकारी विकल्पको रूपमा विकास भएको नयाँ खाले पुँजीवादी जनवादी क्रान्ति पनि सोभियत समाजवादको पतनपछि प्रतिरक्षात्मक अवस्थामा पुग्यो। त्यसकै सेरोफेरोमा नै विश्वव्यापी रूपमा उदार प्रजातन्त्रको लहर देखा पऱ्यो। हाम्रो मुलुकमा २०४६ सालमा सम्पन्न ऐतिहासिक जनआन्दोलन पनि त्यही उदार प्रजातन्त्रको विश्वव्यापी लहरबाट प्रभावित बन्न पुगेको थियो। विश्वव्यापी रूपमानै उदार प्रजातन्त्र माथिको संकट गहिरिँदै गएको र समाजवादउन्मुख जनवादी गणतन्त्रको कार्यक्रममा आधारित नयाँ खाले पुँजीवादी क्रान्ति पनि प्रतिरक्षाको अवस्थाबाट माथि उठ्न नसकिरहेको वर्तमान परिस्थितिमा निरंकुश राजतन्त्रका विरुद्धको लोकतान्त्रिक गणतन्त्रको मान्यता ती दुईभन्दा भिन्न आफ्नै विशेषता र चरित्रको हुने निश्चित छ। तर पनि यसको मूल चरित्र पुँजीवादी नै हुनेछ।

### ३. राजनीतिक द्वन्द्वको अवस्था

दल-माओवादी सहमतिपछि कतिपयले नेपालको राजनीति दुई ध्रुवमा विकास भएको कुरा गरे पनि त्यो अहिले पनि मुलभूत रूपमा त्रिपक्षीय द्वन्द्वको अवस्थामा नै छ। नेपालको राजनीतिक द्वन्द्वका तीन पक्ष राजा, राजनीतिक दल र माओवादीहरू तथा तीन आधारभूत कारणमा निरंकुश सामन्ती राजतन्त्र, माओवादी सशस्त्र विद्रोह र नेपाली समाजमा विद्यमान सामाजिक-आर्थिक विभेदहरू रहेका छन्। नेपालको राजनीतिक द्वन्द्वका तीन पक्ष र तीनवटा आधारभूत कारणहरूको सम्बोधन र समाधानबिना नेपालको लोकतान्त्रिक आन्दोलन सफल हुन सक्तैन र त्यसले लोकतान्त्रिक गणतन्त्रको तहमा विकास पनि गर्न सक्तैन। नेपालको राजनीतिक द्वन्द्वको समाधानका सन्दर्भमा कतिपय राजनीतिज्ञ र द्वन्द्व विशेषज्ञहरूले सबैले जित्ने अवस्थाको खोजी गर्नुपर्ने धारणा अघि सार्ने गर्छन्। मेरो विचारमा सबैले जित्ने अवस्था नेपालको वर्तमान द्वन्द्वको अवस्थामा सम्भव देखिँदैन। त्रिपक्षीय द्वन्द्वको वर्तमान अवस्थामा परम्परागत सामन्ती राजतन्त्रलाई सुरक्षित ठाउँ दिएर समस्याको समाधान खोज्न सकिँदैन। यदि यस प्रकारको अवधारणाको सान्दर्भिकता रहँदो हो त नेपालको प्रजातान्त्रिक आन्दोलनले २०१७ साल पुस १ र २०५९ साल असोज १८ को जस्तो दुर्घटना बेहोर्नु पर्ने थिएन। संघर्ष र संवादको माध्यमबाट नेपाल जस्तो अर्धसामन्ती र अर्ध औपनिवेसिक अवस्थामा रहेको मुलुकमा सामन्ती राजतन्त्रलाई रूपान्तरण गर्न सम्भव हुने भए नेपालको प्रजातान्त्रिक आन्दोलनले एक्काइसौं शताब्दीको आरम्भमा नै माघ १९ को जस्तो पीडा बेहोर्नुपर्ने थिएन। नेपालको

राजनीतिक द्वन्द्वको विशिष्ट स्थितिमा जनआन्दोलनको माध्यमबाट निरंकुश राजतन्त्रको अन्त्य अपरिहार्य छ । त्यसका लागि जमिनका शक्तिहरूको बीचमा राजनीतिक सहमति र तदनुरूपको रूपान्तरण जरुरी हुन्छ । दल र माओवादीका बीचमा भएको बाह्रबुँदे सहमतिले जमिनका शक्तिहरूको एकैसाथ रूपान्तरण र सहमतिको सम्भावनालाई अघि बढाएको छ । तर त्यो सामन्ती निरंकुश राजतन्त्रले उत्पन्न गरेको चुनौतीका परिप्रेक्ष्यमा अझै परिपक्व बनिसकेको छैन । यसका लागि माओवादीहरूमा अझै पनि लोकतान्त्रिक जनआन्दोलनप्रतिको भरोसामा वृद्धि हुनु जरुरी छ भने मूलधारका राजनीतिक दलहरूले लोकतान्त्रिक आन्दोलनका सामर्थ्य र आवश्यकतालाई बुझ्न र त्यसका लागि आवश्यक बलिदानी भावना र संकल्पको विकास गर्न सक्नुपर्छ ।

द्वन्द्वका तीन पक्षहरूका बीचको सहमति वा संघर्षका माध्यमबाट सन्तुलनमा ल्याउने वित्तिकै नेपालको राजनीतिक द्वन्द्व संकटमुक्त भइहाल्दैन । नेपालका राजनीतिक दलहरूले भने झैं नखोसिने प्रजातन्त्रको स्थापना गरी मुलुकमा दिगो शान्ति स्थापना गर्ने र अग्रगमनको बाटोमा अघि बढ्ने हो भने नेपाली समाजमा विद्यमान सामाजिक आर्थिक-विभेदलाई हल गर्न सक्नुपर्छ । प्रतिगमन र सशस्त्र विद्रोहका आधारहरूलाई सम्बोधन र समाधान गर्न सक्नुपर्छ । यसका लागि जनआन्दोलनको बाटोमा अघि बढिरहेका राजनीतिक दलहरू र नागरिक समाजले नेपाली समाजको हृदयको स्पन्दन बुझ्न र तदनुरुप अघि बढ्न सक्नुपर्छ ।

**४. जनआन्दोलनको उद्देश्य**

माघ १९ पछि मूलधारका राजनीतिक दलहरू र प्रजातन्त्रवादी बौद्धिक समुदाय र नागरिक समाजमा 'नखोसिने प्रजातन्त्र', 'प्रजातन्त्रका लागि अन्तिम लडाइँ', 'लोकतन्त्र', 'पूर्ण प्रजातन्त्र' र 'लोकतान्त्रिक गणतन्त्र' जस्ता शब्दावलीहरूको प्रयोग सुरु भएको छ । उक्त शव्दावलीको प्रयोगका सन्दर्भमा पनि विभिन्न कोणबाट चर्चा र परिचर्चासमेत सुरु भएको छ । यस प्रसंगमा प्रजातन्त्र खोसिने र नखोसिने हुन्छ कि हुँदैन र कस्तो अवस्था र कस्तो स्वरूपको प्रजातन्त्रलाई नखोसिने प्रजातन्त्र मान्ने भन्ने कोणबाट पनि बहस सुरु भएको छ । त्यसरी नै यो चरणको आन्दोलन नै प्रजातन्त्रको अन्तिम लडाइँ कसरी हुन सक्छ ? किन विगतका प्रजातन्त्रहरू सुदृढ बन्न नपाउँदै खोसिए र अबको प्रजातन्त्र के कति कारणले त्यसको अपवाद बन्ला ? यसप्रकारका प्रश्नहरू पनि उठ्ने गरेका छन् । अनि प्रजातन्त्रका ठाउँमा लोकतन्त्र शब्दको प्रयोगले प्रजातान्त्रिक जनआन्दोलनको विकासमा के कस्तो प्रभाव पार्छ ? अंग्रेजी शब्द 'डेमोक्रेसी' को नेपाली भाव बोकेका समानअर्थी शब्दको रूपमा प्रयोग हुँदै आएका प्रजातन्त्र र लोकतन्त्र शब्दहरू दुई भिन्न सार बोकेको शब्दको रूपमा प्रयोगमा आउनुको कारण के हो ? व्यवहारमा प्रजातन्त्र कहिल्यै पूर्ण हुँदैन भन्ने मान्यताका विपरीत राजनीतिक दलहरूले पूर्ण प्रजातन्त्रको नारालाई निरंकुश राजतन्त्रका विरुद्धको आन्दोलनको साझा नारा बनाउनुको उद्देश्य के हो ? आजको सन्दर्भमा दलहरूले भन्ने गरेको पूर्ण प्रजातन्त्रलाई आम मानिसहरूले कुन रूपमा बुझ्ने ? आदि अनेक प्रश्नहरू वर्तमान संयुक्त जनआन्दोलनसँग गाँसिएर उठ्ने



गरेका छन् । यस प्रकारका प्रश्नहरूको स्पष्ट जवाफबिना मानिसहरूमा चालू लोकतान्त्रिक आन्दोलनप्रतिको विश्वास र समर्पण पैदा गर्न सकिने छैन ।

राजनीतिक मूल्य र मान्यतालाई शब्दमा सीमित गर्नु राम्रो कुरा होइन । तर पनि बुझाइ र अभ्यासका क्रममा कतिपय शब्दहरूले पुरानो अर्थ गुमाउने वा नयाँ अर्थ बोक्ने गर्दछन् । माघ १९ पछि प्रजातन्त्र शब्दले खास अवस्थालाई व्यक्त गर्न पुगेको अनुभूति हुन थालेकाले त्यसलाई नयाँ शब्द वा विशेषणका साथ प्रयोग गर्ने प्रचलन सुरु भएको हो । आन्दोलनको विकासका क्रममा त्यसले नयाँ विशेषता र सारतत्व ग्रहण गर्न थालेपछिको अवस्थामा त्यसो हुनु स्वाभाविक पनि हो । अहिले प्रचलनमा रहेको पूर्ण प्रजातन्त्र, लोकतन्त्र वा लोकतान्त्रिक गणतन्त्रले त्यही नयाँ स्वरूप र सारको आवश्यकतालाई बेष्टित गर्ने प्रयास गरेका छन् । यसलाई राजनीतिक रूपमा विश्लेषण गर्दा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ । पहिलो, अबको आन्दोलनले राजा र दलहरूका बीचमा राजकीय सत्ता र सार्वभौम सत्ताका प्रयोगका सन्दर्भको लडाइँलाई टुंगो लगाउने उद्देश्य बोकेको हुनुपर्छ । नेपालको ६ दशक लामो प्रजातान्त्रिक आन्दोलनको आरोह र अवरोहले राजा र प्रजातन्त्रसँगै जान सक्तैन भन्ने देखाएको छ । दुनियाँमा सफल ठानिएका संवैधानिक राजतन्त्रहरू पुँजीवादी व्यवस्था अन्तर्गत भएका कारणले नेपाल जस्तो मुलुकमा संवैधानिक राजतन्त्रको अभ्यास सम्भव छैन भन्ने कुरा स्पष्ट छ र हाम्रो आफ्नै अनुभवले पनि त्यो कुरालाई पुष्टि गरिसकेको छ । दोस्रो, नेपालमा बहुदलीय संसदीय व्यवस्थाको स्थापना भएको आधा दशक पनि नपुग्दै सशस्त्र विद्रोह सुरु भयो र विद्यमान प्रजातान्त्रिक व्यवस्थाका सिमा र सामर्थ्यभित्र त्यसको शान्तिपूर्ण समाधान सम्भव भएन । भावी लोकतन्त्रले यस प्रकारको दुर्घटना बेहोर्नु नपरोस् भन्नका लागि सशस्त्र विद्रोहका आधारहरूको सम्बोधन र समाधान गर्ने उद्देश्य पनि चालू जनआन्दोलनले बोक्नुपर्छ । यसका लागि संवैधानिक प्रक्रियाका माध्यमबाट जनचाहनालाई शान्तिपूर्ण ढंगले प्रकट गर्ने र सम्बोधन गर्ने आधार तयार गरिएको हुनुपर्छ । तेस्रो, नेपालमा स्थापित बहुदलीय संसदीय प्रजातन्त्रले नेपाली समाजमा पछाडि परेको जाति, समुदाय र क्षेत्रलाई आफूपछि परेको अनुभूति त एकहदसम्म गराउन सक्यो तर उनीहरूलाई प्रजातान्त्रिक प्रक्रियाको प्रवाहमा सहभागी बनाउन सकेन ।

प्रजातन्त्रमा दलित, महिला र जनजाति तथा आदिवासीहरूको सहभागिता निश्चयनै निराशाजनक रह्यो । यस प्रकारको अवस्थालाई सम्बोधन गर्नु र आमरूपमा पछाडि परेको समुदायलाई लोकतान्त्रिक आन्दोलनमा आबद्ध गर्ने कुरालाई भावी लोकतन्त्रको विशेषताका रूपमा हेरिनुपर्छ ।

यस हिसाबले हेर्ने हो भने चालू जनआन्दोलनमा सबैको सरोकार प्रकट हुने, द्वन्द्वका तीन पक्ष र तीन आधारभूत कारणहरूको हल गरिएको तथा समाजमा विद्यमान सबै प्रकारका यथास्थितिहरू समग्ररूपमा बदल्न सकिने सामर्थ्यसहितको जनआन्दोलनको विकास आजको आवश्यकता हो । यसका लागि जनआन्दोलनलाई एउटै मुख्य माग र नारामा अघि बढाउन सक्नुपर्छ । यस हिसाबले संविधानसभाका माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको स्थापना चालू जनआन्दोलनको साझा माग र लक्ष्य बनाउनुपर्छ ।

**५. प्रहारको निशाना**

माघ १९ पछि सात राजनीतिक दलहरूले राजतन्त्रका विरुद्ध प्रहारलाई केन्द्रित गर्ने कुरा अघि सार्दै आएका छन्। दल-माओवादी सहमतिले पनि त्यही सोचलाई अझ बढी स्पष्ट गरेको छ। तर सात राजनीतिक दलहरूले अघि सारेको प्रतिनिधिसभाको पुनःस्थापनाका माध्यमबाट अघि बढ्ने भन्ने कुराले कतै पुनःस्थापित प्रतिनिधिसभाको पनि देउवा सरकारको जस्तै अवसान त हुने होइन भन्ने आशंका आम मानिसहरूको मनमा रहेको छ। प्रतिनिधिसभाको पुनःस्थापनाले संवैधानिक क्रियाशीलताको अवस्था उत्पन्न हुने र त्यसले दलहरूलाई पुनः राजनीतिक संकटको समग्र सम्बोधनका लागि समस्या पैदा गर्ने अवस्था उत्पन्न हुन सक्छ। प्रतिनिधिसभाको पुनःस्थापनासँगैका राजनीतिक जटिलता र संवैधानिक सीमाका कारणले दलहरूका बीचमा बैमन्यस्य पैदा भएर थप र आवश्यक प्रक्रिया नै अवरुद्ध हुने अवस्था उत्पन्न भएमा त्यसको लाभ निरंकुशतावादीहरूले नै पाउने अवस्था हुन्छ। यस प्रकारको स्थिति उत्पन्न हुन नदिनका लागि दलहरूले आफ्ना एजेण्डाहरूमा सामयिक परिमार्जन गर्न सक्नुपर्छ। यस हिसाबले प्रक्रिया र लक्ष्य दुवैले प्रहारको निशानालाई स्पष्ट र केन्द्रित बनाउन सक्नुपर्छ।

दल र माओवादीका बीचमा निरंकुश राजतन्त्रको अन्त्य र संविधानसभाका माध्यमबाट राजनीतिक संकटको शान्तिपूर्ण समाधान खोज्ने कुरामा सहमति भएको भए पनि संविधानसभामा पुग्ने प्रक्रियामा अझै पनि सहमति हुन सकेको छैन। जनआन्दोलनको स्वरूप र उद्देश्यमा सहमति भएर पनि दल र माओवादीका बीचमा कारबाहीमा एकरूपता वा सहकार्यको विकास हुन सकेको छैन। यस प्रकारको स्थितिले दल र माओवादीबीच कायम भएको सहमति कमजोर हुने अवस्था आउन सक्छ। जसप्रति दुवै पक्ष गम्भीर हुनु जरुरी हुन्छ। निरंकुश राजतन्त्रका विरुद्ध प्रभावकारी जनआन्दोलनको विकास गर्ने हो भने दल र माओवादीहरू दुवैले आफूलाई जनआन्दोलनको विकासमा केन्द्रित गर्नुपर्छ। राज्यले माओवादीलाई आतंककारी घोषित गरेको अवस्थामा उसलाई जनआन्दोलनमा प्रत्यक्ष सहभागी हुने आधार तयार गर्ने कुरामा दलहरूले पनि सहयोग गर्नु पर्छ। जनआन्दोलनमा माओवादीका लागि अनुकूलता प्रदान गरेर नै उनीहरूलाई वास्तविक रूपमा रूपान्तरणसमेत गर्न सकिनेछ।

निरंकुश राजतन्त्रका अन्त्यको कुरा अघि सारिरहेका राजनीतिक दलहरूले आन्दोलनपछि स्थापना हुने लोकतन्त्रमा राजाको स्थान कस्तो हुने भन्ने विषयमा आफ्नो दृष्टिकोण अघि सार्न अझै सकिरहेका छैनन्। आन्दोलनकारी दलहरूमध्येको एक नेकपा (एमाले) ले जनआन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लैजाने औपचारिक निर्णय गरे पनि धेरैले त्यस विषयमा ठोस निर्णय गर्न सकेका छैनन्। नेका र नेका प्रजातान्त्रिकले आफ्नो विधानबाट संवैधानिक राजतन्त्र हटाएको भए पनि लोकतन्त्रको स्वरूप के हुने भन्ने कुरा अझै स्पष्ट पारेका छैनन्। संविधानसभाले सबैको स्थान र भविष्य निरूपण गर्नेछ भने पनि दलहरूको आफ्नो मान्यता र प्रतिबद्धता आउनु जरुरी छ। त्यसबाट नै निरंकुश राजतन्त्रका विरुद्धको जनआन्दोलनले स्पष्ट दिशा प्राप्त गर्न सक्छ।



लोकतान्त्रिक गणतन्त्रको कुरा गर्दा कतिपय मानिसहरूमा अझै पनि राजाबिनाको नेपालको अस्तित्व नै नरहने हो कि भन्ने भ्रम पनि पाइन्छ। वास्तवमा नेपालको राजसंस्था नेपालको राष्ट्रिय स्वाधिनता र अखण्डताको वास्तविक हकदार नै होइन। आधुनिक नेपालको निर्माणमा पृथ्वीनारायण शाहले खेलेको भूमिकालाई अलग गर्ने हो भने नेपालको शाहवंशीय राजसंस्थाले नेपाल राष्ट्र र नेपाली समाजको हितका पक्षमा कुनै उल्लेख्य काम गर्न सकेको छैन। बरु उल्टै शाहवंशीय सामन्ती राजतन्त्र नै नेपाल राष्ट्र र नेपाली जनताको हित र प्रगतिको मुख्य बाधक रहँदै आएको छ। २३७ वर्षको शाहवंशीय राजतन्त्रको इतिहासका आर्थिक-सामाजिक पक्षको विश्लेषण गर्ने हो भने यो नै नेपाल राष्ट्र र नेपाली समाजको पछौटेपनको मुख्य जिम्मेवार हो। यसरी नै छ दशक लामो नेपालको प्रजातान्त्रिक आन्दोलनको आरोह र अवरोहको विश्लेषण गर्ने हो भने यो नै नेपालको प्रजातान्त्रिक आन्दोलनको मुख्य शत्रु पनि हो। दस वर्ष लामो माओवादी सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधान र नेपाली समाजमा विद्यमान सामाजिक-आर्थिक विभेदको अन्त्यको बाटोमा पनि यही नै मुख्य अवरोध बनेर तेर्सिएको छ। जनआन्दोलनले चुनौती उत्पन्न गरेका बेलामा सम्झौतामा आउने र अनुकूल अवस्था उत्पन्न हुनासाथ सम्झौतालाई बिर्सने राजतन्त्रको व्यवहारले कुनै प्रकारको सहअस्तित्व र सहकार्यका लागि अनुमति दिँदैन। यस प्रकारको अवस्थालाई ध्यानमा राखेर मुलुकलाई सही मानेमा अघि बढाउने हो भने निरंकुश राजतन्त्रका विरुद्धको जनआन्दोलनलाई राजाबिनाको लोकतन्त्रको तहमा विकास गर्न सक्नुपर्छ। त्यसले नै नयाँ नेपालको निर्माणका लागि आधारभूमि प्रदान गर्नेछ।

**६. संयुक्त मोर्चा**

जनआन्दोलनको विकासका लागि आन्दोलनको नेतृत्वकारी शक्ति बलियो र सुदृढ हुनु आवश्यक हुन्छ। माघ १९ पछि सत्तापलटका माध्यमबाट राजाले जुन प्रकारको चुनौती नेपालको लोकतान्त्रिक आन्दोलनका सामु खडा गरेका छन् त्यसका लागि कुनै पनि पक्षको एकल प्रयासले मात्र त्यसलाई सामना गर्न सम्भव हुँदैन। असोज १८ पछि प्रजातान्त्रिक शक्तिहरूबीचको सहकार्यमा नेपाली कांग्रेस र नेपाली कांग्रेस प्रजातान्त्रिक बीचका कटुताले समस्या पैदा गरेको थियो। प्रजातान्त्रिक शक्तिहरू विभाजित भएका कारणले नै राजाले आन्दोलनकै बीचमा पनि खेल्ने मौका पाए र देउवाको नेतृत्वमा सरकार गठन गरी आन्दोलनलाई समेत कमजोर बनाउन सफल भए। त्यसबाट पाठ सिकेका राजनीतिक दलहरूले माघ १९ पछि भने प्रजातान्त्रिक शक्तिहरूलाई एक ठाउँमा ल्याउन सफल भएका छन्। त्यतिमात्र होइन, उनीहरूले माओवादीका बीचमा समेत एकहदसम्मको राजनीतिक सहमति विकास गर्न सफल भएका छन्। यसका बाबजुद पनि आन्दोलनकारी दलहरूका बीचको एकता आवश्यकता अनुरूप दर्बिलो हुन सकेको छैन।

नेका र नेका (प्रजातान्त्रिक) बीचको कटुता पनि बेला-बेलामा प्रकट हुने गरेको छ। प्रतिनिधिसभाको पुनःस्थापना भइहालेको अवस्थामा उनीहरूका बीचको बैमनस्य अझ बढ्ने सहज अनुमान गर्न सकिन्छ। दल-माओवादी सहमति र

भारतीय नेताहरूको नेपाल भ्रमणका सन्दर्भमा साना वामपन्थी दलहरूमा देखिएको सामन्ती राष्ट्रवादप्रतिको मोह पनि समस्याको विषय बनेर प्रकट हुन खोज्यो। दल र माओवादीका बीचमा रहेका भिन्न-भिन्न कार्यदिशा र एजेण्डामा रहेको असहमतिले पनि भविष्यमा समस्या पैदा नगर्ला भन्न सकिंदैन। यस प्रकारको स्थिति वर्तमान जनआन्दोलनको विकासका सन्दर्भमा ध्यान दिनैपर्ने विषय हो। त्यसमाथि नागरिक आन्दोलन र राजनीतिक दलहरूको आन्दोलनका बीचमा पनि समयमा नै उपयुक्त ढंगले संयोजन नगर्ने हो भने मनोवैज्ञानिक समस्या प्रकट हुन सक्छ । यी सबै पक्षलाई ध्यानमा राखेर राजनीतिक दलहरूले संयुक्त मोर्चामा सामेल पक्षहरू र त्यसका सहयोगीहरूको बीचको राजनीतिक, सांगठनिक र व्यावहारिक एकतालाई बलियो बनाउने कोसिस गर्नुपर्छ। माओवादी पक्षसँगको सम्बन्धलाई जनभावना र जनआन्दोलनको आवश्यकताको कसीमा सन्तुलित ढंगले अघि बढाउन सक्नुपर्छ। एउटै लक्ष्य, एउटै मोर्चा र परस्परको विश्वास संयुक्त जनआन्दोलनको विकासका लागि आवश्यक पक्ष हुन्। यसले नै संयुक्त मोर्चालाई आन्दोलनको भरपर्दो नेता र सुरक्षित किल्ला बनाउन सम्भव हुनेछ।

### ७. एउटै नारा संविधानसभा

दल-माओवादी सहमतिपश्चात् संविधानसभा राजनीतिक संकटको निकासका लागि एक मात्र बाटो बन्न पुगेको छ। तर पनि संविधानसभाको प्राप्तिको बाटो, पुग्ने प्रक्रिया, त्यसको संरचना र सीमाका बारेमा भने अझै पनि मतैक्य हुन सकेको देखिँदैन। संविधानसभाको माध्यमबाट राजनीतिक संकटको निकास खोज्नेबारेमा दल र माओवादीका बीचमा सहमति भए पनि द्वन्द्वको एउटा पक्ष राजसंस्था अझै पनि त्यसका लागि तयार छैन। हिजो पनि संविधानसभाका माध्यमबाट समस्याको समाधान खोज्ने कुरामा राजसंस्था नै मुख्य बाधक थियो। अहिले पनि उ कुनै पनि हालतमा संविधानसभामा जान चाहँदैन। संविधानसभा राजसंस्थाको भविष्यका लागि चुनौती हो भन्ने उसको बुझाइ रहेको छ। अहिलेसम्म दलहरूले संविधानसभाको निर्वाचनमा तीनै पक्ष राजा, माओवादी र दलहरू जान सक्छन् भन्ने मान्यता राख्दै आएका छन्। दल-माओवादी सहमतिले पनि त्यस मान्यतालाई स्वीकार गरेको छ। तर संविधानसभामा पुग्ने प्रक्रियाका सन्दर्भमा भने दल र माओवादीका बीचमा गम्भीर मतभेद रहेको छ। दलहरू प्रतिनिधिसभाको पुनःस्थापनाका माध्यमबाट अघि बढ्न चाहन्छन् भने माओवादीहरू गोलमेच सम्मेलनको बाटोबाट अघि बढ्न चाहन्छन्। यी दुवै मान्यताका बीचबाट साझा सहमति खोज्न सक्नुपर्छ। संवैधानिक प्रक्रियाबाट अघि बढ्ने दलहरूको प्रयासको सान्दर्भिकता अब क्रमशः सकिँदै गएको छ। राजाबाट आमनिर्वाचनको मिति घोषणा भएको अवस्थामा यसको स्वतः अवसान हुनेछ। यस्तो अवस्थामा विकल्पको खोजी सात राजनीतिक दलहरूका लागि पनि जरुरी भइसकेको छ।

संविधानसभाको निर्वाचनप्रति सहमत पक्षहरूका बीचमा पनि एकै बुझाई बन्न सकिरहेको छैन। कतिपयमा संविधानसभाको संरचनाका सन्दर्भमा वर्तमान प्रतिनिधिसभाको निर्वाचन क्षेत्रलाई आधार बनाएर जाने भन्ने सोचाइ पनि रहेको



पाइन्छ। यस प्रकारको सोचाइले राज्यको पुनर्संरचनाको आवश्यकता र औचित्यलाई कमजोर बनाउने र यथास्थितिलाई नै कायम राख्ने अवस्था सिर्जना गर्न सक्दछ। त्यस बारेमा पूर्वसमझदारी तयार नगर्ने हो भने निर्वाचन क्षेत्र कस्तो बनाउने भन्ने कुरामै विमती उत्पन्न हुने र प्रक्रियासमेत लामो समयसम्म अवरुद्ध हुने खतरा उत्पन्न हुन सक्दछ। संविधानसभाको सीमाका सन्दर्भको कुरा गर्दा पहिले नै संविधानसभालाई नै निश्चित कुरामा बाँध्ने सोचहरू पनि देखिने गरेका छन्। यस प्रकारको सोचाइ गलत हो। जनआकांक्षाविपरीत हुने कुनै पनि काम राजनीतिक सहमतिका नाममा गरिनु र त्यसका आधारमा अघि बढ्नका लागि संविधानसभालाई बाध्य गरिनुहुँदैन। यस हिसाबले संविधानसभालाई जनताको पूर्ण सार्वभौमसत्ताको अभ्यासको थलो बनाइनुपर्छ र वर्तमान राजनीतिक संकटको समाधानको उपयुक्त माध्यमका रूपमा त्यसलाई स्वीकार गरिनुपर्छ। संविधानसभाको औचित्यलाई स्वीकार नगर्ने पक्षलाई जनआन्दोलनका माध्यमबाट र परिणामलाई स्वीकार नगर्ने पक्षलाई जन प्रतिरोधका माध्यमबाट ठेगान लगाउने नीति अख्यियार गरिनुपर्छ। यस प्रकारको नीतिले नै राजनीतिमा जनताको केन्द्रीय भूमिकालाई स्थापित गर्नेछ।

### ८. लोकतन्त्रको स्वरूप

भावी लोकतन्त्रको स्वरूप संविधानसभाले नै निरूपण गर्ने भए पनि त्यसका अवधारणाका बारेमा राजनीतिक पक्षहरूका बीचमा बहस आरम्भ गरिनुपर्छ। भावी लोकतन्त्रको स्वरूपका बारेमा राजनीतिक दलहरू र सरोकारवाला पक्षहरूले आफ्ना मान्यताहरू सार्वजनिक गर्नुपर्छ। त्यसले नै भावी लोकतन्त्रको स्वरूपलाई समृद्ध पार्नका लागि सहयोग पुऱ्याउनेछ। चालू जनआन्दोलनको विकाससँग लोकतन्त्रको भावी स्वरूप भर पर्ने भए पनि लोकतन्त्रप्रतिको स्पष्ट दृष्टिकोणले जनआन्दोलनको विकासमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्दछ। भावी लोकतन्त्रको स्वरूपको कुरा गर्दा लोकतान्त्रिक जनआन्दोलनको प्रभावकारी विकासको पक्षलाई उपेक्षा गरिनु हुँदैन। जनआन्दोलनको विकासमा नै असर पर्ने गरी वा असर पार्ने गरी भावी लोकतन्त्रका यावत् पक्षहरूका बारेमा छलफल चलाउनु उपयुक्त हुँदैन। भिन्न-भिन्न सामाजिक सम्बन्ध र वैचारिक स्कुलहरूको आस्था र विश्वासमा नै असर पर्ने सवालहरूमा छलफल सञ्चालन गर्दा आवश्यक सजगता र संवेदनशीलता प्रकट हुनुपर्छ। यस विषयको छलफल र बहसहरूलाई सकेसम्म स्वस्थ र मर्यादित बनाउन ध्यान दिनुपर्छ। भावी लोकतन्त्रको स्वरूपका सन्दर्भमा छलफल चलाउँदा चालू आन्दोलनबाट हासिल गर्न सकिने सम्भावनाको वस्तुगत र आत्मगत पक्षलाई पनि ध्यानमा राखिनुपर्छ। यस हिसावले हेर्ने हो भने भावी लोकतन्त्रका निम्न विशेषताहरू रहनुपर्छ। पहिलो, यसले प्रतिगमनको दुश्चक्रलाई तोड्न सक्नुपर्छ। दोस्रो, यसले लोकतान्त्रिक शक्तिहरूबीचको सम्बन्धलाई सुदृढ गर्ने आधार तयार गर्नुपर्छ। तेस्रो यसले लोकतन्त्रमा आम जनताको आस्था र पहुँचलाई बढाउन सक्नुपर्छ। चौथो, यसले राज्यको मूलधारामा नजोडिएका वा पछि पारिएका समुदायलाई एकसाथ हिँड्न सक्ने बनाउनका लागि समावेशीकरणको नीतिलाई आत्मसात गर्नुपर्छ। पाँचौं भावी लोकतन्त्रले संवैधानिक प्रक्रिया भित्रबाटनै जनचाहना अभिव्यक्त हुने र सम्बोधन हुने

व्यवस्था गर्नुपर्छ । छैटौं, यसले यी सबै कामका लागि परम्परागत सामन्ती राज्यको आधार र संरचनालाई भत्काउने र पुनर्गठन गर्ने उद्देश्य बोकेको हुनुपर्छ । यस हिसावले भावी लोकतन्त्रमा निम्न एजेण्डाहरूको सम्बोधन भएको हुनुपर्छ ।

**८.१ राज्यको चरित्र**

नेपालमा राज्यसत्ताको स्वरूप र चरित्र कस्तो हुनुपर्छ भन्ने सवाल भावी लोकतन्त्रको सर्वाधिक महत्वको सवाल हो । राज्यको स्वरूपका सन्दर्भमा एकात्मकतावादी हुने कि बहुलवादी, केन्द्रीकृत हुने कि विकेन्द्रित हुने भन्ने प्रश्न नै यस सन्दर्भमा सर्वाधिक महत्वको प्रश्न हो । नेपालको राज्यसत्ताको वर्तमान स्वरूप एकात्मकतावादी र केन्द्रीकृत रहेको छ । नेपाली समाजको बहुलवादी चरित्रका हिसाबले यो अत्यन्त अनुपयुक्त छ । त्यसरी नै नेपालको लोकतान्त्रिक आन्दोलनको वर्तमान स्वरूपको परिपेक्ष्यमा समेत राज्यको वर्तमान चरित्रमा परिवर्तन ल्याउनु आवश्यक देखिन्छ । सामन्ती निरंकुशतावादको आधार एकात्मतावादी र केन्द्रीकृत शासन प्रणाली पनि एक हो ।

उपनिवेशवादी युगमा बहुलवादी समाज र राष्ट्रको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षाका लागि एकात्मकतावादी र केन्द्रीकृत राज्यको अवधारणा बलशाली भएर आएको थियो । तर अहिले विश्वव्यापी रूपमा नै सैन्य हस्तक्षेपसहितको उपनिवेशवादको युग समाप्त भएको छ । अबको वैदेशिक हस्तक्षेप बहुराष्ट्रिय निगम र अन्तर्राष्ट्रिय संघसंस्थाका माध्यमबाट हुने क्रममा छ । यस्तो अवस्थामा राज्यसत्तासम्बन्धी पुरानो मान्यतामा कायम रहनु उपयुक्त हुँदैन । त्यसमाथि नेपाल जस्तो चीन र भारतजस्ता दुई ठूला छिमेकी मुलुकसँगको सीमा जोडिएको मुलुकले स्थायी सैन्य शक्तिका आधारमा सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षा हुनसक्छ भन्ने ठान्नु भ्रम मात्र हो । नेपाल जस्तो मुलुकका लागि सैन्य शक्तिमा आधारित केन्द्रीकृत ढाँचाभन्दा जनतामा जुझारु राष्ट्रवादी भावनामा आधारित विकेन्द्रित र जन सशक्तीकरणको ढाँचा नै उपयुक्त हुन सक्दछ । पहिलो र दोस्रो विश्वयुद्धको समयमा स्विट्जरल्यान्डले तटस्थताको नीतिमा आधारित रहेर पनि आफ्नो सार्वभौमिकता र अखण्डताको रक्षा गरेको सन्दर्भलाई ध्यान दिनु उपयुक्त नै हुनेछ ।

यसरी नै राज्यको स्वरूप र चरित्रका सन्दर्भमा नेपाल राज्यलाई धर्म निरपेक्ष राज्य बनाउने कुरा पनि त्यतिकै महत्वको विषय हो । एकात्मकतावादी राज्यको ठाउँमा बहुलवादी र एकीकृत, केन्द्रीकृत राज्यका ठाउँमा विकेन्द्रित र क्षेत्रीय स्वःशासनमा आधारित राज्यको विकास गर्ने कुरा नै नेपालको सन्दर्भमा उपयुक्त देखिन्छ । यसअन्तर्गत नेपाललाई केन्द्र, क्षेत्र र स्थानीय निकाय गरी तीन तहमा विभक्त गरिनुपर्छ । वर्तमान राष्ट्रियसभाको स्वरूपलाई परिवर्तन गरी जातीय सभाका रूपमा विकास गरिनु उपयुक्त देखिन्छ । वर्तमान केन्द्रीकृत राज्यको स्वरूप अब विश्वव्यापीकरण र स्थानीयकरणका प्रक्रियातिर उन्मुख हुँदैछ र यसो हुनु स्वाभाविक मात्र होइन अनिवार्यसमेत देखिन्छ । विकेन्द्रीकरण र स्वःशासनका आधारमा राज्यको पुनर्संरचना गर्ने सन्दर्भमा जातीय सघनता, भौगोलिक अवस्थिति, सांस्कृतिक



सम्मिलनको अवस्था, भाषाको प्रयोग, प्रशासनिक सुगमता, आर्थिक-सामाजिक अन्तर निर्भरता आदि पक्षलाई ध्यानमा राखेर गरिनु पर्छ । यस प्रकारको स्वरूपले नै राज्य सञ्चालनमा सबै समुदायको पहुँच बढेर जानेछ ।

**८.२ शासन प्रणाली**

नेपालमा प्रजातान्त्रिक आन्दोलनको विकाससँगै ब्रिटिस मोडेलको संसदीय शासन प्रणालीलाई नै प्रजातन्त्रको आधार ठान्ने मानसिकता विकास भयो । विगतमा योभन्दा भिन्न मोडेलका प्रजातान्त्रिक व्यवस्थाहरू विश्वका विभिन्न मुलुकहरूमा अभ्यासमा रहिरहेकातर्फ नेपालका प्रजातान्त्रिक शक्तिहरूको खासै ध्यान जान सकेन । यतिसम्म कि संवैधानिक राजतन्त्र भएका स्क्यान्डेभियन मुलुकमा अभ्यासमा रहेका शासन प्रणाली हाम्रो नेपाल जस्तो मुलुकका लागि उपयोगी हुन सक्छ कि सक्तैन ? भन्ने विषयमा समेत खासै ध्यान जान सकेन । त्यति मात्र होइन, सामन्तवादी आधार कायम रहेको अवस्थामा संसद्ले प्रधानमन्त्री चुन्ने कुरामा भन्दा जनताले सीधै प्रधानमन्त्री चुन्ने परिपाटी ठीक हुन्छ कि भन्ने विषयमा पनि खासै छलफल चल्न सकेन ।

वर्तमान राज्यको पुनर्संरचनाको मागसँगै अहिले आएर यस प्रकारको ढाँचाका बारेमा पनि गम्भीर छलफल आरम्भ भएको छ । वर्तमान शासन प्रणालीको विकल्प नेपाल जस्तो मुलुकका लागि खोज्नु उपयुक्त नै देखिन्छ । तर कुन प्रकारको शासन प्रणालीलाई अवलम्बन गर्ने भन्ने सन्दर्भमा छलफल आवश्यक भएको छ । मेरो विचारमा ब्रिटिस मोडेलको संसदीय प्रणालीका ठाउँमा लोककल्याणकारी चरित्रको स्क्यान्डेभियन मोडेल हाम्रा लागि उपयुक्त हुन सक्छ । यस प्रकारको स्वरूपले नै वर्गीय भेदभावको शिकार बनेका, पछि परेको समुदायलाई समेत माथि उठाउन सक्छ । तर त्यस प्रक्रियामा अघि बढ्दा पनि नेपाल जस्तो अर्धसामन्ती र अर्ध औपनिबेसिक मुलुकमा संवैधानिक राजतन्त्रको कुनै पनि मोडल सम्भव छैन भन्ने सच्याइलाई भने बिर्सनु हुँदैन ।

**८.३ निर्वाचनको प्रणाली**

हामी कहाँ जस्तो प्रकारको निर्वाचन प्रणालीको प्रयोग हुँदै आयो, त्यसले निर्वाचनलाई अत्यधिक खर्चिलो बनाउँदै लगिरहेको थियो । विचार र कार्यक्रमलाई अघि सारेर जनताका बीचमा पुग्ने ठाउँमा व्यक्तिलाई अघि सार्ने अवस्था उपयुक्त होइन । यस प्रकारको स्थितिले राष्ट्रको कानुन बनाउने र राष्ट्रिय विकासका लागि नीतिगत मार्गदर्शन गर्नुपर्ने अंगले चुनाव क्षेत्रमुखी भएर काम गर्ने परिपाटीको विकास भएको छ । यस प्रकारको अवस्था विकेन्द्रीकरण र स्थानीय स्वशासनका लागि समेत बाधक बन्न पुगेको देखिन्छ । तसर्थ वर्तमान निर्वाचन प्रणालीलाई प्रत्यक्ष निर्वाचन र समानुपातिक निर्वाचन प्रणालीको संयोजित स्वरूपमा परिवर्तन गरिनु उपयुक्त देखिन्छ । यसले निर्वाचनका क्रममा हुने गरेको व्यक्तिवादी प्रवृत्तिलाई दुरूत्साहित गर्नुका साथै समाजका सबै समुदायको समान प्रतिनिधित्वको विकाससमेत गर्न सकिनेछ । यस प्रकारको ढाँचामा गएको अवस्थामा सम्बन्धित

तहको कार्यकारी प्रमुखको निर्वाचन भने प्रत्यक्ष निर्वाचनबाट गर्ने परिपाटीलाई अघि बढाउनु उपयुक्त हुनेछ ।

**८.४ राज्य सञ्चालनमा जनताको भूमिका**

प्रजातन्त्रका नाममा हामीकहाँ जनताले आवधिक रूपमा भोट हालेर प्रतिनिधि चुन्ने र त्यसपछि एउटा अवधिमा चुनिएको प्रतिनिधिले जे गर्दा पनि हुने परिपाटी रहेको छ । चुनावको बेला अघि सारिएका नीति र कायम गरिएको राजनीतिक गठबन्धनका विपरीत जाँदासमेत स्वाभाविक ठान्ने अवस्था छ । यो वास्तवमा जनताको अभिमतको उपहास नै हो । पार्टी सञ्चालनका सन्दर्भमा पनि करिब यस्तै अवस्था हावी रहने गरेको छ ।

विगतमा पार्टी नीति सिद्धान्तमा आधारित रहेर बनाउने, तर व्यवहारमा त्यसको पालना नगर्ने, चुनावी घोषणापत्रलाई सस्तो लोकप्रियताको आधार बनाउने र सरकार सञ्चालनमा त्यसको प्रयोग नगर्ने आम प्रवृत्ति देखियो । यस प्रकारको परिपाटीको विकास नहोस् भन्नका लागि भावी लोकतन्त्रमा जनताको भूमिका वृद्धि गर्ने परिपाटीको विकास गरिनुपर्छ । यसका लागि चुनावी प्रतिबद्धताको कार्यान्वयनमा जोड दिने र त्यसो नभएको अवस्थामा प्रत्याह्वान गर्ने व्यवस्था राखिनु पर्छ । राज्य सत्ताको सञ्चालनमा जनताको भूमिका वृद्धि गर्ने र जनताप्रति जवाफदेही बनाउने व्यवस्थाको खोजी पनि भावी लोकतन्त्रको विकासका लागि महत्वपूर्ण विषय बनाइनुपर्छ ।

**८.५ लोकतान्त्रिक राज्यको जनताप्रतिको जिम्मेवारी**

हिजोसम्म लोकतन्त्र भनेको चुनाव, संगठन र अभिव्यक्तिको अधिकार हो भन्ने धारणा व्याप्त थियो । त्यही मान्यताका कारणले हिजो राज्यको दायित्वका रूपमा राज्यका नियम र कानुनको अधिनस्थ जनतालाई नियन्त्रणमा राख्ने कुरालाई अघि सारियो । के प्रजातन्त्र भनेको त्यतिमात्र हो त ? के राज्यको दायित्व नियन्त्रण कायम गर्नु मात्र हो त ? मेरो विचारमा उपरोक्त दुवै धारणा एकांकी रहेका छन् । प्रजातन्त्रलाई जनताको, जनताका लागि र जनताद्वारा भन्ने युक्तिअन्तर्गत अघि बढाउने हो भने राज्यको दायित्वका रूपमा नियन्त्रणकारी व्यवस्था होइन निश्चित प्रकारका सामाजिक दायित्वहरू बहन गर्ने अंगका रूपमा राज्यको विकास गर्नुपर्छ ।

गाँस, बास र कपासको अभावमा प्रजातन्त्र जनताको जीवन बन्न सक्दो रहेनछ भन्ने कुरा हाम्रै आफ्नै अनुभवमा पनि देखिएको छ । तसर्थ राज्यलाई नियन्त्रणकारी अंगको रूपमा मात्र विकास नगरी शिक्षा, स्वास्थ र सामाजिक सुरक्षाको प्रत्याभूति भएको लोककल्याणकारी राज्यका रूपमा विकास गरिनुपर्छ । यस प्रकारको अभ्यास युरोपका धेरै प्रजातान्त्रिक मुलुकहरूमा भएको देखिन्छ । समानता र सामाजिक न्यायको पक्षपोषण गर्ने कम्युनिस्ट र समाजवादी पार्टीहरूका लागि त यस प्रकारको सोचाइ विकास गर्नु अत्यन्त जरुरी भइसकेको छ । नेपालमा वाम प्रजातान्त्रिक एकतामा आधारित लोकतान्त्रिक आन्दोलनले यस प्रकारको मान्यता विकास गर्नु स्वाभाविक मात्र होइन, आवश्यक पक्ष पनि हो ।



**८.६ भूमिमाथि जनताको अधिकार**

मानव सभ्यताको विकास हुनुभन्दा पहिलेदेखिनै भूमि प्रकृतिको बरदानका रूपमा प्रदत्त छ । तर समाज विकासको क्रममा विभिन्न कारणले केही मानिसहरू भूमिको मालिक बन्ने र केही मानिसहरू भूमिको अधिकारबाट पूर्णतः वञ्चित रहनु परिरहेको छ । त्यसमाथि पुस्तौंपुस्ता माटोसँग खेल्दै आएको भूमिपुत्र किसानहरू नै जमिनको स्वामित्वबाट वञ्चित हुनु परिरहेको छ । प्रत्येक नागरिकलाई आफ्नो मुलुकमा बस्ने, जीवन निर्वाहका लागि श्रम गर्ने र आफ्नो संस्कार र संस्कृतिअनुरूप प्रकृतिको उपभोग गर्ने अधिकार छ । राज्यले उसको त्यस अधिकारको रक्षा गर्नुपर्छ । यस प्रकारको नीतिको आधारमा भूमिको न्यायोचित वितरण गरिनुपर्छ ।

**८.७ मातृभाषाको प्रयोगको अवसर**

नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषाको मान्यता दिएको थियो । त्यतिबेला भाषालाई राष्ट्रभाषा र राष्ट्रिय भाषाका रूपमा गरिएको वर्गीकरणको आधार के हो स्पष्ट हुन सकेको थिएन । अनि राष्ट्रिय भाषाको सामाजिक र राष्ट्रिय हैसियत के हुने भन्ने कुरा १२ वर्षको प्रजातान्त्रिक अभ्यासका क्रममा समेत स्पष्ट हुन सकेन । बरु उल्टै स्थानीय तहमा समेत अन्य मातृ भाषाहरूलाई माध्यम भाषाका रूपमा प्रयोग गर्नेबाट सर्वोच्च अदालतले बन्देज गरेर मूलतः मुलुकमा एकभाषा नीतिलाई नै लाद्न खोजियो । यसप्रति मूलधारका राजनीतिक दलहरूले खासै हस्तक्षेप पनि गर्न सकेनन् ।

प्रत्येक जाति र समुदायका मानिसहरूलाई आफ्नो मातृभाषाको अकुण्ठित प्रयोग र विकासको अधिकार रहन्छ । राज्यले आफ्नो मुलुकका नागरिकहरूको भाषाको संरक्षण र विकासका लागि निश्चित दायित्वहरू बहन गर्नुपर्छ । राज्यले बहन गर्ने यस प्रकारको दायित्वहरूमा समान व्यवहारसमेत हुनुपर्छ । जहाँसम्म सम्पर्क भाषाका रूपमा कुन-कुन भाषाको प्रयोग गर्ने भन्ने कुरा छ, त्यो कुरा सम्बन्धित तहका जनताको आवश्यकतामा भर पर्ने कुरा हो । नेपालको सन्दर्भमा सम्पर्क भाषाका रूपमा सामन्यतयाः तीन भाषा नीतिलाई अघि बढाउनु उपयुक्त हुने देखिन्छ । तर कहाँ कुन भाषालाई माध्यम भाषाका रूपमा अघि बढाउने भन्ने कुरा सम्बन्धित ठाउँका जनताको प्रजातान्त्रिक छनौटबाट नै निश्चित गरिनुपर्छ । जनतालाई राज्यले तोकेको भाषामा प्रस्तुत हुन वाध्य गर्ने होइन, जनताले बुझ्ने भाषामा राज्यको सेवा र सुविधा उपलब्ध हुनु यस सन्दर्भमा सर्वाधिक महत्वको विषय हो ।

**८.८ संस्कृतिको संरक्षण**

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएको हुँदा विभिन्न जातिका मौलिक संस्कृतिको संरक्षण र विकासका लागि राज्यले समेत निश्चित प्रकारका दायित्वहरू बहन गर्नुपर्छ । कुनै पनि जाति र सम्प्रदायको धर्म, संस्कृति र परम्पराको संरक्षण तथा विकासको सवाल मुलतः सम्बन्धित समुदायको

अग्राधिकारको सवाल हो । तर राज्यले कुनै जाति र सम्प्रदायको चाडपर्व र संस्कृति विशेषलाई राष्ट्रिय पर्वका रूपमा स्वीकार्ने र अन्य जाती र समुदायको त्यस्तै अवसरलाई उपेक्षा गर्ने कुरालाई अन्त्य गरिनुपर्छ । राज्यको तर्फबाट सबैप्रति समान व्यवहार हुने कुरालाई सुनिश्चिता प्रदान गरिनुपर्छ ।

### ८.८ राज्यका विभिन्न अंगको लोकतान्त्रीकरण

नेपालको प्रजातान्त्रिक अभ्यासमा राज्यसत्ताका पुरानो संरचना सदैव बाधक बन्ने गरेको देखिन्छ । जबसम्म राज्यको स्थायी अंग मानिने सेना, प्रहरी र सशस्त्र प्रहरीजस्ता सुरक्षा निकाय, नोकरशाहीतन्त्रका रूपमा विकास भएको प्रशासनयन्त्र र राज्यसत्ता संचालनका अन्य संवैधानिक अंगहरूलाई लोकतान्त्रिक ढंगले रूपान्तरण गर्न सकिंदैन तबसम्म लोकतान्त्रिक अभ्यास सवल ढंगले अघि बढ्न सक्तैन । त्यसमाथि सेनाको लोकतान्त्रीकरणको सवाल त लोकतन्त्रको संस्थागत विकासका लागि सर्वाधिक महत्वको सवाल हो । लोकतान्त्रीकरणका सन्दर्भमा राजनीतिक दलहरूको पुनर्संरचना र लोकतान्त्रीकरणको सवाल पनि अत्यधिक महत्वको विषय बन्न पुगेको छ ।

नेपाली समाजको बहुलवादी अवस्था र प्रजातन्त्रको आदर्श एवं राजनीतिक दलहरूसम्बन्धी स्वीकृत मान्यताहरूका बीचमा संयोजन गरी कसरी उनीहरूलाई मुलुकको अवस्था र एक्काइसौं शताब्दीको जनचेतनाका आधारमा अघि बढाउने भन्ने सन्दर्भ पनि महत्वका साथ उपस्थित भएको छ । भावी लोकतन्त्रले यी सबै पक्षहरू र संवैधानिक अंगहरूमा सबै समुदायको प्रवेशको ढोका खोलिदिने छ र लोकतन्त्रको स्थायित्व र विकासका लागि बलियो आधार प्रदान गर्नेछ ।

### ८.९ न्यायिक प्रणालीको लोकतान्त्रीकरण

नेपालको न्याय प्रणालीमा सबैभन्दा बढी सामान्तवादी मनोवृत्ति हावी रहेको देखिन्छ । भ्रष्टाचार, ढिलासुस्ती र स्वेच्छाचारिता नेपालको न्याय प्रणालीको विशेषता नै बन्न पुगेको छ । नेपालको न्याय प्रणालीमा व्याप्त रहेको अपारदर्शिता, अकर्मण्यता र स्वेच्छाचारितालाई लगाम लगाउने र त्यसलाई निष्पक्ष, सरल र छिटो बनाउने हो भने न्याय क्षेत्रको परम्परागत ढाँचामा समेत परिवर्तन ल्याउनुपर्छ । राज्य सञ्चालनमा जस्तै न्यायिक क्षेत्रको नेतृत्व पनि जनताबाट निर्वाचित हुने र जनताप्रति जवाफदेही हुने परिपाटीको विकास गर्नु सान्दर्भिक हुन्छ । नोकरशाहीतन्त्रको शिकार बन्न पुगेको वर्तमान न्यायिक प्रणालीलाई कायम राखेर जनताको पक्षमा न्यायको अपेक्षा गर्नु गधालाई धोएर गाई बनाउनुजस्तै कठिन कुरा हो ।

## ९. निष्कर्ष

भावी लोकतन्त्रको स्वरूपको प्रश्न लोकतान्त्रिक जनआन्दोलनको विकासक्रमसँग गाँसिएको विषय हो । जनआन्दोलकारी दलहरूको राजनीतिक इच्छा शक्ति र शक्ति आफ्नो हातमा लिएका राजाका बीचको राजनीतिक द्वन्द्वको विकासक्रमसँग यसको गहिरो सम्बन्ध गाँसिएको छ । राजा उदारवादी ढंगले अघि



बढेको अवस्थामा आन्दोलन सुधारवादी दिशामा अघि बढ्ने र राजा अनुदारवादी ढंगले अघि बढेमा आन्दोलनमा क्रान्तिकारीधार बलियो भएर जानु स्वाभाविक नै हो । राजा ज्ञानेन्द्रको असोज १८ र माघ १९ का कदम तथा त्यसपछिका व्यवहारले राजा उदारवादी ढंगले अघि बढ्न चाहँदैनन् भन्ने स्पष्ट भएको छ । राजा अनुदारवादी ढंगले प्रस्तुत भएको अवस्थामा यथास्थितिबाट धेरैमाथि उठ्न नचाहने नेपालको मूलधारको यथास्थितिवादी नेतृत्व पनि क्रान्तिकारी एजेण्डामा प्रवेश गर्न बाध्य हुन्छ । असोज १८ र माघ १९ पछि नेपालको राजनीतिमा देखिएको परिवर्तनलाई पनि यसै रूपमा बुझ्न सकिन्छ ।

दल-माओवादी सहमतिपछि नेपालको राजनीतिले नयाँ मोड प्राप्त गर्ने आधार भएको छ । दुई पक्षबीच कायम भएको राजनीतिक सहमतिले मुलुकमा जनआन्दोलनको आधार विस्तार भएको छ । हिजोसम्म ग्रामीण क्षेत्रमा राजनीतिक गतिविधि गर्नबाट वञ्चित रहेका राजनीतिक दलहरू अहिले ग्रामीण क्षेत्रमासमेत निर्वाध ढंगले आफ्ना गतिविधिहरू अघि बढाउन सफल भएका छन् । यस सहमतिले माघ १९ पछि राजनीतिक रूपले एक्लिएको राज्यपक्ष सबैतिरबाट अझ बढी एक्लो बन्न पुगेको छ र जनआन्दोलनका शक्तिहरूविरुद्धसमेत हिंस्रक ढंगले प्रस्तुत हुने सम्भावना बढेर गएको छ । माघ १९ पछि दलहरूको अनुरोधमा एकपक्षीय युद्धविरामका लागि तयार भएको माओवादीलाई समेत यस सहमतिले ठूलो राजनीतिक लाभ र अवसर प्रदान गरेको छ । राज्यको उपेक्षाका कारणले माओवादीहरू एकतर्फी युद्धविराममा फर्किएको र दलहरूप्रति आमजनताको समर्थनमा वृद्धि भइरहेको परिस्थितिमा राजाको नेतृत्वको सरकारले दल-माओवादी दुवैपक्षको असहमति र विरोधका बीचमा गर्न गइरहेको नगरपालिकाको निर्वाचनले मुलुकमा नयाँ राजनीतिक द्वन्द्वको परिस्थिति उत्पन्न गरेको छ ।

वर्तमान समयमा द्वन्द्वका तीनै पक्षले प्रतिष्ठाको विषय बनाएको नगर निर्वाचनमा हुने राजनीतिक भिडन्तले मुलुकको राजनीतिलाई आगामी दिनमा निकै नै तनावपूर्ण बनाउने सहज अनुमान गर्न सकिन्छ । तीनै पक्ष आफ्नो अडानबाट पछि नहट्ने हो भने (अहिलेसम्म त्यस्तो कुनै लक्ष्यण देखिएको छैन) नगर निर्वाचन नेपालको राजनीतिक द्वन्द्वको विशिष्ट परिघटना बन्नेछ र त्यसले नेपालको राजनीतिमा नै नयाँ मोड ल्याइदिनेछ । निर्वाचनमा राज्यपक्ष जसरी भए पनि निर्वाचन सम्पन्न गर्ने उद्देश्यका साथ दमनकारी ढंगले अघि बढेमा (जसका संकेतहरू देखिन थालेको छ) निर्वाचनको क्रममा निकै ठूलो रक्तपात र मानवीय क्षति हुन पुग्नेछ । त्यस प्रकारको अवस्थामा राजा, राजनीति दल र माओवादी बीचको त्रिपक्षीय द्वन्द्व दुई पक्षीय बन्न पुग्नेछ । यसले एकातिर राजनीतिक दलहरूलाई एउटै एजेण्डामा आन्दोलन केन्द्रित गर्न र अर्कोतिर माओवादीसँगको राजनीतिक सहमतिलाई सहकार्यको तहमा विकास गर्नका लागि बाध्यता खडा गर्नेछ । त्यस्तो अवस्थामा जनआन्दोलनको माध्यमबाट संविधान सभाको प्राप्ति एकमात्र एजेण्डा बन्न पुग्नेछ । संविधानसभाका माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको स्थापना मुलुकको लोकतान्त्रिक आन्दोलनको साझा लक्ष बन्न पुग्नेछ । जुन कुरा जनआन्दोलनको विकास र सफलताका लागि अतिनै आवश्यक कुरा हो

**टिप्पणी : कृष्ण हाछेथु**

समावेशी लोकतन्त्र राज्यको पुनर्संरचनाको व्यापक बहसको एउटा मूल/महत्वपूर्ण पाटो हो। समावेशी प्रजातन्त्र भन्नुअगाडि राज्यको पुनर्संरचना जुन एउटा महत्पूर्ण बाटो समावेशी प्रजातन्त्र लोकतन्त्र हो भने राज्यको पुनर्संरचनाबारे यो शब्द धेरै प्रयोग भयो। म कसरी बुझ्छु भने राज्यको पुनर्संरचना भनेको 'नरमेटिभ' हो। राज्य पुनर्संरचना भनेको कल्पनामा आधारित 'सम सट अफ इम्याजिनेसन' पनि हो अथवा सुन्दर भविष्यको कल्पना हो। सुन्दर भविष्यको कल्पनाभित्र 'नरमेटिभ नोसन' पनि हो। पुनर्संरचनाले भइरहेको परिस्थितिमा सुधार गर्ने, सुधारको बाटो लिने होइन, त्यसतर्फ फड्को मार्ने हो। यसको 'नोसन' ले के भन्छभन्दा 'डिर्पाचर फ्रम द पास्ट' अर्थात 'पास्ट' बाटै 'डिर्पाचर' गरौं।

राज्यसंरचनाको नोसनको कुरा गर्दा यसले खोजको परिवर्तन 'सेक्टोरल' होइन। 'कम्प्रिहेन्सिव' छ-जस्तो प्रशासनतन्त्रमा मात्र परिवर्तन गरेर हुँदैन। यसले पार्टी, सेनाको मात्र सम्बोधन गर्ने नभई व्यापक पुनर्संरचनाको परिवर्तन खोजिरहेको छ। अर्थात चेन्ज सिकिङ फर द कम्प्रेहेन्सिव चेन्ज' 'सेक्टर सेक्टरको' होइन कि 'होल सेक्टर' भित्र परिवर्तनको आवश्यकताको एउटा 'इन्टेग्रेटेड फोरम'को अभिव्यक्ति नै राज्य संरचना हो।

तेस्रो 'रेडिकल टान्सफरमेसन र इन्क्रिमेन्टल' बाटो त यसले भनेकै छैन। राज्यको पुनर्संरचना शब्दको भाव बुझन् खोजको हो भने यसले एकदम रेडिकल टान्सफरमेसन खोजेको छ। निचोडमा राज्य पुनर्संरचना/संरचना भनेको 'इन्टिग्रेटेड कन्सेप्ट' हो। जुन 'इन्टिग्रेटेड सेक्टर'भित्र परिवर्तनको आवाज/इच्छा/आकांक्षा आदि भएको लाई इन्टेग्रेटेड गर्छ र यो सेक्टर मा राज्य पुनर्संरचना भन्ने शब्द पाँच वर्ष अगाडि आएको होइन। यता दिनदिनै यो शब्द चर्चामा छ। यो विषयलाई ठूलो विषय बनाउमा धेरै 'एक्टर' हरूको 'पोजेटिभ/ नेगेटिभ' दुवै भूमिका छ। सर्वप्रथम यो विषयलाई जल्दोबल्दो महत्वपूर्ण विषयका रूपमा ल्याएको 'इथनिक मुभमेन्ट' हो। १९९० अगाडि र पछाडिको योगदान हो। अथवा २०४६ सालमा आएको प्रजातन्त्रको खुल्ला वातावरणले जुन अवसर र ठाउँ उत्पत्ति गर्‍यो, त्यसभित्र जनजातिको मुभमेन्ट पनि आएको छ।

दोस्रो, यो बहस थालनी गर्ने माओवादी जनयुद्ध पनि हो। जनयुद्धका क्रममा मान्छे मारिने, प्रहरी चौकी आक्रमण गर्ने मात्र काम भइरहँदा राज्यको पुनर्संरचनाको बहस हुँदैनथ्यो। निकासका लागि माओवादीले संविधानसभाको कुरा उठाएपछि यसले चर्चा पायो। माओवादीले दोस्रो चरणको वार्ताका क्रममा नयाँ स्वरूपको प्रजातन्त्रको भावी राजनीतिक स्वरूप कस्तो हुनुपर्छ भनेर १० बुँदा पेस गरेपछि बहस थप अगाडि बढ्यो।

तेस्रो, राजनीतिक दलहरूमा राजासँग आशको राजनीति घट्दो छ। राजनीतिक दलको आँखाबाट हेर्दा सम्पूर्ण रूपमा आश मारेको भन्न नसकिए पनि नेताहरू क्रमशः राजाबाट निरास हुँदैछन्।

जब राजाबाट पूरै आश गर्न छोडिन्छ, त्यतिबेला खोज्ने परिवर्तन भनेको ठूलै हुन्छ। पार्टीहरू पनि परिवर्तन हुँदैछन्। एमालेले लोकतन्त्रात्मक गणतन्त्र भनेको छ।



कांग्रेसले आफ्नो विधानबाट संवैधानिक राजतन्त्र शब्द झिकेको छ। यसको सन्देश विभिन्न कोणबाट राज्यको पुनर्संरचनाको एउटा आकार बनेको छ भन्ने हो।

राज्य संरचनाको आकारभित्रका दुइटा पाटोलाई हेरौं। एउटा पाटो भनेको राजनीतिक पार्टी/ सत्ता वा शक्ति हो। दोस्रो पाटो भनेको पिछडिएको समूहलाई मूलधारमा ल्याउने हो। पहिलो पाटोमा जब राजनीति/सत्ता/शक्तिको कुरा आउँछ, त्यहाँ सम्प्रभूताको कुरा उठ्छ। पौने तीन सय वर्षको इतिहासमा राजा शासनमा नरहेको अवधि २० वर्षमात्र हो। राज्य पुनर्संरचनाको एउटा पाटो वा मुख्य कारक राजा नै हो। राजाबिनाको देश मान्छेको दिमाग वा मनमा आउँछ। पौने तीन सय वर्ष निरन्तर रहेको संस्था गएपछि ठूलो परिवर्तन आउने भयो। राजाबिनाको देशको कल्पनासँगसँगै राज्यको पुनर्संरचनाका अरू धारणा आएको हो।

अहिलेसम्मको राज्यसंरचना नै राजसंस्थाकै इच्छाअनुसार बनेको छ। सामाजिक अवस्था पनि त्यस्तै छ। १९५० मा एक प्रतिशत शिक्षित मानिस थिए भने अहिले ५४ प्रतिशत मानिस शिक्षित छन्। आर्थिक क्षेत्रमा केही परिवर्तन भएका छन्। केही राजनीतिक/आर्थिक/सामाजिक परिवर्तन हुँदाहुँदै पनि राज्यका केही संरचनाहरू परिवर्तन हुन सकेनन्। जसको नमुनाका रूपमा एकात्मक राज्यलाई लिन सकिन्छ। नेपाल बहुभाषिक देश भए पनि हिन्दु राज्य भनियो। काठमाडौं केन्द्रित राज्य छ।

काम खोज्न नागरिकहरू काठमाडौं नै आउनुपर्छ। उच्च जातिका नाममा जातीय विभेद कायम छ। कानुनी संरचनाका रूपमा १८५४ मा मुलुकी ऐन आयो। तर लागू भएन। यो पनि जातिगत आधारमा छ। अनि महिला, दलित र कर्णाली विकासका योजना सधैं तल परे।

तेस्रो चाहिँ राज्यका अपरिवर्तनीय आठ चरित्रले हामीलाई कहिल्यै उठ्न दिएन, नेपाल कहिल्यैमाथि उठ्न सकेन। ती चरित्रको संरक्षण र प्रबर्द्धन राजाहरूबाटै भए। फलस्वरूप हामी स्वतन्त्रता प्राप्त अरू देशहरूभन्दा निक्कै पछाडि पर्‍यौं। अनि हामीलाई गरिबीले किच्यो। यसको परिवर्तनका लागि यसो हुनुमा जिम्मेवार राज्यका विशेषताहरूलाई फालेर नयाँ ल्याउने नै हो। त्यसको केन्द्र भनेको राजा नै हो।

अब एकात्मक राज्य सत्ताको साटो संघात्मक राज्य भयो भने केन्द्रीय र स्थानीय तहको बीचमा अर्को शक्ति केन्द्र स्थापना हुन्छ। त्यो मध्यम खाले शक्ति केन्द्र हुनेछ।

नेपाल शब्दमा मात्र हिन्दु राज्य छैन, व्यवहारमा पनि त्यस्तै छ। दसैंमा १५ दिन बिदा दिइन्छ भने हिन्दुहरूको अरू चाड पर्वमा पनि बिदा दिइन्छ। अन्य धर्मले मान्ने चाडलाई राष्ट्रिय चाड मान्ने या बिदा दिने चलन नहुनु धार्मिक विभेद हो। तसर्थ हामीलाई धर्मनिरपेक्षता चाहिएको हो।

भाषामा विभेद गर्दा ठूलो असर पर्छ। मैले लोकसेवा आयोगको परीक्षा दिएको भए पास हुन्नथे होला किनकी जन्मैदेखि मैले नेपाली भाषा बोलेको थिइनँ। तसर्थ एकातिर राष्ट्रव्यापी भाषालाई पूर्ण रूपमा उपेक्षा गर्न सकिन्न। यदि मुलुकलाई संघीय राज्य अथवा जातीय स्वायत्तताको रूपमा लगिन्छ भने सबै भाषाले स्वतः मान्यता पाउँछ।

नेपाल काठमाडौं केन्द्रीकृत हुनु महारोग हो। काठमाडौंलाई राजधानी वा केन्द्र मान्ने कुरा हटाउनुपर्छ। २०४६ सालपछि केन्द्रीकृत राज्य प्रणालीमा केही परिवर्तन भएको थियो। २०५ निर्वाचन क्षेत्रबाट सांसदहरू आएकाले शक्ति संरचनामा फेरबदल आएको थियो। तर, चुनाव जितेर आएपछि घर फर्कन गाह्रो मान्ने सांसदहरूको रोगले समस्या ल्यायो। उनीहरूले काठमाडौंमै घर जग्गा किने। बालबच्चा पढाए। हामीले यो पाटोलाई पनि बिर्सनु हुन्न।

यसको समाधानका लागि राज्यको विकेन्द्रीकरण गरेर हुन्छ कि संघिय राज्य बनाएर हुन्छ भनेर हेर्नुपर्छ। अहिले सशक्तीकरणको कुरा समावेशी प्रजातन्त्रको मुद्दा या बहसमा कमै आएको देखिन्छ। खाली प्रतिनिधित्वमा मात्र जोड दिइएको छ। दलित, महिला र जनजातिको उपस्थिति संसद्, मन्त्रिपरिषद्, योजना आयोगमा कस्तो छ भनेर हेरें अहिलेसम्मको जातीय आन्दोलनको चरित्र देखाउँछ। हाम्रो जातीय आन्दोलन भनेको सहरी र निरक्षर छ। जसले नयाँ खाले जातीय समूह बन्छ।

पूर्ण सशक्तीकरणको कुरा गर्दा समावेशी प्रजातन्त्रमा दुइटा पाटो हुन्छ। नेपालमा सबभन्दा गरिब र पिछडिएको भनेको दलित नै हो। सम्पूर्ण दलितलाई १ कक्षादेखि स्नातकोत्तरसम्म निःशुल्क शिक्षा दिनुपर्छ। जसले सबै दलितलाई सशक्तीकरणको सूत्र दिन्छ। त्यसपछि दलितको आर्थिक अवस्था उठाउन हरेक लाइन एजेन्सीले योग्यताअनुसार एक दलित एक काम दिनुपर्छ।

यी सबै बृहत् रूपमा गर्नुपर्ने कुरा हुन्। यसप्रति हामी प्रतिबद्ध छौं भने धेरै बाटा निक्लन सक्छन्। राज्यको पुनर्संरचनालाई सारांशमा भन्नुपर्दा जुन संस्थाहरूले हामीलाई पछौटे, गरिबी र यो स्थितिमा पुर्‍यायो तिनको अब काम छैन। मान्छेमात्र मार्दा खेरी माओवादीलाई स्वीकार गर्न सकिन्नथ्यो, अब परिस्थिति बदलिएको छ। माओवादीले हतियारबाट नभई संविधानसभाबाट छिनोफानो गर्ने भए, शान्तिपूर्ण रूपमा। दोस्रो १२ बुँदे समझदारी गरी शान्तिपूर्ण प्रतिस्पर्धाप्रतिको प्रतिबद्धता देखायो।

मलाई माओवादी मन परे पनि नपरे पनि उ एउटा राष्ट्रिय शक्तिका रूपमा आएको छ। उसलाई अस्वीकार गर्न सकिन्न। राज्य संरचनाको अर्को पाटो माओवादी पनि हो। बहुदलीय प्रतिस्पर्धाको प्रणाली मान्ने हो भने राज्यले सधैं अस्वीकार गरेको र समावेश नगरेको समूहहरूलाई चाहिँ स्वीकार गर्नैपर्छ, जुन कुरा दलित, जनजाति र मधेसीले उठाइ रहेका छन्।

## अवधारणामाथि छलफल

**लक्ष्मण अर्याल, पूर्वन्यायाधीश, सर्वोच्च अदालत**

मलाई आजको कुराबाट के लाग्यो भने कुनै कुराको खाँचोको कमीले हामीलाई रोक्दैन। राज्यले छेकेर छेकिन्न। हामी परिस्थितिअनुसारको बाटो लिन सक्षम छौं भन्ने मलाई लाग्छ। परिस्थितिअनुसार उपयुक्त बाटाहरू र उपायहरू निकाल्नुपर्छ भन्ने लाग्छ। अहिले लोकतन्त्रको बहस चलिरहेको छ, यसले नै हामीलाई एक प्रकारले स्वतन्त्र महसुस भएको छ।



विषयवस्तु प्रस्तोतासँग प्रश्न पनि सोध्यौं, स्पष्ट नभएको कुरामा। तर उहाँ हुनुहुन्न। हामी आफैं छलफल गरेर आपसमा प्रश्नहरू व्यक्त पनि गर्छौं, समाधानको प्रयास पनि गर्छौं।

परिस्थिति झन् गहिरिँदै गएको छ अर्थात अण्डरग्राउण्ड। यसलाई बाहिर ल्याउनु पर्‍यो, त्यसको तयारी भइरहेको छ, योगीहरू हरबखत ध्यान चित्त परमात्मामा लगाइरहेका हुन्छन् त्यस्तै। हामी पनि आन्दोलन कसरी सफल हुन्छ भन्नेमा केन्द्रित छौं। तसर्थ मैले त राम्रो देखेको छु।

जति सफलतातिर जान्छ, त्यति नै छलफल पनि खारिँदै जान्छ। यहाँ विशेष जोड राजसंस्थाको निरंकुशतामा दिइएको छ। अहिले कार्यपत्र प्रस्तोता शंकरजी यहाँ उपस्थिति हुन नसक्नुले राजसंस्था सामन्त र शोषकहरूको संस्थामात्र हुन गइरहेको छ। संस्थाको चरित्र जाँदो रहेनछ।

राजा वीरेन्द्रलाई तुलात्मक रूपमा अलिकति धर्मात्मा मानेको थिएँ। कुरा स्पष्ट गर्ने राजा, मैले आफैं अनुभव भोगेको छु। ०४७ मै न्यायपालिकालाई खान खोजेका थिए। यस मुलुकका अघोषित राजा हुन चाहनेहरूले न्यायपालिका खान खोजेका थिए। ध्वस्त गर्न खोजेका थिए पहिला नै। त्यसबेलामा सब तयार गरिसकेका रहेछन्। प्रधानमन्त्री, प्रधानन्यायाधीश सबैले भनेर राजा वीरेन्द्रलाई न्यायपालिकाको बारेमा त्यति गहिरिएर सैद्धान्तिक ज्ञान हुने कुरा पनि भएन। अनि संयोगवश मलाई सोधिएको थियो कि तपाईंलाई यो कस्तो लाग्छ ? म छक्क परें। मैले सुनि पनि राखेको थिएँ, त्यसको विषयमा मैले हुँदैन यो त न्यायपालिकालाई मास्ने हो भने। यो-यो कारणले अन्य बाटो खोज्नुपर्छ भनें। मैले २०२६ सालदेखि बार एसोसिएसनको हुँदाको अनुभव सुनाए। त्यसबेला अदालत बाहिर जाने, बाहिर पनि अदालतलाई विकेन्द्रीकरण गर्ने। विकेन्द्रीकरणका केही कुराहरू केन्द्रिकृत गर्नुपर्छ। केन्द्रीकृत गरेमात्र उपयोगी हुन आउँछ। विकेन्द्रीकृत गरे कमजोर हुन जान्छ। त्यसकारण कारण १४ वटा बुँदा मैले आफ्नै हातले लेखेका थिएँ। त्यसको दुई तीन वर्षपछि फेरि प्रणाली स्वाभाविक रूपले रह्यो। बार एसोसिएसन त्यसबेलादेखि नै विरोधमा उत्रन्थ्यो। त्यसबेला राँको लिएर हिँड्ने। राँके बार बाटो देखाउनका लागि थियो। तीन वर्षपछि पछुताएका थिए। बुद्धिमानले अरूको अनुभवलाई पनि आफ्नो अनुभव जस्तो बनाउँछ। मूर्खले आफ्नो अनुभवलाई पनि गरौं बनाउँदैन। यही फरक हुन्छ भनेपछि राजाले माने। होइन भने सर्वोच्च अदालतलाई चार चिरा पारेर कमजोर बनाउने काम हुने थियो। त्यस अर्थमा राजा वीरेन्द्र केही सहज मानिन्छन्। तर राजा वीरेन्द्रले पनि यो संविधान राजिखुसीले स्वीकार गर्न मानेका होइनन्।

मेरो विचारमा यही संविधानको प्रावधानअनुरूप संविधानसभा सम्भव छ। किनभने जब तपाई जनतामा सार्वभौमसत्ता दिनुहुन्छ भने संविधान बनाउने अधिकार दिएको ठहरियो। विधायिकी अधिकारलाई भने यस्तो अधिकार हुँदैन किनभने विधायिकी अधिकारको जननी सार्वभौम शक्ति नै हो। त्यसो कारण जनतामा सार्वभौम सत्ता छ भन्ने बाटो खुल्ला छ । संविधानमा कुनै अपवाद पनि राखिएको छैन अथवा सर्त पनि बनाइएको छैन। नेपालको सार्वभौमसत्ता नेपाली जनतामा

निहित हुनेछ । खोस्न कसैले नपाउने/नसक्ने गरी रहेको हो । संविधान बनाउनेमा म पनि थिएँ । मैले धारा तीन राखीदिऊँ अरू पर्दैन भनेको थिएँ । अरू सबको केही मतलब छैन भनेको थिएँ । संविधानको आत्मा र मुटु नै त्यही हो, नेपाली जनताको सार्वभौम सत्ता । नेपाली जनताले नयाँ संविधान बनाउँछु भन्यो भने कसले छेक्ने ? सार्वभौमसत्ता उनीहरूसँगै छ, जुन सबैभन्दा माथिल्लो हो । अहिले राजा ज्ञानेन्द्रलाई सबभन्दा धेरै कपाल दुखाउने धारा त्यही हो । राजा सबै गर्न तयार छन्, यो धाराका लागि तयार छैनन् । माखेसाङ्लो भनेको पनि त्यही हो । राजा यो धारा झिक्न चाहन्छन् । संविधानमा यो एउटा वाक्य रहेसम्म राजाले जे गरे पनि त्यो असंवैधानिक हुन जान्छ ।

जस्तो अहिले निर्वाचनको बारेमा हामीले मात्र होइन, अन्तर्राष्ट्रिय समुदायले पनि भन्न थालेका छन्- राजाले आफूलाई वैधानिक बनाउनका लागि जनतालाई मान्यता दिन खोजेनन् । नगरकोटको घटनमा उनको आँखा रसाएन । दिन प्रतिदिन मानिस मरिरहेका छन् राजाका आँखा रसाएनन् । शान्तिकाप्रति कुनै साच्चो प्रयास गरिएन । चार महिना माओवादीको एकतर्फी युद्धविराम हुँदा वास्ता गरिएन । शान्ति नेपाल र नेपाली जनताका लागि सर्वेसर्वा हो । शान्तिपछि अरू प्रकारका विकास हुन्छन् । तर त्यही नचाहने ? त्यसैले म त भन्छु अहिलेको राज्य, राज्य नै होइन । राज्यको स्थापनाको उद्देश्य ल एण्ड अडर कायम गर्नेमात्र होइन, न्यायोचित रूपबाट शान्ति कायम गर्ने हो । कर्फ्यु लगाएर शान्ति हुँदैन । घाँटी अचेटेर बोलेन भन्ने, जनताले स्वीकृत दियो भन्ने, यो सारा खेल अहिलेको मूलभूत समस्याका रूपमा देखिनुमा देशका शासकहरू कानुन बमोजिम चल्न नचाहनु हो । उनीहरूलाई कानुनअनुसार चल्ने बनाउन सकिए कुनै समस्या हुँदैन ।

आज हामी कहाँ धर्मशास्त्रलाई समेत आफ्नो स्वार्थमा दुरूपयोग गरिँदै छ । राजसंस्थाकै कुरा गर्दा जबसम्म ऊ ठीक ठाउँमा रहन्छ, तबसम्म अरूले बिगारेर बिग्रँदैन । यो ध्रुवसत्य कुरा हो । आज राजाबाट जति काम कारबाही भएका छन्, ती अचम्मका छन् । त्रिभुवनका पालादेखिको कुरा नगरौं । आफ्नो सर नपरुन्जेल नदेख्ने, सर परेपछि त कहाँ पञ्जापत्रबाट मैले राणालाई अधिकार दिएको थिएँ भन्ने । राणाले अब नलिने भए म वारिस दिने, म मुद्दावाला हुँ भन्ने पनि त्रिभुवन नै हुन् । जाली काम गरिएको छ । त्यो व्याख्या राजपत्रमा निस्केको छ । ममा सार्वभौम सत्ता आयो रे । जनताले लडेर २००७ सालमा क्रान्ति गरेर राणा हटाए । तर राजाले राणाको अधिकार ग्रहण गरे । जनताले क्रान्ति गरेर राणाका शासन हटाएका हुन् । त्यसलाई कस्तो तोडमडोर गरे, राजाले । इतिहास हेर्नुस् । राजा ज्ञानेन्द्रको कुरा गर्दा १८ असोजपछि राजाकै प्रत्यक्ष शासन चलिरहेको छ । यो बीचमा शेरबहादुर, सूर्यबहादुरलाई दोष देखाउने कुरामात्र हो, जिम्मेवारी राजाले नै लिनुपर्छ । राजाले संविधानविपरीत शक्ति लिएर प्रधानमन्त्री नियुक्त गर्ने र प्रधानमन्त्री आफैं बन्ने काम गरे । प्रधानमन्त्री बन्ने त जनताका छोरा हुन्, प्रतिस्पर्धाबाट आउनुपर्थ्यो । तर राजामा लोभ बढ्यो, सत्ताप्रतिको । यो संस्थाले नेपाल र नेपालीको हितका लागि कुनै काम गरेन । मुलुकको हितका लगि कुनै काम भएन । भविष्यमा पनि हुनेवाला केही छैन । राजसंस्थाबाट त शोषण, जातीयताका कुरामात्र हुन्छन्, यी त साना कुरा हुन् ।



मुख्य कुरा सैनिक हो । सैनिकमा बाहुन छन् कि छैनन् । पटुका बाँधेर काम गर्ने क्षेत्री छन् कि छैनन् । ठकुरी र शाहमात्र छन् ? जो राजाका नजिक छन् । संविधानले भन्छ एकथोक राजा गर्छन् अर्को थोक । त्यसकारण यो संस्था रहेसम्म शोषण कायम हुन्छ । यो कुरा व्यवहारबाट पुष्टि भइरहेको छ । पुनर्संरचना गर्दा शोषणरहित समाजको सिर्जनामात्र होइन, जनतामा विभेद हटाई जनता-जनताबीच सद्भाव, प्रेम बढाउउनुपर्छ । राष्ट्रिय अखण्डता जोगाउने जनताको प्रेमले हो । कोही व्यक्ति वा नेताको तजबीजले होइन । त्यसैले समस्याको जराको पहिचान गर्नुपर्छ ।

राजसभा गठन मन्त्रिपरिषद्को सल्लाहले भएको थिएन । त्यहाँ राजाले आफ्ना भारदार राखेका छन् । उनीहरूले नै यस्ता करामत देखाइरहेका छन्, असंवैधानिक कार्य गर्न उक्साउने राजपरिषद् नै हो । राजपरिषद् नै असंवैधानिक छ ।

समावेशी प्रजातन्त्र हुनुपर्छ भन्नेमा कुनै विवाद छैन । प्रजातन्त्रमा नै समावेशीको अवधारणा हुन्छ । सच्चा प्रजातन्त्र भनेकै झुपडीदेखि महलसम्म बस्ने सबै जनताले समान अधिकार र अवसर पाउनु हो ।

**छलफललाई सहजीकरण गर्दै तारानाथ दाहाल**

पुनर्संरचनाको बाधक या जनताको शोषणको केन्द्र विन्दु राजसंस्था नै हो भन्ने कुरामा पहिले नै स्पष्ट हुनुपर्छ । अहिलेसम्म आएका विचारहरूले समावेशी प्रजातन्त्रप्रति हामीलाई अझ बढी प्रष्ट हुन सहयोग पुऱ्याउनेछ ।

**बाबुराम गिरी, महासचिव, नेपाल मानव अधिकार संगठन**

सैद्धान्तिक रूपबाट राखिएका कुराहरूबाट म राजनीति शास्त्रको विद्यार्थी ज्यादै प्रभावित भएको छु । आज पेस भएको अवधारणापत्रमा भएका विषयहरू अहिले मुलुकमा प्रयोगको अवस्थामा छ । नेपाली जनताले गोलीको पर्रा खाएर ल्याएको संविधान एक प्रकारले त्रुटिपूर्ण देखियो । यो दुर्घटनामा पर्ला भन्ने शंका पहिल्यै गरिएको हो ।

अभ्यासको क्रममा राजनीतिक दलका नेताहरूले पनि त्यसको मर्मलाई बुझेनन् । अझै बुझे जस्तो लागेन । अझै प्रतिनिधिसभा पुनःस्थापनाको कुरा उठाइन्छ । नेपाली जनताको मन परिवर्तन भइसकेको छ । माओवादीको विचारधारालाई स्वीकार गरे पनि नगरे पनि उ एउटा बलियो शक्ति भएर आएको छ । अहिलेको संविधान विगतमा तीनवटा शक्ति सन्तुलनका परिणाम थियो- राजा, संयुक्त वाम मोर्चा, नेपाली कांग्रेस । अब नयाँ अंशियार जन्मिएको छ, जनता । हाम्रो अधिकार पनि सुरक्षित होस् भनी जनता आइरहेका छन् । वास्तवमा माओवादीको राजनीतिक सिद्धान्तअनुसार राज्य संरचनाको स्वरूप जेसुकै होस् । आजका मितिमा ऊ पनि फेरिएको छ ।

परिवर्तनको क्रममा, छलफलको क्रममा, संघर्षको क्रममा उ खारिएको छ । ऊ शान्तिपूर्ण राजनीतिमा आउन तयार देखियो । १२ बुँदामा उसले बहुदलीय संरचनामा प्रतिस्पर्धा गर्न मञ्जुरी जनायो । यदि यस्तो हो भने लोकतान्त्रिक गणतन्त्रको कुरामात्र बाँकी रह्यो । यो संस्था (राजसंस्थाप्रति इङ्गित गर्दै) जसलाई

सेतो हात्ती पालेजस्तो भइरहेको छ । यो देशलाई एकलौटी विर्ता र नेपाली जनतालाई भेडाबाखा सम्झेको छ यसले । यो कुरा दुई अक्षर जानेका सबै जनताले बुझिसकेका छन् । नेपाली जनताले सडकबाट त्यसको विरोध गर्न थालिसकेका छन् । यो अवस्थामा शाही सेनाले कति दिन थेग्ला ? हेरौं । हामी परिवर्तनको संघारमा छौं । सबै मिलेर राजसंस्थालाई नफालिकन नयाँ संरचनामा जान सक्दनौं । यही नै बाधक र रोग हो ।

**प्रा. शिव मुनकर्मी (अध्यक्ष–प्राध्यापक संघ, त्रिवि केन्द्रीय क्याम्पस)**

जनताको अधिकारमाथि प्रहार गरिने अवस्था हुनुमा संविधानकै कमजोरी हो । राजसंस्थाकै नियति छँदैछ । पटक-पटक यस्तो देखिएको छ । संविधानमा कमजोरीका कारण यति धेरै प्रहार भएको हो कि भन्ने विश्लेषण छ । मैले संविधानमा चारवटा कमजोरी भेटेको छु । पहिलो धारा ३५ मा नेपाल अधिराज्यको कार्यकारी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा निहित हुनेछ भनिएको छ । एउटा प्रतिनिधिसभा र अर्को प्रतिनिधिसभाको बीचमा छ महिनाभन्दा बढी खाली हुनुहुँदैन भनिए पनि भएन भने के ? भन्ने छैन । वास्तवमा पुनःस्थापना नै हुनुपर्ने हो । सुरक्षा परिषद्को निर्णयअनुसार राजाबाटै सेना परिचालन गर्ने र धारा १२७ मा के के गरेर बाधा अड्काउ फुकाउन सकिन्छ भन्ने स्पष्ट उल्लेख छैन । यो संविधान आउनुअघि कति षड्यन्त्र भएको थियो भन्ने निर्माणकर्ताहरूलाई नै थाहा होला ।

यी कुराका आधारमा राजाले प्रहार गरेका हुन कि ? संविधानमा देखिएका कमजोरी हटाए यसबाटै जनताको आकांक्षा पूरा हुन्छ कि हुँदैन ? जनताले समावेशी राजनीतिमा समावेश भएर आफ्नो व्यक्तिगत विकास गर्ने अवसर पाउँछन् कि पाउँदैनन् ?

दोस्रो, अहिले राजसंस्था स्थापित शक्ति हुन खोजेको देखियो । अनि लोकतन्त्र, गणतन्त्रमा जाने प्रक्रियाको कुन मोडेल अपनाउने भन्ने स्पष्ट छैन ।

गणतन्त्रको कुरा गर्दा अफगानिस्तानी मोडेलबाट कति दुःख भयो भन्ने पनि भुल्नु हुन्न । चार/पाँच जना छोराछोरी भएका अभिभावकले सबैलाई भिन्न राख्दा कान्छोले गरेर खाला ? भन्ने चिन्ता पाले जस्तै प्रजातन्त्र आउँदा पनि हामी प्रजातान्त्रिक आचरणमा कति परिपक्व भएका छौं ? भन्ने कुरा हो । त्यसले हामीले कम्बोडियाको नमुनाको कुरा गरेका हौं । हामी लोकतन्त्र या गणतन्त्रमा जाँदा कति गुमाउनु पर्ला भन्नेतिर पनि ध्यान दिनुपर्छ । तसर्थ अझै सम्झौता नै हुन्छ जस्तो लागिरहेको छ । र, सम्झौता केमा गर्ने ? सम्झौता गर्दा कसैले हार्ने कसैले जित्ने कुरा हुँदैन ।

अतः मेरो विचारमा संविधानका चारवटा त्रुटिपूर्ण धारा हटाइ देशको कार्यकारी अधिकार पूर्णतः मन्त्रिपरिषद्मा हुनुपर्ने, मन्त्रिपरिषदमा समान प्रतिनिधित्वको सिद्धान्त अपनाई संसद्मा आउने वातावरण बनाउने, त्यसो गर्दा राजाका प्रतिनिधि पनि परून् ।

सासंदहरू कानुन र नीति निर्माणमा लाग्नुपर्‍यो । सांसदहरू वर्षमा कम्तीमा ६ महिनासम्म आफ्नो संसदीय क्षेत्रमै बस्नुपर्‍यो । त्यहाँ जनताको समस्या, प्रगति र



विकास हेर्नुपर्‍यो । यसअघि सांसदहरू सरकारमा जाने व्यवस्थाले बढी मात्रामा भ्रष्टाचार मौलाएको पाइयो, आफ्नो क्षेत्रमा जाँदै नजाने, कार्यकर्ता यतै आउँछन् पाल्नै पर्‍यो जसरी भए पनि । आफ्नो ठाउँमा केवल भोट माग्न मात्र जाने प्रचलन छ । जसले गर्दा स्थानीयवासी मर्कामा परेका छन् । त्यसैले समावेशी सरकार बनाउने र आफ्नो क्षेत्रको विकासमा सांसदहरू लाग्नुपर्‍यो ।

त्यसपछि शाही सेनालाई सरकारअन्तर्गत ल्याउनुपर्छ । राजालाई कार्यकारी अधिकार दिनु भएन । यति भएको खण्डमा अहिलेको झगडाको आधार टुंगिन्छ होला । सार्वभौम अधिकारसम्पन्न जनताले अधिकार राख्छ । यसबाट शान्तिमय वातावरण निर्माण भएपछि मात्र संविधानसभामा जान सकिएला ।

**ज्ञानेन्द्र बोहरा (विद्यार्थी)**

नेपाली राजनीतिको अस्थिरताको जड राजसंस्था हो । अन्याय, शोषण, अत्याचार र दमनको मुख्य केन्द्र राजसंस्था हो, नेपालको विकासको बाधक पनि हो । यसो हो भने राजसंस्था फाल्ने ? कसरी फाल्ने ? यसको कार्य योजना के हो ? जिम्मेवारी कसले लिने, राजनीतिक दल वा नागरिक समाजले ।

यदि राजनीतिक दलले लिने हो भने कार्यदिशा खै ? नभए यो बहस बालुवामा पानी खन्याए जस्तो हुन्छ होला । राजसंस्था फाल्ने कुरा गरिएको छ । राजसंस्था फालिसकेपछि कस्तो किसिमको परिणाम आउला, सकारात्मक या नकारात्मक, विदेशीहरूले कसरी लेलान भन्नेतिर ध्यान दिनुपर्छ ।

यो छलफलको निष्कर्षपछिको त्यसलाई कार्यान्वयनमा ल्याउन फ्रिडम फोरमको कस्तो भूमिका रहन्छ भन्ने पनि हेर्नुछ ।

**अमन श्रेष्ठ (साप नेपाल)**

लोकतान्त्रिक समावेशी स्वरूप र संरचनाका सन्दर्भमा मूलतः शंकरजीले नेपालको वर्तमान वस्तुस्थितिको विश्लेषण गर्नुभएको छ, जसमा जनआन्दोलन र आन्दोलनले गर्नुपर्ने प्रहार त्यसका लागि आवश्यक मोर्चा र संरचनाको कुरा निक्कै राम्रोसित उठाउनु भएको छ ।

जहाँ लोकतन्त्र हुन्छ, त्यस देशका विविध जाति, भाषा, धर्मसम्प्रदायका मानिसले आफ्नो उन्नति प्रगति होस् भन्ने इच्छा राखेका हुन्छन् । सबै पक्षलाई समेट्नु निकै चुनौतीपूर्ण कार्य हो । समावेशी लोकतन्त्रको छलफल चर्को रूपमा भए पनि सत्ताले यसतर्फ सोचेको देखिन्न । लोकतन्त्रमा जाने कुरामा विवाद रहेन तर त्यसमा जाँदा दुइटा चुनौती आउन सक्छन् । एउटा निरंकुशतन्त्रलाई टुंगो लगाउने र अर्को समावेशी लोकतन्त्रतर्फको पाइला चाल्ने हो । जसका लागि मूल रूपमा खेलाडी भनेका राजनीतिक दलहरू नै हुन् ।

पहिलो खुट्किलोका लागि सडक आन्दोलन भइरहेको छ । यसले निर्णायक मोड लिनुपर्छ । यसको साथै समावेशी लोकतन्त्रको कुरा अगाडि बढाएका छौं । यो पनि राजनीतिक दलहरूमार्फत नै हुनुपर्छ । दलहरूभित्रै असन्तुष्ट गुट उपगुटहरू देखिन्छन् । वास्तवमा दलहरूको जन्म राजनीतिक सहमति, सैद्धान्तिक प्रतिबद्धताका

आधारमा भइरहेको हुन्छ तर हाम्रा दलहरूमा योग्यता र क्षमतालाई कदर गर्ने परिपाटी कमै देखिन्छ। गुट-उपगुट बनाई दलहरूलाई कमजोर बनाउने क्रियाकलापले गर्दा पनि हामी आज यो स्थितिमा आएका हौं भन्ने मेरो विश्लेषण छ। हामीले समावेशी लोकतन्त्रको पक्षमा कुरा गर्दा दलहरूभित्रैबाट त्यसको आरम्भ हुनुपर्छ भन्नेतिर जोड दिनुपर्छ।

विभिन्न जाति, भाषाभाषिका मानिसलाई समेट्न नसकिए असन्तुष्टि बढ्दै जान्छ र विद्रोह हुन्छ। युगोस्लाभिया, चेचन्याका उदाहरण हामीले देखेकै छौं। विभिन्न भाषा र जातजातिका मानिसलाई विश्वासमा लिएर एकता कायम गर्न सकिएन भने सोभियतसंघ र सोमालिया जस्तो विभाजन हामी कहाँ हुँदैन भन्न सकिन्न। त्यसैले एकता र विश्वासमा लिने काम गहन हो।

**राजेन्द्र गौतम**

समावेशी लोकतन्त्रको विषयमा भइरहेको बहसमा आवश्यकताभन्दा बढी भावनामा बगेको जस्तो लागिरहेको छ। अर्को पक्ष हामीले राजालाई यति कमजोर सोचेर भनिरहेका छौं कि आन्दोलन अलि चर्केपछि राजा भागिहाल्छन्। त्यस्तो हुन सक्दैन। मेरो विचारमा नेपालको गृहयुद्ध अझै दस वर्ष टुंगोमा पुग्दैन किनभने ज्ञानेन्द्र कसरी राजा भएका हुन भनेर हेर्नुपर्छ, उनले यति छिट्टै अधिकार छोड्छन् भन्ने कल्पनाले काम गर्दैन जस्तो लाग्छ।

अबका दिनमा भावनालाई कार्यमा बदल्नेतिर लाग्ने हो कि ?

हामी कहाँ एउटा संस्कृति विषयका नाममा वार्षिक ६ करोड खर्च हुन्छ। त्यसको उपादेयता खोज्यो भने कतै पाइन्न। अरू भाषाका लागि पनि त्यतिनै रकम छुट्याइएको छ कि छैन भनेर ध्यान दिनुपर्छ। सरकारले अरू भाषालाई पनि त्यत्तिकै प्राथमिकता दिने हो भने त्यो किन नगर्ने ?

**विजयकान्त कर्ण (उपप्राध्यापक, राजनीतिशास्त्र, त्रिवि)**

अढाई सय वर्षको राजतन्त्र हाम्रा पूर्खाहरूले भोगे, हामी पनि भोग्दैछौं र अहिले गणतन्त्रको खोजीमा लागेका छौं। यो बीचमा धेरै संघसंस्थाहरू बने। खासगरी पंचायती व्यवस्थामा बेला बनेका संस्थाहरू राजतन्त्रलाई कसरी सबल बनाउन सकिन्छ र, राजतन्त्रलाई टिकाउने वर्गलाई कसरी बलियो पार्ने भन्नेमै लाग्यो। त्यो वर्ग भनेको बाहुन र क्षेत्री नै हो। त्यसमा उनीहरू नै बढी संलग्न छन्।

त्यो वर्गको लागि निर्माण गरिएको संस्थागत स्वरूपहरू नभत्काई कसरी गणतन्त्र स्थापनामा जान सकिन्छ। हामीलाई शैक्षिक संस्थामा राजा भनेका बाबुभन्दा पनि ठूलो हुन भनेर पढाइयो। एउटै भाषा एउटै भेष भनेर पढाइयो। मैले त निक्कै कठिनाइका साथ नेपाली पढेको हुँ, भोजपुरीमा घोकेर।

अब हामीले लादिएको व्यवस्था भत्काउने हो। त्यसका लागि कार्यक्रम के छ ? प्रष्ट भएपछि मात्र पुनसंरचना हुन सक्छ।



हामीलाई स्कुल पढाउँदा राजा महेन्द्र राष्ट्रवादका प्रेणता थिए भनियो। अनि लाग्यो, उनी जति राष्ट्रवादी कोही छैन भन्ने तर अब थाहा भयो उ जति राष्ट्रघाती कोही थिएन। उनका पुत्र वीरेन्द्र पनि गतिला थिएनन्। उनका पालामा सबैभन्दा बढी मानिस मारिएका छन्। यी संस्थाहरू हाम्रो दिमागमा संस्थागत रूपमा राखिएका छन्, जसलाई भत्काउनुपर्छ। त्यसैबाट सामाजिक हस्तान्तरण हुन्छ।

चलिरहेको आन्दोलनलाई कुन स्वरूपमा लगेमा बढी प्रभावकारी हुन्छ र गणतन्त्रमा जान सकिन्छ भन्ने एजेण्डामा जानुपर्छ। शंकर पोखरेलको अवधारणापत्रले समाज उभो लाग्छ भन्ने देखाउँदैन। उहाँले क्षेत्र वा जिल्ला बनाउनुभएको छ, सप्तरी र संखुवासभा सगरमाथा अञ्चलमा पर्दोरहेछ। त्यसो किन गरिएको हो भने शोषणा गर्न, शासन केन्द्रिकृत गर्न हो।

दुःख लागेको छ पोखरेलेजी अहिले पनि जिल्ला, क्षेत्र र अञ्चलको शक्ति विकेन्द्रीकृत गरे हुन्छ भन्नुहुन्छ। शक्ति विकेन्द्रीकृत हुँदैन। अहिलेसम्म नेपालमा दुई तीन हजार परिवारले मात्र शासन गरेका छन्, चाहे त्यो कांग्रेसको शासन होस् चाहे एमालेको शासन होस्। राजा वीरेन्द्रको होस् वा राजा ज्ञानेन्द्रको होस्।

आर्थिक रूपमा हर्ने हो भने १५ देखि १६ सय परिवार देखिन्छन्, जसले सारा देशको सम्पूर्ण साधनमाथि अर्थात ७० प्रतिशत स्रोतमाथि नियन्त्रण गर्छन्। यो स्थिति विकेन्द्रित हुँदैमा जान्छ अन्त्य हुन्छ भन्ने विश्वासमा पर्नुहुन्न।

नेपाल यस्तो मुलुक हो जहाँ प्रधानमन्त्रीले मन्त्रीलाई दिएको अधिकार त्योभन्दा तल झर्दैन्। मन्त्री र सहायकमन्त्रीको कुटाकुट हुन्छ। मन्त्रीले जिल्ला विकास समितिलाई अधिकार दियो भने त्यो गाउँ विकास समितिमा जाँदैन। यो अवस्थामा सम्पूर्ण संरचना नै फेरिएन भने प्रजातन्त्र स्थापित हुन सक्दैन।

**अवधारणापत्रमाथिका जिज्ञासाको जवाफमा कृष्ण हाछेथु**

प्रजातन्त्र भनेको 'आकृतिहिन' (faceless) होइन, यसका केही विषय, मूल्य र मान्यता छन्, त्यसलाई ठ्याक्कै टिप्न नसकिने भएकाले प्रजातन्त्रमा समावेशी शीर्षक आएको हो।

प्रजातन्त्रलाई वस्तुगत रूपमा पनि हेर्न सकिन्छ। तर प्रतिनिधित्वमूलक रूपमा हेर्दा नेपालमा १२ प्रतिशत बाहुनहरूले ६० प्रतिशतभन्दा बढी शासन नियन्त्रण गरेका छन्। १२ प्रतिशत दलितहरूको शासनमा शून्यता छ।

प्रतिनिधित्व भनेको अर्को कोणबाट कम महत्वको हो। संस्कृत पाठशालाको सरकारी कोषमा जाने रकम बाहुनको करबाट मात्र जाँदैन, हीरा विश्वकर्माको करबाट पनि जान्छ। संस्था भनेको समुहगत हुन्छ। त्यो बाहेक बाहुन र नेवारको अलग गुठी छ। समुदाय भनेको एउटा कुरा हो। राज्य भनेको समुदाय होइन। राज्यमा सर्म्पूणको प्रतिनिधित्व हुन्छ। जस्तो वीर अस्पताल सबै नेपालीको करले चल्छ र सबैले उपचार गर्न पाउनछ भने बाल्मीकि पनि सबै नेपालीको करले चल्छ, तर सबैले पढ्न पाउन्नन्। राज्यले कुनै पनि एउटा जातिको लागि संस्कृति बचाउने नाममा रकम छुट्याउनु न्यायोचित काम होइन।

किन सुदूर पश्चिमाञ्चल किन समावेशी स्वरूपमा आउँदैन ? मैले सधैं लेखिरहने लेखहरूमा पनि अविकसित क्षेत्र भनेर एउटा निश्चित क्षेत्रको चर्चा गर्छु, जसमा कर्णाली, मध्य र सुदूर पश्चिमाञ्चल पर्छ। किन त्यहाँको आवाज आउँदैन त ? त्यो क्षेत्रको तीतोमीठो स्वीकार्नुपर्छ। त्यो क्षेत्रको एउटा पाटो संस्कृति धान्ने कुरासँग गाँसिएको छ। पुरोहित भएर वा के भएर हुन्छ, उताबाट केन्द्रमा आउने बाहुन हो।

राजसंस्थाको बारेमा भएका सबै बहस सैद्धान्तिक पक्ष मात्र हो भन्ने साथीहरूलाई लागेको होला। म चाहिँ त्यसलाई तुलनात्मक दृष्टिकोणबाट र हाम्रो राष्ट्रिय परिपेक्ष्यबाट हेर्दै अब नेपाल नयाँ शताब्दीमा प्रवेश गऱ्यो भन्छु।

एक समयमा यो संसारभरी सबै देशमा राजा थिए। उनीहरूका पछाडि सेना थिए। यदि राजाको पछाडि सेना हुँदैमा राजतन्त्र निरन्तर हुने हो भने अहिलेसम्म संसारभरि नै राजतन्त्र नै हुने थियो। कुन समयमा के परिवर्तन हुन्छ। इरानमा हेर्दाहेर्दै राजा भाग्नु पऱ्यो। विश्वव्यापी रूपमा देखिएको इतिहास वा परिस्थितिबाट नेपाल अलग हुँदैन। अपवाद हुने देशले अर्को बाटो अपनाए। बेलायत र जापानमा 'रिपब्लिकन क्राउन' छन्, श्रीपेच मात्र छ।

जहाँ श्रीपेचमात्र छैन, त्यहाँ राजतन्त्र नै समाप्त भएको छ। हामीले हाम्रो परिस्थितिमा कसरी हेर्ने।

हामी अफगानिस्तानको कुरा गर्छौं, तर त्यहाँको समस्या राजा होइन। राजा भए पनि नभए पनि त्यहाँ समस्या छ। ट्राभल चिप्सहरूको प्रणाली, त्यसमा पनि १९७९ को विश्व युद्धमा अमेरिका र सोभियत युनियनले विभाजित समाजलाई आ-आफ्नो समूहमा राजासहित र राजारहित गरेका हुन्। अरू केही पनि होइन।

दोस्रो नेपाली परिवेशमा हेर्ने हो भने तीनवटा आन्दोलनमात्र लिऊँ। २००७ सालको आन्दोलनको उद्देश्य प्रजातन्त्रसहित राजतन्त्र पनि समायोजन गर्ने थियो। २०४६ सालमा राजालाई संविधानभित्र राख्ने रह्यो। त्यसपछिको आन्दोलन के भन्ने थियो। २००७ सालमा राजाबिनाको देश भनेर कम्युनिस्ट पार्टीका किताबमात्र सीमित रह्यो। २०४६ सालको आन्दोलन हुँदा बहुदलीय प्रजातन्त्रमात्र लक्ष्य थियो। गणतन्त्र कसैले सोचेको थिएन। अहिले पहिलो पटक राजतन्त्रबिनाको नेपाल हरेक मानिसको मस्तिष्कमा पऱ्यो। कसैको दिमागमा नपसे पनि यो मुद्दा आयो। यसले राष्ट्रलाई एक रूपमा तयार पार्न सहयोग पुग्छ। हरेक आन्दोलन पहिला सोचबाट आउँछ।

२०४६ सालमा ३९ दिनको आन्दोलनले मात्र प्रजातन्त्र आएको थिएन। त्यसमा ०१७ सालदेखिकै शृंखला जोडिन्छ। ००७ सालमा र २०४६ सालमा राजाबिनाको देशको कल्पना गरिएको थिएन तर अहिले चलिरहेको आन्दोलनमा लागेकाहरूको नारामात्र होइन, दिमागमै राजाबिनाको नेपालको कल्पना छ। सहरमा मात्र होइन, गाउँ-गाउँबाट संस्कृत भाषा र राष्ट्रिय गानको विरोध भैसक्यो।

तसर्थ गणतन्त्रको बहस हामीहरूबीचको छलफलको विषयमात्र होइन। यो त गाउँ-गाउँमा र हरेक समुदायमा पुगिसक्यो। अहिलेको आन्दोलन धेरै गहिरो छ। यो कहिले सफल हुन्छ र गणतन्त्र कहिले आउँछ भन्ने मेरो सरोकारको विषय होइन। म



सडकमा झण्डा बोक्ने मानिस होइन, तर नेपालको राजनीतिबारे निरन्तर अध्ययन मननमा आफूलाई १७ वर्षदेखि लगाइरहेको छु। यस हिसाबले अहिलेको सन्दर्भ हिजोभन्दा फरक छ।

**छलफलको निष्कर्षसहित कार्यक्रमका अध्यक्ष तारानाथ दाहाल**

आजको बहस अत्यन्त संघर्षको क्षणमा सम्पन्न भयो। देशमा सशक्त आन्दोलनको तयारीको सिलसिला चलिरहेको छ। राज्य लोकतान्त्रिक आन्दोलनको शक्तिलाई दमन गरेर अगाडि बढ्द खोज्दैछ। तर चौतर्फी रूपमा आन्दोलन उठ्तैछ। आन्दोलनले गणतान्त्रिक र पूर्ण लोकतान्त्रिक मार्ग लिने संकेत दिइसकेको छ। प्रा. हाछेथुले जोड दिनुभएजस्तै राजाबिनाको तर लोकतान्त्रिक नेपालको निर्माणमा विचारको पुञ्ज विकास गर्न आन्दोलनकारी दलहरू अल्मलिएका छन्। राज्य दमनकै कारण आजका अवधारणापत्र प्रस्तोता पोखरेलजी यहाँ उपस्थित हुन सक्नुभएन। तैपनि प्रा. हाछेथुले उहाँको अभाव खट्किन नदिइकन छलफललाई विचारोत्तेजक बनाइदिनुभयो। उहाँसहित सबैलाई धन्यवाद !

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको तेस्रो शृंखला २०६२ माघ ९ गते प्रस्तुत विचारहरू)

शृंखला ४

# समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा दलितको सवाल

अवधारणा : पद्मलाल विश्वकर्मा
टिप्पणी : प्रा. कपिल श्रेष्ठ



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

देशमा अहिले लोकतन्त्रका लागि आन्दोलन चलिरहेको छ । हामी सबै त्यो आन्दोलनका सहयात्री हौं । प्रक्रिया जुन भए पनि हामीले बनाउने राज्यको संरचना भनेको सबै नेपालीको अधिकार सुनिश्चित भएको नयाँ पद्धति निर्माण गर्नुनै अहिलेको आन्दोलनको मुख्य उद्देश्य हो । राजनीतिक रूपमा पनि सबै शक्तिहरू पुरातन सोच बोकेको प्रजातान्त्रिक शक्ति नेपाली कांग्रेसदेखि नयाँ परिस्थितिमा आफूलाई रूपान्तरण गरेर बहुलवादी प्रणाली स्वीकारेर आएको माओवादीले समावेशी लोकतन्त्रका पक्षमा आउने भन्ने सहमति जनाइसकेको परिस्थितिमा समावेशी लोकतन्त्र कस्तो हुनुपर्छ भनेर हामीले वर्षभरि नै बहस चलाइरहने अठोट गर्‍यौं ।

आज हामी चौथो कार्यक्रममा भेला भएका छौं । मुलुकमा हेपिएको, दबिएको, उपलब्ध सुविधा र सेवाका अवसरबाट वञ्चित समूहमध्ये पनि सबैभन्दा बढी मूलधारमा आउन नसकेको समुदाय भनेको 'दलित' शब्दले व्याख्या गरिराखेको समुदाय नै हो भन्ने ठानेर हामीले आजको बहसलाई दलितका सवालमा केन्द्रित गरेका छौं । समावेशीकरणको कुरा गर्दा पहिलो समावेशी हुनुपर्ने र साह्रै पछाडि पारिएको समुदाय यही हो भन्ने हामीले ठान्यौं । दलितभित्र पनि धेरै सवालहरू होलान् हामी अहिले छलफल गरौंला । आजको बहसका लागि हामीले पद्मलाल विश्वकर्मा सरलाई अनुरोध गर्‍यौं । आन्दोलनको यो व्यस्त समयमा पनि हामीलाई अवधारणा पत्र तयार गरी दिनुभएको पद्मलाल सरले र टिप्पणीकार कपिल सर (श्रेष्ठ)लाई हामीले अनुरोध गरेका छौं । खुल्ला छलफलका लागि यहाँ उपस्थित सबै विद्वतजनहरूलाई आग्रह गर्दछौं । यहाँ भएको छलफललाई हामीले रेकर्ड गरिरहेका छौं । छलफल भएका विषयहरूको एउटा 'मोनोग्राफ' हामीले तयार गरिरहेका छौं । हामी त्यसलाई छापेर सार्वजनिक बहसका लागि ल्याउने प्रयास गरिरहेका छौं ।

## अवधारणा

सामन्तवादी हिन्दु सामाजिक संरचनाभित्र आधारभूत पेसा, व्यवसाय, सीप तथा कला क्षेत्रमा संलग्न रहँदै आएका कारण चरम जातीय विभेद र अमानवीय छुवाछूतको उत्पीडन भोग्दै आएको समुदाय नै दलित हो । भारतीय उपमहाद्वीपमा आर्यहरूले चलाएको वर्णव्यवस्था कालक्रममा 'वर्णाश्रमधर्म' (हिन्दु धर्म) बन्न पुग्यो । यसर्थ प्रारम्भमा वर्ण व्यवस्था अंगीकार गर्ने 'आर्य जाति' भित्र विविध कारणले जातिच्यूत गरिएका आधारभूत त तहका जनतामात्रै दलित थिए तर हिन्दु धर्मको विस्तार तथा हिन्दु आर्य राजा-महाराजाको शासनमा द्रविड र मंगोल नश्ललगायतका जनतामाथि पनि वर्णव्यवस्था र छुवाछुतको चलन लादियो । वर्ण व्यवस्थाभित्रको 'शुद्र' वर्णबाट हटाएर अजात तथा अछुत बनाएको समूह नै दलित हो । त्यसैले अछुतलाई वर्ण व्यवस्थाभित्रै समेटन कसै-कसैले 'अतिशुद्र' वा 'पञ्चमवर्ण' पनि भन्ने गरेको पाइन्छ । तर पञ्चमवर्णको उल्लेख शास्त्रहरूका गरिएको छैन ।

आजका जनजातिलगायतका गैर-आर्य जातिका समूहभित्र पनि छुवाछूतसहितको वर्ण व्यवस्था लादियो, परिणामस्वरूप अहिले खस, जनजाति एवं मधेसी समाजभित्र पनि दलितहरू छन् । यसैले 'दलित जाति' भन्नाले खस जातिभित्रका समूहमात्रै बुझिन्छ । तसर्थ खस, नेवारी (जनजाति) र मधेसीलगायतका समुदायबाट समेत अछूत बनाइएका समग्र समुदायलाई 'दलित' मात्रै मन्नु उपयुक्त हुन्छ ।

### जातपात र छुवाछूत प्रथाको उदय र विकास

भारतीय उपमहाद्वीपभित्र करिब २५ सय वर्ष अघिदेखि उदय भएको वर्णाश्रम व्यवस्थाभित्र करिब १५ सय वर्ष अघिदेखि जातीय छुवाछूत प्रथा पनि थपिएको पुस्टि हुन्छ । सामन्तवादी वर्णाश्रमी व्यवस्थाले आधारभूत श्रमिक एवं कलाकार तप्काका जनतालाई सदा-सर्वदा आर्थिक शोषण गर्ने ध्येयले छुवाछूतसहितको जातीय भेदभावको चरम दुर्व्यवहार हुँदै आएको कुरा कसैबाट लुकेको छैन । उच-निच एवं छूत-अछूतसम्मको स्तरीकरण दलित र गैरदलितबीचमा मात्रै सीमित नभई दलित-दलितभित्रै पनि विविधरूपमा कायम रहनुले शोषित-उत्पीडित समुदायबीचमा पनि आपसी विभाजन देखिन्छ, जसले गर्दा शोषण-दमनकाविरुद्ध एकताबद्ध विद्रोह हुन सक्ने स्थिति रहेन र, सिंगो समाजलाई जातपात र छुवाछूतको स्तरमा विभाजित गरी फुटाएर शासन गर्ने नीतिलाई हिन्दु सामन्तवादी वर्णव्यवस्था निरन्तर सफल रहँदै आयो ।

### नेपालमा जातपात र छुवाछूत प्रथा

नेपालको वर्तमान भू-भागमा जातपात र छुवाछूत प्रथा ईश्वी दोस्रो शताब्दीतिर लिच्छवीकालमा भारतबाट प्रवेश गरेको थियो । तेह्रौं शताब्दीतिर काठमाडौंका राजा जयस्थिति मल्लले बागमती उपत्यकामा अनि सोह्रौं शताब्दीमा गोरखाका राजा रामशाहले पहाडी भू-भागमा मनुस्मृतिमा आधारित छुवाछूतसहितको



जातपात प्रथा राज्यस्तरबाट लागू गराएका थिए । यही प्रथालाई प्रधानमन्त्री भीमसेन थापाले सामाजिक व्यवस्थाको नाममा स्थापित गराका थिए भने जंगबहादुर राणाले विक्रम सम्बत् १९१० देखि मुलुकी ऐन जारी गराएर कानुनी मान्यता दिलाए ।

वर्तमान नेपालको एकीकरण भएको २३७ वर्षयता यस मुलुकका दलितहरू हरढंगले वञ्चितीकरणको सिकार हुँदै आएका छन् । मनुवादी आर्थिक-सामाजिक संरचनामा दलितहरू समावेश हुने गुन्जाइस पटक्कै रहेन । दलितहरूका व्यवसाय, सीप एवं कलाकारिताका माध्यमले सिंगो समाज टिक्यो तर दुर्भाग्यवश त्यही समाजभित्र उनीहरू पशुभन्दा तुच्छ अजात-अछूत भएर बाँच्न विवश हुँदै आए । आर्थिक रूपमा शोषित, सामाजिक रूपमा तिरस्कृत, शैक्षिक अधिकारबाट वञ्चित, राजनीतिक रूपमा आवाजहीन अनि सांस्कृतिक रूपमा अपमानित अछूत रहनु परेको कारणले दलितहरू हजारौं-हजार वर्षदेखि असमावेशी हुन पुगेको प्रस्ट छ । कृषि-प्रधान मुलुकमा दलितहरू कुनै न कुनै रूपमा उच्च वर्ण र वर्गका श्रमिक दास बन्नु, उनीहरूका परम्परागत सीप-व्यवसाय र कलाकारितामाथि ठाडो शोषण कायम हुनु, सार्वजनिक स्थलको प्रयोग गर्नबाट वञ्चित हुनु र भूमि तथा साधन स्रोतको पहुँचको अभावमा बाँच्नु पर्नेजस्ता बाध्यताले गर्दा यस मुलुकका दलितहरू साँचो अर्थमा नागरिकको रूपमा फेरिन सकेनन् ।

२००७ सालको राजनीतिक परिवर्तनले स्वतःस्फुर्तरूपमा नेपाली समाजमा केही मात्रामा स्वतन्त्रताको आभाष छाए पनि वि. सं. १९१० को मुलुकी ऐनअनुसार नै मुलुक चल्यो । २००७ देखि ०४६ सम्मको अवधिमा केही दलितहरू सल्लाहकार सभा, राष्ट्रिय पञ्चायत सदस्य भए भने एकजना दलित राज्यमन्त्रीसम्म बन्न पुगे । २०४६ सालपछि राजा र पार्टीहरूद्वारा केही दलितलाई राष्ट्रियसभामा पुऱ्याइयो भने २०४८ को निर्वाचनबाट नेपाली कांग्रेसले एक जना दलितलाई प्रतिनिधिसभामा पुऱ्याएको थियो । तर वास्तविकता के हो भने राजनीतिक हिसाबले दलितको समावेशीकरण हुन सकेन ।

२०५८ को जनगणनाले कतिपय दलित समूहलाई सूचीबाट छुट्याएको भए पनि दलितको जनसंख्या १३ दशमलव १ प्रतिशत देखिन्छ । तर सही जनगणना हुने हो भने दलितको जनसंख्या मुलुकको जनसंख्याको एक चौथाइको हाराहारीमा छ । यसरी जनगणनाका आधारलाई मान्ने हो भने पनि हरेक आठ जनामा एक जना नेपाली दलित छ । जनसंख्याको समग्रतालाई २० प्रतिशत दलितको संख्या मान्दा हरेक पाँच जनामा एक जना नेपाली दलित भेटिन्छन् । दलितहरू नेपालमा गरिबमध्ये गरिबमा पर्छन् । ६० प्रतिशत दलित नागरिकताविहीन छन् । पहाडका ७७ दशमलव पाँच प्रतिशत र मधेसका ९५ दशमलव पाँच प्रतिशत दलित भूमिहीन भएको तथ्यांक गैरसरकारी निकायले *(भूमिमा दलित स्वामित्व,* २०६०, आत्मनिर्भर विकास मञ्च) देखाएको छ ।

### राजतन्त्र र दलित

सामन्ती ब्राह्मणवादी जातपात र छुवाछूत व्यवस्थाका निर्माता एवं पालनकर्ता हिन्दु राजतन्त्र नै हो । दलितका हकमा राजतन्त्र र लोकतन्त्र परस्पर

विरोधी कुरा हुन किनकी राजतन्त्र रहेसम्म जातपात र छुवाछूत कायमै रहने पक्का छ। स्वभाविक रूपमा राजतन्त्रले उच्च वर्ग र वर्णको प्रतिनिधित्व गर्छ। दलित बनाउनेले दलित मुक्ति गर्छ भन्नु बगरेले बाखाको हित गर्छ भन्नुजस्तै हो। जहाँसम्म समावेशी लोकतन्त्रको कुरा छ त्यो राज्यसत्ताको स्रोत जनता हुनुपर्ने अनि शासनका हरेक स्तरमा सर्व-समावेशी एवं समानुपातिक पहुँच कायम भए मात्र सम्भव छ। स्पष्टतः अधिकारविहीन राजा/रानी भएका मुलुकमा मात्र जनता सार्वभौम अधिकारसम्पन्न हुन्छन् र त्यहाँ लोकतन्त्रको कुरा सुहाउँछ। त्यस्ता मुलुकमा भने दलितहरूको अस्तित्व नरहेको हेक्का राख्नुपर्छ। तर जहाँ हिन्दु राजतन्त्र शक्तिको स्रोत छ त्यहाँ दलितले कुनै पनि मानेमा कतै पनि समावेशीकरणको कल्पना गर्न सकिँदैन। केही उच्च वर्ण र वर्गले भने शासनमा एक प्रकारको हिस्सेदारी पाउन सक्छन्। अतः दलितको समावेशीकरणको कल्पना राजतन्त्रको समूल अन्त्यसहितको समावेशी लोकतन्त्रको गणतन्त्रात्मक व्यवस्थामा मात्र सम्भव छ।

लोकतन्त्र स्थापित हुँदैमा दलितले सजिलै गरी समान एवं सम्मानजनक हिस्सेदारी पाउँछन् भन्ने पनि होइन। लोकतान्त्रिक गणतन्त्र स्थापित भइहाल्यो भने पनि हाम्रो जस्तो सामन्ती संस्कारबाट ग्रसित दलहरू र अन्य संस्थाहरू दलितहरूप्रति पूर्वाग्रही एवं जातिवादी सोचबाट सहजै मुक्त भइहाल्दैनन्। त्यसैले लोकतन्त्र साधन मात्र हो, साध्य होइन। यसका निम्ति राजनीतिक दलको सोचमा समेत आमूल परिवर्तन हुन आवश्यक छ। समावेशी लोकतन्त्र भन्नुको मतलब सर्वसमावेशी अर्थात् दलितसहित हरेक जनताले शासनमा तथा राज्यका हरेक क्षेत्रमा सम्मानजनक एवं समानुपातिक हिस्सेदारी पाउनु हो। आज सतहमा बहस भइरहेको समावेशी लोकतन्त्र कस्तो हुने ? दलितहरूले त्यस्तो नयाँ संरचनामा आफ्नो स्थान कहाँ र कसरी पाउने ? भन्ने चर्चा सान्दर्भिक छ।

**राज्यको पुनर्संरचनाका लागि संविधानसभा**

वर्तमान राज्यसंरचना सामन्तवादी तथा जातिवादी छ। त्यस्तो संरचना भत्काएर नयाँ किसिमको आर्थिक-सामाजिक-सांस्कृतिक संरचना निर्माण हुँदामात्र त्यहाँ दलितको स्थान खोज्न सकिन्छ। सार्वभौम अधिकारसम्पन्न जनताले निर्वाचित गरेका प्रतिनिधिहरूले संविधान निर्माण गर्ने अनि त्यसलाई जनअनुमोदन गर्ने जिम्मा पाएको जनप्रतिनिधिहरूको सभानै 'संविधानसभा' हो। आफ्नो शासनका लागि जनता आफैंले चुनेका प्रतिनिधिले बनाएको संविधानले मात्रै राज्यशक्तिको स्रोत जनतालाई बनाउँछ र त्यस किसिमको व्यवस्थामा मात्रै जनताको स्वामित्व, भाव र अपनत्व रहन्छ। दलितको कोणबाट पनि संविधानसभाको प्रतिनिधिको चयन सम्बन्धमा स्पष्ट हुन जरुरी छ। डा. कृष्ण भट्टचनले प्रस्ताव गरेजस्तै संविधानसभा दुई सदनको हुनुपर्छ। राजनीतिक दलहरूबाट समानुपातिक प्रतिनिधित्वका आधारमा चुनिने प्रतिनिधिहरूको एक सदन र जातीय, भाषिक, क्षेत्रगत हिसाबले चुनिएका प्रतिनिधिहरूको अर्को सदन हुनुपर्छ। पूर्णसभाको निर्णय प्रक्रिया सर्वसम्मति, मतदान र आवश्यक परेका सबालमा जनमतसंग्रहमा जानुपर्ने विषयहरूको निर्धारण गर्ने गर्नुपर्छ (मूल्यांकन, पुस २०६२)।



**समावेशी राज्यसंरचना**

**संघीय संरचना** : जातीय समानता, मर्यादा, सामाजिक न्याय र समान विकास अवसर, सम्बृद्धि र समउन्नतिका लागि नेपाललाई प्रदेशहरूमा बाड्नुपर्छ अनि जातीय स्वायततताका आधारमा संघात्मक व्यवस्थाको स्थापना दलित अधिकारका लागि पनि जरुरी छ। गोविन्द न्यौपानेले सोचेजस्तै भौगोलिक सम्भाव्यता, भाषिक स्थिति र जातीय उपस्थितिको आधारमा संघीय संरचना बनाउने र त्यसभित्र अधिकार सम्पन्न स्वशासित प्रदेशहरूको विभाजन जायज हुन्छ। जसअनुसार (१) किराँत प्रदेश (२) ताम्बासालिंग (३) नेपाः (४) तमुमगरात (५) खसान (६) थारूवान (७) भोजपुरी प्रदेश (८) मिथिला पर्छन् (नेपालको जातीय प्रश्न, २०००)। दलित एक जात समूह मात्र नभई क्षेत्रीय, भाषिक एवं जातीय हिसाबले समेत विभाजित छ। त्यसैले संघीय संरचनाभित्र जातीय, भाषिक र क्षेत्रगत स्वायतता र उपस्वायतताले दलितलाई समावेश गर्ने आधार प्रदान गर्छ।

**आत्मनिर्णयको अधिकार**

नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकार प्रयोग गरी छुट्टै देश बनाउने आशंकाले आत्मनिर्णयको अधिकारका विरुद्धमा कतिपय मानिसहरू उभिने गरेका छन्। तर हाम्रो परिप्रेक्षमा आत्मनिर्णयको अधिकारबाट स्वतन्त्र मुलुक खडा गर्ने कुरो आउँदैन, बरु संघीय संरचनाअन्तर्गत स्वायत्तता र उपस्वायत्तता निर्वाध रूपमा उपभोग गर्नका लागि यसको जरुरी छ। दलितहरूको हकमा स्वायत्त क्षेत्रभित्र आफ्नो जनघनत्वका आधारमा उपस्वायत्तता लिने वा संघको प्रत्यक्ष नियन्त्रणमा रहने भन्ने निर्णय गर्न सकिन्छ। परिस्थिति हेरी पुनर्विचार गर्ने हक पनि सुरक्षित हुन्छ। सिद्धान्ततः संघीयताबिनाको स्वायत्तता साँचो अर्थमा स्वायत्तता होइन। दलितहरूको आधिपत्य भएको ठूलो क्षेत्र छैन भनेर संघीय संरचना र आत्मनिर्णयको अधिकारको विपक्षमा उभिनु सैद्धान्तिक र व्यावहारिक दुवै हिसाबले बेठीक छ।

**दलित समावेशीकरणको लागि अरक्षण**

१) **राजनीतिक, प्रशासनिक एवं निजी क्षेत्रमा** : नीति निर्माण तथा कार्यान्वयन गर्ने सबै तहमा दलितहरूको समानुपातिक प्रतिनिधित्व गराउने गरी संवैधानिक रूपमा आरक्षित स्थान तोक्नुपर्छ। यो राजनीतिक पार्टीहरूका नेतृत्वका सबै तहका लागि पनि लागू गर्नुपर्छ। दलितहरूको जनसंख्याको समानुपातिक हिसाबले निर्वाचन क्षेत्र तोक्ने, दलित क्षेत्रबाट वा अन्य क्षेत्रबाट उठ्ने दोहोरो अधिकार दलितलाई रहनुपर्छ। दलित मतदातालाई पनि दोहोरै मताधिकार सुनिश्चित गरिनुपर्छ। केन्द्रमा प्रतिनिधिसभा र जातीयसभा हुनुपर्छ। जातीयसभामा सबै जात-जाति, भाषाभाषीलगायतका क्षेत्रबाट पुरुष र महिला ५० प्रतिशत हुने व्यवस्था गर्नुपर्छ। त्यसैगरी प्रतिनिधिसभामा ५० प्रतिशत आम मतदानबाट र ५० प्रतिशत जातीय, क्षेत्रीय, भाषिक, धार्मिकलगायतका समुदायबाट चुनेर ल्याउने व्यवस्था गर्नुपर्छ। स्थानीय स्तरको हकमा स्वायत्त क्षेत्रभित्र जनघनत्वको स्थिति हेरी दलितको एकलौटी वा अरूसँग संयुक्त भएको स्वायत्त क्षेत्र हुनसक्छ। संयुक्त हुनु परेको अवस्थामा दलितलाई सोही हिसाबको प्रतिनिधित्व हुनुपर्छ।

प्रशासनिक, न्यायिक, जंगी, कूटनीतिक तथा सुरक्षा निकायमा एवं अर्ध-सरकारी र निजी क्षेत्रमा दलितको जनसंख्याकै आनुपातमा आरक्षण सुनिश्चित गर्नुपर्छ। त्यसरी नै देशी तथा विदेशी रोजगारीका क्षेत्रमा समेत आरक्षण हुनुपर्छ।

२) **शिक्षा क्षेत्रमा** : सबै तहका शैक्षिक निकायमा छात्रवृत्तिसहित विशेष वृत्तिको व्यवस्था हुनुपर्छ। प्राविधिक शिक्षा र विदेशी शैक्षिक कोटामा दलितको सिट सुरक्षित गर्नुपर्छ।

३) **भूमि तथा आवासमा** : 'जसको जोत उसको पोत' नीतिसहित दलितलाई निर्वाहयोग्य भूमि वितरण, उत्पादनका अन्य साधनमा स्वामित्व, सहरी क्षेत्रमा घडेरी र घर बनाउने आर्थिक सहयोग, दलित बस्तीमा बाटो, बिजुलीलगायतका पूर्वाधारमा आरक्षण गरिनुपर्छ।

४) **मानवीय मर्यादा बहालीका क्षेत्रमा** : जातीय विभेद र छुवाछूतको व्यवहारलाई राज्य अपराध सरह कानुनी कारबाहीको व्यवस्थासहित सामन्ती संरचनाले निर्माण गरेको जातपात र असहिष्णुतालाई अन्त्य गर्ने संवैधानिक/कानुनी व्यवस्था गर्नुपर्छ। खास गरी राज्यका सबै तहमा रहेका न्यायिक निकायमा दलितहरूको समानुपातिक प्रतिनिधित्वको आरक्षण गरिनुपर्छ।

५) **स्रोतसाधन तथा उद्योग व्यापारका क्षेत्रमा** : राष्ट्रिय स्रोतसाधनको पहुँचमा आरक्षण तय गरी परम्परागत पेसा, कला तथा सीपका लागि आवश्यक स्रोतमा, कच्चा पदार्थ प्राप्त हुने बैंक, तयारी वस्तुको बजार, खेतीपातीका लागि आवश्यक पशु धन, सामग्री, बिउ-बिजन, मलखाद, खेताला खर्चसहित सुखा जर्ती वा अन्य नोक्सानीमा क्षति-पूर्ति दिने र कृषिबाट उत्पादित वस्तुको समेत आरक्षण हुनुपर्छ।

राज्यको नयाँ संरचनामा आरक्षण नीति लागू गर्दा ध्यान दिनुपर्ने कुरा के हो भने आरक्षण आवधिक हुनुपर्छ र आरक्षणभित्र आरक्षणको नीति लिनुपर्छ। दलितभित्रै उपजातीय हिसाबले अनि आर्थिक-शैक्षिक-सामाजिक हिसाबले पछौटेपनको आधारमा आरक्षण दिनुपर्छ। आरक्षण कार्यान्वयनका लागि केन्द्रदेखि तल्लो निकायसम्म दलितकै प्रतिनिधित्वमा संयन्त्र निर्माण हुनुपर्छ जसले आरक्षणको कार्यान्वयनमा देखापर्ने अनियमितता एवं दुरूपयोगलाई रोक्न सकोस्।

अन्त्यमा, बहसमा जारी समावेशी लोकतान्त्रिक राज्यको संरचनाका लागि अनेकौं चुनौतीहरू छन्। २०६१ मघ १९ को राजाको तानाशाही कदमपछि विकसित राजनीतिक स्थितिको निकासका लागि सहमतिको अन्तिम विकल्प संविधानसभा हुन पुगेको छ। यतिबेला सिंगो नागरिक समाजभित्रको दलित तप्का पनि सर्व-समावेशी लोकतन्त्र प्राप्तिको आन्दोलनमा समाविष्ट हुनुपर्ने समयको माग हो। लोकतान्त्रिक आन्दोनको विजयसँगै अपेक्षित समावेशी लोकतान्त्रिक नेपाल निर्माण हुनसक्छ। त्यहाँ मात्रै दलितको अधिकार सुनिश्चित हुने पक्का छ।

**प्रा. कपिल श्रेष्ठ**

प्रवृत्तिबाट मुक्त हुन अत्यन्त गाह्रो हुन्छ। जातीय वर्णाश्रमको व्यवस्थाको संरचना कसले बनायो ? त्यसलाई कसले प्रश्रय दियो ? निश्चय पनि राजाहरूले



आफ्नो स्वार्थका लागि कुनै विद्वान् ब्राह्मणलाई यो किसिमको बनाउन लगाएको हो भन्न सकिन्छ। यसैले गैरदलित सुविधाभोगीहरूमा पनि चेतनाको विकास हुनुपर्छ।

कहिलेकाहीँ म आरक्षणमा समस्या देख्छु। आरक्षणको बारेमा नेपाली समाजमा प्रगतिशील र प्रजातान्त्रिक व्यक्तिहरूसमेत स्पष्ट र खुला छैनन्। अझै पनि आरक्षणका नकारात्मक कुरामात्र अगाडि ल्याउँछन्। यो बुझिदैन कि हामीले दुई हजार वर्षसम्म गरेको उत्पिडन, दमनको ऐतिहासिक क्षतिपूर्ति, सामाजिकीकरणको क्षतिपूर्ति मागियो भने के हुन्छ ? अहिलेसम्म कुन दलित अथवा कुन महिला वा कुन जनजाति, कुन मधिसेलाई आलोचनात्मक नीति निर्माण केन्द्रमा राखिएको छ ? मैले शाह वंशलाई मात्र सोधेको होइन्। मल्लको कुरा पनि गरेको हुँ। त्यसबेला हामीजस्तै नेवारकै पूर्खाहरूले बनाएको हो।

हिजो बागमती, विष्णुमती अर्थात गनाउने ठाउँमा मात्र तथाकथित दलित च्यामेहरूको बस्ती बसाइएको थियो। अबलेर कामुले भनेका थिए- 'आइ रिभेइल्ड दियरफोर आइ एक्जिस्ट' हामी नेपालीले चाहिने ठाउँमा विरोध नगरेर भद्र भलाद्मी भएर बस्छौं। त्यसो गर्नु हुँदैन। बोल्नुपर्छ। पद्मलालजीले तीनवटा कुरा गर्नुभएको छ। एउटा राज्य पुनर्संरचना। राज्यको पुनर्संरचनामा समावेशी राज्यको कुरा गर्नुभएको छ, संघीय किसिमले। नेपाल नबुझेकाहरूले नै नेपाललाई एकीकृत नेपाल बनाएका हुन्। मैले कहिलेकाहीँ डा. हर्क गुरुङलाई भेट्दा भन्छु- 'प्रजातन्त्र आएपछि त तपाईंको बुद्धि पनि फराकिलो भयो। तपाईंले यो देशलाई पाँच विकास क्षेत्रमा बाँडेर हुँदै नभएको कुरा गरेको होइन ? तपाईं शक्तिमा हुँदा कहिले जनजातिका कुरा उठाउनुभएको थियो ? अधिकार भन्ने कुनै कुरा उठाउनु भएको थियो ? तपाईंले भौगोलिक जोड घटाउ बाहेक केही बुझ्नु भएको थियो ?'

तर,'डेमोक्रेसी इज ग्रेट लर्निङ एण्ड एडुकेटिभ एक्सपेरियन्स' हिजो हामी जतिसुकै प्रजातन्त्रवादी भए पनि, पञ्चायत फाल्न हिँडे पनि यो कुरा सिकेका थिएनौं। त्यतिखेर हामीले यी कुरा गरेनौं। इमान्दारीपूर्वक भन्ने हो भने पढ्यौं, तर यी कुरा पढेनौं। ०४६ सालबाट पढ्न थालेका हौं। अनेकअनेक कारणले जागिर खोसियो होला तर यो कारणले होइन।

पदमजीले आरक्षणको कुरा उठाउनु भएको छ। आरक्षणलाई ट्याबलेट र क्याप्सुलमात्र होइन भन्नुभएको छ। आरक्षण एकोहोरो मात्र भएर हुँदैन। बहुआयामिक हुनुपर्छ। आरक्षण कहिलेकाहीँ गलत परीक्षण, गलत उपचार र गलत औषधि जस्तो हुन जान्छ। त्यसैले आरक्षणको जटिलतालाई बुझेर आरक्षण नभई हुँदैन तर आरक्षणले परनिर्भरतालाई बढाउनु हुँदैन। आरक्षणले ठीक समयमा ठीक ठाउँमा जोड्न उपयोग गर्न सकिए त्यसले राम्रो परिणाम दिन सक्छ। दलितहरूको लडाइँ भनेको मानव अधिकारको लडाइँ हो। मानव अधिकारको लडाइँ भनेको 'राइट्स फर सेल्फ रेस्पेक्ट, डिग्निटी, इक्वालीटी, जस्टीस एण्ड पावर' हो। यसका लागि शक्ति नभई र मूल धारमा नआई हुँदो रहेनछ।

साथै, आन्दोलनको निरन्तरता र दिगोपनका लागि विदेशीको विचार अनि उनीहरूको हितबाट चल्नु हुँदैन। त्यसले 'प्रोजेक्ट' बन्न सक्छ। 'प्रोजेक्ट' चलाउने आधार बन्न सक्छ। तर 'प्रोजेक्टमुखी' सोचाइले न देशमा आन्दोलन हुन्छ न क्रान्ति

हुन्छ। उल्टो त्यसले लठ्याउने र बेहोस पार्ने औषधिको काम गर्छ। आन्दोलनलाई त्यसले मत्थर गर्छ। क्रान्तिलाई त्यसले गलत बाटोमा विमुख गराउँछ। दुःख भए पनि आफ्नै खुट्टामा अडिनुपर्छ। समाजका विवादास्पद क्रियाकलापहरूलाई चर्काउनै पर्छ। सुविधाभोगी वर्गहरू माझमै विवादमा गराउनुपर्छ। प्रजातन्त्र वा समावेशी लोकतन्त्रको डिङ हाक्नेहरूले मुखले मात्र होइन, काम गरेर देखाउने बेला भएको छ। अनि मात्र भोलिको राजनीतिको परिकल्पना साकार हुनेछ।

**डा. विद्याधर कोइराला (शिक्षाविद्)**

मेरा प्रश्नः तुम्बुआन वा अन्य कुनै जातिको संरचना बनायो भने काइदा हुन्छ भनिन्छ। मलाई नाउँ सुन्दैखेरी के लाग्छ भने जनजाति, दलित या अरू कसैलाई मात्र काइदा हुन्छ भने त्यहाँ समावेशी कसरी भयो ? तरिका के हो ? समावेश भनेको त म पनि उत्तिकै तागतवाल छु भन्ने स्थिति हो।

मैले यहाँ मलाई किन बोलाएको होला भनेर सोच्छु। ममा के छ भनेर गर्व गर्ने त्यो कुराकानीमा दलितलाई कसरी ल्याउने ? म त्यहाँबाट हेर्छु। दलितसँग भएको क्षमता, सीपलाई अगाडि ल्याउने बाटो के हो ? यदि त्यसो गर्न सक्ने हो भने समावेश गर्न सक्ने हाम्रो बाटो त्यो हुन्छ। त्यसैले म सीपमा गर्व गर्ने वातावरणको सिर्जना गर्नुनै समावेशी हो भन्ने ठान्छु।

जुन तागतले अहिले पद्मलाल सरले भन्नुभयो- 'त्यो तागत प्रत्येक दलितमा छ ?' पक्कै छैन। त्यसैले हाम्रो निम्ति शिक्षा पो अनिवार्य हो कि ? त्यसको निम्ति अगाडि कसरी जाने ? संरचना जे होला अहिले कै बस्ला, जनजातिले बनाएको संरचनाले के गर्ला। चुच्चे नाक र थेप्चे नाकले कसरी बनाउँछन् त्यसैबाट मेरो बुझाइ हुन्छ।

नरहरि आचार्यजी, डा. कृष्ण भट्टचन या गोविन्द न्यौपानेले के भन्नुहुन्छ- म त्यसको आधारमा विश्लेषण गर्छु। मेरो विश्लेषणमा दलितहरूलाई अनिवार्य रूपमा शिक्षा दिन सक्ने बाटो के हुन सक्छ भन्ने प्रश्न उठेको छ। अनिवार्य शिक्षामा दलितलाई फकाएर, तर्साएर या खानै दिएर बोलाउनुपर्ने अवस्था पनि छ। हामीसँग असाध्यै तरेली छन्। त्यो अवस्थालाई हेर्न सक्नुपर्छ।

त्यसैगरी हाम्रो मिजारहरूलाई विशेष रूपमा हेर्छु। म तराईका केही जिल्लाहरूमा घुमेंको अनुभवका आधारमा भन्नसक्छु- तराईका दलित भन्ने बित्तिकै ती पहाडका दलितबाटै हेपिएका छन्। हामीले हेरिसकेका छौं, के हो त्यो ? हाम्रो टाउकोमा पो रहेछन् कि कीरा फट्यांग्रा अथवा हाम्रो विचार कीराले खाएको हो कि ? टाउकोको कीरा फट्यांग्रा झिक्ने कसरी ? कपिल सरको कुरासँग सहमत हुँदै भन्छु- वास्तवमा 'रिफल्याक्सन' गर्ने। तर 'रिफल्याक्सन' मा कसरी ल्याउने ? युवा जमातसँग रिफल्याक्ट गर्ने ? मैले के-के अपराध गरें दलित, जनजाति वा महिलाका विरुद्धमा ? भन्ने खालका प्रश्नहरू बनाउनुपर्ने पो हो कि ? त्यो भयो भनेमात्र 'रिफल्याक्टिभ' मान्छे बन्छ। प्रयोगका दुनियाँ तब पो हुन्छ। रिफल्याक्सन गऱ्यो भने अर्को बाटो निस्कन्छ। मलाई लाग्छ समावेशीको अर्को ढंग त्यो हो।



अर्को कपिलवस्तु, महोत्तरी, सुर्खेतको केही ठाउँका दलित बस्तीमा हेर्दा मलाई के लाग्यो भने उनीहरू त्यहाँ सेवा खोजिरहेका छन्। तपाईं हामीले यहाँबाट जतिसुकै फलाके पनि उहाँहरूलाई सेवा चाहिएको छ। कस्तो सेवा ? उहाँहरूको नागरिकताको समस्या देखियो। त्यहाँ पैसा खाने मान्छेको जमात छ, चाहे मधेसको मान्छे होस् चाहे त्यो पहाडको। पहाडे र मधिसे होइन। पैसा कसले दिन्छ र कसले लिन्छ। घरमै नागरिकता पुऱ्याउने बाटो के हो ? सेवा घरमै लाने बुद्धि छ, हामीसँग ? यदि छ भने समावेश गर्ने तरिका त्यो हो।

दलितहरूका लागि उनीहरूका आवश्यकताको परिपूर्ति गाविसबाट गरौं कि गाउँ जनसरकारबाट गरौं वा गाउँ पञ्चायतबाट गरौं कि कसले गर्दा हुन्छ मलाई थाहा छैन। घरघरमा पुगेर सेवा दिनसक्ने उपाय हामीसँग छ कि छैन। यदि छ भने समावेशी साकार होला। नभए जतिसुकै कराए पनि समावेशी हुन सक्छ जस्तो मलाई लागेन।

अर्को दलितहरूलाई आन्दोलित गर्ने भन्ने सावलमा पनि रमाइलो पक्ष छ। तात्यो-तात्यो फेरि तातेपछि फेरि आफ्नै टाउकोमा आइपर्ला भनेर ठण्डा बनाउनुपर्ने। जस्तो आन्दोलनका नेताहरूले हामीलाई भन्नुभयो- 'हे मास्टर साहेबहरू अब तिमीहरूले राजनीतिका कुरा गऱ्यौ भने मुर्दावाद। विद्यार्थीहरू तिमीहरू यो गर्न पाउँदैनौं, कक्षामा जाओ।

तर अहिले एक्कासि आउनूस् भन्नुहुन्छ। के भनेको त्यो ? यसले के देखाउँछ भने कतिबेरसम्म हामीले दलितहरूलाई हाम्रै निम्ति आन्दोलनमा लगाउने हो ? उनीहरूका निम्ति उनीहरूलाई बोलाउने कसरी हो ? उनीहरूको निम्ति उनीहरूलाई कसरी सचेत बनाउने हो ? तिम्रो अधिकार यो हो भन्ने कुरा भित्तामा मात्रै लेखेर पनि काम हुने थियो। तिम्रो अधिकार छ। नागरिकताको राजनीतिक अधिकार छ। नभए चौबीसै घण्टा रेडियो वा क्यासेट बजाइ राख्ने र त्यति गरिदिने तागत हामीसँग हुने भयो भन्ने बुझाएमात्र सामवेश हुन सक्छ। नभए कल्पनामात्र हुने छ, मीठो कल्पनामात्र गरौं।

**वीरेन्द्रप्रसाद मिश्र (पूर्वनिर्वाचन आयुक्त)**

वास्तवमा यस अवधारणापत्रमा विश्वकर्माजीले गागरमा सागर अटाउनुभएको छ। आजको समाजको यथार्थ चित्रण गर्न सफल हुनुभएको छ। वर्ण व्यवस्था वास्तवमा आज मात्र होइन २५ सय वर्षदेखि आएको व्यवस्था थियो। त्यो व्यवसायको व्यवस्था थियो। आज पनि समाजमा विद्यमान छ। चाहे त्यो चीनको साम्यवादी समाज होस् वा अमेरिकाको बहुलवादी समाज। कुनै पनि समाजको संरचनाको अध्ययन गर्दा चार वटामात्र विभाजन हुन सक्छ। पाँचौंको गुञ्जाइस छैन्। ती हुन् पढाउने-लेखाउने, सुरक्षा गर्ने, खेतीपाती गर्ने र सेवा दिने। यो विभाजन अति वैज्ञानिक थियो। समाजमा पछि आएका विकृतिले जातीय भेदभावको अवस्थामा पुऱ्याएको हो। आजको अवस्थामा जातपातको उदय हुनुलाई कार्यपत्र प्रस्तोताले राजनीतिक र सामाजिक गरी दुई रूपमा व्याख्या गर्नुभएको छ। यसको अलावा मानोवैज्ञानिक पनि हुन्छ भन्ने मेरो मान्यता छ। यो राम्रो कुरा भनौं वा

नराम्रो, आजको समाज जुन अवस्थामा आएको छ, त्यो सबैको भित्री आधार मनोविज्ञान या मान्छेको सोच हो । प्रजातन्त्र आएपछि पनि यस्तै अवस्था भोग्न पर्नुको कारण पनि त्यही हो । उहाँको विश्लेषणमा आरक्षण भित्रको आरक्षणको कुरा छ । धेरै विषयगत विश्लेषण हो ।

दोस्रो, मेरो विचारमा दलितहरूको यो अवस्था हुनु ब्राह्मणवादी सोच होइन । किनभने ब्राह्मणवादी सोच भएको भए तराईका बाहुन राज्य सञ्चालनमा भाग लिन्थे । वेदानन्द झा, विदानन्द मिश्र पनि कुनै कुरामा कम थिएनन् । त्यसैले सम्पूर्ण बाहुन आएका छैनन् । त्यसैले यो ब्राह्मणवादी सोच होइन् । बरू यो आफूलाई ठूलो ठान्ने व्यक्तिको सोच हो । जड सोच हो । राज्यसंरचनाको कुरा गर्दा, दर्शनको विद्यार्थीको हैसियतले भन्नुपर्दा-प्रजातन्त्र भन्ने बित्तिकै समावेशी हुनैपर्छ र सम्पूर्ण हुनैपर्छ । स्मीथको भनाइ थियो- every determination is negation.

जब हामी कुनै कुरालाई सुनिश्चितीकरण गर्छौं भने त्यसले धेरै कुरालाई निषेध गरेको हुन्छ । प्रजातन्त्र समावेशी छैन भने प्रजातन्त्र नै हुँदैन । आजसम्म निर्वाचनका परिणाम हेर्दा त्यसलाई निर्वाचन भन्ने या नभन्ने, प्रश्न आउँछ । निर्वाचन भयो सरकार बन्यो । वास्तवमा त्यो निर्वाचनमा प्रजातान्त्रिक या लोकतन्त्रिक थिएन । किनभने समावेशी निर्वाचन भएन । सबै वर्ग त्यसमा सहभागी हुन सकेनन् । तिनीहरूलाई समावेश गर्नेतिर सोचिएन, अतः समावेशी शब्द नेपालमा मात्र होइन, पश्चिमी देशहरूमा समेत चलनचल्तीमा आएको छ । हामी कहाँ मात्र नयाँ शब्दका रूपमा आएको छ । प्रजातन्त्रलाई सम्पूर्ण प्रजातन्त्र भन्छौं । प्रजातन्त्र सम्पूर्ण अपूर्ण के हो म बुझ्दिनँ । प्रजातन्त्र छ भने त्यो पूर्ण हुनैपर्छ ।

क्षेत्रगत आधारमा वर्गीकरण गर्ने भन्ने विषयमा मलाई लाग्छ-कुनै क्षेत्रलाई बाँड्नुभन्दा हाम्रो जंनसख्याको आधारमा तिनीहरूलाई समावेश गर्ने दायित्व दलहरूलाई किन नदिने ? त्यो दोस्रो तहमा हो । पहिलो तहमा एक सय एक दल छन्, के ती सबैलाई समावेश गर्न सकिन्छ ? असम्भव छ । सबैलाई समावेश गर्न सम्भव हुँदैन । तर सकेसम्म समावेश गराउनु राम्रो हुन्छ र यो अनिवार्य पनि हो । २५ हजार जनसख्या भएको ५० भन्दा बढी जातजाति छन् होला, तिनलाई ज्यादाभन्दा ज्यादा कसरी समावेश गराउन सकिन्छ भन्नेतर्फ लाग्नुपर्छ । ८/१० क्षेत्रमा बाँडेर हुँदैन । क्षेत्र, उपक्षेत्र कति गर्ने ? कहाँसम्म गर्ने ? भन्ने निधो हुनुपर्छ ।

मेरो व्यक्तिगत धारणा के छ भने नेपाललाई सानो-सानो टुक्रा बनाएर ग्रीकको साना राज्यको अवस्थासम्म पुऱ्याउनु हुँदैन र, हुन पनि सक्दैन । जतिसक्दो बढी जातजातिलाई समावेश गर्ने सोच ल्याउनुपर्छ । दलहरूले कुनै पनि निकायमा यी जातजातिका प्रतिनिधिलाई ल्याउन नसक्नु असफलता हो, संकीर्ण मानसिकताको फल हो । अतः प्रजातन्त्रको अर्थ टुक्राटुक्रालाई एकीकृत गर्ने होइन, तिनीहरूलाई समन्वय कसरी गराउने भन्ने हो ।

**बिजुलकुमार विश्वकर्मा (पूर्वसांसद, राष्ट्रियसभा)**



दलित चौतर्फी मारमा परेको समुदाय हो । भूमि, आवास, धन सम्पत्तिविहीन हुनेहरूमा पनि यही समुदाय हो । अरू व्यक्तिहरू बस्न नसक्ने, नराम्रो र जोखिमपूर्ण स्थानमा यिनीहरूको बसोवास हुने गरेको छ । विभिन्न रोगव्याधीबाट सबैभन्दा बढी यिनीहरू नै मर्ने गरेका छन् । कुनै महामारी फैलियो भने ५० प्रतिशत त यही जातिका मानिस पर्छन् । यो सबै समस्याको कारण गरिबी हो । राजनीतिक क्षेत्रमा ठूला कुरा गरेर, मीठामीठा प्रलोभन देखाएर दलित समुदायलाई आफ्नो पक्षमा पारिन्छ । माओवादीमा अधिकांश दलितहरूकै सहभागिता छ । सेनामा शून्य दशमलव शून्य एक प्रतिशत होला । जागिर खाएकाहरूलाई पनि खतरा-खतरा ठाउँमा पठाइएको हुन्छ । प्रहरीमा पनि अति कमले जागिर पाएका छन् । तर, लडाइँमा मर्नेहरूमा यही जातिका बढी हुन्छन् । बाँचेकाहरूले पनि मरेतुल्य जीवन व्यतित गरेका छन् ।

यस जातिले धेरै अपहेलना भोगिसकेको छ । यहाँ धेरै व्यवस्था आए, विभिन्न काल-राणा, पञ्चायत, बहुदल काल काटेर अब नयाँ काल आउने अवस्था देखिएको छ । तर यी सबै काल पार गरिसक्दा पनि यो समुदायको समस्या ज्यूँ का त्यूँ हुनु अचम्मको विषय छ ।

नेपाली जनताको प्रतिनिधित्व गर्छौं, जनताको राजा हुँ भन्नेहरूबाट पनि न्यायपूर्ण काम भएको छैन । पहिलाका विभिन्न काल केलाउने हो भने बहुदलीय प्रजातन्त्र शासनकालमा केही सुधारका कुरा भएका हुन्, त्यसको सराहना गर्नुपर्छ । जस्तैः दलित विकास समिति, राष्ट्रिय दलित आयोग गठन भए । प्रतिनिधिसभामा पुगियो । राष्ट्रियसभामा अहिलेसम्म सात/आठ जना सांसद भइसके । पार्टीमा लाग्ने साथीहरू अहिले केन्द्रीय समितिमा पनि परेका छन् । यो सानो आशाको किरण हो ।

यो समुदायलाई बहुदलवादी नेताहरूले प्रजातन्त्रवादी चाहिँ बनाउन सकेनन् । लोकतन्त्रवादी बनाउन नसकेकाले अहिले अप्ठ्यारो परिरहेको छ । हाम्रा हरेक पार्टीका नेताहरूले सत्तामा गइसकेपछि दरबारलाई बढी प्यारो मानेको देखियो । प्रधानमन्त्री, मन्त्री र सभामुख भएपछि जनताभन्दा बढी माया दरबारलाई गर्ने परिपाटी नै बसेको छ । दरबारले पटक-पटक बहुदलीय प्रजातान्त्रलाई खान खोजेको उहाँहरूलाई राम्ररी थाहा छ । प्रजातन्त्रलाई राम्रोसँग हिँड्न र दिगो हुन दिएको छैन । पनि अर्को प्रजातन्त्रवादी नेताको सेखी झार्न दरबारको नजिक पुग्ने प्रवृत्ति नेताहरूमा देखिएकाले बहुदलीय प्रजातन्त्र खतरामा पर्दै आएको छ ।

जबसम्म जनजाति, आदिवासी, दलितलाई प्रजातन्त्रवादी बनाउन सकिन्न तबसम्म समस्याले निकास पाउन सक्दैन । प्रजातन्त्रवादी बनाउन सके जसले खोस्न खोजे पनि सक्दैन । तर दुःखको कुरा अझै पनि यी समुदायलाई हामी प्रजातन्त्रवादी बनाउनेतिर गएकै छैनौं, त्यसैले पटक-पटक दरबारले प्रजातन्त्र खाने गरेको छ । बाजेदेखि नातिसम्म आन्दोलनमा गयो, तर आन्दोलनबाट सही ठाउँमा पुग्न सकिएको छैन ।

अहिले आइरहेको समावेशी लोकतन्त्रको अर्थ पूर्ण प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्र भएको छ । यो समावेशी लोकतन्त्रमा नेपालका नेताहरू केन्द्रमा हुनुहुन्छ । उहाँहरू सबै मिलेर पिछडिएको समुदाय, गरिब, महिलालाई प्रजातन्त्रवादी बनाउन

सके राम्रो। जस्तैः भारतमा प्रजातन्त्र सेनानीहरूलाई भत्ता दिने चलन छ, प्रत्येक महिना पाँच/छ हजार रूपैयाँ दिने गरिन्छ। भत्ता दिइनाले प्रजातन्त्रमा केही तलमाथि हुँदा उनीहरूका नातिपनाति सक्रियतापूर्वक लड्न प्रेरित हुन्छन्। यहाँ पनि प्रजातन्त्र सेनानीहरूका परिवारलाई केही राहतको व्यवथा गरौं भनिएको थियो। तर हुन सकेन। बरु मन परेका मान्छेलाई एकमुष्ट पचास हजार रूपैयाँ दिने काम भयो। मन नपरेकालाई रित्तो हात फर्काइयो र, आफू-आफूबीच पनि फाटो आयो। अतः नेताहरूले दुरदर्शी किसिमले काम गर्न नसकेको परिणाम अहिले देखियो, दुःख भोग्नुपर्‍यो।

लोकतन्त्र या बहुदलीय प्रजातन्त्र भनेको संसारको सर्वोत्कृष्ट व्यवस्था हो। यस्तो सर्वोत्कृष्ट व्यवस्था हाम्रो देशमा किन असफल भयो ? यो नेताको गल्तीका कारण भएको हो। दलित समुदाय कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका सबैमा शून्यको अवस्थामा छ। लोकसेवा आयोगले लिने परीक्षामा एकै जातका ९० प्रतिशत, बाँकी १० प्रतिशतमध्ये तीन चार प्रतिशत क्षेत्री, आदिवासी हुन्छन्। त्यहाँ पनि दलितको प्रतिशत शून्य छ। जुन व्यवस्था आए पनि दलितको उत्थान हुन नसक्दा किन व्यवस्थाका पछाडि लाग्ने हो भन्ने तर्क पनि आउन सक्छ।

अहिले समावेशी लोकतन्त्रको वातावरण सिर्जना भएको छ। यो अवधारणा पहिले नै आएको भए प्रजातन्त्र धरापमा पर्ने थिए। लोकतन्त्र वा प्रजातन्त्रमा सार्वभौमसत्ता जनता रहन्छ भनिन्छ। तर, कुल जनसंख्याको २५ प्रतिशत संख्याको हितमा काम गरिनुपर्छ, यो प्रतिशतको सार्वभौमताबारे नेताहरूले बुझ्नुपर्ने बेला आएको छ। अतः जति व्यवस्था परिवर्तन हुँदै जान्छन्, त्यति दलित समुदायका दिन खुल्दै आएका छन्।

निरंकुश र तानाशाही राजा, व्यक्ति वा नेता जो भए पनि कद घट्नै पर्छ। जनताको कदमाथि आउनुपर्छ। यसतर्फ फ्रिडम फोरमले पहल गरोस्। दलित समुदाय सतप्रतिशत समावेशी लोकतन्त्र चाहन्छ। समावेशी लोकतन्त्र वा पूर्ण लोकतन्त्र, गणतन्त्रबाट नै दलित समुदायको उत्थान हुन्छ भन्ने विश्वास लिइएको छ।

**अधिवक्ता देशबहादुर सार्की (पूर्व सांसद– दलित प्रतिष्ठान)**

दलित समुदायमा इतिहास कालदेखिनै संघर्ष गर्ने तर भाग नपाउने वर्गमा पर्दै आएको छ। पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व वा पछि भएका घटनाले यस्तै देखाएको छ। विसे नगर्ची, बेखनारायण विश्वकर्मा, मणिराम गाइने र काले सार्कीलाई सहभागी गराएर नेपाल एकीकरण गरिए पनि त्यसपछि सबैले स्थान पाएनन्। अरूलाई राष्ट्रिय विभूतिका रूपमा राखियो, तर यिनीहरूलाई कुनै ठाउँ दिइएन, किन ? नेपाल-अंग्रेज युद्धमा अमरसिंह थापाको नेतृत्वमा लडे थापाको नाम इतिहासमा सुनौलो अक्षरले लेखियो। तर अंग्रेजहरूले नेपालमा आक्रमण गर्दा कताबाट सजिलो हुन्छ, काठमाडौं पुग्ने बाटो कुन हो भनेर बताइदिए बेलायतमा पैसा दिने प्रलोभन देखाउँदा पनि बांगे सार्कीले आफ्नो मातृभूमिमा पाइला टेक्न



दिन्न भनेपछि अंग्रेजको तातो गोली खाएर मर्नुपर्‍यो, तर उहाँका बारेमा अहिलेसम्म लेखिएको छैन।

दलितहरू राणा सरकारलाई धपाउन लागेकै हुन्। ०१५ साल, ०१७ साल वा ०४६ सालमा निरंकुश व्यवस्थालाई हटाउन दलितको योगदान बढी भए पनि उनीहरूका बारेमा कुनै चर्चा गरिँदैन्। अहिले पनि प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे भए पनि दलितको पक्कै भलो हुन्छ भनिन्छ। तर उनीहरूको वास्तविक जनसंख्या पत्ता लगाउने कामसमेत भएको छैन।

प्रतिशतको आधारमा आरक्षणको सन्दर्भमा भन्नुपर्दा २०४६ सालपश्चात् आरक्षणका नाममा केहीलाई मन्त्री र सांसद बनाइयो। केही पढेलेखेकाहरूलाई पाखा लगाइयो, हली बसेको, जुत्ता सिलाउने, बाली घरे कामीलाई अलमलाएर प्रलोभनमा पारियो। अहिले पनि शाही सरकारले केहीलाई सहायकमन्त्री बनाएको छ। तर यसले राज्यको एक चौथाइ दलितहरूको प्रतिनिधित्व गरेको छैन। जुनसुकै तन्त्र आए पनि हामीलाई अनिवार्य रूपमा आरक्षण चाहिन्छ। यसका लागि मन्त्रिपरिषद्बाट होइन्, संविधानमै आरक्षणको व्यवस्था हुनुपर्छ। साथै आरक्षण गर्दा पनि संसद् र तलदेखि माथिल्लो निकायसम्म प्रतिनिधित्व हुनुपर्छ।

**अधिवक्ता मीन विश्वकर्मा (प्राध्यापक-राजनीतिशास्त्र, त्रिवि)**

समावेशी प्रजातन्त्र हुने हो भने असमावेशी पनि हुन सक्छ। असमावेशी हुन्छ भने समावेशी पनि होला। होइन भने उपाधि दिएर प्रजातन्त्रकै शीर्षकमा छलफल चलाउनुपर्ला। प्रजातन्त्र, समावेशी, असमावेशी वा सहभागी के हुन्छ ? कसलाई दलित भन्ने ? दलितको परिभाषाको सवाल छ। युद्धमा हारेकाहरू दलित हुन कि ? धर्मच्यूत गरेकाहरू वा आस्थाच्यूत भएकाहरू दलित हुन् ? त्यस्तै, पेसा गरिरहेका वा छाडेकाहरू दलित हुन् ? विदेश र यहाँको तुलना गर्दा अन्य मुलुकमा छुवाछूत र भेदभाव छैन। हाम्रो देशमा भने राज्यले नै लादेको छ। मुलुकी ऐन १९१० मै उल्लेख भएका समुदाय अथवा २०२० सालको मुलुकी ऐनभन्दा अगाडि किटान गरिएका जात समुदायहरू जसलाई शुद्र, दलित, अछूत बनाइएको थियो। अहिले चाहिँ दलित भनियो।

पहिला राज्यको पुनर्संरचना एकीकृत बनाइएको थियो। संघीय राज्य बनाउँदा बाइसे चौबीसेलाई हामीले बटुलेका थियौं। अब यिनीहरूलाई पुनसंरचना गरी स्वायत्त दिने भनेको हो कि नेपालमा जातीय, भाषिक, सांस्कृतिक एकता खोजको हो ? मेरो विचारमा राज्यको राजनीतिक पुनर्संरचना गर्न खोजिएको हुनसक्छ। राजनीतिक पुनर्संरचना हो भने राजनीतिभित्र प्रशासनिक र संस्कृति राख्ने हो या संस्कृति र जातीय पुनर्संरचनामा जाने हो, यसको छिनोफानो गरौं।

यदि यस्तो होइन भने पद्मलाल सरले भनेजस्तो आठवटा संघीय राज्यको कल्पना गर्छौं, अनि फेरि बाहुनबाट आरक्षण माग्दै हुन्छौं। अब चाहिँ जनजातिको कति भाग पर्छ भनेर लाग्ने हो कि ? मेरो विचारमा राज्यको प्रत्येक नागरिकलाई बफादार सदस्य बनाउन सकियो भने त्यहाँ हरेक कुराको कल्पना गर्न सकिन्छ।

बफादार बनाउनको लागि राज्यको प्रत्यक्ष सम्बन्ध त्यो नागरिकसँग हुनुपर्‍यो, जसले एक्लै पनि आएर राज्यको हरेक संरचनामा आफ्नो अस्तित्व खोज्न सकोस् ।

समावेशी राज्य संरचनामा जनजाति र आत्मनिर्णयका कुराहरू पनि आएका छन् । आत्म निर्णयमा हरेक जनजाति समुदायले आफ्नो क्षेत्रमा उपभोग गर्दै आएको भाषिक, सांस्कृतिक, प्राकृतिक सम्पदामाथि निर्णय गर्ने अधिकार हुन्छ ।

राज्य छुट्ट्याउने अवधारणामा होइन, दलितहरूलाई दोहोरो मताधिकार दिने भनेर जटिल प्रक्रियातिर होइन सरल बनाउनुतर्फ लानुपर्छ । सजिलोचाहिँ उनीहरूलाई समानुपातिक सहभागिताको कुराबाट हुन्छ ।

राणाले कानुन लागू गरे । मल्लले दस्तावेज बनाए । जातपात हटाउने कुरा म मान्दिनँ । तर छुवाछूत हटाउँ । भेदभाव हटाऔं । जातचाहिँ कायम राखौं । अस्तित्व सबैले खोजेको हुन्छ । शरणार्थी भएर आफ्नै देशमा अस्तित्व राख्ने गरी वंशनाश हुनुहुँदैन । जात, थर, गोत्र, सबै कायम गर्नुपर्छ । Non territorial संघीय नीतिको व्यवस्था हुनुपर्छ । हाम्रो राज्यले अलिकति सुरु गरेको छ । स्थानीय स्वायत्त ऐन-२०५५ मा भएको सुशासनको कुरालाई लिनुपर्छ, राज्य नै छुट्ट्याउनेतिर जानु हुन्न ।

**कृष्ण पाठक (डानिडा ह्युगो)**

दलितका सवालमा राज्य पुनर्संरचना आवश्यक छ, त्यसमा समावेशीकरण हुनुपर्छ । तर समावेशी के-के कुरामा कसरी भन्ने स्पष्ट हुनुपर्छ । जस्तैः राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा समावेशी कसरी हुन्छ भनेर जानुपर्छ ।

समावेशीकरणलाई हाम्रो संस्कारजन्य कुरामा कसरी आत्मसात गर्ने ? संस्थागत गर्दै अगाडि लाने प्रक्रियागत कुरा आउनुपर्छ । राज्य पुनर्संरचना जस्तो भए पनि त्यहाँभित्र संलग्न हुने विषयमा दलितको कुरालाई हेर्नुपर्छ । संरचनाभन्दा पनि प्रक्रियाको हिसाबले कसरी समावेशीमा जानसक्छ भन्नेतर्फ बढी ध्यान दिनु आवश्यक छ । न्यायिक समानुपातिक रूपमा समावेशीकरण होला तर सयौं वर्षदेखि अन्यायको क्षतिपूर्तिसम्बन्धी केही जोडेर आउँछ कि ? दलित/दलितसँगै जाने कि ? अतः समावेशीकरणको प्रक्रिया, मूल्य, मान्यताका रूपमा चिन्तन गरौं । समाजको प्रतिबिम्ब नै हाम्रा नेता, दल हुन् । हामीमा लोकतान्त्रिक संस्कृति बन्यो भने हामी नै त्यही दलमा जाने हो । त्यही संसद् बन्ने हो । नेतालाई मात्र भनेर हुँदैन । हामीले यो लोकतन्त्र कसरी लान्छौं ? संस्थागत गरेर लान खोज्ने, मूल्य, मान्यता र प्रक्रियाका आधारमा लान खोज्ने र न्याय, अधिकारमा विश्वास गर्ने जमातले अबको लोकतन्त्रको स्वरूप, भूमिका किटान गर्नुपर्छ । त्यस्तै त्यही जमातले नै बुद्धिजीवी, नागरिक क्षेत्र, युवाको भूमिका तोकिदिनुपर्छ ।

**ज्ञानेन्द्र बोहरा (विद्यार्थी)**

कुनै मानिस सम्पन्न, शिक्षित, योग्य छ भनेमात्र समावेशी प्रक्रियामा आउँछ, त्यस्तो व्यक्तिलाई सामवेश गर्ने अवसर सबै पक्षले दिन सक्छ । जो अयोग्य, असक्षम, अशिक्षित छ, उ समावेश नै हुन चाहँदैन । दलितलाई अयोग्य भन्न खोजिएको होइन,



दलितको वास्तविक अवस्था र हामीले बहस गरेका सवाल अलि भिन्न छ । दलितहरूका लागि तत्काल भोको पेट, नांगो आङको समस्यालाई हेरिदिने कुरा प्रमुख हो । वेश्यावृत्ति गरेर जीविकोपार्जन गर्नुपर्ने स्थिति छ । तर हामी नदी पारी गइसकेकाहरूले नदी तर्न नसकेर वारी नै बसेकाहरूको बारेमा बहस गर्छौं । पारी तार्नेतिर ध्यानै दिँदैनौं ।

दलितहरूका लागि पुलको काम गर्ने र जानेबुझेकाहरूले वा जसले दलितको उत्थान गर्छु भन्छन् ती व्यक्तिहरूबाटै शोषण भइरहेको छ । दलितका निम्ति कार्यक्रम लिएर जान्छौं, तर लक्षित समूहमा पुग्दैन । यस्तो समयमा कसरी समावेशी लोकतन्त्रमा जान सकिन्छ ?

**हेमबहादुर किसान, विद्यार्थी (दलित आन्दोलनका कार्यकर्ता)**

लोकतन्त्र वा गणतन्त्र आउँदैमा दलितका समस्या समाधान भइहाल्छ भन्ने कुरामा मलाई विश्वास छैन । संविधानसभा चाहिन्छ, तर त्यसमा कसरी समावेश हुने ? संविधानसभाबाट निर्वाचित प्रतिनिधि भएर आउनेहरूमा दलितको समानुपातिक सहभागिता कसरी हुन्छ भन्ने विषय बढी आउनुपर्छ । समर्थन लिने या खोज्नेभन्दा पनि यो प्रक्रियाबाट संविधानमा जानुपर्छ भन्नेमा जोड दिनुपर्छ । संघीय संरचनामा दलित समावेशी भइहाल्छ भन्ने पनि निश्चितता छैन । एकीकृत संरचना कसरी हुन्छ भन्ने कुरा बताउनुपर्‍यो । जसले संघीय संरचना ठीक छ भनिरहेका छन् उनीहरूले संघीय संरचनाभित्र दलित कसरी समावेश हुन्छन् भनेर स्पष्ट खाका ल्याउनु पर्‍यो ।

संघीय संरचनामा अल्पमत जमातको समावेशी कसरी ? आरक्षण केन्द्रीय संरचना वा संघीय संरचनामा लागू गर्न सकिन्छ । यद्यपि, आरक्षण र विशेषाधिकार एकै होइन । आरक्षण सकारात्मक विभेद हुन सक्ला । समग्रमा दलितहरूप्रति हेरिने मानसिकतामा परिवर्तन हुनु जरुरी छ ।

२०४७ सालको संविधानमा सबै कुराहरू समेटिएका छन् तर व्यवहारमा कुनै कुरा लागू हुन सकेका छैनन् । सबै भएर केही नभएको जस्तो हुनु समस्या हो । अतः लोकतन्त्र आएपछि दलित समुदायले खाका तयार गर्नेतिर लाग्नु पर्ला ।

**हरिविनोद अधिकारी (शिक्षक एवं पत्रकार)**

समावेशी लोकतन्त्रको स्वरूप र संरचनाभित्र दलित एउटा मात्र विषय होइन । त्यहाँभित्र पनि धेरै पक्ष छन् । लोकतन्त्रमा के-के कुरा नपुग भएका छन् भने बहस सुरु हुनु राम्रो पक्ष हो । दलितको परिभाषा, क्षतिपूर्तिका बारेमा दलितबाट आएको सुझाव समावेशीका लागि हुनुपर्छ, त्यस्तो सुझाव अन्य फोरमबाट पनि आएको हुनसक्छ । बौद्धिक, शिक्षा, राजनीतिक रूपबाट आएका सबैले दलितप्रति गरिने भेदभाव छोडिसकेका छन् । हामीले जनै लगाउन छोडिसकेका छौं । दलितहरूले बाहुन भनेर गाली गर्न छोडिदिनुपर्छ । दलित-दलितबीचमै पनि समावेशी प्रक्रिया बनाउनुभयो भने राम्रो हुन्छ । दलित प्रताडित त छँदैछन् । दलितबाटै दलित महिला झन् प्रताडित छन् ।

**चक्रमान विश्वकर्मा (दलित आन्दोलनका कार्यकर्ता तथा पत्रकार)**

समावेशी लोकतन्त्रको छलफलमा दलितको क्षेत्रलाई समेटिदिएकोमा धन्यवाद। अहिले पनि धेरै परिभाषा आए, दलित शब्द किन राख्ने ? भन्ने विषय उठेको छ। दलितलाई कसरी लैजाने ? सबैभन्दा गरिब दलित नै भएको आइरहेको छ। यथार्थ के रहेछ। सिन्धुघाँटीमा लडाइँ भइसकेपछि द्रविडहरूलाई युद्धमा पराजित गरिएको हो। जस्तै मिश्रजीले पनि भन्नुभयो- 'वैदिककालमा वर्णाश्रम व्यवस्था थियो, तर छुतअछूतको व्यवस्था थिएन।' शुद्रको काम गर्नेले ब्राह्मणको काम गर्न सक्थ्यो। युद्धमा पराजित भइसकेपछि भने ती आर्यनहरूलाई क्रमशः शुद्रको काम गराउनु थियो र उनीहरूलाई शिक्षा, सम्पत्ति र सत्तादेखि वञ्चित गर्न थालियो। सोही कारण दलितहरू अहिलेसम्म पीडित भएका हुन्। मानव सभ्यतामा सबै एउटै परिवारका हौं भन्ने कुरा पनि आएको छ।

समस्या जाती व्यवस्थामा छ भन्नुको मतलब शोषण गर्ने माध्यम यही भएकाले जसले शोषण गरेर फाइदा लुटिरहेको छ, उ सबै कुरा बुझ्छ, तिनैले यस्तो कुरा छोड्न चाहिरहेका हुँदैनन्। अहिले पनि शिक्षित व्यक्तिबाटै दलितको अपहेलना हुने गरेका थुप्रै उदाहरणहरू पाइन्छन्। त्यसैले, जबसम्म दलितप्रति नकारात्मक चिन्तनको अन्त्य हुँदैन, तबसम्म कसरी लोकतन्त्रमा समावेशीकरण समावेश होला ?

दलितहरूलाई मूल प्रवाहीकरणमा ल्याउनमा दुईवटा कुरा अति चुनौतीका रूपमा आएका छन्। एउटा दलितको अस्तित्व स्वीकार नगर्ने र अर्को अस्तित्व स्वीकार गरे पनि नेतृत्व स्वीकार नगर्ने। यो मनोवैज्ञानिक कारणले नै दलितलाई नेतृत्वमा पुऱ्याइँदैन। हालै राजाले तीन जना व्यक्तिलाई मन्त्रीमा मनोनीत गरे। दलितलाई सहायकमन्त्री बनाइयो, उनको हैसियत माथि उठ्न दिइएन। दासहरूलाई किन नेतृत्व तहमा ल्याउने भन्ने हिन्दु मनोविज्ञानले काम गरिरहेको छ। यसले पनि लोकतन्त्रको आन्दोलनलाई अवरोध सिर्जना गरेको छ, यसतर्फ ध्यान दिनु जरूरी हुन्छ।

**अवधारणापत्रमा उठेका सवालहरूको जवाफ प्रस्तुत गर्दै पद्मलाल विश्वकर्मा**

वास्तवमा हामी संविधानसभा, समावेशी लोकतन्त्र, गणतन्त्रका धेरै कुरा गर्छौ। दलहरूले पनि गरेका छन्। तर संविधानसभा कस्तो हुन्छ भन्ने निश्चित 'रोडम्याप' छैन। हामी दलितले पनि आफैंलाई कसरी समावेशी लोकतन्त्रमा समाहित गर्ने भनेर केही बताइरहेका छैनौं।

म पनि राजनीतिको एउटा सिपाही हुँ, अतः यस बहसलाई मैले सिक्ने अवसरका रूपमा पनि लिएको छु। यो गम्भीर सबालमा अगाडि जाने कसरी भन्नेमा समस्या छ। पुनर्संरचनाभित्र जाने विषय महत्वपूर्ण छ। यो अवस्थामा Non teritorial fuedralism भित्र हामी पूरा रूपमा कसरी अट्छौं त भन्ने कुरा पूर्ण रूपमा आउनुपर्छ। जहाँ दलित, जनजाति, बाहुनहरू छन्, त्यहाँ मधेसीहरूको बाहुल्यता छ भने त्यहाँ दलितहरूले समानुपातिक हिस्सेदारी पाउँछ। यो सर्वमान्य मान्यता हो तर हामीले पाएका छैनौं। यसका लागि निश्चित प्रश्न र विषयहरूलाई सम्बोधन गरिनुपर्छ, नत्र पार लाग्दैन।

कृष्ण पाठकसँग म सहमत छु। तर बिजुलजीको भनाई छ कि बृहत् हुनुपर्छ। विद्यानाथ सरले उठाएका विषयहरूको समग्रताभित्र ध्यान दिनु राम्रो हुन्थ्यो। म त्यस विषयप्रति गम्भीर छु। वीरेन्द्र मिश्रजीको कुरामा समहति जनाउँदै मानसिक प्रभाव



दलितभित्र वा बाहिर सबै क्षेत्रमा उत्तिकै महत्वपूर्ण छ। चक्रमानजीले उठाउनु भएको परिभाषाको सन्दर्भचाहिँ के लाग्छ भने १९१० को मुलुकी ऐनमा कपाली, मानन्धरलगायतका जातजातिले आफूहरूलाई दलितभित्र राख्न नचाहनु भएको हो। त्यसैले दलित भनेका छुवाछूतको प्रथा भोगेकाहरूलाई भन्न खाजिएको हो। वास्तवमा कपाली, कुसुलेहरू, अन्य पोडे च्यामेमा छुवाछूत छैन भन्छन् भने त्यहाँ दलित छैन भन्ने बुझ्नुपर्छ। एक दलित एक आरक्षणको मुद्दा महत्वपूर्ण छ। मीनजीले उठाएका विषय महत्वपूर्ण छन् र ती बहसका विषय पनि हुन्। उहाँले संघीयभन्दा वर्तमान प्रणाली, जनजाति, मधेसभित्रका दलित, महिला, पिछडिएका समूह, भाषिक समुदायसँग पनि आफ्ना मुद्दालाई गाँसेर लगिएन भने कहिले पनि मुक्ति हुँदैन भन्ने तर्क राख्नु भएको छ।

दोहोरो मताधिकारको विषय नबुझ्नु भएको मात्र हो। दलितको उम्मेदवारलाई दिने अरूलाई भोट दिन नपाउने भयौं भने राजनीतिक प्रणालीमा हामी टाढा पर्छौं। आरक्षित कोटामा पनि राजनीतिक पार्टीकै तर्फबाट दलित उठ्छन्। त्यो राजनीतिप्रति इमान्दार भएकाहरूले नै पाउँछन्। स्वतन्त्र भएकाहरूले हार्छन्। डा. अम्मेडकरले दुईपटक हारेका थिए। उनी राजनीतिक पार्टीमा थिएनन्, किनभने राजनीतिक क्यापभित्रबाट मानिएर गएन भने राजनीति पनि बाँच्दैन र बहुदलीय शासन प्रणाली पनि बाँच्दैन। दोहोरो मत दिने अधिकार पाएनौं भने राजनीतिक पार्टीले हामीलाई गन्दैनन् किनभने दमाईकामीका आफ्नै उम्मेदवार छन् भन्ने हुन्छ।

दोहोरो ढंगको मताधिकार मान्यता चाहिन्छ। जनजातिसँग आरक्षण होस् या अन्य जो कोहीसँग होस्-राज्य सत्तामा हाली मुहाली गर्ने राष्ट्र प्रमुख वा राष्ट्रपति छ वा बहुमत हुनेसँग पनि यस्तो अधिकार माग्नु पऱ्यो। स्याङजा, म्याग्दी, सुर्खेत र दैलेखमा दलित धेरै छन् भने त्यहाँ बाहुनले आरक्षण माग्नुपर्छ, त्यो नियम नै हो। हामीले अधिकार खोज्नै पर्छ। संघीय संरचना विवादकै रूपमा उठ्ला भनेर सुनाएको हुँ। आत्मनिर्णयको अधिकारमा राजनीति वृत्तमा भएका नेताहरूले नमानेको पाएँ र अहुतीजीको नाम दिएँ। आत्मनिर्णय भनेको हामीले हाम्रो अधिकार कति लिने ? कहाँ राख्ने ? कसरी को सित बस्ने ? भन्ने निर्णय हो। यो चिज चाहिँदैन भन्नु गल्ती हो। आरक्षण, विशेषाधिकार अलग-अलग कुरा हुन्, यी आ-आफ्ना व्याख्याभित्र पर्छ। तर यी बीचको फरकबाट मैले समानुपातिक आरक्षणको कुरा गरेको छु। 'प्रोपर्सनल रिप्रिजेन्टेसन एण्ड रिजर्भेसन' सिद्धान्त बनेको छ। सबै प्रश्नकर्ता, विचारक र विश्लेषक, टिप्पणीकारले यी कुरा विभिन्न माध्यमबाट अगाडि सारे बाटो तय गर्न सहयोग मिल्ने छ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको चौथो शृंखला २०६२ माघ १६ गते प्रस्तुत विचारहरू)

शृंखला ५

# समावेशी लोकतन्त्रः स्वरूप र संरचनामा जनजातिको सवाल

अवधारणा : डा. ओम गुरुङ
टिप्पणी : डा. खगेन्द्रनाथ शर्मा



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

राजनीतिक संकट, लामो बन्द र स्थानीय निकायको निर्वाचनको नाटकका कारण हामीले दुई सातासम्म यो बहस कार्यक्रमलाई निरन्तरता दिन सकेनौं । बहसको यो शृंखलालाई जोड्ने क्रममा हामी पाँचौं शृंखलामा छौं । आज डा. ओम गुरुङले आदिवासी जनजातिका सवालमा अवधारणा प्रस्तुत गर्दै हुनुहुन्छ । उहाँ नेपाल आदिवासी जनजाति महासंघको महासचिव हुनुहुन्छ र लामो समयदेखि समानताको वकालत गर्दै आउनुभएको छ । अवधारणामाथि समीक्षा गर्न हामीले पाका राजनीतिशास्त्री र अनुभवी व्यक्तित्व डा. खगेन्द्रनाथ शर्मालाई अनुरोध गरेका छौं ।

समावेशी लोकतन्त्र आज राजनीतिक शक्तिहरूबीचको सहमतिको एउटै विन्दु बनिसकेको छ । कतिपय राजनीतिक दलहरूले त आफ्नो राजनीतिक दस्तावेजमा नै यसलाई अंगिकार गरेर राजनीतिक लक्ष्यको घोषणा नै गरिसकेका छन् । तर, यस बारेको बुझाइ भने सबैको फरक-फरक छ । राष्ट्रको खाँचोचाहिँ के हो त भनेर हामीले चिन्तन गर्नु जरुरी ठान्यौं । एउटा शान्तिपूर्ण, समृद्ध र सबै नेपालीले स्वाभिमानपूर्वक यो मेरो मुलुक हो भनेर भन्न पाउने गौरवशाली मुलुक बनाउनका लागि अहिलेदेखि नै साझा मतहरूका निर्माण गर्दै जानु आजको आवश्यकता हो ।

पूर्वन्यायाधीश आदरणीय लक्ष्मण अर्याललगायत सबैलाई स्वागत गर्दै कार्यक्रम अगाडि बढाउन चाहन्छु । अवधारणापत्र प्रस्तुत गरिदिनु हुन म ओम गुरुङजीलाई अनुरोध गर्छु ।

## अवधारणा

मानव समाजको विकास, विविधता, तुलनात्मक अध्ययनमा केन्द्रित हुन्छ, यो विषयवस्तुमा प्रकाश गर्न हम्मेहम्मे पर्छ । तर व्यवहार र अनुभवका आधारमा राजनीतिक कुराहरू आउँछ । मेरो प्रस्तुति अरूले बोलेका, लेखेकालाई बढी जसो आधार बनाएर हुनेछ ।

लोकतन्त्र भन्नासाथ सबैको लोकहरूको राज्य, नीति निर्माण, शासन प्रणालीमा सबैको समान सहभागिता हो । आम नागरिकलाई सार्वभौम बनाउनुपर्‍यो भन्ने हो । जनताका हक अधिकार सुनिश्चित गर्नु हो । तर जनजातिको दृष्टिकोणले लोकतन्त्रमा समावेशी लोकतन्त्र कस्तो के हुनुपर्ने हो भन्नेमा मेरो विचार केन्द्रित हुनेछ ।

नेपालका जनजातिको अवस्था कस्तो ? यद्यपि, जनजातिको बारेमा दिनप्रतिदिन विभिन्न चर्चा परिचर्चा सुन्दै आएको छ । तर कुनै पनि विषयवस्तुको थालनीले त्यस विषयलाई सहयोग नै पुगेको हुन्छ । नेपालको समाजिक बनोटमा कुल जातिजनजातिको परिशिष्टि सूची हेर्दा २००१ को जनगणनाको तथ्यांकले नेपालमा एक सय एक जातजाति देखाएको छ । यो नेपालको सन्दर्भमा पहिलो उदाहरण हो । त्यसभन्दा अघि देशको नीति नै एकल भएकाले जातजाति, भषाभाषी, धर्मालम्बीहरूको आंकडा देखाइँदैनथ्यो । २०४६ सालको आन्दोलनपछि यसतर्फ सीमित प्रजातान्त्रिक हक अधिकार व्यवस्था भएपछि त्यस खालको वातावरण बनेको हो । नेपालको विविधतालाई सर्वप्रथम संविधानले अंगीकार गर्‍यो र त्यसको आधारमा यस खालको जनगणना देखा परेको हो । १ सय १ जनजातिमध्ये ५९ वटा जनजाति राज्यले पहिचान गरी कानुनी हिसाब वा मान्यता दिएको छ ।

पहिला ६१ वटालाई मान्यता दिइएको थियो । पछि दुइटा जातजाति एउटै समुदायको थर परेर ५९ हुन पुगेको हो । तर २००१ को जनगणनाले ४३ वटा जनजातिको तथ्यांक निकालेको छ । जस अनुरूप पनि नेपालको कुल जनसंख्याको ३७ दशमलव दुई प्रतिशत छ । यस हिसाबले जोड्दा पनि जनजातिको जनसख्या ४ लाख पुग्छ । पहिला जनजाति कसलाई भन्ने विषयमा पनि विवाद थियो । तर २००१ को कानुनमा राज्यले आदिवासी जनजाति कसलाई भन्ने भनेर उल्लेख गरेको छ । नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ ले परिभाषा गरेको छ । सोअनुसार, जातजातिहरू जसको आफ्नै छुट्टै भाषा छ । भौगोलिक क्षेत्र, धर्म, संस्था, छुट्टै लिखित, अलिखित इतिहास, जो हिन्दु वर्ण व्यवस्थाअन्तर्गत पर्दैनन् । जसको बनावट एक किसिमको समान धरातलमा आधारित छ । मूल्य मान्यता छ । जसले आफूलाई जनजाति भनेर छुट्टै पहिचान दिने सांस्कृतिक विशेषताहरू देखाउँछ । जो राज्यको राजनीतिक, प्रशासनबाट अगल भएको त्यो खालको समुदायको जनजाति मानिनेछ ।

त्यसमा ५९ वटा समुदाय परिभाषीत छन् । तिनीहरू राजपत्रमा सूचीकृत छन् । ती जनजाति नेपालका सबै जिल्लामा छरिएर बसेका छन् तर उनीहरूको सघन बसोबास नेपालको पूर्वदेखि पश्चिम क्षेत्रसम्म छ । सुदूरपश्चिम क्षेत्रमा जनजातिको बसोबास पाइँदैन् । २७ वटा जिल्लामा जनजातिको बाहुल्यता छ । यो



जनजातिको विशेष पहिचान हो ।

जनजातिले सुरुदेखि महसुस गरेको र मागेको के हो भने राज्यको नीति निर्माणको तहमा जनजातिको प्रतिनिधित्व भएन, सहभागिता, समावेशी भएन् । यस किसिमको अवस्थाले गर्दा जनजातिहरू दिनप्रतिदिन सिमान्तिकृत बन्दै गएका छन् । उनीहरूले गरिबीको सामाना गर्नु परेको छ । यसको लामो इतिहास छ । पृथ्वीनारायण शाहले यो राज्यको भौगोलिक एकीकरण गरेदेखि नै यता सुरु हुन्छ, जनजातिहरूको महसुस । राज्यबाट बहिष्कृत हुनु परेवापत उनीहरूले राज्यको एकल नीति चाहेर वा नचाहेर जबरजस्ती स्वीकार्नु परेको छ ।

एकल नीति भन्नाले नेपाल भनेको एउटा राष्ट्र हो, एउटा भाषिक देश हो । जहाँ खस भाषा मात्र बोले पुग्छ । नेपाल भनेको एउटा धर्म माने पुग्छ, हिन्दु धर्म । नेपालको एउटा मात्र हिन्दु संस्कृति छ भन्ने मान्यताले गर्दा देशको विभिन्न भागमा छरिएर बसेका, स्वायत्त र स्वतन्त्र जीवनयापन गरिरहेका आफ्नै खालका विशेषता, मौलिकता, आर्थिक, समाजिक प्रणाली भएका जनजातिको जीवनमा राज्यको अतिक्रमण चर्को रूपमा परेपछि उनीहरू विभेदको सिकार भएका छन् । राज्यबाट गरिएको विभेद जातीय आधारमा छ । भाषिक आधारमा छ । धार्मिक आधारमा र क्षेत्रीय आधारमा पनि विभेद भएको छ ।

विभेदपूर्ण नीतिका कारण जनजातिहरूले भूमिमाथिको परम्परागत अधिकार गुमाउनु परेको छ । प्रकृतिक स्रोत र सम्पदामाथिको उपभोग गर्ने 'कस्टोमरी' अधिकार गुमाउनु परेको छ । ती अधिकारहरू गुमाएपछि जनजातिहरूको संस्कृति, भाषा पहिचानमात्र हरण भएन, कतिपय जनजातिको भौतिक पहिचान नै नष्ट हुन पुगेका छन् । उदाहरणका लागि कुसुन्डा । यो जनजाति मध्येको एउटा जाति हो । कुसुन्डाको संख्या कति छ ? यिनीहरू कहाँ बस्छन् ? कसरी जीविकोपार्जन गर्छन् ? भन्ने खोजीको विषय भएको छ । हामीले खोजेअनुसार सबैलाई थाहा पनि होला तनहुँमा राजामामा पाइयो, एक्लो मात्र । उनको सन्तान वृद्धि होस्, भनी जनजाति प्रतिष्ठानले अक्षय कोषको स्थापना गरेको छ । विवाह गरेको छ । दुई घर प्यूठान र दुई घर दाङमा पाइएको छ । वास्तवमा कुसुन्डा दुई चार घर मात्र होइनन् । तर उनीहरूले राज्यको नीतिको कारण भाषा, संस्कृति त्याग्ने र फेर्दै गएका हुन सक्छन् । उनीहरू सामाजिक, भाषिक, सांस्कृतिक र भौगोलिक हिसाबले विस्थापित भए ।

राउटेहरू पनि अहिलेसम्म जंगलमा बस्छन् । प्राकृतिक स्रोत, वन, जंगल उनीहरूको जीवनयापनको प्रमुख माध्यम हो । तिनीहरू अझै जंगली अवस्थामा छन् । चेपाङहरूमध्ये वनकरिया १३ वटा परिवारमात्र पहिचान भएको छ । फ्रि भन्ने जातिको सूचीकृत त गरिएको छ, तर कहाँ छन्, को हुन भन्ने पत्ता लगाउन सकिएको छैन । त्यसकारण कतिपय जातिको भौतिक पहिचान नै समाप्त हुने गरी राज्यले विभेद गरेको छ । यो विभेदबाट जनजाति पछाडि परेका छन् ।

यो किन भयो भनेर स्वदेशी र विदेशीहरूले गरेको अध्ययनले तीनवटा तथ्य औंल्याएका छन् । ती हुन्-कानुनी, सांस्कृतिक र संस्थागत तत्व । जसले जनजातिलाई राज्यको मूल प्रवाह या राष्ट्रिय जीवनबाट विभेदमा पारेको छ ।

संस्कृतिक तत्व भन्नाले एकल सांस्कृतिक नीति हो । एउटा राष्ट्र भनेको

सार्वभौम जनताको हो, तर यहाँ राजालाई राष्ट्र भनेर परिभाषित गरिएको छ। त्यसकारण राष्ट्रको सेवा गरौंभन्दा जनताको नभई राजाको सेवा गरौं भनेर अर्थ्याइन्छ।

नेपालमा एउटै राष्ट्र छ त्यो भनेको नेपाली हो भन्ने खालले विश्लेषण गरिएको छ। एउटै भाषा खस, एउटै धर्म हिन्दुको संस्कृतिकरणले गर्दा जनजाति वर्गीकरण भए। उनीहरूको भाषा, संस्कृति, मूल्य र मान्यतालाई राज्यले अंगीकार गरेन। यस्तो नीतिलाई १९१० को मुलुकी ऐनले कानुनी मान्यता दियो। नेपालको सामाजिक संरचनालाई सोपान पाँचवटा शृंखलाबद्ध रूपमा बाँड्यो। सबभन्दा माथि ब्राह्मणलाई राखियो। त्यसपछि क्षेत्री, वैश्य, शुद्र। शुद्रमा पनि दुइटा। जनजातिलाई पनि बीचको भागमा राखिएको छ। जनजातिलाई पनि दुई भागमा बाँडिएको छ- मासिने र नमासिने। एउटालाई कमारा-कमारी बनाए हुने, जसअन्तर्गत भोटे, तामाङ पर्छन्। मासिनेभित्र भन्दा अलगचाहिँ मगर, गुरुङ, लिम्बू। उनीहरूलाई तागाधारीको नाम दिइयो। र, उनीहरूको संस्कार, संस्कृतिलाई कानुनले निर्मूल गरेको छ। हिन्दु धर्म संस्कृतिअनुसार गाईको मासु खान नहुने, आफ्नो मातृभाषा भोटे बोल्न नपाइने प्रावधान कानुनले नै गऱ्यो।

कुनै पनि व्यक्तिको अपराध कानुनतः दण्डनीय छ भने व्यक्ति या जातिको आधारमा फरक दण्ड दिनु नहुनेमा कानुनतः ब्राम्हणले अपराध गरे, उसको चारपाटा मुड्ने, सुंगुर बोकाए पुग्ने, जनजातिले अपराध गऱ्यो भने मृत्यु दण्ड या ज्यान सजाय दिने चलन मुलुकी ऐनले नै गऱ्यो।

सांस्कृतिक भेदभावलाई कानुनले वैधानिकता दियो र त्यसलाई संस्थागत गरियो। २०१९ सालको मुलुकी ऐनले भने जातजातिमा आधारित भेदभाव हटाएको छ। तर व्यवहार ठीक उल्टो छ। २०४७ सालको संविधान बनेपछि केही उदारखालको कानुन बन्यो। त्यसमा नेपालको विविधतालाई स्वीकार गरियो। नेपाललाई बहुभाषिक, बहुसांस्कृति देशका रूपमा स्वीकार गरियो। तर पनि नेपाललाई बहु-धार्मिक भनिएन। नेपाललाई हिन्दु अधिराज्य नै भनियो। मूल कानुनबाटै विभेद निम्त्याइयो।

मुलुकलाई बहुभाषिक भनिए पनि नेपाली खस भाषालाई राष्ट्र भाषा र सरकारी कामकाजको भाषा बनाइयो। अनि, जनजातिका भाषालाई राष्ट्रिय भाषा भनियो र सरकारी प्रयोजनका लागि त्यसको प्रयोग नगर्नु/नगराउनु भनियो। अतः यस किसिमको जातीय, धार्मिक, भाषिक, र क्षेत्रीय हिसाबले विभेद रहिरहेको अनुभव गरिएको छ। विभेद किन भयोभन्दा नीति निर्माणको तहमा जनजातिको सहभागिता, प्रतिनिधित्व नभएर। उनीहरूको समावेशी हुन सकेन्। त्यसैले जनजातिहरूले के अनुभव गर्न बाध्य भएका छन् भने देश हाम्रो भए पनि राज्य हाम्रो होइन। किनभने राज्यले सबैलाई समेट्न सकेन्। राज्य विभेदकारी भयो। राज्य त्रुटिपूर्ण भयो। त्यसकारण हाम्रो मूल मुद्दा राज्यको पुनर्संरचना हुनुपर्छ। तर पुनर्संरचना कसरी हुने भन्ने विषय आउँदा नेपाल विविध संस्कृतिले भरिएको देश भएकाले सबै खालको भाषा, धर्म, संस्कृति, जातजाति, समूह अट्ने समावेशी हुनुपऱ्यो। हामी सबै अट्ने राज्य पुनर्संरचनाको वकालत गर्छौं।



समावेशी प्रजातन्त्रको कुरा त राजनीतिक आन्दोलनकर्मीदेखि लिएर सबैले गरिरहेका छन्। प्रजातन्त्र वा लोकतन्त्रमात्रले पुगेन भनिएको छ। लोकतन्त्र भन्नासाथ त्यहाँ आवधिक चुनाव हुन्छ। सबैले मतदान दिन पाइहाल्छन्। सबैको प्रतिनिधित्व हुन्छ। अनि जसको संख्या बढी हुन्छ, त्यसले नै देशको हरेक क्षेत्रको जिम्मा लिन्छ। जसले जित्छ, त्यसले सबै पाउँछ। त्यसैले अहिलेसम्मको राज्य व्यवस्थामा एक जनाले मात्र बहुमत ल्याए पनि उसले सबै राज्यको राजनीतिक र प्रशासनिक शक्ति हड्प्ने मोडल छ। यो मोडेल बेलायतको हो। यो मोडेल अहिलेको सन्दर्भमा व्यावहारिक र उपयुक्त छैन। त्यसकारण समावेशी हुनु पऱ्यो।

राजनीतिक हिसाबले जनजातिलाई मात्र समेटेर हुँदैन। समावेशीमा नीति निर्माणमा उनीहरूको प्रतिनिधित्व हुनुपऱ्यो। त्यो प्रतिनिधित्व प्रभावकारी हुनुपर्छ। एउटा मानिस राखेर हुँदैन।

पूर्ण सहभागिता नीति निर्माणको तहमा, राज्यको मूल राजनीतिमा र समाजिक हिसाबले पनि हुनुपऱ्यो। हाम्रो समाजको संरचना विविध छ। यो विविधतालाई प्रतिनिधित्व हुने खालको, समावेशी हुनपर्छ। समावेशी व्यवस्था भाषिक हिसाबले सबैको भाषाको विकास र संरक्षण हुने लोकतान्त्रि हुनुपऱ्यो। तिमीहरूले आफ्नो भाषा बोल्न पाउँछौं, संरक्षण गर्न सकिहाल्छौं भनेर राज्य तर्किन पाउँदैन किनभने कुनै पनि जातजातिको भाषा संस्कृतिको संरक्षण गर्ने जिम्मेवारी राज्यको हो। त्यसर्थ सबै भाषाभाषीलाई उचित किसिमको सम्मानको लागि राज्यले वातावरण सिर्जना गर्नुपर्छ। यसको सुनिश्चितता गर्नुपर्छ।

बहुभाषिक समाज र बहुभाषिक देशको प्रशासनिक क्षेत्रहरूमा जहाँ जुन जातिको बाहुल्यता छ त्यहाँ सरकारी काम, शिक्षा, संचारमा बहुभाषाको प्रयोग गर्नुपर्छ। धार्मिक हिसाबले पनि एउटा जातको एउटा धर्मलाई राज्यले प्रधानता दिने, अन्य जातिको धर्म, संस्कार, मूल्य र मान्यतालाई निरुत्साहित गर्ने काम गर्नु भएन। सबै धर्म र संस्कारको विकास हुनुपऱ्यो। धर्म निरपेक्षता हुनुपऱ्यो। तर धर्म निरपेक्षको अर्थ हिन्दु धर्म त्यागेर बौद्ध धर्म अपनाउने भनिएको होइन। धर्म मान्ने/नमान्ने व्यक्ति र समुदायको आस्था हो। त्यो आस्थाको विकास र प्रबर्द्धनको वातावरण राज्यले निर्माण गर्नुपऱ्यो। हिन्दु, मुस्लिम, किराँत, बौद्ध अन्य सबैलाई समान किसिमले राज्यले मान्यता र सम्मान गर्नुपर्छ। प्रशासन, न्यायपालिका, कार्यपालिका र शिक्षा सबै क्षेत्रमा समान समावेश हुने वातावरण राज्यले सिर्जना गर्नुपर्छ। यही सिद्धान्त मधेसी दलितहरूलाई पनि लागू हुन्छ। क्षेत्रीय आधारमा पनि लागू हुनुपर्छ। हामीले हाम्रा क्षेत्रबाट उठाएका कुरा यिनै हुन्। यी कुरा उठाउँदा हाम्रा आलोचकहरू नेपालमा कति वटा भाषा चलाउने, कतिवटा धर्म मान्ने, कतिवटा संस्कृति मान्ने ? यो त राज्य विखण्डन हुने कुरा हो, साम्प्रदायिक कुरा हो, यसले राष्ट्रलाई टुक्राउँछ भन्छन्। तर हाम्रो मान्यता विविधता राज्यको समस्या होइन, विविधताका आधारमा कुनै पनि देश टुक्रिएको उदाहरण छैन। हो, एक दुईवटा देशमा समस्या आएका छन्, तर ती अत्यन्त साम्प्रदायिक भएर हो।

नेपालको कुरा गर्ने हो भने अहिलेको राज्य साम्प्रदायिक छ। एउटा भाषा, धर्म, संस्कृतिभन्दा फरक भएकालाई सम्मान गरिदैन्। राज्यले साम्प्रदायिक नीति

लिएको छ। विविधता भनेको स्रोत हो। विविधताले साम्प्रदायिक ल्याउँदैन। यसलाई स्वीकार गरियो भने यसले सद्भाव ल्याउँछ, मित्रता बढाउन सक्छ, जातीय एकता बढाउन सक्छ। त्यसकारण नेपालको राष्ट्रिय संस्कृति भनिएको छ। त्यसमा कुनै पनि एउटा जात, एउटा वर्ग समूहको बोलाबाला हुनुहुँदैन। सबैको जोड हुनुपर्छ। सबैको समान विकासको अवसर हुनुपर्छ भन्ने हाम्रो माग हो। यस्तै लोकतन्त्र अहिले राज्यलाई अपरिहार्य छ। अहिले भइरहेको राज्य प्रणाली, राज्य व्यवस्था विभेदकारी भएकाले यो खालको शासन प्रणाली कायम रहेसम्म एक वा अर्को प्रकारको द्वन्द्व निरन्तर रहिरहन्छ भन्ने हामीलाई लागेको छ।

अहिले देशमा माओवादी सशस्त्र द्वन्द्व देशमा चलिरहेको छ, त्यो सामाजिक असमानता र विभेदको उपज हो भन्ने हामीलाई लागेको छ। यस खालको विभेद र द्वन्द्वलाई अन्त्य गर्ने समावेशी लोकतन्त्रले हो। यसलाई राज्यले पूर्ण रूपमा अंगीकार गर्नुपर्छ। सबैको प्रतिनिधित्व, सहभागिता भए राज्यले द्वन्द्व हटाउन सक्छ र राज्यको विकास पनि हुन सक्छ। तर कस्तो संरचना हुने भन्ने प्रश्न आउँछ, यसबारे धेरैले भनिरहेकै छन्- 'संघात्मक राज्य प्रणाली नै अहिले नेपालका लागि उपयुक्त हुन्छ।' कसैले एकात्मक राज्यअन्तर्गत पनि जाति-जनजाति, भाषाभाषीहरूको अधिकार सुरक्षित हुन सक्छन् भन्ने मान्यता बोकेको देखिन्छ।

धेरैले संघात्मक प्रणालीको कुरा उठ्दा स्विट्जरल्यान्ड र भारतको उदाहरण दिने गरेका छन्। राज्यको संरचना कस्तो हुनुपर्छ भनेर हामी जनजातिहरूबीच पनि राष्ट्रिय बहस चलिरहेको छ। हालै हामीले गरेको एक बहसमा कार्यपत्र प्रस्तोताहरूले राज्यपुनर्संरचनामा सबैको भाग राख्नुभएको रहेछ। राजालाई पनि १० प्रतिशत राखिदिनु भएको रहेछ। त्यो निकै विवादको विषय बनेको थियो, संचारमाध्यमको आकर्षण त्यही देखियो। त्यो एउटा विचार आएको हो। त्यसलाई हामीले नकारात्मक रूपमा लिएका छैनौं।

यस्तै संरचना हुनुपर्छ भन्ने निर्क्यौल हामीले निकालिसकेका छैनौं। हामीले संघात्मक राज्यका पनि केही त्रुटिहरू देखेका छौं। एकात्मकका पनि केही त्रुटिहरू देखिएका छन्। नेपालमा जस्तो एकात्मकता हामी चाहन्नौं। एकात्मक भनेर एउटै वर्ग, समुदाय र जाति भन्ने होइन। एकात्मकका पनि केही गुणहरू छन्, जसले सबैलाई समेट्न सक्छ भन्ने लाग्छ।

संघात्मक संरचना भए स्वतन्त्र, छुट्टाछुट्टै राज्यको परिकल्पना पनि गर्न सकिन्छ। नेपालको सन्दर्भमा छुट्टै राज्यको परिकल्पना गरिनु कत्तिको व्यावहारिक, सम्भव छ भन्ने कुरामा हामीले विचार गर्नुपर्छ। र, त्यसैलाई पूर्ण संघात्मक प्रणाली मान्नुपर्छ, आत्मनिर्णयको अधिकार माओवादी, हामी या अरूले पनि स्वीकार गर्छन्।

माओवादीहरूले पनि जनजातिहरूले चाहेमा आ-आफ्ना स्वतन्त्र स्वायत्त राज्य घोषणा गर्न सक्छन् भनेका छन्, त्यसप्रति हामी अलि सचेत छौं। नेपालको सामाजिक बनौट विशिष्ट खालको छ। ऐतिहासिक रूपले कुनै ठाउँ, कुनै जातिको जन्मस्थल मानिन्छ, त्यसको उद्गम स्थल मानिन्छ। आर्थिक हिसाबले एउटै जातिको पूर्ण बाहुल्यता भएको ठाउँ अब हामीले पाउन सक्दैनौं। नेपालको भू-राजनीतिक विशिष्टता छ। नेपाल भौगोलिक हिसाबले सानो राज्य हो। यो ठूला राष्ट्र रूस,



अमेरिका, भारतका सम्भव भयो होला, हाम्रो जस्तो दुवैतिर च्यापिएको सानो नेपालमा पूर्ण रूपको संघात्मक राज्यको कल्पना स्वभाविक र व्यावहारिक छैन। राष्ट्र, राष्ट्रियता, सार्वभौम, क्षेत्रीय अखण्डताका हिसाबले पनि असम्भव छ।

पूर्ण संघात्मक राज्यका लागि हाम्रो जातिजातिको मानसिक विकासको स्थितिलाई ध्यान दिनुपर्छ किनभने हामीले जातजातिको जति कुरा गरे पनि 'हामी भन्ने भावना' विकसित भइसकेको छैन। कसैसित परिचय गराउँदा पनि पहिला नेपाली भन्छौं। नेपालपछि को के भन्ने प्रश्नपछि मात्र अन्य परिचय आउँछ, त्यो नै मानसिक विकासको अवस्था हो।

लोकतान्त्रिक समावेशी पद्धतिमा जनजातिलाई चाहिएको जातीय स्वशासन हो। जातीय, क्षेत्रीय स्वशासन हो। स्वशासनअन्तर्गत जनजातिको बाहुल्यता हुन्छ। त्यसको प्रतिनिधित्व गर्ने त्यही समुदाय हुन्छ। त्यहाँ भएका अन्य अल्पसंख्यक जाति, जनजातिको पनि न्यूनतम प्रतिनिधित्व हुने अवस्था स्वशासनको पद्धतिले ल्याउँछ। अरू खालका आर्थिक, भाषिक, शैक्षिक नीति विकासका कार्यक्रम कस्तो अनि के ल्याउने भन्ने अधिकार विकेन्द्रीकरणबाट पाइन्छ।

अतः अहिलेको माग जातीय क्षेत्रीय स्वशासन हो। स्वशासित क्षेत्र विशेषतः तीन आधारमा बाँडिनुपर्छ।

१) जातीय आधारमा,

२) भाषिक र,

३) क्षेत्रीय आधारमा

स्वशासित प्रदेश वा स्वायत्त प्रान्त कति हुने ? यो प्राविधिक कुरा हो। सिद्धान्ततः गाउँमा सहयोगी हुन्छ हुँदैन भन्ने कुरा कसैले अध्ययन पनि गरेको छैन। त्यसकारण आकारको अधारमा कसैले नौ, कसैले ११ र कसैले २५ भनेका छन्। प्राविधिक कुरा भएकाले यसलाई अहिले नै निर्क्योल गर्ने अवस्था छैन।

यो सिद्धान्त स्वीकार गरिएपछि विभिन्न प्राविधिक कुराको छिनोफानो गर्न सकिन्छ। तर मोटामोटी रूपमा १०/११ वटासम्म हुन सक्ने सम्भावना छ। २००१ को जनसंख्याको आधारमा कुन-कुन क्षेत्रमा कुन-कुन जातिको बाहुल्यता छ भन्ने देखाउँछ। यसबारे धेरै किसिमका विचारहरू आएका छन्।

हामीले उठाएका मुद्दा अहिले सबै राजनीतिक दल, बुद्धिजीवीले उठाउन थालेका छन्। र, हिजोको प्रतिगामी सरकारले पनि उठाउन बाध्य हुनु परेकै हो। यद्यपि, यस क्षेत्रको उत्थानको लागि अनुसन्धान आवश्यक छ। यथार्थ अवस्था दर्शाउने स्थलगत अध्ययनले हो। हामीले सूक्ष्म रूपमा सही अध्ययन गर्नुपर्छ।

स्वशासनमा राज्यको जनसंख्याका कुरा उठाएका छौं, तर हामी त्यसको अध्ययन गरेका छैनौं, त्यही कारण अध्ययन गरौं भनेर प्रस्तावना तयार पारिरहेका छौं।

पाँचै क्षेत्रका पाँचवटा जिल्लामा जहाँ जनजातिको सघन बसोबास भएको छ। त्यहाँको अध्ययन गरेपछि सरकार, राजनीतिक दललाई टेबुल गर्न सकिन्छ अनि व्यवहारमा उर्तान सकिन्छ। कृष्ण खनाल सरहरूले भनेअनुसारको संघात्मक व्यवस्था हुनुपर्छ। संघात्मक व्यवस्थामा जनसंख्याको आधारमा प्रतिनिधित्व गराइनुपर्छ।

संघात्मकको कमीकमजोरी के छ भने संख्यात्मक हिसाबले जाँदा फेरि पनि स-साना जनजातिहरू घट्ने सम्भावना हुन्छ । जहाँ जनसंख्याको जनघनत्व छ, त्यहीबाट बढी सहभागिताको सम्भावना रहन्छ । अतः स्विट्जरल्यान्डमा देखिएको कमजोरी पनि त्यही हो, त्यहाँ स-सानो जनसंख्या भएकाहरूको प्रतिनिधित्व हुँदैन । भाषिक क्षेत्रको सीधा 'डिर्माकेसन' छ । नेपालमा जनसंख्याको आधारमा प्रतिनिधित्व गराइने व्यवस्थाले लोपोन्मुख जातजातिहरूको प्रतिनिधित्व हुन सक्दैन ।

हाम्रो लागि न त एकात्मक न त संघात्मक, बरु मध्यमखालको संघात्मक व्यवस्था अपनाउन सकिन्छ कि ? एकात्मकले थुपार्ने काम गर्छ ।

**टिप्पणीकार डा. खगेन्द्रनाथ शर्मा**

प्रस्तुत अवधारणाको विषयसँग चासो राख्ने मानिस भएको नाताले म छलफलमा आएको हुँ । ११/१२ वर्ष अघि मैले देशको पाँचवटा जिल्लामा अध्ययन गरेको थिएँ । दलितहरूको सामाजिक अवस्था कस्तो छ ? भन्ने बारेमा विपन्न वर्गको स्थितिबारे सूक्ष्म अध्ययन गरेको थिएँ । त्यसबाट १७ प्रतिशत दलित भएको देशमा दलितप्रति उपेक्षा गर्दा एउटा ठूलो वर्गको योगदानबाट देश र त्यो जाति वञ्चित भएको पाएँ । उनीहरूको क्षमताले देश सपार्न सक्थ्यो । उनीहरूको क्षमता दबिएर रह्यो ।

पानी खान नदिने, उसले छोए भने पानी छिटा हाल्ने । २०२० सालमा मुलुकी ऐन आउनुअघि जातपातका आधारमा धेरै पीडित थिए, त्यति बेला एक दुई जनाले क्याम्पसमा पढाउन पाउँ भन्थे । एक पटक तीन जना कामीकमिनीलाई पिकनिकमा खाना पकाउन लगाएँ, म पण्डित परिवारको मान्छेले त्यो आँट गरेको थिएँ ।

त्यस्तै व्यवहार अहिले पनि समाजले गर्दो रहेछ भन्ने चाहिँ म हालसालै डोटी जाँदा देखेको छु, दलितसँग छोइयो भने पनि सुनपानीको छिटो हालेर वा छर्केर शुद्ध हुनुपर्ने चलन अझै रहेछ । डंडेलधुरा, डोटी, अछाममा बाँकी नै छ । २०१९ सालमा नयाँ मुलुकी ऐन आउँदा अब त नेपालमा क्रान्ति आयो, समाजमा समानता आयो भन्ने महसुस गरेका थियौं । तर व्यवहारमा अहिलेसम्म रहेनछ भन्ने कुरा प्रत्यक्ष रूपमा देखिँदैछ । २०१९ सालमा छुवाछूतविरुद्ध नारा लगाएर हिँडेको हो । अहिले ४४/४५ वर्षको अन्तरालसम्म आउँदा पनि नाराले काम गरेको रहेनछ ।

अहिलेको अवस्थामा पनि दलित र जनजातिमा पनि भेदभाव छ । दुई वर्ष पहिला नयाँ संरचनामा संविधान कस्तो हुनुपर्छ भन्ने विषय उठाउँदा मैले भनेको थिएँ- 'धर्म निरपेक्षता हुनुपर्छ ।' अहिले धेरै धर्म मान्ने छन् । तर राजालाई हिन्दु भनिन्छ, अनि यो कसरी साझा हुन सक्छ ।

राजाको काम राज्य चलाउने हो, उनी धार्मिक रूपले जानुहुँदैन । मुलुक धर्म निरपेक्ष हुनुपर्छ । करिब पाँच सात सय वर्ष पुरानो कुरा गर्ने या इतिहास खोतल्ने हो भने क्याथोलिक अथवा क्रिश्चियन धर्मबाट राज्यको कामलाई अलग्याउने प्रथा भएकाले त्यहाँ धर्म निरपेक्षताको कुरा उठ्यो । धर्मको काम अगल हो र राज्यको धर्मनिरपेक्षता अलग कुरा हो भन्ने युग आयो । हाम्रा राजाले गर्नुपर्ने कामलाई संविधानले नै तोकेको छ । त्यसमा धार्मिक कार्यका नाममा आर्यवंश हुनुपर्ने बाहेक



अरू कुरा उल्लेख छैन । बुद्धमार्गीबाट खुट्टाको पानी खुवाइने अवस्थामा जानु हुन्न भन्ने काम राज्यको होइन । उहाँले गएर बसन्त श्रवण गर्नुहुन्छ भने त्यो नौ नाले तोप पड्काउँछन्, फरक देखिन्छन् त्यो कुरा अलग हो । राज्यले कान सुन्ने हो, कानुन ल्याउन लालमोहर लगाउने राजाको काम हो । त्योभन्दा अगाडि बढेर राजा हिन्दु सम्राट हुने, बढी आकाक्षां र महत्वकाक्षां राख्ने कुराले यहाँ धेरै कुरा बिग्रेको हो । यही कारण पनि धर्म निरपेक्षताको कुरा उठाउने गरेको छु ।

भाषाको पनि संरक्षण भएन भन्ने कुरामा म सहमत छु । सरकारले बहुदलीय व्यवस्था आइसकेपछि रेडियोबाट केही कार्यक्रमहरू विभिन्न भाषामा प्रसारण गरेको थियो । तर यहाँ ५९ भाषा रहेको भनिएको छ, १ सय १ जनजाति छन् । सबै भाषाको कार्यक्रम बनाउन या उपभोग गर्न दिन नसकिएला । त्यसको विकासका लागि तहगत रूपमा रणनीतिक योजना नै बनाउनुपर्छ ।

भाषागत र सांस्कृतिक रूपमा संरचनाको निर्माण गर्ने हो भने भारतको बंगालमा बंगाली भाषा कामकाजी भाषा बनाइएकोलाई उदाहरण लिन सकिन्छ । मद्रास, बैङलोर, केरला, असाममा पनि फरक-फरक भाषा अपनाइन्छ, खै त देश विखण्डित भएको छैन । राज्यको काम गर्न सक्ने गरी भाषालाई विकसित र रूपान्तरिक नगरिकन भाषिक स्वतन्त्रताको दाबी गऱ्यौं भने हामी राजनीतिक रूपमा लक्ष्यमा पुग्दैनौं कि ।

पर्सा जिल्लामा एउटा सानो गाउँको सर्भे गर्न गएका थियौं । त्यहाँका मान्छेले स्थानीय भाषा नबोल्ने हो भने कुरा बुझाउन सकिँदैन भने । यसैबाट देखिन्छ 'हाम्रो भाषा, हाम्रो देश भनेर राष्ट्रियगान गाएको भरले नेपाली भाषा बुझिदैन' भन्ने । त्यहाँ हामीले स्थानीय भाषा अपनाउनै पऱ्यो । यसलाई कतिसम्म मान्यता दिने भनेर उच्च तहमा पुग्नुपर्छ भन्ने मैले महसुस गरेको छु । तर त्यो व्यावहारिक र वैज्ञानिक आधारमा हेरी त्यसले राज्यको कामलाई बढावा दिनसक्ने बनाउनुपर्छ । स्विट्जरल्यान्डमा हरेक कुराको निर्णय जनमतसंग्रहबाट गरिन्छ । निर्णयको अधिकार जनतामा छ । यहाँ पनि त्यही उपाय अपनाउने हो कि । अरूको समानतालाई मैले धक्का दिन पाउनु भएन । अरूले पनि समानता पाउनुपर्छ भन्ने सोच्नुपर्छ । अरूको समानता र स्वतन्त्रतालाई प्रभावित पार्नु हुँदैन । समानता भनेको स्वस्थ्य प्रतिस्पर्धाको कुरा पनि हो । अरूको समानतालाई नमारिकन अघि बढ्न सक्छौं । यो काम कसले गर्न सक्छ भन्ने प्रश्न आउँछ । मेरो विचारमा संविधानले गर्छ । संविधान हामी सबैले मान्नुपर्ने कुरा हो । संविधानले हामीलाई त्यो सीमाभित्र बस्न बाध्य तुल्याउँछ । असमान व्यवहार गरियो भने संविधानले समानताको हक सुनिश्चित गर्नुपर्छ ।

हामीले हाम्रो सामाजिक संरचनालाई हेरौं । विगतमा हाम्रो समाज त एकदम विखण्डित र विभाजित थियो । यहाँ बाहुन माथि थियौं । बाहुनले संस्कृति पढ्न पाए, अगाडि बढे अरू पछाडि परे । जातीय कुरा गर्दा मैले पनि समाजलाई चुनौती दिने काम गरेको हुँ, त्यसलाई त्यति बेला स्वीकार गरिएन । म समाजसँग दबिएको भए पीडित हुन्थे होला तर दबिनँ ।

यहाँ चलन नै के छ भने क्षेत्री भए पछि शासक नै हुनुपर्ने । तामाङ, सार्की भए हेपिएर बसिरहनुपर्ने थियो । घरभित्र पनि वर्णाश्रम व्यवस्था भएकाले बाबुले

भनेको कुरा छोराले नाघ्न नहुने। गुरुले भनेको कुरा विद्यार्थीले काट्न नहुने 'हाइऱ्याकिंङ' संरचना थियो। तर, त्यो ननाघी हामी समानतमा पुग्न सक्दैनौं, हाम्रो समानताको विरोधी सामाजिक संरचना हो। तर अहिले नयाँ शिक्षा, नयाँ मुलुकी ऐनले केही व्यवधान खोलिदिएकाले क्रमशः प्रगति भएको छ।

र, कतिपय अवस्थाहरू समयसँग स्वभाविक रूपले परिवर्तन हुँदै पनि जान्छ। स्वभाविक रूपमा हुने विकास क्रम मात्र त्यति पर्याप्त हुँदैन। यसको लागि एकदम अगाडि बढेर राजनीतिक दृष्टि लगाउनुपर्छ। सबैभन्दा अगाडि राजनीति आउँछ, त्यसले नै विकास गर्छ। ३० वर्षे पञ्चायतमा केही विकास भयो, भौतिक संरचना बनाइयो। ०४६ पछि सबै कुरा भए भन्ने होइन। यो बेलामा विकृति पनि जन्मिएकै हो। माओवादी पनि यही बीचमा जन्मियो। राजनीतिक पार्टीलाई ध्वस्त पार्ने र पार्टीलाई पन्छाएर शासन गर्ने काम भयो। यी सबको दोषी खोज्न बाहिर जानुपर्दैन। एक जना मानिसले सधैंभरि बाचुन्जेल शासन गर्छ भन्ने ठान्नु पनि एउटा दोष हो।

त्यसबीच हामी कहाँ सञ्चार जगत्मा जुन आर्कषण र विकास भएको छ, त्यसले मानिसलाई संगठन गर्ने चेतनामा वृद्धि गराइदियो। त्यो कुरा अपूर्व हो। पहिलेको भन्दा धेरै बढी मात्रामा चेतना बढेको छ, जनतामा। र, जाति जनजातिमा पनि जागृति आएको छ। जनजातिका लागि आयोगहरू बनाइएको छ। स्वयम् पहलमा पनि जनजातिका संगठनहरू खोलिएको छ। यसलाई केलाउँदा अरूले दिएर मात्र होइन, आफूले पनि गर्नुपर्छ भन्ने चेतना आएको छ। २०४६ को राजीतिक परिवर्तनले मानिसलाई फराकिलो बनाएको पक्कै हो, यसलाई नकार्नु भनेको १८ औं शताब्दीतिर फर्किनु हो, फेरि दास हुनु हो। यो अवस्थालाई हेर्दा हाम्रो समावेशी प्रजातन्त्रको दुष्मन सामन्तवाद भन्ने बुझिन्छ, एकदम दुश्मन निरंकुशता हो। त्यसैले हामी समावेशी प्रजातन्त्र चाहन्छौं भने निरंकुशताको अन्त्य नै त्यसको सहज निकास हो।

निरंकुशताभित्र हामी समावेशी त कुरै छोडौं, ओमजीले उठाउनुभए झै संरचनागत Western ministral model पनि हामी यहाँ चलाउन सक्दैनौं। पहिलो कुरा त त्यही हो। यसमा हामी कसरी जाने हो, कसरी ल्याउन सकिने त ? भन्नेमा पनि द्वन्द्व छ। माओवादीले धेरै कुराहरू उठाएका छन्।

यस पटक डोटी जिल्लामा जाँदा मिठो संयोग भयो। बाटोमा एकाएक गाडीहरू रोकियो र तीन जना माओवादी कमान्डरको भाषण सुन्ने मौका पाइएको थियो। भाषणमा केहीले कमान्डरी भाषा प्रयोग गरे। केहीले ढाँडमा टेकेर टाउकोमा हान्नुपर्छ भन्ने भाषा बोले। तर केहीले हामीले हतियार उठाए पनि सात दलसँगको सहमति कायम छ, अहिलेको हकमा लोकतान्त्रिक गणतन्त्रको अवस्थालाई स्वीकार्छौं भने। हाम्रो लक्ष्य जनवादी गणतन्त्र नै हो भने। जस्तैः कार्लमार्क्सले भनेका थिए- अन्तिम लक्ष्य त कम्युनिजम हो, तर त्यो आउनुअघिको कदम भनेको समाजवाद हो।' मार्क्सले भनेकै जस्तो भनाई हाम्रा कामरेडहरूको पनि छ। माओवादी र बुद्धिजीवीहरूले अहिले संविधानको संरचनाको माग गरिरहेका छन्।

एकातिर वर्तमान संविधान दरबारको कारपेटमुनि ओछ्याइएकाले त्यसले काम गर्न सकेको छैन अर्कोतिर त्यो संविधानमा संरचनात्मक भूलहरू थुप्रै छन्। तसर्थ



त्यो संविधान पर्याप्त हुन्न भन्ने महसुस गरेका छौं। संविधानसभामा जाने हो भने अहिलेको द्वन्द्वलाई पनि त्यसले बाटो खोलिदिने र समावेशी प्रजातन्त्रका लागि क्षेत्र बनाइदिने भएकाले जनमत संग्रहमा जान सजिलो हुने भयो। तर संविधानसभा कसरी बनाउने ? के गर्ने भन्नेमा विविध कुरा गर्न सक्छौं, तर नयाँ बनाउन संविधानसभामा जाँदा हामीले सबै पक्षबाट पछाडि पारिएका समूहको प्रतिनिधित्व हुने व्यवस्था गरियो भने एक डेढ वर्षको बीचमा भए पनि सबै प्रकारका समस्याको समाधान निकाल्ने गरी समाधान दियो भने त्यसमा जो जो अटाउँछ रहन्छन्, नअटाउने जान्छन्। यसो गर्दा राष्ट्र सिंगो रहन्छ कि ? त्यसकारण मलाई समावेशी प्रजातन्त्रका लागि उपयुक्त हतियार संविधानसभा हो भन्ने लाग्छ। त्यसले नयाँ संविधान बनाउनुपर्छ।

१९६० तिर अमेरिकामा पढ्न बस्दा प्रजातान्त्रिक मुलुकहरू इजरायल, भारत, श्रीलंका आदि देशमा महिला राष्ट्र प्रमुख भएको सन्दर्भमा अमेरिकी साथीलाई सोधेको थिएँ- 'तिमीहरू प्रजातान्त्रिक मुलुक भन्छौं, तर तिम्रो देशमा महिला राष्ट्रपति किन छैन।'

जवाफमा ती साथीले भन्यो- 'महिला राष्ट्रपति भए म त यो देश नै छोडेर जान्छु।' प्रजातन्त्रको धारणा त्यो खालको पनि हुँदो रहेछ भन्ने उदाहरण मैले दिएको हुँ। तर समय क्रममा ३७ वर्षको अवधिमा वर्तमान राष्ट्रपति जर्ज बुसले अर्को पटक सके भने कन्डोलिजा राइसलाई राष्ट्रपति जिताउँछन् होला। महिला मात्र होइनन्, निग्रो जातिलाई हेपेर कमाराकमारी बनाइएको थियो। तर, अहिले त्यो वर्गलाई उच्चतम तहमा राखेका छन्। अतः समयले सबैलाई उचाल्छ। हामीले अलिकति धैर्यता राख्नुपर्छ। त्यहाँ पनि संविधानले नै मार्ग निर्देश गरेको छ, अदालतले संरक्षण गरेको छ। अदालतले मानवअधिकारका हिसाबले निग्रोहरूको संरक्षण गरिरहेको छ। यसो गर्दा त्यहाँ समावेशी प्रजातन्त्र हुर्केको छ, राज्य एकीकृत छ। हामी कहाँ पनि विभाजनको कुरा गरिन्छ। तर बाहुन क्षेत्रीले अन्तरजातीय विवाह गरेपछि जातीय विभेद रहने छैन। तेस्रो पुस्ता निस्कन्छ, हामीले आफ्नो पुस्तालाई लिएरमात्र कुरा गरेका छौ, भविष्य पनि हेर्नुपर्छ।

दलित र बाहुनबीच विवाह हुँदा जोडीले नै दुवै जातिबाट तिरस्कृत हुनु परेको र विस्थापनमा पर्नु परेको छ। र पनि उनीहरू भावी नेपालको कर्मधार हुन र हुनेछन्। हामी सबै मिलेर एउटा राष्ट्र बनाउने हो भने अन्तिम लक्ष्य विभाजन होइन, एकीकृत हुने हो। राजा पृथ्वीनारायण शाहले भनेका छन्- 'नेपाल चार जात छत्तीस वर्णको फुलबारी हो।' त्यही रूपमा हुर्काउने हो भने विविधता एक प्रकारको राम्रो फूलबारी बनेर जान्छ। र, हुर्केको फूलबारी हामी सबैले हेर्न पाउँछौं भन्ने आशा राखेको छु, आशावादी हुन अरूलाई पनि सल्लाह दिन्छु।

**लक्ष्मण अर्याल, पूर्वन्यायाधीश/सर्वोच्च अदालत**

अहिले चलिरहेको बहसलाई संविधान निर्माण गर्दा हेर्नुपर्छ। मुख्य आवश्यकतालाई सम्बोधन गर्ने गरी संविधान बनाउनुपर्छ। हामीले राज्यलाई बिर्सिदियौं र विषयमा मात्र केन्द्रित भयौं भने त्यो गतिशील हुँदैन्। परिस्थिति र

परिवेशअनुसारको नियम, ऐन र संविधान बनाउनुपर्छ। समाजलाई गतिशील बनाउनका लागि ०४७ सालमा के गरियो भनेर ध्यान दिने हो भने कुनै वर्ग, जाति, जनजाति, दलित, महिला कसैप्रति आग्रह राखेर संविधान बनाएको हुँदै होइन। त्यसबेला मुख्यतः हाम्रो आवश्यकता राजनीतिक संगठन प्राप्तिका लागि लडाइँ थियो। त्यसबखतको आन्दोलन पनि त्यसैका लागि भयो, निर्दलीय व्यवस्थालाई समाप्त गर्न जनआन्दोलन भएको थियो। र, त्यही जनआन्दोलनलाई मुखरित गर्न संविधान बन्यो। त्यसकारण संविधानको मूल एजेन्डा राजनीतिक स्वतन्त्रता बन्न आयो अथवा राजनीतिक संगठन गर्ने अधिकारमा केन्द्रित भयो। त्यतिबेलाको आवश्यकता पनि त्यही थियो। हमीले संठगन गर्न पाइरहेका थिएनौं अहिले पनि ठाउँ-ठाउँमा जुलुस निकाल्न सकिदैन्, पहिला पनि आफूले चाहेजस्ता नारा लगाउन पाइँदैनथ्यो, यो आवश्यकतालाई हेरेर दरबारको अधिकारलाई जनताको अधिकार बनाउने प्रयास या उद्देश्य थियो, त्यो। वास्तविक शक्ति दरबारले प्रयोग गरिरहेको थियो। त्यो एकाधिकारलाई छुट्याउनुपर्ने थियो। जनतामा ल्याउनुपर्ने थियो। त्यो अहिलेसम्म हामीले अझै प्राप्त गर्न सकेका छैनौं। २०४६ सालको मुल एजेन्डा जे थियो अहिले पनि त्यही छ।

दोस्रो समयलाई हेर्नुपर्छ। हाम्रो मुख्य सत्रु शोषण र निरंकुशता हो। निरंकुश राजनीतिक धरातलबाट हेरिन्छ। सामाजिक, आर्थिक, सांस्कृतिक पक्ष राजनीतिक धरातलबाट हेरिन्छ। हाम्रो समाज दुवैबाट पिल्सिएको छ। हामीले यहाँ सामाजिक कुरा गरेका छौं, राज्यको संरचना भनिरहेका छौं। जबसम्म सामाजिक संरचनामा परिवर्तन ल्याउन सकिँदैन, तबसम्म राज्य पुनर्संरचनामा परिवर्तन ल्याउन सकिँदैन। त्यो यथार्थता हो। समाज जब समानतामा आधारिक हुन्छ, राज्य पनि स्वभावत समानतामा आधारित हुन जान्छ। अनि शोषणरहित समाज हुन्छ। कोही शोषक पनि हुँदैन। कोही शासित पनि हुँदैन। सबै अवसरमा समान हुन्छन्।

प्रजातन्त्रले दिएको हकअधिकार उपभोग गर्ने समानता भएन भने सबै बेकार हुन गयो। केही व्यक्तिले केही व्यक्तिहरूलाई, कुनै वर्गले अर्को वर्गलाई शोषण गर्ने भयो भने सिद्धियो त्यो। हामीले समावेशी लोकतन्त्रको कुरा पनि यसैलाई लक्ष्य गरेर गरेको हो। हामीले पहल गर्नुपर्छ, प्रभावकारी बनाउनका लागि। हामीलाई प्रभावकारी र सम्पूर्णको सहभागिता होस् भन्ने सिद्धान्तमा मात्रै कानुन र संविधान बनाउने होइन्। त्यसलाई व्यवहार र प्रयोगमा पनि ल्याउने खालको हुनुपर्छ। यो महत्वपूर्ण कुरा हो।

आफ्ना कुरा भन्ने, पीरमर्का सबैलाई सुनाउने स्थिति २०४६ सालपछि बनाइएको संविधानले दियो। र, आज खुलेआम रूपमा बोलेका हौं। अब त जनजाति र दलितको प्रतिनिधित्व हुनुपर्छ। त्यसमा विवादनै छैन। त्यसमा लामो तर्क गर्नुपर्ने अवस्था पनि छैन, कसरी गर्ने र पूरा गर्ने भन्ने मूलभूत समस्या हो। वैचारिक र व्यावहारिक रूपमा कसरी दिन सकिन्छ भन्ने हो। प्रतिफल व्यवहारले दिन्छ। संविधानका काला अक्षर यदि व्यवहारमा उत्रे भने फल प्रतिफल जनताले पाउँछन्। त्यसैले हामीले पहिला कुनै एउटा वर्ग विशेष या जातिको समस्या हो भन्ने भावना दूर गर्नुपर्छ। यो प्रत्येक नेपालीको समस्या हो। हामीले यो सबैको समस्या हो भन्ने भावना राख्नुपर्छ। मानिस त्यसमा तयार भएर आएका छन्। कसरी जाऔं भन्ने 'एप्रोच' ले सबैको समस्या हल गर्न सकिन्छ। अमेरिका, स्वीजरल्याण्डमा कसरी सफल भयो भने त्यहाँ सबैको चासो राखेको र साझा समस्याका रूपमा हेरिएकाले त्यहाँ कसैले कसैको हितविपरीत कुनै काम र कसैले कसैलाई शोषण गर्दैन।



त्यस्तै गरे यहाँ पनि निरकुंशता नरहन सक्छ। श्री ५ को मात्र निरंकुशता हुँदैन्। जातिको पनि निरंकुशता हुन्छ। जसले निरंकुश कर्म गर्छ, त्यहीनिर निरंकुशता हुन्छ। शोषण जसले पनि गर्छ, सुकिलाले पनि शोषणा गर्छ। महिलाले पनि महिलाप्रति शोषण गर्छन्। त्यही अरूले गर्दैनन् हामीले कार्यको विरोध गरौं। खराबीको विरोध गरौं। खराबीलाई उन्मूलन गर्ने उपायतिर लागौं, व्यक्तितिर नलागौं। व्यक्तितिर लाग्दा हामी अलमलिन जान्छौं। समाज सुधार चुड्कीमा हुँदैहुँदैन। हामीले यसको लागि प्रचार-प्रसार गर्ने, जनमत तयार गर्ने मानसिकता बनाउनुपर्छ। हामीले मानसिकतामा परिवर्तन नल्याएसम्म दुरगामी, प्रभावकारी र सबैको प्रतिनिधित्व गराउन सक्दैनौं। त्यसो भएकाले हामीले गर्दै जाऔं। व्यापक रूपमा गरे समस्या समाधान गर्न धेरैको सहयोग मिल्छ।

## छलफलमा सहभागी

**नन्दऋषि न्यौपाने-**

हामी अहिले समावेशी लोकतन्त्रको कुरा गरिरहेका छौं। अल्पसंख्यक रूपमा रहेका जातिजनजातिलाई कुन रूपमा समावेश गराउने भन्नेतर्फ लागेका छौं त ? भन्ने मेरो प्रश्न हो जस्तै राउटेहरू जंगलमा मात्र बस्न रूचाउने जाति हुन्। ती जातिहरूको प्रतिनिधित्व गराउन के कस्ता काम गर्नुपर्ला ?

**विजुलकुमार विश्वकर्मा**

जातीय, भाषिक, र क्षेत्रीय आधारमा राज्यको पुनर्संरचना लगायतका कुराहरू गर्नुपर्छ भन्ने कुरा त आयो। मेरो विचारमा यसैमा धार्मिक पक्षलाई राख्दा के कसो होला ? त्यसैगरी हामीले के गल्ती गरेका रहेछौं भने २०४६ सालमा क्रान्ति गरियो, त्यतिखेरको चाहना व्यवस्था परिवर्तन रह्यो। हामीले समाजिक विकृतिका कुराहरू हेरेनौं। समावेशीकरणका सबालमा समानता, पिछडिएका समुदायका बारेमा उनीहरूलाई कसरी स्थान दिने, जीवनस्तर कसरी उकास्ने भन्ने कुरालाई हामी राजनीतिक मानिसले गौण रूपमा लियौं। र, राज्य व्यवस्थालाई मात्र महत्व दियौं। यही कुरालाई समेटेर माओवादी हिँडे। उनीहरूले पहिलो पटक सार्वजनिक गरेको ४० सूत्रीय माग जनजातिका र पिछडिएका समूहलाई बढी महत्व दिएको थियो। त्यसैले होला, अहिले त्यसको असरबाट यस किसिमका कुराहरू आइरहेका छन्। समावेशी लोकतान्त्रिक गणतन्त्रका कुराहरू भए, दलहरूबाटै यस्ता शब्द उच्चारण भइरहेको छ। आइन्दा देश सबैको हो भन्ने भावना सबै समुदाय, वर्गमा आउनुपर्‍यो। यो भएमा समावेशी लोकतन्त्रले स्थायित्व प्राप्त गर्छ। होइन भने फेरि क्रान्ति गर्नुपर्ने अवस्था आउन सक्छ। त्यो अवस्था आउन नदिने समयमै ध्यान दिनुपर्छ भनी फ्रिडम फोरमले चलाएको यो कार्यक्रम स्वागतयोग्य छ।

**दिगपाल किराँत**

राज्यबाट किनारामा परेका जनजातिको मुख्य माग भनेको जातीय राज्य पुनर्संरचना हो। संघीय राज्य हुनुपर्ने माग आइरहेको छ। समावेशी कसरी कस्तो प्रकारको हुनुपर्छ भन्ने कुरामा स्पष्ट भएको छैन। नेपाली कांग्रेसमा बलबहादुर राई, एमालेमा अशोककुमार राई हुँदैमा त्यसैलाई समावेशी भन्ने कि राज्य संरचनामा नै असमावेश भइरहेका समूहलाई प्रतिनिधित्व हुने प्रकारको संरचना निर्माण गर्ने भन्ने प्रश्न नै मुख्य हो। त्यसको लागि संघात्मक संरचना आवश्यक छ भन्ने जनजातिको दबाबमूलक माग हो। जनजाति महासंघको माग पनि त्यही हो। पिछडिएका समुदायको माग राज्य धर्म निरपेक्ष हुनुपर्छ भन्ने हो। पश्चिमी मुलुकमा क्रिश्चियनहरूले हाम्रो जस्तो 'भटिकल आइची' कुरा गर्दैनन्। क्रिश्चियन, क्याथोलिकलगायतका धर्म भए पनि पानी चल्ने र नचल्ने समस्या छैन। त्यहाँ पनि राज्य चाहिँ धार्मिक हुनु हुँदैन भनी राज्यलाई धर्मदेखि टाढा राखिएको छ। हामी कहाँ हिन्दु मान्यता रहेकाले सानो ठूलो र पानी चल्ने नचल्ने सिफारिस गर्छ। त्यसलाई नै हामीले राज्यको धर्म बनायौं। फेरि त्यस्तै भयो भने लोकतन्त्र अस्तित्वमा हुँदैन। यो समस्या जनजातिको मात्रको होइन, सबै नेपालीले साँच्चै लोकतन्त्र चाहन्छ भने राज्य र धर्मलाई अलग गर्नुपर्छ। द्वन्द्वले मुलुक जर्जर भएको स्थितिमा हामीले समावेशी लोकतन्त्रको कुरा गरेका छौं। राजाले संविधान मिचिरहेको छ। दललाई पाखा लगाइएको छ।

सबै समान हुन्छन् तर कोही धेरै समान हुन्छन् भन्ने एउटा भनाइ छ। त्यस्तै भोलि साँच्चै दूरगामी हिसाबले नेपालीलाई प्रजातान्त्रिक राज्य बनाउने लक्ष्य राख्नुपर्छ। यदि त्यस्तो सोच राखिएन भने समस्या फेरि दोहोरिन सक्छ।

**अमृत योञ्जन**

प्रस्तुत अवधारणापत्रमा जातीय, भाषिक र क्षेत्रीय आधारमा राज्य पुनर्संरचनाको कुरा आयो। मेरो विचारमा त्यससँगै ऐतिहासिक आधारलाई पनि समेट्ने हो कि ? किनभने गएको एक सय वर्षमा हामीलाई कुँजो बनाइएको छ। अब पनि १०/१५ वर्ष बस्ने हो भने कुनै ठाउँमा कुनै जातिको प्रतिनिधित्व हुँदैन। अहिले म बानेश्वरमा बस्छु। बानेश्वरमा बस्ने कुनै पनि नेवारको पसल पाउन गाह्रो भइसकेको छ। त्यो ठाउँ अहिले नेवार नभएको स्थान जस्तो भएको छ। यस कारण ऐतिहासिक आधारमा राख्ने हो कि ? ऐतिहासिकता हटाउने हो भने ५० वर्षपछि हामी कहीँ हुँदैनौं किनभने राज्यको नीति नै जहाँ पनि जुन जाति पनि राखिदिने छ। अर्को कुरा राजनीतिक परिवर्तनसँगै भाषिक विषयमा केन्द्रित हुँदा सबै संविधानहरूमा जाति, धर्म, वर्ण, लिंगको आधारमा भेद गरिने छैन भन्ने लेखिएको हुन्छ।

२००७ सालमा पनि मानव अधिकार घोषणापत्रमा जातिका साथै भाषाको आधारमा भेदभाव गरिने छैन भन्ने शब्दको प्रयोग भएको छ। र, २००७ साल फागुन २० को सूचनामा पल्टन सेनामा कुनै पनि जाति, धर्म, वर्ण र भाषाका आधारमा विभेद गरिने छैन भनिएको थियो। यसरी आएका संविधानको धारा, २००७ सालपछिका संविधान बन्ने क्रममा भाषा भन्ने धारा हटेर गयो। र, त्यो प्रजातन्त्रकालमा पनि हटेर गयो। भाषिक विभेद/भाषाका आधारमा विभेद गर्न पाइने जुन परम्परा रह्यो त्यो भाषाको आधारमा धेरै विभेदपूर्ण छ। परिवर्तनको कुरा गर्दा भाषाको कुरा नछुटोस्।



**प्रतीक तामाङ**

पद्धतिको कुरा गर्दा एकात्मक वा संघीय प्रणालीमा जाने क्रममा द्विविधामा नै वा दुवैको मिलन विन्दु हुन्छ कि ? भन्ने भनाइले केही सन्देश दिन सक्छ। मेरो भनाइमा लोकतान्त्रिक संरचनाको कुरा गर्दा कस्तोमा जाने हो भन्ने मै द्विविधाबीच बहस गरिरहँदा लोकतन्त्रको स्वरूप र संचरना कस्तो हुने भन्ने प्रस्ट भएन। यसले जो जारी रहेको आन्दोलनमा जाने भनेर लागिरहेका छन्, उनीहरूमा उत्साह नहुन सक्छ।

**चिरन्जीवी काफ्ले**

जनजातिको उत्थानको दृष्टिले भाषा, संस्कृतिको उत्थानमा ती भाषा संस्कृतिका प्रयोगकर्ताको संख्याले ठूलो असर पार्ने हुँदा अन्तरसंस्कृति र अन्तरजातीय विवाहको ठूलो भूमिका हुन्छ। तर वर्तमान समाजले जनजातिको समेत हित गर्नेभन्दा अन्तरसंस्कृति विवाहलाई बढावा गर्दैछ। प्रादेशिक विभाजको कुरा गर्दा भाषा, समुदायहरू, जातीय, क्षेत्रीय आधारमा समन्वयात्मक छैनन्। जस्तै भारतमा छ। त्यस्तो नहुँदा जातिय आधारमा छुट्याउँदा अव्यावहारिक हुन्छ कि ? कहीँ फेरि अल्पसंख्यक जातिप्रति व्यवहार अव्यावहारिक हुन्छ।

**नारायणदत्त कँडेल**

संघात्मक राज्य संरचनाअन्तर्गत सिर्जना हुने साना राज्यहरू ठूला राज्यको नेतृत्वमा रहन्छन्। तिनको राजनीतिक नेतृत्व र निर्णयको विधि के हो ? र, त्यहाँ फेरि सानो राज्यको अल्पसंख्यकको कुरा आउँछ। जस्तो डाक्टर साहेबको एउटा सानो गाउँ छ। त्यहाँको जातीय बाहुल्यताको आधारमा अहिले एउटा राज्य मान्ने हो भने त्यहाँ अहिले राज्य चलाउने वर्ग अल्पमतमा पर्छ। त्यसलाई कसरी समावेश गर्न सकिएला ? फेरि गाउँमा पनि आरक्षणमै जाने हो कि ?

**चुन्दा वज्राचार्य**

समावेशी लोकतन्त्रमा जनजातिको कुरा छ। राज्य पुनर्संरचनाको कुरा छ। यी सबैमा जनजाति समेटने कुरा छ। यो संरचनामा महिलाको भूमिका के हो ? भनेर धेरैले सरोकार राखेको पाइनँ। आदिवासी महिला कत्तिको पिछडिएका छन् भनेर हेर्नुपर्छ। नेवारबाहेक अरूको हालत हेर्नुपर्छ किनकी नेवारलाई आदिवासीको उच्च वर्गको तहमा राखिन्छ। पुनर्संरचनामा आदिवासी महिलाको के भूमिका हुन्छ ? कुन स्तरमा कसरी उनीहरूलाई पहुँचमा पुऱ्याउने हो त्यो सोच्नुपर्छ। हामी नेवारहरूले संठगनका रूपमा जाति वा भाषाको रूपमा मात्र नभई स्वशासनको अवधारणा उठाइरहेको हो। यो अवधारणापत्रमा महिला भन्ने शब्द नै छैन। आदिवासीहरू पनि महिलाप्रति सकारात्मक छैनन्। महिलाहरूप्रति सचेत हुनुपऱ्यो। जनजाति महिलाको शसक्तिकरणमा विशेष सोच्नुपर्छ। अलग्गै बहस हुनुपर्छ।

२०४७ सालको संविधान बनाउँदा हामी सडकमा थियौं, महिलाकै रूपमा। धर्म, भाषाका रूपमा पनि हामी सडकमा छौं। त्यतिबेला सशक्त रूपमा भाषाको मुद्दा उठाउने भनेको नेवार समुदाय नै हो। त्यतिखेर नेपाल भाषा विश्वविद्यालयसम्म पुगिसकेको छ। त्यति बेला कुन तरिकाबाट भाषा परिवर्तन गर्न सकिन्छ भनेर जनजातिका भाषाविद्को गोष्ठी गरी त्यहाँबाट निस्केका सुझाव संविधान आयोगमा पेस गरिएको थियो। त्यसको प्रतिफल हामीले अहिले मातृभाषामा साधारण प्राथमिक तहसम्म पढ्न र पढाउन पाएका हौं। यद्यपि, जातीय रूपमा त्यस्ता स्कुलहरू आउन सकेका छैनन्। राज्य पुनर्संरचनामा आदिवासी मारमा नपुरून्, जनजाति जातीय स्वरूपमा जाने प्रक्रिया स्पष्ट हुनुपर्छ।

**अवधारणापत्र प्रस्तोता डा. गुरुङबाट प्रश्नको जवाफ**

महिलाहरूको लैगिक, व्यावहारिक, भाषिक, भौगोलिक सबै हिसाबले समावेशी हुनुपर्छ, मेरो मान्यता पनि त्यही हो। यसका लागि सबैको प्रतिबद्धता आउनुपर्छ। र, व्यवहारमा लागू गर्ने विषय उठाउनुपर्छ। संरचना लैगिक हिसाबले पनि हुन सक्छ कि सक्दैन ? स्वशासित प्रान्तहरूको अवधारणा पनि अध्ययनको विषय बन्ला। अर्को भाषाको कुरामा मतभिन्नता छैन।

नारायणजीले उठाउनु भएको स-साना जातिहरूको स्वशासित क्षेत्र भयो भने राज्य कसरी बन्न सक्छ भन्ने छ। अहिलेको अवधारणा सानोभन्दा सानो अल्पसंख्यक जातिहरूको पनि विशेष प्रतिनिधित्व हुने व्यवस्था कानुनबाटै सुनिश्चित गर्नुपर्‍यो। राज्यको पुनर्संरचना गर्ने, स्वायत्त प्रदेश छुट्याउने, स्वशासित क्षेत्र छुट्याउने बेलामा सम्बन्धित समुदाय र क्षेत्रहरूबाट प्रतिष्ठित, परिपक्व र विज्ञता भएकाहरूले नमुना पेस गर्न सक्छन्। सबैलाई समेट्ने कुरामा जोड दिन सकिन्छ।

चिरन्जीवीजीको भनाइमा भाषा संस्कृतिको कुरामा अल्पसंख्यकलाई कुनै पनि आधारमा अलग्याइनु हुँदैन, उनीहरूको न्यूनतम प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्छ भन्ने हो- राज्यबाट र संविधानबाट। त्यसले गर्दा नम्बरको आधारमा सानोभन्दा सानो जातिको प्रतिनिधित्व हुनुपर्‍यो। अहिले कुन मोडलमा जाने भन्ने बहसहरू सुरु हुन थालेका छन्। हचुवामा जाँदा स्वतन्त्रता प्राप्ति नहुन सक्छ। हामीले सैद्धान्तिक ज्ञान हासिल गरेका छौं। व्यावहारिक रूपमा तल्लो तहमा त्यसलाई प्रयोग गर्ने, जाँच्ने, दीर्घ बनाउने र सरकारलाई पनि बढाउन बाध्य बनाउनुपर्छ भन्ने मलाई लाग्छ।

अनि, अमृत योञ्जनजीले पनि ऐतिहासिक स्थानका आधारमा पनि जातिय स्वायत्त प्रदेश छुट्याउनुपर्छ भन्नुभयो। जातीयतालाई ऐतिहासिक भन्न सकिन्छ। तर जातीय आधारमा प्रदेश छुट्याउने अवस्था अहिले नरहन सक्छ। त्यस्तो अवस्थामा ऐतिहासिक भनिएको स्थानको आधारमा पनि गरिनुपर्छ। जितपालले जस्तो पूर्णरूपमा संघीय, आंशिक संघीय या क्षेत्रीय भन्ने कुरा उठाउनुभयो। जनजातिका बुद्धिजीवीहरूले संघीय राज्यको स्थापना हुनुपर्ने कुरा चर्को गरी उठाउनुभएको छ। मैले अवधारणापत्रमा व्यक्तिगत कुरामात्र गरेको हुँ, त्यसबारेमा हामीले गम्भीर अनुसन्धान नगरिकन अहिले नै ठोकुवा गरेर यही नै हो भन्न अलि मिल्दैन। अहिलेको संकटको निकास भनेको संविधान



सभा हो भनिन्छ, त्यसबारे पनि मेरो अलि भिन्न विचार छ। संविधानसभा प्रक्रिया हो। त्यसबाट जान सकिन्छ, तर त्यही साध्य होइन।

बिजुलजीको कुरामा आउँदा जातीय, क्षेत्रीय र भाषिक आधारमा त अलिकति 'डिमार्केशन' गर्न सकिने आधारहरू छन्। तर धार्मिक रूपमा 'डमार्केन्सन' गर्नु कति उपयुक्त हुन्छ भन्ने कुरा यहाँहरूले अध्ययन गरेर सल्लाह दिन सक्नुहुन्छ। अरू कसैले पनि गर्न सक्छ, तर लैगिक र धार्मिक आधारमा अलि कठिन हुन्छ कि ? अन्तरजातीय विवाहलाई हामी प्रबर्द्धन, स्वीकार र उत्प्रेरित गर्छौं। मातृ भाषाको कुरा गर्दा कतिपय जनजाति आफ्नै मातृभाष नबोल्ने पनि छन्। उनीहरू भन्छन्- 'मेरा आमाबाले बोल्दै बोलदैनन्, मैले कहाँबाट सिक्नु ?' मातृभाषा भनेको समुदायले बोल्ने हो। मातृभाषा भनेको संस्कृति हो। 'क्रस कल्चर' ले मातृभाषालाई खत्तम पार्दैन। जसले पहिचान चाहन्छ उसले नितान्त रूपमा जान्न, सिक्न चाहन्छ। मातृभाषाको कुरामा व्यक्तिगत रूपमा अप्ठ्यारो पर्ला, समुदायमा पर्दैन।

**छलफलमा सहजीकरण गर्दै तारानाथ दाहाल**

बहसको सानो अंश थालेका हौं। बहसको प्रक्रियालाई सहजीकरण गरेका मात्र हौं। यहाँ आएका धेरै विचारहरूले साझा विचार बनाउन पनि सहयोग पुग्छ। आज केही नयाँ विषयहरू आएका छन्, जुन कुरा छलफलमा लानु जरुरी छ। महिलाको अवधारणामा छलफल गर्दै थियौं तर त्यहाँभित्र आदिवासी महिला, जनजाति महिलाहरूको विशेष अवस्था छ। त्यसबारे आगामी बहस शृंखलामा छलफल गर्ने नै छौं।

अर्कोतर्फ राज्य संरचनाका आधारहरूका बीचमा थुप्रै मतभेद छ। हामी कसैले जातीय, कसैले भाषिक, कसैले सांस्कृतिका आधारमा भन्छौं। दलित र गैरदलितहरू बीचमा छुवाछूतको विषय छन्, आ-आफ्ना चाहना अनुरूप थुप्रै विषयहरू प्रस्तावित भइरहेका छन्। अन्तिम लक्ष्य त समुन्नत नेपाल बनाउने हो। सबै नेपालीहरूको सहभागिता हुन सक्ने नयाँ प्रणाली बनाउँदा हाम्रा आधारहरू भाषा, संस्कृति, धर्मलगायतका सारा सबालहरूमा नयाँ मोडल बनाउन सक्नुपर्छ। मूल रूपमा राज्य भन्ने बित्तिकै सबै मानिसको प्रतिनिधित्व हो।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको पाँचौं शृंखला २०६२ फागुन ५ गते प्रस्तुत विचारहरू)

शृंखला ६

# समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा विकेन्द्रीकरण र स्थानीय निकाय

अवधारणा : कृष्णप्रसाद सापकोटा
टिप्पणी : मुक्तिप्रसाद काफ्ले/रमण मिश्र



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

समावेशी लोकतान्त्रिक नेपालको निर्माणका सन्दर्भमा एकातर्फ जातीय, भाषिक, ऐतिहासिक र सांस्कृतिक आधारमा राज्यको पुनर्संरचना गरी संघात्मक वा स्वशासित राज्यहरूको सिर्जनाको प्रस्ताव, अर्कोतर्फ आरक्षण र समानुपातिक निर्वाचन प्रणालीजस्ता प्रस्तावहरू बहसमा छन् । यिनै र यस्तै बहसका बीचमा पिछडिएका समुदाय र क्षेत्रको उत्थान एवं शासकीय सहभागितामा जनताको पहुँच अभिवृद्धिका लागि स्थानीय निकायहरूलाई अधिकार सम्पन्न गरी सशक्त बनाउने विकेन्द्रीकरणको अवधारणा पनि निरन्तर बहस छ ।

समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनासम्बन्धी बहसको छैटौं शृंखलामा जिल्ला विकास समिति महासंघका अध्यक्ष कृष्णप्रसाद सापकोटाले 'समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा विकेन्द्रीकरण र स्थानीय निकायको सबाल' विषयक अवधारणापत्र प्रस्तुत गर्नुभएको छ । उहाँको अवधारणा पत्रमा विश्लेषक मनप्रसाद काफ्लेले टिप्पणी गर्नुभएको छ ।

बहसमा सरोकारवाला, वकालतकर्ता तथा विज्ञका रूपमा सक्रिय सहभागिता गर्नुभएका व्यक्तित्वहरूको विचारसमेत यहाँ प्रस्तुत छ ।

## अवधारणा

### १. पृष्ठभूमि

अहिले हाम्रो मुलुक सम्भवतः सर्वाधिक कठिन द्वन्द्वात्मक स्थितिबाट गुज्रिरहेको छ। राजनीति सबै नीतिहरूको माउ नीति भएकाले राजनीति अग्र भागमा हुनु स्वाभाविक भए पनि अहिलेको द्वन्द्वको कारण भने केवल राजनीतिक विषयमात्र छैन। मुलुकको वर्तमान द्वन्द्व आर्थिक, सामाजिक, सांस्कृतिक र समावेशीयुक्त लोकतान्त्रिक पद्धति र त्यसका लागि सुहाउँदो राज्य संरचनाका लागि भइरहेको छ। सबै जातजाति, भाषाभाषी, धर्म, वर्ग, लिङ्ग र भौगोलिक असमानताको अन्त्यका लागि भइरहेको छ। उपरीढाँचाको केन्द्रीकृत राज्य व्यवस्थाका लागि मात्र हैन विकेन्द्रित, निक्षेपित र पूर्ण स्वायत्ततासहितको स्थानीय लोकतन्त्रका लागि भइरहेको छ। राजाबाट निर्दिष्ट गरेको लोकतन्त्रको परिभाषा हैन विश्वले परिभाषीत गरेको लोकतन्त्रको परिभाषाअनुसार जनताको स्थान कहाँ रहन्छ भन्ने कुराको खोजी भइरहेको छ। साथै शक्तिको स्रोत, राजकीय सत्ता र सार्वभौम सत्ताको वास्तविक अधिकारी जनता हुन कि राजा हुन भन्ने विषयको छिनोफानो गर्नका लागि, मुलुकको शान्ति, स्थिरता, एकता र प्रगतिको लागि राजतन्त्र र राजसंस्था आवश्यक छ कि छैन भन्ने विषयमा निर्क्योल गर्न र देशको मूल कानुन कसले बनाउने भन्ने विषयमा विचार, विमर्श र बहस भइरहेको छ।

मुलुक आज माओवादी पक्षबाट सञ्चालित सशस्त्र द्वन्द्वको अवस्थामा रहेको विदित नै छ। यस क्रममा द्वन्द्वका असर तथा कारणहरू के-के हुन र तिनको निराकरणका उपाय के हुन भन्ने विषयमा मुलुकमा निरन्तर बहस भइरहेको छ। द्वन्द्व आफैंमा खराब हुँदैन र होइन। द्वन्द्व प्रगति र परिवर्तनको साधक पनि हो। बाह्रवर्षे उदार व्यवस्थाका कारण शताब्दीयौंदेखि छिपेर सुषुप्त अवस्थामा रहेका मानव अधिकार, मौलिक हक र जनताको सर्वोच्चताका लागि भएका अन्तर विरोधहरू अहिले प्रखर रूपमा प्रकट भएका छन् भनेर बुझ्नुपर्ने कुरा विवेकी हुन जानेछ। हामीले देशवासी, समग्र जनताको राज्य व्यवस्थामा सर्वोच्चता, स्वामित्व र सहभागिता हुने गरी द्वन्द्व व्यवस्थापन गर्न सक्यौं भने वर्तमान पुस्ताको मुख्य जिम्मेवारी र दायित्व पूरा हुनेछ।

भोलिको राज्य संरचना कस्तो हुनुपर्छ भन्ने विषय प्रमुख मुद्दा बनेको छ। भोलिको राज्य संरचनाको विषय आजको राज्य संरचना कस्तो छ भन्ने विषयसँग सम्बन्धित हुन्छ। कुन-कुन क्षेत्रमा, कुन-कुन तहमा र समाजका कुन-कुन तह र तप्कामा के कस्ता असमानता र विभेदहरू छन् र त्यसले उत्पन्न गरेका के कस्ता अन्तर विरोधहरू छन् र तिनको व्यवस्थापनका लागि कस्तो संरचना हुनु आवश्यक हुन्छ, त्यसको खोजी र निरूपण नै वर्तमान नेपाली पुस्ताको जिम्मेवारी हो। लोकतन्त्रको आँखाबाट वर्तमान राज्यसत्ताको चरित्रले भोलिको राज्यसत्ताको चरित्र कस्तो हुनुपर्छ भन्ने बारेमा दृष्टिकोण निर्माण गर्नु अहिले प्रत्येक शान्ति कामी नेपालीहरूका लागि विद्यमान आवश्यकताले सिर्जित बाध्यता बनेको छ।



२१ औं शताब्दीको लोकतान्त्रिक सभ्यता, मूल्य र मान्यताभित्र अटाउने स्थानीय स्वायत्त शासन पद्धति तथा काम र अधिकार सम्पन्न जनताप्रति उत्तरदायी स्थानीय सरकारको स्थापना र विकास अनिवार्य छ। मुलुकको सर्वोच्च कानुनले जनतामा निहित गर्ने सार्वभौमसत्ताको प्रयोग र बाँडफाँड स्थानीय सरकार तहसम्म सुनिश्चित गर्न सकेमा मात्र केन्द्रीकृत शासन प्रणाली, केन्द्रीय अधिनायकत्व र निरंकुशताजस्ता वर्तमानका समस्या र सम्भावित खतराबाट बचाई जनतालाई साँच्चिकै सार्वभौमसत्ताको प्रयोगमा अधिकतम रूपमा सहभागी हुन अवसर मिल्ने देखिन्छ। यस सन्दर्भमा राज्यको पुनर्संरचनाको माग र आधार केवल केन्द्र सरकार र केन्द्रीय शासन प्रणालीलाई मात्र बनाइनु हुँदैन। त्यसो भए भने फेरि पनि नेपालको शासन व्यवस्थामा रहँदै आएको सिंहदरबारको सर्वोच्चता (हाल राजामा रहेको शासन सत्ता) जस्तो परम्परागत केन्द्रमुखी सोंच र कार्यशैलीले सिर्जना गरेको विभेद कायमै रहनेछ।

हाम्रो मुलुकको विविधतापूर्ण र विशिष्ठ प्रकृतिको भूगोल, भौतिक पूर्वाधारको अवस्था र सेवामा जनताको पहुँचको स्थिति, जनसंख्याको स्वरूप, जातजाति, धर्म, वर्ग, लिंग, आर्थिक, सामाजिक र सांस्कृतिक संरचना र अवस्थितिका कारण केन्द्रीय शासनमा सबै पक्षको समावेशीकरण अर्थात समानुपातिक प्रतिनिधित्व र सहभागिता जटिल हुन्छ र प्रभावकारी पनि हुन सक्दैन। तर अधिकार सम्पन्न स्थानीय सरकार गठन भई सोही तहदेखि लोकतान्त्रिक मान्यताका आधारमा सम्पूर्ण पक्षका जनतालाई शासनका हकदार बनाउन र समावेशीकरण गर्न सजिलो हुन्छ। यसो भएमा शासनमा जनताको सर्वोच्चता, अपनत्व र स्वामित्व स्थापना भई शासन प्रणालीप्रतिको जनविश्वासलाई पनि उच्च तुल्याई राख्न सकिने हुन्छ। यस अर्थमा राज्य संरचनाको प्रमुख आधार लोकतान्त्रिक समावेशीकरण भए जतिकै महत्वपूर्ण अर्को पक्ष भनेको विकेन्द्रीकरणका सर्वमान्य सिद्धान्तमा आधारित शासन व्यवस्था भित्रको समावेशीकरणको खोजी गर्नु हो। विकेन्द्रीकरण शासन व्यवस्थाको अभावमा समावेशी लोकतन्त्र अपुरो र अप्रभावकारी मात्र होइन, निरर्थक नै हुनजान्छ।

### २. विकेन्द्रीकरणका माध्यमबाट लोकतान्त्रिक समावेशीकरणका आधारहरू

विकेन्द्रीकरण लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड हो। विकेन्द्रीकरणकै माध्यमद्वारा जनताले आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र भाषिक प्रयोग, संरक्षण र विकासका लागि आफ्नो सक्रिय सहभागिता गरी लोकतन्त्रका लाभ र विकासका प्रतिफलहरू प्राप्त गर्दछन्। जनताले निर्वाचनमा मात्र होइन राज्यका विकास आदि समग्र शासन प्रक्रियामा पूर्ण सहभागी हुने र स्थानीय र प्रत्यक्ष लोकतन्त्रको उपभोग गर्ने योभन्दा अर्को बाटो छैन।

हर मानिसमा एउटा सीमा हुन्छ। मान्छे विशेषज्ञ हुनसक्छ तर सर्वज्ञ हुन सक्दैन, मान्छे दूरदर्शी हुनसक्छ तर सर्वदर्शी हुन सक्दैन। त्यो कुरा सिंहदरबार वा अन्य कुनै केन्द्रीय निकायमा बस्ने मानिसहरूमा पनि लागू हुन्छ। त्यसैले सिंहदरबारका आँखाले मुलुकका कुना काप्चा सबै देख्न सक्दैन। देशका सबै स्थानका जनता सिंहदरबारसम्म आउन पनि सक्दैनन र आए भने पस्न पनि पाउँदैनन्।

आफ्ना आवश्यकता राख्न र निर्णय प्रक्रियामा सहभागी हुन पनि सक्दैनन्। केन्द्रीय सरकार भनेको सुनिने सरकार मात्र हो, स्थानीय सरकार मात्रै देखिने, भेटिने र शासनमा वास्तविक रूपमा सहभागी गराउने सरकार हो। हालसम्म नेपाल एकीकरणको २३७ वर्षहरू केन्द्रीकृत निर्णय प्रक्रिया, केन्द्रीकृत योजना पद्धति, केन्द्रीकृत वित्तीय व्यवस्था, केन्द्रीकृत प्रशासनिक नियन्त्रण र केन्द्रीकरण न्यायिक प्रक्रिया रहँदै आएको छ। स्थानीय रूपमा २००४ सालदेखिनै स्थानीय निकायहरूको केही बन्दोबस्त भएको देखिए तापनि स्वायत्त स्थानीय सरकारका रूपमा स्थापित हुन सकेन। शासनलाई विकेन्द्रित गर्न नसक्दा मन्त्रीहरूको काम साना-साना बजेट परिचालन र तल्लो तहका कर्मचारीहरूको सरुवामा केन्द्रित हुने गरेको छ।

अहिलेसम्म केन्द्रीय सरकारले मेलम्चीजस्ता ठूला आयोजना र स-साना खानेपानी, सिँचाइ र सडकहरू पनि जिम्मेवारी लिँदै आएको छ। विकेन्द्रीकरणको विश्वव्यापी सर्वमान्य सिद्धान्त भनेको मुद्रा, परराष्ट्र र प्रतिरक्षाबाहेक स्थानीय सरकारहरूले गर्नसक्ने सम्पूर्ण काम स्थानीय सरकारसँग बाँडफाँड गरिन्छ। सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) मा आधारित विकेन्द्रीकरणको सिद्धान्तको आधारमा स्वतन्त्र व्यक्ति वा जनताबाट हुनसक्ने कार्यहरू स्थानीय सरकारको परिपूरकको रूपमा जनताबाटै गर्ने सिद्धान्तलाई स्वीकार गर्ने हो भने उपरी ढाँचाको अप्रत्यक्ष र प्रतिनिधिमूलक लोकतन्त्र मात्र होइन सन्निकटताको सिद्धान्तमा आधारित लोकतन्त्र आवश्यक छ। सुशासन, पारदर्शिता, सामाजिक न्याय र द्रुततर विकासका लागि पनि विकेन्द्रीकरण आवश्यक छ।

लोकतान्त्रिक शासन व्यवस्थामा जनता र जनप्रतिनिधिमूलक संस्था वा राज्य व्यवस्थाकाबीच अन्योन्याश्रित सम्बन्धको आवश्यकता पर्ने हुन्छ। जनता सशक्त नभए निरंकुशता हावी हुने र जनप्रतिनिधिमूलक संस्था (राज्य) सशक्त नभए अराजकता पैदा हुने हुन्छ। यसको सन्तुलन नै लोकतान्त्रिक राज्य व्यवस्था भएको हुँदा सन्तुलनका लागि र जनताको स्वामित्व र अपनत्व प्राप्त गरेको राज्य व्यवस्था हुनाका लागि जनताको सबभन्दा निकटको राज्य स्थानीय सरकारमार्फत शासनमा जनताको सहभागिता भयो भने मात्र स्थानीय लोकतन्त्र बलियो हुनगई जनताको सशक्तीकरण सम्भव हुन्छ। सशक्त जनता भएमात्र गुणस्तरीय सेवा र सुविधा प्राप्त भई गुणस्तरीय जीवन सम्भव हुनसक्छ।

विकेन्द्रीकरणकै माध्यमद्वारा भौगोलिक, आर्थिक, सामाजिक असन्तुलनहरू पनि कम हुनसक्छन्। अहिले प्रतिव्यक्ति आय काठमाडौंमा ३ हजार ४ सय ३७ रूपैयाँ छ भने दैलेखमा ६ सय ७९ मात्र छ। २६ प्रतिशत मात्र बालबालिका दीर्घ कुपोषित भएको ललितपुर जिल्ला छ भने ९० प्रतिशत कुपोषित भएको हुम्ला छ। ७३ प्रतिशत प्रौढ साक्षरता भएको काठमाडौं छ भने १९ प्रतिशत मात्रै प्रौढ साक्षरता भएको हुम्ला छ। ७१.३३ औषत आयु भएको भक्तपुर छ भने मात्र ४४.०७ भएको मुगु छ। गत वर्षको प्रवेशिका परीक्षाको नतिजा हेर्दा सरकारी विद्यालयले जम्मा २० प्रतिशत मात्र उत्तीर्ण गरेका छन्। बोर्डिङ स्कुलहरू नभएको मुगुको १८ वटा सरकारी माविले प्रवेशिका परीक्षामा जम्मा ८ जना मात्र उत्तीर्ण गराएको छ। डाक्टरको अभावमा दुर्गम पिछडिएको जिल्लामा नै झाडापखाला आदिले धेरै



केटाकेटीहरूको मृत्यु हुन्छ। अहिले नेपाली जनताले जन्मदै शिक्षा, स्वास्थ्य र मानव संशाधनका क्षेत्रमा असमानता व्यहोर्दै आउनु परेको छ। यसप्रकारको दुईथरि असमान नागरिक उत्पादन गर्ने प्रणालीको अन्त्य स्थानीय लोकतन्त्रको प्रवर्द्धन र विकेन्द्रीकरणकै माध्यमद्वारा समाधान गर्न सकिने कुरा हो।

सुशासन, पारदर्शिता र द्रुततर विकासका लागि पनि विकेन्द्रीकरण आवश्यक छ। आजको सन्दर्भमा हामीले खोजेको विकेन्द्रीकरण जनताबाट निर्वाचित नजिकको स्थानीय सरकारमा काम, अधिकार र जिम्मेवारीको निक्षेपण ( Devolution) हो। प्रशासनिक विकेन्द्रीकरणका रूपहरू जस्तै, अधिकारको प्रत्यायोजन (Delegation) र अधिकारको तरलीकरण (Deconcentration) बाट जनतालाई प्रभावकारी सेवा प्रदान गर्नमा देखिएका समस्याको समाधानका सन्दर्भमा अधिकारको निक्षेपण (Devolution) को मुद्दा प्रमुख बन्न गएको छ। अधिकारको निक्षेपणको कुरा गर्दा बजारीकरण ( Privatization) को नयाँ अवधारणालाई समेत भुल्न मिल्दैन। विषयगत कार्य प्रकृतिका आधारमा पनि स्थानीय सरकार तहमा मूलतः (१) राजनीतिक अधिकारको निक्षेपण (Devolution of Political power) (२) वित्तीय अधिकारको निक्षेपण (Devolution of fiscal power) (३) प्रशासनिक अधिकारको निक्षेपण (Devolution of administrative power) पनि सँगसँगै जानु अपरिहार्य हुन्छ।

यस सन्दर्भमा लोकतान्त्रिक विकेन्द्रीकृत राज्य प्रणालीको नयाँ स्वरूपका सम्बन्धमा आम सहमतिको खाँचो रहेको छ। जनतामा निहित सार्वभौमसत्ता कहीँ कतैबाट खण्डित हुन नसक्ने कुराको प्रत्याभूति, एकात्मक वा संघात्मक वा क्षेत्रीय स्वायत्त सरकारको स्वरूपको निर्क्योल, स्थानीय सरकारको काम, अधिकार र जिम्मेवारी सम्बन्धमा प्रष्ट संवैधानिक व्यवस्था र स्थानीय सरकारबाट केन्द्रीय विधायिकामा प्रतिनिधित्व तथा सहभागिताको स्वरूपका सम्बन्धमा पनि निर्क्योल निकालिनुपर्छ। जनतामा अन्तरनिहित सार्वभौमसत्ताको सार्थक प्रयोगका लागि स्थानीय सरकारलाई काविल तुल्याइनुपर्दछ। स्थानीय सरकारका माध्यमबाट लोकतान्त्रिक समावेशीकरणका लागि मूलतः देहाएका विषयहरूलाई आधार बनाइनुपर्दछ।

**(क) जनतामा अन्तरनिहित सार्वभौमसत्ताको प्रयोगमा स्थानीय सरकारको भूमिका**

नेपालमा सार्वभौमसत्ता राजामा रहने कि जनतामा रहने भन्ने विषय निरन्तर विवादित बन्ने गरेको छ। राज्यको पुनर्संरचनाको भावी खाकामध्येको एक सार्वभौमसत्ता जनतामा रहने र सदाका लागि अखण्डित हुने संवैधानिक व्यवस्था र कार्यगत संयन्त्रको निर्माण गर्नु प्रमुख बनेको छ। यो कुरा अधिकार सम्पन्न जननिर्वाचित स्थानीय सरकारलाई समेत सार्वभौम अधिकारको प्रयोगमा अधिक मात्रामा सामेल गराएर मात्र सम्भव छ।

जनआन्दोलनमार्फत २०४६ सालमा स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्था र यसको उपलब्धिको रूपमा प्राप्त नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाल अधिराज्यको सार्वभौमसत्ता जनतामा निहित गरेको तथा त्यसको प्रयोग तोकिएबमोजिम हुने व्यवस्था गर्‍यो। तथापि निर्वाचन हुन नसकेको मौकाछोपी

२०६० असोज १८ गते 'परम्परागतरूपमा प्रयोग हुँदै आएको राजकीय सत्ता' को नाममा जननिर्वाचित प्रधानमन्त्रीलाई हटाएर र २०६१ माघ १९ मा आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरी राजाले आफूमा सार्वभौमसत्ता रहेको गैरसंवैधानिक सन्देश नेपाली जनता, विश्व समुदाय र अदालतमा समेत दिए। तथापी अन्तमा गएर नेपाल अधिराज्यको सार्वभौमसत्ता नेपाली जनतामा मात्र रहन सक्ने निर्णय भ्रष्टाचार नियन्त्रण शाही आयोगसम्बन्धी विवादित मुद्दामा हालैमात्र सर्वोच्च अदालतले दिएको छ। र, पनि राजाबाट आफूले प्रयोग गरी आएको राजकीय सत्ता जनतामा फर्काउने कुनै पहल भएको छैन। यस अवस्थामा सार्वभौमसत्ताको प्रयोगका बढीभन्दा बढी अधिकार र जिम्मेवारी स्थानीय सरकार तहमा जाने हो भने राजाबाट विगतमा भएजस्ता आफैंले आफैंलाई सार्वभौम ठानेर गर्ने स्वेच्छाचारी शासनका लागि चुनौती हुनेछ। जनता आफूमा प्राप्त अधिकार कसैबाट खोसिएको टुलुटुलु हेरेर बस्ने छैनन्।

अहिले निरंकुश राजतन्त्रका हिमायती बाहेकका देशका मुख्य राजनीतिक शक्तिहरू एउटा ठाउँमा आएका छन्। फरक-फरक आस्था, विश्वास र बाटाहरू हिँडेका राजनीतिक शक्तिहरू अहिले निश्चित उद्देश्य प्राप्तिका लागि एउटै मोर्चामा आबद्ध भई 'निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र' को प्राप्तिको आन्दोलनमा सक्रिय छन्। फरक-फरक ढंगले शान्तिपूर्ण र हतियारबद्ध आन्दोलनमा हिँडेका सात दल र माओवादी पार्टीका बीचमा पनि राजतन्त्रलगायतका विषयमा संविधानसभा जस्तो वैधानिक प्रक्रियाद्वारा निर्णयमा पुग्ने र माओवादी पक्षलाई शान्तिपूर्ण अवतरण गर्ने/गराउने कुरामा १२ बुँदे सहमति भइसकेको स्थिति छ।

नेपालीहरूको एउटा ठूलो हिस्सा अहिलेसम्म नेपालको राजसंस्था निरंकुशतावादी, केन्द्रीयतावादी, अस्थिरतावादी, अनेकतावादी, हिन्दुवादी, सामन्तवादी, र विभेदकारी छ भन्दै आएको छ। तर यो मान्यता सबै नेपालीहरूको बनिसकेको छैन। राजसंस्था कसैका लागि सारै ठूलो आस्थाको केन्द्र र कसैका लागि अनावश्यक र बोझिलो भएको छ, त्यसैले यसको छिनोफानो लडाइँ र झगडाले भन्दा सम्भव भएसम्म शान्तिपूर्ण लोकतान्त्रिक बाटोबाट राजसंस्थालगायत राज्यका मामिलामा प्रकट भएका तमाम विषयगत अन्तर विरोधहरू सार्वभौम जनताले नै संविधानसभामार्फत निर्णय गर्न पाउनुपर्छ भन्ने विषयमा देशका मुख्य राजनीतिक शक्तिहरूका बीच भएको समझदारी नै लोकसम्मतिको आधारमा राज्य चलाउँदै आएको दाबी गर्ने राजसंस्थाका लागि पनि उपयुक्त हुने र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरणका लागि पनि योभन्दा अर्को उपयुक्त बाटो हुनसक्दैन।

**धर्म निरपेक्षता** : धर्म भनेको नितान्त निजी आस्था र विश्वासको कुरा हो। राज्यको धर्म हुँदैन र हुनुहुँदैन। तर नेपाल अधिराज्यको संविधान, २०४७ ले हिन्दु अधिराज्य भनी दिएकाले अन्य धर्मावलम्बीलाई चोट पुगेको छ। द्वन्द्व मानसिक र अनुभूतिजन्य विषय भएकाले त्यसलाई व्यवस्थापन गर्न धर्म निरपेक्ष राष्ट्र बनाइनु उपयुक्त हुन्छ।

**जननिर्वाचित निकायप्रति जवाफदेही सैनिक संरचना** : सेना अहिले मुलुकको मुख्य छलफलको विषय बनेको छ। शाही नेपाली सेनाले समाजको विविधतालाई



समेट्न सकेको छैन भन्ने कुराहरू प्रखर रूपमा उठ्दै आएको छ। तराई, हिमाल र महिलाहरूको खुला प्रवेशको बारेमा गम्भीर बहस हुँदै आएका छन्। भरखरै मात्र शाही नेपाली सेनाले तराई र हिमालको छुट्टाछुट्टै बनाउनेसम्म निर्णय गरेको छ, के कारणले सबै डिभिजनमा सबै नेपालीको प्रवेश हुन नसकेको हो, त्यसबारेमा पारदर्शी ढंगले कुरा आउन सकेका छैनन्। अहिले पनि हाम्रो राष्ट्रिय सेनालाई शाही उपाधी झुन्ड्याउने गरिएको छ। सेना राष्ट्रिय एकताको प्रतिविम्ब हुनुपर्दछ। एक्काइसौं शताब्दीको सेना राष्ट्रिय स्वतन्त्रता, प्रादेशिक अखण्डताको सुरक्षाका लागि मात्र होइन जनतामा अन्तरनिहित राजकीय सत्ता, सार्वभौसत्ता, लोकतन्त्र, मानव अधिकार, मौलिक हकको जगेर्ना गर्नका लागि पनि कडा पहरेदार हुनुपर्दछ। नयाँ संविधानमा सेनालाई द्वैध उत्तरदायित्व र पार्टीकरण समेतबाट मुक्त गरी पूर्णरूपमा जननिर्वाचित मन्त्रिपरिषद्प्रति उत्तरदायी हुने र मन्त्रिपरिषद्को मातहतमा रहने व्यवस्था गरिनु उपयुक्त हुने देखिन्छ।

**(ख) स्थानीय सरकारको काम, कर्तव्य र अधिकारसम्बन्धी प्रष्ट संवैधानिक व्यवस्था**

लोकतान्त्रिक शासन व्यवस्थामा विकेन्द्रीकरण धेरै महत्वपूर्ण साधन भए पनि २०४७ को नेपाल अधिराज्यको संविधानले मूर्तरूपमा विकेन्द्रीकरण र स्थानीय स्वायत्त सरकारका बारेमा सम्बोधन गर्न सकेन। संवैधानिक व्यवस्थाको अभावमा स्थानीय निकायहरू बारम्बार श्री ५ को सरकारको कोपभाजनका सिकार बने। जसको परिणाम आज सिंगो मुलुक जनप्रतिनिधिविहीन छ। यिनै सम्भावित खतराबाट स्थानीय सरकारलाई जोगाउन एकात्मक र लोकतान्त्रिक राज्य व्यवस्था अंगालेका नवोदित आदि राष्ट्रहरूले स्थानीय सरकारकाबारे ऐनजस्तै गरी संविधानमा लामा-लामा प्रावधान राखेर स्थानीय सरकारको अधिकार, स्थानीय स्वायत्तता र अविच्छिन्नतालाई जोगाएको छ।

निश्चय पनि नेपाल अधिराज्यको संविधान, २०४७ यसभन्दा अघिका संविधानमध्ये प्रगतिशील र उत्कृष्ट संविधान हो। तर यसलाई विश्वको सर्वोकृष्ट संविधानको कोटीमा पर्छ भन्ने कुराचाहिँ ठीक नहोला, नेपालको वस्तुगत अवस्थालाई सम्बोधन गर्नसक्ने संविधान भनेर भन्न नसकिने कुरा पनि स्वयं परिणामहरूले सिद्ध गरेका छन्। हामीले त्यतिबेला बेलायती बेस्ट मिनिस्टर ढाँचाको प्रणालीलाई सुहाउँदो संविधान निर्माण गर्‍यौं। तर यो संविधानले हाम्रो विविधतालाई प्रकट गर्ने राम्रो अवसर चाहिँ दियो। तर एकताको सूत्रमा आबद्ध गर्ने कार्य भने गर्न सकेन। अहिले पनि मुलुकभित्रका तमाम जाति, भाषा, धर्म, वर्ग, लिङ्ग र भौगोलिक विविधताहरूलाई समेट्न सकेन। त्यसैले अहिलेको राज्य संरचनामा पुनर्गठन नगरी राज्यप्रति सबै जनताको स्वामित्व, अपनत्व र सर्वोच्चता कायम हुन सक्दैन।

शासनमा जसको सर्वोच्चता, स्वामित्व र अपनत्व प्राप्त हुँदैन त्यस्तो राज्य उनीहरूको हुन पनि सक्दैन्। त्यसैले अहिलेसम्म देश सबै नेपालीको भएर पनि वास्तविक आधारमा राज्य सबैको हुन सकेन। कहिले भाइभारदार, कहिले राणा, कहिले पञ्च, कहिले निश्चित जाति, लिङ्ग र वर्ग, धर्म र भूगोलको मात्र रह्यो, अहिले मात्र निरंकुश राजतन्त्रवादीहरूको रहेको छ। राष्ट्रियता केवल भूगोल मात्र होइन,

सम्पूर्ण जनताको भावनात्मक एकता पनि हो । यदि भावनात्मक एकता भयो र लोकतान्त्रिक, पारदर्शी, जवाफदेही र विधिको शासन भयो भने शान्ति र समृद्धिका लागि धेरै टाढासम्म पर्खनुपर्दैन ।

सधैं एकथरी अधिकार खोस्न र दमन गर्न मात्र उत्रिरहने र व्यापक जनताले त्यसबाट मुक्ति पाउन सधैं आन्दोलन र संघर्ष गरिरहनुपर्ने भएमा हाम्रो प्रगति र शान्ति कहिल्यै सम्भव छैन । केवल शान्तिको नाराले मात्रै शान्ति सम्भव हुन सक्दैन । शान्ति त सम्पूर्ण जनताको समावेशी लोकतन्त्र र सहभागितामूलक शासन प्रणालीसँग अन्तर सम्बन्धित छ भन्ने कुरामा धेरै विवाद नहोला । यस सन्दर्भमा जनतामा निहित सार्वभौम सत्ता, जनतामा अन्तरनिहित शक्तिको स्रोत, जननिर्वाचित विधायीका र उत्तरदायी सरकार, शक्तिको पृथकीकरण, स्वतन्त्रता र सक्षम न्यायपालिका, जनताको मौलिक अधिकार, स्वतन्त्रताको संरक्षण, संविधानको सर्वोच्चता र विकेन्द्रीकरण जस्ता संविधानवादका मूल विशेषताहरू मान्ने गरिन्छ । त्यसैले अबको संविधानमा संविधानवादका उल्लेखित मान्यता र नेपालको विविधतालाई सम्बोधन गर्ने गरी खास-खास विषयहरूमा जनमत संग्रहद्वारा जनताले निर्णय गर्न पाउने र राजकीय सत्ता, सार्वभौम सत्ता र सम्पूर्ण शक्तिको स्रोत जनता हुने गरी जनताको सर्वोच्चता स्थापित भएको जनप्रतिनिधिहरूद्वारा निर्मित र स्वीकृत संविधान हुनु आवश्यक छ ।

## ३. लोकतान्त्रिक समावेशीकरणका लागि एकात्मक वा संघात्मक राज्य प्रणाली ?

अहिले कतिपय राजनीतिक दल र व्यक्तिहरूबाट स्थानीय स्वायत्तताका लागि संघात्मक व्यवस्थाबाहेक अर्को विकल्प हुन सक्दैन भन्ने दृष्टिकोणबाट कुरा आउने गरेको छ । नेकपा माओवादीले त संघात्मक व्यवस्था मात्र नभई आत्मनिर्णयसहितको जातीय, भाषिक र क्षेत्रीय स्वायत्तताका कुरा उठाएका छन् । राज्य प्रणाली एकात्मक हुने कि संघात्मक हुने भन्ने महत्वपूर्ण कुरा होइन । महत्वपूर्ण कुरा भनेको जनताले आफूमा अन्तर्निहीत राजकीय सत्ता र सार्वभौमसत्ताको प्रयोग शासनमा सहभागी भई अधिकतम रूपमा प्रयोग गर्न पाउनुपर्छ भन्ने कुरा हो । सो अधिकारको अधिकतम प्रयोग सधैं नजिकबाट भेटिने स्थानीय सरकारबाट मात्र सम्भव हुने कुरा हो ।

कतिपय व्यक्तिहरू संघीय शासन प्रणालीलाई स्थानीय स्वायत्त शासन प्रणालीको पर्यायवाचीका रूपमा बुझ्ने गर्छन् तर वास्तविकता त्यसो हुन सक्दैन । संघात्मक शासन प्रणाली भएको अवस्थामा पनि स्थानीय स्वायत्त शासनका मुद्दाहरू एकात्मक शासन व्यवस्थामा भन्दा फरक हुँदैनन् । प्रान्तीय शासनको कुरा गरेर नजिकको सरकार स्थापना हुन्छ र प्रभावकारी सेवा सुविधा प्राप्त हुन्छ भनेर स्वतः स्वीकार गर्न नसकिने विषयहरू हुन् । र प्रान्तीय तथा क्षेत्रीय सरकारहरू सधैं सबै अवस्थामा जनताको नजिक नै पनि रहँदैनन् भलै केन्द्र सरकारभन्दा नजिकका सरकार अवश्यै हुन् । चाहे संघीय शासन प्रणाली भएको होस् वा एकात्मक दुवै शासन प्रणालीमा विकेन्द्रीकरण, निक्षेपण र स्थानीय स्वायत्तताको विषयले उत्तिकै महत्व राख्ने हुन्छ । क्यानडा, अष्ट्रेलिया, स्विट्जरल्यान्ड र अमेरिकाजस्ता प्रजातान्त्रिक शासन अवलम्बन गरेका संघीय मुलुकहरू हुन वा इटली, फिलिपिन्स र फ्रान्सजस्ता



एकात्मक शासन व्यवस्था भएका गणतन्त्रात्मक मुलुक हुन वा नर्वे, डेनमार्क, स्वीडेन, जापान र नेदरल्याण्डजस्ता संवैधानिक राजतन्त्रात्मक मुलुकहरू हुन सबै मुलुकहरूमा स्थानीय स्वायत्त शासन पद्धतिलाई उत्तिकै महत्व दिएको पाइन्छ ।

संघीय शासन हुँदैमा स्थानीय स्वायत्त शासनका लागि थप अधिकार प्राप्त हुन्छ भन्ने होइन । स्थानीय स्वायत्त शासन प्रभावकारी छ वा छैन भन्ने कुरा स्थानीय सरकारको स्थापनाको आधार, संवैधानिक एवं कानुनी व्यवस्था, स्थानीय सरकारलाई प्रदान गरिएको निक्षेपित अधिकारमा भरपर्ने हुन्छ । प्रान्तीय राज्यले पाउने अधिकार सरह स्थानीय सरकारले प्राप्त गर्ने संवैधानिक अधिकार अहिलेको आवश्यकता हो ।

संघात्मक व्यवस्था भएका मुलुकहरूमा आफ्नो स्थापनाकालका बखत विद्यमान भाषा, धर्म र जातीय घनत्वका आधारमा अलग्गै पहिचान र अस्तित्वलाई सम्मान गर्दै राष्ट्रिय विकासको मूलधारमा सहभागी गराउने उद्देश्यले संघात्मक प्रणाली अवलम्बन गरेको पाइन्छ । सो कुरा हाम्रो जस्तो १०१ वटा जाति र ९२ भाषाभाषी भएको र मिश्रित बसोबास भएको हाम्रो विशिष्ट सामाजिक अवस्थामा मिल्न आउँदैन । यसकारण हाम्रो सन्दर्भमा संघीय राज्यको औचित्यता पुष्टि हुन सक्दैन । स्थानीय सरकारको अधिकारका हिसाबले संघात्मक र एकात्मक शासन प्रणालीमा स्पष्ट रूपमा फरकहरू फेला पर्दैनन् । भारतस्ता संघीय मुलुकभन्दा धेरै र अमेरिका, स्विट्जरल्यान्डभन्दा कम अधिकार नभएका स्क्यानडेनिभियन मुलुकहरू ताजा उदाहरण हुन् ।

संघात्मक शासन व्यवस्था भएका मुलुकहरूमा स्थानीय सरकारका बीच कामको बाँडफाँड राज्य सरकारको संविधानअनुसार हुने भएकाले एउटै मुलुकभित्र पनि राज्य-राज्यका बीचमा पनि स्थानीय सरकारका अधिकार क्षेत्रमा फरक-फरक हुनसक्छ । ५० राज्य भएको क्यालिफोर्निया राज्यमा स्थानीय सरकारले पाए सरहको अधिकार र जिम्मेवारी अमेरिकाकै अन्य राज्यभित्रका स्थानीय सरकारहरूले प्राप्त गरेका छैनन । एकात्मक शासन व्यवस्था भएका मुलुकमा स्थानीय सरकार र केन्द्र सरकारको कामको बाँडफाँड प्रष्ट रूपमा एउटै केन्द्रीय संविधानमा उल्लेख हुने हुँदा स्थानीय स्वायत्त सरकारको प्राप्तिको आन्दोलनलाई विकेन्द्रित गरिरहनु पर्दैन ।

आज केही राजनीतिक शक्तिहरू संघात्मक व्यवस्थामा मात्र आफ्नो प्रदेशको प्राकृतिक स्रोतमा कर लगाउने स्वायत्तता हुन्छ भन्ने विचार राख्ने गर्छन् । संघात्मक शासन प्रणालीमा पनि प्रत्येक संघहरूलाई के कति अधिकार दिने र राज्य राज्यबीचको अन्तरनिर्भरता र स्रोतको बाँडफाँड के कसरी गर्ने भन्ने पक्ष देशको मूल संविधानले नै निर्धारण गर्ने विषय हुन् । फिलिपिन्स जस्तो एकात्मक शासन प्रणाली भएका मुलुकहरूले संविधानमै स्थानीय स्वायत्तताको प्रतिकूल नहुने गरी राजश्व परिचालन गर्ने अधिकार प्रदान गरेर एकात्मक शासन व्यवस्थामा स्थानीय सरकारहरूको आफ्नो क्षेत्रभित्रको श्रोत साधनमा नियन्त्रण रहदैन भन्ने अवस्था छैन । संघीय सरकारको अभावमा पछाडि पारिएका क्षेत्रहरूको विकास हुन सक्दैन भन्ने अवधारणाहरू पनि आउने गरेका छन् । पछाडि पारिएका क्षेत्रहरूको विकास संघ वा प्रदेशको आधारमा होइन् स्थानीय स्वायत्तता, दुर्गमता, समग्र विकास सूचकांक र मानवीय मूल्य र मान्यताका आधारमा प्राप्त हुने अधिकारयुक्त बजेटका आधारमा

हुनुपर्छ। हामीले विकासको क्षेत्रीय असन्तुलन र विभेदको अन्त्य यो बाहेक अर्को बाटोबाट गर्न सम्भव हुँदैन।

नेकपा माओवादीले संघीय जातीय स्वायत्ततासम्बन्धी अवधारणा अघि सारेको छ। ९ वटा प्रदेशको रूपमा बाँडफाँड गरी अघि सारेको स्वायत्त प्रदेशलाई ६ वटा जातीय, दुईवटा क्षेत्रीय, एउटा भाषिक आधारमा विभाजन गरेको छ। माओवादीबाट घोषित स्वायत्त प्रदेशको ढाँचालाई हेर्दा कुनै पनि प्रदेशमा कुनै पनि जात वा भाषाको बाहुल्यता देखिँदैन। उदाहरणको रूपमा प्रस्तावित तमुवान जातीय स्वायत्त प्रदेशमा १७.०१ प्रतिशत मात्र गुरु जाति भएको अवस्था छ। ६ वटा जातीय प्रदेशमध्ये सबैभन्दा बढी ३४.५८ प्रतिशत थारूहरू भएको थारूवान स्वायत्त प्रदेश छ। भाषिक आधारमा प्रस्तावित मधेस स्वायत्त प्रदेशमा मैथिली, अवधी र भोजपुरी गरेर मात्र ७६.५० प्रतिशत हुन्छ।

यी तीन वटा भाषा एउटै होइनन। तिनलाई जोड्दा मात्र त्यति हुने हो। मुलुकमा अहिले अल्पसंख्यकको प्रभुत्व रह्यो भनेर त्यसबाट मुक्ति खोजिरहेको छ। त्यसको बदला अर्को अल्पसंख्यकको स्वायत्तता र शासन बहुमतको निम्ति सह्य नहुन सक्छ। त्यसैले यो गम्भीर छलफलको विषय हुनुपर्दछ। त्यसैले अब हुने राज्य व्यवस्थाको ढाँचा पनि अहिलेको जस्तै तीन तहमात्र हुन वाञ्छनीय देखिन्छ। अबको महत्वपूर्ण काम भनेको तह थप गर्ने होइन, निक्षेपित स्थानीय स्वायत्त शासनको प्रबर्द्धन गर्नु हो। वर्तमान स्थानीय निकायहरूको संख्यालाई उपयुक्त आधारमा घटाइनु सामेलीपूर्ण लोकतन्त्रको स्थापना गर्नु हो। केन्द्रीय तहमा नेपाल सरकार, जिल्ला तहमा जिल्ला स्वशासन परिषद्, गाउँ/नगर तहमा गाउँपालिका र नगरपालिका स्थापना गर्नु हो।

**४. स्थानीय शासनको पुनर्संरचनाका मूल आधारहरू**

प्रजातान्त्रिक खाकाभित्र नेपाल अधिराज्यको संविधान २०४७ निर्माण गरिए पनि प्रयोगको र परिणामको हिसाबले त्रुटिहरू देखिएका छन्। स्थानीय सरकारसम्बन्धी प्रस्ट संवैधानिक व्यवस्थाको अभावमा स्थानीय सरकारलाई छिन्नभिन्न पार्ने कार्य सरकारबाट निरन्तर भइरहेको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थापित र व्यवस्था गरेका विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनका विश्वव्यायी सिद्धान्तहरू, मूल्य र मान्यताहरूलाई समेत लत्याइएको छ। त्यसैले जनताको समानता, न्याय र सशक्तिकरणका लागि स्थानीय शासनदेखि नै सामाजिक, आर्थिक र राजनीतिक प्रणालीमा आमूल परिवर्तनका आवाजहरू मुखरित भइरहेका छन्। फलतः देहाएका मूलभूत आधार तथा विषयमा निम्नअनुसार संरचनागत परिवर्तन गर्नु वाञ्छनीय देखिन्छ।

**(क) स्थानीय स्वायत्त शासनका विश्वव्यापी मान्यता र सिद्धान्तहरू स्वीकार गर्ने,**

- पुनर्संरचना गर्दा स्थानीय सरकारलाई राजनीतिक, आर्थिक एवं प्रशासकीय स्वायत्तता प्रदान गर्ने गरी हुनुपर्दछ। (नीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने अधिकार, सोको कार्यान्वयनको लागि वित्तीय स्रोत परिचालन र व्यवस्थापनको अधिकार र स्वायत्तता र स्थानीय सरकारप्रति पूर्ण



जवाफदेही कर्मचारी व्यवस्था र प्रशासनिक स्वायत्तताको व्यवस्था गरिनुपर्दछ।)

- शक्ति/सत्ताधिकारको बाँडफाँड वा सार्वभौमसत्ताको स्थानीय सरकारबाट समेत प्रयोग हुन सक्ने गरी संविधानद्वारा अधिकार एवं कार्य जिम्मेवारी बाँडफाँड गरिनुपर्दछ। साथै विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासनका आधारभूत विषय (निर्वाचित जनप्रतिनिधमूलक र अविच्छिन्न उत्तराधिकारीवाला स्वायत्त संस्था) सर्वमान्य सिद्धान्तहरूसम्बन्धी संवैधानिक व्यवस्था गरिनुपर्दछ।
- श्री ५ को सरकार र स्थानीय सरकारबीच जनतासँगको सन्निकटताको सिद्धान्तका आधारमा तहगतरूपमा प्रष्ट कामको बाँडफाँड गरी राज्यको पुनर्संरचना गरिनुपर्दछ। (स्थानीय सरकारको क्षमता विकासमा केन्द्रको स्पष्ट भूमिका परिभाषीत हुनुपर्ने, रक्षा, परराष्ट्र नीति, र मुद्रा नीति केन्द्रमा रहने र अन्य सम्पूर्ण विषयमा स्थानीय सरकारहरूलाई काम, अधिकार निक्षेपण गर्ने)
- स्थानीय निकायलाई थप पारदर्शी, जनउत्तरदायी बनाउने र शुसासन प्रत्याभूति हुने गरी पुनर्संरचना हुनुपर्दछ।

**(ख) स्वायत्त स्थानीय सरकारबाट प्रतिनिधित्वको व्यवस्था गर्ने,**

**पार्टी र जातजातिहरूको अनुपातिक प्रतिनिधित्वमा आधारित प्रतिनिधिसभा :** २०५६ सालको निर्वाचन परिणामलाई हेर्दा १३ प्रतिशत जनसंख्या भएको पहाडे बाहुनले ४६ प्रतिशत स्थान ओगट्न सफल भएको देखियो भने दलित आयोगको प्रतिवेदनअनुसार १३.५% जनसंख्या भएको दलितहरूले एक स्थान पनि प्राप्त गर्न सकेनन्। वैचारिक सांगठनिक आधारमा हेर्दा १.५ प्रतिशत मत ल्याउने जनमोर्चा नेपालले पाँच सिट जित्न सफल भयो भने ६ प्रतिशत मत ल्याउन सफल तात्कालीन नेकपा मालेले १ सिट पनि प्राप्त गर्न सकेन। ३६.१४ प्रतिशत मत प्राप्त गर्ने नेपाली कांग्रेसले सरकार बनाउन सफल भयो भने ६३.८६ प्रतिशत मत ल्याउने, कतिपय दलहरू संसद् र कतिपय सरकारबाट बाहिरिए।

हाम्रो जस्तो थोरै मात्र पनि विविधता भएका केही मुलुकहरूमा सामेलीपूर्ण बनाई दिएकै कारणले द्वन्द्व व्यवस्थापन भएका छन्। संसारका २ सय १३ स्वतन्त्र मुलुकहरूमध्ये कतिपय मुलुकहरूको निर्वाचनका ढाँचा मिले पनि कतिपय मुलुकहरूले आ-आफ्नै विशष्टिताका आधारमा तयार गरेका छन्। अहिले हाम्रो मुलुकभित्र निर्वाचनका हिसाबले विशेषत वैचारिक र जातीय समावेशीकरणका विषयमा ज्यादा कुरा उठ्ने गरेको छ। स्विट्जरल्यान्डलाई समावेशी लोकतन्त्रको लागि नमुना मानिन्छ। तर त्यहाँको समावेशीकरण भनेको वैचारिक र भाषिक समावेशीकरण हो। मुख्य चारवटा भाषा बोल्ने जनता भएको स्विट्जरल्यान्डमा चारवटै भाषामा अध्ययन गर्न पाउने र राजकीय मामिलामा प्रयोग गर्न पाउने व्यवस्थाले निर्वाचनका लागि छुट्टै आवश्यकता रहेन। वैचारिक सांगठनिक आधारमा

जुन पार्टीले जति प्रतिशत मत ल्यायो सो पार्टीले त्यति नै सिट प्राप्त गर्ने व्यवस्थाले समावेशीकरणको समस्या समाधान गरियो। हाम्रो मुलुकमा १ सय १ वटा जातिहरू छन् र तिनको समावेशीकरण कसरी गर्ने ? समावेशी लोकतन्त्रका बारेमा प्रायः सबै राजनीतिक शक्तिहरूका बीच मतैक्यता देखिए पनि कसरी भन्ने बारेमा निक्यौंल भएको देखिँदैन। एकथरीको विचार माथिल्लो सदनमा वा राष्ट्रियसभामा जातीय सभा बनाएपछि भइहाल्यो नि भन्ने छ। त्यसलाई मध्यनजर गर्ने हो भने अहिलेकै जस्तो अधिकारविहीन राष्ट्रियसभामा समावेशी बनाएर कसरी सबैलाई सन्तुष्टि गर्न सकिएला ?

त्यसैले समावेशीकरण त मुख्य अधिकार रहेको संस्थाका लागि गरिनुपर्छ। प्रतिनिधिसभा र स्थानीय निकायका सभाहरूलाई समावेशीकरण गर्ने कुरा पार्टीहरूको र जातजातिहरूको समानुपातिक मत प्रणालीका आधारमा गरिनुपर्छ। यसरी निर्वाचन गर्दा अहिलेको निर्वाचन क्षेत्रमा परिवर्तन गरी प्रतिनिधिसभाको लागि सिंगै मुलुकलाई एउटै निर्वाचन क्षेत्र बनाई व्यक्ति होइन, घोषणा पत्रको आधारमा चुनाव चिन्ह पाउने कार्यविधि तय गरिनुपर्छ। त्यसैगरी स्थानीय सरकारका विधायिकाहरूको निर्वाचन पनि तदनुरूप सिंगो कार्य क्षेत्रलाई नै निर्वाचन क्षेत्र बनाइनु उपयुक्त हुन्छ। जुन दलले जति प्रतिशत मत ल्याउँछ, त्यो आधारमा जातीय अनुपातिक हिसाबले प्रतिनिधिहरू तोक्नुपर्छ। दलहरूले त्यसरी प्रतिनिधि तोक्दा निश्चित कार्यक्षेत्र तय गरी अन्तरदलीय निर्वाचनमा निर्वाचित भएका व्यक्तिहरूलाई मात्र तोक्ने प्रक्रिया अपनाउनुपर्ने हुन्छ। त्यसो गरिएन भने जनउत्तरदायित्व कम हुने र दलका नेताहरूको निरंकुशता वृद्धि हुने सम्भावना रहन्छ।

**स्थानीय प्रतिनिधित्व, अनुभव प्राप्त व्यक्ति, पेसागत तथा व्यावसायिक प्रतिनिधित्व र विज्ञहरू रहेको राष्ट्रियसभा** : वर्तमान राष्ट्रियसभामा स्थानीय निकायबाट २५ प्रतिशत स्थानमा प्रतिनिधित्व हुने व्यवस्था छ। तर निर्वाचनमण्डलप्रति उत्तरदायी हुने व्यवस्था छैन। अन्य कामको हिसाबले पनि धेरै औचित्यता स्थापित गर्न सकेको छैन। स्विट्जरल्यान्डमा स्वीस संघीयताको ढाँचामा २ वटा संयन्त्र छन्: (१) राष्ट्रिय परिषद् (२) राज्य परिषद्। राष्ट्रिय परिषद्मा २ सय जना सांसदहरू प्रत्यक्ष मतदानबाट चुनिएर आउँछन् भने राज्य परिषद्मा कान्टोन ( तीन तहमध्येबीचको तहको स्थानीय सरकार) बाट २-२ जनाका दरले प्रतिनिधित्व गर्दछन्। स्वायत्त स्थानीय सरकार र केन्द्रीय सरकारको सम्बन्धलाई मजबुत बनाउन त्यस्तो व्यवस्था गरिएको छ। निश्चय पनि मुलुक सञ्चालन गर्न र विधि निर्माण गर्न प्रतिनिधित्व र सहभागिताले मात्रै पुग्दैन, ज्ञान र अनुभवले खारिएका व्यक्तिहरूको पनि आवश्यकता पर्ने हुन्छ। त्यसैले राष्ट्रियसभामा ३३ प्रतिशत स्थानीय सरकारबाट, ३३ प्रतिशत पेसागत संगठन, व्यावसायिक संगठन र पूर्व प्रशासकहरूबाट, ३४ प्रतिशत पूर्व जनप्रतिनिधिहरूबाट ल्याउनु उपयुक्त हुने देखिन्छ।

**मन्त्रिपरिषद्को गठन र संसद्सँगको सम्बन्ध तथा जातीय सन्तुलनसहितको एकल वा संयुक्त सरकार**: नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रधानमन्त्री हुन प्रतिनिधिसभाको सदस्य हुनैपर्ने र संसद् सदस्य नभए ६ महिनाभन्दा बढ्ता मन्त्री हुन नसक्ने व्यवस्था गरेको छ। यो व्यवस्थाको प्रयोगबाट सकारात्मक परिणाम देखिन आएन। अलिकति बढता प्रभाव रहेको भ्रष्ट व्यक्तिलाई आफू पदमा टिक्नका लागि



प्रधानमन्त्रीले मन्त्री बनाउनै पर्ने, नबनाए सरकार नै ढाली दिने प्रवृत्तिका कारण सरकार र संसद अलोकप्रिय र अस्थिर बने। मन्त्री बनिसकेपछि राज्यका साधन स्रोतहरू न्यायोचित वितरणमा होइन, सम्भव भएसम्म आफ्नै निर्वाचन क्षेत्रमा केन्द्रित गर्ने काम भए। योग्य मान्छेलाई रोजगारी दिनेभन्दा पनि अयोग्य भए पनि आफ्ना कार्यकर्तालाई रोजगारी दिने काम भए। राष्ट्रको लागि दूरगामी प्रभाव पार्ने असल नीति निर्माण गर्ने, राष्ट्रिय उत्पादन वृद्धि गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध र बजार विस्तार गर्ने कार्यभन्दा पनि आफ्ना निर्वाचन क्षेत्रका कार्यकर्ता भेट्ने र तिनका काममा मात्र ध्यान दिने कुरामा नै मन्त्रीहरूका समय बित्ने कुरा देखिए। तसर्थ संसद् सदस्यलाई नै मन्त्री बनाउने कुरा उपयुक्त देखिएन।

स्थानीय निकायहरूमा पनि प्रत्येक इलाका र वडाबाट कार्यसमितिमा प्रतिनिधित्व गराउने कुरा उपयुक्त नदेखिएको केन्द्रीय मन्त्रिपरिषद्कै ढाँचामा स्थानीय मन्त्रिपरिषद् वा कार्यसमिति गठन गरिनु वाञ्छनीय हुने देखिन्छ। अप्रत्यक्ष हुने जिविसको चुनावमा परिवर्तन गरी जिल्ला स्वशासन परिषद्को चुनाव प्रत्यक्ष गरिनुपर्ने देखिन्छ।

एकातिर प्रधानमन्त्रीय पद्धति बलियो बनाउनुपर्छ भन्ने, अर्कोतर्फ दलहरूबाटै परिवर्तनका लागि खेलिएका फोहोरी खेलहरूका बीच कुनै सामञ्जस्यता देखिएन। त्यसैले प्रधानमन्त्रीलगायत प्रत्येक स्थानीय सरकरका कार्यकारी प्रमुखको निर्वाचन प्रत्यक्ष गर्ने र मन्त्री वा कार्यसमितिका सदस्यहरू विधायीकाभन्दा बाहिरका राजनीतिक चरित्र, विषयगत ज्ञान र अनुभव भएका व्यक्तिहरूलाई नियुक्त गरी संसद्बाट अनुमोदन गराउनु उपयुक्त हुने देखिन्छ। त्यसरी निर्वाचित प्रधानमन्त्रीलाई संसद्को दुईतिहाई बहुमतबाट महाभियोग लगाउन सक्ने व्यवस्था उपयुक्त हुन्छ। प्रत्येक तहका सरकारले विवादित हुने महत्वपूर्ण विषयमा जनमत संग्रह गरी प्रत्यक्ष लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउँदै जानु आवश्यक हुन्छ।

अहिले एकथरी विचार संसद्मा मात्रै हैन सरकारमा पनि दक्षिण अफ्रिकी ढाँचाको पार्टीगत समावेशी सरकार हुनुपर्छ भन्ने आएको छ। हाम्रो सन्दर्भमा विगतका अभ्यासलाई हेर्दा पटक-पटक संयुक्त सरकारचाहिँ यहाँ पनि गठन भएका हुन। मूल्यांकन गर्दा तुलनात्मक रूपले सबैभन्दा असफल सरकार तिनै देखिए। अर्को पक्षबाट हेर्दा नेपालमा लामो समयदेखि सामन्तवाद, पुँजीवाद र समाजवादी आर्थिक नीति र फरक-फरक गन्तव्य भएका राजनीतिक दलहरू भएको अवस्था छ। राजनीतिले नै वर्गीय विचारको प्रतिनिधित्व गर्ने गर्छ। जनवादी, समाजवादी वा अन्य कुनै एउटै विचार बोकेका १ भन्दा बढी पार्टी भए भने तिनीहरू बीचको संयुक्त सरकारले त्यति सारो अप्ठ्यारो नपर्ला तर सामन्तवादी, पुँजीवादी, जनवादी र समाजवादी विचार बोकेका राजनीतिक दलहरूको संयुक्त सरकार बन्ने हो भने ठोस निर्णय नै गर्न नसकी अनिर्णयको बन्दी बन्ने हो कि भन्ने शंका निवारण हुन सकेको छैन।

**(ग) विकेन्द्रीकृत न्याय प्रणालीको सोच**

सरकार हुनका लागि तीनवटा अंगहरू शक्ति पृथकीकृत भएर रहनु लोकतन्त्रको विशेषता मानिन्छ। संविधानवादका सिद्धान्तअनुसार पनि शक्तिको

पृथकीकरण अनिवार्य मानिन्छ। २०४७ सालको संविधानले केन्द्रीयतावादी सिद्धान्तलाई नै अनुसरण गरी न्यायपालिकाको स्थापना गऱ्यो। केन्द्रीकृत शासन पद्धति लोकतन्त्रको सिद्धान्तसँग मेल नखाने कुरा हो। एकातिर संविधानत शक्ति पृथकीकृत भएको देखिए पनि व्यवहारत संसद्मा कार्यपालिकाको छायाँ र न्यायपालिकामा दरबारको छाया पर्ने गरेका थुप्रै दृष्टान्तहरू छन्। वास्तविक रूपमा शक्ति पृथकीकृत भएको देखिएन। विगतको स्थितिलाई हेर्दा राज्यका सबै अंगहरू प्रजातान्त्रिक हुन सकेनन्। त्यसको प्रभाव न्यायपालिकामा पनि परेको छ। न्यायाधीश, महान्यायाधिवक्ता, संवैधानिक आयोगका सदस्यहरूको नियुक्तिमा पारदर्शिता र संसद्ले अनुमोदन गर्ने प्रक्रिया अपनाइनुपर्छ।

न्यायपालिकाको गठन पनि विकेन्द्रित सिद्धान्तअनुरूप हुनुपर्छ। प्रत्येक तहका न्यायाधीशहरूको नियुक्तिको अनुमोदनसम्बन्धित तहको विधायिकाले गर्ने प्रणाली अपनाइनु उपयुक्त हुन्छ। एकथरी व्यक्तिहरू संघात्मक राज्य व्यवस्थामा मात्रै स्थानीय तहमा स्वतन्त्र न्यायपालिका सम्भव हुन्छ भन्ने गर्छन्। एकात्मक राज्य व्यवस्थामा पनि विकेन्द्रित रूपमा स्वतन्त्र न्यायपालिकाहरू हुन सक्छन् भन्ने कुराको उदाहरण २०२१ सालमा प्रस्तुत प्रशासन शक्ति विकेन्द्रीकरण आयोगको प्रतिवेदनमा 'केन्द्रको प्रत्यक्ष शासन अञ्चलसम्म गएर टुंगिनेछ', 'केन्द्रमा मन्त्रिपरिषद्ले पाएको सबै अधिकार जिल्लाभित्र जिल्ला पञ्चायतले पाउने छ', 'जिल्लाको सुरक्षाको लागि हात हतियारसहित एक इन्स्पेक्टर र एक ल्पाटुन राख्ने अधिकार जिल्ला पञ्चायतलाई हुनेछ', 'जिल्ला माल र जिल्ला अदालत जिल्ला पञ्चायतको अधिनमा जानेछ', 'अदालतको न्यायाधीशको योग्यता तोकी प्रत्येक तीन वर्षको लागि ग्राम र जिल्ला पञ्चायतका पञ्चहरूद्वारा चुनिने परिपाटी हुनुपर्छ,' भनिएको छ। निरंकुश चरित्र बोकेको निर्दलीय व्यवस्थामा समेत त्यस्तो सिफारिस गरिएको थियो भने लोकतान्त्रिक व्यवस्थामा असम्भव हुन्छ भन्ने कुरा मान्न सकिँदैन।

त्यसरी निश्चित विधिसंगत प्रक्रिया अपनाई पारदर्शी ढंगले तहगत आधारमा गठन गरिएका न्यायाधीश र न्यायालयहरूको अहस्तक्षेप र स्वतन्त्रताको सुनिश्चिता संविधानत व्यवस्था गरिनुपर्छ। अन्यथा अहिलेसम्म १५/२० वर्षसम्म पनि मुद्दाहरूको निर्णय नहुनु १५/२० वर्षसम्म तारेख बोक्दा व्यापक श्रम र सम्पत्तिको अनावश्यक खर्च हुनु, न्यायपालिकाप्रति जनताको विश्वासमा कमी आउनु, लोकतान्त्रिक पद्धतिको रक्षा गर्न नसक्नुजस्ता आलोचनाबाट न्यायपालिका मुक्त हुन सक्दैन। त्यसैले केन्द्रीकृत राज्य प्रणालीको अधिकार तरलीकरण (Deconcentration) को ढाँचामा सर्वोच्च अदालतको शाखाका रूपमा सञ्चालित न्यायालयहरूको उत्तरदायित्व जनताप्रति नभै केन्द्रप्रति हुने हुँदा काममा पारदर्शिता रहँदैन। सेवाग्राहीको सन्तुष्टिको मापनबिना गरिने चाकडीवादी मूल्यांकन प्रणालीबाट उपयुक्त ढंगले वृत्ति विकास हुन सक्दैन।

**(ग) एकीकृत र समष्टिगत विकासको ढाँचामा आधारित सामेलपूर्ण वस्तीगत सामुदायिक संगठनको व्यवस्था गर्ने :**

पुनर्संरचनाका आधारमा स्थानीय स्वायत्त शासनको मूल उद्देश्य भनेको जनतालाई छिटो छरितो र प्रभावकारी सेवा प्रदान नै हो, यसका अलावा स्थानीय



सरकारसँगको जनताको सम्बन्धलाई सघन बनाउने तथा जनसहभागितालाई प्रबर्द्धन गर्ने हो। यस आधारमा हेर्दा स्थानीय स्वायत्त शासन र सरकारको भावी स्वरूपको खाका देहाएको डायग्राममा उल्लेख भएबमोजिम हुनु बढी सार्थक र प्रभावकारी हुने देखिन्छ।

**(घ) स्थानीय शासनमा पिछडिएका वर्गको समावेशीकरण :**

शासनमा पिछडिएका वर्गको सहभागिता समावेशीकरणको मूल मुद्दा बनेको छ। समावेशीकरणका लागि के, कुन आधारमा र के, कुन तहमा कसरी गर्ने भन्ने विषय पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। पिछडिएका वर्ग वा जातजाति वा समुदायलाई के कुन आधारमा शासनमा प्रतिनिधित्व सुनिश्चित गराउने भन्ने विषयलाई हेर्दा एउटा प्रक्रिया स्थानीय शासनदेखि केन्द्र शासनसम्म सबै तह र पदहरूमा समानुपातिक प्रतिनिधित्वको कुरा उठ्ने गरेको छ। यो प्रक्रिया आरक्षणका माध्यमबाट हुनसक्दछ। यसका अलावा स्थानीय शासनमा समावेशीकरण गर्ने सोचअन्तर्गत जनसंख्याको आधारमा स्थानीय सरकारका भिन्नाभिन्नै तहमा जातजाति विशेषका विशेष क्षेत्र छुट्याएर पूर्ण प्रजातान्त्रिक अभ्यासबाट पनि गर्न सकिन्छ। यस्तो अवस्थामा जनजातिको आधारमा पूर्ण प्रतिनिधित्व हुने अवस्थामा के, कुन तहमा गर्ने र सो को माथिल्ला तह तथा निकायमा के, कसरी प्रतिनिधित्व गराउने भन्ने विषय पनि महत्वपूर्ण हुन्छ।

यसका साथै जनजातिगत आधारमा प्रतिनिधित्व हुने स्थानीय सरकार तहले अन्य स्थानीय सरकारले प्राप्त गर्नेभन्दा थप अधिकार र जिम्मेवारी प्राप्त गर्ने गरी समेत कानुनले नै विशेष व्यवस्था गर्न सकिने पनि हुन्छ। यसरी हेर्दा नेपालको सन्दर्भमा महिला वर्गको समावेशीकरणका लागि राष्ट्रिय रूपमा हेर्ने जस्तो र साझा धारणा बनाउने जस्तो सजिलो शासनमा जनजाति वा पिछडिएका वर्गका लागि छैन। तथापि स्थानीय शासनमा सम्पूर्ण पिछडिएका वर्गको प्रतिनिधित्व र सहभागिताका साथै आर्थिक तथा सामाजिक सशक्तीकरणका अनेकन उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ।

**महिलाको समावेशीकरणः** विगतको महिला सहभागिताको स्थितिलाई हेर्दा सरकारी सेवामा महिला सहभागिता ८.५५ प्रतिशत रहेको देखिन्छ। २०५६ को संसदीय निर्वाचनमा महिला उम्मेदवार ६.९८ प्रतिशत र स्थानीय जिल्ला परिषद्मा १.५ प्रतिशत, जिविसहरूमा ६.७ प्रतिशत, नगर परिषद्मा १९.५ प्रतिशत, गाविसहरूमा ७.७ प्रतिशत र गाउँ परिषद्मा २०.० प्रतिशत रहेको स्थिति छ।

निश्चय पनि यी तथ्यांकहरूले महिला सहभागिता वृद्धि गर्नका लागि धेरै जोड गर्नुपर्ने देखिन्छ। अहिले प्रायः सबै राजनीतिक दलहरूले ३३ प्रतिशत सहभागी गराउने कुरामा नेतृत्व तहबाट हस्ताक्षर भइसकेको स्थिति छ, त्यसलाई आधार मान्ने हो भने निश्चित अवधिका लागि स्थानीय शासनलगायतका शासनका सम्पूर्ण पद तथा तहमा कम्तीमा ३३ प्रतिशत सिट आरक्षण गर्नुपर्ने हुन्छ। तर सदाका लागि आरक्षणको व्यवस्था होइन संस्कार, मान्यता र महिलाहरूको प्रतिस्पर्धात्मक क्षमताको विकास गरी प्रतिस्पर्धामा आउनुपर्ने हुन्छ।

**दलित तथा विपन्न वर्गको समावेशीकरण**: स्थानीय शासनमा दलित तथा आर्थिक रूपमा विपन्न वर्गको समावेशीकरण अर्को चुनौतीका रूपमा रहेको छ। एउटा तथ्यांकअनुसार हाल कुल जनसंख्याको १३.५ प्रतिशत जनसंख्या दलितहरूको रहेको छ। साथै कुल जनसंख्याको १० लाख २० हजार २८० घरबारविहीन घरधुरीमध्ये अधिकांश घरधुरी दलितहरूको रहेको छ। जनसंख्याको हिसाबले छरिएर रहेको दलित जनसंख्यालाई शासनमा सहभागी गराउने उत्तम माध्यम विकेन्द्रीकरण हुनसक्दछ। यस वर्गको आर्थिक तथा सामाजिक मूलप्रवाहीकरणका लागि त्यसतर्फ उन्मुख विशेष कार्यक्रमहरू पनि सँगसँगै लैजानुपर्ने आवश्यक हुन्छ। जनसंख्या तथा स्थानीय शासनमा भएको प्रतिनिधित्वको अनुपातका आधारमा माथिल्ला स्थानीय सरकारका तह र केन्द्र सरकारमा समेत समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने आवश्यक देखिन्छ।

**स्थानीय शासनमा विभिन्न जनजातिको प्रतिनिधित्व तथा सहभागिता तथा भाषिक स्वायत्तता** : स्थानीय शासनमा विभिन्न जातजातिको प्रतिनिधित्व, सहभागिता र सहअस्तित्वको सवाल पनि सामाजिक न्यायका हिसाबले अर्थपूर्ण र प्रमुख चासोको विषय हो। तथापि हाम्रो जस्तो छरिएको बस्तीमा रूपान्तरण हुँदै गएको जातजातिको संरचनालाई हेर्ने हो भने जातजातिका आधारमा वा भाषाभाषिका आधारमा स्वायत्त क्षेत्र वा प्रान्त छुट्याएर जान सकिने अवस्था सजिलो छैन। यस्तो अवस्थामा सो क्षेत्रमा बसोबास गर्ने राष्ट्रिय रूपमा मूलप्रवाहमा सामेल जातजाति अल्पसंख्यक रहन जाने र उनीहरूका लागि पनि आरक्षणको सोच अगाडि बढाउनुपर्ने अभ्यास निरर्थक हुन जानेछ।

तथापि हाम्रो देश एउटा बहुभाषिक राष्ट्र हो। यहाँ ९२ वटा भाषाभाषी छन्। कतिपय भाषाहरू विकसित अवस्थामा छन् भने कतिपय विकासोन्मुख अवस्थामा छन्। नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाली भाषालाई राष्ट्र भाषा र अन्य भाषालाई राष्ट्रिय भाषा भनियो। तर धनुषा जिविस र काठमाडौं महानगरपालिकाको स्थानीय सरकारी कामकाजमा प्रयोग गर्ने निर्णयमा सर्वोच्च अदालतले बदर गरिदियो। यसले के प्रश्न उब्जाएको छ भने संविधानले गरेको प्रयोगहीन राष्ट्रिय भाषाको व्यवस्थाले भाषाप्रतिको विभेद पनि कायमै छ भन्ने कुराको पुष्टि गरेको छ। नयाँ संविधानले स्थानीय स्वायत्तताका आधारमा भाषिक स्वतन्त्रता र समानता समेतलाई मान्यता दिने र उचितरूपमा सम्बोधन गर्न सक्ने विकेन्द्रीकरण नीति लिनुपर्दछ।

**५. अन्त्यमा**

आज नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने सार्थक पहल आवश्यक भइसकेको छ। जनतामा सार्वभौमसत्ता अन्तरनिहित हुने विश्वव्यापी मान्यतालाई कार्यरूपमा उतार्नका लागि जनताको नजिकका स्थानीय सरकारको स्थापना र सुदृढीकरण गर्दै सोही तहमा अधिकार र जिम्मेवारीको अधिकतम् निक्षेपण गरी आम नागरिकलाई साँच्चिकै सार्वभौमसत्ताको प्रयोगका हकदार बनाउनु जरुरी



भइसकेको छ। यसबाट हाम्रो मुलुकमा लामो समयसम्म विवादित बन्ने गरेको सार्वभौमसत्ता राजामा रहने कि जनतामा भन्ने विवादको अन्त हुनेछ र सबै नागरिकहरू सामेल भएको सार्वभौमसत्ताको विषयलाई राजाले कुनै सनक वा हठका आधारमा आफूमा लिएको घोषणा गर्न नै सक्ने छैनन्।

स्थानीय स्वायत्त सरकारका विषयमा हुने प्रस्ट संवैधानिक प्रावधानले स्थानीय सरकार अधिकार सम्पन्न हुने र सत्तासीन केन्द्र सरकारको मनोमानीमा चल्ने निर्धा निकायका रूपमा रहने छैनन्। स्थानीय निकायलाई छिन्नभिन्न तुल्याउने स्वेच्छाचारिताको पनि अन्त्य हुने र स्थानीय निकायका मूलभूत राजनीतिक, आर्थिक र प्रशासनिक अधिकार र स्वायत्तताको पनि राजनीतिक रूपमा संरक्षण हुने अपेक्षा गरिएको छ।

मुलुकमा हाल विद्यमान माओवादी सशस्त्र द्वन्द्वको शान्तिपूर्ण निकासको बाटो पनि लोकतान्त्रिक मान्यतामा आधारित कार्यजिम्मेवारी र अधिकार सम्पन्न स्वायत्त स्थानीय सरकारको गठन एक हुनसक्दछ। यस सन्दर्भमा विगतमा स्थानीय सरकारको सुदृढीकरणमा देखिएका समस्याको निराकरणका लागि थप अधिकार र जिम्मेवारीसहितको स्वायत्त सरकारको स्वरूप सम्बन्धमा विभिन्न राजनीतिक दलहरू, नागरिक समाज, सञ्चार जगत्, बौद्धिक समुदाय, स्थानीय निकायका संघ/महासंघ तथा सरोकारवाला सम्पूर्ण निकायहरूकाबीचमा साझा धारणाको विकास र सहमति नै आजको प्रमुख आवश्यकता बनेको छ।

**सन्दर्भ सामग्रीहरू :**


- नेपाल अधिराज्यको संविधान, २०४७
- स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली
- राज्यको पुन:संरचना र समावेशी लोकतन्त्र किन ?-वाग्मती आवाज अंक २ वर्ष २,
- द्वन्द्व व्यवस्थापनका लागि राज्यको पुनर्संरचना र समावेशीकरण-कृष्णप्रसाद सापकोटा
- मानव विकास प्रतिवेदन, २००४


**टिप्पणीकर्ता मुक्तिप्रसाद काफ्ले**

यस्तो विद्वत् समाज, कार्यपत्र प्रस्तोता, जो अनुभवले खारिएको र विषयवस्तुको अध्येता हुनुहुन्छ, उहाँको कार्यपत्रमा टिप्पणी गर्न मलाई चयन गर्नुभएकामा फ्रिडम फोरमलाई आभार प्रकट गर्दछु। तपाईंहरूले गलत व्यक्तिको चयन गर्नुभएकाले तपाईंहरूले आशा गरे जति मबाट खुराक पाउनु हुने छैन। यसका लागि म क्षमाप्रार्थी छु। टिप्पणीकर्ता भएकाले जाने पनि नजाने पनि बोल्नु परेकाले मलाई लागेका केही कुरा राख्दै छु। मैले यसलाई तीन पक्षबाट राख्ने प्रयत्न गरेको छु।

- प्रथम पक्षमा कार्यपत्रको विषय वस्तुमा प्रस्तोताले उठान गर्नुभएको राम्रा पक्षहरू ।
- मैले बुझ्न नसकेको केही पक्षहरू ।
- अबको एजेण्डा के ?

अब म पहिलो पक्षमा जान्छु, अर्थात कार्यपत्रमा उठान गर्नुभएका राम्रा पक्षहरू ।

१) सापकोटाजी आफूले कार्यान्वयनकर्ताको रूपमा आर्जन गर्नुभएको अनुभवलाई बौद्धिकताको धागोमा उनेर एउटा राम्रो लेखमालाको रूपमा यो कार्यपत्र हामीलाई दिनुभएको छ । यसले हामी सबैलाई राम्रो वासना दिई आकर्षित गरेको छ । यसका लागि म उहाँलाई मुरीमुरी धन्यवाद दिन्छु ।

२) हाम्रो मुलुकको विविधतापूर्ण र विशिष्ठ प्रकृतिको भूगोल, भौतिक पूर्वाधारको अवस्था, सेवामा जनताको पहुँचको स्थिति, जनसंख्याको स्वरूप, जातजाति, धर्म, वर्ग, लिंग, आर्थिक, सामाजिक र सांस्कृतिक संरचना र अवस्थितिको कारणले केन्द्रीय शासनमा सबै पक्षको समावेशीकरण अर्थात समानुपातिक प्रतिनिधित्व र सहभागिता जटिल हुन्छ र प्रभावकारी हुन सक्दैन । यसर्थ स्थानीय सरकार गठन भई उनीहरूलाई अधिकार सम्पन्न बनाई काम गर्न दिएमा र त्यहीं आफनो क्षेत्र र ठाउँअनुसार रहेको सबैलाई समावेश गर्न सजिलो हुन्छ यसर्थ यो पक्षमा अब ध्यान जानुपर्दछ भनी सापकोटाजीले जोड दिनुभएकोमा मेरो पनि सहमति छ ।

३) *Principal of Subsidiarity* अनुसार पनि जुन काम जहाँबाट गर्न सजिलो हुन्छ त्यो काम त्यहीको जनतालाई दिनु लोकतन्त्रको सर्वमान्य सिद्धान्त हो यसर्थ विकेन्द्रीकरण समावेशीकरणको पहिलो अवस्था हो भन्ने तर्क राम्रो छ ।

४) बहुलवाद (*Pluralism*) को मान्यता बोकेको हाम्रो मुलुकमा शक्ति एकै ठाउँमा र केन्द्रित हुने र राख्ने कुरा हुन सक्दैन । यस्तो भयो भने 'डेस्टपोटिक गभरमेन्ट' हुन्छ । यसर्थ शक्तिको केन्द्र बिन्दु विभिन्न स्थानमा छरिएर रहेको हुनुपर्छ । यसबाट मात्र 'ब्यालेन्स अफ पावर' हुन्छ । विभिन्न केन्द्रमा लोकल गभरमेन्ट, नन गभरमेन्टल अर्गनाइजेसन, सिभील सोसाइटी, प्राइभेट सेक्टर' आदि हुन्छन् । यस्तो भए पछि मात्र विभिन्न क्षेत्रमा संलग्न भएका जनताको सहभागिता हुन जान्छ, जसलाई समावेशी लोकतन्त्र भन्न सक्दछौं भन्ने सापकोटाजीको भनाइसँग मेरो सहमति छ ।

५) विकेन्द्रीकरण *(decentralization)* का पनि विभिन्न रूप छन् । *(Delegation, deconcentration, devolution, privatization.)* यसमा निक्षेपण *(devolution)* नैं समावेशीकरणका लागि सर्व उत्तम हो र निक्षेपण गर्दा पोलीटीकल, फाइनान्सीयल, एडमिनीस्ट्रेटीभ'सबैसँगै जानुपर्छ । यही नमिलेकाले अथवा सँगसँगै नगएकाले अहिलेसम्मको हाम्रो विकेन्द्रीकरण आशा गरे जति अघि बढ्न सकेको छैन भन्ने सापकोटाजी भनाइको म स्वागत गर्छु ।

६) अब आवाश्यक छ 'लोकतान्त्रिक विकेन्द्रित राज्य प्रणालीको नयाँ स्वरूप' को सम्बन्धमा आमसहमति । यसमा जनताको सार्वभौमिकता कतैबाट खण्डित नगरी, एकात्मक, संघात्मक वा क्षेत्रीय स्वायत्त सरकारको निर्क्योल गरी स्थानीय सरकारको काम,



अधिकार, जिम्मेवारी सम्बन्धमा प्रष्ट संवैधानिक व्यवस्था हुनुपर्दछ भन्ने सापकोटाजीको भनाईमा सहमति जनाउँदै यो कुरा गर्न धैरै गृहकार्यको जरुरी हुन्छ । त्यसतर्फ म ध्यान आकृष्ट गर्न चाहन्छु । सो नगरी हचुवाको भरमा गर्दा स्थापित रहेका संस्थाहरू विस्थापित हुने हुन्छ भने नयाँ संस्थाहरूले जरो गाडी कार्य गर्न नपाउँदै जनताहरूमा सेवा पुऱ्याउने कार्य अवरूद्ध हुन जाने हुँदा यसमा विचार पुऱ्याउनु जरुरी छ ।

७) सापकोटाजीले समावेशी लोकतन्त्रका लागि उठाउनुपर्ने कदमहरूका सम्बन्धमा निम्न कुराहरू दिएको हुनुहुन्छ ।

- निरंकुश राजतन्त्रको अन्त्य
- धर्म सापेक्षता हट्नुपर्ने
- जन निर्वाचित निकायप्रति जवाफदेही सैनिक संरचना हुनुपर्ने
- स्थानीय सरकारसम्बन्धी संविधानमै व्यवस्था हुनुपर्ने
- समावेशी लोकतन्त्रका लागि एकात्मक वा संघात्मक राज्य प्रणालीमध्ये उहाँ संघात्मक पक्षमा नभई स्थानीय सरकारलाई बलियो पार्नुपर्छ र राम्ररी काम बाँडफाँड हुनुपर्दछ भन्ने धारणा राख्नुहुन्छ ।
- स्थानीय शासनको पुनर्संरचनाका आधारहरू विश्वव्यापी मान्यता र सिद्धान्तको आधारमा गरिनुपर्दछ भन्ने मान्यता सापकोटाजीले राखेको पाइन्छ ।
- संघीय सरकार भएमा संघीय सरकारले आफनो इच्छाअनुसार गर्दा प्रत्येक संघमा कामको बाँडफाँड फरक-फरक हुन गई एकरूपता कायम नहुने हुन्छ । माओवादीद्वारा प्रस्तावित प्रदेशको रूपमा राज्यको पुनर्संरचना हुनुपर्ने भन्ने धारणासँग उहाँ आफ्नो विमति जनाउनुहुन्छ ।
- दुई सदनात्मक संसद्‌को उहाँ पक्षपाति हुनुहुन्छ र राष्ट्रियसभाको संरचनामा यो संस्थामा अनुभव प्राप्त व्यक्ति, पेसागत तथा व्यावसायिक प्रतिनिधित्व र विज्ञहरू रहेको हुनुपर्दछ भन्नेमा उहाँको जोड देखिन्छ ।
- मन्त्रिपरिषद्‌को गठन र संसदसँगको सम्बन्ध तथा जातीय सन्तुलनसहितको एकल वा संयुक्त सरकार भन्नेमा उहाँको जोड छ ।
- जिल्लामा पनि प्रत्येक इलाका र वडाबाट कार्यसमितिमा प्रतिनिधित्व गराउन व्यावहारिक नभएकाले मन्त्रिपरिषद्‌कै ढाँचामा कार्यसमिति गठन र अप्रत्यक्ष चुनाव परिवर्तन गरी जिल्ला स्वशासन परिषद्‌को चुनाव हुनुपर्नेमा जोड दिइएको छ ।
- विकेन्द्रित न्याय प्रणाली
- एकीकृत र समष्टिगत विकासको ढाँचामा बस्तीगत सामुदायिक संगठनको व्यवस्था
- स्थानीय शासनमा पिछडिएको वर्गको समावेशीकरण, महिला समावेशीकरण, दलित तथा विपन्न वर्गको समावेशीकरण, विभिन्न जनजातिको प्रतिनिधित्व तथा सहभागिता तथा भाषिक स्वायत्तता ।

८) समावेश र प्रतिनिधित्व के कति जातजातिको गराउने, कसरी सम्भव तुल्याउने । यसर्थ प्रत्येक जातजाति, जो विभिन्न ठाउँमा छरिएका छन्, तिनलाई एक सूत्रमा आबद्ध पहिले गराउनुपर्छ कि, यो कार्यपत्र मौन छ ।

९) पार्लियामेन्ट वा जिविसपरिषद्को आकार जुन-जुन प्रस्तुत गरिएको छ सो बृहत् छ, यो लागत प्रभावकारिता (cost effective) सँग पनि दाँज्नुपर्दछ । विचार गर्नु जरुरी छ ।

१०) राष्ट्रियसभाको संरचना यसमा कसरी विभिन्न वर्गका व्यक्तिलाई प्रतिनिधित्व गराउने, निर्वाचन वा मनोनयन ? मनोनयन गर्दा विभिन्न संस्थाको अवस्था के छ ?

११) मुलुकमा मूल मुद्दा नै टुंगिएको छैन, कस्तो-कुन बाटो समाउने सोमा सहमति र विरोध चलिरहेको छ । यस स्थितिमा उहाँले संविधान परिवर्तन कुन दिशामा हुनेमा निर्क्योल नै नभई नयाँ संविधानअनुसार गर्न भनेर त्यसको केही कुरामा विस्तार रूपले वर्णन गर्नुभएको छ उहाँको सिर्जनशीलताका लागि साधुवाद छ । हाम्रो नेपाली उखानअनुसार 'बच्चा जन्मनुभन्दा पहिलेनै भोटो सिउनु' जस्तो हुन्छ कि ? यसतर्फ ध्यान जानु आवश्यक छ ।

१२) हाल मुलुकमा विवादास्पद रहेका मूल मुद्दा टुंगिएको छैन । संविधान संशोधन गर्दा पनि हुन्छ भने एकथरीको सोच छ, अर्कोथरी संविधानको पुनर्लेखन गर्ने भन्दछन् भने, अर्काथरी जो द्वन्द्व गरिराखेका छन्, संविधानसभाका लागि निर्वाचन गरी त्यसले भनेअनुसारको संविधान निर्माण भई राज्य सञ्चालन हुनुपर्छ भन्नेमा अडिग छन् । यस्तो अवस्थामा प्रस्तोताले प्रस्तुत गर्नुभएको कार्यपत्रले संविधानको खाका दिमागमा राखी सोअनुरूप केन्द्रीय सरकार र जिल्ला सरकार, गाउँ सरकार र नगर सरकारका रूप र गठन प्रक्रियासमेत उल्लेख गरेको हुनुहुन्छ । यसमा यो सरकारबीच कस्तो सम्बन्ध राख्ने । एकात्मक शासन व्यवस्थामा केन्द्रीय निकायको प्रतिनिधित्व जिल्लामा हुने/नहुने ? संसदले जिल्लाको विषयमा कानुन, नियम बनाउन पाउने/नपाउने आदि र केन्द्रको जिल्ला सरकारलाई नियन्त्रण गर्न सक्ने के कस्तो संयन्त्र र आधार रहने यो प्रष्ट छैनन् । यसतर्फ धेरै नै गृहकार्यको आवश्यकता छ ।

१३) आर्थिक विकेन्द्रीकरणबिना अन्य निक्षेपण निरर्थक हुन्छ । सीमित आर्थिक स्रोत भएको हाम्रो देशले के कति प्रतिशत र के कुन कुराहरू सम्पूर्ण रूपले स्थानीयलाई दिन सकिन्छ, यो विचारणीय पक्ष छ । भनिन्छ, आर्थिकस्थिति राम्रो नभएको मुलुकमा धेरै निकायहरूलाई जीवित राख्नै सकिन्न । यस सम्बन्धमा प्रशस्त गृहकार्यको आवश्यकता छ । उहाँको यो कार्यपत्रले *pandora box* खोलेको छ । अब यो विभिन्न क्षेत्रमा गहिरिएर निक्कै छलफल आवश्यक छ, त्यसै समावेशीकरण भनेको आधारबाट गर्न असजिलो हुन्छ ।

**मैले बुझ्न नसकेका केही पक्षहरू**

१) सबैका जातजाति समावेश गर्नुपर्दछ, यो संविधानमा लेखेर मात्र हुन्छ कि त्यसलाई पहल गर्ने गराउने संयन्त्र हुनुपर्दछ भन्ने कार्यपत्र मौन छ । हाम्रो संविधानले अहिले पनि बर्जित गरेको छैन-कुनै पनि जातजातिलाई उठ्न, भोट दिन वा सरकारमा आउन बर्जित गरेको छैन । पार्टीहरूको चुनावी घोषणपत्रमा र संविधानमै पनि लेखिएको छ । महिलाहरू उठ्नु पर्छ, उठिरहेका छन् त ? स्थानीय निकायमा २०५ अनिवार्य उठ्नु पर्ने, उठिरहेका छन् त ? जिविसमा मनोनीत हुने



प्रावधानअनुसार कस्ता महिला वा जनजाति मनोनीत भएका छन् ? उही उपल्लो स्तरको । यसले के जनाउँछ भने राजनीति गर्नेको सोचमा परिवर्तन नभई, नेतृत्व वर्गले पहल नगरी गराउनेमा पनि ध्यान जानुपर्दछ ।

२) 'पार्टी अर्गनाइजेसन' एउटा नीति-सिद्धान्तको आधारमा हुन्छ । जस्तो 'सोसलीज्म, कम्यूनीज्म, लिवरालीज्म'आदि । समावेशीको कुरो 'होलीस्टीक डाइमेन्सन' मा नभई, जातीय आधारमा हुन्छ । 'पार्टी डाइमेन्सन'सँग मेल नखाने हुन्छ । समूहलाई मात्र ध्यान दिई राजनीति गर्नुपर्दा यसले पञ्चायतको समयको राजनीति पुनरावृत्ति गराउने पनि हुन सक्छ । त्यसबखत निर्वाचनमा बहुमत ल्याउन जातजाति, समूहको आधारमा हुन्थ्यो, जसबाट निर्वाचित व्यक्तिको ध्यान आफ्नो क्षेत्र र जनजातितर्फ मात्र हुन्थ्यो, राष्ट्रिय राजनीति गर्ने कुरा कुण्ठित थियो । यसको विपरीत 'पार्टी अर्गनाइजेसन, इरेस्पेक्टीभ अफ कास्ट, क्रिड एण्ड जेन्डर' मा हुन्छ । वैचारिकधाराको आधारमा एकसूत्रमा बाँधिएका हुन्छन् । कामको आधारमा उपल्लो तहमा मा पुगेका छन् । यसमा क्षेत्र,जातजातिले गर्दा केही बिकार *(frustration)* सक्रिय कार्यकर्तामा ल्याँउछ कि राजनीतिक सोचनै संकुचित भई बृहत् राष्ट्रिय मुद्दाका कुरा भन्दा जातजाति, क्षेत्रमा सीमित हुन्छ कि यसबाट राष्ट्रिय राजनीति कुण्ठित हुने हुन्छ । यसलाई कसरी 'ब्यालेन्स' गर्ने ठूलै गृहकार्य आवश्यक छ ।

नेपालमा १ सय ३ जातका जातीय समूह छन् । जो हिन्दु, बौद्ध, एनिमिष्ट, केही मुसलमान, कुनै केही दुई धर्मावलम्बीको समिश्रण पाइन्छ । २००१ को सेन्सस ले १०३ भाषा र बोली (क्षेत्रीय बोली) छ भन्ने बताउँछ । जसमध्ये 'इन्डो-आर्यन' भाषिक परिवारमा ७९.१ प्रतिशत छ (४८.६ प्रतिशत नेपाली) । जसमा १२.३ प्रतिशत मैथिली, ७.५ प्रतिशत भोजपुरी, ५.९ प्रतिशत थारू र 'भोट बर्मेली परिवार' परिवार १९.४ प्रतिशत छ, जसमध्ये ५.२ प्रतिशत तामाङ्ग, ३.६ प्रतिशत नेवारी, ३.४ प्रतिशत मगर, २.२ प्रतिशत राई किराँती, १.५ प्रतिशत गुरुङ, १.४ प्रतिशत लिम्बू भाषी रहेका छन् । उक्त 'सेन्सस'ले ८०.६ प्रतिशत हिन्दु, १०.७ प्रतिशत बौद्ध,४.२ प्रतिशत मुस्लिम, ३.६ किराँती र बाँकी अरू धर्मावलम्बी छन् । क्रिश्चियन, जैन, सिख आदि ।

नेपालमा कुनै जाति वा जनजातिको जनसंख्याको वर्चस्व वा बाहुल्यता छैन, सबैभन्दा बढी जनसंख्या भएका समूह क्षेत्री हो, जसको जनसंख्या ३५ लाख छ, जो जनसंख्याको १५.८ प्रतिशत छ, त्यसपछि पहाडे बाहुनहरूको छ- १२.७ प्रतिशत, अरू ठूलो समूहहरूमा मगर ७.१ प्रतिशत, थारू ६.७ प्रतिशत, तामाङ ५.६ प्रतिशत, नेवार ५.५ प्रतिशत, कामी ३.९ प्रतिशत, यादव ३.९ प्रतिशत, राई २.८ प्रतिशत, गुरुङ २.४ प्रतिशत, लिम्बू १.६ प्रतिशत देखिन्छ । अरू जातिहरूको एक लाखभन्दा कम जनसंख्या छ भने २३ जातिहरू १०,००० भन्दा कमका छन् । दलितहरूको जनसंख्या निश्चित छैन । तर यो भनिन्छ कि यिनीहरू जनसंख्याको १२.९ प्रतिशत छ, जसमध्ये ५५ प्रतिशत पहाडमा बसोबास गर्दछन् । दलितहरूको पनि कति जात छ, यसमा एउटै सहमतिमा कोही पुगेको छैन । राष्ट्रिय दलित आयोगका अनुसार, २८ जातहरू छन् भनिन्छ भने २००१ को 'सेन्सस' ले १६ जात देखाएको छ । दलितहरूमा पनि ठूलो समूह कामीको छ ३० प्रतिशत, त्यसपछि दमाई १३, सार्की ११, चमार ९ प्रतिशत छ ।

यसरी विभिन्न जातजाति बहुभाषिक भएको मुलुकमा जातजाति र भाषिक जनसंख्यालाई के आधारमा समावेश गर्ने, कस्तो फर्मुला निकाल्ने यो सारै कठिन विषय छ। अन्य मुलुकको पनि दृष्टान्त हेरेर मुलुक सुहाउँदो प्रक्रियाको जरुरत छ, यसका लागि ठूलो गृहकार्यको जरुरी छ। योबाहेक आधाभन्दा बढी जनसंख्या ओगट्ने महिलाको सहभागिताका लागि पनि गहिरो रूपले सोच्नुपर्ने आवश्यक छ। आरक्षण गरेर समस्या हल गर्ने प्रक्रिया जति सजिलो छ यसबाट आरक्षित वर्गमा 'डिपेन्डेन्सी सिन्ड्रम डेभलप' भई प्रतिस्पर्धात्मक कसीमा झन् उत्रन नसक्ने हुन्छ कि योतर्फ ध्यान जानु आवश्यक छ।

**हाम्रो** Agenda **के त ?**

१) कुनै पनि संगठन संस्थागत हुन कति समय लाग्ने हो सो भन्न कठिन विषय छ। विभिन्न कुराले प्रभाव पार्छ। ८/१० वर्ष मा भई सक्नुपर्ने हो होइन त्यको लेखाजोखा हुनुपर्छ तदनुरूप १०/१२ वर्ष मात्र भएका हाम्रो स्थानिय निकाय वा अन्य संवैधानिक व्यवस्था लाई आमूल परिवर्तन गर्ने कुरा ठीक हो होइन ठम्याउनुपर्ने हुन्छ। हाम्रो 'एप्रोच रिभुलुसनरी' हुनुपर्ने कि 'एभुलुसनरी' यसतर्फ पनि छलफल भई निर्क्योल मा पुग्नुपर्छ कि ?

२) विकेन्द्रीकरण भन्नाले केन्द्रले तल्लो इकाईहरूलाई अधिकार दिने कुरो बुझाउँछ। केन्द्रले दिने भनेपछि दिने संस्थाले आफूले दिएको कुरोको कसरी प्रयोग/पालना भइरहेको छ/छैन भन्नेमा केही बाध्यात्मक कुरा राख्न पाउनुपर्छ/पर्दैन ? अगर, पर्दैन भने संसदले राष्ट्रभित्रका प्रत्येक कुरोको विषयमा नीति/कानुन बनाउन नपाउने भएपछि त्यसको औचित्य नै नरहने हुन्छ, यसर्थ स्थानीय सरकारहरूका सम्बन्धमा संवैधानिक व्यवस्था भए पनि तिनिहरूको काम, कर्तव्य र अधिकार तथा त्यसको प्रयोगको विषयमा, संसदबाट नियम कानुन बन्नुपर्ने हुन्छ। यस कारण स्थानीय निकायहरू केन्द्र सरकारतर्फ उत्तरदायी हुनुपर्ने हुन्छ। साथै स्थानीय स्तरमा जुन जनताले तिनीहरूलाई मत दिएर स्थापित गरेका छन् तिनीहरूतर्फ पनि उत्तरदायित्व रहनुपर्दछ। यसमा सोच भई स्थानीय निकायको नियन्त्रण, नियमन र विकासका लागि केन्द्रका भूमिका स्पष्ट हुनुपर्दछ। संविधानमा राखेर उनीहरूलाई बेनियन्त्रण र सबै अधिकार भएको सम्प्रभु बनाउन सकिन्छ/सकिन्न ?

३) केन्द्रीय सरकारको कुनै पनि इकाई स्थानीय स्तरमा हुनुपर्छ वा पर्दैन। केन्द्रीय सरकार र स्थानीय सरकारको cutt off point के ? भारतको संघीय सरकारमा समेत राज्य सरकारले गर्ने काम कुराहरू र राज्य विधानसभालाई समेत विघटन गर्न सक्ने गरी केन्द्रीय प्रतिनिधिको रूपमा राज्यपाल रहेको देखिन्छ। हाम्रो सन्दर्भमा पनि स्थानीय निकायहरूको व्यवस्था संविधानमै भए पनि स्थानीय सरकार र केन्द्र सरकारबीचको सम्बन्ध र के कुन कुराहरू 'लोकल लिस्ट'का हुन, सो स्पष्टताको जरुरत छ र यसमा बृहत् सोचाइको आवश्यक छ।

४) विभिन्न जातजाति र महिलाहरूलाई समावेश गर्ने, जागरण गराउने कुरो सामाजिक क्षेत्र 'सोसल मोवीलाइजेसन'सँग सम्बन्धित कुरो हुन्छ। यसलाई कोरा



राजनीति दृष्टिकोणले मात्र नहेरी सामाजिक फाँटमा पनि सोचाइ आवश्यक छ। यसर्थ सामाजिक फाँटमा गर्नुपर्ने काम कुराहरूले अग्रसरता पाउन के गर्नुपर्छ यसमा पनि विचार गर्न आवश्यक छ।

**डा. रमण मिश्र (समाजशास्त्री)**

सबभन्दा पहिला एक जना लेखकले भनेका कुरालाई स्मरण गर्न चाहन्छु, उनले भनेका थिए- ४०/४५ वर्षदेखि हामी विकेन्द्रीकरण भनी कराई रहेका छौं। अब किन कराउने विकेन्द्रीकरण गर्ने ह्याउहुत्ति छैन। अहिले पनि हामी विकेन्द्रीकरण हुनुपर्छ भनेर आधा शताब्दीदेखि भन्दै आइरहेका छौं। २००४ सालदेखि नै प्रजा पञ्चायत भनी गठन भएको थियो। हामीले आधा शताब्दी पार गरिसक्यौं। विकेन्द्रीकरणमा हामी यस्तो अवधि कराएर अनुनय गरे पनि हामीले भने जस्तो किन भएन ? त्यसको अलिकति विवेचना हुनुपर्छ।

अर्को सापकोटाजीको विकेन्द्रीकरणको क्षेत्रमा अनुभव छ। अनुभवका अगाडि हाम्रो तर्क तर्कमै सीमित हुन्छ। अनुभवबाट आएका कुरा आयातीत विचारधाराबाट आउँदैनन्। रमाइला के लाग्यो भने सापकोटा यहाँ दुईटै आदर्शवाद र उहाँको अनुभव मिश्रित आएको हुनाले यो अवधारणापत्र धेरै गहन छ। आदर्श आदर्शवाद नै हो। तर त्यो आदर्श प्राप्ति गर्ने क्षमता हामीमा कति छ ? त्यो कुरा हामी धेरै जसोले भुल्छौं।

हाम्रो प्रत्येकको घरदैलोमा हकअधिकार छ, म यो गर्न सक्छु छ भने यो कुराको समष्टि के हुन्छ भने पश्चिमा मुलुकमा प्रजातन्त्र भनेको जनताको सरकार हुन्छ। तर अखबार पढौं, किताबहरू पढौं, के देख्छौं भन्दा रेगनको सरकार, बुसको सरकार, अमेरिकन जनताको सरकार भन्यो भनेर पढिदैन् अथवा कांग्रेसको अथवा विजेपीको सरकार भन्छौं। यही पनि हामी कोइरालाको सरकार, देउवाको सरकार भन्यौं हाम्रो सरकार त भन्न सकेनौं नि। जबसम्म त्यो हामी भन्न सक्दैनौं तबसम्म सार्वभौम सत्ता जनतामा निहीत छ भन्ने आकांक्षामात्र भयो। यो आदर्शवादको कुरा भयो।

अर्को हामी सहभागी त भन्छौं। तर के हामी सबै जना सधैं सहभागी हुन राजी छौं। मेरा वडामा मेरा वडाअध्यक्षले अहिलेदेखि होइन, पञ्चायतकालदेखि कति चोटी हाम्रो बैठक छ आउनुस् न भन्छु। मेरो फुर्सद नै छैन म जाँदै जान्नँ अथवा चाहना पनि छैन। सबैलाई चाहना हुन्छ त ? त्यो कुरा छुट्यो कि ? अर्को कुरा सहभागी हुँदैमा क्षमताको कुरा सबैको बराबर हुन्छ। त्यो अन्योलमा छ। त्यसको केही सीमा हुनुपर्‍यो।

अर्को विकेन्द्रीकरणको रमाइलो कुरा के छ भने सत्ता विकेन्द्रीकरण हुन् सक्छ। अधिकार हुन सक्छ। राम्रो कुरा पनि विकेन्द्रीकरण हुन सक्छन्। त्यसका साथसाथै भ्रष्टाचार पनि विकेन्द्रीकरण हुन सक्छ। एक जनाले खान्थ्यो भने चार हजार गाविसमा चार हजार जनाले खाने हुन्छ, यदि भ्रष्टाचार विकेन्द्रित भयो भने। त्यसलाई नियन्त्रण कसरी गर्ने ? त्यो कुरा सापकोटाजीले नै भन्न सक्नुहुन्छ। किन त्यो उहाँ धेरै अनुभवी हुनुहुन्छ। मेरो प्रश्नमात्र हो, आलोचना होइन्।

अर्को कुरा सबै ठाउँमा सधै सबैका लागि लागू हुने नीति नेपाल जस्तो देशमा व्यावहारिक हुँदैन। यो कुरा उहाँले राम्रोसँग प्रस्ट पार्नुभएको छ। हाम्रो ठाउँ अनुसार

नीतिहरू बन्नुपर्छ । राणाकालमा अलिअलि थियो, क्यारे । बिदाहरू दिँदा खेरी फरक थियो । ००७ सालदेखि इस्त्री लगाएको जस्तो गरी सबैलाई एउटै बनाउन खोज्यौं । त्यो चाहिँ हामीले विचार गर्नुपर्ने हुन्छ ।

अर्को आयो 'आइडीयोलोजी' र विकेन्द्रीकरण मिल्छ कि मिल्दैन । मेरो जिज्ञासा छ- पार्टी भन्ने हो भने विचारधारमा आधारित संगठन हो । समाजवाद, साम्यवाद, पुँजीवाद जे भने पनि । विकेन्द्रीकरण भनेको स्थानीय व्यक्तिहरूले आफ्नो आवश्यकता र चाहना अनुरूप गर्ने हो । यी दुईलाई कसरी मिलाउने ? यदि मेरो आदर्श अरूले मान्नुपर्छ भनेर म पार्टीमा आएँ भने मैले विकेन्द्रीकरणलाई कसरी प्रश्रय दिने ? विकेन्द्रीकरण दिऊँ मेरा आदर्श थन्काएर राखे हुन्छ । होइन, आर्दश लागू गरु भने विकेन्द्रीकरण कसरी लागू गर्ने ? यो द्वन्द्वलाई कसरी समाधान गर्ने ? यो प्रष्ट भएको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ ।

अर्को काफ्ले सरले पनि भन्नु भएको छ, वास्तविक के हो भने जुनसुकै केन्द्रित व्यवस्था छ अन्ततः (सुरुमा नहोला) अधिनायक हुन्छ हुन्छ । त्योचाहिँ प्रणालीकै असफलता हो । अर्को परिवर्तनको कुरामा दुई वटा विचारधारा आउँछन् । एउटा परिवर्तन विस्तारै गरेर हुँदैन, आमूल परिवर्तन चाहिन्छ । अर्को आमूल गरेर हुँदैन, विस्तारै गर्नुपर्छ भन्ने छ । विकेन्द्रीकरणको समयावधि कति हुनुपर्ने ? त्यसमा उहाँको अनुभव उल्लेख हुनुपऱ्यो । एकातिर भाङभुङ गरिदिऊँ, सबै लागू गरौं जे होला होला देखा जाएगा भन्ने हो भने भिन्दै कुरा हो । होइन, जोखिम नलिऊँ जनताले दुःख पाउँछन् भन्ने हो भने यो दुईटा सामाजिक परिवर्तनको कुनचाहिँ ठीक हुन्छ भन्ने हो ।

विकेन्द्रीकरणको समानुपातिक कुरा भयो । क्षेत्रीयमा आयो । एउटामा 'जीओग्राफिकल डीटरनीजम' भन्ने कुरा छ । जुन हाम्रो राजनीतिक विचारधारामा समावेश भएको पाइँदैन । म मनाङको नांगो डाँडामा खोरियामा एउटा भएको छाप्रोमा जन्मिएँ भने म गरिब हुनलाई कसैले शोषण गर्नुपर्दैन । मलाई भूगोलले गऱ्यो । मरुभूमिमा बस्ने र हराभरा भएको ठाउँ जन्मिनेको फरक हुन्छ । त्यो भूगोलले निर्धारण गर्छ । अब विकेन्द्रीकरणमा समानुपातिक पैसा वितरण गर्दा पहिला हर्कबहादुर गुरुङले पनि उठाउनुभएको थियो । लगानी गर्ने सम्भावना हुनुपऱ्यो । त्यहाँ पैसा छरेर हुँदैन । यो कुरा के आएको थियो । जुन जुन गाविस वा क्षेत्रमा जुन पैसा पैदा गर्छन् त्यही अनुपातमा दिनुपर्छ भन्ने कुरा उठेको थियो । त्यो बेलामा हर्कबहादुरले के भन्नुभएको थियो भने त्यसो भए हिमालमा कमाएको सबै डलरहरू हिउँमाथि कार्पेट बनाएर राख्ने हो कि ? भने लगानी गर्ने ठाउँ छैन । त्यहाँ आरोहीबाट लिएको डलर त्यही ठाउँमा खर्च गर्नुपर्छ भन्ने मान्यता थियो । कति ठाउँमा त्यही लगानी गर्ने सम्भावना छ त ? त्यो अर्थतन्त्र र विकेन्द्रीकरणमा यहाँनिर पनि छुट्टिनु पऱ्यो । अर्थतन्त्रले कति कुरा निर्देशित गर्छ, जुन हामीले जतिसुकै चाहे पनि हुन सक्दैन । अब नांगो डाँडामा धान रोप्छु भनेर भयो । जति लगानी गरे पनि धान उम्रिँदैन । त्यसको सट्टा अर्को सल्लाह आउँथ्यो कि ? त्यो डा. शास्त्रादत्त पन्तको किताब पनि छ ।

अर्को धर्म निरपेक्षको कुरामा के छ भने बेलायतमा बेलायती महारानीलाई धर्म गुरु मानिन्छ । बेलायत हाम्रो आर्दश प्रजातान्त्रिक देश भनी अनुकरण गर्न



खोजेका थियौं । धर्म निरपेक्षता... मैले बुझेअनुसार पाँच/छ वटा बौद्ध राज्य छन् । सबैभन्दा मुसलमान धर्म रापेक्षित राज्य र त्यसपछि क्रिश्चियन राज्य छन् । एउटामात्र नेपाल हिन्दु भएको देश हो । अब धार्मिक हिसाबले यसलाई बिगार्न सकिन्छ कि सकिँदैन भन्ने एउटा छ । अर्कोतिर राज्यले निरपेक्ष भएर जे जति धर्मावलम्बी छन् । उनीहरूका लागि कानुन हुनुपर्छ । धर्मका कारण काखा र पाखा गर्नुहुन्न भन्ने कुरा ठीक छ । नाम मात्रैले के फरक ? म आफैं हिन्दु र बाहुन पनि शब्दमा हिन्दु राज्य भनी दिँदैमा के नाप्यो र ? सिंह वा गोरुलाई तिखे भनेर के भयो । हाम्रो समाजमा हेऱ्यो भने मुस्जिदतिर डुल्न जाउन, त्यहाँ कसैले फोहोर पारेको देखिँदैन । क्रिश्चियनको गिर्जाघरतिर गयो भने त्यहाँ पवित्र नै राखेको हुन्छ । हिन्दुको मन्दिरतिर जानुस् नाक बन्द गर्नुपर्छ भने त्यो हिन्दु राज्य हो कि होइन ? व्यवहारले हिन्दु राज्य भएको छ कि छैन । अब यस्ता कुरा धेरै छन् । बाहिरबाट आउने मानिसलाई थाहा छ, यो हिन्दु राज्य हो । नेपाल हिन्दु राज्य हो भन्ने हाम्रो संविधानमा लेखिएको छैन भने उसले विभिन्न हिन्दु मन्दिरमा चाहऱ्यो भने सबभन्दा उपेक्षित छ, तिरस्कृत भएको देख्छ । अर्को कुरा हिन्दुमा बाहुनमाथि हुनुपर्ने, धर्मको रक्षा गर्ने मान्यता छ । कम्युनिस्टका नेताहरू सबै बाहुन छन् । वास्तविकता हुनुपर्ने हिन्दु राज्य र व्यावहारिकतामा फरक छ ।

हिन्दु राज्यभन्दैमा राज्य हिन्दुको भनेको छ र ? हिन्दु भनाउँदाले मन्दिरमा गएर पिसाब फेर्छ भने मस्जिदमा गएर कुनै मुसलमानले पनि गर्दैन । अरूलाई पनि गर्न दिँदैन भने यो के राज्य हो ? त्यसैले यो शब्दमा खेलेर मात्र हुँदैन् । धर्मको नाममा काखा र पाखा गर्नु हुँदैन ।

अर्को उहाँले सुरक्षा परिषद्को बारेमा विश्लेषण गर्न बिर्सनुभएको जस्तो लाग्यो यो अवधारणा पत्रमा । आर्मी यदि कुनै क्याबिनेटअन्तर्गत रहने हो र त्यो क्याबिनेट कुनै एक बहुमत प्राप्त दलको सरकार भयो भने त्यो आर्मी दलीय आर्मी भयो । राष्ट्रिय आर्मी भएन । मेरो भनाइ यो हो कि हामीले यस्तो कार्यपालिका, बनाउनु पऱ्यो, जहाँ सर्वदलीय चुनाव जितेका र हारेकाहरूको एकाइ बनाएर आर्मी राख्यो भने सायद राष्ट्रिय आर्मी हुन्थ्यो होला । तर बहुमत प्राप्त सरकारको अन्तर्गत बस्यो भने दलीय पार्टी भयो ? क्षेत्रीय एकाई बढी भयो तर पञ्चायतकालमा पनि म व्यंग्य गर्ने गर्थे- पञ्चायत व्यवस्थाले पञ्चायत के हो भन्ने थाहा नै पाएन किनभने पञ्चायती व्यवस्थामा प्रत्येक पञ्चायतको सीमा हरेक चोटी चुनावकै अगाडि परिवर्तित हुन्थ्यो भने यदि कुनै क्षेत्रीय एकाईका जनताले आफ्नो क्षेत्र निर्धारण गर्न पाएनन् भने माथि केन्द्रीय सरकारले सीमा जहिले पनि बदलिदिन्थ्यो । हामीले त्यतातिर पनि ध्यान दिनुपऱ्यो । तीस वर्ष पञ्चायत व्यवस्थामा पञ्चायत स्थिर भएन । हाम्रो ललितपुरका केही भाग कहिले भक्तपुरमा पुग्छन्, कहिले ललितपुरमै रहन्छन् । यस्तो भएको पाँच पटक भइसक्यो । त्यो पनि चुनाव अगाडि हुन्छ । पहिला आवज राखिदिएको के भने क्षेत्रीय शासनको क्षेत्र तोक्ने अधिकार पनि क्षेत्रीयकै हुनुपर्छ । केन्द्रीय सरकार र चुनावी सरकारको होइन-हाम्रो अनुभवले भन्छ ।

चुनावकै बेलामा किन सीमा बदलिन्छ ? चुनावकै बेला एउटा गाउँ काटिन्छ । अर्को गाउँ एउटै एकाईमा थपिन्छ । एक पटक 'कन्ट्रयाक्ट'र एकाईको जरुरत छ

भन्ने देखिन्छ। अर्को जातीय नेपालमा वास्तविक रूपमा १० लाखभन्दा बढी संख्या भएको जातिहरूमा क्षेत्री, बाहुन, मगर थारू, नेवा र तामाङ मात्रै छन्। अहिलेको क्रममा हेऱ्यो भने अब आउने जनगणनामा मुसलमान पनि १० लाखभन्दा बढी हुन्छ। त्योभन्दा बढी अरू जाति छँदै छैन। अब प्रजातन्त्र र हाम्रो जातीय सन्तुलन हाम्रो द्विविधाको आभाष आइरहेको छ। एउटा प्रजातन्त्रले के भन्छ भने बहुमतको राज हुनुपर्छ। अर्कोतिर पारी जाति चार/पाँच घर बाँकी छ भन्थे, त्यसलाई पनि राख्नुपऱ्यो। १० लाखभन्दा बढी संख्या भएकालाई राख्नुपऱ्यो। 'सोसीयो डेमोग्राफर'को नाताले मैले पनि हेरिसकें। अर्को जनगणनामा मुसलमान पनि १० लाखभन्दा बढी हुन्छ। अब त्यही १० वटा जातलाई राखेर जाने कि ? एक दुई प्रतिशत वा शून्य-शून्य प्रतिशत जातिलाई पनि राख्ने ? यहाँ अहिले अन्योलमा पर्ने स्थिति छ। नराखौं भने पनि त्यो समावेशी भएन। राखौं भने बहुमतलाई राख्ने कि अल्पमतलाई राख्ने ? प्रश्न छ। यसमा अझै चिन्तन गर्नुपर्छ यसमा अझै प्रष्ट भएको छैन। यो कुरामा धेरै जानुपर्छ।

अर्को जातीय चाहनाअनुसार जाने कि ? दलीय सिद्धान्तमा जाने ? अर्को सबै जातलाई प्रश्रय दिने त ठिक छ तर व्यवहारमा कसरी जाने। ९२ वटा भाषा भनेपछि दर्ता चलानीमा ९२ जना राख्ने कि ? एउटा कार्यालयमा कतिवटा भाषा बोल्ने ? किनभने प्रत्येक भाषालाई स्थान दिनुपऱ्यो, प्रत्येक कारबाही ९२ भाषामा निवेदन दिने कि ? यतापट्टि सोच्नुपर्छ।

पहिला प्रत्येक भाषीले यो गर्न पाउनुपर्छ भन्छन् ठीक छ, गरून्। तर व्यवहारमा कत्तिको हुन्छ त्यो विचार गर्नुपऱ्यो। अर्को कुरा लिंग फ्रड्क, अर्को जातीय पहिचान हुन्छ। भारतको अनुभवमा एउटा प्रतिवेदन सन् १९७६ मा गरिएको थियो। त्यो प्रतिवेदनले दक्षिण भारतका मानिसले संयुक्त राष्ट्रसंघको कार्यालयको अन्तर्राष्ट्रिय संघसंस्थामा, परराष्ट्र मन्त्रालयमा काम गर्ने अवसर पाए। विहारीहरू गएनन् किनभन्दा भारत स्वतन्त्र भएपछि विहारीले अंग्रेज आया, अंग्रेज गया, अंग्रेजी आया, अंग्रेजी जाया भनी अंग्रेजी बन्द गरी आफ्नो भाषा बोल्नेतर्फ उत्तर भारतमा लागेछन्। दक्षिण भारतमा चाहिँ पहिलाकै अंग्रेजीमा गएछन्।

भारत स्वतन्त्र भएको तीस वर्षपछिको प्रभाव हेर्दा सबै राम्रा अन्तर्राष्ट्रिय ठाउँमा बंगाली, केरलामा भए। भाषाको कुरा गर्दा हामीले जनजातिको भाषा भनेर प्रश्रय दिने एउटा कुरा भयो। उनीहरूको उन्नतिको लागि पनि विचार गर्नुपर्छ। अर्को कुरा आज लिम्बू कुरा गर्ने मानिस भोलि दस वर्षपछि कुन पेसामा लागेको होला ? भारी बोक्ने कि युएनमा प्रतिनिधि भएर जाने ? भाषाको के देखिएको छ ? नेपालमा भने आमा-बाबु मर्दैछन्। मम्मी, डेडी जन्मिदै छन्। नेपाली भाष शुद्ध बोल्न सक्ने कति छन् ? नेपाली भाषा मरिरहेछ। हामी सबै मरिरहेका छौं।

एक्जिक्युटिभमा कोटा र प्रधानमन्त्रीको चयन गर्ने आधारमा हाम्रो अनुभव प्रधानमन्त्रीहरू र पार्टीको झगडा १२ वर्षलाई हेर्दा गिरिजाबाबु प्रधानमन्त्री हुँदा भट्टराईजीको मान्छे क्याबिनेटमा राखेन वा भट्टराईजीको मानिस निकाल्यो वा गणेशमानजीको मान्छे राख्ने भनेर झगडा आयो। उतातिर प्रधानमन्त्रीले आफ्नो टिम बनाउन पाउँछ। ता कि हामीले प्रधानमन्त्रीलाई गाली गर्न पाउँछौं। अर्काले



राखिदिएको टिमले काम गरेन भनेर साच्चिकै गाली गर्ने अधिकार छैन, उसलाई टेर्दैनन्।

अन्य क्राइटेरियाबाट आएका मान्छेको टिम लिडर प्रधानमन्त्री हो। टिम लिडरले टेरेन भने त्यसको लागि कस्तो व्यवस्था गर्ने त्यसबारे सुन्न पाए हुन्थ्यो। बेलायतको कोटको पक्षबाट हेर्दा विधायीका चुनेको हुने प्रचलन छन्। विधायीकाले चुनेकाहरू कार्यपालिका हुनेछ। तर जनताले चुन्दै नचुनेको न्यायाधीश हुने संविधानको व्याख्या गर्ने रे ? अथवा जनताले चुनेको व्यक्तिले गरेको काम गल्ती भन्ने चुन्दै नचुनेको न्यायाधीश, यो कसरी भयो भन्दा कोर्ट भनेको कानुन हो। कानुनमा दक्ष व्यक्तित्वको आवश्यकता हुन्छ। प्राविधिक कुरा, प्रविधिक जाने पदमा अप्राविधिक मानिसलाई चुनाव गरेर जिताउन सकिँदैन्। त्यसैले त्यो न्यायाधीश, चुनावी महलबाट बाहिर हटेको बेलायती संविधान विद्हरूको भनाइ रहेछ। हाम्रो पनि कोटाको कुरामा दक्षताको कुरा आयो। मलाई जिज्ञासा आयो-मैले अहिलेसम्म पढेको गहन छ। त्यसको कारण थाहा छ। यो अवधारणा पछि तर्कमात्र छैनन्, व्यवहार र अनुभव पनि समावेश गरिएको छ। धन्यवाद।

**डा. हिक्मत बिष्ट (डानिडा ह्युगो)**

यस अवधारणापत्रमा धेरै कुरामा सहमतिका कुरा र त्यही प्रकारका अनुभव छन्। प्रस्तुतकर्ताको अवधारणाभन्दा पनि टिप्पणीकर्ताहरूबाट जति पनि टिप्पणी आए, त्यसले यो विषय कति महत्वपूर्ण रहेछ भन्ने देखियो। प्रस्तुतिलाई थप मद्दत मिलोस् भनी कुरा गर्छु। विकेन्द्रीकरणको कुरा जुनसुकै पद्धतिले शासन गरेको भए पनि विकेन्द्रीकरणको अपरिहार्यता कुन बेला बढी देखा पर्छ भने जुन बेला केन्द्रीय सरकार जनताको आवश्यकता, सेवा पुऱ्याउन, अधिकार दिलाउन असक्षम हुन्छ, दोधारे हुन्छ, दुई जिब्रे हुन्छ, फटाहा हुन्छ, एकाधिकारी हुन्छ। त्यसबेला विकेन्द्रीकरण अवधारणाको माग बढ्दै जान्छ र, प्रजातन्त्रको लागि त विकेन्द्रीकरण अपरिहार्य नै हो।

समावेशी प्रजातन्त्र भन्ने वित्तिकै त्यसको पनि केही मूल्य र मान्यता हुन्छ। त्यस मध्येको महत्वपूर्ण मूल्य मानिनु पर्ने के हो भने जनमत संग्रह हो। हामी त्यो तहमा नगईकन संविधान सभा नगरिकन समावेशीकरणलाई सीमित घेरामा राख्ने कोसिस गरिसक्यौं। त्यसकारण जब हामी समावेशी भन्न सुरु गर्छौं, त्यसको मान्यतामा रिफेरेन्डम नै देखापर्छ। संसारको इतिहासले पनि त्यही देखाउँछन्। अर्कोचाहिँ जुन मुलुकमा सही रूपमा समावेशी लोकतन्त्रका कुरा गरिन्छ, एउटा चिज प्रत्यक्ष रूपमा देखापर्छ। गरिव र धनीबीचको जुन खाडल ज्यादै कम हुन्छ। यो सायद प्रजातन्त्रमा कस्ता-कस्ता मुलुकमा कति तहको र कुन किसिमको समावेशीकरण भएको छ भन्ने हेर्ने मापदण्ड मध्ये। त्यस मुलुकमा धनी र गरिबबीचको दूरी कहाँनिर छ भनेर हेर्दा पनि त्यो मुलुकमा त्यो खालको व्यवस्थामा समावेशीकरण भएको छ/छैन ? देखापर्छ।

अर्को विकेन्द्रीकरणको समय यो 'डाइनामीक प्रोसेस' हो। यो प्रक्रिया खुस्केपछि त मरिहाल्यो। त्यसैगरी म पनि सामाजिक र सांस्कृतिक परिवर्तनलाई 'डाइनामीक' पद्धति वा प्रक्रियामा विश्वास राख्ने भएकाले संस्कृति परिवर्तन पनि

मऱ्यो भने यो मृत संस्कृति हुन्छ । त्यसलाई बिर्सिदिए हुन्छ । अनि, त्यो संग्रहालयमा लगेर राख्नुपर्छ । त्यसैले सामाजिक र सांस्कृतिक परिवर्तन भने जस्तै विकेन्द्रीकरण पनि डाइनामिक प्रोसेस हो ।

अघि विश्वबन्धु थापाको रिपोर्टको कुरा भयो । त्यो पढ्दा र भन्दा मलाई अचम्म लाग्छ किनभने २०२१ सालमा विश्वबन्धु थापाले यस्तो खालको स्थानीय स्वायत्त शासनकाबारे अवधारणा कसरी लेखे होलान हँ ? भनेर बराबर सोच्ने गर्थें । त्यसको केही समयपछि मैले एउटा दस्तावेज फेला पारें । त्यो डकुमेन्ट थियो । त्यसमा पञ्चायत व्यवस्थालाई अझ सुदृढ गर्न र अझ बलियो बनाउनका लागि वैदेशिक सहयोगका आधारमा बनाइएको प्रोजेक्ट डकुमेन्ट थियो । अनि, त्यो डकुमेन्टले एउटा कुरा भनेको थियो । स्थानीय संरचनामा बलियो र स्वायत्तता बढी ध्यान दिइएन भने तिम्रो पंचायत व्यवस्था टिक्न सक्दैन है । त्यसकारण यो तहमा ल्याउनुपर्छ । झ्वाट्ट त्यस्तो देख्दा मलाई कताकता दोहोऱ्याएर पढ्न मन लाग्यो । यहाँहरूको निमन्त्रणा पाएपछि त्यो दोहोऱ्याएर त्यसलाई फेरि पढें र, सम्झना भयो । जिल्लास्तर, गाउँस्तरमा हातहतियार दिने- यो कहाँ भनेको होभन्दा यो त अमेरिकन मोडल हो । २०३१ सालमा विश्वबन्धु थापा प्रजातन्त्र मार्ने वा मारेर निरंकुश पञ्चायती ल्याउने मान्छेको नाइकेले त्यो कसरी गरे होलान त भन्दा अमेरिकीले सिकाइदिए छ, यो-यो प्रतिवेदनमा हाल भनेर । अनि, अमेरिकामा त 'डिस्ट्रीक्ट एर्टोनी' पनि चुनावबाट आउँछ । त्यो कुन्नी के को पुच्छर बन्न गयो । त्यो दस्तावेजको नाम भन्न मलाई गाह्रो भयो किनभने विश्वबन्धु थापा ज्यूँदै हुनुहुन्छ । त्यो पनि खोल्ने दिन आउला । हामीले हिन्दुज्म्को कुरा गरौं । होस् गर्नुपर्ने कुरा कहाँ छ भने बाहुनको ठगी खाने भाँडोको रूपमा मात्र प्रयोग गर्न भएन् । जब राज्यले कुनै धर्मको जिम्मेवारी लिन्छ भने कालो पनि रातै हुन्छ । सेतो र पहेंलो पनि रातै हुन्छ । भोट त्यही पहेंलोमा हालिदेऊ त भनेर ठग्ने जस्तो कुरा भयो । त्यसैले उदाहरणमा पूजाको थाली लिएर आउँछ र बाहुनको छोराले लगाएको टीका लगाउनु पर्दैन भन्छ । उसले म काजीको छोराले वा म राईको छोराले वा म श्रेष्ठको छोराले लगाएको टीका लगाउनुहुन्छ भन्ने आँट गर्दैन । यसो हेर्दा थेप्चो नाक जस्तो देखिन्छ तर उसले बाहुनको छोरा भन्न लजाउँछ । यी कुरालाई सजिलोसँग छोड्नु भएन । अर्को कुरा हामीले स्वरूप र संरचनाको कुरा गर्दा स्वरूप र संरचना के का लागि गर्न खोजेको ? समावेशी प्रजातन्त्र ल्याएर दिन खोजेको के गर्न खोजेको हो ? हाम्रो जिम्मेवारी के हुन् ? र, जिम्मेवारी पूरा गर्न कस्तो संरचनाको आवश्यकता पर्छ । प्रजातन्त्र चाहियो । त्यसकारण माथिल्लो ⁄ तल्लो संदन चाहियो भन्ने हो भने माथिल्लो संदन नेपाललाई चाहिँदै चाहिँदैन । बेलायतलाई चाहिएको थियो 'हाउस अफ लर्ड' किनभने त्यहाँ सम्पत्तिको प्रतिनिधित्व हुन्थ्यो । बेलायती

'टेरिटोरी'भन्दा बाहिर बसेकाहरूको प्रतिनिधित्व हुन्थ्यो । त्यसकारण ल्याइयो होला । हामीले कसको प्रतिनिधित्व गर्न हो माथिल्लो सदन ? हामीले के चिजको लागि संरचना बनाउन लागेको हो भन्ने नसोचिकन र त्यसले के काम गर्छ भन्ने कुरा नसोचिने हो भने संरचना जहाँबाट टिपेर ल्याए पनि जस्तो बनाए पनि हुन सक्दैन ।



प्रस्तुतिमा विज्ञहरूको सरकार बनाउनु हुँदैन । विज्ञहरू लेग्रोमात्र तान्छन् । त्यसले काम गर्दैन । कामचाहिँ राजनीतिक पार्टीहरूले विज्ञता, विशेषताको विकास गर्नुपर्छ आफूभित्र । र, प्रतिनिधित्व राजनीतिक पार्टीले नै गर्नुपर्छ । देश राजनीतिक शक्तिले नै चलाउनुपर्छ । तर त्यसभित्र उसले समाजको प्रतिनिधित्व समावेशीकरणको कुन अवधारणा लिएर अगाडि बढिरहेको छ भनेर डा. इन्जिनियर हामी जस्तो गफ दिनेलाई देश चलाउन लगाएर देश चल्दैन । त्यसकारण जहिले पनि हामी केही सुझाव दिँदा आजकै दिनमा केही काँढा बिझ्यो भन्दैमा खुट्टा नै काटेर फालिदिऊ वा अर्को खुट्टा हालिदिऊँ भन्ने सुझाव दिनुहुँदैन । र, म वर्तमानमा विश्वास नराख्ने मानिस हुँ । वर्तमान भनेको बसको स्टेसनमा रोकिने बेलामात्र हो । बस आउनासाथ हिँडिन्छ । त्यसकारण वर्तमान हुँदैन । भविष्यका लागि हेर्नुपर्छ । आजको परिस्थिति र वातावरणले पाएको दुःखले त्यहीमात्र निवारण गर्नको लागि स्वरूप र संरचनाको परिकल्पना गर्ने हो भने हामीले धोका पाउँछौं । त्यसकारण भोलिको आवश्यकता के हो ? भोलिले के माग्छ । अर्को सन्तती हेरिसकेपछि मात्र हामी संरचनाको कुरा गरौं । र, सुशासनको कुरा गरेको छौं ? त्यो सुशासनको निष्कर्ष अनि निर्णय कसले गर्छ ? त्यो निर्णय यदि जनताले गर्ने हो भने सबभन्दा 'अलटीमेट' भनेको 'रीफेरेन्डम'हो । र, विकेन्द्रीकरण र अधिकार यो एकात्मक र संघात्मकको विवाद नै होइन । जनतालाई दिने अधिकारमा प्रजातान्त्रिक अभ्यासमा एकात्मक भए बढी हुने र संघात्मक भए कम हुने र बढी हुने भन्ने होइन संसारमा दुवै थरीको प्रचलन छ । तर हाम्रोचाहिँ आवश्यकता के हो ? अब २१ वटा भाषा छ, त्यसकारण कसरी होला र ? खै भनेर लेघ्रो तानेर हुँदैन, यदि त्यो आवश्यकता हो भने गर्नुपर्छ ।

समाधानको खोजी गर्दै हिँड्यो भने त्यसको पनि निर्क्योल निस्कन्छ । धेरै भाषा र धेरै मुलुक छ त्यो मुलुकले सम्पूर्ण धार्मिक क्षेत्रसँग सल्लाह गरेर एक दिन बिदा मनाउँछ त्यो बिदा सबै धर्मको लागि आज शुभ दिन हो है भनेर एक दिन बिदा मनाउने राष्ट्रहरू पनि छन् । त्यस्तो निर्क्योल पनि छ । त्यसकारण हामीलाई एक सय आठ दिनको बिदा पनि चाहिँदैन । हामी पनि त्यो छलफलबाट निस्कन सक्छौं । यो वादविवादमा आउनु पऱ्यो । यसले अरूको मान्यता, विचार र मूल्यको सराहना र आदर गर्नुपर्छ । होइन भने आफ्नो भावना मिच्न चाहने हो भने अरूको भावनाले मिचिएको पनि अनुभव गर्नुपर्छ । त्यसैले समावेशीकरणको सुरूवात त्यहींबाट हुन्छ । समावेशीकरणको पहिलो अभ्यास र यथार्थ अर्कोको कुरा पनि सुन्नु हो । आफ्नै कुरा भन्नु मात्र होइन् ।

**श्यामप्रसाद अधिकारी** (**पूर्वसचिव, नेपाल सरकार**)

कार्यपत्र प्रस्तोतालाई धन्यवाद । सर्वप्रथम अनुभवको पेटार उहाँको जति पनि अनुभव र अनुभूतिलाई बढो विश्लेषणात्मक किसिमले प्रस्तुत गरिदिनुभयो । यसले आफ्नो दृष्टिकोण र कल्पनाले हेर्ने आफ्नो धारणाबाट हेऱ्यो भने भने भिन्नखालको डायमेन्सन यो पत्रले दिएको छ । र, यसलाई एक जनाले भनेका छन्- "Beauty lies in the eyes of beholders" आफ्नो दृष्टिकोणले कसले हेर्दा कसरी छुन्छ त्यसले त्यसरी

सूक्ष्म किसिमले हेर्न सकिन्छ। मलाईचाहिँ विकेन्द्रकीकरणको विद्यार्थी भएकाले प्रजातन्त्रका बारेमा समावेशी प्रजातन्त्रको कुरा गर्दा परिभाषामा अब्राह्म लिंकनले भनेका छन् – *"To the people by the people for the people"* । सहभागितात्मक प्रजातन्त्रकै परिकल्पना गरेका छन् । ऊ मरेर गए पनि उनको सिद्धान्त कहिले पनि बिर्सन सकिँदैन । समावेशी र प्रजातन्त्रको कार्डिनल प्रिन्सिपल यसैभित्र इनहेरिट गरेको छ। समावेशी भन्ने त पछि आएको जागरण हो किनभने 'डेमोक्रेसी वाई डेफिनेसन इन्क्लुसिभ' हो। यसले कसैले छुट्याउने, कसैलाई लाखापाखा लगाउने भन्दैन। यो त सहभागितात्मक प्रक्रिया हो। यो सिद्धान्तभित्र सबैलाई लिएर हिँड्ने मान्यता छ। त्यसैले यो अन्तर्राष्ट्रिय संस्थानमा काम गर्ने मानिसले रुरल डेभलपमेन्टमा जागरण भनेको पनि उही हो। इन्टेग्रेटेड रुरल डेभलपमेन्टमा भनी दियौं। विभिन्न मोडेल बनायौं।

समावेशी भन्नुपर्ने आवश्यकता थिएन। तर *"unfortunately we believe in imitation, originality is life, imitation is death."* असल कुरालाई नक्कल गरेर, आफ्नो सिस्टममा 'इम्पाल्इज' गरेर 'इम्प्लेमेन्टेसन' गर्न लाग्दछौं भने त्योचाहिँ ठीकै होला। तर 'ब्लाइन्ड इम्प्लेमेन्टेसन' चाहिँ कुनै देशका लागि, समाजका लागि वा कसैका लागि उपयुक्त हुँदैन.। अघि विश्वबन्धु थापाको प्रतिवेदनका बारेमा कुरा आयो, मलाई एउटा रमाइलो लाग्ने कुरा के हो भने अर्को समावेशी माओत्सेतुङ जस्तो कम्युनिस्ट मान्छे उसले आफ्ना योजनाकारहरू, नीतिकार र राजनीतिज्ञहरूलाई के भन्यो- "go to the village, go to the people know about them, learn from them, and then come and do the planning."

Regimentation मा विश्वास गर्ने त्यस्तो व्यक्ति जसका कारण पश्चिमी मुलुकहरूमा एक किसिमको सनसनी फैलिएको थियो, त्यसकारण He was horror. त्यसले त्यस्तो मीठो कुरा गरिदियो। सूक्ष्म स्तरबाट योजना बनाऔं भन्यो। कति प्रजातन्त्रिक रहेछ। सिद्धान्तचाहिँ Regimentation (कठोर अनुशासन)बाट देश चलाउने। काम गर्ने प्रक्रिया चाहिँ अर्को हुँदोरहेछ। त्यस्तै विश्वबन्धुजीले पञ्चायत व्यवस्थालाई 'एरिस्टोक्र्याटिक रुल' मा उहाँले दिएको सल्लाह बडो 'र्‍याडीकल' थियो। सुधारवादी होइन्। 'if planning is wrong implementation can not be right'. योजना नै गलत छ भने कार्यान्वय राम्रो हुँदैन। हाम्रो दुर्भाग्य यहीं छ। हामी जहिले पनि कार्यान्वयमा गएर मार खान्छौं। सम्झना गराऊँ- पञ्चायत व्यवस्थाको संविधानमा यस्तो विकेन्द्रीकरणको बारेमा कुनै कसैले भनेको छैन। २०४६ साल पछिको संविधानले पनि प्रस्तावनामा विकेन्द्रीकरणलाई नाम दिएको छैन। पञ्चायत व्यवस्थाको संविधानको प्रस्तावना लेखेको छ- 'the basis of constitution is the panchayat democracy, will be decentralize' भनेको छ। वर्तमान संविधानको प्रस्तावनामा विकेन्द्रीकरणका बारेमा केही लेखिएको छैन। 'डाइरेक्टीभ प्रिन्सिपल अफ स्टेट' मा गएर एउटा वाक्य लेखिएको छ- 'The fruits of democracy will be distributed to the people through the process of decentralization'। अब विचार के गर्नुपर्‍यो भने पंचायतको संविधानको प्रस्तावनामा त्यस्तो केन्द्रित गरिएको विकेन्द्रीकरणको कार्यान्वयन हुन सकेन। 'लङ रिफरेन्स' को लागि 'डाइरेक्टीभ प्रिन्सिपल' मा आएको त्यो पनि हुन सकेको छैन। त्यसो भएकाले समावेशीको बारेमा वा समन्वयात्मकबारे



जति ठूलो कुरा भनेको कार्यान्वयनको कुरा हो। कार्यान्वयन गर्नका लागि प्रतिबद्धता र राजनीतिक इच्छा शक्ति चाहिन्छ। यो नभइकन कुनै काम हुन सक्दैन। त्यसैले समावेशी भन्नाले हामीले कसैलाई भेदभाव गर्नुहुँदैन। सबैको विचार लिनुपर्छ। सानो वा कम पढेलेखेको मान्छेको आफ्नो धारणा हुन्छ। 'A villager may be illiterate not be fools' भनिन्छ। गाउँले नपढेको हुन सक्छ तर बेक्कुब हुन सक्दैन। समावेशी भनेको त्यस्ता सबै मानिसको विचार धारणालाई प्रतिनिधित्व गर्न सक्नु हो।

**लालबाबु यादव (प्राध्यापक-राजनीतिशास्त्र, पाटन संयुक्त क्याम्पस)**

पेज दुईमा उल्लेख गर्नुभएको छ- विकेन्द्रीकरण लोकतान्त्रिक व्यवस्थाको मेरूदण्ड हो। मलाई लाग्छ- प्रजातन्त्रको एउटा 'कम्पोनेन्ट' हो। तर प्रजातन्त्रभित्र राख्न मिल्दैन। यो एउटा राजनीतिक प्रक्रिया हो कि ? प्राथमिक राजनीतिक प्रक्रिया हो कि भन्ने मलाई लाग्छ। उदाहरणका लागि नेपालकै लिने हो भने प्रजातन्त्रभन्दा पहिला पनि विकेन्द्रीकरण कामहरू गरिराखिएको थियो। हाम्रो समाजमा गाउँतिर सामाजिक अनिवार्यता हुन्थ्यो। पञ्चभलाद्मीले जे भन्थे त्यही गर्नुपर्थ्यो। यदि यो प्रजातन्त्रको मेरूदण्ड नै हो भने फ्रान्समा विकेन्द्रीकरण एउटा हस्तान्तरण प्रकारको त्यसैले एउटा विद्वान्ले के भनेका छन् भने 'When Paris cases cold whole France is sneezes." एउटा पेरिसमा सानो कुरा हुन्छ, फ्रान्सभरी त्यसले प्रभावित बनाउँछ। तर यदि 'अटोक्रचाटीक' देश जोर्डनको उदाहरणलाई लिने हो भने फ्रान्सभन्दा जोर्डनको विकेन्द्रीकरण एकदम राम्रो छ। त्यहाँ शिक्षा, आर्थिक नीति एकदम राम्रो छ। मलेसियामा संघात्मक प्रणाली छ। चीनमा छैन। तर मलेसियाभन्दा चीन धेरै राम्रो छ। यो विकेन्द्रीकरणलाई प्रजातन्त्रभित्र राख्न मिल्ने हो कि प्राथमिक राजनीति प्रक्रियाभित्र राख्ने हो ? अथवा राजनीतिक प्रणालीभित्र राख्ने हो ? स्थानीय सरकार नियामावली-१९९९ हामीले नै बनाएका हौं, संसद्बाट पास भएको थियो। यसमा पनि धेरै त्रुटिहरू छन्। अहिले हामी ल्याउँला।

पेज तीनमा दिएको कुरामा नेपालीमा ठीकै दिनुभएको छ। राजनीतिक अधिकार यहाँ 'Devolution of political power' वित्तीयमा 'पोलीटिकल पावर' हुन्छ कि 'इकोनमिकल पावर' हुन्छ ? यो मैले बुझिनँ। 'डीस्प्यारीटी ' ले पनि यी कुराहरूले ल्यायो। 'डिस्प्यारीटी अर्बन एण्ड रुरल'। मा यति छ कि यस प्रकारका 'इनसुरजेन्सी' भए। हामीले मलेसियाका प्रतिवेदन पढिएको छैन। त्यहाँ ग्रामीण भेगभन्दा सहरी क्षेत्र पिछडिएका युएनको प्रतिवेदन आएका हुन्। पेज छ मा उहाँले संघात्मक प्रणालीको विरोध पनि गर्नुभएको छ, समर्थन पनि गर्नुभएको छ। तर कस्तो खालको संघात्मक प्रणाली भौगोलिक ? कि बेल्जियमको 'कास्ट इर्थनसीटी' को जस्तो हुन्छ। त्यो पनि कुन प्रकारको हामीले खोजेको ? जनताले निर्णय गर्लान। एउटा के पनि हो भने संघीयले नै सबै कुरा ल्याउँछ जस्तो भएन। मलेसियामा राम्रो संघीय प्रणाली छ। तर चीनमा छैन। चीन र हाम्रो विकास हेरौं। मलेसियको हेरौं कस्तो प्रकारको छ। संघीय प्रणाली भारतमा छ। मर्ली मेनेजले एउटा रिपोर्ट लेख्नुभएको छ। त्यहाँ कति प्रतिशत बाहुन र कति प्रतिशत दलितले प्रतिनिधित्व गरेका छन्। यो १९८० मा हो। अर्कोचाहिँ पेज १० मा प्रधानमन्त्री पद्धति लेख्नुभएको राम्रो लाग्यो। तर एउटा कुरा थप्नुभएको भए हुन्थ्यो।

५० प्रतिशत ल्याउन अनिवार्य हुने। यदि कुनै राजनीतिक पार्टीले नेताले ५० प्रतिशत ल्याएनन भने जो बढी ल्याउँछन् तिनीहरूमध्ये बढी ल्याएका दुई जनाबीच निर्वाचन गराएर ल्याउने। यो राम्रो हुन्छ कि।

अर्को कुरा उसलाई हटाउनु छ भने संसद्को दुई तिहाइबाट निकाल्नुपर्छ। मन्त्री नियुक्त गर्दा संसद्मा साधारण बहुमतका आधारमा मन्त्रीहरू, लगानीकर्ताहरूलाई सिफारिस गराउनुपर्छ कि जस्तो लाग्छ। जहाँसम्म उहाँले दलहरूको प्रतिनिधित्व गर्ने- दलबाट सरकार बन्छ र सरकारको नेतृत्व गर्छ। लिंकनले यतिसम्म भनेका छन् कि नेतृत्व वा नेतामा यस्तो दृष्टिकोण हुनुपर्छ भनेका छन्-'लिडरसीप' नभएर हाम्रो देश बिग्रेको हो। राजनीतिशास्त्रीहरू के भन्छन्- 'Politician thinks always next election, leadership thinks always next generation'. 'लीडरसीप' मा यस्तो भवाना हुनुपर्छ कि लिंकन राष्ट्रपति हुनुहुन्थ्यो। उहाँको मन्त्रिपरिषद्मा सात जनामा छ जना एकातिर उहाँ एक्लै एकातिर हुनुहुन्थ्यो। उहाँले मन्त्रिपरिषद्को भंग गर्नुभयो र भन्नुभयो। सात जनामा तपाईहरू एकातिर हुनुहुन्छ। म एक्लै हुँ। अन्तिम निर्णय मैरै हुन्छ। हामीले थ्याचरकै कुरा लिने हो भने, हुन त एसियाका मानिसले के भन्थे भने यदि थ्याचर 'गभरमेन्ट'मा कोही मर्दथ्यो-थ्याचरिजम चलाएकैले। त्यहाँ पनि थ्याचरको कुरा मान्यो भने बस्न पाइने मानेन भने बस्न छोड्नै पर्ने। Loard christian जस्तो व्यक्ति Willam White जस्तो व्यक्ति, Sir Jery How जस्तो व्यक्तिले अकस्मात् छोड्नु पऱ्यो। उहाँले पनि अकस्मात छोड्नु पऱ्यो। तर छोडेपछि उहाँको आफ्नै मान्छे जोन मेजर आउँदा अर्को निर्वाचन भएपछि उहाँले के भन्नुभयो भने 'The whole contribution goes to the Margaret Thatcher'. उहाँले आफैंले लिनुभएन, भनेको नेतृत्व वर्ग कस्तो हुनुपर्छ। चुनाव हुँदाखेरी १९४५ मा चर्चिलले के भन्यो यो कन्जरभेटिभ र लेबर पार्टीको चुनाव होइन, यो त चर्चित र एड्लिको व्यक्तित्वको चुनाव हो। खै यस्तो नेतृत्व ? यो मुलुक बिग्रेको कारण यही हो। हामीले जहिले पनि आउने निर्वाचनका लागि मात्र सोच्यौं, अर्को पुस्ता र दिगो प्रजातन्त्रको लागि नसोचेको कारण हो।

एक जनाले अघि भन्नुभयो- 'Role of military in politics of South Asia' मैले पढें। तर उहाँले के भन्नुभयो भने कुनै पार्टीको सरकारले हटाइयो भने मैले भन्दा पार्टीको व्यक्तिले सैनिकलाई चलाएको जस्तो हुन्छ। प्रत्येक उहादरण तपाईंले हेर्नुभयो भने कारगिलमा जर्जफर्नान्डिजको कुरा मिलेन, उहाँले त्यहाँका सेनापतिलाई हटाई दिनुभयो। उहाँ त तेह्र वटामा एउटा पार्टीको हुनुहुन्छ। त्यस्तो होइन। यहाँ त के छ भने सैनिकलाई विशेषतः संसद्ले के चलाउने, सरकारले चलाउनुपर्छ। यदि त्यस्तो छैन भने तपाईले हटाउने, भर्ना गर्ने, सजाय दिने वा सिफारिस गरेर हटाउने के हो भने 'प्राइमरी सेक्यूरीटी काउन्सील' बनाई दिनुपर्छ। त्यो प्रधानमन्त्री, रक्षामन्त्री र विपक्षी दलको नेता, प्रतिनिधिसभाको प्रमुख त्यति जनालाई राखेर बनाउनुपर्छ। त्यससलाई राख्ने र हटाउने अधिकार दिनुपर्छ जस्तो मलाई लाग्छ।

**विनोद भट्टराई (अनुसन्धाता एवं नेका (प्रजातान्त्रिक) का नेता)**

अवधारणा पत्र प्रस्तोता कृष्णप्रसादजी मेरा मित्र पनि हुनुहुन्छ। मित्रता भिन्नभिन्न प्रकारले हुँदो रहेछ। बच्चैबाट चिन्ने र कार्यबाट चिन्ने। म उहाँको



कार्यबाट प्रभावित भएको हुँ। उहाँ एमालेको नेताको हैसियतले काभ्रेको सभापति हुँदा नेपाली कांग्रेसका नेता डा. रामशरण महत कहाँ गएर पहिलो पटक 'इनोभेटीव'काम गर्नुभयो। झगडा गरेर स्थानीय सरकारको लागि स्थानीय सरकारको स्वामित्वमा हुने गरी डोजर र ट्रिपर ल्याएर काभ्रेका प्रत्येक गाउँमा बाटो पुऱ्याउने काम गर्नुभयो। गाउँबाट पैसा उठाएर उहाँले काम गर्नुभयो। त्यो काम नै सराहनीय भयो। त्यो गर्नका लागि स्वायत्त शासनले लेखेको थिएन। त्यो गर्नलाई कुनै पनि ऐनले रोकेन्। मैले भनेको के हो भने अहिले एउटा हुइम चलेको छ, जे पनि परिवर्तन गर्ने। निश्चित रूपमा केही कुरा परिवर्तन गर्नु जररी छ, तर स्वायत्त शासन ऐन- डा. हिक्मत बिष्ट हुनुहुन्छ, अत्यन्त विद्वानले मलाई सच्याउनु होला।

स्वायत्त शासन ऐनलाई यसको व्यर्थताका बारे केही केही भएको छ, केही कुराहरू नपुग हुन सक्छन्। स्वयायत्त शासन ऐन मात्र यस्तो ऐन देखिएको छ, मैले विश्वमा केही देखें, हेरें कहीँ पनि उपयोगकर्तालाई ,'युर्जस ग्रुप'लाई स्थानीयस्तरमा नागरिक समाजको सञ्चालन'जेनेरेसन' गरेर नागरिक समाजलाई मूल्यांकन गर्ने मौका दिएर, त्यो नागरिक समाजको स्थानीय सरकारमा प्रतिनिधित्व हुने भन्ने कहीँ देखेको छ ? कहीँ पनि छैन। त्यो हाम्रोमा मात्र छ। र, प्रजातान्त्रिक सरकार मुलुकका लागि पुरस्कार हो। यहाँ एउटा कुरा राख्न लागि अनुरोध गर्न चाहन्छु- जेलको कालो कोठरीमा जुल्फकार अलि भुट्टोले मर्नुभन्दा अगाडि एउटा पुस्तक प्रकाशित गरें 'If I am assassinated' भनेर। मैले या सैनिक शासकले स्वयत्तता दिएको भएदेखि र त्यही हिसाबले राम्रोसित विकेन्द्रीकरण गरेको भएदेखि पूर्वी बंगाल टुक्रिदैनथ्यो। पूर्वी पाकिस्तान टुक्रिदैनथ्यो। हिन्दूस्तानमा त्यसैले गर्दा मारमार भए पनि (भिन्न-भिन्न धर्मावलम्बीबीच धार्मिक झैझगडा भएपनि) जोडिएर बसेको छ। किन त्यहाँ विकेन्द्रीकरण छ। त्यहाँ स्वयत्तता छ। स्थानीयस्तरमा काम गर्ने मौका दिइएको छ। हामीकहाँ छैन। लाहोरमा पञ्जाबीहरूले सैनिकदेखि, प्रशासन सबै क्षेत्रमा गरेका हुनाले हामीले गर्न सकेनौं। यो हिसाबले हामीले हेर्नु जरूरी छ। कृष्णजीले राम्रो लेख्नुभएको छ। राजनीतिक पार्टीको आधारमा स्थानीयस्तरमा चुनाव हुने कि नहुने ?

स्थानीय सरकार भनेको डेलिभरि अफ सर्भिसेज हो। उहाँले के काम गर्नुभएको थियो, त्यो कुरा यहाँ आउनु पर्थ्यो। त्यसरी पनि सेवा दिन सकिने रहेछ। कृषि सेवकहरू भेटेनरीहरूमा स्थानीय युवाहरूलाई परिचालन गरेर सामान्य तीन महिनाको तालिम दिएपछि झन्डै ८० प्रतिशत रोग त गाउँमै रोकिँदो रहेछ। दुईवटा बाखा पाल्ने गरिब झन् गरिब हुनबाट रोकिँदो रहेछ। त्यो सेवा दिन सकिँदो रहेछ। र, अन्त्यमा प्रतितिधित्वको तीन हजार नौ सय गाविस, ५८ नगरपालिका, ७५ जिल्ला विकास समिति। ३ हजार ९ सय गाविसमा स्थानीय मासिनले नै जितेका छन्। तर स्थानीय सरकारको स्थानीय जातिको प्रतिनिधित्व जति राम्रोसँग यहाँ भएको छ, त्यसलाई नकार्न मिल्दैन। परिवर्तन गर्दा यसलाई नबिर्सौ।

**विमल तण्डुकार (इएसपी/बेलायती दूतावास)**

भर्खरै प्रस्तुत अवधारणापत्र एवं टिप्पणीकर्ता र अन्य व्यक्तित्वहरूले धेरै कुरा भनिसक्नु भएको छ। म केही प्रक्रियागत कुरामा भनाइ प्रस्तुत गर्न चाहन्छु। पहिला

एउटा घटनाको स्मरण गराउन चाहन्छु, एउटा जिल्लामा यस्तै किसिमको छलफल भइरहेको बेला हिमाली भेकबाट आएका एक जना जनजातिले आफ्नो भनाइ राख्न खोज्नुभयो। उहाँले भाषाको कठिनाइले बोलेको ८० प्रतिशत सहभागीले बुझ्न सकेका थिएनन्। उहाँसँगै बसेका व्यक्तिले उहाँको भनाइलाई १० मिनेटसम्म व्याख्या गरेर उहाँले राखेको दुई मिनेटको कुरा स्पष्ट पार्नुभएको थियो। उहाँले यो हो कि होइन भन्ने मौका पनि दिनुभएन। मैले यहाँ भन्न खोजेको के हो भने प्रक्रियामा समावेशी लोकतन्त्रको छलफल गर्दैछौं। जसले यो कुरा बुझेको छ, त्यसको प्रतिनिधित्व गर्ने कति छन् त ? हामीले आफ्नै कुराहरू व्याख्या गर्ने पक्षलाई पनि प्रयोग गर्ने हो कि ?

**पुरुषोत्तम मरहट्ठा (प्राध्यापक-राजनीतिशास्त्र, रत्नराज्य क्याम्पस, त्रिवि)**

२ सय ५० वर्षदेखिको इतिहास हेर्दा के देखिन्छ भने केन्द्रीकरण मात्र भइरहेको छ। केन्द्रीकरण पनि दुई सय पचास वर्षदेखि नै ६ थरले नै अहिलेसम्म नेपालको शासनमा 'डोमीनेन्ट रोल प्ले' गरेको देखिन्छ। २०५९ असोज १८ बाट समावेशी लोकतन्त्र (Inclusive Democracy) शब्द ल्यायौं। श्रेय दमननाथ ढुंगाना, कृष्ण खनाल, डा. लोकराज बराललगायत अन्य व्यक्तिलाई जान्छ। उहाँहरूले समावेशीका लागि राज्य पुनर्संरचना गर्नुपर्छ भन्ने अवधारणा ल्याउनुभयो। यसले स्थानीय तहमा आवाजले सशक्तीकरण आइरहेको छ। स्थानीय तहको सशक्तीकरणको योगदान पनि उहाँलाई नै जान्छ। जिल्लातहमा सानो विकास गर्न पनि सहभागितात्मक प्रजातन्त्रको जुन अवधारणा थियो, अहिलेको विचारमा सहभागितात्मक प्रजातन्त्र कति छ ? हामी केन्द्रबाट लादेको योजना त्यहाँ सञ्चालन गर्छौं। त्यसकारण यसमा राज्यको पुनर्संरचना गर्ने भन्नुभएको कृष्ण सरको अवधारणा राम्रो छ। सहभागितात्मक वा प्रतिनिधित्व मूलक प्रजातन्त्रअन्तर्गत जसरी २०४७ को संविधान तयार गर्दा कानुन समाजले २०४६ देखि एउटा गृहकार्य गरिहेको थियो, त्यसले पछि ठूलो भूमिका खेल्यो, यसले पनि अहिलेदेखिको गृहकार्यले आउने संविधानमा परिवर्तन हुन्छ। यसका लागि समावेशी प्रजातन्त्र अबको पुस्ताले छोड्ने छैनन्।

**इन्दु आचार्य (प्राध्यापन)**

प्रभावकारी विकेन्द्रीकरणका लागि बलियो स्थानीय सरकार नै हुनुपर्छ भन्नेमा दुईमत छैन। यो पनि दुई पाटोमा प्रतिनिधित्व हुनुपर्‍यो र 'अपरेसनल म्यानेजमेन्ट' मा 'इक्वीटेवल' हुनुपर्‍यो भन्नेमा केही छैन। त्यो नै 'इन्क्लसीव' होला। अहिले तर निचोड भनेको सहभागिता नै हो। यसमा संरचनात्मक र नीतिगत समस्या (Policy problem) हामीले देखिसक्यौं। यी कुराले गर्दा 'अपरेसनल पार्ट' मा कार्य सञ्चालनको प्राविधिक वा व्यवस्थापकीय पक्षको भूमिका उल्लेख्य हुनुपर्छ, त्यो सक्षम छैन। त्यो क्षमतावान पनि छैन। यो अध्ययनहरू हेर्दा देखिएको कुरा हो। अर्को त्यो गर्नको लागि कर्मचारीमा पनि क्षमता छैन। त्यो आर्थिक विकेन्द्रीकरण भन्छौं, जसमा स्रोतको विकेन्द्रीकरण पनि छ। यी कुरालाई व्यवस्थापन गर्ने सक्षम पनि छैन जस्तो



देखिन्छ। स्थानीय निकायहरू 'लोकल इन्स्टिच्युसन' जसलाई हामीले जब विकेन्द्रीकरण भन्छौं, यसलाई दक्ष र बलियो बनाउनको लागि हामीले स्थानीय सरकार बलियो बनाउनैपर्छ। 'लोकल इन्स्टिच्युसन स्ट्रङ्ग' बनाउनै पर्छ। र, यी अहिले जति पनि हेर्दा 'लोकल इन्स्टिच्युसन स्ट्रङ्ग' छैनन्। त्यसैले विकेन्द्रीकरणको कुराहरू विश्वबन्धु थापादेखि आएर रे, तब पनि हाम्रो यहाँ हुन सकेको छैन। त्यो कुरा अध्ययनहरूले देखाएका छन्- प्रशासनिक अनि राजनीतिक प्रतिबद्धता छैन। यो दुवैतर्फको प्रतिबद्धताचाहिँ नभएको कारण सशक्त रूपले आउन सकेको छैन जस्तो मलाई लाग्छ।

चुनावको विभिन्न तरिकाहरू अपनाइयो। राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र तोकेर पार्टीले सूची प्रदान बगर्‍यो भने त्यसलाई हामीले सूची प्रणालीको निर्वाचन भन्छौं। त्यसका धेरै नराम्रा कुराहरू देखिएका छन्। यो प्रणाली आएर पनि फेल भइसकेको उदाहरण छ। अर्को कुरा राष्ट्रियसभाको- बेलायतको संसद्लाई आमा संसद्को रूपमा लिन्छौं। हामीले अहिले पनि भन्दछौ कि यदि बेलायतमा अपर हाउस वा हाउस अफ लर्डस नभएको भए कहीं पनि विश्वमा हुँदैनथ्यो होला। किनभने बेलायतमा सबैभन्दा पहिला यो प्रणालीको विकास भयो। त्यहाँको संसद्लाई मदर अफ पार्लियामेन्ट भन्दछौं। अब त्यही कुराको फलो गरेका होलान्। आज आएर राष्ट्रियसभाको आवश्यकता छैन भन्ने कुरा गर्नु राम्रो हुँदैन। हाम्रो देशमा घटेको घटना जतिबेला प्रतिनिधिसभा भंग भयो त्यहीदेखि आएर यसको काम रहेनछ भन्ने कुरा हामी भन्दै थियौं, भन्दैछौं। गरिब राष्ट्रको लागि बिना काममा किन पाली राख्ने ? भत्ता खुवाएर किन पाल्ने ? बुद्धिजीवीहरूलाई लिएर यसै गरी विचार लिन सकिहालिन्छ नि भन्ने धारणा हामीले राख्दै आएका थियौं। अहिले जुन हामीले नेपालको सन्दर्भमा देख्यौं। राष्ट्रियसभाको के काम भयो, के गर्‍यो ? प्रतिनिधिसभा भंग भएको छ, तिनले त भत्ता खानेमात्र त हुन्। त्यसकारण राष्ट्रियसभा काम छैन। 'Parliarmarity system of goverment or presiendtal system of government' छन्। विश्वमा अब 'सेमी गभरमेन्ट' पनि छन्। कस्तो व्यवस्था आउने त नेपालमा ? अब आउने व्यवस्थाले विकेन्द्रीकरण आउँछ ? महिलाको कुरा गर्दा ५ प्रतिशत आएको छ। के पाँच प्रतिशत महिला आएका छन् त ? आरक्षण केही समयका लागि चाहिन्छ। पाँच प्रतिशत उठाउने मात्र छ। ल्याउने छैन। उठाउनका लागि मात्र उठाइन्छ।

**सुरेन्द्र**

प्रस्तुति ज्यादै राम्रो लागेको छ। सुधार र परिवर्तनको कुराहरू उहाँहरूले गर्नुभएको छ, त्यो पनि ज्यादै राम्रो छ। उहाँले बढी 'लोकल गभरनेन्स बढी' लाई सुदृढ बनाउने कुरा गर्नुभएको छ। यो राम्रो कुरा हो। स्थानीय सरकार सुदृढ गर्नको लागि-जुन सरकारको संरचना हाम्रो देशमा विशेषतः जिल्ला विकास समिति र गाउँ विकास समितिलाई राज्यले कहिले पनि ध्यान दिएन। वास्तवमा हामी स्थानीय सरकारको नाममा अरू चिजलाई सुदृढ गरिरहेका छौं। यसको साह्रै अभाव भएको छ।

दोस्रो हुम्लामा १९ प्रतिशत साक्षरता भन्ने कुरा राख्नुभएको छ । मैले यहाँ यसलाई समावेशीकरणसँग जोड्न खोज्दै छु । हामी समावेशीकरण कुरा गर्छौं, सहभागिताको कुरा गर्छौं । वास्तवमा मेरो टोलमा कति साक्षरता छ भन्ने जानकारी कहिले पनि पाएनौं । मानिस कुन बेलामा समावेश हुन्छभन्दा जब मेरो टोलमा साक्षरता यति छ भन्ने जानी सकेपछि स्थानीयस्तरमा योजना बनाउँदा खेरी अब गर्नुपर्ने भन्ने कुरा र उसको समावेशको कुरा आउँछ । योजना स्थानीय तहमा हुन्छ, अनि स्थानीय तहबाट डाटा बनाउने कुरामा जोड दिनुपर्छ । राष्ट्रले गरिबी निवारणको कुरा गरे पनि हराइरहेको छ, किनभन्दा स्थानीय तहका तथ्यांक सूचकांक हामीहरूसँग छैन । तब परिवर्तनका कुरा कसरी आउँछन् ? जबकी मैले स्थानीय तहको स्थिति के भन्ने कुरा थाहा पाउँदिन, तब परिवर्तन कति, कहाँ गर्ने भन्न पनि सक्दिनँ ।

अर्को संरचनामा ध्यान दिन खाजेको हो । गाउँ र नगरपालिका फरक कुरा हुन, तर सम्बन्ध पनि छन् । यी दुई तहका बीच भएको फरक र यसको सम्बन्धका विषयमा अध्ययन गर्नुपर्ने हो कि ? अर्को कुरा जिल्ला विकास समिति र नगरपालिकाहरू, गाविसको कुरा छ, संरचना बनाउँदा अलिकति आभाष मिल्छ । यदि हामीले स्थानीय स्वायत्त शासनसम्बन्धी नियामावली हेर्‍यौं भने यहाँ अटोनोमस बढी छन् । अहिले पनि जिल्लाअन्तर्गत यो गाउँ र नगरपालिको हो भन्ने कुरा बुझाइमा छ । वास्तवमा यसले के दिन्छ भने सुधारको कुरा गर्ने हो भने खासै केही छैन । केन्द्र तहको शक्ति जुन जिल्ला तहमा ल्याउने हो भने सुधारको कुराहरू हो । परिवर्तनको कुरा गर्ने हो भने अहिले कै जिल्लाले नगर र गाविसलाई शासन गर्ने हो कि ? भन्ने झल्काउँछ ।

अर्को पुनर्संरचनाको कुरा गर्दा संरचनाले मात्र हुँदैन । पुनर्संरचना गर्नुपर्छ । वास्तवमा पुनर्संरचना बनाएर मात्र हुँदैन । जस्तै स्थानीय स्वायत्त नियावलीमा यो गर्नुपर्छ, त्यो गर्नुपर्छ भनी भएभरका कुराहरू भनिएको छ । तर त्यसलाई प्राविधिक सहयोग गर्ने कुरा छैन । त्यसका लागि देशमा प्राविधिक मानवीय स्रोत छ, त्यो आफ्नो नियन्त्रणमा राखेको छ र स्थानीय सरकारलाई सबै गर्नुपर्छ भनेर दिएको छ ।

**हरिविनोद अधिकारी**

अवधारणपत्र सूत्रबद्ध छ । मेरो विचारमा सामाजिक न्यायलाई वितरण गर्नका लागि सजिलो बनाउन विकेन्द्रीकरण गरेको हो भन्ने लाग्दछ । तर समाजिक न्याय भएको हाम्रो जस्तो देशमा यस्तो अवधारणा, सैनिककाबारे, न्यायकाबारे बडो जटिलतम कुरा उठाइएका छन् । तर शिक्षाकाबारेमा मौन बस्नुभयो । काभ्रेमा शिक्षाका लागि तपाईले धेरै काम गर्नुभएको थियो । पार्टीसँग पनि असहमत हुने दुई जना सभापति हुनुहुन्थ्यो, माधवजी र तपाई । दुवै जना यही हुनुहुन्छ । आफ्नो जिल्लामा गाविसले भनेका कुरालाई नै लागू गर्नुपर्छ भनेर परेका बेला आफ्नो पार्टीलाई नै अलोचना गरी अघि बढ्ने सभापति जसले धेरै काम गर्नुभएको छ । ती कुराहरू नै राख्नुभएको भए पनि शिक्षाको पुनर्संरचना बारेमा राख्नु भए राम्रो हुन्थ्यो । शिक्षा कस्तो हुनुपर्छ, तपाईले अवधारणा गरेको विकेन्द्रीकरणमा थपी दिए अझ् पूर्ण हुन्थ्यो कि जस्तो मलाई लागेको छ ।



**भरतबहादुर खड्का** (**पूर्वसभापति, जिविस डोटी**)

अहिले समावेशी प्रजातन्त्र र स्थानीय निकायहरूलाई सरकारको रूपमा परिणत गरी जनतालाई सेवा दिने कुराहरूमा जानुपर्छ भन्ने बारेमा धेरै बहस चलिसकेको छ । मेरो विचारमा नेपालको दुर्भाग्य भनौं अहिले प्रजातन्त्रको स्थायित्व नै भएको छैन । यस्तो बेला धेरै राम्रो कुरा सोचिराखेका हुन्छौं । कार्यपत्रमा धेरै राम्रा कुरा आएका छन् । जब समान्य स्थिति राज्यमा हुन्छ, त्यसबेला यो राज्यको सबलीकरणका लागि हामीलाई कस्तो किसिमको संरचना र कस्तो संयन्त्रको आवश्यकता छ ? त्यो बारेमा जसरी अहिले त्यो पक्ष आएको छ । भोलि त्यही तरिकाले व्यवस्थापन गर्न सक्यौं भने आज उठाएका मुद्दाहरू भोलिका सन्ततीका लागि सान्दर्भिक हुन सक्छन् । त्यो अन्तरआत्माबाट हुनुपर्छ । पार्टी स्वार्थका लागि होइन् । व्यक्ति स्वार्थका लागि होइन् । कसैलाई व्यक्तिगत नाफा र घाटाका लागि होइन, संरचना बन्ने प्रणालीमा । समग्र जनताको, मुलुकको हितका लागि नै बनाइने प्रणाली र संरचनाका कुरामा हाम्रा ध्यान केन्द्रित हुनुपर्छ । तर अहिलेको अवस्थामा धेरै कुराहरू उजागरण भएको छ । यति भएको छ, यो पनि विकास हो । र, यसलाई व्यवस्थापन सही ढंगले गर्न सक्यो र सही ढंगले अवतरण गर्न सक्यौं भने राष्ट्रले धेरै ठूलो फट्को मार्न सक्छ ।

**माधवप्रसाद पौडेल** (**पूर्वसभापति, जिविस ललितपुर**)

एउटा के भन्न खोजेको हो भने सबै कुरा गर्‍यौं, तर रगतमा के छ भनेर खोज्न पर्दो रहेछ किनभने म गाउँको मान्छे । विदेश सारा चाहरे पनि सपना देख्दा त्यही छयाउरे पाखो देख्दो रहेछु । त्यो रगत के रहेछ भने हाम्रो जातीय रगत रहेछ । हामी प्रजातन्त्रको कुरा टेरिटोरीमा गर्दा रहेछौं, बस्तीमा भने जातीय सरकार हुँदो रहेछ । माइजन बन्ने हो वा थकाली बन्ने हो- त्यसकारण त्योसँग कसरी टाँस्ने हो भन्नेबारे सोच्नुपर्छ कि ? अर्को हामी अन्तरमुखी ढंगका मानिस रहेछौं । निर्णय गर्न नचाहने-माथिमाथि खोज्ने हाम्रो प्रशासनमा पनि त्यही बुद्धि रहेछ । राजनीतिमा पनि त्यही बुद्धि रहेछ । शिक्षा पनि त्यही, भए जति सबैमा त्यही रहेछ । उर्न्तमुखी बुद्धि र व्यवहार जनताले नै गरोस भन्ने व्यवहारलाई कसरी टाँस्ने हो, त्यसमा एकदमै सोच्नुपर्ने हुन्छ भन्ने देखेँ ।

अर्को रमाइलो कुरा के रहेछ भने हाम्रो राजनीति, हाम्रो प्रक्रिया र बोल्ने शैली पनि आदेशात्मक रहेछ । हामी जसलाई पनि आदेश दिन जान्दा रहेछौं, चाहे कम्युनिस्टका हुन्, चाहे कांग्रेसका हुन् चाहे माओवादीका हुन् चाहे त्यो राजावादी हुन, सबैको एउटै ढंगको हुँदो रहेछ । फेरि विकेन्द्रीकरणमा खोज्दा रै छौं, के भने आदेश सुन्नुपर्ने भन्ने र सुन्ने बीच नाता कसरी जोड्ने हो, त्यो चाहिँ फेरि एकचोटी सोच्नु भन्नुपर्ने छ ।

अर्को पक्ष कस्तो रहेछ भने हामी चाहिँ गुणको रहर गर्ने, तर व्यवहारचाहिँ कस्तो गर्ने भने सर्वोपरी नातावादलाई मान्ने रहेछौं । हाम्रो रगतले त्यही भन्दो रहेछ किनभने हामीले जतिसुकै गुणको कुरा गर्‍यौं, त्यसरी नै गर्‍यौं । तर नाता र गुणलाई कसरी टाँस्ने र त्यो गुणलाई विकेन्द्रीकरणमा कसरी छिराउने हो ? त्यो एकदमै सोच्नुपर्ने किसिमको जस्तो

लाग्छ। अर्को विकेन्द्रीकरणमा हेरे, मैले। विकेन्द्रीकरणमा शिक्षा, स्वास्थ्य, कृषि र निर्माण-यी चार वटा क्षेत्रमा विकेन्द्रीकरण के रहेछ भनेर हेर्न गएको व्यक्तिका नाताले मैले रिपोर्ट पनि लेखेको छु। शिक्षाले विकेन्द्रीकरण बुझ्दा खेरी स्कुल बुझ्दो रहेछ। स्वास्थ्यले बुझ्दा उपभोक्ता समूह भन्ने बुझ्दो रहेछ। निर्माणवालाले बुझी दिँदा ठूलाठूला योजना काठमाडौंमा, साना-साना योजना गाविसमा भन्ने बुझ्दो रहेछ। कृषिले बुझ्दा खेरी कृषिको सेवा क्षेत्र मेरो हो भन्दो रहेछ। विकेन्द्रीकरण पनि चार ढंगको रहेछ, चार वटामा। चारवटा क्षेत्र डिभोल्व हुँदा त दशा सय छ। भएजति सबै क्षेत्र डिभोल्भ गर्दा हामीले सोचेको विकेन्द्रीकरणमा कसरी टाँस्ने ? विचार गर्नुपर्छ कि ?

**छलफलमा उठेका सवालहरूमाथि स्पष्ट गर्दै कृष्णप्रसाद सापकोटा**

धन्यवाद सबैलाई। म सामान्य मानिसले लेखेको कुरामा धेरै विद्वान् व्यक्तित्वहरूले धेरै समय दिएर छलफल, सुझाव र आलोचना गरिदिनु भएकोमा म अत्यन्त गौरवान्वित भएको छु। केही कुरा मैले जे बुझेको छु, त्यो कुरा यहाँहरू समक्ष प्रष्ट पारौं भन्ने लागेको छ। एउटा काफ्ले सरले उठाउनु भएको थियो-निजीकरणका बारेमा आवधारणामा उल्लेख छैन भन्ने सम्बन्धमा, यो बहुत सोचेको हो लेख्न पनि लेखेको हो। लेख्दा लेख्दै यति धेरै भयो कि किताब जस्तो हुने भयो। विगतदेखि भनी आएको पनि हो। वास्तवमा म के मान्यता राख्छु भने समाज, राज्य, बजार-नागरिक समाजमा आधारित हुन्छ। यी तीन वटैको सन्तुलित विकास नै समाजको विकास हो भन्ने लाग्छ। निजीकरणको कुराचाहिँ हाम्रो इतिहासदेखि वर्तमानसम्म चलेको र यसका प्रभावकारी भूमिका हुन्छन् भन्नेमा म विश्वास राख्छु।

अर्को संघात्मक भयो भने राष्ट्र विघटन हुने हो कि भन्नुभयो- म त्यो मान्यता त राख्दिनँ। किनभने संघात्मक राज्य व्यवस्था भएका मुलुक पनि एकदम संगठित ढंगले चलेका छन्। मेरो भनाइ यति मात्रै के हो भने संघात्मक राज्य व्यवस्था हुँदा खेरी पनि विकेन्द्रीकरणका मुद्दाहरू एकात्मक राज्य व्यवस्था जत्तिकै हुन्छन्। अझ बरु कठिन के हुन्छ भने संघात्मक व्यवस्थामा राज्य-राज्यका अलग-अलग नीतिहरू बनाउँछन्। मैले देखेको पनि छु। अमेरिकामा पचास राज्य छन्। क्यालिफोर्नियामा जत्ति विकेन्द्रीकरण अन्यत्र भएको छैन। त्यो कुराको चाहिँ विकेन्द्रित आन्दोलन हुन्छ र गाह्रो हुन्छ। त्यसकारण एकात्मक राज्य व्यवस्थामा ठीक हुन्छ भन्ने कुरा मेरो हो।

अर्को, स्थानीय सरकारबाट राष्ट्रिय सभासम्मको प्रतिनिधित्वको कुरा गरेको हो। सरकारमै जाने कुरा गरेको होइन् किनभने नीति निर्माणमा समन्वयको निम्ति संसद्मा प्रतिनिधित्व हुँदा राम्रो हुन्छ। सरकारमा त स्थानीय सरकारमै छ भने किन केन्द्रीय सरकारमा जानुपर्‍यो र, आवश्यक पनि छैन भन्ने मलाई लाग्छ। केन्द्रीय सरकारमा होस् वा जिल्ला वा गाउँ वा नगरको सरकार जे भए पनि त्यहाँ जातीय सन्तुलन हुनुपर्छ भन्ने मेरो मान्यता हो।

संविधानमा लेखेर मात्रै समावेशी हुन्छ कि हुँदैन भन्ने कुराचाहिँ मैले के भन्ने गरेको छु भने लोकतन्त्रको परिभाषा गर्दा भने लोकतन्त्र भनेको एउटा प्रणालीमात्रै होइन्। पद्धति, प्रक्रिया, प्रवृत्ति, संस्कार र गन्तव्यसहितको एउटा प्याकेज हो, त्यसको अन्तरसम्बन्ध हुन्छ भन्ने लाग्छ। तर नीतिमै ती कुराहरू लेख्दैनौं भने व्यवहारमा उतार्न



खोज्नचाहिँ गाह्रो हुन्छ। कहिलेकाहीँ अडिट गर्नुपर्ने हुन्छ। त्यो कहाँबाट गर्ने त भन्दा कानुनबाटै गर्नुपर्छ। कानुनले समानखालको मान्यता दिनुपर्छ भन्ने मेरो मान्यता हो।

अब महिलाको आरक्षणको बारेमा धेरै मोडेल छन्। आइडीएले धेरै अध्ययन गरेको थियो निर्वाचनको ढाँचाहरू के के हुन सक्छन् भन्ने बारेमा। कृष्णमान प्रधानहरू निकाल्दै हुनुहुन्छ। त्यसमा धेरै कुरा छन्। त्यसबाट धेरै ज्ञान हुन सक्छ।

प्रशासनमा जनजातिलाई कसरी धेरै ल्याउन सकिन्छ भन्ने कुरा छ। हामी सुशासनको पनि कुरा गर्ने, समावेशीकरणको कुरा गर्ने-यो गाह्रो त हुन सक्छ। तर सुरु नगर्ने हो भने कहिले सम्भव नै छैन। त्यसकारण उनीहरूलाई पनि राम्रो गुणस्तरीय शिक्षा पहिलो राज्यले दिनुपर्‍यो। त्यसपछि सक्षम मानिस प्रत्येक जनजातिबाट निस्कन्छन्। त्यो ठूलो कुरा होइन भन्ने मलाई लाग्छ। केही समयको लागि हामीले थालनी गरे जसले पनि पर्खिन सक्छ नि। कानुनले थालनी नगर्ने अनि कसले पर्खिन्छ ? पर्खीपर्खी भनेर शासन आफू गरिरहने, खान आफू नै खाइरहने अर्कोलाई नदिने भन्ने कुराको मात्र विरोध हो।

होलिस्टिक समावेशीकरणले काममा समस्या हुन्छ कि भन्ने कुरा, केही ढिला हुन सक्छ। वास्तवमा लोकतान्त्रिक व्यवस्था भनेकै अलि ढिलो हुने व्यवस्था हो, तर दिगो व्यवस्था पनि हो किनभने निर्णय गर्दा धेरै छलफल गर्नुपर्छ। किनभने तानाशाही व्यवस्थामा छलफल नै गर्नुपर्दैन, एकैचोटी निर्णय हुन्छ। तर त्यो टिकाउ हुँदैन। त्यसकारण ढिलो भए पनि यो राम्रो कुरा हो भन्ने मेरो मान्यता हो।

अनि, अहिलेसम्म विकेन्द्रीकरण किन हुन सकेन भनेर विवचना र प्रश्नका लागि म के भन्छु भने विवेचना गर्दा भोलम ठूलो हुने भयो भनेर गरिएन्। आदर्श प्राप्त गर्ने क्षमता कति छ ? हाम्रो विकेन्द्रीकरण गर्दा भन्ने कुरा म मान्छु, तर केन्द्र भनेको पनि स्थानीय तहकै प्रतिनिधित्व हो। एक पाइला मात्र अगाडि हुन्छ। धेरै अगाडि हुँदैन्। कतिपय कुराले त हाम्रो समाजमा केन्द्रभन्दा अगाडि हो कि भन्ने उदाहरण पनि दिन्छन्। कहिलेकाहीँ नेताभन्दा जनता अगाडि भए भनी हामी भन्छौं। त्यसकारण यो समाजको प्रतिबिम्ब हो। समाजका सबै जना सक्षम भइसकेपछि मात्र दिने भन्ने कुरा होइन्। दिनुपर्छ-अभ्यासद्वारा सक्षमताको विकास हुँदै जाने कुरा हो।

अब कुनै समूहमा अधिकार आउँदैमा जनतामा अधिकार आएको हुँदैन भन्ने म स्वीकार गर्छु। व्यक्तिको नामको सरकार हुँदैमा हाम्रो सरकार हुँदैन भन्ने कुरामा मेरो मान्यता के छ भने म एमालेको मान्छे, म मेरो पार्टीको जिल्ला सभापति भएँ भने मेरो भूमिका मेरो पार्टीको निम्ति हुने हो तर जिल्ला विकास समितिको सभापति हुँदा म समग्रको सभापति हुने हो। त्यसकारण मेरो भूमिका समग्र क्षेत्र समग्र जनताको लागि हो। नत्र त बहुदलीय प्रजातन्त्र टिक्दै टिक्दैन नि। हामीले विविधताभित्र एकता खोजेको हो। त्यो एकताभित्र प्रतिविम्ब समग्र जनताको, सबै विचारहरूको सभापति हुँ। ठीक छ मैले आफ्नो घोषणा पत्र अनुसार काम गर्ने हो तर न्याय र विवेकपूर्ण ढंगले सबैलाई समान गर्नुपर्छ। मेरो दायित्व त्यो हो। त्यसैले हामीले मुलुकको केन्द्रको सरकार हुँदा, जिल्लाको सरकार हुँदा जिल्लाभरिको सरकार भनेर बुझ्नुपर्छ। यद्यपि, त्यो पार्टीबाट आउँछ। त्यो बेग्लै कुरा हो। भ्रष्टाचार पनि विकेन्द्रीकरण हुन सक्छ कि भन्ने प्रश्नको लागि- त्यो त स्वभाविक हो तर त्यसका केन्द्रको भष्टाचार

एक करोड रुपैयाँ भएसम्म थाहा हुँदैन । गाउँ वकास समितिको भ्रष्टाचार पाँच हजार रुपैयाँ भयो भने हल्ला हुन्छ । सबै फिर्ता गर्छन् । त्यो फरक छ । त्यसकारण पारदर्शिता विकेन्द्रीकरणसँग बढ्ने कुरा हो ।

अब मनाङमा जन्मनु भनेको नै त्यो शोषण गरेको होइन । भूगोलको आधारमा गरेको हो भन्नेमा म के मान्यता राख्छु भने अहिलेको केन्द्रीकृत प्रणालीमा चाहिँ त्यो एकदम सही कुरा हुन सक्ला । तर यो इण्डिकेटर आधारित हामी अनुदान प्रणाली, टेक्सेसन प्रणालीमा लाग्यौं भने मनाङमा पनि विकास हुन्छ नि । विकासका स्रोतहरू सबै काठमाडौंमा केन्द्रीकृत गर्नुपर्ने । ठूला सहरमा केन्द्रीकृत गर्नुपर्ने । मनाङमा केन्द्रित नै गर्नुनपर्ने अनि न्यायोचित बाँडफाँड गर्न नपर्ने अनि त्यो आफैं शोषित भएको हो, भूगोलको कारणले भन्नेमात्र निष्कर्ष निकाल्नु हुँदैन कि भन्ने मेरो अनुरोध हो । हिन्दू धर्म भन्दैमा के बिग्रियो र भन्नुभएको छ । वास्तवमा त्यति नबिग्रिएको हुन सक्छ । हिन्दुहरूको लागि मेरो मान्यता के हो भने कानुनमा समानता र व्यवहारमा समता हुनुपर्छ भन्ने छ । कानुनमा सबैलाई समान छ भन्ने बनायो भने त्यहाँ विरोध नै हुँदैन । विरोध के भएको हो भने कानुनले हिन्दु भनेर राखिदियो भनेर बुद्धहरूको विरोध हो । क्रिश्चियनको विरोध हो । त्यो स्वाभाविक पनि हो भन्ने मलाई लाग्छ ।

अब सुरक्षा परिषद् अन्तर्गत सेना राखेको कुरा चाहिँ आएन । राख्न त राखेको छ, सुरक्षा परिषद्अन्तर्गत तर यहाँचाहीँ सेनाको उत्तरदायित्व नै द्वैध खालको छ कि भन्ने मलाई लाग्यो । एकातिर कानुनले सुरक्षा परिषद्ले गर्ने भन्छ, अर्कोतिर हामी श्री ५ प्रति उत्तरदायी हुने भनिरहेको स्थिति छ । र, व्यवहार पनि त्यस्तै प्रयोग भएको छ । त्यसकारण द्वैध स्वामित्वको उत्तरदायित्वको अन्त्य गरी लोकतान्त्रिक व्यवस्थामा जनताका प्रतिनिधिहरूले नै सञ्चालन गर्नुपर्छ सेना भन्ने मेरो कुरा हो ।

अब सरकारअन्तर्गत राख्दा त्यसलाई पार्टीको सरकार भन्नुहुँदैन । यद्यपि हामी भन्दै गर्दा बुझ्न सजिलोका निम्ति कांग्रेसको सरकार, एमालेको सरकार, राप्रपाको सरकार भनौला । त्यो बेग्लै कुरा हो । तर ऊ राष्ट्रिय सरकार हो ।

जातीय समावेशीकरण ठूला जातलाई मात्रै गर्ने कि साना समूहका जातिलाई पनि गर्ने ? यो धेरै संवेदनशील कुरा हो । मेरो मान्यता के छ भने साना-साना समूहहरूको एउटा समूह बनाइदिनुपर्छ, जातिहरूको । आलोपालो गरी प्रतिनिधित्व गराउने एउटा प्रणाली बनाई दियो भने र, ठूला जातको अथवा धेरै संख्या भएको जातको समान ढंगले अनुपातिक र नियमित ढंगले हामीले गर्न सक्छौं । त्यसरी हामीले टुंग्याउन सक्छौं । त्यसरी त्यहाँ समान खालको अस्तित्व र स्वामित्व बोध हुन्छ । पार्टी र प्रधानमन्त्रीबीच विवाद हुने गर्छ, कति स्वभाविक कति अस्वभाविक ? यो पनि यहाँ निर्क्योल गर्नुपर्ने कुरा हो । यहाँ मैले पार्टीका कुरा लेखिन, यो पनि आवश्यक हो-पार्टीभित्र विकेन्द्रीकरणका कुरा । पार्टीभित्र समावेशीकरणका कुरा आवश्यक हो । मुलुकले खोज्ने भनेको प्रधानमन्त्री बलियो बनाउने भन्ने कुरा हो । उसले चित्त बुझेन भने जनमत संग्रहको कुरा उठाउनुपर्छ । जनताको लोकतान्त्रिक अधिकार हो । त्यो अधिकारका कुरा राख्नुपर्छ । कहिलेकाहीँ मुलुकका ठूलो विवाद भयो भने प्रधानमन्त्रीले जनमत संग्रहको घोषणा गरी जनमत बुझेर निर्णय गरेर कुरा राख्नुपर्छ भन्ने मलाई लाग्छ ।



अब मैले अघि नै पनि निवेदन गरेको थिएँ । समावेशीकरणका कुरा राजनीतिक मात्र होइन, समाजिक, आर्थिक, सांस्कृतिक सबै कुरामा हुनुपर्छ भन्नेमा । त्यो कुरा न्यायोचित वितरणका कुराहरू, विकासका साधानहरूलाई समान ढंगले वा गरिबलाई प्राथमिकता दिने हिसाबले वितरण गर्ने खालको नीति बनायौं भने स्वाभाविक रूपमा बढ्छन् । मायादया गर्ने भन्यो भने टाठाबाठा नै अगाडि पुग्छन्, योजना बनाउने कुरामा उनीहरूले प्राप्त गर्नै सक्दैनन् । त्यसरी टुग्याउने कुरा हो भन्ने लाग्दछ । विकेन्द्रीकरणको प्रक्रिया भनेको अलग्गै कुरा होइन्, यो गन्तव्यसँग जोडिएको हुन्छ । सिद्धान्तसँग जोडिएको हुन्छ । त्यसकारण लोकतन्त्र प्रक्रियै हो नि, तर त्यो प्रक्रिया मात्र होइन । पद्धति पनि हो । जीवन पद्धति हो । त्यो हाम्रो संस्कार पनि हो भन्ने मलाई लाग्छ । म यत्ति नै कुरा निवेदन गर्न चाहन्छु । मैले पनि सुझावबाट सिक्ने मौका प्राप्त गरेको छु । आयोजक संस्थालाई फेरि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**छलफलमा सहजीकरण गर्दै तारानाथ दाहाल**

स्थानीय सरकार केन्द्रीय सरकारको अर्को रूप हो । साच्चिकै हामीले सुदृढ र जनताले प्रतिनिधित्व गरेको स्थानीय सरकार बनाउने हो भने २०२१ सालमै विश्वबन्धु थापाले लेखेको जस्तो हाम्रो पुलिस संरचनाको अहिलेको प्रयोग हेर्दा जिविसले सेना वा प्रहरी राख्ने कि नराख्ने ? सुरक्षामा उसको स्वामित्व कति हुने ? त्यो प्रश्नमा उहाँ जानुभएको छैन ।

अर्को प्रतिनिधित्वमूलक प्रणाली, संसदीय ढाँचा, निर्वाचन पद्धतिको कुरा गरेका छौं । जसरी हामी केन्द्रीय सत्तालाई सोचेर कुरा गरिरहेका छौं । स्थानीय सत्तामा पनि ती विषयमा छलफल हुनुपर्छ । विकेन्द्रीकरणको पक्षबाट हेर्दा स्थानीय सरकाहरूको प्रतिनिधित्वको प्रणालीका बारेमा अलि बढी ध्यान लानु अलि बढी महत्वपूर्ण हुन्छ जस्तो लाग्छ । जातीय, भाषिक, धार्मिक र सांस्कृतिक प्रश्नको आधारमा प्रतिनिधित्वको कुरा आइरहँदा निर्वाचन प्रणाली कस्तो अपनाउनेबारे चिन्तन गर्नुपर्छ । यो बहस कार्यक्रमको उद्देश्य लोकतान्त्रिक आन्दोलनलाई बिल्कुलै वैचारिक मद्दत पुऱ्याउने हो । यो कुनै प्राज्ञिक गन्थन गर्ने थलो होइन । मुलुकले नयाँ लोकतान्त्रिक फट्को खोजिरहेको छ । यो फट्को सपनामात्र नहोस्, स्पष्ट चित्रसहितको बन्न सकोस् र, त्यही आन्दोलनलाई वैचारिक मद्दत पुऱ्याउने हाम्रो लक्ष्य हो । धन्यवाद ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको छैटौं शृंखला २०६२ फागुन ५ गते प्रस्तुत विचारहरू)

शृंखला ७

# समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा कर्णालीलगायत पिछडिएका क्षेत्र

अवधारणा : जीवनबहादुर शाही
टिप्पणी : मीनबहादुर शाही/भैरव रिसाल



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

आज हामी समावेशी लोकतन्त्रको बहसको सातौं शृंखलामा आइपुगेका छौं । लोकतन्त्रको स्वरूप र संरचनामा कर्णालीलगायतका पिछडिएका क्षेत्रहरूका समस्यालाई कसरी भोलिका दिनमा समेट्ने भन्ने विषयलाई बहसमा ल्याउने प्रयास गरेका छौं ।

यस विषयमा बहसलाई अगाडि बढाउन यस विषयमा अवधारणा पेस गरिदिन हामीले जीवनबहादुर शाहीलाई अनुरोध गर्‍यौं । हामी सकेसम्म यो बहसलाई प्राज्ञिक, सैद्धान्तिक र दार्शनिक मनोरञ्जनमा मात्र नबितोस् र त्यस विषयमा व्यावहारिक ज्ञान र व्यावहारिकतामा समस्या भोगिरहेका पक्षहरूबाट आएमात्रै समावेशी लोकतन्त्रको बाटो निर्दिष्ट हुन सक्छ भन्ने ठानेर वक्ताहरूको छनोट गरिरहेका छौं । त्यसै क्रममा नेपालका पिछडिएका क्षेत्रहरूको बारेमा कुरा गर्न देशकै सबैभन्दा पिछडिएको क्षेत्र र त्यसमाथि पनि विकासका दृष्टिले पछाडि पारिएका क्षेत्रहरूलाई अगाडि बढाउन यस विषयमा अवधारणापत्र प्रस्तुत गरिदिन हुम्लाजस्तो अत्यन्तै पिछडिएको जिल्लामा बसेर विकास संयोजन गर्नुभएका साथै राष्ट्रिय राजनीतिमा पनि उदयमान नेताका रूपमा स्थापित हुनु भएका जीवनबहादुर शाहीजीलाई अनुरोध गर्‍यौं । उहाँको अवधारणामाथि टिप्पणीका लागि कर्णालीको विपन्नता, त्यहाँका समस्याका बारेमा भावनात्मक रूपमा प्रयासरत हुनुभएका आदरणीय भैरव रिसाल दाइलाई अनुरोध गर्‍यौं । अर्का टिप्पणीकर्ता हुनुहुन्छ मीनबहादुर शाहीजी हुनुहुन्छ ।

राज्य पुनर्संरचनाको बहस गर्दा जहिले पनि जातीय, क्षेत्रीय र भाषिक/सांस्कृतिक विषयहरू अगाडि आउँछन् । अर्को लैङ्गिक विषयले पनि ठाउँ पाउने गरेको छ । जातीय, भाषिक सांस्कृतिक, क्षेत्रीय र लैङ्गिक विषयहरू मात्रैले मुलुक समावेशी चरित्रको बन्न सक्दैन । आर्थिक, सामाजिक विषय अलिक छायाँमा परेको जस्तो लागेको छ । त्यसैले आज दुर्गम र पिछडिएको क्षेत्रका बारेमा हामी बहस गर्न गइरहेका छौं ।

## अवधारणा

नेपालको समसामयिक सन्दर्भमा समावेशी लोकतन्त्र बहसको विषय भएको छ । यसको स्वरूप र संरचनाका बारेमा विभिन्न अभिमत र विचारहरू चर्चामा आएका छन् । समावेशीकरणको प्रक्रियामा भौगोलिक क्षेत्रलाई कसरी सम्बोधन गर्ने र खास गरी विकासको प्रवाहमापछि धकेलिएका कर्णालीजस्ता सुविधाविहीन क्षेत्रको प्रतिनिधित्वलाई कसरी समेट्ने र सन्तुलित बनाउने भन्ने विषय निकै गहन र संवेदनशील रहेको छ । अहिले नेपालको अर्थ राजनीति, राजनीतिक फाँटमा चलिरहेका बहस र छलफलमा व्यक्त भइरहेका विचारहरूलाई मध्यनजर गरेर यस छोटो कार्य लेखमा भौगोलिक रूपमा राष्ट्रिय प्रवाहमा समावेश हुन नसकेका क्षेत्रको न्यायपूर्ण र समुचित प्रतिनिधित्व र सक्रियताका लागि के-कस्ता सोचाइ छलफलमा ल्याउने भन्ने कुरामा केन्द्रित रहनेछ ।

### समावेशीकरणको प्रश्न

देशभित्र कानुनी, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक संरचनात्मक सुधारका माध्यमबाट कर्णालीलगायत पिछडिएका क्षेत्रहरूलाई अधिकार, शक्ति, जिम्मेवारी निक्षेपणका माध्यमबाट बढी अधिकार सम्पन्न गराई सेवासुविधा हस्तान्तरण र सामाजिक रूपान्तरणमा प्रमुख भूमिका निर्वाह गर्ने स्वरूप र त्यसको ढाँचा कस्तो बनाउने, कसरी बनाउने र कसले बनाउने भन्ने अहिलेको ज्वलन्त प्रश्न हुन् । समावेशीकरणको तात्पर्य लागत र लाभका आधारमा हुने समानता नभएर मानवीय र नागरिक हैसियतमा समान नेपाली भन्ने मूल्य र मान्यतामा आधारित भएर सोच्नुपर्छ भन्ने कुरामा पहिले ध्यान जानु आवश्यक छ । नेपालको राजकीय संरचना र जनताको त्यसमाथिको नियन्त्रण र पहुँचको सन्तुलन नै समावेशी लोकतन्त्रको मूलभूत सर्त हो भन्ने मान्यतामा मैले यो विषयलाई उठान गर्ने जमर्को गरेको छु ।

### नेपालभित्र कर्णाली

नेपालको मानचित्रभित्र कर्णालीको अवस्था अहिले पूरै असमाविष्ट छ । निम्न तथ्यले त्यो कुरा दर्शाउँछन्:

- क्षेत्रफल २१, ३५१ वर्ग किलोमिटर
- जनघनत्व प्रतिवर्गकिलोमिटर १४.५
- जनसंख्या ३०९०८४ (महिला, १५२१००, पुरुष १५६९८४)
- साक्षरता प्रतिशत ३१.३ प्रतिशत जसमा १५.१ महिला ४७.५ प्रतिशत पुरुष
- ८४.६६ प्रतिशत कर्णालीको जनसंख्या कृषिमा आधारित १५.३४ गैरकृषिमा आधारित
- नेपालको जम्मा १६,८३४ किलो मिटर सडक छ कर्णालीमा ० किलो मिटर
- नेपालमा ३२१३ ठूला उद्योगमध्ये कर्णालीमा १



- रोजगारीको अवसर पाउने नेपालमा १,९१,८५३ छन् भने कर्णालीमा जम्मा ११ जना
- नेपालमा २६९ क्याम्पस कर्णालीमा १
- मुगुको औसत आयु ३६ वर्ष छ जसमा महिलाको ३४ वर्ष रहेको छ । काठमाडौंको ७० वर्षभन्दा माथि रहेको छ ।
- राष्ट्रिय योजना आयोग, संवैधानिक अङ्गहरू कूटनीतिक क्षेत्रमा कर्णालीको सहभागिता छैन ।
- नागरिक प्रशासनमा कर्णालीबाट जम्मा १६ जना अधिकृत छन् भने न्यायिक क्षेत्रमा १ जनाको अधिकृत स्तरमा सहभागिता छ ।

### समावेशी लोकतन्त्रका सन्दर्भमा कर्णाली

कर्णालीलाई नेपालभित्रको भू-भाग भए पनि नेपालको अर्कै औपनिवेसिक क्षेत्रका रूपमा विगतदेखि व्यवहार गरिँदै आएको अध्ययन र अनुभवहरूले औँल्याएका छन् । हालको एकात्मक संरचनामा नेपालको सरकारलाई यहाँका बासिन्दाले केन्द्रीय सरकार भन्नु र केन्द्रबाट सधैँ उपेक्षाबोध गरेबाट यसको पुष्टि मिल्छ । कर्णाली र कर्णालीजस्तै अन्य पिछडिएका क्षेत्रहरूको अवस्था कहालीलाग्दो छ । ती भूभागभित्र बस्ने सम्पूर्ण जात, जाति, भौगोलिक दलित जो हुन् विकासको अधिकारबाट वञ्चित छन् । यसैले हाल राष्ट्रिय तहमा महिला, जनजाति र दलित समुदायका लागि आरक्षणउन्मुख समावेशीकरणको अवधारणाबाट मात्र सोचियो भने यी क्षेत्रका मानिसलाई त्यसले न्याय गर्दैन भन्ने स्पष्ट छ । यसैले समावेशीकरणमा यस्ता क्षेत्रलाई कसरी समेट्ने भन्ने प्रश्न नै यस सन्दर्भमा मूल प्रश्न बन्न पुग्दछ ।

कर्णालीजस्ता क्षेत्रहरू सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, कारणमात्र नभई विकटताको कारणले पछाडि परेका हुन् भन्ने राज्यले लिँदै आएको दृष्टिकोण नै खोटपूर्ण छ । भौगोलिक विकटता एउटा कारण हुन सक्छ तर महत्वपूर्ण कुराचाहिँ यस्ता क्षेत्रहरूलाई सम्भावनाको दृष्टिबाट हेरिनुपर्छ भन्ने हो । यसैले राष्ट्रिय तहमा हुने राजनीतिक प्रशासनिक समावेशीकरणमा यस्ता क्षेत्रलाई भौगोलिक वा प्रादेशिक निर्वाचनक्षेत्र र समावेशी प्राथमिकता निर्वाचनक्षेत्रमा विभक्त गर्न आवश्यक छ । यसो गर्दा भौगोलिक र समावेशी प्राथमिकतालाई आधाआधा बनाउने हो भने अहिलेकै अवस्थामा कर्णालीलाई विधायिकामा निम्नानुसारको प्रतिनिधित्व गराउनुपर्छ भन्ने मेरो मान्यता रहेको छ :

| जम्मा निर्वाचनक्षेत्र | प्रादेशिक निर्वाचनक्षेत्र | समावेशी प्राथमिकता निर्वाचनक्षेत्र |
|---|---|---|
| **नेपालको** | | |
| २०५ | १०३ | १०२<br>महिला ३५<br>पहाडे जनजाति २५<br>मधेसी जनजाति १५<br>दलित १५<br>भौगोलिक विकटता १२ |
| **कर्णालीको** | १५ | महिलाको जनसंख्यात्मक अनुपातका आधारमा<br>पहाडे जनजाति जनसंख्यात्मक अनुपातका आधारमा<br>दलित जनसंख्यात्मक अनुपातका आधारमा<br>भौगोलिक विकटता अन्य भौगोलिक विकट क्षेत्रसमेतको समानुपातिकताका आधारमा |

**स्थानीय स्वायत्तता**

कर्णालीजस्ता क्षेत्र हालसम्म विकासप्रवाहमा पछि पारिनुको मूलभूत कारण स्थानीय स्वयत्तताको प्रश्नलाई उपेक्षा गरिनु हो । यसैले स्थानीय स्वायत्तताका विषयमा सुरक्षा, फौजदारी न्यायप्रशासन, परराष्ट्र र मुद्राबाहेक सबै अधिकार स्थानीय स्तरमै नीति निर्माण र निर्णय अधिकार रहने व्यवस्था हुनु आवश्यक छ ।

एकात्मक वा संघीय जुनसुकै राज्यसंरचनाको स्वरूप राजनीतिक तहबाट स्वीकार गरिए पनि कर्णालीको विशिष्ट परिवेशलाई ध्यानमा राखेर त्यहाँको नागरिक फाँटबाट माग भइरहेको विकास आयोजनाका माध्यमबाट समावेशीकरणको प्रक्रियामा समेट्नुपर्छ । यसको अर्थ अब कर्णालीको विकास योजना त्यहीँबाट बन्नुपर्छ भन्ने हो । सिंहदरबारले कर्णालीलाई संरक्षकत्व प्रदान गरे पुग्छ ।

राजनीतिक क्षेत्रमा सन्तुलित तवरले आरक्षण गरिए पनि अन्यत्र योग्यता र क्षमताका आधारमा जनशक्ति परिचालित गर्नुपर्छ । कर्णालीमा हाल रहेको क्षमताको अन्यत्र पलायन हुने क्रमलाई रोक्न स्थानीय तहमा स्थानीयको बाहुल्यको नीति अवलम्बन गर्नुपर्छ । यसका लागि मूल नीतिको खाका निम्नानुसार हुनु आवश्यक छ :

क) राजनीतिक निर्णय प्रक्रियामा पँहुच :

- नीति निर्माणमा आमजनताको निर्णयक भूमिका रहने
- नीति निर्माणमा उच्चतम सहभागिता
- कार्यान्वयनमा कानुनी तवरको भन्दा व्यावहारिक हिसाबले लोकोन्मुखता



- सबै तहमा समावेशी अवधारणाको कार्यान्वयन
- ख) आर्थिक स्रोत साधनमाथि पहुँच र नियन्त्रण
- कृषिजन्य तथा वनपैदावरको स्थानीय स्वामित्वमा आधारित औद्योगिकीकरण
- आर्थिक स्रोतसाधनमा पहुँचहीनहरूको पहुँच
- ग) पूर्वधारको विकास
- दिगो आर्थिक विकासका लागि सडकको निर्माण
- त्यसै खेर गैरहेको जलस्रोतकने समुचित व्यवस्थापन
- बिजुली र सञ्चार
- घ) निर्णयक ठाउँमा प्रतिनिधित्व
- राष्ट्रिय योजना आयोगमा प्रतिनिधित्व
- कूटनीतिक नियोगमा प्रतिनिधित्व
- ङ) शिक्षामा पहुँच
- प्रत्येक पिछडिएका जिल्लामा कलेज, क्याम्पस
- उक्त क्षेत्रमा विश्वविद्यालय

अन्त्यमा, मुख्य कुरा राजनीतिक निष्ठा र सङ्कल्पप्रतिको विश्वास हो । यसैले समाधानको खोजी सधैँ समस्याप्रति केन्द्रित रहनुपर्छ । यसैले नेपालको राष्ट्रिय राजनीतिमा कर्णालीलाई उपेक्षा गरियो भने र त्यहाँका समस्यालाई सम्बोधन गरिएन भने हालको समस्याको रूप बदलिएला तर त्यसको समाधान र अन्याय र असमानताको निर्मूलन हुँदैन । यसैले आज यसतर्फ विचार गर्नु जरुरी छ । यसतर्फ म यहाँहरूको ध्यान जाओस् भनेर आग्रह गर्दछु ।

## अवधारणामाथि टिप्पणी

**भैरव रिसाल, वरिष्ठ पत्रकार**

लोकतान्त्रिक आन्दोलनमा सक्रिय भएर १८ असोज यताको शासनकालमा विभिन्न आरोपमा जेल परेर अझै पनि कतिको ढाड दुखिरहेको छ । यो कार्यपत्रमा समावेशी लोकतन्त्र स्वरूप र संरचनामा कर्णालीलगायत पिछडिएका क्षेत्र भनिएको छ, तर जीवनजीले पिछडिएका क्षेत्रलाई समावेश गर्नुभएको छैन । जीवनजी यति भावुक हुनुभएछ कि कर्णालीलाई मात्र समेट्नु भयो । सुदूर उत्तर, पूर्व र पिछडिएका तथा तराईका मानिसप्रति जीवनजीले अन्याय गर्नुभयो । यसलाई अझ थपेर अझ पूर्ण पेपर बनाए थप मननीय, पठनीय हुन्छ भन्ने मेरो सुझाव छ ।

जनसंख्याका सबालमा भन्नुपर्दा केन्द्रीय तथ्यांक विभागबाट दुई-दुई वर्षमा निस्कने पकेट बुकमा ४८ को जनगणना भन्दा ५८ को जनगणना घटी छ, कर्णालीको । युद्ध पनि भएको छैन । ठूलो प्राकृतिक प्रकोप पनि भएको छैन । त्यसमा कति ठाउँमा मानिस नपुगेको पनि बताइएको छ । तथ्यांकमा ध्यानाकर्षण गर्न मात्र खोजेको हुँ । कुनै ठूलो आपतविपत नपरिकन पनि कर्णालीको जनसंख्या ४८ को

जनगणनाको तुलनामा ५८ मा घटेको छ र, घरधुरी पनि घटेका छन् । जीवनजीको पत्रमा उल्लेखित कुरा निर्णय होइन, सुझाव हो, मस्यौदा हो ।

तर, यो समावेशी लोकतन्त्रबारे भन्नुपर्दा यो शब्द राम्रो छ । आर्कषक छ, वासना आउँछ, शब्दबाट । जो जनता समावेश हुन पाएको छैन उनीहरूलाई 'ए हामी पनि पस्न सक्छौं' भन्ने आर्कषण छ । यसको उदारहण दिन चाहन्छु-समुन्द्र मन्थन गर्न थाले सुमेरू पर्वतलाई मदानी बनाए । शेष नागलाई नेती बनाए । र, मन्थन गर्नुपर्‍यो शेष नागको टाउकोतिर कसले समाउने, पुच्छरतिर कसले समाउने ? त्यो समावेशी मन्थन हो है । गर्दागर्दा देउता बाठो प्रतिगमन जस्तो, अनि राक्षसहरूले पुच्छरतिर समाए, लाछी भनेर बहादुर मानिस भनी टाउकोतिर समात्न लगाए छन् । अनि नागले जति विष बमन गर्छ, जम्मै राक्षसमा गयो । देउता बाठो । समुन्द्र मन्थनबाट एउटा घोडा निस्क्यो-स्यापन । इन्द्रहरूले यो घोडा मलाई भने । लक्ष्मी निस्किन । निस्केका जति सबै राम्रो कुरा देउताले लिए । समावेशी है । अन्तिममा विष निस्क्यो अनि यो तिमीहरूलाई भनी राक्षसहरूलाई दिए । विषचाहिँ राक्षसको भागमा पर्‍यो । अमृत निस्क्यो, त्योचाहिँ देउताले कुदाए फेरि । यो हेर्दा समावेशी सजिलो छैन । समावेशीसँगसँगै त्यसको प्रतिफल आउँछ, त्यो न्यायपूर्ण र समानताको आधारमा वितरण गर्ने बलियो व्यवस्था गरेनौं भने यो समावेशी लोकतन्त्र पनि फेरि खाल्टोमा पर्छ । फेरि शेषनागको टाउकोमा समात्ने जस्तोमात्र हुन्छ- पिछडिएको क्षेत्र ।

अर्को साँचो कथा, १९९१ को इराक युद्धमा अमेरिका र कति अरब मुलुकका मानिसको युद्ध भयो । त्यसमा चालीस अरब डलर खर्च भएको थियो । र, नाफा ६० अरब डलर भएको थियो । नाफा के भयो भने युद्ध हुनुभन्दा अगाडि एक ट्याङ्की कच्चा तेलको मूल्य पन्ध्र डलर थियो । युद्धपछि एक ट्यांङ्की कच्चा तेलको मूल्य ४२ डलर भयो । त्यसले गर्दा खुद नाफा ६० अरब डलर भयो । समावेशीमा भाग लगाउनुपर्‍यो । भाग लगाउँदा अरबवालालाई ३० मात्र दियो । अरबवालाको खर्च पनि तीस अर्ब भएको थियो । अमेरिकामा १० अर्ब खर्च भएको थियो । आधा भाग लगाइयो र तीस अर्ब अमेरिकालले लियो । अरबवालाको ३० अर्ब खर्च भएकाले केही पनि नाफा भएन । अमेरिकाको १० अर्ब मात्र खर्च भएकाले २० अर्ब डलर खुद नाफा भयो । बाँकी नाफाको बीस अर्बमध्ये नौ अर्ब डलर एक पैसा पनि खर्च नगरेका तेल कम्पनी ठेकेदारले प्राप्त गरे । एघार अर्ब डलर अमेरिकी सरकारले लियो । यो १९९१ को युद्धको कुरा हो यो ।

मैले के भन्न खोजेको हो भने समावेशी लोकतन्त्रमा मात्रपछि लाग्यौ भने यो समुन्द्र मन्थनमा राक्षस ठगिए जस्तो । सन् १९९१ को 'बाउ बुस'को पालाको अरब युद्धमा अरू ठगिएजस्तो हुन्छ । यता दृष्टिकोण पुर्‍याउनुपर्छ

कर्णाली र धादिङ, धादिङ जिल्लाले ९० करोड रूपैयाँको तरकारी र फलफूल बेच्यो, २०६०/६१ मा । धादिङ जिल्लामा बुद्धिमान तामाङको राज्य भएर यसो भएको होइन, सडक सुविधा भएकाले यस्तो भएको हो । कर्णाली अञ्चललाई त्यो अवसर छैन । त्यहाँ तीन वटा कुरा (बबावी) बत्ती, बाटो र विचार पुग्नुपर्छ । यी तीन कुरा भएपछि कर्णालीको समाजले फट्को मार्छ । बाटो भनेको अकाशे बाटो पनि हो ।



त्यहाँ विमानस्थल छ, चल्दैन । २०३८ सालबाट बन्न सुरु भएको ताल्चा विमानस्थल २४ वर्षसम्म बन्न सकेको छैन । राज्यले कर्णालीलाई कति माया गरेको छ वा कति काखी च्यापेको छ भन्ने उदाहरण हो यो । २०५६/२०५७ सालदेखि राज्यले त्यो विमानस्थल रातो पुस्तकबाट हट्यो । अहिले नागरिक उड्डयन प्राधिकरणले त्यसलाई हेरिरहेको छ ।

अर्को दुइटा विद्युत् योजना, पाँच सय किलोवाटको 'हेल्दुङ जल विद्युत् योजना' र चार सय किलोवाटको 'गमगाड जलविद्युत् योजना' को कुरा गरौं । तिनको निर्माण सुर भएको कति वर्ष भइसक्यो, पूरा भएको छैन । हेल्दुङको १४ करोड ६३ लाख ७५ हजार रूपैयाँ अनुमानित लागत थियो, पछि १९ करोड भयो । अर्को १७ करोड थियो, १६ करोड भयो । २०५३/२०५४ मा थालेको हेल्दुङ २०५४/२०५५ मा सक्ने भनिएको थियो, अहिले ०६१ असारसम्म सिद्धाउने भनिएको छ । र, गमगाडको चालू हुन्छ भनेको छ । यो, राज्यले भन्छ काम गर्दैन भन्ने उदाहरण हो । हरेक वर्ष बजेट छुट्याइएको छ । राज्यको बजेट कर्णाली पुग्दा हिउँ पर्छ । कर्णालीको हिउँ पग्लिदा बजेटको म्याद सकिन्छ । कति रमाइलो । राज्य कर्णालीमा कदम मिलाएर हिँड्न सकेका छैनन् । राज्य यति ज्ञानी छ, विद्वान छ, उसलाई प्रकृतिसँग हिँड्ने बुद्धि आउँदैन । त्यसले गर्दा कर्णाली कराइरहेको छ । कर्णालीका लागि आर्थिक वर्ष कात्तिक मसान्त हुनुपर्छ, असार मसान्त होइन, तर राज्यले मानेको छैन । अघिल्लो पटक डा. शंकर शर्मा त्यहाँ गएर आएपछि पैसा फ्रिज नहुने भने । तर पैसा अर्को वर्ष सर्दै गयो । त्यसकारण म पैसा फ्रिज हुनुपर्छ भन्नेमा छु । बेलामा पैसा खर्च हुनैपर्छ । होइन, भने त्यहाँ पैसा खर्च हुँदैन । र, हेल्दुङ, गमगाड र ताल्चाको अवस्था त यस्तै भइरहन्छ । कालिकोटको बारेमा अध्ययन कम भएकोमा क्षमा चाहन्छु ।

अहिलेका मन्त्रिपरिषद्का अध्यक्ष राजाबारे म केही भन्छु- २०६१ साल माघ २० गतेको मन्त्रिपरिषद्ले गरेको एउटा निर्णय छ, जसलाई राजा ज्ञानेन्द्रको रोडम्याप भनेर खुबै प्रचार गरियो । त्यसले कर्णालीलाई साह्रै माया गरेको छ । त्यसमा भनिएको छ-'कर्णाली अञ्चलको समग्र विकासका लागि विशेष कर्णाली विकास कार्यक्रम अविलम्ब ल्याइने छ । सुर्खेत-जुम्ला सडक २०६२ साल फागुन महिनाभित्र सम्पन्न गर्नुका साथै कर्णाली अञ्चलका अरू जिल्ला सदरमुकाम जोड्ने सडक निर्माणको काम थालिने छ ।'

त्यसपछि म कर्णाली गएको छैन । तसर्थ कति बन्यो मलाई थाहा छैन । यो राजाको रोडम्याप हो । म चैत १ गते सुर्खेतबाट जुम्लाको खलंगा पुग्छु भन्ने कल्पना गरेको छु । र, राजाको घोषणामा कृषि, स्वास्थ्य जस्ता क्षेत्रहरूमा स्थानीय जनतालाई आत्मनिर्भर बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख छन् । राजा ज्ञानेन्द्रले यो मुलुकको सरकारको नेतृत्व गरेपछि र प्रधानमन्त्री पद सम्हालेपछि कर्णाली अञ्चलका लागि यो ठूलो उपहार हो ।

अब जीवनजीको बारेमा वा विकासको बारेमा भन्नुपर्दा भौतिक संरचनामात्र विकास होइन । २०५५ सालमा योजना आयोगले निकालेको एउटा पुस्तक छ । विशेष क्षेत्र विकास कार्यक्रम अन्तर्गत आठ करोड रूपैयाँ छुट्याइएको थियो । कति

खर्च भयो, मलाई थाहा छैन । त्यसले गर्दा भौतिक संरचनामात्र विकास होइन, मानसिक परिवर्तन पनि हो । कर्णालीको लागि मानसिक परिवर्तन अत्यन्त जरुरी छ ।

कर्णालीका नेताहरूमा रगतबाटै आएको संस्कार छ । हामी अरूलाई समावेशीको कुरा गर्छौं, हामीमा समावेशी दृष्टिकोण ज्ञात वा अज्ञात रूपमा विपक्षमा छ । त्यसलाई हामी आफैंले सुधार्नु पर्छ ।

बाजुरा जिल्लामा सात आठ वर्ष अगाडि पाण्डुसेन भन्ने ठाउँमा एउटा हेलिकोप्टर गएको थियो, त्यतिबेला मानिसमा भागदौड मच्चियो । के आयो के आयो भन्दै घरभित्र लुके । हेलिकोप्टर बसेपछि मान्छे निस्केछन् । झ्याल खोलेर हेर्न थाले र मान्छे देखेपछि सहज माने । त्यो हेलिकप्टर पौष्टिक आहार लिएर गएको थियो ।

अहिले पनि बाजुराको तीन दिन हिँड्नु पर्ने ठाउँमा भाडा तिरेर ऐना हेर्नुपर्छ । धोती फेर्ने ठाउँको मान्छे जान्छ, ऐना देखाएवापत एक रूपैयाँ लिन्छ । ऐना हेर्दा मान्छे छक्क पर्छ । ऐनामा हेरेर म जस्तो को मान्छे रहेछ भन्छ ।

१९ माघदेखि त्यस्तो नहोला । मुलुक अर्को भएको छ । छाउपडी, सुत्केरी हुँदाको पीडाको कुरा नगरौं । कानुनले सच्याउँदैन । त्यतातिर हेरिदिन म विनम्र अनुरोध गर्छु । यदि हामीले यी कुराहरू हेरेनौं भने ००७ सालमा प्रजातन्त्र आएर ००९ सालमा गए जस्तो हुन्छ । राजा त्रिभुवनले दुई वर्षभित्र संविधानसभाको निर्वाचन गराउने घोषणा गरेका थिए । तर त्यही दुई वर्षबीच स्थिति परिवर्तन हुन थाल्यो । त्यसपछि २०१५ सालमा चुनाव भएको हो । त्यो चुनाव पनि हामीले धान्न सकेनौं । त्यसपछि २०३६ सालको आन्दोलन भयो । २०४६ सालको आन्दोलन भयो । यसरी हेर्दा हामीले आफ्नो भूमिकालाई के उम्रन सक्छ, के फल्न सक्छ ? उर्बरा कसरी बनाउने ? लोकतान्त्रिक गणतन्त्र वा लोकतान्त्रिक समाजका लागि हामीले फल्न सक्ने, हुर्कन सक्ने बनाउने कि नबनाउने ? यो नेपालकै सन्दर्भमा आउँछ । हामीले आयातीत विकासे बीउ या मल जे ल्याए पनि वातावरण भूमि उम्रन सक्ने, फल फल्ने वातावरण हामीले बनाउन सकेनौं भने जे रोपे पनि फल्न सक्दैन । यो कुरा कर्णालीले विशेष ध्यान दिनुपर्छ । कर्णालीका छोराले यतातिर हेरिदिनुपर्छ । नत्र हाम्रो सपना फेरि पनि सपना हुन्छ ।

महाराजाधिराजको सदिच्छा साकार पार्न मोटर खलंगाबाट तल झारौं न त अब । खलङ्गामा मोटर पुर्‍याऊँ । खलंगामा ६ वटा मोटर लैजाऊँ । संविधानमा नभएको व्यवहारमा अञ्चल प्रशासक छ । अञ्चल प्रशासकलाई एउटा मोटर, अनि व्यारेकको हाकिमलाई एउटा मोटर, पुलिसको हाकिमलाई एउटा मोटर, प्रमुख जिल्ला अधिकारीलाई एउटा मोटर अनि जिल्ला विकास समितिका सभापतिलाई एउटा मोटर, स्थानीय विकास अधिकारीलाई एउटा मोटर हवाई जहाजबाट लैजाऊँ र मोटर गुडाउन थालौं । जनतालाई एउटा एम्बुलेन्स र एउटा दमकल लगौं । अनि, दक्षिणबाटै किन जानुपर्‍यो, उत्तरतिरबाट झरे पनि भयो मोटर । अब धेरै दिन बाँकी छैन, नौ दिनमात्र छ । यदि हामीले गर्‍यौ भने कर्णालीका मानिसले पनि ए यहाँ मोटर आएछ भनेर पत्याउने छन् । कर्णालीका मानिसले आशीर्वाद दिन्छन् । त्यसले गर्दा यो बाटो लाग्ने हो कि ?



हामीले ३१ वा ३६ किलोमिटरको बाटो सानो भन्छौं । हामी २,३,५,७ किलोमिटर बाटो के हो र भन्छौं । म यहाँहरूलाई राणा शासनतिर लैजान चाहन्छु । काठमाडौंबाट पाटन मोटर जाँदा के भएको थियो होला ? तीन किलोमिटर बाटो छ, त्यो सोचौं । काठमाडौंबाट भक्तपुर मोटर जाँदा कस्तो भएको थियो होला ? र, अहिले ३६ किलोमिटर बाटो काभ्रेको खावा जतिमात्र होला, खलंगाबाट मोटर ल्याउन थाल्यो भने । यसरी हाम्रो हेराईमा पनि अलिकति परिवर्तन ल्याउने हो कि ? त्रिभुवन राजपथ नबनुन्जेल काठमाडौंमा मोटर बोकेर ल्याएको हो, लहरी लगायर । लहरी पनि बोकेर आएका हुन्, भएकै थियो । मैले २०२२ सालमा हिलेदेखि धनकुटा बजारसम्म मोटर चढेर आएको छु । सूर्यबहादुर थापा उपाध्यक्ष हुनुहुन्थ्यो । र, अछामको मंगलसेनमा मोटर बोकेर लगेको धेरै अगाडि हो । अहिले बल्ल गुड्यो । अहिले धेरै गुड्दैन भनेर मोटर नलग्ने होइन । मोटर लगौं, दुई वटा बिग्रेला, कैयौं बिग्रेका छन् । बिग्रेर केही हुँदैन् । त्यसबाट एउटा दृष्टिकोण जान्छ, मनोबल जान्छ भन्ने मेरो दृष्टिकोण हो ।

प्रजातन्त्र बलियो बनाउने गाउँ रहेछ । पछिल्लो स्थानीय निर्वाचन (०५४) हेर्नुभयो भने सहरी क्षेत्रमा ५९ प्रतिशतले मात्र भोट दिएका छन् । तर गाउँमा ७१ प्रतिशत भोट झर्‍यो । त्यसकारण संसदीय प्रजातन्त्र बलियो गराउन सहरको भन्दा गाउँको हात छ । अहिले पनि ८६ प्रतिशत मानिस गाउँमा बस्छन् । नेपालको गरिबी भनेको गाउँको गरिबी हो । जीवनजीले प्रस्तुत गरेको अवधारणा पत्र सारांशमा उत्तम छ । तर उपयुक्त लागे त्यसमा मैले भनेका कुरा थपे राम्रो होला । आयोजक साथीलाई कृतज्ञता व्यक्त गर्दै बिदा हुन्छु ।

**मीनबहादुर शाही (कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र)**

समावेशी प्रजातन्त्र, लोकतन्त्रको कुरा उठिरहेको बेला कर्णालीजस्ता क्षेत्रहरूलाई कसरी समावेश गर्न सकिन्छ भन्ने कुरामा बहसको सुरुवात गराउने क्रम सुरु गरेकोमा फ्रिडम फोरमलाई सर्वप्रथम म विशेष धन्यवाद दिन चाहन्छु ।
जसले राज्य पुनर्संरचनाको बारेमा खाकाहरू प्रस्तुत गर्नुभएको छ, पुनर्संरचनाको बारेमा सिद्धान्तहरू निर्माण गर्नुभएको छ, उहाँहरूको अगाडि मैले समावेशीकरणका बारेमा कुरा गर्दा अलि बढी होला । तर म कर्णाली क्षेत्रको विद्यार्थी, नागरिक र बासिन्दाको नाताले केही कुरा राख्न चाहन्छु ।

यदि राज्यको पुनर्संरचना हामीले भनेको आधारमा हुने हो भने राजाले १९ माघमा खोसेका भन्दा अगाडिको प्रजातन्त्रभन्दा अझ बढी प्रगतिशील, सुधारमुखी, समावेशी, लोकतन्त्रको कुरा हो भने त्यसको संरचनाभित्र कर्णालीको उपस्थिति कहाँनिर हुने भन्नेमा कार्यपत्र मौन देखिन्छ । राज्यको पुनर्संरचना हामीले, हाम्रा बुद्धिजीवीले भनेजस्तो, कर्णालीजस्तै पिछडिएका क्षेत्रहरूले अथवा विभिन्न जातजाति (जो निरपेक्ष रूपमा अहिले असमावेश छन्), क्षेत्र, समुदाय, वर्ग र तिनीहरूले भनेको आधारमा राज्य संरचना हुने हो भने कर्णाली वा कर्णाली जस्तै क्षेत्रहरूको उपस्थिति कहाँनेर हुने भन्ने कुरामा पनि कार्यपत्र मौन देखिन्छ, त्यसमा हामीले सुधार गर्नुपर्छ । र, प्रादेशिक निर्वाचनको कुरा साह्रै सान्दर्भिक छ । यसमा अझ छलफल गर्नुपर्छ ।

हामीले देशका सबै नागरिक समक्ष न्याय, विकास, स्रोतसाधन पुऱ्याउन विगतमा अपनाइएको 'कष्ट बेनिफिट एप्रोच' त्रुटिपूर्ण थियो भन्ने प्रमाणित भइसकेको छ । यसबाट पचासौं वर्षदेखि पछि परेका क्षेत्रहरू किन राष्ट्रिय राष्ट्रिय मूल प्रवाहीकरणमा समावेश हुन सकेका छैनन भन्ने स्पष्ट भएको छ । त्यसकारण जीवनाधिकारका आधारमा जहाँ नागरिक बस्छ, त्यो स्थानसम्म सेवासुविधाका सम्पूर्ण कुराहरू पुऱ्याउनुपर्छ । उनीहरूको राजनीतिक, सामाजिक र सम्पूर्ण हिसाबले नीति निर्माण तहमा सहभागिता हुनुपर्छ भन्ने मान्यता स्थापित गर्नुपर्छ । त्यसका लागि हामीले 'देऊ वा लेऊ' भन्ने सिद्धान्त अपनाएर हुँदैन । जीवनजीको अवधारणापत्र लोकतान्त्रिक समावेशी राज्य स्थापनाका निम्ति कर्णालीका नागरिकको भूमिका के हुने भन्ने कुरामा मौन छ । कर्णालीका आम नागरिकको भूमिकाबारे हामी अझ तिखो रूपमा स्पष्ट हुनुपर्छ । अर्को कुरा हामीले कर्णालीको छुट्टै संरचना मागिरहेका छौं, अवधारणापत्रमा भने कर्णाली विकास आयोग वा यस्तै अन्य निकाय खडा गर्ने भनिएको छ, जसले हामी आफै द्विविधामा परेको देखाउँछ । कर्णाली विकास आयोग, नियोग वा कुनै एकाई वा कुनै संरचना बन्नुभन्दा पनि राष्ट्रिय रूपमा भोलि खडा हुने लोकतान्त्रिक राज्य संरचनामा स्पष्टताको खोजी गर्नुपर्छ । त्यो पूर्णरूपले स्वायत्त, अधिकार सम्पन्न हुनुपर्छ ।

विगतका अभ्यास हेर्ने हो भने राणाकाल, पंचायत या प्रजातन्त्रकालमै पनि कर्णालीबाट केन्द्रमा प्रतिनिधि आउने र त्यहाँ प्रतिनिधि खटाउने क्रम रह्यो । ती अभ्यासहरू केवल तथाकथित राजनीतिक प्रतिनिधित्वका आधारमा भए । त्यस कारण अब आर्थिक, समाजिक र सांस्कृतिक समावेशीकरणको कुरामा जोड दिनुपर्छ, न कि राजनीतिक रूपमा मात्र । हुनतः फेरि पनि राजनीति नै मूल नीति हो । त्यसलाई अस्वीकार गरेको होइन । बरु राजनीति सँगसँगै सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनका कुरा उठाउनुपर्छ भनेको हुँ । भैरवदाइले गरेको संकेत मैले बुझेको छु । राज्यले दिनुपर्ने सेवा र सुविधाहरू नागरिक अधिकार हुन्, हुम्लाका लिमी गाउँका मानिसले बिजुली पाउने कि नपाउने ? विद्यालय पाउने कि नपाउने ? स्वास्थ्य सेवा पाउने कि नपाउने ? बाटो सुविधा पाउने कि नपाउने ? यही कारण पनि राज्य 'कष्ट बेनिफिट एप्रोच' मा कहिल्यै जानु हुँदैन ।

त्यसो गर्दा जो मूलप्रवाहीकरणबाट बाहिरिएका छन्, उनीहरू निरन्तर बाहिरिने प्रक्रिया बढ्यो । विगतमा त्यस्तो भएकाले विगतको तुलनामा १२ वर्षको अभ्यास हाम्रा लागि सार्थक जस्तो लागेको छ, त्यो बेला हामीले आफ्ना कुरा बाहिर ल्याउन पायौं, राजनीतिक रूपमा पनि विभिन्न अभ्यासहरू भए । सांसदहरू, जिविस सभापतिहरूले जसरी कर्णालीका कुराहरू बाहिर ल्याउने र आफ्ना अधिकारका निम्ति कुरा राख्ने काम गर्नुभयो, त्यो अर्थपूर्ण छ । पनि, राष्ट्रिय रूपमै हामीले सुधार गर्नुपर्ने कुरा छ, खोटपूर्ण नीतिका अगाडि हाम्रा प्रतिनिधिले गरेको अभ्यास फितलो भयो होला, त्यस्तै अभ्यासहरू भइरहेका छन् । खासगरी राज्य पुनःसंरचनाको सन्दर्भमा पनि कर्णालीको भूमिका अगाडि आउनुपर्छ । यतिबेला हाम्रा सम्पूर्ण अधिकारहरूमाथि बन्देज लागेको छ । मुलुकका ठूला राजनीतिक दलका नेताहरू बन्दी गृहमा हुनुहुन्छ । हामीले सम्पूर्ण अधिकारहरू गुमाएका छौं ।



त्यसो भएकाले मूलभूत मुद्दा अर्थात राष्ट्रिय रूपमै राज्यको पुनर्संरचनामा प्रवेश गर्ने हो कि ? राष्ट्रिय रूपमै लोकतान्त्रिक शासन व्यवस्था स्थापनाका निम्ति हाम्रो भूमिका केन्द्रित गर्ने भन्ने कुरा स्पष्ट पारिनुपर्छ ।

**भरत खड्का**

फ्रिडम फोरमले चलाएको बहस शृंखला सान्दर्भिक लाग्यो । आजको विषय पनि अति उपयोगी छ । कार्यपत्रका बारेमा धेरै टिप्पणी आइसकेका छन्, म आफ्ना अनुभव राख्न चाहन्छु ।

पिछडिएका क्षेत्रलाई उभो लगाउने सवालमा पनि समावेशी लोकतन्त्रको कुरा उठिरहेको छ । यो हरेकको मुखमा झुन्डिएको शब्द हो । बहुदलीय व्यवस्था आफैंमा समावेशी छ । अहिले उठिरहेको समावेशीको कुरामा मलाई शंका छ । मेरो अनुभवमा बहुदलीय व्यवस्था आफैंमा समावेशी छ, त्यो धरातल वा मैदान हो । अब त्यो धरातलमा कस्तो किसिमको खेल खेल्ने भन्ने कुरा तय गर्ने काम हामी सबै सम्बन्धित पक्षको हो । हिजो केही कमजोरीका कारण वर्तमानमा समस्या आएको स्वीकार गर्नैपर्छ । अहिलेको जटिलता माओवादी सशस्त्र द्वन्द्वले पनि आएको हो ।

विकासका कुरा गर्दा अझै पनि हरेक क्षेत्रमा सन्तुलित रूपमा विकास भएको छैन । हरेक जातिमा सन्तुलन छैन । त्यसैले गर्दा अबको राज्य पुनर्संरचना कुनै व्यक्ति, वर्ग र पार्टी विशेषको लागि होइन, समग्र राज्य र जनताको हितका लागि हुनुपर्छ । हाम्रो ध्यान माओवादी क्रान्तिलाई व्यवस्थापन गर्नका लागि पनि हो । यो प्राथमिकतामा परे पनि अब कस्तो राष्ट्र निर्माण गर्न खोजिएको हो, त्यस्तै खालको संरचना बनाउनुपर्छ ।

स्थानीय तहमा रहेर लामो समय काम गरेको अनुभवका आधारमा भन्दा बहुदलीय व्यवस्थामा पनि केन्द्रीकृत शासन प्रणाली नै कायम रह्यो । सिद्धान्ततः, नीतिगत रूपमा ऐन र कानुनले पनि हामीले विकेन्द्रीकरणका कुरा उठायौं, तर व्यवहारमा मूर्तरूप दिन सकेनौं । अर्को हाँसो उठ्दो कुराचाहिँ राष्ट्रिय योजना आयोग राज्यको महत्वपूर्ण अंग भए पनि यो सीमितताभित्र रह्यो, दस हजारको योजना पनि उसले नै बनाउनुपर्ने रे । नगरपालिका, जिविस र गाविस हुँदाहुँदै डोटीको दस हजार रूपैयाँको योजना पनि योजना आयोगले नै बनायो । तल्लो निकायलाई कामै दिइएन तसर्थ । स्थानीय निकायलाई स्थानीय सरकारका रूपमा अधिकार सम्पन्न बनाई जनताको पहुँचभित्र ल्याउनुपर्छ । यी कुराहरूलाई व्यवस्थित बनाउन सकेनौं भने भोलिका दिनमा यस्ता किसिमका विद्रोह हुन सक्छन् । अहिलेको मुख्य कुरा भनेको चाहिँ एक जुट भएर लोकतन्त्र बहाली गर्ने नै हो । राज्य पुनर्संरचना चाहिँ सयौं वर्षका लागि हुने गरी बनाउँ भन्ने मेरो सुझाव छ ।

**विनोद भट्टराई**

म पुरानो कुरा स्मरण गर्न चाहन्छु: जब पद्‌मोदय हाईस्कुलमा लक्ष्मण सरले हामीलाई रविन्सन क्रुसोको कथा पढाउनु भएको थियो, जसमा समुद्रको बीचमा जहाज टुक्रिदा नाविकले पहिले प्राप्त गरेको तालिम र शिक्षाका आधारमा

कसरी बाँच्ने भन्ने उपाय कसरी पहिल्याउँछ र आफै टापुमा पुग्छ, कसरी भाँच्चिएका जहाजका टुक्रा ल्याएर घर बनाउँछ, जंगलभित्र पस्छ र मानिसको मासु खाने जंगली मानिसहरूबाट एउटालाई ल्याउँछ, आफ्नो साथी बनाउँछ, भाषा सिकाउँछ, सानो बाटो बनाउँछ, कुटि बनाउँछ, फूल रोप्छ भन्ने ज्ञान थियो ।
मैले यो विषय किन उठाएको हुँ भने कर्णालीमा विकाससँगै चेतना पनि लानुपर्छ । 'कष्ट बेनिफिट एप्रोच' नभई कसैले लगानी गर्दैन । त्यो पनि दीर्घकालीन, मध्यकालीन र तत्कालीन हुन सक्छ । तल्कालीन र मध्यकालीनमा बेफाइदा होला, दीर्घकालीनमा फाइदा हुने नभइकन लगानी गरिँदैन ।

समावेशीको कुरा यहाँ आएको छ, विद्यमान निर्वाचन प्रणालीअन्तर्गत जम्मा पाँच जना संसद्मा जान्छन् । प्रधानमन्त्रीको खेल हुँदा कर्णालीका सांसदहरू कुन कुनामा पुग्छन्, कुनै नीति पनि लागू हुँदैन । म प्रतिनिधिमूलक निर्वाचन प्रणालीको पक्षपाती हुँ । समानुपातिक निर्वाचन प्रणालीले पनि कर्णालीको समस्या समाधान गर्दैन । समस्या समाधान गर्ने अज्रस स्रोत छन् । हाम्रा पूर्वजहरूले जुम्लापछि हुम्ला, हुम्लापछि सिमला विजय गरेका हुन् । सिमला अहिले कुन अवस्थामा पुगिसकेको छ, त्यो हिसाबले पूर्वजले त्यसो गरेका होलान । समावेशीको अहिलेको नमुनाले कर्णालीलाई सहयोग गर्दैन, न मतदान प्रणालीले गर्छ । तर अन्य क्षेत्रलाई गर्छ । त्यसकारण अजस्र स्रोत जुन कर्णालीको छ, त्यो स्रोत ८० को दशकमा खेत फँडानी गरेर स्याउ लगाउनमा खर्च भयो । त्यतिखेर दस वर्षमा बाटोपुग्छ, दसै वर्षमा स्याउ फल्छ अनि बजार पाइन्छ भनियो । अहिले त्यो स्याउको बोट काटेर फेरि खेत बनाउन थालिएको छ । त्यतिबेला पनि एउटा दृष्टिकोण थियो । बहुदलीय प्रणालीमा कर्णाली झन् उपेक्षित भएको छ, बरु पञ्चायतमा स्याउ रोप्ने काम त भएको थियो । बहुदलीय व्यवस्थामा दृष्टिकोणनै बनेन, त्यो स्वीकार गर्नुपर्छ । जीवन शाहीले हिल्साबाट सिमिकोटसम्म बाटो सुरु गर्नुभएको थियो । उहाँको सिकोमा लोमान्थानदेखि जामेसोमसम्म बाटो ल्याउने योजना अनुरूप कागबेनीमा गाडी आइसकेको छ । काठमाडौंमा भन्दा सस्तो ग्यास त्यहाँ पाइन्छ । सम्पूर्ण सामान सस्तो पाइन्छ । कर्णालीका लागि बाटो पहिलो प्राथमिकता हो । पाँचै विकास क्षेत्रमा बाटो बनाउनु जरुरी छ । बाटो भएपछि त्यहाँ शिक्षा पुग्छ । विदेशी लगानी आर्कषित गर्न सकिन्छ ।

**गोपाल चिन्तन**

कर्णालीका बारेमा लेखिएको यो अवधारणापत्र साह्रै मन पर्‍यो । यसमा सबै किसिमका मुद्दाहरू उठाइएको छ । हामी यहाँ समाधान दिनका लागि कोही तयार छैनौं । १५ वर्षमा गर्नुपर्ने काम हामीले गरेनौं । हाम्रै हातमा डाडु, पन्यौं भएको बेला सबै बिगार्‍यौं, अहिले अझ बढी भडुवा निस्के त्यो आफ्नो ठाउँमा छँदैछ । तर मूल मुद्दा तिनै हुन् ।

कर्णालीको बारेमा यहाँ छलफल हुँदा के कुराको प्रर्याप्तताको कुरा खोज्ने हो मैले बुझ्न सकेको छैन । छलफल र कार्यपत्रका आधारमा भोलिको नयाँ नेपालको परिकल्पनामा हिडेका छौं, यसलाई सार्थक बनाउन छलफल हुन्छ । यस



अवधारणापत्रमा दुईवटा पक्ष एकदम घतलाग्दो छ । पहिलो राजनीतिक प्रतिनिधित्व कसरी गर्ने भन्ने कुरा स्पष्ट रूपमा ल्याइएको छ । सायद, यस्तो किसिमको प्रतिनिधित्व सात राजनीतिक पार्टीले मान्दैनन् होला, पार्टीगत रूपमा जाने हो भने । १२ बुँदे सहमति गरेर हस्ताक्षर गर्नेहरू, त्यसैमा लात हान्नेहरू यी कुरामा सहमत हुन्छन् कि ? भन्ने कुरा बुझ्न गाह्रो छ । कुरा चाहिँ राजनीतिक प्रतिनिधित्वको हो ।

अर्को स्रोत साधनका बारेमा जतिसुकै कुरा गरे पनि स्थानीय जनताको स्रोत स्थानीय जनतालाई नै छोडिदिने हो । तिनीहरूले धरै कमाए भने केही कर केन्द्रीय राज्यले लिने हो । हैन, त्यो क्षेत्र तुलनात्मक रूपमा पछाडि नै छ भने राज्यले केन्द्रबाट पनि समानुपातिक रूपमा त्यो क्षेत्रको लागि भाग लाग्ने स्रोत दिने हो । कर्णालीको नाममा स्रोत आउँछ । कर्णाली पारी पुग्दैन । यस कारण हिजोको मुद्दा पनि त्यही हो आजको मुद्दा पनि त्यही र भोलिको मुद्दा पनि त्यही हुनेछ ।

बहुदलीय व्यवस्था ल्यायौं, हामीले यसलाई १५ वर्षसम्म अपरिभाषीत बनाएर राख्यौं । नामको पछाडि दौड्यौं । बहुदलीय व्यवस्था कस्तो र कसरी भन्ने बारे कहिल्यै छलफल भएन । बहुदलीय व्यवस्था त विहार, फिनल्यान्ड, स्वीडेन, क्यानडा, स्विट्जरल्यान्डको जस्तो पनि हुन्छ अथवा त्योभन्दा राम्रो हामीले बनाउन खोजौं भन्नका लागि सायद यो छलफल शृंखला चलेको होला । अहिले कै संविधान पनि कति असमावेशी रहेछ भन्ने कुरा आज छर्लंग देखिएको छ, हरेक क्षेत्र हरेक समुदायको हिसाबमा ।

त्यसपछि अब लोकतन्त्र आएपछि सबै कुरा हुन्छ भने लोकतन्त्र कस्तो त ? त्यसमा पनि कुरा गरौं । आखिरी अंग्रेजीलाई नेपालीमा अनुवाद गर्दा त लोकतन्त्र भनेको पनि त्यही हो, प्रजातन्त्र भनेको पनि त्यही हो । शब्दको भरमा हामीलाई कति अलमल्याउने ? दृष्टिकोण छैन । कर्णालीको बारेमा दृष्टिकोण नभएको होइन, तर बेइमानी भयो र जबसम्म स्थानीय तहदेखि माथिसम्म संरचनाकरण र पुनर्संरचनाकरण हुँदैन यो रहिरहन्छ । दृष्टिकोण त त्यही गाउँका मानिससँग छ ।

उदाहरणका रूपमा पानीको त्यत्रो स्रोत छ, विश्वमा दोस्रो धनी देश नेपालमा पहिलो धनी कर्णाली क्षेत्र हो, वास्तवमै । यदि राम्रोसँग बनाइयो भने संसारमा सबभन्दा ठूलो आयोजना त्यहाँ बन्छ । तर त्यो क्षेत्रको नाफा जति काठमाडौं, बिजुली र पानी सबै भारत गयो । कोसी, गण्डकी र महाकालीको उदाहरण दोहोरियो भने फेरि कस्तो कर्णालीको सपना ? बन्दै गरेको पश्चिम सेतीको उदाहरण हाम्रो अगाडि छ । यो बहुउद्देश्यीय आयोजना हो, सबैभन्दा सस्तो र सबैभन्दा राम्रो । तर यो आयोजना बन्छ, बिजुली सबै भारतमा जान्छ । सेती आयोजना बन्दा १० प्रतिशत बिजुली त्यस क्षेत्रका लागि सस्तोमा वितरण गर्नुपर्छ भनिएकोमा पछि भ्रष्टाचार गरेर नेताहरूले पैसा दिए हुन्छ भन्ने सहमति गरेका छन् । त्यो हदैसम्मको बेइमानी हाम्रा नेताहरूले बहुदलीय शासनमा रहँदा गरेका हुन् । हामी त्यो क्षेत्रको स्रोत उपयोग गर्छौं, त्यहाँका जनतालाई सोध्दैनौं । स्थानीय निकायलाई सोध्दैनौं । त्यहाँ बन्ने आयोजनाबाट आउने फाइदा त्यहाँ छोड्नुपर्छ भन्दैनौं भने जस्तोसुकै नामको तन्त्र ल्याए पनि केही हुने वाला छैन । शक्ति र स्रोतको स्वामित्वमाथिको नियन्त्रणका निम्ति अहिले नै लड्नुपर्छ, कुनै केन्द्र र तन्त्र पर्खनु पर्दैन । त्यहाँ जनताले लिनुपर्‍यो ।

अनि त्यसका लागि हामीले पनि लड्नु पर्‍यो र छिनेर लिनु पर्‍यो । प्रस्तावका लागि आएको अवधारणापत्र सराहनीय छ ।

**तिलक न्यौपाने (पूर्व सांसद, कालिकोट)**

भारी बोक्नेलाई पसिना आउँछ । म २०४८ मा प्रतिनिधिसभा र २०५६ मा राष्ट्रियसभाको सांसद भएँ । मैले यो देशको उच्च विधायीकामा करिब-करिब १० वर्ष बिताएँ । मैले मेरो अञ्चल र जिल्लाको लागि के गरेँ/गरिनँ भन्ने कुरामा चिन्ता छ । त्यो खस प्रान्त कर्णाली प्रान्त, जसको उत्पत्ति राम्रो थियो । विकास राम्रो थियो । आर्थिक अवस्था राम्रो थियो । आज जस्तो विपन्नता थिएन । १८४२ मा सालपछि शाह वंशको अधिपत्य जमेपछि त्यस वंशले (मैले मुख नै खोलेर भन्नुपर्दा) चार थानी र चार थारीमध्ये (एक थानी म पनि हुँ) त्यहाँ १२ वर्षमाथिकालाई मारेछौं, तिनीहरूका श्रीमतीको बेइज्जत गरेछौं' भनी दस्तावेज तयार भएका छन् । लिखित प्रमाण छन् । त्यस्तो संकट राज्यले दियो, घोर अपराधी दण्ड । किनभने अरू जम्मै लडेनन् । सबै लड्नलाई तम्सेको खस प्रान्त जुम्ली राज्य हो, यो कुरा भाषाका इतिहासकारहरूलाई र अन्य इतिहासविद्हरूलाई थाहा होला । त्यसो भएको हुनाले राज्यबाट एकदमै टाढा दुर्गम र विपन्न भयो । विपन्नको बारेमा भन्नुपर्दा सम्पूर्ण कुराको पर्याय नै भयो ।

मैले समावेशी प्रजातन्त्रको कुरा गर्दा २०४८ सालमा आठौं पञ्चवर्षीय योजना सुरू भयो । डा. रामशरण महतजी योजना आयोगको उपाध्यक्ष हुनुहुन्थ्यो । जसले कर्णाली बाटोको नामै लिएन । मैले रामशरणजीका बारेमा तितोसत्य बोल्नु परेको थियो, १८ जना सांसदको सामुन्ने मैले कुर्चीबाट निकाल्नु पर्‍यो । अनि गिरिजाबाबु (गिरिजाप्रसाद कोइराला) ले सामुन्ने दुई करोड रूपैयाँ छुट्याउनुभयो । जसबाट जुम्लाको बाटो निर्माण सुरू भयो । यसअघिका साथीहरूले बहुदलमा केही भएन भन्नुभयो, उसो त २०४५ सालमा राजा वीरेन्द्र जुम्ला, हुम्ला, डोल्पा, मुगुमा सवारी भयो, जेठबाट कर्णालीबाट पानी आउने भयो भन्ने घोषणा गरी फर्के, तर तीस वर्षसम्म माखो मरेन । स्कुल बनेन, स्वास्थ्यको अवस्था त्यस्तै थियो ।

संघर्ष चलिरहन्छ । आजमात्र होइन, भोलि पनि चल्छ । संघर्ष गर्न धेरै बाँकी छ । अवधारणापत्रमा देखाएका कुरालाई धैरै धन्यवाद ।

२२ वटा जिल्ला दुर्गम क्षेत्रमा पर्छन् । हामीले कर्णालीको उदाहरण दिएका हौं, म सोलु, रसुवा, जोमसोम, बाजुरा पुगेको छु । सबै जिल्लाको व्यथा एउटै हो । सोलुको स्थिति अलि फरक छ । तर सबै जिल्लाबासीहरू राज्यबाट पछाडि पारिएका छौं । राज्यको आयस्रोत निम्न छ । जुन कुरा अवधारणापत्रमा आइसकेको छ । हामी राज्यको त्यो स्थानमा छैनौं, जहाँबाट स्रोतहरूको बाँडफाँड हुन्छ । त्यो पहुँचमा छैन किनकी त्यो कुरा न त हाम्रो पूर्खाले खोज्यो न हामीलाई जन्म दिने बाले नै खोजे, बल्ल हामी खोजी गर्ने अवस्थामा आइपुगेका छौं ।

२०४६ सालबाट हामीले कर्णालीको आवाज उठाएका छौं, कर्णालीमा अधिकार चाहिन्छ । कर्णाली पनि एक अञ्चल हो । कर्णालीका जनता पनि मानिस हुन्, त्यहाँ पनि बुद्धिविवेक छ, आदर्श, नैतिकता छ, चरित्र छ, संस्कृति-भाषा छ भन्ने आवाजहरू



निक्लन थालेको छ । यो कुरा आज महाराजधिराजले पनि सुनिबक्सेको छ । महाराजधिराजलाई उहाँको मन्त्रिपरिषद्मार्फत म भन्न चाहन्छु- तीस वर्षसम्म महाराजाधिराजको आँखा खुलेको थिएन ? डा. मोहनमान सैंजु अहिले गरिबी निवारणमा हुनुहुन्छ । उहाँ कति वर्ष योजना आयोगमा हुनुहुन्थ्यो । उहाँले आँखा देख्नुभएको थिएन ? आज कर्णाली चाहिएको छ, उहाँलाई । कर्णालीलाई बहुदलले आँखा देखाएको हो । व्यक्ति म तिलक होइन । बहुदल आएपछि अधिकारका कुरा उठन थाल्यो । अहिले महिला, गरिब, जनजाति, दुर्गम क्षेत्रका अधिकारको खोजी हुँदैछ ।

आज कर्णाली क्षेत्र किन माओवादीको अखडा बन्यो ? किन माओवादी जन्म्यो ? बहुदल आएपछि उसले आफ्नो अधिकार चिन्यो, अरूको अधिकार हनन् गरी आफ्नो अधिकार प्रयोग गर्नेहरू देख्यो । उनीहरू आत्मस्वाभिमानी भए । उनीहरू आफ्नो अधिकारप्रति सचेत भए । ए हामीलाई बन्दुक बाहेक अरू विकल्प छैन भन्ने भयो ।

मैले पनि क्रान्ति गरेको हुँ । मसँगैका साथी सचिव भए । उतिबेला त्रिचन्द्रमा बीएमा पढ्दापढ्दै जेलनेल खानुपर्‍यो । किन संघर्ष गरेँभन्दा म कर्मचारी हुन सक्दैनथेँ, चाकरी गरेर ? यस्तै कुराहरू मान्छेको मनमा आउँछ । मानिसमा क्रान्ति आउँछ । समावेशी प्रजातन्त्रको कुरा गर्दा सबभन्दा पहिला स्वायत्तता दिनुपर्‍यो । कसरी दिने भन्ने कुरा उठ्छन् । मेरो विचारमा पाँच क्षेत्रमा पाँच संघीय सरकार बनाउने कि ? १४ क्षेत्रमा १४ संघीय सरकार घोषण गरी स्वायत्तता दिने कि ? स्वायत्तताचाहिँ पाउनुपर्‍यो । समावेशी प्रजातन्त्र संसद् भएर मात्र पुग्दैन । सांसद भएर त्यस क्षेत्रबाट पाँच जना आएका थियौं । 'हात्तीको मुखमा जिरा' जस्तो भयो ।

कोही एमाले, कोही कांग्रेस थियौं । संसदको मताधिकार प्रयोग गर्दा हामी टाढा हुन्थ्यौं, हात्तीको मुखमा जिरो हुन्थ्यो । हाम्रो कुरा सुन्न गाह्रो थियो, अनसन नै बस्नु पर्थ्यो, रुनुपर्थ्यो, तर कसले सुन्ने ? व्यथा, अनुभव, दुःख मानिससँग धेरै छन् । कर्णालीले अझ धेरै दुःख गर्नुपर्छ । धेरै संघर्ष गर्नुपर्छ । हामीले संघर्ष सुरु गर्‍यौं, युवाहरू अगाडि बढनुस् ।

अहिले राजाले बाटो बनाउने रे, कहाँ गएका थिए राजा तीस वर्षसम्म ? सुतेका थिए । आँखा देखेका थिएनन् ? कर्णाली अञ्चल थिएन, राजाका लागि ? केही दुःखद भनेको हुँ ।

अन्त्यमा के भन्न चाहन्छु भने समावेशी प्रजातन्त्र सबैलाई चाहिन्छ । आफ्नो अधिकारको खोजी सबैले गर्नुपर्छ । अधिकारको हनन हुन कसैले दिनु हुँदैन । त्यसको संरक्षण संवर्द्धनका लागि स्वायत्तता चाहिन्छ, प्रत्येक प्रान्त हुनुपर्छ, प्रत्येक अञ्चल होस् । केन्द्रमा आउने दुई प्रकारको संसद्को कुरा उपयुक्त हो । एउटा भौगोलिक दृष्टिकोणबाट निर्वाचन हुनुपर्छ । एउटा जनसंख्याको आधारमा निर्वाचन हुनुपर्छ । यी हामीले माग राख्दै आएका कुरा हुन् । भौलोगिक रूपमा राज्यको १५ प्रतिशत क्षेत्रफल अगोटेको छ, २३ प्रतिशत भूभाग दुर्गममा पर्छ । जहाँबाट जम्मा ११ वा १३ जनामात्र संसद् छौं । हाम्रो कुरा सुनिदैन् । ताप्लेजुङदेखि दार्चुलासम्मका साथीहरू छौं, जहाँ हाम्रो न्यूनता हुन्छ । त्यसैले अहिलेको आउने वा बनाउने नयाँ संविधान जनताले बनाउन, संविधानसभामार्फत् । कस्तो मान्छे पठाउने या छान्ने काम

जनताले गरून् । सधैँ सम्झौताबाट काम भयो भने हाम्रा २२ जिल्लाका मानिस सधैँपछि पर्नेछौं । मधेसीपछि परेका छन् । कर्णालीबाट सेनामा को छ ? एउटा भैरवजी हुनुहुन्छ । त्यही पनि चिकित्सक भएकाले हो ।

यी सारा कुराको निचोड जनताबाट आएका प्रतिनिधिहरूले गरून् । संविधानसभा होस् । यो मञ्चबाट म आग्रह गर्न चाहन्छु-तपाईहरू जस्तो विद्वान्हरूले ठाउँ बनाएर, अनुसन्धान अन्वेषण गरी सुझाव पेश गरेमा केही सुधार हुन्छ भन्ने मलाई लाग्छ ।

**टीका भट्टराई (विकास कार्यकर्ता)**

भोजपुरमा जन्मेको तर काठमाडौंमा राज्यको सुविधा पाएर हुर्केको मान्छेको हैसियतले बोल्न खोजिरहेको छु । म अछाम गएको बेलाको अनुभूति छ, त्यहाँ जाँदा एक जना दाङको साथी हुनुहुन्थ्यो । दाङको साथीलाई अछामको साथीहरूले पूर्वेली भन्नुभएको थियो । अनि त्यही बेलामा हामी हिँड्दै थियौं, त्यही बेलामा पश्चिम पोखरा भन्ने गीत बज्यो । त्यही बेला म झसंग भएँ । ओहो हामीले पूर्व र पश्चिमको खाडल बनाएछौं, काठमाडौंलाई केन्द्र बनाएका रहेछौं ।

पूर्वमा जन्मेर काठमाडौंमा हुर्केर बसेको मान्छेले अहिलेसम्म कर्णालीको प्रश्न किन उठाएन ? किन यति ढिलो उठेको ? आखिरमा समावेशीको कुरा गर्नासाथ हामीलाई चाहिने जनदवाव नै हो । जनदबाब सिर्जना गर्नका लागि असमावेशीका स्वरूपहरू के रहेछन् त ? राम्ररी पहिचान गर्न जरुरीछ । जसले जनपरिचालन गर्न सजिलो पार्नेछ । हुनतः कर्णाली 'भौगोलिक दलित' भएको छ, यति भनेर पुग्दैन । त्यहाँको अहिलेको प्रशासनिक संरचनाले अरू भावना समेट्छ कि समेट्दैन भनेर विचार पुऱ्याउनुपर्छ ।

अनि भाषाको कुरा एकदमै उठेको छैन । जब हामी शिक्षाको कुरा गर्छौं शिक्षामा मुख्य असमावेशीकरण गर्ने तत्व भाषा हो भन्ने मलाई लाग्छ, अरू कुरा पनि छन् । मलाई अझै लागिरहेको छ-कर्णालीको बारेमा किन ढिलो कुराहरू उठेका हुन् ?

**डा. केशवमान शाक्य (एसएनभी नेपाल)**

तीन पृष्ठको अवधारणापत्रको विश्लेषण गर्न धेरै गाह्रो छ । यो अवधारणा पत्रको महत्व ज्यादै छ । मैले यसमा गहनता देखेको छु । म प्राकृतिक स्रोतसम्बन्धी अर्थशास्त्रको विद्यार्थीका नाताले यसमा केही बताउन चाहन्छु । नेपालको ६७ वटा जिल्लामा विकासको कामको सिलसिलामा घुमेको छु । मध्यपश्चिमाञ्चल क्षेत्रमा १२ वर्ष र चार वर्ष जति कर्णालीमै संलग्न छु । हुनतः म काठमाडौंको एउटा गल्लीमा जन्मेको हुँ । कर्णालीको समावेशीकरणको कुरा गर्दा अवधारणा प्रस्तोताले दुई विषय उठाउनुभएको छ । प्रादेशिकता र प्राथमिकताको आधारमा हुनुपर्ने बताउनुभएको छ । समावेशीमा जाति र लिंगको विषय पनि आउँछ ।

शास्त्रीयता र अनुभवको आधारमा 'कमेन्ट' गर्न चाहन्छु । एकीकरण र खण्डीकरण राज्य निर्माण र परिवर्तनको नियमित प्रक्रिया हो । पाँच सय वर्ष



अगाडिको नेपाललाई हेऱ्यौं भने कर्णालीमा खस साम्राज्य, काठमाडौंमा नेपाल साम्राज्य र तलतिर सेनवबंशीहरू थिए । पाँच सय वर्ष अगाडि ती बलिया साम्राज्य थिए । तीमध्ये काठमाडौं र कर्णालीमा पनि लगभग एकै पटक खण्डीकरणको प्रक्रिया सुरु भयो । जब खस साम्राज्यमा मलय बमको उदय भयो । त्यसपछि त्यहाँ बाइसे राज्य सुरु भए । मलय बमकै सन्तान हुनुपर्छ-चन्द्रबहादुर शाही, जीवनबहादुर आदि ।

त्यसबेला बाइसे राज्य ऐतिहासिक र विभिन्न कारणले भयो होला । काठमाडौंमा यक्ष मल्लले पनि आफ्ना तीन सन्तानलाई भाँदगाउँ, काठमाडौं र पाटन भनेर राज्य खण्डीकरण गरे । यिनीहरूको बीचमा गण्डकीमा चौबीसे राज्यहरू भए । अनि पूर्वको क्षेत्र अलि दुर्गम नै ठानिन्थ्यो । खण्डीकरण हुँदाहुँदा सायद त्यसबेलाको एउटा ठूलो भूमिका खेलेको होला । त्यसबेला नयाँ आर्थिक, सामन्ती युग सुरूभयो । त्यसपछि दुई सय पचास वर्ष अगाडि पृथ्वीनारायण शाहको अर्को नयाँ सोच आयो र नेपाल एकीकरण भयो । यसरी कुनै पनि राज्यलाई हेर्दा खण्डीकरण र एकीकरणको प्रक्रिया सुरु भएको देखिन्छ । अहिले हामी पृथ्वीनारायण शाहले गरेको एकीकरणबाट पुनः मूल्यांकन गरिरहेका छौं । खण्डीकरणको भूमिका खोजिरहेका छौं । सायद, खण्डीकरणको गुणात्मक पक्ष त्यसबेलाको राजाको अवधारणा थियो । अहिले हामी लोकतान्त्रिक मूल्य मान्यताको आधारमा खण्डीकरणको कुरा गरेका छौं । नेपालको खण्डीकरण हुनुपर्छ, एकीकरणबाट हामी अगाडि बढ्न सकेनौं, यहाँका जनताले अगाडि बढ्ने आधारहरू तयार भएन । यो विकाससँग पनि एकदमै सम्बन्धित कुरा हो । म यहाँ विकाससँग जोड्न चाहन्छु किनभने कर्णालीको विकासकै पक्षबाट यहाँ अवधारणापत्रले राजनीतिम मुद्दा उठाएको छ । नेपालको विकासको इतिहास हेर्ने हो भने जंगबहादुर बेलायत गएर फर्किएपछि त्यहाँको दरबार र यताउताबाट प्रभावित भएर सुरु भएको देखिन्छ, त्यो पनि दरबार बनाउन सुरु भयो । त्यहाँको बगैंचा यताउता भयो । जस्तो वीरशमशेरले त्यहाँको बगैंचामा पानीको फोहोरा देखेपछि सुन्दरी जलबाट पाइपमा पानी ल्याएर आफ्नो दरबारका बगैंचा सिंचित गरेका हुन् । त्यसपछि वीर धाराहरूको अवधारणा आयो । अनि चन्द्रशमशेरले सिंहदरबार बनाइसकेपछि बिजुली बाल्नुपऱ्यो । फर्पिङबाट बिजुली ल्याइयो र चन्द्र ज्योति भन्ने सुरु भयो । त्यसपछि जुद्धशमशेरले मोटरहरू देखे र, यतामाथि भैसेबाट बोकाएर मोटर ल्याए । काठमाडौंभित्र अलिकति बाटो बनाएर गाडी चलाइयो । राणाकालको विकासको इतिहास हेर्दा यही तीन कुरा देख्छौं । २००७ सालमा प्रजातन्त्र आयो । यहाँका नेताहरूलाई अमेरिका, स्वीस बोलाइयो । त्यसकारण नेपालको विकास इतिहास त्यति ठूलो र पुरानो होइन । अमेरिकाको विकास पनि त्यति पुरानो होइन । अतः विकासको कुरालाई लिएर हामी सकारात्मक हुन सक्छौं । कर्णाली पछाडि परेपनि ५० वर्षको विकासको इतिहासमा कर्णालीबाट जुन आवाज उठेको छ, यसले त्यहाँको विकास हुन त्यति गाह्रो छैन भन्ने देखाउँछ । तर विकास हुनको लागि खण्डीकरण, एकीकरण र जनताको ऊर्जालाई संयोजन गर्ने राज्यको राजनीतिक प्रक्रिया हो, त्यसमा चाहिँ प्रश्न उठेको हो भन्ने जस्तो लाग्छ ।

प्रादेशिकताको अवधारणा ल्याउँदा हामीले शास्त्र पनि अपनाउनुपर्छ । प्रादेशिक विकासका थुप्रै सिद्धान्त छन् । त्यसमा जहिले पनि दुईवटा कुरा आउँछन् । विकास र

प्रादेशिकता जोडिएको कुरा हो एउटा प्रादेशिकताभित्र हुने क्रियाकलापहरू । त्यसकारण एउटा ठूलो सिमाना एउटै मात्र क्रियाकलापले अगाडि बढ्छ, किनकी विभिन्न भौगोलिक विविधता र त्यहाँ भएका मानिसको समाजिक क्षमताको आधारमा हरेक ठाउँमा विविधता हुन्छ । प्रादेशिकताका आधारमा त्यहाँको विकासका सम्भावना त्यहीका मानिसमा भएको क्षमताले हुन्छ । त्यसकारण प्रादेशिताका आधारमा वा समाजका आधारमा खण्डीकरण र एकीकरण भइरहन्छ ।

समाजिक आधारमा पनि खण्डीकरण र एकीकरण हुन्छ । जस्तो काठमाडौका नेवारको इतिहास हेर्‍यौं भने अहिलेको श्रेष्ठ पाँच सय वर्ष अगाडि थिएन । पछिमात्र श्रेष्ठ भन्ने थर बन्यो । विभिन्न नेवारहरूमा कर्मचारी वर्ग अर्थात सेवा गर्नेका रूपमा पहिचान भयो । शाक्यहरूको इतिहास हेर्‍यो भने उनीहरू पनि मूल एउटै बंशबाट आएको होइन । यहाँ जति पनि बुद्धिष्ट भए, तिनीहरूलाई जयस्थिति मल्लले सामाजिक वर्गीकरण, खण्डीकरणको प्रक्रियाबाट नयाँ जातजाति बनाए । नेपालमा अहिले जनजाति, दलित, समाजिक अस्तित्वको कुरा गरिरहेका छौं, यो पनि सधैं बसिररहने कुरा होइन । समय र परिस्थितिबाट सिर्जित हुने कुरा हो । त्यसकारण अहिलेको स्थिति प्रादेशिकताको आधारमा खण्डीकरण, प्रादेशिक पहिचानका विकास गर्न ठोस भूमिका पाइन्छ भन्ने कुरा गरेका छौं भने जातीयताको कुरा गर्दा ५९ किसिमको जनजातिको एकीकरण भइरहेको छ । एक किसिमको खण्डीकरण र एकीकरणको प्रक्रिया चलिरहेको छ । त्यो सन्दर्भमा हेर्दा शाहीजीले अवधारणापत्रमा उठाउनुभएका धेरै महत्वपूर्ण कुरा छन् । विशेषतः प्रादेशिकको चिन्तन र प्राथमिकताको समाजिक आधारमा त्यहाँ खण्डीकरण प्रक्रियामा कसरी जाने ? भन्ने कुरा छन् । समावेशीकरणको नाममा हामी छलफल गरिरहेका छौं ।

**पद्मलाल विश्वकर्मा**

म त इलामको मानिस हुँ । जुम्ला, हुम्लाको भौगोलिक जानकारी कम छ । यहाँ प्रस्तुत कार्यपत्र सारगर्भित छ, सूत्रवद्ध रूपमा कर्णाली क्षेत्रको दस्तावेज महत्वपूर्ण छ । सूत्रवद्ध भएकाले केही कुराचाहिँ स्पष्ट पार्नुपर्छ जस्तो लाग्छ । एकात्मकता र संघात्मक प्रणाली वा क्षेत्रीय र जातीय रूपमा पुनर्संरचनामा कसरी जाने भन्ने छ । मिहिन ढंगले लानुपर्छ । अवधारणापत्रले मलाई अप्ठ्यारो पारिदिएको छ, हामी भौगोलिक रूपमा दलित हौं भनेर । भौगोलिक दलितको कुरा गर्ने हो भने हामी कहाँ राजनीतिक, सामाजिक, सांस्कृतिक दलित छुट्याउनुपर्ने हुन्छ । यसले हामीले उठाइरहेको हाम्रो पहिचान खतम हुने स्थिति भयो । वर्णाश्रमी समाजमा जातीय विभेद र छुवाछूतसमेत भोगिरहेको समुदाय दलित हो । कर्णालीले छुवाछूतचाहिँ साधनस्रोतको हिसाबले भोगेको हो भने प्रष्ट पार्नुपर्छ । क्षेत्रीय या समग्रमा नै पछाडि पारिएको समुदायलाई जातजाति वर्ग भन्नु पर्ला । भौगोलिक दलितको कुरा उठ्यो भने गञ्जागोलमा फस्नेतर्फ निवेदन गर्छु ।

मेरो दृष्टिकोणमा धार्मिक, सांस्कृतिक, जातीय रूपमामात्र दलित हुन्छ । कर्णालीका सबै जाति-जनजाति, समुदाय दलित होइनन् ।



कर्णाली क्षेत्र माओवादी जनयुद्धको उर्वर ठाउँ बन्नुपर्ने कारणहरू आउन त आयो, तर त्यहाँ अन्यत्रभन्दा बढी आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक हिसाबले भएको दमनको चित्र दिन सकियो भने हामीले समावेशीको कुरा किन खोजेका हौ भनेर प्रभाव पर्ला । सिंहदरबारले कर्णालीलाई संरक्षण दिए पुग्छ भन्ने कुराले फेरि एकात्मक राज्यप्रणालीतिर फर्किन खोजे जस्तो भयो कि ? सिंहदरबारले संरक्षण दिएरमात्र पुग्दैन, तिलकजीले उठाउनुभएको स्वायत्तताको कुरामा जोड दिनु पर्ला । सिंहदरबारले गरेको एकलौटी व्यवहारकै विरुद्धमा अहिले हामी क्षेत्रीय, भाषिक, जातीय, सांस्कृतिक रूपमा उत्पिडनमा परेका मानिसहरू अधिकार खोजिरहेका छौं । राज्यको पुनर्संरचनाका लागि आन्दोलनरत छौं ।

अब कर्णालीका नागरिकको प्रशासन, न्याय, सुरक्षा क्षेत्रमा रोजगारीको हक दावी गर्ने हो कि, जुन कुरा यो बहसमा छुटे जस्तो लाग्यो । धेरै विषय उठे, कतिपयले छाउपडी र सुत्केरीको बेदनाको कुरा सुनाउनु भए पनि दलितको बेदना उहाँहरूलाई थाहै हुँदैन किनकी उहाँहरू दलित होइन ।

मेलबहादुर सार्की र रणसिंह दमाईहरूसँग मेरो सम्बन्ध छ । दलितहरू ओडारमा बस्नु परेको पीडा र १६ औं शताब्दीमा जीवन बिताएकाको कुराहरू सबै कुराहरू लिनुभयो । मधिसेको कुरा गर्नुभयो, तर दलितको कुरा गर्नुभएन । उहाँहरूको दिमागमै दलित नभएर होला । संयोगले यहाँ सबै शाहीहरू हुनुहुन्छ । म त इलामको भएकाले दलितै भए पनि संयोगले यो स्थानमा पुगे । कर्णालीका दलितको त कुरै नगरौं । समावेशीको कुरा गर्दा रोल्पाको थवाङ भन्ने ठाउँमा रहेका सबै जनजातिलाई भुल्नु हुन्न । जहाँ छुवाछूत या भेदभाव छैन । पूर्णप्रकाश नेपालले आफ्नो अध्ययनमा यो कुरा धेरै पहिला भन्नुभएको थियो । कर्णालीका शाहीहरूले पनि हामी छुवाछूतको पक्षमा छैनौ भनेर अगाडि बढे राम्रो हुन्थ्यो कि । जातपातले गर्दा नै हामी पछाडि पर्‍यौं भन्न सके कति राम्रो हुन्थ्यो । त्यो हिम्मत गर्न सकिन्छ भन्ने कुरा अवधारणापत्रमा पनि आएन । दलितको स्थिति के छ भन्ने पनि समेटनुपर्छ । तीन लाख जनसंख्या भएको ठाउँमा दलित कति छन् ?

राज्यको पुनर्संचरना र संघात्मक प्राणलीमा जानुअघि हामीले आफ्नो थातथलो खोज्नुपर्ने भएको छ । पहाडे दलितहरू खसबाट झरेका हुन् । खसबाट झरेका हुनाले कहाँ को कति छ भन्ने कुरा ओझेलमा परेको छ, तर हामी ५०/५० प्रतिशत हौला । यसो हुँदा स्वायत्तताको भागवण्डा पनि बराबरी गर्नुपर्‍यो । यसो गर्दा कहिलेकाहीँ खसलाई पनि अरूले जित्ने हो कि, बहुमतमा पुग्ने हो कि, जे होस मिलेर जानुपर्ने हुन्छ । जातीय, प्रादेशिक स्वायत्तता कुन रूपमा हुन्छ, त्यो पनि आत्मनिर्णयको कुरा हो । यसैमा लाग्नुपर्छ । तपाईहरूले नै हामीलाई बेवास्ता गरिदिनु भयो भने स्वयम लंगडो हुनुहुनेछ ।

दलितहरू जातीयता, छुवाछूतको साथै बाटोघाटोलगायतका कुराले पनि पछाडि परेको हुन्छन् । चेतना स्तरको हिसाबले पछाडि पर्नु स्वाभाविक हो ।

कर्णाली क्षेत्र निश्चय पनि वञ्चितीकरणभित्र पर्छ । दुई सय ३७ वर्षदेखिको शाही अधिपत्यबाट वञ्चितीकरणमा परेको कर्णालीको विकासका लागि राज्यले एकमुष्ट क्षतिपूर्ति दिनुपर्छ । र, जहिले पनि समावेशीकरणको कुरा गर्दा चलनचल्तीमा

भनिए जस्तै आरक्षण होइन, कर्णालीबारे तयार पारेको खाकामा महिला, दलित अरू पिछडिएका वर्गलाई मिलान गर्न सकिएन भने अबको मोडालिटी पनि काम लाग्दैन ।

**जर्मन नेपाली**

म यहाँ तीनवटा कुरा राख्न चाहन्छु-एउटा कर्णाली विकासमा किन समावेशीकरण हुन सकेन ? भोलिको समावेशीकरणमा कर्णालीको हकमा कस्तो हुनुपर्छ ? र, त्यसका लागि आज के गर्ने ?

अहिले बजारमा विशेषतः पाँचवटा मुद्दा देखिएका छन्, एउटा दलितको मुद्दा हो । दलित छुवाछूत र सामाजिक संरचनाभित्र हेपिएको सबाल, अर्को महिलाले उठाएका लैगिक सबाल, अर्को मधिसेले उठाइरहेका छन्- अस्तित्व र पहिचानको सबाल । र, अर्को कर्णालीले उठाइरहेको छ- हामी विकासको मूलप्रवाहमा कहिले समावेशीकरण हुने भन्ने । यी सबाललाई मध्यनजर गर्दै हिजोको बहुदलीय प्रजातन्त्रलाई अब केही फेरबदल गर्नुपर्छ अर्थात राम्रो बनाएर लैजानुपर्छ । सबैको कुरा त्यहाँ हुनुपर्छ भन्ने आजको सिकाइ हो जस्तो लाग्छ । आज हामी खण्डीकरण होइन, एकता खोजिरहेका छौं । वास्तवमा १८४६ मा भएको एकता एकता थिएन । त्यो त खण्डीकरण थियोः कर्णालीलाई यो महसुस भएको छ किनभने एकता भनेको भूगोल मात्र होइन । यदि १८४६ सालमा एकता भएको हो र कर्णाली एकताको सीमा रेखामा आइपुगेको हो भने कर्णालीको संस्कार आउनुपर्थ्यो, संस्थाहरू आउनुपर्थ्यो, प्रविधि आउनुपर्थ्यो, एक प्रकारको समूह आउनुपर्थ्यो, अनिमात्र त्यसलाई एकता मान्न सकिन्छ । अनिमात्र भावनात्मक दृष्टिकोणले एक आपसको ऐक्यबद्धता, समान दृष्टिकोण, विशिष्टीकरण र सद्भावको सुरूवात हुन्छ । यी सब कुरा नभएकाले त्यो एकीकरण थिएन ।

आज हामी एकीकरण खोजिरहेका छौं । हामी अहिले केन्द्रीय राज्य संरचनाको कुरा मिसाउन खोजिरहेको छौं । यसो गर्दा हाम्रो पाटो अलि पर छोडे जस्तो लाग्छ । हामीले एकीकरण, १४ वर्षे बहुदलीय व्यवस्थामा कर्णाली कस्तो रह्यो र भोलिको समावेशीकरणमा कर्णाली कस्तो रहला भनेर तीन वटा पाटोको विश्लेषण गर्नुपर्छ ।

राज्य एकीकरणपछि कर्णालीले त्यहाँको समुदायबाटै खेल्ने भूमिका किटान गर्न सकेन र राज्यले दिनुपर्ने कुरा तान्न या राख्न सकेन । भोलि त्यहाँको समुदायले के भूमिका खेल्न सक्छ र राख्ने भन्ने विचार गर्नुपर्छ । जस्तो छाउपडी प्रथा अन्त्य गर्न यहाँबाट सहयोगीहरू जानुपर्छ भन्ने होइन हामी आफैं के गर्न सक्छौं भन्नेतिर सोच्नुपर्‍यो । अनि समाजको समावेशी सोच्दै सोच्दै आऊँ । बल्ल अहिलेको संरचनामा कर्णाली के हुने ? भन्ने आउँछ । भाषाको एकाधिकार, राजनीतिको एकाधिकार, जातीयताको अधिकार र एउटा लिंगको एकाधिकार देखिरहेका छौं, अहिले राज्यमा । भोलि पनि यही अवस्था रहने हो भने कर्णाली समावेशी होला त ? के रहन्छ कर्णालीको स्थिति भन्नेबाट हाम्रो छलफल अगाडि बढ्नुपर्छ ।

अवधारणापत्रमा आएका कुरा कसरी हामीले अगाडि बढाउने । कर्णालीका वास्तविक सबाल के हुन्, रणनीति कसरी बनाउने ? सबालपछि अडान बनाउने, त्यसपछि रणनीति बनाउने र सक्रिय भएर लाग्ने कि पुरानो पाराले काठमाडौंमै



समावेशी लोकतन्त्रको बहस चलेको छ, त्यही आवाज उठाउँ भनेर जाने । हैन भने हामीले कर्णालीबाटै गृहकार्य गरेर त्यसका आधारमा बाहिरका समुदायसँग सुझाव लिई अगाडि बढ्नु जरुरी छ ।

राज्यले हामीलाई प्रवृत्तिमा ठगिरहेको कुरा बुझ्नुपर्छ । उदाहरणका रूपमा २०५७/२०५८ मा कर्णाली विशेष कार्यक्रम भनी स्याउका बिरूवा ल्याएर कर्णालीका किसानलाई दिने काम भयो, तर १५ जातको बिरुवा भनिएकोमा चार जातको मात्र नयाँ बिरुवा दिइयो । अरू कर्णालीमै पाइने बिरुवा थिए, के ती बिरूवा हिमाञ्चलबाट ल्याउनु जरुरी थियो ? किन ती बिरुवा नयाँ हुन भनेर ठगेको ? चार जातका नयाँ हुन अरू त्यही पाइने हुन किन भनिएन ? यसैलाई मैले प्रवृत्ति भनेको । भोलि पनि यही प्रवृत्ति रह्यो भने के गर्ने भनेर आजै चिन्तन गर्नुपर्छ ।

कर्णालीको स्याउ वास्तवमै काश्मिरको भन्दा गुणस्तरीय छ । तर कर्णालीको स्याउको बजार प्रवर्द्धन गर्न केही गरिएको छैन । नेपाल विश्व व्यापार संगठनको सदस्य भइसके पनि बाहिरको स्याउमाथि प्रतिबन्ध लगाएर स्थानीय स्याउको प्रबर्द्धन सरकारले किन गरेन ? बाहिरको स्याउ ल्याउ खाऊ, कर्णालीको स्याउ कुहियोस् भन्ने प्रवृत्ति भोलि समावेशीकरणमा के हुन्छ भनेर सोच्नुपर्छ ।

**मुरारीप्रसाद उपाध्याय**

हामीहरू अवधारणापत्रमाथि छलफल गरिरहेका छौं । अघि नै कुरा आयो दृष्टिकोण त थियो, बेइमान भैदिए भनेर । सबै बेइमान छन् । मानिस थोरै प्रयत्नमा, थोरै समयमा धेरै कमाउन चाहन्छन् । राजनीति गरेको केही समय भएको हुँदैन, प्रधानमन्त्रीको सपना देखिहाल्छन् । व्यापार गर्न पाएको हुँदैन, तुरुन्तै नाफा खोज्छन् । जागिर खाएको पाँच वर्ष बितेको हुँदैन, उसलाई पाँच तले घर बनाउनुपर्छ । यो प्रवृत्ति हो । यो प्रवृत्तिले सकारात्मक भूमिका निर्वाह गरेमात्र विकास हुन्छ । संस्कृतिको विकास पनि हुन्छ र आर्थिक विकास पनि हुन्छ । बेइमानी भयो भने भ्रष्टाचार बढ्छ । यो सहज र प्राकृतिक कुरा हो यसमा हामी छलफल नै नगरौं । यही कारणले मानिसलाई नकारात्मक पक्षमा पुर्‍याउँछ भन्या हुनाले नै राज्यको परिकल्पना भएको हो । त्यसपछि पद्धति बनाउने कुरा भयो । सरकार चाहियो भन्ने कुरा भयो । सरकारले पनि जथाभावी गर्ला भनेर 'चेक एण्ड ब्यालेन्स' का कुरा आए, अनि त्यसलाई पालना गर्ने कुरामा संस्कृतिको विस्तारै विकास हुन्छ । कर्णालीको समस्या सम्बोधन गर्दा समग्र राज्य संरचनाको कुरालाई पनि लिनुपर्छ । स-साना तहका कर्णाली मुलुकका धेरै ठाउँमा छन्, तराई र पहाडमा पनि छन् । समस्या एक्लो कर्णालीको मात्र होइन, एक जना साथीले राज्यले कर्णालीलाई नराम्रोसँग हेपेको छ भन्नुभयो । आखिर राज्य भनेको के हो ? राज्यका सञ्चालकहरू कस्ता हुन् ? तिनीहरूलाई जनताले नियन्त्रणमा राखेका छन् ? त्यो पद्धति के हो ? प्रणाली के हो ? मूल्यांकन के हो ? संस्कृति के हो ? कुरा त त्यही आउँछ । यसो भएपछि संस्कृतिको विकास गर्नुपरेको छ अर्थात त्यसका लागि यस्तो संरचना बनाउनु परेको छ, जसले पुनः समस्या उत्पन्न हुन नदिउँ ।

यो अवधारणा पत्र सबै ठाउँका कर्णालीमा लागू हुन्छ । खासगरी अवधारणा प्रस्तोताले कर्णाली प्रदेशको कुरा उठाउनु भएको छ । त्यसमा पीडा छ, तथ्यांकले पनि भनिरहेको छ । पीडा दूर गर्न आग्रह छ । यसलाई हटाउन राजनीतिक प्रतिनिधित्व राष्ट्रिय स्तरमा र स्थानीय तहमा हुनुपर्छ भन्नुभयो । तर जनजातिको समावेशीकरणको प्रश्नलाई चाहिँ परै राखेको देखियो ।

तेस्रो कुरा अवधारणापत्रमा एकातिर राष्ट्रिय र स्थानीय स्तरमा राजनीतिक प्रतिनिधित्व र सहभागिताको कुरा छ, त्यो स्थानीय सरकारको वा विकेन्द्रीकरणको माध्यमबाट भनेर राम्रो कुरा गर्नुभएको छ । तर, तलतिर पढ्दै जाँदा आर्थिक-समाजिक पक्षः खासमा पूर्वाधार-बाटाघाटाको कुरा उठाउनुभयो । बाटो भएपछि हुन्छ भन्नु ठीक कुरा हो । विद्वानहरूलाई आ-आफ्नो कुरामात्र थाहा हुन्छ- स्याउ भयो भने ठीक हुन्छ वा स्याउ भएन भने ठीक हुन्छ भन्ने, तर कस्तो प्रकृतिको पूर्वाधार हामीलाई चाहियो भनेर कसले निर्णय गर्छ ? जोसुकैले गर्न सक्छ । म काठमाडौं बसेर पनि इच्छा गर्न सकौला, तर निर्णय कसले गर्ने भन्ने प्रश्न फेरि आउँछ । फेरि प्रतिनिधित्वको कुरा आयो, सहभागिताले मात्र पुग्दो रहेनछ, प्रभावकारी हुनुपर्‍यो । सहभागिता पनि अत्यन्तै गहकिलो र चहकिलो देखिनुपर्‍यो । त्यस्ता प्रकारका संरचनात्मक व्यवस्था पनि हुनुपर्‍यो भन्ने कुरा आउँछ । फेरि क्षमताको कुरा आउँछ । क्षमता कसले जाँच्ने त ? स्थानीय जनताले । घुमिफिरी प्रतिनिधित्वको कुरा आयो । यो कुरा देशका हरेक क्षेत्रमा लागू हुन्छ । अवधारणा प्रस्तोताले एउटा विरोधाभाषपूर्ण कुरा गरिदिनुभएको छ, समावेशीकरणको प्रसंगमा राष्ट्रिय योजना आयोग र अन्यत्र पनि प्रतिनिधित्व छैन भन्नुभयो । त्यसो भन्नु भएन । यदि हामी स्वायत्तता, हाम्रो क्षेत्र वा गाउँको विकास, हाम्रा आवश्यकता र प्रथामिकता कुरा गर्छौं भने निर्णय हामीले नै गर्ने हो । राष्ट्रिय योजना आयोगमा प्रतिनिधित्वको कुरा किन उठाउनु पर्‍यो । हामीले राष्ट्रिय योजना आयोग चाहिएन भन्नुपर्‍यो । त्यहाँ प्रतिनिधित्व खोज्ने होइन्, यदि हामी स्थानीय स्वायत्तताका कुरा उठाउँछौं भने ।

यो सानो विरोधाभाषपूर्ण कुरा हटाइ दिने हो भने यो कार्यपत्रले कर्णाली प्रदेशका लागि मात्र होइन, यो देशमा भएका साना-ठूला सबै प्रदेशको प्रश्नलाई सम्बोधन गरेको छ । समावेशीकरणका अन्य केही पक्षलाई पनि सम्बोधन गरेको छ ।

**चन्द्रबहादुर शाही**

जीवनजीले प्रस्तुत गरेको अवधारणापत्रलाई विश्लेषण गरेर हेर्दा के देखिन्छ भने- कर्णाली क्षेत्र लगायत अरू दुर्गम जिल्लालाई ३० वर्षे शासनले पनि सम्बोधन गरेन, बहुदलीय व्यवस्थाले पनि सम्बोधन गर्न सकेन । अब मुलुक यो स्थितिमा रहन सक्दैन, परिवर्तन हुन्छ र गर्नुपर्छ । यससँगसँगै पछाडि परेका क्षेत्रहरूलाई सम्बोधन गर्न यो यो कुरा समावेश गर्नुपर्छ भन्नेतिर लाग्नुपर्छ । मेरो विचारमा कर्णालीलगायत अन्य दुर्गम क्षेत्रलाई समावेशी व्यवहार नगर्दा द्वन्द्व चर्किएको छ । सहरबाट नभै गाउँबाट चर्किएको छ । यो विषय पनि समेटनुपर्छ जस्तो लाग्छ । यहाँ कर्णाली आयोगको कुरा पनि आयो, यो पहिल्यैदेखि उठेको कुरा हो । यो विषय किन उठ्यो भने हामी प्रतिनिधिसभाको सदस्य हुँदा पनि कर्णालीको विशेष कार्यक्रम ल्याउँदा खेरी



हामी, अन्य जनप्रतिनिधिहरू र त्यहाँ जनतालाई सोधिएन । जिल्ला र मन्त्रालय भ्रमण भत्ता र यातायात खर्चमै त्यो रकम सिध्याइयो । बोइलर कुखुराका चल्लाहरू कर्णालीमा वितरण गर्ने विशेष कृषि कार्यक्रममा त्यसरी ल्याइयो । त्यसकारण अन्यत्रको कुनै पनि व्यक्ति या प्रशासनमा रहेको होस् या योजना आयोगकै रहेकाबाट कर्णालीको समस्या सम्बोधन हुन सक्दैन । तसर्थ कर्णालीलगायत अरू दुर्गम जिल्लाका समस्या सम्बोधन गर्न छुट्टै आयोग हुनुपर्छ । अनिमात्र त्यो क्षेत्र अगाडि बढ्छ भनेर आयोगको कुरा उठेको हो । अहिलेकै अवस्थामा मुलुक रहन नसक्ने स्थिति देखिएकाले परिवर्तनसँगै यी कुराहरू सम्बोधन गरिनुपर्छ । यो अवधारणापत्र बारेमा धेरै कुरा उठिसकें ।

राजाका निरंकुशताविरुद्ध आन्दोलन भइरहेको र समावेशी लोकतन्त्रमात्र नभएर गणतन्त्रको कुरा उठिरहेको बेलामा भइरहेको यो छलफल महत्वपूर्ण छ ।

समावेशी लोकतन्त्रको स्वरूप र संरचनाभित्र कर्णालीको सबालमा कुरा गर्दा या राष्ट्रिय तहकै कुरा गर्दा राज्य संरचनाको सवाल उठाउने व्यक्तिका धारणा लेखहरूमार्फत बुझिसकेका छौं । गुलिया भाषण र चकलेटहरू धेरै खुवाइए । के पुनर्संरचनाको सबालमा प्रधानमन्त्रीको प्रत्यक्ष चुनाव गर्न तयार छौं ? के हामी राष्ट्रिय या जातीय परिवर्तन गर्न तयार छौं ? १५ वर्षे प्रजातान्त्रिक अभ्यासमा कर्णालीको अवस्था किन यस्तै भयो भन्ने कुरा बारम्बार उठे । पछिल्लो समयमा कर्णालीको उत्थान या विकासका लागि भनेर धेरै गैससहरूले कार्यक्रम लिए । यसबारे डा.केशवमान शाक्यलाई धेरै थाहा होला किनभने उहाँले २० वर्षको समस्या ४८ घण्टामा सकाउनुभएको छ । मैले त्यस बारे पनि सम्बन्धित निकायमा कुरा उठाएँ । यो विरोध होइन, प्रवृत्तिको कुरा हो । सीमित भाडाका मानिसको सम्मेलन गरियो, कामरेड कृष्णगोपाल श्रेष्ठको प्रमुख आतित्थ्यमा । हेलिकोप्टर चार्टर गरी नेपालगंजबाट पानी र समोसा लाने काम भयो । मैले यो उदाहरण किन दिएको हुँ भने के प्रजातन्त्रमा जसले जे गर्न पनि मिल्छ ? अहिले हामी समावेशी लोकतन्त्रका कुरा उठाइरहेका छौं । म त जन्मजात गणतन्त्रवादी, गणतन्त्रका कुरा उठाऊँ । तर व्यवहारमा लागू गरौं । साँचो लोकतान्त्रिक समाजवादको स्वरूपको कुरा गरिरहेका छौं तर विगतमा त्यस्तो प्रवृत्ति देखिएको हो । एउटा मुद्दा ल्याउने अनि फालिदिने र सारालाई झगडा गराएर आफ्नो स्वार्थपूर्ति गर्ने देखिए । फेरि हामी त्यतैतिर गइरहेका त छैनौं । यो कर्णालीको मात्र मुद्दा होइन । कर्णालीका मानिस आफ्नै कारणले पिछडिए, राज्यबाट उपेक्षित भए पनि कसैले कमाई खाने भाँडो बनाएको कुरा आफ्नै ठाउँमा छ । अवधारणापत्रबारे अघिल्ला वक्ताले भनिसक्नुभयो । गाँठी कुरा के हो भने कुन मानेमा र कसरी कर्णालीलाई राज्यको अन्य क्षेत्रसँग तुलना गरेर अगाडि लैजाने ? आज त्यहाँ शिक्षाका कुरा छन् । कर्णालीमा एउटा विश्वविद्यालय हुन्थ्यो होला, तर नहुनुमा हाम्रा केही कारण होलान् । हामी जनप्रतिनिधिका रूपमा रहँदा पनि त्यसमा पहल गरेनौं होला या पहल गर्दागर्दै अर्का आए होला । त्यहाँ खानेपानीको समस्या छ । बाटोघाटोको समस्या छ ।

पछिल्लो समयमा माओवादी समस्या धेरै आयो कतिपय मानिस सिद्धान्त जानेर लागे होलान् कति बाध्यता या जबरजस्ती लागे होलान । हामीले साँच्चै

लोकतान्त्रिक समावेशीकरणमा कर्णालीलाई अगाडि बढाउन चाहेको हो भने फेरि पनि हामी सबैले विगतका कुरा बुझ्नु जरुरी छ । हामी सबैले आफैलाई सुधार्नु जरुरीछ ।

**डा. वीरेन्द्रप्रसाद मिश्र**

यो अवधारणापत्रलाई तीन भागमा बाँड्न चाहन्छु । पहिला त यो सूचनामूलक हो । राष्ट्रको ठूलो भूभागको आर्थिक अवस्था के हो र कति पिछडिएको छ भन्ने जानकारी दिइएको छ । साथै समस्यालाई पहिचान गर्नु भएको छ । र, समस्याको समाधानका लागि बाटो औंल्याउनुभएको छ । म समावेशी लोकतन्त्रको बहसमा सामेल हुँदै आएको छु । हामी यसमा समावेशी, सहभागितामूलक र पूर्ण प्रजातन्त्र गरी तीन वटा विशेषणहरू थप्छौं । प्रजातन्त्र वा लोकतन्त्रमा सबैको सहभागिता हुनुपर्छ र त्यो पूर्ण रूपमा हुनुपर्छ । आधा भागको वा बाँडिएको प्रजातन्त्र प्रजातन्त्र हुँदैन । हामी १२ वर्षको कुरा गर्छौं, प्रजातान्त्रिक अभ्यासको कुरा गर्छौं । वास्तवमा त्यो अभ्यास अभ्यास भएकै हो जस्तो लाग्छ, मलाई । सम्झना होला-२०५८ असोज अगाडि १२ वर्षमा १२ वटा सरकार बने । वास्तवमा प्रजातन्त्र जुन रूपमा आउनुपर्ने हो, त्यो संविधानमा आए पनि व्यवहारमा हुन सकेन । त्यसैले असन्तुष्टिलाई अभिव्यक्ति गर्न हामी अहिले विभिन्न विशेषणहरू प्रयोग गरिरहेका छौं । चाहे त्यो मधिसे समुदाय होस् चाहे दलित समुदाय होस्, चाहे त्यो अविकसित प्रदेशको कुरा होस् । यो उठाउनु स्वभाविक हो भन्ने मैले ठान्दछु ।

ठूलो भूभाग ओगटेको, जनसंख्या अति कम भएको हिसाबले उहाँले राजनीति र विकासको कुरा उठाउनुभएको छ । राजनीतिलाई उहाँले दुई भागमा बाँड्नु भएको छ, प्रादेशिक निर्वाचन र समावेशी प्राथमिकतामा समानुपातिक नेतृत्व उहाँले माग्नु भएको छ । अहिले विश्वमा ६०/६५ मुलुक छन्, जहाँ समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा संसद्को गठन हुँदो रहेछ । ती मुलुकहरूमा यस्तो विविधता छैन, जुन हामी कहाँ छ । हाम्रोमा एक सय भन्दाबढी जनजाति छन् । के सबै समावेश हुन सक्छन् त ? यदि कर्णाली क्षेत्रकै कुरा गर्ने हो भने त्यहाँ एउटा गाउँको समस्या अर्को गाउँको भन्दा भिन्न हुन सक्छ । एक गाउँमा पनि विभिन्न जातजाति छन् । यथार्थसँग हाम्रो चिन्तनमा मेल खाइरहेको छैन ।

यसले गर्दा अवधारणापत्रमा रहेको कुरामा हामी विचार गरिरहेका छौ । पाँच/छ सय सासंदमात्र होइन, मन्त्री पद चाहिन्छ होला । फेरि उहाँले माग्नु भएको छ- संवैधानिक निकाय, त्यहाँ कति चाहियो ? समस्याको समाधान मानसिकता, संस्कारमा परिवर्तनले मात्र हुन्छ । प्रजातन्त्र भनेको संस्कार हो । मधेसको बारेमा केही पहाडियाले चासो राख्छ भने त्यो पुग्यो । यदि बाहुनले दलितका बारेमा उसलाई के गर्नुपर्छ भनेर सोच्यो भने पुग्छ । आखिर सिद्धान्त भनेको के हो ? अर्कोको बारेमा बोल्नु न हो । त्यसैले पछाडि पर्नुको कारण सोच हो, प्रतिबद्धताको कमी हो, जुन नेताको दूरदर्शिताको अभावमा भएको छ ।

आज देश संक्रमणकालबाट गुज्रिरहेको छ । आज या भोलि माओवादीसँग कुरा हुन्छ । राज्य संरचनाको कुरा पनि उठ्छ-उठ्छ । त्यसमा यस्ता समस्या ल्याउनुपर्छ ।



भोलि हुने राष्ट्रिय छलफल कर्णाली, दलित, मधेस, महिलाको मात्र होइन, समस्यै समस्याले ग्रसित विभिन्न समाजका पक्ष र त्यसलाई कसरी समावेश गर्ने भनेर खुराक जुटाउन यो अवधारणापत्र सफल देखिन्छ ।

**लक्ष्मणप्रसाद अर्याल (पूर्वन्यायाधीश-सर्वोच्च अदालत)**

मैले हरेक बहस रोचक र ज्ञानवर्द्धक ठानेको छु । आज विशेष गरी आफू पनि लाभान्वित भएको पाएँ । म न्यायाधीश हुँदा जिल्ला अदालतको निरीक्षण गर्न गएको थिएँ- तीन महिना जुम्ला र जुम्ला जस्तै चार/पाँच जिल्लामा । वर्षको तीन महिना कामै नहुने, हिउँ नै हिउँ टन्न हुने भएकाले अदालतले तीन महिनाभन्दा बढीका तारेख दिने ठाउँ । तर हाम्रो चलन त्यस्तो हुँदा पनि दिनदिनै अड्डा खुलेको देखाउनुपर्ने छ, दिनदिनै काम भएको देखाउनुपर्ने चलन छ । जबकी वास्तवमा काम भएको हुँदैन । त्यहाँ दुई वर्षमा मात्र न्यायाधीशको सरुवाको गुनासो आयो, जबकी त्यहाँ एक वर्ष बस्नु र अन्यत्र पाँच वर्ष बस्नु अझ त्यही बस्नु कठिन हुन्छ । त्यस कारण त्यहाँ पुलिस/प्रशासनले यो नियम लागू गरेका रहेछन् । अनि मैले एक वर्षमा सरुवा गर्ने सुझाव दिए । यो उदाहरण किन दिएको हुँ भने एक वर्ष बस्यो भने नौ महिना काम गर्नुपर्छ । अनि पो जो पनि राम्रा मान्छे जान्छन् । हेर्छन्, आउँछन्, अनुभव गर्छन् । रूढीगत वा केन्द्रीकृत सोचाइबाट हामीले हेरिरहेका रहेछौं ।

हाम्रो हरेक कुरा केन्द्रबाटै हुन्छ । प्रतिनिधित्वमूलक र संघीय पद्धतिमा जाँदा त्यहाँ कहिले बिदा दिन राम्रो हुन्छ, काम गर्ने महिना कुन उपयुक्त हुन्छ भन्ने हुन्छ । अहिले त निर्णय गर्नेले जुम्ला देखेकै छैन, जहाँ हिउँ परेको बेला तारेख लिन जान सकिँदैन, कर्मचारी पनि जान सक्दैनन्, कठिनाइ हुन्छ । हाम्रो गल्ती पञ्चायतकालमा पनि थियो, त्यसैलाई पानी छर्केर पञ्चायतको जात ल्याउने (चोख्याउने) काम भयो । जबकी त्यसो नभएको भए आज समावेशी प्रजातन्त्रको कुरा आउथ्यो ? प्रजातन्त्र भनेको नै सबैको सहभागिता हो । निश्चित व्यक्तिको हुने हो भने त्यो त शोषक र सामन्तीको व्यवस्था भयो । निरंकुश व्यवस्था भयो । प्रजातन्त्र त सबैको सहभागिता हुने, सबैलाई आत्मनिर्णयको अधिकार हुने हो । त्यसो भएकाले हामी कहाँ वास्तविक प्रजातन्त्र व्यवहारमा देखिएन, कागजमा देखियो । संविधानमा हामीले व्यवस्था गर्‍यौं व्यवहारमा उत्रेन । परिणाम दिन्छ-व्यवहारले, सिद्धान्तले दिँदैन । जानकारीले मात्र परिणाम दिँदैन, क्रियाले दिन्छ ।

हाम्रो मानसिकता प्रजातान्त्रिक भएन । अनि असमावेशीको समस्या आयो । त्यसकारण अब हामीले असमावेशी हुनुको धरातल हेरौं । समावेशीको कुरा गरिरहेका छौं, यसको अर्थ व्यापक छ । समुन्द्रमा एक पटक पानीको परिभाषा गर्नु भन्दा अगाडि हामीले कुवा/धाराको पानी जुन हामीले दैनिक प्रयोग गरिरहेका हुन्छौंलाई हेरौं, अनिमात्र समुद्रमा जान सजिलो हुन्छ । असमावेशीका कारणहरू के-के हुन् ? अवधारणा प्रस्तोताले भौगोलिक विकटतालाई कारण औंल्याउनुभएको छ । यो अति राम्रो कुरा हो । मलाई शिक्षाप्रद लाग्यो । यो भोलि नयाँ संविधान बनाउनुपर्ने स्थितिमा पृष्ठभूमी सामग्रीका रूपमा लिने गरी हामीले संकलन गरिराखौं । अब त नयाँ संविधान अनिर्वायता हो । यो कसैले रोकेर रोकिदैन्, छेकेर छेकिँदैन । अब बाघ

खोरबाट बाहिर निस्किसक्यो, त्यसलाई रोक्न सकिँदैन् । उसलाई चित्त बुझाएर मात्र खोरमा राख्न सकिन्छ नत्रभने नसकिने अवस्था मुलुकमा छ ।

अमेरिकी संविधान बन्नुभन्दा अघि पनि यस्तै (बहस) भएको थियो । बहुत राम्रो हो । संविधान जो सुकैले बनाओस् बनाउँदा विचार गर्नुपर्ने प्राथमिक कुराहरू हरेक शुक्रबार छलफल भइरहेको छ । विशेषज्ञको सहभागितामा भइरहेको छ । शाहीजीको अवधारणापत्रमा त्यहाँको चित्रण गरिएको छ । कुनै पनि अवधारणापत्रको सफलता त्यसले उठाएको विषयले ध्यान तान्यो कि तानेन भन्नेसँग रहन्छ । यो अवधारणात्र यही दृष्टिले सफल छ । अहिले र २०४६ सालको आन्दोलनमा केही फरक छ, पहिला सहरीकृत आन्दोलन थियो, फाइदा पनि सहरियाले नै लिए । अब हामीले आफ्नो भूमिका निर्वाह गरेपछि निश्चिय नै हाम्रो श्रेय निर्णायक हुन जान्छ ।

कार्यपत्रले ध्यान प्रशस्त तान्यो । छलफलको उद्देश्यलाई थप 'डाइनामिक' बनाइदियो । जनजाति, दलित वा अरूको कुरा ल्याउनुभयो भने केन्द्रिकृतहरूले मुलुकलाई विखण्डनतिर लान लाग्यो भन्छन् । टुक्राटुक्रा पार्न लाग्यो भन्छन् । त्यसलाई मध्यनजर राख्नुपर्छ । तिनलाई मुखभरीको जवाफ दिनुपर्छ । हामीले अनेकतामा एकता कसरी गर्ने भन्ने मूल प्रश्न हो । एकता निश्चयनै चाहिएको छ । हामी सबै नेपाली हौं । यो पक्षबाट हेर्नुपर्‍यो ।

अहिले समावेशी प्रजातन्त्र हुनुपर्छ भन्ने कुरामा दुईमत नै छैन । यसबारे बहस गर्नु जरुरी छैन । फैसला भइसकेको छ । सबै समावेश हुनुपर्छ किनभने यो बहुदलीय व्यवस्थाको प्रमुख खराबी सबैलाई समावेशी गर्न व्यवहारमा सकेन । संविधानको धारा ११ ले भौगोलिक विकटतालाई हेरेको छ । तर, त्यसले केही तातोभुत्लो भएन । सरकारले त्यस किसिमको कुनै कार्यक्रम लिएर आएन । संविधानमा विशेष व्यवस्था गर्न सक्ने प्रावधान छ । म सर्वोच्चमा छँदा विशेष कानून बनाई पाउँ भनेर आएको मुद्दामा प्रशासकले नै दरपिठ गरिदिए । संविधानअन्तर्गतको कुरा त सरकारको जवाफ नै नमगाई दरपिठ गरियो, यो प्रवृत्ति हामीमा देखियो । अब यसबारे विचार गर्नुपर्छ । अब संविधानसभाको स्थिति आयो । संविधानसभा-संविधानसभा भनिरहनु पर्दैन, झुपडीमा बस्ने नेपालीले पनि बुझिसकेको छ, जानिसकेको छ । अब कसरी कर्णाली लगायतका क्षेत्रलाई व्यवहारमा समावेश गर्ने भनेर हेर्नु जरुरीछ ।

**छलफलमा उठेका विषयमाथि प्रकाश पार्दै जीवनबहादुर शाही**

हाम्रो भूमिका अहिले प्रस्ट छ । २०४६ सालको आन्दोनलमा जुम्लाका दुई/चार जनाबाहेक कोही जेल पनि परेन । आन्दोलन पनि भएन । यो कुरा हामीले स्वीकार गर्नुपर्छ । तर आज हेर्नुस् मुगुमा गोली चलेको छ, मुगुका कार्यकर्ता घाइते भएका छन् । हुम्ला-जुम्लामा कार्यकर्ता थुनिएका छन् । र, कर्णालीका मानिस एउटै जेलमा चार/पाँच जना देखिएका छन्, अहिले । हाम्रो भूमिका प्रजातन्त्र ल्याउन अगाडि बढिरहेको छ भन्ने मलाई लागेको छ ।

जर्मनजीको प्रश्नले दलित र माथिल्लो तहको स्तर कति माथि छ भन्ने प्रष्ट्याउँछ । त्यहाँका दलित ओडारमा बस्ने अरू राम्रो ठाउँमा बस्ने भन्ने गलत



सूचना उहाँसँग रहेछ । घर सबैको एकै ढाँचाको छ । फरकचाहिँ छुवाछूतको कारण उनीहरूको हातको पानी नखाने परम्परा थियो । पानी नचल्ने भएर दलित भएको हो ।

तर हजुरहरूलाई सम्झना होला, कर्णालीबाट मान्छे आयो भने यसलाई भेट्यो भने फोहोरी छ, गन्हाउँछ भन्ने चलन छ । यसरी हेर्दा हामी पनि दलित भयौ कि भएनौं ? भौगोलिक दलित भनेको त्यही हो । केही मानिस हामीलाई भेट्नै चाहँदैनन् । हुँदाहुँदा काठमाडौंकै कोही हुम्ला-जुम्ला गएर फर्क्यो भने नुहाएर मात्र बस्नुस् है भन्ने चलन आइसक्यो । अरू सबैका कुरा रचनात्मक, सहयोग पुग्ने खालको पाएँ । मुरारी सरको कुरा गर्दा कुन संरचनामा जाने भन्ने थाहा छैन । म पनि विकेन्द्रीकरणको क्षेत्रमा संघात्मक र एकात्मक भन्दामा शक्ति कसरी हस्तान्तरण हुन्छ ?

अमेरिकामा ५० वटा राज्य छन् । तर क्यालिफोर्निया राज्यको जति अधिकार अरूमा छैन । भोलि संघीय राज्य भयो भने भेरी, कर्णाली, महाकाली सबै समावेश होलान तर कर्णालीको स्थिति के हुने ?

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको सातौं शृंखला २०६२ फागुन १६ गते प्रस्तुत विचारहरू)

शृंखला ८

# समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा मधेसी सवाल

अवधारणा : जयप्रकाश प्रसाद गुप्ता
टिप्पणी : डा. डिल्लीराम दाहाल



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

मुलुक समावेशी लोकतन्त्रका पक्षमा एकमत भइसक्यो तर पनि समावेशी लोकतन्त्रबारेको अन्यौल र द्विविधा भने समाप्त हुन सकेको छैन । यी अन्यौलहरूलाई चिर्दै र धारणाहरूमा समानता पनि विकास गर्दै जाउँ भन्ने उद्देश्यका लागि यो बहसलाई समावेशी लोकतन्त्रका विभिन्न आयामहरूमा केन्द्रित गरी वर्षभरि निरन्तरता दिने प्रतिबद्धत्ता फ्रिडम फोरमले लिएको हो । राष्ट्र निर्माणका लागि फ्रिडम फोरमको बहस शृंखलाको दसौं सातामा आठौं शृंखलामा आइपुगेका छौं । आज हामी मधेस र मधेसीको सवालमा छलफल गर्दैछौं ।

आजको छलफलमा अवधारणा प्रस्तुत गरिदिन हामीले आदरणीय जयप्रकाश गुप्तालाई आग्रह गरेका छौं । टिप्पणीका लागि हामीले प्रा. डिल्लीराम दाहाललाई अनुरोध गरेका छौं । अर्का टिप्पणीकार हमिद अन्सारीलाई हामीले आमन्त्रण गरेका थियौं । उहाँको बुवा बिरामी पर्नुभएकाले आजै बिहान उहाँ उपत्यका बाहिर जानुभयो । त्यसैले उहाँ उपस्थित हुन सक्नुभएन । अधिकांश साथीहरू यसअघिका कार्यक्रममा सहभागी भइरहनु भएकाले यसको पृष्ठभूमि र अन्य विषयहरूका बारेमा केही भन्नु आवश्यक ठान्दिनँ । अब सोझै विषय प्रवेशका लागि जयप्रकाश गुप्ताज्यूलाई अनुरोध गर्छु ।

## अवधारणा

मुलुकमा हाल सर्वाधिक चर्चाको विषय रहेको राज्यको पुनर्संरचनाको सवालमा मधेसका दृष्टिकोणहरू के हुन भन्ने बारेमा चर्चाका लागि मौका दिनुभएकोमा फ्रिडम फोरमलाई धन्यवाद दिन चाहन्छु। गत पुसको २८ गते जनकपुरमा भएको सात दलको आमसभामा लगभग ३ लाख मानिसले भाग लिएका थिए। यसमध्ये अधिकांश सहभागीहरू मधेसी सांस्कृतिक समूहका थिए। त्यस बृहत् जमातलाई हेरेर उद्‌वेलित हुँदै कांग्रेस र एमालेका शीर्षस्थ नेताहरूले भनेका थिए:- 'मधेसमा उर्लेको यस उपस्थितिले बताएको छ कि, अब जनआन्दोलनको सफलतालाई कसैले रोक्न सक्दैनन्। यसको एक महिना नबित्दै राजाले गराएको निर्वाचनमा मधेसीहरूको वर्चस्व रहेको मधेस क्षेत्रका प्रायः सबै नगरपालिकाहरूमा अपेक्षाकृत बढी प्रतिशत मतदान भयो। त्यस निर्वाचनमा राज्यले धाँधली गरेकाले, मधेसीहरू सत्तालोलुप भएकाले, राजनीतिक रूपमा अचेतन रहेकाले बढी प्रतिशतमा मतदान देखिएको जस्ता निष्कर्षहरू निकालेर सात दल र नागरिक समाजले आन्दोलनको उत्कर्षको अर्को जोखाना हेर्दैछन्। तर किन यसो भयो भनी ध्यान दिन चाहेका छैनन्। ००७ सालदेखि हरेक आन्दोलन तथा सशस्त्र क्रान्तिहरू, ०३६ सालको जनमतसंग्रह तथा त्यसपछिका सबै आन्दोलनहरूमा निसर्त एवं एकाग्र लागेको मधेसले अब चाहेको विश्वास, अश्वासन र भरोसाका शब्दहरू जनकपुरको त्यस सभामा कुनै पनि एक नेताले व्यक्त गर्ने राजनीतिक इमान्दारिता देखाएनन्। यसलाई आन्दोलनका अभियन्ताहरूले कसरी मूल्यांकन गरिरहेका छन् ? के हो यो लोकतन्त्र ? कुन अर्थ र स्वरूपमा यो मधेसको लागि असोज १८ र माघ १९ अघिको प्रजातन्त्रभन्दा फरक र अब सार्थक हुन्छ ? प्रजातन्त्र भन्ने शब्दबाट रैतीको अर्थ लाग्ने भएकाले मात्र अब लोकतन्त्र भनिएको हो भने यस लोकतन्त्रको लागि किन आन्दोलन गर्ने भन्ने प्रश्न उठ्छ नै। यो संशय मधेसीको मात्र होइन, राजधानीका सडकहरूमा भाषिक, सांस्कृतिक र जातीय सवालहरूमा सजिलै एक ढेड लाख मानिस उतार्ने दलित र जनजाति समुदायमा पनि यही प्रश्न छ । यिनका महासंघहरूले आफ्नै समूहमा प्रभाव जमाउन सकिरहेको छैनन्। यसो भन्नुको अर्थ यी समुदायहरू राजातिर लागेको कदापी होइन, तर हालसम्मको लोकतान्त्रिक आन्दोलनका मुद्दाहरूले कम आकर्षित गरेको पक्कै हो।

वि.सं. २०४६ सालको जनआन्दोलनको जनलगाब र उत्प्रेरणाको तथ्यहरूलाई आन्दोलनकारी शक्तिहरूले पछि यथा रूपमा मूल्यांकन गर्न नसक्नु वर्तमानमा देखिएको समस्याका आधारभूत कारण हुन्। त्यस आन्दोलनको सफलतापछि पूर्णलोकतान्त्रिक शासन व्यवस्थाका लागि आवश्यक सवालहरूमा छलफल भई नयाँ बन्ने संविधानमा व्यवस्था हुने कुरा प्रति सबैको स्वाभाविक विश्वास थियो। तर जन अपेक्षाका सबै विषयहरूलाई पछि पन्छाउने कार्यले गर्दा नेपाललाई लोकतान्त्रीकरण गर्ने एजेण्डा अपूर्ण रह्यो। आज आएर त्यत्रो तितो अनुभवका बाबजुद पनि हालका संसद्‌वादी राजनीतिक दलहरू परिवर्तनका मूलभूत विषयहरूमा अझै इमान्दार देखिएका छैनन्। समावेशी लोकतन्त्रको कुरा गरे पनि यसका स्वरूपका बारेमा दलहरू मौन छन्। अबको भावी राज्यसंरचनामा शताब्दीऔंदेखि जातीय विभेदमा



परेका मधेसी, दलित तथा जनजातिहरूको स्थान कस्तो हुने ? यसबारे दलहरूको कुनै निष्कर्ष छैन। लाग्दछ, दलहरूले नेपाली समाजको बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक चरित्रलाई आत्मसात गर्न सकेको छैन। अझै एक वर्ग तथा एउटै जातिको अविच्छिन्न बर्चस्वको एकात्मवादी संरचनाको रक्षाका लागि संविधानसभाको मागलाई देशको बिखण्डनसँग जोडेर हेर्ने सामन्ती सोच अपनाई बसेका छन्। फलतः आमूल परिवर्तन, पूर्ण लोकतन्त्रको स्थापनाका लागि तयार हुँदै गएको आन्दोनकारी मानसिकता संसद्‌वादीहरूको प्रतिगमन सच्याउने आन्दोलनसँग जुट्न सकेको छैन्। यो संसद्‌वादीहरूको सबैभन्दा कमजोर पक्ष हो। यसमा वाञ्छित सुधारबिना आन्दोलन निर्णायक हुन तथा लोकतन्त्रको लागि सही स्वरूप र शक्ति ग्रहण गर्न सक्दैन। तसर्थ अब राजनीतिक दलहरूले द्वन्द्वको यस यथार्थ चरित्रलाई बुझ्नु पर्दछ र राष्ट्रको बहुजातीय, बहुसांस्कृतिक तथा बहुधार्मिक मौलिकताअनुरूप समावेशी एवं पूर्ण लोकतान्त्रिक शासन पद्धति स्थापनाको स्पष्ट रूपरेखाका साथ बृहत् र उदार राजनीतिक मोर्चाको निर्माण गरी निर्णायक जनआन्दोलनको पृष्ठभूमि तयार गर्ने कार्यमा लाग्नुपर्दछ।

माओवादीहरूले आफ्नो संघर्षको ध्येय आमूल परिवर्तन भनेका छन्। तर मुलुकका भावी राज्यसंयन्त्रको सवालमा खासगरी आन्तरिक औपनिवेशिक शोषण एवं उत्पीडनबाट मधेस तथा मधेसीहरूको मुक्ति र उनीहरूको राष्ट्रिय पहिचान, नागरिकता समस्याका साथै संघीय प्रणाली, क्षेत्रीय स्वायत्तता वा स्वशासनको अथवा जातीय मुक्तिको सवालमा आफ्ना दृष्टिकोणहरूलाई आजसम्म स्पष्ट पारेका छैनन्। माओवादीहरूले आफ्नो राजनीतिक एजेण्डाको रूपमा जातीय स्वशासन तथा जातीय प्रदेशहरूको गठनको कुरा व्याख्यारहित रूपमा उठाएका छन्। नेपालको सन्दर्भमा, खासगरी जनअपेक्षा अनुरूपको संघीय राज्यव्यवस्था र भौगोलिक अवस्थितिको प्रादेशिक संरचनाको विकल्पमा जातीय स्वशासन तथा जातीय प्रदेशको राज्य ढाँचाले मुलुकको एकतालाई प्रवर्द्धन गर्दै कसरी मधेसी, दलित, जनजाति आदि समुदायहरूलाई समग्रतामा राष्ट्रिय मूलधारमा सहभागी गराउन सक्छ ? यसबारेमा माओवादीहरू बोलेका छैनन्। उल्लेखनीय रूपमा रहेको मधेसको समस्याका बारेमा माओवादीहरूका दृष्टिकोण सामग्र र एकीकृत देखिएको छैन। माओवादीहरूद्वारा कल्पित जातीय प्रदेशहरूले वर्तमान प्रजातान्त्रिक परिवेशमा भौगोलिक एवं जातीय आधारमा विभेद भोगिरहेका मधेसी समुदायका झै अन्य सबै समुदायहरूको मौलिक, सांस्कृतिक, धार्मिक, भाषिक एवं राष्ट्रिय पहिचानको विकासमा समान सहभागिता र अवसरहरूको समानता तथा योगदानलाई कसरी सुनिश्चित गर्न सक्दछ ? माओवादीहरूले अझै यस्ता विषयहरूमा बोलेका छैनन्।

शस्त्र धारण गरेका माओवादीहरू स्पष्ट रूपमा यस्ता विषयहरूमा नबोलेको कारणले गर्दा नै माओवादीबाट छुट्टिएर किराँत वकर्स पार्टी र तराई जनतान्त्रिक मुक्ति मोर्चाहरू पृथक सशस्त्र बाटोतिर लागेका छन्। फलतः आज माओवादीहरू मात्र होइन्, अन्य पक्षहरू पनि विद्रोहमा छन्। थारूवान क्षेत्रमा, किराँत क्षेत्रमा तथा मधेस क्षेत्रमा जातीय मुक्ति र प्रादेशिक आत्मनिर्णयको सवालहरूमा पछिसम्म

माओवादीहरू टिक्न सक्ने/नसक्ने आशंकाका साथ भिन्नै खालको सशस्त्र विद्रोहको अभ्यासले पनि ठाउँ बनाउँदैछ ।

नेपालको द्वन्द्वलाई नजिकबाट नियाली रहेका मित्र राष्ट्रहरू तथा संयुक्त राष्ट्र संघजस्ता निकायहरूले पनि यहाँको द्वन्द्वको मुख्य कारण नेपालमा विद्यमान भाषा, भेष, धर्म र एउटा जातिको पूर्ण वर्चस्वको विभेदकारी तथा एकात्मवादी शासन हो भन्ने तथ्यलाई राम्ररी बुझ्न सक्नुपर्दछ । तसर्थ नेपालको भावी राजनीतिक ढाँचामा यहाँका सबै जनता, सबै जातीय तथा प्रादेशिक एवं सांस्कृतिक समुदायहरूका लागि पूर्ण प्रतिनिधित्व हुनुपर्दछ भन्ने कुरा नै नेपालमा दीर्घ शान्तिको पूर्वआधार हुने तथ्यलाई समयमै बुझ्नु पर्दछ ।

माओवादीहरूले समग्र परिवर्तनका लागि एकमुष्ट रूपमा संविधानसभालाई औषधी भनेको छ । यो रणनीति नहोला । नागरिक समाज पनि आज संविधानसभाको पक्षमा उभिएको छ । यो पनि यस वर्गको फुर्सदको दिमागी कसरत पक्कै नहोला । मुलुकका आदिवासी, दलितहरू, जनजाति र मधेसीहरू इमान्दारीका साथ संविधानसभाका पक्षमा उभिएका छन् किनभने यी वर्गहरूले चाहेको राजनीतिक समाधान र राज्यको संरचना वर्तमान संविधानबाट किमार्थ पनि सम्भव । खासगरी मधेसी समुदाय तीनवटा कारणहरूबाट संविधान सभाको पक्षमा उभिएका छन् ।

**पहिलो, वर्तमान संविधानको संरचनाबाट मधेसीहरूविरुद्धको जातीय विभेद समाप्त हुँदैन । दोस्रो, संघीय संरचनाभित्र निर्माण हुने प्रादेशिक राज्य ढाँचा बाहेकको अवस्थामा मधेसीहरूले आफ्नो क्षेत्रको विपुल प्राकृतिक स्रोत तथा सम्भाव्यतालाई स्वनिर्णयको आधारमा आफ्नो प्रदेशको विकासका लागि उपयोग गर्न सक्दैनन् । तेस्रो, नयाँ संविधान नबनुञ्जेल नागरिकताको समस्याको समाधान सम्भव छैन । यसका अतिरिक्त पनि केही कारणहरू छन्, जसले मधेसीहरूलाई संविधानसभाको बाटोमा हिँड्न बाध्य गराएको छ ।**

मधेसी समुदाय बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा विश्वास गर्छ । जनसंख्याको अनुपातमा मुलुकको शासन संरचनामा आफ्नो हकलाई स्थापित गराउन चाहने यो समुदायले त्यस प्रजातान्त्रिक मान्यताको उल्लंघन गर्ने प्रश्न नै उठदैन् । अविच्छिन्न नेपाल राष्ट्रको सीमा भित्र स्वायत्त प्रादेशिक सरकारको मान्यता मधेसीहरूको राजनीतिक एजेण्डा हो ।

नेपाल अहिले इतिहासकै सबैभन्दा ठूलो दिशाहीनताको अवस्थामा छ । मुलुकमा बेलायती ढाँचाको बहुमतीय संसदीय राजतन्त्रात्मक प्रणालीको अभ्यास विफल भएको छ । तर यसलाई प्रतिस्थापित गर्ने भावी संविधान र नयाँ राज्य व्यवस्थाले स्पष्ट रूप लिइसकेको छैन । यसका लागि यौटा विधिसम्मत र निर्धारित प्रक्रियाका आधारमा हुने संवैधानिक परिवर्तन अपरिहार्य भएको छ । यस क्रममा अहिलेको मुलुकको मूल बहस नै संविधानसभाको माध्यमबाट भावी राज्य-संरचनाको स्वरूपको निर्धारण भएको छ । आज नागरिक समाजबाट यस विषयमा गम्भीर चासो प्रकट भएको छ । नयाँ संविधान कस्तो हुने ? संविधानसभाको चुनावी प्रक्रिया कुन प्रकारको हुने ? यस्ता सवालहरू माओवादी, संसद्वादी, राजावादी र आमजनता सबैको लागि पूर्ण लोकतान्त्रिक व्यवस्था निर्विकल्प विषय बन्न गएको छ । यिनै



विषयहरूकाउपर व्यापक छलफल, बहस र अन्तरक्रियाको आवश्यकतालाई महसुस गरी यहाँ संक्षिप्त रूपमा केही सवालहरूलाई प्रस्तुत गरिएको छ ।

**मधेसी सवाल-१**

**संविधानको संशोधन अर्थहीन**

नेपालमा आजसम्मका कुनै पनि संविधान निर्वाचित प्रतिनिधिहरूको सहभागितामा निर्माण भएका होइनन् । त्यसैले कुनै पनि संविधानहरूमा जनताको शक्तिलाई राजसंस्थाको शक्ति र प्रभाव भन्दामाथि स्थापित गर्न सकिएन र संवैधानिक सर्वोच्चता स्थापित हुन सकेन । तसर्थ आजको राजनीतिक निकास भन्नुनै संविधानमा उपरोक्त मान्यताहरूलाई स्थापित गर्नु हो । यो कार्य हाल मृत प्रायः रहेको संविधानलाई पुनर्जिवित गरेर हुन सक्दैन् । तसर्थ पूर्ण लोकतान्त्रिक प्रणालीमा विश्वास गर्ने एवं आस्था राख्ने सबै पक्षहरूले अब संविधान सभाको पक्षमा उभिन सक्नुपर्छ किनभने, मुलुकमा आज निर्धारण गर्नुपर्ने मुख्य विषयहरूः १) पूर्ण लोकतान्त्रिक व्यवस्थाका लागि राज्य संरचनामा परिवर्तन, २) सेनालाई नागरिक सरकारको मातहत ल्याउन, ३) जनतालाई मात्र राजकीय शक्तिको प्रमुख स्रोत र पूर्ण सार्वभौमसत्ता सम्पन्न बनाउन, ४) जनमत संग्रह मार्फत संविधानका हरेक कुरालाई परिवर्तनीय बनाउन, ५) विफल भइसकेको बेलायती ढाँचाको लोकतन्त्रलाई अन्त्य गरी नयाँ विकल्प दिन, ६) संघीय संरचनाका साथै क्षेत्रीय अथवा जातीय स्वायत्त शासन र आत्मनिर्णयको अधिकार, ७) मधेसी, जनजाति, दलित र महिलाहरूको लागि समता, निष्पक्षता र सामाजिक न्यायको प्राप्ति, ८) संवैधानिक सर्वोच्चता अथवा संसदीय सर्वोच्चताको स्थापना, ९) निर्वाचन प्रणालीमा परिवर्तन, १०) बहुदलीय व्यवस्थाको लोकतान्त्रीकरण, विधिको शासन, ११) राजकीय शक्ति, साधन र स्रोतमाथि सबै समुदायका जनताको बिना भेदभाव पहुँचको व्यवस्था गर्न, १२) मधेसीविरुद्ध जातीय विभेदको अन्त्य, १३) मधेस र मधेसीमाथि शाताब्दीयौंदेखि कायम रहेको आन्तरिक उपनिवेशीकरणको समाप्ति र १४) आधारभूत मानव अधिकारको स्थापना जस्ता कुराहरू संसद्को पुनःस्थापना गरी वर्तमान संविधानमा संशोधन गरेर प्राप्त हुन सक्दैन ।

**मधेसको सवाल-२**

**मधेसीको मान्यता अपरिहार्य**

मधेसका मानिसहरूले मधेसी पहिचानका आधारमा सामाजिक, आर्थिक र राजनीतिक हक पाउनुपर्दछ भन्ने माग उठाउना साथ केही व्यक्तिहरूले कसलाई मधेसी भन्ने ? त्यहाँ बस्ने पहाडिया मूलकालाई किन नभन्ने जस्ता कुराहरू, मुसलमानलाई कसरी मधेसी भन्ने, जनजाति र दलित कसरी मधेसी हुने, मारवाडी तथा पंजाबी कसरी मधेसीजस्ता भ्रमात्मक कुराहरू उठाउने गरेको पाइन्छ । वास्तवमा समग्र नेपालका झै मधेसको संरचना पनि बहुभाषिक, बहुजातीय र बहुधार्मिक प्रकारको छ । तर जीवनयापनका प्रक्रिया तथा परम्परागत बसोबासको एकल क्षेत्र एवं सांस्कृतिक सहकार्यको आधारमा जुनसुकै भाषा, धर्म र अनुहारको

मधेसी भए पनि तिनीहरू पहाडी मूलको भन्दा पृथक र मधेसीको रूपमा सदृश्य छन् । मधेसमा बस्ने गरेका पहाडी मूलका मानिसहरू मधेसी होइनन्, तराईबासी हुन् । पहाडीमूलका मानिसहरू मधेसमा तराईको सिर्जना गरी बसोबास गरेका हुन् । मिथिला, सिमरौनगढ तथा कपिलवस्तु जस्तो प्राग ऐतिहासिक मानव बसोबासको क्षेत्रका लागि यथार्थमा तराई होइन 'मधेस' वास्तविक सम्बोधन हो । त्यहाँका मूल बासिन्दा नै मधेसी हुन् । यसमा मधेसका थारू, मुसलमान, जनजाति समूहमा पारिएका अनुहारहरू, हिन्दु र जैन दुवै धर्म मान्ने मारवाडीहरू तथा शिख धर्म मान्ने पञ्जाबीहरू सबै मधेसी नै हुन । नेपालको वर्तमान 'मधेस' वि.सं. २०१६ सालपछि मुलुकको उत्तरी क्षेत्रहरूबाट भएको अप्रवासनको क्रममा सुकुम्बासीहरूले फाडेको झोडा होइन, नत कामको खोजीमा भारतीय राज्यहरूबाट आई फाटफुट रूपमा बसेको एकाध टोल नै हुन्-मधेस । राज्यले यस प्रदेशको त्यो पौराणिक मौलिकता नझल्कोस् भनेर यसलाई नियतवस तराई भन्दछन् । अब हामी यस भू-भागलाई नेपालको मधेस भनौं ।

आन्तरिक औपनिवेशिक शोषण तथा उत्पीडनलाई कायम राख्न अन्य षड्यन्त्र, जालझेलका अतिरिक्त राणाकाल र पञ्चायतकालदेखिनै मधेसीहरूलाई जात/जति, भाषा र धर्मको नाममा फुटाउने, एक आपसमा लडाउने र कमजोर पार्ने कार्य पहाडीया शासक वर्गले गरी आएका छन् । थारूलाई आम मधेसीबाट अलग्याएर कमजोर एवं एक्लो पारी शोषण गर्नु, मुसलमानहरूलाई धर्मको नाममा भारतीय संविधानको एक अनुसूचीमा अल्पसंख्यक भनिए झै अल्पसंख्यकको पृथक अस्तित्वको लोभ देखाएर फुटाउनु, भोजपुरी, अवधी र मैथिली भाषाभाषीहरूका बीच द्वन्द्वको सिर्जना गराउनु, दलित मधेसीलाई आम मधेसीको विरुद्ध उचालेर प्रयोग गर्नु, राजवंशी, गनगाई, धिमाल, सन्थाल आदिलाई गैरमधेसीको रूपमा प्रस्तुत गर्नु, कोसी पूर्वको मधेस भूमिलाई मधेस भनी स्वीकार नगर्नु, मधेसीहरूको भूमिकब्जा गरेर सुकुम्बासी, राजनीतिक पीडित, पुनर्वास कम्पनी आदिको नाममा गैर-मधेसी अर्थात पहाडीयाहरूलाई बसाउनुजस्ता गतिविधिहरू राज्यले शताब्दीयौंदेखि गर्दै आइरहेका छन् । यस परिस्थितिको अन्त्यका लागि मधेसी सांस्कृतिक समुदायभित्रका सबैलाई मधेसीको रूपमा मान्यता दिइनुपर्दछ ।

**मधेसी सवाल-३**

**मधेसीको स्वतन्त्र पहिचानका लागि संघीय प्रणाली हुनै पर्दछ**

नेपालमा विद्यमान एकात्मक राज्यप्रणालीको पहिलो दुष्प्रभाव मधेसीहरूको स्वतन्त्र पहिचान समाप्त हुँदै जानु हो । आज मधेसीहरूको पृथक सांस्कृतिक पहिचानलाई राज्यको तहमा पहाडी संस्कृति, नेपाली भाषा तथा लवेदा सुरुवालको भेषबाट विस्थापित गराइँदैछ । यसका अतिरिक्त मधेसको आर्थिक आधारलाई कमजोर गर्न त्यहाँका स्रोत र साधनलाई पहाडमा र राजधानी काठमाडौंमा केन्द्रित गरी स्थापित राज्यशक्तिलाई नै दह्रो गर्दै लाने काम भइरहेको छ । पहाडीया पहिचान मात्र नेपाली पहिचान हो भन्ने राज्यद्वारा समर्थित र उत्साहित प्रवृत्तिको विकासले गर्दा पहाडीया मूलकाहरू मात्र नेपालका वास्तविक बासिन्दा हुन् र मधेसका मूलबासीहरू



भारतीय आप्रावासी हुन् भन्ने खतरनाक प्रवृतिको विकास शासक वर्गले गरेका छन् । नेपालका शोध र अनुसन्धानमा रहेका केही विदेशीहरूले पनि सांग्रिला 'हयांगओभर' का कारणले यही पहिचानलाई अगाडि बढाए । अब यो राज्यको स्थिर चरित्र हुन गएको छ । तसर्थ यस खाले विभेदकारी राज्य व्यवस्थाको प्रतिस्थापन संघीय प्रणालीबाट गरिनु अपरिहार्य भएको छ । यसबाट मात्र विभिन्न भाषिक, सांस्कृतिक एवं जातीय समुदायहरूलाई स्वायत्तता प्रदान गरी विभिन्न समुदायहरूले यस प्रणालीका आधारमा मात्र आर्थिक प्रगति तथा राष्ट्रिय पहिचानको विकास गर्न सम्भव छ । यसो हुन सकेमात्र मुलुकमा युगौंदेखि कायम रहेको जातीय विभेदको अन्त्य भई भावनात्मक रूपमा राष्ट्रिय एकीकरण हुनेछ । साथै यसबाट मात्र मुलुकमा विद्यमान जातीय एवं क्षेत्रीय द्वन्दको निराकरण हुन सक्दछ ।

हालसम्म मुलुकमा कायम रहेको जाति, भाषा, धर्म र लिंगको आधारमा रहेको विभेदात्मक एकात्मक शासन प्रणालीको सट्टा केन्द्रीय शासनलाई विकेन्द्रित गरेर क्षेत्रीय स्वायत्तता प्राप्त राज्यहरू अथवा प्रान्तहरूको संरचना गठन गरेर त्यस अन्तरगत स्थानीय स्वायत्त निकायहरूमा सरकारलाई फैलाए पछि मात्रै आधिकारिक रूपले शासनलाई पूर्ण लोकतान्त्रिक एवं सामेलीपूर्ण बनाउन सकिन्छ । संघीय प्रणालीले मात्रै विभिन्न भाषा, जात/जाति, धर्म र संस्कृतिका जनतालाई शासनमा समानुपातिक ढंगले प्रतिनिधित्व गराउन सक्छ ।

**मधेसी सवाल-४**

**मधेसीको नागरिकता समस्याको समाधान**

नागरिकताको समस्या मधेसीहरूको लागि सबैभन्दा जटिल समस्या हुन् । यसको प्राप्तिको अभावले मधेसी समुदायमा कुनै पनि राज्य प्रदत्त सेवा तथा अवसरहरूको प्राप्ति, संवैधानिक, कानुनी हक तथा प्रतिनिधित्व र मतदानको अधिकारको उपयोग सम्भव छैन । हालसम्म कति मधेसीहरूले नागरिकता पाएका छन् यो खासै महत्वपूर्ण कुरा होइन । अपितु विचारणीय विषय हुन-राज्यको वर्तमान संवैधानिक तथा कानुनी प्रावधानहरूले कति मधेसीहरू नागरिकताको प्राप्तिबाट वञ्चित हुने अवस्था छ ? यस विषयमा विभिन्न मतहरू रहेका छन् । यकिन सूचनाको अभावमा यस संख्यालाई निश्चित रूपमा भन्न सकिन्न । वि.सं. २०६१, असारमा श्री ५ को सरकार, गृह मन्त्रालयका प्रवक्ताले सञ्चार माध्यमलाई दिएको जानकारीअनुसार मुलुकभरमा जम्मा ९० लाख नागरिकताको प्रमाणपत्र वितरण गरिएको छ । यसैगरी यसअघि श्री ५ को सरकारले गठन गरेको आयोगहरूको प्रतिवेदनहरूको आधारमा नेपालमा ३४ लाख मानिसहरू नागरिकताको प्रमाणपत्रबाट वञ्चित रहेका छन् *(उच्चस्तरीय नागरिकता आयोग २०५१, को प्रतिवेदन)*। नेपालमा नागरिकता प्राप्तिको मुख्य आधारनै जग्गाको स्वामित्व हो । मुलुकको कुल जनसंख्यामा दलितहरू १२.९५ रहेका छन् । मधेसका २० वटा जिल्लाका कुल जनसंख्यामा मधेसी मूलका दलितहरू ९.४८५ रहेका छन् । त्यसअनुसार, मधेसका २० वटा जिल्लामा पहाडी मूलका दलितहरू ४.०६५ रहेका छन् । नेपालका कुल दलित जनसंख्यामध्ये मधेसी दलितमा ४३.९८५ पहाडी दलितमध्ये १५.३२५

दलितहरू पूर्णरूपेण भूमिहीन छन् । यसैगरी मधेसका जनजातिहरूमा संथाल, झांगड ५८.४६५, राजवंशी, धिमाल, गनगाई, ताजपुरिया, मेचे ४५.७८५, धानुक ३४.०४५ र थारू २२.८३५ पूर्ण रूपले भूमिहीन छन् *(नेपाल ह्युमन डेभेलपमेण्ट रिपोर्ट-२००४)* । मुलुकको प्रचलित कानूनी प्रावधान अनुसार यसरी भूमिहीन देखिएका बहुसंख्यक मधेसी दलित तथा जनजातिहरू नागरिकताको प्राप्तिबाट बञ्चित छन् । यत्रो बुहत् संख्याका मधेसीहरूको नागरिकताको समस्या यथावत् छ ।

यसैबीच नागरिकताको बारेमा सरकारले केही गम्भीर प्रकृतिको षड्यन्त्र सुरु गरेको छ-नागरिकताको प्रमाणपत्र पाइसकेका मानिसको नागरिकतालाई छानबिन गरी नागरिकताको प्राप्तिलाई त्रुटिपूर्ण देखाएर रद्द गर्ने । अर्को, हाल प्रचलित मतदाता संकलनसम्बन्धी कानुनअनुसार प्रत्येक वर्षको चैत महिनामा बालिग भएकाहरूको मतदाता नामावली अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । यसरी मतदाता नामावलीलाई अद्यावधिक गराउन नागरिकताको प्रमाणपत्रलाई अन्तिम आधार बनाइएको छ । त्यस्ता मानिसहरू जसको नाम २५ र ३० वर्षदेखि निरन्तर मतदाता नामावलीमा रही आएको छ, तर तिनीहरूसँग नागरिकताको प्रमाणपत्र छैन, (यहाँ स्मरणीय छ, नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि मतदाता नामावलीमा नाम हुनु एक आधार हो) यसरी नागरिकताको प्रमाणपत्र नरहेको आधारमा गत दुई वर्षभित्र मात्र हजारौं मधेसवासीको नाम मतदाता सूचीबाट काटिएको समाचारहरू विभिन्न समाचार पत्रहरूमा प्रकाशित भएका छन् । यसको साथै श्री ५ को सरकारकै एक अर्को जानकारीअनुसार, मुलुकमा ९० लाख मानिस नागरिकताको प्रमाणपत्र नपाएको भनिएको छ । सरकारको दृष्टिमा यिनीहरू नेपाली हुन्, तर कतिपय प्राविधिक कारणहरूले प्रमाणपत्र पाउन सकेका छैनन् । यसरी यत्रो ठूलो संख्यामा नागरिकताको प्रमाणपत्र नपाएको यथार्थता छँदै, मतदाता नामावली संकलनको कानुनलाई कडाइका साथ पालन गर्ने कार्य संसदीय सरकारहरूले पनि गर्दै आएका हुन् । अहिले मुलुकमा राजाले आफ्नो हठमा चुनावहरू गराउन थालेका छन् र लोकतन्त्रवादीहरू यस्ता गम्भीर सवालहरूमा आँखा चिम्लेर सीधै संविधानसभाको कुरा, सके आजको एक साताभित्रै संविधानसभाको निर्वाचन गरिसक्ने हतारोमा लागेका छन् । के यो विचारणीय प्रश्न होइन ? यसरी मुलुकमा संसद्को होस् वा संविधानसभाको कुनै पनि निर्वाचन भएमा लाखौं मानिसहरू मतदानको आधिकारबाट वञ्चित हुनुपर्नेछ, जसमा सबैभन्दा बढी मधेसी समुदायका हुने छन् । के आउने भनिएको संविधानसभामा मधेसीको भूमिका साक्षी किनारका तर्फबाट सदर झैं मात्र हुने हो ।

मुलुकको राजनीतिक सीमाभित्रै स्थायी बसोबास गरेका यत्रो बृहत् संख्याको मानिसहरूलाई लोकतन्त्रको स्वरूप निर्धारणको मताधिकारबाट वञ्चित राखेर संविधानसभा होस् वा जनमत संग्रह, यसको परिणामलाई मधेसीहरूले कुनै पनि सर्तमा स्वीकार गर्दैनन् । र यो भावी विद्रोहको विजारोपण हुनेछ । अहिले पहाडी समुदाय चाहे राज्य पक्षका हुन वा लोकतान्त्रिक पक्षका भोलिका दिनमा हुने यो विद्रोहले मधेसीका मूल सवालहरूमा निरपेक्ष रहने गरेका पहाडी समुदाय यौटा पक्षको रूपमा र मधेसीहरू अर्को पक्षको रूपमा प्रतिरोधको निम्ति आमुन्ने सामुन्ने खडा हुनुपर्नेछ ।



नागरिकता समस्याको निरन्तरता रहनु घातक हुन्छ । यसको लागि तीन चरणमा कार्य सम्पादन गरिनुपर्छ । पहिलो, मुलुकको सम्पूर्ण मधेसक्षेत्रको जग्गा तथा बसोबास इलाकाहरूको नापी गराएर परम्परादेखि बसेका भूमिहीनहरूको नाममा जग्गाको स्वामित्व दिने । दोस्रो, नागरिकता प्रमाणपत्रको आधारमा मतदाता नामावली समावेश हुने वर्तमान कानुन लागू हुनु पहिलेका आमनिर्वाचनको मतदाता नामावलीलाई आधार मानेर यौटा राष्ट्रिय अभियानको तहत तोकिएको अवधिभित्र नागरिकता नपाएका सबैलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने र उमेर नपुगेकाको लगतलाई अद्यावधिक गर्ने र तेस्रो, गृह मन्त्रालयमा अनिर्णित रहेका अंगीकृत नागरिकताका आवेदनहरूलाई छानविन गरी टुंगो लगाउने । साथै यसअघि अंगीकृत नागरिकता पाएका नेपाली बाबुको पछि जन्मेका सन्तानको हकमा उपयुक्त संवैधानिक, कानुनी व्यवस्था गरेर नागरिकता उपलब्ध गराउने र भविष्यका लागि अंगीकृत नागरिकताको प्रवधानलाई समाप्त गर्ने ।

**मधेसी सवाल-५**

**मधेस प्रदेशको खोजी**

सम्पूर्ण मधेसका पूर्व-मेचीदेखि पश्चिम महाकाली तथा उत्तर भित्री मधेसदेखि दक्षिणमा भारतको सीमासँग जोडिएको क्षेत्रलाई अविभाजित रूपमा क्षेत्रीय स्वायत्तता प्रदान गरी मधेसीहरूको रैथाने मूल थलोलाई मधेसहरूको प्रदेशको रूपमा मान्यता प्रदान गर्नुपर्दछ । नेपाल मुलुकको रूपमा गोरखा राज्यको विकास भएदेखि नै मधेसको क्षेत्र सरकारको निम्ति राजस्वको सबैभन्दा ठूलो स्रोत रही आएको छ । मधेस वास्तवमा शासक वर्गको लागि 'दुहुनो गाई' हो । मधेसलाई गोर्खाली विस्तारवादीहरूले कब्जा गरेपछि यहाँका मूल निवासी मधेसीहरूलाई अल्पसंख्यामा पार्ने उद्देश्यले सरकारले वन फँडानी तथा अनेकन् नियोजित कार्यक्रमहरूको तहत ठूलो संख्यामा पहाडबाट मधेसमा आप्रवासनलाई प्रोत्साहित गरियो । परिणामतः आज मधेसमा मधेसीहरूको अस्तित्वमाथिनै संकट उत्पन्न भएको छ । यही नै आन्तरिक औपनिवेशीकरण हो । तसर्थ मधेसर मधेसीको एक मुख्य मूल राजनीतिक समस्या भनेको नै आन्तरिक औपनिवेशिकबाट उत्पन्न उत्पिडन एवं शोषणबाट मुक्ति पाउनु हो । यो हुँदासम्म मधेसीहरू दोस्रो दर्जाको नागरिक सरह रहिरहन्छन् ।

प्रादेशिक रूपमा क्षेत्रीय स्वायत्तता प्राप्त मधेस प्रदेशको स्थापना भएपछि मात्र मधेसको विधायिकीय निर्णयबाट आन्तरिक औपनिवेशीकरणको समाप्ति हुनेछ । मधेस प्रदेशमा बहुसूत्रीय भाषिक नीति अवलम्बन गर्नुपर्छ । यसअनुसार मधेसको निश्चित भाषिक क्षेत्रमा त्यहाँको बहुप्रचलित र बहुल प्रयोगको स्थानीय भाषालाई सरकारी काजको भाषा तथा नेपालीलाई दोस्रो भाषाको रूपमा मान्यता दिइनुपर्दछ ।

**मधेसी सवाल-६**

**जातीय स्वशासन कि प्रादेशिक राज्य संरचना**

मधेसको हकमा जातीय स्वशासन भन्नुको सट्टा क्षेत्रीय स्वायत्तता भन्नु नै बढी उपयुक्त हुन्छ । जातीयताले भाषा, संस्कृति, परम्परा र पुर्ख्योलीका आधारमा

एउटा निश्चित जनसमुदायको सामूहिक मनोभावनालाई बुझाउँछ। त्यसैले जातीयता ऐतिहासिक अनुभवमा आधारित साझा संस्कृति र भावनात्मक आफ्नोपन हो। एउटा निश्चित भू-भागसँग यस्को सम्बन्ध हुनैपर्छ भन्ने छैन, तर पनि जातीय प्रादेशिकताको कुरा गर्दा यो जाति र भू-भागसँग जोडिएर आउँछ। जातीय स्वशासन अथवा जातीय प्रदेशलाई राजनीतिक एजेण्डाका रूपमा केही राजनीतिक पक्षहरू एवं जातीय संगठनहरूले उठाइरहेका छन्। तर जातीय स्वशासन अथवा जातीय राज्यको निर्माण देशको लागि ज्यादै जटिल एवं व्यावहारिक रूपले निकै कठिन देखिन्छ। बसाइँ-सराइँ, यातायात र सूचनाप्रविधिको विकासले आजको नेपालको संरचनामा आमूल परिवर्तन भइसकेको छ। आज त्यस्ता गाउँ नेपालमा सायदै पाइएलान्, जहाँ जातीय विविधता नरहेको होस्।

पश्चिम पहाडबाट पूर्वी पहाडतर्फ खस बाहुनको सदियौंदेखिको बसाइँ-सराइँ, पहाडबाट मधेसतर्फ भएको बसाइँ-सराइँ, गाउँबाट सहरतर्फको बसाइँ-सराइँ, देशभरबाट काठमाडौंतर्फ केन्द्रित बसाइँ-सराइँले गर्दा आज निरपेक्ष जनसांख्यिक बाहुल्य भएका जातीय प्रदेशहरू छुट्याउन सजिलो छैन। विभिन्न जातिहरूका पारम्परिक थलाहरूको आधारमा जातीय प्रदेशको नामाकरण त गर्न सकिएला, तर ती प्रदेशका अधिकांश जिल्लाहरूमा जनसांख्यिक हिसाबले ऐतिहासिक आवादी भएका जातिहरू ज्यादै अल्पसंख्यामा पर्न जाने हुन्छ।

देशको ठूलो जनसंख्या रहेका दलितहरूको आफ्नो कुनै खास थलो नै छुट्टिएको छैन। दलितहरू देशभरिनै छरिएर रहेका छन्। नेपालको ठूलो जनसंख्यामा रहेका खस (बाहुन, क्षेत्री, राणा, ठकुरी) र मुस्लिम समुदाय आश्रय खोज्न कहाँ जाने ? सम्भवतः विश्वमै नपाइने संवेदनशील जातीय संरचना र समस्या रहेको नेपालमा 'जातीय प्रदेश अथवा जातीय स्वशासन' दिन्छु भन्नु कठिन कार्य हो। सन् २००१ को जनगणनामा लगभग १०० वटा जातीय समूहहरूको उल्लेख गरिएका छन्। एकाध जिल्लाबाहेक कुनै पनि जातिको जनसंख्या कुनै पनि जिल्लामा ५१ प्रतिशतसम्म पनि छैन। जातीय बाहुल्य भएका जिल्लाहरूमध्ये ५० प्रतिशतसम्म जनसंख्या भएका जिल्लाहरूमा क्षेत्री ९ वटा जिल्लामा, तामाङ १ वटा जिल्लामा, मगर १ वटा जिल्लामा, गुरुङ १ वटा जिल्लामा, नेवार १ वटा जिल्लामा मात्र रहेका छन्। बाहुन, राई, लिम्बूहरूको बाहुल्य भनिएको जिल्लामा कुल जनसंख्याको तुलनामा उनीहरूको संख्या ५० प्रतिशतभन्दा ज्यादै कम रहेका छन्। यस्तो अवस्थामा कसरी बन्ने हो जातीय प्रदेश ?

यसरी जातीय आधारमा नामाकरण गरी बनाइने प्रदेशले पनि समस्याको हल दिन सक्दैन। जातीय प्रदेशहरूले वर्तमान प्रजातान्त्रिक परिवेशमा भौगोलिक एवं जातीय आधारमा विभेद भोगेकाहरूको मौलिक सांस्कृतिक, धार्मिक, भाषिक एवं राष्ट्रिय पहिचानको विकासमा सहभागिता र अवसरहरूको समानता तथा योगदानलाई सुनिश्चित गर्न सक्छ ? राज्यको गठनको प्रमुख लक्ष्यहरू नै आर्थिक उपलब्धि प्राप्त गर्नु भएकाले विशुद्ध जातीय आधारमा प्रदेशहरूको गठन गरिँदा सो उपलब्धि हासिल हुन सक्दैन। ती जातीय प्रदेशहरूभित्र पर्ने बहुसंख्यामा रहेका अन्य



जातिहरूमाथि भविष्यमा कस्तो असर पर्ला ? यस्ता सवालहरूको निराकरण गर्न सकिएन भने त्यसले मुलुकलाई कुनै पनि अग्रगामी निकास दिन सक्दैन।

नयाँ राज्य-संरचनामा विकेन्द्रीकरण क्षेत्रीय अथवा प्रादेशिक आधारमा नै गरिनुपर्छ। क्षेत्रीय स्वायत्तता भित्रै जातीय स्वशासन अन्तरनिहित रहेको हुन्छ। तसर्थ विशुद्ध जातीय आधारमा गरिने विकेन्द्रीकरण अग्रगामी विकेन्द्रीकरण हुन सक्दैन। यस्तो विकेन्द्रीकरण वास्तवमा सामन्तवादी र जातीय अहंकारी मात्र हुन सक्दछ, जो न त लोकतान्त्रिक नै हुन्छ, न जनवादी, न समाजवादी नै हुन्छ। विशुद्ध जातीयताको आधारमा मात्रै जातीय एकाईको रूपमा संघ बनाइँदा पनि अनेकन् खतरा पैदा हुन सक्दछ, सर्वहरूले युगोस्लाभियामा बनाएका संरचनाबाट वर्तमान विश्वले त्यस्तो खतरा भोगिरहेकै छ। यस्तो अवस्थामा बहुसंख्यकले अल्पसंख्यकलाई आफ्नो क्षेत्रबाट धपाउने घटनाको पुनरावृत्ति यहाँ पनि हुनसक्छ। यसले मुलुकमा अर्को पृथकतावादी खतरालाई जन्माउन सक्छ। संघीय प्रणालीको सबैभन्दा नकारात्मक पक्ष नै यही हो।

लामो समयसम्म शासनबाट उपेक्षामा बाँच्न बाध्य भएका मधेसी, जनजाति र दलितहरूले अब आफ्ना लागि आफैंले शासन गर्न पाउनु पर्छ भन्ने मान्यता अडिग हुन पुगेको छ। अब यसको समाधानका लागि नेपालमा संघीय संरचनामा आधारित क्षेत्रीय स्वायत्तता अथवा प्रादेशिक स्वायत्तता प्राप्त विभिन्न राज्यहरू अथवा प्रदेशहरूको संरचना नै उपयुक्त देखिन्छ।

यस्ता संरचनाहरूको निर्माणमा भाषा, जातीय समूह, सामाजिक-सांस्कृतिक संरचना, जनसंख्या तथा भूगोललाई मुख्य आधार बनाइनु पर्छ। प्रत्येक प्रदेश अथवा राज्यका जनताहरूको सांस्कृतिक स्वायत्तता, जातीय स्वशासन र आत्मनिर्णयका अधिकारहरू संवैधानिक रूपमा सुनिश्चित गरिनुपर्दछ। आफ्नै नागरिकहरूका बीच जातीय, क्षेत्रीय र अन्य विभेद हुने खालका कानुनी, राजनीतिकलगायत आर्थिक र सांस्कृतिक प्रावधान र व्यवहारलाई जरैदेखि निर्मूल गरिनुपर्छ। संघीय अथवा केन्द्रीय निकायदेखि राज्य अथवा प्रादेशिक निकाय तथा स्थानीय निकायहरूलगायत सम्पूर्ण राजकीय क्षेत्रहरूमा सबै जात/जातिहरूको अनुपातिक शासन र प्रतिनिधित्व हुने व्यवस्था गरेर यस समस्यालाई हल गर्न सकिन्छ। जनसंख्याका हिसाबले सानो संख्यामा रहेका भाषिक, जातीय तथा धार्मिक समुदायहरूले पनि आफ्ना राज्य सरकारहरूसँग आफ्ना समस्याहरू, आफ्ना मागहरूलाई प्रभावकारी रूपमा उठाउन सक्छन्, जुन कुरा सानो समूह र निर्धो आवाज भएका कारणले एकात्मक र केन्द्रीकृत राज्यप्रणालीमा दबाब सिर्जना गरेर प्राप्त गर्न सकिँदैन्। अल्पसंख्यक जातीय एवं भाषिक समुदायहरूले अलग राज्यको निर्माण गर्न नसक्ने हुँदा संघीय प्रणालीमा यी समुदायहरूको विकासका लागि राज्यभित्रै जातीय स्वायत्त इलाकाहरूको संरचना पनि खडा गर्न सकिन्छ। यसरी वर्तमान केन्द्रीकृत एकात्मक राज्य प्रणालीलाई विकेन्द्रित गरेर संघीय प्रणालीअन्तर्गत प्रान्तीय अथवा प्रादेशिक संरचना र त्यसअन्तर्गत स्थानीय स्वायत्त निकायहरूमा सरकारलाई फैलाएर आधिकारिक रूपले शासनलाई लोकतान्त्रिक एवं सहभागितापूर्ण र संरचनालाई प्रतिनिधित्वपूर्ण बनाउने परिस्थितिको सिर्जना गर्न सकिन्छ।

**मधेसी सवाल-७**

**लोकतान्त्रिक संविधानमा रहनुपर्ने विषयहरू**

अब बन्ने संविधानमा निम्नबमोजिम प्रमुख विशेषताहरू समाहित हुनुपर्दछः-

**क) जनताको प्रभुसत्ता** : अब बन्ने नेपालको नयाँ संविधान लोकप्रभूसत्ताको सिद्धान्तमा आधारित हुनुपर्दछ । कुनै पनि द्विविधा नरहने गरी जनतालाई सार्वभौम बनाइनुपर्छ । जनतालाई नै पूर्ण सार्वभौमसत्ता सम्पन्न र राजकीय शक्तिको प्रमुख स्रोतको रूपमा स्थापित गरिनुपर्छ ।

**ख) शासन प्रणालीको ढाँचा** : संसारभरका लोकतन्त्रलाई दुइटा ढाँचामा बाँड्न सकिन्छः एउटा बहुमतीय ढाँचा अर्थात वेस्टमिनिष्टर ढाँचा र अर्को सहमतिय ढाँचा अर्थात सत्ताको बाँडचुडको ढाँचा । बहुमतीय लोकतन्त्रको ढाँचा बेलायती ढाँचा विगत १२/१४ वर्षको प्रयोगबाट अहिले हाम्रो लागि उपयुक्त छैन भन्ने कुरा सावित भइसकेको छ । सहमतिय लोकतन्त्रको ढाँचा अर्थात सत्ता बाँडफाँडको ढाँचा स्विट्जरल्यान्ड, असिट्रया र क्यारेबियन देशहरूमा छ । यही मोडेल नै दक्षिण अफ्रिकामा पनि अबलम्बन गरिएको हो । यसमा अल्पसंख्यक दलहरू पनि सरकारमा सामेल हुन्छन् । सहमतिय लोकतन्त्रले सबै राजनीतिक दलहरूलाई आफ्नो आवाज राख्ने न्यायोचित स्थान दिन्छ । सत्तामा आनुपातिक हिस्सा दिन्छ, यसले सबै सामाजिक, सांस्कृतिक समूहहरूलाई नीति निर्माण गर्ने ठाउँ या सत्तामा सहभागी बनाउँछ । नेपाल जस्तो बहुजातीय, बहुसांस्कृतिक एवं बहुभाषिक मुलुकमा लोकतान्त्रिक सहमतिय ढाँचा नै उपयुक्त हुन्छ ।

**ग) सेनाको व्यवस्थापन** : सेनाको परिचालन र व्यवस्थापन लोकतान्त्रिक मान्यतामा गठित शक्तिको नियन्त्रणमा हुनुपर्छ । सेनाको स्वरूप राष्ट्रिय हुनुपर्ने र त्यसको सञ्चालनमा सर्वोच्च जनप्रतिनिधि संस्था अर्थात निर्वाचित संसद् र त्यसप्रति उत्तरदायी कार्यपालिका वा सरकारको सञ्चालन, नियन्त्रण र व्यवस्थापन अनिवार्य हुनुपर्दछ । सेनाको वर्तमान एकांगी स्वरूपलाई समाप्त गरी आनुपातिक रूपमा मधेसी, दलितलगायत विभिन्न जात/जातिहरूको प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्छ । यसको साथै संघीय प्रणालीको राज्य व्यवस्थामा प्रादेशिक सरकारहरूले गठन गर्न सक्ने अर्ध-सैनिक र प्रहरी सेवाको पृथक व्यवस्था हुनुपर्छ ।

**घ) आरक्षणको व्यवस्था** :आर्थिक एवं सामाजिक दृष्टिकोणले ज्यादै पछ्यौटेपनको अवस्थामा रहेका दलित, अत्यन्त गरिब र महिलाको लागि जनप्रतिनिधि संस्थाका साथै शिक्षा र रोजगारका क्षेत्रमा आरक्षणको व्यवस्था गर्नु आवश्यक छ । हजारौं वर्षदेखि उपेक्षाका सिकार रही आएका दलित समूह आरक्षण बेगर मुलुकका अन्य नागरिकको हैसियतमा आउने कल्पनासम्म पनि गर्न सकिन्न । आरक्षण सामाजिक अन्यायको क्षतिपूर्ति हो ।

**ङ.) समानुपातिक निर्वाचन प्रणाली**: मुलुकका सबैजात/जाति, महिला र पिछडिएका क्षेत्र एवं वर्गलाई राज्य सञ्चालनको प्रक्रियामा समावेश गराउन मुलुकको मौजुदा निर्वाचन प्रणालीको सट्टा समानुपातिक निर्वाचन पद्धतिलाई अपनाउनु पर्छ । राजनीतिक पार्टीहरूले निर्वाचनमा पाएको मतको आधारमा सिट बाँडिने निर्वाचन पद्धतिलाई समानुपातिक प्रतिनिधित्वको चुनाव प्रणाली भनिन्छ । यस



पद्धतिमा चुनावपछि पार्टीहरूले पाएको मतको अनुपातको आधारमा सिट पाउँछन् । समानुपातिक निर्वाचन प्रणालीमा हरेक मतको सार्थक गणना हुन्छ, मतदाता र राजनीतिकर्मीहरूबीच व्यक्तिगतभन्दा पनि दलगत सम्बन्धले महत्व पाउँछ, जात, जाति, क्षेत्र, वर्ग र भाषाभाषीहरू सबैलाई यस प्रणालीबाट समेटिन सकिन्छ र यो न्यायपूर्ण पनि हुन्छ । अन्य निर्वाचन प्रणालीको तुलनामा समानुपातिक निर्वाचन प्रणाली बढी लोकतान्त्रिक प्रणाली हो । सबै राजनीतिक तह एवं निकायहरूमा आनुपातिक प्रतिनिधित्वको प्रणाली हुनुपर्दछ ।

**च) आत्मनिर्णयको अधिकार**: आत्मनिर्णयको अधिकार अन्तर्राष्ट्रिय कानुनका आधारभूत सिद्धान्त हुन् । यो मानवअधिकारसम्बन्धी विश्व घोषणापत्र र राजनीतिक एवं नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा समेत समाविष्ट रहेका अधिकारहरू हुन् । आत्मनिर्णयको अधिकारको आसय यहाँ छुट्टै जातीय राज्य बनाउन पाउने अधिकार नभई संयुक्त राष्ट्रसंघको परिभाषाअनुसार 'आन्तरिक स्वायत्तता' हो । आत्मनिर्णयको अधिकार महत्वपूर्ण एवं आधारभूत मानवअधिकार भएको हुनाले संविधानमा नै जनताको आत्मनिर्णयको अधिकारको व्यवस्था गर्नुपर्छ ।

**छ) शक्तिको पृथकीकरण**: लोकतन्त्र एवं वैयक्तिक स्वतन्त्रताका लागि शासनका तीन वटै शक्तिहरू व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकालाई पृथकीकरण गर्नुपर्छ अर्थात यी तीनै अंगहरू परस्परमा पृथक र स्वतन्त्र रहनुपर्छ, जसले एकले अर्कोको निरंकुशतालाई रोक्न सकोस् अथवा त्यसमाथि नियन्त्रण गरी सरकारमा सन्तुलन स्थापित गर्न सकोस् ।

**ज) गणतन्त्रात्मक प्रणाली** : सिद्धान्ततः बास्तविक संवैधानिक राजतन्त्र भनेको कानुनतः नभए पनि मूलतः गणतान्त्रिक मान्यतालाई अख्तियार गर्ने राज्य प्रणाली हो । अबको राज्यसंरचना कानुनीरूपमा जेसुकै भए पनि तात्विक रूपमा गणतान्त्रिक नै हुनुपर्दछ । गणतन्त्रका आधारभूत सिद्धान्त हुन्: निर्वाचित कार्यकारिणी तथा निर्वाचित व्यवस्थापिकाको सशक्त उपस्थिति । गणतन्त्रको विशेषता नै मुलुकको कुनै पनि कार्यकारी पद कुनै व्यक्ति विशेष, जाति विशेष अथवा परिवार विशेषको लागि सुरक्षित रहनु हुन्न । प्रत्येक व्यक्ति र साधारणभन्दा साधारण नागरिक, राज्यको प्रत्येक पद, यहाँसम्म कि सर्वोच्च पदसम्म पुग्ने आशा एवं अभिलाषा राख्नसक्छ ।

**झ) धर्म निरपेक्ष राज्यको घोषणा** : धर्म मानिसहरूको व्यक्तिगत आस्था एवं विश्वासका कुरा हुन् । यसको राज्यसँग कुनै सम्बन्ध हुनुहुँदैन । राज्य कुनै पनि धर्मको पक्ष अथवा विपक्षमा रहनु हुन्न । धर्मसम्बन्धी मामिला र राज्यसम्बन्धी मामिला बिलकुलै भिन्न-भिन्न विषय हुन् । मावनअधिकार एवं लोकतन्त्रका लागि पूर्ण धार्मिक स्वतन्त्रता हुनुर्पछ । नेपाल बहुधार्मिक मुलुक हो । तसर्थ नेपाललाई हिन्दु अधिराज्य होइन, 'धर्म निरपेक्ष राज्य' घोषणा गरिनुका साथै सबै धर्मलाई समान स्वतन्त्रता दिइनु पर्दछ । राज्य कुनै पनि धर्मको पक्षमा अथवा विपक्षमा नरही धार्मिक गतिविधि र मामिलाका सम्बन्धमा तटस्थ रहनुपर्छ ।

**ञ) संविधानको सर्वश्रेष्ठता** : संघीय प्रणालीमा संवैधानिक सर्वोच्चता लोकतन्त्रका सबैभन्दा महत्वपूर्ण आस्था मानिन्छ । संघात्मक संविधान, संघीय

सरकार अथवा केन्द्रीय सरकार र राज्य सरकारहरूको बीचमा सहअस्तित्वको एक अभेध्य अनुबन्ध भएकाले यसका धाराहरू दुवैका लागि मान्य हुनै पर्दछ। संविधान केन्द्र तथा राज्य दुवैउपर सर्वोपरी हुन्छ। यसका अतिरिक्त 'विधिको शासन' कार्यान्वित गर्नका लागि संविधानलाई नै अनिवार्य रूपले सर्वश्रेष्ठता दिइएको हुन्छ। अतः संघीय संविधान केन्द्रीय सरकार, राज्यहरूको संविधान, राज्य सरकार र स्थानीय सरकार अर्थात देशको शासन प्रणालीका प्रत्येक संस्थामाथि सर्वोपरी रहन्छन्।

**ट) जनमत संग्रहको व्यवस्था** : संविधानमा तोकिएको निश्चित विधिका आधारमा माग भएमा संसदले निर्णय गरेर संविधानको कुनै पनि व्यवस्थामा संशोधन गर्नका लागि जनमत संग्रह गर्नुपर्ने संवैधानिक प्रणालीको व्यवस्था हुनुपर्छ। संविधानमा नागरिकहरूको संवैधानिक उपक्रमको अधिकार हुनुपर्छ। जनमत संग्रहमा संविधान संशोधनको पक्षमा बहुमत हासिल भयो भने संविधानको कुनै पनि व्यवस्था बदलिन सक्छ। सार्वभौम जनताले चाहेमा पूरै संविधानलाई पनि बदल्न सक्छ, त्यहाँ अपरिवर्तनशील केही पनि रहनु हुन्न। सार्वभौम जनताले उपक्रमणसम्बन्धी अधिकार र जनमत संग्रहसम्बन्धी अधिकार पाउनै पर्छ।

**मधेसी सवाल–८**

**मधेसीविरुद्ध विभेद निराकरणका उपायहरू**

१. **क्षेत्रीय राजनीतिक दलको मान्यता** : मुलुकको संघीय शासनप्रणालीलाई सही प्रतिनिधित्व दिन धर्ममा आधारित बाहेकका निश्चित समुदाय तथा क्षेत्रका नागरिकहरूको बृहत्तर राजनीतिक, सामाजिक एवं आर्थिक हितहरूको संरक्षणका लागि क्षेत्रीय स्वरूपको राजनीतिक संगठन वा दलको दर्ता सम्बन्धी संवैधानिक व्यवस्था गरिनु पर्छ।

२. **नागरिकता प्रमाणपत्रको व्यवस्था** : जनताको अभिमतको आधारमा दूरगामी परिणामको कुनै पनि परिवर्तनकारी निर्णय लिनुभन्दा पहिले नागरिकता समस्याको समाधान हुनै पर्दछ। नागरिकताको विद्यमान समस्यालाई कायम नै राखेर आमूल परिवर्तनका लागि लिइने कुनै पनि निर्णयमा मधेसी समुदायले न्याय पाउन सक्दैन। मधेसी समुदायको न्यायोचित्त प्रतिनिधित्वबिना हुने कुनै पनि समाधानलाई मधेसीहरूले मान्ने छैनन्। नागरिकता समस्याको समाधानको मुख्य बाधक तत्व वर्तमान संविधानमा रहेको नागरिकतासम्बन्धी प्रावधान भएकाले यसको स्थायी समाधानको निम्ति वर्तमान संविधानको उक्त प्रावधानमा आमूल परिवर्तन गरिनुपर्दछ।

३. **राज्य प्रणालीमा सकारात्मक सहभागिता एवं आरक्षण** : राज्य सत्ताका अङ्गहरूमा मुलुकका सबै समुदायहरूको जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरिनुपर्दछ। नेपालमा शासनसत्तामा जातीय एकाधिकारको अन्त्य हुनुपर्दछ। सकारात्मक विभेदको सिद्धान्तलाई अङ्गिकार गरी सबै वर्ग, जातजातिको समानुपातिक मानव विकास नभएसम्म सबैका साथ मधेसीको हकमा विशेष आरक्षणको विशेष व्यवस्था हुनुपर्दछ।



४. **सार्वभौमशक्तिको प्रयोगमा निर्वाचन क्षेत्र निर्धारण** : नेपालका मधेसीहरू जातीय तथा क्षेत्रीय रूपमा विश्वमान्य प्रतिनिधित्व प्रणालीको आधारमा राष्ट्रिय विधायीकामार्फत समुचित प्रतिनिधित्व नपाएकाले कुनै पनि अर्थमा सार्वभौम शक्तिको प्रयोग गर्न पाएका छैनन्। राष्ट्रिय विधायीकाको लागि निर्वाचित हुने कुल सदस्य संख्याले मुलुकको कुल जनसंख्यालाई भाग गर्दा आउने अंकको बराबर निर्वाचन क्षेत्रको संख्या निर्धारण गरिनुपर्छ। यसको निर्धारणको पहिलो आधार जनसंख्यालाई बनाइनुपर्दछ। तत्पश्चात् निर्वाचन क्षेत्र निर्धारणको अर्को आधार भौगोलिक, जातीय तथा भाषिक एकरूपताको अवस्थालाई बनाइनुपर्छ। यसले गर्दा जातीय रूपको समानुपातिक प्रतिनिधित्व प्रणालीलाई बल प्रदान गर्नेछ।

५. **आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था** : मुलुकको वर्तमान निर्वाचन पद्धति त्रुटिपूर्ण छ। वर्तमान संसदीय निर्वाचन क्षेत्रको व्यवस्थाबाट मधेसीहरूको विधायिकामा समुचित प्रतिनिधित्व हुन सक्दैन। झन् मधेसका उत्पीडित समुदायको समुचित प्रतिनिधित्वको सवाल नै उठ्दैन। मधेसी दलित तथा पिछडिएका वर्गका समुदायको अवस्था दयनीय रहेकाले र स्थापित राजनीतिक दलहरूले समेत दलितहरूको हितको विषयमा मधेसीहरूलाई छुट्याउने मानसिकता अपनाएको हुँदा मधेसीमूलका दलितहरूलाई राज्यको नीति निर्माण एवं शक्ति अभ्यासका निकायहरूमा पुऱ्याउनका लागि संसद्का निर्वाचन क्षेत्रहरूलाई मधेसी, दलित, जनजाति र पिछडिएका वर्गका मानिसहरूका लागि आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था संवैधानिक रूपमा नै गरिनुपर्दछ। जहाँ यस्ता समुदायका मानिसहरूका बीचमा मात्र निर्वाचन हुने व्यवस्था हुनेछ।

६. **आन्तरिक औपनिवेशीकरणमा नियन्त्रण** : गोर्खालीद्वारा मधेसलाई कब्जा गरेपछि मधेसमाथि आन्तरिक औपनिवेशीकरण कायम हुन गयो। राणा शासनकालदेखिनै मधेसलाई दरबार, राणाहरू तथा शासक वर्गले उपनिवेशको रूपमा उपयोग गर्दै आएको छ। मधेसको उर्वरा भूमि जागिर, विर्ता, बक्सिस, नजराना, बकस, दान, दाइजो आदिको रूपमा वितरण गरिइँदै आइएको हो। शासक वर्गले साधारण अपठित मधेसीहरूलाई उनीहरूको पुस्तैनी प्रयोगको जग्गाबाट बेदखल गर्दै तराई प्रदेशका घना वनजंगललाई कटानी गराएर मधेसमा नियोजित रूपमा शासक वर्गका मानिसहरूलाई बसाउने काम हुँदै आएको छ। मधेसका क्षेत्रहरूमा बसोबास कम्पनीहरू खडा गरेर, सुकुम्बासी आयोगहरू खडा गरेर, बस्ती विकास कम्पनीको नाममा, राजनीतिक पीडितको नाममा, राजा तथा राजपरिवारका सदस्यहरूको नाममा गाउँ-सहरहरू बसाएर सुरू भएको औपनिवेशीकरणको प्रक्रियालाई पछि बर्माबाट विस्थापित गरिएकाहरूलाई, भारतका विभिन्न राज्यहरूबाट धपाइएकाहरूलाई, भुटानबाट आएकाहरूलाई बसाएर आजसम्म निरन्तरता दिइएको छ। वि.सं. २०२४ मा भूमिसुधार लागू भएपछि मधेसका विभिन्न जिल्लाहरूमा निस्केका जग्गाहरू मधेसका मानिसहरूलाई नदिएर पहाडी मूलका मानिसहरूलाई दिइयो। यसरी मधेसलाई राज्य सत्ताले उपनिवेशको रूपमा प्रयोग गरेको छ। मधेसको पहिचानलाई कायम राख्न संवैधानिक व्यवस्थाको आधारमा आन्तरिक औपनिवेशीकरणको अन्त्य गरिनुपर्छ। यसका लागि भौगोलिक, सामुदायिक, भाषिक र

जातीय आधारमा गठित प्रान्तमा अन्य क्षेत्रका व्यक्तिले जग्गा खरिद गर्न कानुनी नियन्त्रणको व्यवस्था गरिनुपर्छ। राज्यको केन्द्रस्तरबाट यस्ता प्रान्तमा कुनै पनि संगठित प्रकारको विजातीय बसोवासको नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्न नपाउने संवैधानिक प्रबन्ध हुनुपर्छ।

७. **तथ्यांकमा परिमार्जन गर्नुपर्ने**: नेपालमा मधेसीहरूको यथार्थ स्थितिको विवरण थाहा पाउनका लागि विश्वमापदण्डअनुसारको मापक तयार गरेर मधेसी समुदायको प्राज्ञिक संलग्नतामा नयाँ जनगणना गरिनुपर्दछ। तथ्यांक जनगणनाको बखत जागरणका कार्यक्रमहरू सञ्चालित गरिँदैन। मधेसको यथार्थ विवरण नआउन सक्ने खालका विवरणीका तथा फारमहरू बनाइन्छ। यस कार्यमा मधेसी समुदायलाई जागरुक गराउन हालसम्म कुनै स्वदेशी तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट सहयोग प्राप्त भएको छैन। अतः अस्वाभाविक रूपले आउने गरेका मिथ्याङ्कहरूले मधेसीहरूको सही स्थितिको प्रस्तुति भएको छैन।

८. **मधेसको रैथाने हकको ग्यारेन्टीको प्रत्याभूति** : कुनै पनि क्षेत्रको विकासका लागि त्यस क्षेत्रका प्राकृतिक स्रोतहरूको उपयोगमा त्यहाँका आदिवासीहरूको रैथाने हकको ग्यारेन्टी हुनु स्वाभाविक विषय हो। तर नेपालको मधेस क्षेत्र यसको उपवाद रहेको छ। नेपालको समग्र विकासको नाममा मधेस क्षेत्रको प्राकृतिक सम्पदाको उपयोग गर्ने क्रममा आजसम्म यस तथ्यलाई नजर-अन्दाज गरिएको छ। मधेसक्षेत्रको प्राकृतिक स्रोतको भारतसँगको द्विपक्षीय एवं अन्य राष्ट्र तथा अन्तर्राष्ट्रिय निकायहरूसँगको बहुपक्षीय उपयोगको सन्धि सम्झौतामा मधेसको आर्थिक स्वार्थको रैथाने हक तथा वातावरणीय अधिकारको राज्यबाट तथा दोस्रो पक्षबाट गम्भीर उपेक्षा हुँदै आएको छ। यस तथ्यलाई ध्यानमा राखेर हालसम्म मधेसको गुमेको हकको प्रतिस्थापन र प्राप्ति हुनुपर्दछ। साथै यही मान्यताको आधारमा सबै द्विपक्षीय एवं वहुपक्षीय पुर्व सहमतिहरूको पुनःमूल्यांकन एवं पुनःनिर्धारण गरिनुपर्दछ। भविष्यका नयाँ योजनाहरूको निर्धारण गर्दा संवैधानिक रूपमै मधेसको रैथाने हकको ग्यारेन्टी गरिनुपर्दछ।

अन्त्यमा, अहिले मुलुकमा समावेशी लोकतन्त्रको स्वरूप र संरचनाका बारेमा गम्भीर चर्चाहरू चलिरहेको छ। यस मध्येका कतिपय सोच अनुसारको राज्य प्रणाली बने पनि मुलुकको मधेसीजस्ता समस्याको समाधान हुन सक्दैन। हालका चर्चाहरूले कुन हदसम्म द्वन्दरत् पक्षहरू तथा उपेक्षित उत्पीडित जन समुदायको राजनीतिक संस्थापनको चाहनालाई समेटेको छ, यसलाई बुझ्नु आवश्यक छ। मधेसमा नेपालको आधा जनसंख्या बस्दछ। तसर्थ भावी राज्यको संरचना कोर्नु अगाडि बढेको विद्वत समाजले मधेसको राजनीतिक अपेक्षाहरूलाई बुझ्नु अपरिहार्य भएको छ। तसर्थ मैले यहाँ संक्षिप्त रूपमा समावेशी लोकतन्त्रको स्वरूप र संरचनाको सन्दर्भमा मधेसी सवालहरूको चर्चा गरेको हुँ। यस सम्बन्धमा म थप प्रतिक्रिया तथा चर्चालाई हार्दिक आमन्त्रण गर्छु। यहाँ मलाई दिइएको यस मौकाका लागि फ्रिडम फोरमलाई पुनः धन्यवाद दिन चाहन्छु। साथै यहाँहरू सबैको उपस्थितिका लागि आभार प्रकट गर्दछु।



**अवधारणापत्रमाथि टिप्पणी**
**प्राध्यापक डा. डिल्लीराम दाहाल**

जयप्रकाश आनन्द र मबीच केही फोरममा भेटघाट हुने गरेको छ। बारम्बार मेरो भनाइ के हो भने उहाँको अवधारणापत्रमाथि म उपयुक्त व्यक्ति हुँ कि होइन। मधेसीको विषयमा उहाँकै भाषामा भन्दा 'धेरैले भ्रमात्मक खालको शब्दहरू पनि प्रयोग गर्नुभयो। म आफै झापामा जन्मेको हो र झापामा पाँच पुस्ता बिताइसकें। मेरो मधेसको अनुभवको कुरा सुनाउँदै छु। मेरो शाखासन्तान छैटौं हुन्छ र हामी मधेसी हो कि होइन भन्नेबारेमा उहाँले कसरी परिभाषा गर्दै हुनुहुन्छ। त्यसको मुख्य जरो नै खोतल्न चाहन्छु। यस पछाडि विश्वविद्यालयको शिक्षकको नाताले झन्डै १९७६ देखि निरन्तर तराईको बारेमा केही मात्रामा अनुसन्धान गरिरहेको छु। त्यस सिलसिलामा म झापा, मोरङदेखि पश्चिमको कञ्चनपुरसम्मका धेरै जिल्लामा घुमेर विभिन्न योजनामा काम गरेकाले मेरा भनाइहरू आफ्नै अनुभव, मेरो लेखाइ र विशुद्ध प्राज्ञिक छन्। गुप्ताजीले यति ठूलो विषय लिएर समावेशी लोकतन्त्र स्वरूप र संरचना मधेसी सवालमा जुन विषयवस्तु उठाउनुभएको छ, त्यसमाथि टिप्पणी गर्ने मौका मलाई दिनुभएकोमा फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहाललाई धन्यवाद दिन चाहन्छु।

म पहिला अवधारणापत्रमाथि प्राज्ञिक कुरा गर्न चाहन्छु। त्यसमा मधेसीका बारेमा आफ्नै खालका तर्क छन्। अवधारणापत्रलाई आठ बुँदामा बाँधिएको छ, एक दम कसिलो रूपमा लेख्नुभएको छ। त्यहाँ संविधान संशोधन अर्थहीन भन्ने शीर्षक पनि छ।

दोस्रो, मधेसीको मान्यता अपरिहार्य, मधेसीको स्वतन्त्र पहिचानका लागि संघीय प्रणाली हुनैपर्छ। चौथोमा मधेसी नागरिकता समस्याको समाधान कसरी गर्ने र कस्तो खालको समस्या छ भन्ने खालको छ।

यो सद्भावना पार्टीको मुख्य मुद्दा नै मधेसीको नागरिकतालाई लिएर केन्द्रित भएको छ। र, त्यसको मुद्दा के हो भन्नेमा यहाँ संक्षेपमा भनौला।

त्यसपछि मधेसप्रदेशको खोजी, जातीय स्वशासन कि प्रादेशिक राज्य संरचना, सातौंमा लोकतान्त्रिक संविधानमा रहनुपर्ने विषयहरू के-के हुन सक्छन् ? भन्ने छ। र, आठौंमा मधेसीविरुद्ध विभेद निराकरणका उपायहरू भनेर गर्नुभएको यी यस्ता विषय हुन् जसमा छलफल गऱ्यो भने वर्षौं लाग्न सक्छ।

अब भनौं संविधानलाई कसरी संशोधन गर्ने ? संविधान आफैंमा अर्थहीन छ। अथवा जातीय स्वशासन, प्रादेशिक राज्य संरचना हुनुपर्ने यसको बारेमा घन्टौं विवाद गर्न सकिन्छ र सबैका आ-आफ्ना विचार छन् होला।

यो कार्यपत्र विशेषत 'एड्भोकेसी' कार्यपत्र भएको हुनाले उहाँले आफ्ना विचारलाई एकदम राम्रोसँग भन्दै जानुभएको छ। म यो सबै विषयमा जान्न। यो गम्भीर विषय छ। यहाँ उठाइएका सबै विषयको म ज्ञाता पनि होइन। त्यसो भएको हुनाले म यहाँ दुइटा कुरामा केन्द्रित हुन चाहन्छु।

यो टिप्पणी विशुद्ध प्राज्ञिक हुनेछ।

एक मधेसी र मधेसीको मान्यता । मधेस भनेको के हो ? मधेसीको मान्यता अपरिहार्य भन्नुभएको छ । उहाँले कसरी मधेसी बुझ्नु भएको छ । र मैले कसरी बुझेको छु टिप्पणी गर्न चाहन्छु ।

दोस्रो जसको बारेमा म धेरै जानकारी दिन चाहन्छु । मधेसीको नागरिकताको संख्याका बारेमा बारबार कहिले ४० लाख भन्ने आउँछ कहिले ३४ लाख आउँछ । यहाँ उहाँले यतिले नागरिकता पाएका छन् भन्ने कुरा उठाउनुभएको छैन । यो मुद्दा पटक-पटक आइरहेको छ र वास्वतमा यो नागरिकताको स्थिति कस्तो प्रकारको छ भन्ने बारेमा म केन्द्रित हुन चाहन्छु ।

टिप्पणी गर्दा मलाई भन्न मन लागेको कुरा मधेस भनेको के हो ? मधेसी भनेका को हुन् भनेर हेर्दा गुप्ताजीले सिम्रौनगढ, मिथिलादेखि लिएर विभिन्न क्षेत्रलाई समेटेर हाम्रो मधेसमा साम्राज्य थियो भन्ने खालको जस्तो कुरा गर्नुभएको छ । मेरो डेमोग्राफीमा पनि अनुभव भएको हुनाले हिजोको मधेसभनेको के थियो त ? कति मानिस थिए ? उनीहरूको इतिहास के थियो ? त्यो खोतल्न चाहन्छु । नेपालमा १९११ देखि जनसंख्याको तथ्यांक संकलन सुरु भयो । १९११ मा नेपालभरीको कुल जनसंख्या ५५ लाखभन्दा बढी थिएन । तराईको जनसंख्या हिसाबमा स्पष्ट किटान कहीँ पनि छैन । पछि गएर १९५२/१९५४ मा आएर नेपालको जनसंख्या एक करोड १२ लाख पुगिसकेको छ । तराईको जनसंख्या २९ लाख पुगेको थियो । ती २९ लाख जनसख्या भनेको को हुन् त ? नेपालको इतिहास केलाउँदा नेपालमा तराईमा सहर बसेको थियो ? कस्ता मान्छे बसेका थिए, भन्ने हेर्ने हो भने नेपालको तराई यति पातलो थियो की त्यहाँ जंगलबाहेक केही थिएन, राणा कालमा । राणाकाल भनेको १८४६/१९५० को कुरा हो । केही रणबहादुर शाह र प्रताप शाहहरूले सनदउपरी उल्लाएका थिए । तराईमा जंगल नै जंगल भएको हुनाले तराईबाट केही 'रेभेन्यु' (राजस्व) आउन सक्छ भनेर । 'साइलेन्स क्राइ' भन्ने 'फादर टिलो' को किताब पढिरहेको छु, 'द हाउस अफ द राइज अफ गोरखा' भन्ने अर्को किताब कोट गर्न चाहिरहेको छु । तराईमा मानिस नै थिएनन् । १९५८ मा मलेरिया निर्मूलीकरण हुनुभन्दा अगाडि तराईमा बस्ने मानिस भनेको केही औलो पचाएका मानिसमात्र हुन्थे, पहाडेको त बसाई नै थिएन । पहाडे बस्न जाँदा नेपाल तराईमा नगएर कि त आसामपट्टी जान्थे कि त दार्जिलिङतिर जान्थे । गोठ पनि पाल्थे । कि त चिया बगानमा काम गर्थे, १९६० भन्दा अगाडि तराईमा पहाडीयाको बसोबास एकदम कम थियो भन्ने कथा छ । पातलो भएको ठाउँहरूमा बस्ती बसाउनका लागि रैती रसाउनु बस्ती बसाउनु भन्ने छ । तराईमा बस्ती यति पातलो थियो कि सरकारले केही जग्गा जमिन दिएर मानिस बसोबास गरायो । दुई वर्षसम्मको पोत पनि तिर्न नपर्ने भो । त्यसबाट उठेको उत्पादन पनि नलिने थियो । तराईमा राणाकालीन समयमा पनि मानिसको बसोबास थिएन । अहिले मधेस भनेर ठूलो-ठूलो गर्वको कुरा गर्दैछौं । सय वर्ष अगाडि कति मानिस थिए ? ती मानिस को थिए त ? त्यो सय वर्ष अगाडि मानिस भनेका औलो पचाएका केही थारू थिए होलान् । केही धिमालहरू थिए होला, केही गनगाईरू थिए होला । धेरै जसो हामी सोकल्ड मैथिली वा मैथिली संस्कृतिको कुरा गरिरहेका छौं । धेरै नेपालको सिमानाका कुरा गरिरहेका छौं । मिथिला प्रदेश



भनेर कहाँ-कहाँ जान्थ्यो भने भारतको कुरा यहाँ मैले गरेको छैन । १८१६ को सन्धि पछाडिचाहिँ नेपालको भू-भाग कहाँ-कहाँ पर्छ ? २० जिल्लामा कति क्षेत्रफल छ या पर्छ र त्यसमा को-को मान्छे थिए भन्ने बारेमा मेरो मुख्य चासो हो । त्यसलाई हेर्दा १८४० देखि १९५० सम्म एकदम पातलो भएको हुनाले मानिसलाई बस्ती बसाउनका लागि भारतमा अनिकाल पर्दाखेरी मानिसहरू बोलाउन लगाएर खेतीपाती गर्न लगाएर तराईको आवाद गरेको छ । यो धेरै पुरानो इतिहास होइन ।

दोस्रो, इतिहास हेर्नुभयो भने तराईका केही सहरहरू कहाँ र कसरी विकसित भए भन्ने कथा आउँछ । जुन हामी अहिले मधेसी साम्राज्य भनेर कुरा गरिरहेका छौं । मधेस साम्राज्य भनेको के हो त ? यसको अर्को इतिहास हेर्नुभयो भने नेपालका केही सहरहरू/टाउनहरू अहिले भएका जस्तो झन्डै-झन्डै १९ औं शताब्दी र २० औं शताब्दीको सुरुवातमा भारतमा रेलवेको लिकहरू खन्दाखेरीको समय जस्तो रक्सौल, जय नगर, फरबिसगन्ज, जोगबनि, गलगलियामा, नौतलवा, रूपैडिया, गौरीफन्टापछि नेपालमा कहीँकहीँ सहर बस्न थाले । झन्डै-झन्डै बीसौ शताब्दीको पूर्वार्धमा केही सहरहरू विराटनगर (मैले रामलाल गोल्छाको इतिहास नै लेखेको छु । उसले कसरी व्यापार सुरु गरेको थियो, विराटनगरमा । हंसलाल गोल्छाको बाबुराम गोल्छाले कसरी व्यापार सुरू गरेको थियो ? कहाँबाट आयो कति पुस्ताको मानिस भन्ने इतिहास छ । १९७८ मा फिल्डवर्क गर्दाको कथा । त्यसपछि सुरु भइसकेका पछि केही मात्रामा जोगमनी बस्न थालेपछि विराटनगर सुरु भयो ।) उता नौतनवाबाट भैरहवा सुरू भयो । रूपैडियाबाट प्रभावित भएर नेपालगन्ज बजार सुरु भयो । यो भएको कथा ७०/८० वर्षभन्दा पुरानो छैन । सहर विकास भएको । संक्षेपमा भन्दा मधेसको स्वरूप र संरचना कल्पना गर्दा हिजो तराईमा बसोबास गर्ने वा २० जिल्लामा बसोबास गर्ने जहाँ अहिले झन्डै २३.१ प्रतिशत जग्गा यसले अगोटेको छ । झन्डै एक करोड १२ लाख मानिस बसोबास गरिरहेका छन् । आजको सय डेढ सय वर्षको इतिहास हेर्दा त्यो भूभागमा बस्ने मानिसहरू को थिएभन्दा सीमित जसले औलो पचाउन सक्थे । जहाँ पहाडीयाको बसोबास नै थिएन । धेरैजसो 'सोकल्ड' अहिले गुप्ताजीले भनेजस्तो हामी मधेसी भनेर जुन प्रकारको कुरा गर्नुभएको छ, त्यहाँ धेरै मानिस थिएनन् ।

उहाँले राजा नान्यदेवको कुरा गर्नुभएको छ । सिम्रौनगढको कुरा । त्यो १०औं, ११औं शताब्दीमा कर्नाटकीय राजाहरू आएर त्यसको झन्डै छैटौं पुस्ता पछाडि हरिसिंहदेव काठमाडौं पस्न खोज्दा सिन्धुलीमा औलो लागेर उनको देहान्त भएको कथा छ । ती पनि कुनै मधिसे राजा थिएनन् । तथ्य सूचना के छ भने तराईको बारेमा कुरा गर्दा मधेस अपरिहार्य भन्ने कुरा आयो, मधेस के हो भन्ने कुरालाई राम्रोसँग परिभाषित गर्नुपर्छ ।

मधेसलाई हामी ऐतिहासिक रूपमा मिथिलासँग जोड्ने, कति हजार वर्षको इतिहास जोड्ने ? कति वर्ष पुरानो भन्ने विषयको प्रमाणै के छ र ? प्रमाण पुऱ्याउन सकिँदैन । १८१६ भन्दा अगाडि कुनै सिमाना नै तोकिएको थिएन । सुगौली सन्धि पछाडिमात्र नेपालमा पूर्व, पश्चिम, उत्तर र दक्षिणमा यो सीमाना भनी तोकिएको हो । दोस्रो, पक्षमा तराईमा को-को मानिस छन् ? को चाहिँ यहाँका ? मधिसे भनिएका

को हुन् ? अरू मानिस पनि तराईमा बस्छन् भनेर अर्को पक्ष हेर्नुभयो भने मैले १९९१ र २००१ को जनगणनालाई राखेर तुलनात्मक रूपमा हेर्दा १९९१ को तथ्यांकमा झन्डै ३३ प्रतिशत पहाडेहरू तराईका जिल्लामा पुगेका थिए भने २००१ को तथ्यांकमा ३६ प्रतिशत पहाडेहरू तराईमा बसिरहेका छन् । पहाडेको इतिहास पनि धेरै लामो छैन । तर पहाडेहरू यस किसिमले तराईमा आएर बसिरहेका छन् कि अब छुट्याउन पऱ्यो भने 'टिपिकल' कुन चाहिँ मधिसे जिल्ला हो र कुन चाहिँ हाडे जिल्ला हो भन्ने छुट्टाउन गाह्रो हुन्छ । तर चाखलाग्दो कुरा के छ- तथ्यांकले पनि देखाएको के छ भने जहाँ जहाँ १९६० पछाडि पहाडीयाहरूको छाया अथवा 'डोमिनेट' भयो ती जिल्लामा अरू समाजिक सांस्कृति पक्षमा ती जिल्लाको धेरै विकास भएको छ । 'टिपिकल सोकल्ड' मधिसेहरूले मैथली संस्कृतिमा हुर्केका मानिसलाई मधिसे भन्ने गरेका छन् । बारबार कुरा उठाउन थालिएपछि उहाँहरूले थारूलाई पनि मधिसे भन्न थाल्नुभएको छ । हिजोसम्म त्यो कुरा थिएन । हिजोको लेखाइमा त्यो कुरा थिएन । केही सीमित पढेलेखेका मैथली संस्कृतिका मानिसले हामी मधिसे हौं भन्थे । त्यो कुरालाई हाम्रा दुई जना अंग्रेजहरू क्लेरी बुर्किड र अर्को विद्वान्ले जनकपुरमा बसेर वर्षौं अध्ययन गरेरे मैथिली संस्कृति भनेको नै मधेसी संस्कृति हो भनेर लेखिदिए अनि त्यसलाई नै 'हाइलाइट' गरिरहेका छन् मैथिलहरूले । र, अब अहिले आएर तराईको जनसंख्या झन्डै ३६ प्रतिशत भनेको मतलब २००१ को तथ्यांकअनुसार पहाडेको जनसंख्या झण्डै ४० लाख ४४ हजार पाँच सय ९१ छ, झनडै १ करोड १२ लाखमा । त पहाडे भनेको राई, लिम्बू, दाहाल थरलाई पहाडे जोड्दा र अरू सबैलाई मधिसे मान्दा अहिलको एक करोड १२ लाखमा झन्डै ४०/४१ लाख जनसंख्या पहाडेको छ । भोलि यहाँ मधिसेलाई कसरी किटान गर्ने । सात-आठवटा जिल्लामा पहाडेहरूको 'डोमिनेन्ट' छ । र, ती पहाडीया 'डोमिनेन्ट' जिल्ला जस्तै झापा, मोरङ, सुनसरी, चितवन, रूपन्देही, कन्चनपुरलाई भोली संघीय प्रणाली बनाउँदा कुन रूपमा बनाइन्छ । जनकपुर, बारा, पर्सा, रौतहटलाई मात्र छुट्टाएर बनाउने हो कि अर्को कुरा गर्ने हो ? यो कुरालाई ध्यान दिनुपर्छ । अब त्यो तराईमा इण्डिकेटर या डिभलोपमेन्ट हेर्ने हो भने किन हो थाहा छैन । यस्ता विभिन्न कारण हुन्छ-जुन ठाउँमा पहाडियाको डोमिनेसन छ, झापा, चितवन, मोरङ सामाजिक आर्थिक सूचकमा पढाइमा, महिला सशक्तीकरणको संकेतमा, बाल विकासमा अन्यको तुलनामा निकै माथि छन् । इसिमोडको प्रतिवेदनले यही देखाएको छ । हुँदाहुँदा रौतहटको स्थिति त नेपालको ७५ जिल्लामध्ये ७४ औं जिल्लामा आउँछ, जहाँ हाम्रा माधव नेपाल, वंशीधर मिश्रजस्ता माननीयहरू बसिरहेका छन् । त्यो तराईको टिपिकल जिल्लाको विकास नहुने कारणा के रहेछ भन्ने कुरा अब तराईवासीले खोज्नुपर्ने बेला आएको छ ।

म संक्षेपमा के भन्न चाहन्छु भने यो मधेस र मधेसीको कुरा गर्दा हामीले मधेसीको समाजिक संरचना भुल्नु हुँदैन । मधेसमा बस्ने मानिसका कथा पनि भुल्नु हुँदैन । मधिसेभित्रको विभेदको कुरा पनि भुल्नु हुँदैन । यहाँ मधिसे भनेको पहाडिया बाहेक सबै मधिसे हुन् । भन्नुको मतलब जनजाति, मारवाडी, मुसलमान पनि मधिसे हो र, सोकल्ड मैथली वा अवधिमा हुर्केका सबै मधिसे हुन् । तिनीहरू आफैंभित्र यति



विविधता छ कि एक अर्कोसँग बिहाबारी चल्दैन, भाषा मिल्दैन, बोलाई मिल्दैन, संस्कृति मिल्दैन । यो विविधता भएको झन्डै ३४ हजार वर्ग किलोमिटर फैलिएको तराई जिल्लामा भोलि हामी सबै मधिसे एक हौं भन्नका लागि हामीसँग कस्ता खालको तर्क आउँछ त ? के छालाको रंगका आधारमा कुरा गर्ने हो कि ? भाषाको आधारमा कुरा गर्ने हो कि ? ऐतिहासिकले कुरा गर्ने हो कि ? हिजोको मधेसको इतिहास धेरै लामो छैन । म विराटनगरमा गएर मधेसको इतिहास खोज्दा पूरै तराईमा नपाएर दरभंगा पूर्णिया पढ्न गएको बेलामा त्यहाँको इतिहास खोजेपछि बल्ल तराईको इतिहास बुझें । भारतीयहरूले सबै भेला गरेर राखेका छन् । हरेक जिल्ला-जिल्लाको गजेटहरू बनाएका छन् । त्यहाँ गइसकेपछि त्यहाँका मानिस कस्ता छन् ? नेपालमा बस्ने मानिस कस्ता छन् ? कहाँबाट आएका छन् भन्ने कुरा बुझिन्छ । गुप्ताजीलाई मधेसेको संघीय प्रणालीको कुरा गर्दा, मधिसे शब्दको अपरिहार्यताको कुरा गर्दा, यी कुराहरूलाई मधेसको इतिहास कस्तो प्रकारको छ, हिजो मधिसे भनेका को थिए, आजका मधेसी भनेका के हुन ? यसलाई बुझेर मात्र मधिसे सबाल उठाउनु भयो भने बढी सान्दर्भिक होला भन्छु । नेपालको इतिहास केलाउन पनि यसले सहयोग पुग्छ । कति हजार वर्ष पुरानो इतिहास केलाउन सक्नुहुन्छ ? नेपालको इतिहास केलाउन अहिलेसम्म सकिएको छैन । १७६८ पछाडि जानुभयो भने काठमाडौं उपत्यका तीन खण्डमा बाँडिएको थियो । बाहिर कोही बाइसे राज्यमा कोही चौबीसे राज्यमा विभाजित थिए । त्यहाँका राजाहरू कस्ता थिए ? त्यहाँको शासन प्रणाली कस्तो थियो ? इतिहास स्पष्ट छैन ।

नेपालको तराईको इतिहास केवल एक डेढ सय वर्षको कस्तो थियो ? त्यहाँ बस्ने मानिस को थिए र अहिले त्यहाँ बस्ने को छन् ? भन्ने बारेमा छलफल हुनुपर्छ भन्ने मेरो तर्क हो । वकालत गर्ने एउटा कुरा हो र वास्तविकतामा आधारित सूचना भनेका अर्को कुरा हो । हिजोको तराई पनि हामीले हेर्नुपऱ्यो । हिजोको तराईमा हामी कहाँसम्म जान्छौं भन्नुपऱ्यो । त्यो मिथिला साम्राज्य भनेको के हो ? भन्ने बुझ्नुपऱ्यो । सिम्रौनगढ भनेको बारा, पर्सा, केही जनकपुर मिलाएर हिजो सिम्रौनगढ राज्य थियो । त्यहाँ शासक मधिसेहरू थिएनन् । पछि गएर सेन राजाहरूका पालामा प्रान्तहरू कब्जा गरेर लिएका हुन् । यो कुराको इतिहास खोतल्ने बानी बसाल्नुपर्छ । र, त्यहाँको बस्ती बसाल्ने कुरामा कति पुरानो बस्ती बसालिएको छ ? को मानिस आए ? फादर इस्टेलाको 'द साइलेन्ट क्राइ'मा विहारमा कसरी मजदुरहरूलाई तराई ल्याएर काममा लगाइयो भन्ने उल्लेख छ । त्यसैले हामी धेरै लामोमा जान सक्दैनौं । मैले बारबार उठाउने प्रश्न, यहाँ जनजाति को हो ? को होइन ? भन्ने कुरामा केन्द्रित छ ।

दोस्रोमा नागरिकताको सवाल । सद्भावना पार्टीले र तराईको सन्दर्भमा एडभोकसी गर्नेहरूले बारबार मधिसेलाई पहाडीले विभेद गरेको छ, उनीहरूले नागरिकता पाउँदैनन् भन्ने तथ्यांक अघिसार्नु हुन्छ । वास्तविक सूचना गलत छ, ४० लाख मधिसेहरूले नागरिकता पाएका छैनन् भन्ने खालको दावी छ । सम्पूर्ण नेपालीमा ३४ लाखले नागरिकता नपाएको उहाँको दाबी छ । त्यसमध्ये धेरै मधिसे हुन् भन्ने उहाँको आफ्नो सोचाइ हो । अब एकछिन्का लागि मधिसेको कुरा गर्दा

कति सही तथ्यांक होला ? उहाँले भन्नुभएको कतिसम्म मान्य छन् भन्ने खालमा जानुपर्‍यो । तथ्यांक केलाउँदा २००१ को जनगणना हेर्ने हो, एक करोड १२ लाख चार सय ४२ जनसंख्यामा २० वटा जिल्लामा पहाडेको ४० लाख ४४ हजार पाँच सय ९१ सबैले नागरिकता पाए रे एकछिन्को लागि । यो जनसंख्या घटाउँदा तराईमा भएको जनसंख्या ७१ लाख ६६ हजार ८६ पुग्छ । तपाईंको भाषामा भन्दा पहाडे चाहिँ सबै जन्मसिद्ध नै नागरिक हुन् भन्ने माने लाग्छ, तराईमा पनि ३६ प्रतिशत पहाडे छन् । ४० लाख ४४ हजार पहाडेहरू छन्, ती सबैले नागरिकता पाए रे एकछिन्को लागि । त्यसमध्ये पनि पहाडेको संख्या घटाउँदा नेपाल तराईमा जम्मा ७१ लाख ६६ हजार आठ सय ६२ मधिशेको जनसंख्या हुँदो रहेछ । नागरिकता पाउनका लागि १६ वर्ष पुगेको हुनुपर्छ । १५ वर्षमुनिका जनसंख्या कटाउँदा जम्मा २८ लाख जनसंख्या बाँकी रहन्छ । ४३ लाख ७१ हजार मानिस योग्य मानिस छन् । ती मध्येमा १९९५ को धनपतिको हाइ कमिसन रिपोर्टमा हेर्दा तीमध्येमा पनि झापामा ७१ दशमलव नौ प्रतिशतले नागरिकता पाइसकेका रहेछन् । सप्तरी ७१.१, सिरहामा ७१.७, धनुषामा ६३.९ र रौतहटमा ६८.४ प्रतिशत मानिसले नागरिकता पाइसकेका छन् । राजनीति गर्ने किसिमले यति लाख मानिसले नागरिकता पाएका छैननभन्दा ती को हुन् ? भनी छुट्टाई दिनुपर्‍यो । ती मानिस कहाँ बस्छन् ? भनी छुट्टाउनु पर्‍यो नत्र भने पटक-पटक हामीले यही खालको राजनीति गरेर देश टुक्राउनेमात्र कुरा गरिरहेका हुन्छौं । मलाई थाहा छ तराईमा जम्मा आठ लाख ६६ हजार दलित छन् । आठ लाख ६६ हजार दलित कटाउँदा झन्डै पाँच लाख दलित हुँदा रहेछन् । झन्डै ५२ प्रतिशत जग्गाविहीन रहेछन् । ती जग्गाविहीनवालाले नागरिकता पाएनन् भने पनि तराईमा दुई तीन लाख दलितले नागरिकता नपाएका होलान् । अरू सबै जग्गा हुने मानिसले पाएका हुन्छन् । २००१ को जनगणनाअनुसार नेपालका कायस्थहरूको शिक्षाको दर ८२.१ छ । त्यो कायस्थको शैक्षिक दर यति छ भन्नु यो पनि गलत हो, सय प्रतिशत नै मानिस शिक्षित भएको बताइन्छ । सय प्रतिशत शिक्षित मानिसले नागरिकता नपाएका होलान् त ? जसको हातमा कलम छ । ती यादव, ती राजपुतले नागरिकता नपाएका होलान् त ?

एड्भोकेसी गर्ने, आफ्ना विचारहरू राख्ने, राजनीतिक गर्ने कुरा छँदैछ । देश विकासमा गुप्ताजीलाई मलाई केही भन्नु छैन किनभने मधेसको सबाललाई लिएर पटक-पटक कलम चलाउने मानिस जयप्रकाश गुप्ता मात्र हो, लेखिरहनु भएको छ । तर अमूर्त कुराले मात्र भएन तथ्य जानकारी चाहियो । इतिहास चाहियो । केही इतिहास बटुल्नु पर्‍यो । केही तपाईंको तथ्यांक अगाडि राख्नुपर्‍यो । ती सबैलाई जोड्नु पर्‍यो । र, हाम्रो स्थिति के छ भनी केलाउनु पर्‍यो । साथसाथै आफ्नै मधेसभित्रको विविधता केलाउनु पर्‍यो । मधेसीभित्रको मधेसलाई हामीले होमोनाइज्ड फेसनमा मधेस भनेको सिंगल रिजन, सिंगल कन्ट्री भनेजस्तो हिसाबमा अनुमान गरिरहेका छौं । मेरो भनाई के हो भने भौगोलिक क्षेत्र मात्र हो, त्यसभित्र २० वटा जिल्ला छन् । त्यसभित्र विभिन्न जातजाति र भाषाभाषिका मानिस बसिरहेका छन् । ऐतिहासिक रूपमा निश्चिय नै हिजो शाहहरूको पालामा अथवा राणा शासकका पालामा मधिसे भनेपछि अलिकति भारतसँग सम्बन्ध छ भन्ने हिसाबले उनीहरूलाई



दरबार वा काठमाडौं पस्न दिइएन । त्यो हिजो ऐतिहासिक कथा आज परिवर्तन भइसके, केही मानसिकता होला । त्यस्तो अत्याचार र अन्याय पहाडेलाई पनि ठाउँ-ठाउँमा भइरहेको छ । ती हिजोका कथालाई लिएर पटक-पटक मार्जिनल इन्ट्रिगेसन कन्टेक्समा नढाल्ने हो भने र, अहिले आएर तराईलाई कि हामीले सांस्कृतिक रूपमा एक हौं भन्न सक्नुपर्‍यो कि उहाँले सम्पूर्ण तराई भनेको मधिसेको भूभाग हो भन्न सक्नुपर्‍यो । यी दुवै कुरालाई समन्वय नगरिकन तराईको समस्या बुझिदैन् । मधिसेको समस्या हल गर्न पनि सकिदैन । मधिसेले दाबी गरेको भाषा र नागरिकताको अधिकार जायज हो । मधिसेको परिभाषा यकिन गर्नुपर्‍यो । हेर्ने वित्तिकै यो मधिसे भन्ने कि ? भौगोलिक आधारमा भन्ने कि ? अथवा भोलि सांस्कृतिक रूपमा जनजाति, मारवाडी, मुसलमान सबैलाई मधिसेभन्दा ती मधिसे हिन्दु मधिसेसँग कति मिसिन सक्छन् ? संस्कृति मूल पाटो हो । संसारभरी इराकको युद्ध हेर्नुस्, रसिया टुक्रिएको इतिहास ताजै छ । संस्कृति कहिले पनि होमोनाइज्ड गर्न सकिदैंन । यो दीर्घकालसम्म जानै सक्दैन । उहाँले जातीय नारा त लगाउँदिन भन्नुभयो । तर यहाँ पटक-पटक मधिसे भनेको जातीय नाराको रूपमा हामी सबै एक हौं भनेर 'भिजेए भिआए एगेन्स अफ द स्टेट' भन्ने नारा लगाएर त्यसले मधिसेको भविष्य कति सुरक्षित गर्नसक्छ ? यसबारेमा गुप्ताजी तथा मेरा विद्वान् साथीहरूले अलि संवेदनशील भएर तराईका बारेमा अलि मन लगाउन खोज्नुभयो र समस्या बुझ्न खोज्नुभयो भने तराई निश्चय नै भौगालिक रूपमा एकदम राम्रो ठाउँ हो र, भोलि विकास हुन सक्छ । धन्यवाद ।

**डा. केशवमान शाक्य**

नेपालको सबैभन्दा गाह्रो र संवेदनशील विषय मधेसनै हो । दुई तीनवटा अब्जरवेशन म यहाँ प्रस्तुत गर्न चाहन्छु । बहस नयाँ नेपालको स्वरूपमा केन्द्र कस्तो हुनुपर्छ ? विकेन्द्रित कस्तो हुनुपर्छ ? केन्द्र र विकेन्द्रित गर्ने सवालमा भूगोल, संस्कृति कसरी समायोजन गर्ने ? मूलभूत खोजी त्यो हो । त्यसलाई बुझियो भने धेरै समस्या समाधान गर्ने आधार पहिल्याउन सक्छौं । यो सवालमा मधेसी २५/३० वर्ष अगाडि आएको हो ।

दलित, जनजाति र मधेसी सामाजिक समायोजन भौगोलिक केन्द्र विकेन्द्रको वरिपरिमा नयाँ पहिचान र नयाँ नेपाल सिर्जना गर्न ल्याएको नयाँ परिभाषा जस्तो छ । किनभने दलित भन्ने कुरा पनि धेरै पुरानो विषय होइन । दलितको पहिचानले पनि नयाँ राज्य संरचनामा उसले भूमिका खोजेको छ । जनजाति नितान्त २०४६ सालपछि उठेको विषय हो । भरखरै हो जनजाति महासंघ खडा गरिएको र संस्थागत गर्ने प्रयास भएको । मधिसेको सवाललाई पनि हामी प्रयोग गर्दैछौं । नयाँ पहिचान, नयाँ नेपालको मुलुकको प्रयोग गर्न खोजिरहेका छौं । उहाँले प्रस्ताव गर्नु भएको प्रादेशिकताको अवधारणा, जातीय, सांस्कृतिक अवधारणा हो । विकेन्द्र र केन्द्रलाई कसरी मिलाउने भन्ने सवालमा हामी क्षेत्रीय र गैरक्षेत्रीय अवधारणाबाट प्रभावित छौं । प्रादेशिकता कसरी विकेन्द्रमा बाढ्ने त्यसका विभिन्न आधार होलान् । जातीय आधार, इतिहास, भूगोल, प्राकृतिकस्रोत होलान । विकेन्द्रको अवधारणा प्रादेशिकमात्र

हुनुपर्छ भन्ने छैन । नन् टेरिटोरियलमा पनि त्यहाँ केन्द्रसम्म जाने आधार तयार भयो भने हामी प्रदेशमा पनि टेरिटोरियल, नन टेरिटोरियल फर्मुलाबाट जान सक्छौं । केन्द्र र त्यो फर्मुला बनाएर गयौं भने हामी सबैलाई समावेश भएको र मूल प्रवेशमा वञ्चित नभएको अनुभव गरेर नयाँ मुलुकको सिर्जना गर्न सक्छौं ।

जनजाति र दलितको करिब-करिब पहिचान स्पष्ट भएको जस्तो देखियो, सरकारी सूची पनि आयो । त्यसमा त्यति गुनासो छैन । अब मधेसी को को हुन् ? भन्ने कुराको र मधेसमा पनि को कहाँ भन्नेमा बहस केन्द्रित भएको हो भन्ने लागेको छ । त्यसमा डिल्लीराम सरले पनि भनिसक्नुभयो । त्यसमा मधेसको सही पहिचान, त्यसको इतिहास निर्क्योल गर्न बाँकी छ । मधिसेको हो भन्ने कुरा पनि लिष्ट अफ थट हो कि वा कल्चरल पहिचानबाट भयो भने समाधान हुन्छ । नन्टेरिटोरियल समाधान गर्न सकिन्छ । मधिसेको सवालमा तराई र मधेस भन्ने शब्द छ । यी दुई शब्द सँगसँगै प्रयोग हुन्छ । तर तराईको बारेमा इतिहास हेर्दै जाँदा जब अंग्रेजहरूले इतिहास लेख्न थाले-यहाँको जनता, संस्कृतिको बारेमा । थारू शब्दबाटनै पछि तराई भएको हो, थारूहरूको बस्ती नै मधेस हो भन्ने पहिचानको व्याख्या भयो । तराई शब्द कहाँबाट आयोभन्दा थारूहरू को हुन ? भन्ने प्रश्न आयो । अनि मगरहरू बस्नेलाई मगरात भनेजस्तै थारूहरूको तराई भन्ने ठानियो । एउटा पहिचान त्यस बेला सामाजिक अध्ययन गर्नेहरूको छ । मधेस पुरानो शब्द हो । मैले बुद्धिष्टहरूको अध्ययन गर्दै जाँदा अशोकको कालमा बुद्धिष्ट मिसन चारूमतिमा आयो । त्यसबेलासँगै आएको महिमथेर अथवा मधेसी भिक्षु । मजिम भन्ने शब्द बुद्धिष्ट ग्रन्थहरूमा प्रयोग भएको छ । यसबेलाको अर्थ लगाउँदा मजिम प्रदेश कहाँ निर पर्छ भन्ने कुराको अझै अध्ययन गर्नुपर्छ होला । तराईसँग मधेसको पहिचान त्यति मेल खाएको छैन । तराई सबैलाई मधेस भन्ने अवधारणामात्र हो । नेवारहरूले बाहिरबाट आएकाहरूलाई तीनवटा नामले विभाजन गरेका हुन्छन् । सय, खय, मड्स्या । सय भनेको हिमालबाट आएकाहरू, गोलो अनुहार भएका, खय भनेको खसहरू पर्वते वा पाखे जो बाइसे, चौबीसे राज्यको पहिचान हो । त्यसपछि मड्स्या तातो ठाउँबाट आएको दक्षिणबाट आएकोलाई भनिन्छ । त्यसबेलादेखि मधिशे भनेको दक्षिणबाट वा तराईबाट आएकोलाई भनेको हो कि ? नेवारको विचारमा । मधेस भनेको मुग्लान हो कि ? त्यसबेला वौद्धमार्गीहरूको विदेश, कोशल, मगध क्षेत्र हेर्दा अशोकले यहाँ दूत पठाउँदा एक जना मधिसे भिक्षु पठाएका थिए । ती कुरालाई हेर्दा मधेसको शब्द पाइन्छ । तर, अहिलेको मान्यता अनुसार 'सेल्फ राइट टु डिटर्मिनेशन' हुनुपर्छ । विश्वकर्माले दलितको पहिचान राख्न चाहन्छ भने उसलाई तिमी दलित होइन खस भन्न पनि मिल्दैन । मधिसेले मधिसे हुँ भन्ने परिचयका आधारमा सहमति भयो भने उसले त्यो भन्न पाउनुपर्छ तर पहिला ननटेरिटोरियल समस्या साधान गरौं । उनीहरूको पनि महासंघ होस् । राज्यले एउटा फाउण्डेसन या एकेडेमिक या कमिसन एउटा बनाएर सुर गर्दा हुन्छ । प्रादेशिक आधारमा अहिले हामीले ठ्याक्कै जातको आधारमा छुट्याउन सक्दैनौं, त्यसको इकोनोमिकल स्केल हेर्दा । तर अहिले जस्तो ७५ जिल्लाचाहिँ उपयुक्त छैन । त्यो राज्यले धान्न सक्दैन ।



**पुरञ्जन आचार्य**

यो कार्यपत्र सुनिसकेपछि मलाई केही उपयोगी हुने कुराहरूमा यो कार्यपत्र समय कालसँग सम्बन्धित भएन भन्ने लाग्यो । यो अलि अमूर्त जस्तो भयो ? कुन-कुन कालमा कसरी तराईमा कुन-कुन संस्कृति र मानिसको प्रवेश भयो ? कार्यपत्रमा विस्तृत रूपमा आएको भए यो समयदेखि समयसम्मका बारेमा दिएको भए उपयुक्त हुन्थ्यो । यो कार्यपत्र जनतासँग भन्दा पनि भौगोलिक आधारमा सम्बन्धित भएको जस्तो लाग्यो किनभने मानिसको एउटा देशभित्रको गतिशीलता स्वाभाविक होइन र ? स्वाभाविक जस्तो लाग्छ । कार्यपत्र प्रस्तोता पनि काठमाडौं आउनुभएको छ । विराटनगर जानुहुन्छ । जनताको देशभित्र स्वाभाविक गतिशीलतालाई उहाँले नयाँ भाषा दिनुभएको छ । यो आन्तरिक बसाइँ-सराइ भनेर मानिसको विकासक्रममा पाउने कुरा होला । यो नपाउने हो भने आज कश्मिर त्यही कारणले समस्याग्रस्त छ । मेरो अनुरोध केही टुक्राएर लेखिदिएको भए यो समयदेखि योसमयसम्म तराईमा यो अवस्था थियो, यति मानिस थिए भन्ने किसिमबाट गएको भए यो कार्यपत्रले रमाइलो गर्थ्यो ।

अर्को मधिसेको कुरा आउँदा हामी पनि विराटनगरमा जन्मेको हुर्केको हो । दुई तीन पुस्ता बिताएको हो । मधिसेको कोरा भ्यालु के हो ? के कुरा गर्नेलाई मधिसे भनेर चिन्ने ? मधिसेको मूल्य, मान्यता र सिद्धान्त प्रणाली के हो ? धोती लगाउने मधिसे हो ? सबैले धोती लगाउन छोडिसक्यो, पढ्ने जमातले । उहाँले भन्नुभयो-दौरा सुरुवालको प्रयोग बढ्दै गयो । त्यो पनि लगाउन छाडिसके । त्यो खालको प्याराडियम सिफ्ट भएको छ । नयाँ डाइमोन्सनहरू आएको छ । सम्पूर्ण कुराहरूमा यो कुरालाई नजर अन्दाज गरिएको छ । उहाँले भन्नुसक्नुपर्थ्यो-अफ्र एडमिनिष्ट्रेटिभ एक्पान्सन सँगसँगै दौरा सुरुवालचाहिँ ४० डिग्रिको तापक्रम हुने ठाउँमा पनि पुगेको थियो, कुनै कालमा । त्यसले एउटा राजनीतिक संरचना सिर्जना गर्न खोजेको थियो । त्यो कुरा यहाँ कहीं परेको थिएन । त्यो राजनीतिक संरचनाले तराईभित्र केही जबरजस्त कुराहरू सबैका लागि लाद्न खोजियो । प्रमुख जिल्ला अधिकारीले अनिवार्य गरे होलान् । बर्मा, आसामबाट आएकाहरूलाई पृथ्वीनारायण शाहको फोटा टाँग, राजाको पनि फोटो टाँग, अनि दशै सुरु गर भनेर । त्यसकारण तराईमा दुई किसिमका आप्रवासी मानिसहरू बसेका छन् । एउटा सेल्टर छन् । एउटा इमिग्रयाण्ट छन् । एउटा राज्य स्पोन्सर छन् । अर्को स्पेन्टोनियोस छन्, उनीहरू जहाँ पनि जान सक्छन् । आज अमेरिका बनाउने सबै आइरिसहरू छन् । त्यसकारणमा यो कार्यभित्र एकदम रूढीवादी अवधारणा छ । यसलाई परिवर्तन गर्नुपर्छ । यसरी हेर्ने दृष्टिकोणलाई पनि परिवर्तन गर्नुपर्छ । उहाँहरूले परिवर्तन गर्नुभयो भने यो कुरा सही हो कि प्रशासनिक शोषणमा तराईका समुदाय धेरै परेको छ । त्यो कुरालाई सुधार गर्न जरूरी छ । अरू संरचनाको कुरामा हामी आफैं वकालत गरेर हिँडेका छौं ।

**डा. खगेन्द्रनाथ शर्मा**

यो कार्यपत्र एकदम फराकिलो बनाएर धेरै बुँदामा दिनुभएको छ । यसमा डिल्लीरामजीले धेरै गहकिलो गरी विश्लेषण गर्नुभएको छ । समावेशी लोकतन्त्र

राजनीति व्यवस्था हुनुपर्छ भन्ने विचारधारामा भन्न खोजिरहेको छु। अहिले राजतन्त्र समावेशी हुन नथालेकाले बाहिरिँदै गएको छ भन्ने नाताले जान खोजेको हो। यो संविधान मान्य हुन सकेन किनभने एउटै वर्गले मात्रै नेतृत्व लिन खोज्यो, शासन हातमा लियो भनेर २०४७ सालको संविधानलाई आलोचना गरेर अहिले नगर पालिकाको चुनावमा भाग लिन तराईमा बढी मानिस गएको हो कि ? हामी राजातिर आकर्षित भएका होइनौं भन्नुभयो अर्थात संविधानका कारणले हो कि भन्ने आभाष हामीले लिन सकिने खालको संकेत मैले पाएँ। यसमा मेरो विमती छ किनकी यसमा सबभन्दा पहिला इखिएर हिँडेका माओवादी हुन जससँग अब छलफल धेरै भइसकेका छ र, त्यो चाहँदैनन् भन्ने स्पष्ट छ। तर त्यो संविधानलाई मार्न सक्ने त्यहाँ पनि थिएन्। र त्यो संविधानलाई मार्न सक्ने शक्ति दरबारमा भयो, जति बेला हाम्रा देउवाजीले त्यो संविधान लगेर बुझाइ दिनुभयो। त्यसपछि संविधान संशोधन गरेर कुनै पनि चिज पार लाग्दैन भन्ने कुरा स्वतः भइसकेको छ। त्यसकारण हामी संविधानसभामा जान्छौं। संविधानसभाबाट समाधान खोज्नुपर्छ भन्ने बोध भएर कलम चलाउनेले कलम बचन चलाउनेले बचन चलाइरहेका छौं। र, त्यही नाताले हामी जोडिएका पनि हौं, अनि यस्ता छलफलमा आउने गरेका पनि हौं।

यहाँ गुप्ताले यसै आधारमा हेर्दा आफैंले बाहिराउन खोज्नुभएको छ। पहिलो संविधानले गर्न सक्दैन भन्नुभयो, संविधानको त्यतिबेलाको जुन संरचना थियो मधिसेलाई बाहिरी गराउने संरचना थिएन। बेलायतको संसदीय प्रणाली खराब छ भन्नुमा हामी सबै प्रकारले ठोकर दिन गइरहेका छौं। त्यो पोलिटिकल गर्डरस्ट्याडडिङ गर्दा खेरी संसारमा एक प्रकारको पोलिटिकल एक्युरेसन गर्ने समाजमा सभ्यतालाई एकातिर लैजान ठूलो योगदान दिएको छ। भारतमा जुन प्रजातन्त्रको हावी भएर कुरा गर्छौं, भारतमा प्रजातन्त्र त्यही ढाँचाले आएको छ। र, त्यसलाई कसैले गाली गर्न सकेको छैन। अमेरिकामा त्यो छैन। त्यहाँ पनि सिद्ध छ। उहाँले अरू पनि समावेशी प्रजातन्त्रको लागि अफ्रिकाको उदाहरण दिनुभएको छ। सर्वमान्य छ। त्यो नाताले हाम्रो २०४७ सालको संविधान लेखिएको थियो। विचारका आधारमा यदि जनसंगठन गर्न सक्छौं भने कसैलाई बाहिर गर्ने नियति हुँदैन। विचारमा सबैलाई हाल्न सकियो भने मात्र बहुमतले माथि पुग्न सकिन्छ। त्यसकारण असमावेशीले नीति थियो भन्ने कुरा तार्किक रूपले गलत हो। यो सोचाइमा परिवर्तन ल्याउनुपर्‍यो। त्यो थियो, त्यसको दुश्मन दरबार भयो। संविधानको दुश्मन दरबारभन्दा ठूलो कोही पनि होइन। सायद त्यसका कुनै-कुनै ढाँचामा मान्यो भने माओवादीले पनि केही कुरा गर्छन् होला। माओवादी पनि विवेकी प्राणी हुन्।

अहिलेको संविधान दरबारबाट नमिचिएको भए त्यसमा धेरै सुधार हुन सक्ने थियो। समावेशीको नाताले मैले हेर्दा नागरिकता प्राप्तिमा केही समस्या छन्। नागरिकताका लागि जमिनको स्वामित्वलाई आधार मानिएको छ। मैले झापामा जाँदाखेरि सतार समुदायको हेरे-जमिन खोसियो, जमिन छैन, नागरिकता छैन, जमिन किन्न सकिँदैन। यस्तो खालको प्रावधान बनाइयो जसले एकपटक वञ्चित भएपछि त्यसलाई फेरि समावेश गर्न सकिँदैन। यो समस्या तराईमा मात्र हैन। पहाडमा पनि छ। तराईको प्रकरणमा सबभन्दा बढी बोल्नुपर्ने सद्भावना पार्टी थियो। सद्भावना



पार्टीले विभिन्न नारा लगाएर गरेका ठाउँमा राष्ट्रियता र सबैलाई सम्बोधन गर्ने खालको नाराको अभाव देखियो। त्यो तपाईलाई इंगित गर्ने खालको हो।

मधिसेलाई हेर्दा खेरी यिनीहरू भारतीय पक्षधर हुन भन्ने पहिचान दिन खोजिएको छ भनिएको छ। त्यसलाई म के विश्वस्त बनाउँछु भने म यो नारा लिएर जाँदा खेरी प्रो इण्डियन अब जानेका आधार बनाइ रहेको छु कि ? त्यसबाट हेरेर राष्ट्रिय नारा बदल्न सक्नु भएन भने जुन समावेशीको कुरा गरेका छौं त्यसले आफूलाई बाहिर फाल्न सक्ने सम्भावना हुन्छ। यी दुई कुरा गुप्ताजीको भनाइमा राखेको हुँ।

संविधानसभा नभईकन यहाँ माग गर्नुभएको बुँदा पूरा हुन सक्दैनन्। तर संविधान सभामा जानको लागि अहिले मतदाता नामावली वा नागरिकताको अधिकारबारे कुरा गर्नुहुन्छ भने सबभन्दा पहिला नागरिकताको समस्या समाधान नगरीकन संविधानसभामा नजाने भन्ने हो भने त्यो कसले गर्ने त ? अहिले राज्यले हामीलाई समावेश गर्न सकेको छैन भने मधेसलाई मात्र न्याय गर्न सक्ला र ? यदि सबैलाई नागरिकता दिने हो भने पनि सबैलाई चित्त बुझ्दो नागरिकता दिन सक्ला र ? त्यो स्थिति पर्खिने हो भने दसौं वर्ष यसरी नागरिकतामा अल्झिने हो भने हामी संविधानमा कहिले जाने त ? त्यसले जुन प्रावधानको कुरा गर्दै हुनुहुन्छ त्यसैले टाग अडाएर प्रवेश नै नपाउने तर्क भएको मैले देखेको हो। मधिसेहरूलाई समावेश गर्ने। मधेसीको परिभाषा पर्याप्त होइन। त्यहाँ बसेको नेपालीले माथि दुम्जा वा सल्यानमा गएर आफ्नो प्रतिनिधित्व खोज्दैन। त्यही खोज्छ। त्यसैले उ पनि दाजुभाइ हो। अहिले मधिसेभन्दा काठमाडौंमा आउँदा म इलामे हुँ। तराईबाट आउनेलाई मधिसे भन्नुहुन्थ्यो। समावेशी कुनै क्षेत्रमा भएको छैन। नोकरीको क्षेत्रमा छैन। प्राविधिक क्षेत्रमा छ। प्रशासनमा छैन किनभने प्रशासनमा आउनका लागि भाषाको कमजोरी छ। नेपाली विषय जान्नुपर्‍यो। नियम कानुन जान्नुपर्‍यो। त्यसकारण आउनुपर्‍यो लोकसेवा आयोगका विधेयकहरूमा परिवर्तन गरौं। आउनुपर्ने कुरामा राजनीतिक बाधा फुकाऔं।

**देशबहादुर सार्की**

संघीय राज्यको रूप र स्वायत्त कसरी दिने ? प्रान्तिय वा जातीयका आधारमा हेर्ने हो भन्ने विषयका बारेमा निवेदन गर्न चाहन्छु। हाम्रो ठाउँ अर्थात हामी दलितहरूको ठाउँ खोइ त ? हामी विशेषतः काठमाडौं उपत्यकाका नेवारीमूलका कतिपय साथीहरू त हामी दलित होइनौं पनि भन्छन्। नेवारीमूल र पहाडेमूलका कामी, सार्की, दमाई, गाइने, वादी र तराईमूलका धेरै जातिहरूलाई तीन तहमा विभाजन गर्न सकिन्छ। राई, मगरलगायत अन्य जातिहरूको प्रान्तीय रूपमा बसोबास छ। जातीय रूपमा उनीहरूको बहुसंख्यक संख्या होला। तर दलितहरूको छुट्टै खालको प्रान्तिय रूपमा बसोबास भएको पाइँदैन। र, राज्यका उच्च निकायमा पनि छैन। भोलि जातीय स्वायत्तता दिने हो भने जसरी २०४६ सालमा प्रजातन्त्र आयो। राज्यमा मेचीदेखि महाकालीसम्म सब नेपालीको अधिकार समान हुन्छ।

कानुनले समान रूपमा राख्छ । त्यस्तै २०४७ को धारा ११ को उपधारा १,२,३,४ लाई नै राम्रोसँग सदुपयोग गरिदिएको भए दलितको धेरै उत्थान हुन्थ्यो ।

**झलक सुवेदी**

आजको कार्यपत्र प्रस्तोतालाई पहिला धन्यवाद । म धेरै हदसम्म यो कार्यपत्रप्रति नजिक पाएँ अर्थात समर्थन गर्छु । दाहालजीको टिप्पणीमा कस्तो लाग्यो भने प्रकारान्तले यो यथास्थितिवादी छ । अहिलेको खर पहाडे डोमिनेसनमा चलिरहेको राज्य प्रणालीलाई धानिरहनुपर्छ भन्ने मानसिकताबाट उहाँको टिप्पणी आएको जस्तो लाग्यो । नागरिकता सम्बन्धित वास्तविक तथ्यांकमा बाहेक उहाँका तर्कहरूप्रति सहमत हुन सकिन किनभने मधेसी समस्या नेपालमा धेरैपहिलादेखि उठिआएको, जल्दोबल्दो र तत्काल सम्बोधन गरिनुपर्ने समस्या हो । जस्तो मधिसेहरूलाई अलि धेरैलाई भर्ती लिइदिएर वा अलि धेरै मधिसेलाई मन्त्री बनाएपछि समस्या सुल्झिन्छ भन्ने खालको टिप्पणी हुन्छ, यो मधिसे समस्यालाई भित्रभित्रै पकाउने र मुलुकलाई क्यान्सरको रूपमा रोगी बनाउने दृष्टिकोण हो । यो मधिसेसँगको सबालमा मात्र होइन, नेपालमा जातीय रूपले क्षेत्रीय, लैगिकं रूपमा जसरी प्रश्न उठिरहेका छन् । त्यसरी नै यसलाई सामग्रीक समाधानतिर जानुपर्छ । त्यसमध्येको एउटा मधिशे सबाल हो । मेरो मार्क्सिसिष्ट स्कुलको भएको हुनाले कार्यपत्रमा मधिसेलाई जसरी स्वायत्तमा उहाँले उठाउनु भएको प्रादेशिक हो कि अर्को खालको नन टेरिटोरियल हो ? यो बहसको विषय होला ।

दोस्रो, मधिसेहरू स्वायत्त हुँदैमा जस्तो मधिसेभित्रका दलित मधिसेहरू र अन्य मधिसेहरूको बीच तीव्र अन्तविरोधहरू छन् । त्यस्तै, भूमिहीन र भूमिपति मधिशेहरूबीच अन्तर्विरोध छन् । मधेसीभित्र महिलाहरू दबिएका छन् । यी प्रश्नका जवाफ सँगसँगै खोजिनुपर्छ । साथै गौतमबुद्धलाई काँधमा राख्ने तर काँधमा राखेर तिलौराकोटदेखि रामग्रामसम्म उत्खनन गर्दै हिँड्ने तर त्यहाँ बसोबास गरिआएको पुस्तौपुस्ताको समूहलाई आफ्नो नठान्ने, सीता र जनकलाई टपक्क टिपेर काँधमा बोक्ने तर जनकपुरलाई आफ्नो नठान्ने पहाडिया संस्कृति हामीले जहिलेसम्म दिमागमा राख्छौं, तबसम्म जस्तोसुकै राजनीतिक परिवर्तन भएका पनि समाधान नदेला कि ?

कार्यपत्र व्यवस्थित र विस्तृत छ । यसमा समग्र तराईलाई समेट्ने कुरा सायद विरोधाभाष होला । यस माथि मेरो प्रश्न हो । मुसलमान र मधिसेको गैर मुसलमान समुदाय यो दुईबीचका विरोधाभाषका समस्यालाई हल गर्ने र अहिले मधिसेभित्र व्यापक रूपमा विरगन्जमा पहाडीया र मधिसेहरूको विभाजित समुदाय उपस्थित छ, अन्य ठाउँमा पनि होला । त्यहाँ संस्कृति फरक भएका समुदायलाई समेट्नका लागि उपस्वायत्त क्षेत्रहरू वा यो समाधानका बारेमा उत्तर जान्न चाहन्छु ।

**श्रीप्रसाद शाह**

दुई तीनवटा कुरा उठाउन चाहन्छु । उखान के छ भने 'बोल्नेको पिठो बिक्छ नबोल्ने को चामल बिक्दैन ।' अहिले सबै भेदभावको सर्न्दभमा छलफल गर्दैछौं । मेरो



विचारमा मधेससमुदायका मानिसहरू समयमै आफ्नो चामललाई बेच्न नसकेर अलि पिठो बिकिसकेपछि चामल बेच्दै छैन । किनभने यो महिलाभित्रको, दलितभित्रको, जनजातिभित्रको भन्दा उच्च कोटीको समस्या हो । यो सामुदायिक समस्या हो । मधेसक्षेत्रमा रहेका महिला दलित जनजाति र पहाडक्षेत्रमा रहेका महिला, दलित र जनजाति । हामी पहिला के गऱ्यौं भने महिला, दलित, जनजाति जो पहाड क्षेत्रमा बसिरहेका छन्, त्यसको समस्याका बारेमा धेरै विज्ञ भइसक्यौं अनि मधेसको समस्याका बारेमा छलफल गर्दैछौं वा बाध्य हुँदैछौं । पहिला मधेसको समस्यामा छलफल भइसकेपछि दलित, महिला र जनजातिका समस्या के कसरी केलाउँदा तलसम्म जान सकिन्थ्यो । महिलाको सन्दर्भमा आरक्षण र विकासको कुरा भइरहेका छन् । हामी आधा आकास महिला भन्छौ, पहाडका महिलामात्र होइन । मधेसका महिलाका बारेमा पनि सोचिरहनुपर्छ । आज महिलाहरूमा पनि ९९.९ प्रतिशत हिस्सा पहाडका महिलाले खाइरहेका छन् ।

दाहाल सरले भनेजस्तै भावना पक्षबाट कुरा गर्छौं, तथ्यपरक ढंगले जान सकेनौं । यसमा मधेसक्षेत्रका विज्ञहरूको सहयोग चाहिन्छ । कार्यपत्रमा मैले दुई तीनवटा कुरा उठाएको देखिन । जस्तै जनसंख्याको कुरा गर्ने हो भने पाँच पुस्तेहरूलाई के भन्ने ? मलाई के लाग्छ भने मधेसमा पहाडेमूलका मानिस जो बसेका छन् ती कुनै न कुनै हिसाबले पहाडबाट झरेका छन् । अहिले पनि मधेसमा झापा धनुषामा तपाईको पहाडको घर कहाँभन्दा सोलु, सिन्धुली भनिन्छ । अनि त्यसले जनसंख्यामा पनि फरक पारिरहेको हुन्छ । उनीहरूको दुईतिर घर हुन्छ । रामेछाप, सिन्धुलीमा पनि गनिएको हुन्छ । मधिसेहरूको स्वाभाविक रूपमा त्यसरी सर्ने हुँदैन । काठमाडौंमा होला । अन्य सहरमा होला ।

पहाडे समुदायभित्रको जातजातिहरू कुनै न कुनै रूपमा तीनवटा जातमा समेटिन्छ । उच्च जात, जनजाति र दलितभित्र समेटिन्छ । मधेसमा अहिले आएर अर्को समस्या ठूलो छ, एउटा यस्तो जात छ जो दलितभित्र पनि पर्दैन । उच्च जातमा पनि पर्दैन । अनि जनजाति पनि पर्दैन, ती ३०/३५ वटा जात के हुन त ? यसलाई कतिपय विद्वान्हरूले अदर व्याकवार्ड कम्युनिटी भन्ने गर्छन् । यो कुरालाई पनि समेट्नु पर्थ्यो ।

दाहालले जुन कुरा ल्याउनुभयो, उहाँको कुरा उठाइ के भयो भने एकातिरबाट समस्या आएको छ, तीन चार लाख मात्र मान्छेले नागरिकता पाउन सकेको छैन । त्यो त या त जनसंख्यामा फेरबदल भएको छ  होइन भने उल्लेख्य मात्रामा नागरिकताको समस्या छ । त्यसकारण कायस्थमा मात्र समस्या हैन । कायस्थ मधेसको अत्यन्त न्यून प्रतिशत छन् । यादवहरू यस्ता पनि जो अत्यन्त पिछडिएका छन् । अरू पनि छन् ।

**मनाइ महतो**

मधिसेको विषयमा दाहाल सरले भनेजस्तै मधेसको इतिहास छैन । मधेसको सन्दर्भलाई केलाउँदा ऐतिहासिक मध्य देशको इतिहासलाई केलाउनुपर्छ । मध्यदेशको इतिहासको अध्ययनको सन्दर्भमा मैले आग्रा विश्वविद्यालयबाट मध्य देशको

इतिहासनामक पुस्तकमा प्रकाशित गरेको सामाग्री छ, त्यसमा हजारौं हजार वर्षको इतिहास छ। र, जुन बेला पृथक रूपमा शाक्य राज्यकोले विदेह, मगध राज्यहरू स्वतन्त्र अस्तित्वमा रहेका थिए, त्यही सन्दर्भमा मधेसको वर्तमान नेपालको परिप्रेक्ष्यमा २० वटा जिल्लाहरू मधेसका रूपमा छन्। ती जिल्लाहरू ऐतिहासिक कालखण्डमा मध्येदेशमा रूपमा चिनिन्थ्यो। र, मध्येदेशको इतिहासमा सम्राट अशोकको शासनकालमा, सम्राट अशोकको कालपूर्व अफगान यता वर्तमान कैलाली कञ्चनपुरसम्मको भू-भागलाई छोएको थियो। खास गरेर यो भूभागलाई कार्यपत्रले समेटेको छ। समयको कलान्तरमा जतिसुकै पछाडि वा जहाँबाट जेसुकै भएर आए पनि यिनीहरू आफ्नो मातृभूमिमा फर्किएका छन्। ऐतिहासिक भूमिका फर्किएका छन्। बसेका छन् भन्ने कुरालाई कार्यपत्रले आत्मसात गरेको छ। मधेस र मधेसीको सन्दर्भमा अब मधेसमै बसेकालाई मधेसी भन्ने वा नभन्ने कुरामा जानुभन्दा पनि कार्यपत्रमा उल्लेख गरेका वर्गहरूलाई मधेसी भनेर बुझिदिनु पर्‍यो।

यो दृष्टिकोणले यो सबाललाई अगाडि लगे राष्ट्रलाई हेर्ने जातीय दृष्टिकोणमा अलि सजिलो हुने उपायले यो कुरा कारगार हुन सक्छ।

मधेसकै सन्दर्भमा मैले व्याख्या गर्दा हामीले मधेसको जातीय विभाजन चार भागमा गर्दछौं। पहिलो त दलित समूह, जसलाई सरकारले २०५४ मै गठन आदेश तात्कालीन स्थानीय विकासमन्त्री गजेन्द्रनारायण सिंहले परिभाषित गर्दा मधेसका १२ वटा जातिलाई दलित जाति भनिएको थियो। जो सामाजिक वर्ण व्यवस्थाअनुसार हजारौंहजार वर्षदेखि बाह्रामा वादी राज्यसत्ता या व्यवस्थाको कुचक्रमा परेर छुवाछूतको कुचक्रममा पारिएका वर्ग १२ वटा जाति छन्। यिनलाई तल्लो वर्गको रूपमा लिइन्छ। अर्को जनजातीय समूह हो। यो समुहमा विभिन्न समयमा विभिन्न स्रोतबाट मधिसे नभनाउने उपाय अवलम्बन गरिए तापनि यिनीहरू मधेसमा ऐतिहासिक मधेसी समूहहरू नै हुन भनेर १० वटा जातिहरू-थारू, दनुवार, राजवंशी लगायत छन्। अर्को समूह जो मधेसको उच्च जात छन्। अर्को परिभाषीत हुन नसकेका जातीय पहिचान जस्तो कुसवाहा कोइरीहरूलाई हामीले ओविसी भनी परिभाषीत गरेका छौं। यी मग्रजातिको साझा ऐजण्डा भाषिक-सांस्कृति रूपमा राजनीतिक रूपमा समाधान गर्नुपर्छ। जसमा नागरिकताका, संघीय प्रणालीको समस्या, राष्ट्रिय पहिचानको समस्या साझा रूपमा हुँदाहुँदै पनि केही मधेसीभत्रकै जातीय संरचनाका कुरालाई हामीले स्पष्ट रूपमा चार भागमा बाँडिसकेको हुनाले मधेसी सबालमा अब कसरी समग्र समन्वय गर्ने वा पछि यी कुराहरू स्वतः समाप्त हुँदै जानेछन् भन्ने विश्वास हामीले लिएका छौं। अर्को कुरा नागरिकताको सन्दर्भमा निश्चित रूपमा जातीय समस्याको रूपमा पनि यो कुरा उठिरहेको हुन्छ। नेपालको सन्दर्भमा मुलुकको विद्रोह र समावेशी लोकतन्त्र स्वरूप र संरचनाको कुरा गर्दा मधेसको समाजिक संरचनालाई पनि समावेश गर्नुपर्छ। त्यसलाई समावेश गर्दा मुख्य रूपमा दलित, जनजाति र ओविसीको हिसाबले समावेशीकरण गर्ने मानसिकता बनाउनुपर्छ। त्यसलाई जातीय आधार बनाउनुपर्छ। समग्र मधेसको समायोजन पहिलो आवश्यकता छ। त्यो आवश्यकताभित्र यो कुरा हुन जान्छ। साथै केन्द्रीय



आरक्षणको कुरा गर्दा समग्र मधेसीको आरक्षण पहिलो प्राथमिकताभित्र हुन जान्छ भने त्यसभित्रको आरक्षण दलित, जानजाति र ओविसीको व्याख्या हुनुपर्छ।

अर्को आरक्षित निर्वाचन क्षेत्रको कुरा भन्नुभएको छ। दलित जनजाति मधिसे र पिछडिएको वर्ग भन्नुभएको छ। दलित, जनजाति र पिछडिएको वर्गभन्दा खेरी ओविसीको रूपमा परिभाषीत गरी यी जातिहरूलाई एक ठाउँमा गरियो भने बढी वैज्ञानिक र वस्तुवादी हुनेछ भन्ने मलाई लागेको छ।

**अजितकुमारलाल कर्ण**

दाहाल सरसँग म अलिकति पनि सहमत छैन। आइ थिङ्क हि ह्याज नो नलेज एवाउट मडिज एट अल। उहाँले मधेसको बारेमा के भनेर आफूलाई विज्ञ ठान्नु भएको मलाई थाहा छैन। सबभन्दा पहिला उहाँले कायस्थको कुरा उठाउनुभयो। म कायस्थ भएको हुनाले झन्डै १२ सय वर्ष भयो हामी नेपालमा आएको १२ सय वर्ष भइसक्दा हामी नेपालको बासिन्दा बन्न सकेनौं भने अब कहिले बन्ने ? अर्को हामीले किन यहाँको तथ्यांकलाई मान्ने ? यदि तथ्यांक हेर्नुहुन्छ भने २००१ र १९९१ कायस्थको जनसंख्या १९ दशमलव तीन प्रतिशतले घटेको छ। सुडी ५३ प्रतिशतले घटेको छ। ब्राह्मण ११.९ प्रतिशतले घटेको छ। अनि, तराईमा न कहिले महामारी फैलिएको छ, त्यो बीचमा। न गृहयुद्ध चर्किएर मानिस मरेका छन्। न बसाईं-सराइँ भएर मानिस भागेका छन्। यो तथ्यांकलाई हामी किन मान्छौं ? अर्को शिक्षाको कुरा दाहाल सरले भनेजस्तै वास्तवमै हो। हाम्रो सिरहा पनि जति पनि प्राजेक्ट जान्छन्, मेरो गाउँमा एउटै पनि जाँदैनन। मेरो गाउँको उपल्लो पट्टी पहाडी बासिन्दा छन्। त्यहाँ धेरै कार्यक्रमहरू गएका छन्। तर मेरो गाउँमा जाँदैन हो, तर सिरहामा जान्छ मेरो गाउँमा जाँदैन। त्यहाँ कसरी बढ्छ ? अनि कुनै बेलामा सप्तरीमा सबैभन्दा बढीमा बिए पास गरेका मानिस थिए। अहिले त्यो जिल्ला एकदम न्यूनमा पर्छ होला।

त्यसपछि मधुवनीको कुरा उठाउनुभएको थियो, के हामी मधुवनीमा पढ्न जान्छौं होला ? प्रमाणपत्रको छानबिन हुँदा सबैभन्दा बढी पहाडीमूलका मानिस नक्कली प्रमाणपत्र ल्याउनेमा परेका थिए। हामीलाई आरोप लगाउने ? मन मरू मधिस्या खः भनेर प्रयोग गरिन्छ, मान्छेनै हैन भनेर गन्ने ? तपाईं पनि त्यस्तै धारणाले ग्रस्त भएको मानिस हो।

अर्को कुरा नेपालको ८६ प्रतिशत राजस्व मधेसले जम्मा गर्छ। उसको लागि १७ प्रतिशत जम्मा पाउँछ, यो कत्रो अन्याय छ। नागरिकताको कुरा उठाउनुभयो। एक जना स्कुलको हेड मास्टर सिरहा जिल्ला बारडामा हुनुहुन्थ्यो। कान्छो छोरो बिग्रियो। वीरगंज गएर व्यापार गर्न थालेछ। उहाँले अहिलेसम्म नागरिकता पाउनु भएको छैन। पचासौं हजार रूपैयाँ खर्च गरिसक्नु भएको छ। एउटा पहाडी भएको भए उसले निश्चित रूपमा पाउँथ्यो।

हर्क गुरुङको प्रतिवेदनमा हामी सबै भारतबाट आएको भनिएको छ अनि तपाईंहरू कहाँबाट आउनुभएको ? मुगल सम्राटले खेदेर आएको होइन ? सबै पहाडतिर छिरेको होइन। अनि के त ? कि तपाईहरू नेपाली हामी के ?

**बालकृष्ण पौडेल**

अहिलेको विचारहरूमा झलकजीका विचारमा म सतप्रतिशत सहमति राख्छु। जहाँ तक समावेशी लोकतन्त्रको स्वरूप र संरचनाको सबाल हो-भाषा, क्षेत्रको आधारमा यसले सम्पूर्ण व्याख्या गर्दैन। अझ व्याख्या गर्न आवश्यक छ र त्यो व्याख्या गरिनुपर्छ भन्ने लाग्छ। समावेशी लोकतन्त्रको सबालमा मधेसको सबाल उठ्नुको कारण भनेको स्रोतहरूको प्रयोगको कुरा हो जस्तो लाग्छ। अधिकांश स्रोतहरू तराईमा विद्यमान र त्यो स्रोतहरूमा पहाडिया मूलहरूको अधिपत्यतता। आधिपत्यताको क्रम पनि बढ्दो रूपमा गएको अवस्था। यो अवस्थाले गर्दा मधिसेमूलका मान्छेहरूले यो सबाल उठाउन ज्यादै ढिलो भइसकेको छ तै पनि सबाल उठ्न सुरु गरेको छ। त्यसैले गुप्तालाई धैरै धन्यवाद।

अर्को अवसरको कुरा छ, यथार्थमा अवसरकै सबाल भन्नुहुन्छ भने साच्चैनै त्यो अवसर तराईमूलका मानिसले पाउनुपर्ने हो कि होइन ? हामीले त्यो आत्मसात गर्नुपर्छ पर्दैन ? अवसर भनेको पहाडीया मूलकाले मात्र पाउनु पर्छ भन्ने छ ? उहाँहरूका यी दुइटा गुनासा अझ उठाउन सक्नुपर्ने हो, अझै उठाउन सक्नुभएन भन्ने लागेको छ।

**पद्मलाल विश्वकर्मा**

संविधानले मधेसलाई पाखा पारेका छैन भन्ने उत्तर उहाँले नै दिनुपर्छ। अर्को सबाल पट्टी मेरो सहमति छ। पहाडमा पनि जनता नागरिकताको समस्यामा छन्। कार्यपत्र राजनीतिक दस्तावेजका रूपमा आएको छ र, परिभाषाको रूपमा मधेस र मधेसीका बारेमा उठाउनु भएको छ। यो कदम ठीक छन्। यसमा धेरै बुझ्न बाँकी भएको कुरा हो। यसमा मनोहरजीले अलिकति कुरा ल्याउनुभयो। उपेन्द्र यादवले अगाडि सार्नुभएको परिभाषालाई लेखिदियो भने पुष्टि हुन्छ जस्तो लाग्छ। अब एउटा कुरा धेरै साथीले उठाउनुभयो ? थारूलाई आम-मधेसीबाट अलग्याएर कमजोर पार्ने प्रश्न। अघि पनि महेस शाक्यले उठाउनु भयो। जस्तो महेश चौधरीले हामी मधिसे होइन, हामीलाई किन मधेसमा पार्न खोजिन्छ भन्ने कुरा ल्याउनु भएको छ। यो यहाँभित्र अन्तर्द्वन्द्व देखियो। अब त्यस्तै गरी मधेसीले दलितलाई पनि उनीहरूलाई मधेसीविरुद्धमा वा मधेसी एकताको विरुद्धमा उचालेर प्रयोग गरे भन्ने कुरामा म के भन्न चाहन्छु भने मधेसी समाजभित्र रहेको जातीय विभेद, छुवाछूतविरुद्धमा तिमीहरू लाग्नुपर्छ भनेर हामीले उचाल्यौं भने मधेसी सिंगो समुदायका विरुद्धमा उचालेको नमानियोस् भन्ने एउटा सोच हो। कुन कुरा उठायौं भन्ने सोच्नुपर्छ। पहाडमा भन्दा मधेसमा बढी छुवाछूतको विभेद छ-चमारकाण्ड वा अरू काण्डहरू। डोमको स्थिति थप बढी छ। कार्यपत्रमा मधेसी दलितहरूको स्थिति उनीहरूको दुरावस्था र ब्राह्मणवादी सामन्ति सामाजिक संरचनाभित्र मधेसी दलितको स्थिति र उपस्थितिबारे लेख्नुपर्ने आवश्यकता ठानेको छु।

दलितको खास थलो छैन भन्ने कुरा आयो। म द्विविधामा परेको छु, मधेसी, दलित र जनजातिहरूको एउटा जातीय वा अधिकारको सहकार्यमा जनजातिहरू जातीय स्वयत्तताको पक्षमा। मधेसीहरूमा समग्रमा गुप्तालगायत प्रादेशिक



स्वतन्त्रताको पक्षमा। मेरो भनाइ के हो भने एउटा प्रादेशिक स्वतन्त्रता मेचीदेखि महाकालीसम्म माथिदेखि तल भारतको क्षेत्रसम्म फुटाएर एउटा प्रदेश राखियो र यसलाई राम्रो व्यवस्था गरिएन भने अर्को सामन्ति एकात्मक संचरनाभित्र फेरि हामी दलित फस्ने हौं कि भन्ने त्रास मलाई आएको छ। यो बारेमा छलफल गर्नु जरुरी छ। त्यहाँभित्र हामी आफ्नो अधिकार सम्पन्न कसरी हुन सक्छौं ? यसकारण मेरो अध्ययनअनुसार तपाईंहरूकै मधेसी क्षेत्रमा सिरहा, धनुषा, सप्तरीका दलितहरूको उपस्थितिलाई अन्य जातिको उपस्थितिमा गन्यो भने झन्डै बराबरीको स्थिति हुन सक्छ। त्यसकारण नन टेरिटोरियलको स्थिति वा मिलीजुली स्वायत्त प्रदेश शासन क्षेत्र हामी किन गर्न सक्दैनौं होला ? यो छलफलको विषय हो। त्यस्तै म्याग्दीलगायतका क्षेत्रमा जनजातिसँग, त्यस्तै गरी खसाङ क्षेत्रहरूमा खसहरूसँग दलितहरूको बराबरीको सम्भावना छ। यसो भएको हुनाले यो जातीय स्वायत्तताको पक्षतर्फ पनि सोच्नुपर्ने स्थिति छ।

आरक्षणको सबालमा यदि हामी राज्यको पुनर्संरचनामा संघीय प्रणालीभित्र जान्छौं भने त्यहाँभित्र समानुपातिक प्रतिनिधित्वको हिसाबले संघीय संरचनामा हाम्रो राजनीतिक अधिकारको क्षेत्रमा भागिदार हुन्छ भने आरक्षणको सबाललाई कहाँ कहाँ लाने ? मनहरिजीले भनेको कुरामा फेरि पनि सोच्नुपर्ने हुन्छ। राष्ट्रिय रूपमा हामी प्रतिनिधिसभामा त्यसरी ल्याउने हो भने तल पनि गऱ्यौं भने त आरक्षणको कुरा प्रष्ट छैन। आरक्षण र विशेषाधिकारका कुरामा कुन-कुन क्षेत्रमा कित्ता बन्दी भन्ने बारेमा छुट्टाउनुपर्छ।

शिक्षा, रोजगार र व्यवसायको क्षेत्र गर्नुपर्छ होला भन्ने लागेको हो। यही सकारात्मक र सहभागिता एवं आरक्षणका कुरामा स्पष्ट होऔं , अर्को कुरा संघीय राज्य प्रणालीमा हामी जाँदा दलित, जनजाति र मधिसे जनजातिहरूले राज्यलाई पुनः विभाजन गर्ने सबालमा बढी छलफल गर्नुपर्छ भन्ने लागेको छ। जयप्रकाश जीले सैद्धान्तिक रूपमा धेरै मेहनत गरेर ल्याएको अध्ययनको विषय बन्नेछ।

**पुरुषोत्तम मरहट्टा**

सधैं मधेसको सबाल आइरहन्छ। होमोजिनस र हिट्रोजिनस तराईको समाजमा वास्तवमा एकदम विकसित भएको छ। यो मधेसी सबाललाई मात्र केन्द्रित गऱ्यो भने पछि विकासबाट पछाडि पार्छ कि ? किनभने एकातिर राज्यको पुनसंरचनाको सबालमा मधेसी जाति मात्र ३१ वटा छन्। दलित जाति ११ देखाएको छ। अर्को १५ वटा जनजाति छ। पहाडीयाहरूलाई समावेश गरेर होमोजिनस र हिष्ट्रोजिनस दुइटाको समिश्रण गरेर गएमा यसको विकास राम्रो हुन्छ कि भन्ने मेरो भनाई हो।

**डा. वीरेन्द्रप्रसाद मिश्र**

भोलिको अवस्था के होला थाहा छैन। तर विभिन्न समस्याहरूलाई ल्याउनुपर्छ किनभने जब हामी समस्या समाधानका लागि बस्छौं। त्यसमा यी कुराहरू आउँछन्। गुप्ताजीको पेपर राजनीतिक कार्यपत्र हो। उहाँले आफ्नो विचारलाई शसक्त रूपमा राख्ने विभिन्न बुँदाहरू राख्नुभएको छ। दाहालका टिप्पणी पनि

तथ्यगत छन् । समग्र रूपमा मैले हेर्नेगर्छु, आजको अवस्थामा हामी मधेसीहरूलाई अहिले कहाँ थिए, कहाँ थिए भन्ने कुरा पत्ता लगाउन वास्तवमै गाह्रो छ किनभने दुई सय वर्षअघि नेपाल काठमाडौंमात्र थियो । त्यसकारण त्यस्तो कुरा नगरौं । वर्तमानमा के छौं कति जना छौं के-के समस्या भोगिरहेका छौं, त्यहाँ ध्यान दिनुपर्छ । बुद्धले भनेको एउटा कुरा यहाँ उल्लेख गर्न चाहन्छु- कसैले वाण चलायो भने कसले वाणा चलायो भनेर नहेरौं । वाण लागेको व्यक्तिको दुःख हटाउन पट्टि लागौं । गुप्ताजीले दिएका कुरा मध्ये मुख्यरूपमा संविधान दिन सकिँदैन भने यो देश प्रजातान्त्रिक सरकार गठन भयो । यस यस अवधिमा राजनेताहरूले दलित, महिला र मधेसहरूका समस्या कमै उठाएको देखियो । संविधानमा पनि समस्या राखिए तर त्यसको खासै समाधान हुन सकेन । अब संविधानसभाको कुरा उठेका छ । त्यसमा जानुपर्छ । ह्वेन विनर कम्स क्यान स्प्रिङ बी फार बिह्याण्ड प्रजातन्त्र आयो तर उपयोग सत्ताको लागि जस्तै भयो । फल प्राप्त गर्न सकिएन । आज मधेसी वा जनजातिका समस्या अहिले उठाउनुपर्छ । प्रजातन्त्रको विशेषता के हो भने छुट्टाछुट्टै इनटिटाइस रूपमा दिने ती अधिकारहरू हो भने अझ क्युसियल हुन जान्छ । सबैलाई समेटेर कसरी लग्ने हो । प्रजातन्त्र वा लोकतन्त्र भनेको, समस्या भनेका तिनै हुन । लोकतन्त्रका कुरा किन आएका हुन भने यहाँ सबै जातजाति समावेश हुन सकेनन् । त्यसको असन्तुष्टिका रूपमा हामीले समावेशी लोकतन्त्रको कुरा उठाएका हौं या पूर्ण प्रजातन्त्र । कुनै पनि व्यवस्थामा प्रत्येक जातजातिको समावेश गर्न कठिनाइ हुन्छ । तर हामीले के सोच्नुपर्छ भने यो शासन मेरो हो, यो देश मेरो हो, त्यति भए पुग्छ । स्वतन्त्र रूपमा व्यक्तिले आफ्नो व्यक्तित्व विकास गर्न सक्छ भने त्यही हो प्रजातन्त्र । समस्या प्रजातन्त्रलाई हामीले कुन रूपमा हेर्न चाहन्छौं, त्यहाँ हाम्रो दृष्टि पुगेको छैन । प्रजातन्त्र वा लोकतन्त्र भनेको व्यक्तिको विकासको लागि आफ्नो तरिकाले आफ्नो स्वाभिमानसाथ जीउन पाउनु नै लोकतन्त्र हो भन्ने मेरो भनाई छ । मैले पनि आफ्नो जीवन, चिन्तन आफ्नै किसिमले गर्नुपर्छ । असन्तुष्टिका कुराका बारेमा वास्तवमै ध्यान नपुगेको हो । मधेसी वा अन्य जातजातिका समस्या सुल्झाउन सक्ने माध्यम पनि प्रजातन्त्रबाट नै खोज्न सकिन्छ । समस्या निदान गर्न करै लाग्छ । आजको अवस्था के छ भने हामी अधिकार खोज्छौं मधेसी भएर, गिरिजाबाबु पनि रैति पनि हुनुहुन्छ भने हामी मधेसीको कुरा के गरौं । सम्पूर्ण देश जुन अवस्थामा गुज्रिरहेको छ, त्यसमा सोच्नुपर्छ । समग्र रूपमा सम्पूर्ण संरचना होस भन्ने छ ।

**लक्ष्मणप्रसाद अर्याल**

समावेशी प्रजातन्त्र भनेर राखिएको विषयका मूल पाटाहरूमध्ये मधेसी सबाल पनि एउटा हो । त्यसैले प्रजातन्त्रलाई कसरी समावेशी बनाउने सोच वा उद्देश्यले कार्यपत्रमाथि टिप्पणी र छलफल पनि हुनुपर्छ । व्यक्तिगत रूपमा हाम्रा धारणाहरू बेग्लै होला तर त्यो भन्दा अहिले मुलुक नयाँ किसिमबाट संरचना गर्नेतर्फ सोच्दै छौं । अहिले हामी सानो आफ्नो कुवाको पानीको बारेमा नसोचौं । अहिले कुवालाई जोडौं । पानी फेरि पाइन्छ । कुवालाई मूल कुवामा समेटेर जानुपर्छ अर्थात राष्ट्रिय पक्षका



कुरा सबैले भनेको छन् तर वास्तविकता त्यो हो जसले वास्तविक राष्ट्रिय हितलाई केन्द्रीकृत गरेर आफ्ना समस्या राख्नु बेश हुन्छ । त्यसैले अहिले जातीय स्वायत्तका आधारमा हुनुहुँदैन । राम्रो विचार आनन्दजीले ल्याउने भयो । जातीय आधारमा वा क्षेत्रीय आधारमा भन्दा प्रजातान्त्रिक आधारमा किन नगर्ने ? अहिले हाम्रो समावेशी लोकतन्त्रको विषय त्यसै कारणले रहेको हो । त्यसकारण यसरी सोच्यौं भने न्यायोचित हक अधिकार दाबी गर्न सबैले पाउनुपर्छ । त्यो प्रजातन्त्र नै समावेशी प्रजातन्त्र हो, जसमा सबैको वास्तविक अधिकारहरूलाई स्थान दिइन्छ । अनि हामीलाई कुनै किसिमको संकुचितताको वा साँगुरो दायरा भयो भन्ने भनाई आइरहन्छ । गुप्ताको विचार जागरण गराउनेतर्फ छ, आफ्नो बारेमा सोच्नका लागि । इतिहास नचाहिने होइन्, अहिलेको वास्तविक कुरा भनौं, एउटा काखमा पर्न आएछ । यो कहाँबाट आयो ? कसले फाल्यो भनेर हेर्नुभन्दा अहिले टोकिरहेको छ । वर्तमान समस्याले त्यसलाई हेरौं भन्ने नै बुद्धिमानी हुन जान्छ । समस्या राख्ने तरिका राजनीतिज्ञ वा अरू जो छ, प्रवृत्तिलाई मध्यनजर राखेर आधारभूत कुराहरू गुप्ताको कार्यपत्रले उठाएको छ । मलाई धेरै राम्रो लाग्यो ।

दाहालजीले पनि विभिन्न तथ्यांक दिएर राम्रो प्रस्तुति गर्नुभएको छ । जहाँ हामी अलि मिलेर बसेका छौं, जहाँ संकुचितताबाट अलि माथि उठेर बसेका छौं, त्यस क्षेत्रको विकास भएको रहेछ । मधेसकै क्षेत्रमा पनि नोक्सान हुँदो रहेनछ । मेलमिलाप पनि न्यायोचित किसिमले हुनुपर्छ । यसैगरी यो मुलुकलाई पनि सबैप्रति समान सद्भाव राख्नुपर्छ । हामी न्याय खोज्नेले अर्कोप्रति पनि न्यायको विचार गर्नुपर्छ ।

दक्षिण एसियाका सबै मुलुकमा वास्तवमै प्रजातन्त्र त्यति जनस्तरमा पुग्न सकेको छैन । यो यथार्थ र सत्य हो । यसबारे पुनर्विचार भइरहेको छ । समावेशी भनेको के हो ? केभन्दा पनि कसरी जाने ? कसरी यो उद्देश्य पूरा गर्ने ? समग्रताको रूपमा हेर्नुपऱ्यो र सोच्नुपऱ्यो अनि हामीले कल्पना गरेको संरचना स्वाभाविक हुन्छ । सहज र न्यायपूर्ण हुन्छ । यसमा बहसहरू यस्ता विचार आदन-प्रदानबाट शुद्धीकरण गर्दै जानुपर्छ, यसले राज्यको संरचना गर्न मद्दत दिनसक्छ ।

**छलफलमाथि उठेका प्रश्नको जवाफमा डिल्लीराम दाहाल**

मैले मधेसनै नबुझेको हो कि ? मधेसीको कुरा नै नबुझेको हो भन्ने जस्तो अर्थात यथास्थितिलाई नबुझेको हो कि भन्ने किसिमले प्रश्न आयो । प्रश्न सोध्नेमा झलकजी, महतोजी, शाह र कायस्थजी हुनुहुन्छ । मैले के मात्र स्पष्ट गर्न चाहेको हो भने भोलि मधिसे भन्ने शब्द र मधेसलाई राम्रो व्याख्या गन सकेको खण्डमा मधिसेको विकास सजिलो हुन्छ भन्ने हो । मधेस र मधिसे नै नबुझिकन मधेसीको विकास भन्ने शब्दको प्रयोगले धेरै समस्या ल्याउन सक्छ भन्ने मेरो भनाई हो । मधेस र मधेसी भनेको को हो ? कति पछाडिको इतिहास केलाउन सक्छौं । बुद्धको इतिहास केलाउन सक्छौं कि ? मलाई थाहा छैन । मेरो भनाइ नेपालको मानचित्र कोर्दा खेरी किन तपाईहरू १८औं शताब्दीमा ? म त पृथ्वीनारायण शाहसम्म पनि जान्न । म त १७६८ पनि जान्दिन, म त १८१४ देखि १८१६ मा नेपालको भू-भागमा बाँधिएको जुन क्षेत्र छ, त्यो क्षेत्र नेपाल हो । त्यसको स्थिति कस्तो प्रकारको छ र ? त्यो क्षेत्रमा

कस्ता मानिस बस्थे ? लामो इतिहासमा जाँदिन, म यहाँ। तिनीहरूको समस्या के हो ? र त्यहाँ को बस्थे भन्नेमात्र मेरो तर्क हो।

हुनसक्छ, भोलि मैथिली प्रदेश भारतको कुन-कुन भागमा मधुवनी कहाँ-कहाँ फैलिएको होला। जनकपुर राज्य कहाँ-कहाँ गएको होला ? त्यसमा हामी गएकै छैनौं। भोलि हिजोको कुरा गऱ्यो भने सिक्किम त अहिले भारतको एउटा भाग भइसक्यो। हिजोको कुरा हामी कति गर्न सक्छौं। त्यसले झन् समस्या बढाउँदै लैजान्छ। अतः हिजोको कुरा बढी नगरेर यथास्थितिलाई बढी भन्दा बढी बुझौं। त्यसो गर्दा मधेसीलाई परिभाषीत गर्न सजिलो हुन्छ। मधिसेको समस्या समाधान गर्न सजिलो भन्ने हो। भेक रूपमा मधिसे-मधिसे भन्ने गरेर फाइदा हुन्न। मैले जनजातिहरूमा पनि यही कुरा उठाएको थिएँ। हुँदाहुँदा बीपी कोइराला इन्स्टिच्युट अफ साइन्सले के गल्ती गरेको थियो भने आरक्षण सम्बन्धमा निश्चित उनीहरूको ५९ वटा जातमा १४ वटा जातको लिष्ट यस्तो गऱ्यो कि यो यो मा मेडिकल सिट दिने भन्ने। त्यो सिट पढ्नेमा दस कक्षा गर्ने मानिस पनि थिएनन्। भोलि मधिसेको आरक्षणको कुरामा झा ले पाउने हो कि ? कायस्थले पाउने हो कि ? दलितको कुरा आउँदा पनि सबै नेवारको पनि त्यस्तै कुरा आइसक्यो, त्यसैले हामी एउटा डेमोक्रेशनमा जानुपऱ्यो।

मैले इतिहास केलाउँदा धेरै पुरानोमा नजाऔं। भूभागमा अहिले यहाँ बसेका मानिसको विकासको कुरा गरौं। त्यसो गर्न सकिए भोलि विकास गर्न सकिन्छ भन्न खोजेको हो। म कुनै पार्टीसँग सम्बन्धित मानिस पनि होइन। मेरो ६ पुस्ता मधेसमा नै बस्तै आएको छ। हरेक मानिसको मधेसेको बुझाइ आफ्नै प्रकारको हुन्छ। त्यसैले यो कथा भन्न खोजेको हो। रामलाल गोल्छाको समेत इतिहास लेखेको छु भन्न खोजेको हो। कति जनाको केश स्टडिज छ, को मानिस कहाँबाट आयो ? भन्नेमा नजाऔं। को मानिस कहाँ आयो भन्ने थाहा छ, हामीलाई ? यसमा नजाऔं, भन्न खोजेको कसैको इतिहास सय वर्षको होला कसैको दुई सय त कसैको पाँच सय वर्षको। ती सबैलाई समेटेर कुरा गर्न थाल्यौं भने हाम्रो देश कहिँ पनि रहँदैन। एक ठाउँमा हामीले लेखेका पनि थियौं। एभरी वडी इज इण्डिजनस नो वडी इज इन कन्ट्री भनेर मैले लेखेको थिएँ। यो मुलुकका सबै आदिवासी हो र, कोही पनि आदिवासी होइन्। कसैको इतिहास फरक होला। आउने स्थिति फरक होला, यथास्थितिलाई बढी काम गरौं, ठूलाठूला कुरा नगरौं। वास्तविकतामा जाऔं।

नागरिकताको समस्यालाई बारबार राजनीतिक नाराको रूपमा लगिएको छ। यो मधिसेभित्र कुन-कुनचाहिँ समूहले ? अघि उहाँले महिलाको कुरा उठाउनुभएको छ। मधेसीभत्रको आफ्नै सामाजिक संरचनामा यति विभेद छ, एउटा महिलाले पढ्नु हुँदैन भन्ने छ। मधेसयुवकहरूले किन छोरीलाई पढाउन अगाडि लादैनन ? तिलक र दहेज प्रथाले उनीहरूको शिक्षा पछाडि भन्ने कुरा किन उठाइदैन। मधेसीभित्रको विभेदको कुरा किन गरिँदैन। मधिसेभित्रको संरचना यस्तो छ कि दलितहरू सबभन्दा बढी हेपिएका छन्। राज्यको, बाहुन क्षेत्रीको कुरामात्र हैन। आफ्नै भित्रको समस्या हेर्नुपर्छ अनि मात्र अरू कुरा गर्नुपर्छ भन्न मैले खोजेको हुँ। त्यसकारण समस्या भनेको मधिसेको मात्र समस्या होइन्। सम्पूर्ण नेपालीको समस्या होला।



बनकरियालाई आज मात्र नागरिकता दिइयो भन्ने कुरा पत्रपत्रिकामा छापिएको छ। कसैका बाले नागरिकता पाएनन् भन्ने कुरा ठूलो होइन। मैले एक जनाको कुरा गरेको छैन। सयौं तराईमा बसोबास गर्ने मानिसमा पटक-पटक संख्याको कुरा गर्नुहुन्छ। त्यो संख्यामा बस्ने धेरै नेपालीहरूकहाँ बसेका छन् ? कुनचाहिँ समूह मधिसे हो ? जसले नागरिकता पाएको छैन। त्यसको बारेमा छलफल गर्नुपऱ्यो। पटक-पटक यसलाई राजनीतिक मुद्दा बनाएर ४० लाख, १५ वा कति लाख भन्न खोजेको होइन। कति जना दलितलाई पनि नागरिकता चाहिएको छ। उसको घर नै छैन। जग्गा जमिन छैन। त्यो राख्ने ठाउँ पनि छैन। सिरहा, सप्तरीमा घरै नभएको मुसहरलाई कहाँ लगेर उसलाई नागरिकता दिने ? शिक्षाको प्रचार गरेको छ। सानो इँटाको फ्याक्ट्री खोलिदिएको छ। त्यहाँ सबै मुसहरका छोराछोरी छन्। सेभ द चिल्ड्रेनले मनग्य पैसा दिएको छ। कपडा दिएको छ। त्यहाँ पढ्न जाँदै जाँदैनन्। मैले भन्न खोजेको के हो भने मानिसको सबैभन्दा बढी आवश्यकता के हो ? आवश्यकतामा बढी ध्यान दिनुपऱ्यो। यहाँ राजनीतिकको हिसाबले यति लाखले पाएनन् भन्नुभन्दा उसलाई आवश्यक छ कि छैन ? मैले बुझेअनुसारमा वृद्ध भत्ता दिन थालेपछि नागरिकता चाहिन्छ भन्ने खालको मानिसमा महसुस भएर जग्गा नहुने मानिसले पनि अहिले नागरिकता खोजी गर्न थालेका छन्। त्यस्ता मानिस कति छन् ? मधिसे समूहले खोजी गर्नुपऱ्यो र अधिकारका लागि माग गर्नुपऱ्यो। हामी कतिपयले ठूलोठूलो समस्याको कुरा गर्ने, साना समस्यालाई बिर्सिदिने गरिन्छ जस्तो लागेको छ।

**छलफलमा सहजीकरण गर्दै तारानाथ दाहाल**

समावेशी लोकतन्त्रको कुरा गरिरहँदा सबै किसिमको समावेशीको कुरा गरिराखेका छौं। यसमा विभेदको आधार केलाउँदा, तराई र मधेसभूभाग सबभन्दा बढी सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक विभेद र असमानताले ग्रस्त छ। त्यसकारण त्यो पक्ष पनि उत्तिकै महत्वको हो कि भन्ने कुरा समावेश गरेको थिएँ। जुन कुरा छलफलमा आयो। अबका दिनमा त्यतातर्फ पनि ध्यान पुऱ्याउनु आवश्यक छ। जसले गर्दा सबै नेपालीले समावेशी देश बनाउन सकौं। सबै नेपालीले स्वाभिमानपूर्वक बस्न सकून्।

**छलफलमा उठेका प्रश्न स्पष्ट गर्दै जयप्रकाश प्रसाद गुप्ता**

वास्तवमा मैले भनिरहनुपर्ने कुरा केही छैन। यहाँ सबैले गम्भीर विषयप्रति गम्भीरतापूर्वक चासो राखिदिनुभयो। र, यो मान्दछु कि कसैले दश वा आठ पेज लेखेर यो समस्याको बारेमा निर्क्योल हुन सक्दैन। सायद, ५६ साताको जुन कार्यक्रम बनाउनुभएको छ, त्यसमा मधेसले मात्र पनि भ्याउन सक्दैन, यो धेरै लामो चल्छ। चल्नु पनि पर्छ, जसले गर्दा भोलि घाउ-खत नलाग्ने गरी यी समस्याबाट मुलुकलाई अवतरण गराउन सकौं।

पहिलो कुरा यहाँ उठेका विषयहरूमा मैले प्रतिवाद गर्नुपर्ने आवश्यकता छैन। म खुला हृदयले ग्रहण गर्दछु र मानेर हिंडेको छु, हामी नयाँ विषयमा प्रवेश गरेका

छौं। हतारिएर आफ्नो विचारलाई मात्र सर्वोपरी ठानेर राजा ज्ञानेन्द्रले जस्ता निष्कर्ष निकाल्नुपर्ने छैन।

त्यसकारण यस्ता छलफलले सबैलाई लाभान्वित पुऱ्याएको छ, मधेसलाई पनि लाभान्वित पुऱ्याउँछ। अतः म प्रतिवाद गरेर होइन कि ग्रहण गरी आफूमा आफ्नो पत्रमा उठाएका अडानहरूमा सुधार गर्नुपर्नेतिर लाग्न चाहन्छु। मधेसको विषयमा धेरै मानिसहरू फगत नारावादी दृष्टिकोणबाट अथवा उत्तेजनाबाट अथवा कुनै मनोभावको कारणबाट लागेको छ, त्यसलाई पनि हामीले सुधार्नुपर्छ। रोषको अभिव्यक्तिबाट अधिकार पाइँदैन। जबसम्म हामी तार्किक हुँदैनौं र समुचित कुरा राख्दैनौं, हामी रिसाएको र भाउभंगीको आधारमा कसैले अधिकार दिँदैन्। त्यसकारण हामी प्यासनेवल र लजिकल हुनैपर्छ। र, त्यसो हुनुमा यो जमातले हामीलाई मार्गदर्शन गर्छ भन्ने मेरो धारणा हो।

दोस्रो कुरा मधेसले आफ्नो अधिकार माग्ने सन्दर्भमा दुई वटा कुराप्रति म यहाँको ध्यानाकर्षण गर्न चाहन्छु। एउटा मधेसको सम्पूर्ण कुरा नेपाल अधिराज्यको अखण्ड सीमाभित्रको कुरा हो। त्यसमा अन्यथा सोच्नुपर्ने दरकार छैन। र, कही पनि त्यो सोच छँदा पनि छैन। दोस्रो मधेसप्रदेश भनेको मोर इन्क्लुसिभ स्टेटको कुरा गरेका छौं। हामीले कही पनि यो सोच्नुपर्ने जरुरत छैन कि मधेसबाट मधेसप्रदेशको कुरा आउँदा त्यहाँ कसैको विस्थापनको कुनै सोच छैन। साँच्चै भन्ने हो भने म संलग्न रहेको राजनीतिक संगठनले त मधेसमै एउटा अतिवाद जन्मेको छ, जसले पहाडीयालाई भगाउने आदि इत्यादिको मार पनि खाइरहेका छौं र, उसको विचार धेरै नफैलियोस् भन्ने विषयमा हामी आफैं पनि राज्यबाट र उनीहरूबाट पनि प्रताडित भएर लडिरहेका छौं। समावेशी समाज र समावेशी राज्य नै मधेसको एउटा आधार र भूमि हो भन्ने कुरा म नम्रता पूर्वक राख्न चाहन्छु। वास्तवमा तत्कालको समस्यामा आदरणीय लक्ष्मण सरको कुरामा जोड दिन चाहन्छु। हामी बिसाइरहेका छौं। देश एउटा निर्णयको संघार पुगिरहेको छ। निर्णय लिनको लागि हामी कुनै अर्घेल्याई तेर्स्याइरहेका छैनौं, हुँदैन पनि। जसले गर्दा निर्णय लिनलाई मुलुकको प्रजातान्त्रीकरणको प्रक्रिया नै अवरूद्ध हुन् र हाम्रा कुराहरूलाई आधार बनाएर कसैले निम्नतम प्रजातान्त्रिक वातावरण दिनलाई पनि अप्ठ्यारो मानून्, त्यस्तो हाम्रो धारणा पनि होइन्। त्यसकारण दुखेको कुरा भनेको प्रजातन्त्र नै हो। कानुनको राज्य नै हो। म मधेसको कुरा गरेर के गर्नु ? १९ माघपछि चार महिना थुनामा परिसकें। निम्नतम खोजी भनेको प्रजातन्त्र नै हो। प्रजातान्त्रिक शासन व्यवस्था मुलुकमा हुनैपर्छ। त्यो प्रजातान्त्रिक शासन व्यवस्थाले जसरी हिजो केही मात्रामा दलितलाई, जनजातिलाई र मधेसीलाई पनि आफ्नो बारे बोल्ने ठाउँ दिन्छ। विस्तारै प्रजातन्त्र समावेशी हुँदै जान्छ र अन्ततः गएर मधेसको समस्याको समाधान हुन्छ भन्ने मेरो धारणा हो। मैले मेरो हक लिनका लागि अरूलाई घाउ पार्नुपर्ने जरुरी छैन। विवेकको बाटोबाटै अगाडि बढ्छौं।

मेरा आदरणीय सरप्रति आभार व्यक्त गर्छु। हामी मधेसका मानिसले यस कुरालाई राम्रोसँग बुझ्नुपर्छ कि मधेसको विषयमा प्राज्ञिक क्षेत्रबाट कुरा ल्याइदिने पायोनियर व्यक्तित्व हुनुहुन्छ। यसमा दुई मत छैन किनभने एक सय मधिशेहरू



इतिहासका शिक्षक छन्। तर, मधेसको बारेमा एउटा किताब पनि नलेखिएको हामीलाई थाहा छ। एक सय अर्थशास्त्री होलान् तर मधेसको अर्थशास्त्रको बारेमा एउटा पनि किताब लेखिएको पाइँदैन्। तर डिल्ली सरले मधेसको बारेमा बिसौं पेपरहरू लेख्नुभएको छ। र, अल्पसमयमा मैले उहाँको पेपरहरूबाट, दृष्टिकोणहरूबाट मेरो धारणा परिमार्जित गरेको छु। त्यो अवसर दिनु भएको छ। त्यसकारण कहिले कहिले मलाई मधिसे र पर्वते दुईटै बस्ने जमातमा कुनै तितो बोलीले दुःखी भएर लेख्न नै छोडिदिनु भयो भने हामी नोक्सानमा पर्छौं किनभने उहाँ पायोनियर नै हो। त्यसकारण म यति भन्छु, पुजनीय व्यक्ति र गुरुको कुनै जात हुँदैन, उ न न मधिसे हुन्छ, न पहाडे हुन्छ। ऊ आदरणीय हुन्छ। अनि गुरू नै हुन्छ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको आठौं शृंखला २०६२ फागुन २६ गते आइतबार प्रस्तुत विचारहरू)

शृंखला ९

# समावेशी लोकतन्त्रको स्वरूप र संरचनाः प्राकृतिक स्रोतमाथि जनताको पहुँच

अवधारणा : गोपाल सिवाकोटी 'चिन्तन'
टिप्पणी : डा. केशवमान शाक्य



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

समावेशी लोकतान्त्रिक नेपालको निर्माणका सन्दर्भमा एकातर्फ जातीय, भाषिक, ऐतिहासिक र सांस्कृतिक आधारमा राज्यको पुनर्संरचना गरी संघात्मक वा स्वशासित राज्यहरूको सिर्जनाको प्रस्ताव, अर्कोतर्फ आरक्षण र समानुपातिक निर्वाचन प्रणाली जस्ता प्रस्तावहरू बहसमा छन् । यिनै बहसका बीचमा पिछडिएका समुदाय र क्षेत्रको आर्थिक तथा सामाजिक उत्थान एवं प्राकृतिक स्रोत तथा साधनमाथि स्थानीय जनताको अधिकारको प्रश्न पनि लोकतन्त्रले सम्बोधन गर्नुपर्ने प्रमुख राजनीतिक प्रश्नका रूपमा बहसमा आउनुपर्ने खाँचो महशुस भईरहेको छ । यसै पृष्ठभूमिमा प्राकृतिक स्रोतमाथि जनताको अधिकारको सवाल एवं भावी समावेशी लोकतन्त्रले लिनुपर्ने प्रष्ट संवैधानिक एवं कानुनी प्रत्याभूतिका बारेमा बहस हुन आवश्यक छ ।

लोकतान्त्रिक बहस कार्यक्रमको नवौं शृंखलामा आज हामी छलफल गर्दैछौं । यसमा लामो समयदेखि जल, जमिन, जंगल, खानीलगायतका प्राकृतिक स्रोत साधनका विषयमा प्राज्ञिक, अनुसन्धानात्मक र वकालतकार्यमा सक्रिय रहँदै आउनुभएका मानवअधिकारवादी गोपाल सिवाकोटी चिन्तनले "समावेशी लोकतन्त्रको स्वरूप र संरचनाः प्राकृतिक स्रोतमाथी जनताको अधिकार" विषयक अवधारणा पत्र प्रस्तुत गर्नु हुनेछ ।

उहाँको अवधारणामा यस विषयका अध्येता डा. केशवमान शाक्यलाई टिप्पणीका लागि हामीले अनुरोध गरेका छौं । उपस्थित विशिष्ठ सहभागीहरूलाई सक्रियतापूर्वक विचारविमर्श गरिदिन म अनुरोध गर्दछु ।

## अवधारणा

(१) **विषयप्रवेश**

समावेशी लोकतन्त्रसम्बन्धी अवधारणा अनि यसका संरचना, प्रक्रिया र विषयवस्तुजस्ता धेरै कुरामा आवश्यक बहस र छलफल हुन बाँकी नै छ। लोकतन्त्र त जस्तो पनि हुनसक्छ। यो नेपालमा प्रचलित 'प्रजातन्त्र' शब्दकै अर्को पर्यायबाची शब्द हो यद्यपि 'लोकतन्त्र' शब्दले सम्पूर्ण लोकलाई नै समेट्छ भने 'प्रजातन्त्र' शब्दले प्रजाहरू भन्नेमात्र बुझाउँछ। लोकतन्त्र स्वीडेन, नर्वे र डेनमार्कमा जस्तो समाजवादप्रधान संवैधानिक राजतन्त्रात्मक वा बेलायतको जस्तो एकाधिकार पुँजीवादप्रधान संवैधानिक राजतन्त्रात्मक, संयुक्त राज्य अमेरिकामा जस्तो साम्राज्यवादी पुँजीवादमा आधारित दुई दलीय गणतन्त्रात्मक वा फिनल्यान्ड र स्विट्जरल्यान्डको जस्तो गणतन्त्रात्मक पनि हुनसक्दछ। दक्षिण अफ्रिकामा जस्तो राष्ट्रिय सहमतिमा आधारित वास्तविक अर्थमै लोकतन्त्रात्मक वा मार्क्सवादी समाजवादमा आधारित चीन, भियतनाम र क्युबा वा त्यसभन्दा फरक लोकतन्त्र पनि छन् र हुनसक्छन्। गणतन्त्रको मात्र कुरा गर्ने हो भने त्यो भारत, बंगलादेश र श्रीलंकाजस्तो संसदीय, चीन, भियतनाम र क्युबा जस्तो समाजवादी, वर्मा र पाकिस्तान जस्तो सैनिक र फ्रान्स, जर्मनी र संयुक्त राज्य अमेरिका जस्तो राष्ट्रपतीय पनि हुनसक्छन्।

त्यसैले अहिले चलिरहेका बहस र विवादहरूलाई हेर्दा नेपालको भावी लोकतान्त्रिक व्यवस्था संवैधानिक राजतन्त्रात्मक हुन्छ वा बहुदलीय-संसदीय पुँजीवादी वा बुर्जुवा वा मार्क्सवादी प्रकृतिको समाजवादी कस्तो हुन्छ भन्ने कुरा पनि अनुमानमात्र गर्न सकिन्छ। तर २०६२ साल मङ्सिर ७ गतेका दिन सम्पन्न सात दल र माओवादीबीचको १२ बुँदे सहमतिलाई हेर्दा भावी नेपालको राजनीतिक स्वरूप राजासहित वा रहित बहुदलीय व्यवस्थामा आधारित बुर्जुवा समाजवादी व्यवस्था हुने कुरा स्पष्टतः अनुमान गर्न सकिन्छ। समावेशी शब्दको परिभाषा र अर्थका बारेमा पनि त्यत्तिकै बहस बाँकी छ। शासकहरूले त जहिले पनि जनतालाई समावेश गरेको कुरा नै भट्याइरहन्छन् तर यस्तो समावेशीकरण अधिकारका रूपमा हो कि निगाहका रूपमा भन्ने कुरा स्पष्ट गर्न जरुरी हुन्छ। यस सन्दर्भमा, प्राकृतिक स्रोतमाथि जनताको अधिकारको सवाल उक्त समयको राजनीतिक-आर्थिक प्रणालीमा भर पर्दछ। यसै सैद्धान्तिक धरातलभित्र रहेर नेपालमा प्राकृतिक स्रोतमाथि जनताका अधिकारहरूको अवस्था र परिवर्तित व्यवस्थामा यी अधिकारहरूको समावेशीकरणको आवश्यकता र सम्भावनाको सेरोफेरोमा यो संक्षिप्त कार्यपत्र प्रस्तुत गरिएको छ।

(२) **परिभाषा तथा उपभोग र उपयोगको स्वरूप**

प्राकृतिक स्रोत भन्नाले भौतिकरूपमा जमिन, जल र जंगललाई बुझाउँछ। यी स्रोतहरू प्रारम्भमा सबैका लागि साझा र सार्वजनिक भए तापनि व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्तिसँगै यी स्रोतहरूमाथिको व्यक्तिकरण, निजीकरण र राज्यकरणको प्रक्रिया आरम्भ भयो। यो नै मानवजातिबीच पारस्परिक द्वन्द्व, शोषण र युद्धको मूल कारण बन्यो र आज पनि बनिरहेको छ। हुँदाहुँदा मानवजातिले



ज्ञान, विज्ञान र प्रविधिका क्षेत्रमा जति प्रगति गर्दै गयो उति नै विश्वमा अन्याय, अत्याचार, शोषण, अतिक्रमण र युद्धको पनि विकास भयो। आज विश्वमा हामी जुन किसिमको गरिबी, शोषण, अन्याय, अत्याचार र जतासुकै द्वन्द्व र युद्धको समस्या देखिरहेका छौं, यो कुनै स्रोतसाधन अनि ज्ञानविज्ञानको अभावमा नभई केही व्यक्ति, समूह, वर्ग तथा राष्ट्रका असीमित चाहनाको परिणाम हो भन्ने कुरा स्पष्टरूपमा देख्न र बुझ्नसक्छौं।

नेपालका सन्दर्भमा प्राकृतिक स्रोतको उपयोगको स्वरूपलाई हेर्दा यो अन्य मुलुकमा झैं सामन्ती र पुँजीवादी नै छ। सामन्ती यस अर्थमा कि यहाँको भूमिव्यवस्था अझै पनि जमिन्दारी प्रथामा आधारित छ। *जसको जोत, उसको पोत* कायम हुनेअवस्था अझै पनि विद्यमान छैन। २०२१ सालको भूमि सुधार ऐन नारामै सीमित रह्यो। २०४७ सालमा बहुदलीय व्यवस्थाको पुनःस्थापना भइसकेपछि पनि अपेक्षित भूमिसुधार हुनसकेन। यसका निमित्त स्वयं सार्वभौमसत्तासम्पन्न संसद् नै बाधक बनेको पनि देखियो। एक वर्ष जोतभोग गरिसकेपछि मोहियानी हक कायम हुने कानुनी प्रावधान रहेको अवस्थामा पनि दशकौंदेखि कमैया र हलियाका रूपमा दासरूपी जीवन बिताइरहेका भूमिहीन किसानहरूले भौतिक मुक्ति त पाए तर उनीहरूलाई मोहियानी हक दिलाउने र वास्तवमै आर्थिक मुक्ति दिलाउने कार्य गरिएन। पुँजीवादी यस अर्थमा कि परम्परागत सामन्ती आर्थिक-सामाजिक व्यवस्थामा समायानुकूल सुधारसम्म पनि गर्न नसकेको अवस्थामा नेपालको अर्थनीति र प्राकृतिक स्रोतसाधनमाथिको पहुँचका सवालमा चरम पुँजीवादी अर्थनीति र स्वामित्वप्रणाली लागू गरियो। यसरी आज ग्रामीण क्षेत्रका सवालमा गरिब किसानहरूको संख्यामा तीव्र वृद्धि भइरहेको छ। सहरी क्षेत्रमा पनि सहरिया गरिबहरूको संख्यासँगै उनीहरूको स्थिति पनि त्यत्तिकै गम्भीर बनिरहेको छ।

जलस्रोतको उपयोगका सम्बन्धमा पनि त्यत्तिकै समस्या छ। परम्परागतरूपमा हेर्ने हो भने एकातिर गाउँघरकै सवालमा पनि माथिल्लो तटीय र तल्लो तटीय क्षेत्रका किसान र बासिन्दाहरूबीच पानीको बाँडफाँडका विषयलाई लिएर सधैं विवाद र झगडा हुने गरेको छ। बर्सेनि विभिन्न अप्रिय घटनाहरू पनि घटेका छन्। कम पानी र अधिकतम् माग भएको अवस्थामा पानीको प्रयोगको प्राथमिकताका सवालमा पनि अस्पष्टताहरू छन्। देशका कतिपय भागमा कथित माथिल्लो जातका भनिनेहरूले कथित तल्ला जातका भनिनेहरूलाई पानीको साझा उपयोग र बाँडफाँडबाट वञ्चित गरेका छन्। यसरी पानी जातीय विभेद र छुवाछूतको पनि विषय बनेको छ। जलस्रोतसम्बन्धी ठूला-ठूला आयोजनाहरूले त स्थानीय जनताहरूलाई आफ्नो भूमिबाट नै विस्थापित गरेको, खानेपानी र सिँचाइको आवश्यकतामाथि समेत उचित ध्यान नदिई सम्पूर्ण पानी वा नदी नै सर्लक्क फर्काएको उदाहरणहरू पनि छन्। यो समस्या कुलेखानी, मर्स्याङ्दी, खिम्ती र कालीगण्डकी 'ए' का हकमा समेत स्पष्ट देखिएको छ। त्यसमा पनि पानी र नदीनालामाथि परिरहेको विश्वव्यापी निजीकरणको समस्या त झनै खतरनाक देखिएको छ। उदाहरणका लागि, पश्चिम सेती आयोजनाका हकमा सम्पूर्ण पश्चिम सेती नदीमाथिको हक नै लगानीकर्ता अस्ट्रेलियाली कम्पनी स्नोइ माउन्टेन

कर्पोरेसन (स्मेक) लाई सुम्पेका कारण यस नदीबाट जीविकोपार्जन गर्ने किसानहरूको हक कुण्ठित हुन पुगेको छ। मेलम्ची नदीलाई फर्काएर काठमाडौं ल्याउने नाममा काठमाडौं उपत्यकाको सम्पूर्ण खानेपानी वितरण योजना नै निजीकरण गरेर यसको व्यवस्थापन र नाफा सबै विदेशी कम्पनीलाई बुझाउने काम भइरहेको छ। एकातिर, मेलम्चीका जनताले आफ्नो नदीमाथिको अधिकार गुमाइरहेको तथा त्यस क्षेत्रमा सिँचाइ र पर्यावरणका लागि आवश्यक पर्ने पानीको न्यूनतम मात्राबाट समेत वञ्चित हुने अवस्था बनिरहेको छ भने काठमाडौं उपत्यकाका हकमा काठमाडौंवासीले आफ्नै वरिपरि छरिएर रहेको वा त्यसै बगिरहेको पानी पनि सस्तो र सर्वसुलभ मूल्यमा उपभोग गर्न नपाउने वातावरण सिर्जना गरिएको छ। विकासे आयोजना सञ्चालन गर्ने नाममा धमाधम स्थानीय जनतालाई पानीमाथिको आफ्नो नैसर्गिक अधिकारबाट वञ्चित गर्ने, आफ्नो पानीबाट उत्पादित बिजुली, खानेपानी वा सिँचाइमा हक नहुने तथा कुनै आयोजनाबाट हुने कुल लाभको केही हिस्सा स्थानीय विकासका लागि पाउनुपर्ने अधिकारबाट समेत वञ्चित गरिएको छ। हाल जलविद्युत् आयोजनाबाट हुने फाइदाको ५० प्रतिशत लाभांश स्थानीय तह र क्षेत्रका लागि वितरण गरिने नीति अंगिकार गरिएको भए तापनि वितरीत रकम जिल्ला सदरमुकाममै सीमित हुने गरेको छ। यस मुनाफाको उपयोग प्रभावित क्षेत्रसम्म पुग्नुपर्छ भन्ने मागदाबीसहित सर्वोच्च अदालतमा दिएको रिट निवेदन पनि खारेज भएको अवस्था छ।

उल्लिखित सन्दर्भमा कुलेखानी जलविद्युत्को आयोजनाको मात्र उदाहरण लिने हो भने पनि लाज मान्नुपर्ने स्थिति छ। पहिलो कुरा त विश्व बैंक र अन्य विदेशी दाताहरूको बिना नदीको कुनै उपत्यकामा आकाशे पानीका भरमा के कस्तो बाँध निर्माण गर्न सकिन्छ वा सकिन्न भन्ने घातक वैज्ञानिक परीक्षणलाई बिनासर्त स्वीकार गरियो। त्यहाँका किसानहरूलाई पुनःस्थापन गर्ने त कुरै छोडौं, प्रचलित मूल्यमा मुआब्जासमेत दिइएन। जसले जे जति मुआब्जा पाए उनीहरूले सो रकमबिना ठोस लगानी सिध्याए, सुकुम्बासी भए र तराई पसे। आजसम्म पनि ती विस्थापितहरूको कुनै नाम-निशाना छैन। त्यति ठूलो आयोजना निर्माण हुँदा स्थानीय बासिन्दालाई कुनै तालिम र रोजगारी पनि दिइएन। आयोजना बनेपछि सबैले निःशुल्क बिजुली पाउने, रोजगारी पाउने र सबैको आर्थिक-भौतिक विकास हुने आश्वासन दिइयो। सबै गाउँलेहरूलाई माछापालन व्यवसाय गरेर धनी हुने सपना बाँडियो।

करिब २५ वर्षपछि फर्केर हेर्दा त्यहाँको स्थिति कहालीलाग्दो बनेको छ। आकाशबाट पानी नपरेपछि कुलेखानीको इन्द्रसरोवर जलाशय सुकेर देशभरि विद्युत् आपूर्तिमा समस्या हुनु त कुनै ठूलो कुरै होइन। यो हुनै थियो, भयो। तर उक्त जलाशय पानीले टम्म हुँदा पनि त्यहाँका किसानहरू धानको बीऊ राख्नेदेखि लिएर खेतीयाममा पानी पटाउने सुविधाबाट वञ्चित थिए। परम्परागत खानेपानीको अधिकारमा समेत अभाव सिर्जना गरियो। किसानहरूको लामो प्रयत्नस्वरूप उनीहरूलाई माछा पाल्न र नौका बिहार गर्न दिए तापनि २०५४ साउन २१ गतेका दिन गोरखापत्रमा सूचना प्रकाशित गरी त्यसमा पनि प्रतिबन्ध लगाइयो। तर किसानहरूले जबर्जस्ती माछा पाल्ने कार्य कुनै न कुनै रूपमा गरी नै रहे तर त्यसमा



पनि हाल सुरक्षाकर्मीको जीविकोपार्जन गर्ने किसानहरू पनि जलाशयको मुख्य भागलाई सुरक्षाक्षेत्र घोषित गरिएका कारण मारमा परेका छन्। कुलेखानीबाट हुने करोडौं करोड आम्दानीको केही हिस्सा त्यस क्षेत्रको विकासका लागि छुट्याइनुपर्दछ भनेर पनि उनीहरू वर्षौंदेखि संघर्ष गरिरहेका छन्। तर हालसम्म वितरीत रकम पनि सबै हेटौंडामै पुगेर थन्किएको वा त्यतै-त्यतै अनुत्पादक भागबण्डामा सकिने गरेको छ। कुलेखानीका किसानहरू बिजुलीको लागि पनि त्यत्तिकै लडे र बल्लबल्ल बिजुली पाए। तर आज त्यो महँगो बिजुली सबैका लागि सेतो हात्ती बनेको छ। बिजुली त बाले तर अहिले हरेक घरको बिजुलीको बिल १० हजारदेखि ३० हजारसम्म पुगेको छ। कुनै कमाइ छैन। कुनै उद्योगधन्दा छैन। अहिले नेपाल विद्युत् प्राधिकरणले बिजुलीको लाइन काट्ने धम्की दिइसकेको छ। तर किसानहरू विद्युत् महसुल मिनाहा गर्न र भविष्यका लागि खपत र आम्दानीका आधारमा सुलभ मूल्यमा बिजुलीको माग गरिरहेका छन्। आन्दोलन जारी छ। इन्द्रसरोवरभन्दा तलका किसानहरूले भोग्नुपरेको सुख्खा र सिँचाइको समस्याको कथाको अध्याय अझ अर्कै छ। आयोजना साना हुन् वा ठूला, मुख्य कुरा नीति गलत भएपछि, आयोजनाको तयारी र कार्यान्वयनको प्रक्रिया अप्रजातान्त्रिक, अपारदर्शी भएपछि अनि आयोजनाका ठेकेदार र नीति निर्णयकर्ताहरू भ्रष्ट भएपछि केही फरक नपर्ने रहेछ। साना आयोजना भनिएका सिन्धुपाल्चोकको इन्द्रावतीदेखि लिएर प्यूठानको झिमुक, मझौला भनिएका भोटेकोसी र खिम्तीदेखि ठूला भनिएका कुलेखानी, मर्स्याङ्गदी र कालीगण्डकी 'ए' सबैको दुर्दशा करिब-करिब एउटै छ। यो कुरा काठमाडौंमा बसेर अनि र कम्प्युटरका रंगिन पर्दा र एलसीडीमा लेखिने र देखाइने विकासे प्रतिवेदनका कुरामात्र सुनेर पुग्दैन। यसका लागि गाउँमै जानुपर्छ। प्रभावित क्षेत्रमा पुग्नुपर्छ। अनि अनेक किसिमका दुःख, कष्ट र गालीगलौंजहरू पनि सहनुपर्छ।

अब आयो वनको कुरा। नेपालमा बिग्रेका जति सबै कुरा जनतालाई जिम्मा लगाउने र सप्रेका जति जबर्जस्ती सरकारले लिने चलन पुरानै हो। यो आफैंमा एउटा चरम सामन्ती एवम् राजधानीकेन्द्रित पुँजीवादी विकासे आर्थिक-सामाजिक प्रणालीको विशेष तापनि हो। पञ्चायतीकालमा निरंकुशतालाई टिकाउन मासिएका वनजंगल सामुदायिक वन आन्दोलनसँगै फेरि विकसित र संरक्षित भए। वन संरक्षणमा नेपालको कीर्तिमान विश्वभरि फैलियो। नेपाल पुनः हरियो भयो। वातावरण जोगियो। राजनीतिमा असफल भए तापनि वन व्यवस्थापनमा गजबको प्रजातान्त्रिक अभ्यास भयो। गाउँ क्षेत्रका जनताहरूको आर्थिक स्थितिमा सुधार भयो। जीवनस्तर सुध्रियो। तर अहिले आएर विभिन्न बहानामा पुनः सामुदायिक वन प्रणालीलाई समाप्त पार्ने षड्यन्त्र भइरहेको छ। वनको आम्दानी र स्वामित्व नै सरकारी नियन्त्रण कायम गर्ने धृष्टता भइरहेको छ। सामुदायिक वनलाई हाल चलिरहेको द्वन्द्वको निशाना बनाउने कार्य भइरहेको छ। यी गलत नीति र षड्यन्त्रका विरुद्ध सामुदायिक वनको संरक्षण र सम्बर्द्धनमा लागेका किसान र सरोकारवाला/उपभोक्ताहरू सडक आन्दोलनमा पनि उत्रिसकेका छन्। यसरी आज नेपाल चौतर्फीरूपमा प्राकृतिक स्रोत र साधनमाथि कसको स्वामित्व हुने र

बिनालगानी र सरोकार यी स्रोतहरूमाथि कसको रजाइँ हुने भन्ने विवाद र अन्तरविरोधको चरम बिन्दुमा पुगेको छ । विगत ११ वर्षदेखि चलिरहेको सशस्त्र द्वन्द्वको एउटा मुख्य कारक तत्त्वका रूपमा प्राकृतिक स्रोतमाथि गुमिरहेको जनताको अधिकारको अवस्थालाई सबैले स्वीकार गरिसकेको अवस्था छ ।

प्राकृतिक स्रोतमाथि विद्यमान अन्तरविरोध र द्वन्द्वको प्रकृतिलाई हेर्दा यसको परिभाषा तथा उपभोग र उपयोगको प्रश्नलाई निम्नबमोजिम वर्गीकरण गर्नसकिन्छः

(क) प्राकृतिक स्रोतमाथिको पहिलो अधिकार ती जनतामाथि हुन्छ जो अनन्तकालदेखि त्यही क्षेत्रमा बसोबास गर्दैआएका छन् । उनीहरूआदिवासीका नामबाट चिनिन्छन् । विकासका नाममा विश्वभरि नै सबैभन्दा बढी विस्थापित र पीडित हुने वर्गमा आदिवासीहरूनै पर्छन् । विश्व इतिहासतिर फर्केर हेर्ने हो भने, आज जुन देशहरूलाई हामी संयुक्त राज्य अमेरिका, क्यानडा आदि भनेर चिन्छौं ती देशहरू यथार्थमा गोरा अमेरिकी वा क्यानेडालीका नाममा नभएर आदिवासी समुदायको स्वामित्व र अधिनायकत्वमा थिए । तर आज जसले अरूको सभ्यता र संस्कृतिको विनाश गरेका छन्, उनीहरूलाई नै सबैभन्दा सभ्य र सुसंस्कृत भनेर चिन्ने-चिनाउने गरिएको छ । यही गलत परिभाषाको मारमा आज नेपाल पनि परेको छ । नेपालका जो आदिवासी नेपालको विद्यमान अपार स्रोत र साधनका स्वामी हुन् उनीहरूलाई नै सबैभन्दा पिछडिएको, विपन्न र गरिब भनिएको छ । यथार्थमा भन्ने हो भने अहिलेको हिन्दु वर्णवादमा आधारित कथित उच्च जातीय अभिजात्य वर्गले नियन्त्रण गरेको नेपालको शासन प्रणालीमा नेपालका वास्तविक आदिवासीहरूको कुनै हिस्सा वा निर्णायक सहभागिता छैन । यो शासनप्रणाली आफैंमा सामन्ती र औपनिवेशिक छ । पृथ्वीनारायण शाहले कथित एकीकरणका नाममा बाइसे-चौबीसे राज्यरजौटाहरूलाई युद्धबाट परास्त गरेर एउटै बनाएपछि नेपालमा शाह, राणा, क्षेत्री र कथित उच्चजातीय ब्राम्हणवर्गको एकाधिपत्य चलेको छ । नेपाल अहिले एक धर्म, एक भाषा र एक संस्कृतिको जातिवाद र छुवाछूतको अवस्थाबाट गुज्रिरहेको छ । किपट, विर्ता र उखडा प्रथाको उन्मूलन तथा भूमि सुधारका नाममा नेपालका वास्तविक भू-स्वामीको रूपमा रहेका आदिवासीहरूलाई दास-दासी र सुकुम्बासी बनाउने कार्य भइरहेको छ । आज उनीहरूले भूमिमाथिको आफ्नो हक र सामान्य जीविकोपार्जनका लागि संगठन हुँदा राज्यका तर्फबाट हदैसम्मको दमन खेप्नुपरेको छ । हिजोका स्वामी र आजका सुकुम्बासी/कमैयाहरू बेसहारा भएर वाग्मती-विष्णुमती र कर्णाली-राप्तीका नदीकिनारमा कठोर जीवन बिताउन बाध्य हुनुपरेको छ । यी सबै घटनाहरूले यो देखाउँछन् कि नेपालमा आदिवासी समुदाय भू-स्वामी, जलस्वामी र वनस्वामीका रूपमा दिनदिनै विस्थापित हुँदै गइरहेका छन् । आजसम्म जुनसुकै नाम र थरका नेता र राजनीतिक दलहरूसत्तामा पुगे पनि एउटै नियति भोगिरहेका छन् । त्यसैले आदिवासीहरूको परम्परागत हकअधिकारमा प्रतिकूल असर नपरोस् भनेर नै कुनै पनि विकासे आयोजनाहरू निर्माण गर्दा सर्वप्रथम उनीहरूको सुसूचित सहभागितासहितको अग्रिम सहमति हुनुपर्ने सिद्धान्त र मान्यताहरूले आदिवासी जनताका अधिकारसम्बन्धी दस्तावेज, सन्धिसम्झौता र अन्तर्राष्ट्रिय कानुनमा स्थान पाइरहेका छन् ।



(ख) त्यसपछि आउँछ प्राकृतिक स्रोतको वरिपरि रहेका विभिन्न जनजाति समुदायका अधिकारका कुरा । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तअन्तर्गत सम्पूर्ण आदिवासीहरू जनजाति हुने तर सम्पूर्ण जनजातिहरू त्यसरी स्वतः नै आदिवासी नहुन पनि सक्ने भनी परिभाषा गरिएको छ । आदिवासी हुनका लागि कुनै खास स्थानमा परापूर्वकालदेखि बसोबास गर्दै र आफ्नै भाषा, धर्म, संस्कृति, पहिरन र पहिचानको अभ्यास र पालना गर्दैआएको हुनुपर्दछ । तर जनजातिका हकमा यसरी कुनै खास भूमिसँग कुनै विशेष सम्बन्ध हुन जरुरी छैन । उनीहरू आफ्नो भाषा, धर्म, संस्कृति वा भेषभूषाजन्य पहिचानका आधारमा मात्र अन्य समुदायभन्दा भिन्न भए पुग्छ । तर स्वाभाविकरूपमा नै जनजातिहरू पनि अभिजात्य वर्गको शोषण र दमनका कारण विभिन्न क्षेत्रमा पछाडि परेका हुनाले कुनै पनि प्राकृतिक स्रोतको विकास र त्यसको प्रतिफलमा स्थानीय जनजातिहरूको हक, अधिकार र आवश्यकतालाई प्राथमिकता दिनुपर्ने मान्यता विकसित भएको छ । नेपालका सन्दर्भमा यस्तै किसिमको आवश्यकता दलित समुदायका हकमा पनि महसुस गरिएको छ । नेपालका सन्दर्भमा आदिवासी-जनजाति र दलित जुनसुकै समुदाय भए तापनि उनीहरू जहाँ बसेका छन् त्यहाँ उपलब्ध प्राकृतिक स्रोतमाथि उनीहरूको स्वामित्व, पहुँच र विकासको प्रतिफलको वितरणमा पहिलो प्राथमिकता नदिने हो भने नेपाल सधैं गरिब त रहन्छ नै तर सँगसँगै यसले कुनै खास राजनीतिक 'तन्त्र' को नाम जेसुकै भए तापनि कुनै पनि बेला हिंसात्मक द्वन्द्वको स्वरूप धारण गर्नसक्दछ ।

(ग) त्यसपछि पालो आउँछ कुनै क्षेत्रमा विद्यमान प्राकृतिक स्रोतको वरिपरि बसोबास गरिरहेका बाँकी सबै स्थानीय जनताको । यदि नेपालमा साँच्चिकै अर्थमा सबैका लागि समानता र समानुपातिक सिद्धान्तमा आधारित राजनीतिक-आर्थिक-सामाजिक व्यवस्था हुने हो भने आदिवासी, जनजाति र दलित समुदायको विकासका लागि छुट्टै आरक्षण वा अन्य कुनै विशेष व्यवस्थाको आवश्यकता नपर्न पनि सक्दछ । तर यस्तो समतामूलक समाजको स्थापनाका लागि नेपालले धेरै संघर्ष गर्नुपर्ने र धेरै समय पनि पर्खनुपर्ने स्थिति टड्कारो देखिन्छ । तर स्थानीय स्रोतसाधनमाथि स्थानीय जनताको पहिलो अधिकार हुने भन्ने मान्यता, सिद्धान्त र मानव अधिकारका आधारमा विकेन्द्रीकरण, स्थानीय स्वशासन र आवश्यकताअनुसार जातीय स्वायत्तताका माध्यमबाट यस्तो अधिकार स्थापित गर्न सकिन्छ ।

(घ) त्यसपछि पालो आउँछ आफ्नो देशमा उपलब्ध प्राकृतिक स्रोतसाधनमाथि समग्र देशवासीको पहुँच र अधिकारको प्रश्न । यसलाई विकासको समानुपातिक सिद्धान्तका आधारमा व्यवस्थित गर्न सकिन्छ । कुनै पनि विकास प्रणालीको अन्तिम लक्ष्य समग्र देशवासीको साझा अनि सकेसम्म समान र कुनै कारणवशः नसकेको खण्डमा पनि समानुपातिक उन्नति त हुनैपर्छ । तर नेपालको विकास प्रणाली कुनै प्रजातान्त्रिक वा लोकतान्त्रिक, मानव अधिकार एवम् समतामुखी र जनहितकारी नभएर केन्द्रीकृत, कुनै खास वर्गविशेषद्वारा नियन्त्रित एवं सामन्ती-पुँजीवादमा आधारित छ । खुलाबजार अर्थतन्त्रमा आधारित निजीकरण प्राकृतिक स्रोतसाधनको व्यवस्थापन र विकास नीतिको मूलमन्त्र बनेको छ जसले

लोकतान्त्रिक एवं लोककल्याणकारी समाजका आधारभूत मान्यता र संरचनाहरूलाई ध्वस्त गर्दै अराजक समाजनिर्माणको जग बसाल्दछ। अहिले नेपालमा पनि यही भइरहेको छ।

(३) **प्राकृतिक स्रोतसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति र कानुनहरू**

यस संक्षिप्त कार्यपत्रमा प्राकृतिक स्रोतसाधनसम्बन्धी प्रचलित सबै नीति, रणनीति, कानुन र नियमावलीको अलग-अलग व्याख्या सम्भव छैन। सारमा भन्नुपर्दा, २०४९ सालसम्म बनेका कतिपय नीति तथा कानुन र नियमहरूले कम्तीमा पनि प्राकृतिक स्रोतमाथि स्थानीय समुदायको अग्राधिकारलाई कुनै न कुनै रूपमा एक हदसम्म मान्यता दिएका छन्। उदाहरणका लागि, जलस्रोत ऐन, २०४९ को दफा ३ ले *नेपाल अधिराज्यभित्र रहेको जलस्रोतको स्वामित्व नेपाल अधिराज्यमा निहित रहनेछ* भनी परिभाषीत गरेको छ। यस आधारमा जलस्रोतमाथिको स्वामित्व सरकारमा मात्र निहित नरही नेपाली जनता र सम्बन्धित समुदायमा समेत निहित रहेको मान्नुपर्ने हुन्छ। तर व्यवहारमा हेर्दा नेपालमा जलस्रोतको उपयोगसम्बन्धी सम्पूर्ण नीति निर्णयहरू मूलतः सरकारले, त्यसमा पनि सम्बन्धित मन्त्रालय र अझ भन्ने हो भने मन्त्रीले नै एकलौटी रूपमा गरिरहेको अनुभव छ।

यहाँ सबैभन्दा विचारणीय पक्ष, प्राकृतिक स्रोतसम्बन्धी सरकारका नीति तथा कानुनहरू कुन दिशातर्फ निर्देशित छन् भन्ने हो। माथि नै भनिए झैं यी नीति तथा कानुनहरू क्रमशः खुलाबजार अर्थतन्त्र र निजीकरणको मूल मन्त्रद्वारा प्रभावित छन्। यसका निमित्त नेपाललाई ऋण तथा सहायता दिने विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक तथा अन्य वित्तीय संस्था र मित्र राष्ट्रहरूले पनि पनि नेपालका नीतिनिर्माता एवम् राजनीतिक दलका नेताहरूमाथि त्यत्तिकै दबाब दिने गरेका छन्। यी दबाबहरूबाट कतिपय अवस्थामा चाहेर पनि सरकार तथा राजनीतिक नेताहरू प्रतिरोध गर्न असक्षम देखिएका छन् भने कतिपय अवस्थामा उनीहरू राष्ट्रिय हितको रक्षार्थ आँखा चिम्लिएका घटनाहरू पनि छन्। यस्तै नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पनि प्राकृतिक स्रोतमाथि जनताको अधिकारको वकालत गर्ने र जनदबाब सिर्जना गर्नेभन्दा पनि जानी वा नजानी खुलाबजार अर्थतन्त्र र निजीकरणमा आधारित विकासे अवधारणालाई नै मलजल गर्ने कार्यमा सक्रिय देखिएका छन्। मानौं, उनीहरूले राजधानी र सदरमुकाममा बसिबसी गैरसरकारी संस्थामार्फत देशभरि विकास र निर्माणको ढर्रा पनि गरिरहेका छन्। यस्तो अनुत्तरदायी विकासे अभियानका कारण यथार्थमा स्थानीय जनता र समुदायहरू नै आफ्नो हकअधिकारको रक्षा गर्ने सवालमा क्रमशः पराधीन बन्न पुगेका छन्।

(४) **विकासको मानव अधिकारवादी दृष्टिकोण एकमात्र सही विकल्प**

आजसम्म नेपालमा चलेका विकाससम्बन्धी बहसहरूमा विकास भन्ने शब्दलाई एकोहोरो आर्थिक एवं भौतिक परिवर्तनका सन्दर्भमा मात्र हेरिएको छ। विदेशी ऋण वा सहायताको ओइरो लाग्यो, विदेशीहरूका कार्यालयहरू खुले र विदेशी



गाडीमा वर र पर गर्दै ठूलाठूला बाँध वा सडक र भवनहरू निर्माण गर्न पाइयो भने त्यसैलाई विकास भनियो। तर यस्तो विदेशी ऋण र सहायतामा बढी भरपर्ने केन्द्रीकृत विकास आफैंमा विनाश हो भन्नेतर्फ नीति निर्माताहरूको ध्यान गएन। अनि स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोतमा आश्रित समुदायको विस्थापनलाई विकासको अनिवार्य पर्याय मानियो अर्थात् उनीहरू सुकुम्बासीमा परिणत हुने प्रक्रियालाई उनीहरूले राष्ट्रका लागि गरेको योगदान ठानियो। तर विकास भनेको यथार्थमा सबै नागरिक र समुदायहरूको आर्थिक, भौतिक र मानसिक जीवनपद्धतिमा हुने स्वस्थ परिवर्तन हो भन्नेतर्फ हाम्रो बुझाई रहेन। फलतः हामी जति-जति विकसित हुँदै गयौं त्यति-त्यति गरिबी बढ्यो, दुःख बढ्यो, विदेशी ऋणको बोझ बढ्यो। आज हामी हाम्रा टाउकामाथि थोपरिएको विदेशी ऋण कहिल्यै पनि चुक्ता गर्न नसक्ने तन्नम अवस्थामा परिणत भइसकेका छौं। यसमा अहिले चलिरहेको द्वन्द्वले थपेको ऋणभार र गरिबीको शृंखला झन् अर्कै छ।

विकासलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा हुने यो समस्या विश्वव्यापी हो र यो शासक वर्ग र धनाढ्य समुदायले जानी-जानी लादेको गलत एवं अप्रजातान्त्रिक विकासे परिभाषा हो। विकासलाई हेर्ने मूल दृष्टिकोण त अर्कै छ। त्यो हो, मानव विकास अर्थात् प्रत्येक मानिसको समान वा समानुपातिकरूपमा हुने चौतर्फी विकास। यस्तो विकास मानव अधिकारवादी दृष्टिकोणबाट मात्र सम्भव छ। यस्तो दृष्टिकोणलाई सर्वप्रथम आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा परिभाषीत गरियो। यसअनुसार प्राकृतिक स्रोतलगायत राज्यमा उपलब्ध सम्पूर्ण स्रोतमा सम्पूर्ण जनताको समान पहुँच र आत्मनिर्णयको अधिकारलाई आत्मसात गरियो। यसलाई अझ व्यापकरूपमा परिभाषा र व्याख्या गर्ने कार्य सन् १९८६ मा पारित विकासको अधिकारसम्बन्धी घोषणापत्रमार्फत भयो। त्यस्तै, अन्तर्राष्ट्रिय सहयोगको आदानप्रदानका सवालमा सन् १९७२ मा पारित प्राकृतिक स्रोतमाथि राष्ट्र र त्यस राष्ट्रका जनताको स्थायी सार्वभौमसत्ता कायम हुने प्रस्ताव पारित गरियो। विकासको अधिकार र यस सन्दर्भमा स्थानीय जनता र समुदायको आत्मनिर्णयको अधिकारका सवालमा अरू पनि धेरै सिद्धान्त र मान्यताहरू विकसित भइसकेका छन्। आदिवासी जनसमुदाय अवस्थित क्षेत्रमा कुनै पनि विकासे योजनाहरू निर्माण गर्दा उनीहरूको सुसूचित सहभागितामा आधारित अग्रिम सहमति लिइनुपर्दछ भन्ने सिद्धान्त यसको सबैभन्दा विकसित रूप हो।

त्यसैले नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी बाध्यात्मक अन्तर्राष्ट्रिय कानुनमा २०४६ सालको परिवर्तनपछि नेपालले निःसर्त अनुमोदन गरिसकेको तथा यसमा भएका व्यवस्थाहरू नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अन्तर्गत राष्ट्रिय कानुनभन्दा पनि सर्वोच्च हैसियतका साथ लागू भइसकेको सन्दर्भमा हामीले विकासको परिभाषा, अवधारणा र दृष्टिकोणमै व्यापक परिवर्तन ल्याउनुपर्ने हुन्छ। तर आज नेपाल विश्व व्यापार संगठनको समेत सदस्य बनिसकेको सन्दर्भमा हेर्दा प्राकृतिक स्रोतमाथि कुनै जनता वा राज्यको स्वामित्व, पहुँच र अधिकार कायम हुनेभन्दा पनि ती स्वामित्व, पहुँच र अधिकारहरू धमाधम छिनिने

अवस्था सिर्जना भएको छ। विश्व व्यापार संगठनअन्तर्गत अनिवार्यरूपमा लागू हुने सन्धि सम्झौतामा भएका व्यवस्थालाई हेर्दा प्राकृतिक स्रोतमाथि अब कसैको सामूहिक वा सामुदायिक स्वामित्व र पहुँच कायम रहने अवस्था छैन। यी सबै स्रोतहरू अब व्यापारिक वस्तु हुनेछन्। यस सिलसिलामा सर्वप्रथम विद्यमान प्राकृतिक स्रोतहरूमाथि राज्यको हस्तक्षेप हुनेछ अर्थात् राज्यले क्रमशः विभिन्न नीति र कानुन बनाएर यी स्रोतहरूमाथिको आफ्नो नियन्त्रणलाई विस्तार गर्नेछ। त्यसपछि ती स्रोतहरूको निजीकरण हुनेछ। यसरी हुने निजीकरणमा अथाह वित्तीय स्रोत र सैनिक-राजनीतिक शक्ति भएका कारण अत्यन्तै सफल प्रतिस्पर्धी सावित भइसकेका बहुराष्ट्रिय कम्पनीहरूको वर्चस्व कायम हुनेछ। मेलम्ची आयोजना सम्पन्न गर्ने र राजधानीको खानेपानी व्यवस्थापनलाई निजीकरण गरेर विदेशी बहुराष्ट्रिय कम्पनीको जिम्मा लगाउने कार्य गरेर नेपालले विकासको भावी दिशाको खाका कोरिसकेको छ। अब हरेक क्षेत्रमा यस्तै हुनेछ। नेपालको अथाह प्राकृतिक स्रोतमाथि विदेशी कम्पनीहरूको रजाईं हुनेछ। नेपालका उच्च वर्गीय शासकहरू यिनै प्राकृतिक स्रोतको विखण्डन र बजारीकरणबाट प्राप्त हुने भाडा खाएर बाँच्नेछन्। यसको प्रतिरोध गर्ने नेपाली नागरिक र स्थानीय जनताहरू राज्यद्रोही र आतंकवादी घोषित हुनेछन्। द्वन्द्व अहिले पनि चर्किरहेको छ र भविष्यमा झनै चर्कने निश्चित छ।

**(५) विगतको प्रजातन्त्रमा के भयो ?**

२०४६ सालको जनआन्दोलन हामीले नै गऱ्यौं। २०४७ सालको संविधान पनि एक किसिमले हामीले नै बनायौं। त्यसपछिका दिनहरूमा मानव अधिकार तथा वातावरणसम्बन्धी अनेकौं सन्धि सम्झौताहरूलाई पनि हामीले नै अनुमोदन गऱ्यौं। यसबेला कुनै प्रतिगमन र निरंकुशता थिएन। विदेशीहरूको वर्चस्व पनि कलिलै थियो। तर के हामीले नेपाल सुहाउँदो विकासको अवधारणा निश्चित गऱ्यौं त ? गरेनौं। आर्थिक तथा सामाजिक अधिकारलाई संविधानमा मौलिक एवं मानव अधिकारका रूपमा कतै पनि स्थान दिएनौं। आदिवासी, जनजाति, दलित र पिछडिएको समुदायको हक, हित र आरक्षणसम्बन्धी सबै सवालहरूलाई राज्यका निर्देशक नीति तथा सिद्धान्तमा लगेर मिल्काइ दियौं र तिनको कार्यान्वयन कदापि अदालतबाट लागू नहुने घोषणा गऱ्यौं। त्यसपछिका दिनहरूमा जुनसुकै सरकार आए पनि खुलाबजार अर्थतन्त्र र निजीकरणमा आधारित आर्थिक तथा सामाजिक नीति, कानुन, कार्यक्रम र परियोजनालाई आत्मसात गऱ्यौं र हेर्दाहेर्दै देशलाई एकै दशकमा चकनाचुर पाऱ्यौं।

यही अव्यवस्था र अदूर्दर्शिता अन्त्यमा गएर माओवादी जनयुद्धको एउटा प्रमुख कारक तत्त्व बन्न पुग्यो जो स्वाभाविकै थियो। जननिर्वाचित सरकारहरू नै अप्रजातान्त्रिक र जनविरोधी भएपछि अनि तिनले अवलम्बन गर्ने नीति र कानुनहरू सबै उच्च वर्ग, धनी वर्ग, शासक वर्ग र विदेशी पुँजीवादी शक्तिहरूको स्वार्थमा बन्न थालेपछि वास्तवमै नेपालमा विद्रोह अपरिहार्य भइसकेको थियो। विद्रोहका यी कारकतत्वहरूलाई मलजल गर्ने काममा नेपाललाई सहयोग गर्ने भनेर आवरणभित्र लुकेर पसेका विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, अमेरिकी



सहयोग नियोग -यूएसएड), बेलायती अन्तर्राष्ट्रिय सहयोग विभाग (डीएफआईडी) तथा जापानी सहयोग नियोग र अन्य दातृ राष्ट्रहरूले नेपालको मौलिक आर्थिक-सामाजिक संरचना र प्राकृतिक स्रोतमाथिको नेपाली जनताहरूको नैसर्गिक अधिकारलाई चकनाचुर पार्न सबैथोक गरे। यस अर्थमा आज मुलुकले भोगिरहेको सशस्त्र द्वन्द्वको र यसबाट पुगेको क्षतिको जिम्मेवारी नेपालका सरकारहरूले मात्र नभएर अन्तर्राष्ट्रिय वित्तीय संस्था र दातृ समुदायले पनि लिनुपर्ने हुन्छ। हुन त, उनीहरू पनि अहिले नेपालमा चारैतिर सामन्तवाद भएको टिप्पणी गर्न थालेका छन्। तर यसभन्दा पहिले, उनीहरूले यस सामन्तवादलाई हुर्काउन र बढाउन खेलेको भूमिका र नीति निर्णयका सवालमा आफैंभित्र रहेको सामन्तवादको समीक्षा गर्न जरूरी छ। फरक यतिमात्र हो, यी सबै प्रवृत्ति र विकृतिहरूको प्रतिकार गर्न अहिलेको विद्रोह सशस्त्र नभएर शान्तिपूर्ण भइदिएको भए पनि अपेक्षित परिवर्तन सम्भव थियो कि ? भन्नेमात्र छलफलको विषय हो। कतैबाट केही कुनै सुनुवाइ नभएपछि सशस्त्र विद्रोहको बाटो अख्तियार गरेका मुलुकहरूत अहिले नै पनि विश्वमा कति छन् कति ! भारतदेखि श्रीलंकासम्म, बर्मा र थाइल्यान्डदेखि फिलिपिन्स र अफ्रिकासम्म ! मुख्य कुरा विद्रोहका कारकतत्त्वहरूलाई के कसरी सम्बोधन गरिन्छ वा गरिन्न भन्ने हो।

२०४७ सालपछिको राजनीतिक संरचनागत स्वरूपले हेर्दा हामीले प्रजातान्त्रिक समाजवादलाई अनुशरण गर्ने नेपाली कांग्रेसलाई देख्यौं जो डा. रामशरण महत र डा. महेश आचार्यजस्ता गलत नीति निर्माताहरूको फेला परेर आधुनिक एकाधिकारवादी पुँजीवादको सिकार बन्न पुग्यो। तर धेरैजसो समय राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेका यी महारथीहरू आज पनि आफूले अख्तियार गरेका गलत नीतिहरूको समीक्षा र आत्मालोचना गर्न तयार छैनन्। त्यसपछि मार्क्सवादी समाजवादको धार बोकेको नेपाल कम्युनिस्ट पार्टी (एमाले) पनि २०४७ सालमा स्थापित संसदीय व्यवस्थालाई थप प्रगतिशील बनाउने दिशामा ठोस योगदान दिनसकेन। तसर्थ भरतमोहन अधिकारी, झलनाथ खनाल, वामदेव गौतम र प्रदीप नेपालजस्ता होनाहार कम्युनिस्ट नेताहरू सरकारमा पुग्दा पनि उनीहरूले अख्तियार गर्ने अर्थनीति र जलस्रोत नीतिमा कुनै परिवर्तन आएन। बरु उनीहरू पनि कसरी हुन्छ विदेशीहरूलाई नै रिझाउने र बढीभन्दा बढी विदेशी ऋण र सहायता ओइऱ्याएर नेपाली कांग्रेसलाई उछिन्ने होडबाजीमा लागे। यसको परिणाम एउटै भयो-हामी सबै एउटा खाडलमा जाकिन पुग्यौं, र आज हामीलाई विगतमा हामीले पाएको अवसरलाई हामीले कसरी बिगाऱ्यौं भनेर थोरबहुत चेतना भएको छ। यो कुनै राजनीतिक दल वा नेता विशेषलाई आलोचना गरिएको नभई उनीहरूले अख्तियार गरेका नीतिहरूको समीक्षा गरिएको मात्र हो। अन्धाधुन्ध खुलाबजार अर्थतन्त्र र निजीकरणका अपराधहरू हामीले गऱ्यौं। महाकाली क्षेत्रका जनताहरूलाई पूर्णरूपमा बेवास्ता गर्दै महाकाली सन्धि हामीले गऱ्यौं। कोसी, गण्डक र पश्चिम सेतीमा गरेका गल्तीहरूलाई सच्याउनेतर्फ कुनै काम गरेनौं। भूमिसुधार, कमैया र हलिया प्रथाको वास्तविक उन्मूलन, प्राकृतिक स्रोतमाथि

आदिवासी, जनजाति, दलित र स्थानीय जनताको पहुँच कायम राख्ने तथा विकासको प्रतिफल स्थानीय तहसम्मै पुऱ्याउनेतर्फ कुनै पनि आयोजनाहरूमा कुनै काम गरेनौँ । विकासको वैकल्पिक अवधारणाका पक्षमा वकालत गर्नेहरूलाई कुट्ने, पिट्ने, बदनाम गर्ने, विकास विरोधी र विदेशी दलाल भन्नेजस्ता अनेक नौटंकीहरू गऱ्यौं र इतिहासले दिएको एउटा सुनौलो अवसरलाई पारस्परिक झगडा र गलत नीति अख्तियार गर्दैमा सिध्यायौं ।

**(६) भावी लोकतन्त्रमा हुन्छ के ?**

परिस्थितिवशः आज हामी सबै पुनः एकजुट भएका छौं । यसरी एकजुट हुनुको कुनै विकल्प हामीसँग छैन । अहिलेको कठोर अवस्थाको निकास कहिले र कसरी हुन्छ, त्यो त भन्न सकिने अवस्था छैन । तर अहिलेको स्थितिले ढिलोछिटो एउटा निकास पाउने निश्चित छ । मुख्य कुरा, विगतका गल्तीहरूबाट पनि सिकेर भावी राजनीतिक-आर्थिक प्रणालीलाई साँच्चिकै अर्थमा सबै नेपालीहरूका लागि सर्वस्वीकार्य हुने लोकतान्त्रिक पद्धतिमा विकास गर्न सकिन्छ वा सकिन्न भन्ने मात्र मुख्य प्रश्न हो ।

विगतमा गल्ती गर्ने तिनै राजनीतिक दलका तिनै नेताहरू पनि अहिलेको आन्दोलनमा पनि अग्रपंक्तिमा रहेको र भोलिको परिवर्तित नेपालमा पनि उनीहरूनै नेतृत्वदायी हुने तथ्य प्रायः निश्चित छ । तर ती दलका ती नेताहरूले विगतमा गरेका उल्लिखित सबै नीतिगत गल्तीहरूको समीक्षा गर्दै वास्तवमै नयाँ लोकतान्त्रिक नेपालमा प्राकृतिक स्रोतमाथि जनताको अधिकार के कसरी कायम गरिन्छ वा गरिन्न भन्ने सवालमा अहिले नै नीतिगत प्रष्टता हुन जरुरी छ । तर यो काम कतैबाट भएको छैन । यस विषयमा जे जस्तो बहस हुनुपर्ने हो सो पनि भएको छैन । कताकता लाग्छ, भोलि आउने लोकतन्त्र वा गणतन्त्र पनि २०४७ सालकै बहुदलीय व्यवस्थाजस्तो चटकमात्र त हुने होइन ? खोइ यसको खाका ? खोइ यसको नीतिगत तथा संरचनागत ढाँचासम्बन्धी प्रस्ताव ? अहिलेका राजनीतिक दलहरू गत मंसिर ७ गते सम्पन्न १२ बुँदे न्यूनतम साझा सहमति निरन्तरता र प्रभावकारिता दिने कुरामै लर्बराएको देख्दा भविष्यप्रति छिटै आशावादी सम्भावनाहरू झन्झन् कम हुँदै गएको आभाष भइरहेको छ ।

आज सरसर्ती हेर्दा, सम्पूर्ण नेपाली जनताहरू गुणात्मक परिवर्तनको फड्को मार्न र यसका लागि जस्तोसुकै आहुति दिन पनि तयार छन् । तर मुख्य समस्या राजनीतिक नेतृत्वमा देखिएको छ । अनि अहिलेको राजनीतिक नेतृत्वले नै भोलिको नयाँ नेपाल वास्तवमै कस्तो हुन्छ भन्ने चौतर्फी खाका नदिने हो भने अझै पनि दिल खोलेर आन्दोलनमा होमिने अवस्था देखिन्न । आदिवासी र जनजाति समुदायमा शंका छ, दलित, मधेसी र कर्णाली प्रदेशका जनतामा शंका छ । त्यसैले हरेक राज्यको पुनः परिभाषा र पुनर्संरचनासँग सम्बन्धित हरेक सवालहरूमा सर्वदलीय नीतिगत दस्तावेज र कार्ययोजनाहरू धमाधम हुन जरूरी छ । होइन भने, अब ढिलै भए पनि र जतिसुकै कठिन भए पनि नयाँ नेपालको नेतृत्वमा नयाँ पुस्तामा जाने र जानुपर्ने निश्चित छ ।



**(७) निष्कर्ष तथा सुझाव**

प्राकृतिक स्रोतमाथि नेपाली जनताको अधिकारसम्बन्धी मुद्दा र नीतिगत जटिलताहरूका बारेमा माथि गरिएको संक्षिप्त विवेचनाका आधारमा यो निष्कर्ष निक्लन्छ कि विगतमा हामीले जनतालाई अधिकार दिनेभन्दा पनि उनीहरूले परम्परागत रूपमा खाईपाई आएकै अधिकारहरू खोस्ने काम गऱ्यौं । यसका निमित्त अवश्य पनि धेरै आन्तरिक तथा बाह्य कारणहरू छन् तर ती गलत कारकतत्त्वहरूको प्रतिरोध गर्ने र उपलब्ध विकल्पहरूलाई आत्मसात गर्ने काम हामीले गरेनौं । यो एउटा बदनियत थियो । यसमा ठूलो सामन्ती-पुँजीवादी स्वार्थ थियो । नयाँ नेपाल कदापि आधुनिक एकाधिकारवादी पश्चिमा पुँजीवादी बाटोबाट अघि बढ्न सक्दैन । यसका लागि मिश्रित लोकतान्त्रिक राष्ट्रिय पुँजीवादको ढाँचा हामीले विकास गर्नुपर्दछ । तर अहिलेकै राजनीतिक दल र अहिलेकै राजनीतिक नेताहरू अहिलेकै सोच र शैलीमा भोलिको लोकतन्त्रात्मक वा गणतन्त्रात्मक नेपालको नेतृत्व गर्न तम्सिने हो भने उनीहरूबाट केही नहुने कुरा अहिले नै ठोकुवा गर्न सकिन्छ । तर उनीहरूमाथि प्रशस्त सुझाव र दबाबको पनि खाँचो छ । कम्तीमा पनि प्राकृतिक स्रोतमाथि जनताको अधिकार स्थापना गर्ने सवालमा भावी समावेशी लोकतन्त्रका लागि के कस्ता मुद्दाहरू चुनौतीपूर्ण छन् भन्ने सन्दर्भमा यहाँ केही सुझावहरू पस्कने जमर्को गरिन्छः ।

(क) आर्थिक तथा भौतिक विकासको मूल लक्ष्य मानव विकास हुनुपर्छ । यसका लागि विकासको मानव अधिकारवादी अवधारणालाई अघि बढाइनुपर्छ । यसको प्रारम्भ आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकारहरूलाई सकेसम्म मौलिक हकमा समावेश गरिनुपर्दछ । अन्य अधिकारहरूलाई लोककल्याणकारी सामाजिक सुरक्षानीतिअन्तर्गत समेटिनुपर्दछ, जस्तैः सबैलाई आवास, अनिवार्य शिक्षा र प्राथमिक स्वास्थ्यसेवा ।

(ख) प्राकृतिक स्रोतमाथि स्थानीय जनताको सार्वभौमसत्ता कायम गरिनुपर्दछ । त्यसको व्यवस्थापन र कार्यान्वयन स्थानीय निर्वाचित एवम् स्वायत्त निकाय र परम्परागत सामुदायिक संगठनहरू मार्फत हुनुपर्दछ ।

(ग) आदिवासी-जनजाति र दलित समुदायको प्रभुत्व भएका क्षेत्रमा कुनै पनि विकासे योजनाहरूको तयारी र कार्यान्वयन गर्दा उनीहरूको सुसूचित सहभागितामा आधारित अग्रिम सहमति हासिल गरिनुपर्दछ किनकि प्राकृतिक स्रोतको उपभोग स्थानीय समुदायले गर्ने हो र यसको उपयोगबाट बाँकी देशका जनताले गर्ने हो ।

(घ) विकासे आयोजनाबाट उत्पादित बिजुली, खानेपानी र सिँचाइका अवसर र फाइदाहरू सर्वप्रथम सर्वसुलभ मूल्यमा प्रभावित क्षेत्रका स्थानीय जनतामा वितरण गरिनुपर्दछ । साथै ती क्षेत्रको निरन्तर विकास र सामाजिक कार्यक्रमहरूका लागि कुल आम्दानीको निश्चित लाभांशको स्थानीय बजेटमा समावेश गरिनुपर्दछ ।

(ङ) स्थानीय जनता र सामुदायिक तहबाट हुनसक्ने कुनै पनि श्रममूलक काम, सामाजिक सेवा र विकासमूलक स्रोत र परियोजनाहरू सोझै स्थानीय

सामुदायिक तथा सहकारी संगठनहरूलाई उपलब्ध गराइनुपर्छ। यसमा हाल भइरहेको अराजक एनजीओकरणलाई पूर्णरूपले निरूत्साहित गर्नुपर्दछ ।

(च) विकासको अधिकारलाई मानव अधिकारका रूपमा मान्यता प्रदान गर्दै विकासको प्रतिफल वितरण गर्ने प्रणाली समान अधिकार तथा समानुतिक सिद्धान्तबाट निर्देशित हुनुपर्दछ ।

(छ) नेपाललाई सहयोग गर्ने अन्तर्राष्ट्रिय संस्था तथा मित्र राष्ट्रहरूले पनि नेपालका यिनै र यस्तै आवश्यकता, प्राथमिकता र विकाससम्बन्धी दृष्टिकोणहरूलाई स्वीकार गर्नुपर्दछ अन्यथा उनीहरूबाट हुने विभिन्न अनुचित सर्तसहितका ऋण र सहायताहरूलाई इन्कार गर्न सक्नुपर्दछ ।

अन्त्यमा एउटा प्रश्न, के हामीले अहिले बुझेको लोकतन्त्र नेपालमा भोलि नै आयो भने कुलेखानीका समस्या समाधान हुन्छन् ? के उल्लिखित मापदण्डसमेतका आधारमा महाकाली सन्धिको पुनरावलोकन हुन्छ ? के यसलाई खारेज गरेर नयाँ सन्धि गरिन्छ ? थालनी त सानै र एउटै कुराबाट पनि हुनसक्दछ ।

**प्राकृतिक स्रोत र साधनको संरक्षण एवम् व्यवस्थापनसम्बन्धी**
**चौतारा घोषणापत्र तथा कार्ययोजना, २०६१**

२०६१ साउन २४-२६, चौतारा, सिन्धुपाल्चोक

हामी जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल र भूमि अधिकार राष्ट्रिय सरोकार समूहको आयोजना एवम् सामुदायिक वन उपभोक्ता महासंघ तथा राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासंघ-नेपालको सहयोगमा २०६१ साल साउन २४, २५ र २६ गतेका दिन सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारामा सिन्धुपाल्चोक जिल्लाका प्राकृतिक स्रोत र साधनमाथि स्थानीय समुदायको सहभागिता र व्यवस्थापन विषयक कार्यशाला, विचारगोष्ठी र प्रशिक्षण कार्यक्रममा सहभागी भएका विभिन्न संस्था, समूह र अभियानका प्रतिनिधिहरू निम्नबमोजिमको एक चौतारा घोषणापत्र तथा कार्ययोजना पारित गर्न सहमत भएका छौं ।

**प्रस्तावना**

१. प्राकृतिक स्रोत र साधनहरू सम्पूर्ण सृष्टि, जीवन र जगतका साझा सम्पत्ति भएकाले,
२. यस्ता प्राकृतिक स्रोत र साधनहरूको व्यवस्थापन, संरक्षण र सम्बर्द्धनको कार्य प्रारम्भकालदेखि नै सामूहिक एवं सामुदायिकरूपमा हुँदै आएकाले,
३. यस्ता स्रोत र साधनहरूमाथि हुने अनुचित हस्तक्षेप, निजीकरण र व्यापारीकरणले विश्वमा झन्झन् गरिबी, द्वन्द्व र युद्धलाई बढावा दिने भएकाले,
४. प्राकृतिक स्रोत र साधनमाथिको स्थानीय समुदायको सार्वभौम अधिकार, समान पहुँच र उपभोग सबैका आधारभूत मानवअधिकार भएकाले,



**सबै तहमा**

५. प्राकृतिक स्रोत र साधनसँग सम्बन्धित सम्पूर्ण नीति, कानुन र नियमहरूमा स्थानीय जनता र समुदायको साझा स्वामित्व र व्यवस्थापनको सिद्धान्तलाई मान्यता दिइनुपर्दछ ।
६. प्राकृतिक स्रोत र साधनको व्यवस्थापन र उपयोगसँग सम्बन्धित सम्पूर्ण आयोजना र गतिविधिहरूमा अनिवार्यरूपमा स्थानीय जनता र समुदायको प्रत्यक्ष एवं प्रभावकारी सहभागिता सुनिश्चित गर्दै स्वतन्त्र वातावरण मूल्यांकन प्रतिवेदन र प्रभाव न्यूनीकरण योजना लागू गरिनुपर्दछ ।
७. कुनै पनि आयोजनाहरूका बारेमा निर्णय गर्नुभन्दा पहिले सम्बन्धित क्षेत्रका जनता र समुदाय एवम् स्थानीय स्वायत्त निकायको स्वतन्त्र, अग्रिम एवं सुसूचित सहमति र अग्राधिकार सुनिश्चित गर्नुका साथै पूर्ण सूचना प्रवाहका साथ सार्वजनिक बहससमेत गरिनुपर्दछ ।
८. कुनै पनि आयोजना र गतिविधिहरूबाट प्रभावित व्यक्ति, परिवार र समुदायका निमित्त उचित मुआब्जा, क्षतिपूर्ति र पुनःस्थापनलगायत उनीहरूको जीविका र समृद्धिका निमित्त विशेष कार्यक्रमहरू लागू गरिनुपर्छ ।
९. हरेक आयोजनामा र गतिविधिहरूबाट प्रभावित व्यक्ति, परिवार र समुदायका निमित्त उचित मुआब्जा, क्षतिपूर्ति र पुनःस्थापनालगायत उनीहरूको जीविका र समृद्धिका निमित्त विशेष कार्यक्रमहरू लागू गरिनुपर्छ ।
१०. स्थानीय क्षेत्र र प्रभावित समुदायको विकासको आवश्यकता र प्राथमिकताअनुसार कुनै पनि आयोजनाको १० देखि २५ प्रतिशतसम्म प्रत्यक्ष प्रतिफल वितरणको व्यवस्था हुनुपर्छ ।
११. आयोजना सञ्चालन गर्दा त्यस क्षेत्रमा वर्तमान र भविष्यमा समेत कृषि उपयोग, जीवन, संस्कृति र वातावरणका लागि आवश्यक पर्ने न्यूनतम पानी निरन्तररूपमा छोडिनुपर्छ ।
१२. स्थानीय तहमा समेत पानीको साझा उपभोग र प्रतिफलको उपभोगका लागि तटीय अधिकारको सिद्धान्त लागू गरिनुपर्छ ।
१३. अन्तर्राष्ट्रिय सीमा एवम् प्रभाव क्षेत्रमा विद्यमान कुनै पनि आयोजना र गतिविधिहरू सञ्चालन गर्नुभन्दा पहिले स्थानीय जनता र समुदायको सहभागिता र सहमतिमा अन्तर्राष्ट्रिय कानुनका मान्य सिद्धान्त र परम्पराअनुरूप आवश्यक सन्धि सम्झौता सम्पन्न गरिनुपर्छ ।
१४. उल्लिखित सिद्धान्त र मान्यताविपरीत विद्यमान सम्पूर्ण आन्तरिक एवम् अन्तर्राष्ट्रिय योजना र सन्धि सम्झौताहरू पुनरावलोकन वा खारेज हुनुपर्छ ।
१५. राष्ट्रिय हित र सार्वभौमसत्ताविपरीत हुने सन्धि सम्झौताहरू खारेज गर्नुका साथै विदेशी राष्ट्र र संस्थाहरूबाट अनुचित सर्तहरू लाद्ने कार्य बन्द हुनुपर्छ ।
१६. कुनै पनि योजना र सन्धि सम्झौतामा उल्लेख भएका उद्देश्य र प्रावधानअनुरूप कार्यसञ्चालन नभएको ठहरेमा त्यस्ता योजना र सन्धि सम्झौताहरूलाई तत्काल खारेज गरी सम्बन्धित पीडित पक्षका लागि उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ ।

१७. जलस्रोतमा आधारित कुनै पनि आयोजनाहरूको सञ्चालन गर्दा उक्त जलस्रोतमा आश्रित व्यक्ति, परिवार र समुदायका निमित्त भूमिमा जस्तै क्षतिपूर्ति र पुनःस्थापनको हकाधिकार कायम गरिनुपर्दछ ।

**१८. भूमि अधिकारका सम्बन्धमा**

(क) अवैज्ञानिक एवं जमिन्दारमुखी भूमिसम्बन्धी ऐन, २०२१ खारेज गरी मोहियानी हकको संरक्षण गर्ने, जमिनको पुनर्वितरण गर्ने र भूमिलाई उत्पादनमूलक बनाउने नीतिसहित नयाँ जनमुखी ऐन निर्माण गरिनुपर्दछ ।

(ख) गुठी जग्गाहरूलाई आवश्यकताअनुसार जोतभोगका आधारमा जिल्लाबाहिर जाने हकमा रैकरमा र जिल्लाभित्र रहने हकमा रैतानी जग्गामा निःशुल्क परिणत गर्नुका साथै हालसम्म बाँकी रहेका भनिएका बक्यौताहरूलाई मिनाहा गरिनुपर्दछ ।

(ग) दर्ता नभएका सबै मोहीहरूको स्थलगत लगत लिई स्थानीय निकायको सिफारिस, सरजमिन वा साक्षीहरूको बयानसमेतका आधारमा तत्काल मोहियानी हक दर्ता प्रमाणपत्र वितरण गरी आधा जग्गा दिइनुपर्दछ ।

(घ) जोताहा सुकुम्बासीलाई मोहोयानीबापत आधा जग्गा दिइनुपर्छ ।

(ङ) अन्य भूमिहीनहरूका निमित्त घरबास तथा जीविकोपार्जनको व्यवस्था हुनुपर्छ ।

(च) जोताहा किसानहरूलाई समयमै भूमिसम्बन्धी सम्पूर्ण सूचनाहरू प्रदान गरिनुपर्छ ।

(छ) जमिनमा आधारित हलिया, कमलरी, बालिघरे, डोली, हली, गुहारे, हरूवा र चरूवाजस्ता सामन्ती शोषणमुखी व्यवस्थामा आधारित प्रथाहरूको अन्त्य गरी सम्बन्धित व्यक्ति वा परिवारका नाममा स्वामित्व कायम गरिनुपर्छ ।

(ज) भूमि प्रशासनमा विद्यमान अनियमितताको अन्त्य गरी जोताहाको हितमा नागरिक बडापत्र जारी गर्नुका साथै स्पष्ट अभिलेखसमेत राखिनुपर्छ ।

(झ) एक व्यक्ति वा परिवारका नाममा देशभरि एउटै धनीपुर्जा नम्बर कायम गरी लैङ्गिक समानताको सुनिश्चितताका लागि त्यस्तो धनीपुर्जा श्रीमान् तथा श्रीमतीको संयुक्त नाममा वितरण गरिनुपर्छ ।

(ञ) कानुन र कार्यविधिको अज्ञानता तथा कमजोर आर्थिक स्थितिका कारण मोही वा जोताहाको हक गुम्ने व्यवस्था अन्त्य गरिनुपर्छ ।

(ट) साना किसानहरूलाई दिइने अनुदानलाई प्रभावकारी रूपमा निरन्तरता दिइनुपर्छ ।

(ठ) हदभन्दा बढीका जग्गाहरू निःशुल्क रूपमा प्राप्त गरी भूमिहीन किसानहरूलाई वितरण गरिनुपर्छ ।

(ड) काबु बाहिरको परिस्थिति परी ऋणल गानीमा डुबेका किसानहरूलाई अवस्थाअनुसार मूल्यांकनको आधारमा ऋण तथा ब्याज मिनाहा गर्ने व्यवस्था हुनुपर्छ ।



(ढ) उल्लिखित कार्यहरू सम्पन्न नभएसम्म विदेशी ऋण र दाताहरूको अनुचित प्रवाभमा परी भूमि बैंकजस्ता कार्यक्रम लागू गर्ने कार्य बन्द गरिनुपर्छ ।

(ण) २०१६ सालमा विर्ता खारेजीपछि पनि विर्ता जग्गा विर्तावालकै नाममा दर्ता भएको र त्यसको उत्पादन विर्तावालाले नै भोग गरिरहेकाले त्यस्ता जग्गाहरू खास किसानहरूको नाममा दर्ता गरी दर्तावालको सम्पूर्ण हक खारेज गरिनुपर्छ ।

(त) स्वदेशी तथा विदेशी कम्पनीहरूले जग्गा लिई कम्पनी सञ्चालन गर्दा सार्वजनिक जग्गा उपयोग गर्न नपाउने व्यवस्था हुनुपर्दछ । साथै साना किसानसँग जग्गा लिएर कम्पनी चलाउन नपाउने प्रावधान हुनुपर्छ ।

**१९. वनका सम्बन्धमा**

(क) सामुदायिक वनमा अनावश्यकरूपमा श्री ५ को सरकारका सम्बन्धित निकायबाट पटकपटक गरिने परिपत्र, दोहोरो टाँचा, राजस्व, छोड पुर्जीजस्ता हस्तक्षेपको अन्त हुनुपर्छ ।

(ख) सामुदायिक वनबाट हुने आम्दानी वनको विकासका साथै स्थानीय विकास र गरिबहरूको आर्थिक उत्थानमा लगानी गरिनुपर्छ ।

(ग) समुदायले तयार गरेका वन कार्य योजनाहरूलाई बिनासर्त स्वीकार गरी निवेदन परेको मितिले कानुनबमोजिम एक महिनाभित्र वन हस्तान्तरणको कार्य सम्पन्न गर्नुपर्छ, अन्यथा उक्त वन त्यसपछि स्वतः सामुदायिक वनमा परिणत हुने व्यवस्था हुनुपर्छ ।

(घ) सामुदायिक वनका लागि पूर्वनिर्धारित क्षेत्र यथावत् कायम राख्नुका साथै सुरक्षा वा अन्य कुनै विशेष प्रयोजनका लागि सामुदायिक वनको प्रयोग गर्नु परेमा सम्बन्धित समुदायलाई उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्दछ ।

(ङ) वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र र अन्य वनहरूका हकमा पनि स्थानीय समुदायले सामुदायिक वनकै अवधारणाअनुरूप फाइदा पाउनुपर्दछ ।

(च) निकुञ्जहरूको निर्धारित आम्दानी स्थानीय समुदायको विकास र समृद्धिमा प्रत्यक्ष लगानी गर्नुका साथै जनवारहरूबाट हुने नोक्सानीबापत क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ ।

(छ) राज्य र जनताको हितमा विकास गरिनुपर्ने सरकारी वनलाई स्रोत सर्वेक्षणका आधारमा व्यवस्थित गरी सार्वजनिक सम्पत्तिको रूपमा रहेका वनसम्पदाहरूस्थानीय परामर्श र अनुमतिबिना निजी क्षेत्र र विदेशी कम्पनीहरूलाई सुम्पने कार्य बन्द गरिनुपर्छ ।

(ज) तराईका वनहरू सामुदायिक वनका रूपमा हस्तान्तरण गरिनुपर्दछ ।

**२०. खानेपानीका सम्बन्धमा**

(क) खानेपानी जीवनको मूल आधार भएकाले जलस्रोतको उपयोग र विकास गर्दा यसलाई सर्वोच्च प्राथमिकता दिइनुपर्छ ।

(ख) खानेपानी आधारभूत मानव अधिकार भएकाले यसको निजीकरण, व्यापारीकरण र विदेशीकरणलाई बन्द गरी अनिवार्य सार्वजनिक सेवाका रूपमा वर्गीकरण गरिनुपर्छ ।

(ग) खानेपानीको व्यवस्थापन र उपयोगमा स्थानीय स्रोतहरूलाई प्राथमिकता दिइनुपर्दछ ।

(घ) सहरबजारका हकमा आम्दानीको बढीमा पाँच प्रतिशतभन्दा घटी हुने गरी मात्र खानेपानीको महसुल निर्धारण गरिनुपर्दछ ।

(ङ) कुनै घरबास वा आम्दानी नभएका व्यक्ति वा परिवार र सुकुम्बासीहरूलाई निःशुल्क खानेपानीको व्यवस्था हुनुपर्दछ ।

## २१. जलविद्युत्का सम्बन्धमा

(क) स्थानीय एवं प्रभावित समुदायका निमित्त अन्यन्तै सुलभ वा निःशुल्क विद्युत् वितरण हुनुपर्छ ।

(ख) विद्युत् प्रसारणलाइनका कारण प्रभावित घरपरिवारहरूलाई उचित क्षतिपूर्ति र पुनःस्थापनको व्यवस्था हुनुपर्छ ।

(ग ) विद्युत् खरिद गर्ने प्रयोजनका लागि उपभोक्तामुखी प्रतिस्पर्धात्मक सिद्धान्तअनुसार प्रारम्भमै त्यसको अधिकतम् दर र मापदण्ड तोक्नुका साथै लक्षित फाइदा र हानीको मूल्यांकनका आधारमा कुनै पनि बेला पुनरावलोकन गर्ने व्यवस्था हुनुपर्छ ।

(घ) नेपालीको स्रोत, साधन र क्षमतामा आधारित साना तथा मझौला आयोजनाहरूलाई प्राथमिकता दिइनुपर्छ ।

(ङ) साना तथा मझौला आयोजनाहरूको निर्माण र सञ्चालनमा निजी क्षेत्रको सट्टा सामुदायिकीकरण र सहकारीकरणलाई प्राथमिकता दिइनुपर्छ ।

(च) कुनै पनि बाँध वा तटबन्ध निर्माण गर्दा विश्व बाँध आयोगको प्रतिवेदनले अघि सारेका रणनीति, मापदण्ड र सुझावहरूको पालना हुनुपर्छ ।

(छ) सुनियोजितरूपमा नेपाल विद्युत् प्राधिकरणलाई घाटामा लगेर निजीकरणतर्फ निजीकरण गर्ने कार्य बन्द गरिनुपर्छ ।

## २२. सिचाइका सम्बन्धमा

(क) स्थानीय जनता र निकायको प्रत्यक्ष सहभागिता र निर्णयबमोजिम सिँचाइ आयोजनाहरूको निर्धारण, लगानी र व्यवस्थापन हुनुपर्दछ ।

(ख) जलस्रोतको उपयोग गर्दा खानेपानी पछि सिँचाइलाई प्राथमिकता दिने नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

(ग) विद्यमान वा भावी सिँचाइ प्रणालीमा प्रतिकुल असर पर्नेगरी कुनै आयोजना सञ्चालन गर्ने भएमा त्यसको विकल्प वा पर्याप्त आर्थिक क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ ।



(घ) सिँचाइ आयोजनाहरूको व्यवस्थापन र सञ्चालनमा स्थानीय जनताहरूको समान सहभागिता र स्वामित्व कायम गर्दै पानीको उपभोगका आधारमा न्यूनतम सेवा शुल्क ।

(ङ) परम्परागत एवम् समुदायमा आधारित सस्ता सिचाइ आयोजनाहरूलाई प्राथमिकता र निरन्तरता दिइनुपर्छ ।

(च) सिँचाइ आयोजनाहरूका हकमासमेत अग्राधिकार र तटीय फाइदाको व्यवस्था हुनुपर्दछ ।

## २३. जलस्रोतको अन्य उपयोगका सम्बन्धमा

(क) आधारभूत जनजीविका र आर्थिक स्रोतका रूपमा सञ्चालित पानीघट्ट, पानीमिल, माछापालन, पशुपालन, पर्यटन आदि व्यवसायलाई प्राथमिकता दिइनुपर्छ ।

(ख) आन्तरिक एवम् अन्तर्राष्ट्रिय तहसम्म जल यातायातको उपयोग र पहुँचलाई विस्तार गरिनुपर्छ ।

(ग) जलस्रोतको बहुपक्षीय सांस्कृतिक उपयोगलाई निरन्तरता दिइनुपर्छ ।

## २४. खानी र खनिज पदार्थका सम्बन्धमा

(क) वातावरणीय प्रभाव मूल्यांकन र प्रभाव न्यूनीकरण कार्यक्रम तथा कार्यान्वयन सुनिश्चित गरेर मात्र आयोजनाहरू सञ्चालन गरिनुपर्छ ।

(ख) प्रदूषणरहित प्रविधि अनिवार्य रूपमा लागू गरिनुपर्छ ।

(ग) प्रदूषण प्रभावित क्षेत्रमा नियमितरूपमा स्वास्थ्य परीक्षण गरी निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था हुनुपर्छ ।

(घ) विदेशी कम्पनी र व्यापारीहरूको स्वार्थमा खानीहरू सञ्चालन गर्ने वा बन्द गर्ने कार्य रोकिनुपर्छ ।

## २५. कार्ययोजना

(क) आवश्यकताअनुसार प्राकृतिक स्रोत र सम्पदाका विषयमा सबै महासंघ, समूह र सञ्जालहरूबीचको सहकार्यलाई विस्तार गर्ने ।

(ख) संयुक्त प्रकाशन, मुखपत्र र अभियान सामग्रीहरूलाई प्राथमिकता दिने ।

(ग) पारस्परिक कार्य योजनाहरूलाई समन्वय गर्न जिल्ला प्राकृतिक स्रोतसम्पदा समन्वय मञ्चमार्फत संयुक्त बैठक र कार्यक्रमहरू आयोजना गर्ने ।

(घ) नेपालका सहयोगी राष्ट्र र ऋणदातृ संस्थाहरूलाई पनि उल्लिखित सिद्धान्त र मान्यताअनुरूप कार्यगर्न बाध्य गराउने ।

(ङ) उल्लिखित विषयहरूलाई निर्वाचनका समयमा जनचासोका विशेष मुद्दाका रूपमा स्थापित गर्ने ।

(च) पीडितहरूका तर्फबाट आवश्यकता र उपलब्धताअनुसार निवेदन र उजुरीलगायतका कानुनी उपचारहरूलाई व्यापकता दिने ।

**टिप्पणीकर्ताः डा. केशवमान शाक्य**

एउटा सामान्य संस्कार र चिन्तनमा कथा र धर्महरूले हामीलाई बचाउ गरिरहेको हुन्छ। बुद्ध धर्मको दिग्निकाय भन्ने छ। यसमा लामो सूत्र छ। ती सूत्रहरूमध्ये अगन्य सूत्रमा प्राकृतिक स्रोत, मानव अधिकार अथवा आदिवासी जनजातिका बारेमा उल्लेखछ। त्यो सूत्र भनेको 'थ्यरी अफ ओरीजीन'राज्य वा मानिसको उत्पत्तिबारे दिएको व्याख्या हो। त्यसमा सुरूमा मानिसलाई खेतीपाती गर्नु पर्दैनथ्यो। नारिवलजस्तै भुइँ थियो, किराले जस्तै कोतऱ्यो अनि खायो। त्यसपछि विस्तारै अन्य संस्कार विकास भयो। अनि कोतरेर खानभन्दा पनि त्यहाँबाट फल चामलको गेडा नै उम्रने र खाने गर्न थाले रे। त्यसपछि मानिसमा अलिकति लोभ बढ्यो र अल्छी भएर अलिकति चामल लिएर पनि थुपार्न थाल्यो। त्यो हुँदा चामलमा धानको कोटिङ थपियो। मानिसले जब संकलन गर्न थाल्यो अनि भोलि, पर्सिका लागि चाहिने भनेर, प्रकृतिमा खुला रूपमा पाइने चिज बस्तुहरूमाथि लोभ हुन थाल्यो। अनि मासिनहरूले संकलन गर्न थाले तीन महिनाका लागि, छ महिनाका लागि भनेर। र, हुँदाहुँदा उत्पादन हुने जमिनमा आफ्नो अधिकार लाउन थाले। जमिनप्रति स्वामित्व स्थापना गर्न थाले। र, त्यो नै समाज चलाउने आधार भयो। अनि धान उमार्ने चलन भयो। जमिनको बाँडफाँड गर्दा झैंझगडा सुरु हुन थालेपछि त्यसलाई सुल्झाउन त्यहाँबाट एक जना चुनियो रे, सहमतिबाट चुनिएको हुनाले सामन्त भन्ने शब्द भएको हो। त्यसपछि एउटा गाउँ र अर्को गाउँ बीचमा धेरै आदान-प्रदान हुने भएको, ती गाउँहरूबीच पनि धेरै झगडा भएको हुनाले धेरै गाउँमिले-ती सामन्तहरूको बीचमा चुनाव भयो। अनि महा-सामन्त भयो। व्यापार सुरु भयो, कला सुरु भयो, वाणिज्य सुरू भयो। हुँदाहुँदा त्यसपछि देश र राज्यको धारणा आयो र, त्यो राज्य चलाउने आदर्श पुरुष मोडेल रोल भनेर राजाको धारणा आयो। यहाँसम्म आइपुग्दा समाजमा धेरै डकैती/चोरी हुन थालेपछि केही मानिसहरू जंगलतिर गएर यसबारे चिन्तन गर्न थाले र, ध्यान गर्ने भएकाले तिनीहरूलाई 'झायक'हरू भनिन्छ। तिनीहरूले एक प्रकारको दर्शन-राज्य कसरी चलाउने, मानिसको जीवन के हो ? भन्ने कुरा आयो। त्यो दर्शन प्रतिपादन गरी आफ्ना सहायकहरूलाई फेरि राज्यमा पठाए र तिनीहरू अहिले उपझायकको संस्कृतिमा उल्था गर्दा उपाध्याय भनेर ब्राम्हणको सृष्टि भयो। सल्लाहकार अथवा दर्शन फैलाउने काम भयो। अतः त्यहाँ कृषिमा मात्र नभई अन्य कामहरूमा भएका कथाहरू यसप्रकार पाइन्छन्।

यो कथाले राज्य, मानिस र प्राकृतिक स्रोतहरूको बारेमा दिएको व्याख्या धेरै राम्रोसँग देखाएको छ। त्यसलाई हेरिसकेपछि किन विकृति आयो ? किन राज्य आयो ? कहाँ केन्द्रीकरण हुन्छ भन्ने सारा कुरा झल्काएको देखिन्छ।

अर्को नेपालमा आधारभूत इन्जिनियरिङ गरिसकेपछि २०३२ सालतिर जागिरमा सुर्खेतमा थिएँ। सुरुमा पुग्दा त्यो उपत्यका रहेको काक्रे विहार पूर्णरूपमा पहेलो थियो। त्यहाँ कुनै हरियोपन थिएन्। त्यस पछाडिको पहाड सबै नाङ्गै थिए। त्यहाँ खानेपानीको ठूलो समस्या थियो। खोक्रे र इतरामलाई खोस्रेर खान्थे। खाल्टो खनेर पानी उमारेर खाने चलन छ। त्यहाँ एउटा अस्पतालको तथ्यांक हेर्दा एक तिहाई



बिरामीहरू पेटमा चुर्ना, कीरा पर्ने रोगबाट पीडित भएको देखियो। त्यसबेलाको सुर्खेत हेर्न राजा सवारी हुन थाल्यो र, वीरेन्द्रनगरको योजना भयो। मेरो दायित्वमा वरिपरिको प्रकृति र पानीलाई संरक्षण गर्ने काम पऱ्यो। त्यो पानी सुरक्षित गर्न त्यहाँका मानिसले कसरी प्राकृतिक स्रोतलाई व्यवस्थापन गरे, कसरी उपभोग गरे। प्रकृतिक स्रोतको उचित संरक्षण र व्यवस्थापन हन नसक्दा त्यहाँका एक तिहाई जनसंख्यामा जुका परेको थियो। वातावरण, जंगलको विनास नराम्रोसँग भएको थियो। त्यहाँ काम सुरु गरियो। नर्सरी बनाइयो। सहरी योजना भइरहेको थियो। त्यही नर्सरीबाट सडकको किनारमा विरूवा रोपीए तर ती हुर्कन सकेनन्। त्यसपछि मैले जंगलमा हुर्काएको नर्सरीको विरूवा दिइयो। त्यो हेर्दाहेर्दा १५ वर्षको अवधिमा त्यहाँ धेरै परिवर्तन देखा पऱ्यो। २५ वर्षपछि हेर्न जाँदा त ती रूखहरू ढल्न थाली सकेछन्। त्यसको उपयोग गर्न थालीसकेछन्।

यो अनुभवले मैले के देखेको छु भने नेपालको प्राकृतिक स्रोतलाई व्यवस्थापन गर्न गाह्रो रहेनछ। १५ देखि २५ वर्षमा हेर्दा अहिले खोलाको पानी सफा छ। शुद्ध छ। पानीको मूल बाक्लो जंगलले ढाकिएको छ। अहिले अस्पतालको तथ्यांक हेर्ने हो भने पानी खाएर बिरामीहरू हुनेको संख्या निकै कम देखिन्छ।

उहाँले यस कार्यपत्रमा उच्च व्यवस्थापनको कुरा उठाउनुभएको छ। मैले यहाँ किन यी कुरा उठाएँ भने यो फोरमको उद्देश्य राज्य पुनर्संरचनासित छ। त्यो भएको हुनाले उहाँले उठाएका सबै कुरामा सहमत छु। राज्य पुनर्संरचनाका लागी उहाँले जुन भन्नुभयो- परिवर्तन चाहिन्छ, परिवर्तन नगरी हुँदैन भन्ने कुरामा मेरो केही भनाइ छ। भूमि सुधारको कुरा असफल देखाउनुभएको थियो। त्यो जसको जोत उसको पोतको अवधारणा अनुसार २०२१ सालको भूमिसुधारको नारामा सीमित भए पनि काठमाडौंमा सफल भएको थियो। काठमाडौंमा अहिले भएका ज्यापू, वास्तवमा भूमिसुधारमा लाग्नुभन्दा अघि तराईका थारू कमैया र त्यसबेलाको ज्यापूको हैसियत खासै फरक थिएनन्। तर भूमिसुधार इमानदारितापूर्वक लागू हुँदा पनि त्यहाँ मानिसमा अधिकार दिँदा दिगो परिवर्तन आउँछ भन्ने कुरा काठमाडौंमा भूमिसुधार लागू भएपछि ज्यापूमा आएको परिवर्तन छ, त्यसलाई इमान्दारीतापूर्वक लागू गरेमा परिवर्तन सम्भव छ भन्ने पुष्टि हुन्छ। हलियाको परिस्थितिलाई समाधान गर्न सकिँदैन भन्ने चाहिँ होइन्।

यस्ता नीतिहरूलाई इमानदारितापूर्वक लागू गर्न कमी भयो। उहाँले सहरिया क्षेत्रमा सहरिया गरिबको कुरा ल्याउनुभएको छ। मानव अधिकार वा मानिसलाई केन्द्रमा राखेर प्राकृतिक स्रोत अनि नीति नियम निर्माण गर्नुपर्छ भन्नेमा म सहमत छु। विकास अर्थशाष्त्रको सैद्धान्तिक आधारमा रहेर अध्ययन गऱ्यो भने मुख्य रूपमा गाउँमा भएका मानिसको श्रम न्यून उत्पादकत्व 'लो प्रोडक्टीभी'को छ किनभने कृषक सामान्य खाद्यान्न उत्पादनमा लागिरहेका हुन्छन्। विकासको मापदण्ड अर्थविद्हरूले के निकाले भने त्यसलाई सहरमा ल्याइसकेपछि सहरलाई विकास गाउँलाई अविकसितको कल्पनालाई सहरमा परिवर्तन गर्दै जाने र सहरमा 'टान्सफर'गर्दा त्यसको उत्पादकत्व गाउँमा बस्दा उसको कम हुन्छ, श्रम सहरमा ल्याइसकेपछि बढ्छ। मेरो विचारमा श्रमको मूल्यमा हुने वृद्धि 'भ्यालु एडिसन' नै

विकासको सूचकांक हो। कसरी मानिस बसाइँसराइँ गर्छ ? सहरमा बसाइँसराइँ गर्दा सहरीकरण हुने प्रक्रियामा विकास अर्थशास्त्रले धेरै ध्यान दिएको छ। मेरो विचारमा त्यो हेर्नुपर्छ। प्रकृतिक स्रोतबारे विश्लेषण गर्दा प्राकृतिक स्रोत जुन जहाँ जे जस्तो अवस्थामा छ, त्यसको संरक्षण अवधारणा 'कन्जरभेसन कन्सेप्ट' लाई बिर्सन मिल्दैन। मानिसले किन त्यो ठाउँ छोडेर सहरमा आउने ? सहरको वातावरणमा आफ्नो श्रमको मूल्य बृद्धि हुन्छ भन्ने विश्वास उसले साँचेको हुन्छ। त्यसकारण सहरतिर मानिस ओइरिने क्रम धेरै हुन्छ तर सहरमा आइसकेपछि सहरको स्रोत साधनको व्यवस्था राम्रो नहुँदा झन् गरिबी सुरु भयो। विकासको अवधारणामा गाउँ र सहरको सहसम्बन्ध 'रुरल अर्वान कोरिलेसन'को मान्यता र सहकार्यलाई बचाउनु जरुरी छ। सहकार्यलाई बढाउन पनि गाउँमै श्रमको उत्पादकत्व मूल्य बढाउनुपर्छ। गाउँमा प्राकृतिक स्रोत र मानिसको सम्बन्धमा ध्यान पुऱ्याउन सकेन भने राज्यमा ठूलो समस्या आउँछ। यस कुराको पुष्टि १५ वर्षयता काठमाडौंमा बढेको जनसंख्या र बसाइँ-सराइँले वातावरणमा परेको असरलाई ध्यान दिए पुग्छ।

अतः प्राकृतिक स्रोतको विकास वा व्यवस्थापन, मानिसको अन्तर्क्रिया र आर्थिक सिद्धान्तबाट हेर्दा त्यसरी बुझ्नुपर्दो रहेछ। नेपाल पहाडी मुलुक भएको हुनाले यसको प्राकृतिक स्रोतमात्र नभई यसको भूगोल र उचाइलाई पनि विशेषतः हेर्नु आवश्यक छ। पहाड भएको हुनाले हाम्रो मूल उत्पादन नै पानी हुन गएको छ।

हाम्रो सम्पदामा ठूलो भूमिका दिने उत्पादन र मूल्य बढ्न सक्ने मुख्य सम्पत्ति नै पानी हो। सबभन्दा ठूलो दिगो उत्पादन भनेको पानी नै हो। पानीको आधारमा प्राकृतिक स्रोतलाई हेर्नुपर्छ। पानीको ठूलो परिमाणलाई परिचालन गर्ने विकासका योजनाहरूमा हाम्रो संवेदनशिलता बढी हुने भएकाले हामीलाई धेरै गंभीर तुल्याउँदो रहेछ। त्यसैले विश्वव्यापी रूपमा हेर्नुपर्ने रहेछ। पानी सम्बन्धी विश्वव्यापी नीति नियम सम्बन्धबाट आएका कुराहरू छन्। त्यसपछि छिमेकीसँगको सम्बन्ध हुन्छ। अतः प्राकृतिक स्रोत भनेको आफ्नो मात्र अधिकारभन्दा पनि पानीको अन्तर्राष्ट्रिय मूल्य हुनाले हामी सजग हुन पर्ने हाम्रो सिमानाभित्र पानीलाई बाहिरबाट आउन सक्ने बाहिरी स्रोतका रूपमा कसरी परिणत गर्ने भन्ने महत्वपूर्ण हो।

हाम्रा आन्तरिक पहिचानहरू छन्। भौगोलिक विविधताको बारेमा हिसाब गर्नुपर्ने हुन्छ। हिमाल पहाडलाई कसरी उपयोग गर्ने ? जहाँ त्यहीको सम्पदालाई पनि हेर्नुपर्ने हुन्छ। केही नजानिकन योजनाहरू बनेका होलान्। केही संरक्षण क्षेत्र र केही पर्यटन क्षेत्रहरू घोषणा गरिएका होलान्। त्यसमा मानिसको जीवनको तादाम्यता हुन्छ भन्ने कुराको ख्याल हामीले राखेको पाइँदैन। अहिले हिमालमा बसेको मानिसको जीवन निकै कठिन छ। त्यहाँ त्यत्रो सम्पदा छ, तर त्यहाँ धेरै मानिस गरिब छन्। ती कुराहरू हेर्नुपर्छ। जमिन र कृषिका कुराहरूमा म जान्न। त्यसकारण आन्तरिक क्षमता-पहाड, हिमाल र तराईको आधारमा राज्यलाई व्यवस्थापन गर्नुपर्छ। अर्को पक्ष भनेको मानिस हो। विश्वव्यापीकरण, विश्व बैंक, एसियाली विकास बैंकका धेरै नकारात्मक पक्ष उजागर गरिदिनुभएको छ, तर त्यहाँ पनि हाम्रो भूमिका के हो ? हामीले कसरी सम्बोधन गर्ने ? त्यहाँतिर पनि हेर्नुपर्छ होला ? त्यसमा हाम्रो आफ्नै पहिचान के हो ? कसरी सम्बोधन गर्ने ? राज्य



पुनर्संरचनासँग सम्बन्धित विषयमा प्राकृतिक स्रोतलाई केबल आदिवासी, जनजातिको आधारमा सोच्नुभन्दा अगाडि प्राकृतिक स्रोतलाई समग्ररूपमा हेर्नुपर्छ होला। मानिस त्यसमा विस्थापन हुन सक्छन्। २/३/४ चार सय वर्षसम्म संस्कृतिमा मानिसको पहिचान र भाषामा पनि परिवर्तन हुन सक्छ। तर प्राकृतिक स्रोतलाई पहिला बुझ्नुपऱ्यो। नेपालभित्रको सीमा छ, त्यो सीमानाको बारेमा पहिला नीति बनाउनुपर्छ। भएको सिमानाको सही उपयोग के हुन सक्छ। त्यहाँदेखि सुरु गर्दा हामी सही हुन सक्छौं। त्यसपछि सिमानाभित्र बस्ने जनसंख्या छ, त्यो जनसंख्या बढ्दो छ। यो अनियन्त्रित छ, प्रकृतिको व्यवस्थापन मानिसको बढ्दो संख्यासँग तालमेल मिलेको छैन तालमेल गराउन जनसंख्याको वृद्धि दरलाई व्यवस्थापन गर्नुपर्छ। नयाँ राज्य बनाउने हो भने जनसख्या नीतिलाई हेर्नुपर्छ। जनसख्यालाई नीतिबाट मार्गनिर्देश गरिसकेपछि मानिसको विकास, मानव अधिकार अथवा मानव स्रोतको आधारमा हेर्नु उपयुक्त हुन्छ। मानव विकासलाई हेर्दा मानव स्रोतको मार्ग प्राकृतिक स्रोत सम्पदाका आधारमा तय गरिनुपर्छ।

अहिले हाम्रो शिक्षा पद्धतिलाई हेर्दा, जुन शिक्षा प्रणालीमा हामीले एमए/बीए गरिरहेका छौं, त्यसले हाम्रो प्राकृतिक स्रोत र मानव विकाससँग तादाम्त्य राख्दैन भने बेरोजगारीको कुरा, विकृति र राज्यको स्थिरतामा प्रभाव पार्छ।

राज्यको स्रोतको उपयोग मानव विकास र मानव अधिकारसँग गाँसेर हेरियो भने सायद २०/२५ वर्षको दौरानमा धेरै कुरा हुन सक्छन्। त्यसैले हामी धेरै निराश हुनुपर्ने आवश्यकता छैन। यसको आधारमा राज्य चलाउँदा हामीले पुनर्संरचना गर्दा मूल विषय यी सबै तत्वहरूलाई ध्यानमा राखेर केन्द्र कस्तो हुनुपर्छ ? विकेन्द्रीकृत कस्तो हुनुपर्छ भन्ने कुरा आउँछ। मेरो विचारमा केन्द्र र विकेन्द्रलाई त्यति चिन्ता गरेका छैनौं। एउटा केन्द्रलाई *take it grant* गरिरहेको छौं, त्यही केन्द्रमा हान्ने वा त्यही केन्द्रमा पुगेर आफ्नो स्वार्थसिद्ध गर्ने प्रवृत्ति बढ्दोछ। त्यही विकृतिलाई यो कार्यपत्रले देखाएको छ। तर केन्द्र र विकेन्द्र दुवैलाई हेर्नु जरुरी छ। प्राकृतिक स्रोत साधनको विशेषताले गर्दा विकेन्द्रलाई हेर्नुपर्छ। अहिले जस्तो ७५ जिल्लाको विकेन्द्रचाहिँ विकेन्द्र होइन। त्यो प्रकृतिक स्रोतको आधारमा, क्षमताको आधारमा सन्तुलित छैन। त्यो पूर्णरूपमा गलत किसिमले नियन्त्रणमुखी छ। त्यो अपर्याप्त छ। यसबाट हामी अगाडि बढ्न सक्दैनौं। प्राकृतिक स्रोतमाथिको मानव अधिकारको कुरा ल्याउँदा लक्षित वर्गलाई कसरी संगठित गर्ने त्यो महत्वपूर्ण मुद्दा हो। त्यसकारण केन्द्र र विकेन्द्र भनेको लक्षित वर्गको सिमाना छुट्याउन खोजेको हो। विकेन्द्र एउटा प्रान्तको अवधारणामा जानुपर्छ। पहिला अञ्चल होला। अञ्चललाई कसरी प्रान्तको अवधारणामा संगठित गर्ने। संस्कृति र प्राकृतिक स्रोत साधनसँग तादात्म्यता राख्यो भने मेरो विचारमा मानिसको अभिव्यक्ति उसको सभ्यताको अभिव्यक्ति र प्राकृतिक स्रोतको क्षमता उजागर गर्ने कुरासँग तादात्म्यता राख्छ, अनि हामी अगाडि बढ्न सक्छौं।

हामीले लक्षित वर्गलाई विभिन्न स्तर र वर्गमा विभाजन गऱ्यौं भने त्यहाँ चुनौतीहरू आउन सक्छन्, अनि सन्तुलित सरोकारवाला 'स्टेक होल्डर'लाई अगाडि बढाउन सकिन्छ। अहिले केन्द्रमा मात्र चिन्तन गर्दा धेरै शक्ति खेर गइरहेको छ।

विरक्ततता आइरहेको छ। त्यसकारण प्रादेशिक वा क्षेत्रीयतावाद 'टेरीटोरीयल अर रीजनालिजम' अथवा प्रान्तिय क्षेत्र, जे भन्नुस् विकेन्द्रको संस्था हो। त्यो शक्तिशाली हुनुपर्छ। त्यसले निर्णय लिनसक्ने, प्रभाव पार्नसक्ने र प्राकृतिक स्रोतको स्थानीयस्तरमा त्यसमाथि अधिकार हुनुपर्छ। र, प्रभावशाली संयन्त्र खडा गर्नुपर्छ। त्यसपछि केन्द्रलाई गैर प्रादेशिक आधार 'नन टेरीटोरीयल वेसस्स' मा हेर्न सक्छौं, कहाँ कसरी केन्द्र बनाउने ? जातजातिका कुराका आधारमा मात्र प्रान्त बनाउनेभन्दा प्राकृतिक रूपमा 'व्यालेन्स' खोज्नुपर्छ, तर केन्द्रमा आएर गैरप्रादेशिक शक्ति 'नन टेरीटोरीयल पावर'मा पहुँच हुने कुरा छ, त्यसमा 'नन टेरीटोरीयल ' भनेपछि 'टेरीटोरीयल कन्स्टीट्वेन्सी' पनि आउन सक्छ। र 'नन टेरीटोरीयल'मा यी कुराहरूलाई पनि समावेश गर्न सक्छौं। त्यसकारण 'टेरीटोरीयल,नन टेरीटोरीयल' को आधारमा 'स्टेक होल्डर' लाई विभाजन गरेर त्यहाँका 'च्यालेन्जेज सीन्थेसीस र कम्प्रोमाइज प्रोसेस' गर्न सक्यो भने नयाँ समावेशी लोकतन्त्रलाई हामीले साकार पार्न सक्छौं। कानुनी दायराभित्र ल्याउनु त्यसको प्राविधिक कुरा हो त्यता म जान्नँ।

मानव विकासको आधारमा वा मानव अधिकारका आधारमा सम्पूर्ण प्राकृतिक स्रोतको व्यवस्थापन र राज्य पुनर्संरचनालाई आधार बनाएर अगाडि बढाउनुपर्छ भन्ने धारणालाई हामीले संवेदनशील भएर लियौं भने विभिन्न संस्कृति वा पहिचानलाई पनि सम्मान गर्न सक्छौं र प्राकृतिक स्रोत, साधन र क्षमतालाई पनि विश्लेषण गर्न सक्छौं भन्ने मेरो बुझाइ छ।

## अवधारणापत्रमाथि छलफल

**डा. बालगोपाल वैद्य**

प्राकृतिक स्रोत र साधनसम्बन्धी म ज्ञाता नभए पनि अहिले एक/दुई अध्ययनमा संलग्न भएको नाताले म केही बताउँछु। अहिलेको सिद्धान्त भनेको जुन चलनचल्तीमा धेरैले मानिआएको कुनै स्रोत र साधन त्यो चाहे पानी, वन वा जमिन होस्, परम्परागत ढंगले कसैले त्यसलाई उपभोग गरिरहेको छ भने र, त्यहाँ कुनै विकास कार्य हुँदा खेरी विकास वा ती समूहको अहित हुनुहुँदैन भन्ने सिद्धान्त छ।

बरु भइरहेको जीवनयापनभन्दा बढी राम्रो जीवनयापन गर्ने सम्भावना त्यसले दिनुपर्छ। होइन, उसको अहित हुने रहेछ भने त्यो खालको विकास स्वीकार्य हुँदैन। अहिलेको सिद्धान्त यही हो। र, म चिन्तनजीसँग कति हदसम्म सहमत छु भने वास्तवमा हाम्रा केही विकास योजना छन्, त्यसमा निश्चित रूपमा केही गल्ती भएका हुन सक्छन्, अथवा त्यहाँ बसिरहेका मानिसको केही हित के कसरी हुन्छ भन्ने कुरालाई सायद गौण गरियो, गौण भयो। कतिपय विकास योजनाहरूको यहाँ उदाहरण दिन सकिन्छ। या त राज्य'डोमीनेट' भयो वा राज्यलाई 'डोमीनेसन' गर्ने काम भयो। राज्यपछि पर्‍यो भन्ने कुरा मान्छु। तर एउटा कुरा के पनि विचार गर्नुपर्छ भने कुनै पनि स्रोत र साधनको प्रयोग गर्ने हो भने (कर्णाली योजनाकै कुरा गरौं) संभाव्यता 'फिजीवीलीटी'अध्ययन गर्नेहरूको लागत अनुमान 'कस्ट एस्टीमेट' अहिलेको मूल्यमा गर्ने हो भने झन्डै सात सय अर्ब जति लाग्ने देखिन्छ। यदि गर्ने



विचार गर्‍यो भने र, त्यो ७ सय अर्व खर्च गर्ने आफ्नो स्रोत छैन भने कहींबाट ल्याउनुपर्ने अवस्था आउँछ। कोही पनि लगानीकर्ताले ७ सय अर्ब लगानी गर्छ भने त्यसबाट केही पाउने आशा त गरेकै हुन्छ भन्ने आधारमा १० प्रतिशत प्रतिफलको हिसाबले नै अनुमान गर्ने हो भने ७० अर्बको वार्षिक आय भएन भने उसको लगानी सायद नआउन सक्छ। हामी लगानी लिन्नौं भनेर बस्न पनि सक्छौं। तर एउटा कुरा के हुन्छ भने (कर्णाली योजना उदाहरणका रूपमा भन्न खोजेको मात्र हो) वार्षिक २१ अर्ब युनिट (हामी जुन घरमा दुई सय युनिट प्रयोग गर्छौं), त्यसले २१ अर्ब युनिट जति उत्पादन गर्ने रहेछ। कसैले ७० अर्व 'रीटर्न' खोजिरहेको छ। झन्डै ब्याज तीन रूपैयाँभन्दा बढी पर्न आएको हुन्छ। सायद, उसले चार रूपैयाँ 'रीटर्न' नहुने हो भने लगानी गर्न नआउला। मेरो भनाइको तात्पर्य के हो भने जुन साधन र स्रोत छ, जसलाई हामी परम्परागत ढंगले प्रयोग गर्दैछौं, त्यसमा हामीले गर्नेसम्म धेरै गरेका छौं। त्यसमा हामीले जानेको ज्ञान, सीपको हिसाबले। अब योभन्दा माथि जाँदा निश्चित रूपमा पुँजीवाद वा नयाँ प्रविधिका कुरा आउँछन्। लगानी जरुरी हुन आउँछ। हामीले नै लगानी गर्ने भन्ने किसिमबाट गर्न हुँदैन। यो कुरा ध्यानमा राख्नुपर्‍यो लगानीकर्ताको लगानीको प्रतिफल पनि उसले खोज्ने भयो। अब मुख्य कुरा के रहन्छ भने उसको प्रतिफलको कुरा र हामीले लिन सक्ने लाभको कहाँ निर मेल वा सामन्जस्य हुन जान्छ। दिने र लिने कुरा तय नभइकन प्राकृतिक स्रोत र साधनको अहिले जति उपयोग भएको छ त्योभन्दा बढी उपयोग गर्ने हो भने त्यो खालको बाँडफाँड हुनैपर्छ। त्यस किसिमको लेनदेन हुनै पर्छ। त्यो बिना सम्भव देखिँदैन।

अर्को त्यहाँ आदिवासी भन्ने कुरा पनि छ। हुन त सिद्धान्ततः त्यसलाई मान्ने कुरा आउँछ। तर को हो त्यहाँको आदिवासी भन्ने कुरा जान्न उत्तिकै अप्ठ्यारो छ। उदाहरणका लागि तराईको वन परम्परागत ढंगले त्यहीका मानिसले उपभोग गर्दै थिए, मलेरिया गयो, त्यसपछि बसाइँ सरियो। पहाडबाट केही मानिस झरे। धेरै जसोहरू वन फडानी गरी वन नजिकै बसे। हाम्रो समुदायिक वनको अवधारणा आयो। आसपासका समुदायलाई वन सुम्पने भयौं। त्यसले धेरै ठाउँमा धेरै राम्रो पनि भएको छ। तर त्यहाँ कुरा के आयो भने परम्परागत रूपमा तराईमा बस्नेले उपभोग गरिरहेको वन उपयोग गर्नबाट उनीहरू वञ्चित भए। किनभने सामुदायिक वन हामीले हेरचाह गरेका हौं, हाम्रो अधिकारको कुरा हो भन्ने आउँछ। यो उत्तिकै जटिल छ। यो कसरी गर्ने भन्ने कुरा निकै गहन विषय हुन जान्छ। तत्काल भएका परम्परागत उपयोग र उपभोगकर्ताको विचार गर्ने हो कि, कति पछिसम्म जाने हो ? कति अगाडिसम्म जाने हो अर्को प्रश्न छ। यी मुद्दाहरू जुन सन्दर्भमा छलफल भइरहेको छ। हो, अहिलेसम्म एकोहोरो माथिबाट लाद्ने, जसको हातमा शक्ति छ उसको बोलवाला रहने गरेको छ। निश्चित रूपमा यस किसिमले अगाडि बढ्दा स्रोत र साधनको न्यायिक रूपमा समान ढंगले प्रयोग हुन सक्दैन। निश्चित रूपमा उपभोगकर्ताको हकहित विचार गर्नुपर्छ तर यो पक्ष धेरै जटिल छ। धेरै विचार गर्नुपर्छ। मेरो अनुरोध के हो भने कहिलेकहीँ हामी एकपक्षबाट अगाडि बढ्दा त्यसले

हामीलाई चाहिएको विकासको क्रमै रोकिने चाहीँ नहोस् । त्यो पनि विचार गर्नुपर्ने जरुरी छ ।

**मात्रिका तिमिल्सिना**

मेरो गाउँ अरूण तेस्रो जलविद्युत् आयोजनाको निर्माण स्थल हो । म काठमाडौंमा बिजुली खोज्दै आएको छु । यो कार्यक्रममा प्राकृतिक स्रोतको मुख्य केन्द्र पानी भनियो । विद्युत् प्राधिकरणले जनतालाई बिजुली सामुदायिक रूपमा हस्तान्तरण गर्ने भन्ने सूचना जारी गरेको थियो । त्यसको म्याद फागुन मसान्तसम्म थियो । त्यो समुदायको तर्फबाट हामी एउटा क्याम्पस चलाउँछौं । पहिलो वर्षमा वाणिज्य शिक्षाको माग भयो । शिक्षकको व्यवस्था गर्नुपर्ने भयो । एउटा शिक्षकका लागि डेढ लाख रूपैयाँ लाग्ने भयो, त्यो पैसा कसले दिने ? अनि हामीले बिजुली लिनुपऱ्यो । विद्युत् प्राधिकरणमा दरखास्त हाल्नुपऱ्यो भनेर धेरै विद्युत् प्राधिकरणको हाकिमको ढोकामा गएँ, उहाँहरूले भन्नुभयो- 'नगरपालिका क्षेत्रको बिजुलीचाहिँ हस्तान्तरण गर्ने नीति हाम्रो छैन ।'

मैले ऐननियम र उहाँहरूले जारी गरेका नियमावली पल्टाएर हेरें, कहीँ पनि नगरपालिका क्षेत्रका बिजुली हस्तान्तरण गर्नुहुँदैन भन्ने लेखेको छैन । यो प्राकृतिक स्रोतमाथि जनताको अधिकार भन्ने नितान्त काल्पनिक अथवा समावेशी लोकतन्त्र स्थापना भएपछिको कुरा हो कि ? यो हिजोआजदेखिनै हुन सक्ने कुरा हो ? जुन कुरा राज्यको कानुनले उल्लेख गरेको छ, जुन कुरा दिने भनेको छ । अनि नगरपालिका भनिएको संखुवासभाको कुरा गर्दैछु, जहाँ बाँदर लड्ने भीरलाई नगरपालिका बनाइएको छ । अनि मतदाता संख्या २० हजार छ, खाँदबारी बजारमा घरधुरी संख्या जम्मा तीन सय जति छ । यो प्राकृतिक स्रोतमाथिको जनताको कुरा लोकतन्त्र स्थापना भइसकेपछि हो कि अहिले पनि हो ?

**चेतेन्द्रजंग हिमाली**

प्रकृतिक स्रोतमाथि स्थानीय जनताको अधिकारको विषय यो हो । मेरो एउटा किताब 'महाकाली वारिपारी'मा जलस्रोतमा जनताको अधिकार यस्तो हुनुपर्छ भन्नेछ । जलस्रोतमा स्थानीय जनताको अधिकार पूर्णतः उनीहरूकै स्वामित्वमा हुनुपर्छ भन्ने मेरो मान्यता हो । त्यस्तै अन्य प्राकृतिक स्रोतमा स्थानीय जनताको अधिकार हुनुपर्छ । यसै सम्बन्धमा समावेशी लोकतन्त्रलाई सहयोग पुगोस् भन्ने सबालमा हाम्रो इतिहास शासक वर्गको छ, जनताको इतिहास छैन । शासक वर्गको इतिहासमा त्यही पनि कतिले अध्ययन गर्छन्, शासक वर्गले आफ्नो एकाधिकार चलाउँछन् । अहिले हामी हरेक कुरामा दुःखी हुनुपर्ने, तड्पिनुपर्ने किन ? त्यही इतिहासको अनभिज्ञता र राज्य पक्षले गरेका कुरा सबै लुकाएर राख्ने प्रवृत्तिको परिणाम हो भन्ने मेरो धारणा छ । र, सीमा अतिक्रमण पनि उनीहरूले गरेको फल हो । इतिहासले वर्तमान चिनाउने हो र भविष्य निर्माण गर्ने बाटो प्रशस्त गर्ने हो र, त्यही हामीसँग नभएर हामी यो अवस्थामा छौं । त्यसकारण हाम्रो शासनको शैली के हो त भन्दा पहिले पाण्डे थिए, थापाले छिने् । थापापछि राणाहरूले छिने् । पछि



२००७ सालमा जनताले छिने् । २०१७ सालमा राजाले छिने् । अहिले पनि यस्तै प्रक्रिया चलिरहेको छ । अबको जनताले गर्ने लोकतन्त्रको आन्दोलन कहिल्यै कसैले नछिन्ने गरी टुङग्याउँ है । मेरो अनुरोध यही हो ।

**विनोद भट्टराई**

अर्थशास्त्रको एउटा सिद्धान्त छ, पूर्ण प्रतिष्पर्धाको सिद्धान्त *(principle of perfect competition)* जसले पनि पढ्नुपर्छ । संसारमा कहीँ पनि पूर्ण प्रतिस्पर्धा छैन । तर त्यो पढ्नुपर्ने कारण के हो भने दायाँ-बायाँ कति छ भनेर हेर्नका लागि पढ्न जरूरी छ । त्योभन्दा पनि सूचना तुरून्तै पारित हुन्छ । चिन्तनजीले धेरै समयदेखि यो हुनुपर्छ भनी राख्नुभएको छ । यसमा कहीँ पनि प्रश्न गर्ने ठाउँ छैन । तर समस्या भनेको कार्यान्वयनको हो । एउटा कुरा उल्लेख गरेको- पचास प्रतिशतसम्म छुट दिने कुरा स्थानीय स्रोत, तर पर्यटकहरूले पनि बुझाउनुपर्छ र त्यो पैसा त्यहीको विकासमा खर्च गर्नुपर्छ । यसको पछाडिको दर्शन उहाँले जसरी भने पनि त्यही हो, त्यही कारणले यो निर्णय विगतको सरकारले गरेको हो ।

अर्को कुरा प्राकृतिक स्रोतको, स्थानीय स्वायत्त शासनमा पनि कुरा गरिएको छ । स्थानीय सबै निकायमा त्यो समावेशी थियो कि थिएन हेर्नु जरूरी छ । समावेशी अत्यन्त थियो किनकी तामाङको बाहुल्य भएको ठाउँमा बाहुनले जितेको छैन । जिल्ला विकास समितिमा त्यही किसिमको समावेशी भएको छ । पहिलाभन्दा अत्यन्तै आधारभूत रूपमा परिवर्तन *(Fundamental change)* आएको थियो । स्रोतको हकमा स्थानीय स्तरमा स्थानीय निकायलाई जिम्मेवारी दिएको छ । यसमा चिन्तनजीको विचारभन्दा कति फरक छ, कति समावेश गर्नुपर्ने हो ? भन्ने कुरा अलिकति समावेश गरेको भए राम्रो हुन्थ्यो ।

**ऋषिराज लुम्साली**

कसको हक प्राकृतिक स्रोतमाथि हुन्छ ? जसले स्रोतको सुरक्षा गर्छ त्यसैको हक कायम हुनुपर्छ भन्ने मेरो मान्यता हो । आदिवासीको ठीक छ, स्थानीय व्यक्तिको पनि ठीक छ । सबैको ठीक छ, तर सुरक्षा गर्नेको अधिकार खोसेर विध्वंस गर्नेहरूको अधिकार कायम भइरहेको पनि अवस्था छ । कञ्चनपुरमा २०१८ सालको जनगणनामा ९७ प्रतिशत थारूहरू थिए । आजको मितिमा २२ प्रतिशत थारू छन् । हामी सबै माथिबाट आउनेहरूले त्यहाँ जग्गा र जमिन कब्जा गऱ्यौं, हामीले नाश गऱ्यौं । हामी मालिक भयौं, उनीहरूले सुरक्षा गरे, उनीहरू कमैया भए । त्यसले गर्दा प्राकृतिक स्रोतको सुरक्षा गर्नेलाई मालिक नबनाएर नाश गर्नेलाई मालिक बनाउने परम्पराले गर्दा कुरा बिग्रेको हो ।

समावेशी लोकतन्त्रमा केन्द्रीकरण र विकेन्द्रीकरणको कुरा डा. शाक्यले उठाउनुभयो । अहिलेको केन्द्रीकरण र विकेन्द्रीकरणको कुराले केही पनि हुनेवाला छैन किनभने शक्ति छर्ने वा 'पावर डेलेगेसन' गर्ने प्रमुख जिल्ला अधिकारीलाई नागरिकता बनाइदे, सचिवलाई जन्म दर्ता गरी दे भन्ने खालको विकेन्द्रीकरण छ । अबको भनेको त्यहींको जनताले सबै काम गर्ने र केन्द्रले तीन- रक्षा, परराष्ट्र नीति र मुद्रा चलाउने

काम राज्यले गर्नुपर्छ । योबाहेक पूर्ण रूपमा स्थानीय सरकार र स्थानीय जनताले गर्ने समावेशी लोकतन्त्र हुनुपर्छ । अबको समावेशी लोकतन्त्रको कल्पना गर्दा तीनवटा काम मात्र सिंहदरबारबाट हुनुपर्छ । रक्षा, परराष्ट्र र मुद्राबाहेकका सबै चिजहरू सुशासनको सबै प्रक्रियाहरू, प्राकृतिक स्रोतमाथि पनि निर्णय गर्ने अधिकार तल बस्ने मानिसको हुनुपर्छ । त्यसको युनिट के हुन्छ ? छलफल गरौं । प्रान्तिय हुन्छ, आञ्चलिक हुन्छ कि, जिल्लागत हुन्छ कि, त्यसमा छलफल गरौं । यसमा थुप्रै कुराहरू आएका छन् । नरहरिजीको भनाई बेग्लैछ, भूगोलको विद्यार्थीको भनाइ बेग्लै छ, पार्टीहरूको भनाइ बेग्लै छ ।

अर्को हिमालबाट बगेर पानी आएको छ, प्राकृतिक स्रोत नै हो । हिमालको रक्षा गर्न हामी कसैले चिन्ता गरेका छैनौं भने रक्षाको सिद्धान्त कहाँ लागू हुन्छ भन्ने आउँदा यो कुरा विश्वव्यापी रूपमा जानुपर्‍यो । जस्तो हामीले झन्डै हाम्रो मुलुकमा आधा प्रतिशत जंगल बचाएर राखेका छौं । त्यस्ता मुलुकहरूले पनि हामीले पैदा गरेको अक्सिजन प्रयोग गरिरहेका छन् । हामीले बनाएको वातावरणीय फाइदा लिइरहेका छन् भने उनीहरूले पनि हामीलाई कर तिर्नुपर्छ । प्राकृतिक स्रोतको संरक्षण गरिरहेका मुलुकलाई, प्राकृतिक स्रोत विनाश गर्ने मुलुकहरूले कर तिर्नुपर्छ । जस्तोः ठूलाठूला जेट, कारखाना बनाउने अमेरिकाले हामीहरू प्रकृतिक स्रोत संरक्षण गरी राख्ने एसिया, अफ्रिका, दक्षिण अमेरिकामा बचाएको स्रोतको कर तिर्ने कि नतिर्ने यो प्रश्न पनि सुरक्षासित जोडेर ल्याउनुपर्छ । यो पनि समावेशी लोकतन्त्रको एजेन्डा हुनुपर्छ ।

गोपालजीका धेरै भनाइप्रति सहमत हुँदाहुँदै पनि सबैलाई शत्रु बनाएर लडाइँ जित्न सकिँदैन् । लोकतन्त्रको लडाइँ जित्ने हो र लोकतन्त्रलाई नयाँ संरचनामा लैजाने हो भने शत्रुलाई केन्द्रीत गरी पिन पोइन्ट गरौं । हिजोका एमाले पनि बेठीक, कांग्रेस पनि बेठीक, सबै बिगार्ने-बिगार्ने भने सपार्ने को ? गोपाल चिन्तन, ऋषिराज ? त्यो त होइन । केटाकेटीले भात खाँदा थालको वरिपरि छर्छ । हाम्रा पार्टीले पनि भात छरेजस्तो छरे । तर पनि राजा ज्ञानेन्द्रको शासनभन्दा त पार्टीकै शासन ठीक थियो । राजा ज्ञानेन्द्रलाई फेर्न नसकिने । पार्टीलाई फेर्न पाइन्थ्यो । त्यसकारण पार्टीतिर जानुपर्छ जस्तो लाग्छ । अर्को कुरा डा. वैद्यका भनाइप्रति म केही हदसम्म राजी छैन । सपना बाड्ने काम नेताले गर्‍यौं, कुनै बेला म पनि नेता थिएँ । सपना बाड्ने काम गरें तर यथार्थ बाड्ने काम गरेनौं । आउँदो समावेशी लोकतन्त्रले पनि सपना नबाडोस् । के भने अस्ति हामीले महाकालीको बैठक गर्‍यौं । हामीलाई चाहिएको चमेलिया जलविद्युत् परियोजना पाँच/दश मेघावाटको यहाँ चर्चाचाहिँ पञ्चेश्वर र चिसापानीको गर्ने, कहिल्यै हुनेवाला छैन । हामी गर्न दिनेवाला पनि छैनौं । लेखेर दिए हुन्छ । हामी नौ जिल्लाको मानिसले पञ्चेश्वरको गफ गर्ने, चिसापानीको गफ गर्ने ? त्यसले त यहाँ बस्ने मानिसलाई कमिशन आउँछ । यहाँ बस्ने मानिसलाई ठूलोठूलो ऋण आउँछ । यहाँ बस्ने मानिसको विकास हुन्छ । हाम्रो के हुन्छ ? टनकपुरबाट गिरिजा र माधवजीले ल्याएको बिजुली हाम्रो टाउकोबाट काठमाडौं आइरहेको छ । हामी अँध्यारोमा बसिरहेका छौं । हामीलाई हाम्रो घर



उज्यालो पार्ने चाहियो । हाम्रो खेतबारी सिँचाइ गर्ने खालको विकास चाहियो । चाहे जंगल, चाहे पानी, चाहे खानीको कुरा गर्नुस् स्थानीय जनता त्यसका मालिक हुन् । स्थानीय सरकार त्यसको मालिक हुनुपर्छ । र, त्यहाँ समुदायमा पनि भेद गर्नुपर्‍यो । जसले सुरक्षा गर्छ, उसको पहिलो चासो हुन्छ । डा. शाक्यको अर्को कुरासँग म अलि सहमत हुन सकिनँ । देशलाई सीमाको कुरा गर्ने, नेपालको पूरै सीमालाई बाउन्ड्री मान्ने हो भने त्यसभित्र पनि 'डिमार्केशन' हुनुपर्‍यो । कम्पाउण्डभित्र भित्ताहरू हुनुपर्‍यो, घरका कोठाहरू हुन्छ । कोठाहरूमा पनि सुत्ने कोठा हुन्छन् । भन्न खोजेको के हो भने पहिलो चासो कसको हो त ? अधिकार त ठीक छ । नेपाली जनता सबैको हुनसक्छ । तर, जसले प्रकृतिक स्रोतको रक्षा गर्छ, हेरचाह गर्छ, त्यसको चासोले पहिलो प्राथमिकता पाउनुपर्छ । चाहे जग्गा जोत्ने कुरा होस् चाहे पानीको मुहानलाई बाँड्ने कुरा होस् । जसले नास गरे पनि खराब पानी खाएर बिरामी परे, फेरि जंगल लगाए, स्वच्छ पानी खाएर स्वस्थ्य भए भनेपछि सुरक्षा गर्नेको अधिकार हुनुपर्दो रहेछ ।

समावेशी लोकतन्त्रमा प्राकृतिक स्रोतको रक्षा गर्ने सरोकारवाला, जो हुन्छ, जो तटीय क्षेत्रका मानिसहरू हुन्छन्, तिनको सरोकार पहिलो प्राथमिकतामा पर्नुपर्छ ।

**चन्द्रकान्त ज्ञवाली**

समावेशी लोकतन्त्रभन्दा पनि प्राकृतिक स्रोतमा जनताको समावेशी लोकतन्त्र कति गर्न सकिन्छ भन्ने जस्तो लाग्यो । समावेशी लोकतन्त्र स्थानीय स्वायत्त शासन 'लोकल सेल्फ गभरमेन्ट' अथवा संघीय प्रणाली *(federal system)* मा मात्र समावेशी गर्नुपर्छ भन्ने मलाई लाग्दैन । समावेशी लोकतन्त्र भन्ने बित्तिकै हरेक आदिवासी जनजातिदेखि लिएर सामाजिक, सांस्कृतिक रूपमा पछाडि परेका हरेकको राजनीतिक मूल धारमा गएर निर्णायक तहमा पुग्ने र शक्ति हुनुपर्‍यो । यो स्थानीय तहमा मात्र हुँदैन । केन्द्रीय तहसम्म हुन्छ । सीमा राख्नुहुँदैन भन्ने मेरो मान्यता हो । अर्को आर्थिक स्रोतमा पनि सार्वभौम जनताको पहुँच हुनुपर्छ । वास्तवमा सार्वभौम भनेको के हो, निर्णायक तहमा क्षमता हुनुपर्छ । निर्णायक तहमा भनेको केन्द्र तहदेखि स्थानीय तहसम्म आर्थिक बाँडफाड (economic allocation) देखि लिएर निर्णय गर्ने र वितरणमा निर्णय गर्ने अधिकार भएमा त्यहाँ समावेशी हुन्छ । समाजिक र सांस्कृतिक रूपमा पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । त्यसलाई हामी सामाजिक-सांस्कृतिक संविधानवाद (socio-cultural constitutionalism) पनि भन्छौं । राजनीतिक र आर्थिक संविधानवाद (political constitutionalism and economic constitutionalism) भन्छौं । त्यसले त्यहाँ समावेश गर्छ । जलस्रोत वा प्राकृतिक स्रोतको बाँडफाँड पनि उसको वितरणमा न्याय (distributive Justice) र नीति निमार्ण (decision making) पनि सहभागिता हुनुपर्‍यो । र, सार्वभौम जनतालाई अधिकार दिनुपर्‍यो । यसैमा समावेशी हुन्छ र, यसैमा लोककल्याणकारी राज्य (welfare state) को सिद्धान्त पनि आउँछ ।

**गजेन्द्र शर्मा**

अवधारणामा केही थप्न चाहन्छु । हामीले बिजुलीको कुरा गर्दा प्रभावकारी उपयोगका कुरा ल्याएनौं । पहिला-पहिला विद्युत् प्राधिकरणले कुन हिटर प्रयोग गर्ने हो, त्यसले जाँचेर मात्र गराउँथ्यो । जस्तो अहिले माटोको हिटर छ । जस्तो त्यसको 'एक्स्पोज' हुने भाग ३३ प्रतिशत मात्र भाँडामा 'एक्स्पोज' हुन्छ, अरू सबै तल जान्छ । त्यस्ता सानातिना खाले चिजमा नियन्त्रण गर्न सके राम्रो हुन्छ । एउटा भनाइ पनि छ- *(saving energy is a producing energy)* ।

अर्को हामीले वैकल्पिक उपायहरूको सूक्ष्म अध्ययन नै गर्दैनौं । जस्तो अहिले हामीलाई स्कुल बनाउन या भवन बनाउन शिक्षकको कमी भयो भनिन्छ तर आजसम्म त्रिभुवन विश्वविद्यालयले खुला विश्वविद्यालयको धारणा नै बनाएन । *running water collection* पनि पछि गएर गर्न पाइँदैन भन्ने हो कि ? ग्रामीणको परिभाषा अहिलेसम्म छैन । नगरपालिका भएन भने त्यो ग्रामीण हुन्छ । यस्तो परिभाषा भएमा हामी विकासको लागि अगाडि बढ्न सजिलो हुन्छ ।

**गोविन्द श्रेष्ठ**

एसएनभीको 'मेची हिल्स' कार्यक्रममा काम गर्दा पाँचथरका लिम्बुसँग, र बागमती जलाधारमा काम गर्दा घुमेको ललितपुर जिल्लाको दुर्गम भेकमा तामाङसँग संगत भयो । तामाङ बस्तीमा कति भयो यहाँ बसेको भन्दा बढीमा तीन पुस्ता नभए दुई पुस्ता भनियो । तर सबै कब्जा उनीहरूकै रहेछ । इतिहासको समय तालिका (time line) बनाउँदाखेरि पहिला तामाङहरूको थियो रे । हुँदाहुँदा सबै राम्रो चक्ला फाँट उनीहरूको भयो रे । खोरिया खन्दै त्यहाँबाट नसकेपछि तामाङहरू हराउँदैछन्, भनेपछि अब जो जहाँ जुन अवस्थामा जसरी बसेका छन्, उनीहरूको स्वामित्व हुनुपर्छ भन्ने कुरामा चाहिँ एकदम राम्रो छ । तर अब आएर के देखिन थालेको छ भने उनीहरूको स्वामित्वमा गर्नेभन्दा पनि उनीहरू नै अल्पसंख्यक भएर बसिरहेका छन् । यस्तो अवस्थामा हामीले भविष्यको समावेशी लोकतन्त्र स्थापना गर्ने सिलसिलामा अलि सकारात्मक विश्लेषण गनुपर्छ भन्ने देखिएको छ । समावेशी र प्राकृतिक स्रोतमाथि अधिकारको कुरा गर्दा महिलाको कुरा छुटेको छ, त्यसलाई पनि समेट्नुपर्ने छ ।

**श्रीप्रसाद शाह**

प्राकृतिक स्रोतमा जसको अधिकार छ, अझ शसक्त बनाउनुपर्छ भन्दा मलाई कहिलेकाहीँ कर्णालीका जनताको याद आउँछ । कर्णालीमा जनसंख्या न्यून छ तर त्यो ठाउँमा प्राकृतिक स्रोतसाधन जे जति छ त्यसलाई उपयोगितामा ल्याएर टिक्न सकेको छैन । र, हामी बर्सेनि सुन्दछौं नुन चामल नपाएर भोकले ग्रासित भएका छन् । त्यो ठाउँका नागरिकका लागि राज्यले त्यही सुखी बनाउनुभन्दा त्यहाँका नागरिकलाई अहिले सुगम ठाउँमा सार्दा के होला ? कर्णालीका पाँच सात जिल्लामा एउटा निर्वाचन क्षेत्रको जनसंख्या जति पनि छैन भने उनीहरूलाई सार्दा उनीहरूको दुःख हरण हुन्थ्यो कि ? त्यसरी गर्दा प्राकृतिक स्रोतमाथिको न्याय मिलाउन सकिंदैन ?



दोस्रो, यहाँ प्राकृतिक स्रोत साधनका कुरा हुँदा दुई चार वर्ष पहिला जग्गा हदबन्दीको कुरा हुँदाको याद आयो । जो किसानले जग्गा जोतेर आयआर्जन गरिरहेका छन् भने तिनलाई हामीले तिमी पाँच विगाहा मात्र राखभन्दा उनीमाथि प्राकृतिक स्रोतमाथिको हस्तक्षेप हामीले ठान्ने कि नठान्ने ? किनभने पाँच दस विगाहा जग्गा भएका किसानले आफ्ना छोराछोरी पढाउने गर्नुपर्छ । यद्यपि, सहरमा एक रोपनी घर जग्गा भएको मानिसको जीवनस्तर तुलना योग्य हुँदैन । त्यसलाई के मान्ने । जनकपुर नागरपालिकाको कुरा गर्दा जनकपुरमा हजारौं विगाहा गुठीका जग्गा छन् । त्यो छुट गुठी, राम गुठी, सीता गुठी छन् । ती गुठीको पैसा सरकारले असुली गर्छ । तर जनकपुरमा धार्मिक पर्यटकीय संभावना भए पनि त्यसतर्फ केही गरिएको छैन । त्यस्ता सम्भावनाहरूलाई साकार पार्न सरकारले अहिलेसम्म उठाएको करको कति प्रतिशत राख्न पाउने ? यहाँसम्मकी राममन्दिरको देवाल भत्किसक्यो, तर त्यहाँ लाखौं रूपैयाँ उठ्छ । उठाएको करको पैसा काठमाडौं पठाउनुपर्छ । यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ ?

**डा. खगेन्द्रनाथ शर्मा**

आदिवासी भन्ने अवधारणाचाहिँ जुन देशमा बाहिरको मानिस आएर 'कोलोनाइज'गरेर बसे, आउने जनसंख्याको हिसाबले स्थानीय जनतालाई आदिवासी भनिएको हो । हाम्रा सम्बन्धमा कति लागू हुन्छ थाहा छैन । काठमाडौंमा म बसेको तीस वर्ष भयो । म आदिवासी होइन भने म कहींको बासी होइन । म नेपालकै बासी हुँ । यहाँ हामी ज्यापूलाईमात्र मान्ने ? तराईमा थारूलाई मात्र मान्ने ? अथवा कसलाई मान्ने ? यो हिसाबले जाँदा हामी 'व्याक टू स्वार वन' अर्थात् शून्यमा पुग्छौं । त्यसकारण अहिलेको अवस्थामा हामीले आफूलाई मिश्रित समाज 'कम्पोजाइट सोसाइटी'को कुरामा हेर्नुपर्ने बानी हुनुपर्छ । यसमा हामीले आफूलाई शिक्षित बनाउनुपर्छ ।

दोस्रो कुरा, अस्ट्रेलियामा आदिवासी समुदाय अर्थात 'ओरीजीनल कम्यूनीटी' चाहिँ अहिले पनि त्यो 'मेन स्ट्रीम'मा 'एसीमीलेट'गर्न नसकेको स्थिति छ । यो पृथक समुदायका रूपमा रहेको छ । सम्पत्ति उनीहरूको मानिएको छ । त्यहाँको जग्गा, उनीहरूको सम्पत्ति प्रयोग गरेवापत उनीहरूलाई सरकारले दस्तुर

'रोयल्टी' तिर्छ । त्यो तिरेको पैसाले उनीहरू सम्पन्न छन् । त्योबाहेक उनीहरूलाई डोल भनेर वार्षिक/मासिक पैसा दिइन्छ । खानीबाट बाहिर निकालेको पैसाले अस्ट्रेलिया धनी देशहरूमध्येको एक भएको छ । त्यहाँ आदिवासीलाई पैसा दिएर मताएर राखेको छ, उनीहरू मूल धारमा आउँदैनन् । त्यो पहिचान कायम गर्ने हो कि माथि लाने हो ।

वाग्मती बिग्रेर गयो । पानी गन्हाउँछ । अहिले हामीले नुहायौं भने सफा भइँदैन । त्यो अवस्थामा त्यसको सञ्चालन कसले गर्ने ? ज्यापूलाई बोलाएर दिऊँ । जसलाई आदिवासी 'ओरजीलन' मानौं । अथवा जाने बुझेकाहरूले स्वच्छ पानी बनाउन जान्ने कि आदिवासी भनेर खोजी रहने ? यो आधारभूत प्रश्न छ । नयाँ प्रजातन्त्र र लोकतन्त्रको कुरा गर्दा एउटा भौगोलिक संरचना क्षेत्रीय संरचना वा

संघीय संरचनामा जाने हो भने पनि मानिस त उनै हुन् । पहिलो कुरा यदि हामीले आदिवासीको जिम्मामा छोड्ने हो भने आदिवासीलाई सक्षम बनाउनेतर्फ ध्यान दिएकै छैनौं । अहिलेको विद्युत् प्राधिकरणलाई तिमीहरूले नै चलाउ, अहिलेको कर्णाली योजना बनाउँदा जुम्ला, हुम्लाबासीलाई छोड्ने हो भने कति शताब्दीपछि जाला । त्यसो भएको हुनाले नयाँ संचरनामा जाने हो भने त्यहाँका मानिसलाई प्रतिनिधित्व गराऔं । प्रतिनिधित्वमा सम्पूर्ण राज्य सञ्चालन हुनुपर्छ । उनीहरूलाई माथि चढाउँदा प्राकृतिक स्रोतमा मात्र तिमीहरू व्यवस्थापन गर भन्ने हो भने हामीले 'डेलीबरेट डीभलप्मेन्ट' हुन जाला । त्यतातर्फ पनि ध्यान दिनुपर्छ । र, आदिवासीलाई माथि ल्याउनका लागि अधिकार प्रयोग गर्न सक्ने क्षमतामा पुऱ्याउन पनि ध्यान दिनुपर्छ ।

**राजीव पौडेल**

हामीपछि आउने पुस्ता वा हिजोका पुस्ताको भागमा धेरै कमजोरी छ । त्यो कमजोरीमा हामी युवाको भूमिका त्यस्तै छ । त्यहाँभित्र ती विषयलाई बहसमा ल्याउन सकेनौं । उही सामन्ती संस्कारका कुरा छन् । जुन कुरा यहाँ आयो । हामीले प्राकृतिक स्रोतमा अधिकारको कुरामा विश्व व्यापार संगठनमा गइसकेकाले त्यहाँ जाँदा गरेको गृह कार्य कति त ? हामीले गृहकार्य गर्न नै सकेनौं । हामी जहिले पनि सत्तामुखीमात्रै भइरह्यौं । त्यसकै परिणति हामीसँग स्वामित्वको अधिकार 'पेटेन्ट' ६०/७० सत्तरी वटामा मात्र सीमित छ । TRIPS मा जसरी विश्व व्यापार संगठन गइसरहेको छ, बौद्धीक सम्पत्तिको अधिकार *(Intelectual property rights)* मा उनीहरूले जसरी विश्वव्यापी रूपमा हस्तक्षेप गरिरहेका छन्, त्यसमा हामी पनि छुट्ने छैनौं । भोलि अहिले देखिएको विकट समस्यामा गुज्रिएर जानुपर्ने अवस्था छ । त्यसो भएकाले गहन रूपमा त्यो विषयलाई अध्ययन गर्नुपर्छ । नागरिक समाजले आन्दोलनको स्वरूप परिवर्तन भएर गएको छ । भोलि लोकतन्त्र भने पनि आउने मानिस त यिनै हुन् । यसका पात्र पनि तयार गर्दै जानुपर्छ ।

**हुतराम वैद्य**

लोकतन्त्रको स्वरूप र संरचनामा विकाससहितको मानव अधिकारलाई प्राथमिकता दिने हो कि ? कुनचाहिँ पहिला आउँछ ? अथवा अधिकारसहितको मानव विकास अति महत्वपूर्ण छ । मैले गरेका काममा विकाससहितको मानव अधिकारलाई रोज्छु । अहिले हाम्रो अधिकारसहितको मानव अधिकार भइरहेको जस्तो छ । पहिले हामी अधिकार लिन सिकाउँछौं । पहिले हामी काम गर्न सिकाउँदैनौं । पहिला पसिना बगाऊ भन्ने सिकाउँदैनौं । पहिला अधिकार लेऊ भन्ने सिकाउँछौं । त्यो हुँदा आजको समस्या झन् बढ्दै छ । पहिला काम गर, पेट पाल भन्ने कुरा सिकाएनौं । गास, बास र कपास काम गरे मात्रै सम्भव हुन्छ भनेनौं । प्रजातन्त्र लोकतन्त्रको कुरा गर्दा गर्दै पनि यो सपना मात्र भयो । विपना आउन काम गर्नुपर्छ । पसिना चुहाएका संस्थाहरू पनि छन् । जसको लेखाजोखा भएको छैन । जस्तै सामुदायिक वन, सानाविद्युत् योजना कति ठाउँमा सफल भएका छन् । सडक निर्माण, कृषि विकासका कुरा । साना पशु विकास । म सुँगुर र बाखामा गएको छु । सिँचाइ योजनाहरूले हामीलाई



पसिना बगाउन सिकाएको छ । यिनीहरूको मूल्यांकन भएको छैन । यिनीहरू त्यसैपछि परेका छन् । हामीले ठूला योजना फेल भए भनेर हा..हा गर्छौं । सरकार रिसाउँछ । काठमाडौं राम्रो बनाउनुपर्छ भन्दा-भन्दा हामीले काठमाडौंलाई ध्वस्त पारिसक्यौं । अब कति वर्ष लाग्छ बन्नको लागि । त्यसैले अब मेरो विचारमा यो संस्थाले सफल भएका राज्यका साना साना योजनाहरू के हुन्, विकाससहितको मानव अधिकार कहाँ-कहाँ पाए छन् भन्ने उदाहरणहरूको फिरस्त तयार पार्न सक्नुभयो भने यो स्वरूप र संरचनामा जानका लागि मार्गदर्शन पाउन सकिन्छ ।

**डा. वीरेन्द्रप्रसाद मिश्र**

चिन्तनजीको कार्यपत्रका बारेमा भन्नु पर्दा प्राकृतिक स्रोत र जनताका अधिकार दुईटा कुरा छन् । जनता भन्नाले दलित, आदिवासीलाई समेट्नु भएको छ । मलाई त के लाग्छ भने प्राकृतिक स्रोत आजदेखि मात्र होइन लाखौं वर्षदेखि छ । मानवको विकास कति भयो होला । विकास चाहियो, उहाँलाई अधिकार किन चाहियो ? अर्को उहाँले जुन नारा दिनुभयो- विकास भनेको के हो ? आर्थिक विकासतिर मात्र लागिरहेका छौं । मुख्य कुरा बौद्धिक विकास, मानसिक विकासतर्फ ध्यान गएन । यदि यसतर्फ ध्यान गएन भने जति विकास गरे पनि देशको कल्याण छैन । समाजको कल्याण छैन । जबसम्म मान्छेको चिन्तन र सोचमा परिवर्तन आउँदैन त्यहाँ विकासको खाँचो म देख्छु । दोस्रो कुरा, दलित, आदिवासीको कुरा ठीक छ । अधिकार दिएर मात्र पुग्छ र ? जनतालाई पनि दुई भागमा बाँड्न सकिन्छ । के जनता भनेको जहाँ स्रोत छ, त्यहाँको जनता ? अनि बाहिरको कहाँको जनता त्यो सीमांकन निकै कठिन हुन्छ । ठूलो योजनाको प्रभाव नेपालमा मात्र होइन, विश्वमै छ ।

त्यस्तो कुरामा जनतालाई परिभाषीत गर्नुपर्छ । जनताको भनेको त्यही हुन्छ जहाँ आर्थिक स्रोत छ । त्यहाँबाट बाहिरकाहरूलाई पनि सोच्ने हो । विकास भन्ने प्रक्रियालाई त्यो क्षेत्रमा सोच्नुभन्दा राष्ट्रिय रूपमा सोच्नुपर्छ ।

**ज्ञानबहादुर बोहरा**

सबभन्दा पहिला प्राकृतिक स्रोतमाथि जनताको अधिकारका सबालमा प्राकृतिक स्रोत साधनको पहिचान भएको छ कि छैन ? कुन-कुन क्षेत्रमा के कस्ता प्राकृतिक स्रोतहरू पाइन्छन् ? जस्तै काठमाडौंमा मिथेन ग्यास पाइन्छ । पानीको कुरा होला, जडिबुटीको कुरा होला । त्यस्ता प्राकृतिक स्रोतहरूको पहिचान भएको छ कि छैन ? दोस्रो, त्यस्तो किसिमको प्राकृतिक स्रोत साधनको पहिचान भएको छ भने कस्तो किसिमको प्राकृतिक स्रोत साधन छ, कसरी कुन वर्गले उपभोग गरिरहेको छ ? संरक्षण, सम्बर्द्धन र व्यवस्थापन कसले गरिरहेको छ ? स्थानीय जनताले, राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाले वा राज्यले ?

तेस्रो, जस्तै म बझाङवासी । बझाङमा प्रशस्त जडिबुटी पाइन्छ । पाँचऔंले, कटुकी यर्सागुम्बालगायतका बहुमूल्य जडिबुटी पाइन्छ । तर त्यो ठाउँको जडिबुटीको न संरक्षण छ न सम्बर्द्धन छ, न व्यवस्थापन छ न मार्केटिङ छ । भारतका व्यापारी, दलाल जान्छन्, नेपालीलाई लुटपाट गरी सस्तो मूल्यमा लिन्छन् । यसलाई कस्तो

रूपमा लिने ? यदि स्थानीय बासिन्दाले संरक्षण सम्बर्द्धन र व्यवस्थापन गर्न जिम्मा दिइन्छ भने उनीहरूमा प्राविधिक ज्ञान छ कि छैन । प्राविधिक ज्ञान छैन भने त्यसको परिणाम त्यो ठाउँको जनताले कस्तो भोग्नुपर्ला ?

प्रशस्त रूपमा जुम्ला, हुम्लामा हुने स्याउको कुनै व्यवस्थापन छैन । न भण्डारणको व्यवस्थापन छ । त्यस्तो किसिमको प्राकृतिक स्रोत साधनको पहिचान छ । त्यसलाई परिचालन गरिएको छैन भने कसरी नेपालको विकास हुन सक्छ ?

**राजेन्द्र न्यौपाने**

नव नेपालको निर्माणका लागि राजनीतिक क्रान्ति धेरै भए, धेरै गए । तर चारित्रिक क्रान्ति कहिल्यै भएन । जस्तै एउटा सम्मानित पदमा पुगेको व्यक्ति दस हजारको निम्ति घुँडा नटेक्ला । उसको चेतना र स्तरअनुसार दस लाखमा पनि घुँडा नटेक्ला । तर दस करोड दियो भने घुँडा टेक्न सक्छ । यो किसिमको चारित्रिक क्रान्ति र परिवर्तन नआएसम्म यो प्राकृतिक स्रोत, साधन, मानवीय स्रोत साधन, अनन्त ऊर्जाहरू कसरी उपभोग होलान ? समावेशी लोकतन्त्र ल्याउनका निम्ति आर्थिक प्रजातन्त्र ल्याउनमा हामीले बढी कसरत गर्ने कि नगर्ने ? यो नैतिक गल्ती भोलीको लोकतान्त्रिक नेपालमा नहोस् ।

**विष्णु भुसाल**

मानव अधिकार र वातावरणको नीति र रणनीतिको विद्यार्थीको नाताले दुई वर्षसम्म यसै विषयमा अमेरिकामा काम गरेको थिएँ । यी मुद्दाहरू सीधै समावेशी लोकतन्त्रसँग पनि सम्बन्धित छन् भन्ने मलाई लाग्छ । जबसम्म जनताको जीवन पद्धतिसँग सम्बन्धित छ, त्यति बेलासम्म त्यसको निर्णय ऊ आफैं गर्न सक्दैन भने लोकतन्त्र फस्टाउन सक्दैन । त्यसकारण अहिलेको परिस्थितिमा विश्व समुदायमा जनताको अधिकारमात्र होइन, विश्वको प्राकृतिक स्रोत पनि जनताको सम्पत्ति हो । समुदायिक सम्पत्तिको अधिकार (community based property rights) र सामुदायिक अधिकार (community based rights) भनेको अधिकारमात्र दिने । अधिकारभन्दा अगाडि सम्पत्तिको अधिकार हो । सम्पत्ति कसरी दिने ? तपाईको आफ्नो जग्गा काठमाडौंमा छ भनेर मनपरी घर बनाउन पाउनुहुन्छ ? त्यहाँ 'जोइनडि ल'ले काम गरिरहेको हुन्छ । त्यो कम 'स्टीक'होला, सम्पतिको 'बन्डल'मा तर सम्पत्तिको आधारमै जानुपर्छ । एउटा कुरा आयो, लुम्सालजीले भन्नुभएको थियो- थारूहरू । हामी टाठाबाठाले उनीहरूको 'लीभलीहुड' नै 'डीस्टर्व'गरेर मालिक नै नोकर बनाएर बसिरहेका छन् । त्यसैले 'कम्यूनीटी वेस्ड प्रोपर्टी राइटस' मा जानुपर्छ । यसको अन्तर्राष्ट्रिय नेटवर्क पनि छ । त्यसमा म पनि सदस्य पनि छु । कोही साथी इच्छुक हुनुहुन्छ भने त्यो पनि काम गरौंला । अरू कुरा आयो, ठूलो प्रोजोक्ट आयो । त्यसलाई विकसित गर्ने स्रोत चाहियो । स्रोत चाहियो भनेपछि सम्पत्तिको मूल्य के ? त्यसमा लगानी अरू वित्तिय लगानीको कुरा छ, त्यसको सेयर राख्नुस् । पानीको स्रोतकै बारे भनूँ, त्यो पनि स्थानीय जनताले पाउनुपर्‍यो । माथिबाट तार गइरहेको हुन्छ । तिनीहरूको जीवनमा व्यवधान पुगिरहेको हुन सक्छ । त्यसैले उनीहरूको



पक्षबाट हेर्नुपर्छ । चिन्तनजीले भनेजस्तो जलस्रोत, जमिन र जंगलमात्र नभएर विदेशमा माइन्सहरू पनि स्थानीय जनताले आफ्नो बनाउन चाहिरहेका छन् । त्यो उनीहरूको सम्पत्ति हो । अब अधिकारमात्र होइन, सम्पत्तिकै रूपमा जानुपर्छ । टाठाबाठाले ठग्ने काम स्थानीय बासिन्दा सूसुचित नहुन्जेलसम्म मात्र हो । त्यसकारण 'एक्वीटेवल सोसाइटी' र 'जस्टीस'को कुरा गर्नुभयो भने कुनै हालतमा सहज रूपमा जाँदैन । यो गहन विषय हो । प्रत्यक्ष समावेशी लोकतन्त्रको महत्वपूर्ण तत्व हो । जनचेतना जगाउन एकदम जरुरी छ । कर्णालीको मान्छे सबै सारिदिएर अर्को ठाउँमा बसोबास गराऔं भन्ने पनि त्यति न्यायोचित हुँदैन । राज्यले केही स्थानीय बासिन्दालाई सशक्त बनाउने र पहुँच तथा सुविधाहरू प्रदान गर्ने काम गर्नुपर्छ । मानिस जन्मिसकेपछि स्रोतमा परापूर्वकालदेखि उसको सम्बन्ध हुन्छ । समुदायमा आधारित व्यवस्थापन संसारमै राम्रो पाइएको छ । सामुदायिक वनमा अलिकति पनि'कम्यूनीटी वेस्ड प्रोपर्टी राइटस'सम्म पुगेका छैनौं । 'युजर्स राइटस'मात्र दिंदा पनि जनता आँफैं जागृत भएर पहाडका नांगाडाँडालाई हराभरा बनाएका छन् । उनीहरू राम्रा व्यवस्थापक बन्न सकून वा नसकून्, तर यो उनीहरूको अधिकार हो ।

**जयप्रकाश आनन्द**

प्राकृतिक स्रोतमाथि जनताको अधिकार भन्ना साथै हामीले सबैभन्दा पहिला निर्क्योल गर्नुपर्ने कुरा हो, लाभान्वित वा स्वामित्व जुन समूहमा जाने हो त्यसको युनिट के हो ? कुन युनिट लाभान्वित हुन्छ । स्थानीय बासिन्दा र आदिवासीको कुरा गर्नुभएको छ । त्यसका वरिपरिका मानिसहरूको कुरा गरिएको छ । आखिर हाम्रा हरेक प्रयत्नको उद्देश्य के हो भने आर्थिक विकास गर्नु र, त्यसको लागि फाइदाहरू वितरण गर्नु एवं अवसरहरूलाई समुचित रूपमा न्यायपूर्ण ढंगबाट उपलब्ध गराउनु । त्यससन्दर्भमा यस कार्यपत्रमा स्पष्ट रूपरेखा साथ अगाडि बढ्नुपर्छ । त्यसको युनिट के हो ? 'टेरीटोरीयल' हो वा 'नन टेरीटोरीयल' हुने हो । यत्रो विपुल प्रकृतिक स्रोतबाट समाज कसरी लाभान्वित हुने ? एउटा निश्चित भूगोलभित्र बसोवास गर्ने समुदाय लाभान्वित हुने हो । यस विषयमा हामीले गृहकार्य गर्नु जरूरी छ भन्ने पनि मलाई लाग्छ । यहाँले यस विषयलाई स्पष्ट गर्नुहुनेछ ।

**डा. केशवमान शाक्य**

यहाँ अन्त्यमा जुन जेपी सरले उठाउनुभएको 'टेरीटोरीयल, नन टेरीटोरीयल'बढी सान्दर्भिक भएर आइरहेको जस्तो लाग्दछ । जुनसुकै पक्षमा पनि 'टेरीटोरीयल' ले 'जीयोग्राफी'को 'यूनिकनेस' लाई 'रीप्रेजेन्ट'गर्छ भने त्यसको संस्कृतिलाई प्रतिनिधित्व गर्छ । त्यसको बीचको सन्तुलन र संयोजन *(synthesis)* नै समावेशी लोकतन्त्रको आधार हो ।

**छलफलका क्रममा गोपाल चिन्तनबाट उठेका प्रश्नको जवाफ**

धेरै महत्वपूर्ण सुझाव आएका छन् । यहाँ जति सुझाव र प्रश्न आएका छन् तिनलाई छलफलको निम्ति पूर्ण दस्तावेज बनाएर बुझाउने छु । मुख्य कुरा

छलफलको मुख्य खड्केको कुरा चाहिँ प्राविधिकभन्दा पनि नीतिगत हो । यसको केन्द्र विन्दु पनि कस्तो नीति र कस्तो कानुन हुनुपर्छ भन्ने कुरा नै हो । जस्तो स्वामित्वको निर्धारण के आधारमा कसरी गर्ने ? र, अन्त्यमा यसबाट आउने फाइदाबाट सबैलाई लाभान्वित कसरी बनाउने भन्ने कुराको ढाँचा यसबाट बनाउने हो । त्यस निम्ति सामाजिक न्यायको सिद्धान्त, मानव अधिकार, विकास, गरिबी निवारण अनेक लाई लिन सकिन्छ । यो कुरा अहिलेसम्म भएन । यति धेरै नियम कानुन छन्, प्रोजेक्ट र परियोजना आदि । तर, प्रतिफल वितरणको कुरा र स्वामित्वको कुरा कहीँ केही छैन । त्यसकारण अघि मैले केही मानिसको नाम लिएँ । एक नागरिकका हिसाबले म के चाहन्छु भने घटिमा लोकतन्त्र र बढीमा गणतन्त्र नै चाहिएको छ । यसका लागि तपाईंहरू जस्तै जे गर्न पनि तयार छु । मूल कुरा के त भने मैले अघि जसको नाम लिए- डा. रामशरण महत, महेश आचार्य, भरतमोहन अधिकारी, वामदेव गौतम, झलनाथ खनाल, माओवादीतिर बाबुरामजी । हामी दिनैपिच्छे आन्दोलनमा छैनौं । यो पनि आन्दोलन हो ? माथि उल्लेखित नामका व्यक्तिले हामीलाई लोकतन्त्र र गणतन्त्रमात्र हैन कि, भोलि उहाँहरू नै हो उहाँहरूजस्तै हो । भोलि लोकतन्त्र आइसकेपछि नीति यस्तो हुन्छ, नेपालीले यसरी खान पाउँछन्, बिजुली पाउँछन्, खानेपानी पाउँछन्, यसरी आरक्षण हुन्छ भन्ने कुराहरू गर्न सकिन्छ भनेर बीस पचास सय पेजको खाका दिने बेला भयो कि भएन भन्ने मात्र मेरो कुरा हो । उहाँहरूले दिन सक्नुभएन भने हामी कसैले पनि दिन सक्दैनौं । उहाँहरूले देश दुनियाँको कुरा बुझेको पनि छ । देशभित्रको समस्या पनि बुझ्नु भएको छ । पढेलेखेको पनि हुनुहुन्छ । तर त्यो कुरा यी मापदण्डबाट किन आउन सकेनन्, हिजो ? भन्ने प्रश्न हो । यदि आएका छन् भने भन्न सक्नुपर्‍यो । यदि यी सात दलले जलस्रोत, सिँचाइ, प्राकृतिक स्रोत/सधानसम्बन्धी, कर्णालीसम्बन्धी नीति बनाएर हामी सबैलाई ग्राह्य हुने गरी पस्कन सक्नुहुन्न भने भोलि लोकतन्त्र आइसकेपछि पनि कति हामीले झगडा गरेर हिँड्ने भन्ने कुरा हो । १५ वर्षसम्म हामीले राम्रो गरौं भन्दाभन्दै कति झगडा गरियो । स-सानामा पनि झगडा, ठूलामा पनि झगडा । पूर्व-पश्चिम सबैतिर झगडा गर्दागर्दै न सानो भयो न ठूलो भयो । अहिले न बिजुली छ, न खानेपानी छ, न सिँचाइ छ । आखिरी यो गृहकार्य नगरेको परिणाम हो । जिम्मेवारी लिएकाले पनि गृहकार्य गर्नु भएन भन्नुलाई आलोचना गरेको भन्ने अर्थमा लिनुभएन ।

उपलब्धीहरू सानातिना धेरै भएका छन् । भएका राम्रा कुराहरू निर्णायक परिवर्तनका लागि पर्याप्त भएनन् भन्ने मात्र हो । तर, भएका राम्रा कुरा छन् । गरुँभन्दा-भन्दै गर्न नसकिएका र गर्न नदिने अन्तर्राष्ट्रिय समुदाय पनि छ । त्योसँग लड्ने तयारी पनि हामीसँग हुनुपर्छ भन्ने हो । कर्णालीको कुरा त्यो उपाय कस्तो लाग्छ कर्णाली कै साथीले भन्दा राम्रो हुन्छ । हामीकहाँ कति नै जग्गा छ र बाड्दै हिँड्ने ? भएको सम्पूर्ण प्राकृतिक स्रोतलाई कसरी उपयोग गर्ने हो । त्यसबाट आउने फल ठीक छ, कर्णालीमा स्याउ छ भने तेह्रथुम पुर्‍याऊँ, तेह्रथुममा धान छ भने कर्णालीमा पुर्‍याऊँ न । कर्णालीको भात खान त्यही खेती गर्नुपर्छ भन्ने हैन । हामी कहाँ कति स्रोत छ भन्ने हो । हामीकहाँ हुँदै नभएको चाहिँ होइन । पानी जति पनि छ तर हामीलाई बिजुलीको लागि चाहिने कति, सिँचाइ र खानेपानीलाई कति



चाहिन्छ भन्ने सूचना छैन । जलस्रोतको हामी दोस्रो धनी राष्ट्र भन्ने थाहा छ । तर भएको जलस्रोत हामीलाई कति चाहिन्छ ? कति सौदाबाजी गर्ने भन्ने छैन ।

मुख्य व्यवस्थामा सोध्न खोजेको कुरा के हो भने निर्णय प्रक्रिया, स्वामित्व निर्धारण र प्रतिफलको वितरण हो । मूल कुरा कुन प्रोजक्ट ठीक हो कि हैन भन्ने होइन । निर्णय प्रक्रिया कस्तो बनाउनुपर्छ ? कस्तो हुनुपर्छ ? जसले गर्दा ठूला बनाए पनि सबै मिलेर बनाऔं । साना बनाए पनि सबै मिलेर बनाऔं भन्ने हो ।

झगडाको स्थिति जसरी पहिला बन्यो त्यस्तो नबनाऔं भन्न खोजेको हो । निर्णय प्रक्रियामा बढी जोड दिन खोजेको हो ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको नवौं शृंखला २०६२ चैत ४ गते प्रस्तुत विचारहरू)

शृंखला १०

# समावेशी लोकतन्त्रको स्वरूप र संरचना: निर्वाचन प्रणाली

अवधारणा : प्रा.डा. वीरेन्द्रप्रसाद मिश्र
टिप्पणी : विजयकान्त कर्ण



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

लोकतान्त्रिक आन्दोलनलाई प्राज्ञिक, बौदिक र बैचारिक बल प्रदान गर्न थालिएको यो कार्यक्रम आज दसौं शृंखलामा आइपुगेको छ। नयाँ नेपालको निर्माणको समय हो यो र आज सबैको एउटै सोच समावेशी लोकतान्त्रिक नेपालको निर्माणमा केन्द्रित छ। सशस्त्र संघर्षका माध्यमबाट मात्रै राज्यको संरचना परिवर्तन गर्न सकिन्छ भनेर हतियार उठाएको माओवादी पनि समावेशी लोकतान्त्रिक गणतन्त्रको लक्ष्य राखेर अघि बढिसकेको छ र अन्य संसद्वादी शक्तिहरू समावेशी लोकतान्त्रिक प्रणालीमा अगाडि बढेका छन्। सैद्धान्तिक रूपमा सबैमा एकात्मकता आइसकेको छ तर समावेशीकरण कसरी र त्यसका लागि कुन बाटो उपलब्ध छ भन्ने बारेमा भने बहस गर्नु जरुरी ठानिएको छ।

राज्यको संरचनाका विभिन्न मोडलहरूका बारेमा चर्चा परिचर्चा हुने गरेको छ। राज्य पुनर्संरचनाको प्रारम्भिक कुरा समावेशीकरण हो र समावेशीकरणको आधार भनेको निर्वाचन हुने भएकाले यसको महत्व बढेको हो। निर्वाचनका अनेक प्रणालीहरू विकास भएका छन् ती निर्वाचन प्रणालीहरूमध्ये कुन प्रणाली कुन प्रयोजनका लागि कति सार्थक हुन सक्छ र त्यसले हाम्रो अभियानमा कति र कुन रूपमा सघाउ पुऱ्याउन सक्छ भन्ने छलफल गर्न गइरहेका छौं आज हामी। आजको बहसमा निर्वाचनका विज्ञ, लामो समयसम्म निर्वाचन आयोगमा आयुक्त भएर अनुभव हासिल गर्नु भएका प्राध्यापक, डाक्टर वीरेन्द्रप्रसाद मिश्र सरले आजको बहसका लागि अनुसन्धामूलक अवधारणा पत्र तयार गर्नुभएको छ र टिप्पणीका लागि राजनीति शास्त्रका प्राध्यापक विजयकान्त कर्णजीलाई हामीले अनुरोध गरेका छौं। उपस्थित प्राज्ञिक, बौदिक व्यक्तिहरूबाट गहकिला विचारहरू पनि आउने नै छन्।

## अवधारणा

२०४६ सालको जनआन्दोलनको पृष्ठभूमिमा आएको २०४७ सालको संविधानअन्तर्गत तीनवटा आमनिर्वाचनहरू र दुईवटा स्थानीय निकायका निर्वाचन सम्पन्न भएका छन्। संविधानको मस्यौदा तयार पार्ने सुझाव समितिमा नेपाली कांग्रेस र नेकपा (एमाले) द्वारा पठाइएका सदस्यहरूको बाहुल्यता भएको सर्वोच्च अदालतका न्यायाधीशहरूको सम्लग्नता र नेतृत्वको कारणले निश्चय नै निर्वाचन प्रणालीका बारेमा गहिरो छलफल उपरान्त वर्तमान प्रणालीलाई स्वीकार गरेको हुनुपर्छ। दलीय विचार विमर्शका आधारमा पक्कै २०१५ सालको निर्वाचनमा प्रयोग गरीएको प्रणाली तथा विगत ५/६ दशकदेखि भारतमा प्रयोग भएको प्रणाली जुन मुख्यरूपमा बेलायत तथा संयुक्त राज्य अमेरिकामा प्रयोग गरीएको छ त्यसलाई हृदयांगम गरी नयाँ संविधानमा पुनः समावेश गरीएको सहजै अनुमान गर्न सकिन्छ।

**टेबुल नं. १– आम निर्वाचनका परिणामहरू**

| दलको नाम | २०४८ | | २०५१ | | २०५६ | |
|---|---|---|---|---|---|---|
| | प्राप्त स्थान | मत प्रतिशत | प्राप्त स्थान | मत प्रतिशत | प्राप्त स्थान | मत प्रतिशत |
| १. नेकपा (एमाले) | ६९ | २७.९८ | ८८ | ३०.८५ | ७१ | ३०.७४ |
| २. नेपाली कांग्रेस | ११० | ३६.७५ | ८३ | ३३.३५ | १११ | ३६.१४ |
| ३. राप्रपा चन्द | ३ | ६.०० | एकीकृत | - | ० | ३.३३ |
| ४. नेपाल सद्भावना पार्टी | ६ | ४.१० | ३ | ३.३९ | ५ | ३.१३ |
| ५. राप्रपा (थापा) | १ | ५.३८ | २० | १७.९३ | ११ | १०.१४ |
| ६. संयुक्त जनमोर्चा नेपाल | ९ | ४.८३ | ० | १.३२ | १ | ०.८४ |
| ७. नेमकिपा | २ | १.२५ | ४ | ०.९८ | १ | ०.५५ |
| ८. नेकपा (माले) | - | - | - | - | ० | ६.३८ |
| ९. रा. ज. मोर्चा | - | - | - | - | ५ | १.३७ |
| १०. नेकपा (प्रजातन्त्रवादी) | २ | २.४३ | - | - | - | - |
| ११. स्वतन्त्रहरू | ३ | ४.१७ | ७ | ६.१८ | - | - |

### निर्वाचन परिणामले सिर्जना गरेका अवस्थाहरू

**क) मान्यता प्राप्तिका सम्बन्धमा:** विगत २०४८ र २०५१ सालका आमनिर्वाचनहरूका तुलनामा तेस्रो आमनिर्वाचन २०५६ ले विभिन्न कुराहरूमा विशिष्ट स्थान बनाएको छ। तीमध्ये एउटा हो दुईवटा राजनीतिक दलहरू संविधानको धारा १०३ को उपधारा २ को खण्ड (घ) बमोजिम प्रतिनिधिसभा निर्वाचनमा जम्मा खसेको बैध मतको तीन प्रतिशतभन्दा बढी मत प्राप्त गरी मान्यता प्राप्त दलका रूपमा प्रतिष्ठित हुनमा सफल भए पनि प्रतिनिधिसभामा आ-आफ्ना प्रतिनिधि पठाउन असफल बने। यी दुवै दलहरू- तात्कालीन नेकपा (माले) र राप्रपा (चन्द) पछि यिनीहरू क्रमशः नकपा एमाले र राप्रपामा समाहित भएका थिए।



प्रथम आमनिर्वाचनमा मान्यता प्राप्त गरेका छवटा दलहरू थिए। नेपाली कांग्रेस, नेकपा (एमाले), राप्रपा (चन्द), राप्रपा (थापा), नेपाल सद्भावना पार्टी र संयुक्त जनमोर्चा नेपाल। मध्यावधि निर्वाचन २०५१ मा दुवै राप्रपा एकीकृत भएपछि निर्वाचनमा भाग लिएका थिए र मान्यता प्रँप्त दलका रूपमा आफ्नोस्थिति कायम राख्न सफल भएका थिए। यी दलबाहेक नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाल सद्भावना पार्टीले पनि पूर्ववत आ-आफ्नो स्थिति मान्यता प्राप्त दलको रूपमा कायम राख्न सफल भएका थिए। तर, संजमो नेपालले मान्यता प्राप्त दलका रूपमा आफ्नो अस्तित्व गुमाएको थियो। किनकी यसले प्रतिनिधिसभा निर्वाचनमा खसेको मतको तीन प्रतिशत मत प्राप्त गर्न सकेनन्।

**ख) दलहरूको सदनमा प्रतिनिधित्वका सम्बन्धमा:** उपरोक्त तथ्यहरूबाट के स्पष्ट हुन्छ भने दलहरूले प्रतिनिधिसभामा प्राप्त गरेको स्थान र प्राप्त मतबीच विरोधाभास देखिन्छ। पहिलो निर्वाचनमा नेपाल सद्भावना पार्टीले निर्वाचनमा ४.१० प्रतिशत मत प्राप्त गरी ६ स्थान ओगट्न सक्यो र त्यस्तै संयुक्त जनमोर्चा नेपालले ४.८३ प्रतिशत मत प्राप्त गरी ९ वटा स्थान र राप्रपा (चन्द) ले ६ प्रतिशत मत प्राप्त गरी मात्र तीनवटा स्थान प्रतिनिधिसभामा सुरक्षित गर्न सफल भएका थिए।

मध्यावधि निर्वाचन २०५१ मा नेपाली कांग्रेसले ३३.३५ प्रतिशत मत प्राप्त गरी ८३ स्थान प्राप्त गर्न सफल भएको थियो भने नेकपा (एमाले) ले ३०.८५ प्रतिशत मत प्राप्त गरी ८८ स्थान प्राप्त गर्नमा सफल भएको थियो। साथै नेमकिपा मात्र ०.९८ प्रतिशत मात प्राप्त गरी ४ जना प्रतिनिधि पठाउन सफल भएको थियो।

तेस्रो आमनिर्वाचन २०५६ मा नेकपा (माले)ले ६.३८ प्रतिशत मत प्राप्त गरेको थियो. तर कुनै पनि उम्मेद्वारले विजय प्राप्त गर्न सकेन। त्यस्तै राप्रपा (चन्द) ले पनि ३.३३ प्रतिशत मत प्राप्त गरे पनि प्रतिनिधिसभामा कुनै पनि स्थान बनाउन सकेन।

संक्षेपमा भन्नुपर्दा तीनवटै निर्वाचनले दुईथरी अवस्थाको सिर्जना गरेका छन्। एकातिर निर्वाचनमा बढी मत प्राप्त गरे पनि नेकपा (माले) र राप्रपा (चन्द) ले प्रतिनिधिसभामा आफ्ना प्रतिनिधि पठाउन सकेनन् भने संजमो नेपाल र नेपाल सद्भावना पार्टीले २०४८ मा थोरै मत ल्याएर पनि प्रतिनिधिसभामा बढी प्रतिनिधि पठाउन सफल भएका थिए। त्यस्तै २०५६ को निर्वाचनमा राजमो र नेसपालले सापेक्षिक रूपमा थोरै मत प्राप्त गरे पनि बढी संख्यामा प्रतिनिधिहरू संसद्मा पठाउन सफल भएका थिए।

**ग) अल्पमतको सरकार:** विगतका दुईवटा आमनिर्वाचनमा क्रमशः ३६/३७ प्रतिशत मत प्राप्त गरेको नेपाली कांग्रेसले बहुमतको सरकार बनाएको थियो। एक

किसिमले अल्पमतबाट बहुमतका सरकार बनेका थिए। किनकी ६३/६४ प्रतिशत मत हासिल गरेका दलहरू सत्ताबाट बाहिर बसेका थिए र उनको मतको महत्व न त सरकार सञ्चालनमा र न कानुन निर्माणमा रहन्छ।

**घ) सदनमा सामाजिक प्रतिनिधित्वका सम्बन्धमाः** गत राष्ट्रिय जनगणनामा १०१ जनजातिको गणना गरिएको छ। अरू केही जनजातिहरूको सुनिश्चितीकरण नभएको पनि उल्लेख छ। सुविधाका लागि मात्र २०५६ सालको आमनिर्वाचन परिणामलाई अध्ययनको आधार बनाइएर हेर्दा–

### टेबुल नं. २ राष्ट्रियसभा र प्रतिनिधिसभाका सदस्यहरूको जातीय विश्लेषण

| तह | खस | मंगोल/ किराँत | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रियसभा (सन् १९९९) | ३५ | ६ | ७ | ४ | ८ | – | ६० |
| प्रतिनिधिसभा (सन् १९९९) | १२४ | ३० | ३९ | – | १२ | – | २०५ |
| जम्मा | १५९ | ३६ | ४६ | ४ | २० | – | २६५ |
| प्रतिशत | ६०.०० | १३.६० | १७.४० | १.५० | ७.५० | – | १०० |
| कुल जनसंख्यामा जातिहरूको प्रतिशत | ३१.६० | २२.३० | ३०.९० | ८.६० | ५.६० | – | |
| प्रतिनिधिसभा (सन् १९५९) | ६४ | १७ | २४ | – | ४ | | १०९ |
| महासभा (सन् १९५९) | २३ | ४ | ३ | – | ६ | | ३६ |
| जम्मा | ८७ | २१ | २७ | – | १० | | १४५ |
| प्रतिशत | ६०.०० | १४.५० | १८.६० | – | ६.९० | | १०० |

*(स्रोतः गोविन्द न्यौपाने, नेपालको जातीय प्रश्न सन् २००० पृष्ठ ७०)*



### जनसंख्या, जातिगत प्रतिनिधित्व र संसद्मा प्राप्त स्थानको प्रतिशत

| क्रम | विवरण | प्रतिनिधिसभामा प्राप्त स्थान र प्रतिशत २०४८ | | प्रतिनिधिसभामा प्राप्त स्थान र प्रतिशत २०५१ | | प्रतिनिधिसभामा प्राप्त स्थान र प्रतिशत २०५६ | | संसद्मा कुल प्राप्त स्थान र प्रतिशत २०५६ | | २००१ को जनगणनामा जातजातिको प्रतिशत | जातजातिको सदनमा क्रमिक स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | क्षेत्री | २८ | १३.७ | २९ | १४.१ | २९ | १४.२ | ३० | ११.३ | १५.८० | २ |
| २ | बाहुन (पहाडी) | ७७ | ३७.६ | ८६ | ४२.० | ७७ | ३७.६ | १०५ | ३९.६ | १२.७४ | १ |
| ३ | मगर | ३ | १.५ | ५ | २४ | ६ | ३० | ९ | ३४ | ७.१४ | ७ |
| ४ | थारू | १५ | ७.३ | १३ | ६.३ | १० | ४.६ | ११ | ४.२ | ६.७५ | ६ |
| ५ | तामाङ | ५ | २.४ | ४ | २.० | ४ | २.० | ४ | १.५ | ५.६४ | ११ |
| ६ | नेवार | १४ | ६.८ | १३ | ६.३ | १४ | ६.८ | २२ | ८.३ | ५.४८ | ३ |
| ७ | मुसलमान | ५ | २.४ | ४ | २.० | २ | ४.० | ३ | १.१ | ४.२७ | १२ |
| ८ | यादव | ५ | २.४ | ८ | ३.९ | १२ | ५.९ | १४ | ५.३ | ३.९४ | ५ |
| ९ | कामी | | | | | | | ३ | १.१ | ३.९४ | १२ |
| १० | राई | ५ | २.४ | ५ | २.४ | ५ | २.४ | ६ | २.३ | २.७९ | १० |
| ११ | गुरुङ | ७ | ३.४ | ५ | २.४ | ६ | ३.० | ७ | २.६ | २.३९ | ९ |
| १२ | दमाई | १ | ०.५ | | | | | १ | ०.४ | १.७२ | १४ |
| १३ | लिम्बू | ७ | ३.४ | ४ | २.० | ७ | ३.०५ | ९ | ३.४ | १.५८ | ७ |
| १४ | ठकुरी | ११ | ५.४ | ११ | ५.४ | १३ | ६.५ | १६ | ६.० | १.४७ | ४ |
| १५ | तेली | | | | | २ | १८ | २ | ०.८ | १.३४ | १३ |
| १६ | सन्यासी | | | | | २ | १० | ३ | १.१ | ०.८८ | १२ |
| १७ | धानुक | | | | | १ | ०.५ | १ | ०.४ | ०.८३ | १४ |
| १८ | बाहुने | ५ | २.४ | ६ | २.९ | ५ | १.५ | ७ | २.७ | ०.५९ | ८ |
| १९ | सुनुवार | | | | | १ | ०.५ | १ | ०.४ | ०.४२ | १४ |
| २० | हलुवाई | | | | | ३ | ४.५ | ३ | १.१ | ०.२२ | १२ |
| २१ | राजपुत | ५ | २.४ | ३ | १.५ | | | १ | ०.४ | ०.२१ | १४ |
| २२ | माडवारी | | | | | १ | ०.५ | १ | ०.४ | ०.१९ | १४ |
| २३ | थकाली | ३ | १.५ | १ | ०.५ | १ | ०.५ | २ | ०.८ | ०.०६ | १३ |
| २४ | अन्य | ५ | २.४ | ४ | २.० | ४ | २.०२ | ४ | १.५ | | ११ |

*स्रोतः (१) गुरुङ हर्क १९९८ (२०४८) आई. आई. डी. एस. (२०००) २०५१ सालको लागि*


*(२) २००१ को जनसंख्याको प्रतिशतको आधार, केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित राष्ट्रिय रिपोर्ट तालिका नं. २६, पृ. ७२-७३*

तीनवटै आमनिर्वाचनबाट प्रतिनिधिसभा सदस्यहरूका जातीय प्रतिनिधित्वको तथ्यांकले नै सदनमा विभिन्न जातजातिहरूको समुचित प्रतिनिधित्व हुन नसकेको तथ्य छर्लङ्ग पारेको छ। अतः सदन समावेशी हुन नसकेकाले विभिन्न समुदायहरूबाट आफ्नो प्रतिनिधित्व गराउने विषयले सबैको ध्यान आकृष्ट गरेको छ।

**निर्वाचन प्रणालीमा परिवर्तनको माग**: उपरोक्त चारवटा अस्वाभाविक अवस्थाहरू बाहेक वर्तमान निर्वाचन प्रणालीमा देखापरेका विसंगति तिर (धन, बल, प्रहरी प्रशासनको दुरूपयोगमा जोड) केन्द्रित नगरी यस छोटो कार्यपत्रमा लोकतन्त्रमा निर्वाचनलाई कसरी समावेशी स्वरूपको बनाउन सकिन्छ भन्ने विषयमा निर्वाचन प्रणालीमा के कस्ता सुधार वा परिवर्तन आवश्यक छ भन्ने विषय तिर आफ्नो विचार राख्दै छु।

वास्तवमा विगत केही वर्षयता वर्तमान निर्वाचन प्रणालीमा परिवर्तनको माग जल्दोबल्दो रूपमा उठेको छ। संसद्मा पनि यसबारे विवाद उठेपछि २०५६ सालको आमनिर्वाचनपछि प्रधानमन्त्रीको अध्यक्षतामा ११ सदस्यीय उच्चस्तरीय समिति गठन भए पनि सदनमा आफ्नो सुझाव प्रस्तुत गर्न सकेन। त्यो समितिले आफ्नो सुझावमा निर्वाचन प्रणालीका विषयमा विस्तृत अध्ययनको आवश्यकता महसुस गरे पनि त्यस विषयमा केही सुझाव राखेको भने थिएन।

हुनत त्यसअघि पनि २०५४ सालको स्थानीय निकाय निर्वाचनपछि २०५५ सालमा राष्ट्रियसभाका अध्यक्षको संयोजकत्वमा पनि १५ सदस्यीय संसदीय समिति बनेको थियो। विभिन्न दलहरूले पनि बेलाबखत यस विषयमा आफ्ना धारणाहरू घोषणापत्र र अन्य माध्यमबाट व्यक्त गर्दै आएका छन्। नेकपा माओवादीले पनि सुरु २०५२ मा निर्वाचन प्रणालीमा परिवर्तनको मागलाई समावेश गरेको थिएन पछि सबैलाई समवेश गराउन नयाँ निर्वाचन प्रणालीको माग अघि सरेको थियो।




***स्रोत-** IDEA, Sweden, Electroal System: A hand book of electroal design 2005*

## निर्वाचन प्रणाली

नेपालमा प्रयोग भइरहेको निर्वाचन प्रणालीलाई 'पहिलो हुने निर्वाचित हुने प्रणाली (First passed the post System)' भनिन्छ। यस प्रणालीमा सबै



उम्मेदवारहरूमध्ये सर्वाधिक मत हासिल गर्ने उम्मेदवार विजयी हुन्छ। अतः यस प्रणालीलाई बहुवाद वा सापेक्ष बहुमतवाद वा बहुसंख्यक साशन पनि भन्ने चलन छ। यसबाहेक अर्को निर्वाचन प्रणाली जुन बढी प्रयोगमा आएको देखिन्छ त्यो सूची प्रतिनिधित्ववाद हो। दोस्रो विश्व युद्धपछि र पूर्वी युरोपका मुलुकहरूमा साम्यवाद समाप्त हुनु पूर्वसम्म प्रजातान्त्रिक सत्रवटा राष्ट्रहरूले यी दुवैमध्ये एक प्रणालीलाई स्वीकारेका छन्। तीबाहेक संयुक्त राज्यअमेरिका, क्यानडा, इजरायल र न्युजिल्यान्ड पनि यी दुवै प्रणालीमध्ये एकलाई नै प्रयोग गरेका छन्। यीमध्ये अपवाद स्वरूप फ्रान्स, अस्ट्रिया, आयरल्यान्ड र जापानले उपरोक्त दुवै प्रणालीभन्दा भिन्न खालको प्रणाली प्रयोग गरिरहेका छन्। युरोपमा समानुपातिक प्रतिनिधित्वको प्रयोग अस्ट्रिया, बेल्जियम, डेनमार्क, जर्मनी, फिनल्यान्ड, ग्रिस, आइसल्यान्ड, आयरल्यान्ड, इटली, नेदरल्यान्ड, नर्वे, पोर्चुगाल, स्पेन, स्वीडेन र स्विट्जरल्यान्डमा भइरहेको छ। वास्तमा सम्पूर्ण युरोपमा नै (साम्यवादी युरोप बाहेक) यो प्रणाली प्रचलनमा देखिन्छ। मात्र बेलायतमा बहुमतवाद र फ्रान्समा पनि फरक खालको बहुमतवाद नै प्रचलित छ। हाम्रा छिमेकी मुलुकहरूमध्ये भारत र बंगलादेशमा बहुमतवाद नै हो तर महिलाहरूका लागि छुट्टै निर्वाचनको व्यवस्था बंगलादेशमा गरीएको छ। श्रीलंकामा समानुपातिक प्रतिनिधित्वको प्रणाली प्रयोगमा छ र पाकिस्तानमा मिश्रित खालको प्रणाली २००२ देखि प्रयोगमा ल्याइएको छ।

सामान्यतः बहुमतबाद र सूची समानुपातिक प्रतिनिधित्ववादका बीच तुलना गर्ने प्रचलन रहे तापनि विशेषतः प्रणालीहरूमा मूल्यप्रतिको प्रतिस्पर्धा, सरकारको स्थायित्व र प्रतिनिधित्वका विभिन्न पक्षलाई गम्भीर छलफलको विषयवस्तु बनाइन्छ। केही विद्वान्हरूका अनुसार बहुमतवाद र सुसप्रवादबीच तुलना गर्नु सट्टा बहुमतवाद र गैरबहुमतवादबीच तुलना गर्न नै मौलिक र वेश हुन्छ। वास्तमा बहुमतवादमाथि उल्लेख गरिएअनुसार जसमा सबभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेगर्छ त्यो बहुसंख्यक शासनवादको विभिन्न किसिममध्ये एक हो। फ्रान्सले प्रयोग गरेको दुईमत प्रणाली र अस्ट्रेलियाले प्रयोग गरेको बैकल्पिक मत प्रणाली वा बहुमत प्राथमिकता प्रणाली (Majority Preferential system) यसअन्तर्गतका दुई छुट्टाछुट्टै प्रणाली हुन्। तर, यी दुवै प्रणालीमा राजनीतिक दलहरूको अवस्था र राजनीतिक प्रतिस्पर्धाका सम्भावित प्रभावका पक्षहरूको सम्बन्धमा बढी मौलिक भिन्नता देखिन्छ। हुनत गैर समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत अर्ध समानुपातिक प्रणाली, संक्रमणिय मत प्रणाली, सीमित प्रणाली, जापानी एकल संक्रमणीय मत प्रणालीहरू पनि पर्दछन्।

## केही सैद्धान्तिक छलफल

**साध्य र साधन**: निर्वाचन प्रणालीका सम्बन्धमा रहेको विवादको आधार साध्य र साधनको बीचको विवाद हो। मानिस विवेकशील प्राणी भएकाले जहिले पनि जीवनमा साध्य र साधनको विषयमा सोच्दछ। राजनीतिज्ञहरू पनि निर्वाचनसित

सम्बन्धित विवादमा साध्य र साधनको विवादलाई गम्भीर रूपमा लिन्छन् । किनकी साध्यको विषयवस्तु उच्च खालको सिद्धन्त हुन्छ भने साधनको सम्बन्ध विशेष तकनिकीमा आधारित हुन्छ । अतः जबसम्म साध्यको सम्बन्धमा मतैक्य हुँदैन तबसम्म साधनको समाधान अर्थहीन हुन जान्छ । साध्यको बारेमा गहिरो मतभेदको कारण समर्थकहरूमा विभाजन स्वाभाविक हो । एक मतअनुसार प्रतिनिधित्व जीवन्त हुनुपर्दछ भने अर्को मतअनुसार जबसम्म सशक्त सरकार बन्न सक्दछ तबसम्म उपरोक्त विचार गौण बन्दछ । अर्थात, सशक्त सरकार नै निर्वाचनको साध्य हो । वास्तवमा यी दुवै विचारहरूको द्वन्द्व नै सम्पूर्ण निर्वाचन प्रणालीको स्थायित्वलाई कहिलेकाहीँ असर पारेको देखिन्छ ।

**'विचारको प्रतिनिधित्व' वा 'इच्छाको प्रतिनिधित्व'**: निर्वाचनको उद्देश्य प्रतिनिधित्व निर्धारण हो । प्रतिनिधित्वको सन्दर्भमा एउटा मुख्य प्रश्न के उठ्छ भने कस्को प्रतिनिधित्व- 'विचारको' वा 'संकल्पको' ? समानुपातिक प्रतिनिधित्ववादका समर्थकहरूका अनुसार निर्वाचन कुनै पनि राष्ट्रका सबै विचारहरूलाई कम वा बढी मात्रामा ठीकठीक स्वरूप प्रदान गर्ने वा तस्वीर बनाउने एउटा साधन हो । अर्को शब्दमा भनौं, प्रतिनिधित्वमा सबै खाले विचारहरू समावेश हुनुपर्दछ । यसको विपरीत विचार राख्ने मतअनुसार प्रजातन्त्र भन्नाले राष्ट्रका सबै अनेकता वा विविधताहरूलाई सानो रूपको आकृतिमा विभाजन गर्ने संसादको गठन होइन । मतदाताहरूले आफ्नो बढी समानरूप भएका प्रतिनिधिको चयन गर्ने होइन बरु वास्तवमा मतदाताहरूले आफ्नो सरकार छान्नुपर्छ जसमा निर्णय लिने क्षमता होस् र त्यो सरकार पूर्ण कार्यकालसम्म कर्यरत रहन सकोस् । यस विचारअनुसार समानुपातिक प्रतिनिधित्ववादले मतदातालई अनेकौं स्वतन्त्रदलहरूमा विभाजित गरी आफ्नो सरकारको टोली गठन गर्ने चाहनालाई अवरुद्ध गर्छ र यस चाहनालाई राजनीतिक नेताहरूले हस्तान्तरण गर्छन् । उदाहरणका लागि इटली, बेल्जियम, नेदरल्यान्ड, डेनमार्कजस्ता मुलुकहरूमा विधायिकाको निर्वाचन समाप्त भएपछि विभिन्न किसिमका बहुमत सिर्जना हुन सक्छन् जुन कमजोर र विभाजित पनि हुन्छन् । तीमध्ये कसलाई नागरिकहरूले प्राथमिकता दिने हो त्यो कुराको जानकारी असम्भव हुन्छ । मात्र छानिएका प्रतिनिधिहरूले विभिन्न किसिमका सम्भावित समीकरण वा गठबन्धन चयन गर्न सक्छन् र त्यस सम्बन्धमा मतदाताहरूको भूमिका गौण हुन जान्छ ।

यस सम्बन्धमा 'विचारको प्रतिनिधित्व' को सिद्धान्त अन्तर्निहित धारणा के छ भने अनेक राजनीतिक दलहरूले नागरिकहरूसमक्ष आफूलाई यस उद्देश्यले प्रस्तुत गरेका हुन्छन् कि प्रत्येक नागरिकले आफ्नो प्राथमिकताको सम्बन्धमा बढी नजिकको उम्मेदवारलाई आफ्नो प्रतिनिधिको रूपमा चयन गर्न सकोस् र प्रत्येक प्राथमिकताको प्रतिनिधित्व होस् । यसको अर्को अर्थ के छ भने प्राप्त मतको समानुपातमा जितेका स्थान त्यस राजनीतिक दललाई प्राप्त होस् । 'संकल्प वा आस्था वा इच्छाको प्रतिनिधित्वको सिद्धान्तलाई विपरीत प्रक्रियाको आवश्यकता पर्दछ । यसअनुसार मतदाताहरूले आफ्नो इच्छा वा संकल्पअनुसारको सरकार



बनाउन र त्यस सरकारलाई विधायिकाको पूरै कार्यावधि काम गर्न दिन एउटा साधनको रूपमा समुचित प्रतिनिधिहरूको सहयोग सदनमा उपलब्ध गराउनु हो ।

पहिलो विचारअनुसार प्रजातान्त्रिक निर्वाचनहरू जनताको विचारलाई विधायिकमा मतको रूपमा संसद्मा प्राप्त स्थानको रूपमा रूपान्तरण गर्ने एउटा साधन हो । यस विचारबाट के बुझ्न सकिन्छ भने राजनीतिक दलहरूको मतदाताको समानुपातिक रूपमा सदनमा स्थान प्राप्त हुनुपर्छ । अर्थात मतदानको तरिका समानुपातिक हुनुपर्छ । अर्को विचारअनुसार कुनै पनि निर्वाचन, सरकार बनाउने र शासनमा रहेका सरकारको अस्तित्व कायम राख्ने वा त्यसमा परिवर्तन गर्ने एउटा साधन हो जो मतदाताहरूको इच्छा वा संकल्पमा आधारित हुन्छ ।

यस छलफलको सन्दर्भमा छोटकरीमा के भन्न सकिन्छ भने बहुमतवादका समर्थकहरूले स्थायी सरकार प्रदान गर्ने बहुमतवादको प्रमुख विशेषता हो भन्ने तर्क प्रस्तुत गर्दछन् । यिनीहरूका अनुसार कम्तीमा समानुपातिक प्रतिनिधित्ववादको तुलनामा यस प्रणालीबाट बढी स्थायी सरकार बन्ने संभावना रहन्छ किनकी यसले सानासाना दलहरूलाई हटाएर दुईदलीय प्रणालीलाई अगाडि सार्नमा सहायक हुन्छ । परिणाम स्वरूप एक दलीय स्थायी सरकारको गठन सम्भव हुन्छ । तर यसको विपरीत समानुपातिक प्रतिनिधित्ववादीहरूको मुख्य तर्क के छ भने प्रजातान्त्रिक विधायिकामा सबै खाले मतदाताहरूका लागि एकमात्र प्रणाली समानुपातिक प्रतिनिधित्ववाद हो ।

यस सम्बन्धमा एउटा कुरा के उल्लेखनीय छ भने एकातिर केही विद्वान्हरू सूची समानुपातिक प्रतिनिधित्ववादको तुलनामा एकल संक्रमणीय प्रणालीलाई आदर्श मानेका छन् भने अर्को तिर सूची प्रतिनिधित्व प्रणालीलाई बढी आकर्षक मानेर यसको प्रयोग बढी मुलुकहरूमा भइरहेको देखिन्छ ।

**सत्ता सहभागिता र प्रतिनिधित्व**: समानुपातिक प्रतिनिधित्ववादमा निश्चय नै विधायिकामा ठूला र साना दलहरूलाई मोटामोटी रूपमा प्रतिनिधित्व गराएको हुन्छ । तर, सत्तामा सबै दललाई समानुपातिक रूपमा सहभागी गराउन सकिँदैन । साना दलहरू संसद्मा समानुपातिक प्रतिनिधिका आधारमा राम्ररी प्रतिनिधित्व पाएका हुन्छन् तर ती दलहरू मिलिजुली सरकार गठन भएमा पूर्णरूपमा असान्दर्भिक र शक्तिहीन वा प्रभावहिन हुन पुग्छन् । कहिलेकाहीँ ती दलहरू भाग्यमानी हुन सक्छन् जव शक्तिशाली दलहरूबीच तीव्र प्रतिस्पर्धा चल्छ । त्यस अवस्थामा ती दलहरूले सत्तामा प्रभाव पार्न सक्छन् । तर, सामान्यतः ती दलहरू समानुपातिक राजनीतिक शक्ति हुन भने सक्दैनन् । हुनतः बहुमतवादमा पनि ससाना दलहरू पनि मिलिजुली सरकारमा सहभागी हुन पुग्दछन् । उदाहरणका लागि भारतको पछिल्ला सदनहरूमा थुप्रै दलहरूको सहभागितामा संयुक्त सरकार बन्दै आएका छन् । नेपालमा पनि त्रिशंकु संसद्को अवस्थामा यस्तो अनुभव गरिएको थियो ।

कुनै-कुनै राष्ट्रमा विशेष रूपमा अमेरिका र फ्रान्सजस्ता मुलुकमा दुवै किसिमका निर्वाचनका उद्देश्यलाई छुट्याइएको छ । किनकी मतदाताहरूलाई

कार्यकारिणी र विधायिकाका लागि छुट्टाछुट्टै मत खसाल्ने व्यवस्था गरिएको देखिन्छ। तर संसदीय व्यवस्थामा यी दुवै किसिमका निर्वाचनलाई एउटै 'आमनिर्वाचन' मा गाभिएको छ। अतः संसदीय निर्वाचनमा उद्देश्यका सन्दर्भमा केही अंशमा अस्पष्टता रहिरहन्छ। उपरोक्त दुवै प्रणाली सामान्य रूपमा दुई वा दुईभन्दा बढी सदस्यहरू रहेको संस्थाको निर्वाचनमा बढी सान्दर्भिक छन्। तर, जब एउटै स्थानको वा विशेषतः एउटै कार्यकारी पदको पूर्तिका लागि निर्वाचन गराउनुपर्ने भएको खण्डमा समानुपातिक वा अर्ध समानुपातिक प्रतिनिधित्व प्रणाली एकदम असान्दर्भिक हुन जान्छ।

**बहुमतवाद र समानुपातिकवादको व्यावहारिक पक्ष**

उदाहरणको रूपमा २०५६ सालको निर्वाचनको परिणामलाई दलहरूले प्राप्त गरेका मतका प्रतिशतलाई आधार बनाएर हेर्न सकिन्छ।

**टेबुल नं. ४ समानुपातिक प्रतिनिधित्वको आधारमा संसद्को स्वरूप**

| संख्या | दलको नाम | प्राप्त मतको प्रतिशत | प्राप्त स्थान | समानुपातको आधारमा प्राप्त हुने स्थान | बढेको | घटेको |
|---|---|---|---|---|---|---|
| १. | नपाली कांग्रेस | ३६.१४ | १११ | ७५ | ... | ३६ |
| २. | नेकपा (एमाले) | ३०.७४ | ७१ | ६३ | ... | ८ |
| ३ | राप्रपा | १०.१४ | ११ | २१ | १० | ... |
| ४. | नेपाल सद्भावना पार्टी | ३.१३ | ५ | ६ | १ | ... |
| ५ | राजमो | १.३७ | ५ | ३ | ... | २ |
| ६ | सयुक्त जनमोर्चा नेपाल | ०.८४ | १ | २ | १ | ....... |
| ७. | नेमकिपा | ०.५५ | १ | १ | ........ | .. |
| ८. | नेकपा (माले) | ६.३८ | ० | १३ | १३ | .... |
| ९. | राप्रपा (चन्द) | ३.३३ | ० | ७ | ७ | ... |
| १०. | राजनमुक्ति पार्टी | १.०७ | ० | २ | २ | ... |
| ११. | स्वतन्त्रहरू | २.८३ | ० | ६ | ६ | .... |

निर्वाचन आयोग दर्ता भएका १०० दलहरूमध्ये जम्मा ३९ वटा दलहरूले मात्र निर्वाचनमा भाग लिएका थिए। सोमध्ये निर्वाचन परिणामअनुसार १६ वटा दलहरू ० प्रतिशत मत प्राप्त गरेका थिए भने ३ वटा दलहरूले ०.०१ प्रतिशत, २ वटा दलहरूले ०.०२ प्रतिशत, एउटा दलले ०.०४ प्रतिशत, २ वटा दलले ०.०६ प्रतिशत, एउटा दलले ०.०७ प्रतिशत, एउटा दलले ०.०८ प्रतिशत, एउटा दलले ०.०९ एउटा दलले ०.११ र एउटा दलले ०.१३ प्रतिशत मत प्राप्त गरेका छन्। कुल २९ वटा दलहरूले निर्वाचनमा १ प्रतिशत मत पनि प्राप्त गर्न सकेनन्। दुईवटा दलहरूले एक प्रतिशतभन्दा कम मत पाए पनि संसद्मा आफ्ना प्रतिनिधि पठाउन सफल भए भने १ प्रतिशतभन्दा बढी मत प्राप्त गरेका दुईवटा दलसमेत राप्रपा (चन्द) र नेकपा (माले) ले आफ्नो प्रतिनिधि संसद्मा पठाउन सकेनन्। अतः एउटा



प्रतिशतलाई 'कटअप' प्रतिशतको रूप लिनुपर्दछ। त्यो ०.५५ प्रतिशत हुन सक्छ र त्यसभन्दा कम मत प्राप्त गरेका २९ वटा दलको विचारको प्रतिनिधित्व संसद्मा हुन सक्दैन। अनि सबै दलहरूको विचारलाई कसरी समेट्ने ? त्यसमा स्वतन्त्रहरूले कुनै स्थान जित्न सक्दैनन् किनकी तिनका छुट्टै दल हुँदैनन् र तिनको प्रतिनिधित्व हुन सक्दैन। अब दोस्रो मूल प्रश्न सरकार गठन सम्बन्धमा उठ्न सक्दछ। वर्तमान प्रणालीअन्तर्गत साधारण बहुमतको आधारमा सरकार गठन हुन्छ जसमा एकदलीय सरकार गठन भएका छन्। जुन किसिमले २०४८ साल र २०५६ सालको आम निर्वाचनपछि सम्भव भयो तर यदि समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा सरकारको गठन हुने हो भने वर्तमान दलहरूको सदनमा हुने अनुमानित स्थानको आधारमा सबै राजनीतिक दलहरूको संयुक्त सरकार बनाउनुपर्छ। प्रत्येक दलले आ-आफ्नो आदर्श बोकेको हुन्छ। सबै दलहरूलाई सरकारमा सहभागी गराउने हो भने विपक्षी दलको भूमिका गौण हुन जान्छ। या त संसद्मा बहुमतका हिसाबले मोर्चा बनाएर बहुमतको सरकार बनाउनुपर्छ। यदि कुनै ठूलो दललाई अलग गरेर सरकार बनाइन्छ भने सदनमा समानुपातिक प्रतिनिधित्व खोज्ने तर सरकारमा समानुपातिक प्रतिनिधित्व नदिने कुरो अनैतिक देखिन्छ। दोस्रो सरकारमा दलहरूको प्रतिनिधित्वको आधारका लागि न्यूनतम संसद् संख्या तोकिन्छ भने पुनः प्रतिनिधित्वको प्रश्न उत्तिकै टड्कारो भएर आउँछ। अतः विधायिका र कार्यपालिकाको अवधारणाप्रति एउटा निश्चित सोच बनाइँदैन। निर्वाचन प्रणालीका बारेमा निर्णय लिन अव्यावहारिक हुन जान्छ।

टेबुल नं. ३ मा मुलुकका विभिन्न जाति जनजातिहरूको संसद्मा प्रतिनिधित्वको तथ्यांकलाई हेर्दा निकै संख्यामा जाति जनजातिहरूको प्रतिनिधित्व हुन नसकेको तथ्य स्पष्ट हुन्छ। पछिल्लो राष्ट्रिय जनगणनाअनुसार दलित र सुनिश्चित नभएको दलितहरूको संख्या १, ७३,४०१ (०.७५ प्रतिशत) छ र त्यस्तै अन्य सुनिश्चित नभएका जाति जनजातिहरूको संख्या २,३१,६१४ (१.०२ प्रतिशत) छ। तीबाहेक १०१ किसिमका जाति जनजाति अधिराज्यभरि छरिएका छन्। एकातिर क्षेत्रीहरूको जनसंख्या ३६ लाख छ भने अर्कोतिर जनगणनाको सि.नं.को १०१ मा पर्ने जाति कुसुण्डाहरूको जनसंख्या १६४, सि.नं १०० मा पर्ने पथरकट्टा र कुसवरियाको जनसंख्या ५ सय ५२ रहेको देखिन्छ। कुल जनसंख्याको १ प्रतिशत ओगट्ने जाति जनजातिहरूको जनसंख्या मात्र १८ छ र १ लाखसम्म जनसंख्या भएका जाति जनजातिहरूको संख्या ३१ छ त्यस्तै ७५ हजरसम्म जनसंख्या भएका जाति जनजातिहरूको संख्या ४० छ र २५ हजारसम्मको संख्या ५८/५९ पुग्दछ। यस्तो अवस्थामा कुन जनसंख्यालाई आधार बनाई सदनमा प्रतिनिधित्व गराउने प्रश्न जटिल छ।

उपरोक्त तथ्यांकका आधारमा गत संसद्मा विभिन्न जात जातिहरूको प्रतिनिधित्वको अवस्थालाई हेर्दा पहाडमा बाहुन र ठकुरी तथा तराईमा पनि बाहुन र यादवबाहेक अन्य जाति जनजातिहरूको जनसंख्या र प्रतिनिधित्वको प्रतिशतमा बढी अन्तर देखिँदैन र तिनको न्यून प्रतिनिधित्वको लागि निर्वाचन प्रणालीलाई मात्र दोष दिन मिल्दैन।

**समानुपातिक प्रतिनिधित्वसित गाँसिएका केही कुराहरू:**

समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत सूची समानुपातिक प्रतिनिधित्व प्रणालीको निर्वाचन प्रक्रियाअन्तर्गत दलहरूले मतदान पूर्व उम्मेदवारहरूको सूची बनाएर निर्वाचन आयोगमा पेस गर्दछन्। कुल प्राप्त मतको प्रतिशतका आधारमा माथिबाट उम्मेदवार स्वतः निर्वाचित हुन्छन्।

१. **प्रतिनिधित्व पाउने सीमा:** (The threshold) जर्मनी- ५ प्रतिशत वा कम्तीमा तीन स्थान, रुस, न्युजिल्यान्डमा १ स्थान वा ५ प्रतिशत। **रुसमा १९९५ को निर्वाचनमा आधा सूची बेकार भएको थियो।**
२. **ससाना दलहरूको मोर्चा वा संगठन बनाएर यो सीमालाई प्रभावहीन बनाउँछन्।**
३. **खुल्ला, निश्चित, स्वतन्त्र सूची:**
४. **मतदाताको साक्षरता:**
५. **राजनीतिक प्रतिबद्धत्ता :**
६. **निर्वाचन क्षेत्रको बृहत्तरता** (District magnitute)
७. **संसद्, सरकार र विपक्षप्रतिको राजनीतिक धारणा:**
८. **महिलाको प्रतिनिधित्व:**
९. **अल्पसंख्यकको संरक्षण:**
१०. **सामुदायिक या जातीय प्रतिनिधित्व:**

**गुण दोष:** यी दुवै प्रणालीको गुण र दोषलाई पनि छोटकरीमा राख्नु उचित हुनेछ। बहुमतवाद प्रणालीमा गुणहरू जोमाथि उल्लेख गरिएका छन्बाहेक (१) प्रतिनिधि र भौगोलिक सीमा क्षेत्रका मतदाताहरूबीच नजिक र प्रगाढ सम्बन्ध रहन्छ। (२) योग्य र जानिएको प्रतिनिधिको छनौट सम्भव हुन्छ। (३) सम्बन्धित क्षेत्रको समुचित विकासको सम्भावना रहन्छ। (४) क्षेत्रका मतदाताहरूका लागि एउटा अभिभावक र संरक्षकको रूपमा आफ्नो प्रतिनिधि छानिएको हुन्छ। (५) सबैभन्दा मुख्य गुण हो यस प्रणालीमा अन्तर्निहित अति सजिलो निर्वाचन प्रणाली जसलाई अन्य प्रणालीले जित्न सक्दैन। (६) अशिक्षित र असाक्षर मतदाताको लागि यो एक मात्र प्रणाली हो। (७) एक सदस्यीय निर्वाचनको क्षेत्रका लागि यो प्रणाली नै उपयोगी हुन्छ। (८) स्वतन्त्र व्यक्तिहरू पनि निर्वाचनमा भाग लिन सक्छन्। तर यसमा अल्पसंख्यक मतदाताहरू, महिला र विभिन्न स्वतन्त्र विचारहरूको प्रतिनिधित्व हुन सक्दैन। अल्पसंख्यकहरूको सरकार बन्छ। सबै जात जातिहरूको प्रतिनिधित्व हुन सक्दैन।

समानुपातिक प्रतिनिधित्व प्रणालीको विशेषता सबै खाले मतदाताहरूको र सबै राजनीतिक दलहरूको प्रतिनिधित्व हुने हो। साथै, प्रतिनिधित्व जीवन्त र यथार्थ हुन्छ जुन कुनै पनि किसिमको निर्वाचनको मुख्य उद्देश्य हो।

तर यस प्रणालीका र विशेष रूपमा सूची समानुपातिक प्रणालीका केही त्रुटिहरू पनि छन्। १) यस प्रणालीअन्तर्गत स्थानीय नेतृत्वको विकास सम्भव हुँदैन। २) जहिले पनि दलका शीर्षस्थ नेताहरूमा गुटबन्दी र तानाशाही प्रवृत्ति हावी हुन सक्दछ र दलभित्रको प्रजातन्त्रको अभाव र विरोधी आवाजलाई बन्द गरिन्छ। ३) दलका शीर्षस्थ नेताहरूको विजय सुनिश्चित निश्क्रियता रहन्छ किनकी तयार



पारेको सूचीमा माथि नाम रहेका उम्मेदवारहरूमा (नेताहरूमा) सन्तुष्टिको भावना रहन्छ जसले गर्दा उनी निर्वाचनमा बढी सक्रिय हुँदैनन्। किनकी केही प्रतिशत मत प्राप्त गरे पनि यस प्रणालीअन्तर्गत तिनको विजय सुनिश्चित निश्क्रियता रहन्छ। ४) सामान्य कार्यकर्ताको निर्वाचन असम्भव हुन्छ किनकी यसको विपरीत तल परेका नाम रहेका उम्मेदवार यस कारण परिश्रम गरिदैन कि दलले राम्रो मत प्राप्त गरे पनि उसले विजय हासिल गर्न सक्दैन। अर्थात सामान्य कार्यकर्ताको नाम सधैँ सूचीको अन्त्यमा रहन्छ जसले गर्दा उ कहिले पनि सदनमा आउन सक्दैन। ५) स्वतन्त्र उम्मेदवारको कुनै भूमिका यस प्रणालीमा हुँदैन। ६) चाहेजति योग्य र लोकप्रिय व्यक्ति प्रतिनिधि बन्न पाउँदैन।

**समानान्तर वा मिश्रित प्रणाली**

यो प्रणाली १९९० को दशकमा विकसित भएको प्रणाली हो। यसमा सूची समानुपातिक प्रतिनिधित्व प्रणाली र पहिलो हुने निर्वाचित हुने प्रणालीका लाभदायी गुणहरूलाई समन्वय गरिएको देखिन्छ। त्यसैले यसलाई समानान्तर वा मिश्रित प्रणालीको संज्ञा दिइएको छ। वर्तमानमा २० मुलुकहरूमा यस प्रणालीको प्रयोग भइरहेको छ। अरमेनिया, केमरुन, क्रोसिया, ग्वाटेमाला, रविनो जापान, दक्षिण कोरिया, नाइजर, रुस, सिचिल्स र सोमालियाले पहिलो हुनु निर्वाचित हुने प्रणालीको साथसाथै सूची समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रयोग गर्दैछन् भने अल्बानिया, अजरबैजान, जर्जिया, लिथुवानिया दुईचक्र प्रणाली र सूची समानुपातिक प्रतिनिधित्व प्रणालीलाई प्रयोग गरेका छन्। अनडोराले ब्लकमत (एकमुष्ट) प्रणालीको प्रयोगका आधारमा आफ्ना सांसदहरूको निर्वाचन गर्छ भने ट्युनिसिया, इक्वेडोर र सेनेगलले दलीय ब्लकमत (दलीय एकमुस्ट प्रणाली) को प्रयोग गर्छन्। ताइवानले एकल संक्रमणीय मत प्रणालीको साथै समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रयोग गर्छ। रुस र अनडोरीले आधा-आधा स्थानहरूका लागि दुवै प्रणाली प्रयोग गर्छन्। ट्युनिसियामा ८८ प्रतिशत स्थानहरूको निर्वाचन दलीय एकमुष्ट प्रणालीबाट र १२ प्रतिशतको सूची समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचन गर्ने गरिन्छ। सोमालियमा ९२ प्रतिशतको सूची समानुपातिक प्रतिनिधित्व प्रणालीबाट र ८ प्रतिशतको निर्वाचन बढी मत प्रणालीबाट हुन्छ। जापाना ६० प्रतिशत स्थानको निर्वाचन बढीमत प्रणालीबाट र बाँकी ४० प्रतिशतको सूची समानुपातिक प्रतिनिधित्व प्रणालीबाट हुन्छ। नेपालमा हालै यस प्रणालीको पक्षमा पनि वकालत हुन थालेको छ।

यस प्रणालीबाट प्राप्त परिणाम बढीमत/ बहुमत प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट प्राप्त परिणामको बीचमा कतै पर्छ।

१) बढी अवस्थामा यस प्रणालीले छनोटको लागि मतदाताहरूलाई क्षेत्र र दलको सन्दर्भमा अर्को विकल्प राष्ट्रियस्तरमा प्रदान गर्छ किनकी त्यसका लागि दुईवटा मतपत्र प्रयोग हुन्छन्।

२) यस प्रणालीको दोस्रो फाइदा के छ भने समानुपातिक प्रणालीअन्तर्गत निर्वाचित हुने स्थानहरू बढी हुन सक्छन् र ससाना अल्पसंख्यक दलहरू पनि समानुपातिक

बाँडफाँडमा केही न केही स्थान प्राप्त गर्न सफल हुन्छन् जुन बढीमत प्रणालीमा सम्भव हुँदैन ।

३) यस विकसित प्रणालीबाट समानुपातिक प्रणालीको तुलनामा दलीय व्यवस्थामा विभाजन कम हुन्छ ।

**अवगुणहरू**

यस प्रणालीबाट दुईथरिका सांसदहरूको सिर्जना हुन्छ । एकथरिका सांसदहरूको सम्बन्ध क्षेत्रका मतदाताहरूसित रहन्छ भने अर्कोथरिका सांसदहरूका ती हुन् जुन दलको सूचीबाट आउँछन् ।

१) पछिल्लो सांसदहरूको कुनै औपचारिक क्षेत्र हुँदैन र निश्चित क्षेत्रसित सम्बन्ध पनि रहँदैन । तिनको सम्बन्ध दलका नेतासित मात्र रहन्छ ।

२) यो प्रणाली पनि सबै दलहरूलाई प्रतिनिधित्व उपलब्ध गराउन सुनिश्चित गर्न सकिँदैन किनकी त्यसका लागि प्रतिशतको एउटा सीमातोकिएको हुन्छ । त्यस सीमाभन्दा बढीमत ल्याउने दलले मात्र प्रतिनिधित्व पाउँछन् र कम मत ल्याउनेले पाउँदैनन् ।

३) यस प्रणालीको स्वरूप र कार्यान्वयन प्रक्रिया जटिल भएकाले यसले मतदातालाई भ्रमित पार्न सक्छ ।

**हाम्रो सन्दर्भमा उपयुक्त निर्वाचन प्रणाली**

यस प्रसंगमा निर्वाचन प्रणालीको केही व्यावहारिक आधारलाई हेर्नुपर्छ ।

**१. निर्वाचन क्षेत्रको निर्धारण:**

समानुपातिकमा एउटै क्षेत्र रहन्छ । अन्य प्रणालीमा एकै जिल्लामा विभिन्न क्षेत्रहरू रहन्छन् । परिणामस्वरूप जनसंख्याका समूहगत उचित र समन्वयात्मक प्रतिनिधित्व हुन्छ तर सीमा निर्धारण आयोग गठनमा खर्च बढी हुन्छ । धाँधलीको पनि सम्भावना रहन्छ ।

२. मतदाताको नाम दर्ता: यो काम पनि जटिल हो तर यसमा विवाद पनि उठ्न सक्छ ।

३. मतपत्रको निर्माण :

४. मतगणना :

५. खर्च र प्रशासनिक बोझ :

६. सुरक्षा व्यवस्था :

७. मतदाताको शिक्षा :

८. मतदाताको सहभागिता :

**दलित समस्या**

सूची समानुपातिक प्रणालीमा प्रत्येक दलले आफ्नो सूचीमा माथिल्लो क्रममा दलितहरूको नाम राख्नुपर्‍यो भने सबैदलले कतिवटा नाम राख्ने -जनसंखयाको प्रतिमत आधारमा राखेको विजयी दलका दलित उम्मेदवारहरूको संख्या -अति र



अव्यावहारिक रूपमा बढ्न सक्छ , कम्तीमा कति राख्ने ? विवादको विषय हुन सक्छ ।

पहिलो हुने निर्वाचित हुनेमा दलहरूले उम्मेदवारहरूको केही प्रतिशत दलितहरूलाई मनोनयन गरेको खण्डमा- केही प्रतिशत दलितको प्रतिनिधित्व सम्भव हुनसक्छ र माथिल्लो सदनमा मनोनयन/ प्रतिनिधित्वको व्यवस्थाद्वारा पनि हुन सक्छ ।

**जनजातिहरूका हकमा:** सूची समानुपातिक प्रतिनिधत्वको प्रसंगमा जनजातिहरूको प्रतिनिधित्वको लागि केन्द्रीय सूची दलहरूमा नराखी जिल्लास्तरको सूचीको व्यवस्था हुनुपर्दछ । के मुलुकलाई- निर्वाचन/ प्रशासनिक/ स्वयत्तताको आधारमा बाडिने ? - ती क्षेत्रहरूलाई पनि सिंगो इकाईको रूपमा राखी केन्द्रीय सूचीको व्यवस्था गर्ने ।

विभिन्न ससाना निर्वाचन क्षेत्रमा बाँडी छुट्टाछुट्टै सूचीको व्यवस्था गर्ने ? 'तर पहिलो हुने निर्वाचित हुने व्यवस्थामा पनि वर्तमान जिल्लाको संख्या घटाएर ६-७ क्षेत्रहरूलाई मिलाएर जिल्ला पुनर्गठन गर्ने र जनजातिहरूको बहुसंख्यक वा प्रयाप्त संख्या रहेको क्षेत्रहरूमा उनीहरूलाई नै मनोनयन गर्ने व्यवस्था राखिने ।

**सत्तामा साझेदारी :**

समानुपातिक प्रणालीमा सदनमा प्राप्त गरेको प्रतिनिधित्वको आधारमा सत्तामा पनि साझेदारी एक किसिमको अनिवार्यता नै हुन्छ । एक दलको बहुमतको सरकार पनि मान्य हुन्छ । यी सबै संविधानअनुसार हुन्छन् । संयुक्त सरकार भएको खण्डमा यसको आफ्नो गुण र दोष अन्तरनिहित रहन्छन् । फिजीमा १० प्रतिशतसम्म स्थान प्राप्त गरेको दललाई अनिवार्य रूपमा सरकारमा सहभागी बनाउनुपर्छ र सदनमा बहुमत प्राप्त गर्नको लागि जुनसुकै दलसित मिलि सरकार बनाउने बाध्यता पनि कहिलेकाहीँ रहन्छ । सरकारमा साझेदारीको माग अन्य दलहरूको मात्र होइन कि आफ्नो दलका सांसदहरूको पनि उत्तिकै हुन्छ जसले गर्दा प्रधानमन्त्रीलाई भ्रष्ट सांसदलाई पनि मन्त्रिमण्डलमा सामिल गर्नुपर्ने बाध्यता उत्पन्न हुन्छ । अतः बढीमा ५० प्रतिशत मन्त्री संदनबाहीरबाट ल्याउनुपर्छ तर तिनका नियुक्तिको अनुमोदन संदनबाट हुनुपदर्छ ।

**भौगोलिक प्रतिनिधित्व :-**

पहिलो हुने निर्वाचित प्रणालीमा निर्वाचन क्षेत्रको निश्चित सीमा हुन्छ । अर्थात एउटै जिल्लामा एकभन्दा बढी निर्वाचन क्षेत्र भएको खण्डमा त्यस क्षेत्रको प्रतिनिधिले भौगोलिक प्रतिनिधित्व गरेको हुन्छ । जुन समानुपातिक प्रतिनिधित्व र विशेषरूपमा सूची समानुपातिक प्रतिनिधित्व प्रणालीमा सम्भव हुँदैन तर जहाँ जिल्लास्तरमा पनि सूची प्रणाली रहन्छ त्यहाँ भौगोलिक प्रतिनिधित्व हुन सक्छ ।

कर्णालीजस्तो क्षेत्रमा छुट्टै निर्वाचन प्रणली लागू गर्न सकिँदैन । त्यहाँको समस्या विकासको समस्या हो । हुनतः संसद् र सरकारको ध्यान जानु आवश्यक हो तर त्यसको लागि छुट्टै निर्वाचन प्रणालीको आवश्यकता छैन । त्यस्तै तराईमा पनि विकास प्रक्रियालाई तीव्र पार्न वा प्रशासनिक यन्त्रमा स्थानीय जनसमुदायको सहभागिता आवश्यक र उपयोगी हुन्छ । त्यसको लागि स्वायत्ता वा विकासीय भौगोलिक संरचनाको

आवश्यकता हुन्छ तर स्वायतताको अवधारणा निकै जटिल हो। स्वायतता कहाँसम्म - प्रान्त⁄ जिल्ला⁄ थाना वा गाउँसम्म दिने वा जातीय भाषागत वा सांस्कृतिक आधारमा दिने हो कि। र कुन क्षेत्र विशेषमा दिने कि - शिक्षा, स्वास्थ्य, उद्योग, स्थानीय प्रशासन। यसको लागि राजनीतिक छलफल गर्नुपर्ने आवश्यकता हो।

**स्थानीयतहमा र निर्वाचन :-**

गाविस र नगरपालिका तहसम्म निर्वाचन दलीय आधारमा नहुनुपर्ने देखिन्छ। किनकि यसले वडासम्म दलीय विभाजन ल्याउँछ। तर जिल्ला विकास समितिको तहमा दलीय निर्वाचन चिन्हको आधारमा निर्वाचन गराउन सकिन्छ हुनतः गाविस र नगरपालिकामा पनि दलीय निर्वाचनको प्रभाव अवश्य पर्छ। यो एक किसिमको अन्तविरोध पूर्ण अवस्था हुन आउँछ।

**सांसदको योग्यता पनि अनिवार्यरूपमा तोकिनुपर्छ :-**

विदेशमा रहेका मात्र हैन कि मतदानको दिन उपस्थित नहुने मतदाताहरूका लागि मतदानको व्यवस्था हुनुपदर्छ र मतदानकार्यमा संलग्न कर्मचारीका लागि पनि अग्रिम मतदान⁄हुलाकी मतदान ⁄अर्काद्वारा मतदानको व्यवस्था हुनु अनिवार्य छ। हामी अल्पमतको सरकारको कुरो गर्छौ तर ७०⁄८० लाख मतदाता मतदानबाट वञ्चित रहन्छन् त्यस माथि ध्यान दिदैनौ।

**सुझावहरू:**

समस्याहरूको पहिचानको सन्दर्भमा के भन्न सकिन्छ भने केही समस्या निर्वाचन प्रणालीसँग अविभाज्यरूपले गाँसिएका छन् भने केहीको सम्बन्ध अयथार्थ दृष्टिकोणसँग छ।

१) संसद्मा मान्यता प्राप्तिका लागि जुन सर्तहरू राखिएका छन्, ती अपर्याप्त छन्। प्राप्त मतको प्रतिशतको आधारमा मात्र मान्यता दिनु उचित छैन। बरु निर्वाचित स्थानको आधारमा पनि मान्यताको व्यवस्था राख्नुपर्दछ। किनकी संसदीय क्षेत्रहरूमा मतदाताको संख्या समान छैन। जुन निर्वाचन क्षेत्रमा मतदाताको संख्या ५ हजार छ भने २५०१ मतले पनि प्रतिनिधिको छनौट हुन जान्छ। अतः २–३ सांसद रहेको दलहरूलाई पनि मान्यता दिनुपर्ने व्यवस्था संविधानमा राख्नुपर्छ।

२) 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणालीको सबभन्दा ठूलो अवगुण यही होकी राष्ट्रियस्तरमा कुल प्राप्त मतको आधारमा प्रतिनिधिको छनौट हुँदैन र समग्र रूपमा ठूलो संख्यामा रहेका मतदाता प्रतिनिधिविहीन हुन जान्छ। यस समस्याको समाधानका लागि राष्ट्रले ठूला निणर्यहरू लिनुपर्छ कि संसद्को अनुहार, प्रसंग तथा क्रियाशिलता कुन किसिमको हुनुपर्छ। प्रधानमन्त्रीको अधिकार विपक्षीको भूमिका संयुक्त सरकारको अवधारणा मतदाताको शैक्षिक र आर्थिक अवस्था आदि।

३) राजनीतिक दलहरूको प्रजातान्त्रीकरणः बहुदलीय व्यवस्था भन्ने वित्तिकै दलहरूको अपरिर्हायतालाई स्वीकार्नुपर्छ र प्रजातन्त्रलाई व्यवहारमा उतार्ने जिम्मेवारी राजनीतिक दलको हो जुन संविधानबाट निर्देशित हुन्छ। जबसम्म दलहरूमा आन्तरिक प्रजातन्त्र क्रियाशील हुँदैन तबसम्म प्रजातान्त्रिक संस्कार फस्टाउँदैन र न देशमा नै प्रजातन्त्र दिगो हुन सक्छ।



४) वर्तमान निर्वाचन प्रणालीमा अल्पमतको सरकार गठन हुन्छ भन्ने प्रश्नको सन्दर्भमा के भन्न सकिन्छ भने मोटामोटी किसिमले यो प्रस्ट देखिन्छ कि ३६ प्रतिशत मत प्राप्त गरेर नेपाली कांग्रेसको एकमना सरकार बनेको थियो। ६४ प्रतिशत मतदाताद्वारा छानिएका प्रतिनिधिहरू विपक्षमा बसेका छन्। यहाँनेर हामीले के हेर्न बिसन्छौं कि जुन ६४ प्रतिशत मत छन् ती पक्कै नेपाली कांग्रेसको विरोधी मत हुन्। तर, यीमध्ये प्रत्येक दलले प्राप्त गरेका मतहरू एक अर्का दलको मतहरूको विरोधी मत पनि हुन्। सबै एक आपसको नकारात्मक मतलाई सकारात्मक रूपमा एउटै रूपमा लिनु अनुचित हुन्छ। प्रत्येक निर्वाचनमा ३५⁄३६ प्रतिशत मतदाता अनुपस्थित रहन्छन्। तिनको मतको विषयमा पनि सोच्नुपर्छ।

५) निश्चय नै नेपाल एउटा बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय मुलुक हो। विगतका निर्वाचनहरूले तिनको समुचित प्रतिनिधित्व गराउन सफल भएको प्रमाणित नै हुन्छ र लोकतन्त्रमा सबैको प्रतिनिधित्वलाई अनिवार्य रूपमा समावेश गरी प्रतिनिधित्वलाई यथार्थ बनाउनुपर्छ। यसका लागि निम्नबमोजिम व्यवस्था हुनुपर्छ। विशेष रूपमा दलितलाई ग्रहायता दिनुपर्दछ।

(क) राजनीतिक दलहरूले आफ्ना उम्मेदवारहरूको छनौट गर्दा सबै वर्गहरू समुदायहरूलाई समावेश गर्नुपर्छ। यसका लागि राजनीतिक दल दर्ता ऐनमा नै जातीय, वर्गीय प्रतिनिधित्व गराउने प्रावधानहरू राख्नुपर्छ। किनकी बहुदलीय व्यवस्थामा दलहरूको भूमिका नै मुख्य हुन आउँछ।

(ख) महिलाहरूको प्रतिनिधित्वलाई पनि क्रमशः बढाउनुपर्छ र २५ वा ३० प्रतिशतबाट सुरु गरी प्रत्येक दुई आमनिर्वाचनपछि ५ प्रतिशत वा १० प्रतिशतको दरले अभिवृद्धी गरी ५० प्रतिशतसम्म पुऱ्याउनुपर्छ। यो सीमा ग्रामीण क्षेत्रमा विशेष रूपमा लागू गर्नुपर्छ।

(ग) अल्पसंख्यक र जनजातिहरूको प्रतिनिधित्व संसद्मा हुनुपर्छ तर सबैको प्रतिनिधित्व संसद्मा गराउनु असम्भव कुरा हो। अतः विभिन्न विकल्पहरूको खोजी गरिनुपर्छ। यहाँ केही विकल्पहरू राख्न चाहन्छु।

प्रथमतः राजनीतिक दलहरूले आ-आफ्ना उम्मेद्वारहरूको छनोट गर्दा जुन जातिहरूको प्रतिनिधित्ववादी भएको छ ती जातिका उम्मेद्वारलाई थोरै संख्यामा मनोनयन गर्नुपर्छ। दोस्रो दलहरूले उपरोक्त समावेशीकरण गर्न सकेको खण्डमा संविधान र ऐनहरूमा पनि प्रावधान राखी त्यसलाई अनिवार्य गराउनुपर्छ। तेस्रो जुन क्षेत्रहरूमा दलित र जनजातिहरू वा अल्पसंख्यकहरूको संख्या बढी छ त्यस क्षेत्र, जिल्ला वा गाविस र नगरपालिकालाई संरक्षित क्षेत्रका रूपमा राख्ने व्यवस्था संविधानमा गरिनुपर्छ। यसबाट स्थानीय निकाय वा सरकारको गठनमा तिनको समुचित प्रतिनिधित्व सुनिश्चित हुन्छ। चौथो, संसदको माथिल्लो सदनमा अधिकतम संख्यामा जनजाति, अल्पसंख्यक र दलितहरू प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्छ।

**सारांशः** कुनै पनि निर्वाचन प्रणालीबाट चाहे त्यो समानुपातिक प्रणाली नै किन नहोस्, सबै वर्ग, समुदायको प्रतिनिधित्वहरू सकिंदैन तर सबैलाई यो महसुस होस् कि सबैको विचार, सबैको विचार, सबैको समस्या सदनमा गम्भीर रूपमा

उठेको छ र ती समाधानको लागि राष्ट्रको ध्यान गएको छ कि छैन यो नै लोकतन्त्रको आधार हुनुपर्छ ।

**टिप्पणीः विजयकान्त कर्ण**

हामीलाई राष्ट्रतीय प्रणाली चाहिएको हो कि संसदीय ? त्यो अवस्थामा गएर राष्ट्रपतीय प्रणाली राख्ने हो भने कार्यकारीलाई शक्तिशाली बनाउने हो । अमेरिकाको जस्तो राष्ट्रपतिय प्रणाली जसले 'लेजिस्लेचर' समेतको भुमिका निर्वाह गर्छ तर कांग्रेसको नियन्त्रण हुन्छ 'लेजिस्लेचर प्रोसेस' मा । फ्रान्सको प्रणालीमा जाने हो भने त्यहाँ पनि केही हदसम्म दुवै हुन्छ । तर त्यहाँ पनि 'प्रेसिडेन्ट' कै 'अथोरिटी' लाई प्रथमिकता दिएको देखिन्छ । यो दुई कुरा भए पनि गणतन्त्रात्मक र त्यस बाहेकका 'नन रिपब्लिकन' पद्धतिको निर्धारण संविधानसभाले गरिसकेपछि या जनादेश आइसकेपछि हामीले यो चुनावको प्रक्रियाको कुरा थाल्नुपर्छ । राष्ट्रपतीय निर्वाचन गर्ने हो भने संघात्मक हुने हो कि 'युनिटरी' ? 'युनिटरी' हो भने कुन 'बेसिस' मा 'प्रेसिडेन्ट' को 'कन्स्टीच्यूएन्सी' हुने, 'पार्लियामेन्ट' बाट 'प्रेसिडेन्ट' चुनिने वा जनताबाट प्रत्यक्ष निर्वाचित हुने ? भन्ने हुन्छ । यदि जनताले 'पार्लियामेन्ट्री सिस्टम' मा जाने 'भर्डिक्ट' दिन्छन् भने हामीले त्यो अवस्थामा गएर 'प्रोपर्सनल रिप्रिजेन्टेसन' का विधिहरूलाई प्रयोगमा ल्याउनुपर्ने अवस्था देखिन्छ । यसको आधार स्पष्ट भएपछि अर्थात यो देश गणतान्त्रिक भएपछि मात्रै चुनावका प्रणालीका बारेमा सोच्नु व्यवहारिक हुन्छ । मेरो विचारमा यहाँ गणतन्त्र नै चाहिन्छ । राजतन्त्रले अहिलेसम्म यो मुलुकलाई योगदान गरेको म देख्दिनँ । मेरो विचारमा गणतन्त्रात्मक व्यवस्था हुने हो भने राष्ट्रपतीय प्रणालीमा जानुपर्छ । राष्ट्रपतीय व्यवस्थामा जाँदा हामी मिश्रित प्रणालीमा जानुपर्ने अवस्था हुन सक्छ । हाम्रो देशको समाजिक, आर्थिक अवस्था हेर्दा एउटा मात्र प्रणालीलाई अंगालेर जान सक्ने अवस्था म देख्दिन् किनभने डा. मिश्रले भनेजस्तै यहाँको शिक्षाको स्तर, आर्थिक र सामाजिकस्तर, जाति र जनजातीबीचको सम्बन्ध हेर्दा यी दुवैलाई सन्तुलन गर्नका लागि 'पार्लियामेन्ट्री एक्ज्युकेटीभ' को 'मिक्स मोडल' बाट निर्वाचनमा जान सक्नुपर्छ । त्यो 'मोडल' भनेको 'प्रोपरसनल रिप्रिजेन्टेशन सिस्टम'बाट मात्रै हुन सक्छ । 'प्रोपरसनल रिप्रिजेन्टेशन सिस्टम' नै किन भनेको भने अन्यबाट 'रिप्रिजेन्टेशन' नै भएन् । यहाँ प्रस्तुत डा. मिश्रको कार्यपत्र हेर्दा ६० देखि ६५ प्रतिशतको 'रिप्रिजेन्टेशन' नै देखिदैन । सरकारमै पनि धेरै जातिजनजाति संसद्मा आउँदैनन् । १९५९ को निर्वाचन र १९९९ को निर्वाचन ४० वर्षसम्मको चुनाव हुँदा-चारवटा संसद्का र चार/पाँचवटा राष्ट्रिय पञ्चायतका चुनावलाई हेर्दा जातीय संरचनामा कुनै परिवर्तन भएन । संसद्मा हुने प्रतिनिधित्व प्रणालीमा डा. मिश्रको कार्यपत्रमा पनि छ, कुनै परिवर्तन भएन । यो परिवर्तन नभएको हुनाले त्यसैले यत्रो विद्रोह भएको हो । विभिन्न जातिजनजातिले प्रश्न उठाएका हुन् । त्यसलाई कसरी सम्बोधन गर्ने-उनीहरूलाई प्रतिनिधित्व गराएर । उनीहरूलाई निर्णय तहमा सहागिता गराएर । उनीहरूलाई त्यस ठाउँमा पुऱ्याउने तरिका भनेको यही हो 'प्रोपरसनल रिप्रिजेन्टेशन सिस्टम' । अब प्रश्न के आयो भने हाम्रो मान्छेहरू शिक्षित हुन थालेको छन् । यो स्थिति हेर्दा तीनवटा निर्वाचनलाई



विश्लेषण गर्ने हो भने जनता सचेत भएका छन् । नेपाली कांग्रेसले चुनावमा बहुमत ल्याएको हो । सत्तामा गएपछि नेपाली कांग्रेसको आफ्नै कारणले अल्पमतमा बस्नुपर्ने भयो । त्यसपछि विभिन्न पार्टीहरूको बीचमा-एमाले एक पटक सत्तामा गइसकेपछि सत्ता मोह देखियो, त्यसले तेस्रो चोटीको निर्वाचनमा एमाले दोस्रो श्रेणीमा आउनुपर्ने अवस्था देखियो । त्यसपछि फुटेर गएका दललाई जनताले स्वीकार गरेनन् । यसबाट पनि मतदानको प्रणालीमा परिपक्वता देखियो किनभने फुटेर गएका पार्टीले प्रतिनिधित्व गर्न सकेनन् । नेकपा मालेका एक जनाले पनि चुनाव जित्न सकेनन् । राप्रपा चन्दको कोही देखिएन् । के हो भने परिपक्वता बढ्दै गएको छ । परिपक्वता त शिक्षाबाट हुन्छ । हामीलाई अन्तर्राष्ट्रिय संघसंस्थाहरू, दातृसंस्था, पार्टीहरूलाई 'भोटर्स ट्रेनिङ' दिने भन्ने छ, हामी 'भोटर्स' तालिम दिन सक्छौं । जनतालाई सचेत गर्न सक्छौं । जसको 'रिप्रिजेन्टेशन' गराउने हो, त्यसलाई सचेत गराउन सकिएन भने त्यस्तो प्रणालीको काम के त ? एउटा अर्को कुरा 'प्रोपरसनल रिप्रिजेन्टेशन सिस्टम' लागू गर्दा 'रिप्रिजेन्टेशन' हरूलाई जनताप्रति आफ्नो संविधानप्रति उत्तरदायी वा जिम्मेवार बनाउनका लागि 'विद्ड्र' गर्न सक्ने पद्धति त्यहाँ राखिनुपर्छ । 'कन्स्टीच्यूएनसी' का मान्छेहरूले आफ्नो 'रिप्रिजेन्टेटीभ' ले काम गर्न सकेन भने त्यसलाई फिर्ता बोलाउन *(recall)* गर्न सक्ने प्रणाली बनाउनुपर्छ । त्यो 'रिकल' को प्रणाली भयो भने अलिकति बढी उत्तरदायी बनाउन सकिन्छ कि ? भन्ने देखिन्छ ।

चुनाव प्रक्रिया र राजनीतिक व्यवस्थामा आएको परिवर्तनहरू त्यो देशको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनका साथसाथै भएको देखिन्छ । भारतमै देखियो । झन्डै ४० वर्षसम्म कांग्रेसले एकछत्र शासन गरेको थियो । त्यो पार्टी अहिले २१/२२ पार्टीको गठबन्धन सरकार बनाएर बसिरहेको छ । बनाउन सक्दो रहेछ र चल्दो पनि रहेछ, त्यो देखिएकै छ । कुनै पनि प्रणाली व्यवहारमा आएपछि त्यसको प्रयोगबाट जनता सचेत हुन्छ र, मूल कुरा निर्वाचनको मूलभूत चिज जनतालाई प्रतिनिधित्व गराउनु हो । सबै वर्गको प्रतिनिधित्व हुन सकेन भने त्यो प्रजातन्त्र हुन सक्दैन । त्यसैले केही राजनीतिक दलहरूको प्रतिनिधित्व गराउनका लागि मात्र चुनाव प्रक्रिया हो भने त्यो प्रजातान्त्रिक हुन सक्दैन् । त्यसैले नेपालमा रहेका सबै जाति, क्षेत्रका मानिसलाई प्रतिनिधित्व गराउनका लागि 'प्रोपरसनल रिप्रिजेन्टेशन सिस्टम' जरुरी छ र यो मात्र एउटा वैज्ञानिक प्रणाली पनि हो । यदि यो मुलुक संघीय राज्य हुने हो भने त्यहाँ राज्यहरूको 'कम्पोजिसन' हुन्छ, त्यसको निर्वाचन कसरी गर्ने भन्ने कुरा आउँछ । त्यहाँ पनि यही प्रणाली लागू हुन्छ । जस्तै आज तराईको स्थिति के छ भने ४८ प्रतिशत भन्दा धेरै जनसंख्या तराईमा छ । त्यसमा मधेसीको जनसंख्या त्यहाँ ६६ प्रतिशत छ । पहाडका मानिसको जनसंख्या ३३ प्रतिशत छ । अब ती मानिसलाई धपाउने वा त्यहाँबाट यताउता गर्न सम्भव छैन । गर्ने के हो भने त्यहाँ पनि 'प्रोपरसनल रिप्रिजेन्टेशन सिस्टम' हुन्छ किनभने तराई 'फेडरल युनिट' हुने हो भने पहाडका मानिस अल्पमतमा पर्छन् । उनीहरूमाथि पनि भोलि भेदभाव नहोस् । उनीहरूको पनि 'प्रोपरसनल रिप्रिजेन्टेशन' होस् भन्नुपर्छ । जसरी आज लमजुङको संरचना परिवर्तन भएको छ । भोलि गुरुङहरूको राज्य बन्ला, त्यहाँ भएका बाहुन क्षेत्रीले के गर्ने त ? त्यसैले त्यो प्रणाली भएपछि जाति जनजातिको प्रतिनिधित्व

हुन सक्छ भन्ने मलाई लागेको छ । यो प्रणालीले नेपाललाई 'मोर डेमोक्रेटीक, मोर रिप्रिजेन्टेटीभ' बनाउन सक्छ । यसको 'बेसिस' मैले भनेको के हो भने कुनै पनि मुलुकमा जति बढी जाति-जनजाति हुन्छन् । त्यो मुलुक बलियो हुन्छ । कमजोर हुँदैन ।

## अवधारणापत्रमाथि छलफल एवं प्रश्नहरू

**निलाम्बर आचार्य**

छलफलहरू विशेष विषयलाई लिएर गर्नुभएको छ । यो अति उपयोगी र आवश्यक छ । हामीले प्रजातन्त्र वा लोकतन्त्रलाई बलियो पार्ने हो भने त्यसका विभिन्न पक्षबारे आजैदेखि छलफल गर्नुपर्छ र, भोलि पुनःस्थापित प्रजातन्त्र वा लोकतन्त्र आउँदा अकमक्क नपरौं । यसरी अगाडि बढ्नेस्थिति होस् । प्रजातन्त्रको खुबी अभिव्यक्ति नै हो । अभिव्यक्तिले निर्णय गर्ने कुरा हो । त्यसैले अभिव्यक्तिलाई क्रियाशील तुल्याउनु भएकोमा म विशेष धन्यवाद दिन चाहन्छु । निर्वाचन प्रणालीको कुरामा केही विषय आइसकेका छन् । र, त्यसमा अहिले मेरो विचार भन्छु ।

पहिलो, नेपाल अहिलेको निर्वाचन प्रणाली जनसंख्याको प्रतिनिधित्वको साथै भूगोलको पनि प्रतिनिधित्व पनि गर्ने मिश्रित प्रणाली हो । भूगोलको प्रतिनिधित्व भन्नाले यसमा आरक्षण चाहिने तत्व मिसिएको छ अर्थात हरेक जिल्लाबाट आरक्षित छ- जतिसुकै जनसंख्याको हिसाबले सानो जिल्ला भए पनि । अर्को कुरा अहिलेको हाम्रो प्रणाली हाम्रो छरछिमेक, हाम्रो इतिहास र हाम्रो अनुभवबाट पनि निर्देशित भएको छ । किनभने २०५९ को निर्वाचनमा भारतमा कुन प्रणालीबाट निर्वाचन भएको थियो त्यसले पनि निर्देशित गरेको छ । त्यसपछि यो प्रणाली हाम्रो सामिप्य कुन देशसँग भयो ? त्यसबाट पनि प्रभावित भएको छ । दक्षिण एसियामा बेलायती औपनिवेशिक पद्धत्ति रह्यो, तिनीहरूको प्रभाव पनि रहेको छ । यसको अर्थ अन्य प्रणालीलाई ध्यान दिइएन भन्ने होइन । यो प्रणाली अपनाउँदा अर्को हाम्रो बलियो धारणा के रहेको थियो भने नेपालमा प्रजातन्त्र अस्थिर हुन गयो, कमजोर हुन गयो । कमजोर र अस्थिर सरकारको फाइदा नेपालका सामन्ती तत्वहरूले र, खासगरी एकतन्त्रात्मक राजाको इच्छा र महत्वाकांक्षाले उठाएको हामीसँग २०१७ सालको पनि अनुभव २००८ सालको पनि छ । प्रतिनिधित्व बढी होस् वा कम होस् त्यसलाई पनि बढी प्रतिनिधित्वपूर्ण बनाउने तर स्थिरता कसरी दिने भन्नेतिर बढी जोड हामीले दिएका छौं. । अर्थात् हाम्रो राष्ट्रिय/अन्तर्राष्ट्रिय परिवेशका साथै ऐतिहासिक अनुभवले हामीले स्थायित्वलाई बढी ध्यान दिएका हौं ।

अर्को कुरा त्यो हो अब निर्वाचन प्रणालीबारे विचार गर्दा पहिले निर्वाचन नै किन ? भन्ने प्रश्नमा आउँनै पर्छ । संसदको निर्वाचनका बारेमा हामीले अहिले किन टाउको दुखाउने । त्यसको सजिलै विघटन गर्न सकिन्छ, जुन अधिकार दिइँदैन । अनि त्योभन्दा अनिर्वाचित संस्था वा निकायले सम्पूर्ण अधिकार प्रयोग गर्न सक्छन् भने त्यसमा छलफल गरेर फाइदा छैन । हामीले छलफल गर्ने त सम्प्रभु निकायका लागि



निर्वाचन प्रणालीको हो । त्योभन्दा माथि कुनै हुन नसकोस् ।

अहिलेसम्म के देखापऱ्यो ? हिजोमात्र मैले सुने-सैनिक ऐनअनुसार सेना सञ्चालित छन् किनभने २०१६ सालमा बनेको ऐनमा कुनै पनि संशोधन प्रजातन्त्र आइसकेपछि पनि भएन । त्यसकारण त्यसलाई संसद्ले अनुमोदन गरेको बुझ्नुपर्छ । र संसद्ले अनुमोदन गरेको हुनाले हामी त्यहीअनुसार सञ्चालित भएका छौं भनिएको हो । जो ऐन संविधानभित्रै रहेको छ । त्यसैले संसद भनेको सम्प्रभु जनताले निर्णय गर्ने थलो हो । संवाद, छलफल गर्ने थलो हो । त्यसको मात्रै निर्वाचनको विचार गर्नुपर्छ ।

र, अहिलेको संसद् सम्प्रभु रहनेछ भन्ने कुरा अभ्यासले त्यो देखायो चाहे संविधानमा जेसुकै लेखिएको होस् ।

दोस्रो कुरा हामीले प्रतिनिधित्व, समावेशीपनाको कुरा गऱ्यौं । ३५, १५ र १० को राष्ट्रियसभा प्रणाली यही हो । दस राजाले मनोनीत गर्ने भनेको होइन् । मनोनीत गर्ने भनेको मन्त्रिपरिषद्ले आफूलाई मन लागेअनुसार भागवण्डा गर्ने पनि होइन । त्यहाँ किटान नै गरिएको छ, जसको प्रतिनिधित्व हुन सकेन उनीहरू पनि आउन भन्ने व्यवस्था गरिएको हो । त्यसको हामीले गलत प्रयोग गऱ्यौं । पछिपछि त राजाको आफ्नो खल्तीको कुरा भन्ने सरह गरियो । त्यो मात्र किन ? यो कुरा राजपरिषद्को स्थायी समितिमा पनि लागू हुन्छ । अहिले के सोचिन्छ भने राजपरिषद्को सभापति राजाले जसलाई चाह्यो त्यसलाई मनोनीत गरिदिए हुन्छ । तर त्यो मन्त्रिपरिषद्लाई दिइएको अधिकार हो । हाम्रो संवैधानिक व्यवस्थाबमोजिम अर्थात् के देखापऱ्यो भने जनताका प्रतिनिधिहरूलाई अधिकार सम्पन्न बनाउने अभ्यास भएको देखिएन् । तसर्थ त्यो कुरा हेरिनुपऱ्यो ।

अर्को कुरा यहाँ समानुपातिक भन्नुभयो । मिश्रित प्रणाली भन्नुभयो । यसमा के ध्यान दिनुपर्ने आवश्यकता छ ? कसको समानुपातिक प्रणाली हामीले खोजेको ? पार्टीको ? कसको प्रतिनिधित्व खोजेको हो ? पार्टीको हो भने अहिले पनि पार्टीको प्रतिनिधित्व छ, यदि जातिजनजातिको प्रतिनिधित्व खोज्ने हो भने अर्को कुरातिर हामीले सोच्नुपर्छ । समानुपातिक प्रतिनिधित्व जातिजनजाति र लैंगिक प्रतिनिधित्व भएन भनेर हामीलाई चिन्ता छ भने निर्वाचन प्रणालीका साथसाथै राज्यको स्वरूप र हाम्रो प्रशासनिक, भौगोलिक निर्वाचन क्षेत्रीय संरचनालाई एउटा 'कम्प्रिहेन्सिभ' दृष्टिले 'कम्प्लेक्स' रूपमा हेर्नुपर्छ भन्ने मलाई लाग्छ । हामीले प्रशासनिक बनोट, निर्वाचन क्षेत्रहरूको बनोट, आफ्नो अनुकूल बनाएर निश्चित प्रतिनिधित्व होस् भन्ने अभिप्रायले निर्वाचन क्षेत्र बनाएका छौं कि ? कुनै जातिको मात्रै बढी प्रतिनिधित्व होस् भनेर बनाएका छौं कि ? अथवा कुनै पार्टीलाई सजिलो होस् भनेर बनाएका छौं कि ? त्यसकारण यो सबैलाई 'कम्प्रिहेन्सिभ' रूपले हेर्नुपर्ने आवश्यकता छ । पार्टीको समानुपातिक प्रतिनिधित्वको मैले कुनै अर्थ देखेको छैन । मैले अर्थ के देखेको छु भने नेपालका सबै जाति, जनजाति, भाषाहरू र सबै 'इन्ट्रेस्ट' को प्रतिनिधित्व होस् । हाम्रो सबै शक्तिशाली र सार्वभैम संसद्मा यसको निम्ति वैज्ञानिकले, समाजशास्त्रीले, बौद्धिक व्यक्तिहरू, दर्शनशास्त्रीहरूले, राजनीतिशास्त्रीहरूले र अन्तर्राष्ट्रिय अनुभवकर्ताहरूले पनि उपायहरू निकाल्नुपर्छ । त्यो व्यावहारिक पनि होस् भन्ने

हेर्नुपर्छ, आदर्शमात्र भएर हुँदैन भन्ने म ठान्दछु ।

विविधता हाम्रो सम्पत्ति पनि हो । तर कति विविधतालाई हामीले मान्यता दिने ? यत्रो ठूलो विविधताबाट हरेकलाई मान्यता दिन सक्छौं कि सक्दैनौं ? केही स-साना विविधताहरूबाट अलि ठूलो विविधतामा पहिचान खोज्न थाल्ने हो कि ? त्यसैले पहिचानको प्रश्नमा चाहिँ कतिसम्मको पहिचान संसद्‌मा प्रतिनिधित्व हुन सक्छ या कतिको सहभागितामूलक हुन सक्छ भनेर हेर्नुपर्‍यो । व्यवस्थापन गर्न सकिने र व्यवस्थित हुने बनाउनु पर्‍यो ।

जस्तो भाषाकै कुरा छ । के हामी ५९ वटा सबै भाषालाई कामकाजी भाषा मान्न सक्छौं ? हाम्रो स्रोत साधनले व्यवस्थागर्न सक्ने *(manageable)* संभावना के हो ? र, कति 'भायेवल' छ ? भन्ने कुरा पनि हाम्रा वैज्ञानिकहरूले विचार गरिदिनुपर्छ र, विविधता चाहीँ हाम्रो सम्पत्ति हो । विविधता नै वास्तवमा प्रजातन्त्र हो । विविधता जहाँ हुँदैन, त्यहाँ प्रजातन्त्र हुँदैन । विचारको विविधताले नै यो देखाउँछ कि जहाँ भाषाभाषी, जातिगत र धार्मिक विविधतालाई सम्मान गरिन्छ त्यहाँ जनताको सम्मान हुन्छ । तर बिडम्बना के भयो भने प्रजातन्त्र बढी प्रयोगमा त्यही ठाउँमा आयो जुन देशमा विविधता कम छ । विविधता भए पनि एउटा वा दुई जाति जनजाति भएका देशमा अभ्यास भए । एकलजातीय स्वरूप भएका देशमा आए, तर प्रजातन्त्रको सम्बन्ध 'प्लुरालिजम' सँग गहिरो हुने गर्छ । तर, एउटा हामीले ध्यान दिनुपर्ने कुरा दायित्व हो । त्यसलाई समाप्त पार्नुपर्छ, त्यो हो- दलित । दलित भन्नेर हेरिरहनु हुँदैन । जस्तो महिला जुनसुकै अवस्थमा रहिरहन्छ होला, गुरुङ, मगर, नेवार यिनै रहन सक्छन् तर दलित भन्ने कुरा नामेट गर्न सक्नुपर्छ । केही विविधताहरूलाई पनि विविधरूपले सम्बोधन हुनुपर्छ ।

**सूर्यप्रसाद श्रेष्ठ**

प्राध्यापक मिश्रजीको विश्लेषणात्मक, अध्ययनशील र अनुभव समावेश गरेर लेख्नुभएको पाएँ । किनभने यो प्रणालीमा एक किसिमले म आफैं पनि सहभागी भएकाले केही कुरा भन्न चाहन्छु । हुनतः निलाम्बर आचार्यले धेरै कुरा भन्नुभयो, 'उहाँ त्यति बेला मन्त्री पनि हुनुहुन्थ्यो ।' संविधान बनाउँदा थाहा थियो । त्यति बेला हामीले दुईतीन वटा विषयलाई 'कन्सिडरेशन' महत्व दियौं । अहिले हाम्रो जुन भौगोलिक र सामाजिक संरचना छ, त्यसमा 'स्ट्रङ गर्भमेन्ट इमर्ज' गरोस् भन्ने एउटा आधार थियो ।

दोस्रो, जे अनुभव हामीलाई छ-मतदान प्रणालीको त्यसलाई निरन्तरता पनि दिइएको हो । २०१५ साल र त्यसपछि पञ्चायती शासनमा पनि समानुपातिक प्रतिनिधित्व प्रणालीलाई लागू गरेनौं । हामीले एक किसिमको एकल मतदान प्रणाली नै लागू गर्‍यौं । त्यो पनि अनुभव भयो । र, छिमेकी मुलुकमा र अंग्रेजहरूसँग नेपालीहरूको ज्यादै हिमचिम थियो । र, भारतमा पनि त्यत्रो सरकार प्रजातान्त्रिक प्रणालीबाटै चलिरहेको थियो । यहाँसम्मकी अमेरिका र बंगलादेशलगायत अरू धेरै मुलुकमा पनि यही प्रणालीभित्र काम भइरहेको हुनाले नेपाली जनता त्यही आधारभूत प्रयोजनका लागि यसैमा अभ्यस्त भएको हुनाले त्यो गरीयो । हुन तः दातृसंस्थाको



हिसाबले स्क्यानडिनेभियन देशहरू थुप्रै आएका थिए । तिनीहरूले पूर्ण रूपमा समानुपातिक निर्वाचन प्रणाली नेपालको लागि उपयुक्त हुन्छ त्यसमा जाऔं भन्ने बलियो लबी गरेका थिए, यो संविधान बनाउने समयमा । तर, हामी त्यसो नगरेर बहुमतिय प्रणाली नै अपनायौं । त्यसमा 'बेसिस' लक्ष्यचाहिँ एउटा अभ्यस्त भएको प्रणाली थियो । एउटा सुदृढ सरकारको उद्देश्य थियो, किनभने 'प्रोपरसनल रिप्रिजेन्टेशन सिस्टम' मा ती देशहरू जतिसुकै अनुभवी भए पनि हाम्रो सन्दर्भमा सबल र सुदृढ सरकार 'इमर्ज' गर्दैन । र, नेपालको प्रजातान्त्रिक आन्दोलनपछि यहाँ प्रजातन्त्रका पक्षमा प्रतिबद्ध, सक्षम र सुदृढ सरकार आओस् भन्ने आशाले संविधान मस्यौदाकारहरूबीच गहन छलफल भएको थियो । म पनि त्यही बेला थिएँ । पञ्चायती चुनाव र प्रजातन्त्र प्राप्तिपछिका चुनावमा पनि यो प्रणाली नै राम्रो हुन्छ भन्ने तर्क गरियो । अर्को समस्या के आयो भने यो संरचना जो पञ्चायती प्रणालीको 'लिगेसी' थियो- जिल्ला बिभाजन, अञ्चल बिभाजन । यद्यपि, अञ्चल बिभाजन खारेज गरियो । तर जिल्लाको बिभाजन वैज्ञानिक थिएन । पञ्चायती व्यवस्थालाई नै पृष्ठपोषण गर्ने हेतुले बनाइएको थियो भन्ने तर्क राख्नुभयो- एक जना सहभागीले । त्यो केही हदसम्म हो । त्यसमा 'ड्यू रिप्रिजेन्टेशन' भन्दा पनि त्यति बेलाको राष्ट्रिय पञ्चायतको 'कम्पोजिसन' कस्तो हुन्छ त भन्ने दृष्टिकोणले जिल्ला बिभाजन गरिएको थियो । अहिले पछिल्लो 'कन्टेक्ट' मा जाति जनजाति सबैको प्रसङ्ग आयो । अनि जाति जनजाति भन्नासाथ क्षेत्रीयता पनि गाँसिएको छ । चाहे त्यो पहाड होस् चाहे तराईको क्षेत्र होस् । त्यो समावेशी किसिमको हुन्छ भनेर धेरै छलफलपछि हरेक जिल्लालाई एक-एक सिट आरक्षित गरियो । मनाङजस्ता थोरै जनसंख्या भएका जिल्लाबाट प्रतिनिधित्व गर्ने गरी त्यसो गरिएको थियो । त्यस्तै गरी हुम्ला, जुम्ला अथवा रोल्पा, रुकुम, सोलु सबैको प्रतिनिधित्व राम्रोसँग हुन सक्छ भन्ने अभिप्राय राखिएको थियो । अहिलेको प्रवृत्ति के देखिएको छ भने हरेक मुद्दालाई हामी एउटा साम्प्रदायिक हिसाबले हेर्छौं । यसमा केही खराबीहरू आएका छन् । मेरो तर्क के छ भने यो निर्वाचनको कारणले आएको होइन । अहिले जुन राष्ट्रिय समस्या आएको छ त्यो निर्वाचनको कारणले आएको होइन । २०१५ सालमा जनताले भोट दियो त्यो एकदम स्वस्थ तरिकाले । २००७ को क्रान्तिबाट अधिराज्यका मेचीदेखि महाकाली प्रभावित थियो, बरु काठमाडौंमा कम थियो । कति मान्छे त्यति बेला शरणार्थी पनि भएका थिए । कति धनसम्पत्ति लुटिएको थियो । मेचीदेखि महाकालीसम्मको इतिहासलाई कसैले राम्रोसँग लेखिदियो भने थाहा हुन्छ-जनक्रान्तिताका के के भएको थियो । जनक्रान्तिको अगुवाई गर्ने नेपाली कांग्रेस हो ।

२०१५ सालमा जनताले के कसुर गरे ? जुन पार्टीले त्यत्रो क्रान्तिको अगुवाई गरेर प्रजातन्त्र ल्यायो, १ सय ४ वर्षको राणा शासनलाई उखेलेर फाल्यो त्यसलाई ल्याएर स्थापित गरिदिए । चुनावको केही पनि गल्ती देख्दिनँ । २०४६ पछि अर्को चुनाव मैले देखेको छु, मैले पञ्चायतको पनि चुनाव गराएको छु, त्यसबेला स्पष्ट रूपले पार्टीहरू प्रतिबन्धित थिए । त्यसको मूल्यांकन कसरी गर्ने त ? मैले २०४२/२०४३ मा कम्प्युटरबाटै मूल्यांकन गर्थें । हरेक वडाको मसँग पार्टीहरू उपस्थित भए/भएनन् भन्ने तथ्यांक थियो । पार्टी 'व्यान्ड' गरे पनि सामाजिक

संस्थाहरू, पुस्तकालय आदि कृयाशिल नै थिए । भूमिगत रूपमा मान्छेको चहल पहल देखिन्थ्यो । पार्टी त हुन्छ नि त्यहाँ । मान्छे त हुन्छ नि त्यहाँ । एक-एक वटा मत राख्ने, विचार राख्ने विचारको राजनीति हो र त्यहाँ पनि थियो । त्यो हेर्दा मैले के देखिरहेको थिएँ भने त्यहाँ त्रिकोणात्मक संघर्ष थियो । जहिले पनि एकातिर नेपाली कांग्रेस, एकातिर वामपन्थी शक्ति, अर्कोतिर पञ्चायत । नेपाली कांग्रेस र पञ्चायतवाला व्यक्तिबीच गठबन्धन जहाँ भयो, म इमान्दारिताका साथ भन्छु त्यहाँ मतदाताले कहिल्यै बेइमानी गरेनन् । व्यक्ति पनि राजनीतिक आधारमा खडा भएको छ, त्यसले जितेको छ । पहिलाको निर्वाचन परिणामको विश्लेषणात्मक अध्ययन गर्नुभयो भने त्यो स्पष्ट देख्नुहुन्छ । 'पोलिटिकल साइन्स एसोसिएसन् अफ नेपाल, (पोल्सान) लगायतका संस्थाले यसको अध्ययन गर्नुपर्ने हो । विरलै मात्रै स्पष्ट रूपमा पञ्चायतवाला मान्छे आउँथे । मेरो धारणा के हो भने मतदानका क्रममा जनताले विवेक प्रयोग गर्ने अधिकार पाउँदा कहिले पनि बेइमानी गरेका छैनन, कुनै पनि अवस्थामा । २०४६ सालमा जनआन्दोलन भयो । जनआन्दोलन वामपन्थी र नेपाली कांग्रेस मिलेर गरे । दुईलाई ठाउँ दिए । एउटा बलियो प्रतिपक्षको भूमिका दिए । एउटालाई सरकार बनाउने भूमिका दिए ।

२०५१ को निर्वाचन अगाडि नेपाली कांग्रेसले संसद् भंग गऱ्यो, गल्ती गऱ्यो । मैले यहाँ मानिसमा यति सम्म चेतना छ भन्न खोजेको हुँ । जिल्ला पञ्चायत, नगर विकास, नगर-गाउँ पञ्चायत भंग गर्दा भंग हुनेले जितेको छ, त्यतिबेला पनि । नेपाली कांग्रेसले संसद् भंग गऱ्यो, कांग्रेसलाई जनताले हराइदि ए, वामपन्थी साथी आए । जनताको गल्ती होइन । निर्वाचन प्रणालीको पनि गल्ती होइन । आज हामी प्रणाली खोजिरहेका छौं । हामी जुन काम गर्छौं त्यसमा अभ्यस्त भएर लाग्दैनौं, तुरुन्तै नयाँ कुरा खोजी हाल्ने बानी छ-नेपालीको । पछि मनमोहनको सरकार आयो, त्यो पनि गयो । त्यसपछि संयुक्त सरकार आयो । 'प्रोपरसनल रिप्रिजेन्टेशन' र 'कोलिसन' समावेशी हुनुपर्छ भन्ने हो । पार्टीगत हिसावले समावेश हुनेलाई एउटा ठूलो उदाहरणका रूपमा लिनूस् न । कुन बेलादेखि नेपालको राजनीतिमा धुलो छ्यापिन थाल्यो । कुन बेलादेखि राजनीतिले कोल्टे फेर्न पायो ? संवैधानिक प्रावधानहरूले कुन बेलादेखि कोल्टे फेर्न थाले ? त्यो इतिहासलाई पहिला लिनुपऱ्यो ।

पछिल्लो चुनाव २०५६ मा गरियो । संयुक्त सरकारमा यस्तो गल्ती हुँदोरहेछ, देशमा यस्तो अवस्था र असंवैधानिक तरिका अपनाइदो रहेछ भन्ने जनताले ठाने । 'रिप्लेस' गर्न भने । के त्यो 'भोटीङ' प्रणालीको गल्ती हो ? जनताको गल्ती हो त्यो ? म प्रश्न गर्छु ? त्यो विवेचना हुनुपर्छ, कसको गल्ती ? गठबन्धन हुने, माननीय बेचिने, विदेशमा जाने, बीचैमा पैसा खाने यो सबै खतम भयो नि हैन । त्यो रुचाएनन् जनताले । फेरि उनीहरूले नेपाली कांग्रेसलाई बहुमतमा ल्याइदि ए । ठीकै छ, आइज भन्दे । त्यसैले निर्वाचन प्रणालीमा अनेक किसिमको अभ्यास गरिरहनु हुँदैन । तपाईहरू 'स्ट्रीक्ट' भइदिनुस् । एउटा प्रणालीमा 'स्ट्रीक्ट' भइदिनुस् । विचार मन्थन त गर्नुपर्छ, तर छिटो परिवर्तनको बाटोमा हिँड्नुपर्छ भन्ने मलाई जच्दैन । यसमा केही गल्तीहरू होला । मैले देखेको 'प्यूरालिष्टिक' प्रजातन्त्रमा गल्ती मतदाता र निर्वाचन प्रणालीको होइन । गल्ती यहाँ निर छ कि प्रणाली नै दिगो भएर बस्नै



पाएन । स्थायित्व नै भएन । संवैधानिक विकास नै राम्रो हुन पाएको छैन ।

२०१५ सालको संविधान खारेज गरेर जनतालाई गाली गर्ने ? गिरिजाबाबुले संसद् भंग गरी दिनुपऱ्यो अनि मतदातालाई गाली गर्ने ? देउवाजीले संयुक्त सरकार बनाएर अनेक भाँडभैलो भयो अनि मतदातालाई गाली गर्ने, आफू चाहिँ चोखिने ? अनि निर्वाचन प्रणाली नै गलत रहेछ भनेर पार्टीहरू अनेक प्रस्ताव पारित गरी हिँड्छन् । अनि मलाई हाँसो उठ्छ- कमिसन बनाउँछन्, अनि जाति जनजातिलाई उचाल्छन् । त्यो होइन । स्थायित्व ल्याउनु पऱ्यो । सोच हुनुपऱ्यो नी कुनै परिवर्तनका लागि । समाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा परिवर्तनले प्रजातन्त्र ल्याइदि यो । यति छिटो होइन, जहाँचाहिँ परिवर्तनलाई जनताले चिन्ने मौका नै नपाओस् । जनताले लिन नसक्ने खालको परिवर्तन काम लाग्दैन ।

निर्वाचनबारे खोज्दाखोज्दा संविधान नै खोज्न थाल्यौं । हुँदाहुँदा अलिक दिनमा देश कहाँ छ भनेर खोज्ने हो कि ? त्यति क्रान्तिकारी हामी ! अत्यन्त क्रान्तिकारी, परिवर्तनकारी । अहिले माओवादीको सशस्त्र विद्रोह चलिरहेको छ, त्यसको वैधानिकताको प्रश्न छ, कहाँसम्म लग्ने त्यो कुरा । संवैधानिक छ छैन । कानुनी शासन 'प्रिभेल' गऱ्यो कि गरेन ? संविधानको गल्ती त होइन त, 'प्रिभेल' नगरेको । त्यो पो खुट्याउनु पऱ्यो । हामी गल्तीबारे खुट्याउँदैनौं । बाटामा छिटोछिटो हिँड्दा कतातिर ठेस लाग्छ भन्ने उखानजस्तै खतराको संकेत राष्ट्रले भोग्नु परिरहेको छ ।

त्यसैले म के भन्छु भने प्रजातन्त्र र स्थिरता 'स्टेबल सिस्टम' तिर अगाडि बढ्नुपर्छ । सबैलाई समावेश राजनीतिक पार्टीले त गर्ने हो नि । राजनीतिक पार्टीमा कुनै व्यक्ति, समुदाय र जातिको बाहुल्यता भयो भने प्रजातन्त्र कार्म गर्न सक्दैन, भोलि पनि गर्न सक्दैन, पछि हार्न थाल्छ । जथाभावी गऱ्यो भने फ्याक्छ । व्यक्तिगत, जातिगत, पारिवारिक बाहुल्यता जनायो भने भोलि मतदातालाई नै फैसला गर्न दिनूस् । हामी को हौं, फैसला गर्ने ? यो प्रजातान्त्रिक अभ्यास नै भएन । अलिकति लामो बाटो जाऔं । त्यो प्रजातन्त्रको दिगो मर्मलाई हेरौं । दोष नै नलागेको मान्छेलाई दोष लगाएर हिँड्नु भएन । अशिक्षित जातजाति छ भनेर जानु भएन, यसलाई अभ्यस्ततापूर्वक हेर्नुपऱ्यो । अस्ती नगरपालिकाको चुनाव भयो । हामी सबैले भनेका थियौं- यो चुनाव व्यर्थ छ । यसले राष्ट्रिय समस्यालाई समाधान गर्दैन भन्ने ९० प्रतिशत विद्वतवर्ग, विदेशी सबैको भनाई थियो । यसमा दोष कसको ? त्यहाँ गएन जनता । जनता दोषी होइन । त्यसैले निर्वाचन प्रणाली भनेको अभ्यस्तताको आधारमा पनि हेर्नुपर्छ । र, त्यसलाई वस्तुनिष्ठ भएर अध्ययन, अनुसन्धान र परिवर्तन गर्नु आवश्यक छ । आवश्यक छ भने परिवर्तन पनि गर्नुपर्छ तर गहिरो अध्ययन र अनुसन्धानको आधारमा परिवर्तन हुनुपर्छ भन्ने मलाई लाग्छ ।

**डा. जगदीश पोखरेल**

म पनि यो शृंखलामा पहिलो पटक आएको हुँ । यति संवेदनशील विषयमा दसवटा छलफल चलाइसक्नु भएकोमा धन्यवाद । मलाई लाग्छ हाम्रो देश बन्ने प्रकृया (नेशन बिल्डिङ प्रोसेस) मा छ । पूरा भएको छैन । हामीले कहिलेकाहीँ यो कुरा

बिर्सन्छौं । म त 'म्याथम्याटिकल' हुनुपर्छ भन्ने पक्षमा छैन । हामी झन्डैझन्डै ६ सय वर्षको 'टाइम जोन' मा बाँचिरहेका छौं । पूर्वदेखि पश्चिम, दक्षिणबाट उत्तर जानुभयो भने २१ औं, २० औं, १९ औं गर्दै-गर्दै गएर १३ औं, १४ औं शताब्दीमा हामी बाँचिरहेका छौं । यस प्रकारले यो देश समयको हिसाबले एउटै 'टाइम जोन' मा बाँचेको छैन ।

अर्को कुरा विविधताबाट हेर्दा यति विविधता छ, फेरि पनि हामी एकीकृत (इन्टिग्रेटेड) भइसकेका छैनौं । र, के भएको रहेछभन्दा यो राष्ट्रको 'इन्टिग्रेसन प्रोसेस' पूर्ण भएको रहेनछ । यो कुरा जति हामी दुर्गम क्षेत्रमा जान्छौं प्रष्ट हुन्छ । सायद शासकहरूले, हामीले शासन गर्ने क्रममा पृथ्वीनारायण शाह वा जसले शासन गऱ्यो एउटा थुम्कीमा कुनै, गौंडामा लगेर राख्ने र शासन चलाउने गरे । तर राष्ट्र बनाउने प्रक्रिया अगाडि बढाएको देखिंदैन । केही हदसम्म २००७ साल वरिपरि एउटै 'भ्याल्यु सिस्टम' मा यो राष्ट्रको समायोजन (टाई अप) हुन गएको हो कि ? यो 'मुमेटम' ले जति तान्यो, धकेल्यो- हामी अहिले त्यहीं छौं जस्तो लाग्छ । शासन गर्ने क्रममा चाहिँ गौडामा बडाहाकिम राखेको थियो भने निर्वाचनको क्रम सुरु भएपछि त्यो ठाउँका राजा, रजौटा, सामन्त, सम्भ्रान्तलाई हात लिएर चुनाव जित्ने र शासन चलाउने गरियो । भनाइको मतलब त्यो बाध्यता थियो होला । तर हामी त्यसलाई 'ब्रेक' गर्ने, 'रिभोलुसन' को जुन क्रम हो त्यसलाई अगाडि बढाउन सकिएन ।

मलाई के लाग्छ भने 'इन्टिग्रेसन प्रोसेस, नेशन बिल्डिङ प्रोसेस' नै 'कम्प्लिट' नभएको अवस्थामा 'पोलिटीकल प्रोसेस' पनि 'स्टेबल' हुन सक्दैन । जबसम्म कुनै राष्ट्रको 'पोलिटीकल स्ट्याविलिटी फिल' हुँदैन तबसम्म त्यो राष्ट्रमा जतिसुकै सक्षम प्रणाली बनाए पनि त्यो अगाडि बढ्न सक्दैन । 'पोलिटीकल स्ट्याविलिटी' मुख्य कुरा हो । यो भन्ना साथै के हो त्यो 'पोलिटीकल स्ट्याविलिटी ? यो देशमा हामीले 'इन्क्लुसिभनेस' को कुरा गरेका छौं, प्रश्न गर्नुपर्ने कुरा यहाँ के छ भने 'भ्याल्यु सिस्टम' का दुईटा माध्यम – चुनावको प्रक्रिया र संरचना हुन् । ती माध्यमहरूलाई कहिलेकहीँ हामीले तिनै साध्य *(end)* हुन भन्ने जसो गरेर राख्छौं । अहिले डा. मिश्रले राम्रोसँग राख्नुभयो, साधन हो कि साध्य हो ? त्यो प्रष्ट हुनुपर्छ । यी दुई वास्तवमा माध्यम हुन् । हामीले 'प्रोमोट' गर्न खोजेको 'भ्याल्यु सिस्टम' के हो त ? कुन चाहिँ 'भ्याल्यु' मा यो राष्ट्र निर्माण गर्न खोजेको हो भन्ने कुरा प्रष्ट हुनुपऱ्यो । त्यसमा अहिले आएको छलफलबाट हामी बहुलबाद *(pluralism)* लाई 'प्रोमोट' गर्न खोजेका छौं किनभने हामी 'प्युरालिष्ट नेशन' चाहन्छौं र यसैमा एकरूपता *(harmonized)* का आधारमा विकास गर्न सक्छौं भन्ने हाम्रो मान्यता हो । त्यही हाम्रो मुल्य मान्यता पनि हो । त्यो 'एसिस्ट' लाई हामी कसरी लिने ? जस्ताको त्यस्तै लिँदाखेरी केहिलेकहीँ जुन 'भ्याल्यु सिस्टम प्रोमोट' गर्न खोजेका छौं, त्यसको विरुद्धमा जान्छ । यहाँ भन्न खोजेको के हो भने जाति जनजाति धर्म आदिको आधारमा हामीले संरचना बनाइदि यौं भने त्यो 'मोर्डन' र सापेक्ष *(secular)* होइन भन्छु म । त्यसले बहुलबाद *(pluralism)* लाई मारेको हुन्छ, र यो कुरा पनि छ कि हामी भनिरहेका छौं- सामन्ति प्रथाबाट यो देश जकडिएको छ । मुद्दा कहाँनिर आउँछ भने त्यहाँभित्र प्रजातन्त्र छ की छैन? त्यहाँभित्र 'प्लूरालिजम' को 'भ्याल्यु इन्टिग्रेटेड' भएको छ छैन?



यदि छैन भने त्यसले 'प्लूरालिजम' लाई 'प्रोमोट' गर्दैन भनेको के हो भने 'मोर्डन स्टेट' बनाउने क्रममा हामीले जातजातिका आधारमा 'अर्गनाइजेस' बनाउने कि नबनाउने ? एउटा 'मेजर इस्यू' छ,-राष्ट्रको प्रक्रियामा तर अहिले बनाउने कि नबनाउने भन्ने छ फेरि अहिले हामी निर्णय गर्ने कि नगर्ने क्रममा 'एज फ्याक्टर' को कुरा गर्न छाडिएको छ ।

अहिलेको समस्या भनेको युवाको प्रतिनिधित्व हाम्रो शासनमा छैन । हाम्रो 'डिसिजन मेकिङ'मा युवाको 'रिप्रिजेन्टेशन' हुन सकेको छैन । अहिलेसम्म भएका संरचना र प्रक्रियाले युवाको 'रिप्रिजेन्टेशन' दिँदैन । जसले गर्दा समाजमा बिद्रोह चलिरहेको छ । हामीले के 'एज्युम' गरेका छौं भने १८ वर्षभन्दा तलको युवाले यसलाई लिन सक्दैनन् । जबकी उसको शिक्षा, 'एक्सपोजर' र 'डिसिजन मेकिङ कपासिटी' मा भएको विकास हाम्रो भन्दा बढी छ । उसले विद्रोह गरिरहेको छ । र, मेरो विचारमा अर्को एउटा हेर्नै पर्ने 'प्रस्पेक्टिभ' हो जातजाति । 'इन्क्लुजन' नभएका यी सब कुरा छन्, तर युवाको सहभागिता मुख्य विषय हो । र, युवाले के कुरा खोजेको छ भन्ने कुरा वास्तवमा हामीले छलफलमा ल्याएका छैनौं । त्यसो हुनाले संरचनाको कुरा गर्दा, 'प्रोसेस' को कुरा गर्दा हामीले यो चिज छुट्याइ दिनुपर्छ जस्तो लाग्छ । अघि प्रोफेसर मिश्रले राख्नुभयो । निर्वाचन भनेको सत्ताको लागि हो वा 'डीसीजन मेकीङ' लाई हो ? हाम्रो प्रतिनिधित्व भएन भन्ने हो ? वा डीसीजन मेकीङ मा आफ्नो सहभागिता भएन भन्ने हो ।

यदि हामीले सत्ताका लागि मात्र होइन भन्यौं र 'डिसीजन मेकीङ' को लागि हो भन्यौं भने 'डेमोक्रेटीक फ्रेमवर्क'धेरै छन् । त्यो पनि कसरी बढ्छ भने अहिले सञ्चार बढेको बेलामा, शिक्षाको स्तर बढिरहेको बेलामा त्यसमा धेरै समुदाय 'इन्टीग्रेटेड' हुँदै गएको सन्दर्भमा के भएको छ भने 'डिसीजन-मेकीङ' मा थुप्रै तरिकाबाट रिप्रिजेन्टेसन' गराउन सकिन्छ । जस्तो समुदायको स्तरमा प्रजातन्त्रको कुरा गर्छौं नि अहिले त 'डिसीजन' त्यो 'लेवल'मा लैजान सकिन्छ त ? 'डिसीजन'संसदमा हुनुपर्छ भन्ने जरुरी छैन । त्यो भन्नासाथ युवाको रिप्रिजेन्टेसन' कुरा 'मेजर कर्न्सन' को विषय भएर आउनुपर्छ जस्तो लाग्छ । जहाँसम्म जातजातिको आधारमा प्रतिनिधित्व गर्ने कुरा छ, केही समयका लागि यसले सजिलो बनाए पनि त्यो चाहिँ 'प्रोग्रेसिभ, मोर्डन, सेक्यूलर स्टेट' तिर जाने संरचना हो जस्तो मलाई लाग्दैन ।

**कृष्णप्रसाद जैसी**

विद्वान्, नेता, विज्ञलगायत जिल्ला विकास समिति महासंघ नेपालले उठाउँदै आइरहेको र डा. मिश्रले यस अवधारणा पत्रमा उठाउनु भएको भौगोलिक प्रतिनिधित्व, स्थानीय तहमा निर्वाचन अनि सांसद्को योग्यता बारेका धारणा सान्दर्भिक छन् । आजै पनि यसो हेर्दा, डा. महेन्द्र लावतीले भनेको जस्तो आजको प्रस्तोताको, टिप्पणीकर्ताको र छलफलमा सहभागितहरूले उठाएका कुरा, कार्यपत्रभित्रको ब्राम्हणवादी संस्कार, क्षेत्री अनि नेवार, यादव वरिपरि घुमिरहेका छन् । यहीँ डा. पोखरेलले भन्दै हुनुहुन्छ, यो समस्या होइन । श्रेष्ठले पनि भन्नुभयो- दिगो कुरा भइसकेपछि त्यहाँ टेकेर जाऔं । तर राणा शासनकालमा भएन,

पञ्चायतकालमा २०१५ सालमा भद्र अवज्ञा गरेर जबर्जस्ती राजाले बनाइदि एको संविधानबाट चुनाव गर्‍यौं । छलफल धेरै हुन सकेन । पञ्चायतमा स्थानीय निकाय कस्तो बन्ने भन्ने छलफल नै भएन । एक जनालाई ठेक्का दिइयो रे । लेखेर ल्याउनु भनियो रे । त्यसले पञ्चायत ढाँचा, ढर्रा सबै बनायो रे । त्यसको काम गाउँ पञ्चायतको सट्टा गाउँ विकास समिति भनेर नाम लेखेर लाहाछाप लगाउने काम भयो । ऐन बन्यो त्यसैले जो छलफल हुनुपर्थ्यो-पहिले व्यवस्था परिवर्तन हुँदाखेरी छलफल गरेनौं । त्यसका पछाडि के कारण छन् भने सत्तामा बस्नेहरू, केन्द्रमा बस्नेहरू, मैले धेरै जानेको छु भन्ठान्नेहरू, बुद्धिजीवीहरू, युवा पिढीँ, अरू पक्षलाई सोध्नुपर्छ भन्ने, जनमत प्रणाली वा जनमतबाट निर्णय गर्नुपर्छ भन्ने कुरा र विपक्षमा भए पनि, कम्युनिस्ट भए पनि त्यति बेला नेकपा एमालेले संविधानमा राखेका कुरा जे जे भने पनि ग्रहण गर्नुपर्ने कुरा हामीले गरेनौं, सामन्तवादी संस्कृति भएका देशका मानिसहरूले, कार्यकर्ताहरू, सत्तामा बसेका वा बाहिर बसेकाहरूले गर्दा बिग्रिरहेको छ जस्तो लाग्छ । अहिले भइरहेको छलफल सह्रानीय छ ।

दसवटा कार्यपत्र प्रस्तुत भयो अब के गर्ने भन्ने बारेमा छलफल भइरहेको छ । यसमा समावेशीकरण गरे पनि केन्द्रीय सत्ता बलियो हुने हो भने राजा रहँदा वा नरहँदा पनि र राजा रहँदा अहिले पनि संसदीय प्रणालीभित्रका सांसदहरू, केन्द्रीय सत्ता, विभिन्न पार्टीका केन्द्रीय कमिटीका नेताहरू जिविस तहलाई बलियो बनाउनुपर्छ भनेर जनताको सरकार, सबभन्दा नजिकको सरकारलाई अधिकार दिनुपर्छ भन्ने बारेमा खुलस्त हुन सकेनन् । स्थानीय तहका कार्यकर्ताहरूको नेताको तह निर्धारण गर्ने कुरामा सांसदभन्दा तल कि माथि, सांसदभन्दा ठूलो कि सानो ? भन्ने दुविधा कायमै छ । प्रत्यक्ष निर्वाचन प्रणाली हुनुपर्छ- जिविसमा । तर त्यो कुराले सांसदभन्दा ठूलो पो बन्छ की त्यो भन्ने प्रश्न उठ्यो । यदि हाम्रो दिमागमा त्यसले घर गरी राख्छ भने हामी गणतन्त्रात्मक प्रणाली सोभियत संघ र चीनमा अहिले पनि नभएको जस्तै हुन्छ । अनि भारतमा महिलाको आरक्षण गर्दा श्रीमान्‌लाई सँगसँगै ल्याउनुपर्ने भयो-५० वर्षसम्म । शिक्षा दिनुपर्छ भन्ने कुराले होइन, सम्पत्तिमा बराबर हक महिलालाई दिनुपर्छ/बनाउनुपर्छ भन्ने आवाज समेट्ने संविधान बनेन । त्यसपछि तलतल बिग्रदै गयो । हामीले बढाउनुपर्छ भन्ने कानुनहरू बनाएनौं । संविधानमा कमजोरीहरू भए, अनि कानुन बनाउँदा आफ्नो सत्ता विरासत पहिलेदेखि कसरी ल्याउने या जोगाउने भन्ने मात्र सोचाईले हुँदैन ।

हुन त गाविस र नगरपालिका पनि राम्रो हो, तर त्यहाँ दल बनाउनु हुँदैन स्वतन्त्र बनाउनुपर्छ । अन्तरविरोधपूर्ण छ । डा.मिश्रलाई  मेरो सुझाव छ- यसरी अकमक नहोऔं । दलीय प्रणालीले बिगार्दैन । माथिकाले बढी बिगारे भन्ने प्रमाणित भएको छ । केन्द्रीय सत्तामा बस्ने मानिसहरू बढी बिक्री भए, किनिए, बेचिए सत्यानास भयो । अहिले बुझाइयो दरबारमा । तर तलका मान्छेले त्यति बिगारेका होइनन् । बिगारे पनि अलिअलि नजानेर बिगारेका होलान् । त्यसैले दलीय प्रणाली राख्नुपर्छ । कर्णजीले भन्नुभएको जस्तो प्रणाली पनि ल्याउनुपर्छ । फिर्ता बोलाउने *(recall)* प्रणाली ल्याउँदा केन्द्रीय सत्ता कांग्रेसको छ, तल त्यो बिग्रिन्छ कि भनेर वा एमालेको छ कि त्यसैले सत्यानास पर्छ कि, *recall* गरेर सार्वजनिक प्रस्ताव ल्याएर



सिद्धाइदि न्छ कि भनेर संसद्‌मा ऐन बनाउँदा कुर्सी भाँचाभाँच गरेर त्यहाँ *recall* हटाउनुपर्छ भन्ने खालको जबर्जस्ती गर्नुहुँदैन । त्यसो गर्ने हो भने गणतन्त्र आउँदा पनि हुँदैन् । राजतन्त्र फाल्दा पनि हुँदैन । हामीभित्र रहेको सामन्ती संस्कृति हटेन भने हुँदैन । त्यसैले सहभागीपूर्ण समावेशीकरण राजनीतिमा पनि बहुमतको शासन प्रणाली हुनु जरुरी छ । बहुमतको शासनको प्रणालीमा महिला र अरूको पनि सहभागिता हुनुपर्छ । जिम्मेवारी लिने, जवाफदेही गर्छु र म नैतिक हिसाबले शासन गर्छु र भएन भने म बाहिर जान्छु भन्ने  हुनुपर्छ जस्तो लाग्छ । अलमल छ यसमा प्रष्ट भइदि नुपर्‍यो ।

**लालबाबु यादव**

मेरो केही कुरामा टिप्पणी छ । समावेशी लोकतन्त्र भनेको के हो ? what is the difference between participatory democracy and inclusive democracy ? यो के हो ? अर्को कुरा प्रजातन्त्रमा निर्वाचन एउटा भाग मात्र हो, सम्पूर्ण होइन । सम्पूर्ण भएको भए २०३६ सालमा जनमत संग्रह भएको थियो, किन दिगो भएन ? चेचेन्यामा जनमत संग्रह हुँदा ९० प्रतिशत मत आएको थियो, किन दिगो हुन सकेन ? निर्वाचन नै सबै कुरा होइन । अमेरिकामा पनि निर्वाचन भयो । त्यहाँ पनि निर्वाचन हुँदा निर्वाचन एकाई (electoral college) जथाभावी गरेको थियो । अहिले पनि 'विनिङ भोट' एउटा हो, 'पपुलर भोट' अर्कै हो । अब नेपालकै सम्वन्धमा 'प्रोपरसनल रिप्रिजेन्टेशन' लाई बढी महत्व दिनुभएको छ । 'प्रोपरसनल रिप्रिजेन्टेशन' हुने हो भने विपक्षको भूमिका के हुने हो ? विपक्ष भएन भने प्रजातन्त्रको के आधार हुने ? हरेक पार्टीको मेनिफेस्टो हुन्छ । सबैको कार्यान्वयन कसरी एक ठाउँमा हुन्छ । कोक र कफी मिलाउन मिल्दैन । किनकी हरेक पार्टीलाई मत दिने घोषणापत्रको आधारमा हो । त्यस्तै महाभियोग (impeachment) को व्यवस्था के हुने ? सबै सरकारमा गयो भने हटाउने व्यवस्था कसरी गर्ने ? त्यही संसद्‌ले सबै व्यवस्था गर्दैछ भने विपक्षीको व्यवस्था नै भएन । रिकलचाहिँ बलियो हुँदैन । स्वतन्त्र व्यक्तिलाई कहाँ राख्ने ? एक व्यक्तिले कति पटक चुनाव लड्ने ? जिविसको एलोकेसनमा उहाँले भन्नुभएको छ- माथि सबै दलीय हुने, हामी योगदान र आन्दोनल दलको लागि गर्ने तल चाहिँ निर्दलीय बनाइदा को प्रति उत्तरदायी हुने ?

यो विरोधाभाष भयो । दलमै गयो भने केही फरक पर्दैन । उहाँले ५/६ वटा जिल्लालाई एउटै बनाउने कुरा उठाउनुभयो । हामी जहिले पनि 'सेन्टर' को 'भिजन' बाट हेर्छौं कि ? यसरी जनतालाई अप्ठ्यारो पर्छ । यसमा संघीय सरकारको कुरा उठाउनुपर्छ । जातजाति महिलालाई कहाँ राख्ने हो, सबैलाई राख्ने 'इन्क्लुसिभ डेमोक्रेसी' को कुरा गर्नुहुन्छ । ३७ जनामा एक जना महिला, दलित महिला छन् । राजनीतिक पार्टीको स्वरूप हेर्नुभयो भने हामी तपाईले जति गरे पनि सकिँदैन । केन्यामा एकदम राम्रो संविधान बनाएको छ । कार्यान्वयन गर्न सकेको छैन । कार्यान्वयन गर्ने नै राजनीतिक पार्टी हो । *They* have rights; they have capability to implement such a type of program.  हामीले त एउटा 'प्रेसर' मात्र दिने हो । जुन राजनीतिक पार्टी नै यस्ता छन् भने पहिला त त्यहाँबाट 'रिफर्म' हुनुपर्‍यो । कति जना महिला राख्नुहुन्छ भनेर । यो कुराभन्दा पनि प्रधानमन्त्रीलाई,

संसद्मा प्रत्यक्ष वालिग मताधिकार *(adult franchise)* बाट गराउने र, उसले मन्त्रिपरिषद्को निर्माण गर्दा बाहिरबाट पनि ल्याउन सकोस् । संसद्को भूमिका के हुन्छ भने दुई/तिहाई बहुमतले प्रधानमन्त्रीलाई महाभियोग लगाउने, त्यो पनि भएन भने मन्त्रिपरिषद्को 'कम्पोजिसन' मा 'हाउस'को सामान्य बहुमतबाट पास गर्ने । त्यो गराउँदा कस्तो हुन्छ ? 'टोटल बजेट' र 'कन्सर्न पार्टिज' संसद्बाट पास गर्ने, संसद्ले पास गरेन भन्दैमा प्रधानमन्त्रीले संसद् पनि विघटन गर्न पनि नसक्ने व्यवस्था गरिनु पर्छ । निर्वाचन सानो माध्यम जस्तो लाग्छ । तर समावेशी लोकतन्त्र निर्माण गर्ने हो भने त्यो राजमार्गमा नपसिकन कहीँ पुग्न सकिँदैन ।

**खगेन्द्रनाथ शर्मा**

म यहाँ उदाहरण दिन चाहन्छु- २०४७/२०४८ को प्रथम संसद् निर्वाचन, त्यसपछिको स्थानीय निर्वाचनलाई 'सिस्टमेटीकल्ली' हेरेको थिएँ । त्यसबाट म आस्वस्त भएको थिएँ- हाम्रो निर्वाचन पद्धतिमात्र हैन, निर्वाचनमा भाग लिनेहरू पनि सक्षमै रहेछन् । यिनीहरूले हाम्रो प्रजातन्त्र थाम्न बलियो बिंडो समाएका छन् । एक/दुई वटा धाँधली नभएका होइनन्, भए पनि जुन प्रकारको 'भोटिङ प्राक्टीस रिजल्ट' आयो, त्यसले गर्दा विश्वस्त थिएँ ।

१९९९ मा बनारसमा अन्तराष्ट्रिय सेमिनारमा भाग लिएको थिएँ । त्यस कार्यक्रममा एक जना भारतीय विद्वानले कार्यपत्र प्रस्तुत गर्दै नेपालमा सेना सधैं राजाको पछाडि छ, राष्ट्रिय प्रजातन्त्र पार्टी 'सोकल्ड' पहिला पञ्चायत मार्गी राजाका पछाडि छन्, एकदिन नेपालीहरूलाई खुट्टामा पासो लगाई दिएर प्रजातन्त्र एकातिर हालेर राजालाई फेरि ल्याउँछन् भनेका थिए । त्यहाँ मैले भनेको थिएँ- तिमीहरूले प्रजातन्त्रका कमजोरीहरूको कुरा गर्ने हो भने प्रजातन्त्र ५० वर्ष पालेको भारतमा पनि कति धाँधली गर्छौं, हामी देखाउन सक्छौं । हामी कहाँ जुन शुद्ध आचरण आएको छ, त्यो औंल्याउनु हो । यो हुन सक्ने छैन भनेको थिएँ । तर त्यतिबेला राजा वीरेन्द्रको एउटा स्वभावलाई परिकल्पना गरेको थिएँ । २०५८ सालको परिकल्पना गरेको रहनेछु । २०५९ सालको परिकल्पना गरेको रहनेछु ।

दोस्रो सानो उदाहरण, केही वर्ष अगाडि फिजीमा ५१/५२ प्रतिशत जनसंख्या भारतीय र बाँकी आदिवासी थियो । त्यो आधारमा महेन्द्र चौधरीले प्रधानमन्त्री बने । उनले निर्वाचित संसद्को नेतृत्वमा सरकार बनाए । त्यो पतिनिधिसभासहितलाई एक जना आदिवासी मान्छेले संसद् हातामा सानो हतियार लिइ 'आर्मी' लाई 'टोटल्ली प्यारालाइज्ड' गरेर महिनौसम्म संसद् बन्द राखेर आदिवासी प्रणाली ल्याउने प्रयत्न गऱ्यो । अघि सूर्यप्रसादजीले भन्नुभयो, 'मैले यहाँ भन्न खोजेको के हो भने निर्वाचनमा मतदाताको व्यवहार एकदम परिपक्व र समृद्ध खालको थियो । यो जो परिणति आएको छ,' त्यो मतदाताको कारणले, मतदानको कारणले आएको हो भन्नेमा म सहमत छैन । त्यसकारण पूर्णरूपमा हामी निर्वाचन प्रणालीमा प्रक्रियागत रूपमा अलग जाऔं भन्ने तर्कसँग म सहमत छैन । त्यति हुँदाहुँदै आयो- २०५८ साल । त्यो आउला भन्ने परिकल्पना गर्न नसक्नु संवैधानिक कमजोरी हो । संविधानको 'सेफगार्ड मेकानिजम' खोई त ? हामीले जुन संस्थाका लागि निर्वाचन गर्छौं र त्यो संस्थाले हाम्रो सम्प्रभुता



'एक्जिक्युट' गर्छ भन्ने मान्यता थियो, त्यो मान्यतालाई संरक्षण गर्ने 'सेफगार्ड मेकानिजम' खोइ त ? यसले गर्दा २०५८ पछाडि धराशायी भएको संसद्, २०५९ सालदेखि धराशायी भएको प्रजातान्त्रिक पद्धति अहिलेसम्म अनन्य रोदनमात्र भएको छ । वास्तवमा 'ट्र्याक' मा आएको छ/छैन भन्ने कुरामा हामी जानुपर्ने हुन्छ । त्यो संरक्षण गर्नका लागि अहिलेको संविधान पर्याप्त छ/छैन ? यो संविधान पर्याप्त छैन । धारा १२७ ले खाइसक्यो । अब केका लागि निर्वाचन गर्ने भन्ने हो भने त्यसलाई संरक्षण गर्ने संघात्मक रूपले जानुपऱ्यो । सायद संविधानसभातिर गयौं र नयाँ संरचना गऱ्यौं भने त्यो 'भोटीङ' प्रक्रियामा जानुपर्छ भन्ने कुरामा म तयार छु ।

प्रतिनिधित्वको कुरा गर्दा धेरै विकल्प छन् । 'प्रोपरसनल रिप्रिजेन्टेसन' मा जानुपर्ने कुरामा म सहमत हुन्छु तर त्यसमा हाम्रो मान्यता के थियो त ? हामीले वेलायती संसदीय प्रणाली (Westminster parliamentary model) पार्टीगत रूपमा बहुदलीय व्यवस्थामा जाँदा संसदीय सम्प्रभुताको आधारमा 'लिडरसिप' पनि 'एक्जिक्युट' गर्नुपर्ने आधारमा जानुपर्छ । यहाँ समान्यतया के छ भने पार्टीगत रूपमा 'आइडियोलोजिकल फ्रेमवर्क' समर्थन गर्छु । 'फ्रन्ट'मा जाँदा यी सब कुरालाई समाहित गरेर बाहिर आइसकेको हुन्छ । जोचाहिँ 'एक्सरसाइज' मा यहाँ देखिएन । हाम्रा पार्टीहरू प्रजातान्त्रिक भइदि एका भए, पार्टीमा समावेशीकरण कुरा पहिला भइदि एको भए, निर्वाचनको परिणाममा समावेशी त पहिला नै आउने थियो । तर पार्टीको प्रकृति के छ भने प्रजातान्त्रिक संस्कृति भएन, अर्को परिवारवाद *(dynasty)* फैलाउने कुरा भए । प्रमुख पार्टी 'डाइनास्टी' का कुरा आउनाले अहिलेको कमजोरी आएको छ । त्यो पार्टीको 'पर्फर्मेन्स'को कमजोरी हो, पार्टीहरू भित्र परिवारवाद गर्ने परिपाटी विकशित भएको छ । त्यसले गर्दा संस्थागत हुन पाएको छैन । निर्वाचन गर्दा संस्थालाई बिर्सनु हुँदैन । तर त्यो संस्थामा स्थायित्व कायम गर्ने गरि जानुपर्दा 'ट्रान्जिसनल' र 'लङटर्म' मा हेर्न सक्छौं । 'ट्रान्जिसनल'रूपमा हामीले 'प्रोर्पसनल रिप्रिजेन्टेसन'जुन-जुन तह/वर्गको कुरा गरेका छौं, तिनीहरूको प्रतिनिधित्व हुनुपऱ्यो । जुन बेलासम्म समाज पूर्णरूपले सुशिक्षित अथवा सचेत भइसकेको हुँदैन, त्यति बेलासम्मको (२०/३० वर्ष) समयावधी राखेर आरक्षणको कुरा गर्न सक्छौं । पूर्णरूपले सुशिक्षित भइसकेपछि आरक्षण सबै कुरा होइन । जस्तो संविधानमा महिलाको आरक्षणमा पाँच प्रतिशत प्रतिनिधित्व हुन पाउने गरी उनीहरूको नामांकन हुनुपर्छ । त्यो कस्तो भयो भने जुन ठाउँमा जित्ने संभावना छैन, त्यहाँ महिलालाई राखी दिने काम भए । त्यसले गर्दा प्रतिनिधित्व हुन सकेनन् । दीर्घकालीन रूपमा जाने हो भने हामीले अन्तत गएर राजनीतिक आयाममा 'इन्टिग्रेसन' गर्नुपर्ने हुन्छ । होइन भने फरि पनि प्रजातन्त्र टिक्न सक्दैन । समावेशीकरण गर्दा टुक्राएर गरियो भने राष्ट्रिय अखण्डता *(national* integrity*)* कुरालाई जोगाउन धेरै गाह्रो हुन्छ ।

**तारानाथ दाहाल**

वास्तवमा हामी नेपालीहरू जहिले पनि भावनामा नै दौडन्छौं जस्तो अनुभूति हुन्छ । हामी कंक्रिट मुद्दाहरूमा भोलिको लोकतन्त्रको संरचना निर्माणका लागि एकेडेमेकि बहस गरिरहेका छौं, तर धेरै जसो अपेक्षा, अनुमानहरू प्रकट हुन्छ । यसले

के देखिन्छ भने वास्तवमा हामी संमृद्ध लोकतन्त्रका लागि आफैं नै सक्षम छैनौं कि भन्ने मलाई अनुभूति भइरहेको छ । जस्तो हामी समानुपातिक निर्वाचनको कुरा गर्छौं, आरक्षण पनि भन्छौं । कहीँ न कहीँ यी दृष्टिकोणहरूलाई कसरी मिलाउने ? फेरि समानुपातिक भन्ने बित्तिकै त्यसको 'आइडोलोजिकल प्रोपोसनल' हो कि ? यी धेरै कुराहरू डा. मिश्रले उठाउनुभएको छ । यसबाट पनि धेरै प्रश्नहरू उठेका छन् । यी सबै विषयमा लामो अनुसन्धानको खाँचो छ । त्यसबाट मात्रै हामी एउटा टुंगोमा पुग्न सक्छौं, तर हामीले खोजेको चाहिँ निश्चत रूपमा सबै नेपालीको मुलुक निर्माण प्रकृयामा सहभागिताको सुनिश्चितता होस् । हाम्रा प्रयोगहरूले सबैलाई सत्तामा गएपछि मात्र 'डिसिजन मेकिङ'को अधिकार प्राप्त भएको हुँदोरहेछ भन्ने निश्षर्क हो । त्यसैले 'प्रोपोसनल रिप्रिजेन्टेटेसन' को कुरा सत्तामा हेरिरहेका छौं । संसद्मा हेर्दैनौं । यी सबै अनुभव र भोगाईहरूलाई हेरेर हामीले नयाँ सोच्नुपर्छ । अर्को कुरा पार्टी प्रजातान्त्रीकरण हुनुपर्छ भनेर निर्वाचन र पार्टी अलग राख्नुहुन्न । मलाई के लाग्छ भने हाम्रो मुलुकको प्रजातन्त्र खतम हुनुका पछाडि प्रजातान्त्रिक पार्टीहरूको अभाव हो । पार्टीहरू प्रजातान्त्रिक नभएका कारण प्रजातन्त्र सकिएको हो । निर्वाचन भनेको त पार्टीभित्रको निर्वाचन पनि हो । हामीले चर्चा गरेको विधायिकी वा स्थानीय निकायको निर्वाचन मात्र होइन । समावेशी लोकतन्त्रमा त पार्टीभित्र पनि निर्वाचनको उत्तिकै महत्व हुन्छ । पार्टी राज्यको एउटा अभिन्न अंग हो । राज्यको निर्माण पार्टीले गर्छ । निर्वाचन एउटा विधि हो । त्यो पार्टीभित्र कस्तो विधि लाने त ? पार्टी राम्रो भए, प्रोपोसनल भए नि हुन्थ्यो, नभए बहुमतवादी भइदि ए पनि हुन्थ्यो भनेर हुँदैन । निर्वाचन आयोगले पार्टीहरूलाई जुन किसिमले 'गभर्न' गर्नुपर्ने हो त्यो नगरेर पो कि ? पार्टीभित्र चुनाव नभएको कुरामा निर्वाचन आयोगले हस्तक्षेप गर्न सक्दैन भने त्यो संवैधानिक आयोग कसरी भयो ? गाउँ विकास समितिमा हस्तक्षेप गर्न सक्ने तर त्यो राज्य निर्माण गर्ने पार्टीभित्र चाहिँ उसले छुँदै नछुने हो भने त्यो निर्वाचन आयोग कति अधिकार सम्पन्न थियो ? हामीले निर्वाचन आयोगलाई नै अधिकार सम्पन्न बनाएनौं कि ? हाम्रा पार्टीको प्रजातान्त्रिकरण गर्ने दायित्व कसको त ? त्यो पनि निर्वाचन हो कि ? निर्वाचन आयोगले नै त्यो विधि खोज्नुपर्ने हो कि ?

**विजुलकुमार विश्वकर्मा**

विशेष गरी निर्वाचन भन्ने बित्तिकै संविधानसभाको चुनावलाई सबैभन्दा बढी महत्व राख्नुपर्ने हुन्छ । सबै पार्टीहरू संविधानसभाकै पक्षमा छन् । सात दल तथा अन्य पार्टीहरू कसरी चुनाव हुने हो ? यसको *modality* के हो ? यसको प्रक्रिया के हो ? भन्नेमा छन् । जस्तो कि पहिले संसदीय निर्वाचन हुन्थे । त्यसमा प्रत्येक पार्टी सांसदमा जितेर आउँथे । त्यहीअनुसार टिकट दिएर एकवर्षभित्र संविधानसभानिमार्ण गर्ने हो की ? टिकट दिने प्रणाली कस्तो हुने हो ? कसले जित्छ जस्तो छ दायाँबायाँ केही नहेरी उसैलाई भोट दिने गरिन्थ्यो । चाहे त्यो फटाहा वा लफंगा होस्, त्यसलाई नै दिने गरिन्थ्यो किनभने सरकार बनाउनु छ भन्ने हुन्थ्यो । सत्तामा जानुछ पार्टी भन्ने थियो । अहिले कस्तो टिकट वितरण हुने हो, संविधानसभाको चुनाव हुँदाखेरी ती प्रतिनिधि संसद्मा आएर बनाउने होला संविधान । समस्या यहाँ नेर छ । पहिले



संसदीय निर्वाचन हुँदा टिकट वितरण गरे जस्तो गरी गर्न मान्ने पक्षमा म छैन । संविधानसभा पनि हुनेवाला छैन । यस्तो निर्वाचनलाई समावेशी लोकतन्त्र भनिदैन । र, समावेशी संविधान बन्नेवाला पनि छैन । समावेशी लोकतन्त्र नभएकाले नै असफल भएको हो । त्यसैले कतिपय मानिसले यो संविधानभित्र प्रवेश पाएकै छैन । पच्चीस प्रतिशत जनसंख्या भएको दलित समुदायबाट २०४८ सालमा एकजना व्यक्ति मात्र सांसद भएका थिए, त्यसपछिका २०५१ र २०५६ सालका निर्वाचनमा दलित समुदायको एउटा व्यक्ति पनि सांसद् भएको छैन । अनि यो संविधानलाई कसरी मान्ने ? त्यो समुदायले हतियार नबोकेर के गर्ने ? पार्टीमा नलागेकाहरू जंगल जान्छन् । त्यसकारण पार्टीका नेताले यो कुरा बुझ्नु पर्‍यो । त्यस्तै कुरा आदिवासी जनजातिको छ भने त्योभन्दा बढी अझ महिलाको छ । दलितको तुलानामा आदिवासीको स्थान राम्रो छ । ५१ प्रतिशत महिला छन्, तिनीहरूलाई पाँच प्रतिशत टिकट दिनुपर्छ भनेर छुट्याइएको छ । अहिले ३३ प्रतिशत माग छ, महिलाको प्रतिशत छुट्याए पनि सूक्ष्म तरिकाले हेरिदैन । महिलालाई छुट्याउँदा पनि एउटा समुदायका महिला मात्र परेका छन् । त्यहाँ सबै समुदायका महिलाहरू पर्नुपर्छ । एउटै जातिका महिला मात्र गइरहेका छन् । यो कुरा बुझिदिनुपर्‍यो ।

भारतको संविधान दलितको नेताले बनाएको छ । नौ जनाको संविधानसभाबनाउने भन्यो भने दलितको व्यक्ति नै पर्दैन । यहाँ सहायकमन्त्री बनाउन पनि गाह्रो मानिन्छ । अनि त्यो समुदाय नरिसाएर के गर्ने ? यी कुराहरूलाई राष्ट्रका प्रजातान्त्रिक पार्टीहरूले पनि देखाएका छन् । पार्टीभित्र पनि त्यही समस्या छ । नेपाली कांग्रेसमा १४ सय सिट छ । त्यसमा केही सिट महिलाका लागि छुट्याइएको छ । त्यसैगरी महासमितिमा ६ सय सिट छ । ती सिटमा दुई तीन जना बाहेक अरू दलित समुदायका व्यक्ति आउँनै सक्दैनन् । अनि, १४ सय सिटमा नेविसंघ, तरुण दल, नेपाली कांग्रेसको राजनीति, भ्रातृसंस्थामा काम गरिरहेका छन् । तर मैले हार्नु परिरहेको छ । जित्नै दिन्नन मलाई । १४ सयवटा सिटमा म पूर्व सांसद्जस्तो व्यक्ति आउनै सक्दिन् । मलाई अहिले गिरीजाप्रसाद कोइरालाले मनोनयन गरेर महाधिवेशन प्रतिनिधि बनाइदि नुभएको छ । त्यो पद मलाई चाहिँदैन भनेको हुँ । केही स्थान दिए पो त्यो समुदायहरू त्यो पार्टी तथा व्यवस्थाप्रति आर्कर्षित हुन्छन् । ए हामी छौं । हामी लड्न तयार छौं । राम्रा भाषण दिएर बोलाउने हो भने पूरा गाउँ उल्टिएर आउँछ । कुरा के गर्ने हो भन्दै । के बोक्ने हो त्यही बोक्न तयार हुन्छन् । तर यहाँ तौरतरिका छैन् । जसले खाइपाई आएको छ, उसले खाने हो । नखानेलाई गुलियो चटाएर बानी पार्ने भन्ने तिर लाग्छन् ।

निर्वाचनको कुरामा पनि, यहाँ जोसँग पैसा छ, त्यसले टिकट पाउँछ । जो गरिब छ, पार्टीको असल कार्यकर्ता छ र जनतामा लोकप्रिय छ भने उसले पनि चुनाव लड्नको लागि टिकट पाउनुपर्छ । सांसद्हरू कम्तीमा स्नातक हुनुपर्छ भन्दा यिनै पछाडि परेका व्यक्तिहरू नै फेरि पछाडि पर्छन् ।

**विनोदकुमार भट्टराई**

निर्वाचनले विचार, जाति र भौगोलिक क्षेत्रको पनि प्रतिनिधित्व गर्छ । समग्रमा अन्तिममा यसले 'डेलिभरी' गर्छ । हामी कुन ठाउँमा चुकेका हौं, त्यो हेर्न

बहुत जरुरी छ । 'स्ट्रङ लिडरसीप इमर्ज' होस्, जसले प्रतिगामी तत्व *(regressive element)* लाई पछाडि रोक्न सकोस् र अगाडि बढाउन सकोस । २०४७ सालपछि तीनवटा निर्वाचन भए । ती निर्वाचन ठीक रहेनछन् । बहुमतको प्रणाली ठीक रहनेछ भन्ने हामीले देखिसकेका छौं । मैले भन्नुपर्दा विगत भारतको आम चुनाव 'जेनरल इलेक्सन' र तीनवटा साधारणसभाको निर्वाचन हेर्दा के देखियो भने 'आइडियल साइज' या 'कन्स्टिच्युएन्सी' के हो त ? कति राख्ने ? नायक गोविन्दाले जितेको २५ लाखको 'कन्स्टिच्युएन्सी' ठीक हो कि ? लद्दाखको एक लाखको 'कन्स्टिच्युएन्सी' ठीक हो ? हामी कहाँ एक लाखको छ । ७८ वटा सिट कांग्रेसले एक हजारभन्दा कम मतले जितेको छ । यद्यपि, माले⁄एमाले फुटेको थियो । राप्रपा पनि दुई वटा भएको थियो । तर एक हजारभन्दा कम मतले जितेको थियो । त्यहाँ निर्वाचन लड्नेलाई थाहा छ । कुन गाउँमा आफूलाई कति भोट आयो वा आउँछ थाहा हुन्छ । कम आउनेले अलिकति चलाखी गर्ने बित्तिकै अर्को मानिसले जित्छ ।

समस्याको कुरा के छ भने सीमा छुट्याउने कुरा, नेपालको साइजमा के हुने ? कति साइजमा 'कन्स्टिच्युएन्सी' हुने ? यदि बहुमत प्रणाली निरन्तर लाने हो भने सम्भव छैन । यसैले सबैभन्दा नजिक समानुपातिक नै हुन सक्ला । यसले धेरै समस्याको समाधान गर्छ । यसले हाम्रो धेरै जातिको प्रतिनिधित्व गर्न सक्छ । भौगोलिक र विचारको प्रतिनिधित्व गर्ने सम्भावना रहन्छ । बीपी कोइरालाले खोटाङबाट भर्खर सरेका माधवप्रसाद उपाध्यायलाई तराई कांग्रेसका महामानव वेदानन्द झाका विरुद्ध उभ्याएर जिताएको इतिहास छ । बीपी के भन्नुहुन्थ्यो भने अब तराईको मानिसलाई शेर्पाको गाउँबाट जिताउनुपर्छ । शेर्पाको 'कन्स्टिच्यूएन्सी' मा ल्याउनुपर्छ अनि विचारको प्रतिनिधित्व हुन्छ । अब ती दिन गए । जतिजति मानिस सचेत हुँदै जान्छ आफ्नो पहिचान खोज्छ । त्यसकारण उचित मात्रामा यदि पहिचानको प्रतिनिधित्व दिन सकिएन भने समस्या हुन्छ । अबको स्थिति बहुमत प्रणालीको देखेको छैन । 'कोलिसन'मा बलियो नेतृत्व देखा पर्न सकेन । 'प्रोर्पसनल रिप्रिजेन्टेसन' ले नेपालको 'क्वालिटी गभरनेन्स फेल' हुन्छ । 'इट्स कन्ट्राडिक्टोरी' तीनवटा निर्वाचनले हामीलाई प्रशस्त सिकाइसकेको छ । अबको बाटो 'प्रोर्पसनल इलेक्सन सिस्टम' ७५ वटा जिल्लामा एक-एकवटा त हामीले मानेकै छौं । मिश्रित निर्वाचन र पार्टीको निर्वाचनबाट जान किन नसक्ने ? पार्टीभित्रको आन्तरिक प्रजातन्त्र धेरै महत्वपूर्ण प्रश्न हो । गिरिजाबाबुले भोलि 'प्रोर्पसनल इलेक्सन सिस्टम' मा लिस्ट त दिनै पर्‍यो । हामीले जित्यौं भने पहिलोमा म हुन्छु, दोस्रोमा ऊ हुन्छ आदि । रिस देखाएर भोट मागेर बदनाम अनुहारलाई फेरि उहाँले ल्याउनुभयो भने त्यहाँ के हुन्छ ? अनि पार्टी प्रणाली विकसित पनि हुँदै जान्छ । त्यसकारण 'प्रोर्पसनल इलेक्सन सिस्टम इज द वेस्ट सिस्टम' यसैलाई अंगिकार गर्नपर्छ, समावेशी लोकतन्त्रको लागि । 'प्रोर्पसनल' के को लागि, जस्तै २०५६ सालको निर्वाचनमा एमालेले ७१ वटा सिट जितेको थियो । यदि 'प्रोर्पसनल' भइदिएको भए ६३ वटा जित्ने रहेछ । माले झन्डै ६.३८ प्रतिशत भोट पाएको छ तर सिट एउटा पनि आएन । पार्टी पनि 'प्रोर्पसनल' भएन । ७५ वटा जिल्लामा जिल्लालाई प्रतिनिधित्व गर्ने गरी संसद्मा एउटा प्रतिनिधि र बाँकी बहुमत प्रणाली हिसाबमा जान सकिन्छ । यसले दुईटा फाइदा छ । यसले दुईवटा कुरालाई



स्पष्ट पार्न सक्छ । एउटा पार्टीको स्थिति, अर्को पार्टीभित्र आन्तरिक प्रजातन्त्र पनि विकसित हुन सक्छ । यो प्रणालीमा जानुपर्ने हुन्छ ।

**भोला ढुंगाना**

निर्वाचनको सन्दर्भमा वा जनसुकै कुरालाई हामी सिद्धान्तमा आधारित भएर हेर्दैनौं । सिद्धान्त एउटा त्यस्तो आधार हो जसले हामीलाई अगाडिको मार्ग निर्देश गर्छ । हामी धेरै सतही र भावुक भएर मात्र कुरा गर्छौं । सिद्धान्तमा आधारित भएर कुरा गर्दैनौं, जसले गर्दा यसका सीमा के हुन् ? यसको उद्देश्य केहो भन्ने कुरा ओझेलमा पर्ने गरेको छ । जस्तै अहिले विशेषतः हामीले प्रयोग गरिरहेको प्रत्यक्ष मत दिने प्रणाली छ, त्यसलाई पनि राम्रोसँग त्यसको सिद्धान्त र मूल्य बुझेर प्रयोग गरे समस्या थोरै हुन्थ्यो होला । हाम्रो सन्दर्भमा कति ठीक छ⁄छैन आफ्नै ठाउँमा छ । जसले बहुमत ल्याउँछ, उसले जित्छ । कति प्रतिशत मत ल्याउँदा उसको 'भ्यालिडिटी' हुने त ? 'लिगल भ्यालिडिटी' मा अहिलेको मान्यता नदिने भन्ने कुरा छ⁄छैन । तर राजनीतिक 'भ्यालिडिटी' यसले पाउन सकेन । यसका पछाडिको समस्या के हो त भन्दा हामी सिद्धान्तमा नै चुकेका छौं । हामीले एकीकृत पक्षबाट हेरिरहेका छैनौ । निर्वाचनपछि निर्वाचन मात्र । पार्टी भनेपछि पार्टीमात्र । अनि अर्थ जगत् भनेपछि अर्थ जगत् मात्र हेरिरहेका हुन्छौं । तर यसको सम्बन्ध भनेको जहिले पनि एकीकृत हुन्छ । समानुपातिक भनेपछि चार जनामात्र भएको एउटा समूह पनि छ, यहाँ । एकदम थोरै जनसंख्या पनि छ भने सबैभन्दा बढी जनसंख्या भएको समूह पनि छ । त्यहाँ सबैको मतको प्रतिनिधित्व गर्ने किसिमबाट हामी अगाडि बढ्न सकिरहेका छैनौं । उसको आर्थिक, सामाजिक, सांस्कृतिक सबै किसिमको प्रतिनिधित्व हुने किसिमको सोचाइ हामीले राख्दैनौं । त्यो चाहे निर्वाचनको सन्दर्भ होस् वा अन्य सन्दर्भमा । अर्कोचाहिँ प्रयोगको कुरा । यो चाहिँ लक्षित वर्गसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । 'स्टेकहोल्डर' मा एउटा 'इन्स्टिच्यूसनल स्टेकहोल्डर'अर्कोचाहिँ 'इन्डिभिजुअल स्टेकहोल्डर'को कुरा गर्दा 'पोलिटीकल पार्टीको रोल' यसमा महत्वपूर्ण हुन्छ । जो ऊ आफैंले ऊ आफूभित्र र बाहिर कसरी प्रयोग गरीरहेको छ त ? उसको प्रयोग भनेको अरूका लागि निर्देश हो । त्यो नै हामी कहाँ निष्पक्ष छैन । त्यो निष्पक्ष नहुनुको कारण 'इन्डिभिजुअल स्टेकहोल्डर'को को प्रतिस्पर्धाको कुरा आउँछ । त्यो प्रतिपर्स्धाका कुरालाई एउटैमात्र आधार शैक्षिक योग्यता नहोला । तर उसको राजीतिक, सामाजिक 'इनभल्वमेन्ट'र अरू दार्शनिक क्षमताको कुरा हुन्छ । त्यसको पनि एउटा मुख्य आधार हुनुपर्छ भन्ने मलाई लाग्छ ।

**तोयानाथ भट्टराई**

२०५६ सालको प्रधानमन्त्रीको अध्यक्षतामा जुन समिति थियो, त्यसले सुझाव राखेको त थिएन तर मुद्दाहरूलाई विश्लेषण त गरेको थियो, यो कार्यपत्र हेर्दा त्यसको याद आयो । त्यसले गर्न खोजेको के थियो भन्ने मलाई लाग्छ भने आफू निष्कर्षमा पुग्न सकेन भने पनि पढ्नेहरूले केही 'प्याट्र्न्स'हरू हेरून् । र त्यसबाट केही ल्याउन सकून् जस्तो मलाई लाग्छ । खासगरी 'र्‍यागिङ' अर्थात् चुनावमा गरिने धाँधलीहरू । धाँधलीको कुरामा बढी वास्तवमा त्यसको माग पनि 'र्‍यागिङ' बाटै भएको हो । धाँधली अनेक प्रकारका थिए, सुरक्षाका हिसाब अथवा स्थानीय चुनाव पहिलो पटक

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गराउनुभयो भने पछिल्लोपटक वामदेव गौतमको पालामा भयो । अब जसले गरायो उसैको बढी आउने देखिएको हुनाले निश्चिन्त भएर मतदाताले दिने कुराहरूमा पनि सुरक्षाको वा सरकारको भूमिकाले त निकै प्रभाव पार्दो रहेछ, चाहे त्यो प्रत्यक्ष रूपमा होस् वा अप्रत्यक्ष रूपमा होस् । त्यसकारण अब पनि विचार गर्दा सुरक्षा घेरामा भएको चुनावले जनताको वास्तविक प्रतिनिधित्व गर्छ कि गर्दैन भन्ने कुरालाई विचार गर्नुपर्छ ।

अर्को आरक्षण र प्रतिनिधित्वको बहस धेरै भयो । आरक्षण 'टेम्पोररी' हुन्छ । 'प्रोर्पसनल' प्रतिनिधित्वको तुलनामा अलि लामो हुन सक्छ, तर दुईटै 'रीभ्यू'हुन नसक्ने अथवा एकदम कालजयी हुने कुरा होइनन। त्यसकारण यो विषयमा जनतासँगको सामाजिक सम्झौता के हो भने एउटा चुनावमा पाँच वर्षको लागि दिएको हो, तपाईं हामीले हेरेर दिएको हो । अन्य कुरा आएका छन् । श्रीलंकाको उदाहरण पनि देखिएको छ । पार्टीलाई कोटा छुट्याउने । जापानमा ६० प्रतिशतको स्थान बहुमत प्रणालीबाट र बाँकी ४० प्रतिशत सूची समान लिष्टबाट प्रतिनिधित्व भएको छ । अलिकति स्पष्ट हुनुपर्ने कुरा के छ भने हामीले निर्वाचनबाट शिक्षा पनि लिनुपर्छ । जस्तै 'एसेसमेन्ट' कसरी हुन्छ । ६० प्रतिशत नै 'एप्रोप्रिएट फिगर' हो वा 'आइडीयल फिगर' कति हो ? यो कसरी निर्धारण हुन्छ ? अर्को डा. मिश्रको सुझाव अनुसार ५० प्रतिशत मन्त्री सदन बाहिरबाट ल्याउनुपर्छ । उसो भए निर्वाचन नै के का लागि गर्ने हो ? संविधानसभाका लागि हो कि के का लागि हो ? भन्ने कुरा होला । सरकार जे भए पनि मन्त्री चाहिन्छ । यदि मन्त्री चाहिन्छ भने त्यति बेला ५० प्रतिशत सदन बाहिरबाट ल्याउनुपर्छ र तिनको नियुक्तिको अनुमोदन संसद्बाट हुनुपर्छ भन्दा विवादास्पद कुरा हुन्छ किनभने पहिला त ५० प्रतिशत कसरी ल्याउने ? अनि संसद्को अनुमोदन गर्ने तरिका के हो ? जस्तै निश्चित संसद्मा केही उच्च तहका समिति छन् । श्रीलंकामा छ । अमेरिकामा छ । त्यसकारण शक्ति संप्रभु बनाउने हो र संसद्लाई सम्प्रभु बनाउने हो भने 'द्याट इज द वेस्ट थिङ टु डु'। त्यसकारण यो विषयमा ५० प्रतिशत भन्ने गोलमटोल भाषाले आज त 'पोस्ट मोर्डन एज' छ 'कन्टेक्सट बाइ कन्टेक्सट' का लागि लागू हुनसक्ला ? अर्को कुरा 'प्रोर्पसनल रिप्रिजेन्टेटीभ इलेक्सन अन ह्वाट वेसीस ? आइडियोलोजि' को बेस हो कि जातीय बेस हो कि के हो ? मेरो विचारमा issue बेस उचित हुन्छ । जुन मुद्दा मुलुकले सुल्झाउनुपर्छ । त्यो समस्या सुल्झाउन्जेल । बादी महिलाको होस् । बनकरियाकै किन नहोस्, उनीहरूको नागरिकताको कुरा आइरहेको छ ।

**अनिलकुमार झा**

निर्वाचन प्रणालीको कुरा मात्र गरौं । डा. मिश्रको कार्यपत्रमा २०५६ सालको निर्वाचन पछाडि एउटा उच्चस्तरीय समिति बनेको थियो, त्यसको चर्चा गरिएको छ । त्यो समितिलाई 'प्रोर्पसनल रिप्रिजेन्टेटीभ'को सल्लाह दिने पार्टीहरूमध्ये सद्भावना आनन्दीदेवी पार्टी सबभन्दा पहिलो लाग्छ । मलाई लाग्छ यो बहसले दुईजना मधेसीलाई किन दिएको होला भने दुई जना मधेसीको विचार के छ आओस् । तर भइदि यो के भने अकबरको दरबारमा चार जना कसाईहरूको जहिले पनि वीरबलमाथि 'कम्प्लेन' हुन्थ्यो । एकपटक अकवरले तिमीहरू चार जनाले जे निर्णय गर्छौं म वीरबललाई त्यही सजाय दिन्छु भनेछन् । उनीहरूले सकुशल रिहा गरी दिए,



माफ गरी दिए, केही पनि गरेनन् अर्थात यसको तात्पर्य के हो भने एउटा मजबुतलाई कमजोरहरूको समूहले पनि दण्डित गर्न सक्दैन । जहाँ माधव त्यहाँ यादव भन्ने नारा भयो- रौतहटमा । रौतहटमा माधव नेपालले ५० हजार मत पाउनुभयो । उहाँले गाविस अध्यक्षको चुनावमा टिकट दिँदा दामोदर समशेरको सबभन्दा नजिकको मान्छेलाई सबभन्दा बढी मतले जिताउने ठाउँबाट टिकट दिनुभयो । आफ्नो पृष्ठभूमि बनाउनका लागि । त्यो मान्छेले जितेपछि मलाई भन्यो । तुरुन्त काठमाडौं आउँछु । दामोदर राजालाई पनि भेट्छु । तिमीलाई पनि भेट्छु र गाउँमा भएका समस्याहरू सुल्झाउँछु । अहिले ७१ प्रतिशत मत आउँदा पूरै देश अच्चममा पऱ्यो । मेरो भनाई के हो भने हाम्रा नेतादेखि लिएर विद्वान्सम्म 'सेल्फ-सेन्टर्ड' भएर सोच्छौं । कतिसम्म बोल्दा म तगारो बन्दिन भन्नेसम्म मात्र बोल्ने । बिजुलजी बोल्दा दलितको कुरा मात्र बोल्ने । दलित मधेसमा पनि छन् । जसमा नागरिकताको समस्या अत्यन्त जटिल छ ती विषयलाई सम्बोधन गर्ने कसले ? चमारले सिनो फाल्न हुँदैन भने गर्ने के त ? पंजाब जाने, अनि आउने बेलामा नागरिकता नभएपछि बोर्डरमा आउन नपाउने । अनि बिहारमा साढे दुई रूपैयाँ केजी चामल किनेर खाने, नेपालमा पच्चीस रूपैयाँको किन खाने, अनि उतै बसाई सरुन् भन्न खोजेको हो की होइन ? त्यसको बारेमा एकमात्र जातीय, क्षेत्रीय, सांस्कृतिक भाषाहरू समावेश गर्ने खालका समानुपातिक प्रतिनिधित्वमा राज्यलाई ढाल्न सक्नुपर्छ । 'सेल्फ-सेन्टर्ड' भएर सोच्ने होइन । जो आउँछन्, आउँछन् । यो नै उपयुक्त होला । विगतमा २०४६ पछाडि दुर्गानन्द झाले बम फाले राजामाथि, त्यो कुरा बिर्सियो । उनकी श्रीमती खान नपाएर छ महिना अघि मरिन् । तर अर्को कुनै सहिदको श्रीमतीको घरमा चारवटा गाडी पाइयो । यी कुरालाई मूल्याकंन गरिएन । जहाँ २००७ सालमा आन्दोलन गरियो । जहाँ भैसीसमेत सहिद भए, तिनका भावनाहरूलाई समेट्न सकिएन । समेटिएको भए राम्रो हुन्थ्यो ।

समावेशी र सहभागिताको कुराको बैठकमा म थिएँ । जब सात पार्टीले समावेशी लोकतन्त्रको कुरा गऱ्यो । मलाई सद्भावनाको प्रतिनिधित्वको रूपमा बोलाइएको थियो । मैले व्यागमा चाहिने सबै कागजपत्र लिएर गएको थिएँ । म नेपाली काँग्रेसको कार्यालयबाट ओर्लेर मोटरसाइकल चढेर हिँडिसकेको थिएँ । यो आन्दोलन ६ पार्टीको हुने, हामी मधेसीलाई पत्याएनन्, त्यो आफूलाई अनुभूति छ । त्यसैले तपाईहरूको यो डकुमेन्ट होस् आन्दोलनमा हाम्रो पनि साथ हुन्छ भनी हिंडेको मान्छे । यदि तपाईहरू राख्नुहुन्छ भने । अनि मात्र सहयोगीको कुरा आयो । यो सहभागिता मूलक होइन ।

**विजयकान्त कर्ण**

म 'प्रोपर्सनल रिप्रिजेन्टेसन' को विचारमा सहमत छु । संविधान बन्ने बेलामा पनि संविधान सुझाव आयोगलाई सुझाव दिन जाँदा प्रोपर्सनल रिप्रिजेन्टिभिट प्रणाली चाहिन्छ भनियो । यहाँ केही सैद्धान्तिक प्रश्नका बारेमा भन्नुपर्दा हाम्रो देश धेरै विविधताले भरिएको छ । यहाँ प्रणाली बन्न सकेन । यहाँ संवैधानिक विकास हुन पाएन । त्यसैले हामीले यो सबै गरेर परिवर्तन गर्ने भन्ने कुरा सूर्यप्रसादजीले भन्नुभयो । प्रजातन्त्रमा 'स्ट्याविलीटी' हुनु जरूरी छ भने कस्तो खालको ? र कसको लागि प्रजातन्त्र ? यो पक्ष महत्वपूर्ण छ । प्रजातन्त्र कसका लागि हो ? २ प्रतिशत, ५

प्रतिशत वा ७ प्रतिशतका लागि वा सय प्रतिशतका लागि । निर्वाचत त साधन हो । सबैले जानेको कुरा हो । यो 'रिप्रिजेन्टेसन'गराउने विधि हो ।

डा. पोखरेलले भन्नुभयो- 'डिसिजन-मेकिङ' मा 'वेस्ट पार्टीसिपेसन' का अरू माध्यमहरू छन् । समुदायहरूमा फरकफरक छ । तर राजनीतिक निर्णय तहमा सहभागिता जनाउने माध्यम त निर्वाचन मात्र हो । राजनीतिक निर्णय तह, 'गभरनेन्स' नीति निर्माणमा त्यही मात्र हो । अब यहाँ के छ भने परिवर्तन छिटोछिटो हुनु हुँदैन । परिवर्तन हामी जस्ता छौं त्यस्तो किसिमको भइरहेको छ । हामीभन्दा टाढाको परिवर्तन भएको छैन । हामीले कल्पना गर्नुहुँदैन । नेपाल अमेरिका भइहाल्छ भनेर राति सपना देखेर केही पनि हुँदैन । नेपालीजस्ता छन्, त्यस्तै नेपाल छ । राजाले बदमासी किन गरे भने हामी त्यस्तै छौं । हामीमा सहने क्षमता छ । एक सय चार वर्ष राणा शासन सह्यौं । साढे दुई सय वर्षको शाही शासन पनि सहेका छौं । यिनीहरूले मान्छे मार्दा पनि सहेकै छौं । हाम्रो रगत तात्दैन । हाम्रो रगत तात्न नपाउँदै मुलुक राजाले १०/१२ वर्ष पछि फालिदियो । बीपीको सरकार फालिदियो । केही गर्न सकेनौं । तीस वर्षसम्म जनताले हेरेर बसे । त्यो प्रजातान्त्रिक प्रयोग हो ? त्यो निर्वाचनको प्रयोगलाई, त्यो निर्वाचन प्रणालीलाई व्यावहारिक भन्ने ? अहिले पनि निर्वाचन भयो । स्थानीय निकायको मैले के भन्न खोजेको हो भने परिवर्तनलाई स्वीकार गर्न सक्नुपर्छ । आज किन भयो द्वन्द्व ? प्रजातन्त्रले भएको हो भन्छन् तर त्यो होइन । वास्तवमा प्रजातन्त्र नभएर द्वन्द्व भएको हो । जसले सबैलाई सहभागी बनाउन सकेन । जसले नेतृत्व तहमा जान सकेन । संरचना परिवर्तन हुन सकेन । पार्टीहरू प्रजातान्त्रिक छैनन् । किन छैनन भने कुनै खास जाति र वर्गको प्रतिनिधित्व हावी छ । 'फ्यूडालिजम'सबै ठाउँमा छ । पार्टीमा छ, समुदायमा छ । त्यसको 'रिप्रिजेन्टेसन' भएको हो । जहाँसम्म मैले 'रिपब्लिकन'को कुरा गरें । मैले अरू कुनै आधार लिएको होइन । मेरो व्यक्तिगत विचारमा जुन दिनदेखि मलाई होस् भएको हो त्यहीदिनदेखि मलाई राजा भन्ने चिजै मनपर्दैन । कुनै परिवारमा जन्मदैमा कोही 'सुपेरीयर'हुन्छ भन्ने विश्वास नै राख्दिनँ । जो सुकै भए पनि ।

तर दुईदेखि तीन लाख बिएसम्म पनि पास नगरेकाहरूबाट भोट खस्दा ९८ प्रतिशतले गणतन्त्र चाहिन्छ भन्छन् । युवाले उत्तरदायी भएर मागिरहेका छन् । देशका सारा कलेजमा भएको जनमतसंग्रह 'रीफरेन्डम'मा पूरा रूपमा विद्यार्थीको सहभागिता भएको थियो । युनियनको निर्वाचनभन्दा बढी सहभागिता त्यसमा देखिएको थियो । त्यसको मतदान प्रतिशत उच्च थियो । यो कुरालाई हेर्दा निर्वाचन पनि राष्ट्र निर्माणको प्रक्रिया भित्र पर्दैछ । त्यसैले परिवर्तन हुन लाग्दा अभ्यस्त हुनुपर्छ भन्ने कुरा ल्याउनु ठीक छैन । के को अभ्यास हुनुपर्छ ? यहाँ त दुई सय ३७ वर्ष सम्म राजालाई अभ्यस्त गर्दागर्दा सुध्रिदैन । जति गरे पनि सुध्रिदैन । जर्वजस्ती सुधारेर हुँदैन । मैले गणतन्त्र भन्दिएँ रे गणतन्त्र नभइकन हामीलाई अरू के प्रणाली चाहिने अब ? हामीलाई त अरू प्राणली चाहिँदैन । गणतन्त्र चाहिन्छ, धेरै प्रयोग भए । सबै प्रयोगहरू फेल भए । हत्याको राजनीति सुरु गर्ने यो देशमा राजदरबार हो । २०१७ सालपछि हत्या सुरु गराउने को ? सरोज कोइराला, थिरबम मल्ललाई मार्ने को ? यो खोजी गरौं । कसले गरेको हो । यो पार्टीहरूले नगरेको प्रयोग हो । यसको खोजी गरौं ।

१९९० सम्म हजार जना नेपाली मरेका छन् । तिनीहरूको जिम्मेवारी कसले



लिने ? राजपरिवारका मानिसले लिनुपर्दैन ? 'दे आर रेसपन्सीवल फर दि किलिङ्स एण्ड दे स्टार्टेड कल्चर अफ किलिङ्स'। नेपालमा राजनीतिक नेतालाई मार्ने संस्कार सुरु गरेकै राजदरबारले हो । पार्टीले होइन । अहिले त माओवादीले एउटा विचारधारा लिएर आन्दोलन गरेका हुन् । त्यो अर्कै प्रश्न छ । त्यसैले परिवर्तन चाहिन्छ । परिवर्तनमा आँधीबेरी आउँछ । आँधीबेरी आउँदाखेरि कति जान्छन् कति यताउता हुन्छन् । कतिपय व्यक्ति, कतिपय संस्थाहरू त्यसमा बगेर जान्छन् । त्यसैले निर्वाचन भनेको एउटा 'रीप्रिजेन्टेसन'को साधन मात्र हो । डा.मिश्रले धेरै राम्ररी इतिहास ल्याउनुभएको छ ।

२०१५ वा त्यसपछिका चुनावमा कुनै परिवर्तन देखिएन र त्यो परिवर्तन नहुँदा पार्टीमा परिवर्तन भएन, सरकारमा भएन । 'डिसिजन-मेकिङ' को प्रक्रियामा पनि भएन । मैले एउटा डकुमेन्ट पाएको थिएँ- डा. रामप्रसाद यादवले योजना आयोगका लागि बनाउनु भएको । अरू सबै जातिको वर्गीकरणका लागि उहाँले तयार पार्नु भएको छ, त्यो एकदम पढ्न योग्य छ । प्रतिनिधित्व नभई 'डिसिजन-मेकिङ' हुन सक्दैन । 'डिसिजन-मेकिङ' मा 'पार्टीसिपेन्ट'नभई प्रजातन्त्र हुँदैन । त्यसैले निर्वाचन प्रणालीमा अरू के-के बहस ल्याउन सकिन्छ ? किन जिल्लालाई युनिट बनाइयो त ? किन ५० प्रतिशत जनसंख्या भएको तराईलाई ८० वटामात्र सिट दिइयो ? २०५ नै किन ? के आधारमा ? यी सबै आधारलाई हेर्दा यो सबै प्रश्नको जवाफ के हो भने हामी सबैले यस्तो निर्वाचन प्रतिनिधिमूलक हुन सकोस् र खासै एउटा वर्गको मात्र पहुँच नहोस्, राज्यको 'रिसोर्स' आम जनताको प्रतिनिधिका हातमा होस् ।

**अवधारणापत्रमा उठेका प्रश्नको जवाफमा डा. वीरेन्द्र मिश्र**

यो कार्यपत्र हतारमा लेखिएको हो । यहाँ प्रस्तुत गर्दा पनि हतारमा नै गरेँ जस्तो लाग्छ । यहाँ धेरै कुरा भन्न सकिनँ । तपाईंहरूबाट आएका सल्लाह र सुझावहरू धेरै राम्रा छन् । मुख्य गरी मैले यस कार्यपत्रमा तीनवटा कुरालाई विशेष रूपमा उठाउन खोजेको छु । त्यसका फाइदा र बेफाइदा के-के छन् ? समानुपातिक प्रतिनिधित्वमा के छ ? समानान्तर प्रणाली रोज्ने हो कि ? छलफल गर्दा यस्ता समस्यालाई हल गर्न सहयोग नै पुग्ने छ । यहाँ प्रस्तुत गरिएको तथ्यांक यथार्थ हुन् । तर विचारणीय कुरा के हो भने राज्य संचालन र व्यवस्थाका लागि निर्वाचनबारे गहिरो चिन्तन गर्नु आवश्यक छ । हतारमा गरिएको चिन्तन र निर्णयले फेरि पाँच वा १० वर्षमा समस्या ल्याउन सक्छ । त्यसैले मैले यहाँ महिला, दलितलगायतको प्रतिनिधित्वको कुरा राखेको छु । के अवस्था थियो ? के अवस्था छ ? यी दुवै अवस्थामा हामी जान चाहन्छौं भने केही सुधार गर्न सकिन्छ । यदि समानुपातिकमा जान सकिन्छ भने त्यसका लागि पनि मैले सुझावसहित राखिदिएको छु । र, समानान्तरका लागि पनि राखिएको छ । म पनि अध्ययन गर्दैछु । आएका सुझावलाई मनन गरी सुधार गर्नेछु ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको दशौं शृंखला २०६२ चैत १८ गते प्रस्तुत विचारहरू)

शृंखला ११

# समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा सेना

अवधारणा : सहायक रथी गोपालसिं बोहरा
टिप्पणी : प्रा. ध्रुवकुमार श्रेष्ठ



### बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

नयाँ लोकतान्त्रिक समुन्नत नेपाल निर्माण गर्ने संस्कृतिको चिन्तनमा लागेकाले हामी यहाँ कुनै औपचारिकतालाई महत्त्व दिँदैनौं । राउण्ड टेबलमा हामी बराबर छौं, सबैको टिप्पणीको उत्तिकै महत्त्व रहनेछ । हामी यहाँ खुल्ला छलफल गर्छौं । लागेका विचारहरू र जिज्ञासाहरू स्पष्टताका साथ राखेर सामूहिक विचार निर्माणका लागि हामी बराबर योगदान गरौं । हाम्रो कार्यक्रमको प्रकृति यही हो ।

मुलुकको जटिलतालाई निकास दिन नयाँ–नयाँ अवधारणाहरू आइरहेका छन् । सँगसँगै जटिलताहरू पनि थपिइरहेका छन् । त्यसैको निरुपणका लागि छलफलबाट एक नयाँ धारणाको विकास गर्ने प्रयास स्वरूप आज हामीले सेनाको विषयमा छलफल गर्ने प्रयास गरेका हौं ।

मुख्यत १९ दिने जनआन्दोलनको बलमा मुलुकमा परिवर्तनको रेखा कोरिएको छ । अब भोलिका दिनमा मुलुकलाई सहज रूपमा परिवर्तनको बाटोमा हिडाउन सेनाको महत्त्वपूर्ण भूमिका रहनेछ । त्यसैले सेनाको रूपान्तरण, लोकतान्त्रीकरण र सेनाको भविष्यप्रतिको चिन्तनको रूपमा हामीले यो कार्यक्रमको आयोजना गरेका हौं, यो हाम्रो ११ औं छलफल शृंखला हो ।

आज अवधारणापत्र प्रस्तुत गर्नका लागि पूर्व सहायकरथी गोपालसिंह बोहरालाई अनुरोध गरेका छौं । उहाँले अवधारणा पत्र तयार पार्नुभएको छ । सहायक रथी बोहराको अवधारणापत्रमाथि राजनीतिशास्त्रमा सुरक्षा मामिला विज्ञ प्राध्यापक ध्रुवकुमारले टिप्पणी गर्नुहुनेछ । यहाँ उपस्थित सबै महानुभावले पनि यसमा टिप्पणी गर्नुहुनेछ ।

## अवधारणा

श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट वि.सं. १८१९ सालमा विभिन्न देवी देवताहरूको नाममा काली बक्स, श्रीनाथ, बर्दबहादुर, पुरानोगोरख र सबूज पल्टनहरू खडा गरी व्यवस्थित सेनाको स्थापना गरी बक्सेको सैनिक इतिहासबाट जानकारी हुन्छ। हुनत: त्योभन्दा पहिले पनि सेना थियो तर संगठित र व्यवस्थित त्यसपछि मात्र भएको देखिन्छ। समय र आवश्यकतानुसार सेनाको संख्या बढ्ने र घट्ने प्रक्रिया भै नै रह्यो। नेपालले पटक पटक भोट, चीन तथा ईष्ट इण्डिया कम्पनीसित युद्धहरू लड्यो। वि.सं. १९१४-१५ मा भारतले ब्रिटिश भारत बिरुद्ध गरेको बिद्रोह दबाउन अंग्रेजको अनुरोधमा नेपालले श्री ३ महाराज जंगबहादुर कुंवर राणाको कमाण्डमा २६ पल्टन पठाएको थियो। त्यस्तै प्रथम महायुद्धमा २०, तेश्रो अफगान युद्धमा ४ पल्टन, दोश्रो महायुद्धमा १६ पल्टन र भारतको अनुरोधमा हैदराबादगोलमाल हुँदा सहायतार्थ १९ पल्टन पठाएको थियो। वि.सं. २००७ सालको जनकान्तिपछि सेनाको संख्या घटाइएको हो। २००८ साल तिर राणा कालको सैनिक अधिकृतहरूलाई तालिम दिन भारतबाट इण्डियन मिलिट्री मिसन आयो। वि.स. २०१७ साल ताका सेनाको संख्या अन्दाजी बीस हजार थियो र सेनालाई राष्ट्रिय सेना भन्ने गरिन्थ्यो। वि.सं. २०१८ ताका श्री ५ महेन्द्रबाट राष्ट्रिय सेनालाई शाही नेपाली सेनाको नाम बक्सियो। यसरी वि.सं. २०४७ साल पौषसम्म सेनाको संख्या ४५,३०४ रहेकोमा हाल हाराहारी १ लाख पुगी सकेको सबैमा जानकारी नै छ।

राणाकालमा उच्चअधिकृतहरू सबै राणा हुन्थे। प्रधानसेनापति रोलवालामध्ये भविष्यमा श्री ३ हुने राणा नै हुने हुँदा बढी अधिकार प्राप्त हुने हुन्थ्यो। राणाहरूले आफ्नो शासन सेनाको भरमा चलाउँथे भन्नमा अतिशयोक्ति हुने छैन। सेनाको अधिकृतहरू आफू जनताभन्दा धेरै उच्च भएको ठान्थे। राणा शासनपछिका सेनापतिहरू समेत राणा, शाह तथा उनीहरूकै भारदार बस्नेत र थापा मात्र भए। जसले गर्दा अहिले पनि प्रधानसेनापतिहरूले जंगबहादुर राणा कै पारामा सेनालाई चलाइरहेका छन्। प्रधान सेनापतिले श्री ५ मा जे बिन्ती गरे पनि नाइ नहुने र मंत्री परिषद्ले सेनालाई वास्तै नगर्ने भएपछि प्रधान सेनापतिहरू अहिलेसम्म बिनालगामका घोडा जस्तै भएकाछन्।

२०४७ सालको संविधानको धारा ११८ को उपधारा ३ अनुसार सेनाको संरचना व्यवस्था पदोन्नति सरुवा आदि मंत्रालयले गर्ने गरेको भए, सेनाले दरबारको मुख ताक्नुपर्दैनथ्यो र दरबारीयाहरूले सेनामा चलखेल गर्ने मौका पाउने थिएनन्। प्रथम निर्वाचित काँग्रेसको प्रधानमन्त्री र रक्षा मन्त्रीले सेना बारे जानकारी नै नलिई सर्वप्रथम सैनिक अदालतबाट कोर्ट मार्शल गरिएका भू.पू आई जी.पी. दिलबहादुर लामा र भू .पू. कर्नेल भरत गुरुङ्गलाई माफी दिने तथा कोर्ट मार्शलको लागी प्रेसित केहि अन्य अधिकृतहरूको फाइल एक वर्ष सम्म पेन्डिङ राखी समर्थन नगरेको तथा यस कार्यका लागी करोडौं-करोडको लेनदेन भएको भन्ने बारे विभिन्न पत्र पत्रिकाहरूबाट सबैमा जानकारी भएकै हो। नैतिकता नभएको अधिकृतको कमाण्ड कहिले पनि राम्रो हुँदैन। उत्तरदायी र जवाफदेहिता सेनाको अति जरुरी आवश्यकता हुन्। सैनिकहरूलाई अरू गैरसैनिकहरूले भ्रष्ट नगरोस् भन्ने हेतुले २०४७ सालको



संविधानभन्दा पहिलेको संविधानमा सैनिकलाई भ्रष्ट गर्ने गैरसैनिकलाई पनि सैनिक ऐन लाग्दथ्यो तर २०४७ सालको संविधानमा त्यो धारा हटाइयो।

संविधानमा उल्लेखित राष्ट्रिय सुरक्षा समिति गठनबारे सेनाबाट धेरै पटक ताकेता गर्दा पनि वास्तै गरिएन र माओवादीको आतंक चरम्सीमामा पुगेपछि २०५८ सालमा मात्र दरबन्दी र कार्यालय खडा गरियो। समय मै भएका भए दुनै, होलेरी काण्डहरू बापत सेना र नेताहरूबीचको टकराव र दुर्भावना आउने थिएन। २०५२ सालमा प्रहरीबाट माओवादी आतंकवादको दमन हुन नसक्ने विश्लेषण गरी सेनाले उक्त आतंकलाई निराकरण गर्न पूर्ण योजना, खट्टिने अधिकृत तथा सैनिकहरूको छनौट, कुन-कुन ठाँउहरूमा सेना जानेआदि तयार गरी प्रधानमन्त्री तथा रक्षामन्त्रीलाई 'ब्रीफ' गर्न प्रयत्न गर्दासमेत कसैले पनि समय दिन सकेन्। उक्त साल राजनीतिक अस्थिरताको कारण थोरै अवधिमा गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाहरू प्रधानमन्त्री र रक्षामन्त्री भएका थिए। चारै जनाबाट समय नपाएपछि श्री ५ मा जाहेर गर्न समय प्राप्त भएकोमा दुर्भाग्यवश श्री ५ को गाथमा आराम नभएकोले ब्रिफ गर्न नसकिएपछि योजनाहरू सबै थन्कियो।

एकीकरणदेखि हालसम्मको सैनिक इतिहासलाई केलाउने हो भने यही सेनाले पोल्टामा सातु र खट्टे हालेर खाली खुट्टाले हिमालय नाघेर देशको लागी जिऊ ज्यान फालेको तथा यस्को बहादुरी र आज्ञाकारिता बारे स्वदेशीभन्दा विदेशी लेखकहरूले मुक्त कण्ठले प्रशंसा गरेको पाइन्छ। २०३६ सालको जनमत संग्रहपछि सेनामा नातावाद कृपावाद चाकडी र चापलुसीको सुरुवात भयो। जसले गर्दा अपत्यारिला व्यक्तिहरू प्रधान सेनापति भए। फलस्वरूप श्री ५ बीरेन्द्रको सम्पूर्ण परिवारको हत्या भयो। सैनिक इतिहासमा कतै नघटिएको एउटा सम्पूर्ण गुल्मलाई आतंकवादीहरूले 'वाइप आउट' गरी सबै हतियार गोली गट्टा तथा बमहरू लिएर जाँदासमेत ७२ घण्टासम्म सेनाबाट कुनै कारबाही नहुनु आश्चर्य हो। यो सबैको जिम्मेवार प्रधानसेनापतिमाथि कुनै कारबाही भएन बरु निजले तक्मा पाए। कारवाही नभएपछि सेनाको नैतिक मनोवल घट्नु स्वभाविक हो। सैनिक ऐन तल्लो दर्जाको लागीमात्र होइन, प्रधानसेनापति माथि पनि सोही ऐन लागू हुन्छ। सैनिकहरूलाई कसरी लड्ने अरुलाई मार्ने र आफू बच्ने जस्ता पाठहरू सिकाइन्छ, अनुशासनले गर्दा सेनालाई एउटा आदर्श संगठन भनिन्छ। जसको सत्ता हुन्छ त्यसैको आज्ञा पालन सेनाले गर्छ। सैनिकले हमेशा नुनको सोझो गर्दछ, कप्तान यज्ञबहादुर काँग्रेसीको विद्रोही कमाण्डर भएर राज्यविरुद्ध हतियार उठाए। ओखलढुङ्गामा पक्राउ परी सैनिक अदालतले मृत्यु दण्ड दिएकोले उनलाई गोली हानी मारियो। २०४६ सालपछि आएको कांग्रेस सरकारले निजको परिवारलाई वास्तै गरेन तसर्थ अरु सैनिकहरू राजनीतिमा लाग्न कसरी प्रोत्साहित हुन्छन् ?

बहुदल शासनको दौरान प्रहरीलाई खुव प्रोत्साहन दिइयो। सेनालाई होच्याउन् सशस्त्र प्रहरी बल खडा गरियो। सेनाभन्दा प्रहरीलाई बढी बजेट दिइयो। सेनालाई सकेसम्म तिरस्कृत गरियो। तापनि बहुमत सैतिकहरू प्रजातन्त्र नै रुचाउँछन्। २०३६ सालको जनमत संग्रह हुँदा कडा निर्देशन र चेतावनी हुँदा समेत सैनिकहरूले

बहुदलमा आफ्नो मत दिएका थिए। जसको दलहरूवाट मनन र मुल्याङ्कन भएन। सेनालाई सदैब नेताहरूले शंकाको दृष्टिले हेर्ने गर्ने काम हुँदै आयो, यसलाई बुझ्ने प्रयास कहिल्यै पनि भएन।

२०५६ सालमा जुन व्यक्तिलाई सेनापति नियुक्त गरियो सो गर्दा लेन-देन पनि भएको थियो भन्ने सुनिन्थ्यो। निजको पालमा धेरै काण्डहरू भए। माओवादी निराकरण त गर्न सकेन बरु असन्तुष्टि र माओवादीहरूको संख्या धेरै बढ्दै गयो। एउटा योजना समेत नबनाई सेनालाई माओवादीविरुद्ध लड्न पठाइयो। शंका लागेको भरमा सेनाले मान्छे मार्न थाल्यो। शंकाको भरमा जनताहरूलाई थुनी अमानवीय यातनाहरू दिइए। यस्तो गर्दासमेत प्रधान सेनापतिमाथि कारबाही हुन त परै जावोस उनले अकुत सम्पत्ति पनि कमाए। तिनै मानिस पछि फ्रान्स जस्तो मानव अधिकार पालना गर्ने देशको लागी राजदूतसमेत भए। यो कस्तो विडम्बना हो। एउटा असक्षम व्यक्तिले गर्दा देशमा भैरहेको आतंकवाद बढ्दै गयो तथा सेनाको बदनामी पनि हुँदै गयो। उच्च जिम्मेवार अधिकृतहरू माथि कारबाही नहुँदा दरबार समर्थक अधिकृतहरूमा विसंगति, उन्माद र उच्छृंखलता आएको छ। दोषी सैनिकहरूलाई समय मै सजाय दिइएन भने सेनामा अनुशासन ह्रास हुन्छ जुन सेनाको हितमा हुँदैन।

देशमा शान्ति स्थापित भएपछि हतार र हचुवा भरमा गठन गरिएको राष्ट्रिय सुरक्षा समितिको पुर्नगठन गरी, देशको हित (Interest) के के हुन् र सो को सुरक्षार्थ के के उपाय अपनाउनुपर्ने हो, त्यस सम्बन्धमा सबै राजनीतिक दलहरूको एउटै धारणा निर्धारण गर्नु प्रथम आवश्यकता हुनुपर्नेछ। आफ्नै कमीकमजोरीले गर्दा विदेशीहरूको चलखेल र हस्तक्षेप बढ्दै गएको छ। नेता, कर्मचारी र व्यापारी जुन विदेशीहरूको एजेन्ट भएर काम गर्दै छन् तिनलाई पत्ता लगाई त्यस्तो व्यक्तिलाई कडा सजाय दिन र अरुलाई निरुत्साहित गर्न अति आवश्यक छ।

देशको हित पहिल्याई सो आधारमा विदेश र गृह नीति निर्माण भएपछि देशको सुरक्षाको लागी सेना चाहिन्छ वा चाहिदैन ? आवश्यक भए कति नफ्री को र कस्तो हतियारबाट सुसज्जित गरी कुन-कुन स्थानमा राख्न उपयुक्त हुन्छ भन्ने बारे विस्तृत छलफल गरी निष्कर्षमा आउनु पर्नेछ।

चीन र भारतसित लड्न सक्ने क्षमता नभएकोले देश भित्रको शान्ति र सीमा सुरक्षार्थ 'पार्लियामेन्ट्री' मात्र राख्न उपर्यूक्त हुन्छ कि ? स्विट्जरल्यान्ड जस्तो सेनाको खाका मात्र राख्ने र आवश्यक परे रिजर्भहरूलाई समावेस गरी पूरा गर्ने नीतिअनुरूप नेपालमा पनि त्यस्तै गर्ने तथा ब्रीटिश, भारत र नेपालको आर्मीहरूबाट अवकाश प्राप्तहरूको संख्या धेरै भएकोले उनीहरूबाट पूर्ति गर्न सकिने पनि एउटा बिकल्प हुनसक्दछ। सेना एउटा खर्चिलो व्यवसाय भएकाले यी सबै उपरोक्त कुराहरूको विस्तृत छलफल, तर्क बितर्क तथा बिश्लेषण गरी निष्कर्षमा आउनु जरुरी छ। 'बाँदरको हातमा नरिवल' जस्तै नेताहरूले सेनालाई बुझ्न सकेनन् जसले गर्दा सेनाको सम्बर्धन र प्रयोग गर्न सकेनन्। 'अगुल्टो हानेको कुकुर बिजुली देखेर क्वाई' भने झैं राजनीतिकदलका नेताहरूले सेनालाई सदैव शंकाको दृष्टिले हेर्ने गरेका छन्।



जंगलमा पसेका सैनिकहरूलाई ब्यारेकमा फर्काउँदा बसोबास तथा अन्य भौतिक सरंचनाहरूको कमीले गर्दा ठूलो समस्या पर्न सक्छ। सेनाको संख्या ४५,००० हुँदा ताका नै भौतिक संरचनाहरूको कमी थियो भने अब सो संख्या १ लाख पुगेको र नयाँ संरचनाहरूको निर्माण नभएकोले ठूलो समस्या पर्न सक्छ। प्रधान सेनापति र निजको आसे-पासेहरू कमिसनमा पल्केको हुँदा कम कमीशन आउने निमार्ण कार्यहरू अबहेलित भए। यत्तिको बजेट निकासा हुँदा पनि किन आवश्यक ब्यारेकहरूको निमार्ण भएन आदिबारे नयाँ गठन हुने सरकारले खोजबिन गर्नु अति नै आवश्यक छ। सेना एउटा संवेदनशील अंग भएकोले राम्रो सित 'हेन्डलिङ' गर्नुपर्दछ अन्यथा अफ्रिका र दक्षिण अमेरिकन देशहरूमा पटक-पटक हुने सैनिक विद्रोह जस्तै नेपालमा पनि नहोला भन्न सकिन्न।

भविष्यमा यत्ति ठूलो संख्याको फौजको आर्थिक व्ययभार सरकारले ब्यहोर्न मुस्किल हुने हुँदा कटौती अवश्य पनि हुन्छ होला। तसर्थ अहिलेदेखि नै नयाँ भर्ना र माथिलो दर्जाको पदोन्नती रोक्न आवश्यक छ।

जहाँसम्म माओवादीहरूलाई सेनामा भित्र्याउन समस्या छ यदि सरकारले चाहे त्यत्ति मुस्किल जस्तो लाग्दैन। २०१८ सालमा मुक्तिसेनालाई पनि प्रहरी र सेनामा समावेस गरिए कै हो। तर के सरकार यति ठूलो सुरक्षाफौजलाई आर्थिक दृष्टिकोणले राख्न सक्ला ? यदि नसक्ने भए माओवादी तथा सेनाबाट इच्छुक युवाहरूलाई व्यवहारिक तालिम दिई सरकारको पहलमा वैदेशिक रोजगारमा पनि पठाउन सकिने छ। जुन सबभन्दा राम्रो विकल्प हुनेछ। जहाँसम्म शाही नेपाली सेनाको नामाकरण छ, २०१८ साल भन्दा पहिले राष्ट्रिय सेना भन्ने गरिन्थ्यो त्यहीअनुरूप कुनै उपयुक्त नामाकरण गर्न ठूलो समस्या हुने छैन। सबभन्दा गहन समस्या सेनालाई संसद र जनताप्रति बफादार गराउनु हुनेछ।

## कार्यपत्रमाथि टिप्पणी

**प्रा. धुव्रकुमार श्रेष्ठ**

म त 'कमेन्टेटर'को रूपमा आएको हुनाले कार्यपत्रमै केन्द्रित भएर बोल्नेछु।

जर्साबले जे कुरा राख्नुभयो त्यो कुरामा विवाद गर्ने स्थानहरू एकदम कम छ। सेनाबाट अवकाश लिएर बस्नुभएका बोहराले आर्मी संगठनभित्र भएका कमीकमजोरीहरू यहाँ कुनै न कुनै रूपमा उजागर गर्नुभएको छ। त्यसैले पनि हाम्रो शाही नेपाली सेनाको संरचना र अप्रेसनल लेवलमा कतिपय साथिहरूले असफतला हासिल गर्नुपऱ्यो भन्ने उहाँले स्पष्टताका साथ उल्लेख गर्नुभएको छ नै। राष्ट्रिय सुरक्षापरिषद्का बारेमा उहाँले कुरा उठाउनुभएको छ। हतारहतार अप्रेसन गरेको प्रतिफल स्वरूप राम्रो हुन नसकेको भन्ने कुरामा म सहमत छु। त्यसै गरी 'अनफिट' व्यक्तिहरूलाई कमाण्ड सम्हाल्ने जिम्मेवारी दिइयो। दरबारिया राजनीति तपाईं हामी सबैलाई थाहै छ। उहाँले सो कुरा औंल्याएकोमा धन्यवाद दिनै पर्छ किनभने सेनाको लेफ्टिनेन्ट कर्णेल भन्दा माथिल्लो पदका लागि दरबारको स्वीकृति लिनुपर्छ भन्ने तपाई हामीले पढिरहेकै विषय हो।

सशस्त्र द्वन्द्वको स्थितिमा नेपालमा कुनै न कुनै किसिमबाट लोकतन्त्र स्थापना भएको छ। र संसद्मार्फत राज्यको कार्य प्रणालीको सुरुवात भइरहेकाले यसलाई गम्भीरतापूर्वक लिनुपर्ने हो, तर उहाँ (बोहरा) ले च्वास्स छोएको महत्वपूर्ण विषयवस्तु छ- **शाही सेना नेपाललाई किन** ?

उहाँले आन्तरिक सुरक्षाका लागि सशस्त्र प्रहरी बल रहेको अवस्थामा सेनाको आवश्यकता नै किन भन्ने प्रश्नको झटारो तपाई हामीसमक्ष हान्नुभएको छ। यो विषयमा हामीले अति नै गम्भीर भएर बहस गर्नुपर्छ। र, एउटा निर्क्योलमा हामी पुग्यौं भने भोलिको लोकतान्त्रिक सरकारलाई सहयोग पुग्न सक्छ।

माओवादी सेनालाई शाही नेपाली सेनामा सम्मिलन गराउने कुरामा उहाँले २००८ सालमा पनि यस्तो भैसकेकाले केही फरक नपर्ला कि भनेर प्रश्न राखिदिनुभएको छ। साथसाथै उहाँले नामका सवालमा २०१८ सालमै शाही सेना राष्ट्रिय सेनाको रूपमा थियो पनि भन्नुभएको छ। २०१८ सालपछि राजा महेन्द्रले शाही सेना भनेर नामाकरण गरिदिए, त्यसैले अहिले पनि नाम फेरेर के फरक पर्छ भन्नुभएको छ। यी कुरा ठीक हुन, जसमा हामीले धेरै विवाद गरिराख्नु पर्दैन।

नाम फेरिँदैमा केही फरक पर्दैन। संसदीय प्रजातान्त्रिक अभ्यासको देश ब्रिटेनमा पनि आजसम्म 'अफिसियल लेटर हेड' र खाममा 'अन हर मेजिष्ट्री सर्भिस' भनेर नाम राखिएकाले नाममा हामीले बहस गरिरहनु पर्दैन।

बहस गर्नुपर्ने कुराचाहिँ त्यसको मानसिक प्रभावको हो। नेपाली सन्दर्भमा हाम्रो विडम्बना के रहेको छ भने कुनै पनि सैनिक ओहदामा बस्ने बेलामा त्यसलाई हाम्रोमा राजाको सिन्दुरका रूपमा ग्रहण गर्ने गरिएको छ।

जनताको रगत र पसिनाको सम्मिश्रणबाट मैले यो युनिफर्म लगाएको हो भनेर न सेनाले बुझ्छ न पुलिसले बुझ्छ न प्रजातान्त्रिक सरकारले बनाएको सशस्त्र प्रहरीले बुझ्छ। सबैले मैले लगाएको पोशाक राजाको सिन्दुर हो भन्ठान्छन्। त्यसैले मैले ज्यानको बाजी लगाएर भए पनि यो सिन्दुरको मान राख्नु पर्छ भन्ने मान्यता उनीहरूमा छ। १९ दिनको आन्दोलनमा पनि सुरक्षा अंगहरू बढी हिसांत्मक भएर निस्कनु त्यसैको परिणती हो। सेनालाई हतियार दिएपछि जुन किसिमको शिक्षा दिइन्छ, त्यसैबाट पुनर्संरचनाको प्रक्रिया थाल्ने हो कि भन्नेतिर विचार गर्नुपर्छ। 'आमा काट्छौं, बाउ मार्छौं' भन्ने संकल्पलाई संशोधन गर्ने हो कि भन्नेमा वृहत् छलफल हुनुपर्छ।

तपाई हाम्रो कमजोरी पनि देखियो। १९५२ सम्म त नेपालमा मिलिट्रीक्रेसी नै थियो। बोहोराले यसमा लेख्नुभएको छ। राणा शासनले १९५१ सम्म त नेपालमा सेनाकै भरमा शासन चलाएको थियो। १९६० सम्म एक दशकको अवधिमा हामी कहाँ प्रजातान्त्रिक अवधारणा योजनाबद्ध रूपमा अगाडि गएको थियो, १९६० पछि 'कु' भयो। यसलाई हेर्ने हो भने नेपालमा नागरिक सरकार कहिले आयो ? त्यही १२ वर्ष हैन ? १९९० देखि २००२ सम्मको नागरिक सरकारले अलिकति टेकेर काम गर्न खोज्या हैन। नागरिक सरकार र सेनाको सम्बन्ध कहिल्यै स्पष्ट हुँदै भएन। सिभिल-आर्मी सम्बन्ध स्पष्ट रूपबाट अगाडि राख्न सक्नुभएन भने यस्तो गञ्जागोल भई नै रहन्छ। तपाई हामीलाई अचम्म पनि लाग्छ-१९९२ मा सरकारी कर्मचारीसँगै शाही



सेनाको पनि तलब बढाइयो। त्यति बेला गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो। सेनाले आफ्नै किसिमबाट तलब किटान गरेर जानकारी प्रकाशनमा ल्यायो। त्यसमाथि आशंका गरिएन। सेनाको कामप्रति कहिले पनि प्रश्न गर्दै गरिएन।

नागरिक सरकारले सेनालाई आफ्नो विश्वासमा लिने काम कहिल्यै गरेन। यो कुरा हामीले बिर्सन हुँदैन। सेना पनि सरकारको एक अंग भएकाले आर्मीलाई पूर्ण रूपमा पछाडि राखेर काम गर्न हुदैनथ्यो, जुन अभ्यास १२ वर्षमा भएको अनुभव गरिएको छ।

हामीले बिर्सन नहुने कुरा के पनि हो भने आर्मी जतिसुकै राजावादी किन नहोस्, त्यो नेपाली नागरिक हो। पहिलो उ नेपाली नागरिक हो। सेनालाई नागरिक सेना बनाउने दायित्व सबै देशमा नागरिक सरकारको नै हुन्छ। यसबाट सरकार पछि हट्न पाउँदैन। तर, बिडम्बना १२ वर्षीय नागरिक शासनकालमा सरकारले कहिल्यै यो पक्षलाई ध्यानै दिएन। बुट बजारेर सलाम ठोके पछि लौ यो त मेरै सेना भयो भन्ने सोच राखियो। उनीहरूलाई नागरिकप्रति वफादार बनाउन कुनै प्रयत्न नै भएन।

चर्चित होलेरी काण्डको समयमा गिरिजाप्रसाद कोइरालाले सेनाले मानेन भन्दै हिँड्नुभयो। तर उहाँले नागरिक सरकारको प्रमुखको आदेश नमान्ने सेना प्रमुखलाई बर्खास्त गर्ने निर्णय गर्न सक्नुभएन। त्यो भन्दा अगाडि सन् २००२ मा तत्कालिन गृहमन्त्री गोविन्दराज जोशीले दुनै काण्डमा सेनाले असहयोग गरेकोभन्दा नागरिक सरकारको प्रमुखको हैसियतले कोइरालाले जोशीको पक्ष लिनुपर्थ्यो, उल्टै सेनाको विपक्षमा अभिव्यक्ति दिएको अभियोग लगाएर जोशीको राजीनामा मागियो। फलस्वरूप सेना अझ बढी उत्साहित भएर होलेरी काण्ड हुन पुग्यो। प्रधानमन्त्री कोइराला आफैले राजीनामा दिनुपर्‍यो।

त्यसैले प्रजातान्त्रिक सरकारको कमीकमजोरीहरूलाई पनि तपाई हामीले बिर्सनुहुँदैन। कमीकमजोरी फेरि नदोहोरियोस् भनेर उहाँहरूलाई चेतावनी दिनुपर्छ। हैन भने भोलिको अवस्था हामीले सोचेको भन्दाभिन्दै हुन सक्छ। जर्सबले लेख्नुभएको छ- एउटा अयोग्य व्यक्तिलाई सेनाको प्रधानसेनापति बनाइयो र, अयोग्य व्यक्ति सेना प्रमुख भएकैले राजदरबार हत्याकाण्ड मच्चियो भनेर।

राजसंस्था भएसम्म सेनाको नाम परिवर्तन गरेर केही हुनेवाला छैन। नाम परिर्वतन गर्ने हैन, ब्यवहार परिर्वतन गर्नुपर्‍यो। कुनै पनि निकायको दायित्व के हो भनेर पारदर्शिता र विश्वसनीयता चाहियो। यसको अभाव रहेसम्म ठूलाठूला कुरा गरेर केही हुनेवाला छैन। सेनाभित्रका गोप्य कुरा 'अप्रेसनल सिक्रेसी' मात्र हो। अरु कुरा हामीले 'पब्लिक युटिलिटी' र 'कन्जम्सन'का लागि दिनुपर्‍यो। हामीले दिन सकेनौं भने 'पब्लिक मिस गाइड' हुन्छन्। 'प्रोप्रोगान्डीस'हरूले 'पब्लिक'लाई 'मिस म्यानुपुलेट' गरेर सेनाको विरुद्ध प्रयोग पनि गर्न सक्छन्। त्यो कुरा अहिलेको हाम्रा ठूलाठूला जर्नेलहरूले बुझ्नेनन्। भन्ने बेलामा हामी जर्जिया या कहाँ कहाँ तालिम पाएको 'स्पेसल टास्क फोर्स' हौ भनेर धक्कु लगाउछौं। तर, सेनाका साथीहरू केवल डलर कमाउन मात्र त्यहाँ गएका हुन्, तिनीहरूले केही पनि सिकेर आउने गरेका छैनन्।

तालिम प्राप्त जर्साबहरूले यहाँ आएर के गरे त ? अहँ, केही पनि गरेनन्। त्यत्रो तालिम लिएर आएकाहरूले सेनाभित्र राजनीतिक रूपमा के परिवर्तन ल्याए त ? हामीले गर्ने प्रश्न त्यो हो। उनीहरूले डिग्री लिएर त आए, तर त्यो डिग्री शाही नेपाली सेनाको आन्तरिक संरचना निर्माणका लागि कहाँ उपयोग गरे ? कहीं छैन। त्यसैले त आर्मी चाकरी चाप्लुसीमा टिक्ने गरेको छ भन्ने टिप्पणी ठीक हो।

सबैभन्दा ठूलो कुरा नागरिकका नाताले हामीले के मनन गर्नुपर्छ भने सेनामा मात्र होइन, कुनै पनि निकायमा दण्डहीनताको संस्कृति फैलिएको छ। यसको उदाहरणका रूपमा शेरबहादुर देउवाजीले प्रज्ज्वलशमशेर राणाले ज्वाइँ साहेब भनिदिएको भरमा खुरुक्क संकटकाल लागू गरिदिए। आतंककारी ऐन जारी गरे। र, त्यो बेलामा सेनाको दुइटै हात खोलिदियो अनि उनीहरूले जथाभावी गर्न थालेका हुन्।

तपाईहरूलाई थाहा होला, भियतनाम युद्धमा अमेरिकी सेना लड्ने बेलामा एउटा हात पछाडि बाँधेर लडेको थियो, स्वच्छन्दता थिएन। स्वच्छन्दता नदिँदा त भियतनाम युद्धमा त्यत्रो गञ्जागोल भयो। पछि कत्रा-कत्रा अफिसरहरूलाई कोर्ट मार्सल गर्नुपर्ने भयो भने यहाँ त दुइटै हात खुल्ला छोडियो। यस्तो बेलामा आर्मीले बदमासी गऱ्यो भनेर तपाई हामीले किन आश्चर्य मान्नु ? त्यसैले नागरिक सरकार यसमा एकदम चनाखो हुनुपर्छ। युद्ध त नागरिक सरकारले गर्ने हो, सेना त 'अप्रेसन'मा जाने मात्र हो। यो बिर्सनु हुन्न्। संसारमा युद्ध घोषणा गर्ने नागरिक सरकारले हो।

माओवादीकै सन्दर्भ हेर्ने हो भने सेनामाथि आक्रमण हुनुअघि (नोभेम्बर २६, २००१) धेरै प्रहरी, सर्वसाधारण, माओवादी मारिए, प्रहरीको हतियार खोसियो, त्यति बेला शान्ति सुरक्षाको समस्यामात्र थियो। अनि एकाएक सेनामाथि आक्रमण भयो, हतियार खोसिना साथ यहाँ राष्ट्रिय सुरक्षामा समस्या आएको भनियो। के सेना भनेको अर्कै जन्तु, प्रहरी भनेको अर्कै जन्तु हो र ? कसैले यो प्रश्न सोध्या छ।

शासक वर्गहरूबाट नेपाली जनतामाथि कति विभेद गरिँदो रहेछ भन्ने यसले नै देखाएको छ। त्यो शासक वर्गमा गिरिजाप्रसाद पर्लान, शेरबहादुर देउवा थिए होला अथवा को को थिए होला। त्यसैले पहिला शासकहरू नै जनता हुन कि हैनन भनेर प्रष्ट हुनुपर्छ।

माओवादी गुरिल्ला दस्तालाई शाही नेपाली सेनामा गाभ्ने, शाही सेनाको नाम फेर्ने कुरा छ। जे सुकै गर्नुस्, राष्ट्रिय सेनाभित्र माओवादी गुरिल्ला समायोजन गर्ने कुराको विपक्षमा म छु। अहिले नै सेनाको संख्या देशको लागि भार भैसकेको छ। त्यसमा पनि सेनामा प्रवेश र हतियार सञ्चालनका लागि विभिन्न प्रक्रियाहरू पार गर्नुपर्छ। त्यो प्रक्रिया पूरा नगरेका व्यक्तिहरूलाई राजनीतिक समाधानको नाममा एउटा हतियारबद्ध समूहमा ल्याएर मिसाउँदा त्यहीभित्र विद्रोह हुने सम्भावना रहने र यस्तो भयो भने त्यसको रूप अहिलेको भन्दा भयानक हुने निश्चित छ।

सेनामा नौ महिनाको तालिम लिनुपर्छ, तालिम मात्र दिएर पुग्छ ? हतियार दिनुपऱ्यो, गोलीगट्ठा दिनुपर्छ। हतियार सफा गर्न लुब्रिकेन्टहरू दिनुपऱ्यो, स्पेयर पार्ट दिनुपऱ्यो। सेनाको खाने, बस्ने व्यवस्थाका साथै लगाउनको लागि कट्टुदेखि मोजाको



व्यवस्था गर्नुपऱ्यो। नत्र त्यसले काम गर्दैन। त्यसैले एउटा सिपाहीको प्रवन्ध गर्नु एउटा विश्वविद्यालयको प्राध्यापकलाई चक र डस्टर लिएर महिनाको १५ हजार रूपैयाँ दिएर पढाउन जा भने जस्तो हुँदैन।

राष्ट्रिय अर्थतन्त्रमा अहिलेकै सन्दर्भमा हेर्ने हो भने सेनाले देखावटी रूपमा १० अर्बभन्दा बढी खर्च गरेको देखिन्छ। सेनाले 'सप्लिमेन्ट्री' बजेट लिएको र परिचालनको लागि छुट्टै बजेट दिएको भनिएको छ, त्यो कहाँ देखाइएको छ, कति छ। १० अर्ब रूपैयाँ त सेनालाई खानेकुराकको बजेट मात्र हो। यसरी हेर्दा अहिले नै वार्षिक १८/१९ अर्ब रूपैयाँ बजेट खर्च भइरहेको छ।

अहिले नेपालमा कम्तीमा पौने २ लाख फौज छ। जनपद प्रहरी ४८/५० हजार छ, सशस्त्र प्रहरी २०/२२ हजार छ, एक लाख त सेनामात्रै छ। यत्रो फौजको मेन्टेन गर्नु परेको छ। एक लाख सेना हुँदा सरकारबाट ६ डिभिजन स्थापना भएको छ। अब 'कोर कन्सेप्ट'मा जाने भनेर २ वटा 'कोर' बनाउने अवधारणाको विकास भइरहेको छ। माओवादीले सार्वजनिक रूपमै हामीसँग सात डिभिजन फौज छ भनिरहेका छन्। यो सरकारी फौज भन्दा बढी हो।

विश्वव्यापी अवधारणा के छ भने १६ हजार फौजको एक डिभिजन बनाइन्छ। यही अवधारणा अनुसार माओवादीले आफ्नो फौज देखायो भने भोलि तपाई के गर्नुहुन्छ ? माओवादी फौज कति छ भनेर पारदर्शी रूपमा आएको छैन। गुरिल्ला कति छन् ? मिलिसिया कति छन् ? यदि यो तथ्यांक आएको भए शाही नेपाली सेनाले हेलिकोप्टरबाटै बम खसालेर सबैलाई सिध्याइसक्थ्यो। भविष्यमा फौजमा भर्ना गर्दा उनीहरूले सात डिभिजन देखाउँलान, त्यो लिने कि नलिने ? मैले माओवादीविरुद्ध बोलेको हैन, व्यवहारिक कुरामात्र राखेको हुँ।

हामी एउटा यस्तो मुलुकमा छौं, जहाँ सरकारले तोकेको जति राजस्व कहिल्यै उठ्दैन। सेनालाई नख्वाइकन त पहाडको कुना कन्दरामा उ कुद्दैन। यसर्थ अमेरिकाले नेपालमा दुई लाख फौज राख्न सल्लाह दिए जस्तै माओवादी सेनालाई गाँभेर पौने चार लाख फौज पुऱ्याउने हो भने त्यसलाई हाम्रो अर्थतन्त्रले धान्छ कि धान्दैन, यति धान्छ भने मेरो केही भन्नु छैन। हामी आर्थिक रूपमा अति अव्यवस्थित छौं। र, हाम्रा अधिकांश जनता दुई छाक खान र लगाउन जहिले पनि संघर्ष गरिरहेका छन्। यस्तो मुलुकले कुनै अरु मुलुकसँग कहिल्यै युद्ध गर्न पर्दैन, यो स्थितिमा भविष्यका लागि हेरेर र युद्धको कल्पना गरेर सेनाको संख्या २/३ लाख राख्ने हो भने मेरो केही भन्नु छैन। व्यवहारिक रूपमा जाने हो भने नेपाली सेनालाई फेरि खुम्च्याएर ५० हजारमा पुऱ्याए धेरै राम्रो हुनेछ। हाम्रो आवश्यकता सैनिक संख्या बढाउने होइन। हामीले कहिल्यै अरुसँग लड्नु पर्ने आवश्यकता नै छैन। दुईतिरको ठूला ठूला देश न्युक्लियर हतियार बोकेर बसेका छन्। उनीहरूले चाहे भने हामी त्यही न्यूक्लियरको प्रभावले स्वाहा हुन पुग्छौं।

अब प्रश्न आउँछ- सेरेमोनियर राजा भएको मुलुकमा सेनालाई त राख्नै पऱ्यो, यति यस्तो हो भने ५० हजारमात्र किन नराख्ने भन्ने मेरो तर्क हो।

मेरो प्रस्ताव त के पनि छ भने सशस्त्र प्रहरी बल राख्ने हो भने सेनालाई त्यसमा गाँभ्ने हो कि। नभए सशस्त्र विघटन गर्नुपर्छ। त्योभन्दा अर्को विकल्प म

देख्दिनँ। सशस्त्र किन ल्याइयो भन्दा सेनालाई जिस्क्याउन। यसलाई राख्ने हो भने सेना नै विघटन गर्ने आँट गर्नुपर्छ। तर, आर्मीले पनि पैसा कमाएको छ-शान्ति सेनामा गएर। आर्मीकै तथ्यांक अनुसार सात/आठ अर्ब डिपोजिट छ रे। सेनालाई अपडेट गर्न उनीहरूको कल्याणका लागि र उसलाई र्‍यापिड ट्रेण्ड भिडलोप फोर्सको रूपमा ट्रेन गर्न त्यो पैसाबाटै केही खर्च गरेर सेनामध्ये केही प्रतिशतलाई अति प्रभावशाली भूमिकामा पुर्‍याउन सकिन्छ।

सेनाले सरकारबाटै पैसा लिनुपर्छ भन्ने हैन, आफ्नै कमाइको पैसा खर्च गरेर सेनालाई काविल फौजको रूपमा देखाउन सकिन्छ। यी सबै कामका लागि अहिलेको सरकार र सेनाबीच विश्वास निर्माण हुनैपर्छ। नागरिक सरकारले आर्मीलाई आफ्नो विश्वासमा लिन खोज्नै पर्छ र, यो अनिवार्य छ। आर्मीले पनि एउटा शाही कमारोको रूपमा नरही सरकारलाई सहयोग गर्नैपर्छ। संवैधानिक राजा या सेरेमोनियल राजाको सुप्रिम कमान्डर इन चिफ खोस्ने कुरा छ। मेरो राजाप्रति सहानुभूति भएर भनेको होइन त्यो मानार्थ दिने कुरा त एउटा मर्यादाको लागि हो। भारतको सन्दर्भमा हेर्ने हो भने सुप्रिम कमाण्डर इन चिफ राष्ट्रपतिलाई दिइएको छ। सेना हाक्नेचाहिँ प्रधानमन्त्रीले हो, त्यो प्रधानमन्त्रीको क्षमतामा भर पर्छ। हाम्रा प्रधानमन्त्रीहरूले चाहिँ सेनालाई हाँक्ने क्षमता देखाएन नै। १२ वर्षको दौरानमा तपाई हामी कसैले पनि बिर्सन सक्नुहुन्न। आर्मीलाई हाक्ने क्षमता हाम्रा प्रधानमन्त्रीहरूले देखाइदिएको भए आज यो अवस्था आउने नै थिएन।

**तारानाथ दाहाल**

धेरै-धेरै धन्यवाद, ध्रुव सरलाई। 'इस्युज'हरूमा साह्रै स्पष्ट र बौद्धिकमात्र होइन, व्यावहारिक विश्लेषण पनि हामीले सुन्यौं। यसले अहिले बजारमा चलिरहेको छलफललाई एउटा ठोस ठाउँमा पुर्‍याउन सहयोग गर्ला नै। दुइटा प्रश्न यहाँ राखेर म मनमोहन भट्टराई दाइलाई समय दिन्छु। प्रश्न के हो भने नेपालमा संगठित औद्योगिक क्षेत्रले दिने रोजगारी ६० हजार छ। ५ लाख मानिस वैदेशिक रोजगारीका लागि विदेश गएको अवस्था छ। नेपालमा सेनाले १ लाख मानिसलाई रोजगारी दिएको छ। त्यो पनि अत्यन्त सिमान्त गरिब नेपालीका छोराछोरीलाई। १० हजार जतिमात्र भारदारहरू होलान्- शाह, राणा, ठकुरी, क्षेत्रीबाट। ९० प्रतिशत सिमान्त गरिब परिवारका छन्, ती अन्य विकल्प नभएपछि सेनाको जागिर खान आएका हुन्। पेन्सनरहरूको संख्या पनि ठूलो छ।

महिनामा २/३ हजार लिएर घरमा नुन, तेल चलाउनेहरूको आर्थिक र सामाजिक प्रभावका बारेमा पनि सम्झनुपर्छ। यो सन्दर्भमाथि पनि छलफल होस्।

**मनमोहन भट्टराई**

मैले जनरल गोपालसिंह बोहरालाई पहिलो पटक सुन्न पाएँ। त्यसैगरी ध्रुव सरको गहन विश्लेषण पनि सुन्ने मैका मिल्यो। उहाँ मेरो प्रत्यक्ष गुरु त होइन, उहाँले मलाई नपढाए पनि गुरु मानेको छु। लाग्थ्यो 'वाइज मेन थिङक लाइक' भनेर आज भेट्टाएँ।



म राजनीतिक मानिस भएको कारणले मैले राजनीतिक सोचभित्र रहेर सेनाको उपस्थितिलाई हेर्छु। यसअघि विचार राख्ने दुबै जना अनुभवसिद्ध र प्राज्ञिकहरूको रायमा नेपाली सेनाको सही चरित्र र यसको उपस्थिति हाम्रो राष्ट्रिय सुरक्षाका लागि हो कि सम्भावित 'अन फोर्सिङ, अन प्रेडिक्टेवल' र 'अ काइण्ड अफ कालामिटिज' का लागि।

माओवादी समस्या आयो। सेनाको उपस्थितिको आवश्यकता हामीले देख्यौं। राजनीतिक मानिसले यस्ता खालका समस्याको सम्भावना जहिले पनि देखिरहन्छ। आज जुन विषयमा कुरा गरिरहेका छौं, १० वर्षपछि यो विषय नितान्त उठन सक्छ। यसको प्रसंग नै समाप्त हुन पनि सक्छ। आज माओवादी सेना, गुरिल्लालाई नेपाली सेनामा समावेश गर्ने नगर्ने भन्ने कुरो त यही हामीले शान्ति पाइसकेपछिको हो। त्यो 'इसु' नै रहँदैन।

त्यसो भए नेपाली आर्मी आन्तरिक विप्लव या अन्य त्यस्तो भवितव्यका लागि होइन भने हामीले 'सेल्फ डिफेन्स'का लागि बनाएको हो ? हिन्दुस्तान या चीनबाट हाम्रो राष्ट्रिमाथि हुन सक्ने चलाई (सैनिक भाषा) अथवा हाम्रो राष्ट्रिय अस्तित्वमाथि हुन सक्ने संभावित खतराका लागि आर्मी बनाएका हौं ? यदि त्यो हो भने नेपालको २ करोड ५० लाख मानिसलाई आर्मी बनाए, बनाउन सक्ने स्थितिमा हामी छैनौं ? त्यसो भए हामी साँच्चै खतरा महसुस गर्दैछौं? दक्षिणतिरबाट। हामी कसैसँग 'सेक्युरिटी प्याक्ट'मा जान तयार छौं ? यो गम्भीर विषय हो।

हिन्दुस्थान जत्रो ठूलो मुलुक सोभियत युनियनसित 'सेक्युरेटी प्याक्ट'मा जानु पर्‍यो- १९७१ को बंगलादेशको 'इमरजेन्स'पछि। माओत्सेतुङले १० हजार वर्ष लामो युद्धको घोषणा गर्नुभयो। सोभियत युनियनसितको माओत्सेतुङको सम्बन्ध सुधार गर्न त्यहाँका राष्ट्रपतिलाई पठाइयो। 'तपाई त असल मित्र, तपाई आउनुभयो। म तपाईको अनुरोधलाई स्वागत गर्छु र तपाईलाई ५० वर्ष यसभित्रबाट झिकिदिन्छु भनियो। तर ९९५० वर्षको युद्ध सोभियत यूनियनसँग बाँकी छ। त्यस्तै चाइचेस्कु रोमानियाको चीनसित पनि राम्रो सम्बन्ध थियो। चाइचेस्कुलाई सोभियत युनियनले पठायो, माओत्सेतुङसँग कुरा गर्न त्यस्तै प्रकृतिको जवाफ आयो। 'सोभियत स्याटेलाइट'भित्र बसेर पनि हाम्रो राष्ट्रिय स्वार्थलाई तपाईले ध्यान दिइरहनु भनेर तपाई आएर भनेकोमा म धेरै कृतज्ञ हुन सक्दिनँ। त्यसबाट अर्को २५० वर्ष घटाइ दिन्छु। त्यसपछि 'पिङपङ डिप्लोमेसी'मा किसिन्जर जानुभयो। कमसेकम सोभियत युनियन र त्यसबेलाको चाइना युद्धमा भिड्ने हो भने विश्व कस्तो होला भन्ने भय सबैलाई थियो। एउटासित हाइट्रोजन बम, न्युक्लियर बम र एटम बमको तागत थियो। इन्फेन्ट्रीको कुनै दुःख थिएन। जति पनि मान्छे मार्न तयार हुनुहुन्थ्यो माओत्सेतुङ। जीओ पोलिटिक्सको हिसावले भन्नुहुन्छ भने चाइना धेरै अगाडि थियो। यत्रो युद्ध 'एस्केलेट' हुन दिनु भएन भनेर किसिन्जर जानु भयो। अरु लामो समयको युद्ध माओत्सेतुङको जीवनभर सोभियत युनियनसँग रहिरह्यो। यो युद्धको मनोविज्ञान हो। हिन्दुस्तान वा चीनबाट हाम्रो भू-भागमाथि या स्वतन्त्रतामाथि हस्तक्षेप हुन्छ भने हामीले अरू कुनै सुपर पावरसँग सैनिक प्याक्टमा जाऔं। यो चर्चित काम नहोला, तर आवश्यक हो होइन भनेर आन्तरिक रूपमा एउटा टुंगोमा पुग्न सकिन्छ।

प्यारजंगजीले माओवादीलाई उनीहरूको योग्यताअनुसार राष्ट्रिय सेनामा ल्याउने भनिदिनुभयो, बेरोजगारी समस्याले सताएको मुलुकका सबै जनता माओवादी भएर सेनामा भर्ना हुन आए भने के हुन्छ ?

अब त युद्ध पनि छैन । प्रचण्ड र बाबुरामजी प्रतिस्पर्धी राजनीतिमा आइदिने हो भने युद्धको सम्भावना मुलुकबाट केही समयका लागि भए पनि टऱ्यो । युद्ध भए पनि अर्को किसिमको होला । यो अवस्थामा एक लाख जवान युवा आर्मीमा आउन खोजे भने पनि कुनै अच्चम हुँदैन । र, अन्तर्राष्ट्रिय रूपमा यत्रो ठूलो मान्यता पाएको आन्दोलन भयो, २१ औं शताब्दीमा भएको यो आन्दोलनमा मुलुकका २५ प्रतिशत जनता एकै पटक आन्दोलनमा होमिए । संख्यात्मक रूपमा कति मानिस मरे, कति मारिए र कति ठूलो देश हो, कत्रो जनसंख्या हो भन्ने कुराले अर्थ राख्दैन । यो आन्दोलन त ठूलो उदाहरण नै हो । यो अवस्थामा १ लाख युवा सेनामा सरासर गएर जागिर खाने प्रयत्न गरे पनि त्यसलाई अन्यथा भन्न मिल्दैन ।

यसपालिको आन्दोलनले पाएको अन्तर्राष्ट्रिय मान्यताले अहिले सातवटा मुलुकमा शान्ति स्थापनार्थ नेपाली सेना जाने गरेको छ भने भोलि १५ मुलुकमा जान सकिने सम्भावना छ । संसारका ६२ मुलुकमा द्वन्द्व छ । ती सबै मुलुकमा जान सक्ने सभ्यताको उदाहरण शान्तिपूर्ण आन्दोलनबाट हामीले दिइसकेका छौं । हामीले त्यो मान्यता पाउँछौ पनि ।

तसर्थ माओवादी सेनालाई व्यवस्थापन गर्नु ठूलो कुरा होइन । उनीहरूलाई मुलुकका अरू धेरै समस्या समाधान र कामहरूमा लैजान सकिन्छ । मैले सुनेसम्म भर्नादेखि एउटा जवान तयार पार्न प्रति सैनिक तीन लाख खर्च हुन्छ । कल्पना गरौं तीन लाख रूपैयाँ प्रतिव्यक्ति खर्च गरेर अरु एक लाख सैनिक थप्न सकिन्न । अमेरिकाले दिएको सल्लाह अनुसार सेना थप्ने हो भने उहीसँग सैनिक प्याक्ट गरौं । चीन या भारतबाट खतरा भयो भने तिम्रो सेनाले हाम्रो देशलाई संरक्षण गर्नुपर्छ भनौं । होइन भने दुई लाख सेना पाल्ने हैसियत नेपालको अर्थतन्त्रको छैन ।

म पुँजीवादी अर्थतन्त्रमा विश्वास गर्ने भएकोले जसरी भए पनि मान्छेको खल्तीमा पैसा हाल्देऊ, उसले त्यसबाट खर्च गर्छ, बचत गर्छ र केही काम गर्छ भन्ने मान्यता राख्छु । त्यसैबाट उ स्वरोजगार हुन्छ । 'खाल्डो खन र पुर' भन्ने अर्थ चिन्तनको व्यक्ति हुँ म । जसरी भए पनि पैसा खल्तीमा हालिदियो भने मान्छे अगाडि बढेर जान्छ । खाल्डो खन्न लगाउनुहोस्, फेरि खाल्डो पुर्न लगाउनुहोस् । कामै छैन भने पनि खनेबापतको पैसा दिनुहोस् र पुरेबापतको पनि पैसा दिनुस् । त्यसबाट साग किन्ला, चामल किन्ला, अरू केही गर्ला । साग उत्पादन गर्नेले फाइदा पाउँछ, दाल उत्पादन गर्नेले पाउँछ, मिलले पाउँछ । म लोकतन्त्र र सेनाका विषयमा बोल्ने आधिकारिक वक्ता होइन । म त समावेशी लोकतन्त्रका विषयमा बोल्नुपर्ला भनेर आएको हुँ । तर विषय अर्कै पऱ्यो ।

कार्यपत्रभित्र सेनाको नाममा शाही हटाउँदैमा समावेशी सेना अर्थात राष्ट्रिय सेनाको आकार लिने सम्भावना रहन्न । हामी जसरी लोकतन्त्रलाई समावेशी देख्न चाहन्छौं, त्यसैगरी सेनालाई समावेशी देख्न चाहन्छौं ।



विशेष जाति, वर्ग र परिवारबाट किचिएको सेना राष्ट्रिय सेना हुन सक्दैन । सेना राजाप्रति लोयल छ । हो अमेरिका सेनालाई लजिष्टिक सपोर्ट गर्ने, हतियार दिने, मानव अधिकारको शिक्षा दिने अनि उसैले मानव अधिकार हनन् भयो पनि भन्ने ?

त्यही सेना लोयल एकातिर छ, निर्भर अर्कोतिर छ । खाना एउटाले दिन्छ, वफादारी अर्कोतिर हुनै सक्दैन । मैले यो प्रसंग नागरिक सरकारसँग जोडेर ल्याएको हुँ । नेपालमा पहिलो पटक सेनापतिले परमाधीपतिलाई भन्यो-यो आन्दोलन हामी टुंग्याउन सक्दैनौ । ध्रुव सरले भन्नुभयो- 'राजा रहेसम्म सेनाले राष्ट्रिय चरित्रको आकार लिन सक्दैन ।' हामीले त राज्यको पुनर्संरचना खोजेको हो, त्यसमा राजा हुनु र नहुनुको कुरा होइन । गणराज्य भन्नुहुन्छ या गणतन्त्र भन्नुहुन्छ ।

**चित्रबहादुर गुरुङ, शाही नेपाली सेनाका अवकाशप्राप्त जर्नेल**

हिन्दुस्तानका ठूला लोककवि कविर दासको धेरै कुराहरू प्रख्यात छन् । योभन्दा शाही सेनाको जनरलले हिन्दी बोल्यो भन्नु होला । तर यस्तो हैन । साहित्यको कुनै भाषा हुँदैन । उहाँले मीठो भाषामा भन्नुभएको थियो-

***जाति ए न पुछिए साधुसे, पुछ लिजिए ज्ञान***
***अरे भाइ मोल करो तरबारका, पढा रहेने दो म्यान ॥***

अन्यको विषयमा कमेन्ट नगरौं । यहाँ भएकामध्ये राम्रो चिनजान गोपाल सरसँग मात्र छ । ३ वर्ष त उहाँ मेरो जनरल हुनुहुन्थ्यो । ध्रुव सर प्राज्ञ हुनुहुन्छ । उहाँसँगको मेरो चिनजानको आधार यही हो । म रिटायर्ड भएको १५ महिना भयो । रिटायर्ड हुँदा सैनिकको लेफ्टिनेन्ट जर्नल थिएँ । त्यसमा अहिले पनि सेनाप्रति मेरो धेरै जिम्मेवारीहरू छन् ।

गोपाल सर तालिम निर्देशक हुँदा म पनि सरको मातहत थिएँ । मैले सबै महत्वपूर्ण जिम्मेवारीहरू बहन गर्नुपर्ने थियो । शाही नेपाली सेनालाई कस्तो किसिमको समस्या या चुनौती आउँछ । ती कसरी समाधान गर्न सकिन्छ भनेर जिम्मेवारी दिइएको थियो ।

अहिले मेरो दाँयापट्टी रिटायर्ड ब्रिगेडियर जनरल दिगम्बरशमशेर जगंबहादुर राणा हुनुहुन्छ । उहाँ हामीभन्दा धेरै सिनियर मान्छे हो । उहाँ रेडियो अपरेसन डाइरेक्टर हुनुहुन्थ्यो । बोहरा भाइले मान्छे तयार गरिदिएपछि त्यो फौजलाई रणक्षेत्रमा सही रणनीति लगाएर अर्जुनको सारथी बनाएर महाभारतलाई कहाँ पुऱ्याउने भन्ने पूर्ण जिम्मेवारी उहाँको रहेको थियो । यसकारण यस्ता दिग्गजहरू र अनुभवले खारिएकाहरूको माझमा म समय खेर फाल्न चाहन्न, न मसँग एउटा जवानको पूर्ण अनुभव छ न बौद्धिक नै । सुरुमा म के भन्न चाहन्छु भने हामीले हरेक कुरा ऐतिहासिक पृष्ठभूमिमा हेर्नुपर्छ । सात सालमा के भयो ? ०१२ सालमा के भयो ? ०२० सालमा के भयो ? ०४६ सालमा के भयो ? ०५२ सालमा के भयो ? त्यसपछि ०५९ सालमा के भयो ? पोहोर माघ १९ मा के भयो ? मलाई लाग्छ यो इतिहासको पाटो हो ।

हामीलाई आज कुनचाहिँ महत्वपूर्ण हो ? यस पटक वैशाख ११ गते जुन किसिमको चिन्तनले वा जुन किसिमले नेपालको बाटोमा आमूल परिवर्तन भयो, त्यो हाम्रो लागि मार्ग निर्देशक सिद्धान्त हो । त्यसमा आधारित भएर भविष्यमा हामी बहस गर्न सक्छौं । किन त्यो आयो ? शाही नेपाली सेनाको बारेमा आज जस्तो यतिको तीतो यतिको मीठो यति स्पष्ट शब्दमा टिप्पणी भएको ३९ वर्षको सेवाका क्रममा सुन्नु परेको थिएन । आज सुन्दाखेरी अचम्म पनि लागेको छैन किनभने हिजोको इतिहास छ । हामी अहिले भविश्य हेरिरहेका छौं । यसरी हेर्दा हिजो हामीले जेजस्ता रणनीतिहरू अपनायौ, त्यसबेलाको राज्यव्यवस्थाले यसको पूर्व मूल्यांकन गरेको थियो होला र ? थिएन होला । यदि थियो भने आज राज्यभित्रै एक भाइ अर्को भाइसँग लडेर किन आज यस्तो बिडम्बनाको निर्माण हुन्थ्यो ? राष्ट्रभित्र पनि झिल्केलाई म ठीक गर्नसक्छु जस्तो लाग्ने र झिल्केलाई पनि यसले मलाई ठीक पार्न सक्दैन भन्ने लागेको जस्तो देखियो ।

नेपालको कुनै पनि समस्याको 'इन्टरनल डाइमेन्सन' भयो भने यसको 'एक्सटर्नल डाइमेन्सन'लाई न हामीले हिजो नकार्न सक्यौ, न आज सक्छौ, न भोलि । हामीले त्यो कुरालाई ध्यानमा राख्नुपर्छ । होलेरी काण्ड भयो रे, ठीकै भयो । एउटा काण्डले के भयो त ? तर, जनताले चुनेको प्रधानमन्त्रीले दिएको आदेश संविधान, संवैधानिक राजतन्त्रको परिधिमा बसेर 'देश, नरेश र जनताको सेवा र सुरक्षामा पूर्णत समर्पित फौजले मानेन भन्नुचाहिँ नेपालको सेनाको इतिहासमा बात लाग्ने कुरा हो- सत्यचाहिँ त्यो थिएन । म यहाँ सेनाको प्रतिरक्षा गर्न आएको होइन । तर, होलेरी काण्डप्रति तपाईमा शंका छ भने दुइटा काम गर्नुहोला । त्यसबेला शाही नेपाली सेना परिचालित भएको, सेनाको हवाईजहाजमा गोली लागेको, माओवादीले माइकिङ गरेर सेना किन आएको लडाइँ तपाई-हामीबीच होइन भनेको, माओवादीले ७० जना पुलिसलाई मार्चअप गरेर होलेरीबाट अपहरण गरेर लग्दा सेनाले आकाशबाट क्षेप्यास्त्र हानेको हो कि होइन ?

त्यस्तो बेलामा सेनाले आकाशबाट क्षेप्यास्त्र हान्ने कि नहान्ने ? यदि तपाईले इतिहास सम्झने हो भने ध्रुव सरले भने जस्तै किन दाङमा हमला गरेपछि यो राष्ट्रिय समस्या बन्न गयो ?

२०५२ सालमा 'जनयुद्ध' सुरु गरे पनि माओवादीले सप्टेम्बर २००१ मा राष्ट्रिय जनमुक्ति सेना घोषणा गरेको हो, त्यसको एक महिनापछि नै माओवादीले सनोमाथि हमला गऱ्यो । हिजोको सुरक्षा स्वयंसेवाका लडाकु अचानक एउटा फौजी रूपमा परिणत भएर राज्यलाई नै चुनौती दियो । त्यो बेलामा प्रजातान्त्रिक प्रणाली नै त थियो ।

कसैले दुनै काण्डको चर्चा गर्छन्, कसैले के भन्छन्, मलाई माफ गर्नुहोला- दुनै भनेको कहाँ हो ? के गऱ्यो त त्यस बेला फौजले त्यहाँ ? हिमालमा फौज राख्नुको कारण के ? वास्तवमा से-फोक्सुन्डो आरक्षण क्षेत्र निक्कै ठूलो छ । एउटा कम्पनीका ६० जना मान्छे तपाई तीन ठाउँमा राख्नुहुन्छ, राति हमला हुन्छ, त्यसबेला माओवादीले २ हजार मान्छे ल्याएको थियो । त्यो बेलामा उनीहरूसँग अहिलेको जस्तो छामापारको स्पष्ट चिह्न केही थिएन । त्यो बेलामा त्यहाँ भएको ६० जना मान्छे कसरी जाने ?



अघिनै हाम्रो गोपाल सरले भन्नुभएको छ- हिजोको राज्यव्यवस्थाले राज्यभित्र उठेको यो (माओवादी) समस्यालाई राजनीतिक दृष्टिकोणले कसरी हेर्ने ? भोलि लड्नुपऱ्यो भने त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारेमा राज्यले केही योजना बनाएको त हामीले सुनेनौं ।

धेरै मान्छे लडाइँलाई विचित्र रूपमा लिन्छन् । तसर्थ हिजो जे भयो भयो, यसलाई राम्रै रूपमा लिनुपर्छ । र, त्यसबाट सिक्नुपर्छ । यो प्रारम्भ मात्र हो । आजको छलफल र कार्यपत्र निक्कै उच्च कोटीको रहेको छ । सेना राज्यको एक महत्वपूर्ण अंगको रूपमा रहेको हुन्छ । यसले खुल्ला रूपमा भन्दा पनि गोप्यरूपमा आफ्ना कामहरू गर्ने भएकाले यसको कामको विषयमा त्यति खुलेर छलफल हुने गर्दैन । तर नेपालमा अहिले सेनाको विषयमा बिभिन्न टिकाटिप्पणी सुरु भइसकेको छ। समावेशीकरणको सवाल उठिरहेको छ । वर्तमान अवस्थालाई नै हेर्ने हो भने यसलाई सकारात्मक रूपमा लिनु पर्दछ ।

फौजको पहिचान के ले हुन्छ ? कडा अनुशासन, बलिया अथवा कुनै जात विशेषको आधिपत्यबाट होइन । फौजको पहिचान नै लडाइँ हो । तर अहिले आएर यसमा पनि विवेचना गर्नुपर्ने अवस्थाको निर्माण भएको छ । अहिले प्रश्न उठेको छ के शताब्दियौं लामो इतिहास बोकेको नेपाली सेनाले माओवादीसँगको लडाइ जितेको हो ? कि यो लडाइँ माओवादीले हारेको हो ? के त्यसले हारेको छु भनेको छ, के हामीले जित्यौ भन्ने दावी गरेका छौं ?

मलाई लाग्छ-सेना लड्दो रहेछ । लडाइँ सिक्न किन अमेरिका जानु पऱ्यो । किन अन्तर्राष्ट्रिय सुरक्षाको विषयमा ठेलीकाठेली किताब पढेर मास्टर्स गर्नुपऱ्यो । सैनिक लडे र निश्चित उपलब्धि पनि हासिल गरे । आगामी दिनमा कस्तो किसिमको व्यवस्थापन गर्ने भन्ने राज्यको जिम्मेवारी हो । हामीले त विचारविमर्श गरी विकल्पहरूमात्र अगाडि सार्न सक्छौं । संसारमा यस्ता विभिन्न उदाहरणहरू रहेका छन् ।

समावेशीकरणको विषयमा बल्ल बहसको प्रारम्भ भएको छ । भोलि कस्तो प्रकारको राज्य व्यवस्था आउँछ, कसैलाई थाहा छैन । कस्तो राज्य बनाउने भन्ने विषयमा बहस मात्र भइरहेको छ । अमेरिकाको जस्तो राष्ट्रपतीय राज्यप्रणालीको निर्माण हुने हो की ? त्यो बेलामा परमाधिपति प्रधानमन्त्रीलाई बनाउने ? कहाँबाट खोजेर ल्याउने प्रधानमन्त्री ? भारतको जस्तो बनाउने हो कि अर्थात नेपाली जनताले आफ्नो पुरानो मूल्यमान्यतालाई पनि हेरेको छ । समयको विकासक्रमअनुसार सबैले आ-आफ्नो परिधिभित्र बस्न स्वीकार गरेको छ र, हिजोको गल्ती सबैले सच्याइरहेका छन् । जनआन्दोलनको सफलतासँगै राजनीतिक दलले आफ्नो विश्वसनियता पुनः प्रमाणित गरिसकेको हुनाले हामीले राजनीतिक पार्टीलाई हिजोको गल्तीको रूपमा हेरेका छैनौं । यिनले जनतालाई लिएर अगाडि जान सक्छन् भन्ने उनीहरूको विश्वसनीयताको पुर्नपुष्टि भैसकेको छ । अहिलेको अवस्थामा जनताले हिजोको क्रियाकलापको आधारमा प्रश्न गर्ने ठाउँहरू देखिन्न । यदि भोली सेरेमोनियल अथवा अन्य कुनै रूपमा राजा रहने व्यवस्था भयो भने कस्तो राज्य प्रणालीको निर्माण हुन्छ ? वास्तवमा अहिलेको बहसको पाटो यही नै हो जस्तो मलाई लाग्छ । त्यसपछि

राज्यप्रणालीको संरचना कस्तो हुने, हाम्रो मूल्य र मान्यता के हो ? राष्ट्रिय स्वार्थ के हो भन्ने विषयमा स्पष्टता आउनुपर्छ ।

सामान्य रूपमा लिदाँ पनि सुरक्षा अवधारणा भनेको तपाईको आन्तरिक मूल्य र मान्यतालाई बाहिरी खतराबाट जोगाउने हो । यसको लागि हुत्ति छैन भने अघि मनोमहनजीले भने झैं प्याक्टमा जाने हो । हिराको खानी मात्र भएर भएन नि त्यसको उपयोग गर्ने हुति पनि चाहिन्छ । दुई लाख फौज पाल्न सकिँदैन भने तपाई प्याक्टमा जानुस् । समावेशी प्रजातन्त्रमा गएर राज्यमा देखिएको बखेडा हटाइ दिनुस । द्वन्द्वलाई हटाउनुस् । अन्तर्राष्ट्रिय जगतमा शान्ति क्षेत्रमा योगदान पुऱ्याएर परराष्ट्र नीतिमा सहयोग पुऱ्याउनुस् र जनतलाई स्वतन्त्रता दिनुस् । हामी डलर कमाउन मात्र विदेश गएको हैन । मैले संयुक्त राष्ट्रसंघका महासचिवको सैन्य सल्लाहकारका रूपमा २ वर्ष न्युयोर्कमा काम गरे । डलर कमाउन गएको हैन ।

समावेशीमा गुरुङ, राई, क्षेत्री, कामी, दमाई महिलालाई सबैलाई सेनामा समान रूपमा सहभागी गराउनु पर्छ । समस्या चाहिँ फौजको व्यवस्थापन नै हो । माओवादी जनसेनाको स्पष्ट पहिचान के हो ? उसले हात उठाएर भन्छ- म सिपाही हो, तिम्रो हतियार खोइ भनेर सोध्यो भने हतियार लड्न हो, हात हुनुपर्छ भन्छ । अनि कसरी पहिचान गर्ने उनीहरूको ? भोलिको दिनमा यो समस्या पक्कै आउने छ ।

समावेशी प्रजातन्त्रमा पुनर्संरचनामा जाँदा फौजको संख्या जति पुगोस्, जस्तो सुकै समस्या आउन माओवादी सैन्य दस्ताको व्यवस्थापन गर्ने पर्छ । अब नेपाली सेनाले तीन लाख फौज पाल्न सक्छ कि सक्दैन भन्ने कुरा एउटा घर्ती गाउँको लाटोले पनि सहजै बुझ्न सक्छ-त्यो फौज के गर्ने हो भन्ने ।

**तारानाथ दाहाल**

धन्यवाद सीबी जर्साबलाई । जसले नेपालको सैनिक परिचालनलाई अलिअलि पढ्ने रुची राख्छ, त्यसबेला सीबी गुरुङलाई छुटाउन हुन्न भनिन्छ । उहाँको क्षमता र दक्षताको बारेमा धेरै साथीहरूलाई थाहा छ । र, उहाँले आफैले भन्नुभयो- १५ महिना अघि सेनाको दोस्रो पदबाट अवकास लिनुभएको । अहिलेको द्वन्द्वमा लामो समय सेना संलग्न रह्यो, त्यसको सिंगो पाटोको अनुभव उहाँसँग छ । उहाँले यहाँ राखिदिएको विचारले अब छलफललाई अझ गम्भीर बनाउन मद्दत गर्छ जस्तो मलाई लागेको छ । वास्तवमा हामीले स्वच्छ बहस सुरु गर्न खोजेको हो । भावनामा दौडने दिन गए । अस्ति ११ गतेसम्म भावनामा दौडने दिन थियो, अब बढीभन्दा बढी जिम्मेवार बन्ने दिन सुरु भयो । तर समस्या ११ गतेभन्दा अगाडि नेताहरू कोठामा थिए, जनता सडकमा थिए । तर १२ गतेदेखि नेताबाहिर आउन थाले र ११ गतेभन्दा पहिलाको जस्तै बोल्न थाले । समस्या छ, त्यसको म आफैं भुक्तभोगी हुँ । वैशाख ११ गते अगाडिका पाँचवटा जुलुसमा राजनीतिक नेतृत्व गर्ने मानिसै देखिएनन्, म पुगेको जुलुसमा भाषणा गर्ने मानिसै थिएन, हामीलाई देख्यो कि आन्दोलनकारीले समातेर भाषण गर्न लगाउथे ।

तर, आन्दोलन सफल भइसकेपछि नेताहरू एकाएक आए र ज्यादै चर्का अनि खरा भाषणहरू हुन थाले । यसले 'रिकन्सिलेसन' प्रक्रियालाई मद्दत गर्दैन ।



त्यसकारण बढीभन्दा बढी जिम्मेवार हुनु वा चिन्तन गर्नुपर्ने खाँचो छ । केही साथीहरू यसमा सहमत नहुनु होला, त्यो अर्कै कुरा हो । हामीले मुलुकलाई अझ खराब बनाउने गरी विचारहरू दिँदा राष्ट्रले अझ दुःख पाउँछ ।

**डा.हिक्मत बिष्ट**

सर्वप्रथम म बोहोरा जर्साबलाई बधाई दिन चाहन्छु । यति छोटो कार्यपत्रमा सेनाको संरचना, विशेषताहरू, यसले भोग्नुपरेका समस्याहरू र बेलाबखतका निर्णय एवं अनिर्णयले कस्ता अन्योल भयो र भविष्यको बाटो के हो भन्ने कुराहरू प्रष्ट र सबैले बुझ्न सजिलो भाषामा उल्लेख गर्नुभएको छ ।

प्रा. ध्रुवकुमार, मनमोहन भट्टराई र सीबी जर्साबले विचारहरू राखेर यो बहसलाई अझ उचाइमा पुऱ्याउनुभयो । म उहाँहरूले राखेको कुरामा नदोहोरिने गरी के भन्न चाहन्छु भने भर्खरै सम्पन्न जनआन्दोलनको चाहना नयाँ नेपालको सिर्जना हो । हामी बारम्बार झुक्किन्छौ र झुक्याउने काम राजनीतिक क्षेत्रबाट हुने गरेको छ । राज्यको पुनर्संरचना भन्ने बित्तिकै हामीकहाँ रहेका केही संरचनाहरूबाट गर्छौं । त्यो संरचनालाई कोट्याउने कुरा हुन थाल्छ । हामीले नयाँ नेपालको सिर्जनाको कुरा गरिराखेका छौं अर्थात नेपालको नयाँ सिर्जनाको कुरा गरिराखेका छौं । हामीले नयाँ नेपालको पुनर्संरचनाको कुरा गरिरहेका छौ । पुनर्संरचनाको विधि एक किसिमको हुन्छ भने सिर्जनाको विधि एक किसिमको हुन्छ । त्यही परिप्रेक्ष्यमा हामीले लोकतन्त्र र सेनाको बहसलाई पनि अगाडी ल्याउनु पर्छ । इतिहासले हामीलाई धेरै कुरा सिकाई सक्यो र सिकाइबाट गरिएको अनुभवलाई भोलिका दिनमा निर्माणमा लानुपर्ने छ, कतिपय कुराहरू बिर्सनुपर्ने पनि छ । नयाँ नेपालमा सेनामा यति चाहिन्छ, यो हुन्छ, यो हुन्न, यो दर्जा चाहिन्छ, यो दर्जा चाहिँदैन भनिरहेका छौ । दर्जा यताबाट उता राखिदिए, लगिदिए भन्ने कुरा आवेगमा आफूले गर्न नसकेको र नचाहेको कुराहरू प्रकट गर्न अरुमाथि बडो नराम्रोसँग प्रहार गरिरहेका छौ । त्यसबाट पनि टाढा जाने हो भने चाहिँ परम्परा भनेको कुरा स्थिर रहने चिज होइन । परम्परा, समय, नयाँ पिँढी, नयाँ पुस्ताको आवश्यकता, चाहनाअनुसारको बगिरहेको हुनैपर्छ । जुन बेला गति रोकिन्छ, त्यसपछि त्यो मरेको संरचना वा परम्परा हुन्छ । त्यसले काम गर्दैन । यो कुरा पनि सोच्नुपर्छ । परम्पराको नाम लिँदा आफ्ना स्वार्थ पूर्ति गर्ने भाँडो बनाउने कुरा गर्छौं, हामीले त्यो गर्नु भएन ।

नयाँ सिर्जना गर्दा सुशासनको कुरा गरिनै पर्छ । नेपालको सबैभन्दा ठूलो समस्या सुशासनको हो, विधिको शासनको हो । हामी बारम्बार नयाँ लोकतान्त्रिक समाजको समावेशीकरणमा असल शासनको कुरा गर्छौं । शासनलाई सुशासनमा ढाल्नको लागि तीनवटा चिज महत्वपूर्ण छन् । ती चाहिन्छ-नीति निर्माणमा सहभागिता, पारदर्शिता र उत्तरदायित्व ।

त्यही परिप्रेक्ष्यमा हेर्ने हो भने राष्ट्रका अंगहरू उत्तरदायित्वमा कहाँ-कहाँ पर्न सक्छन्, पऱ्या हुन्छन् । सेनाको उत्तरदायित्व कस्तो हुन्छ ? त्यसको नेतृत्वको प्रतिउत्तरदायी हुन्छ ?

सबैभन्दा ठूलो दुर्भाग्यचाहिँ शासनको जिम्मा लिनेले आजसम्म मातहतको निकायको उत्तरदायित्वको जिम्मा नलिनु हो । त्यसको दोष हामी अरुलाई लगाउँछौं । तर, किन जिम्मेवार भइनस, म माथि जिम्मेवार नभई किन अर्कोमाथि भएको भन्ने कुरा राजनीतिमा पनि उठेन र राज्यका संरचनाहरूले पनि उठाएनन् । यी समस्याहरूका बारेमा व्यावहारिक दृष्टिकोण नराखेसम्म सेनाको नाम जेसुकै राखे पनि अर्थ रहन्न ।

तसर्थ नाउ, संख्याको विवाद होइन । नयाँ सिर्जनाका लागि हाम्रा संरचनामा के कस्ता आधारहरू चाहिन्छ, ती आधारमा कस्तो दक्षता र विशिष्टताको खाँचो पर्छ भन्ने खोजौं । यो सेनामा पनि आवश्यक छ । जसमा सुरक्षाका अंगहरू पर्छन् । सेनाको संख्या यति राखौ, सेना भंग नै गरिदिऊँ भन्नेले कस्तो नेपालको सिर्जना गर्न यसो गर्न लागिएको हो भन्ने कुरा पहिल्यै अगाडि ल्याउनुपर्छ । अनिमात्र यस्ता कुरा गर्न पाइन्छ, यी चिज मास्दिऔं, नराखौं भन्न पाइन्छ । आफूलाई खुसी लाग्याचाहिँ राख्ने नभए नराख्ने र त्यस्ता संरचनाको कुरा असान्दर्भिक रूपमा बोल्न पाइन्न । यी सबै हुँदाहुँदै द्वन्द्वको परिस्थितिलाई 'ट्रान्सफर्मेसन प्रोसेस'मा लान यी राष्ट्रका अंगहरूको के-के भूमिका हुन्छ र सबैको भूमिका कहाँ कहाँ भनेर निचोड निकालेपछि मात्रै कति लाख फौज राख्ने नराख्ने कुरा गर्न सक्छौं । एक जना सेना तयार पार्न राज्यले तीन लाख रूपैयाँ तालिममा खर्च गर्दो रहेछ । त्यसलाई राज्यले जागिर दिएपछि कति पुस्तासम्म त्यसको दायित्व आउँछ । त्यो कति लाखमा परिणत हुन्छ भन्ने पनि हिसाब गर्नुपर्‍यो । उसलाई जागिर दिइसकेपछि लामो समयसम्म थेग्ने राज्यको क्षमता हुन्छ ? अर्को कुरा हो भने दुई लाख फौजलाई के जिम्मेवारी दिएर राख्ने, कि अरब पठाउने ? सम्पूर्ण सेनाको जिम्मेवारी राष्ट्रले लिने भन्ने कुरासँग संख्या कति र कहाँ राख्ने भन्ने कुरा जोडिन्छ । यसलाई यति संख्यामा राख्ने, बढाउने या घटाउने भनेर समावेशीकरण हुँदैन ।

त्यसैले राष्ट्रका सम्पूर्ण दलितलाई के गर्छौं, नीति निर्माणमा महिलाको सहभागिता कति हुन्छ भन्ने लगायतका समष्टिगत रूपमा नहेरी कुनै एउटा निश्चित समयमा कसैले गरेको कामको आधारमा र त्यसको मूल्यांकन नगरी, सही ढंगले छानविन नगरी सस्तो लोकप्रियताका लागि हल्का कुरा गर्ने, अनि संसदमा कुर्लिनु ठीक होइन । यसो १०/२० जना हेर्‍यो, त्यसैका आधारमा यसो भनेर कराई दिए राम्रो हुन्छ भनेर भएन-एक जना भूपू प्रधानमन्त्रीले खुलामञ्चमा भाषण गरे जस्तो गरेर । 'र्‍याडिकल' कुरा गरेपछि समाज र हेर्नेहरूले ताली बजाइदि न्छन् भनेर हुँदैन । यस्तो सस्तो लोकप्रियताको आधारमा राष्ट्रको संरचनाबारे गैरजिम्मेवार अभिव्यक्ति दिनु हुँदैन । तसर्थ हामीले सही मानिसलाई निर्णय गर्ने ठाउँमा पुर्‍याउनुपर्छ ।

**डा. शंकरकुमार श्रेष्ठ**

म आज सबैभन्दा बढी खुसी मेरा मित्र चित्रबहादुर गुरुङ्गलाई भेटेकोमा छु । सेनामा पनि उहाँ जस्तो व्यक्तित्व हुँदो रहेछ भनेर हामी जागिरे र नागरिक समाजमा कुरा गर्थ्यौं । तर यहाँ फेरि अर्का व्यक्तित्व थपिनुभयो-गोपालसिंह बोहोरा । शाही



नेपाली सेना बौद्धिकताको दृष्टिमा धेरै सम्पन्न संस्था रहेछ भन्ने कुरा गर्न पाउँदा म व्यक्तिगत रूपमा धेरै खुसी छु ।

मभन्दा अगाडि बोल्ने मित्रले ज्यादै मीठोसँग हामी बोल्ने धेरै भैसक्यौ भनेर भनिसक्नु भयो । तारानाथले हिजो बोल्ने कोही थिएन, आज चुप लाग्ने कोही छैन भन्नुभयो । हिजो हुति नभएर, ठाउँ नपाएर वा डराएर किन बोल्ने कोही नदेखिएको हो थाहा छैन, आज चुप लाग्न जानेकै छैन, बोल्याबोल्यै । सस्तो लोकप्रियताका लागि बोल्दा हामीलाई राष्ट्रिय संरचना निर्माणमा वाधा पुग्ने त होइन भन्नेमा गम्भीर होऔं ।

म तपाईहरू माफ्र्त एउटा प्रश्न राख्न चाहन्छु- २०६३ साल वैशाख ११ गते राति ११:३० बजेपछि यो देश कुन शासन विधानले चलिरहेको छ ? नेपाल अधिराज्यको संविधान २०४७ लाई हामीले इन्कार गरी सक्यौं, त्यसले विश्वास गुमाई सक्यो ।

वैशाख ११ गते राजाको तीन मिनेटको सम्बोधनपछि त्यो दिन राति ११:३३ पछि देश कुन शासन विधानअन्तर्गत चलेको छ ? सुन्दा तपाई हामीलाई अलि चिसो लाग्नसक्छ- संविधान पनि नमान्ने, अन्तरिम शासन विधान पनि नल्याउने, यो स्थितिमा हामी के ले चलिरहेका छौ ? 'सिष्टम बिना मुलुक चल्छ ? हामी केबल सस्तो लोकप्रियताको आधारमा चलिरहेका छौ ।

हामी किन नाम शाही नेपाली सेना, राष्ट्रिय सेना वा नेपाली सेना भनेर नामको कुरा गरिरहेका छौ ? बेलायत, जापानमा राजतन्त्र भए पनि सेनाको आडमा तिनले टाउको उठाउँदैनन् । भारतको राष्ट्रपतिचाहिँ त्यहाँको सेनाको परमाधिपति हो भनियो । तर, उनले सैनिक पोसाक लगाएको कहिल्यै देखिएको छ ?

समाजका केही कुरा बेग्लै हुन्, संरचनाका कुरा फरक हुन् । तर कानूनको रिक्ततामा देश संचालन हुने स्थिति हामीले सहनु परेको छ । म कानुनको विद्यार्थी हुँ, (सँगै बसेको साथी देखाउँदै) हामी दुई भाइ सल्लाह गर्छौं ।

भीमार्जुन आचार्य संवैधानिक कानुनविद् हुनुहुन्छ । साच्चै भन्ने हो भने संविधानसभाको लागि उहाँको विशेषज्ञता जतातती खेती भइराखेको छ । यी सब कुरा छोडेर आज हामी कुन शासनमा छौ भन्नेतिर जिज्ञासा राखौं । सेनाको संख्याको बारेमा अहिले विवाद नगरौं । सेनाको नाममा पनि विवाद नगरौं । सेनाको व्यवस्थापनमा सल्लाह गरौं । यो नागरिक सरकारले जिम्मा लिनुपर्छ । तुरुन्त लिनुपर्‍यो, छलफल बढी नगरौं । ११ वैशाखमा राजाले गरेको घोषणामा संवैधानिक राजतन्त्र भन्ने शब्द छैन । तर हामी संवैधानिक राजतन्त्रकै कुरा गरिरहेका छौं । सेनाको व्यवस्थापन चाँडो गरौं, ढिलो गर्‍यौ भने अब संविधानसभाबाट बन्ने संविधानको मात्र होइन, त्यसपछिको संविधानको पनि तयारीमा जुटे हुन्छ ।

**डा. विष्णुदत्त उप्रेती**

म शान्तिसम्बन्धी अध्ययन अनुसन्धान गर्छु । मैले सेना सम्बन्धी अनुसन्धान गर्दा या यस सम्बन्धी तालिम दिँदा कहिले काहीं सेनाका तल्लो तहमा सम्बन्ध हुन्थ्यो, केही अवकास प्राप्त मध्य तहका अधिकृतहरूसँग कुरा हुन्थ्यो । आज पहिलो

चोटी आलोचनात्मक रूपमा सेनाबाट अवकास प्राप्त उच्च अधिकृतबाटै विषयहरू आएका छन् ।

कार्यपत्रले उठाएका केही कुरामा केन्द्रित रहेर म आफ्ना धारणाहरू राख्छु । कार्यपत्रले शाही नेपाली सेनाको राम्ररी समिक्षा गरेको छ । अझै धेरै कुरा आउन बाँकी पनि होला । तर भोलि हामीले शाही नेपाली सेनालाई आधुनिकीकरण गर्ने हो, पुनर्संरचना गर्ने हो भने त्यसका लागि पनि कार्यपत्रमा केही महत्वपूर्ण बुँदाहरू समेटिएको छ । यसैमा केन्द्रित भएर बहसमा जानुपर्ला ।

जसले निर्णयमा पुग्न नेताहरूलाई पनि महत्वपूर्ण योगदान या सहयोग पुऱ्याउन सक्छ । कार्यपत्रले राजनीतिक पार्टीहरू एवं व्यवस्थालाई अलि बढी आक्रमण गरेको र सेनाको सबै थोक राम्रो हो भन्ने पक्ष लिएको जस्तो मलाई लाग्यो ।

'राजनीति सेनाका लागि बाँदरको हातमा नरिवल भयो भने राजनीतिज्ञका लागि सेना बाँदरको हातमा नरिवल भयो' भन्ने पनि सुनिएको छ । प्रजातन्त्र सेनाको हातमा नरिवल भयो । माघ १९ मा राजाले नेताहरूलाई थुन भनेपछि सेनाले डङका डङ नेताहरू थुनिदिँदा सेनाका लागि प्रजातन्त्र बाँदरको हातमा नरिवल भएको हो कि भन्ने चर्चा पनि सुन्ने गरेको छु ।

यसरी एउटालाई अर्कोले आक्षेप लगाउने कुरा बाहेकका ३/४ वटा कुराहरू पनि उठेका छन् । पूर्व वक्ता साथीहरूले सेनाको संख्याको बारेमा कुरा गर्न हुन्न भन्नुभयो- 'म त्यसमा सहमत छैन । संकटमा गुज्रिरहेको देशको पुनर्संरचना हुँदा संख्या महत्वपूर्ण विषय हुन पुग्छ, मैले लगातार ५/७ वर्षदेखि द्वन्द्व भएका विभिन्न देशहरूको अध्ययनका आधारमा पनि यही पाएको छु ।'

संख्याका बारेमा पछि म अलिकति कुरा गरौंला । फौजको पुनसंरचनाको कुरा पनि ठीक हो । यो विषय शान्ति वार्ता प्रक्रिया सुरु भएपछि सबैभन्दा बढी उठ्नेमध्येको एक हो । यसमा अलि बढी छलफल गर्नुपर्छ जस्तो लाग्छ । कार्यपत्र प्रस्तोताले केही विकल्पहरू पनि दिनुभएको छ, व्यवस्थित गर्ने कुरामा । त्यसमा अलि बढी व्यवस्थित गर्ने कुरा आउँछ होला । सुरक्षा व्यवस्था सुधार र पुनर्संरचनाको अवधारणा एउटा आकारमा आउँछ भन्ने मेरो बुझाइ हो । तर, बोहोराजीले सेनाको अस्तित्वको कुरामा एकदमै आधारभूत प्रश्न उठाउनु भएको छ- **के सेना हामीलाई चाहिन्छ ?** भट्टराईजीले पनि त्यसमा केही कुरा थप्नुभयो । अनि नागरिक सरकारको मातहतमा राख्ने कुरा उहाँले गर्नुभएको छ, जसलाई हामी नागरिक आधारभूत सिद्धान्तको रूपमा बुझ्न सक्छौं ।

मैले चाहिँ त्यो तहमा कल्पना गरेको छैन । तर भविश्यमा यो देशमा गड्बडी हुँदै गयो भने सैनिक विद्रोह हुन सक्छ भन्ने खबरदारी पनि आएको छ । यसबारे अलि बढी चिन्तन मनन गर्नुपर्ने हुन्छ । मैलेचाहिँ त्यतिसम्म होला भन्ने सोचेको छैन । र पनि यो एउटा महत्वपूर्ण विषय हो ।

अर्को कुरा पनि उठेको छ- हाम्रो गृह परराष्ट्र नीति के हो । हाम्रो राष्ट्रिय सुरक्षा नीति कस्तो हुने, पुनर्संरचनापछि । सेनाको पुनर्संरचनामा यी सवालहरू आउँछन् र सिंगो राष्ट्रिय सुरक्षा नीतिको आँखाबाट यसलाई हेर्नुपर्छ ।



कुनै पनि राज्यमा सशस्त्र बिद्रोह, गृहयुद्धको अन्त्य हुँदा खेरी उठाइने महत्वपूर्ण विषयमा सुरक्षा क्षेत्रको पुनर्संरचना पनि हो । त्यसमा सेनामात्र नभई प्रहरीको पनि प्रश्न उठ्छ । पूर्व वक्ता साथीले भनिसक्नु भयो यो देशमा सशस्त्र प्रहरी बलको आवश्यकता नै थिएन । सम्पन्न जनआन्दोलनमा उसले गरेको व्यवहारले झन् यो प्रमाणित भयो नै । धेरै सैनिक अधिकृतहरूले सेनालाई 'मार्जिनलाइज गर्न' यो बल खडा गरिएको हो, हामीलाई स्रोतसाधन दिइएन, सशस्त्रतिर ध्यान दिइयो भन्थे । यो प्रमाणित पनि भयो ।

हामीले पुनर्संरचनाको कुरा गर्दा एउटा फौजकोबारेमा मात्र नभई विद्यमान संरचनाहरूकै बारेमा र प्रयोगहरूका बारेमा आलोचनात्मक विश्लेषण गर्नुपर्छ । म फौजको साईजको बारेमा कुरा गर्नु हुन्न् भन्नेमा विमति राख्छु । सैन्य संख्या थपघटका कारणहरूमा त्यसको संचालन, त्यसलाई धान्न सक्ने स्रोतसाधन र हाम्रो आवश्यकता हुन् । यी सिद्धान्तमा हेर्ने हो भने किन एक/दुई लाख फौज चाहिन्छ ? एक लाख सुरक्षाकर्मी चाहिन्छ भन्ने आधार के ? माओवादी बिद्रोह बढेकाले ४६/४७ हजार फौज बढाएर एक लाखसम्म पुऱ्याइयो, अमेरिकी खाकाअनुसार २ लाख पुऱ्याउनुपर्छ । सेनाको काम राष्ट्रिय सुरक्षा गर्ने हो । अहिलेको अवस्थामा या अहिलेको हाम्रो भूगोलमा रहेर सेनाले बाह्य खतरा सामना गर्न सक्छ ? जतिसुकै सक्षम र सबल भए पनि त्यो तहमा रहन्छ ? हाम्रो राष्ट्रिय सुरक्षाको नीति त्यही स्तरको हुन्छ ? पऱ्यो भने भिड्न सक्छौ ? हामी न्यूक्लियर विकास गर्न सक्छौ ?

हाम्रो राष्ट्रिय सुरक्षा त्यति बेला चाहिन सक्ला । तर हामीले समग्रमा सुरक्षाको कुरा गर्दा सेनाको सवालमात्र हैन, जनपथ प्रहरी, सशस्त्र प्रहरी बल र गुप्तचरको पनि गर्नुपर्छ । यी चारै निकायलाई एकै स्थानमा राखेर हेर्नुपर्छ । अन्यथा समस्याको सही प्रतिनिधित्व हुन सक्दैन ।

अहिलेको सुरक्षा अवधारणालाई अर्थसँग गाँसेर हेर्ने हो भने राज्यले धान्न सक्दैन । तसर्थ फौजको संख्या घटाउने अवधारणा ल्याउनै पर्छ । किन, कति र कसरी भन्ने विषयमा व्यापक बहस होलान, हुनुपर्छ । कतिपय देशमा विद्यमान सैनिक संख्या करिव दुई तीहाईसम्म कटौती गरेर राख्ने अभ्यास भएको देखिन्छ ।

कार्यपत्रमा अर्को महत्वपूर्ण प्रश्न उठाइएको छ । विद्रोही सेनासँग एकीकृत गर्नुपऱ्यो भने थुप्रै विकल्पहरू छन् । एउटा सेनाभित्रै समावेश गर्ने हो । अहिलेको राष्ट्रिय सेनाकै संरचनामा ल्याएर ख्वाप्प हाल्ने र दुई लाख पुऱ्याउने भन्ने बुझाई छ जस्तो लाग्यो । तर शान्ति सम्झौता हुँदा बिद्रोही सेना कति छन्, कहाँ छन्, कसरी रहेका छन्, को-को छन् भन्ने प्रमाण खोजिन्छ र प्रमाणित गरिन्छ । निश्चित प्रक्रियाबाट ल्याइन्छ, त्यति बेला सबै आउँछन् नै भन्ने छैन, जस्ताको तस्तै ल्याइन्छ भन्ने पनि छैन । माओवादीभित्र कतिपय स्वयमसेवी छन्, तिनले छोड्न सक्छन् । अरु कतिलाई वैकल्पिक व्यवस्था गराउन सकिन्छ । कतिलाई अवकास दिने तरिकाहरू छन् । यसरी सेनाको व्यवस्थापन गर्न सकिन्छ । यस अर्थमा फौजको पुनर्संरचना राज्यको पुनर्संरचनाकै आधारमा हुनु पर्छ । त्यसमा गुप्तचरी पनि त्यतिनै महत्वपूर्ण विषय हो । विद्यमान गुप्तचरी काम नलाग्ने रहेछ, त्यसका धेरै प्रमाण दिन सकिन्छ । सेनाका अधिकृतहरू, गुप्तचरका अधिकृतहरूले जे सुकै दाबी गरे पनि मैले चाहिँ

एउटा सचेत नागरिकका हिसाबले विश्वास गर्न सक्दिन । गुप्तचर प्रभावकारी नदेखिएकै हो । तसर्थ गुप्तचरको पनि पुनर्संरचना हुनुपर्छ ।

११ वैशाखपछि नेताहरूले जतातत्तै जथाभावी बोले भन्ने कुरा आयो । मलाईचाहिँ के लाग्छ भने यही कारण उनीहरू नेता भएका हुन्, तिनमा जनताप्रतिको दायित्व छ । जनताको निश्चित आकांक्षा छन्, त्यही आकांक्षालाई नेताहरूले मुद्दा बनाएका होलान । नागरिक समाज, पत्रकार, प्राध्यापक, सैनिक अधिकृतहरूको दायित्व नेताहरूलाई सुसूचित पार्ने र विकल्प दिने पनि हो, जसका आधारमा उहाँहरूले निर्णय गर्नुहुन्छ । तसर्थ हामीले नेताहरूलाई गाली गरेर सन्तुष्टि लिने भन्दा विकल्प के-के हुन र हुनुपर्छ भन्ने प्रस्तावहरू गर्न सक्यौ भने राम्रो हुनेछ । यो महत्वपूर्ण पाटो पनि हो ।

यस्तो खालको रूपान्तरणमा 'रिकन्सिलेसन' अत्यन्तै महत्वपूर्ण पाटो हुन्छ । यो सेना, राजनीतिक, नागरिक समाजमा मात्र होइन, सशस्त्र द्वन्द्वका कारण आन्तरिक रूपमा विस्थापित भएको हकमा पनि लागू हुनुपर्छ । विस्थापितको संख्या ज्यादै ठूलो छ, कैयौ मारिएका छन् तिनका परिवारलाई समेत समेटेर छुट्टै प्रक्रिया अपनाएर 'रिकन्सिलेसन कमिसन' नै गठन गरेर कामहरू हुनुपर्छ ।

रिकन्सिलेसनलाई सेनाको पुनर्संरचनासँग जोडेर हेर्नु हुन्न । त्यसका आफ्नै विधि छन् । सामाजिक सुरक्षाको क्षेत्र, आरक्षणको सुरक्षाको पुनसंरचनाका आफ्नौ विधि र सैद्धान्तिक अवधारणाहरू छन्, त्यसैको आधारमा 'रिकन्सिलेसन' गर्नुपर्छ ।

यसो गर्दा केही खतरा पनि देखिन्छ । सुरक्षा व्यवस्थाको पुनर्संरचना हुन थाल्यो भने दाताहरूको स्वार्थ अनुसारका दवाव पनि आउन सक्छ । त्यसैले सेना र प्रहरीको पुनर्संरचना अन्तर्राष्ट्रिय विज्ञभन्दा राष्ट्रिय विज्ञकै अवधारणाअनुसार हुनुपर्छ । यसका लागि प्राध्यापक ध्रुवकुमार कोहीभन्दा कम हुनुहुन्न् । यो देशमा धेरै व्यक्तित्वहरू छन् नै । हामीलाई खैरे चाहिँदैन । सेतो छाला भएपछि जे पनि हुने विडम्बना छ । उनीहरू प्रधानमन्त्रीसँग सिधै भेट्न सक्छन् र निर्णय गराउन सक्छन् । त्यति बेला ध्रुवकुमार कता अरू कता हुन्छ । जे होस् मुलुकको पुनर्संरचनाका लागि यही माटोमा जन्मेका, बढेका, सिबी गुरुङ जस्ता मान्छे पनि छन् । उहाँको पनि 'इन पुट' होला, यसैको आधारमा निर्णय हुनुपर्छ ।

हामीले नागरिक या न्यायिक मातहतमा सेनालाई राख्ने स्पष्ट संयन्त्र हामीले निर्माण गर्न सकेका छैनौं । दरबारमा सैनिक सचिवालय भन्ने राखिएको रहेछ, त्यसको काम भनेको राजाको निर्देशनहरू कार्यान्वयन गराउने र सम्बद्ध निकायहरूमा समन्वय गर्ने हो रे, जुन जानकारी नागरिकमा आई पुग्दैन । जानकारी माग्यो भने गोप्यताको कुरा गरिन्छ ।

ध्रुव सरले अघि भने जस्तै पारदर्शिता र गोप्यताको सन्तुलन पनि आधुनिक सैनिक व्यवस्थापनको एउटा पाटो हो । तर, सैनिक सचिवालयका कामबारे गोप्यताको कुरा गरिन्छ ।

हो यी र यस्तै संरचनाहरूकै कारण हामीले गर्न खोजेको रूपान्तरण प्रक्रियामा असर पार्छ । ती संरचनाहरूको बारेमा राजनीतिक नेतृत्वले सोच्नु पर्छ । संक्रमणकालिन अवस्थामा सुरक्षा क्षेत्रको व्यवस्थापन 'सेन्सेटिभ' हुन्छ भनिन्छ । यो



भावनात्मक कुरा हो । सैनिक संरचनामा परिवर्तन गर्दा बिद्रोह हुन सक्छ भन्ने विषय राजनीतिक नेतृत्वमा चुनौतीपूर्ण छ । यदि यस्तो देखिन्छ भने त्यसका कारणहरू के-के हुन् ? नेताहरूको कमजोरीले गर्दा हो वा दरबारको षड्यन्त्र ? या सैनिक जनरलहरू जनआन्दोलनबाट आएको परिवर्तनप्रति असन्तुष्ट भएर हो ?

मैले थाहा पाएसम्म अधिकाशं सैनिक विद्रोह सैनिक जनरलहरूको असन्तुष्टिबाट हुनेगर्छ । स्रोत उनीहरूको नियन्त्रण बाहिर जान लाग्यो भने उनीहरूले विद्रोह गरेको पाइन्छ भन्ने विषय कसरी आयो यहाँ । यसलाई गहिरिएर हेर्नुपर्छ ।

माओवादी विद्रोहीले सेनाका सम्बन्धमा उठाउँदै आएको विषय शान्ति वार्ताको टेबुलमा उठला नै । माओवादीले उठाउने सैन्य सम्बन्धि मुद्दा सायद हाम्रा राजनीतिक दलका नेताहरूले सामना गर्न गाह्रो पर्नेछ । सैनिक एकीकरणको कुरा आउने छ । माओवादी 'जनताका सेना' भएकाले उनीहरू राज्यको सेनाभित्र आउने विधि र प्रक्रियाहरू अपनाउनुपर्ने हुन्छ । ती के-के हुन् ? एकीकरण कसरी हुनसक्छ भनेर गहिरो छलफल गर्नुपर्ला । माओवादी सेनालाई 'एडजस्ट' कहाँ गर्न सकिन्छ भनेर सम्भावनाहरू हेर्नुपर्छ । माओवादीबाट कतिजना सेना आउँछन् भन्ने पनि लेखाजोखा गर्नुपर्छ । एकीकरणको कुरा अहिले नेतृत्व तहले गरिरहेको छ, यदि एकीकरण भयो भने त भोलि एक-एक सैनिकबीच आमनेसामने अन्तर्क्रिया हुन्छ । उनीहरू एक आपसमा घुलमिल हुने कुरा आउँछ । यी कुराका प्रक्रिया र विकल्प खोज्न अहिले नै लाग्नु उचित होला ।

**भरतबहादुर खड्का- डोटीका पूर्वजिविस सभापति**

गोपालसिंह बोहराले अत्यन्त वस्तुगत र यथार्थ रूपमा सेनाको बारेमा कुराहरू राख्नुभयो । साथै ध्रुब सर, सीबी गुरुङले पनि यसलाई बढी खँदिलो बनाइदिनुभयो ।

आज हामी एउटा गहनतम् विषयमा छलफल गरिरहेका छौं । कुनै पनि नागरिक स्वतन्त्र हुन्छ उ सार्वभौम हुन्छ । यो उसको नैसर्गिक अधिकार हो । तर, राज्य शक्तिको दुरूपयोग गरेर आफ्नो महत्वकांक्षालाई पूरा गर्नका निम्ति सेनालाई पटक-पटक अप्राकृतिक ढंगबाट प्रयोग गरी जनअधिकार खोसिएको पीडा नेपाली जनताले पटक-पटक बोध गर्नुपरेको छ । यस कुरामा हामी अहिले पनि संवेदनशील हुन सकेनौं भने दुर्भाग्यपूर्ण हुन सक्छ ।

सेनाको संगठन आफैंमा गलत होइन । सेना राष्ट्रका लागि आवश्यक छ । तर कुनै पनि अंगलाई गलत ढंगबाट परिचालन गरियो भने त्यसको परिणती पनि गलत आउँछ र त्यो संगठनको छवि बिग्रन्छ भन्ने ख्याल राख्नुपर्ने कुरा हो । यही सवाल सेनाका सम्बन्धमा उठ्छ । अब यसको व्यवस्थापन कसरी गर्ने भन्ने विषय उठेको छ । यो विषय उठ्दा २ सय ३७ वर्षको इतिहासलाई केलाउनु पर्छ । राजाका महत्वकांक्षाका लागि सेनाको पटक-पटक गलत ढंगले परिचालन गर्दा दुखद परिणाम आएको छ ।

म राजनीतिक कार्यकर्ताकै हैसियतमा सेना प्रधानमन्त्रीको मातहत नभै संसदको अधिनमा हुनुपर्छ भन्ने मान्यता राख्छु । राजाले त सेनालाई पटक पटक

गलत प्रयोग गरेका थिए भने प्रधानमन्त्रीले नगर्लान भन्न सकिन्न, प्रधानमन्त्री निरंकुश बन्न सक्छन् । कुनै आग्रह र पूर्वाग्रह नराखी राष्ट्र र जनताको पक्षमा काम गरेमा समस्या समाधान टाढा छैन ।

हामी नयाँ संविधान निर्माणको चरणमा छौं । नयाँ संविधान निर्माणबारे हल्का ढंगले कुरा भइरहेको छ । जुन बेठिक हो । हामीले वर्तमान संविधान पुरानो भयो, काम लाग्दैन भन्ने मान्यताका आधारमा नयाँ संविधानको परिकल्पना गरेका हौं । राष्ट्र त्यसमा प्रवेश पनि गरिसकेको छ । तर नयाँ घर बनाउने सर्न्दभलाई हामीले हतार गर्‍यौं या हल्का रूपमा लियौं भने घर बन्ला र ? भन्ने प्रश्न उठ्छ । यसका सम्बन्धमा हामी गम्भीर हुनैपर्छ । त्यो घर बन्नु पर्छ भन्नेमा मुलुक सहमत भइसक्यो । तसर्थ त्यो घर सबैका लागि सहज हुने गरी बन्नुपर्छ । समावेशीकणको कुरा उठिरहेका बेला यो कुरा झन् जरुरी छ । राज्यका हरेक अंग, प्रत्यअंग त्यो घरभित्र कसरी राख्ने भन्नेमा ध्यान दिनुपर्दछ । यो काम विज्ञहरूको हो । देशको सवलीकरणका लागी हामीले यो काम गर्नुपर्छ । यसो हुनसके राज्यका हरेक अंग त्यसभित्र पर्छन्, त्यसमा सेना पनि पर्छ ।

**चरण प्रसाई** (**अध्यक्ष–मानवअधिकार संगठन**)

यहाँ भएका छलफललाई मैले अध्ययनको रूपमा लिएको छु । छलफलमै म २/४ वटा कुरा छोटकरीमा राख्न चाहन्छु । हामीले आवेग वा आलोचनाको रूपमा कुनै कुरा गर्नु हुन्न । तर, मुलुकमा जनताले परिवर्तन खोजेको पक्का हो । परिवर्तनको कुरा उठ्दा सेना त्यसभन्दा बाहिर रहन सक्दैन । यी कुरा व्यावहारिक रूपमा गर्नुपर्छ । सेनालाई यथास्थितिमा राख्नुपर्छ भन्ने कुरा जनताले कुनै हालतमा मान्दैनन । यो किन पनि हो भने जनता अझै आन्दोलित नै छन् । सेनामा परिवर्तनकै लागि यो दशेमा अर्को आन्दोलन नहोस् भन्ने हामी चाहन्छौ । तसर्थ हामीले अहिले गरिरहेका अभ्यासबाट जनताले परिवर्तनको अनुभूति गर्न पाउनुपर्छ । अन्तरिक संविधान निर्माण होस् या संविधान संशोधन गरेर होस् सेनाको बारेमा निर्णय लिर्नपर्छ ।

बोहराको कार्यपत्रमा २०३६ सालमा सेनाले बहुमलको पक्षमा मत जाहेर गरेको उल्लेख छ । यो वडो खुसीको कुरा हो । तर, हामीले यस्तो अनुभूति गर्न भने पाएका छैनौं । सेनाले ०३६ सालमा बहुदलको पक्षमा मत जाहेर त गरे तर बहुदलवादी अर्थात प्रजातन्त्रवादीको पक्षमा चाहिँ सेना कहिल्यै देखिएन ।

सेना एउटा अनुशासित संगठन हो भन्ने कुरा आएको छ, यो हामीले पनि मानेका हौं । मुलुकमा संकटकाल घोषणा हुनुअघिसम्म हामीले त्यो कुरा मानेका हौं । त्यसपछि त्यो मान्यता खण्डित भयो, हामीले मानेनौं । त्यसको कारण चाहिँ सेनाले संविधानको उल्लंघन गर्नु हो । सेनाका कमाण्डरहरूले संविधान पढेका छन् कि छैनन, कानुनहरू पढेका छन् कि छैनन ? वर्तमान संविधानले कुनै पनि हालतमा कुनै पनि व्यक्तिलाई मानवअधिकार हनन गर्ने अथवा यातना दिने, मार्ने अधिकार दिएको छैन । तर संकटकाल लागू भएपछि सम्पूर्ण अधिकार सेनाले लियो र संविधान उल्लंघन गरेर मानवअधिकार हनन हुने कामहरू गर्‍यो । संविधानलाई किचेर र



मिल्काएरै मानवअधिकार उल्लंघन गर्ने कामहरू भइरहेको छ । अनुशासित सेना भनेको दुई खुट्टा बजारेर सलाम ठोक्नुमात्र होइन, मुलुकको संविधान, कानुन र जनतालाई मान्नु अनुशासन हो भन्ने हाम्रो मान्यता हो । यही कारण सेनामा परिवर्तन होस् भन्ने जनताको चाहना देखिएको हो । कसरी जनताप्रति उत्तरदायी सेना बनाउने भन्ने हो । कार्यपत्र प्रस्तोताले नाम परिवर्तन ठूलो कुरा होइन भन्नुभयो, तर त्यो ठूलो कुरा हो । शाही नेपाली सेनालाई नेपाली सेना या राष्ट्रिय सेना नामकरण गर्दा जनतामा ए सेना हाम्रो नजिक आयो भन्ने आभाष हुन सक्छ ।

अहिलेको आन्दोलन गणतन्त्रतर्फको आन्दोलन हो । हामी जहाँ भए पनि यो गणतन्त्रतर्फ गइसकेको तपाईहरूले अनुभूति गर्नुभएकै हुनुपर्छ । आफूमा पनि परिवर्तन पाउनुभएको छ । हिजो राजभक्त हुनेहरूले पनि परिवर्तनको आभाष पाइसकेका छन् । तसर्थ सेनालाई जनताप्रति उत्तरदायी बनाउने काम हिजो भएको मानवअधिकार उल्लंघनका घटनालाई सम्झेर पनि गर्नुपर्छ । सेनालाई उत्तरदायी कसरी बनाउने भन्ने कुरा आउँछ, माओवादी सेनाका सम्बन्धमा पनि यो कुरा आउँछ ।

माओवादीले पनि १२ बुँदे ऐतिहासिक सहमतिमा मानवअधिकार उल्लंघन गर्ने र दोषि सैनिकमाथि कारवाही गर्छौं भन्ने प्रतिवद्धता जनाएको छ, तसर्थ माओवादीले दण्डहीनताको संस्कृति हटाउन सहमति कार्यान्वयन गर्नुपर्छ । राज्यको सेनाले पनि जोसुकै किन नहोस् दोषिमाथि कारबाही गर्छौं भन्ने देखाउँनुपर्छ ।

सेनामा अहिले दोषिमाथि फौजदारी मुद्दा हुँदै मार्सल ल अन्तर्गत कारवाही चलाइन्छ । सेनाभित्र मुद्दा चलाइन्छ । हामीले सेना र जनतामाथि हुने कारबाहीमा अन्तर देखेका छौं । जसले गर्दा वर्ग भेद देखिन्छ । सेना चाहिँ भिन्नै वर्ग रहेछ, मान्छे मार्दा पनि १/२ वर्ष कैद वा दर्ज्यानी चिह्न तल झारे पुग्ने, एक जना सर्वसाधारणले त्यही काम गर्‍यो भने जन्म कैदको सजाय पाउने भन्ने सन्देशले जनतामा असन्तोष देखिन्छ । तसर्थ दण्ड सजायमा सेनामा पनि समानताको नीति लागू हुनुपर्छ ।

सवाल के पनि हो भने भविश्यमा जनता र संविधान विरुद्ध कार्य गर्ने जोसुकैले पनि उन्मुक्ति पाउनु हुँदैन, चाहे त्यो राजाबाट भएको होस वा अरुबाट । राजाले माघ १९ मा कार्यकारी अधिकार आफैंमा लिए, त्यसको जिम्मेवारी पनि उनैले लिनुपर्छ । जसले गल्ती गर्छ उ दोषी हुन्छ र कारबाहीमा पर्छ भन्ने अनुभूति जनताले गर्न पाउनुपर्छ । राजा पनि त्यस भन्दा अलग रहनुहुँदैन । आफूले गल्ती गरे यो राज्य छोड्छु भन्ने हिम्मत राजामा हुनुपर्छ ।

मलाई एउटा कुराचाहिँ राम्रो लागेको छ । सबैभन्दा गहन समस्याका रूपमा सेनालाई संसद र जनताप्रति बफादार बनाउने हो । यो गहन कार्य के के गरेमा हुन सक्छ भन्ने कुरा मभन्दा अघि बोल्नेहरूबाट आउँछ भन्ने लागेको थियो, तर आएन । मभन्दा पछि बोल्ने साथीहरूबाट यो कुरा आउला । वर्तमान सरकारले जनआन्दोलनको 'म्याण्डेट' लिएर आएको छ । जुन शक्तिशाली छ । सेनालाई हामीबाट टाढा पठाउने होइन, आफ्नो बनाउने, जनताप्रति उत्तरदायी बनाउने कुरामा सरकारलाई हामीले के सुझाव दियौं भने उचित हुन्छ भन्ने मूल विषय हो । माओवादीको सेनाको व्यवस्थापनबारे यो फोरमबाट सुझाव दिन नसकिएला किनकी

त्यो प्राविधिक कुरा हो, त्यसका लागि प्राविधिक विज्ञहरू, अन्तराष्ट्रिय क्षेत्रको अनुभव सम्हालेका विज्ञहरूबीचमा छुट्टै छलफल चलाउनु उचित होला ।

**बिजुल विश्वकर्मा (राष्ट्रियसभाका पूर्वसदस्य)**

यहाँ धेरै कुरा आए, म चाहिँ जनजाति समूहसँग नजिक रहेर आफ्नो कुरा राख्न चाहन्छु । समावेशी लोकतन्त्रमा सेना समावेशी र लोकतान्त्रिक हुनुपर्छ भन्ने मेरो मान्यता छ ।

अहिलेसम्म सेनाको प्राविधिक संरचना आफ्नै होला, तर समावेशीको कुरा गर्ने हो भने यो एउटा समुदायको खाने भाडो भएको छ । सेनामा सबै राणजीहरू, शाहजीहरू मात्रै छन् । त्यो समुदायका व्यक्ति आँखो टेडो भए पनि सेनाको अधिकृतमै भर्ना पाउँछन्, जबकी अरुका लागि प्रवेश नै जटिल छ ।

प्रजातन्त्र आउनुभन्दा अघि मैले एक जना पिछडिएको समुदायको युवालाई सेकेण्ड लेफ्टिनेन्टमा जागिर ख्वाउन निक्कै प्रयास गरे, तर मलाई यो समुदायको व्यक्तिलाई यहाँ राखिँदैन बेक्कारमा तपाईले किन कोशिस गरेको भन्ने जवाफ आयो । अहिले सेनामा कति जना सेकेण्ड लेफ्टिनेन्ट छन्, त्यो जर्नेल साहेबहरूलाई थाहा होला । त्यसमा एक जना पनि पिछडिएको दलित छैनन् । एक जना जर्नेल छ, त्यो पनि बाजा बजाउनेमा छ, जसलाई कसैले सेलुटसमेत गर्दा रहेनछन् ।

प्रजातन्त्र आइसकेपछि महेश आचार्य रक्षामन्त्री भएको बेला बिन्ति चढाएपछि प्रेम विक नाम गरेको युवाले भने त्यो अवसर पाएका छन् । मलाई सेनाको प्रशासनिक क्षेत्रमा त्यो नै एक जना पहिलो दलित होला जस्तो लाग्छ । अहिले त्यसमा एक दुई जना थपिए होला । हालसालै महिलालाई सेनामा भर्ना गरियो, प्रजातन्त्र आउनुअघि महिलाले पनि प्रवेश पाउन्नथे होला । यो कुरा अझ राम्ररी जर्नेल साहेबहरूले जान्नु होला । सेनामा तराईवासीलाई पनि प्रवेश छैन ।

तसर्थ सेना एक/दुईवटा समुदायका लागिमात्रै स्थापना गरिएको संरचना जस्तो देखिन्छ । समावेशी लोकतन्त्र आइसकेपछि यस्तै हालत सेनामा रहनु भएन । सेना भनेको सबै जातजाति र समुदायको हो, सबै वर्ग र तप्काको हो भन्ने भावना सबैमा हुनुपर्‍यो । यो मेरो अनुरोध हो । शाही नेपाली सेनाको नाम पनि बदल्नु उचित होला । सेनामा भएका विकृतिहरू हटाउनेदेखि धेरै कुरामा ध्यान दिनुपर्छ । शाही सत्ता ढाल्न हामी लड्यौं, कतिले सहादत प्राप्त गरे, बल्ल शाही सत्ता ठेगान लागेको छ । त्यही सत्ताका नाइकेको मातहतमा शाही भन्ने शब्दसहित रहेको सेनाको नाम परिवर्तन होस् भन्ने जनआन्दोलनको भावना हो ।

सेनाको प्रयोग गरेर राजाले प्रजातन्त्र खाने बानी नै परिसकेको पृष्ठभूमि पनि भुल्नुहुन्न । प्रजातन्त्र नखाए नअगाउने राजाहरू छन् । सेनाको परामाधिपति राजानै छन्, त्यो पद राजाबाट खोस्नुपर्छ र प्रधानमन्त्रीमा सार्नुपर्छ । अथवा हाम्रो राजनीतिक प्रणाली राष्ट्रपतिय हुने हो कि के हो, त्यहीअनुसार परामाधिपतिको व्यवस्था हुनुपर्छ ।

म केही कुरा बुँदागत रूपमा राख्न चाहन्छु, नोट गर्नुहोला । हाम्रा दुई छिमेकी शक्तिशाली राष्ट्र छन् । उत्तर र दक्षिणमा ती राष्ट्रका सेनासँग लड्नु भनेको पहाडलाई कुहिनु ठोक्काएर हल्लाउछु भनेर बराबर हो हाम्रो सेनाको स्थिति । तसर्थ



नेपाली युवायुवतीलाई रोजगार दिने उद्देश्यले सेनाको संख्या थप्ने स्रोत साधन छ भने त्यही हिसाबले योजना बनाऔं । सेनाको संख्या नेपालको आवश्यकता अनुसार हुनुपर्छ, अहिलेको संख्या नेपालको अर्थतन्त्रले धान्ने छैन होला । तसर्थ अर्थतन्त्रले थेग्ने खालको संख्या राखिनुपर्छ । फेरि माओवादीका 'लाल सेना' पनि थपिने भएकाले सेनाको संख्या विस्तारै घटाउदै जानु उचित होला । अर्को कुरा चाहिँ माओवादी सेनाको संख्या कति हो स्पष्ट हुनुपर्छ, माओवादी यसबारे के भन्छ ?

भर्खरै जर्नेल साहेबले भन्नुभए अनुसार, सातवटा डिभिजन छन् रे । यसरी हेर्दा एक लाख हुन आउँछ । हामीलाई चाहिँ माओवादीमा १० हजार सेना होलान जस्तो लाग्छ । संख्या माओवादीले नै भन्ला नै । तर, माओवादीले ल सेनामा जागिर पाइने भो केटा हो भनेर पूरै गाउँका कार्यकर्ता ल्याउन पनि बेर छैन । यो कुरामा राजनीतिक नेता तथा कार्यकर्ताहरू चनाखो रहनुपर्छ । यसरी सेना गाँभ्ने सम्भावना पनि रहन्न । एउटा मापदण्डका आधारमा मात्र गाँभ्ने भन्ने हो । तालिम प्राप्तलाई मात्र लिनु उचित होला कि भन्नेतिर सरकार पनि चनाखो हुनुपर्छ । अर्को महत्वपूर्ण कुरा के हो भने **सेनाभित्र रहेको भ्रष्टाचार कहिल्यै बाहिर आउँदैन** । जबकी सेनाका उच्च अधिकृतहरूका ठूलाठूला महलहरू देख्न पाइन्छ । हामी राजनीतिक कार्यकर्ताले यसो ऋण खोजेर एक तल्लाको घर बनायौ भने पत्रकारहरू हतारहतार फोटो खिचेर पत्रपत्रिकामा छाप्छन्, तर सेनाको बारेमा कहीँकतै लेखेको देखिन्न । खै कुन्नि किन यस्तो हुन्छ ? पत्रकारहरू फोनमा धम्कीसम्की आउँछ भनेर डराएर हो कि बन्दुकदेखि डराएको हो कि ? अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि राजनीतिक व्यक्तिहरूलाई मात्र खोजी गर्छ । सेनातिर त आँखै लगाउँदैन । लोकतन्त्रमा सेनामा हुने भ्रष्टाचारको पनि खोजबिन हुनुपर्छ । फ्रिडम फोरम पनि पत्रकारहरू सम्बद्ध रहेको संस्था हो, यसले पनि यो काम गर्नुपर्छ । निडर भएर कलम चलाउनुपर्‍यो, फलानो जर्नेल, कर्णेलले रासनमा यति, निर्माणमा यति, यस्तो काममा यति भ्रष्टाचार गरे भन्ने खबर आउनुपर्‍यो ।

लोकतान्त्रिक व्यवस्थामा पत्रकारहरूमा यो हिम्मत देखिनुपर्‍यो । र अर्को एउटा कुरा पनि बुझ्न नसक्नु छ । सैनिक मुख्यालय शहीद गेटमा छ । अर्को छुट्टै सैनिक सचिवालय भनेर दरबारभित्र छ । यी दुईका काम के कस्ता हुन भन्ने म चार वर्ष सांसद हुँदा पनि थाहा पाउन सकिन । यी कुरा पनि उठ्नु जरुरी छ । तर डरले हो कि किन हो उठन सकेन । यसबारेमा पनि हाम्रा जर्नेल साहेबहरूबाट केही जानकारी पाए हुन्थ्यो ।

**दिगम्बरशमशेर जंगबहादुर राणा**

आज लोकतन्त्र र सेनाकाबारेमा धेरै कुराहरू सुनियो । जनआन्दोलनबाट लोकतन्त्र आयो, संविधानसभामा जाने कुरा आएको छ, सेना कसको अधिनमा रहने भन्ने र यसको पुनर्संरचनाको कुरा पनि आएको छ । यो सामान्य कुरा हो ।

यसअघि सेनासम्बन्धी कसैले बोलेको मलाई थाहा भएन । आजचाहिँ सेनाका कमीकमजोरीहरूबारे खुल्ला छलफल भयो, यो राम्रो हो ।

सेनाका सम्बन्धमा धेरै बुद्धिजीवी र जनतामा राम्रो ज्ञान छैन । यस्तो ज्ञान दिलाउन म तारानाथजीलाई निवेदन गर्दछु र त्यसका लागि सेनाको अवधारणा के

हो, यसलाई कसरी परिचालन गर्ने, परिवर्तिक सन्दर्भमा कसरी लाने भन्ने कुरामा बृहत् जानकारी पाउने अवसर सिर्जना गरिदिनु होला ।

**सीवी गुरुङ, जर्नेल**

सबै राम्रै कुराहरू आइरहेको छ । हामी एउटा स्वतन्त्र देशका नागरिक हौं भन्ने दावी गर्छौं । सावभौम जनता हौ भन्छौ । त्यसपछि क्षेत्रिय अखण्डता प्राणभन्दा प्यारो हो । जे होस् देशलाई बचाउनुपर्छ अनिमात्र यो भन्ने अवधारणामा हामी अगाडि बढ्नुपर्छ । यहाँ बारम्बार एउटा कुरा उठेको छ । फौज ठूलो छ, जर्नेल साहेबहरू पनि ठूलाठूला छन्, धेरै खान्छन्, एक मुड्की हान्ने हो भने हाम्रो दाँतसात खुस्किने हो कि भन्ने । जनआन्दोलनको उपलब्धिलाई लिएर अगाडि जाने हो भने यस्तो त्रुटीपूर्ण मानसिकताबाट मुक्त हुनुपर्छ ।

यसबारे एउटा उदाहरण दिन पनि सकिन्छ । माओवादीका नन्दकिशोर पुन न अमेरिकी नागरिक हुन न हामी जस्तो सेनामा भिजेका मानिस हुन, म ब्रिगेडियर हुँदा उहाँ सेक्सन कमान्डर हुनुहुन्थ्यो- जम्मा नौ जनाको कमाण्डर । त्यति बेला मेरो मातहत १० हजार फौज थियो । यति बेला न पुनजी लडन आउनुभयो न रामबहादुर बादल नै । उहाँहरूसँग लड्न हतियार थिएन, जनता उठे, सेनाले अलिअलि हतियार बुझायो, प्रहरीबाट अलिकति हात पऱ्यो । कतैको बजारबाट अलिअलि आयो, इष्टमित्र र गाउँलेको घरको भरुवा बन्दुक थुतेर लगे । हतियार नहुनेले नाङ्गो खुकुरी लिएर घुम्यो । अहिले त्यही फौजको बारेमा यत्रो विवाद भइरहेको छ । धेरैले भनिरहेका छन् कि यसलाई २० भन्दा माथि नबढाउँ । यो कुरामा जनता ठीक होलान, तर यो निक्कै गम्भीर कुरा हो । जनताको माझमा उभिएको एउटा फौजको बारेमा यस्तो कुरा गरेर हुँदैन ।

म राष्ट्र संघका महासचिव कोफी अन्नानको सल्लाहकार पनि यही छु । डिभिजन कमान्डर पनि यही बसिरहेको छ । म त १५ वर्ष विदेशमा बसेर आएको मान्छे । अहिले हामी सबै एउटा संस्थामा नभएको र बोल्न जानेको रूपमा छौ । 'कन्टेण्ट' चाहिँ तलमाथि पर्ला । तर यो कर्म क्षेत्र होइन, बोली पनि राखेकै छौं । मैले यो कुरा किन गरेको हुँ भने आखिर नेपालमा कसैले लडाई जित्यो त । मेरो विचारमा लडाकुको संख्या महत्वपूर्ण कुरा होइन, लड्ने भनेको चिन्तनले हो, आँटले हो । स्वाभिमानपूर्वक बाँच्नु महत्वपूर्ण कुरा हो । तसर्थ फौज १५ लाख होस् कि २० लाख होस, त्यो महत्वपूर्ण होइन । हामी अहिले बसिरहेकै कोठामा एक हजार मानिस बोलाए पनि हुन्छ, तर यो कोठामा अट्ने यति हो, सजिलैसँग । युद्ध यस्तै हो । कुरु क्षेत्र र महाभारतमा पनि यसै गरी लडेको त हो नि । त्यसकारण कसरी सेना राख्ने भन्ने कुरा आउँछ, त्यसमा पनि केही संकेतहरू होलान ।

ठूलो फौज होला, एक तिहाइ आइमाइ होलान । त्यो समावेशीकरणको सबैभन्दा नौलो उदाहरण होला । यो नियम भोलि बन्ने सेनामा लागू होला, एक तिहाइ तहमा लाटोकोसेरोजस्ता आउँलान । उनीहरू (माओवादी)को सेनामा ३३ हजार महिला होलान, घटाउँदै ल्याउँदा १५/२० हजार होलान या सेनामा आउलान् । यसो हुँदा शाही नेपाली सेनाका अहिलेका व्यक्ति कहाँ लाने ? भोलि माओवादी सेना



ल्याउनु पर्छ/पर्छ । सेनाको एकीकरण गर्दा ध्यान पुग्नै पर्छ । तसर्थ हामीले सेनाको संख्यामा होइन कि रणनीतिमा ध्यान दिनुपर्छ । आखिर लड्ने रणनीतिले हो । रणनीतिको चिन्तनमा हामी पछाडि परे जस्तो लागेको छ ।

**प्रा. ध्रुवकुमार श्रेष्ठ**

शाही सेनाको बारेमा मुलुकभर विवाद छ । अब तपाई (सीबीजी) पनि नागरिक भइसक्नुभयो । नागरिकको हैसियतले बोलेको कुरा सुन्ने क्षमता हुनुपर्दछ ।

शाही सेनामा अहिले पनि हाम्रै दाजुभाइ छन्, विदेशी छैनन् । त्यही कारण हामीले शाही सेनाबारेमा रचनात्मक कुरा गर्ने सोच गुमाइरहेका छौं । शाही सेनाले जनतालाई कुनै न कुनै रूपमा विश्वासमा लिनुपर्ने हुन्छ । त्यसका लागि केही क्रियाकलाप गर्नै पर्छ । नभए शाही सेनाको कुनै तुकै हुने छैन भन्ने कुरा हामी कसैले पनि बिर्सनु हुँदैन ।

म नागरिकको हैसियतले बोल्दै छु, मेरा आफन्तहरू पनि शाही सेनामा छन् । तपाईहरूका पनि दाजुभाइहरू सेनामा छन् । हामी लडिरहेका छौं आफन्तसँगै । माओवादीकै नाममा किन नहोस् । अघि यहाँ केही भाइहरूले हाम्रो सेनामा प्रतिनिधित्व भएन भन्नुभयो । हामी कहाँ सेनाको संरचना हेर्ने बेलामा राई, लिम्बु, गुरुङ पनि देखिन्छ, यिनै जात माओवादीमा पनि छन् । तसर्थ यो हामीले धेरै विवाद गर्ने कुरा होइन । सेनाले हामी जनता हौ, त्यहीबाट आएका हौ, अवकाश पाएपछि जनतामै घुलमिल गरी जीवन बिताउनुपर्छ भनेर सोचिदिए पुग्छ भन्ने कुरा आयो । सेनाले यस्तो सोच्ने हो भने शाही सेनामा कुनै प्रकारको विवाद नै आउँदैन । अहिलेसम्मको 'प्याट्र्न' तपाईहरूलाई थाहा नभएको होइन । नागरिक र सेनाबीच ठूलो खाडल छ । सेनालाई संसद्को मातहत राख्न पाए सेनाले संसद्ले भनेको मान्छ भनेर हाम्रा नेताहरू दंग छन् । वास्तवमा त्यो ठीक सोचाइ होइन । अहिलेसम्मको हाम्रो झगडा भनेको फौजको प्रयोगबारे हो । संसदको मातहत राख्ने कि राजाको मातहत, राजा परमाधिपति हुने कि प्रधानमन्त्री भन्ने झगडा होइन ।

वर्तमान संविधान नै हेर्ने हो भने प्रधानमन्त्रीमा शक्ति छ । तर संविधानले प्रधानमन्त्रीलाई सेना परिचालन गर्ने सिफारिसको अधिकारमात्र दिएको छ । परिचालन चाहिँ राजाबाट हुने व्यवस्था छ । यही अन्योलताको विषय बनिरहेको छ ।

सेनाको प्रयोगको कुरा गर्दा अप्रेशनल तहकै कुरा आउँछ । शाही सेनाको अप्रेसनलको विषयलाई हामीले विस्तृत छलफल गरी टुंगो लगाउनु पर्छ । सेनालाई बिटुल्याउन खोजेर र कज्याउन खोजेर उ बिटुलिने र कजिने सम्भावना हुन्न । शाही सेना हामीभित्र कै हो, हामी नै हौं र हाम्रो समाजको अभिन्न अंग हो । यहाँ त यस्तो कुरा पनि गरिँदैन । नेपालमा हामी नागरिक समाजलाईमात्र हामी हौ, हाम्रो समाजको अंग हो भनेर लिइन्छ । अन्य मुलुकमा सेनालाई पनि नागरिक समाजकै रूपमा लिइन्छ । सेनालाई यो रूपमा अघि विष्णु उप्रेतीजीले भनेका २/४ वटा बुँदा दुई सेना मिलाउने वार्ताको चरणमा ल्याउने कुरा हो । जस्तोसुकै समस्या पार लगाउन टेबुलमा बस्नैपर्ने भएकाले यो विषयमा पनि बस्नैपर्छ । हरेक कुरामा शान्तिवादी उपाय निकाल्न सकिन्छ । सबै कुरा स्पष्ट भएर बस्नुपर्छ । हामी कहाँ अहिले देखिएको समस्या अन्य मुलुकमा पनि देखा परेको छ । अमेरिकामा पनि नागरिक सेना सम्बन्धमा समस्या

भएको थियो । तसर्थ नागरिक सैनिक सम्बन्धलाई हामीले जोडेर अगाडि बढाउन सक्यौ भने हामीमा भएको गलत बुझाईलाई सच्याएर लैजान सकिन्छ ।

मेरो सबैभन्दा ठूलो अनुरोध के हो भने सक्षम भए हामीले सैनिक संख्या बढाउनुपर्छ भन्ने छैन । क्षमता हुँदैमा त्यसको उपदेयिता छैन भने किन बढाउने ? तसर्थ समावेशी लोकतन्त्रको कुरा आउँदा हामीले माओवादीलाई पनि समावेश गर्नैपर्छ, उसको सेनालाई होच्याएर हुँदैन । प्रजातान्त्रिक सरकारले उनीहरूलाई सैनिकको सट्टा अर्को कुनै रोजगारीको अवसर दिन सक्यो भने राम्रो पनि हो । त्यहाँको जनशक्तिलाई प्रयोग गर्न सक्छौ कि भनेर हेर्नुपर्छ । माओवादीलाई प्रक्रिया नपुर्‍याई र अन्य पक्ष नहेरी सेनामा गाँभियो भने भूल नै हुनेछ । प्रधानसेनापति प्यारजंग थापाले सिएनएनलाई अन्तर्वार्ता दिँदा 'माओवादी सेनालाई सजिलै शाही सेनामा समाहित गर्न सक्छौं' भन्नुमा त खेल छ । राजनीतिक पार्टी र माओवादीबीच यसले भोली झगडा बढाउँछ । हाम्रो राष्ट्रिय कर्तव्य नै आफूलाई नागरिकको रूपमा हेर्नु हो ।

**गोपालसिंह बोहरा**

कमेन्टेटर र अरू वक्ताहरूलाई धन्यवाद दिन चाहन्छु । मैले त खाली व्यक्तिगत धारणा या विचार राखेर कार्यपत्र प्रस्तुत गरेको हुँ । सेनाका सम्बन्धमा यति धेरै विषयहरू छन्, एक दिनमा त्यो मध्ये एउटा मुद्दामा बहस गर्न पाए राम्रो हुने थियो । मुद्धाहरूलाई जति पनि तन्काउन सकिन्छ । हाम्रो भाषामा प्रजातन्त्र नरिवल भयो कि के भो ? तर, त्यो दृष्टिकोणले होइन । विगतमा मुलुकको शासन गर्नेहरू (निर्वाचित प्रधानमन्त्री/रक्षा मन्त्री)ले सेनालाई बुझ्ने कोसिसै गर्नु भएन । बुझाउन सेनाबाट प्रयास हुँदा पनि हामीलाई वास्ता गरेर भनेर शंका गर्नुभयो । सेना केही पनि होइन भनेर पहिला त सेनाको काम के हो भन्ने नै तोकिएन । सेनाको म्याण्डेट के हो भन्ने कुरा हामीले समेत आफ्ना मातहतकालाई पढाउन पाएनौ । पछि आयो होला । तर, यस्ता धेरै कुराहरू छन्, जसलाई महत्वपूर्ण रूपमा लिनुपर्छ भनेको होइन । मैले सैनिक विद्रोह पनि हुनसक्छ भन्ने कुराका प्रसंगमा यो कुरा राखेको हुँ । सैनिक राख्ने हो भने कसरी राख्ने, के दिने, के गर्ने, कसले कस्ताकस्ता तालिम दिने भन्ने स्पष्ट हुनुपर्छ । सेना भनेको २४ घण्टा जेलभित्र बसे जस्तै हो । श्रीमती सुत्केरी हुँदा होस् कि बाबु-आमा खस्दा होस् अन्तिम संस्कारमा समेत जान पाउँदैनन् । यसभित्र विविध कुराहरू छन् ।

अहिले यस्तो मर्म कसैले बुझेको छैन । अमेरिकन सेनालाई त्यत्रो सहुलियत दिएर इराकमा राख्दा एक वर्षमा कति मनोवैज्ञानिक विकृति आयो ? हामी कहाँ त ज्यादै कम स्रोतसाधन दिएर, रातभर टेण्टमा सुताएर, खाइनखाइ दिनरात काम गर्दा पनि उल्टै मोज गरेका छन्, आएका छन् भन्ने सोचाइ रहन्छ । बिहान ५ बजेदेखि बेलुका १० बजेसम्म र बेलुका १० बजेदेखि बिहान ५ बजेसम्म सेनाले के के गर्छन, कसरी बस्छन् भन्ने जानकारी सरकार र जनतामा हुनु जरुरी देखिन्छ । नागरिक सेना भन्ने कुरा पनि स्पष्ट हुनुपर्छ- सरकारले के खोज्या, के र कस्तो हुनुपर्ने भन्ने । अहिलेसम्म सेनाको स्थापना, व्यवस्था र अन्य कुरा कानूनले निर्धारण गरे बमोजिम भएको छ भन्ने भएपछि सेना चाहिन्छ भने उसलाई के दिने, सेनामा सरुवा र बढुवा सरकारले गर्नुपर्ने होइन ? खै त त्यो भएको छैन ।



समावेशीकरणको कुरा पनि धेरै भयो । मधेसीहरूलाई सेनामा लिइएन भनियो । म एउटा अनुभव सुनाउँछु, ०५१/०५२ सालमा धनकुटाको हिलेमा थिएँ, त्यो बेला राजविराजमा एउटा भर्ती केन्द्र राख्नु पर्‍यो । तराईमा धेरैलाई तपाईहरू पनि आउनुस् भनेर प्रोत्साहित गर्‍यो, तर भागै नलिने । मैले सेकेण्ड लेफ्टिनेन्टमा पठाए या प्रधानमन्त्रीले सिफारिस गरे भन्दैमा त्यो पदमा लिन मिल्दैन, सिपाहीका लागि पनि त्यही हो । सेनामा प्रवेशका लागि निश्चित प्रक्रियाहरू छन्, त्यो पूरा गर्नु पर्छ । योग्यता पुगेर प्रक्रियामा बसेकालाई मात्र लिने कि नलिने भन्ने कुरा आउँछ । अलिकति तल माथिको कुरा छ जहाँ पनि भैहाल्छ ।

मैले त्यति बेला मधिसेलाई सेनामा ल्याउन गरेको कोसिसको कुरा गर्ने हो भने पढेलेखेका केटाहरू शिक्षक हुनु बढो राम्रो भन्थे । पारिश्रमिक पनि आउने शारीरिक श्रम गर्नुनपर्ने भन्ने मानसिकता देखियो । सिपाहीमा कोही आयो भने पनि तालिम सकेर बाहिन्थे । तसर्थ सेनामा कहिल्यै भेदभाव भएको छैन । महिलाको कुरा चाहिँ हाम्रो नियममा नै थिएन । सरकारले नियम बनाएपछिमात्र महिलालाई सेनामा प्रवेश दिइएको हो । यो सबै कुरा सेना ठीक हो भन्नका लागि गरेको होइन । सेनामा पनि केही गल्ती कमजोरीहरू छन् । त्यो जनताले नोट गर्ने कुरा हो ।

सेनामा हुँदा मर्का पर्‍यो भने सेनाको सुप्रिम बोर्डमा गयो वास्तै गर्दैन । प्रधानमन्त्री/रक्षा मन्त्रीकोमा गयो त्यस्तै । अनि क कहाँ जाने ? ठाउँ नै भएन । तपाईहरूले सैनिक ऐन हेर्नु भएकै होला । म पनि एउटा नागरिक र अवकाश लिएको सैनिक भएकाले मलाई पनि मौलिक हक हुनुपर्‍यो । २०४७ को संविधानले दिएको हक सैनिक ऐनले खोसेको छ । एउटा नागरिकले कसैको हत्या गरेमा आजीवन कैद हुन्छ सेनामा हुँदैन भनियो तर सेनामा जस्तो कहीँ हुँदैन ।

आतंकवादको अवस्थामा अर्कै दृष्टिकोण लिइयो होला । सेनाले किन यत्रा व्यक्तिको हत्या गर्‍यो भन्ने त मलाई भन्दा जर्साहिबलाई थाहा छ । सेना र माओवादीबीच मुठभेड भयो । कोही मार्‍यो, केहीलाई समात्यो । समातेकालाई सुरु सुरुमा प्रहरीलाई बुझायो, ती सबै छुटे । सजाय दिन साक्षीहरू चहिने भएकाले यसो भएको हो । लडाइँमा कहाँ साक्षी लिएर जान सकिन्छ र, कानुनले यो पक्षमा पनि ध्यान दिनुपर्थ्यो । त्यही कारण विकृति आएको हुनसक्छ । यो कुरालाई पनि बुद्धिजीवीले दृष्टिगत गर्नुपर्छ । यस्तो विकृत त्यति कै त आउँदैन नि, शाही सेनामा त्यो छैन । मानवअधिकार भन्ने पछि आयो, सेनामा त जेनेभा महासन्धि के हो भन्ने हुन्छ । अभियुक्तलाई चार वटाभन्दा बढी प्रश्न सोध्न सकिन्न, पिट्ने, कुट्नेतिर त कुरै नगरौं । सिकाइ त छ सबै कुराको र पनि विकृति कहाँबाट आयो ? यसको रुट के हो ? त्यसमा दृष्टि पुग्न सक्यो भने यो भविष्यका लागि राम्रो हुनेछ ।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना बहस** कार्यक्रमको एघारौं शृखला, २०६३ वेशाख २६ गते प्रस्तुत विचारहरू)

शृंखला १२

# समावेशी लोकतन्त्रमा महिलाको सवाल

अवधारणा : डा. आरजु देउवा
टिप्पणी : शशी श्रेष्ठ/पुष्पा भुसाल



## बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

धेरैलाई थाहा छ– हाम्रो यो पूर्ण अनौपचारिक फोरम हो । यसमा फर्मालिटीहरू हुँदैनन् र, हामी गहिरो चिन्तनमननका लागि यसको उपयोग गर्छौं । वान साइडेड फोरम पनि होइन यो । यहाँबाट केही ऋंकिट आइडिया विकास गर्ने प्रयास गर्छौं । फ्रिडम फोरमले सन् २००६ सुरु भएपछि एउटा 'डेमोक्रेटिक' र 'मोर प्राक्टिकल' अभ्यासलाई अगाडि बढाउनुपर्ने, इन्क्लुसिभ डेमोक्रेसीको अवधारणालाई अगाडि बढाउनुपर्ने विचारका साथ यसलाई अगाडि बढाउने प्रयास गरेको हो ।

जतिबेला हामी लोकतन्त्रको लडाइँ लडिरहेका थियौं, त्यति बेला सबै लोकतान्त्रिक शक्तिहरूले समाज परिर्वतनको दृष्टिकोण प्रस्तुत गर्दा इन्क्लुसिभ डेमोक्रेसी सबैको एउटा साझा ब्राण्ड बनेको थियो । संविधानसभा समावेशी प्रजातन्त्र निर्माणको लागि स्वीकार गर्ने बाटोमा गइराखेको थियो । आन्दोलनकै क्रममा हामी एउटा बिन्दुमा पुगिसकेका थियौं । मुलुकले अब संवैधानिक सभाको लक्ष्य लिइसक्यो । तर संविधानसभा यति जटिल छ र पनि सबैको आशाको केन्द्र पनि छ । त्यो संविधानसभाबाट समावेशी प्रजातन्त्र कसरी स्थापित गर्ने, समावेशी लोकतन्त्रको स्वरूप कस्तो हो त ? त्यसका बारेमा अनेक किसिमको छलफलहरू चलिराखेको छ । हामी आज यही बहसको १२ औं शृंखलामा छौं ।

महिलाको दृष्टिकोणमा–हामीले खोजेको समावेशी प्रजातन्त्र कस्तो हो भन्नेबारेमा हामीले ५/६ औं फोरमदेखि नै छलफल चलाउने प्रयत्न गऱ्यौं तर अनेक किसिमको समस्याहरूले गर्दा हामीले यहाँसम्म आइपुग्नु पऱ्यो । बीचमो लोकतान्त्रिक आन्दोलनले एक चरण पार गऱ्यो र त्यसले हामीलाई एक महिना बिथोल्यो । वैशाख ११ गते अगाडि बोल्ने थोरै थिए र यस्ता फोरमहरूको आवश्यकता धेरै थियो ।

तर, वैशाख १२ गतेपछि यस्ता बोल्ने ठाउँहरू धेरै भएको छ, बोल्ने मान्छेहरू पनि धेरै भएका छन् । त्यो हुनु पनि जरुरी छ, राम्रै हो । तैपनि हामीले जुन अभ्यास अगाडि बढाइरहेका थियौं त्यसलाई अझ बढी परिणाममुखी बनाउनुपर्छ भन्ने लागेर यसलाई निरन्तरता दिइराखेका छौं । एउटा दृष्टिकोण निर्माणका लागि यो फोरमको आयोजना गर्ने गरेको यहाँहरूलाई जानकारी नै होला । त्यसैले यहाँ हुने छलफलमा उपस्थित विद्वान् महानुभावहरू गम्भीररूपमा उपस्थित हुनुहुनेछ भन्ने मैले आशा गरेको छु । यहाँ जो–जो उपस्थित हुनुभएको छ, उहाँहरूको सक्रिय सहभागितामा आजको विषयमा ठोस निष्कर्ष निकाल्न सकिन्छ भन्ने विश्वास मैले लिएको छु ।

आजको विषयमा अवधारणा प्रस्तुत गर्नका लागि डा. आरजु देउवालाई अनुरोध गरेका छौं । उहाा हाम्रो अनुरोधलाई स्वीकार गरेर आउनुभएको छ, तर यसअघि गर्न खोज्दा उहाँको अमेरिका भ्रमण कार्यक्रम परेको थियो, हामीले उहाँलाई २ महिना कुर्नुपऱ्यो । तैपनि आज हामीलाई त्यो मौका प्राप्त भयो । आजको यस कार्यक्रममा म उहाँलाई हार्दिक स्वागत गर्न चाहन्छु । आजको अवधारणामाथि टिप्पणीका लागि विशेष आमन्त्रण गरेका छौं, सच्ची श्रेष्ठ, अधिवक्ता पुष्पा भुसाल र मीना पाण्डेलाई । उहाँहरूलाई हार्दिक स्वागत गर्छु । अब आफ्नो अवधारणा पत्र प्रस्तुत गरिदिनुहुन म डा.आरजु देउवलाई हार्दिक आमन्त्रण गर्छु । उहाँको अङ्ग्रेजीमा लिखित कार्यपत्र पनि छ । साथै उहाँले छलफललाई सहज गर्न नेपालीमा आफ्नो प्रस्तुति दिनुहुनेछ ।

# How Could Nepal Achieve Social Inclusion?

*Arzu Rana Deuba. Ph.D*

## 1. Background

The Nepali conflict which has cost the country 13,000 plus human lives and billions of dollars worth in infrastructure development has had one positive effect. It has brought to the level of national consciousness and national debate the need for all Nepalese to examine the social, economic and political paths of progress being pursued by the different institutions of the country. It has compelled all to think about why a movement which started out in a remote district with a handful of people was successful in attracting thousands of youth even at the cost of limb and life. That something was not correct in the path being pursued for the progress and development of Nepal was proved by the numbers of young Nepalese joining the insurgency.

In the last few years there has been a lot of introspection and reflection by leaders of Nepali society from all spheres due to the escalation in violence. A number of forums such as this one have been organized to understand the causes of the conflict and work towards its sustainable solutions. One of the key reasons of the conflict identified by experts and social observers has been exclusion of large numbers of people from different key institutions of the state and from the process of social and economic development.

The exclusion of people from certain groups can be traced back to how they are viewed with in the context of the country or state. Harka Gurung[1] as far back as 1979 stated that the concepts of 'state' and 'nation' are not completely synonymous with each other. While he defined 'state' as a political organization, he stated that 'nation' denoted a community of race, language and religion. A political state may include various such nationalities. He further stated that national integration is a political ideal. However, in the path towards development and progress in Nepal not all the identities as denoted by race, language and religion have been equally integrated. That is one of the key reasons for the growth and sustenance of the conflict in Nepal. While political awareness increased – it was not matched by social and economic development of the traditionally excluded groups of people.

Though the conflict did provide strength to the assertion of ethnic (nation) identities in current Nepal is not the emergence of a new phenomenon but an expression of what was latent in the earlier regimes. Gurung [2](2006) states that the democratic polity with pluralistic 'pretensions' however, gave rise to the strength of the assertion after 1990. However, stopping at only pluralistic 'pretensions' lead to the insurgency gaining ground. By 'pretensions', Gurung (2006) asserts that the Constitution of 1990 though democratic and based on multi-culturalism was still dominated by the Hindu ethic and the Nepali language.

The premises of 'mainstream' traditional Nepali society have been patriarchy and feudalism with dominance of higher caste Nepali speaking Hindu men. In fact as Gurung (2006) states this identity was promoted during Nepal's nation-building process as a reaction to first the Muslim rulers and then the white Christian rulers of India. Nepal's national construct in most of the 237 years of its establishment have been dominated thus by people closely linked with this identity. However, in the brief periods of democracy witnessed by Nepal there were strong under-currents to change this pre-dominant national construct. The period between 1990 and 2005 was marked by activism of the excluded groups to become part of the mainstream identity of Nepal without, however, subsuming totally their differences. There was a need expressed not only to be recognized and valued for being different than the mainstream identity but also for their differences to be responded to by the mainstream. Thus the concept of social inclusion has taken strong roots in this current period of Nepali history with all the political party leaders, social activists and Nepal's development partners expressing a strong need for it.

[1] Gurung, H (1979) "Making of a nation", in Nature and Culture by H. Gurung, Kathmandu, pp 133 -148

[2] Gurung, H (2006) Social Inclusion and Nation Building in Nepal. Paper presented at a Civil Society Forum Workshop organized by SNV's Social Inclusion Research Fund.



## The Reasons

To understand the need for social inclusion one need only examine the analysis of the Population Census (2001). This census clearly revealed the domination by upper castes (as delineated on the basis of Hinduism) in professional and technical occupations (62.2%), legislative and administrative occupations (58.3%) and clerical occupations (53.6%), though this group constitutes only 35.4% of the population. By contrast the Dalit who represent 11.9% in the population have only 1.6% and 1.3% representation in occupations of the first two categories and 3.9% representation in clerical jobs.

Similarly, figures for political representation in consecutive parliaments also reveal the picture of social exclusion. See Table 1

Table 1 National Legislature

| Caste/Ethnic Group | Year | Year | Year | Year | Population |
|---|---|---|---|---|---|
| | 1959 | 1981 | 1991 | 1999 | 1991 |
| Brahmins | 27.5 | 13.3 | 38.1 | 39.6 | 12.9 |
| Chettri/Thakuri | 31.2 | 36.3 | 18.2 | 17.3 | 17.6 |
| Newar | 3,7 | 8.1 | 8.3 | 8.3 | 5.6 |
| Sub-total | 62.4 | 57.7 | 64.6 | 65.2 | 36.1 |
| Madhesi | 22.0 | 18.5 | 19.6 | 17.4 | 32.0 |
| Hill Social Groups | 15.6 | 23.0 | 14.7 | 14.7 | 22.4 |
| Others | --- | 0.7 | 1.2 | 1.5 | 8.3 |

*Source : Shah, S. G. 92006) Social Inclusion of Madhesi Community in Nation Building. Civil Society Forum Workshop. Social Inclusion Fund. SNV. Nepal*

Though these are just two fact based examples of exclusion in Nepal's current context exclusion exists in different and diverse parameters such as access to education, access to health services, economic rights and services, employment, and politics. The excluded are women, ethnic groups, lower caste groups, people living in the terai and people living in remote areas. Even this cursory identification of the excluded provides a glimpse of the wide range of the excluded in the context of Nepal. Therefore, given the aspirations of the various peoples of Nepal, it is important for all to understand the need to pursue the path to social inclusion. The period between 1990 and 2005 has set a stage in many respects for the need to build an inclusive state – a state which recognizes and responds to differences not only between the different caste and ethnic groups but also between the men and women in every group.

Social exclusion has many negative outcomes, including income poverty, low welfare and human development indicators as well as social alienation and lack of voice - all adding up to poverty. Social exclusion can be defined as the social, economic and political processes or institutions which create and reproduce poverty outcomes persistently over time for certain social groups. The cumulative impact of social exclusion on social groups and individuals hamper their capacity to improve their position in society. Therefore, social exclusion blocks up-ward mobility and limits the exercise of effective agency for improvement in the lives of excluded individuals and groups. Its overall impact on a society results in large numbers of poor people.


## What is Social Inclusion?

Social inclusion is aimed at creating an enabling environment for the effective exercise of agency of the formerly excluded. It seeks to build the incentives and capacity within state and community organizations that will enable these organizations to respond effectively to the demands of all individuals – regardless of their gender, caste, ethnicity, religion, physical ability or sexual orientation. In the socially inclusive state, the individual's identity as a citizen subsumes all other identities as a basis for claims for state services and commitments (e.g. justice, social service provision, investment in public infrastructure, police protection) through the constitution and legal system. Social inclusion is thus the removal of institutional barriers and the enhancement of incentives to increase the access of diverse individuals and groups to development opportunities.

Social inclusion is used to describe the complementary approach that seeks to bring about system-level institutional reform and policy change to remove inequities in the external environment.[3] Sometimes these reforms are reluctantly conceded by entrenched power holders who are forced to do so by economic and political events they can no longer control. But in other cases reforms are actively championed by change agents who are allies of the poor and who may have come to power within the current ruling group or from the opposition. In other words, while the social inclusion dimension of the social change process may be a response to pressure from below created through empowerment; it can also be instigated from positions of relative power within the existing institutional framework.

The other concept that is very closely linked to social inclusion is empowerment. Empowerment is the enhancement of assets and capabilities of diverse individuals and groups to function and to engage, influence and hold accountable the institutions that affect them.

*The Complementary Roles of Empowerment and Social Inclusion*[4]




In the framework presented here, empowerment and social inclusion are conceived as complementary and mutually reinforcing approaches to changing the institutional environment in ways that foster social transformation and broad based economic prosperity. Empowerment is seen as occurring at the individual and group level and to an important extent has to do with changes in the internal self-perceptions of those who have been in some way negatively defined and marginalized by the dominant society. It also has to do with increasing their access to assets, capabilities and voice, and helping them to realize the power they gain from collective action. All of this builds their sense of agency or their capacity to act on their own behalf.

Often empowerment approaches work from the grassroots by helping diverse groups of poor and marginalized citizens to organize themselves to demand change. In Nepal there are many examples of successful empowerment strategies such as the community forestry user groups (CFUGS). However, in these too while women are beginning to have voice and visibility, the Dalit are still invisible. The other often

[3] The idea of equality of *agency* as being necessary for the poor to realize equality of *opportunity,* is taken from the paper by Vijendra Rao and Michael Walton, "From Equality of Opportunity to Equality of Agency – Grounding a Cultural Lens for Public Policy in an Unequal World" in *Culture and Public Action.*


[4] Bennett, L. (2003) Empowerment and Social Inclusion: A Social Development Perspective on the Culturalnd Institutional Foundations of Poverty Reduction. Social Development. The World Bank.



overlooked variable of empowerment of the socially excluded is the political and economic clout of middle-class voters and consumers which make them powerful and critical allies for poor and socially excluded groups seeking social change.

Bennett (2003) describes two aspects of the empowerment process. The first is "livelihood empowerment". She opines that livelihood empowerment can be initiated by outsiders (governments, donors, NGOs) and involves increasing access to the assets and capabilities that can sustain at least a minimum base of livelihood security and create the human capital foundation for upward mobility.


*Livelihood Empowerment*[5]





Bennett (2003) states that the other form of empowerment is "mobilization empowerment". It is based on the process of social mobilization and can lead to new self-understanding, solidarity and capacity for collective action. While it can be initiated from outside, in the end, this aspect of empowerment can only be done by poor men and women themselves. She states that "(it) involves critical internal cognitive processes through which the poor come to understand the systemic causes of their own poverty and social exclusion and to rethink and reformulate their own identity".

[5] Bennett, L (2003) *op cit*

*Mobilization Empowerment*




Therefore, social inclusion is aimed at meeting the strategic needs of the poor. Like the social mobilization aspect of empowerment, social inclusion seeks to change the overall system within which the needs of all citizens, including the poor, are to be satisfied.




Therefore, Bennett (2003)[6] is of the opinion that social transformation can thus be viewed as the joint product of empowerment and social inclusion, which can at least to some degree, be supported by outsiders. However, the actual outcomes of this interaction are always uncertain because they are dependent on the specifics of the cultural and historical context in which they occur, and individual and collective behavior which can only be partially explained by economic rationality. Even after awareness sets in and collective action is planned the institutions which make up the opportunity structure can act as a barrier or facilitate the path to equitable benefits.

[6] *Op cit*




The Goal

The end goal of social inclusion is the equitable and sustainable social development of all peoples regardless of gender, caste, ethnicity or geographical area. Social development can be defined as "the development of increasingly equitable and sustainable opportunities for people from diverse social groups to engage in economic development and societal transformations. It consists of 1) building the assets, relations and capabilities of those people and groups, and 2) creating institutions that operate in a social context of good government and the rule of law".[7]

It is development that recognizes and incorporates the economic, political and cultural dimensions of society and supports policy and institutional reforms, capacity building and other actions on the ground that enable people – especially the poor and excluded – to take action to improve their own situation. Social development is therefore, development that enables poor and socially excluded people to take actions for their own development. This type of development also supports the state and other external actors to improve the enabling environment in which this development takes place. This implies that development strategies begin with poor people's aspirations and needs and focus on supporting institutions (government, markets, families and the community) that are inclusive – not only of those with money and power, but also of the poor and marginalized.

A Conceptual Framework




Nepal's Current Opportunities

At no other point of time in the history of Nepal has an opportunity for social inclusion presented itself like it does at this current time. The April Revolution of 2006 is historic not only for its success but due to its broad based representation and the sheer numbers of people who attended the demonstrations for a sustained period of 19 days on a national level. The people of Nepal have spoken very strongly and loudly from this movement for the need for social and political transformation. The period between 1990 and 2005 has been successful in fostering strong democratic thought and practice in the Nepali people. At the current point of time Nepal is at a historic cross-roads – a new constitution is about to be drafted and all citizens want to work towards a sustainable peace process. Peace processes can only be sustainable if it can encompass the aspirations of all peoples of a state. Similarly, the constitution of a nation can only be useful in the long term if its process of drafting has had the involvement of the largest segment of the different groups in society.

The need of the hour is to respond in the most flexible and all-encompassing way possible to the aspirations of the people for inclusion and for social transformation and design a process which is as inclusive as possible. Reformatory processes of the key institutions which uphold the state has to be

[7] Anis Dani, Feb. 03 note on Defining Social Development.

deliberated upon in depth and changes suggested as soon as possible. Similarly, processes which have worked in the past and serve to uphold the cultural freedom and dignity of all peoples must be sustained.

Let us try to identify some key requirements of what can be done to pursue the agenda of social inclusion during the process of the Constituent Assembly (CA).

- First of all it is important for the women, ethnic groups, dalits and other minorities to understand the CA process. The first need is therefore for advocacy and awareness.
- Of the greatest importance is for all the three groups to conduct extensive and in depth discussions about what they would like to see in the new Constitution to ensure their rights.
- The CA process must form sub-committees of all these groups which will work in close collaboration above party lines. The formal sub-committees could have representations from women's groups from all walks of life. Similarly, these sub-committees would also send representatives to the Constituent Assembly as well as to the Constitution drafting committee. Similar processes will have to be followed for the ethnic and caste groups as well as for the other minorities.
- Each political party or other groups participating in the CA process (as the existing political parties may not be representative of minorities in some cases) must reserve 33 per cent of seats for women. In addition as social inclusion is closely related to empowerment these groups and the women within these groups must be empowered to understand, organize and vocalize their own issues. These groups will also require resources and some technical support.

At this junction of this discussion I wish to state that there measures for social inclusion must be include virtual social re-engineering of a number of social, political and economic institution as well as an empowerment process of the target groups to make them empowered agents of change. Concrete measures for social inclusion as well as for empowerment which would be essential to reaching that juncture where the excluded would be able to define their own agenda and recognize their own needs to be initiated with wide participation as the larger society has to also realize the need for the change. Therefore, some of the measures which would be required to enable *real* (versus pretensions) social inclusion in the new Constitution of Nepal are suggested in following passages.

Achievements made for women by the amendments in the Constitution of Nepal 1990 should be regarded as the basis for formulating the future constitution. The legal reform processes and the processes for formed for focusing on the issues of the dalit and ethnic groups should be treated as building blocks for ensuring more forward-looking strategies for the future.

Some of the key areas reform which could result in large scale social inclusion is as follows. First of all the key areas of intervention would be: (i) Legal (ii) Political (iii) Social and (iv) Economic.

(i) Legal

- Legal change is the precursor to all other changes. Legal change not only sets the scene but also ensures that all stakeholders are forced to pay attention to the prescriptions therein. Therefore, the social inclusion of women in Nepal has to be led by legal changes. Learning lessons from the Constitution of 2046, women should not only be mentioned as equal in the preamble to the new Constitution but also it should be clearly acknowledged that women have been treated as second class citizens in Nepal and that all legal amendments will be made and enforced to ensure equity and guarantee them a fully empowered status in Nepali society.
- The differences between women and women should be acknowledged and the Constitution should clearly direct all arms of the government to create an enabling environment to empower women from all walks of life.
- An example could be to initiate with a time and results bound framework the already recommended legal reforms in civil service and also add similar reforms for in private sector employment for inclusion of women, Dalit, ethnic castes, and differently-abled people. Though there have already



been some progress in introducing inclusion measures in civil service for women, Dalit and ethnic caste groups, these measures do not encompass differently-abled people or the private sector.
- Just stating policy and legal reforms is not sufficient these reforms must necessarily be followed by programmes with the short, medium and long-term outputs and outcomes. Constant monitoring is imperative by the targeted groups and with involvement of the larger civil society to make sure the achievements are on track and also to review and refine the processes. The current government re-instated by the aspirations of the Nepali people for democracy, peace and social inclusion is required to take concrete steps to create an enabling environment in both the public and private sectors to ensure that the steps taken towards inclusion actually move forward from today.
- Another key issue which needs to be addressed is the issue of women's citizenship rights and full rights to paternal property.

(ii) Political

- Steps toward political reform to address social inclusion have to begin from within the structures of the political parties themselves. To realize the goal of social inclusion political parties must reserve seats within the party structure to include the excluded groups. A step in the right direction has been taken by the Nepali Congress Democratic by reserving two seats for women, one for dalit, two for janajati, two for madhesi and one for Karnali zone for election to the Party's main decision making body the Central Working Committee in their last General Convention in January 2006. In this manner this party has reserved 33% of the 27 contested seats in their CWC. The political parties step however, not sit complacently once the candidates are elected in the reserved seats – exercises must be undertaken to define the social inclusion agenda by the political parties.
- Similarly, political parties must introduce reserved seats for the politically excluded not only as a commitment to democracy but also to enable steps towards population based representation in governments of the future. The demand by women for 33% of seats reservation for women candidates must be taken seriously and in fact become a compulsory factor of the new Constitution. Within the 33% reservation for women, again attention must be paid to the differences between women and women and this reservation must reverberate all throughout the governance sector, i.e. at the local and district level as well as in government boards and commissions.
- The progress made by women in furthering their own rights by creating forums across party-lines and in collaboration with civil society needs to be emulated by other groups wanting to become part of the mainstream.
- Political will of leaders of political parties and the sensitiveness of larger society action groups will be required to change the current mainstream in Nepal and allow a true representation of the Nepali people in all their diversities in all spheres of national life to take Nepal forward as well as end the conflict.

(iii) Social

- The social inclusion process must begin by analyzing the reasons for social exclusion and identify socially acceptable behaviours at every level and aspect of national daily life. For example, modes of addressing each other – language, behaviour public places such as teashops and waterspouts. These acceptable behaviours need to be promoted as part of civic education and also as national public awareness campaigns fro without change in attitude and behaviour there can be no national change in the status of socially excluded people. At the same time psycho-social analytical work is required with the excluded groups to enable them to change their own behaviour patterns and become agents of positive change.
- Sensitization and orientation on social inclusion should be provided to all government bureaucrats much in the same manner that gender training used to be provided in the 1990s and early 2000s. There is a lot of mis-perception about these issues and especially as the core of the bureaucracy is still dominated by the traditional 'stereotypical mainstream' men – a number of parameters require change, ironically with the initiation of the current mainstream men.
- Numerous wider platforms and discussion forums need to be organized by the civil society in all district of the country to enter into a broad-based understanding of the need for social inclusion in Nepal.
- A 'reward and punishment' system should be established to take the process forward in the correct direction.

(iii) Economic

- Poverty reduction and livelihood programmes should analyze inclusion issues in the course of their design. These issues should also become a prominent part of their review, evaluation and monitoring processes. Outcomes should focus on uplifting the economic status of the people outside of the economic development mainstream.
- The market economy processes should be analyzed and understood in the context of Nepal and appropriate practical measures should be undertaken instead of just high-sounding, populist rhetoric.
- Budgeting and development funding in Nepal must be analyzed from the point of view of benefit to the excluded groups – much in the manner of gender budgeting. Similarly tools such as social auditing need to introduced at a wider scale to ensure inclusion is a parameter of key development programming.
- It must be realized that long term investments are required for social inclusion and that a programme approach must be undertaken instead of a project approach. The government of Nepal must in its negotiations for loans or for donor money must promote the long term approach instead of just blindly accepting what ever is doled out to Nepal in the name of aid.
- The periodic assessments of on-going programmes/projects such as the Nepal Education for ALL (NEFA) 2004-2009 must be undertaken to understand their real impacts.

Conclusion

However at the core of requirements for social inclusion and social transformation of Nepal is the will and resilience of the Nepali people – such as the one they recently displayed in the April 2006 peoples movement. The will of the people will be the biggest factor in keeping all institutions of society on track to achieve the collective goals of the country. Capturing the essence of people's aspirations and translating it into action will be the biggest driver of social inclusion in Nepal.

************

## उपरोक्त अवधारणालाई मौखिक रूपमा प्रस्तुत गर्दै डा. देउवा

यो फोरममा मलाई स्थान दिनुभएकोमा धेरै-धेरै धन्यवाद दिन चाहन्छु । म आज दुई/तीनवटा कुराबाट यो अन्तर्क्रिया सुरु गर्न चाहन्छु । नेपालमा औपचारिक/अनौपचारिक रूपमा समावेशीकरणको कुरा चलेको केही समय भयो । यसको ठूलो श्रेयचाहिँ हामीकहाँ चलिरहेको द्वन्द्वलाई दिन चाहन्छु । द्वन्द्वका कारण हाम्रो देशमा धेरै कुराहरू बिग्रिए । मान्छे मरे, भौतिक संरचना ध्वस्त भयो । धेरै मान्छेहरू घरवारविहीन भए । तर राष्ट्रिय चेतनामा के आयो भने एउटा जिल्लावाट सुरु भएको द्वन्द्वलाई धकेलेर कसरी सम्पूर्ण देशमा नै फैलियो, यत्तिका जना यो द्वन्द्वमा किन सहभागी भए भन्ने एउटा ठूलो प्रश्न धेरै जनाको मनमा उठेको थियो ।

जसरी देशका युवायुवतीहरू यसमा होमिदै गए, यसले पनि एउटा ठूलो प्रश्न उब्जायो । र यो प्रश्नको पछाडि के हो त भनेर हेदा हाम्रो देशमा १९९० पछि धेरै परिर्वतनहरू आएका छन्, बहुदलीय प्रजातान्त्रिक प्रणालीले देशलाई पछाडि लग्यो भन्ने अवश्य हैन ।

सफल भएको वैशाखको संघर्षले-१९९० देखि २००२ भन्नुस् या २००४ भन्नुस् या २००५ भन्नुस्, त्यो बेलासम्मको उपलब्धिलाई नेपाली जनताले ठोस उपलब्धि हो भनेर मानेको रहेछ ।

तर त्यो भन्दाभन्दै पनि हाम्रो देश ३६ जातको फूलबारी भन्छौं, त्यो फूलबारीमा सबै फूलले फुल्ने समान अवसर नपाएको यो द्वन्द्वले आभाष दिलायो ।



र कति जनाले बाध्य भएर यो विषयलाई नकार्दा नकार्दै पनि यसलाई उचित समस्या समाधान गर्ने गरी सम्बोधन गर्नुपर्छ भन्ने कुरा द्वन्द्वले सबैलाई अनुभव गराएको जस्तो मलाई लागेको छ । त्यो पृष्ठभूमिलाई लिएर मैले वास्तवमा के रहेछ त भनेर अध्ययन गरे । हामी किन समावेशीकरणतर्फ उन्मुख छौं ? किन सबै समावेशी भन्ने शब्दप्रति लोभिएका ? यसका कुनै न कुनै कारण त पक्कै छ ।

धर्म र कु-संस्कृति । यहाँ सु-संस्कृति पनि छ । हामीले सबै कुरालाई नकारेर २१ औं शताब्दीको नेपालमा सबै कुरा नयाँ बनाउला भनेर सोच्चुहुँदैन किनभने कुनै पनि कुराको इतिहास हुन्छ । अनि इतिहास सँगसँगै कुनै घटनाक्रम या कुनै व्यवस्था आउनुमा पनि कारणहरू हुन्छन् । हामीले इतिहासबाट धेरै कुराहरू सिक्नुपर्छ । यदि सिकेनौं भने अगाडि बढ्दा हामीले धेरै गल्तीहरू गर्न सक्छौं । यही इतिहास कोट्टयाउने क्रममा डा. हर्क गुरुङको अवधारणापत्र पढ्ने अवसर पाएको थिएँ । १९७९ मा एउटा पेपर लेख्नुभएको रहेछ- मेकिङ अफ अ नेसन भन्ने । उहाँले पेपरमा एकदम रोचक रूपमा उल्लेख गरिएको छ- नेपाल २ सय ३७ वर्ष अगाडि एक राष्ट्रको रूपमा स्थापित भइसकेको रहेछ, त्यो बेलाको हाम्रो वरिपरिको भौगोलिक स्थिति के रहेछभन्दा भारतमा मुसलमानहरूको राज्य थियो । त्यसपछि ब्रिटिसहरूको राज्य पनि तत्कालै आयो । हाम्रो राष्ट्र संरचित हुने बेलामा भारतमा मुसलमानहरूको राज्य जाने र ब्रिटिसहरूको राज्य आउने बेला थियो । हाम्रो एउटा नेपाल कसरी निर्माण गर्ने त, एउटा भिन्दै परिचय भएको मुलुक कसरी निर्माण गर्नेभन्दा खेरी त्यो बेलाको नेपाल निर्माण गर्नेहरूले चाँहि एउटा भिन्दै परिचय लिने क्रममा मुस्लिम र क्रिश्चियन परिचयको बदलामा हिन्दु उच्च जाति पुरुषलाई छनौट गरेछन् । त्यो परिवेशमा नेपालको स्थापना भएको रहेछ । यो मलाई एकदम रोचक लाग्यो । हामीले जहिले पनि धर्मको कुरा गर्छौं, हाम्रो धर्म र भारतको हिन्दु धर्म एकआपसमा धेरै मिल्छन् । एउटा वेद मात्र भिन्दै उच्चारण गर्छौं, तर रीतिरिवाज भने एकदम उस्तै छ । भारतमा ५०/६० वर्ष अगाडि नै समावेशीकरणको कुरा अगाडि बढाए । उनीहरूले समावेशी राज्यको रूपमा अगाडि बढाए । तर हामी भने एक्काइसौं शताब्दीको प्रारम्भमा आएर समावेशीको कुराहरू गरिरहेका छौं ।

त्यो कार्यपत्रमा मलाई दुइटा कुरा रोचक लाग्यो किनभने मैले पनि समावेशीको कुरा गर्दा खेरी विदेश भ्रमणको क्रममा मलाई एकदम रोचक लागेको देश भनेको क्यानडा हो । त्यहाँका आदिवासी बासिन्दालाई प्रथम राष्ट्र भनिने रहेछ । र, डा. हर्क गुरुङले पनि लेखहरूमा के लेख्नुभएको रहेछ भने राजनीतिक घेरा र एक कार्य पद्धति भएको क्षेत्र या देशलाई स्टेट भन्नुभएको छ र त्योभित्र बस्ने विभिन्न जात, भाषा र संस्कृति बोकेर हिंड्ने मान्छेहरूलाई नेसन या राष्ट्रको रूपमा हेर्नुभएको छ । यस्तो कन्सेप्ट क्यानडामा पनि छ । त्यहाँ फस्ट नेसन भनेर एक सयभिन्दै आदिवासीहरू छन् । यस्तै कम्प्यारिजन हामी यहाँ पनि गर्न सक्छौं । यसै विषयमा म यहाँ प्रस्तुत गर्न चाहन्छु ।

नेपालको हाम्रो छुट्टै इतिहास रहेको छ । २ सय ३७ वर्ष अगाडि पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेर आफ्नो परिचय राख्दै उच्च जाति, हिन्दु र पुरुषलाई नै राष्ट्रको एकीरणका लागि प्रयोग गरे । त्यसमा कहिलेकहीँ अगाडि बढ्ने प्रयास

गरिए पनि एक कदम अगाडि र दुई कदम पछाडि हिँडेको हामीलाई थाहा छ। यहाँ प्रजातन्त्र आउन खोज्यो, १९५० मा। फेरि १९९० मा आयो, फेरि गइसक्यो। यो क्रममा यति धेरै राजनीतिक परिवर्तन भयो कि मान्छेले राजनीतिक चेतनासहितको प्रजातन्त्र र प्रजातन्त्रसहितको आर्थिक विकास नभई प्रजातन्त्र दिगो हुन सक्दैन भन्ने विश्लेषण गर्ने समय नै पाएनन्।

हाम्रो अभ्यासहरूमा यसरी समय खायो। अहिले आएर यो द्वन्द्वले हाम्रो नेता गणहरूदेखि लिएर सबै जनालाई के हो भनेर बुझ्न बाध्य बनाएको छ। यो हाम्रो लागि एकदम राम्रो अवसर हो किनभने हामी यहाँ विभिन्न जातजातिका नेपाली बस्दाखेरी यहाँ हामीले कसैले देशको नाम सोध्दा नभन्ने हो भने भारत, चाइना, भुटान, बंगलादेशदेखि लिएर सबैतिरको मान्छे हो भन्ने होला-हामीलाई । यत्ति धेरै विविधता छ, जातीय मिश्रण र सांस्कृतिक मिश्रण धेरै छ-हाम्रो देशमा।

इन्डो आर्यन पनि यही छ, टिवेटियन, बर्मेली, आदिवासी समूहमा हुने थुप्रो छन्- हाम्रो देशमा। यसलाई कसरी उठाउने यही नै आजको चुनौतीको विषय हो। जुन रूपमा नेपाल राष्ट्रको विकास भएको थियो, म सानो हुँदा के बुझ्थे भने नेपालभन्दा सबै जना पहाडमा बस्ने, सबै जनाले टोपी लगाउने, नेपाली बोल्ने, दौरा सुरुवाल लगाउने वा छिटको फरिया लगाउने, अनि हाम्रो राष्ट्रिय गीत गाउने। मेरो दिमागमा नेपाली भनेको चित्र यस्तै थियो। धेरै पछि मात्र मलाई लाग्यो कि नेपाली त विभिन्न प्रकारका हुने रहेछन्। भोटे भाषा बोल्ने पनि नेपाली हुन्छ, मधेसी भाषा बोल्ने पनि नेपाली हुन्छ भन्ने बुझ्न धेरै समय लाग्यो। मलाई यस्तो लाग्यो म त मुख्य जातीय पहिचानबाट आएको मान्छे महिला भए पनि मलाई मेरो पहिचान स्थापित गर्नको लागि सहज थियो। तर जसलाई त्यो संस्कारसँग आफ्नो कुनै सम्बन्ध नै छैन, होला त्यसलाई आफ्नो पहिचान बनाउन कत्ति गाह्रो भयो होला भन्ने बुझ्न मलाई धेरै समय लाग्यो। आफूले महसुस नगरेको कुरा बुझ्न त गाह्रो हुन्छ नि। तर अहिले चै सबै जनालाई अनिवार्य बुझ्नु परेको छ। योचाहिँ राम्रो कुरा हो।

लोकतन्त्रको बहस भइरहेको स्थानमा भाषण गरिहालौँ भनेर बुझ्नु परेको भने हैन किनकी राष्ट्रिय/अन्तर्राष्ट्रिय सबै क्षेत्रमा यही विषयमा बहस हुन थालेपछि त त्यसका लागि पनि बुझ्नु पऱ्यो नै। तर सतही बुझाईले भने कुनै काम दिँदैन। हामीले किन बुझ्नुपर्छ भने मैले यहाँ केही आँकडाहरू पनि प्रस्तुत गरेको छु। सन् २००१ को राष्ट्रिय जनगणनाले कत्ति कुराहरूमा एउटा निश्चित जात र समूहको वर्चश्व छ भन्ने देखाउँछ। जस्तो प्रोफेसनलन एण्ड टेक्निकल रोजगारमा ६२.६ प्रतिशत उपल्लो जातका हिन्दुहरू रहेका छन्। तर हामीले आफ्नो देशको जनगणना हेर्‍यौं भने १६ प्रतिशत बाहुन, १८ प्रतिशत क्षेत्री अरू अझ धेरै प्रतिशत छ। नेवारको पनि सानै प्रतिशत रहेको छ। मभन्दा डा. मीना जनगणनाको ज्ञाता हुनुहुन्छ, उहाँले पनि यस विषयमा पक्कै प्रस्तुत गर्नुहोला। २०/२२ प्रतिशत जातिले हाम्रो देशको ७०/८० प्रतिशत क्षेत्र ओगटेको रहेछ। हाम्रो देशको विकास कसरी हुन्छ त ? आधाभन्दा बढी जनसंख्याले कुनै ठाउँ नै नपाएको देशको विकास हुन त गाह्रो छ। म फेरि तपाईहरूलाई एउटा अर्को तथ्यांक प्रस्तुत गर्ने प्रसाय गर्छु। सायद गोविन्द शाहको पेपरबाट मैले यो साभार गरेको हुँ। धेरै वर्ष मैले उहाँसँगै



काम गरेको थिए। तर बुढ्यौली लागेर होला, उहाँको एकिन नाम अहिले सम्झनामा आएन। उहाँ तराईवासी हुनुहुन्छ, सायद उहाँको नाम गोविन्द शाह नै होला।

नेसनल लेजिस्लेटरमा जातजातिको प्रतिनिधित्व कस्तो छ भन्ने देखाउन खोजेको हुँ। त्यसमा पनि जातिय असमानता प्रष्ट रूपमा देखिएको छ। एउटा जात ६२ प्रतिशत छ भने उनीहरूको प्रतिनिधित्व १७ प्रतिशत छ, कुनै जात कम छ तर प्रतिनिधित्व बढी छ। यो कुराले गर्दा खेरी नै हामीले समावेशीको कुरा गर्नु परेको हो। राजनीतिक भाषण गर्दा राम्रो सुनिन्छ भनेर मात्र यसको चर्चा गरिएको हैन कि भन्ने भन्ने मेरो ठम्याई रहेको छ। सामाजिक-आर्थिक विकासको आधारमा हाम्रा छिमेकी देशहरूसँग प्रतिष्पर्धा गरेर अगाडि बढ्ने हो भने समावेशीकरणको कुरा मात्र हैन, व्यवहारमा नै उतार्न एकदम आवश्यक रहेको छ। यो पृष्ठभूमि लिएर तपाईहरूसँग दुई तीन कुरा सेयर गर्न चाहन्छु।

के हो त समावेशीकरण ? हामीले कतिपय कुरा गरिरहेका रहेछौं, तर गर्दागर्दै पनि 'टर्म्स' र 'टर्मीनोलोजी' भिन्दाभिन्दै भएको पनि रहेछ। विकासको कार्यक्रमहरूमा र विकास गर्ने क्रममा थुप्रै डेभलपमेन्ट लिटरेचरहरू आउँछ र ती लिटरेचरले विभिन्न किसिमका कुराहरूलाई उठाउँछ। सन् १९९० मा हामी सधैं दिगो विकास भन्ने सुन्थ्यौं, दिगो विकास भनेको के हो भने वातावरणलाई ठीक पार्नु पर्छ, धेरै खर्च गर्नुहुन्न, त्यो ब्याख्यामा हामीहरू लागेका थियौं। र अहिले आएर हामी समावेशीकरण नगरीकन विकास पनि हुँदैन, राजनीतिक पनि अगाडि बढ्दैन र देश पनि द्वन्द्वमा भासिन्छ भन्ने बुझेका छौं र अरू मुलुकहरूमा पनि घटनाक्रम यसरी नै अगाडि गइरहेको छ। जुन १९९० देखि सन् २००५ सम्मको हाम्रो अभ्यास थियो, त्यसले धेरै मान्छेलाई आफ्नो पहिचानप्रति सचेत गराएको पाइन्छ। नेपाली हुँदैमा गुन्यु चोलो लगाउँनै पर्छ, दौरासुरुवाल र टोपी लगाउँनै पर्छ भन्ने मानसिकता हट्दै गएर आफ्नो जातीय, सांस्कृतिक पहिचान के हो त्यो खोज्न थाले।

कठोर शासन हुँदाहुँदै पनि काठमाडौंमा रहेका थारू समुदायले माघी मनाए। मलाई यो देखेर अति खुसी लाग्यो। म थारु हुँ, त्यसैले म मेरो संस्कृतिमा खुसी हुन सक्छु र मेरो पहिचान थारू हो, त्यसैले म नेपालको जुन कुनामा गए पनि मेरो पहिचान मसँगै जानेछ भन्ने सकारात्मक संकेतको रूपमा मैले त्यसलाई लिए। अहिले जुन परिप्रेक्ष्यमा संविधानसभाको कुरा आइरहेको छ, सन्दर्भ पनि ठिक्क मिलेको छ। सामाजिक समावेशीकरणको एकदम नजिकको अर्न्तसम्बन्ध रहेको छ। जबसम्म मान्छेलाई यो थाहा हुन्न कि म मान्छे हुँ, मेरो व्यक्तित्व छ, जसरी मेरो व्यक्तित्व बनेको छ, मेरो जन्म, मेरो संस्कृति, मेरो भाषा, मेरो देश, मेरो भेषभूषा-यो सबैबाट बनेको संस्कृतिमा म खुसी छु र मैले पनि अरु सरहको भएर बाँच्न सक्छु र यो मेरो अधिकार हो भन्ने जबसम्म हुँदैन तबसम्म हामीले सोसल समावेशीकरणका लागि संस्थाहरू-मार्केट इकोनोमी, ज्युडिसियल सिस्टम, सिभिल सर्भिस सिस्टममा जत्ति परिवर्तन गरेपनि मान्छेहरू अगाडि बढ्न सक्दैनन्। किन ? किनभने महिला अधिकारको कुरा त अन्य देशमा २ सय वर्षअगाडिदेखि नै आएको थियो नि त। हामी नेपाली महिलाहरूले हामी पनि पुरुष बराबर छौं भनेर हाम्रो अधिकारको लागि अगाडि बढ्दा जतिपनि परिवर्तन भएका थिए, त्यो नभए बराबर नै थियो। त्यसमा

दुई वटा तत्व एकदम महत्वपुर्ण छ । समाजिक शसक्तिकरणका लागि समावेशीकरण र सशक्तीकरण हातेमालो गरेर जाने कुरा हो । एउटा व्यक्तिगत लेभल, इकोलोजिकल लेभलमा आफ्नो सोचाइको लेभलमा परिर्वतन आउनुपर्छ, त्योसँगै राज्यको पद्धतिहरूमा पनि परिर्वतन आउनु अनिवार्य हो । यो सँगसँगै गएपछि मात्र हामी समावेशीकरणका कुराहरू गर्न सक्छौं । यी दुईमध्ये कुनै एकको अभावमा परिर्वतन आउन सक्दैन । यसलाइ छोडौं, यो मात्र गरौं भनेर हुँदैन । जति हामीले कानुनमा सुधार गरौं न मान्छेको नलेजमा परिर्वतन नगरेसम्म कागजमा जत्ति अधिकार दिए पनि त्यसको कुनै मतलब र प्रभावकारिता नै हुँदैन ।

ज्ञान परिर्वतनको सबैभन्दा महत्वपूर्ण विषय हो र, ज्ञान प्राप्त गर्न र सोचाइमा परिर्वतन ल्याउन पनि एकदम सहज छ। हामी जन्मेदेखि नै समावेशीकरणको माध्ययमा छिरेका हुन्छौं । तिमी बाहुनकी छोरी हो भने यत्ति वर्षको उमेरमा नाक छेड्ने, नेवारकी छोरी हो भने यत्ति वर्षमा गुफामा बस्ने, क्षेत्रीको छोरा हो भने यति वर्षको उमेरमा खुकुरी चलाउने । तिमी त्यो जातभन्दा ठूलो, त्यसले छोएको पानी खान हुन्छ या हुँदैन, कसलाई हजुर भन्ने कसलाई न भन्ने विषयमा जानकारी पाएको कुरा सचेत भएपछि पनि त्यसमा सुधार गर्न धेरै गाह्रो छ। जबसम्म सोचाइमा परिर्वतन आउँदैन, तबसम्म व्यवहारमा परिर्वतन आउँदैन। तपाई/हामी एउटा भन्छौ, हामीलाई थाहा छ- यहाँ राजनीतिमा भएका मान्छेहरू बढो नारीवादी कुरा गर्छन, श्रीमतीलाई भिडियो एक्सरे गर्न लगाएर छोरी जन्मिन्छे भन्ने भएपछि फाल्न लगाउँछन्। त्यस्तो किसिमको व्यवहारहरू परिर्वतन गर्न एकदम गाह्रो छ । त्यसो हुनाले हामीले तीनवटा लेवलमा ती कुराहरू परिवर्तन नगरी हुँदैन । यसका लागि मानिस पहिलो त अन्तरआत्माबाट परिवर्तन हुनुपर्छ ।

अस्ती एक जना नर्वेको मन्त्री आउनु भाथ्यो। मलाई पनि उहाँसग भेट्ने अवसर मिलेको थियो । उहाँले के भन्नुभयो भने समावेशीकरणको प्रकृयामा सबैलाई नसमेटेसम्म नेपालमा दिगो शान्ति आउदैन । हाम्रो देशमा चाहिँ दुई किसमिको देख्छौं, एउटा बाहुन, क्षेत्री, नेवार देख्छौं । जसको सामाजिक अवस्था अत्यन्त राम्रो छ । र अरु जातिहरू छन्, जसको सामाजिक विकास सुचकांक त्यति राम्रो भएको छैन । र कहिले काहिँ मलाई के लाग्छ भने हामी एकदम समावेशीकरण गर्छौं भनेर लाग्दाखेरी एउटालाई हटाएर फेरि अर्को हावी हुने हो की भन्ने कुराहरू पनि सुनिन्छ । बाहुन, क्षेत्री, नेवार सबैलाई चाहिँ बागमती खेलामा बगाइदि ए, अब अरु जातिलाइ चाहिँ अगाडि बढाऔं । तर कुनै पनि राष्ट्रमा सबै जातजातिलाई सँगै लग्न सकेनौ भने त्यो राष्ट्र अगाडि बढ्न सक्दैन । कति ठाउँमा अरुले जानेको कुरा सिक्नुपर्ने देखिन्छ । यो एकतिरबाट हैन, दुबैतिरबाट । उपल्लो जाति र तल्लो जाति दुबैतिरबाट सहकार्यको प्रयास हुनुपर्छ ।

कहिले कही प्रेसमा हेर्दा वा छलफलमा भाग लिंदा मलाइ डर लाग्छ । किन मलाइ यस्तो लाग्छ कि हामी सँगसँगै जाने हैन कि बाजाबाज गरौं, तैले सके तैले काट मैले सके मैले काट गरिरहेका छौं । यस्तो किसिमले समाजको विकास हुन सक्दैन । हामीले खुल्ला दिमागले सोच्नु एकदम जरुरी छ । र हामी जस्तो समाजमा अवसर पाएकाहरूले एकदम क्रान्तिकारी कुरा गरेर मात्र समाज र राष्ट्रलाई अगाडि



लैजान सक्दैनौं । हामी चैं एकाउन्टेवल हुनु पर्छ । यो हैन कि कुनै चाँहि एकाउन्टेवल कुनै अकाउन्टेवल । समावेशीकरणमार्फत सबैलाइ संगसंगै कसरी लैजाने हो यो सोच्नुपर्ने बेला हो ।

क्रान्तिकारी कुरा गर्न एक दम सजिलो छ । मेरै श्रीमान्को उदाहरण लिँदा पञ्चायतकालमा जेल बस्दा उहाँ यस्तो गर्छु, उस्तो गर्छु, सबैलाइ खत्तम पार्छु भन्ठान्नुहुन्थ्यो रे । सरकार चलाउनु परेपछि बल्ल थाहा भयो रे कस्तो गाह्रो रहेछ- भनाइ र गराइमा । परिवर्तन ल्याउन र दुई करोड ४५ लाख नेपालीलाई सँगसँगै लैजानु अत्यन्त चुनौतीपूर्ण काम हो । यो चुनौती केबल राजनीतिक दलको पोल्टामा हाल्दैमा समस्या समाधान हुँदेन । यसका लागि त नागरिक समाज नै लाग्नुपर्छ ।

प्रजातन्त्रको प्रारम्भ भएको सन् १९९० मा नै एक गल्ती भयो । निर्वाचन भयो, भोट हालेर प्रतिनिधिहरू चुनिए, अनि भन्न थालियो ल नेताहरू अब गर है, हामीले चुनेर पठाइहाल्यौ, अब हामी आफ्नै काममा लाग्छौं । उनीहरूले कति कुरा राम्रा पनि गरे, कति बिगारे । र अहिले हामी त्यही चेतनाको कारण हुनसक्छ-१९९० भन्दा अलि सचेत भएका छौं । राजनीतिक दललाई जिम्मा दिएर मात्र नपुग्ने रहेछ, खबरदारी र सचेत पनि गराइरहनु पर्ने रहेछ र आफू पनि सहभागी हुनुपर्ने रहेछ भन्ने नयां चेतनाको विकास अहिले भएको छ ।

सोचविचारमा परिवर्तन ल्याउनका लागि हामीले खबरदारी गर्नुपर्छ। उनीहरूको सोच विचारमा परिवर्तन ल्याउनका लागि खबरदारी गर्नुपर्छ, तर अहिंसात्मक र शिष्ट रूपमा । नेताहरूले समावेशीकरणको कुरा नगर्ने हैन, उनीहरू यसको विपक्षमा नै हुन् भन्ने पनि हैन, तर उनीहरू बिर्सन्छन् । बेलाबेलामा हामीले उनीहरूलाई सम्झाइरहनु पर्छ, झकझक्याइरहनु पर्छ। सबै पार्टीको उपल्लो स्तरकाहरू नै केन्द्रमा छन्। दुधको साक्षी बिरालो भने झै एकले भनेको अर्काले मानिहाल्छन्, अब भाषण हेर्ने हो भने पनि सबै नेताहरू एकसे एक छन्। समावेशीकरणको कुरा गर्छन, लोकतन्त्र यो वादी उ वादी भन्छन् तर फेरी पार्टीमा गएपछि उनीहरूको व्यवहार त्यही नै हुन्छ ।

यदि हामीले खबरदारी गराउने हो भने उनीहरू यसमा पक्कै सचेत हुन्थे नै । तर आलोचनाको लागि आलोचना गरेर मात्र केही हुनेवाला छैन, यहाँ । आलोचना रचनात्मक हुनुपर्‍यो, समाधानका सुझावसहित। यदि यस्तो भयो भने नेतागणहरूलाई सही बाटोमा हिडाउन सकिन्छ। तिमीहरूले गर्दा गलत भनेर आलोचना गर्‍यौ, लौ भन त-मैले के गर्नुपर्‍यो भन्दा हामीले के गर्ने ? त्यसैले कुनै निश्चित बाटो देखाउने गरी आलोचना गर्दा आलोचित हुने र आलोचना गर्ने दुबैको लागि राम्रो हुन्छ ।

मेरो अवधारणा पत्रमा दुई कोणलाई महत्व दिएको छु। पहिलो सामाजिक परिचालन, जुन हामीले गरिरहेकै छौं। महिलाहरू जनजाति, आदिवासी समुदाय विस्तारै समुहबद्ध बनिरहेका छन् नै । त्यो तर्फबाट पनि उहाँहरूले आफ्नो अधिकार र पहिचानको लागि लडिरहनुभएको छ भने अर्कोतर्फ गरिबीको रेखामुनी बसेकाले मेरो अधिकार हो भन्ने थाहा पाउँदा पाउँदै पनि मान्छेले केही पनि गर्न सक्दैन। त्यसो भएकाले आर्थिक शसक्तिकरणको लागि जिविकोपार्जन हुनुपर्दछ ।

गाउँगाउँमा हामी विकासे बनेर जाँदा देखिन्छ-महिलाहरू जे आइपरे पनि मेरो कर्मै यस्तै रहेछ भनेर बसेका हुन्छन् । अनि हामी गएर तिम्रो श्रीमान्ले तिमीलाई कुट्ने अधिकार छैन, तिम्रो पनि अधिकार छ, त्यसैले तिमीले श्रीमान्को प्रतिवाद गर्नुपर्छ भन्छौं, अनि हिड्छौं । भोलि उसलाई श्रीमान्ले कुट्ने प्रयास गर्दा प्रतिवाद र अधिकारको कुरा गर्‍यो भने श्रीमान्ले घरबाटै निकालिदिन्छ । त्यसपछि उसको लागि कुनै बाटो नै रहँदैन । उसलाई मैले पाप नै गरे जस्तो लाग्छ । पहिला त मन बुझाएर घर ब्यवहार सम्हालेर बसेका हुन्थे, तर हामीले गएर अधिकारको कुरा सिकाएर आएपछि त उसको घर नै भाँडियो । उ न यताको हुन्छे, न उताको । हामीले कुरा मात्र हैन कि समस्याको समाधान कसरी गर्न सकिन्छ भन्ने बाटो पनि पहिल्याइदि नु पर्छ । यसले मात्र परिवर्तन सम्भव छ । तेस्रो सामाजिक संरचनाहरूमा परिर्वतन । हामीले भनेर मात्र भएन । कार्यान्वयनको पक्ष पनि त्यतिकै सशक्त हुनु अनिवार्य छ । उदाहरणका लागि छुवाछूतविरुद्ध कडा कानुनको निर्माण भइसकेको र त्यस्तो व्यवहार गर्नेलाई दण्ड सजायको व्यवस्था गरिसकिएको भए पनि अहिले पनि ग्रामीण भेगमा दलित वर्गमाथि गरिने व्यवहारमा कुनै परिर्वतन आएको छैन । अहिलेसम्म त्यस्तो व्यवहार गर्ने ब्यक्ति दण्डित भएको पनि पाइदैन । अनि कानुन किताबमा मात्र व्यवस्था गरेर कसरी त्यो ब्यबहारमा बलियो बनाउन सकिन्छ ? देख्दा सानो-सानो कुराहरू लागे पनि सानो कुराबाट समस्या समाधानको थालनी नगर्ने हो, एकैचोटी ठूलो परिवर्तन ल्याउला भनेर कल्पना नगर्नुनै राम्रो हो ।

समावेशीकरणपछि मात्र समतामूलक समाजको विकास सम्भव हुन्छ । त्यसपछि देशमा शान्ति र सम्वृद्धि ल्याउन सकिन्छ भन्ने मेरो सोचाइ छ । अहिलेचाहिँ हामीले के गर्ने ? यी सब इतिहासका कुरा भए । हामीले विभिन्न माध्यय अपनाएर संकलन गरेका तथ्यहरू भए । यिनीहरू बढी सैद्धान्तिक पनि देखिन्छन् । त्यसैले अहिलेको मुद्दा सम्बोधन गर्नका लागि हिजोलाई हेरेर मात्र पुग्दैन, अहिले हामी के गर्न सक्छौ, त्यसलाई पनि हेर्नु आवश्यक छ । अहिले देश संविधानसभामा जाने समय भइरहेको छ । हामी सबैले स्वीकार गरेको कुरा यही नै हो । अहिले मौजुदा संविधान जत्ति राम्रो भए पनि त्यसमा यस्ता छिद्रहरू रहेछन्, जसबाट जनताको अधिकार जहिले पनि छिनिने रहेछ । त्यसैले पनि यसमा परिवर्तन ल्याउनुपर्छ भन्ने आमधारणा बनिरहेको छ । २ करोड २२ लाखमध्ये २ करोड २१ लाख जनता संविधानसभाको पक्षमा रहेको जस्तो देखिन्छ । संविधानसभाको निर्माणमा राज्यको मुख्यधारमा आउन नसकेका महिला, जनजाति, दलितवर्ग, अपांगको समान प्रतिनिधित्व गराउन सक्नुपर्दछ । कतिपय राजनीतिक दलहरूले संविधानसभामा के के गर्ने भन्ने अवधारणा पनि सार्वजनिक गरिसकेका छन् । र, हामी महिलाहरूले के गर्न सक्छौ त ?

भारतको संविधानसभाले विभिन्न वर्गहरूको आ-आफ्नो समितिहरू गठन गरेको रहेछ । हाम्रो देशमा एकदम विविधता छ । महिला वर्गमा पनि विभिन्न समूह छन् र तिनीहरूको पनि आ-आफ्नै मागहरू हुन सक्छन् । जुनचाहिँ हामी आउने संविधानमा परोस् भन्ने चाहन्छौं । तसर्थ आफ्नो समूहबीच छलफल थाल्नु आवश्यक देखियो । विभिन्न समूहको भिन्न-भिन्न मागहरूको विषयमा छुट्टाछुट्टै रूपमा छलफल र बहस गरे पनि अन्तमा सबै समूहको प्रतिनिधित्व गराएर एउटा समितिको निर्माण गर्नै पर्दछ ।



त्यही समितिले विभिन्न समितिहरूबाट आएका मागहरूलाई केलाएर एक माग पत्रको निर्माण गरेर एकीकृत रूपमा एक करोड १२ लाख महिला वर्गको माग यो छ भनेर राख्न सक्ने स्थान बनाउन सक्नुपर्दछ । यदि हामीले हाम्रा मागहरू एकीकृत गर्न सकेनौ भने विभिन्न अप्ठ्याराहरूको सामना गर्नुपर्छ । यसले हामीले पाएको अवसरसमेत गुम्ने डर हुन्छ । यसको प्रारम्भ विभिन्न जनजाति समूहबाट भइसकेको छ ।

तर यो अनौपचारिक नागरिक समूहसँग बसेर छलफल गरेरमात्र हुँदैन । संविधानको खाँका तयार गर्ने जुन समिति बन्छ, त्यसमा हाम्रा प्रतिनिधिहरू कसरी पठाउने ? त्यो विषयमा समेत पर्याप्त छलफल र गृहकार्य गर्नुपर्दछ ।

हामीले जातिगत, वर्गगत रूपमा आफ्नो प्रतिनिधिको माग गर्न सक्छौं । अर्को संविधानसभाको लागि जति पार्टी वा समूहहरू निर्वाचनको मैदानमा उत्रिन्छन्, उनीहरूलाई यो चै तिमीहरूले छुटाउनु हुँदैन है भनेर हामीले सचेत गराउन सक्छौं । यो कुराहरूमा हामीले गृहकार्य गर्ने बेला भइसक्यो ।

कति कुरामा छलफल सुरु भइसकेको छ । जस्तो ३३ प्रतिशत महिलालाई आरक्षण भन्ने कुरामा सहमति भइसकेको छ । राजनीतिक दलहरूले महिला अधिकारको कुरा गर्‍यो कि फकाउन अनेक प्रयास गर्छन, तपाईहरूले कहाँ गर्नसक्नुहुन्छ ? कहाँ गएर खोज्ने योग्य महिला नै छैनन् ? भन्ने जस्तो प्रश्न सोध्छन् । उनीहरूको सोचाइमा पुरुष जति सबै योग्य, महिला सबै अयोग्य । यसको लागि जिम्मेवार पनि हामीहरू नै हौं । हामीमा हाम्रो अधिकारको लागि लबिङ गर्ने संस्कारको विकास भइसकेको छैन । मेरो व्यक्तिगत अनुभव-जब शान्ति सचिवालय बन्यो, अनि सरकारले सल्लाहकारको लागि विज्ञहरूको नाम मगायो । मैले यसो हेर्ने अवसर पाएको थिए । करिव पाँच सय मान्छेको नाम थियो, जसमा महिलाको संख्या केवल पाँच मात्र थियो । म दंग परे । लाग्यो, अहो हामी नेपाली महिला त कत्तिको काम नलाग्ने रहेछौं । हामीलाई शान्तिको बारेमा केही थाहा नै रहेनछ । पुरुष जति जुन फिल्डको होस-डाक्टर, इन्जिनियर, फोटोग्राफर सबै जना शान्तिका विज्ञ, महिलाहरू भने एक जना पनि छैन । जबकी महिलाहरू दैनिक जीवनमा जहाँ बसुन्-गाउँ/घर/सहर- उनीहरूले शान्तिको अभ्यास गरिरहेका हुन्छन् ।

दैनिक जीवनका अप्ठ्यारहरू सल्टाउन महिला नै अग्रसर भएको देखिन्छ । तर महिलाहरू कतै देखिन्न । जसलबाट हामी आफ्नो भिजिविलिटी कसरी अगाडि बढाउने भन्ने एउटा ठूलो चुनौती देखाउँछ । त्यसको लागि एक ठोस प्रारूपसहित अभ्यास थाल्ने बेला आइसकेको छ । सबै किसिमको महिलाहरू फिट हुनुपर्छ । नत्र फेरि 'विभाजन गर, राज्य गर'को सिद्धान्त लागू हुन्छ, अनि फेरि हामी फेल हुन्छौं । हामी फेल हुनबाट जोगिनको लागि एउटै उपाय भनेको सबै महिलाको प्रतिनिधित्व हुने गरी सामुहिक छलफलबाट एक अवधारणाको विकास गर्ने नै हो ।

अहिले सबैको मुखमा समावेशीकरण झुन्डिएको छ । तर समावेशीकरण के हो भन्नेमा धेरैमा अन्यौलता रहेको छ । त्यसैले अहिले समावेशीकरण के भनेर बुझाएर एक अभिमतको निर्माण गर्ने हामीलाई यो सुनौलो अवसर पनि हो । यसका लागि मैले चारवटा पक्षबाट हेर्ने प्रयास गरेको छु-कानुनी पक्ष, राजनीतिक पक्ष, सामाजिक पक्ष र आर्थिक पक्ष । यी कुरामा केन्द्रित हुनुपर्ने हुनसक्छ ।

कानुनी परिवर्तन कस्तो रहेछ भने कानुनको एक पक्षमा परिवर्तन आएपछि हरेक जात, वर्ग, समुदाय सबैलाई यसले प्रभावित पार्ने रहेछ। त्यसले परिवर्तनको लागि एक पृष्ठभूमिको निर्माणको अवधारणा निर्माण गर्न सहयोग गर्छ। कानुनी परिवर्तन धेरै महत्वपूर्ण रहेको छ। अब २०४६ को संविधानलाई हेरेर हैन, त्योभन्दा अगाडि कसरी लग्न सकिन्छ त्यसमा हाम्रो ध्यान केन्द्रित हुनु अनिवार्य छ। कुन-कुन कुरामा चुहावट छ, कसरी महिला र पुरुष समान हुन सकेका छैनन्। यो विषयमा धेरै अभ्यासहरू भएका पनि छन्। अहिले हामीले यो अभ्यास प्राथमिकबाट नभई मध्य भागबाट सुरु गर्न सक्छौं। किनकि हिजोका दिनमा भएका अभ्यासले हामीलाई मध्यभागमा पुऱ्याइसकेको छ।

महिला सशक्तीकरणको पहिलो सर्त भनेको आरक्षण नै हो। यसलाई निजामती सेवामा मात्र केन्द्रित गर्नुहुन्न। आरक्षण निजामती सेवामा मात्र हैन, निजी कम्पनीमा पनि हुनुपर्छ। र अपांगहरूको लागि पनि विशेष आरक्षणको व्यवस्था गर्नुपर्छ। महिलाहरूको सबैभन्दा जल्दोबल्दो विषय भनेको नागरिकताको हो। हामीले अहिलेकै पुस्तालाई यो उपहार दिन सक्नुपर्छ। हामीलाई थाहा छ- नागरिकताको अधिकार नपाउँदा हाम्रो पुस्ता र हामीभन्दा अगाडिका पुस्ताका महिलाले कति दुःख पाए भन्ने। उनीहरूका छोराछोरी परिचयविहीन अवस्थामा बसिरहेका छन्। त्यसका साथै सम्पत्तिमाथिको अधिकारको कुरामा-हामी सबैमा पुरुषसरह समान छौं भने यस कुरामा किन हामी अलग छौं भन्ने कुराको पुनः उठान गर्न आवश्यक छ।

राजनीतिमा धेरै नाटक गर्न पाइन्छ। धेरै कुरा गर्न पाइन्छ। त्यसका लागि काम नै गर्नुपर्छ भन्ने केही छैन। मुखले भने पनि पुग्छ। भन्ने एक गर्ने एक। यो नेपालको मात्र हैन, विश्वकै राजनीतिको एक नीति हो। तर अब आएर नेपालमा राजनीतिज्ञहरू साच्चिकै समावशीकरणको पक्षमा छन् भने पहिला उनीहरूले आफ्नो पार्टीभित्रको संरचना हेर्नुपऱ्यो। मैले आफू प्रजातान्त्रिक कांग्रेसको सदस्य भएर यो भनेको हैन। प्रजातान्त्रिक कांग्रेसले ११ औं महाधिवेशनमार्फत दलित, महिला, जनजाति र कर्णाली क्षेत्रको लागि जुन आरक्षणको व्यवस्था गरेको छ, यो राजनीतिक दलमा समावेशीकरणको राम्रो उदाहरण बन्न सक्छ। अन्य दलहरू पनि यस्तै अभ्यासमा जान एकदम जरुरी छ। नत्र हामीले कसरी पत्याउने ? फोरमहरूमा आएर समावेशीकरणको चर्चा गर्ने, तर आफ्नो पार्टीमा भने एकै जात, वर्ग र लिङ्गका मानिसहरू मात्र राखिरहने हो भने बोलीको भरमा समावेशीकरण त पक्कै हुँदैन।

यदि राजनीतिक दलहरू कुरा मात्र गर्छन् भने हामी सहज रूपमा विश्वास गर्न सक्दैनौं। यसका लागि दलहरू कार्यान्वयनमा जानु आवश्यक छ। यसको लागि माओवादी पक्षलाई पनि अनुरोध गर्नुपर्छ किनकी उनीहरूको पनि बोलिमा जे देखिएको छ, त्यो व्यवहारमा पटक्कै छैन। अगाडि ठूलो कुरा गरेर अब यो मुलुकका महिला, आदिवासी, जनजाति र दलित वर्गको विश्वास पाइन्छ भनेर नसोचे पनि हुन्छ।

पार्टीहरूले हिजोका दिनमा महिलाहरूको दबाबको कारण राष्ट्रिय निर्वाचनमा पाँच प्रतिशत महिला उम्मेदवार बनाउने भने पनि उनीहरूले बडो चालबाजी गरेर जहाँ-जहाँ हार्ने सम्भावना हुन्छ, त्यहाँ-त्यहाँ महिला उम्मेदवार बनाई दिए। अब यो ३३ प्रतिशतमा पनि त्यही कहानी दोहोरिएला भन्ने डर छ। मलाई डर छ, कतै यो ३३ प्रतिशतमा पनि पाँच प्रतिशतकै खेल हुने हो कि ? त्यसैले यस विषयमा हामीले



संविधानसभाको निर्वाचनमा नै कुरा उठाउनु पर्छ। व्यवहार परिवर्तनको मुद्दा पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ। र यसमा हामी सफल पनि भइसकेका छौं। महिलाको हकमा ३०/४० वर्ष अगाडिको नेपालमा हामी जस्तो महिला यसरी बाहिर आएरसँगै बसेको छ, गफ गरेको छ, कानमा फुसुरफुसुर गरेको छ। अनि घर गएपछि नाक र चुल्ठो काटेर घरबाट निकालिदिन्थे, हैन ? त्यो हो नै, हाम्रो पुरानो व्यवहार त। तर अहिले त्यसमा निक्कै परिवर्तन आइसकेको छ। हामी अहिले कुनै नाता नै नपर्ने केटा साथीसँग हिँड्दा सामान्य भइसकेको छ। जसले यस विषयमा औंला उठाउँछ, ऊ आफैं आलोचनाको पात्र बन्छ।

अहिले महिलाहरूलाई सहज रूपमा घर बाहिर निस्कन सक्ने वातावरणको निर्माण भएको छ। हामीले समेत काम गर्नको लागि निक्कै संघर्ष गर्नुपरेको थियो। तर अहिले आएर त्यो सामाजिक वातावरण छैन। यसको पहिलो श्रेय हो-अभिमुखीकरण र तालिम। यसले मानिसको सोचाइमा ठूलो परिवर्तन ल्याउँदो रहेछ। यो हामीले पाएको अनुभव हो र यसैलाई समावेशीकरणको मुद्दामा पनि उतार्न अनिवार्य छ।

हामी समावेशीकरणको कुरा गरिरहेका छौं, तर यस विषयमा कतिले के बुझेका छन् त ? जस्तो अहिले हामी महिलाको हक अधिकारको सवालमा एउटै बुझाई छ, महिलाको स्वतन्त्रता भन्नेमा एउटै बुझाई छ, समावेशीकरणको मुद्दामा पनि समान बुझाइको आवश्यकता रहेको छ। यसको सबैभन्दा सहज माध्यम भनेको अभिमुखीकरण नै हो। दोश्रो यस्तो सार्वजनिक फोरमहरूमा महिला र समावेशीकरणको विषयमा छलफलहरूको आयोजना गर्नुपर्छ। यसले वादविवादको माध्ययबाट चेतनाको विकास गराउँछ। र, एक निष्कर्ष निकाल्न सजिलो बनाउँछ। नराम्रो व्यबहारलाई निरुत्साहित पार्दै राम्रो व्यवहारको विकास गर्ने।

अर्को महत्वपूर्ण पक्ष भनेको आर्थिक नै हो। हामी कहाँ गरिबी निवारणका धेरै कार्यक्रमहरू छन्। यसमा धेरै आर्थिक स्रोतहरू प्रयोग गरिएका छन्। तर, यसलाई हामीले अझ बृहद् रूपमा अगाडि लैजानुपर्दछ। कति चैं समावेशीकरणमा खर्च भएको छ ? यसको सोसियल अडिट हुनु जरुरी देखिएको छ। बाहुनले कति पायो, क्षेत्रीले कति पायो, यस विषयमा सामाजिक अडिट गराउनुपर्छ, अब।

ठूला-ठूला कार्यक्रमहरूमा पनि समावेशीकरणको प्रारम्भ गर्नुपर्छ। जस्तो तामाङ गाउँमा खुलेको विद्यालयमा बाहुन शिक्षक राखेर एक्कासि नेपाली पढाउन थाल्ने हो भने त तामाङ गाउँका बालबालिकाहरू आउँदैनन्। त्यसका लागि पहिला शिक्षक पनि तामाङ नै राख्नुपऱ्यो, उसले तामाङ भाषाबाट पढाइ सुरु गरेर पछि विद्यार्थीहरू नियमित भए पनि नेपाली पढाउन सुरु गर्ने हो भने मात्र विद्यार्थीहरू पढनतिर आर्कषित हुन्छन्। त्यसमा ड्रप आउटको समस्या पनि बढी नै हुन्छ। त्यसैले कहाँ के को आवश्यकता छ भन्ने आधारमा योजना कार्यान्वयन गर्नुपर्छ भन्ने मेरो अवधारणा हो।

**टिप्पणी, शशी श्रेष्ठ**

अन्धाले हात्ती छामेको जस्तो भएको अवस्थामा समावेशीकरण त्यो पनि महिलामा जस्तो जटिल विषयवस्तुको उठान भएको छ। त्यसको लागि धन्यबाद। समावेशीकरणको कुरा गर्दा यसको स्वरूप र संरचनामा धेरैको ध्यान तानिएको छ।

र, त्यो भन्दा अगाडि केही कुरा स्पष्ट पार्नुपर्दछ भन्ने लाग्दछ। हाम्रो २ सय ३७ वर्षको एकात्मक राज्य प्रणालीको बारेमा चर्चा हुनु सान्दर्भिक रहेको छ।

उहाँले धेरेजसो कुराहरू सामाजिक पक्षबाट विश्लेषण गर्नुभएको छ। हुनसक्छ, उहाँ बढी सामाजिक कार्यकर्ता भएर पनि होला, सामाजिक पाटोबाट यस विषयको गहिरो विश्लेषण गर्नुभएको छ। यसमा विमति राख्नुपर्ने ठाउँ छ जस्तो मलाई लाग्दैन। धेरैजसो कुरामा मेरो सहमति छ। सबैभन्दा प्रधान राजनीतिक संघर्ष हो। त्यसभित्र सबै कुराहरू पर्दछ। सामाजिक, सांस्कृतिक, धार्मिक सबै कुराहरू समेटिने कारणले गर्दा खेरी अथवा प्रधान पक्ष राजनीति नै भएकाले पनि त्यो कोणबाट यस विषयमा म विश्लेषण गर्न चाहन्छु। प्रजातन्त्र र राजनीति जहिले पनि वर्ग सापेक्ष हुन्छ किनभने समाज वर्गीय हुन्छ। यो सार्वभौम नियम हो। राजनीति वर्गहरूको हितको प्रतिनिधित्व गर्ने व्यक्ति हो। त्यसकारण राजनीति वर्गीय हुन्छ। राजनीतिको ठोस अभिव्यक्ति भनेको राज्य हो। त्यसकारण राज्य पनि वर्गीय हुन्छ। राज्य निर्माणको स्वरूप दिने आधार भनेको संविधान हो। हामीले कुन रूपबाट, कहाँबाट कुरा उठाइरहेका छौं-अगाडिको संविधानको कुरा अथवा २००८ सालको अन्तरिम शासन विधानदेखिको चर्चा गर्ने प्रयास गरेको छैन मैले। यहाँ जागरुक ब्यक्तिहरूको बाहुल्यता रहेकाले म केवल २०४६ देखिमात्र पसिरहेको छु।

०४७ सालको संविधान जुन जनताको बलिदानीबाट प्राप्त भयो, जसमा एउटा सकारात्मक पक्ष भनेको संविधान निर्माण गर्ने क्रममा ०४६ सालको आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका राजनीतिक दल, नागरिक समाजका व्यक्तिहरू पनि थिए। त्यो बेलाको आन्दोलन सम्झौतामा टुङ्गिएको थियो, जसका कारण दरबारका व्यक्तिहरूको समेत संविधान निर्माणमा सहभागिता रहेको थियो। त्यो संविधानलाई हाम्रो देशको प्रमुख राजनीतिक दलका नेताहरूले विश्वको उत्कृष्ट संविधान भनेर टिप्पणी गरेका थिए। संविधान लागू भइसकेपछि थुप्रै क्षेत्र, जाति, भाषा, लिङ्ग सबैले त्यो संविधानमा आफ्नो प्रतिनिधित्व नभएको, आफ्नो भावना प्रतिबिम्बित नभएको भावना जाहेर गर्दै यही कोणबाट आन्दोलनको सुरुवात भयो।

महिलाहरूको हकमा भन्नुपर्दा खेरी महिलाहरूले पनि संविधान नै त्रुटिपूर्ण छ। संविधानले नै कतिपय असमानतालाई बोकिराखेको छ र, संविधानमा व्यवस्था भएका कतिपय कुराहरू पनि लागू हुन सकेन भनेर विभिन्न समयमा विभिन्न प्रकारका आन्दोलनहरू उठाइरहे। तर त्यो निरन्तर हुन सकेन किनभने संविधानमा रहेको व्यवस्थाका कारण उनीहरूले यो मेरो पनि हो भन्ने आफ्नोपनको महसुस गर्न सकेनन्। यहाँ मेरो पनि भावनाको कदर भएको छ, यो संविधानभित्रबाट मैले पनि केही गर्न सक्दछु, यो राज्य मेरो पनि हो भन्ने महसुस नै गर्न सकिएन। त्यो महसुस महिलाहरूले मात्र हैन, तराइबासी जनता-जसलाई हामी मधेसी समुदाय भन्छौं, उनीहरूले पनि महसुस गर्न सकेनन्। दलित, जनजाति, पिछडिएका वर्गले पनि यो मेरो पनि संविधान हो भन्ने महसुस नै गर्न सकेनन्। जसको कारणले गर्दा बिभिन्न आन्दोलनहरू उठिरहे। र, यही असमावेशीकरणको कारण हो-२०५२ सालदेखि उठेको माओवादी जनयुद्ध।

माओवादी जनयुद्ध उठ्यो भनेर मात्र हुँदैन। किन उठ्यो ? यसका वस्तुगत कारणहरूको पनि विष्लेषण हुनु जरुरी छ। यदि हामीले यिनै तत्वहरूको विष्लेषण



गर्न सकेनौं भने अब आउने राज्यलाई हामीले सही दिशानिर्देश गर्ने अथवा सबै वर्ग, तह र तप्कालाई समावेश गरेर लान सक्दैनौं। यस हिसाबले हामीले धेरै अगाडिदेखि नै उठाउँदै आइरहेका कुरा मूल रूपमा वर्ग सापेक्षितसम्बन्धको आधारमा नै विविधकरणमा परेका भाषा, जाति, लिङ्ग, वर्ण क्षेत्रमा राज्यको पहुँच नपुगेको कारणले गर्दा नै अहिले चैं समावेशीकरणको आवाज चर्को रूपमा उठिरहेको छ।

कुनै पनि ठाउँमा उनीहरूको भावना र आवाजको कदर भएन। सम्मान भएन। त्यसकारण समावेशीकरण हुनुपर्‍यो भन्ने आवाजहरू जबरजस्त रूपमा आन्दोलनमा हावी हुनपुग्यो। यद्यपि आन्दोलनको क्रममा समावेशी लोकतन्त्रलाई हरेकले आ-आफ्नै किसिमले परिभाषीत गर्ने गरेको भए पनि सबै तह र तप्काबाट यो विषयमा उजागर हुनु भनेको सकारात्मक पक्ष हो।

अहिलेसम्म हाम्रो मुलुकमा सामन्तवाद जीवित छ। उत्पादन सम्बन्धमा पुँजीवादी संक्रमण र सामाजिक, सांस्कृतिक सम्बन्धमा पनि सामन्तवादी ढाँचा कायम रहेको छ। जसको कारणले गर्दा बहुसंख्यक जनताले आफू यो राज्यमा समावेश भएको, यो राज्य मेरो हो भन्ने महसुस गर्न सकेको छैन अथवा यो मेरो हो भन्ने अपनत्वको महसुस गर्न सकेको छैन। त्यसैले समावेशीकरणको कुरा गर्नुपर्दा सबैभन्दा पहिला सामाजिक, सांस्कृतिक सम्बन्धमा रहेको सामन्ती ढाँचालाई नै भत्काउनुपर्दछ। हामीले यो संरचनालाई नभत्काई जस्ताको तस्तै बाँकी राखी रहेसम्म समावेशी भन्ने कुरा हुन सक्दैन। त्यो उही अन्धाहरूले हात्ती छामे जस्तै परिभाषीत गर्ने, आत्मतुष्टि लिनेबाहेक केही हुन सक्दैन्। त्यसले गर्दा समावेशीकरण हुन नसक्नुको जरो कहाँ छ त ? चुरो कारण कहाँ छ त, यो कुरालाई हामीले पक्रन सकेनौं भने हामी बाटो बिराएका यात्री हुने छौं, आफ्नो गन्तव्यमा हामी पुग्न सक्दैनौ।

अब यसलाई भत्काउने क्रममा सामाजिक न्यायको सिद्धान्तलाई पक्रदैं राजनीतिक निष्कर्ष लिएर अगाडि बढ्नुपर्दछ। योभन्दा अर्को विकल्प छैन। यसभित्र विभिन्न तत्वहरू पर्छन् तर अगाडि बढ्ने क्रममा मूल कुरा राजनीतिक नै हो। म यो किन भनिरहेको छु भने अहिले समावेशीकरणको नाममा विभिन्न क्षेत्रहरूबाट अराजनीतिक कुराहरू उठिरहेका छन्। त्यो अराजनीतिक कुराबाट मुलुकलाई अगाडि बढाउन सकिँदैन। यसमा सबै पक्षको सहभागिता हुनुपर्छ भन्नेमा कुनै दुईमत नै छैन। दलितहरूको प्रतिनिधित्व हुनुपर्दछ, जनजातिको प्रतिनिधित्व हुनुपर्दछ। तर तिनीहरूको प्रतिनिधित्व कसले गर्छ त ? उनीहरू संलग्न भएको संस्थाले कि राजनीतिक दलले महिलाको प्रतिनिधित्व, पिछडिएका समुदायको प्रतिनिधित्व, मधेसी समुदायको प्रतिनिधित्वलगायत यावत् कुराहरू छन्। तर यहाँ प्रतिनिधित्वको नाममा प्रतिनिधित्व थुपार्ने प्रयास भइरहेको छ, जसले समावेशीकरण के हो भन्ने अन्यौलता कायम रहेको बेलामा अर्को अन्यौलता थप्ने काम मात्र हो।

एक त व्यक्तिलाई लाने कुराहरू हैन। दलित, जनजाति, महिलाको नाममा स्पष्ट दृष्टिकोण नभएको तर्क गर्न नसक्ने र आन्दोलनलाई दिशाबोध गर्न नसक्ने व्यक्तिलाई लगेर कसरी त्यो समुदायको कुरा संविधानसभामा प्रतिनिधित्व हुनसक्छ ? त्यसैले यसलाई आलोचनात्मक रूपमा हेरिनुपर्दछ भन्ने मेरो भनाइ हो।

जसरी अहिले जनजातिको यति प्रतिशत हुनुपर्छ, महिलाको यति प्रतिशत हुनुपर्छ, दलितको यति प्रतिशत, मधेसी समुदायको यति प्रतिशत भनेर कुरा उठिरहेको छ। हो, यो हुनुपर्दछ नै। यसमा कुनै विवादको विषय नै भएन। तर माग मात्र गरेर हुँदैन, दावा गर्न सक्नुपर्छ। भनेको पूरा भएन भने हस्तक्षेपकारी भूमिका खेल्नुपर्छ। तर त्यो राजनीतिक तबरबाट हुनुपर्छ। यो हिसाबले जानु पर्दछ भन्ने मलाई लाग्छ। र, अर्को कुरो यो सामन्तवादको मूल जड भनेको धर्म, संस्कृतिको आडम्बरमा राज्यका स्रोत र साधनको दुरूपयोग गर्दै आज पर्यन्त टिकिरहेको राजतन्त्र नै हो। यो कुरालाई हामीले बुझ्नु जरुरी छ। यसको मूल जड के हो त ? यसको बाधक तत्व के हो ? जहाँ हान्नुपर्ने हो त्यो कहाँ छ, त्यसको पहिचान गरी त्यही प्रहार गर्नुपर्दछ। नत्र जहाँ हान्नुपर्ने हो त्यहाँ हानेनौ भने हामीले जे चाहेका हौं, त्यो फल प्राप्त गर्न सक्दैनौं।

समस्याको मूल जड भनेको राजतन्त्र नै हो भन्ने मेरो धारणा रहेको छ। संसारभर नै राजतन्त्रले आफूलाई रूपान्तरण गरेर लगिसकेको छ। जबजब आन्दोलनहरू उठे, जनताले आफ्नो भावना सडकमा पोख्न थाले, धेरै राष्ट्रहरूमा राजतन्त्रले आफूलाई रूपान्तरण गरेर लागे। जनभावना अनुसार चले। जहाँ आफूलाई रूपान्तरण गर्न सकेन, त्यो लोप भएर गयो। त्यसैले समावेशीकरण भनेको राजनीतिक सचेतनाको आधारमा हुनुपर्दछ। सबै क्षेत्रको प्रतिनिधित्वको नाममा राजनीतिक सचेतनाको पक्षलाई गौण बनाउनुहुन्न भन्ने मेरो धारणा हो।

अब बुँदागत रूपमा समावेशी लोकतन्त्रको लागि चाहिने तत्वहरू उल्लेख गरेर म आफ्नो भनाइ टुङ्याउन चाहन्छु। यसको सार्वभौम नियम भनेको के हो ? यसमा लागि मूलत पाँच वटा तत्वहरू आवश्यक पर्दछ। संघियतामार्फत स्वशासन र राज्य शक्तिको बाँडफाँड। दोस्रो समानुपातिक निर्वाचन प्रणाली। हरेक पार्टीले आफ्नो उम्मेदवारको घोषणा गर्ने र यसमा पनि समानुपातिक सिद्धान्त कार्यान्वयन गर्नुपर्दछ। अर्को प्रशासनिक संयन्त्रमा समानुपातिक आरक्षणको व्यवस्था र सहमतीय शासन प्रणाली हो। भौगोलिक रूपमा प्रतिनिधित्व नभएका चेपाङ, नागरिक समाजको लागि अलग्गै आरक्षणको व्यवस्था हुनु पर्दछ। हिजोका दिनमा बहुमतको शासन टिकेको छैन। त्यसैले सहमतिको आधारमा शासन गर्ने प्रणालीको विकास गर्नु पर्छ। अर्को समानतामूलक र सामाजिक न्यायमूलक सामाजिक व्यवस्था हो। अब लोकतान्त्रिक गणतन्त्रका लागि महिलाले खेल्नुपर्ने भूमिकाहरू के त भन्ने विषयमा छोटो प्रकाश पार्न चाहन्छु। पहिलो कुरा संविधान र कानुनमा संशोधन, राजनीतिमा समानतामूलक प्रतिनिधित्वको व्यवस्था, अन्तर पार्टीको व्यवस्था, सामाजिक विकृति विसंगतिको अन्त्य, पैतृक सम्पत्ति र उत्पादनको स्रोतमा समान पहुँच र नियन्त्रणको व्यवस्था हुनुपर्दछ। यसका साथै सांस्कृतिक क्षेत्रमा पनि कदम चाल्नुपर्दछ, महिलाहरूको लागि विशेष जागरणको कार्यक्रमको निर्माण गर्नु पर्छ। यसका लागि ठोस र विशेष कार्यक्रम ल्याउनुपर्दछ। यति भन्दै समय दिनुभएकोमा धन्यवाद दिन चाहन्छु।

**अधिवक्ता पुष्पा भुसाल**

डा. आरजुले जुन व्यापक र विस्तृत दृष्टिकोण प्रस्तुत गर्नुभएको छ, सो कार्यपत्रमा कुनै पनि टिप्पणी गर्न आवश्यक ठान्दिनँ। म उहाँको कार्यपत्रलाई समर्थन



गर्दै आजको यो कार्यक्रममा केन्द्रित भएर बुँदागत रूपमा आफ्नो धारणा राख्ने प्रयास गर्छु। आजको हाम्रो विषयमा समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा महिलाका सवाल उल्लेख गरिएको छ। नेपालको राजनीतिक प्रणालीको परिप्रेक्ष्यमा मात्रै हिजोका दिनमा नेपालको राज्य संरचना कस्तो थियो ? यहाँको शासन प्रणाली कस्तो थियो ? महिलाहरूलाई के कस्तो ढंगबाट हेरिएको थियो ? त्यसलाई पनि त्यही ढंगमा अबलम्बन गर्दै भोलिको दिनमा यो राज्य प्रणालीले महिलालाई कसरी राज्यको संरचनामा समावेश गर्न सक्दछ त भन्ने सवालमा म आफ्नो विषयवस्तु केन्द्रित गर्न चाहन्छु।

मलाई याद आउँछ, मैलेचाहिँ एउटा पार्कको एउटा भाग हेर्ने मौका पाएको थिएँ। त्यसमा रोजापार्कले अमेरिकन फ्रिडम फाइटर, काममा जाँदाखेरी काला जातिहरूलाई बसको अगाडिको सिटमा बस्न नदिँदा खेरी रोजापार्कको नेतृत्वमा त्यसको विरुद्ध आन्दोलनको सुरुवात भयो। उनले हामीलाई पनि अगाडिको सिटमा बस्ने अधिकार चाहिन्छ। हामीलाई यो किन भेदभाव भनेर आन्दोलनको सुरुवात गरेका थिए। त्यसमा रोजापार्कको नेतृत्वमा अमेरिकाका काला जातिहरूले समानताको लागि लडाइ लडे र, अन्तमा गएर बसमा कुनै पनि काला जाति चढ्दैनौ भनेर सबै काला जाति एकजुट भए। त्यो बस चल्नै नसक्ने भएपछि अन्तमा उनीहरूको अगाडि राज्यले हार खायो र, बसमा काला र गोरा जातिलाई समान रूपमा सबै सिटमा बस्न दिने भनेर राज्यले निर्णय गर्न बाध्य भयो। र, रोजापार्कले त्यसबेला के भन्नुहुन्थ्यो भने महिलाहरू पनि समानताको बिन्दुमा पुग्दैनौं। तबसम्म अधिकार प्राप्तिको लागि एकजुट भएर अगाडि बढिरहनुपर्दछ। साना-साना कुरा दिनेबित्तिकै महिलाहरूले ल अब हामीले पाइसक्यौं, अब आन्दोलन रोक्नुपर्छ भनेर विश्राम लिनुहुँदैन। यद्यपि महिलाहरूले के कुरा बुझ्नुपर्छ भने त्यो समानता र स्वतन्त्रताको संघर्षमा लामो समय पनि लाग्न सक्छ।

त्यसकारण महिलाहरू ज्यादै प्रतिबद्ध भएर लामो समयसम्म लाग्नुपर्छ। जसरी नेल्सन मण्डेला २७ वर्षसम्म जेलमा बसेर (उहाँको किताब छ, 'लङ्ग वाक टु फ्रिडम' भन्ने) उहाँले २७ वर्ष जेलमा बस्दा साउथ अफ्रिकालाई कसरी बचाउने, कुन मोडलमा लिएर जाने भन्ने विषयमा चिन्तन मनन गर्नुभएको थियो। आज हामी नेपालको परिप्रेक्ष्यमा लोकतन्त्र र समावेशीकरणमा महिलालाई कसरी सहभागी गराउने भन्ने विषयमा विमर्श गर्न लागेका छौं। मैले यस विषयमा छोटकरीमा यहाँ आफ्नो धारणा राख्ने प्रयास गर्ने छु।

म राजनीतिशास्त्रको समेत विद्यार्थी भएकाले पनि यसलाई राजनीतिक दृष्टिकोणबाट हेरेर व्याख्या गर्ने प्रयास गर्नेछु। मलाई अझै पनि याद छ- शिक्षकहरूले प्रजातन्त्रको विषयमा पढाउँदा प्रजातन्त्र भनेको समावेशी हुन्छ भनेको। कुनै मुलुकमा प्रजातन्त्र छ या छैन भनेर हेर्नका लागि सबैभन्दा पहिला त्यहाँ समावेशी छ कि छैन भनेर हेर्ने गरिन्छ। प्रजातन्त्रको दोस्रो मापनको आधार भनेको त्यहाँ सहभागितामूलक शासन व्यवस्था छ कि छैन भनेर हेर्नुपर्छ। तेस्रो, समावेशी भनेको त्यस्तो राज्य व्यवस्था हो, जहाँका जनताले बढीभन्दा बढी राज्यले दिएका सुविधाहरू उपभोग गर्न पाउँछन्। यसैलाई समावेशी प्रजातन्त्र हो भनेर हामीले बुझ्नुपर्छ। त्यस्तै किसिमले समावेशी भनेको जनता सार्वभौम भनेर हामी सबैले स्वीकारेको कुरा हो। सार्वभौम जनताले त्यो अधिकार पाउने कि नपाउने भन्ने प्रश्न छ, त्यसको विषयमा पनि बहस चलाउनुपर्दछ।

समावेशी राज्यसंरचना भनेको के हो भने उपेक्षित वर्गहरू, महिला, जनजाति, पिछडिएका वर्गहरू जबसम्म राज्यको निर्णय गर्ने थलोमा पुग्न सक्दैनन्, तबसम्म राज्य समावेशी हुन सक्दैन । र, राज्यको मूलधारमा पुग्न नसकेका वर्गले राज्यले ल्याएको नीति नियम मान्न पनि वाध्य हुने छैनन । लोकतन्त्रको परिभाषा त्यो हो । यसकारण निर्णय गर्ने स्थानमा उनीहरूलाई पुऱ्याउनु पर्छ किनभने उनीहरूले गरेको निर्णयमा अधिकांश जनताको प्रतिनिधित्व हुन्छ र, उनीहरूले मान्नु पनि पर्छ । मान्न बाध्य हुन्छन् । यदि यस्ता किसिमका पक्षहरूलाई राज्यको सबै किसिमका तहमा प्रतिनिधित्व गराइदैन, निर्णय गर्ने ठाउँमा उनीहरूको पहुँच पुग्दैन भने द्वन्द्वको सुरुवात हुन्छ । २०५२ सालबाट सुरु भएको द्वन्द्वको सबै कारण यही हो भनेर ठोकुवा गर्न नसके पनि मुख्य कारण यही नै हो । यसलाई हटाउनका लागि पनि समानतामूलक समाजको निर्माण गर्नु जरुरी छ ।

विडम्बनाका साथ भन्दछौं- हामी महिलाहरू पनि मानव हौं, हामीसँग पनि मानविय व्यवहार गर्नुपर्छ भनेर भन्छौं । तर हामी आफ्नो प्राकृतिक अधिकार जस्तो कि राजनीतिक अधिकारको बारेमा कराइराखेका छौं । नेपालका ५० प्रतिशत मतदाता महिला छन् तैपनि किन महिलाहरू राजनीतिको मूल धारमा आउन सकिरहेका छैनन् त ? राज्यका ८० प्रतिशत महिला श्रममा लागिरहेका छन्, तैपनि उनीहरूमाथि आर्थिक न्याय किन हुन सकेको छैन ? राजनीतिक अधिकार भनेको प्राकृतिक अधिकार हो, हामी त्यो अधिकार पाएर जन्मिएका हुन्छौं । तर, पनि विडम्बना हामी जन्मजात पाएको अधिकारलाई प्रमाणित गर्नका लागि पनि लड्नु परिरहेको छ । अबको समाजमा यस्ता असमानताको अवस्था खारेज गर्नुपर्दछ, नत्र समावेश भनेर मात्र हुँदैन, यसले सफलरूप लिन सक्दैन । अबको नेपालको परिप्रेक्ष्यमा समाजको समावेशीकरणको माध्यमबाट महिलालाई सहभागी गराउँदै लैजाने हो भने के के गर्नुपर्छ भन्नेमा केन्द्रित हुन चाहन्छु । यसका लागि म राजनीतिबाट टिप्पणी सुरु गर्न चाहन्छु ।

राज्यको नीति निर्माण गर्ने थलो भनेको संसद हो । र, त्यसको तल्लो सदन हेर्ने हो भने संविधानले दिएको पाँच प्रतिशतमा उम्मेदवारी दिएको र हालसम्म सम्पन्न तीन वटै निर्वाचन हेर्ने हो भने चार प्रतिशतदेखि ६ प्रतिशतसम्म मात्र प्रतिनिधित्व रहेको पाइन्छ । त्यस्तै माथिल्लो सदनमा हेर्ने हो भने १२ प्रतिशतसम्म मात्र महिलाको प्रतिनिधित्व भएको पाइन्छ । अरु सबै पुरुषहरूको प्रतिनिधित्व रहेको छ । त्यो समावेशी हो कि हैन हेर्नुपर्छ । अर्को अहिले के कुरा आइरहेको छ भने अब हुने संविधानसभामा समानुपातिक प्रतिनिधित्वको आधारमा महिलाको प्रतिनिधित्व हुनुपर्छ । यसमा मेरो पनि सतप्रतिशत समर्थन रहेको छ । राजनीति भनेको नै परिर्वतन हो र परिर्वतन समूहले नै गर्छ । र, महिलाहरू भनेको त्यो ठाउँमा पुग्नै पर्छ । विगतको अनुभवले पनि हामीले के पायौं भने मुलुकी ऐनको ११ औं संशोधनको लागि हामीले कति वर्ष कुर्नुपऱ्यो ? त्यो किन हो भने आफू अनुकूलको सामाजिक संरचनाको निर्माणका लागि महिलाहरू नै त्यो ठाउँमा पुग्नु पर्छ । महिलाहरूको विषयवस्तुमा निर्णय गर्नका लागि हामीले भनिसक्यौं, निर्णय गर्ने स्थानमा पुरुषहरूको नै बाहुल्यता रहेको छ । र त्यहाँ चाहिँ महिलाहरूको विषयलाई महत्व दिइँदैन । महिलाको सरोकारको विषयमा उनीहरूको ध्यान नै जाँदैन र,



महिलाका महत्वपूर्ण विषयहरू पनि प्राथमिकता साथ त्यहाँ उठ्दैन । यसकारण मलाई के लाग्छ भने भोलिको दिनमा संविधानसभा बन्ने बेलामा महिलाको अत्याधिक सहभागिता हुनु अनिवार्य छ । अब संविधानसभाभन्दा अगाडि शान्ति वार्ताको विषयमा ध्यान केन्द्रित गर्नु पनि महत्वपूर्ण हो ।

शान्तिवार्ता र संविधानसभाको यो सदनले मान्यता पाएको छ । मलाई लाग्छ- शान्तिवार्तामा महिलाको कुरा गर्ने हो भने वार्तामा महिलाको अत्यन्त आवश्यकता रहेको छ किनभने माओवादीको पनि घोषणा पत्रहरू हेर्ने हो भने लैंगिक समानता र अधिकारहरू धैरै पटक देखिसकेका छौ । तीन पटकको चुनावमा पार्टीहरूका घोषणा पत्रमा पनि महिला अधिकार र असमानताका कुराहरू धेरै पटक उठाइएको छ । साथसाथै म यो कुरा पनि जोड्न चाहन्छु कि विगत १० वर्षमा यो मुलुकमा १२ हजारभन्दा बढीले ज्यान गुमाएका छन् भने त्यसमा सबभन्दा बढी महिलाहरू प्रभावित भएका छन् । अब ती महिलाहरूको बारेमा सोच्नु आवश्यक छ र वार्ताको टेबुलमा यी विषयवस्तु पनि उठ्नुपर्दछ र अर्कोतर्फ माओवादीतिर हेर्ने हो भने माओवादी सैन्य दस्तामा ४० प्रतिशत महिलाहरू छन् भनेर उनीहरूले तथ्यांक सार्वजनिक गर्ने गरेका छन् । किन ४० प्रतिशत महिलाहरू माओवादीमा गएका छन् त ? उनीहरूको समस्या पो केही थियो कि ? र, अब उनीहरूलाई कसरी अवतरण गर्ने भन्ने विषयले शान्तिवार्ताको टेवलमा महत्वपूर्ण स्थान पाउनुपर्दछ । विगतका दिनमा हामीले के पाएका छौं भने महिलाको विषयवस्तुहरूले हिजोका दिनमा महत्व नपाएकाले नै यो अवस्था आएकाले अबको शान्ति वार्तामा दुबै पक्षका वार्ता टोलीमा महिलाको महत्वपूर्ण सहभागिता हुनुपर्दछ किनकी यदि वार्तामा महिलाको सहभागिता भएन भने फेरी द्वन्द्वबाट उब्जिएका महिलाका समस्या ओभेलमा पर्नेछन् । जसले भोलिका दिनमा फेरि विद्रोहको अवस्था निर्माण गर्ने सम्भावना बाँकी नै रहन्छ ।

उहाँले अर्को कुरा उठाउनुभयो कि यो संविधानसभामा बढीभन्दा बढी महिला कसरी जाने , त्यसपछि मात्र समावेशी संविधान बन्न सक्छ । म केही उदाहरण दिन चाहन्छु । जस्तो साउथ अफ्रिकाको कुरा गर्दा त्यहाँ पनि मण्डेलालगायत त्यहाँ पार्टीहरूले भाग लिएका थिए । त्यहाँ एएमसीका पार्टी लिष्ट सिस्टमको आधार (किन भनेदेखी भोटरले एएमसिको फोटो अगाडि भोट दिन्थ्यो) मण्डेला र डिक्फलरको फोटो अन्य देशभरको फोटो हुन्थ्यो । अनि देशभरका भोटरले भोट दिएपछि त्यसैको आधारमा टिकट दिने प्रचलन थियो । मण्डेलाको पार्टीले हरेक तेस्रोमा चाँहि महिलालाई उम्मेदवार राखेको थियो । यसरी हामी हेर्छौं कि अझ पनि हामी आरक्षणको आधारमा । अर्को कुरा हामी भन्छौं यसलाई पनि छलफलमा राखौं, साउथ अफ्रिकामा पनि गोराहरूको अधिकारका लागि नयाँ संविधान बनाउन संविधानसभा भएको हो । त्यहाँ चाहिँ चुनाव पछिको पहिलो पाँच वर्षमा के भयो भने पाँच वर्षको लागि सर्वदलिय सरकार हुनुपर्दछ र पाँच प्रतिशत भोट ल्याउने पार्टीलाई समानुपातिक प्रतिनिधित्वको आधारमा मन्त्रिपरिषद्मा सहभागि गराउनु पर्दछ । किनभने दक्षिण अफ्रिकाले सुरुमा संविधान बनाउनु थियो । यो नहोस् कि कुनै दलको नेता सांसद होस् तर उसको सरकारमा सहभागिता नहोस । त्यो हुनका लागि पहिलो चुनावका लागि र पाँच वर्षसम्म राष्ट्रिय एकताको लागि समानुपातिक प्रतिनिधित्वको आधारमा सबै पार्टीबो सर्वदलिय सरकार

बनाउनुपर्दछ। त्यो सरकारले दक्षिण अफ्रिकाको संविधान बनाउनुपर्दछ र, सदनमा गएका सम्पूर्ण पार्टीको दायित्व हो त्यो संविधानलाई पास गर्ने। यसकारण हामीले पनि यसलाई छलफलमा ल्याउनु पर्छ। म यो किन भनिरहेको छु भने ठिक छ महिलाहरूलाई आरक्षण दिनुपर्छ, हरेक पटक यो लिष्ट सिस्टममा जाने। यो विषयकै लागि संविधानसभा बनाउने हो। संविधानसभाले संविधान तयार गर्ने हो र त्यो संविधान महिलाहरूको विषयवस्तुमा। अब त्यो संविधानले के कस्तो रूपरेखा कोर्ने हो भन्ने विषयवस्तुको टुङ्गो लगाउने हो। यसकारण महिलाहरूको प्रतिनिधित्व, दलितहरूको प्रतिनिधित्व, जनजातिको प्रतिनिधित्व त्यो संविधानसभामा अनिवार्य छ। विगतको कृयाकलापहरू र राज्यप्रणाली हेर्दाखेरी मलाई त्यो अनिवार्य लाग्छ। मलाई हामी कहाँ पनि संविधानमा तीन वर्षका लागि भन्ने हो कि पाँच वर्षका लागि भन्ने हो, समानुपातिक प्रतिनिधित्व र त्यसपछिको चुनाव समानुपातिक प्रतिनिधित्वको आधारमा होस्।

त्यसैले अब हाम्रो मुलुकमा पनि समानुपातिक प्रतिनिधित्वको आधारमा नै संविधानसभाको निर्वाचन हुनै पर्छ। यसका लागि हरेक पार्टीले चुनावभन्दा पहिला नै लिष्ट तयार गर्नुपर्दछ। त्यो गोप्य ढंगवाट सिलबन्दी हुनुपर्दछ। चुनावपछि त्यो ओपन हुनुपर्दछ। पछि हैन, त्यो पहिला नै बन्छ। निर्वाचन आयोगमा त्यो सिलबन्दी भएर जान्छ। यो यसकारण जरुरी छ कि पछि उम्मेदवार हेरफेर हुने सम्भावना हुन्छ। हामी त्यो किसिमले जानुपर्दछ। हैन भने अघि आरजुजीले भने झै बंगलादेशमा तीन सय ३० सिटमा ४५ सिट महिलाको लागि आरक्षित गरिएको छ। पहिला १५ सिट थियो, पछि ३० भयो र अहिले ४५ पुगेको छ। र त्यहाँ के छ भने ३ सय ३० सिटमा ४५ सिट महिलालाई जितेर आएका सांसदले चुन्छन्। तीन सय ३० मध्ये ४ घटाएर चुनाव हुन्छ, त्यो चुनाववाट आएका सांसदले महिलाहरू चुन्छन्। अब यो प्रणाली हाम्रो लागि ठीक हो वा हैन भन्नेतिर जानुपर्दछ। जस्तो युगाण्डामा पनि भर्खरै संविधान संशोधन भयो र, महिलाहरूले आन्दोलन गरे। त्यहाँको ३० वटा जिल्लाहरू महिलाका लागि छुट्टयाइयो र महिला महिलाबीच नै प्रतिस्पर्धा गराइयो। अब महिला-महिलाबीचमा हामी एकरूपताका कुरा गरिरहेका छौं, अहिले महिला-महिलाबीच एकताको खाँचो रहेकाले त्यसो गर्नु उपयुक्त हुन्छ कि हुँदैन छलफलको विषय बनाउनुपर्छ। महिला महिला लड्नु भन्दा लिष्ट सिस्टमको समानुपातिक आधारमा गयौं भने राष्ट्रिय रूपमा एक हुन सकिन्छ। अरू विभिन्न कुराहरू यहाँ आइसके। जस्तो सरकारी नियुक्तिमा आरक्षण हुनुपर्छ। र, हामीले राजनीतिक रूपमा हेर्‍यौं भने 'ग्राँस रुट'मा परिवर्तनको आभाष नदिएसम्म परिर्वतनको संकेत देखिँदैन। त्यसैले तल्लो तहको स्थानीय निकायहरूमा पनि महिलाको प्रतिनिधित्व बढाउनुपर्दछ।

निर्णय गर्ने स्थानमा जबसम्म महिलाहरू पुग्दैनन्, तबसम्म पुरुषको आधिपत्यमा गरिएको निर्णय मान्नको लागि हामी बाध्य छैनौं। पहिला निर्णय गर्ने स्थानमा महिलालाई पुर्‍याउन उनीहरूले निर्णय गर्छन, अनि मात्र हामी सो निर्णय मान्ने छौं। त्यसैले स्थानीय तहदेखि नै ३३ प्रतिशत आरक्षणको प्रबन्ध मिलाउनुपर्छ। र, त्यो केवल वडा सदस्यहरूमा मात्र हैन, मेयर, उपमेयर जस्तो निर्णायक पदमा



पनि महिलाको प्रतिनिधित्व हुनुपर्दछ। कानुनलाई हामीले एक शक्तिशाली हतियारको रूपमा लिनुपर्छ किनभने त्यसले समाज त परिर्वतन गर्ने रहेछ नि। सतिप्रथालाई चन्द्र शमशेरले प्रतिबन्ध लगाएपछि मात्र त्यो रोकियो, समाजले सती प्रथा मान्दैनौ भनेर भन्न त सकेन नि। आखिर त्यहाँ आदेश नै हुनुपर्‍यो माथिबाट। त्यसैले कानुन र संविधान हुनुपर्‍यो। जब कानुनतः महिला अधिकार सम्पन्न बन्नेछन्, तब मात्र हामी अधिकार सम्पन्न हुन सक्छौं। त्यसैले कानुन निर्माण गर्ने स्थानमा कसरी बढीभन्दा बढी महिलाको प्रतिनिधित्व गराउने भन्ने विषयमा केन्द्रित हुन आवश्यक छ। हाम्रो बारेमा अरू कसैले सोचिदेलान भनेर हामी मान्न तयार छैनौं। विगत १२ वर्षको राजनीतिक अभ्यासमा यो मेरो दृष्टिकोण विकास भएको हो। त्यसैले हामी निर्णय गर्ने स्थानमा महिलालाई पुर्‍याउन चाहन्छौं र, त्यस किसिमको संविधान र कानुन बन्नुपर्दछ भन्नेतिर म जान चाहन्छु। अब बन्ने संविधानमा महिलाको अधिकार सुनिश्चित गर्नको लागि महिलाहरू एक ढिक्का हुनुपर्छ। संविधानमा महिलाको दरिलो प्रतिनिधित्व गराउन सकिएन भने फेरि हामी ठगिन सक्छौं। नत्र हामी फेरि विरोधीको रूपमा आन्दोलनमा नै उत्रिन बाध्य हुनेछौं। यसकारण अब हुने शान्ति वार्तामा, अन्तरिम सरकार वा चुनावी सरकार वा आउने सरकारमा बढीभन्दा बढी महिलाको प्रतिनिधित्व गराइनुपर्दछ। यसका लागि महिला सचेत बनेर अगाडि बढ्नुपर्दछ र, रणनीति बनाएर अगाडि बढ्नुपर्दछ भन्दै म बिदा हुन्छु।

**डा. मीना आचार्य**

अहिलेको वर्तमान अवस्थामा महिलाका अधिकारहरू के हुन् भनेर फेरि विचारविमर्श गरिरहनु पर्छ जस्तो मलाई लाग्दैन। अहिले महिलाका अधिकार के हुन् भन्ने कुरामा समान अवधारणाको निर्माण भइसकेको छ। त्यसैले अबको बाटो भनेको समाधान कसरी गर्ने भन्ने नै हो। यसमा पार्टीगत धारणा भिन्दा-भिन्दै छन्। त्यसैले हामीले पनि पार्टीगत धारणाअनुसार बोल्नुपर्ने बाध्यता रहेको छ। हाम्रो पार्टीको धारणा अहिलेसम्म नबनिसकेको भएर मेरो धारणा के हो भन्ने राख्न चाहन्छु।

पहिलो कुरा त लिङ्ग र महिला कसरी भिन्नै भयो ? वर्गीय समस्या समाधान भयो भने लैङ्गिक समस्या समाधान हुन्छ भन्ने पुरातन विचार वामपन्थीहरूको रहेको छ। जसरी बुर्जुवा विज्ञानले पहिचान गर्न सकेको छैन, त्यसैगरी मार्क्सवादी अवधारणाले पनि महिलाको समस्या 'स्पेसिफिक' हो भन्ने आत्मसात गरेको छैन। अब त्यो आत्मसात गर्नुपर्छ। विश्वको इतिहासले देखाइसक्या छ, कम्युनिस्ट देशहरूको इतिहासले देखाएसक्यो, त्यसैले अब त्यो आत्मसात गर्नै पर्छ। अब नयाँ संविधान बनाउँदा समानता र न्यायको सिद्धान्त प्रमुख हुनुपर्छ। किनभने अहिलेसम्मको पुरुषका लागि संविधान बनाउने, बाहुन-क्षेत्रीको लागि संविधान बनाउने अनि कसलाई के गर्नुपर्ने भयो भनेर खुसुखुसु विशेष आरक्षणको व्यवस्था गर्ने प्रचलन आयो। तर, अब त्यो हैन, स्पष्टतः समानता र सामाजिक न्याय हुनै पर्छ। खास गरेर अहिले सामाजिक न्याय भनेर पछाडि परेका जनजातिहरू, दलितहरूको कुरा गर्छौं। तर यो मात्र हैन नि। महिलाहरू केबल २ सय वर्षले पछाडि परेका हैनन। महिलाको विषेश उत्तरदायित्व छ-प्रजनन र बालबालिकाको रेखदेख गर्ने, जुन प्रकृतिले दिएको

उत्तरदायित्व हो। त्यसलाई पूरा गर्ने काम समाजको पनि हो, महिलाको मात्र किन ?। त्यो उत्तरदायित्व राज्यको पनि हो। त्यसमा लागानीको कुरा गर्न पाईंदैन। मान्छे नै भएनन् भने के हुन्छ। ल अब महिलाले बालबालिका जन्माउँदैनन् रे, बालबच्चाको रेखदेख गर्दैनन् रे। अनि राज्यले के गर्छ ? के को आधारमा कसको लागि राज्य गर्छ ? त्यसैले स्पेसिफिक आवश्यकताको आधारमा संविधान बन्नुपर्छ। पुँजीवादी प्रजातन्त्र स्थापना गरेर बसेका देशहरूमा यो समस्या छ। केही पनि नगरेर सबैजनाले आफ्नो उत्तरदायित्व छोड्दै गएको हुनाले अब चैं उत्पादन दर नै कम छ, उनीहरूको। अहिले इटलीमा एक दशमलव २ प्रतिशत छ। कम्युनिष्ट देशहरूमा अहिले घटेर एक दशमलव तीन/चार पुगिरहेको छ। अमेरिकामा त्यही भइरहेको छ। भन्दाखेरी बुढाबुढाहरू बढ्दै जाने, काम गर्ने मान्छे नहुने, अनि त्यो बुढालाई कसले हेर्ने ? त्यो बुढाहरूलाई काम गरेर कसले पालिदिने। त्यसैले अहिले अन्य त्यस्ता देशहरूले हाम्रो जस्तो देशका जनशक्ति अलिअलि गर्दै खुस्काइरहेका छन्।

दोस्रो सिद्धान्त, म के भन्छु भने हामीले पुरुष सरह समानता भनेर पुरुषले जे-जे गऱ्यो, त्यही गर्ने हाम्रो आर्दश हैन। हाम्रो आर्दश मानवीय हुनु पर्दछ। नारीवादी आदर्श हुनुपर्दछ। त्यो आदर्शमा समाजको निर्माण हुनुपर्दछ। अब लडाइँ जितेर मान्छेहरू ठूलो हुने, हजारौं मान्छेको सेवा गर्ने मान्छे ठूलो नहुने ? पहिला लडाई गर्ने अनि पछि आएर शान्तिवार्तामा बस्ने मान्छेहरूलाई पुरस्कार दिने ? त्यसैले यो लडाइँवादी सिद्धान्त भनेको पुरुषवादी सिद्धान्त हो। त्यो सिद्धान्तबाट हामीले नारीवादी न्यायमूलक समाजको निर्माणतिर लाग्नुपर्दछ। त्यसका लागि कस्तो संविधान बनाउनुपर्छ, अब हामीले हाम्रो ध्यान त्यतैतिर तान्नुपर्छ। सबैभन्दा ठूलो कुरा यही हो। महिला विशेष वर्ग हो। महिलालाई वर्ग, जातजातिको सबै क्षेत्रबाट उत्पिडन हुन्छ। यसमा दलित वर्गमाथिको उत्पिडन अझ बढी हुन्छ। एउटा बाहुन परिवारको महिलामाथि भन्दा दलित तथा तल्लो वर्गको महिलामाथि बढी अत्याचार हुन्छ। यदि लिङ्गको सवाल नै नभएको भए त त्यो हुँदैनथ्यो होला नि ? त्यसैले लिङ्गका सवाल छन्। त्यसैले अबको संविधान लिङ्गबीच कायम विभेद हटाउन सक्षम हुने गरी निर्माण गर्नु पर्दछ।

सम्पत्तिमाथिको अधिकारको सवाल हो। लिङ्गको सवाल हो। जातजातिको सवाल हो। सामाजिक वर्गको सवाल हो। राजनीतिक सवाल हो। तर सबै थोपरिएको महिलाको सवाल हो। विचरा महिला, सबैभन्दा बढी बलात्कार हुने मध्ये पनि तल्लो वर्गका दलित महिलो छन्। बाहुनका छोराहरूले अथवा भनौं ठूला जातिका छोराहरूले तल्लो जातिका महिलाहरूलाई बलात्कार गरेका हुन्छन्, अनि तिनीहरूको कुनै कानुनी उपचार नै छैन। अनि सबै गाउँलेहरू मिलेर मुद्दा पनि चलाउन दिँदैनन, ढाकछोप गरिहाल्छन्।

अर्को रमाइलो कुरा के छ भने अहिलेको वर्तमान अवस्था हेर्ने हो भने हामी त यो देशका नागरिक नै हैनौ नि। यदि हो भने त राज्यले हाम्रो नाममा किन नागरिकता दिँदैन। यदि हामी नागरिक नै हैनौ भने किन राज्यको केही काममा सहभागी हुने ? नागरिकतामा हामीलाई समानताको अधिकार चाहिन्छ। सम्पत्तिको अधिकारमा समानता चाहिन्छ। अनि रोजगारीको सुरक्षा चाहिन्छ। बच्चा पाउने बित्तिकै काममा लगाउन पाईंदैन। बच्चा पाएर हुर्काउने अवधिको न्यूनतम दुई



वर्षको खर्च राज्यले बेहोर्नुपर्छ। राजनीतिक प्रतिनिधित्व निर्वाचित हुनुपर्छ। मनोनित हुनुहुँदैन। वडा समितिमा ९ जनामाथि जो आउँछन्, तिनीहरू एकदम तगडा छन्। तर पकेटबाट जुन गाविस, जिविसमा जान्छन्, उनीहरू महिलाका लागि काम गर्दैनन्। खाली अध्यक्षलाइ खुसी पार्ने काम मात्र गर्छन्। त्यसैले सबै निर्वाचित हुने व्यवस्था गर्नुपर्छ। शिक्षामा समान पहुँच पनि हाम्रो छैन। त्यो किन छैन भने राज्यले सामाजिक दायित्व नबोकिदिएकाले।

स्वतन्त्रताको संरक्षण पनि हुनुपर्छ। महिलाहरूलाई संरक्षण गर्ने भनेर अरब देशहरूमा काम गर्न जान नदिने ? महिला बेच्नेहरूलाई समात्ने दायित्व सरकारको हो। उनीहरू त्यो गर्न नसक्ने अनि महिलाहरूको स्वतन्त्रताको हनन गर्ने ? महिलाहरूलाई बाहिर जाँदा पासर्पोट १७ चोटी पल्टाएर किन हेर्ने ? स्वतन्त्रताको संरक्षण, अस्तित्वको संरक्षण, राज्यले गरिदिनु पर्छ। त्यसको लागि हामीलाई विशेष कानुन चाहिन्छ। त्यो समाजिक न्यायको अधिकार चाहिन्छ।

**सावित्री बोगटी, नेका**

मलाई यस्तो गहन कार्यक्रममा निम्ता गर्नुभएकोमा आयोजकलाई धन्यवाद। कार्यपत्र अंग्रेजीमा भए पनि उहाँले प्रस्तुत गर्दा नेपालीमा गर्नुभएकाले सबैले सहजरूपमा बुझेको मैले अनुभव गरेको छु। मलाई त खुसी पनि लाग्यो। यसले वास्तवमा महिलाको सबै समस्यालाई सम्बोधन गरेको छ। मभन्दा अगाडिका वक्ताहरूले जे बोलेका छन्, त्यसले नै महिलाहरूको समस्त समस्याको प्रतिनिधित्व गरेको छ। हामी अलिकता सचेत भएका महिलाहरूको दायित्व पनि यही हो। यसले अन्य महिला वर्गमा पनि चेतनाको प्रवाह गर्ने छ।

संसदमा मात्र महिलाको प्रतिनिधित्व हुँदैमा समस्या समाधान हुन्छ भन्ने लाग्दैन। हरेक वर्ग, तह र तप्कामा महिलाको प्रतिनिधित्व हुनुपर्छ अनि मात्र वास्तविक अर्थमा हाम्रो समस्याको सुनुवाई हुने छ र, समाधान हुने छ। डक्टरहरूको ठाउँमा डाक्टरको भूमिका हुनुपऱ्यो, वकिलहरूको ठाउँमा वकिलको भूमिका हुनुपऱ्यो, शिक्षकको ठाउँमा शिक्षकको भूमिका हुनुपऱ्यो। दलित र तल्लो वर्गको मात्र के कुरा गर्ने सचेत वर्गको रूपमा परिचित हाम्रो सञ्चारकर्मीमाझ पनि त महिला र पुरुषबीच असमान व्यवहार विद्यमान छ नि। क्षमता भएर पनि अहोरात्र खट्नुपर्ने ठाउँमा समय दिन नसकेका कारण त्यो ठाउँमा काम गर्न नपाएको धेरै उदाहरणहरू भेटिन्छन् नै। पढेलेखेका महिलाहरू पनि समाजमा कुण्ठित भएर बस्नुपरेको छ। कुनै न कुनै रूपमा हामीले हाम्रा घरमा विद्रोह गर्नुपरिरहेको छ।

अन्तमा संविधान बनाउँदा हिजो पाँच प्रतिशतमा सहमति व्यक्त गरे। अब अर्को संविधान बनाउँदा ६ प्रतिशत भन्दा माथि उक्लेलान भनेर कहाँ आशा गर्न सकिन्छ र। तर, यस्तै फोरमहरूले चुनौतीका साथ आवाज उठाउने हो भने आवाजलाई नकार्न राजनीतिक दलले पक्कै सक्दैनन्। यो जनताले बनाइ दिएको आवाज हो।

आज व्यवहारमा हेर्दाखेरी त्यति राम्रो संकेत देखिएको छैन। जे मुखले भनिएको छ, त्यो राजनीतिक संयन्त्रमा बदल्नु परेको देखियो नै। तर भोलिका दिनमा राजनीतिक दलहरू यसरी नै अगाडि बढ्नसक्ने अवस्था म देख्दिनँ। समावेशी भनेको के हो भन्ने विषयमा अबका पुस्तालाई सहज रूपमा बुझाउनका लागि पाठ्यक्रममा

समेत समावेश गर्नु पर्छ। यस विषयमा चेतनशील महिलाहरूले देशका कुनाकुनामा पुगेर उत्पिडन सहेर बसिरहेका महिलाहरूलाई सचेत र जागरुक बनाउन सक्रिय भूमिका निर्वाह गर्न सक्नुपर्छ।

**खुसियाली सुब्बा**

म आदिवासि जनजाति प्रतिष्ठानबाट आएको हुँ। मेरो धेरै कुरा छैन, मेरो कुनै पार्टी नभएको र जनजाति महिला भएकाले म जनजाति महिलाको भुमिका के हो र उनीहरूको अवस्था के छ भन्ने विषयमा केही प्रकाश पार्न चाहन्छु। डाक्टर आरजुले उठाउनुभएको विषयवस्तु निक्कै गहिराइमा पुगेको छ। विषेशत यसमा कमेन्ट गरिहालौ भन्ने त्यस्तो केही देखिँदैन। तैपनि यसमा जनजाति महिलाको विषयमा उल्लेख गरिएको केही विषयवस्तुमा केन्द्रित भएर म मेरा कुराहरू राख्ने प्रयास गर्ने छु।

डा. आरजुले एउटा संसदीय कुरालाई जोड दिएर तथ्यांक राख्नु भएको छ, त्यसमा चाहिँ 'हिल सोसियल ग्रुप' भनेर भन्नुभएको छ। तर यसमा हिल सोसियल ग्रुप भनेको को हो त ? एउटा प्रश्न हो। यदि यो जनजाति हो भने यसमा के स्पष्ट हुनु पर्दछ भने जनजातिहरू भने पहाडमा मात्र छैनन, तराई, हिमाल जतातते पुगिसकेका छन्। जनजाति महिलाको हकमा कुरा गर्ने हो भने महिलाले समावेशीको कुरा गरिरहेका छौं। महिलामा पनि जनजाति महिलाको समावेशीकरणलाई बढी जोड दिनपर्छ जस्तो मलाई लाग्छ। किनभने आजको फोरमको कुरा नै गरौं न, यहाँ पढेलेखेका महिलाको संख्यामा जनजातिको सहभागिता कतिको छ, त्यो तपाईहरूले नै देखिरहनु भएको छ। यस्तो बौद्धिक वर्गहरूमा जनजाति महिलाको सहभागिता उल्लेख्य हुँदैन किनभने एक त उनीहरूमा सुचना पनि पुग्दैन र पुगे पनि उनीहरू असहज अनुभव गर्न पुग्छन्।

जनजाति महिलाको समावेशीकरण किन पनि चाहिन्छ भने आज महिला आन्दोलनले जतिपनि विषयहरू उठाएको छ, त्यसमा एउटा नेपाली महिला हुनुको हकमा सबै जायज छ। तर जनजाति महिलाको विषय भने 'मार्जिनलाइज्ड' भएर गएको छ। म उदाहरण दिन चाहन्छु-आज २ सय ३७ वर्षको इतिहासको जतातते चर्चा हुने गरेको छ। यसमा बढी समय नलिऊ। तर, २ सय ३७ वर्षको इतिहासमा जनजाति महिलाहरूमा कहाँ नेर, कसरी परिर्वतन आयो भन्ने कुराको खोजी गर्नु जरुरी छ। हिमाली बेल्टका जनजातिहरूमा बहुपति प्रथा कायम छ। यहाँको कानुनले बहुपति प्रथालाई मान्यता चाहिँ दिँदैन। तर, त्यो प्रचलन अहिले पनि छ। त्यहाँको सामाजिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक कारणहरूले त्यो छोड्दा फरक पर्दैनभन्दा उनीहरू हामीहरूकहाँ त्यस्तो सम्भावना छैन भन्छन्। तसर्थ उनीहरूकोमा प्रचलन कायम रहे पनि लुकाउनुपर्ने बाध्यता कायमै छ। अब त्यो एउटा कारण भयो। हाम्रा जनजाति महिलाहरू जो अहिले पनि जङ्गलमा बसिरहेका छन्, तिनको अवस्था कस्तो होला। राउटे जातिका पुरुषहरू केही प्रतिशत समाजमा घुलमिल हुन थालेका भए पनि त्यो समुदायका महिलाहरू अहिलेसम्म समाजमा निस्केका छैनन। उनीहरू पूर्णरूपमा जंगली बनेर बसिरहेका छन्। यो अवस्थामा नेपालमा महिला नै प्रधानमन्त्री भए पनि उनीहरूको पहुँचसम्म शिक्षा कसरी पुग्न सक्छ ? उनीहरू कसरी जंगलबाट बाहिर निस्कन सक्छन् ? त्यो कुरालाई कसरी



एडजस्ट गर्ने ? यस विषयमा किन कसैको ध्यान जान सकेको छैन। उच्च ओहदामा सीमित महिलाको प्रतिनिधित्व मात्र महिलाको समस्याको समाधान हो भन्ने जस्तो मलाई त लाग्दैन।

जस्तो म लिम्बू परिवारको सदस्य हुँ। लिम्बूभित्र के परम्परा छ भने हामीले बिहे गरेर गएपछि यदि लोग्नेसँग चित्त बुझेन भने मैले उसले बिहेको बेलामा दिएको दस्तुर फिर्ता गरेर पुनः कन्या हुन्छु। म कुमारी केटी बराबर नै हुन्छु। मलाई समाजले मान्यता दिन्छ। मैले फेरि पूर्ण सम्मानका साथ पुनः विवाह गर्न सक्छु। यदि मेरो विवाह भएन भने मैले माइतीमा पाउनुपर्ने जतिपनि पैतृक सम्पत्तिमाथिको अधिकार हो, त्यो बराबर हुन्थ्यो। यो कुनै कानुनले दिएको अधिकार हैन, हाम्रो परम्परा हो।

हाम्रो समुदायमा त पैतृक सम्पतिमाथि महिलाको अधिकार पहिलादेखि नै थियो। तर कानुनले आएर यस्तो अवस्था निर्माण गरिदियो अब पैतृक सम्पत्तिमाथि अधिकार पाउनका लागि हामीले एउटा निश्चित सर्त पालना गर्नुपर्ने हुन्छ। यो त जनजाति महिलाको समस्याको विषयवस्तु हो। यो विषयमा तपाईहरूको ध्यान गएको खै ? महिलावादी आन्दोलनमा यो कुराले प्राथमिकता पाएको खै ? यस्ता धेरै उदाहरणहरू छन्, यदि समावेशीकरण भनेको कुनै विषेश समूहको निर्णायक क्षेत्रमा प्रतिनिधित्व गराउनु हो भने जनजाति महिलाहरूको लागि महिलाभित्रै पनि छुट्टै आरक्षणको व्यवस्था हुनुपर्छ। त्यहाँ उनीहरूको सहभागिता हुनुपर्छ। नत्र हाम्रा यावत् समस्या जहाँको त्यहीँ हुन्छन्। जस्तो विश्वमा भर्खर बनेका नयाँनयाँ संविधानहरूमा एकदमै पछाडि परेका जातिहरूलाई पनि माथिल्लो तहमा ल्याएर राखिएको छ। उनीहरूको समस्याको सही प्रतिनिधित्व होस् भनेर। किनकी उनीहरूको समस्या के हो भन्ने उनीहरूमात्र थाहा हुन्छ, त्यसको लागि कुनै किताबको ठेली पल्टाएर बस्नुपर्ने आवश्यकता छैन। जस्तो साउथ अफ्रिकाको संविधानमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व भनेर स्पष्ट किटान गरिएको छ। यस्ता कुराहरूलाई लिएर म तपाईंहरूलाई के अनुरोध गर्छु भने महिलाबीचमा पनि बिभिन्न वर्गका बिभिन्न समस्या छन्। कुनै वर्ग विषेशको महिलाको मात्र प्रतिनिधित्व हुने हो भने जति प्रतिशत प्रतिनिधित्वको व्यवस्था गरे पनि समग्रमा समानुपनातिक रूपमा महिलाको समस्या समाधान हुन सक्दैन। त्यसैले मैले यहाँ जोड दिइरहेको हो कि महिला वर्गभित्र पनि जनजातिको लागि छुट्टै आरक्षणको व्यवस्था हुनुपर्छ।

**रीता भण्डारी**

म नेपाली कांग्रेसको महासमिति सदस्य हुँ। मेरो घर धनकुटाको ग्रामीण क्षेत्रमा पर्छ। यहाँ धेरै कुराहरू आइसकेका छन्। अब यो कार्यपत्रमा के टिप्पणी गर्नु ? मैले उति धेरै पढेको छैन र म यसको टिप्पणी गर्न पनि सक्दिनँ। जुन महिलाको सवालको विषयमा कुरा उठाइएको छ, त्यो विषयमा विद्वान महिला नेतृहरूले आफ्नो विचार राखिसक्नु भएको छ। मेरो यो कार्यक्रममा सहभागिताको उद्देश्य भनेकै सुन्ने र सिक्ने थियो। तर सुन्दा-सुन्दा मलाई पनि केही बोल्न मन लाग्यो। यस्ता कार्यक्रमहरू काठमाडौंमा मात्र सीमित हुने गरेको छ, जसले गर्दा हामीजस्ता ग्रामीण महिलाको लागि यस्तोमा सहभागी हुने अवसर विरलै हुन्छ। यदि

यस्ता कार्यक्रम ग्रीमण क्षेत्रमा गर्ने हो भने मजस्ता धेरै नारीहरू लाभान्वित हुन्थे। यस्ता फोरम कमसेकम जिल्ला तहमा पुऱ्याउनु आवश्यक छ।

अब महिलाको विषयमा यहाँ धेरै कुरा आइसकेका छन्। सहभागिताका कुरा आए, समानताका कुरा आए, अनि आरक्षणका कुरा पनि आए। म यहाँ जनजाति महिलाको विषयमा केही कुरा राख्ने प्रयास गरिरहेको छु। जनजाति महिलासँग बढी घुलमिल भएकाले उनीहरूको समस्याको विषयमा बोल्ने प्रयास गर्दैछु।

यहाँ माओवादीको कुरा उठ्यो, अनि त्यहाँ महिलाको बढ्दो सहभागिताको कुरा पनि आयो। त्यो विषयमा मैले नजिकबाट हेर्ने र अनुभव गर्ने अवसर पाएकाले नै केही कुरा बताउने प्रयास गरेको हुँ। माओवादीले पहिला के गरे भने उनीहरूको पहिलो रणनीति अनुसार जहाँ जुन जातिको बाहुल्यता रहेको छ, त्यहाँ त्यस्तै प्रकारका नाराहरू दिए। तामाङ बढी भएको स्थानमा ठुला जातिले तिमीहरूको शोषण गरेका छन्, अत्याचार गरेका छन् भन्थे। अनि ठुला जाति बसेको स्थानमा गएर भने राज्यले तिमीहरूलाई ठगेको छ, त्यसैले हामीसंग सहभागी बन, हामी त्यसको प्रतिवाद गर्छौं भन्थे। उनीहरूमा सहभागी महिलाको संख्या हेर्ने भने सबैभन्दा बढी जनजाति र दलित समुदायकाको बाहुल्यता रहेको छ। त्यहाँ महिलाको अधिकारको नाममा क्षेत्रीय नारा दिएर हतियार उठाउन सक्साइयो।

मैले यहाँ जनजातिको कुरा किन गरेको हो भने उनीहरूलाई यदि हामीले स्थान नदिने हो भने त भोलि माओावादीको भन्दा ठूलो विद्रोहको सुरुवात हुनेछ। पक्कै हुने छ, किनभने हिजोका दिनमा माओवादीले उनीहरूलाई आफ्नो पार्टीमा सहभागी गराउनका लागि हुन सक्ने नसक्ने सबै चर्का नारा दिएर लगेका छन्। गाउँमा यस्तै चेतना फैलाएका छन्। सबै पूरा गर्न नसके पनि उनीहरूको केही आशिंक मागहरूलाई भने पूरा गर्नै पर्दछ। नत्र भने हामी अन्य समुदायले पाएको अधिकारको पनि कुनै अर्थ रहँदैन। किनभने अहिले महिला-महिला मिल्दा त यस्तो अवस्था छ, भोलिका दिनमा जातिय रूपमा एक महिला समूह अर्को महिला समूहको विरुद्धमा उठे भने त घाटा लाग्ने हामीलाई नै हो। धनकुटाको कुरा गर्ने हो भने मेरो गाउँमा आर्यहरूको जनसंख्या २० प्रतिशत मात्र हो। त्यहाँ हामीले जनजातिसँग नमिली धरै छैन। यस्ता ठाउँहरू धेरै छन्। यदि भोलिका दिनमा जातिगत रूपमा महिलाहरू विद्रोहमा लागे भने यस्ता ठाउँमा रहेका अल्पसंख्यक महिलाहरू नै पहिलो आक्रमणको निसाना बन्ने पक्का छ। पहाडी जिल्लामा जनजातिहरूको बढी बाहुल्यता रहेको छ, जहाँ माओवादीको बढी प्रभाव छ।

जुनसुकै पार्टीमा पनि महिलालाई अवसर दिनेभन्दा पनि फकाउने परम्परा रहेको छ। हामीलाई कहिले भगवती भन्छन्, कहिले देवी भन्छन्। तर अधिकार दिने बेलामा केही छैन। हामी देवी भगवती केही पनि हैनौ, एक्काइसौ शताब्दीका महिला हौं। जो समान अधिकारको पक्षमा जुटेका छौं। हामीले पुरुषले पाएको अधिकार खोस त भनेका छैनौं नि। हामीले त हाम्रो खोसिएको अधिकार मात्र मागेका हौं। हामी देवीकुमारी बनेर दया मायाको भरमा राजनीतिमा आउन चाहँदैनौं। हामी पनि लडेर भिडेर प्रतिस्पर्धा गरेर आउन चाहन्छौं तर यसका लागि निश्चित कुनै व्यवस्था त हुनुपऱ्यो नि। हामी पनि पुरुष सरह हिँड्न सक्छौं, काम गर्न सक्छौं, नै देवी भगवती बनेर हैन, महिला बनेर।



अहिले समावेशीकरणको कुरा चलेको छ। म एउटा राजनीतिक पार्टीमा लागेको मान्छेमा त के हो समावेशीकरण भनेको ? यो भयो भने के हुन्छ ? भएन भने के हुन्छ ? भन्ने राम्रो ज्ञान छैन भने घाँसपातमा नै जीवन गुजारेका हाम्रा ग्रामीण भेगका महिलाले यो समावेशीकरण भनेको कसरी बुझ्ने। म त यहाँ पहिला पदको हैन, ज्ञानको समावेशीकरण हुनुपर्छ भन्छु क्या। यहाँ सहरमा बस्नासाथ कोही ज्ञानी, चलाख हुने त हैन नि। भए भरको सबै कुरा यहीं छ। ज्ञानगुनाका कुरा यहीं छ, पढेलेखेका मान्छे यहीं छन्, अनि यस्ता कार्यक्रम पनि यहीं हुन्छ, किन चलाख नहुनु ? त्यसैले यो ज्ञानको अवसर ग्रामिण भेगका महिलालाई पनि दिनुपर्छ।

**गोमा पराजुली**

यहाँ महिला नेतृहरूको सहभागिता देखिएकाले उहाँहरूलाई केही भनिहालौं भनेर यो माईक समाउने हिम्मत गरेको हुँ। मलाई यहाँ एउटा प्रस्ताव राख्न मन लागेको छ। उहाँहरूले अहिलेको संसदमा महिलाहरूको समस्याको विषयमा कुरा उठाउन सक्नुपऱ्यो। राष्ट्रिय राजनीतिको विषयमा चर्चा हुँदा महिलाको भूमिका देखिनुपऱ्यो। महत्वपूर्ण प्रस्तावको प्रस्तावक हेरौं कि सर्मथक सबै पुरुष नै किन ? किन त्यहाँ प्रतिनिधित्व गर्ने महिलाहरूले यस्ता प्रस्ताव राख्न सक्दैनन्। संसद्मा यो प्रस्ताव महिलाले राख्ने यो पुरुषले राख्ने भन्ने त छैन होला नि। त्यसैले महिलाहरू पनि कोहीभन्दा कम छैनन् है भनेर देखाउनका लागि पनि राष्ट्रिय मुद्दाको बहसमा महिला नेतृहरूको सहभागिता हुनुपऱ्यो। नत्र त्यहाँ माननीय बनेर गएको केही मतलव छैन। खुरुक्क राजीनामा दिएर चुलोचौका सम्हाल्न घरमा बसे हुन्छ। हामी जिल्लामा बस्ने मान्छे, हामीले सधैं केन्द्रमा बसेका नेतृहरूको लाचारीको सिकार बन्नुपर्छ। हामीलाई महिला दिदीबहिनीहरूले सोध्छन्, जिल्लामा रहेका पुरुष नेताहरूले भन्छन्, खोइ त तिम्रा महिला नेताहरूले बोलेको भनेर।

हामीले बोलेर मात्र हुँदैन। धेरै बोल्नुभन्दा त काम गरेर सक्षम छौं है भनेर देखाएको नै प्रभावकारी हुन्छ होला। त्यसैले संसदमा जाने हिम्मत गर्ने महिला सांसदहरूले आफ्नो बुद्धिको बिर्को उघार्नुपऱ्यो। जाने संसद्मा तर दिमागमा भने घर चुलो चौको मात्र छ भने किन महिला असक्षम छन् भनेर आफैं प्रमाणित गर्नुहुन्छ। हो हामीले पुरुष सरह समान अवसर पाएका छैनौ, तर पाएको अवसरको सदुपयोग गरेर प्रभाव जमाउन त सक्नुपऱ्यो नि।

**शोभा अधिकारी**

जसलाई पीडा छ, त्यसले मात्र आफ्नो पीडा राम्ररी पोख्न सक्छन्। मेरो घर गोर्खा। मैले पहिला घरबाटै विद्रोहको सुरुवात गरेको थिएँ। जब म चेतनशील भए त्यसै बेलादेखि मलाई अधिकार त मागेर पाइँदो रहेनछ, त्यो त खोस्नुपर्ने रहेछ भन्ने लाग्यो।

पढ्ने क्रममा काठमाडौं आएर पद्म कन्यामा भर्ना भएँ। आफ्नो अधिकार खोज्ने क्रममा युनियनको फोरम मिल्यो। त्यहाँ काम गर्दा कहिले काहीँ घर जान ढिला हुन्थ्यो, त्यसको बदलामा म घरमा थुनिनुपर्थ्यो। दाईले मलाई थुन्नुहुन्थ्यो। तर त्यसले मलाई हतोत्साही पारेन, झन् सुरो बनायो। ५/६ दिन गर्दै मैले घर आउने समय ढिलो बनाउँदै लगे पछि हुँदाहुँदा पछि दाइहरू आफै थाके। अब म

विषयवस्तुमा केन्द्रित हुन चाहन्छु। समावेशीको कुरा गर्दा हामीमा रहेको शताब्दियौंका समस्याहरू रहेका छन्। यसका लागि समावेशीकरणमा यी सबैलाई सम्बोधन गर्नु अनिवार्य छ। यहाँ त्यस्तो कुनै क्षेत्र छैन, जसलाई सम्हाल्नुपर्ने नहोस्।

त्यसैले समावेशीकरणमा कुनै स्थान, क्षेत्र, वर्ग मात्र हेर्नुहुँदैन। पहाड वा तराइ वा हिमाल भनेर कुनै बार राख्नुहुँदैन। समावेशीकरणको रेखाङ्कन गर्दा सबै क्षेत्रका सबै वर्ग जातजातिलाई समान अवसरको निर्माण गर्नुपर्छ। महिलाको सवालमा हाम्रो समस्या भनेको हामीले आफैंलाई सेल्फ मोटिभेटेड गर्न सकेनौं। यसको प्रयास माथिल्लो वर्गमा पुगेका महिला नेतृहरूले गर्नुपर्‍यो। जसले जुन माध्ययमबाट चेतना फैलाउन सक्छौं, त्यही माध्यय अपनाउनुपर्छ। बोली हुनेले बोली, कलम हुनेले कलमको उपयोग गर्नुपर्छ।

**महेन्द्र लिम्बू**

हाम्रा नेताहरूको भाषण त सधैं सुनिरहेको नै हो। अब त तल्लो वर्गका जनताको कुरा सुन्नुपर्छ। सबैभन्दा पहिला कानुन बलियो हुनुपर्छ। यसका लागि भाषण हैन, काममा बढी ध्यान दिनुपर्‍यो। सामान्य उदाहरणको रूपमा लिउँ न- हिजोका दिनमा सडकमा आयोजित सदनको अध्यक्षताका लागि कसैले हानथाप गरेनन्। प्रतिनिधिसभाका पुरुष नै प्रमुख थिए, तारानाथ रानाभाट। तर उनी आएनन्। त्यसपछिको रोलक्रममा उपसभामुख पर्नुभयो र उहाँले सो प्रस्ताव स्वीकार गरी सडकमा बसेको पतिनिधिसभाको बैठकको अध्यक्षता गर्नुभयो पनि। तर अहिले हेरौं त के भयो। सडकबाट सदन पुगेपछि पुरुषको आँखाले सडकको सक्षमताका साथ नेतृत्व गर्न सक्षम चित्रलेखा यादव बन्द कोठाभित्र पुग्नासाथ असक्षम देखिनुभयो। यही हो यहाँ बोलाई र गराइमा भिन्नता। यही हो महिलामाथिको असमानता। हामी महिला नेताहरू पनि कमका छैनौं। यदि भाषणमा भन्दा काममा हामीले विश्वास गर्ने थियौं भने हामी दलका नेताहरूको त्यो व्यवहारको विरोधमा सदन घेर्न जानुपर्थ्यो, तर हिजोका दिनमा झै हामी फेरी कोठाभित्र पुरुषलाई गाली गरेर बसिरह्यौं। यो व्यवहार भोलिको दिनमा पुनः नदोहोरिएला भनेर कसरी भन्ने ? त्यसैले यो समावेशी समावेशी भनेर कराइरहनुभन्दा हामीले आफ्नो वर्गको अधिकारका लागि शसक्त र एकतावद्ध भएर बोलीमा भन्दा काममा ध्यान दिनसक्यौं भने पक्कै पनि महिला र पुरुष हरेक क्षेत्रमा बराबर हुनेनै छ।

**विन्दा राणा**

महिलाहरूको नेतृत्वमा पहुँच, संविधानसभामा पहुँच भन्ने कुराहरू यहाँ आएका छन्। संविधानमा महिलाको हक अधिकारको विषयमा कति प्रतिशत के-केमा व्यवस्था हुनुपर्दछ भन्नेमा बहस केन्द्रित भएको देखिन्छ। मलाई के लाग्छ भने महिला र पुरुषमा के भिन्नता छ ? एउटा लिङ्ग न हो ? त्यसभन्दा त अन्यमा केही भिन्नता छैन। पुरुषले पाए जतिको अवसर पाउने हो भने महिला पुरुषभन्दा कमजोर देखिने छैनन् नै। यसका लागि यो क्षेत्र त्यो क्षेत्र भनेर हुँदैन, हरेक पक्षमा ५० प्रतिशत सहभागिता। घरपरिवार भनौं या राष्ट्रको निर्णायक तहलगायत सबै क्षेत्रमा ५० प्रतिशत सहभागिता भयो भने हाम्रो समस्या समाधान हुने नै छ।



**डा. आरजु देउवा**

आजको कार्यक्रम साच्चिकै लाभदायक र रोचक लाग्यो। अब स्पष्ट के छ भने समावेशीकरणको विषय र संविधानसभाको विषय साच्चिकै दिगो प्रजातन्त्रमा कसरी जिउने भन्ने विषयमा हाम्रो आ-आफ्नो विचार रहेछ। अब यसलाई कसरी हुन्छ एकीकृत गरेर संविधानसभाको अभ्यासका लागि तयारी गरी नयाँ संविधानमा कसरी लाने भन्नेमा केन्द्रित हुनु पर्दछ। हामी चनाखो हुनुपर्ने विषय के हो भने कुनै पनि हालतमा कुनै पनि बाहानामा हतारमा नयाँ संविधानको निर्माण गर्न दिनुहुँदैन। किनभने हतारको काम सधैं लतार नै हुन्छ।

खुसीजीले उठाउनुभएको कुरा भारतमा पनि उठेको थियो। त्यहाँको मुस्लिम समुदाय र राष्ट्रिय कानुनको विषयमा त्यसको परिवर्तित रूपमा भनौं, यहाँ पनि जातीय पहिचानको सवालमा त्यो विषय उठिरहेको नै छ। हाम्रो देश हिन्दु राज्यको रूपमा रहेको छ। अब त्यसलाई परिवर्तन गर्ने कि नगर्ने त ? यदि सेक्युलर सेपमा जाने हो भने अन्य जातिहरूको धार्मिक, सामाजिक मान्यतालाई कसरी लिएर जाने त ? यसका लागि तल्लोतहबाट नै अभियान प्रारम्भ गर्नुपर्छ।

नेपालको जनसंख्याको ४० प्रतिशत त युवाहरू छन्। उनीहरूसँग पनि विचार लिनु जरुरी छ। त्यसैले म ताराजीलाई युथ फोरम पनि राख्न आग्रह गर्दछु।

डा. मीनाले गर्नुभएको कुरामा मेरो बढी ध्यान तानेको छ। त्यो आधारभूत प्रश्न हो। उहाँको जुन तर्क छ नि, महिलाहरूको खास आवश्यकताहरू छन्। हामी आमा बन्छौं, आमा बनेको भोलिपल्ट म जे भए पनि म आमा हैन, अब बच्चालाई यहाँ छोडेर जान्छु भन्न सक्दैनौं। पुरुषहरूले सक्छन्। र, जुन राष्ट्रले बच्चालाई हेर्ने खर्च दिन्छ त्यो राष्ट्र लोककल्याणकारी हुन्छ।

मैले मेरो लागि मात्र बच्चा पाएको हैन, यो देशको एक जना सदस्य थपिएको हो। त्यसैले यसमा राज्यको पनि सहभागिता हुनुपर्छ। मलाई सधैं यो समस्या कसरी सुल्झाउने होला भन्ने लाग्थ्यो, आज मिनाजीले समस्याको समाधान निकालिदिनुभयो। समावेशीकरणको तत्व उहाँले समाउनुभयो। बच्चा जन्माएपछि एकदम माया लाग्छ। त्यसको लागि राज्यले नै व्यवस्था गर्नुपर्छ। यहाँ हामीले धेरै देशका उदाहरणहरू सुन्न पायौं। तर अब हामीले कुन्-कुन् समस्या समाधानका लागि कुन्- कुन प्रयोग गर्न सक्छौं भनेर अभ्यास प्रारम्भ गर्नुपर्छ। यहाँ ३३ प्रतिशत किन ? ५० प्रतिशत किन नमाग्ने भन्ने प्रश्न पनि उठ्यो। तर मलाई यो ३५ प्रतिशत पनि कार्यान्वयन हुन्न कि जस्तो लाग्छ। जहाँ जहाँ हार्ने सम्भावना हुन्छ, त्यहाँ महिलालाई उठाइदिएर झारा टार्ने हो कि भन्ने आशंका छ। यसका लागि हामी नै सचेत हुन जरुरी छ। आजको कार्यक्रममा आएर मेरो पेपरमाथि कमेन्ट गरिदिनु भएकोमा धन्यवाद।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना बहस** कार्यक्रमको बाह्रौं शृंखला, २०६३ वेशाख २२ गते प्रस्तुत विचारहरू)

शृंखला १३

# समावेशी लोकतन्त्रमा भाषा र संस्कृति

अवधारणा : तिलविक्रम नेम्वाङ (बैरागी काइँला)
टिप्पणी : डा. योगेन्द्र यादव/प्रा.डा. माधव पोखरेल



### बहस प्रारम्भ गर्दै कार्यक्रमका सहजकर्ता तारानाथ दाहाल

फ्रिडम फोरमको आजको बहस शृंखलामा तपाईलाई स्वागत छ । विभिन्न मुद्दाहरूमा छलफल गर्ने क्रममा आज हामी भाषा र संस्कृतिको विषयमा छलफल गर्दैछौं । समावेशी राज्य निर्माणका लागि प्रयासहरू अगाडि बढिराखेको छ । संविधानसभा त्यसैमा लक्षित छ । समावेशी संविधानको निर्माण गरेर त्यसमार्फत समावेशी राज्यलाई सुनिश्चितता दिने प्रयास भइरहेको बेलामा विभिन्न प्रस्ताव, धारणा र विचारहरू समाजबाट आइरहेका छन् । त्यो हुनु पनि पर्छ । र, पनि सहमतिपूर्ण, समझदारीपूर्ण र गम्भीर दृष्टिकोणहरू अगाडि आउनु जरुरी छ ।

यो राज्यको पुनःनिर्माण, संविधानसभामा जाने विषय वा संविधानसभा निर्वाचनका जति पनि प्रक्रियाहरू छन्, त्यसमा भाषा र संस्कृतिको सवाल कहाँनिर छ त ? यसको खोजी आज हुँदैछ । मूल विषयमा साहित्यकार बैरागी काइँलाले अवधारणा प्रस्तुत गर्दै हुनुहुन्छ भने टिप्पणीका लागि डा. माधव पोखरेल हुनुहुन्छ । त्यसपछि सहभागीहरूको विचारका लागि खुल्ला छलफल हुनेछ ।

## अवधारणा

मुलुकभर कालो दिवस मनाइरहेको दिन आज (जेठ १८) लोकतान्त्रिक शासन व्यवस्थामा भाषाको के स्थान हुनुपर्छ भन्ने विषयमा बहस हुनु सान्दर्भिक लाग्दछ। करिब सात वर्ष अगाडि आजैको दिन पारेर सर्वोच्च अदालतले काठमाडौं महानगरपालिकामा, जनकपुर उपमहानगरपालिका र सिराहा नगरपालिकामा कामकाजको रूपमा स्थानीय भाषा प्रयोग गरेकोबारेमा परेको रिटमा फैसला सुनाउँदै पृथ्वीनारायण शाहले राज्य एकीकरणबाट सुरु गरेको एक भाषा नीतिलाई कानुनी मान्यता दिएर भाषिक असमानता जायज ठहऱ्याएको थियो।

न्याय सबैको लागि समान छ भन्ने न्यायको प्राकृतिक सिद्धान्तलाई समेत पर सारेर सर्वोच्चले गरेको यो अन्यायपूर्ण र असमान आदेश जनजातिको भाषामा भन्ने हो भने 'जातिवादी न्याय दिने काम' गऱ्यो। त्यसयता आदिवासी, जनजातिले निरन्तर त्यसको विरोध गर्दै त्यो दिनलाई कालो दिवसको रूपमा मनाउँदै आएका छन्।

यो विगतबाट संविधानसभा, राज्यको पुनसंरचनामा भाषिक र सांस्कृतिक सबालहरू कतिको सान्दर्भिक हुन्छ भन्न मलाई सजिलो लागिरहेको छ। २०४७ सालको संविधान बनेदेखि नै आदिवासी/ जनजातिहरूले संधिवानसभाको कुरा गर्दै आएका हुन। २०४७ को संविधानमा जातिय समानताको कुरा छैन, लैङ्गिक विभेदको कुरा पनि स्पष्टताका साथ सम्बोधन भएको छैन। सामाजिक भेदभाव त पहिल्यै थियो, भाषिक असमानता भन्ने कुरा चाहिँ भाषलाई दुई वर्ग (राष्ट्र भाषा र राष्ट्रिय भाषा)

मा विभाजन गरेबाट नै देखियो भनेर २०२०/०२२ सालदेखि जातीय भाषाको आन्दोलनमा सक्रिय नेतृत्व दिने व्यक्तिहरू अहिले यही हुनुहुन्छ। पद्मरत्न तुलाधरहरूकै दिशानिर्देशमा आदिवासी जनजातिले '२०४७ को संविधानले न्याय गरेन, यसलाई संशोधन गरेर हाम्रो माग पूरा गर्ने स्थान छैन, दुई तिहाई बहुमत ल्याएर संविधान संशोधन गर्ने प्रावधान रहेको भए पनि त्यहाँ हाम्रो पक्षमा बोल्ने मान्छेहरू पुग्दैनन् र पुगेका मान्छेहरूले पनि हाम्रो विषयमा बोल्दैनन्। त्यसकारण नयाँ संविधान बन्नुपर्छ' भनेर समानताको आधारमा संवैधानिक व्यवस्थाको मागका साथै संविधानसभाको कुरा उठाउदै आएका थिए।

यो मुद्दालाई तत्कालीन राजनीतिक दलहरूले ध्यान दिन सकेनन्। माओवादीहरूले सशस्त्र विद्रोहको क्रममा मान्छेहरूलाई कसरी आफूतिर आकर्षित गर्ने भनेर नयाँ नयाँ मुद्धाहरू उठाउने क्रममा यो मुद्दा पनि उठ्न पुगेको हो। माओवादीले जातीय स्वायत्तताको कुरा उठाए, प्रान्तिय र क्षेत्रीय सरकारको गठन गर्ने कुरा उठाए-अधिकांश सिमान्तकृत जातजातिहरू, भाषाभाषीहरूको पक्षमा। हिजोआज म भन्ने गदर्छु-हामीले भन्ने गरेको भाषिक अल्पसंख्यक को मुद्दा माओवादीले उठान गऱ्यो।

यसले राष्ट्रमा रहेको एउटा ठूलो समस्यालाई उजागर गऱ्यो। यसलाई हल गर्ने विषय हाम्रा हातमा आएको छ। यस पटकको लोकतान्त्रिक जनआन्दोलनले



जनतालाई जितायो, जनतालाई शक्तिको स्रोत र सम्प्रभु बनायो। पुर्नस्थापित संसदलाई अहिले सम्प्रभु बनाइएको छ। यसले संविधानसभाको घोषणा गरेको छ।

अब संविधानसभामा के गर्ने त ? राजनीतिक दलहरूले भनिरहेका र नागरिक समाजले उठाउँदै आएको लोकतान्त्रिक गणतन्त्र के हो ? राजाको निरंकुशता या त्यो सत्ता आफ्नो हातमा लिएर जनताको छोरालाई सिंहदरबारमा पुनःस्थापित गर्नु मात्र गणतन्त्र हो ? कि गणतन्त्रको काम अरु पनि हुन्छ भन्ने कुरामा अब राजनीतिक दलहरू पनि प्रष्ट हुनुपर्छ। यसको पक्षमा कराउने बुद्धिजीवीहरूले पनि अब प्रष्ट हुने दिन आयो।

चार-पाँच वर्षको बीचमा माओवादीले विद्रोहको क्रममा जातीय मुद्दाहरूलाई अगाडि बढाए। पहिला कुरै सुन्न नचाहने राजनीतिक दलहरूले पनि समावेशी प्रजातन्त्रको कुरा गर्न थाले र बुद्धिजीवीहरूले पनि त्यतातिर आफ्नो दृष्टि केन्द्रित गर्न थालेको देखिन्छ। यसबाट आदिवासी, जनजातिहरूले भाषिक र जातीय समानताको विषयमा उठाउँदै आएका कुराहरू जायज रहेको र जातीय पहिचानको लागि जातीय स्वशासनको कुरा पनि पुष्टि भएको छ।

राज्य पुनर्संरचना चाहियो भनेर आदिवासीहरूले १२/१३ वर्षदेखि कराउँदै आएका हुन्। राज्यको पुनर्संरचना गर्नको लागि संविधानमा ठूलै हेरफेर वा नयाँ संविधान नै निर्माण गर्नुपर्छ। त्यही कारण संविधानसभा हुनु पऱ्यो भनेर कराएको किन त ? म यसको कारमा बढी केन्द्रित हुन्छु।

भाषिक र सांस्कृतिक हिसाबले अब बन्ने राज्यको संरचनाको स्वरूप कस्तो हुन्छ भन्ने विषयमा यहाँहरूले धेरै विद्धत् वर्गहरूबाट सुनी सक्नु भएको छ। ती सबै हेरेर विद्वान्हरू, राजनेताहरू वा सरोकारवालाहरू बसेर तय गर्लान। एउटा कुराचाहिँ के हो भने भाषिक र सांस्कृतिक कुरा नेपालका विभिन्न जातजातिहरूको ऐतिहासिक पीडा हो। अब म आफ्नो अवधारणा पत्रमा केन्द्रित हुने प्रयास गर्नेछु।

## समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा भाषिक एवं सांस्कृतिक सवाल

**इतिहासको पीडा अर्थात् जातीय रडाकोको जन्म**

विविध भाषा धर्म र संस्कृति बोल्ने र अनुसरण गर्ने जाति तथा जनजातिलाई पराजित गरी निर्माण गरेको नेपालको तत्कालीन वास्तविकतालाई ध्यानमा राखेर श्री ५ बडामहाराजाधिराजले उतिबेलै *'सबै जातको फूलबारी हो चेतना भया'* (**दीव्य उपदेश:२८**) भनेका थिए। तर, यो सदीच्छा सबै जातको फूल फुल्ने फूलबारी बनाउने नभएको तथ्य त्यस वाक्यको लगत्तै सुरु भएका यी पंक्तिले दिन्छन्, *'यो फूलबारी को छोटा बडा चारै जात, छतिसै वर्न ले यो असिल् हिन्दुस्थाना हो, आफ्ना कुल–धर्म न छाड्नु* । विजित नेपाललाई *'असिल् हिन्दुस्थाना हो'* भनेर *'खास हिन्दुस्थान', शुद्ध आर्यहरूको निवास्थान* (पाद टिप्पणि, ऐ. पृ.२८) अथवा सच्चा हिन्दुराष्ट्रमा नेपाललाई परिणत गर्नुपर्ने कुरा प्रष्ट पार्दै - *'अदालथ मा पनि ठकुरि जाचि डिष्ठा. राष्नु, मगर जाचि विचारि थाप्नु कचहरि पिछे यक् यक्, पण्डित, राषी, निञा, सास्त्रबमोजिम् अदालथ चलाउनु'* (**दीव्य उपदेश** पृ.३६) भनेका छन् ।

यसरी विगत २ सय ३७ वर्ष अघिदेखि राज्यको संरचना र सत्तासंयन्त्रमा अधिसंख्यक जातजाति, आदिवासी जनजातिले भाषा, धर्म र संस्कृतिविहीन मात्र होइन शासन, सत्ता, नोकरी, अवसर र शिक्षालगायतका क्षेत्रमा पहुँचबाट वञ्चित हुनपरेको हो (**टिप्पणी १ तथा २ हेर्नुहोस्**) । जसको प्रतिफलस्वरूप शनैः शनैः आफ्नो भूमिबाट वञ्चित र विस्थापित पनि हुँदै विभिन्न क्षेत्र र देशहरूमा विस्थापित भएर बस्नुपर्दा तिनको जातीय अस्तित्व सङ्कटमा परेको छ ।

**राज्य र आदिवासी जनजातिको सम्बन्ध र अन्तरद्वन्द्व**

राज्य सदा नै आदिवासी र जनजाति तथा भाषिक अल्पसंख्यकप्रति असहिष्णु र विरोधी रही आएको छ। इतिहासको सुरुकालदेखि नै यिनले भोगिआएका छन् - इतिहासको पीडा ।

श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको एकीकरण(१७६८) भन्दा अघिको नेपाल ससाना रजौटा, ठकुराई, गणकबिलामा अस्तित्वमान थिए । तिनमा -

१. जाति विविधता थियो
२. धर्म र संस्कृति थियो
३. रीतिथिति, चाडबाड विविधता थियो
४. भाषा विविधता थियो,

तर गोर्खालीको विजयपछि भने -

५. पुर्ख्यौली भूमिबाट आदिवासी जनजातिको विस्थापन
६. प्राकृतिक स्रोत-साधनबाट वञ्चिति



७. सर्वशक्तिमान हिन्दुराजाको स्थापना
८. हिन्दुधर्मलाई राज्यधर्म बनाइयो ।

यसरी हिन्दू वर्णव्यवस्था र धर्मको सर्वोपरिता स्थापित गर्न प्रारम्भदेखि नै षड्यन्त्र सुरु गरियो । जसका लागि

९. दीव्य उपदेश
१०. वि.स. १९१० को मुलुकी ऐन
११. पछिल्ला मुलुकी ऐन (पछिल्ला मुलुकी ऐनमा ९ स्थानमा भेदभावकारी दफाहरू)
१२. संविधानहरू (२०४७ को संविधानमा ४७ स्थानमा भेदभावका धाराहरू)
१३. अन्य विशेष कानुनहरू(अन्य विशेष ऐनहरूमा ३६ भेदभावकारी दफा) राखिए ।

हिन्दू राष्ट्र-राज्य निर्माण गने क्रममा हिन्दु वर्णव्यवस्थाका अनुसार विजित जातिहरूलाई अपमानजनक समावेशीकरण (परशुराम तामाङ) गर्ने कामको थालनी भयो । जसको प्रतिफल भए -

**(क) सामाजिक विचलन**

१४. जातप्रथाको व्यापकता,
१५. समतामूलक सामाजिक संरचना भएका आदिवासी जनजातिलाई स्तरीकरणमा तल्लोस्तर(शुद्र)मा राखिने काम,
१६. यिनमा कतिपयलाई पानी चल्ने र कतिलाई पानी नचल्ने बनाइयो
१७. कतिलाई मासिने र कतिलाई नमासिने जात भनेर विभेद गरियो
१८. यसरी जातीय विभाजन गर्नेक्रमले तिनलाई फुटाउने प्रयत्न भयो, जस्तै :
    - १९१० को मुलुकी ऐन -हिन्दु मूल्य र मान्यतामा आधारित)
    - गुरुङभित्र चारजाते र सोह्र जाते
    - मगुरभित्र चारजाते र सोह्र जाते
    - तामाङभित्र चारजाते र सोह्र जाते
    - थकालीभित्र
    - लिम्बूभित्र जनै लगाइ दिने प्रयत्न आदि
    - बेलाबेलाका लालमोहर, सनद, सवाल, ईस्तिहार

**(ख) एक धार्मिक-सांस्कृतिक नीति**

१९. धर्म-संस्कृति र भाषामाथि अतिक्रमण र निर्मूलको अभियान
२०. आदिवासी जनजातिका रीतिथिति र चाडबाडमा हस्तक्षेप र
२१. हिन्दु रीतिरिवाज र चाडबाडहरू लाद्ने काम (दशैं आदि) ।
२२. नेपाल हिन्दु अधिराज्य बन्यो ।

(ग) **सरकारी एकभाषिक नीति**

२३. खस नेपालीभाषाको एकछत्र शासन
२४. खस नेपालीभाषा सरकारी कामकाजको भाषा
२५. शिक्षा नीति : खस नेपालीभाषा शिक्षाको माध्यम
२६. चन्द्रसमशेरको इतिहास, वि.स. १९६३ (अन्य नेपाली भाषा/नेवारभाषाका लिखतलाई कानुनी मान्यता नदिने)
२७. २०११ सालको शिक्षा आयोगको सिफारिस
२८. २०१५ को संविधान र खस नेपाली भाषा राष्ट्रभाषा
२९. २०१९ को संविधान र हिन्दु अधिराज्य तथा खसनेपाली राष्ट्रभाषा
३०. २०४७ को संविधान र हिन्दु अधिराज्य तथा खस नेपाली राष्ट्रभाषा
३१. २०५६ जेठ १८ को सर्वोच्च अदालतको फैसला
३२. लोकसेवा आयोगको परिक्षा

र यसरी आधुनिक नेपालको कथित एकीकरणपछि विविध विजित जातजाति, जनजाति, भाषा, धर्म र संस्कृतिको चिहानमाथि आधुनिक नव नेपालको जग राख्ने काम भएर राष्ट्र-राज्य निर्माण गर्ने क्रममा एउटै जाति र एउटै भाषी र एउटै धर्मको तुल्याउने उपक्रमसँगै जातीय समस्याको बीजारोपण भएको थियो ।

भाषा, धर्म र संस्कृतिविहिन पार्दै लगेर भूमिबाट विस्थापित तथा प्राकृतिक स्रोतसाधनबाट वञ्चित पारेपछि आदिवासी जनजातिमाथिको यसरी पर्‍यो असर -

३२. भूमिहीन र विस्थापन तथा व्यापक बसाइँसराइँ
३३. गरिबी
३४. शिक्षाबाट वञ्चिति
३५. क्षमता अभिवृद्धिमा नकारात्मक प्रभाव र शून्यता

फलस्वरूप -

३६. बहिष्करणमा परेर अति सीमान्तकृत हुनुपरेको
३७. राज्यको शक्ति र सत्तासंरचनामा उपस्थिति शून्य (बहिष्करण)
३८. प्रशासन वा निजामती सेवामा उपस्थिति शून्य (बहिष्करण)
३९. राजीतिक संगठनमा उपस्थिति शून्य (बहिष्करण)
४०. राजनीतिक प्रतिनिधित्वमा उपस्थिति शून्य (बहिष्करण)
४१. नीति निर्माणको तहमा उपस्थिति शून्य (बहिष्करण)
४२. गरिबीको रेखामुनि पर्नुपरेको - मानव सूचकांकमा जनजातिको स्थिति चिन्ताजनक देखिएको ।

यसरी शासक (राज्य)का विरुद्ध शाषित (आदिवासी जनजाति र भाषिक अल्पसंख्यक) को पीडादायी र अपमानजनक नयाँ सम्बन्धको निर्धारण भयो र हालसम्म पनि निरन्तर कायम छ ।



यसरी के देखिन्छभने त्यो एकतन्त्री राणा शासनमा होस्, चाहे त्यो निरङ्कुश पञ्चायती शासन कालमा होस्, या चाहे बितेको एक दशकको बहुदलीय शासन व्यवस्थामा होस्, एउटै जात (बाहुन:छेत्री), एउटै भाषा (खसभाषा), एउटै धर्म (हिन्दु), एउटै भेष (दौरासुरुवाल) र एउटै वाद बाहुनवादको थिचोमिचो, दलनमलन, हालीमुहाली, एकाधिकार, शोषण, दमन र उत्पीडनले निरन्तरता पाइरहनु नै जातीय रडाकोको केन्द्रबिन्दु हो (**डा. भट्टचन** (२०००: ३९) ।

क्षेत्रीय, भाषिक, धार्मिक र सांस्कृतिक विभेद र असमानताले ल्याएको असन्तुलनको यस्तो अवस्था र स्थिति राज्यको संरचनादेखि राजनीतिक नेतृत्व, राजनीतिक दल, दलको संरचना र संसद्को प्रतिनिधित्वमा पनि छर्लङ देखिन्छ । प्राप्त तथ्याङ्क र वस्तुगत प्रमाणले यौटै जातिको वर्चस्व सबै ठूला राजनैतिक दलका विभिन्न तहमा र निर्वाचित निकायमा भएको पुष्टि गर्दछ (**बरालसमेत,** २००१:१२९) ।

सत्ता संयन्त्र र राज्यव्यवस्थाभित्रका सबै एकाईमा जातीय अल्पसंख्यक (आदिवासी जनजाति) र भाषिक अल्पसंख्यक (गैरनेपाली मातृभाषी हिन्दु र अन्य धर्मावलम्बीहरू), महीला र दलितहरूको स्थान र उपस्थितिलाई सुरक्षित र समावेश गर्ने नीति विद्यमान राज्यसंरचनामा समेत देखिदैन ।

**नेपाली सामाजको बहुलवादी संरचना हाम्रो यथार्थ**

छाती फुकाएर के स्वीकार्नुपर्दछ भने भौगोलिक, धार्मिक, सांस्कृतिक र भाषिक विविधता नेपालको यथार्थ र विषेशता हो । त्यसैले नेपालमा चर्कंदो जातीय रडाको र आन्दोलन बुझ्न तथा राज्यको पुनर्संरचना गरी समाधानका उपाय खोज्नका लागि नेपाली सामाजको बहुलवादी संरचनामाथि दृष्टि लाउनु उपयुक्त हुन्छ ।

**बहुलवादी नेपाली सामाजिक संरचना**

नेपाली समाजको बहुलवादी सामाजिक–सांस्कृतिक बनोटलाई (१) जातिगत, (२) धार्मिक–सांस्कृतिक, र (३) भाषागत आधारमा (काइँला, २०५८ क) अध्ययन गर्न सकिन्छ ।

(१) **जातिगत आधारमा**

नेपाल एकीकरणपछि स्थलरूपमा हिन्दू वर्णाश्रम व्यवस्थाको मान्यताअनुरूप जातजातिको वर्गिकरण गरियो । जस्तै : (क) तागाधारी र (ख) मतवाली जाति ।

(क) तागाधारीभित्र पनि स्तरीकरण छन्, जस्तै :

(१) उपल्लो जात,
(२) बीचको जात,
(३) तल्लो जात

तथा तल्लोमा पनि

(४) पानी चल्ने र
(५) पानी नचल्ने

तथा पानी नचल्नेमा पनि

(६) छोइछिटो हाल्नुपर्ने र

(७) छोइछिटो हाल्नु नपर्ने जात ।

**(२) धार्मिक–सांस्कृतिक आधारमा**

धर्म-संस्कृतिका आधारमा पनि नेपाली समाज बहुलतायुक्त छ । जस्तै :

(१) हिन्दुधर्म र संस्कृति,

(२) गैरहिन्दु धर्म र संस्कृतिहरू –

जसअन्तर्गत पर्दछन् :-

(क) बुद्धधर्म

(ख) किराँतधर्म,

(ग) परम्परागत लोकधर्म वा प्रकृतिधर्म तथा

(३) जैन, सिख,, मुस्लिम, इसाई, बहाई आदि पछि प्रवेश पाएका धार्मिक समूह ।

**(३) भाषागत आधारमा**

संसारमा धेरै भाषा बोलिने देशहरू (पपुआ न्युगिनी ८६९, भारत ८४५) मध्येको अर्को एउटा देश नेपाल हो । जनआन्दोलनपछि भएको जनगणना २०४८ मा ३२ (जसभित्र ३२ राई समूहका भाषा छन्) छन् भने जनगणना २०५८ का अनुसार ५ भाषापरिवारका ९२ भन्दा बढी भाषाहरू नेपालमा बोलिन्छन् ।

**भाषापरिवार**

भाषापरिवारका हिसाबमा :नेपालमा ५ परिवारका भाषाहरू बोलिन्छन्, जस्तै :

(१) भारोपेली,

(२) भोट-बर्मेली,

(३) आग्नेय र

(४) द्रबिड । तर हालका अनुसन्धानका आधारमा

(५) इन्डो-पैसिफिक भाषा अर्थात् कुसुण्डा भाषा (यादवसमेत, कात्तिक २६, २०६१) ।

नेपालमा अंग्रेजी पनि बोलिन्छ भने नेपालको हिमाली क्षेत्रमा भोटे/लामा (तिब्वती), तराई क्षेत्रमा हिन्दी पनि (जनगणना २०५८) बोलिन्छन् ।

**जाति र भाषाको सम्बन्ध**

नेपालमा बोलिने मातृभाषाहरूका आधारमा पनि जातजाति र जनजातिलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

(क) जातजाति सबैले

(१) भारोपेली परिवारका भाषाहरू प्रायसः बोल्दछन्,



(ख) जनजाति प्रायसः सबैले

(२) भोट-बर्मेली परिवारका भाषा बोल्दछन्, त्यसरी नै तिनले

(३) द्रबिड परिवारको भाषा

(४) आग्नेय परिवारको भाषा

(५) इन्डोपैसिफिक परिवारको भाषा बोल्दछन्, तर

(ग) केही जनजातिहरूमा (थारु, राजवंशी, दनुवार, माझी, दरै, कुमाल आदि)ले भारोपेली परिवारका भाषा बोल्दछन् ।

**धर्म र भाषाको सम्बन्ध**

(क) भारोपेली परिवारका भाषा बोल्ने तागाधारी जातजातिले हिन्दु धर्म-संस्कृति पालन गर्दछन्,

(ख) मतवाली जातिभित्र अर्थात नेपालका आदिवासी जनजाति (५९) भित्र प्रायः सबै मतवाली छन् । तिनमा अधिकांशले आआफ्ना लोकधर्म (प्रकृतिधर्म)हरू तथा बौद्धधर्म पालन गर्दछन् ।

**आदिवासी जनजातिको भूसांस्कृतिक बनोट**

भूबनोटका हिसाबले नेपाल हिमाल, पहाड, भित्री मधेस र मधेस वा तराई क्षेत्रमा विभाजित छ । मुलुकभित्रका कुन् भाषा बोल्ने कुन् जाति कुन् क्षेत्रमा बस्दछन्, कुन् जातिको पुर्ख्यौली थातथलो पहिले कहाँ कहाँ थियो र अहिले छरिएर कहाँकहाँ आइपुगेका छन् भन्ने त्यो जाति र उसले बोल्ने भाषाहरूको भौगोलिक वितरणले धेरै हदसम्म देखाउँछ । नेपालको आदिवासी जनजातिको जातिगत वितरण र भाषाहरूको भौगोलिक वितरणमा एकरूपता पाइन्छ ।

**राष्ट्रिय जनगणना** (०४८) ले नेपाललाई चार भौगोलिक क्षेत्रमा बाँडेर २२ आदिवासी जनजातिको तथ्य प्रस्तुत गरेको थियो । तर **राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठानको कार्यदलको प्रतिवेदन**(२०५३) ले राष्ट्रिय जनगणना (०४८) ले देखाएको भन्दा बढी सङ्ख्या ६१ जनजाति देखाएको थियो जसका अनुसार नै श्री ५ को सरकारले ६१ आदिवासी जनजातिलाई सूचीकृत गरेको थियो । यो सङ्ख्या **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**(२०५८) स्थापित हुँदासम्म संशोधन भएर ५९ (नेपाल गजेट, ७ फेब्रुअरी, २००२) मा आयो ।

**१. जातिगत वितरण**

आदिवासी तथा जनजाति (५९ र अनुसूचीमा नपरेकासमेत) को जातिगत वितरणलाई चार भौगोलिक क्षेत्रमा राखेर हेर्न सकिन्छ । राष्ट्रिय जनगणन २०५८ का अनुसार नेपालमा आदिवासी जनजाति ५९ छन् । यिनमा हिमाली क्षेत्रमा १८, पहाडी क्षेत्रमा २४, भित्री मधेसमा ७ र तराई क्षेत्रमा ९ छन् । यिनमध्येका कतिपय आदिवासी जनजातिलाई जनजातिसम्बन्धी कार्यदल २०५२ ले समावेस नगरेको, जनगणना २०५८ नदेखाएको र आदिवासी जनजाति महासंघमा आवद्ध नभएका (डा. हर्क गुरुङ (सेप्टेम्बर २७ -२८, २००४) पनि छन् ।

जनजातिहरूको संख्या सबैभन्दा बढी पहाड (२४) मा, त्यसपछि हिमाली क्षेत्र (१८) मा र क्रमशः तराई (११) र भित्रिमधेस (७) मा देखिन्छन् । पूर्वी पहाडी क्षेत्रमा पश्चिमको तुलनामा जनजाति धेरै छन् । पश्चिम नेपालको जनजातिहरूमा अधिकांश पश्चिमी हिमाली क्षेत्रमा बस्छन् । र तिनको संख्या पूर्वको भन्दा धेर देखिन्छ । त्यसरी नै पश्चिम तराईमा भन्दा पूर्वी तराईमा जनजाति बढी छन् । भित्रिमधेसमा जनजाति थोरै छन् ।

**भाषागत वितरण**

नेपालमा बोलिने चार (अब पाँच) परिवारका भाषाहरूमा अत्यधिक संख्या भोटबर्मेली परिवारको भाषाहरूको नै छ । नेपालका आदिबासी जनजातिले बोल्ने भाषाहरू प्रायः सबै नै भोटबर्मेली परिवारभित्र पर्दछन् । त्यसैले, भोटबर्मेली परिवारभित्रका भाषाहरूलाई जनजातीय भाषा भनेर सम्बोधन पनि गर्न थालिएको छ । यति नै हो भनेर किटान हुन नसके पनि विभिन्न विद्वान्हरूले जनजातिका भाषाका संख्याबारे लेख्दा कसैले ४५ (प्रा.मल्ल,१९८९), तिब्बती/भोटे लामासमेत ६४ (रा.भा.सु.आ. २०५०), ६५ (तोबा,१९९२), ७८ (मैतिसोफ, १९९६), ८०( ग्राइम्स,२०००), ७०(वैन्डिम, २००१), ५६ (तोबासमेत,२००२), ३२(थरगुड, २००३) ६७ तथा जनगणना २०५८ मा उल्लेख नभएका ८ समेत ७५ (यादवसमेत, वि.स.२०६१) छन् ।

**जनजातिका भाषाहरूको वर्तमान अवस्था**

सबै जनजातिले आफ्नो मातृभाषालाई बोलचालका रूपमा अझै जीवित राखेका छन् । तर सबै मातृभाषाको अवस्था समान छैन (राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन, २०५०) ।

भाषा-विचलन, भाषा-संरक्षण र प्रबर्द्धनको घनिष्ट सम्बन्ध त्यो भाषाको वक्ताका संख्यासँग हुन्छ । नेपालमा बोलिने ९२ (जनगणना २०५८) भाषाहरूका वक्ताहरूका जनसंख्याका आधारमा तिनको भाषाको अवस्थाको सार-संक्षेप यसरी प्रस्तुत गर्न सकिन्छ, जस्तै : -

(क) १० लाखभन्दा बढीले बोल्ने भाषा ५ मध्ये जनजातिको भाषा २ छन् ।
(ख) १ लाखदेखि बढी र ९,९९,९९९ (१० लाखभन्दा कम संख्या) ले बोल्ने भाषा ११ छन्,
(ग) ५० हजार देखि माथि १ लाख संख्याले बोल्ने भाषाहरूमा चेपाङ, सुनुवार र कुमाल छन् । तर जनसंख्या (९५, ८१२) भन्दा वक्ताको संख्या(१,२९, ८२९) बढी हुने भाषाहरूमध्ये राजवंशी पनि हो ।
(घ) १० हजार देखि बढी र ५० हजारभन्दा कमले बोल्ने भाषाहरू १८ छन्,
(ङ) ५ हजारभन्दा बढी र ९,९९९ ले बोल्ने भाषा ७ छन् ।
(च) १ हजारभन्दा माथि र ४,९९९ ले बोल्ने भाषाहरू २३ छन् ।
(छ) १ हजारभन्दा कम ले बोल्ने भाषाहरू २८ छन् जसभित्र १०० भन्दा कम वक्ताले बोल्ने १७ भाषाहरू पनि पर्दछन् ।



**राज्यको पुनर्संरचना : कारण र आवश्यकता**

मुलुकभित्र विगतका केही वर्ष यता सुरु भएको जनजातीय राजनीतिले राज्य र समाजबीचको मौजुदा सम्बन्धको रूपान्तरणसँग सम्बन्ध (जोआन्ना, पाफ-जारनेका, १९९९:४३ राख्दछ । शाषक वर्ग (Dominant Group) र शाषित वर्ग ( Dominated Group) का बीच समानताको आधारमा सम्बन्ध निर्धारण गर्ने उद्देश्यले जातीय, सांस्कृतिक र भाषिक अथवा भूसांस्कृतिक एवम् भौगोलिक बनौटका आधारमा **राज्यको पुनर्संरचना** को बहस मुलुकमा प्रारम्भ भएको छ ।

कथित नेपाल एकीकरणको प्रारम्भसँगै सुरु भएको (१) गोर्खाका हिन्दु राजाको सर्वोपरिता (२) राष्ट्रिय जीवनमा हिन्दु मूल्य र मान्यताको वर्चश्व (३)जातप्रथामा टिकेको हिन्दु सामाजिक व्यवस्थाद्वारा सामाजिक एकीकरण तथा (४) नेपाली भाषालाई शासकीय सरकारी कामकाजको भाषा बनाएर मात्र मुलुकको एकता कायम राख्न वा सबै जातको फुलबारीलाई गोडमेल गर्न सकिने जस्ता चार मूलमन्त्र (इतिहासकार डा. श्री प्रयागराज शर्मा (**फूलबारीलाई कसरी स्याहार्ने त** ?, हिमाल वर्ष ५, अंक ३, १९९२:७) मा आधारित रहेर राष्ट्रनिर्माण गर्ने एकोहोरो प्रयत्न विगत २३७ वर्ष अघिदेखि हुँदैआएको छ । फलस्वरूप एकीकृत राज्यको संरचना र सत्तासंयन्त्रमा अधिसंख्यक जातजाति, आदिवासी जनजातिले भाषा, धर्म र संस्कृतिविहीन मात्र होइन शासन, सत्ता, नोकरी, अवसर र शिक्षालगायतका क्षेत्रमा पहुँचबाट वञ्चित हुनपरेको हो (**टिप्पणी १ तथा २ हेर्नुहोस्**) । जसको प्रतिफलस्वरूप शनैः शनैः आफ्नो भूमिबाट वञ्चित र विस्थापित पनि हुँदै विभिन्न क्षेत्र र देशहरूमा विस्थापित भएर बस्नुपर्दा तिनको अस्तित्व र पहिचान सङ्कटमा परेको छ ।

**राज्यको पुनर्संरचना**

मुलुकभित्र देखिएका द्वन्द्वका जडमा, यसैले के बुझ्नु पर्दछभने, राजनैतिक र आर्थिक मात्र नभई सामाजिक, धार्मिक, सांस्कृतिक र भाषिक कारणहरू पनि छन् । आदिवासी जनजाति र भाषिक अल्पसंख्यकको आजको लडाइँ भनेको सामाजिक-सांस्कृतिक विविधताको प्रत्याभूतिका लागि पनि हो । सामाजिक–सांस्कृतिक विविधताले तिनको पहिचान सुरक्षित गर्दछ र नेपाली समाजको बहुलवादी संरचनाको स्वीकरण पनि ।

सहमति र समानताको सिद्धान्तमा सबैलाई सबै क्षेत्रमा संलग्न र सहभागिता गराउने, सत्तामा सबैको पहुँच र साझेदारीको प्रत्याभूति दिने समावेशी लोकतान्त्रिक राजनैतिक प्रणाली आजको आवश्यकता हो । त्यसैले राज्य र आम जनता अर्थात् शाषित र शोषित भइरहेका जातजाति र आदिवासी जनजातिकाबीचको अन्यायपूर्ण र असमान सम्बन्धलाई सामाजिक न्याय र समानताका आधारमा पुनर्निधारण गर्नका लागि राज्यको पुनर्संरचना आजको आवश्यकता भएको छ ।

**भूसांस्कृतिक क्षेत्र र जातीय स्वशासन : चल्तीको मोडेल**

भौगोलिक क्षेत्र र भूसांस्कृतिक बनोटका आधारमा समावेशी लोकतान्त्रिक प्रणाली भएको राज्यको पुनर्संरचना आजको आवश्यकता हो । हाम्रो झैं बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक सबैको पहिचान बिलाएर यौटै धातु बनाउने भाँडो

बन्नका सट्टा बहुलतालाई कायम राखी सामञ्जस्य, अन्तरजातीय समझदारी, सद्भाव र सहअस्तित्वको निर्माण गर्न पर्दछ ।

विविध जातजाति, आदिवासी जनजाति, भाषा र संस्कृति तथा भौगोलिक क्षेत्रका आधारमा राजनैतिक, आर्थिक र सामाजिक-सांस्कृतिक अधिकारले सम्पन्न क्षेत्रीय स्वायत्तता र जातीय स्वशासन (स्वायत्तता) पुनर्संरचनाका रूपहरू हुन सक्दछन् । जातीय स्वशासन वा संघीय होस् राज्यको पुनर्संरचनाको आधार जाति, भाषा, भौगेलिक क्षेत्र वा प्रशासनिक के हुनपर्ने त ? भन्ने बारेमा विभिन्न विद्वान् र विश्लेषकहरूका बिभिन्न मत पाइन्छन् । कतिपयले पुनर्संरचना गर्दा भौगोलिक अनुकूलता, भाषिक -सांस्कृतिक विशेषता, प्राकृतिक स्रोत र आर्थिक सम्भावना तथा जनघनत्व, जातीय मिश्रण र अनुपातलाई ध्यान दिनुपर्नेमा जोड दिएका देखिन्छन् ( नरहरि आचार्य (२०६२) ।

राज्यको पुनर्संरचनाको प्रसंगमा कतिपय विज्ञहरू तथा राजनैतिक दलहरू मुलुकलाई जनसंख्या अथवा भौगोलिक क्षेत्रका आधारमा अथवा निर्वाचन क्षेत्र (जनघनत्व)का आधारमा विभाजन गर्न पनि रुचाउँछन् । सबैमा मतैक्य पाइँदैन । आदिवासी जनजातिले खोजेको जातीय स्वशासन हो (माणिकलाल श्रेष्ठ, २०६२) । कतिपय नेपाली विद्वान्हरू विकास खर्च घटाउनका लागि जिल्ला सङ्ख्या कम गर्ने (डा. हर्क गुरुङ) संरचनामा जोड दिन्छन् । कतिपयको जातीय र क्षेत्रीय आधारमा राज्यको पुनरसंरचना गर्ने आफ्नै तरिकाको अवधारणा छ (के.बी. गुरुङ:२०६२, राजेन्द्र श्रेष्ठ:२०६२, प्रा. खनाल:२०६२, गोविन्द:२००० ई) ।

राजनीतिक दलहरूमा क्षेत्रीयताका आधारमा संगठित राजनीतिक दल ने.स.पा. भने हिन्दीलाई सम्पर्कको भाषा मानेर नेपाललाई जम्मा पाँच क्षेत्रमा (पूर्वी पहाड, पूर्वी तराई, पश्चिम पहाड, पश्चिम तराई र काठमाडौं/उपत्यका) विभाजन गरेर प्रान्तीय संरचना (संघ-राज्य) को नारालाई राजनीतिकरूपमा अघि सार्दछ । तर जनजातिहरूको राजनीतिक दल (जनमुक्ति पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी) भने एकीकरण (वि.सं.१८२५) पूर्वको पुर्ख्यौली बसोबासको क्षेत्रलाई केन्द्रबिन्दु बनाएर अर्थात् भूसांस्कृतिक क्षेत्रमा आत्मनिर्णयको अधिकार सहितको जातीय स्वशासन भएको संघीय ढाँचाको वकालत गर्दछन् । राष्ट्रिय जनमुक्ति पार्टीको संघीय राज्यको अवधारणा अनुसार वर्तमानको नेपाल अधिराज्यलाई १२ ओटा संघ (लिम्बूवान, खम्बुवान, ताम्बासालिङ, नेवा, कोचिला, थरुवान, तमुवान, मगरात, खसान, जडान, मिथिला, कोचिला आदि) को एउटा महासंघमा परिकल्पना गरिएको छ । ने.क.पा. माओवादीले भने ९ जातीय र क्षेत्रीय स्वायत्त शाषित क्षेत्रको घोषणा गरेर स्थानीय सरकार पनि घोषणा गरिसकेको छ ।

आजको विश्वमा विभिन्न किसिमले राज्यको निर्माण भएको पाउँदछौं । एकीकृत हुन अघिका अलगअलग राज्यहरूले सामूहिक भलाईका लागि बनाएको महासंघ वा संघीय राज्यको स्वरूप (स्विट्जरल्याण्ड, अमेरिकाआदि) तथा एकीकृत राज्यसत्ताको निर्माणपछि पुनर्संरचना गरिएका संघीय राज्यहरू (भारत, क्यानाडा, जर्मनीआदि) का उदाहरण दिंदै प्रा. कृष्ण खनाल (प्रा. कृष्ण खनाल, ऐं १७) नेपाललाई संघीय राज्य बनाउने भनेको दोस्रो अर्थात् भारतजस्ता देशको संरचनाको मोडल हो भन्दछन् ।



अब हामीले कसरी र कुन आधारमा गर्ने राज्यको पुनर्संरचना ?

१. भूसांस्कृतिक (पुर्ख्यौली भूमिको) आधारमा
२. जातिको आधारमा
३. भाषाको आधामा
४. जनधनत्वको आधारमा
५. भौगोलिक विशेषताको आधारमा
६. प्रशासनिक र विकासका दृष्टिकोणका आधारमा

राज्य र राज्यक्षेत्रको पुनर्सचनाबारे डा. महेन्द्र लावतीको अवधारणा यहाँ संक्षिप्तमा प्रस्तुत गरिन्छ ।

**समावेशी राज्यसंरचनाका ढाँचाहरू**

१. सांस्कृतिक तथा भूक्षेत्रीय संघीय प्रणाली (जहाँ कुनै एक जातिको सघनता हुन्छ)
२. गैरभूक्षेत्रीय संघीय प्रणाली (छरिएर रहेका समुदायका लागि)
३. स्थानीय सामुदायिक स्वशासन (कुनै एक जातिको सघनतारहेमा अन्य अल्पसंख्यक जातिका लागि । जस्तै : लिम्बूवानभित्र अन्य जातिका लागि)
४. विशेष व्यवस्था (अत्यधिक सीमान्तकृत र अत्यल्प समुदायका लागि । जस्तै : कुसुन्डा, राउटे आदि) ।

**राज्यपुनर्संरचनामा जातीय स्वशासन र समस्याहरू**

तर पुनर्संरचनाको काम सोचेजस्तो सजिलो काम भने छैन । किन ? कारणहरू धेरै छन्, जस्तै -

१. भौगोलिक विविधता
२. जातिगत विविधता
(धेरै जातिहरू हुनु र तिनको जनसङ्ख्या अत्यन्त न्यून हुनु)
३. भाषा, धर्म र संस्कृतिगत विविधता (नेपालमा धेरै भाषाहरू बोलिनु र तिनको वक्ताको सङ्ख्या अत्यन्त न्युन हुनु)
४. कुनै एक जातिले धेरै भाषा बोल्नु (राई जाति समूह)
५. कतै धेरै जातिले एउटै भाषा बोल्नु (मैथिलभाषी विभिन्न जातजाति)
६. कुनै जाति अब पुर्ख्यौली थलोमा बहुसङ्ख्यक नहुनु
७. समाज मिश्रित बन्दै जानु (बसाइँ सराईमा तीव्रता)
८. विश्वव्यापिकरण बढ्दै जानु

भौगोलिक हिसाबले जनजातिहरूको बसोबासमा समानता छैन, जस्तै :

१. दुर्गम हिमाली क्षेत्र
२. विकट पहाडी क्षेत्र
३. तराईका विकट क्षेत्र
४. विकट भित्रिमधेस

## संविधानसभा र राज्यको पुनर्संरचना

जनजातिको निम्नतम आकांक्षा जातीय स्वायत्तता वा स्वशासनका माध्यमबाट आफ्नो पहिचान सुरक्षित राख्नु हो। लोकतान्त्रिक पद्धतिको स्थापनाले संविधानसभामार्फत राज्यको पुनर्संरचना(संघीय/स्वायत्त) गरेर आदिवासी जनजातिलाई त्राण र गुमेको अधिकार दिलाउन सक्दछ। यसैकारण हो जनआन्दोलन-२ (२०६२-६३ मा आदिवासी जनजाति र भाषिक अल्पसंख्यकको महत्वपूर्ण सहभागिता र भूमिका।

हुन पनि मौजुदा सम्विधानले न्याय नगरेकाले नै आदिवासी जनजातिले अर्को संविधान, जहाँ सबै विषयमा समानता हुन्छ, वकालत गर्दै आएका हुन्। त्यसैले संविधानसभाद्वारा नयाँ संविधानको निर्माणमा यिनले जोड दिँदै आएका छन्। हुन पनि राज्यको पुनर्संरचना केवल सत्ता वा राज्यशक्ति बाँडफाँडमा मात्र सीमित हुँदैन। मौजुदा भौगोलिक प्रशासनिक क्षेत्रमा पनि व्यापक फेरबदल हो। त्यसैले प्रशासनिक क्षेत्रको पुनर्निधारण यसको एउटा अत्यन्त जटिल पक्षका रूपमा पनि देखिएको छ।

## संविधानसभाको निर्माण र प्रतिनिधित्वमा जनजातिको प्रतिशत

राज्यव्यवस्था त सदादेखि नै भेदभावकारी छ नै, हिजोआजका राजनीतिकदलहरू पनि यसदिशामा संवेदनशील र इमान्दार देखिदैनन्। सबैको जातीय स्वशासन र भाषिक समानताको कुरामा प्रष्ट अवधारणा छैन। हालका दिनमा आदिवासी जनजाति र संविधानसभाको कुरा गरेर नथाक्ने राजनीतिक दलहरूले यससम्बन्धमा कुनै प्रष्ट धारणा बनाएर अघि आएको देखिँदैन। संविधानसभाको गठन कसरी हुन्छ ? कति सदस्य हुन्छन् ? निर्वाचन गरेर कि मनोनयन गरेर राखिने हुन् ? राजनीतिक दलको संगठनको शक्तिका आधारमा कि जनसंख्याको आधारमा ? कि भाषिक र सांस्कृतिक आधारमा ? के जनगणना २०५८ अनुसारको आदिवासी जनजातिको संख्या (३७ प्रतिशतभन्दा बढी) का अनुसार तिनको प्रतिनिधित्व हुनेछ ? के भाषिक अल्पसख्यकको प्रतिनिधित्व तिनको जनसंख्याका आधारमा हुनेछ ? के महिलाले आफूले ढाकेको आधा आकाशभन्दा बढी जनसंख्याका आधारमा प्रतिनिधित्व पाउँदछन् ? के सामाजिक भेदभावमा परेका दलितहरूले जनसंख्याको अनुपातमा प्रतिनिधित्व पाउँछन् ? आफू उपस्थित नहुँदा आफ्नो पक्षमा पृष्ठपोषण कसैले नगरिदिने हुँदा नै यसअघिका संविधानमा आदिवासी जनजाति, तथा भाषिक अल्यसंख्यकका भाषिक र सांस्कृतिक सवाल दलित तथा महिलाका झैं ओझेलमा परेका हुन्। मुलुक हाँक्ने राजनैतिक दलहरूले मात्र होइन यससम्बन्धमा बुद्धिजीवी तथा सचेत नागरिक समाजले पनि प्रष्ट हुन अब ढिलो गर्न हुँदैन।

## उपसंहार

विविधता र बहुलताको स्वीकार शक्तिको स्रोत पनि हुन्छन्। बहुलवादी चिन्तन आजको युगको मान्यता हो। यसको जगमा जातीय र सांस्कृतिक पहिचानको खोजी छ। कुनै पनि राष्ट्रले राष्ट्रियताको नारा दिएर अघि आएजस्तै



त्यस समाज वा राष्ट्रभित्रका विविध एकाईका रूपमा रहेका जातीय समाजले मूलप्रवाहभित्र रहँदा पनि छुट्टै पहिचानको आग्रह राख्दछ। राष्ट्रियकरणविरुद्ध भूमण्डलीकरणकै परिपाटिमा राष्ट्रियता विरुद्ध जातीयताको द्वन्द जन्मन्छ जुन प्रक्रियालाई तर राष्ट्रिय एकतामा व्यवधानका रूपमा लिन हुँदैन। विविधतालाई जोगाएर सँगै पनि बस्न सकिन्छ। विभिन्न भाषामा बोल्दै, भिन्न भिन्न धर्म र संस्कृति पालन गर्दै पनि हामी प्रतिकूलताका विरुद्ध लड्न सक्दछौं। बाहेक गर्ने नभई समावेश गर्ने नीति बहुलताले युक्त हाम्रो समाजको आवश्यकता हो। अर्को शब्दमा भन्दा नेपाली राष्ट्रियता भनेको भिन्नताको विरोध हो भन्ने सोच प्रतिगामी सोच हो।

त्यसैले, आत्मनिर्णयको अधिकारसहितको जातीय तथा क्षेत्रीय स्वशासन वा संघीय स्वरूपको राज्यको पुनर्संरचनाको ढांचा परिकल्पना गर्दा नेपालको भौगोलिक र भूसांस्कृतिक बनोट (जाति, भाषा, संस्कृति आदि) लाई ध्यानमा राखिनुपर्दछ। किनभने भूमि, जाति र भाषाको सम्बन्ध अन्योन्याश्रित हुन्छ । त्यसैले मातृभाषा र मातृभूमि भन्ने नारा बनियो विश्वभरि उठेको हो। राज्यको **पुनर्संरचना** गर्दा भाषा बलियो आधार हुन सक्दछ। भारतमा भाषिक आधारमा भएको राज्यको पुनर्संरचनालाई उदाहरणका रूपमा लिन सकिन्छ (काइँला, २०६२)।

### सन्दर्भसूची


डा. हर्क गुरुङ
प्रा. डो प्रयागराज शर्मा
प्रा. कृष्ण खनाल
डा. कृष्णबहादुर भट्टचन
डा. महेन्द्र लाओती
गोविन्द न्यौपाने (२००० ई)
बैरागी काइँला(२०५८ क, २०६२)
परसुराम तामाङ(२०६२)
प्रा. माणिकलाल श्रेष्ठ(२०६२)
सीताराम तामाङ (२०६२)
केबी गुरुङ, २०६२)
राजेन्द्र श्रेष्ठ (२०६२)
नरहरि आचार्य (२०६२)
राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन )२०५०)
राष्ट्रिय जनगणना (०४८ र ०५८)
राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठानको कार्यदलको प्रतिवेदन(२०५३)
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान(२०५८)
विभिन्न राजनीतिक दलका राज्यको पुरसंरचनासम्बन्धी दस्तावेज (सं. सीताराम तामाङ, २०६२)

## पादटिप्पणी

१. **कर्मचारीतन्त्र**

उच्चजातकाले आज पनि राजनीति र शासनतन्त्रको ९१.२ प्रतिशत पदहरू ओगटेका छन्। यिनमा पनि डा. हर्क गुरुङ( ऐ.)का अनुसार कुल जनसंख्याको एकतिहाइभन्दा कम संख्या हुने उच्चजातकाले दुईतिहाइभन्दा बढी शासनयन्त्रमा ढलिमली गर्न पाएका र गरिरहेका छन्। यिनमा पनि पहाडे उच्च जाति(बाहुनछेत्री) कै कर्मचारतिन्त्र र न्यायसेवाको ७६ देखि ७८ प्रतिशत स्थानमा वर्चश्व छ। पहाडे जनजाति(२२ प्रतिशत) ले भने मात्र ८ प्रतिशत स्थान पाउन सकेका छन्। यसरी के देखिन्छभने तुलनात्मकरूपमा कर्मचारीतन्त्र, न्यायसेवा, नागरिक समाजमा पहाडे जनजातिको प्रतिनिधित्व भने थोरै (२ प्रतिशत) छ।

२. **राजनीतिक प्रतिनिधित्व**

पहाडे उच्च जातिमा बाहुनक्षेत्रीको राजनीतिक प्रतिनिधित्वमा कब्जा ५८.४ प्रतिशत छ। पहाडे उच्च जात पछि नेवार (११ देखि १८ प्रतिशत) र मधेसी समुदाय(३१ प्रतिशत) ले पनि मात्र १२ प्रतिशत स्थान ओगट्न सकेका छन्। त्यसमा पनि *तराई का उच्च जात (४ देखि १६ प्रतिशत) छन्।* त्यसरी नै राजनीतिमा पनि जनजातिको प्रतिनिधित्व प्रतिनिधित्व (१३ प्रतिशत) अत्यन्त अल्प छ। राजनीतिक प्रतिनिधित्व (**कृष्ण खनाल, पृ.९ र पृ.११ मा** हेर्नु) मा पनि बहिष्कृत गरिएका आदिवासी जनजाति, महिला र दलित (१२.२) माथि ठूलो भेदभावमा गरिएको छ। दलितको माथिल्लो तहका शक्ति संयन्त्रमा र शासनतन्त्र (**न्यौपाने : २०००, पृ.८२ मा आधारित टेबल, डा. हर्क गुरुङ, पृ.३**) कुनै स्थान छैन। अर्को शब्दमा राजनीतिमा दलितको प्रतिनिधित्व (माथिल्लो सदनमा नाम मात्रको) छैनभन्दा पनि हुन्छ।

३. **आदिवासी तथा जनजातिको भौगोलिक वितरण**

(१) **हिमाली क्षेत्र** (१८)।

| | | | |
|---|---|---|---|
| १. भोटे | २. थकाली | ३. ल्होपा | ४. लार्के |
| ५. वालुङ | ६. मार्फाली | ७. छैरोतन | ८. ब्याँसी |
| ९. मुगाली | १०. थुदाम | ११. सियार | १२. तीन गाउँले थकाली |
| १३. शेर्पा | १४. डोल्पो | १५. ल्होमी | |
| १६. ताङ्बे | १७. तोप्केगोला | १८. बाह्रगाउँले | |

(२) **पहाडी क्षेत्र** (२४)

| | | | |
|---|---|---|---|
| १९. चेपाङ | २०. गुरुङ | २१. जिरेल | २२. लेप्चा |
| २३. हायु | २४. राई | २५. सुनुवार | २६. तामाङ |
| २७. थामी | २८. कुसुण्डा | २९. पहरी | ३०. भुजेल/घर्ती |
| ३१. बरामो | ३२. सुरेल | ३३. मगर | ३४. बनकरिया |
| ३५. दुरा | ३६.याक्खा | ३७. लिम्बू | ३८. छन्त्याल |
| ३९. फ्रि | ४०. नेवार | ४१. ह्योल्मो | ४२. कुशवडिया |



(३) **भित्रिमधेस** (७)

| | | | |
|---|---|---|---|
| ४३. बोटे | ४४. कुमाल | ४५. माझी | ४६. राउटे |
| ४७. दनुवार | ४८. दराई | ४९. राजी | |

(४) **तराई क्षेत्र** (९)

| | | | |
|---|---|---|---|
| ५०. धानुक | ५१. ताजपुरिया | ५२.राजबंशी/कोच | ५३. किसान |
| ५४.सतार | ५५. गनगाईं | ५६. थारु | ५७. धिमाल/सन्थाल |
| ५८. झांगड | ५९. मेचे | | |

४. **वक्ताका आधारमा मातृभाषा**

एक लाखभन्दा बढी वक्ता भएका भाषाहरूमा कूल जनसंख्यामा वक्ताको प्रतिशत निम्ननुसार छन् :

| | | |
|---|---|---|
| (१) खस नेपाली | ४८.६१ | (१,१०,५३,२५५) |
| (२) मैथिली | १२.३० | (२७,९७,५८२) |
| (३) भोजपुरी | ७.५३ | (१७,१२,५३६) |
| (४) थारू | ५.८६ | (१३,३१,५४६) |
| (५) तामाङ | ५.१९ | (११,७९,१४५) |
| (६) नेवार | ३. ६३ | (८,२५,४५८) |
| (७) मगर | ३.३९ | (७,७०,११६) |
| (८) अवधी | २.४७ | (५,६०,७४४) |
| (९) बान्तावा राई | १.६३ | (३,७१,०५६) |
| (१०) गुरुङ | १.४९ | (३,३८,९२५) |
| (११) लिम्बू | १.४७ | (३,३३,६३३) |
| (१२) बजिका | १.०५ | (२,३७,९४७) |
| (१३) उर्दू | ०.७७ | (१,७४,८४०) |
| (१४) राजबंशी | ०.५७ | (१,२९,८२९) |
| (१५) सेर्पा | ०.५७ | (१,२९,७७१) |
| (१६) हिन्दी | ०.४७ | (१,०५,७६५) |

### ५. शासनको एकीकृत जाति सूची

| संस्था | खस | मंगोल किराँत | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. न्यायपालिका | १८१ | ४ | १८ | | ३२ | | २३५ |
| २. संवैधानिक अंग र आयोग | १४ | २ | ३ | | ६ | | २५ |
| ३. मन्त्रिपरिषद् | २० | ४ | ५ | | ३ | | ३२ |
| ४. सार्वजनिक प्रशासन | १९० | ३ | ९ | | ४३ | | २४५ |
| ५. व्यवस्थापिका | १५९ | ३६ | ४६ | ४ | २० | | २६५ |
| ९. राजनीतिक पार्टीको नेतृत्व | ९७ | २५ | २६ | | १८ | | १६५ |
| १०. जिविस सभापति, नगरपालिका मेयर/उपमेयर | १०६ | २३ | ३१ | | ३० | | १९१ |
| ११. उद्योग, वाणिज्य क्षेत्रको नेतृत्व | ७ | | १५ | | २० | | ४२ |
| १२. शैक्षिक क्षेत्रको प्राज्ञिक र पेसागत नेतृत्व | ७५ | २ | ७ | १ | ११ | १ | ९७ |
| १३. सांस्कृतिक क्षेत्रको प्राज्ञिक र पेसागत नेतृत्व | ८५ | ६ | | | २२ | | ११३ |
| १४. विज्ञान–प्रविधि | ३६ | २ | ६ | | १८ | | ६२ |
| १५. नागरिक समाज क्षेत्रको नेतृत्व | ४१ | १ | ४ | | ८ | | ५४ |
| जम्मा | १०११ | १०८ | १७० | ५ | २३१ | | १५२० |
| प्रतिशत | ६६.५ | ७.१ | ११.२ | ०.३ | १५.२ | | १०० |
| १६. नेपालको जनसंख्या (प्रतिशत) | ३१.६ | २२.२ | ३०.९ | ८.७ | ५.६ | ०.१ | १०० |
| फरक (प्रतिशत) | +३४.९ | -१५.१ | -१९.७ | -८.४ | +९.६ | -१.० | |

*श्रोत :* गोविन्द न्यौपाने, *नेपालमा जातीय प्रश्न : सामाजिक बनोट र साझेदारीको सम्भावना, काठमाडौं, २000, पाना ८२ ।*



### ६. राष्ट्रियसभा र प्रतिनिधिसभा सदस्यहरूको जाति विश्लेषण

| तह | खस | मंगोल किराँत | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय सभा- सन् १९९९ | ३५ | ६ | ७ | ४ | ८ | | ६० |
| प्रतिनिधिसभा- सन् १९९९ | १२४ | ३० | ३९ | | १२ | | २०५ |
| जम्मा | १५९ | ३६ | ४६ | ४ | २० | | २६५ |
| प्रतिशत | ६०.० | १३.३ | १७.४ | १.५ | ७.५ | | १०० |
| कुल जनसंख्यामा जातिहरूको प्रतिशत | ३१.६ | २२.३ | ३०.९ | ८.६ | ५.६ | | |
| पतिनिधिसभा- सन् १९५९ | ६४ | १७ | २४ | - | ४ | | १०९ |
| महासभा- सन् १९५९ | २३ | ४ | ३ | | ६ | | ३६ |
| जम्मा | ८७ | २१ | २७ | | १० | | १४५ |
| प्रतिशत | ६०.० | १४.५ | १८.६ | | ६.९ | | १०० |

*श्रोत : देवकोटा, (२०३३): ७९-१११ र २००-२०२, खनाल, (२०५५): ४५-९५, दूरसञ्चार (२०५६) र ल्क्ष्म् ज्ञढढढ मा उल्लेख भएका पतिनिधिसभा, राष्ट्रिय सभा र महासभाका सदस्यहरूको जाति विश्लेषण, पाना ६९ ।*

### ७. केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको जाति विश्लेषण

| पार्टीहरू | खस | मंगोल किराँत | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नेपाली काङ्ग्रेस | २२ | ३ | ४ | | २ | | ३१ |
| नेकपा एमाले | २८ | १ | १ | | २ | | ३२ |
| नेकपा माले | १८ | ५ | ४ | | ९ | | ३६ |
| राप्रपा थापा | १५ | ८ | ९ | | २ | | ३४ |
| राप्रपा चन्द | १४ | ८ | ७ | | ३ | | ३२ |
| जम्मा | ९७ | २५ | २६ | | १८ | | १६५ |
| प्रतिशत | ५८.८ | १५.१ | १५.७ | | १०.९ | | १०० |
| कुल जनसंख्यामा जातिहरूको प्रतिशत | ३१.६ | २२.३ | ३०.९ | ८.६ | ५.६ | | |
| प्रमुख पार्टीहरूको नेतृत्व (सन् १९५९) | ५० | ११ | ७ | | ११ | | ७९ |
| प्रतिशत | ६३.२ | १३.९ | ८.८ | | १३.९ | | १०० |

*श्रोत :* Gupta, 1964: 285-287 / NIMD, 1999 *मा उल्लेख गरिएका नेताहरूको जाति विश्लेषण, पाना ७१ ।*

## टिप्पणीकर्ता

**डा. माधव पोखेल**

भाषाभाषीको विषयमा आदरणीय बैरागी काइँला दाइ निक्कै दख्खल राख्नुहुन्छ। २०४६ को राजनीतिक परिवर्तनपछि उहाँ राष्ट्रिय भाषा नीति तथा सुधार सुझाव आयोगको कार्यदलको संयोजक हुनुभयो। नेपालका भाषाहरूको कस्तो स्थित छ र, ती बेग्लाबेग्लै भाषाहरूलाई कसरी विकास गर्न सकिन्छ भनेर धेरै गृहकार्य गरेर उहाँले १०/१२ वर्ष अगाडि एउटा प्रतिवेदन तत्कालीन सरकारलाई बुझाउनुभएको थियो। सायद २०५० सालतिर होला।

प्रतिवेदन बुझाएको १३ वर्ष बितेछ। उहाँले प्रस्तुत गर्नुभएको प्रतिवेदनका दुई चारवटा कुरा कार्यान्वयन भए होलान, तर उल्लेखनीय, एकीकृत र योजनाबद्ध रूपमा कार्यान्वयन हुन सकेन। तसर्थ भाषाका सम्बन्धमा उहाँको धेरै अनुभव छ। उहाँ आफैं पनि भाषासेवी हुनुहुन्छ। नेपाली जनतामाझ उहाँको छुट्टै पहिचान बनेको छ।

लिम्बू जातिको प्रतिनिधित्व गर्ने भएकोले उहाँलाई नेपालमा जनजातिहरूको अप्ठ्याराहरू के के छन्, अड्काहरू के के छन्, कतै उनीहरूको आफ्नै कारणहरूले गर्दा खेरी पिछडिएका छन् कि, कसैले घचेटेरै पिछडिन बाध्य पारिएको हो कि जस्ता यी र अनेक कुराहरूको अवधारणा पत्रमा उहाँले विश्लेषण गर्नुभएको छ। आज गर्नुभएको प्रस्तुतिमा मैले भाषा वा संस्कृतिमध्ये भाषामा बढी केन्द्रित भएर कुरा राख्नेछु।

वास्तवमा उहाँको प्रस्तुतिमा केही ऐतिहासिक पक्ष छन् भने बढी राजनीतिक पक्ष। आर्थिक पक्ष एकदम कम छ। अनि भाषिक र सांस्कृतिक पक्षहरू केही उल्लेख भएका छन्। म दुइटा कुरामा केन्द्रित भएर आफ्नो कुरा टुङ्ग्याउने प्रयास गर्नेछु।

नेपालमा करिव एक सय भाषाभाषी होलान। अहिलेसम्म नेपालमा भाषिक सर्वेक्षण नभएकाले यो संख्या मोटामोटी हो। जुनबेलासम्म भाषिक सर्वेक्षण हुँदैन, तबसम्म यति नै छ भनेर ठोकुवा गर्ने अवस्था छैन। नेपालमा मातृ भाषीमाथि वास्तविक न्याय गर्नुछ भने भाषिक सर्वेक्षण हुनुपर्छ। कुन भाषा हो, कुन भाषिका हो भन्ने अनेक अप्ठ्याराहरू अहिले विद्यमान छ। जस्तो डोट्यालीहरूले पहिलोपल्ट यो नेपाली भाषा हैन, हाम्रो बेग्लै भाषा हो भनेर दाबी गरे।

२००१ को जनगणनामा थुप्रै जिल्लामा नेपालीको भाषी छन् भन्यौं, उनीहरूले आफ्नो फरक भाषा रहेको दावी गरिरहेका छन्। यो एउटा अर्को विचारणीय पक्ष हो। डोट्याली, बझाङी, अछामीजस्ता भाषिकाहरूसँग नेपाली भाषाको सम्बन्ध कम्तिमा पाँच वर्ष पुरानो हो।

पाँच वर्ष अगाडिको त्यो साइनो अहिले निक्कै परिवर्तन भइसकेको छ। अहिले त्यो जुम्लीले बोल्यो भने म बुझ्दिन। त्यसैले अब पारस्परिक बोधगम्यको आधारमा भाषा हो कि भाषिका हो भनेर छुट्टयाउने वैज्ञानिक नियम पनि छ। मैले बोलेको भाषा छुट्टै भाषा हो कि कुनै भाषाको अङ्ग भाषिका हो भनेर छुट्याउने हक बोल्नेहरूको हकभित्र पर्छ। त्यसलाई सरलीकृत गर्ने जिम्मेवारी भनेको राज्य र सो भाषाका प्रयोगकर्ताको नै हो। यसमा राज्यले पनि टेवा दिनुपर्छ।



मैले यहाँ कुन भाषा, मातृ भाषा हो र कुन भाषिका हो भनेर परिभाषीत गर्ने प्रयास गरेको हैन। त्यो उनीहरूको हकको विषय हो। उनीहरूको त्यो हकलाई सरलीकृत गर्नका लागि भाषा वैज्ञानिकहरू, मानवशास्त्रीहरू र समाजशास्त्रीहरू र राज्यले पनि सहयोग पुऱ्याउनुपर्छ। उनीहरूले नेपाली भाषाकै भाषिका हौं भन्छन् भने पनि सबैले सहयोग गर्नुपर्छ। त्यो मातृ भाषीहरू, जनजाति, जातिको आफ्नो स्वायत्तता र स्वेच्छाको कुरा हो। अर्कोले जबर्जस्ती लाद्ने कुराहरू हैनन।

नेपालीका १२ वटा भाषिका छन्। तर भाषिक सर्वेक्षण गरेर नेपालमा जम्मा कति वटा भाषा छन् र कति भाषाको अवस्थामा छन्, कति भाषिको अवस्थामा छन् भन्ने निर्धारण गर्ने काम त्रिभुवन विश्वविद्यालय भाषा विज्ञान विभागको हो र देशका भाषा वैज्ञानिकहरूको हो। र, राज्यले त्यसका लागि पुर्वाधारको विकास गर्नुपर्छ।

संविधानसभामा भाषाको व्यवस्था हुने कुरा होइन। संविधानले कुन भाषा हो र कुन भाषिका हो भन्ने निर्धारण गर्दैन। संविधान कार्यान्वयन गर्दा भाषिक सर्वेक्षण गरेर बोलिने भाषाको संख्या कति छ, कुन-कुन भाषा लोप हुने अवस्थामा छन् भन्ने निर्धारण गर्नुपर्दछ। जस्तो कुसुण्डा भाषा बोल्ने मान्छे सबै सकिएका थिए भन्ने सूचना आएको थियो। बल्लबल्ल हामीले खोजेर खरर बोल्ने तीन जना फेला पार्न सक्यौं। एउटा अलिअलि मात्र बोल्न जान्ने थिए। जस्तो राजा मामा नामका कुसुण्डा २२ प्रतिशत मात्र आफ्नो भाषा बोल्न जान्ने थिए। प्रेमबहादुर भन्नेलाई ६४ प्रतिशत मात्र बाक्य आउँथ्यो, शब्द आँउदैनथ्यो। ज्ञानीमैया सिंह, कमला ठकुरी र अर्को एक जना भेट्टिएपछि मात्र कुसुण्डा भाषा बोल्ने मान्छे फेला पऱ्यो। र, कीर्तिपुरमा एकै ठाउँमा बोल्ने र बोल्न नजान्ने राखेपछि त जसले मातृ भाषा बिर्सिसकेको थियो, उसमा पनि भाषा पलाएर आयो। उ पनि राम्ररी बोल्न सक्ने भयो। यस्ता खालका कामहरूले गर्दा लोप भइसकेका भाषाहरूलाई पुनर्जीवन दिन सकिन्छ। तर मुलुकमा सीमित काम भइराखेको छ। नाराहरूले मात्र काम हुन सक्दैन। बैरागी काइँला दाइले जुन पार्टीमा भोट हाल्नुहुन्थ्यो, त्यो पार्टीको सरकार थियो, त्यही पार्टीले उहाँलाई कार्य दलको नेता बनायो र त्यसै पार्टीको सरकारलाई उहाँले प्रतिवेदन बुझाउनुभयो। तर १० वर्ष बित्यो कार्यान्वयन भएन।

जबसम्म सिमान्तकृत जातिले नै काम गर्न पाउने हक हुँदैन, तबसम्म काम हुँदैन भन्ने उहाँले पेस गरेको तथ्य विचारणीय र राम्रो हो। यो कुरा राजनीतिमा आयो। राजनीतिमा 'विरभोग्या बसुन्धरा' भन्ने हुँदो रहेछ। यसको अर्थ जो विर हो धर्ती भोग्ने उनै भन्ने हो। अहिलेको जनआन्दोलन सफल पारेको माओवादीले हो। अहिले माओवादीले जे भन्यो सात पार्टीले त्यही मान्नुपर्ने अवस्था रहेको छ। यो खालको स्थितिमा राज्यका सबै प्रमुख राजनीतिक पार्टीहरूका टाउकामा त बाहुन, क्षेत्रीहरू नै छन्। हिजोका दिनमा काईला दाईले भोट हालेकै पार्टी नै सरकामा बसेका बेलामा गठन गरेको कार्यादलको प्रतिवेदन त कार्यान्वयन भएन भने माओवादीकै सरकार वा अन्य कुनै दलको सरकार आयो भने के होला ? भोलि बन्ने सरकारमा पनि प्रतिनिधित्व त क्षेत्री, बाहुनको नै बढी होला। सिमान्तकृत अन्य मातृ भाषा बोल्नेहरूको वा जनजातिको प्रतिनिधिसभामा प्रतिनिधित्व गराउने कुनै सूत्र त हुँदैन होला ? कुसुण्डा भाषा बोल्न जान्ने जम्मा आठ जना मान्छे छन् भने तिनलाई

भोलि कसरी संसदमा ल्याउने ? तिनिहरूले आफ्नो हक अधिकार पाउने सूत्र के हो ? यो हुँदैन राजनीतिमा ।

अहिले आएको तथ्य हो यो राज्यभित्र बस्ने जतिपनि व्यक्तिहरू, भाषाभाषी सबैलाई एउटै परिवारका सदस्यका रूपमा विकास गरी सबैको समस्याको समाधान कसरी गर्न सकिन्छ भन्ने प्रकारको सूत्र र कार्यक्रम आउँछ । तर त्यो कार्यक्रमको दिशामा मुलुक हिँड्दैन, सबै कुराहरू भावुकतामा सीमित हुन पुग्दछ । भावुकताले परिवर्तनको रेखा कोर्न सक्दैन भन्ने हामी सबैलाई थाहा छ । भोलि बन्ने संविधान यस्तै खालको हो भने यसको के अर्थ ?

भोलि संविधानसभाको निर्वाचन भयो भने को-को विजयी भएर आउलान भन्ने सहजै अनुमान लगाउन सकिन्छ । निर्वाचनको खेलमा माहिरहरू नै आउँछन् । कहिलेकहीँ चुनाव जित्नको लागि जनाधारको पनि आवश्यकता पर्दैन भन्ने तथ्य हिजोका दिनका परिणामहरूबाट हामीले भोगेका छौं । ती टाउकाहरू फेरी पनि संविधानसभामा आउन सक्छन् ।

बाँकी सिमान्तकृत जातिहरूलाई निर्णय गर्ने ठाउँसम्म कसरी ल्याउने भन्ने सूत्रबारे संविधानसभाको निर्वाचन अगाडि नै विचार गर्नुपर्ने हुन्छ । यो भाषाको राजनीतिक पाटो भयो ।

अर्को कुरा:- नेपालमा करिब सयवटा भाषा रहेका छन् । तिनको विकासका लागि के के गर्न सकिन्छ । नेपालमा बोलिने धेरैजसो भाषाहरूको लेख्य परम्परा नै छैन । एउटा मातृ भाषाको वर्ण निर्धारण गर्न जम्मा सात दिन लाग्छ । त्यसैले सबैभन्दा पहिलो काम भनेको नेपालमा रहेका सबै मातृ भाषाहरूको वर्ण निर्धारण गर्नु नै हो । जसले लेख्य परम्परा नभएका मातृ भाषाको परम्परा सुरु गराउनेछ । यो ठूलो कुरा हैन । तर सिंहदरबारमा रहेकाहरूसँग सिप छैन, उनीहरूलाई नारा दिन आउँछ, सत्तामा आएपछि पहिला दिएको नारा बिर्सन्छन् । जुन नारा दिएर राज्य सत्ता कब्जा गर्न सकिन्छ, त्यही नारा दिन्छन् र सिंहदरबारमा पस्छन् । त्यहाँ पसेपछि जतिसुकै शक्तिशाली पार्टीको पनि पुच्छर चुडिन्छ र किचलो सुरु हुन्छ । उनीहरू जति गर्न सकिन्छ गरौं भन्छन्, अनि अर्को जनआन्दोलन कुर्ने काम गर्छन् । काम गर्न मुलुक अनुशासनमा चल्नुपर्छ । नेपालमा रहेका जातिहरू र सबै व्यक्तिलाई पारस्परिक माया र पारिवारिक भावनाबाट कसरी अनुशासनमा राख्ने भन्ने सूत्र अहिलेसम्म बनेको छैन । यस्तो अनुशासनको सूत्र संविधानसभाले कसरी बनाउन सक्छ ? संविधानमा जतिसुकै सुनौला भाषा लेखे पनि कार्यान्वयन नभएसम्म केही हुनेवाला छैन ।

सबै राजनीतिक पार्टीको घोषणा पत्रमा दलितहरूको समस्या समाधान गर्ने, जनजातिलाई उकास्ने, महिला र पिछडिएका जाति सबैलाई समान हक प्रदान गर्ने उल्लेख छ । तर व्यवहारमा के भइरहेको छ भन्ने हामीले भोगिरहेकै कुरा हो । तालि बजाउने खाले कार्यक्रम मात्र आएर हुँदैन । कार्यक्रम कस्तो प्रकारको आउँछ र त्यसको कार्यान्वयन कसरी हुन्छ भन्ने नै मूल कुरा हो । आकर्षक भाषणको भरमा जनताले थपडी बजाइदिएको भरमा समस्या समाधान हुँदैन । तसर्थ संविधानसभामा आउने मान्छेले संविधानलाई जति टल्काए पनि अनुशासनहीनताले फेरि पुर्पुरो सेक्छ नै । त्यसलाई के गरेर थाम्ने भन्ने विचार संविधानसभावालाहरूले विचार गर्नुपर्छ ।



केही आन्तरिक कारणले गर्दा नेपालका भाषाहरू संकटमा परिरहेका छन् । केही बाह्य कारणहरूले संकटमा परिरहेका छन् । यसको राम्ररी अध्ययन हुन जरुरी छ । यसको लागि भाषिक सर्वेक्षणको आवश्यकता रहेको छ ।

अब म आर्थिक पक्षमा केही धारणा राख्ने प्रयास गर्नेछु । रुसमा जब भाषा नीति बनाइयो, अनि रसियनहरूले बनाउने भाषा नीतिमा आर्थिक र भाषिक नीति सँगसँगै जोडिन थाल्यो । कजाकस्तानमा जस्ता खानी, तामा खानी उत्खनन गर्दा रसियन र कजाकस्तानीहरूमा दुई प्रकारको भाषाको विकास भयो । पहिलो कजात भाषाको विकास भयो भने अर्को रसियाली भाषाको विकास भयो । आर्थिक विकास सँग भाषिक नीति पनि जोडेर ल्याउँदा कजाक भाषाको विकास भयो । यसले कजाक भाषाको शब्दावलीको विकास भयो, शब्दकोशहरूको निर्माण भयो र, रसियन भाषामा पनि थुप्रै कजाक भाषाहरू थपिए । तसर्थ हामी कहाँ पनि नेपाली राष्ट्र भाषा हो भने नेपालभरिका भाषाहरूको शब्दावली नेपाली भाषामा छन् । यसरी के भने नेपालभरका भाषाको विकास हुँदाखेरी नेपाली भाषाको विकास हुन्छ ? नेपाल भरका बेग्लाबेग्लै जातजाति र जनजातिहरूको भाषा र संस्कृतिको विकास गरेर त्यसको प्रचार गर्ने हो भने त्यो सम्पूर्ण नेपालीको र नेपालकै साझा सम्पत्ति बन्न पुग्दछ ।

आर्थिक कार्यक्रमले दरिद्रतम अवस्थाबाट देश उकासी विकास गर्ने हो । आर्थिक कार्यक्रम र भाषिक कार्यक्रम एकसाथ जोडेर लगेन भने त्यो भाषिक आन्दोलनमा जोडिदैन । त्यसले काम गर्दैन । आर्थिक कार्यक्रमलाई पनि बिर्सन पाइँदैन । यो कसरी बनाउने हो भन्नेतिर विचार गर्नुपर्दछ । र, नीति निर्माणको चरणमा यस विषयमा गम्भीर बहस चलाउनु पर्दछ ।

धर्मनिरपेक्षता भएका दुई मुलुक भारत र चीनबारे केही अनुभव मसँग रहेको छ । चीनमा म रहेको बेला चाइना दैनिकले एउटा धार्मिक स्वेतपत्र प्रकाशित गरेको थियो । त्यसमा धर्मनिरपेक्षताको विषयमा चीनको अवधारणा प्रस्तुत भएको थियो । नेपाललाई पनि एउटा हिन्दु अधिराज्य भन्नु र नेपाल एउटा धर्म निरपेक्ष राज्य भन्नुमा धेरै ठूलो फरक पर्दैन । नेपालभित्र भएका धर्महरू मानेर जाने र मिलेर बसेका नेपालीबीच यसले केही असर पार्दैन । अफ्टेरो परेको बेलाका लागि चीनले देशभित्र भएका सबै धर्महरू नागरिकले मान्न पाउँछन्, तर विदेशीले एउटा धर्म ग्रन्थको दुइटा कपी बोकेर हिँड्न पाउँदैन भन्ने नीति बनाएको छ । दुई प्रतिबोक्यो भने एउटा उसका लागि हो भने अर्को के का लागि भन्ने प्रश्न उठ्छ र त्यो कतै अर्को व्यक्तिलाई धर्म परिवर्तन गराउन प्रयोग गर्न खोजिएको हो कि भन्ने आशंका उठ्छ । त्यस्तालाई भेट्यो कि ठोकिदिने नियम छ । कुनै विदेशी धार्मिक प्रयोजनका लागि आउनुपरेमा स्थानीय, राष्ट्रिय स्तर वा प्रान्तिय धर्माधिकारीको कार्यालयबाट अनुमति लिनुपर्छ । अनिमात्र उसले चिनियाहरूसँग भेट गर्न पाउँछ ।

डलर र युरो लिएर मुलुकभित्र पस्नेहरूले मुलुकमा आ-आफ्नो धर्म मानिरहेकाहरूलाई बाधा पुऱ्याउँछन् । म नेपाल र भारतको उदाहरण दिन चाहन्छु ।

चीनमा ताङ्स्या वतुङ्ले भनेका थिए- खुल्लापन राम्रो हो, तर खुल्लापन भनेर झ्याल खुल्ला राख्दा अक्सिजनमात्र नभई लामखुट्टे पनि छिर्न् सक्छ । लामखुट्टेलाई रोक्नका लागि राम्ररी झुल बाध्नुपर्दछ ।' वास्तवमा भारतले त्यो झुल कस्न जानेन ।

भारत धर्म निरपेक्ष राष्ट्र हो, तर धर्मनिरपेक्षताको आधारमा ब्रम्हपुत्र, मध्य भारत र दक्षिणका धेरै जसो आदिवासीहरू क्रिश्चियन बने। यसैले विदेशीहरूले ल्याएको डलर र युरोबाट जनजाति सबैभन्दा बढी सिकार हुने रहेछ। उनीहरूमा शिक्षाको कमीले गर्दा पनि यस्तो भएको हो। तसर्थ धेरै भन्दा धेरै धार्मिक आक्रमणमा जनजाति र दलित पर्दा रहेछन्।

मेरो क्रिश्चियन चेलाले १९८६ मा 'अहिले नेपालमा एक हजार क्रिश्चियनहरू छन्' भनेर लेख्यो। १९९६ मा अर्को चेलाले 'अहिले नेपालमा प्रोटेष्टेन्ट क्रिष्चियनहरू मात्र ५० हजार छन्' भनेर लेख्यो। २००६ मा यहाँ क्रिष्चियनहरूको अवस्था कस्तो छ, त्यो अनुसन्धानको कुरा हो। विदेशीलाई आफ्नो धर्म फैलाउनका लागि सरल पार्ने खालको भावुक खुल्ला नीति लिएर भुल टाँग्न बिर्सियौं भने धार्मिक समानताको नाममा हाम्रो मुलुकमा परम्परागत रूपमा मान्दै आएका धर्महरूको विकास हुनुको साटो धर्म नै परिर्वतन हुने खतरा छ। धर्मनिरपेक्षताका सार्थ त्यसलाई कसरी चुकुल लगाउने हो भन्नेतिर पनि पर्याप्त ध्यान दिनु जरुरी छ। बाँकी काइँला दाइले भन्नुभएका कुराहरूमा मेरो सहमति छ।

**डा. योगेन्द्र यादव**

काइँला दाइको अवधारणापत्रमाथि टिप्पणी गर्न मलाई असजिलो लागिरहेको छ। उहाँ र म मिलेर धेरै भाषासम्बन्धी कामहरू गरेका छौं। त्यसैले भाषा र संस्कृतिको विषयमा हामीमा धेरै समानताहरू भेट्न सक्नुहुन्छ। यहाँ म काइँला दाइले छुटाउनुभएका केही कुराहरूमाथि प्रकाश पार्ने प्रयास गर्नेछु।

यहाँ भाषा सुधार आयोगको प्रतिवेदनको कुरा उठ्यो। हामीले जति सुझावमा दिएका थियौ, त्यो कार्यान्वयन हुन सकेन। तर केही उपलब्धिहरू भएका भने छन्। पहिलो कुरा त यसले सरकारी स्तरमा मात्र हैन विभिन्न भाषाका बीचमा भाषा जागरुकता ल्याउन भूमिका खेलेको छ। विभिन्न भाषाभाषी समूहबीच चलेको बहस र उनीहरूमा चेतनाको विकास हुनुको श्रेय त्यही प्रतिवेदनलाई दिँदा फरक नपर्ला।

प्रतिवेदनको प्रभावकै रूपमा रेडियो नेपाललगायतका सञ्चार माध्ययमा विभिन्न भाषाबाट कार्यक्रम प्रसारण हुन थाल्यो, मातृ भाषामा शिक्षा प्रदान गर्ने मुद्दाको प्रारम्भ भयो। ठूलो उपलब्धिको रूपमा त्रिभुवन विश्वविद्यालयमा केन्द्रीय भाषाविज्ञान विभागको स्थापना हुनुलाई लिन सकिन्छ। प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन हुन नसके पनि भाषाभाषिको विकासमा यसले योगदान पुऱ्यायो।

काइँला दाइले भाषामा रहेको भाषिक र सांस्कृतिक विविधताको प्रसंग उल्लेख गर्नुभएको छ। सानो मुलुक भए पनि यहाँ विविध भाषिक तथा सांस्कृतिक विविधताहरू रहेको छन् नै। बायोलोजिकल विविधताहरू पनि छन्। यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले भौगोलिक विविधताको प्रवर्द्धनका लागि जति खर्च गरेका छन् त्यति भाषा र संस्कृतिको संरक्षणका लागि गरेका छैनन। यही कारण पनि विभेदहरू देखिएका छन्। एउटा सानो जीवलाई बचाउन लाखौं करोडौं खर्च भइरहेको छन्, तर कुसुण्डाजस्तो लोप हुन लागेको भाषा र संस्कृतिको संरक्षणका लागि राष्ट्रिय/अन्तराष्ट्रिय निकायको ध्यान पुग्न सकेको छैन।



बहसको क्रममा भाषाको संख्याको विषयमा चर्चा भयो। नेपालमा अहिले कति संख्यामा भाषा र भाषिकाहरू रहेका छन् भन्ने अनुमान कै कुरा हो। अनुमानको भरमा नै यसको विवेचना गर्नुपर्ने हाम्रो बाध्यता छ। अनुमानमै भए पनि म तीन प्रकारका भाषाको विषयमा छोटकरीमा चर्चा गर्ने प्रयास गर्नेछु।

२००१ को केन्द्रीय जनगणनाको बेलामा केन्द्रीय भाषा विज्ञान विभागले नै भाषाको पहिचान गरेको थियो। त्यसमा ९२ वटा भाषा निर्धारण गऱ्यो र केही भाषा पहिचान हुन नसकेको उल्लेख छ। त्यो आधिकारीक संख्या हैन, अनुमानित हो। उति बेला ५४४ वटा भाषा जनगणनामा आएको थियो, त्यसलाई हामीले ९२ मा ल्यायौं। र, केही भाषा अझै निर्धारण हुन सकेको छैन।

भाषाको अनुमानित संख्या १ सय २६ रहेको त्यसमा उल्लेख छ। अन्तर्राष्ट्रिय भाषा विज्ञहरूसँग परामर्श गर्ने क्रममा उनीहरूको तथ्यांक बेग्लै रहेको पाइयो। नेपालमा कम्तीमा एक सय ५० भाषा हुनुपर्छ भन्ने उनीहरूको अनुमानित तथ्यांक रहेछ। डा. पोखेलले भाषाको सही संख्याको पहिचान गर्नका लागि भाषिक सर्वेक्षणको आवश्यकता रहेको छ भनेको कुरामा मेरो पूर्ण सहमति छ।

जुन भाषालाई राष्ट्रिय रूपमा प्रयोग गर्ने प्रयास गरिन्छ त्यसैबाट भाषिक सर्वेक्षणको काम सुरु हुन्छ। यो पहिलो जिम्मेवारी पनि हो। हामीले अनुमानित रूपमा एक सय भाषा निर्धारण गरी प्रयोगको अधिकार दिनुपर्छ। २०४७ को संविधानमा नेपाली भाषालाई राष्ट्रिय भाषा, सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिँदाको दुइटा दुष्परिणाम आएको देखिन्छ। पहिलो गैरनेपाली भाषाभाषिको शोषण भयो, जसले गर्दा नेपाली भाषा नजान्ने अन्य भाषाभाषीहरू सामाजिक रूपमा शोषित हुन पुगे। सामाजिक समावेशीकरण भयो भने गैर नेपाली भाषाभाषीहरूले आफ्नो मातृ भाषा छोडेर विस्तारै नेपाली भाषा अंगाल्न पुग्छन्। विस्तारै श्रीमान् र श्रीमतीबीचको पारपाचुकेको अवस्था झै हुन्छ। जसले गर्दा गैर नेपाली भाषाभाषीहरूको आफ्नो भाषासँग पूर्णरूपमा सम्बन्ध टुट्छ। सम्बन्धविच्छेद भएपछि भाषा मृत हुन पुग्दछ। तर, अहिले आएर भाषाको मृत्यु हैन, आत्महत्या भन्ने गरिन्छ। यो आत्महत्या राज्यको प्रेसरले हुन्छ। तर जे भएपनि यसले भाषाहरूलाई विस्तारै मृत बनाउँदै लैजान्छ। यो एक विकराल समस्या हो।

नेपाली भाषालाई संरक्षण गर्नु र अन्य भाषाभाषीलाई तिरस्कार गर्नुले समानताको अधिकार खोस्ने क्रम हो, यो रोक्न सक्दैनौं। यसबाट राज्य ग्रसित देखिन्छ। **राज्यमा द्वन्द्व हुनुमा राज्यको असमान भाषिक नीतिसमेत जिम्मेवार छ।** राज्यको असमान व्यवहारलाई उदांगो पारेर माओवादी अन्य भाषाभाषीहरूलाई आफ्नो पार्टीप्रति आकर्षित गर्न सफल भयो।

भाषिक विविधता हाम्रो समस्या हो भन्ने सोच रहेको छ। तर यो समस्या नभई स्रोत हो, अमूल्य भण्डार हो। सही योजना र नीतिको माध्यमबाट परिचालन गर्न सकिए अन्य स्रोत झै यसबाट पनि राज्यले लाभ उठाउन सक्छ। राज्यको पुनर्संरचनाबारेमा दाहालजी र काइँलाजीले जोड दिनुभयो। राज्यको पुनर्संरचनामा भाषाको सबैभन्दा ठूलो महत्व हुनुपर्दछ भन्ने मेरो मान्यता छ। यो निर्णयक तत्वका रूपमा रहनु पर्दछ।

यसका लागि म भारतीय अनुभव प्रस्तुत गर्ने प्रयास गर्दैछु। भारतमा भाषिक राज्यको कल्पना विहार, उत्तर प्रदेशमा लागू नभए पनि उत्तर भारत त्यही रूपमा आयो। त्यहाँ अहिले कुनै समस्या छैन। विहार, युपी र आसममा भाषिक राज्य नहुँदा त्यहाँ समस्या उत्पन्न भएको छ। केही वर्ष अघिमात्र झारखण्ड भाषिक राज्यको रूपमा अगाडि आयो र त्यसले केन्द्रीय सरकारबाट मान्यता पायो। उत्तराञ्चल पनि भाषिक राज्यको रूपमा स्थापित भएको छ भने आसाममा भाषिक राज्यको मान्यता नै छ।

तसर्थ हामीले पनि अहिले भाषिक राज्यको परिकल्पना गरेनौ भने भविष्यमा फेरि द्वन्द्व सुरु हुन्छ र फेरि राज्यको पुनर्संरचना आवश्यक पर्दछ। विहारमा अझै राज्यको पुनर्संरचना पूरा भएको छैन। अहिले मिथिला राज्यको कुरा उठिरहेको छ। त्यो पनि चाँडै साकार हुने अवस्थामा छ।

यसबाट बढी राज्य हुनु भनेको टाउको दुखाउने काम होइन भन्ने बुझिन्छ। जहाँ बढी राज्य हुन्छन्, त्यहाँ विकास बढी हुन्छ। यो संविधान निर्माताहरूको टाउको दुखाईको कुरा पनि हैन। शून्य दशमलब ६ प्रतिशत जनसंख्याले मात्र बोल्ने भाषालाई पनि राज्य सरकारले मान्यता दिएको छ। यसले सबै भाषाभाषिको आत्मसम्मान कायम भएको छ। जसले भाषाको असमानाताको आधारमा द्वन्द्व उत्पन्न हुन सक्दैन।

नेपालमा नेपाली भाषाबाहेक अन्य भाषा प्रयोगकर्ताहरू सरकारी नोकरीका लागि अत्यन्त कम सहभागि रहेको तथ्यांक छ। यसको मूल कारण भाषा नै हो। सरकारले नेपाली भाषालाई सरकारी कामको भाषाको रूपमा मान्यता दिएपछि त्यसमा दखल नभएका व्यक्तिहरू सरकारी सेवामा सहज प्रवेश गर्न सक्दैनन्।

त्यसैले नयाँ संविधानको निर्माणमा भाषाले प्रमुख महत्व पाउनुपर्छ। भाषाको माध्यमबाट नै मानिसको विकास हुनसक्छ, उनीहरूको राज्य संरचनामा पहुँच पुग्न सक्छ। अन्यथा सामाजिक विभेदहरू कायमै रहन्छन्।

**पद्मरत्न तुलाधर**

बैरागी काइँलाजीले भाषाको विषयमा राष्ट्रिय यथार्थता प्रस्तुत गर्नुभएको छ। वास्तवमा भाषाको विषयमा हुनुपर्ने के थियो र के भयो भन्ने विषयमा उहाँको प्रस्तुती सत्यताको निक्कै नजिक छ। त्यस्तै नीति, सिद्धान्तलगायतका धेरै कुराहरू समावेश गर्नुभएको छ।

टिप्पणीकै क्रममा पनि भाषा विज्ञान अनुसारका नीति, सिद्धान्तबाट अत्यन्तै ठूला समस्याहरू उत्पन्न भएको कुरा आयो।

हामी नेपालको यर्थाथता स्वीकार गरौं, नेपालको पहिचान स्वीकारौ भन्छौं। नेपाल भनेको विविधताले भरिएको देश हो। जातिय, भाषिक, सांस्कृतिक विविधता यहाँ पाइन्छ। यी राष्ट्रिय सम्पदा हैनन् र ? नेपालमा यतिका जातजाति, भाषाभाषी, संस्कृति हुनु गर्वको विषय होइन ?



तर दुर्भाग्य नै भन्नुपर्छ विभिन्न भाषाभाषी, जातजाति भएकाले नै नेपाल संसारको सबैभन्दा अविकसित देश भएको हो भन्ने जस्तो देखिएको छ। कस्तो उल्टो कुरा ?

नेपालको यथार्थता भनेको विविधता हो। विभिन्न जातजातिका मान्छेहरू छौं, त्यसैले हामी सबैबीच समानताको हकको दाबी गर्छौं। कुनै पनि प्रकारमा विभेद गर्न नपाइने तथ्य विश्वले स्वीकारेको छ। भाषाको आधारमा विभेद गरिने छैन भनेर घोषणापत्र जारी भएको हैन ? संविधानमा उल्लेख भएको हैन ? सरकारी नीति होइन ? खोई त व्यवहारमा लागू भएको ?

हाम्रो आन्दोलनका मागहरू यिनै हुन्। जनआन्दोलनमा जतिले पनि नेपाली जनता सार्वभौमसत्ता सम्पन्न हुने भन्ने कुरा बोलियो। यसको मतलब तामाङ, गुरुङ, नेपाल भाषा बोल्ने नेपाली पनि समान हुनुपर्दछ भन्ने हो। पाँच कक्षासम्म नेपाल भाषामा शिक्षा प्रदान गर्ने भनिए पनि राज्यको एक पैसाको दायित्व रहेन। राज्यको यस्तो व्यवहार रहँदा कहिलेसम्ममा भाषागत समानताको अधिकार पाउने भन्नेमा शंका छ।

हिजोका दिनका राजीतिक दलले गरेका प्रतिबद्धता हेरौं। एमालेले स्थानीय निकायको निर्वाचनमा आफ्नो उम्मेदवारलाई जिताउन आग्रह गर्दै काठमाडौंका मतदातालाई महानगरपालिकामा नेपाली भाषाका साथै कामकाजको रूपमा स्थानीय भाषाको समेत प्रयोग हुने बताएको थियो। त्यसैअनुसार घोषणा पत्र पनि जारी भयो, चुनाव जितेपछि विजय सभामा त्यही भनियो। तर, एमालेले पाटन, भक्तपुर, ललितपुरमा जारी गरेको घोषणापत्रमा भने त्यस्तो केही उल्लेख गरिएन। यसले राजनीतिक दलहरू पनि भाषिक आन्दोलनमा दोहोरो भूमिका खेल्छन् भन्ने देखाउँछ।

भएको घोषणा पनि कहिल्यै कार्यान्वयन हुनै सक्दैन। यो संविधानको आधारमा सबै भाषाभाषीले समान अधिकार पाउन सक्दैनन् भन्ने नजिर सर्वोच्च अदालत आफैंले स्थापना गरेर विभिन्न भाषाभाषीहरूलाई समान अधिकारका लागि नयाँ संविधानको खोजी गर्न बाध्य बनायो।

संविधानमा जाति र भाषाका आधारमा विभेद छ भन्ने अदालतले नै औल्याइदियो। त्यसैले यो संविधान सम्पूर्ण नेपालीको हुन सकेन। यही कारण नयाँ संविधानको खोजी भएको हो। संविधानका व्याख्याताहरूले नै वर्तमान संविधान असफल बनाएका हुन भन्ने बलियो प्रमाण यही हो। घोषणा र कानुनी व्यवस्था एकातिर रहेको बेला न्यायाधीशहरू अर्कोतिर फैसला गर्दै हिडेकाले नयाँ संविधान चाहिएको छ। जानी जानी यसो गरेको हो कि अन्जानवस भन्नेचाहिँ अहिले बताउन सकिन्न। तर नेपालमा कति वटा भाषा, संस्कृति छन् त्यो सबैले अनुभव गरेकै कुराहरू हुन। भाषाहरू नेपालको सम्पदा हो, यो सबैको साझा सम्पत्ति हो। यी सामान्य कुरा भए पनि किन हो कुन्नी जटिल बन्दै गइरहेको छ।

मातृ भाषामा शिक्षाको कुरा गर्‍यो 'सय सयवटा भाषाको कसरी पाठ्यक्रम तयार गर्ने भनेर काम सुरु हुनु अगावै आत्तिने चलन भएपछि कहाँबाट हुन्छ ?' विदेशीहरू आउँछन्, हामीसँग सल्लाह गर्छन र अन्तिममा यो कसरी सम्भव छ भन्छन्। किन सम्वभ छैन ? उदाहरणका लागि असनमा एउटा प्राथमिक स्कुल

चाहियो, नेवारहरूको बाक्लो बस्ती भएको स्थान भएकाले त्यहाँ नेपाल भाषामा पढाइ गराए भैहाल्यो नि । काठमाडौँकै लप्सेफेदी भन्ने गाविस तामाङहरूको बस्ती भएको ठाउँ हो, त्यहाँ तामाङ भाषाबाट पढाइ हुने एउटा स्कुल भए पुग्छ । पनि हाम्रा नेताहरू यो कसरी सम्भव छ भनिरहेका छन् । यदि नारामात्र दिने नभई व्यवहारमा कार्यान्वयन गर्ने हो भने किन सम्भव हुन्न । नारा चै ठूलो-ठूलो लगाउने काम गर्नु अगाडि नै हुन्छ र भनेर प्रश्न तेर्स्याएपछि कसरी हुन सक्छ ?

अहिले लोकतन्त्र र लोकतान्त्रिक शासन व्यवस्थाको चर्चा भइरहको छ । त्यही अनुसार काम हुनुपर्दैन ? संविधानसभा देशको र जनताको भाग्य निर्माणका लागि भनिएको छ, तर यसको प्रचार नेपाली भाषाबाहेक अरू भाषामा भइरहेको छैन । माओवादी पार्टी कस्तो क्रान्तिकारी पार्टी होला ? संविधानसभाको कुरा उठाउँछ, तर उसले पनि प्रचार नेपाली भाषामा नै गरिरहेको छ । काठमाडौंमा सभा हुने भनी माओवादीका अध्यक्षको फोटोसहितको पोष्टर छापिए, तर सबै नेपाली भाषामा । हजारौंप्रति पोष्टर छापिएको छ भन्ने सुनिन्छ, त्यसमा कुनै एउटा नेपाल भाषामा छापिएको छ ? रोल्पामा टाँसेको पोष्टर खाम भाषामा छापिएको छ ? अनि केको लोकतन्त्र, कसरी आउँछ लोकतन्त्र ? पार्टीहरूको गलत नीतिको बारेमा आलोचना गऱ्यो भने साम्प्रदायिक भन्ने आरोप लाग्छ । भाषिक उत्पिडनको बारेमा रोईरोई आवाज उठायो तर कहिल्यै सुनुवाइ हुँदैन ।

पञ्चायतकालमा भद्र बन्दी गृहमा आमा भेट्न आउनुभएको थियो । बडो रमाइलो घटना भयो, गार्डले नेपाली भाषामा कुरा गर भन्यो, आमा नबुझ्ने । कस्तो समस्या । हाम्रो घरमा मातृ भाषामै कुरा गर्ने परम्परा रहेको छ । आफ्नै आमासँग पनि आफ्नो भाषामा कुरा गर्न पाइएन, उति बेला । अनि कस्तो उत्पीडन होला, यो बिडम्बना होइन ? १२ वर्षिय बहुदलिय कालमा पनि संसदमा रोईरोई जातीय उत्पीडनको बारेमा कुरा राखेको हो, तर कसैले सुनुवाइ नै गरेनन् । यसलाई के भन्ने ? यी राजनीतिक दलले बुझेका छैनन त भन्नु पऱ्यो नि ।

मेरो भनाइको निष्कर्ष 'अब बोलीमा मात्र हैन, व्यवहारमा पनि लोकतन्त्रको आर्दश र सिद्धान्त स्वीकार्नु पर्छ' भन्ने हो । समानताको सिद्धान्त वा मानव अधिकारको विश्वव्यापी मान्यतालाई आधार मान्ने हो यही आधारमा लोकतन्त्र अगाडि बढाउनुपर्छ । यसबाट मात्रै यी समस्याको समाधान हुन सक्दछ । नत्र भाषिक उत्पिडन, सामाजिक असमानता, भाषिक सअमानताको अन्त्य कसरी हुन्छ ?

दिब्य उपदेशको कुरा उठाइन्छ । भाषा आन्दोलनको कार्यकर्ताको रूपमा यदि नेपाल विभिन्न फुलहरूको साझा फुलवारी हो भने रेडियो नेपाल खोल्नेबित्तिकै फूलबारी सुनिनुपर्दैन ? नेपाल टेलिभिजन खोल्दा ती फूलहरू देखिनुपर्दैन ? भनेर कुरा उठाइयो । तर जहिले पनि एउटै फूलमात्र सुनिन्छ, एउटै फूलमात्र देखिन्छ भने त्यो कस्तो फुलवारी होला ? यसैबाट दिब्यो उपदेशमा भए पनि हालसम्म यो मुलुकलाई साझा फूलबारीको रूपमा विकास गर्न सकिएको छैन, बाँकी छ । कटु यथार्थ यही हो । त्यसर्थ अब राजनीतिक दलका नेताहरूले यी यथार्थतालाई हेरेर यसैअनुरूप निर्णय गर्नुपर्दछ । भाषा, जाति र संस्कृतिको आधारमा नै कुनै पनि देशको पहिचान हुनुपर्दछ । यसको अभावमा लोकतन्त्रको सम्भावना नै छैन ।



**चूडामणि बन्धु**

समावेशी लोकतन्त्रमा भाषा र संस्कृतिलाई कसरी हेर्ने भन्ने बहस अहिलेको लागि सबैभन्दा महत्वपूर्ण हो । अब कसरी जान सकिन्छ भनेर म यहाँ आफ्नो केही धारणा राख्न चाहन्छु ।

धर्मको विषयमा आधारभूत सैद्धान्तिक निर्णय भइसकेको छ । अब नेपाल कुनै एक धर्मको आधारमा भन्दा पनि निरपेक्ष राज्यको रूपमा अगाडि बढ्ने प्रयत्नमा छ । यसैगरी संस्कृति र भाषाको विषय पनि केही भूलभूत निर्णय हुने हो भने केही कामहरू गर्न अझ सहज हुन सक्थ्यो । त्यसको व्यवहारिक पक्ष महत्वपूर्ण छ । कतिपय कुराहरू पहिलेको संविधानमा पनि थियो, तर तीनको कार्यानवयन कसरी गर्ने भन्ने कुरामा समस्याहरू परिरहेका छन् र, भोलिका दिनमा पनि पर्नसक्छ । त्यसैले आगामी दिनमा सैद्धान्तिक मात्र हैन, कार्यान्वियन पक्षमा पनि त्यतिकै ध्यान दिनु जरुरी छ ।

संस्कृतिको पक्षमा पनि मूलभूत निर्णय के गर्ने ? हामी यहाँ भोटो जात्रा मनाउँछौं, यसलाई राष्ट्रिय चाडको रूपमा मनाउने हो कि क्षेत्रीय चाडको रूपमा अर्थात काठमाडौंमा मात्र विदा दिने कि राज्यभर । यसबारे नीति बनाउन सरकारले अहिले कुनै ठोस निर्णय गरेमा त्यसको प्रारूप तयार पारेर अगाडि जान सकिन्छ ।

सबै भाषालाई राष्ट्रले समान मान्यता दिनका लागि यस अघिको भन्दा भिन्नै रूपमा घोषणा गरेर त्यसैका आधारमा गृहकार्य गर्दा सहज हुन्छ । यहाँ मातृ भाषामा शिक्षा दिने कुरा आएको छ । प्राथमिक शिक्षामा मातृ भाषा जान्ने शिक्षकको नियुक्तिबाट यो काम सुरु गर्नु पर्दछ । उदाहरणका रूपमा तराईको कुनै जिल्लामा मैथली भाषाको बाहुल्यता रहेको छ भने त्यहाँ त्यही भाषा जान्ने शिक्षक नियुक्त गरिए नीतिमा मात्र नभई व्यवहारमा पनि मातृ भाषामा शिक्षा प्रदान गर्न सहज हुन्छ । केही समूहको अनुभवका आधारमा नीतिगत रूपमा काम गर्न सजिलो हुन्छ भन्ने लाग्दछ ।

**डा. चुन्दा बज्राचार्य**

भाषाको कुरा गर्नुअघि पुरानो संविधान हेर्नुपर्छ कि जस्तो लाग्यो । म संविधानमै केन्द्रित रहेर केही कुरा राख्ने प्रयास गर्नेछु । विशेषत जयस्थिति मल्लले नेवार समुदायमा धार्मिक, सामाजिक, आर्थिक सुधारको प्रयास गरेका थिए । इतिहासमा पढेको कुरा त्यही हो । तर त्यो सामाजिक सुधारको प्रयास हैन रहेछ, त्यो त विभेदको आरम्भ पो रहेछ । त्यति बेला भारतबाट बाहुनहरू ल्याएर उनीहरूकै रायअनुसार नीति बनाइयो, त्यही लागू गर्दा निकम्मा साबित भयो ।

राष्ट्रिय एकीकरणको बहानामा पृथ्वीनारायण शाहले जनजातिहरूको राज्य खसापै पारे । त्यही कारण अहिले जनजातिहरूले अब भाषागत, जातिगत र क्षेत्रीय आधारमा स्वायत्त शासनको स्थापना गर्नु पर्नेमा जोड दिइरहेको छ । धेरै जनजातिहरू जातीय स्वशासनको पक्षमै देखिन्छन् । २०४७ सालको संविधानमा उल्लेख भएअनुसार नेपाली भाषालाई राष्ट्रिय भाषाको रूपमा र अन्य भाषालाई राष्ट्र भाषाको रूपमा स्थापित गराउन यहाँ अघि चर्चा भएको भाषा सुधार समिति बनाइएको होला ।

कुन नीति बनाउने हो, बैरागी काइँलाको समितिमा परेका नेवार प्रतिनिधिले समेत त्यति बेला नेवारी भाषालाई वास्तै गरेनन। अहिले पनि तल्लो तहदेखि क्याम्पस स्तरसम्म नै नेपाल भाषामा पढाउन सकिन्छ। तर त्यसलाई वास्ता नगरेर माध्यामिक स्तरसम्म मात्र नेपाल भाषामा शिक्षा प्रदान गर्ने उल्लेख गरे।

हामीले २०५८ सालमा नै प्रस्तावित भाषिक ऐनको निर्माण गरेका थियौं। तर त्यसमा अहिलेसम्म कुनै कारबाही भएको छैन। सबै भाषालाई समान महत्व दिने हो भने भाषिक स्वायत्त राज्यको निर्माण गर्नुपर्दछ, त्यसैको आधारमा नेपालमा एक भाषा हैन, प्रत्येक व्यक्तिले तीन वटा भाषा जान्नुपर्ने व्यवस्था गर्नुपर्छ-पहिलो अन्तर्राष्ट्रिय, दोस्रो राष्ट्रिय र तेस्रो स्थानीय भाषा। यस्तो नीति निर्माण गर्ने हो भने भाषाको संरक्षणमा केही योगदान हुनसक्छ। हामीले त्यसका लागि संसद्बाट भाषा ऐन पारित गराउनुपर्छ।

भाषा धेरै हुनु कपाल दुखाउने विषय हैन। राज्यले त्यसलाई व्यवस्थित गर्ने नीतिको निर्माण गरिदिए सम्बन्धित भाषा प्रयोग गर्ने समूहले नै त्यसको विस्तार/विकासको प्रयास गर्ने थिए।

**कुवेरबहादुर श्रेष्ठ**

२३७ वर्ष अगाडि पृथ्वीनारायण शाहले राज्य चलाउँदा शाही सेनामा नेवार समुदायलाई भर्ना गरेको भए भाषाको सम्मान हुन्थ्यो। तर यहाँका नेवार समुदायलाई बन्दुक चलाउन सिकायो भने आफ्नो राज्य संकटमा पर्ने ठानेर शाहले जातिगत काम गरे। ब्रिटिस सेनामा केही जनजातिहरू गएका छन्। यो पनि शाहकालमा शासकले गरेको पेलाहा नीतिकै परिणाम हो। विद्रोह गर्ने सम्भावना भएका वर्गलाई सकेसम्म दबाएर राख्ने कि नेपाल छोडेर भाग्ने अवस्थाको निर्माण गरेका थिए। त्यो संस्कार अझै कायमै छ। केही प्रतिशत कमी आए पनि प्रवृतिगत र चिन्तनमा अहिलेसम्म कुनै परिवर्तन देखिएको छैन।

त्यसैले अब हुने संविधानसभामा हामीले यही भाषा र जातिगत मुद्दालाई उठाउनुपर्छ। यसका लागि क्षेत्रिय र जिल्लागत संरचनामा परिवर्तन गर्नुपर्दछ। कुन भाषाका प्रयोगकर्ता कति छन् भन्ने तथ्यांकका आधारमा संविधानसभामा प्रतिनिधित्वको व्यवस्था गर्नु पर्दछ। यसले भाषागत प्रतिनिधित्व हुन्छ। भाषिक समानताको सम्भावना बढी हुन्छ।

**गोविन्द सुब्बा**

समावेशी लोकतन्त्रको सामान्य नीति भनेकै सबै समान हुनु हो। यस्तो भन्नेहरू र सुन्नेहरू उफ्रीमात्र रहेका छन्। तिनलाई नेपाल यत्रो छ, साधनस्रोत कत्रो छ भन्ने ज्ञान छ। यहाँ ९२ भन्दा बढी भाषा देखिएको छ। अर्को सर्वेक्षणमा १ सय २६ भाषा देखियो। हाम्रो बेग्लै बेग्लै भाषालाई पनि भाषिका दर्ता गराएको गुनासो आएको छ। तसर्थ कमसेकम एक सय ५० को हाराहारीमा हाम्रो भाषाहरू रहेको भन्न सकिन्छ। यी सबै भाषाले समान अवसर त पाउनुपऱ्यो नि।



मातृभाषामा मुद्दा लड्न पाउनुपर्छ, स्वास्थ्य शिक्षाको जानकारी पाउन पाउनुपर्छ। तसर्थ मालपोत कार्यालयमा नेपाली भाषामा मात्र हैन, १ सय ५० भाषामा ढड्डाहरू लेखिनुपऱ्यो। जग्गा पास गराउँदा लेख्ने मान्छे पनि १ सय ५० जना नै चाहियो। राज्यले यो भार व्यहोर्न सक्छ कि सक्दैन ? ऋणै लिएर धान्यो भने पनि हाम्रो चाहना मात्र पनि हो कि सबै भाषा यसका लागि सक्षम पनि छन् भन्ने हेर्नुपर्छ।

म डा. यादव सरलाइ प्रश्न गर्न चाहन्छु। उहाँको भाषिक विभागमा ५९ वटा जनजाति समूहका एक-एक जना शिक्षक किन नराखेको ? यहाँ अवधारणा प्रस्तुतकर्ता या टिप्पणीकारले जति सुकै ठूला-ठूला कुरा गरे पनि आखिर उहाँहरूको छोराछोरी पक्कै कुनै बोर्डिङ स्कुलमै पढिरहेका छन्। किन उहाँहरू आफ्नो मातृ भाषाको पढाइ आफ्ना छोराछोरीबाट सुरु गराउन सक्नुहुन्न ? लिम्बू भाषाको विकासका लागि त काइला दाइ पनि लाग्नु भएको छ, यदि यसो हो भने लिम्बू भाषा बोलेर पो त्यसको विकासमा सघाउ पुग्छ। तर उहाँ आफैं आफ्ना छोराछोरीलाई ए फर एप्पल बी फर बल पढाउने गर्नुहुन्छ। अनि यादव सरले पनि यस्तै गर्ने। यो स्थितिमा मातृ भाषाको विकासचाहिँ गरिबहरूले मात्र पढेर हुन्छ ? कुरा गरेर मात्र भाषाको विकास हुन्छ ? समावेशी लोकतन्त्र भनेर मात्र भाषाको विकास हुन्छ ? तसर्थ यसले समस्या समाधान हुन्छ जस्तो मलाई लाग्दैन।

**डा. मीना आचार्य**

खाली अवधारणापत्र प्रस्तुत गरेर मात्र भएन। त्यसको कार्यान्वयन पनि हुनुपऱ्यो। अनि कसैलाई सल्लाह सुझाव दिँदा समस्या मात्र हैन, समाधानसहित दिनुपऱ्यो। एउटा भाषा बोल्ने सानो समुह छ भने स्वभाविक रूपमा त्यो संकटमा पर्छ। घरमा बस्दाखेरी आफ्नै भाषा बोलेपनि विद्यालय गएपछि त्यो भाषा बोल्न पाइदैन। विस्तारै आफ्नै भाषा बोल्ने बानी हराउँदै जान्छ, अनि भाषा लोप हुने अवस्था आउँछ।

संस्कृतिको विषय उठाउँदा त्यो परम्परादेखि चल्दै आएको भनिन्छ। त्यसमा पनि विभेदकारी परम्परा कायमै छ। त्यस्ता परम्पराहरूमा सुधार हुनुपर्दछ। संस्कृतिको संरक्षण भनेर महिलामाथि विभेद गर्ने संस्कृति अब महिलाको लागि ग्राह्य छैन, यसमा समयसापेक्ष सुधार हुनै पर्दछ।

काठमाडौं जस्तो क्षेत्रमा नेवारी भाषा बोल्ने अवसर दिनुपर्दछ। यहाँ स्थानीय भाषा सिक्न चाहने अन्य भाषाभाषीहरू पनि छन्। तर स्थानीय भाषा बोल्ने समुदाय आफ्नो भाषा अरुले बोल्यो भने बिग्रिन्छ भन्ने गलत धारणा राख्छन्, जुन एउटा समस्या हो। मैले नै कति पटक नेवारी भाषा सिक्न खोजे, तर सिक्ने अवसर नै पाइएन। त्यसैले अब राज्यको पुर्नसंरचना गर्ने हो भने स्थानीय क्षेत्रमा स्थानीय भाषा प्रयोग गर्ने अवसर दिनुपर्दछ। यसले त्यस क्षेत्रमा बस्ने अन्य भाषाभाषीलाई समेत सजिलो हुन्छ।

**रघु मैनाली**

रेडियो नेपाल सानैदेखि सुनियो, त्यसले बनमा हिँड्ने कुसुण्डालाई हजुर भन्नुपऱ्यो भन्यो। अर्ति भन्या घर्तिको पनि मान्नुपर्छ भनेर बजायो। हामी अहिले चाहिँ सञ्चारमाध्ययमा कस्तो भाषा हुनु पर्दछ भन्नेतिर लागेका छौं।

एक जना टिप्पणीकारले भाषिक नीति अर्थ नीतिसँगै जोडिएर आउनुपऱ्यो भन्नुभयो। नेपालमा त्यो आएको पनि छ, तर आफ्नो गोजी भर्ने मनसायले अर्थ नीति आइरहेको छ। एउटा उदाहरण दिउँः-आफूलाई मधेसी मुक्तिको नेता भन्दै हिँड्ने जयप्रकाश गुप्ता सञ्चार मन्त्री हुँदा नेपाल भाषा एकेडेमीले काठमाडौंमा नेवा एफएम खोल्छौ र आफ्नो भाषाको विकास आफै गर्छौ भन्दा स्वीकृति दिनुभएन। फ्याफुल्ला एफएम भनेर नेपाल तामाङ, घेदुङ संघले सुरु गर्ने प्रयास गरेको थियो, त्यो पनि भएन।

राजा जयस्थिति मल्लले जातीय आधारमा कामको विभाजन गरेर समाजलाई अगाडि बढाएको कुरा हामी अझै पढिरहेका छौ। उनले सुरु गरेको वर्णाश्रम प्रथालाइ अहिले पनि हामी समाज सुधारको प्रयासका रूपमा पढिरहेका छौं, किन ? अहिले नेपाली भाषालाई सञ्चार माध्यमले पूर्ण खस भाषाको रूपमा प्रयोग गरेको हाम्रो निचोड रहेको छ। नेपालीलाई माध्यम भाषाको रूपमा स्वीकार्ने हो भने पूर्वमा 'खाई पठाउँछ, ल्याइ पठाउँछ' भनेर बोलिन्छ, लिम्बूले पनि नेपाली भाषा नै बोल्छ, काठमाडौंमा 'ल्याउँछ' भन्ने उच्चारण पनि नेपाली भाषा नै हो।

विभिन्न भाषा बोल्नेलाई रेडियो नेपालले कहिल्यै स्थान दिएन। स्वर परीक्षणको ढोका राख्यो। त्यहाँ भाषाको अनुभव र जात छिर्न् सकेन। भाषिक अभियान लिएर अगाडि हिँडेकाहरूसँग पनि मेरो केही गुनासाहरू छन्। हामी आफैं पनि 'प्रो-एक्टिभ' हुनु जरुरी छ। म अंग्रेजी जान्ने भए, मेरो अंग्रेजी भाषामा कुनै अमेरिकनभन्दा कम ज्ञान छैन। तर यसैको आधारमा म अमेरिकन नागरिक हुन सक्दिनँ। यदि त्यो बेलामा मैले नेपाली भाषा जानिनँ र त्यही कारण म नेपाली भईन भने मेरो परिचय के हो ? मेरो बुझाइमा भाषा व्यक्तिको परिचयको कुरा हो र अस्तित्वको कुरा हो।

हरेक भाषाको उत्थान हुनु जरुरी छ। त्यसका लागि स्थानीय सञ्चार माध्ययमहरूमा स्थानीय भाषाको प्रयोग गर्नुपर्दछ। यसबाट भाषिक उत्थान र हराउँदै गएका भाषाहरूको पुनर्जीवन पाउने छन्। अहिलेका सञ्चार माध्यमहरू खस भाषामय छन्। जसले अन्य भाषाभाषीहरूलाई ती संचारमाध्यम सुन्नासाथ पढ्नासाथ रिस उठ्छ।

**गोपालसिंह बोहरा**

म सुदूर दार्चुला जिल्लाको एउटा सानो सिमाबाट आएको जनजाति हुँ। हाम्रो जनसंख्या १० वर्ष पहिला दुई हजार थियो, अहिले २ हजार १ सय ३ भएछ। हामी अपहेलित अहिले पनि छौं र, भोलि पनि हुने छौं कि जस्तो मलाई लाग्दछ। कारणः आन्दोलन गर्ने क्षमता हाम्रो छैन, राज्यमा पनि हाम्रो पहुँच छैन। त्यसैले यस्ता फोरममार्फत हामीजस्तो नगन्य जनसंख्या भएको समुदायलाई पनि दृष्टिगत गर्नु आवश्यक छ।

**जिज्ञासाहरूको जवाफः बैरागी काइँला**

वास्तवमा तपाईहरूले दिनुभएको सुझाव निक्कै प्रभावकारी छ। यहाँ आएका केही कुराहरूमा म प्रकाश पार्न चाहन्छु। यहाँ भाषा सुधारको कुरा आयो। कसैले कसैले यसलाई षड्यन्त्रको रूपमा लिएको देख्दा मलाई दुःख लाग्यो। हामीले भाषा आयोगबाट नेपालमा भाषा कति छन्, भाषा प्रयोगकर्ता कति छन्, एउटै जाति मूल थलोबाट कहाँ-कहाँ गएर बसेका रहेछन् भन्ने थाहा पाउन सक्यौं, मातृ भाषामै विद्यालय स्तरमा पढाइ सञ्चालन गर्ने हो भने कसरी गर्न सकिन्छ भन्ने निश्चित केही सुझावहरू राख्यौ। यसका लागि पूर्वाधार कसरी तयार गर्न सकिन्छ भनेर सुझाव दियौं, जसमा जनजाति प्रतिष्ठान र भाषा विभागको स्थापना एवं सञ्चार माध्ययमा भाषाको विस्तारका कुराहरू सुझाइयो। कतिपय सुझाव लागू भएन।

कुनै राजनीतिक पार्टीमा संलग्न रहेको भए पनि भाषाको कुरा आउँदा जोसुकैको अन्तर्मन कराउँछ न कि राजनीतिक चिन्तन। नेपाली भाषाको बाहुल्यता रहेको बेलामा अन्य भाषाभाषीले टाउको उठायो भने राष्ट्रिय बिखण्डन हुन्छ भन्ने गलत सोच पालेर बसेका बौद्धिक वर्गका कारण नै त्यो प्रतिवेदन थन्किएको हो। अहिले पनि राजनीतिक, प्रशासनिक सबै क्षेत्रमा यस्ता विद्वान्को हालिमुहाली कायमै छ।

सिद्धान्ततः एक राष्ट्र सम्प्रभु हुन्छ। सम्प्रभुतामा त्यसको आकारको कुनै महत्व हुँदैन। त्यस्तै भाषा पनि सम्प्रभु हुन्छ, प्रयोगकर्ताको संख्याले त्यसको सम्प्रभु हराउन सक्दैन। हाम्रो पहिलो माग सिद्धान्तमा समानता हो। त्यो स्वीकार गरेपछि व्यवहारमा समानताको कुरा गर्दै जाउँला। पहिला सिद्धान्त त निर्माण हुनुपऱ्यो। सम्पर्क भाषाको रूपमा एउटा भाषा स्वीकार गरेपनि स्थानीय भाषालाई समान व्यवहार गर्नुपर्दछ। भाषा भनेको सम्पदा हो। यो कुनै बोझ होइन।

(फ्रिडम फोरमको **समावेशी लोकतन्त्रः स्वरूप र संरचना** बहस कार्यक्रमको तेऱ्हौं शृंखला २०६३ जेठ १८ गते प्रस्तुत विचारहरू)